आचार्य श्री विष्णुशर्मप्रणीत

पञ्चतन्त्र

अनुवादक : तिलकप्रसाद लुइटेल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैदिक विज्ञान अनुसन्धान प्रतिष्ठान

आचार्य श्रीविष्णुशर्मप्रणीत

पञ्चतन्त्र

को संस्कृतमूलसहित

वैदिक विज्ञान अनुसन्धान प्रतिष्ठान
VS RA

लेखक

आचार्य विष्णु शर्मा

अनुवादक

तिलकप्रसाद लुइटेल

विद्यार्थी पुस्तक भण्डार

प्रकाशक तथा वितरक

भोटाहिटी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

: पञ्चतन्त्र
: आचार्य विष्णु शर्मा
अनुवादक : तिलकप्रसाद लुइटेल
प्रकाशक : विद्यार्थी पुस्तक भण्डार
भोटाहिटी, काठमाडौं
फोन. नं. २२७२४६, २४८८१३
संस्करण : प्रथम, २०६१
सर्वाधिकार : प्रकाशकमा
मूल्य : रु. २००/-
ISBN : 99946-41-22-0

कम्प्युटर टाइप : गीता लुइँटेल
सेटिङ्ग : सुलभ कम्प्युटर सर्भिस बागबजार, काठमाडौं, ४२५२९५९
फोन : ४-२५२९५९
मुद्रक : शृङ्खला अफसेट प्रेस नयाँ बानेश्वर
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभकामना मन्तव्य

संस्कृत वाङ्मयको महत्त्वपूर्ण ग्रन्थ पञ्चतन्त्रको संस्कृत र नेपालीका विद्वान् श्री तिलकप्रसाद लुइटेलजीले नेपालीमा सरल अनुवाद गरी छपाई प्रकाशित गर्न लाग्नुभएको कुरा थाहा पाएर मलाई निकै प्रसन्नता भएको छ। सरल कथाहरूको माध्यमबाट बालबालिकालाई जीवनोपयोगी शिक्षा दिने कार्यमा प्रसिद्धि पाएको प्रस्तुत पुस्तकको संस्कृतको ज्ञान नभएका नेपालीले पनि यस पुस्तकबाट लाभ लिन सक्ने भएकोले यो पुस्तक त्यस्ता नेपालीका लागि निकै उपयोगी हुने मैले ठानेको छु। प्रस्तुत पुस्तकका अनुवादक लुइटेलजीको सत्प्रयासको सराहना गर्दै यस नेपालीमा अनुदित पञ्चतन्त्रको पूर्ण सफलताको कामना गर्दछु।

०६१/५/२९/३

हेमराज ज्ञवाली
अध्यक्ष तथा प्रकाशक
कान्तिपुर पब्लिकेशन्स

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सार्थक सत्कार्य

अनुवादक श्री तिलकप्रसाद लुइटेल २०१९ को जन्मस्थल तेह्रथुम भए पनि शिक्षार्जनका क्रममा भारतका अनेक स्थलमा उनी रहे। संस्कृतसाहित्यमा आचार्य, नेपाली विषयमा स्नातकोत्तर र शिक्षास्नातक सम्मको शिक्षा लिने लुइटेल नेपाली, संस्कृत, हिन्दी, असमिया, बङ्गालीजस्ता भाषाका ज्ञाता पनि छन्। यही ज्ञानले उनलाई नेपाली भाषा-साहित्यको सेवामा अग्रसर हुन प्रेरित गरेको देखिन्छ। त्यतिमात्र होइन, शिक्षण व्यवसाय अँगालेकाले पनि भाषासेवा उनको रुचिको विषय बन्न गयो। फलतः उनले नेपालीको अभ्यासपुस्तिका, २०५६, सुनगाभा, २०५७, चाणक्यनीति, २०६०, हिन्दूजातिको उत्थान र पतन २०६१ जस्ता कृति लेखी प्रकाशमा ल्याएका छन्। अहिले पञ्चतन्त्रको नेपाली रूप लिएर पाठकसमक्ष उपस्थित भएका छन् उनी। त्यतिमात्र होइन, विदुरनीति, मनुस्मृतिजस्ता ग्रन्थलाई पनि उनले नेपालीकरण गरिसकेको जानकारी पाइएको छ।

विद्यालय, महाविद्यालय, विश्वविद्यालय नभएका बेला पञ्चतन्त्रजस्ता ग्रन्थ पाठ्यसामग्री थिए। गुरुकुल आश्रममा यस्तै ग्रन्थ पढाइन्थ्यो। पारिवारिक पाठशालामा यस्तै गन्थ पढेर व्यावहारिक ज्ञान पर्याप्त प्राप्त हुन्थ्यो। आजका विकसित अनेक पाठ्यपुस्तकले पनि त्यो अभावपूर्ति गर्न सकेको देखिँदैन। नीतिशास्त्रको प्राचीन महत्त्व बोकेको र आज पनि त्यत्तिकै उपयोगी ग्रन्थ पञ्चतन्त्र नेपालीमा रूपान्तरित हुनु नेपाली समाजको सेवा हो। संस्कृत नबुझ्नेहरूका लागि नेपालीमा लेखिनु, रूपान्तरित हुनु, प्रकाशित हुनु साँच्चै सार्थक सत्कार्य हो भन्ने मलाई लाग्छ। संस्कृतका ज्ञाता विद्वान्हरूले संस्कृतका अमूल्य ग्रन्थहरूलाई यसरी नै रूपान्तर गरी सेवा गर्नुपर्छ जसबाट संस्कृतमा रहेको ज्ञानभण्डार समयसापेक्ष रूपमा नेपाली समाजसमक्ष सहज रूपमा पुग्नेछ।

दुवै भाषामा आधिकारिक विद्वान् लुइटेलको यस सत्कार्यको प्रशंसा गर्दै यस्तै सत्कार्यमा भविष्यमा पनि अग्रसर हुन प्रेरणा र उत्साह प्राप्त होस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

छायानुवाद र भावानुवाद दुवैको मिश्रण यसमा छ। मूलको भावलाई अनुवादले कुशलतापूर्वक व्यक्त गरेका छन्। दुवै भाषामा राम्रो दखल नभई यस्तो अनुवाद गर्न सकिँदैन। यस्तो उपयोगी सत्कार्यका लागि अनुवादक लुइटेललाई हार्दिक बधाई।

२०६१ असोज २ गते, शनिवार — घटराज भट्टराई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवादकको भनाइ

संस्कृतसाहित्यरूपी अपार ज्ञानसमुद्रको पञ्चतन्त्र नामक एउटा अनुपम रत्न मेरा हातमा पऱ्यो। यो ग्रन्थ लेखिएको अवस्था र उद्देश्य यसैको कथामुखमा देखिएको छ। दुर्बुद्धिलाई छ महिनाभित्रमा सद्बुद्धि दिने लक्ष्य यस ग्रन्थको छ र विषयवस्तुको संयोजनले त्यो ठिकैजस्तो पनि लाग्छ। शिक्षामा मानवीय मूल्यमान्यतामा बारम्बार भइरहेका संवेदनाहीन आघातलाई देख्दा यो ग्रन्थको खाँचो आज अनुभव भएझैँ लाग्यो। यो राजनीतिशास्त्र, नीतिशास्त्र र समाजशास्त्र पनि हो। राजनीतिको अर्थ सत्तालोलुपता हो भनी ठान्ने आजका राजनेताहरूले यसको एकपटक अध्ययन गरून् भन्ने मलाई लाग्दछ। यस ग्रन्थको पृष्ठभूमिका मानवपात्रहरूलाई ग्रन्थले ज्ञानगुनसम्पन्न बनाउन छ महिनामा सफल भयो भन्ने पुस्तकको कथामुखमै भनिएको छ, त्यसैले मानिसका जीवनमा चरित्रको महत्त्व ज्यादै रहेछ भन्ने कुराको अन्दाज यसका अध्ययनबाट गर्न सकिन्छ। मानिसले सुख पाउँछ भने आफ्नै बुद्धिले र दुःख पाउँछ भने पनि आफ्नै बुद्धिले पाउँछ भन्ने यस ग्रन्थको सारगर्भित भनाइलाई कलात्मक प्रस्तुति रहेको मैले अनुभव गरेको छु। लेखक विष्णुशर्माले यस कृतिका मानवेतर पात्रको माध्यमबाट भौतिक समृद्धिलाई मात्रै पनि जीवनको पूर्णता मान्न सकिँदैन र आध्यात्मिक एकाग्रताले मात्रै पनि सफल जीवन निर्वाह हुन सक्दैन भन्ने घोषणा गर्न खोजेको आभाष हुन्छ।

आजको युग भौतिक र आध्यात्मिक पक्षले एकअर्काको अस्तित्त्व स्वीकार नगरी उन्नतिको होडबाजी खेलेका छन्। यस खेललाई एउटा नाटक नै भन्दा पनि हुन्छ। यसै कारण जतातते अशान्तिको कालो बादल मडारिइरहेको छ र त्यसै कालो बादलमुनि वर्तमान पुस्ताले त्रसित जीवन बिताउँदै आएको कुरो हामीले सर्वत्र देखिरहेका छौँ। मानिसको जीवन यदि खानकै लागि हो भने अन्य पशुभन्दा उसले कुन कुरामा आफ्नो विशिष्टता रहेको ठानेको छ त भन्नेतर्फ यस ग्रन्थले सोच्न विवश बनाउँछ र यसको अध्ययन गरिसकेपछि मानिसले आफ्नो स्तर कुन रहेछ भन्ने पनि सोच्नका लागि आधार प्रदान गर्दछ। त्यसो भएकैले यस ग्रन्थको मूल कार्य भनेको परम दुर्बुद्धिहरूलाई सद्बुद्धिसम्पन्न बनाउने हो भन्न सकिन्छ। कुनै पनि मानिसका अहंले आफूलाई अल्पज्ञ ठान्न दिँदैन र आफ्नो सर्वज्ञता सिद्ध गर्ने लालचले उसले संसारको रूपलाई कति विकृत र मानवीय भावनाशून्य बनाएको छ त्यसको उदाहरण हेर्न हामीले अन्यत्र नगई आफ्नै मुलुकको वर्तमान अवस्थालाई हेर्दा हुन्छ। यस्ता अवस्थामा यस पुस्तकले मानवीय भावनामा कतै अलिकति भए पनि सकारात्मक परिवर्तन ल्याउन सक्ला कि भन्ने आशा र शुभेच्छाबाट प्रेरित भएर मैले यसको भावलाई नेपालीमा अनुवाद गरेको हुँ। मौलिक भाव यथासम्भव नहराओस् भन्ने उद्देश्यका साथ कसैलाई मूल वस्तु हेर्ने रुचि रहेको अवस्थामा पनि सुलभ होस् भनेर संस्कृत मूललाई पहिले राखेर नेपालीको भाव पछि राखेको हुँ। यसको अध्ययन गर्नेलाई केही असल कुरो पाएको अनुभव भइदियो भने आफूले अनुवादका लागि गरेको परिश्रम सार्थक भएको सम्झनेछु।

आखिरमा पुस्तकको कम्प्युटर टाइप गर्न सहयोग गर्ने श्रीमती गीता लुइटेल, सेटिङ् गरिदिने सुलभ कम्प्युटर बागबजार र प्रकाशन गरिदिने विद्यार्थी पुस्तक भण्डारप्रति ज्यादै आभारी छु। अन्त्यमा आवश्यक सुझाव पनि दिने गरी पढ्न लाग्नु भएकोमा तपाईं पाठकहरूप्रति म ज्यादै अनुगृहित छु।

अनुवादक— २०६१/०३/०४ शुक्रबार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकका तर्फबाट

संस्कृतको अथाह व्यावहारिक ज्ञानराशि बिस्तारैसँग समाजका दृष्टिबाट ओझेल पर्दै गएकैले वर्तमान समयमा सर्वत्र सुखशान्तिको अभाव भएको हो। यस कुरालाई पश्चिमी मुलुकबाट समेत संस्कृत शिक्षामाथि महत्व दिन थालिइएका कुराले प्रमाणित गरिरहेको छ। साधनमा भन्दा साधनामा बढी विश्वास गर्ने हाम्रा समाजको प्राचीन मान्यतामा अन्य समाजका दर्शन र व्यवहारको अतिक्रमण जुन मात्रामा बढ्दै छ उसै अनुपातमा अशान्ति र कलह पनि भित्रिँदै छन्।

हाम्रा ग्रन्थहरुमा शान्ति र समृद्धिको स्रोत छ, त्यसैले विदेशीहरु यसप्रति आकृष्ट हुँदै छन्, यस कुराले पनि संस्कृतका ग्रन्थहरूको गरिमालाई चिरनूतन बन्नमा सहयोग गरेको छ। तर हामी भने दिन प्रतिदिन यस अनमोल शिक्षाबाट विमुख हुँदै विदेशी संस्कृतिका मृगतृष्णामा संश्लिष्ट हुँदै छौँ। यसै गरी अझै दिग्भ्रान्त भइरह्यौँ भने आगामी समयमा हाम्रा रीतिथिती, संस्कृति, जाति र देशसमेत सङ्कटमा पर्ला कि भन्ने लाग्दछ। किनभने यस्तो दुर्दशा युरोपेली देशहरुले भोगेर आफ्ना पुर्ख्यौली नासोको खोजी गर्न पुनर्जागरणको आन्दोलन चलाइएको आलो इतिहास विश्वसामु छ। जसले आफ्नो पुर्ख्यौली वाङ्मयलाई बिर्सियो त्यस जातिको समूल नष्ट हुन्छ। त्यसो हुँदा आफ्नो पुर्ख्यौली नासो खोज्नुपर्ने कुरातर्फ नेपाली जातिले हुनुपर्ने बेला हो यो। यस दिशामा सचेत रहँदै नेपाली र संस्कृतका विद्वान् तथा विभिन्न भाषाका ज्ञाता लेखक एवं अनुवादक श्रीतिलकप्रसाद लुइटेलले यस पञ्चतन्त्र नामको नीतिशास्त्रलाई नेपालीमा अनुवाद गर्नुभएको छ। रचनाकारको संस्कृतमूल यथावत् राखिएको छ भने यसमा नेपाली भाषा पनि सर्वसाधारणले बुझ्ने खालको सरल छ। संसारका अन्यान्य भाषामा पनि अनुवाद भइसकेको यस्तो बहुउपयोगी पुस्तक हाम्रो प्रकाशनबाट प्रकाशित गरिदिने अवसर पाएकाले अनुवादकप्रति कृतज्ञ छौँ र आगामी दिनहरुमा पनि यस्तै मूल्यवान् कृतिहरु वहाँबाट पाउने आशा गरेका छौँ।

— प्रकाशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चतन्त्र

कथासूची

कथामुखम् : कथामुख 1

प्रथम तन्त्र : मित्रभेद १-१६२

१. प्रस्तावना कथा : प्रस्तावना ५
२. कीलोत्पाटिवानर कथा : फेसो उखेल्ने बाँदर १०
३. शृगालदुन्दुभि कथा : स्याल र मादल २८
४. दन्तिलगोरम्भयोः कथा : दन्तिल र गोरम्भ ३६
५. दूतीजम्बुकाषाढभूति कथा : दूतीजम्बुक र आषाढभूति ४७
६. विष्णुरूपधृक्कौलिक कथा : विष्णुरूपधारी जुलाहा ६४
७. काकी-कृष्णसर्प-कथा : पोथीकाग र कालो सर्प ७४
८. बक-कर्कटक-कथा : बकुल्लो र गङ्गटो ७५
९. सिंह-शशक-कथा : सिंह र खरायो ८०
१०. मन्दविषर्पिणी-मत्कुणकथा : जुम्रो र उडुस ९१
११. चण्डरवशृगालकथा : चण्डरव स्याल ९४
१२. उष्ट्रकाकादिकथा : उँट र कागहरू १०३
१३. टिट्टिभसमुद्रकथा : हुट्टिट्याउँ र समुद्र ११२
१४. मूर्खकच्छपकथा : मूर्ख कछुवा ११५
१५. मत्स्यत्रयकथा : तीनवटा माछा ११६
१६. चटककुञ्जरकथा : भँगेरो र हात्ती १२१
१७. सिंहशृगालयोर्कथा : सिंह र स्याल १३४
१८. सूचीमुखवानरयूथकथा : भँगेरो र बाँदरको हुल १४३
१९. वानरचटकदम्पतिकथा : बाँदर र भँगेराजोडी १४५
२०. धर्मबुद्धिपापबुद्धिकथा : धर्मबुद्धि र पापबुद्धि १४७
२१. वकनकुलकथा : बकुल्लो र न्याउरी १५२
२२. लोहतुला-वणिक्पुत्रकथा : फलामे तराजु र बनियाको छोरो १५४
२३. नृपसेवकवानरकथा : राजाको बाँदर १५७
२४. चौरब्राह्मणकथा : चोर ब्राह्मण १५८

द्वितीय तन्त्र : मित्रसम्प्राप्ति १६३-२३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२५. **हिरण्यकताम्रचूड–कथा :** हिरण्यक र ताम्रचूड १८४
२६. **तिलचूर्णविक्रयकथा :** पिठो साट्ने ब्राह्मणी १८७
२७. **शबरशूकरकथा :** सिकारी र बँदेल १९०
२८. **वणिक्पुत्रकथा :** व्यापारीको छोरो २००
२९. **मन्दभाग्य सोमिलककथा :** अभागी सोमिलक २०९
३०. **वृषभानुगशृगालकथा :** साँढे र स्याल २१४

तृतीय तन्त्र : काकोलूकीय २३३–३२१

३१. **काकोलूकवैरकथा :** काग र उल्लुको शत्रुता २४८
३२. **शशकगजयूथपकथा :** खराया र हात्तीको हुल २५१
३३. **शशककपिञ्जलकथा :** शशक र कपिञ्जल २५६
३४. **धूतब्राह्मणछागकथा :** बाखो लिएका ब्राह्मण २६४
३५. **पिपीलिकाभुजङ्गमकथा :** कमिला र सर्प २६७
३६. **ब्राह्मणसर्पकथा :** ब्राह्मण र सर्प २७२
३७. **हैमहंसकथा :**सुनचरी २७४
३८. **कपोतलुब्धककथा :** ढुकुर र व्याधा २७६
३९. **चौरवृद्धवणिक्कथा :** चोर र बुढा व्यापारी २८३
४०. **ब्राह्मणचौरपिशाचकथा :** ब्राह्मण, चोर र पिशाच २८५
४१. **वल्मीकोदरस्थसर्पकथा :** प्वाल र पेटका सर्प २८८
४२. **रथकारवधूकथा :** रथकारकी स्वास्नी २९१
४३. **मूषिकाविवाहकथा :** मुसीको बिहे २९६
४४. **स्वर्णपुरीषपक्षिकथा :** सुन बिस्ट्याउने चरो ३०२
४५. **सिंहजम्बुकगुहाकथा :** सिंह, स्याल र गुफा ३०४
४६. **मण्डूकमन्दविषसर्पकथा :** भ्यागुता र मन्दविष सर्प ३११
४७. **घृतान्धब्राह्मणकथा :** घिउले अन्धा ब्राह्मण ३१४

चतुर्थ तन्त्र : लब्धप्रणाश ३२२–३६९

४८. **गङ्गदत्तप्रियदर्शनयोः कथा :** गङ्गदत्त र प्रियदर्शन ३२९
४९. **सिंहलम्बकर्णयोः कथा :** सिंह र लम्बकर्ण ३३७
५०. **युधिष्ठिरकुम्भकारकथा :** कुमाले युधिष्ठिर ३४२
५१. **सिंहशृगालपुत्रयोः कथा :** सिंह र स्यालको बच्चो ३४४
५२. **ब्राह्मणदम्पत्योः कथा :** ब्राह्मण दम्पती ३४७
५३. **नन्दवररुचिकथा :** नन्द र वररुचि ३५१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५४. **वाचालरासभ-कथा :** दुर्मुखे गधा ३५३
५५. **नग्निकाहालिकवधू-कथा :** हलीकी स्वास्नी नङ्गिई ३५६
५६. **घण्टोष्ट्र-कथा :** घन्टाधारी उँट ३६०
५७. **चतुरकशृगाल-कथा :** चङ्खे स्याल ३६४
५८. **सारमेयस्य कथा :** परदेसिएको कुकुर ३६८

पञ्चम तन्त्र : अपरीक्षितकारक ३६९-४२३
५९. **क्षपणक-कथा :** मुडुला सन्यासी ३७०
६०. **ब्राह्मणीनकुलकथा :** ब्राह्मणी र न्याउरी ३७६
६१. **लोभाविष्टचक्रधरकथा :** लोभी चक्रधारी ३७८
६२. **सिंहकारकमूर्खब्राह्मण-कथा :** सिंह ब्युँझाउने मूर्ख ब्राह्मण ३८५
६३. **मूर्खपण्डित-कथा :** मूर्खपण्डितहरू ३८७
६४. **मत्स्यमण्डूककथा :** माछा र भ्यागुतो ३९१
६५. **रासभशृगालकथा :** गधा र स्याल ३९४
६६. **मन्थरकौलिककथा :** मन्थर जुलाहा ३९७
६७. **सोमशर्मपितृकथा :** सोमशर्माको बाबु ४०२
६८. **चन्द्रभूपतिकथा :** लोभी चन्द्रभूपति ४०३
६९. **विकालवानरकथा :** विकाल र बाँदर ४११
७०. **अन्धककुब्जकत्रिस्तनीकथा :** अन्धो, कुँजो र तीनथुने ४१४
७१. **राक्षसगृहीतब्राह्मणकथा :** राक्षस बोक्ने ब्राह्मण ४१५
७२. **भारुण्डपक्षिकथा :** भारुण्ड पक्षी नासियो ४२०
७३. **ब्राह्मणकर्कटककथा :** ब्राह्मण र गङ्टो ४२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चतन्त्र

कथामुख

ब्रह्मा रुद्रः कुमारो हरिवरुणयमा वह्निरिन्द्रः कुबेर–
श्चन्द्रादित्यौ सरस्वत्युदधियुगनगा वायुरुर्वी भुजङ्गाः।
सिद्धा नद्योऽश्विनौ श्रीर्दितिरदितिसुता मातरश्चण्डिकाद्याः
वेदास्तीर्थानि यज्ञा गणवसुमुनयः पान्तु नित्यं ग्रहाश्च ॥१॥

ब्रह्मा, रुद्र, कुमार, हरि, वरुण, यम, अग्नि, इन्द्र, कुबेर, चन्द्र, आदित्य, सरस्वती, समुद्रहरू युग, पर्वत, वायु, पृथ्वी, नाग, सिद्ध, नदी, अश्विनीकुमारहरू, लक्ष्मी, देव, दानव, चण्डिका, वेद, तीर्थ, यज्ञ, शिवगण, मुनि, वसुहरू र नवग्रहले सधैँ रक्षा गरून्।

मनवे वाचस्पतये शुक्राय पराशराय ससुताय
चाणक्याय च विदुषे नमोस्तु नयशास्त्रकर्तृभ्यः ॥२॥

मनु, बृहस्पति, शुक्र, पराशर, उनका पुत्र व्यास र चाणक्य आदि सबै नीतिशास्त्रका विद्वान्हरू सबैमा मेरो नमस्कार छ।

सकलार्थशास्त्रसारं जगति समालोक्यविष्णुशर्मेदम्
तन्त्रैः पञ्चभिरेतच्चकार सुमनोहरं शास्त्रम् ॥३॥

सबै किसिमका अर्थशास्त्रको र संसारको सारलाई पनि जाँचेर विष्णुशर्माले यो रमाइलो पञ्चतन्त्र नाम भएको ग्रथको निर्माण गरे।

तद्यथा चानुश्रुयते– अस्ति दाक्षिणात्ये जनपदे महिलारोप्यं नाम नगरम्। तत्र सकलाऽर्थि कल्पद्रुमःप्रवरनृपमुकुटमणिमरीचिमञ्जरीमरीचयार्चितचरणयुगलः सकलकलापार–ङ्गतोऽमरशक्तिः नाम राजा बभूव। तस्य च परमदुर्मेधसो बहुशक्तिरुग्रशक्तिरनन्तशक्तिश्चेति नामानो त्रयः पुत्राः बभूवुः।

सुन्ने गरिन्छ– दक्षिणतिर कुनै देशमा महिलारोप्य नाम गरेको एउटा नगर थियो। त्यहाँ मगन्तेहरूका लागि कल्पवृक्ष जत्तिकै अत्यन्त दयालु, राजाहरूका बिचमा ज्यादै सम्मान पाएर मुकुटको कान्तिजस्तो ख्याति कमाएका, सम्पूर्ण कलाहरूमा सिपालु अमर शक्ति नाम गरेका राजाले राज्य गरेका थिए। उनका बहुशक्ति, उग्रशक्ति र अनन्तशक्ति नाम गरेका तीनवटा अति नै कमजोर बुद्धि भएका मूर्ख छोराहरू थिए।

अथ राजा ताञ्छास्त्रविमुखानालोक्य सचिवानाहूय प्रोवाच, "भोः! ज्ञातमेतत् भवद्भि–र्यन्ममैते पुत्राः शास्त्रविमुखाः विवेकरहिताश्च। तदेतान्पश्यतो मे महदपि राज्यं न सौख्यमावहति। अथवा साध्विदमुच्यते–

यसपछि राजाले ती छोराहरूलाई विद्याविमुख भएको देखेर मन्त्रीहरूलाई बोलाएर– "हेर्नुहोस्! तपाईंहरूलाई थाहै छ, यी मेरा छोराहरू शास्त्रविमुख र विवेकशून्य छन्। त्यसैले यिनलाई देखेपछि मलाई यस विशाल राज्यले पनि कुनै सुख दिन सक्तैन। अर्थात् सज्जनहरू भन्दछन्–

अजातमृतमूर्खेभ्यो मृताजातौ सुतौ वरम्।
यतस्तौ स्वल्पदुःखाय याक्ज्जीवं जडो दहेत् ॥४॥

नजन्मेको, मरेको र मूर्ख यी तीन किसिमका पुत्रमध्ये मरेको र नजन्मिएको पुत्र नै असल हुन्छ किनभने यस्ताले अलिकति दुःख दिन्छन् तर मूर्खले जीवनभरि सताउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वरं गर्भस्रावो वरमृतुषु नैवाऽभिगमनं
वरं जातः प्रेतो वरमपि च कन्यैव जनिता
वरं वन्ध्या भार्या वरमपि च गर्भेषु वसति
र्न चाविद्वान् रूपद्रविणगुणयुक्तोऽपि तनयः ॥५॥

कि त गर्भमै तुहेको होस्, कि त गर्भमा प्रवेश नै नगरोस्, कि रमणीहरू बाँझै बसून् अथवा जन्म नलिईकन सधैंका लागि आमाका गर्भमा नै बसिरहोस्, तर ज्ञानगुनमा मूर्ख, व्यवहारमा गुणहीन र सम्पत्तिमा विपन्न पुत्रका रूपमा कोही पनि संसारमा जन्मिन नआओस्।

किं तया क्रियते धेन्वा या न सूते न दुग्धदा
कोऽर्थ पुत्रेण जातेन यो न विद्वान् न भक्तिमान् ॥६॥

दुध पनि दिँदैन र ब्याउने पनि छैन भने त्यस्तो गाई किन किन्नु अथवा किन पाल्नु ? त्यसै गरी ज्ञान पनि छैन, भक्तिभावको राम्रो व्यवहार पनि छैन भने त्यस्तो छोरो भएर पनि केही अर्थ हुँदैन।

वरमिह वा सुतमरणं मा मूर्खत्वं कुलप्रसूतस्य
येन विबुधजनमध्ये जारज इव लज्जते मनुजः ॥७॥

विद्वान् व्यक्तिका घरमा भएको मूर्ख छोरो भनेको इज्जतिलो व्यक्तिका लागि उसकी आइमाईले परपुरुषबाट जन्माएको झड्केलो सन्तान भएको जस्तै लज्जाजनक कुरो हुन्छ।

गुणिगणगणनारम्भे न पतति कठिनी ससंभ्रमा यस्य
तेनाम्बा यदि सुतिनी वद वन्ध्या कीदृशी भवति ॥८॥

गुणवान् व्यक्तिहरूको गन्ती गर्ने अवस्थामा जसका छोराहरूको नाम उल्लेख गर्न सकिँदैन त्यस्ता सन्तानका आमाहरूले पनि आफूलाई छोराछोरीका आमा भन्ने ठान्दछन् भने बाँझी भनेर कस्ती आइमाईलाई भन्ने ? अर्थात् असल गुनहरूले जसका छोराहरू सम्पन्न छैनन् त्यस्ता आमाले आफूलाई बाँझी ठान्नु नै असल हुन्छ।

तदेतेषां यथा बुद्धिप्रकाशो भवति तथा कोऽप्युपायोऽनुष्ठीयताम्। अत्र च महत्तानां वृत्तिं भुञ्जानानां पण्डितानां पञ्चशती तिष्ठति। ततो यथा मम मनोरथाः सिद्धिं यान्ति तथाऽनुष्ठीयताम्" इति।

त्यसो भएको हुनाले यिनीहरूको बुद्धि कसरी तिखो बनाउन सकिन्छ त्यस्तो उपाय तपाईंहरू गर्नुहोस्। यस सभामा मैले दिएका वृत्तिलाई उपभोग गर्ने पाँच सय ब्राह्मणहरू हुनुहुन्छ। तपाईंहरू सबैसँग मेरो बिन्ती छ कि मेरो अभिलाषा पूर्तिका लागि जे ठिक हुन्छ त्यो उपाय निकाल्नुहोस्" भने।

तत्रैकः प्रोवाच– "देव ! द्वादशभिर्वर्षैर्व्याकरणं श्रूयते ततो धर्मशास्त्राणि मन्वादीनि अर्थशास्त्राणि चाणक्यादीनि कामशास्त्राणि वात्सायनादीनि। एवं च ततो धर्मार्थकामशास्त्राणि ज्ञायन्ते ततः प्रतिबोधनं भवति।"

त्यहीं रहेकामध्ये एकजनाले– "महाराज ! बाह्र वर्षमा व्याकरणको ज्ञान आर्जन गर्न सकिन्छ भन्ने मैले सुनेको छु, त्यसपछि मनुस्मृति, अनि अरू विद्वान्ले लेखेका धर्मशास्त्रहरू, चाणक्यआदि विद्वान्ले लेखेका अर्थशास्त्रहरू र वात्सायनले लेखेको कामशास्त्रहरू अझै पढ्न बाँकी रहन्छन्। ती सबैलाई अध्ययन गरेर फेरि चिन्तनमनन गरेपछि भने यिनीहरूका बुद्धिको विकास होला जस्तो मलाई लाग्छ" भने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तन्मध्यतः सुमतिर्नाम सचिवः प्राह– "अशाश्वतोऽयं जीवितव्यविषयः। प्रभूतकालज्ञेयानि शब्दशास्त्राणि। तत्संक्षेपमात्रं शास्त्रं किञ्चिदेतेषां प्रबोधनार्थं चिन्त्यताम् इति। उक्तं च यतः–

त्यसपछि ती मन्त्रीहरूका बिचबाट सुमति नामका एकजनाले– "यो मानिसको चोला अनिश्चित हुन्छ र व्याकरणशास्त्रको ज्ञान गर्न समय पनि धेरै लाग्छ। त्यसो हुँदा यी राजकुमारहरूलाई ज्ञानी र बुद्धिमान् बनाउनका लागि कुनै सजिलो उपायको व्यवस्था हुनुपर्छ। किनभने भनिएको पनि छ–

अनन्तपारं किल शब्दशास्त्रं स्वल्पं तथायुर्वहवश्च विघ्नाः
सारं ततो ग्राह्यमपास्य फल्गु हंसैर्यथा क्षीरमिबाम्बुमध्यात्॥९॥

यस संसारमा असीमित र अपार शब्दशास्त्रहरू छन्। तिनलाई पढ्ने मानिस हो, उसको आयु थोरै हुन्छ र त्यसै छोटो समयभित्र पनि अनेकौँ किसिमका बाधाविघ्नहरू हुन्छन्। त्यसैले जुन कुरो अति नै सारगर्भित हुन्छ, जुनचाहिँ आवश्यक हुन्छ हाँसले पानीभित्रबाट बालुवा छोडेर सारको मात्रालाई छुट्याएर लिएझैँ त्यस्तै महत्त्वपूर्ण कुरालाई मात्रै टिप्नुपर्दछ।

तदत्रास्ति विष्णुशर्मा नाम ब्राह्मणः सकलशास्त्रपारङ्गमः छात्रसंसदि लब्धकीर्तिः तस्मै समर्पयत्वेतान्। नूनं स एतान् द्राक् प्रबुद्धान् करिष्यति" इति।

त्यसो भएको हुनाले यहाँ हामीसँग विष्णुशर्मा नामका सबै शास्त्रको ज्ञान भएका र सबै विद्यार्थीहरूमा कहलिएका ब्राह्मण छन्। उनले निश्चय पनि यिनीहरूलाई छिट्टै शिक्षित र बुद्धिमान् बनाउँछन् जस्तो लाग्छ" भने।

स राजा तदाकर्ण्य विष्णुशर्माणमाहूय प्रोवाच– "भो भगवन्! मदनुग्रहार्थमेतानर्थाशास्त्रं प्रति द्राग्यथाऽनन्यसदृशान्विदधासि तथा कुरु, तदाऽहं त्वां शासनशतेन योजयिष्यामि।"

यति कुरो सुनेपछि राजाले विष्णुशर्मालाई बोलाएर– "हेर्नुहोस् महोदय, ममाथि अनुग्रह गर्नका लागि यिनीहरूलाई अर्थशास्त्र आदिका विषयमा जति सक्तो चाँडै अरूभन्दा जानकार बनाइदिनुहोस्। यसो भयो भने म तपाईंलाई एक सयवटा गाउँको शासन गर्ने अधिकार दिनेछु" भने।

अथ विष्णुशर्मा तं राजानमूचे– "देव! श्रूयतां मे तथ्यवचनं नाहं विद्याविक्रयं शासनशतेनाऽपि करोमि। पुनरेतांस्तव पुत्रान्मासषट्केन यदि नीति शास्त्रज्ञान्न करोमि ततः स्वनामत्यागं करोमि। किं बहुना श्रुयतां ममैष सिंहनादः। नाऽहमर्थलिप्सुर्ब्रवीमि। ममाऽशीतिवर्षस्य व्यावृत्तसर्वेन्द्रियार्थस्य न किञ्चिदर्थेन प्रयोजनम्। किन्त्वहं त्वत्प्रार्थनासिद्ध्यर्थं सरस्वतीविनोदं करिष्यामि। तल्लिख्यतामद्यतनो दिवसः। यद्यहं षड्मासाऽभ्यन्तरे तव पुत्रान्नयशास्त्रं प्रत्यनन्यसदृशान्न करिष्यामि ततो नार्हति देवो देवमार्गं सन्दर्शयितुम्।"

त्यसपछि विष्णुशर्माले राजालाई– "हे महाराज! मेरो साँचो कुरो सुनिबक्सियोस्। म सय गाउँको शासनका लागि विद्या वेच्तिनँ। तैपनि हजुरका छोराहरूलाई छ महिनामा यदि नीतिशास्त्र जान्ने बनाउन सकिनँ भने म आफ्नो नामै त्यागिदिनेछु। ज्यादा कुरो के गरुँ मेरो यो स्पष्ट शब्दमा गरिएको सिंहनाद सुनिबक्सियोस्। म धनको लोभी कहलाउन चाहन्नँ। यस शरीरका सबै अङ्गप्रत्यङ्ग गलिसकेका असी वर्षको उमेरमा मलाई धनको आवश्यकता पनि कत्ति रहेको छैन। तर पनि हजुरको आग्रहलाई पालन गर्दै विद्याको खेल खेल्ने विचार गरेको छु। आजको मिति लेखिबक्सियोस्। यदि मैले छ महिनाभित्रमा हजुरका छोराहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीतिशास्त्रका विषयमा अद्वितीय बनाइनँ भने हजुरले मेरो स्वर्ग जाने बाटो रोकेर नरकतिर पठाउन सकिबक्सनेछ" भने।

अथाऽसौ राजा तां ब्राह्मणस्याऽसंभाव्यां प्रतिज्ञां श्रुत्वा ससचिवः प्रहृष्ट विस्मयान्वितस्तस्मै सादरं तान्कुमारान्समर्प्य परां निर्वृतिमाजगाम। विष्णुशर्माऽपि तानादाय तदर्थं मित्रभेद मित्रप्राप्ति काकोलूकीय लब्धप्रणाश अपरीक्षितकारकाणि चेति पञ्चतन्त्राणि रचयित्वा पाठितास्ते राजपुत्राः। तेऽपि तान्यधीत्य मासषट्केन यथोक्ता संवृत्ताः। ततः प्रभृत्येतत्पञ्चतन्त्रकं नाम नीतिशास्त्रं बालावबोधनार्थं भूतले प्रवृत्तम् किं बहुना—

इति कथामुख

यसपछि ती ब्राह्मणको त्यस्तो कठिन प्रतिज्ञा सुनेर मन्त्रीहरूसहित राजा पनि आश्चर्यचकित हुँदै नम्रतापूर्वक राजकुमारहरूलाई उनको सेवा गर्नका लागि जिम्मा लगाएर ढुक्क भए। विष्णुशर्माले ती राजकुमारहरूलाई बुद्धिमान् बनाउनका लागि मित्रभेद, मित्रसम्प्राप्ति, काकोलूकीय, लब्धप्रणाश र अपरीक्षितकारिका नाम गरेका नीतिका पाँचवटा प्रकरणहरू बनाएर तिनैको अभ्यास गराए। यसो गर्न थालेको छ महिनाभित्रै उनीहरू विद्वान् र ज्ञानीगुनी भए। त्यसै बेलादेखि यो पञ्चतन्त्र नामको नीतिशास्त्र बालकहरूलाई सद्बुद्धि दिएर व्यवहार कुशल बनाउनका लागि प्रयोग भयो र बिस्तारै संसारमा प्रसिद्ध भयो। धेरै के भन्ने—

अधीते य इदं नित्यं नीतिशास्त्रं शृणोति च
न पराभवमाप्नोति शक्रादपि कदाचन ॥१०॥

जसले यस नीतिशास्त्रलाई नियमित रूपमा नित्य पढ्दछ अथवा अरूले पढेको सुन्दछ त्यो व्यक्ति संसारमा ज्यादै प्रसिद्ध हुन्छ र उसको ख्याति हरण गर्न इन्द्र नै आए पनि सक्तैनन्।

कथामुख सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथम तन्त्र
मित्रभेद

प्रस्तावना कथा

अथातः प्रारभ्यते मित्रभेदो नाम प्रथमं तन्त्रं यस्यायमादिमः श्लोकः—

अब यहाँबाट मित्रभेद नामको पहिलो तन्त्र सुरु हुन्छ र यसको पहिलो श्लोक यस प्रकार छ—

वर्धमानो महान् स्नेहः सिंहगोवृषयोर्वने
पिशुनेनाऽतिलुब्धेन जम्बुकेन विनाशितः ॥१॥

उहिले नै एउटा सिंह र स्यालका बिचमा ज्यादै प्रेमपूर्ण व्यवहार बढ्दै आएको थियो। त्यसै मौकामा एउटा चुक्ली गर्दै कुरा लगाउने स्यालले तिनीहरूका बिचको त्यस मित्रतालाई विनाश गरिदियो।

तद्यथानुश्रूयते— अस्ति दाक्षिणात्ये जनपदे महिलारोप्यं नाम नगरम्। तत्र धर्मोपार्जितभूरिविभवो वर्धमानको नामं वणिक्पुत्रो बभूव। तस्य कदाचिद्रात्रौ शय्यारुढस्य चिन्ता समुत्पन्ना यत् प्रभूतेऽपि वित्तेऽर्थोपाया श्चिन्तनीयाः कर्तव्याश्चेति। यत् ठक्तं च—

यस्तो सुनिन्छ— दक्षिणतिरका राज्यहरूमा महिलारोप्य नामको कुनै सहर छ। त्यहाँ धर्म र सदाचरणबाट प्रशस्त धन कमाएर बसेको वर्धमान नामको व्यापारी कुलको मानिस थियो। कुनै एक रात ओछ्यानमा सुतेका बेला मसँग यति सम्पत्ति भए पनि अरू कमाउने उपाय सोच्नुपर्छ र त्यसअनुसार प्रयास पनि मैले गर्नुपर्छ भन्ने विचार आयो। किनकि भनिन्छ—

न हि तद्विद्यते किञ्चिद्यदर्थेन न सिद्ध्यति
यत्नेन मतिमांस्तस्मादर्थमेकं प्रसाधयेत् ॥२॥

यस संसारमा धनले गर्न नसकिने काम केही पनि रहेनछ। त्यसो हुनाले बुद्धिमान् मानिसले धन कमाउनतिर सधैँ नै लागि रहनुपर्दछ।

यस्याऽर्थस्तस्य मित्राणि यास्याऽर्थास्तस्य बान्धवाः
यस्याऽर्थाः स पुमांल्लोके यस्याऽथाः स च पण्डित ॥३॥

जोसँग धैरै धन छ संसारमा उसैका धैरै मित्रहरू हुन्छन्, जो धनी छ उसैका धैरै दाजुभाइ एवं बन्धु हुन्छन् र उही विद्वान् र पुरुषार्थी पनि कहलाउँछ।

न सा विद्या न तद्दान न तच्छिल्पं न सा कला
न तत्स्थैर्यं हि धनिनां याचकैर्यन्न गीयते ॥४॥

विद्या, दान, शिल्प, कला र धीरता यी सबै कुराहरू नै धनसँग सम्बन्ध भएका हुन्छन्। धन भए पछिमात्रै यही हासिल हुन्छन्। त्यसैले धनीको प्रशंसा गर्दागर्दै मगन्तेले यिनको पनि नथाक्ने गरी प्रशंसा गर्दछ।

इह लोके हि धनिनां परोऽपि सुजनायते
स्वजनोऽपि दरिद्राणां सर्वदा दुर्जनायते ॥५॥

दुनियाँमा यदि कोही धनी छ भने त्यस मानिसका शत्रुले पनि उसँग मित्रताको व्यवहार गर्न चाहन्छ तर निर्धन व्यक्तिका आफन्तहरूले पनि उसँग दुर्जनको जस्तो व्यवहार गर्न लाग्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थेभ्योऽतिप्रवृद्धेभ्यः संवृत्तेत्यस्ततस्ततः
प्रवर्तन्ते क्रियाः सर्वाः पर्वतेभ्य इवापगाः ॥६॥

पहाडपर्वतले विभिन्न स्रोतबाट पानी जम्मा पारिसकेपछि अनेकौं नदीहरू बन्छन् र ती नदीहरू सबै बग्दै गएर समुद्रमा मिसिन्छन्। अनि नदीले समुद्र र पर्वतजस्ता दुई धनीहरूलाई एकापसमा मिलाइदिन्छ, त्यस्तै गरी धनको सङ्ग्रह गर्नाले त्यसैका स्रोतले सबै ठाउँका र सबै किसिमका सुखहरू आपसमा जुटेर आउँछन्।

पूज्यते यदपूज्योऽपि यदगम्योऽपि गम्यते
वन्द्यते यदवन्द्योऽपि स प्रभावो धनस्य च ॥७॥

धनी व्यक्ति धनको प्रतापले गर्दा अपूज्य नै भए पनि पुजिन्छ, दुर्गम ठाउँमा पनि पुग्न सक्ने हुन्छ र उसले निन्दित काम नै गरेको भए पनि त्यस कामको निन्दा गर्नुको सट्टा सबैबाट वन्दना पाउँछ।

अशनादिन्द्रियाणीव स्युः कार्याण्यखिलान्यपि
एतस्मात्कारणाद्वित्तं सर्वसाधनमुच्यते ॥८॥

पाचनप्रणाली स्वास्थ्यको राजा हो, त्यो बलियो छ भने त्यसले जसरी शरीरलाई सधैं स्वस्थ बनाएर राख्तछ उसै गरी धन पनि सबै सुख वा साधनको राजा हो र त्यसले पनि अरू सबैतिरका सुखहरू जुटाइदिएर मानिसलाई सुखी बनाउँछ।

अर्थार्थी जीवलोकोऽयं श्मशानमपि सेवते
त्यक्त्वा जनयितारं स्वं निःस्वं गच्छति दूरतः ॥९॥

धन कमाउने इच्छा भएर काम गर्ने मानिसले मसानमा कुर्नुपर्ने काम पाए पनि सजिलैसँग गर्दछ। अर्थात् धनी मानिसले जस्तोसुकै कठिन काम पनि गरेर मात्रै धनी भएको हुन्छ तर त्यसको उल्टो निर्धन मानिसले आफ्ना आमाबाबु र घर पनि छोडेर हिंड्छ। अर्थात् काम गर्नका अल्छी मानिसले आफ्नो घर र आमाबाबुजस्तो सुखको ठाउँलाई पनि छोडेर हिंड्छ तर धन कमाउन सक्तैन।

गतवयसामपि पुरुषां येषामर्था भवन्ति ते तरुणाः
अर्थेन तु ये हीना वृद्धास्ते यौवनेऽपि स्युः ॥१०॥

उमेर बितिसकेको नै भए पनि धनसम्पत्ति भएको मानिस तन्नेरी बन्दछ तर धन नभएको मानिस तरुण उमेरकै भए पनि वृद्धजस्तै नसुहाउँदो देखिन्छ।

स चाऽर्थः पुरुषाणां षड्भिरूपायैर्भवति– भिक्षया नृपसेवया कृषिकर्मणा विद्योपार्जनेन व्यवहारेण वणिक्कर्मणा वा। सर्वेषामपि तेषां वाणिज्येनाऽतिरस्कृतोऽर्थं लाभः स्यात्। उक्तञ्च–

त्यसो हुनाले धन कमाउने छवटा उपायहरू छन्– अर्कासँग भिक्षा जस्तो गरी मागेर, नौकरी गरेर, खेती गरेर, विद्या आर्जन गरेर, ब्याजमा ऋण लगाएर र व्यापार गरेर। भनिएको छ–

हता भिक्षा भेकैर्वितरति नृपो नोचितमहो
कृषिः क्लिष्ट्य विद्या गुरुविनयवृत्त्याऽतिविषमा
कुसीदाद्दारिद्र्यं परकरगत ग्रन्थिशमनान्
न मन्ये वाणिज्यात्किमपि परमं वर्तनमिह ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मगन्ते हेपिन्छ र नीच एवं कपटपूर्ण तरिकाले यस व्यवसायलाई धेरैले अपनाएका हुनाले यो वृत्ति हराउँदै पनि गएको छ। नोकरीको परिश्रमबाट अर्काले नाफा उठाएर खान्छ तर काम गर्नेले त्यसबाट राम्रो ज्यालासमेत पाउँदैन। कृषिको काममा ज्यादै कष्ट गर्नुपर्ने हुन्छ। विद्याआर्जन गरेर धन कमाउने काममा पनि गुरुलाई खुसी पार्न निकै गाहारो पर्दछ। आफूसँग भएको धन ब्याजमा लगाएर धन कमाउने विचार गर्दा त्यसमा पनि ब्याज थोरै आउने एकातिर समस्या छ भने अर्कोतिर साउँ नै डुब्न सक्ने पनि हुन्छ। त्यसो हुँदा व्यापारको व्यवसाय नै सबैभन्दा असल भएको मान्नुपर्दछ, तर अरू सबै पेसामा जताततै शङ्कामात्र धेरै हुन्छन्।

तच्च वाणिज्यं सप्तविधमर्थागमाय स्यात्। तद्यथा— गान्धिकव्यवहारः निक्षेपप्रवेशः गौष्ठिककर्म परिचितग्राहकागमः मिथ्याक्रयकथनम् कूटतूलामानम् देशान्तराद् भाण्डानयनञ्चेति। उक्तञ्च—

पेसाको राजा मानिने व्यापार पनि सात प्रकारको हुन्छ— सुगन्धी वस्तुहरूको व्यापार, बन्धकी राख्ने व्यापार, थोक बिक्री गर्ने व्यापार, परिचित ग्राहक ठग्ने व्यापार, झुट्टा मूल्य बताएर गरिने व्यापार, जोखाइमा ठग्ने व्यापार र विदेशी सामान आयातनिर्यात गर्ने व्यापार। भनिएको पनि छ कि—

पण्यानां गान्धिकं पण्यं किमन्यैः काञ्चनादिभिः
यत्रैकेन च यत्क्रीतं तच्छतेन प्रदीयते ॥१३॥

व्यापारमध्ये सुगन्धित वस्तुको व्यापार सुनचाँदी आदि द्रव्यको भन्दा पनि उत्तम हुन्छ। किनभने त्यसका लागि एकपटक थोरै लगानी गर्दा पनि सयौं गुणा धेरै लाभ लिन सकिने अवसर हुन्छ र त्यसबाट छिटै धन कमाउन सकिन्छ।

निक्षेपे पतिते हर्म्ये श्रेष्ठी स्तौति स्वदेवताम्
निक्षेपी म्रियते तुभ्यं प्रदास्याम्युपयाचितम् ॥१४॥

बन्धकमा धन राख्न दिने साहु छिटै मरोस् भनेर बन्धक राखेका व्यापारीले रातदिन इष्टदेवतासँग प्रार्थना र भाकल गरीकन पुकार्दछन्। त्यसरी बन्धक राख्न ल्याउने मानिस मऱ्यो भने त्यसको सारा धन केही नदिए पनि आफ्नो एकलौटी हुन्छ भन्ने उनीहरूका मनमा रहेको हुन्छ।

गौष्ठिककर्मनियुक्तः श्रेष्ठी चिन्तयति चेतसा हृष्टः
वसुधा वसुसम्पूर्णा मयाऽद्य लब्धा किमन्येन ॥१५॥

थोकको रूपमा खाद्यान्न बिक्री गर्ने साहुले यदि कुनै सेना आदिजस्तो ठुलो राजकीय समूहमा लगेर आफ्नो मालसामान बिक्री गर्ने मौका पायो भने उसले त्यस कामबाट संसारको सबै धन आफ्ना भागमा आएको छ भन्ने ठान्दछ। अनि फेरि ऊ निश्चिन्त भएर लुट मच्चाउन थाल्दछ।

परिचितमागच्छन्तं ग्राहकमुत्कण्ठया विलोक्यासौ
हृष्यति तद्धनलुब्धो यद्वत्पुत्रेण जातेन ॥१६॥ अन्यच्च—

व्यापारीले चिनेको ग्राहक आउँदै गरेको देखे भने उनीहरूमा व्यापारप्रति ज्यादै मोह बढ्न थाल्दछ। अनि त्यस ग्राहकको धन लिन पाइने भयो भनेर उनीहरू मनमनै मानौं छोरो जन्मँदाका समयमा भएजस्तै आनन्द मान्दै रमाउन थाल्छन्। अरू पनि—

पूर्णाऽपूर्णेमानैः परिचितजनवञ्चनं तथा नित्यम्
मिथ्याक्रयस्य कथनं प्रकृतिरियं स्यात्किराटनाम् ॥१७॥ अन्यच्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिनेको ग्राहक आयो भनेदेखि उसलाई सामान तौलँदा पनि ठग्न मिल्दछ। किनभने उसलाई आफन्तको व्यवहार गरेझैँ गर्नेबित्तिकै विश्वासमा पार्न सकिन्छ र त्यसै विश्वासको आडमा जोखाइमा अलिकति नाफा निकाल्न सकिन्छ। चिनेका ग्राहकलाई अरूलाई भन्दा सस्तो दिएको छु भन्दै महँगो दाम लिन पनि सकिन्छ। यो त व्यापारीको स्वभाव नै हो। अरू पनि—

द्विगुणं त्रिगुणं वित्तं भाण्डक्रयविचक्षणाः
प्राप्नुवन्त्युद्यमाल्लोका दूरदेशान्तरं गताः ॥१८॥

व्यापारी चतुर भएर विदेशी वस्तुको आयातनिर्यात गर्न लाग्यो वा विभिन्न देश र विदेशमा जाँदै घुमफिर गर्दै कहाँ कुन वस्तु चाहिएको छ कहाँ कुन वस्तु पाइन्छ भन्ने पत्ता लगाउँदै त्यसैअनुसार चाहिएका वस्तुको व्यापार गर्न लाग्यो भने त्यस्ता व्यापारमा त्यो साहुले साधारण व्यापारका नाफाको दोब्बरतेब्बर नाफा एकैपटकमा कमाउँछ।

इत्येवं सम्प्रधार्य मथुरागामीनि भाण्डानि आदाय शुभायां तिथौ गुरुजनानुज्ञातः सुरथाधिरुढः प्रस्थितः। तस्य च मंगलवृषभौ सञ्जीवकनन्दकनामानौ गृहोत्पन्नौ धूर्वोढारौ स्थितौ। तयोरेकः सञ्जीवकाभिधानो यमुनाकच्छमवतीर्णः सन् पङ्कपूरमासाद्य कलितचरणो युगभङ्गविधाय निषसाद। तदर्थं च स्नेहार्द्रहृदयः त्रिरात्रं प्रयाणभङ्गमकरोत्। अथ तं विषणमालोक्य सार्थिकैरभिहितम्— "भो श्रेष्ठिन्! किमेवं वृषभस्य कृते सिंहव्याघ्रसमाकुले बह्वपायेऽस्मिन् वने समस्तसार्थः त्वया सन्देहे नियोजितः। उक्तञ्च—

यस किसिमका कुराहरू केही बेर सोच्दै उसले मथुरामा बिक्ने वस्तुहरू गाडामा राख्यो र अरू व्यापारीहरूसँगै मान्यजनले बताएका शुभ मुहूर्तमा मथुरातिर हिँड्यो। उसका घरैमा जन्मेर पालपोस गरेका सञ्जीवक र नन्दक नामका गाडा तान्ने गोरु थिए। जाँदै गर्दा यमुनाका किनारमा पुगेपछि सञ्जीवक नामको गोरु भासमा गाडियो, जुवा पनि भाँचियो र गोरु पनि त्यहीँ बस्यो। कसै गर्दा त्यसलाई उठाउन सकेनन्। यो अवस्था देखेपछि त्यो वर्धमान साहुलाई गोरुको ज्यादै माया लाग्यो। त्यसका पिरले सबैले तीन दिनसम्म यात्रा नै बन्द गरे। ऊ यसरी खिन्न भएको देखेर अरू साथीहरूले— "साहु जी! एउटा गोरुका कारणले गर्दा बाघसिंहआदि हिंस्रक पशुहरूका आपद्‌ले भरिएको यस वनका बिचमा बसेर आफ्ना सबै साथीहरूको ज्यानलाई सङ्कटमा किन पारिरहेको ?" भने। भनिएको छ कि—

न स्वल्पस्य कृते भूरि नाशयेन्मतिमान्नरः
एतदेवान्न पाण्डित्यं यत्स्वल्पाद् भूरिरक्षणम् ॥१९॥

आफूसँग भएका वस्तुमध्ये अलिकति नाश हुन लागेको छ भने त्यसलाई सकेसम्म त जोगाउने प्रयास गर्नुपर्छ तर त्यस्ता अवस्थामा त्यो थोरै जोगाउँदा त्यसभन्दा धेरै नाश हुने देखियो भने त्यो थोरै वस्तुलाई त्यागेर धेरैलाई नाश हुन दिनुहुँदैन। यसरी थोरैलाई माया मारेर धेरैको रक्षा गर्न जान्ने मानिसलाई नै बुद्धिमान् वा व्यवहारकुशल भनिन्छ।

अथाऽसौ तदवधार्यं सञ्जीवकस्य रक्षापुरुषान्निरूप्याऽशेषसार्थं नीत्वा प्रस्थितः। अथ रक्षापुरुषा अपि बह्वपायं तद्वनं विदित्वा सञ्जीवकं परित्यज्य पृष्ठतो गत्वाऽन्यद्युस्तं सार्थवाहं मिथ्याऽऽहुः— "स्वामिन्! मृतोऽसौ सञ्जीवकः। अस्माभिस्तु सार्थवाहस्याऽभीष्ट इति मत्वा वह्निना संस्कृतः" इति। तच्छ्रुत्वा सार्थवाहः कृतज्ञतया स्नेहार्द्रहृदयस्तस्यौर्ध्वदेहिकक्रिया वृषोत्सर्गादिकाः सर्वाः चकार।

अनि त्यस व्यापारीले अरू सबैको कुरो मानेर कतिपय व्यापारीलाई सञ्जीवकको हेरचाह गर्ने जिम्मा लगाएर अरू साथीहरूसँग त्यहाँबाट गयो। तर ... बसेकाहरूले पनि त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वनमा आपद्विपद् पर्ने डरले सञ्जीवकलाई त्यत्तिकै छोडेर साथीहरूलाई भेट्न गए। वहाँ पुगेपछि उनीहरूले साहुलाई— "महाशय ! सञ्जीवक मऱ्यो, तपाईंको प्यारो थियो भन्ने ठानेर हामीले त्यसको दाहसंस्कार गरेर आयौँ" भनिदिए। यस्तो कुरो सुनेपछि व्यापारीले तिनीहरूलाई धन्यवाद दिएर गोरुका मायाले गर्दा क्रियाश्राद्ध गरी वृषोत्सर्ग आदि सबै कामहरू पूरा गरिदियो।

सञ्जीवकोऽप्यायुःशेषतया यमुनासलिलमिश्रैः शिशिरतरवातैराप्यायित शरीरः कथञ्चि-दप्युत्थाय यमुनातटमुपपेदे। तत्र मकरतसदृशानि बालतृणाग्राणि भक्षयन्क-तिपयैरहोभिर्हरवृषभ इव पीनः ककुद्मान् बलवांश्च संवृतः। प्रत्यहं वल्मीकशिखराग्राणि शृङ्गाभ्यां विदारयन्प्रगर्जंश्चास्ते। साध्विदमुच्यते—

यता सञ्जीवकको आयु पूरा नभएको हुनाले यमुनाको पानी मिसिएको चिसो हावाले स्पर्श गर्दै जाँदा जिउमा केही बल आयो कुनै हालतले त्यहाँबाट उठेर बिस्तारैबिस्तारै यमुनाका किनारमा पुग्यो। त्यहाँ पलाएको नरम र नयाँ घाँसका चिउलाहरू खाँदै गर्दा केही दिनमा नै भगवान् शङ्करको नन्दीजस्तै ठूलो जुरो र तिघ्राहरू भएको बलियो बन्यो र वरिपरि रहेका धमिराका ढिस्काहरूमा सिंगौरी खेल्दै भत्काउँदै वनै थर्काउने गरी जोडसँग डुक्रिँदै हिँड्न थाल्यो। कसैले ठिकै पनि भनेका रहेछन्—

अरक्षितं तिष्ठति दैवरक्षितं सुरक्षितं दैवहतं विनश्यति
जीवत्यनाथोऽपि वने विसर्जितः कृतप्रयत्नोऽपि गृहे विनश्यति ॥२०॥

भाग्यले जोगाएको वस्तु अरू जोसुकैले सुरक्षा गरेको भए पनि नभए पनि सुरक्षित नै रहेको हुन्छ र भाग्यले जोगाउन नचाहेको वस्तु अरू कसैले जतिसुकै जोगाउन प्रयास गरेको भए पनि जोगिएर रहेको हुँदैन। त्यसैले भाग्यले जोगाएको वनमा पनि आफैँ जोगिन्छ र भाग्यले विनाश गरेको घरभित्रै पनि आफैँ विनाश हुन्छ।

अथ कदाचित्पिङ्गलको नाम सिंहः सर्वमृगपरिवृतः पिपासाकुल उदकपानार्थ यमुनातटमवतीर्णः सञ्जीवकस्य गम्भीरतररवं दूरादेवाऽशृणोत्। तच्छ्रुत्वातीव व्याकुलहृदयः ससाध्वसमाकारं प्रच्छाद्य वटतले चतुर्मण्डलावस्थानेनाऽवस्थितः। चतुर्मण्डलावस्थानंत्विदम् सिंहः सिंहानुयायिनः काकरवाः किंवृत्ताश्चेति।

कुनै समयमा पिङ्गलक नामको सिंह तिर्खा लागेको हुनाले आफ्ना अरू साथीहरूसँग पानी खानका लागि यमुनाका किनारमा ओर्लिएको के थियो, सञ्जीवकले डर लाग्दो स्वरमा डुक्रिएको आवाज त्यसले सुन्यो। त्यति भएपछि डरले थर्कमान हुँदै चतुर्मण्डल व्युहको आकार बनाएर आफू नदेखिने गरी एउटा ठूलो वरको रुखका फेदमा गएर बस्यो। उसका चतुर्मण्डल व्युहका बिचमा त्यो सिंह, त्यसपछि उसका अनुयायीहरू, त्यसपछि नोकरहरू र त्यसपछि गुप्तचरहरू क्रमैसँग बसे।

अथ तस्य करटकदमनकनामानकौ द्वौ शृगालौ मन्त्रिपुत्रौ भ्रष्टाधिकारौ सदानुयायिना-वास्ताम्। तौ च परस्परं मन्त्रयतः।

त्यस सिंहका करटक र दमनक नामका दुई मन्त्रीपुत्रहरू पदच्युत भएका थिए। तर फेरि पनि प्रतिष्ठित हुन पाउने आशाले राजाका अघिपछि हिँड्न छोडेका थिएनन्। सिंहलाई त्यसरी चतुर्मण्डल व्युह रचना गरी बसेको देखेपछि उनीहरू आपसमा छलफल गर्न थाले।

तत्र दमनकोऽब्रवीत्— "भद्र करटक ! अयं तावदस्मत्स्वामी उदकग्रहणार्थं यमुना-कच्छमवतीर्य स्थितः। स किं निमित्तं पिपासाकुलोऽपि निवृत्य व्युहरचनां विधाय दौमनस्येनाऽभि-भूतोऽत्र वटतले स्थितः ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनीहरूमध्ये दमनकले "मित्र करटक, हाम्रा यी सिंह महाराज पानी खानका लागि यमुनाका किनारमा आएका थिए, के कुराले तिर्खा लाग्दालाग्दै पनि फर्केर आएर यस्तो चतुर्मण्डल व्युह रचना गरी बसेका छन् ?" भन्यो।

करटक आह– "भद्र ! किमावयोरनेन व्यापारेण ? उक्तञ्च यतः–

करटकले– "भद्र ! हामीलाई यी कुराको के प्रयोजन छ र ? किनकि एउटा भनाइ पनि छ–

अव्यापारेषु व्यापारं यो नरः कर्तुमिच्छति
स एव निधनं याति कीलोत्पाटीव वानरः" ॥२१॥

जुन मानिस अघि सरेर नचाहिँदो काम गर्न लाग्दछ उसले धरान थापेका मुढाको किलो उखेल्न तम्सिएर अकालमा मरेको बाँदरको जस्तै दुर्दशामा परेर मर्नुपर्दछ" भन्यो।

दमनक आह– कथमेतत् ? सोऽब्रवीत्–

दमनकले– 'त्यो कस्तो कुरो हो ? भनेर सोध्यो फेरि करटकले भन्न थाल्यो–

कीलोत्पाटिवानर कथा

कस्मिंश्चिन्नगराभ्याशे केनापि वणिक्पुत्रेण तरुषण्डमध्ये देवतायतनं कर्तुमारब्धम्। तत्र च ये कर्मकराः स्थपत्यादयस्ते मध्याह्नवेलायामाहारार्थं नगरमध्ये गच्छन्ति।

फेसो उखेल्ने बाँदर

कुनै एउटा व्यापारीले सहरनजिकै देवताको मन्दिर बनाउन सुरु गरेछ। त्यहाँ काम गर्ने कर्मी र ज्यामीहरू दिउँसोको खाजा खान भनेर सहरको कुनै पसलतिर पसेछन्।

अथ कदाचिदानुषङ्गिकं वानरयूथमितश्चेतश्च परिभ्रमदागमत्। तत्रैकस्य कस्यचिच्छिल्पिनोऽर्धस्फाटितोऽर्जुनवृक्षदारुमयः स्तम्भः खदिरकीलकेन मध्यनिहितेन तिष्ठति। एतस्मिन्नन्तरे ते वानरास्तरुशिखरप्रासादशृङ्गदारूपर्यन्तेषु यथेच्छया क्रीडितुमारब्धाः।

त्यसै समयमा अकस्मात् बाँदरहरूको एउटा हुल यताउति घुम्दैफिर्दै त्यस वनमा आइपुग्यो। ती कर्मीज्यामीहरूमध्ये कुनैले एउटा अर्जुन नामका काठको मुढो आधा चिरेर त्यसका बिचमा खयरको फेसो घुसारेर छोडेको थियो। बाँदरहरू त्यहाँ पुगेपछि रुख, घर, दाउरा, मुढा, खाँबा आदि सबैतिर चकचकाउँदै खेल्न थाले।

एकश्च तेषां प्रत्यासन्नमृत्युश्चापल्यात्तस्मिन्नर्धस्फोटितस्तम्भे उपविश्य पाणिभ्यां कीलकं संगृह्य यावदुत्पाटयितुमारेभे तावत्तस्य स्तम्भमध्यगतवृषणस्य स्वस्थानाच्चलितकीलकेन यद्वृत्तं तत्प्रागेव निवेदितम्। अतोऽहं ब्रवीमि "अव्यारेषु..." इति।

तिनै बाँदरहरूमध्ये कुनै एउटालाई कालले कुत्कुत्याएको हुँदा त्यही आधा चिरेको अर्जुनको मुढो भएका ठाउँमा पुगेछ। आधा चिरेका काठमाथि बसेर त्यसका बिचमा गाडेको फेसो हल्लाउन थालेछ। दुवै हातले बल गरेर हल्लाएपछि फेसो उखेलिएछ, चिरिएका खम्बा जोडियो। त्यसका बिचमा उसका अण्डकोष छिरेका रहेछन् काठका दुई फक्ल्याँटाले थिचिए। त्यसपछि के भयो भन्ने कुरो त मैले अघि नै भनिसकेँ। त्यसैले तिमीलाई म फेरि पनि भन्दै छु कि बिनाप्रयोजनका काम गर्नाले फेसो उखेल्न गएको बाँदरकै जस्तो दशा हुन्छ।

आवयोर्भक्षितशेष आहारोऽस्त्येव तत्किमनेन व्यापारेण ? दमनक आह– "भवानाहा-रार्थी केवलमेव ! तन्न युक्तम्। उक्तञ्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"खाएर बचेको आहार हामीले खान पाएका छँदै छौं, त्यसो हुँदा हामीले किन व्यर्थैका झमेलामा परिराख्नु ?" दमनकले भन्यो– "तपाईं केवल खानकै लागि मात्र बाँच्नुभएको हो र ! त्यो त ठिक भएन। भनिएको छ–

सुहृदामुपकारणाद् द्विषदामप्यकारणात्
नृपसंश्रय इष्यते बुधैर्जठरं को न बिभर्ति केवलम् ॥२२॥ किञ्च–

बुद्धिमान् मानिसले आफन्त र आफ्ना शुभचिन्तकहरूको हितका लागि काम गर्नुपर्दछ। त्यसै गरी शत्रुको विनाश गर्ने उपायहरूको खोजी गर्नु र तिनको विनाशका लागि काम गर्नु पनि उसको कर्तव्य हो। उसले राजाको सेवा गर्नु भनेको खानका वा पेट भर्ने उद्देश्य पूरा गर्नका लागि मात्रै होइन। किनकि–

यस्मिञ्जीवति जीवन्ति बहवः सोऽत्र जीवतु
वयांसि किं न कुर्वन्ति चञ्च्वा स्वोदरपूरणम ?।२३॥ तथा च–

संसारमा जसले बाँच्न खोजेको हुन्छ वा जो बाँचेको हुन्छ उसले संसारको हित हुने किसिमको कुनै काम गर्नुपर्दछ, त्यसलाई मात्रै वास्तविक जीवन भन्न सकिन्छ। चराचुरुङ्गीले आफ्ना चुच्चाले चारो टिपेर पेट भर्ने गर्दछन्। उनीहरू बाँचेर उति ठूलो प्रभाव परेको कतै पाइँदैन त्यसैले त्यस्ता जीवनको कुनै पनि महत्त्व छैन। त्यसै गरी–

यज्जीव्यते क्षणमपि प्रथितं मनुष्यैर्विज्ञानशौर्यविभवार्यगुणैः समेतम्
तन्नाम जीवितमिह प्रवदन्ति तज्ज्ञाः काकोऽपि जीवति चिराय बलिञ्च भुङ्क्ते ॥२४॥

शिल्प, कला, शौर्य, सम्पत्ति वा अन्य श्रेष्ठ गुणहरूले सम्पन्न भएर र समुदायका व्यक्तिहरूबाट मानसम्मान, इज्जतप्रतिष्ठा पाएर बाँचेको छोटो जीवन नै पनि विद्वान्‌हरूका तर्फबाट प्रशंसा गरिने जीवनका कोटिमा गणना गरिने खालको हुन्छ। तर कुनै खालको प्रशंसा नपाईकन कागले पनि लामो जीवन बाँचेको पनि हुन्छ र पेट पनि भर्दै आएको हुन्छ। त्यसो भन्दैमा त्यस कागका जीवनलाई पनि साँचो जीवन भन्न सकिन्छ र ?

यो नात्मना न च परेण च बन्धुवर्गे
दीने दयां न कुरुते न च भृत्यवर्गे
किं तस्य जीवितफलं हि मनुष्यलोके
काकोऽपि जीवति चिराय बलिञ्च भुङ्क्ते ॥२५॥

यसरी बाँच्नका लोभमा कुनै मानिसले आफ्नै हातले वा अरू कुनै उपायद्वारा आफन्त वा दुःखी व्यक्तिको सेवा गरेन भने अथवा आफ्नो सेवा गर्ने व्यक्तिको वा आफ्ना मालिकको निःस्वार्थ भाव राखेर मौकामा सेवा गरेन भने अथवा भलो हुने कुनै काम गरेन भने अथवा आपद्‌मा सहानुभूतिपूर्ण व्यवहार गरेन भने त्यस मानिसले यस धर्तीमा बाँचेको केही लाभ हुँदैन। त्यस्ता मानिसको जीवन पनि बाँच्नका लागि चारो खोजेर खाने कागको जस्तै व्यर्थ हुन्छ।

सुपूरा स्यात्कुनदिका सुपूरो मूषिकाञ्जलिः
सुसन्तुष्टः कापुरुषः स्वल्पकेनापि तुष्यति ॥२६॥ किञ्च–

वर्षा कालमा उर्लने खहरे र ससाना खोल्साहरू अलिकति पानीले नै छताछुल्ल भई किनाराबाट पोखिन लाग्छन्। मुसाको हत्केलो पनि अलिकति खाने कुराले भरिभराउ हुन्छ। त्यसै गरी सानो चित्त भएका काँतर मानिसहरू पनि अलिकति उन्नति भएपछि त्यसैले अघाउँछन् र परिश्रम गर्न छाडिदिन्छन्। भनिएको पनि छ कि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किं तेन जातु जातेन मातुर्यौवनहारिणा ?
आरोहति न यः स्वस्य वंशयस्याऽग्रे ध्वजो यथा ॥२७॥

सन्तान भनेको वंशको मर्यादा र प्रतिष्ठालाई उच्च गराउने जिम्मेदार व्यक्ति हो। यदि उसले कुलको सम्मान र गरिमालाई अग्लो बाँसका टुप्पामा बाँधेको झन्डाजस्तै गरी माथि उठाउने खालको कुनै काम गरेन भने ऊ घातक हो। उसले अरू कुराको मात्र होइन, उसलाई जन्माउनका लागि उसकी आमाले गरेको दुःख र यौवनका सौन्दर्यको त्यागलाई समेत घात गरेको हुन्छ।

परिवर्तिनि संसारे मृतः को वा नजायते।
जातस्तु गण्यते सोऽत्र यः स्फुरेच्च श्रियाधिकः ॥२८॥ किञ्च–

यस संसारमा जन्मिएको जुनसुकै प्राणी मर्दछ र मरेको जुनसुकै प्राणी उसै गरी जन्मन्छ पनि। त्यसरी जन्म लिएका जुन व्यक्तिले अर्काको हित हुने काम गर्छ र दान आदि कामबाट अर्काको सहयोग गर्दछ उसैको जन्म पनि सफल भएको मानिन्छ। त्यसै गरी–

जातस्य नदीतीरे तस्यापि तृणस्य जन्मसाफल्यम्।
यत्सलिलमज्जनाकुलजनहस्तालम्बनं भवति ॥२९॥ तथा च–

नदीका किनारामा उम्रिएका त्यस्ता घाँसको पनि जन्म सफल हुन्छ जसले नदीमा डुब्न लागेका कुनै दुःखीका हातको सहारा बनेर उसलाई डुब्नबाट जोगाउन सकोस्। त्यसै गरी–

स्तिमितोन्नतसञ्चारा जनसन्तापहारिणः।
जायन्ते विरला लोके जलदा इव सज्जनाः ॥ ३० ॥

स्थिर र उदार चरित्रका सज्जन व्यक्तिले संसारमा अरूको दुःख हटाउने प्रयास गर्दछन्। तर त्यस्ता मानिसहरू बहुत कम मात्रै जन्मन्छन्। त्यस्ता मानिसहरू पानीको भारीले थिचिएर ढिलो उड्ने बादलजस्तो भएर कहिलेकाहीं मात्रै देखिने गर्छन्।

निरतिशयं गरिमाणं तेन जनत्याः स्मरन्ति विद्वांसः।
यत्कमपि वहति गर्भं महतामपि यो गुरुर्भवति ॥ ३१ ॥

विद्वान् व्यक्तिले सबैभन्दा ठूलो आमाको महत्त्वलाई सम्झन्छ र उसका गर्भमा रहेको कारण आफूलाई महान् व्यक्तिका रूपमा संसारमा परिचय दिएर उनको गर्भको गौरवलाई बढाउन चाहेको हुन्छ। संसारलाई केही असल कुरो दिन सक्ने आदर्श प्रभाव भएको सन्तान जन्माउन पाएकोमा आमाले पनि आफ्नो गर्भप्रति गौरव अनुभव गर्दछिन्।

अप्रकटीकृतशक्तिः शक्तोऽपि जनस्तिरस्क्रियां लभते।
निवसन्नन्तर्दारुणि लङ्घ्यो वह्निर्न तु ज्वलितः ॥ ३२ ॥

आफूसँग भएको शक्तिलाई जुन मानिसले उपयोग गर्दैन र त्यस शक्तिलाई अलपत्र राख्दछ, त्यसै कारणले त्यस मानिसले अपमानित हुनुपर्छ। किनभने काठभित्र रहेका अग्निको शक्तिलाई उल्लङ्घन गरेको हुनाले आखिर त्यस काठलाई उसै अग्निबाट डढ्नुपर्छ र त्यस अग्निले त्यस काठका अतिरिक्त अरू पनि धेरै कुराहरू डढाउँछ।

करटक आह– "आवां तावदप्रधानौ, तत्किमावयोरनेन व्यापारेण ? उक्तञ्च–

दमनकका कुरा सुनेपछि करटकले भन्यो– "हामी दुवै अधिकारविहीन र पदच्युत छौं, यस बेला हामीले राजाका विषयमा चासो राखेर के फाइदा ?" भनिएको छ कि–

अपृष्टोऽत्राप्रधानो यो ब्रूते राज्ञः पुरः कुधीः।
न केवलमसमानं, लभते च विडम्बनम् ॥३३ ॥ तथा च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जो मूर्खहरू अधिकारहीन र पदबाट च्युत भएर पनि राजासँग केही भन्न खोज्छ त्यो अपमानित मात्रै होइन, उपहासको पात्र पनि हुन्छ। फेरि पनि—

वचस्तत्र प्रयोक्तव्यं यत्रोक्तं लभते फलम्।

स्थायी भवति चात्यन्तं, शुक्लपटे यथा" ॥ ३४ ॥ दमनक आह— "मा मैवं वद !

मानिसले आफ्नो बोली जहाँ प्रयोग गर्दा त्यसको कुनै स्थायी प्रभाव पर्ने र आफूलाई भलो हुने ठाउँ हुन्छ, त्यसलाई हेरेर प्रयोग गर्नुपर्छ। सेतो लुगामा परेको रङ्को दागजस्तै उचित ठाउँमा बोलिएका बोलीको प्रभाव अमिट बन्न सक्छ' भन्यो। करटकले उक्त कुरो सुनेपछि दमनकसँग— "त्यसो होइन, त्यसो नभन।

अप्रधानः प्रधानः स्यात् सेवते यदि पार्थिवम्।

प्रधानोऽप्यप्रधानः स्याद्यदि सेवांविवर्जितः ॥ ३५ ॥ यतः उक्तञ्च—

किनभने राजाको सेवा गर्नमा तत्पर रहने साधारण व्यक्ति पनि महान् बन्न सक्छ र राजाको सेवाबाट विमुख रहेको व्यक्ति ठूलो भए पनि उसको प्रभाव हराउँदै जान्छ। त्यसैले भनिएको छ कि—

आसन्नमेव नृपतिर्भजते मनुष्यं, विद्याविहीनमकुलीनमसंस्कृतं च।

प्रायेण भूमिपतयः प्रमदा लताश्च यत्पार्श्वतो भवति तत्परिवेष्टयन्ति॥३६॥ तथा च—

राजाले आफ्ना नजिकै रहेका व्यक्तिहरूको नै हेरचाह गर्ने र कुरो सुन्ने गर्दछन्। त्यस्तो व्यक्ति कुलघरानबिनाको, मूर्ख, र असभ्य पनि हुन सक्छ। लहराले नजिकै रहेको रुखलाई र स्त्रीले नजिक रहेका व्यक्तिलाई आफ्नो ठानेर अँगालेझैँ राजाले पनि नजिकै रहेका व्यक्ति र वस्तुहरूलाई माया गर्दछन्। अनि फेरि—

कोपप्रसादवस्तूनि ये विचिन्वन्ति सेवकाः।

आरोहन्ति शनैः पश्चाद् धुन्वन्तमपि पार्थिवम्॥ ३७॥

जुन सेवकले राजा रिसाउने र खुसी हुने कुराका कारणहरूलाई चिनेर त्यसैअनुसारको व्यवहार गर्न जान्दछ त्यस्ता मानिसले नै मौका पर्नासाथ आफूसँग रिसाएका राजालाई पनि खुसी पार्दै आफ्नो वशमा राख्न सक्छ।

विद्यावतां महेच्छानां शिल्पविक्रमशालिनाम्।

सेवावृत्तिविदां चैव नाश्रयः पार्थिवं विना॥ ३८॥

विद्वान्, महत्त्वाकाङ्क्षी, शिल्पआदि कलामा सिपालु, वीर, आकर्षक व्यक्तित्व भएका व्यक्तिका लागि राजा छोडेर अन्य कुनै गतिलो आश्रय स्थान हुँदैन। राजाले बाहेक त्यस्ता व्यक्तिलाई अरू कसैले पनि उचित सम्मान दिन सक्दैनन्।

ये जात्यादिमहोतसाहान्नरेन्द्रान्नोपयान्ति च।

तेषामामरणं भिक्षा प्रायश्चित्तं विनिर्मितम्॥ ३९॥

आफ्नो कुल र जातिका अभिमानमा परेर कसैले राजाको सेवा गर्दैन भने त्यस्ता व्यक्तिले आजीवन भिक्षा मागेर खाँदै प्रायश्चित्त गर्नुपर्ने हुन्छ। राजाको सेवाका अभावमा त्यस्ता व्यक्तिको जीवन निर्वाह नै कठिन हुन पुग्छ।

ये च प्राहुर्दुरात्मानो दुराराध्या महीभुजः।

प्रमादालस्यजाड्यानि ख्यापितानि निजानि तैः॥ ४०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन मानिसहरू राजालाई रिझाउन ज्यादै कठिन हुन्छ भन्दछन्, तिनले अल्छ्याइँ, मुर्ख्याइँ र जुम्सोपनाजस्ता आफ्ना अयोग्यताहरूलाई मात्रै प्रकट गरेका हुन्छन्।

सर्पान्वयाघ्रान्गजान्सिंहान् दृष्ट्वोपायैर्वशीकृतान्।
राजेति कियती मात्रा धीमतामप्रमादिनाम्॥ ४१॥

मानिसहरूले ढङ्ग पुऱ्याएर सर्प, बाघ, हात्ती, सिंहआदि जङ्गली र हिंस्रक पशुप्राणीलाई वशमा पारेको देख्दा उत्साही, मिहिनेती र बुद्धिमान् मानिसका लागि राजालाई आफ्ना बुद्धिले वशीभूत गर्नु कुनै ठूलो कुरो हो जस्तो लाग्दैन। किनभने राजासँग मनुष्योचित गुण हुन्छन्, त्यसो हुँदा राजासँग व्यवहार गर्न हिंस्रक पशुलाई नियन्त्रण गर्नुभन्दा सजिलो हुनुपर्छ।

राजानमेव संश्रित्य विद्वान्याति परां गतिम्।
विना मलयमन्यत्र चन्दनं न प्ररोहति॥ ४२॥

राजाको आश्रय पाएपछि मात्रै विद्वान् व्यक्तिको प्रसिद्धि पनि हुन्छ र उसका विद्याले पनि सेवा गर्ने मौका पाउँछ। राजाको आश्रय नपाउँदा न उसको विद्याले प्रयोग हुने ठाउँ पाउँछ न विद्वान् व्यक्तिको सम्मान नै हुन्छ। किनभने मलय पर्वलको अभावमा चन्दनको विकास हुँदैन।

धवलानयातपत्राणि वाजिनश्च मनोरमाः।
सदा मत्ताश्च मातङ्गाः प्रसन्ने सति भूपतौ॥ ४३॥"

राजालाई प्रसन्न गराइसकेपछि श्वेत छत्र, चम्मर, सुन्दर घोडा र मत्त हात्तीआदि सबै उपभोग्य वस्तुको सुखसुविधा मानिसलाई आफैँआफ हासिल हुन्छ' भन्यो।

करटक आह— "अथ भवान् किं कर्तुमनाः ?"

करटकले— "आखिरी तपाईं के गर्न चाहँदै हुनुहुन्छ ?" भनेर सोध्यो।

सोऽब्रवीत्— "अद्याऽस्मत्स्वामी पिङ्गलको भीतो, भीतपरिवारश्च वर्तते। तदेनं त्वां भयकारणं विज्ञाय, सन्धिविग्रहयानासनसंश्रयद्वैधीभावानामेकतमेन संविधास्ये।"

दमनकले— "हाम्रा पिङ्गलक राजा र उनका अनुयायीहरू सबै आज पनि डरले त्रस्त छन्। उनीहरूसँग गएर म उनीहरूका डरको उचित कारण पत्तो लगाउन चाहन्छु। त्यस कुराको पत्तो लगाएपछि म सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभावहरूमध्ये कुनै एकलाई प्रयोग गर्दै आफ्नो काम बनाउने कोसिस गर्नेछु" भन्यो।

करटक आह— "अथ कथं वेत्ति भवान्, यद्भयाविष्टोऽयं स्वामी ?"

करटकले— "तिमीले हाम्रा राजा डरले थर्कमान छन् भन्ने कुरो कसरी जान्यौ त ?" भनेर सोध्यो।

सोऽब्रवीत्— "ज्ञेयं किमत्र ? यत उक्तञ्च—

दमनकले— "यसमा जान्नुपर्ने कुरो नै के छ र ? भनिएको छ कि—

उर्दीरितोऽर्थः पशुनाऽपि गृह्यते, हयाश्च नागाश्च वहन्ति चोदिताः।
अनुक्तमप्यूहति पण्डितो जनः, परेङ्गितज्ञानपला हि बुद्धयः॥ ४४॥ तथा च—

मुखले बताइएका कुराको अर्थ त पशुले पनि बुझ्दछ। किनभने इसाराबाट हाँकिएका घोडा र हात्तीहरू सवारी र भारी बोकेरै हिँड्छन्। तर बुद्धिमान् मानिसले चाहिँ नभनेका कुराबाट पनि अर्थ लगाएर बुझ्न सक्नुपर्छ। किनभने हाउभाउ र चेष्टाहरूका सहायताले कसैका मनको भाव बुझ्नु नै मानिसका बुद्धिको काम हो। अरू पनि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आकारैरिङ्गितैर्गत्या चेष्टया भाषणेन च।
नेत्रवक्त्रविकारैश्च लक्ष्यतेऽन्तर्गतं मनः ॥ ४५ ॥

मानिसको आकार, प्रकार, इसारा, गति, चेष्टा, वचन, आँखा र मुखमुद्राको विकारबाट जोसुकैका मनको विचार बुझ्न सकिन्छ" भन्यो।

तदद्यैनं भयाकुलं प्राप्य स्वबुद्धिप्रभावेण निर्भयं कृत्वा, वशीकृत्य च निजां साचिव्य-पदवीं समासादयिष्यामि।"

पिङ्गलकका चेष्टाहरूबाटै उनी तर्सिएको कुरो मैले राम्ररी ठम्याएको छु। अतः नजिक गएर उनका डरको कारण बुझ्नुपर्ने छ र आफ्ना बुद्धिले उनलाई निर्भय बनाएर म आफ्ना वशमा पार्नेछु। यसरी उनलाई अनुकूल बनाएर म फेरि आफ्नो मन्त्रीपद हासिल गर्नेछु" भन्यो।

करटक आह– "अनभिज्ञो भवान् सेवाधर्मस्य। तत्कथमेनं वशीकरिष्यसि ?"

करटकले– "त्यसो गर्नका लागि तिमीलाई सेवाको तरिका त थाहा छैन। राजाको सेवा गरेर खुसी पार्दै उसलाई वशमा कसरी गरौला त ?" भन्यो।

सोऽब्रवीत्– "कथमहं सेवानभिज्ञः ? मया हि तातोत्सङ्गे क्रीडताऽभ्यागतसाधूनां नीतिशास्त्रं पठतां यच्छ्रुतं सेवाधर्मस्य सारभूतं हृदि स्थापितम्। श्रूयतां, तच्चेदम्–

दमनकले– "मलाई सेवावृत्ति आउँदैन भनेर तिमीलाई कसरी थाहा भयो ? पिताका काखमा खेल्दाखेल्दै मैले अतिथिका रूपमा आउने सज्जनहरूका मुखबाट नीतिशास्त्रका धेरै कुरा सुन्न पाएको छु। तिनको अध्ययनबाट राजसेवाका सारतत्त्व केही सिक्न पाएको छु। तिनीहरूलाई हृदयङ्गम गरेको पनि छु। ती सारतत्त्वलाई म भन्दै छु सुन–

सुवर्णपुष्पितां पृथ्वीं विचिन्वन्ति त्रयो जनाः।
शूरश्च कृतविद्यश्च यश्च जानाति सेवितुम् ॥ ४६ ॥

वीर, विद्वान् अथवा सेवावृत्तिका विषयमा जानकारी भएका चतुर, यी तीन किसिमका मानिसले नै यस सुनको फूल फुलाउने पृथ्वीलाई स्वाधीन पार्न सक्छन्।

सा सेवा या प्रभुहिता ग्राह्यवाक्या वेशेषतः।
आश्रयेत्पार्थिवं विद्वांस्तद्द्वारेणैव नान्यथा ॥४७ ॥

राजाको हितकार्य सम्पादन गर्नका लागि विशेषरूपमा राजाको आदेश पाउने काम गर्नुपर्दछ। आज्ञाकारिता र प्रियकार्य सम्पादन गरिसकेपछि राजाका सेवामा उपस्थित हुनुपर्छ। जुनसुकै विद्वान्ले यस्तै रीतिले कामको अनुसरण गर्नुपर्छ, अरू किसिमले होइन।

यो न वेत्ति गुणान्यस्य न तं सेवेत पण्डितः।
न हि तस्मात्फलं किञ्चित्सुकृष्यदूषरादिव ॥ ४८ ॥

जुन राजाका सेवकहरू सेवा आदिका गुण जान्दैनन् वा सेवाका गुणअनुसार जसलाई राजाले सम्मान गर्दैनन्, त्यस्ता राजाका आश्रयमा विद्वान्हरूले बस्नुहुँदैन। किनभने राम्रोसँग छरबताउ गर्नाले पनि मरुभूमिबाट जसरी फलको आशा गर्न सकिँदैन उसै गरी राजाबाट पनि उचित सम्मान आदिको आशा गर्न सकिँदैन।

द्रव्यप्रकृतिहीनोऽपि सेव्यः सेव्यगुणान्वितः।
भवत्याजीवनं तस्मात्फलं कालान्तरादपि ॥ ४९ ॥

सेवा गर्ने र गरिनेलायक गुणहरूले युक्त राजा यदि निर्धन छन् भने पनि उनको आश्रय लिएर बस्नुपर्दछ। किनभने समय बित्दै गएर सुसमृद्धि हासिल गरेपछि त्यस्ता राजाले सेवकलाई जन्मान्तरसम्म सुख प्रदान गर्न सक्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपि स्थाणुवदासीनः शुष्यन्परिगतः क्षुधा।
न त्वेवाऽनात्मसम्पन्नाद् वृत्तिमीहेत पण्डितः॥ ५०॥

विद्वान् व्यक्तिले सुकेको ठुटो वृक्षजस्तो भएर एकै ठाउँमा भोकैप्यासै मर्नुपरे पनि बरु ठिकै हुन्छ, तर विवेकले शून्य राजाबाट जीविकाको आशा गर्नुहुँदैन।

सेवकः स्वामिनं द्वेष्टि कृपणं परुषाक्षरम्।
आत्मानं किं स न द्वेष्टि सेव्याऽसेव्यं न वेत्ति यः॥ ५१॥

सेवा गर्न वा गराउनलायक र नगर्नलायक राजा छुट्याउन र तिनको परिचय पाउन नसक्ने सेवकले आफ्ना राजाका कन्जुस्याइँ र कठोर वचनको निन्दा गर्नतिर लाग्नुभन्दा आफ्नै निन्दा गर्नतिर लाग्नु राम्रो हुन्छ। किनभने त्यस्ता कन्जुस र कटुभाषी राजाले कसैको सेवा स्वीकार गर्छन् भने त्यसमा राजाको होइन सेवकको नै दोष हुन्छ।

यमाश्रित्य न विश्रामं क्षुधार्ता यान्ति सेवकाः।
सोऽर्कवन्नृपतिस्त्याज्यः सदापुष्पफलोऽपि सन्॥ ५२॥

समृद्ध राजाको सेवा गर्दा पनि जसका सेवकले उचित गाँसबास नपाएर भोकोप्यासो रहनुपर्छ त्यस्ता राजा भनेका फूल र फलले लदाबद भएको विषालु आँकको वृक्षजस्तै उपयोगविहीन हुन्छन्, त्यसैले तिनलाई त्याग्नु नै उचित हुन्छ।

राजमातरि देव्याञ्च कुमारे मुख्यमन्त्रिणि।
पुरोहिते प्रतीहारे सदा वर्त्तेत राजवत्॥ ५३॥

कुशल सेवकले राजमाता, रानी, राजपुत्र, मुख्य सचिव, पुरोहित तथा द्वारपालप्रति पनि राजाको सरह नै व्यवहार गर्नुपर्ने हुन्छ।

जीवेति प्रब्रुवन्प्रोक्तः कृत्याकृत्यविचक्षणः।
करोति निर्विकल्पं यः स भवेद्राजवल्लभः॥ ५४॥

कर्तव्य तथा अकर्तव्यको निर्णय गर्नमा चतुर राजसेवकले राजाको आज्ञा प्राप्त हुनेबित्तिकै "महाराजको जय होस्" भन्दै नम्रतापूर्वक त्यसलाई स्वीकार गर्नुपर्दछ र निर्धक्क भएर त्यस आज्ञालाई पालन गर्नुपर्दछ। यस प्रकारका आचरण गर्ने राजसेवक नै राजाको प्रियपात्र बन्न सक्दछ।

प्रभूप्रसादजं वित्तं सुप्राप्तं यो निवेदयेत्।
वस्त्राद्यं च दधात्यङ्गे स भवेद्राजवल्लभः॥ ५५॥

राजाका कृपाबाट पाएको उपहारलाई विनम्रतापूर्वक स्वीकार गरेर जुन व्यक्ति कृतज्ञता एवं सन्तोष व्यक्त गर्दछ र राजाले दिएको वस्त्रआदि लगाउने गर्छ त्यस्तो व्यक्ति राजाको प्रियपात्र बन्न सक्दछ।

अन्तःपुरचरैः सार्धं यो स मन्त्रं समाचरेत्।
न कलत्रैर्नरेन्द्रस्य स भवेद्राजवल्लभः॥ ५६॥

राजाका अन्तःपुरमा रहेका कञ्चुकीआदिसँग जुन मानिस ज्यादा गफगाफ गर्दैन र रानीहरूसँग जसले भेटघाट गर्दैन त्यस्ता व्यक्तिलाई राजाले आफ्नो प्रियपात्र मान्दछन्।

द्यूतं यो यमदूताभं हालां हालाहलोपमाम्।
पश्येद्दारान्वृथाकारान् स भवेद्राजवल्लभः॥ ५७॥

जसले जुवालाई यमराज, मदिरालाई विष र रानीहरूलाई चित्रजस्तो ठानेर व्यवहार गर्दछ, त्यो राजाको विशेष प्रियपात्र हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युद्धकालेऽमगो यः स्यात्सदा पृष्ठानुगः पुरे।
प्रभोर्द्वाराश्रितो हर्म्ये स भवेद्राजवल्लभः ॥ ५८ ॥

जुन व्यक्ति युद्धयात्रामा राजाका अघिअघि जान्छ नगरमा रहँदा उनको पछिपछि हिँड्ने गर्छ र राजभवनमा राजाका द्वारमा रहन्छ त्यस्तो व्यक्ति तै राजाको प्रिय हुन्छ।

संमतोऽहं प्रभोर्नित्यमिति सत्वा व्यतिक्रमेत्।
कृच्छ्रेष्वपि न मर्यादां स भवेद्राजवल्लभः ॥ ५९ ॥

जुन व्यक्तिले आफूलाई राजाको प्रिय तथा आज्ञाकारी ठान्दछ तर त्यसैका कारण आपत्ति कालमा मर्यादा उल्लङ्घन गर्दैन त्यस्तो व्यक्ति राजाको प्रियपात्र हुन्छ।

द्वेषिद्वेषपरो नित्यमिष्यनामिष्टकर्मकृत्।
यो नरो नरनाथस्य स भवेद्राजवल्लभः ॥ ६० ॥

जुन सेवक राजाका शत्रुहरूप्रति शत्रुताको र प्रियजनहरूप्रति मित्रताको भाव राखेर व्यवहार गर्दछ राजाले उसैलाई आफ्नो प्रियपात्र मान्दछन्।

प्रोक्तः प्रत्युत्तरं नाह विरुद्धं प्रभुणा च यः।
न समीपे हसत्युच्चैः स भवेद्राजवल्लभः ॥ ६१ ॥

राजाले रिसाएर हप्काउँदा वा कठोर वचन बोल्दा पनि जुन सेवकले जवाफ फर्काउनुको सट्टा चुप लागेर आफ्नो अपराध स्वीकार गर्दछ र राजाका अगाडि ठूलो स्वरमा हाँस्तैन त्यस्तो व्यक्ति नै राजाको प्रियपात्र बनेर सुखको उपभोग गर्न पाउने हुन्छ।

यो रणं शरणं तद्वन्मन्यते भयवर्जितः।
प्रवासं स्वपुरावासं स भवेद्राजवल्लभः ॥ ६२ ॥

जुन मानिस राजाका आज्ञाले रणमा पठाइँदा शरण ठानेर र प्रवासमा पठाइँदा स्वदेश ठानेर निर्भयताका साथ सहर्ष स्वीकार गर्दछ, त्यसै मानिससँग राजा सधैँ सन्तुष्ट रहन्छन्।

न कुर्यान्नरनाथस्य योषिद्भिः सह सङ्गतिम्।
न निन्दां न विवादं च स भवेद्राजवल्लभः ॥ ६३ ॥

जुन राजपुरुषले राजाका स्त्रीहरूसँग कुनै प्रकारको सम्पर्क राख्दैन र उनीहरूको निन्दा वा विवाद आदि गर्दैनन् त्यस्तै पुरुषलाई राजाले रुचाउँछन्" भन्यो।

करटक आह– "अथ भवांस्तत्र गत्वा किं तावत्प्रथमं वक्ष्यति, तत्तावदुच्यताम्।"

करटकले– "तिमी त्यहाँ पुगेपछि सबैभन्दा पहिले के भन्छौ त्यो त ?" भनेर सोध्यो।

दमनक आह–

दमनकले भन्यो–

उत्तरादुत्तर वाक्यं वदतां सम्प्रजायते।
सुवृष्टिगुणसंपन्नाद् बीजाद् बीजमिवापरम् ॥ ६४ ॥

असल किसिमले पानीको वर्षा हुँदा जसरी एउटा बीजबाट आफैँ अर्को बीज स्वतः उत्पन्न हुन्छ त्यसै गरी वार्तालाप गर्दै जाने क्रममा उत्तर र प्रत्युत्तरका सिलसिलामा भन्नुपर्ने कुरो निस्कँदै जान्छ। अतः जस्तो प्रसङ्ग आउँछ उस्तै कुरो गर्नुपर्ला।

अपायसन्दर्शनजां विपत्तिमुपायसन्दर्शनजां च सिद्धिम्।
मेधाविनो नीतिगुणप्रयुक्तां, पुरःस्फुरनतीमिव वर्णयन्ति ॥ ६५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिभासम्पन्न मेधावी व्यक्तिले नीति प्रयोग गर्ने बेलामा विनाशकारी तथा लाभप्रद नीतिका सम्बन्धमा उपायहरूको अवलम्बन गर्दै परिणामतः आउने विपत्ति अथवा लाभको परिचय दिन्छन्। किनभने अवलम्बन गरिएका नीतिमा रहेका कारणहरूलाई देखिसकेपछि भावी हानी या लाभको प्रतिमूर्ति उनीहरूका समक्ष नाच्दै देखा पर्न लाग्छन्।

एकेषां वाचि शुकवदन्येषां हृदि मूकवत्।
हृदि वाचि तथाऽन्येषां वल्गु वल्गन्ति सूक्तयः॥ ६६॥

जहाँसम्म बातचित गर्ने कुराको प्रश्न छ, कतिपय मानिसका बोलीमा सुगारटइ जस्तो गरी रमाइला सूक्तिहरू वाक्यैपिच्छे आउने गर्दछन्। कसैका मनमा त्यस्ता विचारहरू हुन्छन् तापनि उनीहरूले मूक जस्तो भएर ती विचार प्रकट गर्न सक्दैनन्। तर कुनै मानिस यस्ता पनि हुन्छन् कि उनीहरूका मनमा त्यस्ता सूक्तिहरू पनि हुन्छन् र उचित समयमा बातचितमा ती निस्केर पनि आउँछन्।

न चाऽहमप्राप्तकालं वक्ष्ये। आकर्णितं मया नीतिसारं पितुः पूर्वमुत्सङ्गं हि निषेवता—

म त्यहाँ पुगेर प्रसङ्गबिनाको कुनै किसिमको कुनै पनि कुरो गर्दिनँ। जे बोल्दछु त्यो प्रसङ्गअनुसारको नै हुनेछ। पिताका काखमा रहँदा नै मैले नीतिशास्त्रका तत्त्वज्ञान पाएको छु।

अप्राप्तकालं वचनं बृहस्पतिरपि ब्रुवन्।
लभते बह्ववज्ञानमपमानं च पुष्कलम्॥ ६७॥ करटक आह—

अप्रासङ्गिक कुरो गर्दा विद्याका धनी बृहस्पतिलाई पनि तिरस्कृत हुनुपर्छ भन्ने कुरो सुनेका थिएँ। अप्रासङ्गिक कुरो गर्ने व्यक्ति देवगुरु बृहस्पति नै भए पनि अपमान खप्नुपर्ने हुन्छ। करटकले भन्यो—

"दुराराध्या हि राजानः पर्वता इव सर्वदा।
व्यालाकीर्णाः सुविषमाः कठिनाः दुष्टमेविताः॥ ६८॥ तथा च—

"विषालु सर्पहरूले भरिएको, कुनै कुराको तालमेल नभएको अप्ठ्यारो, ढुङ्गाले बनेको तथा सिंह, बाघआदि हिंस्रक पशुहरूले घेरिएको हुनाले जसरी पर्वत चढ्नका लागि अति कठिन हुन्छ, त्यसै गरी मूर्ख मानिसहरूले घेरिएको, कूट र कपट भाषी, कठोर र दुष्टहरूले घेरिएका हुनाले राजा पनि बहुत कष्टले मात्रै रिझाइने खालका हुन्छन्। त्यसै गरी—

भोगिनः कञ्चुकाविष्टः कुटिलाः क्रूरचेष्टिताः।
सुदुष्य मन्त्रसाध्याश्च राजानः, पन्नगा इव॥ ६९॥

राजाहरूको स्वभाव नै सर्पको जस्तो हुन्छ। जसरी सर्प काँचुलीले बेरिएको, कुटिल चालमा हिंड्ने, क्रूर कार्य गर्ने, दुष्ट तथा मन्त्रको वशमा पर्ने हुन्छ राजा पनि त्यस्तै मन्त्रीका वशमा परेका, केवल बिन्तीभाउ र मन्त्रणाले मात्रै प्रसन्न हुने स्वभावका हुन्छन्।

द्विजिह्वाः क्रूरकर्माणोऽनिष्टयश्छिद्रानुसारिणः।
दूरतोऽपि हि पश्यन्ति राजानो भुजगा इव॥ ७०॥

सर्पको जस्तै राजामा पनि दुईजिब्रे कुरा गर्ने बानी हुनाले, क्रूर कार्य गर्ने, अनिष्टकारी, परछिद्रान्वेषी तथा धेरै पछिसम्मको कुरो सोच्ने खालका स्वभावहरू हुन्छन्।

स्वल्पमप्यपकुर्वन्ति येऽभीष्टा हि महीपतेः।
ते वह्नाविव दह्यन्ते पतङ्गाः पापचेतसः॥ ७१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगोमा डढेर भस्म हुने किराहरूको जस्तै गरी राजाको अलिकति मात्रै अनिष्ट गर्ने जोसुकै व्यक्ति उनका क्रोधाग्निमा परेर तुरुन्तै भस्म भस्म हुन सक्छ।

दुरारोहं पदं राज्ञां सर्वलोकनमस्कृतम्।
स्वल्पेनाप्यपकारेण ब्राह्मण्यमिव दुष्यति ॥ ७२ ॥

ब्रह्मतेजको जस्तै सर्ववन्द्य एवं दुष्प्राप्य राजाको पद पनि अत्यन्त कठिनाइले मात्रै प्राप्त हुन्छ। यदि त्यसमा अलिकति मात्रै गडबड भयो भने त्यो दूषित हुन्छ। ब्रह्मतेजजस्तै अलिकति मात्रै अपमान भएको ठाने भने राजा रिसाउँछन्।

दुराराध्याः श्रियो राज्ञां दुरापा दुष्परिग्रहाः।
तिष्ठन्त्याप इवाधारे चिरमात्मनि संस्थिताः ॥ ७३ ॥" दमनक आह– "सत्यमेतत। किन्तु–

पानीका घडामा उसैको आकार बनाएर बसेको पानीजस्तै राज्यलक्ष्मी पनि जस्तासँग बसेको हुन्छ उसैको आकारमा रहन्छ। त्यसको प्राप्ति जति कठिन हुन्छ त्यति नै असंरक्षणीय पनि हुन्छ। दमनकले 'तिमीले ठिकै भन्यौ तर–

यस्य यस्य हि यो भावस्तेन तेन समाचरन्।
अनुप्रविश्य मेधावी क्षप्रमात्मवशं नयेत् ॥ ७४ ॥

जुन मानिसको स्वभाव जस्तो किसिमको हुन्छ त्यससँग उस्तै व्यवहार गर्नाले ऊ वशीभूत पक्कै हुन्छ। अतः बुद्धिमान् मानिसले स्वामीका मनको अनुकूल व्यवहार गरेर त्यसैबाट प्रभावित गर्नुपर्छ।

भर्तुश्चित्ताऽनुवर्त्तित्वं सुवृत्तं चानुजीविनाम्।
राक्षसाश्चापि गुह्यन्ते नित्यं छन्दानुवर्तिभिः ॥ ७५ ॥

स्वामीका मनको अनुकूल व्यवहार गर्नु सेवकका जीवनको सर्वोत्तम गुण मानिन्छ। किनभने राक्षससँग पनि अनुकूल आचरण गरेमा त्यसलाई वशमा पार्न सकिन्छ।

सरुषि नृपे स्तुतिवचनं तदभिमते प्रेम तद्द्विषि द्वेषः।
तद्दानस्य च शंसा अमन्त्रतन्त्रं वशीकरणम् ॥ ७६ ॥

राजा रिसाए भने तिनको स्तुति गर्नु, उनका स्नेही व्यक्तिहरूप्रति प्रेमभाव देखाउनु, उनका शत्रुहरूप्रति द्वेषभाव राख्नु र उनका दानको प्रशंसा गर्नुजस्ता कामकुराहरूबाट बिनामन्त्र नै राजा वशीकरण हुन्छन्।

करटक आह– "यद्येवमभिमतं तर्हि शिवास्ते पन्थानः सन्तु। यथाभिलषित-मनुष्ठीयताम्। तत्र च–

दमनकका उक्त कुरा सुनेपछि करटकले– 'त्यसो भए अवश्य जाऊ, भगवान्ले तिम्रो कल्याण गरुन् तिम्रो जे इच्छा छ त्यही गर, तर मेरो एउटा कुरो नबिर्स। त्यो के भने–

अप्रमादश्च कर्तव्यस्त्वया राज्ञः समाश्रये।
त्वदीयस्य शरीरस्य वय भाग्योपजाविनः" ॥

राजाका नजिक पुगेपछि निकै सतर्क रहनू, किनभने तिम्रो भाग्यसँग नै हाम्रो जीवन गाँसिएको छ' भन्यो। (**श्लोकश्चायं केषुचित्पुस्तकेषु नोपलभ्यते, प्रसङ्गनिर्वाहकत्वेनात्र सङ्गृहीत।** कैयौं पुस्तकमा यो श्लोक पाइँदैन, तर प्रसङ्गलाई पूरा गर्नका लागि यहाँ राखिएको हो।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोऽपि तं प्रणम्य पिङ्गलकाभिमुखं प्रतस्थे।

करटकबाट अनुमति पाएपछि दमनकले उसलाई प्रणाम गर्दै त्यहाँबाट राजा पिङ्गलक भएतिर हिंड्यो।

अथागच्छन्तं दमनकमालोक्य पिङ्गलको द्वाःस्थमब्रवीत्– "अपसार्यतां वेत्रलता, अयमस्माकं चिरन्तनो मन्त्रिपुत्रो दमनकोऽव्याहतप्रवेशः, तत्प्रवेश्यतां द्वितीयमण्डलभागी" इति।

दमनकलाई आफूतिर आउँदै गरेको देखेर पिङ्गलकले द्वारपालसँग "बेतको लठ्ठी हटाऊ, मेरो पुरानो मन्त्रीको छोरो दमनक आउँदै छ। उसले कुनै बाधाबिना नै यहाँ प्रवेश गर्न पाउनुपर्छ। उसलाई ल्याएर द्वितीय मण्डलमा बसाऊ' भन्ने आदेश दिए।

स आह– "यथावादीद्भवान्" इति।

राजाका आज्ञालाई शिरोधार्य गर्दै द्वारपालले "महाराजको जो हुकुम्" भन्यो।

अथ प्रविश्य दमनको निर्दिष्टे आसने पिङ्गलकं प्रणस्य प्राप्तानुज्ञ उपविष्टः। स तु तस्य नखकुलिशाऽलङ्कृतं दक्षिणपणिमुपरि दत्वा मानपुरःसरसुवाच– "अपि शिवं भवतः ? कस्माच्चिराद् दृष्टोऽसि ?"

दमनकले प्रवेश गरेर राजालाई यथावत् प्रणाम गऱ्यो र अनुमति पाएअनुसारका आसनमा बस्यो। राजाले पनि आफ्नो बज्रजस्तै नङ भएको दाहिने हात उठाएर उसका टाउकामा राखिदिंदै यथोचित सम्मानका साथ "तिमी सन्चै छौ ? धेरै दिनपछि देखियौ, कताबाट आयौ त ?" भनी सोधे।

दमनक आह– "यद्यपि न किञ्चिद्देवपादानामस्माभिः प्रयोजनम्, तथापि भवतां प्राप्तकालं वक्तव्यं, य त उत्तममध्यमाधमैः सर्वैरपि राज्ञां प्रयोजनम्। उक्तञ्च–

दमनकले भन्यो– 'हजुरलाई के आवश्यक होला र, मैले नै केही बातचित गर्नुपरेको छ। किनभने उत्तम, मध्यम तथा अधम चाहे जस्तोसुकै कोटिको व्यक्ति भए पनि राजालाई सबैको प्रयोजन हुन्छ। भनिएको पनि छ–

दन्तस्य निष्काषणकेन नित्यं, कर्णस्य कण्डूयनकेन वापि।
तृणंन कार्य भवतीश्वराणां, किमङ्ग वाग्घस्तवता नरेण॥ ७७॥

दाँतमा अड्किएको वस्तु निकाल्नका लागि अथवा कानभित्रको चिलाइ मेट्याउनका लागि नै भए पनि राजालाई सिन्काको आवश्यकता पर्दछ। त्यसमा पनि बोलीले बोल्न र हातले गर्न सक्ने मानिसको त कुरो नै के रह्यो र उसको त आवश्यकता पक्कै पर्छ।

तथा वयं देवपादानामन्वयागता भृत्या आपत्स्वपि पृष्टगामिनो यद्यपि स्वमधिकारं न लभामहे, तथापि देवपादानामेतद्युक्तं न भवति। उक्तञ्च–

हामी त हजुरका वंशपरम्पराका सेवकहरू हौं र आपद्कालमा पनि पछ्याउने खालका नै हौं। यद्यपि दुर्भाग्यले हाम्रो अधिकार पाइएको छैन तापनि हामीलाई हजुरले बिर्सनु चाहिं पक्कै पनि हजुर र हाम्रा लागि उचित कुरो होइन। भनिएको पनि छ–

स्थानेष्वेव नियोक्तव्या भृत्याश्चाभरणानि च।
नहि चूडामणिः पादे प्रभवामीति वध्यते॥ ७८॥ यत–

सेवक र आभूषणलाई सधैं उचित स्थानमा नै सजाएर राख्नुपर्दछ। म शक्तिसम्पन्न छु, मलाई कसैले केही गर्न सक्दैन भनी मुकुटमाथि लगाउने मणिलाई पैतालामा लगाउन त सकिंदैन। किनभने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनभिज्ञो गुणानां यो न भृत्यैरनुगम्यते।
धनाढ्योऽपि कुलीनोऽपि क्रमायातोऽपि भूपतिः॥ ७९॥ उक्तञ्च–

जुन स्वामीले सेवकको गुण बुझ्न सक्दैनन् अथवा बुझेर पनि त्यसको अवहेलनापूर्वक यथायोग्य स्थान र मान दिँदैनन्, ती जतिसुकै धनी, कुलीन र पुराना परम्परागत होऊन्, सेवकहरूले तिनको अनुगमन गर्दैनन् र अवसर पाउनासाथ छोड्ने गर्दछन्। भनिएको पनि छ–

असमैः समीयमानः समैश्च परिहीयमाणसत्कारः।
धुरि चानियुज्यमानस्त्रिभिरर्थयतिं त्यजति भृत्यः॥ ८०॥

असमान गुण भएका व्यक्तिसँग तुलना गर्दै जुन राजाले गुणसम्पन्न सेवकलाई उनित सम्मान गर्दैनन्, या समान गुणयुक्त भए पनि त्यसको उचित सत्कार गर्दैनन् अथवा योग्य भए पनि उचित स्थान दिँदैनन् भने त्यस्ता स्वामीलाई भृत्यहरूले छोडिदिन्छन्। योग्य व्यक्तिलाई अयोग्य व्यक्तिसँग तुलना गर्नाले या समान योग्य भए पनि हेय दृष्टिले हेरिदिनाले अथवा योग्यता हुँदाहुँदै पनि उचित पद नमिल्नाले भृत्यले स्वामीको परित्याग गर्दछन्।

यच्चाविवेकितया राजा भृत्यानुत्तमपदयोग्यान् हीनाधमस्थाने नियोजयति न ते तत्रैव तिष्ठन्ति, स भूपतेर्दोषो न तेषाम्। उक्तञ्च–

जुन राजाले आफ्नो अविवेकका कारण उत्तम पदको योग्य सेवकलाई हीन एवं नीच पदमा नियुक्त गर्दछ उसका सेवकले राजाको अविवेकीपनासँग रिसाएर त्यो पद त्याग गर्दछन्। त्यस्तो पद त्यागनुमा उनीहरू दोषी हुँदैनन्। त्यस्तोमा उचित स्थान दिन नसक्नु राजाको नै दोष हुन्छ। भनिएको पनि छ–

कनकभूषणसङ्ग्रहणोचितो यदि मणिस्त्रपुणि प्रतिबध्यते
न स विरौति न चापि स शोभते भवति योजयितुर्वचनीयता॥ ८१॥

सुनमा जड्नयोग्य मणिलाई यदि लाहामा जड्न लागियो भने मणिले कुनै आपत्ति गर्दैन, किन्तु त्यसको शोभा समाप्त हुन्छ र दर्शकले पनि मणिको निन्दा नगरेर त्यस्तो मुर्ख्याइँपूर्ण तरिकाले काम गर्ने जौहरीको नै निन्दा गर्छन्।

यच्च स्वाम्येवं वदति– "चिराद‌दृश्यसे" इति, तदपि श्रूयताम्–

हजुरले धेरै दिनपछि आयौ त भन्नुभयो त्यसको पनि उत्तर दिँदै छु, सुन्नुहोस्–

सव्यदक्षिणयोर्यत्र विशेषो नास्ति हस्तयोः।
कस्तत्र क्षणमप्यार्यो विद्यमानगतिर्वसेत्॥ ८२॥

जुन ठाउँमा दाहिने र बायाँ हातका बिचमा कुनै किसिमको भेद बुझेको पाइँदैन, त्यस्ता ठाउँमा गतिशील व्यक्ति निवास गर्न सक्दैन। जसरी कुनै राजाका राज्यमा योग्य र अयोग्य सेवकहरूको कुनै पहिचान हुँदैन, त्यस्ता राजाका आश्रयमा अन्यत्रको गतिसम्पन्न मानिस को बस्न चाहन्छ होला र ?

काचे मणिर्मणौ काचो येषां बुद्धिर्विकल्पते।
न तेषां संनिधौ भृत्यो नाममात्रोऽपि तिष्ठति॥ ८३॥

जुन राजाले काँचलाई मणि र मणिलाई काँच ठानेको हुन्छ, त्यस्ता राजाका आश्रयमा योग्य सेवकहरू नाममात्रले पनि वा अलिकति समयसम्म पनि अडिएर बस्न सक्दैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परीक्षका यत्र न सन्ति देशे, नार्घान्त रत्नानि समुद्रजानि।
आभीरदेशे किल चन्द्रकान्तं, त्रिभिर्वराटर्विपणन्ति गोपाः ॥ ८४ ॥

जुन देशमा मणिहरूको परीक्षण गर्ने काम हुँदैन, त्यहाँ समुद्रबाट निस्केको उत्तम किसिमका मणिहरूको पनि उचित मूल्याङ्कन हुन सक्दैन। सुनिएको छ कि आभीर देशमा अहिर आदि नामका ग्वाला जातिहरूले चन्द्रकान्त मणिलाई पनि तीनतीन कौडीमा बेच्दछन् रे।

लोहिताख्यस्य च मणेः पद्मरागस्य चान्तरम्।
यत्र नास्ति, कथं तत्र क्रियते रत्नविक्रयः ? ॥ ८५ ॥

जुन देशमा लोहितमणि र पद्मरागमणिका बिचमा मानिसहरूले कुनै किसिमको अन्तर देख्दैनन्, त्यस्ता ठाउँमा रत्नहरूको व्यापार कसरी गर्न सकिन्छ र ?

निर्विशेषं यदा स्वामी समं भृत्येषु वर्तते।
तत्रोद्यमसमर्थानामुत्साहः परिहीयते ॥ ८६ ॥

स्वामीले जब योग्य र अयोग्य सेवकहरूका बिचमा कुनै किसिमको भेद नराखीकन सबैसँग उस्तै व्यवहार गर्न लागे भने कर्तव्यपरायण एवं उद्यमी व्यक्तिहरूको उत्साह समाप्त हुन्छ र उद्यमीले उचित पुरस्कार नपाउनाले उसको काम गर्ने उत्साह पनि हराउँछ।

न विना पार्थिवो भृत्यैर्न भृत्याः पार्थिवं विना।
तेषां च व्यवहारोऽयं परस्परनिबन्धनम् ॥ ८७ ॥

राजाविना सेवक र सेवकविना राजाको कार्य चल्न कठिन हुन्छ। अतः यी दुवैका बिचको यो लौकिक व्यवहार राजा र सेवक दुवैको सापेक्षतामा हुनुपर्छ।

भृत्यैर्विना स्वयं राजा लोकानुग्रहकारिभिः।
मयूखैरिव दीप्तांशुस्तेजस्व्यपि न शोभते ॥ ८८ ॥

तेजस्वी भए पनि लोकोपकारी किरणहरूका अभावमा सूर्य सुशोभित हुन सक्दैनन् उसै गरी प्रतापी भए पनि लोकानुग्राही गुणहरूले सम्पन्न सेवकहरूका अभावमा राजा पनि सुशोभित हुन सक्दैनन्।

अरैः सन्धार्यते नाभिर्नाभौ चाराः प्रतिष्ठताः।
स्वामिसेवकयोरेवं वृत्तिचक्रं प्रवर्तते ॥ ८९ ॥

जसरी पाङ्गाका बिचमा रहनाले धुरा अडिएको हुन्छ र धुरो बिचमा अडिएकाले रथको पाङ्गो वरिपरि घुम्छ, उसै गरी राजाका बलले सेवकहरूको जीविका चल्छ र सेवकका माध्यमबाट राजाको र राष्ट्रको सेवाआदिका कामहरू चल्दछन्। यसै गरी यी दुवैको व्यवहारचक्र निरन्तर रूपमा चलेको हुन्छ।

शिरसा विधृता नित्यं स्नेहेन परिपालिताः।
केशा अपि विरज्यन्ते निःस्नेहाः, किं न सेवकाः ? ॥ ९० ॥

जसरी दैनिक तेल आदिले सह्यारसुसार गर्दै निरन्तर टाउकामाथि धारण गरिएको भए पनि एकदिनका मात्रै हेल्चेक्र्याइँले कपाल फुस्रो र नसुहाउँदो बन्न पुग्छ भने सेवक किन त्यस्तो नहोस् ? अर्थात् सधैँ स्नेहपूर्वक राखिएको सेवकमाथि अचानक स्नेहको अभाव भयो भने ऊ राजासँग पक्कै रिसाउँछ र विमुख हुन पुग्छ भने त्यसमा के आश्चर्य छ र ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा तुष्ये हि भृत्यानामर्थमात्रं प्रयच्छति।
ते तु संमानमात्रेण प्राणैरप्युपकुर्वते॥ ९१॥

आफ्ना सेवकमाथि राजा ज्यादै प्रसन्न भए भने पनि उसलाई धनमात्रै दिन्छन् तर सम्मानद्वारा सन्तुष्ट गरिएका सेवकले आफ्नो प्राणलाई त्यागेर भए पनि राजाको हितका कामहरू गर्दछ।

एवं ज्ञात्वा नरेन्द्रेण भृत्याः कार्या विचक्षणः।
कुलीनाः शौर्यसंयुक्ताः शक्ता भक्ताः क्रमागताः॥ ९२॥

राजाले यस्ता कुराहरूलाई ख्याल गरेर कार्यकुशल, कुलीन, पराक्रमी, सशक्त, अनुरक्त तथा क्रमागत सेवकहरूलाई नै सेवामा प्रश्रय दिनुपर्छ।

यः कृत्वा सुकृतं राज्ञो दुष्करं हितमुत्तमम्।
लज्जया वक्ति नो किञ्चित्तेन राजा सहायवान्॥ ९३॥

वास्तवमा राजाले तिनै सेवकहरूबाट सहायता पाउँछन् जसले राजाका कठिनभन्दा कठिन कामहरू गरिसक्दा पनि गोप्य नै राखिरहेका हुन्छन् र लज्जाको अनुभव गर्दै त्यस कार्यको बखान राजाका सम्मुख वा अरू कुनै ठाउँमा पनि गएर गर्दैनन्।

यस्मिन्कृत्यं समावेश्य निर्विशङ्केन चेतसा।
आस्यते सेवकः स स्यात, कलत्रमिव चापरम्॥ ९४॥

जुन व्यक्तिमाथि राजाले निःसङ्कोच रूपमा कार्यको भार समर्पित गरेपछि पनि निश्चिन्त रहन सक्छन् त्यही व्यक्ति भार्याको समान हितकारी र राजाको साँचो सेवक हो।

योऽनाहूतः समभ्येति द्वारि तिष्ठति सर्वदा।
पृष्टः सत्यं मितं ब्रूते, स भृत्योऽर्हो महीभुजाम्॥ ९५॥

राजाले नबोलाईकन ढोकामा पुगेर केही सोधिसकेपछि सत्य र स्वल्प शब्दमा उत्तर दिन सक्ने मानिस नै राजाको योग्य सेवक हुन्छ।

अनादिष्टोऽपि भूपस्य दृष्ट्वा हानिकरं च यः।
यतते तस्य नाशाय, स भृत्योऽर्हो महीभुजाम्॥ ९६॥

राजसेवाको योग्य व्यक्ति उही हुन्छ जो राजाको आज्ञाविना नै पनि राजाका लागि हानिकारक कुराहरू देखेपछि त्यसलाई रोक्ने प्रयासमा लाग्छ।

ताडितोऽपि दुरुक्तोऽपि दण्डितोऽपि महीभुजा।
यो न चिन्तयते पापं, स भृत्योऽर्हो महीभुजाम्॥ ९७॥

कुटाइ खाँदा, हप्कीदप्की पाउँदा, कुवाच्यबाट तिरस्कृत हुनुपर्दा र दण्डित हुँदासमेत राजाको प्रतिकूल जुन व्यक्तिले कुनै कुरो सोच्दैन र गर्दैन राजाको सच्चा सेवक उही हुन्छ।

न गर्वं कुरुते माने नापमाने च तप्यते।
स्वाकारं रक्षयेद्यस्तु, स भृत्योऽर्हो महीभुजाम्॥ ९८॥

राजाबाट सम्मानित हुँदा गर्वले नफुल्ने र अपमानित हुँदा दुःखको अनुभव नगरीकन आफ्नो मनोगत भावलाई सधैँ गुप्त राख्न सफल व्यक्ति नै राजसेवाका लागि उपयुक्त हुन्छ।

न क्षुधा पीड्यते यस्तु निद्रया न कदाचन।
न च शीतातपद्यैश्च, स भृत्योऽर्हो महीभुजाम्॥ ९९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोक, तिर्खा, थकाइ, निद्रा, जाडो, गर्मीआदि जस्ता कुराको चिन्ता नगरीकन राजाका आज्ञाको पालन गर्ने व्यक्ति नै राजसेवाको योग्य हुन्छ।

श्रुत्वा साङ्ग्रामिकीं वार्ता भविष्यां स्वामिनं प्रति।
प्रसन्नास्यो भवेथस्तु, स भृत्योऽर्हो महीभुजाम्॥ १००॥

राजाले निकट भविष्यमै गर्न लागेका युद्धको विषयलाई जानेपछि जुन व्यक्ति प्रसन्न भएको देखिन्छ राजाको सेवायोग्य उही हुन्छ।

सीमावृद्धिं समायाति शुक्लपक्ष इवोडुराट्।
नियोगसंस्थिते यस्मिन्स भृत्योऽर्हो महीभुजाम्॥ १०१॥

जुन व्यक्तिलाई अधिकार दिंदा राज्यको सीमा शुक्लपक्षको चन्द्रजस्तै दिनदिनै बढ्दछ त्यो व्यक्ति नै राजाको सेवक बन्नयोग्य हुन्छ।

सीमा सङ्कोचमायातिं वह्नौ चर्म इवाहितम्।
स्थिते तस्मिन्स तु त्याज्यो भृत्यो राज्यं समीहता॥ १०२॥

जुन व्यक्तिलाई अधिकार दिएपछि राज्यको सीमा आगामा हालेको छाला खुम्चिएझैं दिनदिनै खुम्चिनतिर लाग्दछ, राज्यको उन्नतिको कामना गर्ने राजाले त्यस्ता व्यक्तिलाई सेवाबाट बहिष्कार गर्नुपर्छ।

तथा, "शृगालोऽयम्" इति मन्यमानेन ममोपरि स्वामिना यद्यवज्ञा क्रियते, तदप्ययुक्तम्। उक्तञ्च, यतः—

त्यसै गरी— यदि राजाले आफूलाई यो त स्याल हो भन्ने जस्तो भावनाले हेपेको छ भने त्यो निराधार हो। किनभने भनिएको छ—

कौशेयं कृमिजं सुवर्णमुपलाद् दूर्वाऽपि गोरोमतः,
पङ्कात्तामरसं शशाङ्क उदधेरिन्दीवरं गोमयात्।
काष्ठादग्निरहेः पणादपि मणिर्गोपित्ततो रोचना,
प्राकाश्यं स्वगुणोदयेन गुणिनो गच्छन्ति, किं जन्मना ?॥ १०३॥

किराबाट रेसम, ढुङ्गाबाट सुन, गाईका रौंबाट दुबो, हिलोबाट कमल, समुद्रबाट चन्द्रमा, गोबरबाट नीलकमल, काठबाट अग्नि, सर्पका फणाबाट मणि र गाईका पित्तबाट गोरोचनको उत्पत्ति हुन्छ। त्यसैले गुणी व्यक्तिहरू आफ्ना गुणको विकासबाट नै प्रसिद्ध हुन पुग्दछन्, जन्मबाट होइन। हीन कुलमा जन्मिएको व्यक्ति पनि आफ्ना गुणहरूले महान् स्थान प्राप्त गर्नलायक बन्न सक्छन्।

मूषिका गृहजाताऽपि हन्तव्या स्वापकारिणी।
भक्ष्यप्रदानैर्मार्जारो हितकृत्प्रार्थ्यतेऽन्यतः॥ १०४॥

आफ्नो कुभलो गर्ने भएकाले आफ्नै घरमा जन्मिएको भए पनि मुसो मार्नेलायक नै हुन्छ र यसको विपरीत आफूलाई भलो गर्ने भएकाले अन्यत्र जन्मिएको भए पनि बिरालो दुधभात खुवाएर पाल्नलायक हुन्छ।

एरण्डभिण्डार्कनडैः प्रभूतेरपि सञ्चितैः।
दारुकृत्यं यथा नास्ति तथैवाज्ञैः प्रयोजनम्॥ १०५॥

जतिसुकै धेरै जम्मा गरे पनि एन्डी, भिन्डी, आँक, नर्कटआदि जस्ता बोटहरूले बलिया खम्बाआदि बनाउने काठको काम गर्न सक्दैनन्। त्यसै गरी मूर्खहरूको जतिसुकै ठूलो समूह जम्मा गरे पनि तिनीहरूबाट राजाको कुनै किसिमको उपकार हुन सक्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किं भक्तेनाऽसमर्थेन किं शक्तेनापकारिणा।
भक्तं शक्तञ्च मां राजन्! नावज्ञातुं त्वमर्हसि॥ १०६॥

भक्तिमान् भए पनि निर्बल व्यक्तिबाट राजाको कुनै किसिमको हित हुन सक्दैन। शक्तिशाली भए पनि राजाको अहित चिताउँछ भने त्यसबाट पनि उपकार हुन सक्दैन। अतः हे महाराज! म तपाईंको भक्त पनि हुँ र शक्तिमान् पनि छु। अतः तपाईंले मेरो अवज्ञा गर्नुहुँदैन।

पिङ्गलक आह— "भवत्वेवं तावत्। असमर्थः समर्थो वा, चिरन्तनस्त्वमस्माकं मन्त्रिपुत्रः, तद्विश्रब्धं ब्रूहि— यत्किञ्चिद्वक्तुकामः।"

यस्ता कुरा सुनेपछि पिङ्गलकले भने— "तिमीले जे भन्दै छौ त्यो सत्य पनि हुन सक्छ, तर यस प्रसङ्गलाई यहीं छोड। तिमी समर्थ छौ वा असमर्थ भन्ने कुराको मलाई कुनै प्रयोजन छैन। तिमी मेरो एउटा पुराना मन्त्रीका छोरा हौ, त्यसैले केही भन्न चाहन्छौ भने निर्धक्क भएर भन्न सक्छौ।

दमनक आह— "देव! विज्ञाप्यं किञ्चिदस्ति।"

दमनकले— 'महाराज, मैले केही आवश्यक निवेदन गर्ने विचार गरेको छु' भन्यो।

पिङ्गलक आह— "तन्निवेदयाभिप्रेतम्।" सोऽब्रवीत्—

पिङ्गलकले— "ठिक छ, तिमी आफ्नो विचार प्रकट गर्न सक्छौ" भने। अनि दमनकले भन्न थाल्यो—

"अपि स्वल्पतरं कार्यं यद्भवेत् पृथिवीपतेः।
तन्न वाच्यं सभामध्ये प्रोवाचेदं बृहस्पतिः॥ १०७॥

"बृहस्पतिको यस्तो भनाइ छ कि राजासँग सानोभन्दा सानो कुरो गर्नुपर्दा पनि जनसमुदायमा होइन एकान्तमा भन्नुपर्छ"।

दमनक आह— तदेकान्तिके मद्विज्ञाप्यमवधारयनतु देवपादाः। यतः—

दमनकले— 'महाराज, मेरा कुरालाई एकान्तमा सुनिदिनुभए अधिक राम्रो हुने थियो' भनेर बिन्ती गऱ्यो। किनभने—

षट्कर्णो भिद्यते मन्त्रश्चतुष्कर्णः स्थिरो भवेत्।
तस्मात्सर्वप्रयतनेन षट्कर्णं वर्जयेत् सुधीः॥ १०८॥

तीनजना व्यक्तिका छवटा कानबाट सुनिएको गोप्य कुरो खुस्कन्छ तर चारवटा कानसम्म रहे त्यो स्थिर रहन्छ। त्यसैले चतुर व्यक्तिले कुनै पनि हालतमा छवटा कानमा गोप्य कुरो गर्नुहुँदैन। अर्थात् दुई व्यक्तिभन्दा बढी भएका ठाउँमा गोप्य कुरो गर्नुहुँदैन।

अथ पिङ्गलकाभिप्रायज्ञा व्याघ्रद्वीपिवृकपुरःसराः सर्वेऽपि तद्वचः समाकर्ण्य संसदि तत्क्षणादेव दूरीभूताः कृताश्च।

दमनकको यस्तो कुरो सुनेपछि पिङ्गलकको अभिप्रायलाई बुझ्ने बाघ, भालु, चितुवा, ब्वाँसाआदि मुख्य पशुहरू त्यहाँबाट आफैं लाखापाखा लागे र बाँकी रहेकाहरूलाई द्वारपालले हटाइदिए।

ततश्च दमनक आह— "उदकग्रहणार्थं प्रवृत्तस्य स्वामिनः किमिह निवृत्यावस्थानम्"

त्यसपछि दमनकले बिस्तारै भन्यो— पानी खानका लागि यहाँ आउनुभएको महाराजले पानी नै नखाई किन फर्किएर यहाँ आइबस्नुभएको ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिङ्गलकः सविलषस्मितमाह– "न किञ्चिदपि।"

दमनकको यस्तो प्रश्न सुनेर आफ्ना मनको व्यथालाई लुकाउने कोसिस गर्दै पिङ्गलकले रुखो हाँसो हाँस्तै भन्यो– किन पनि होइन, त्यसै यहाँ बसेको नि।

सोऽब्रवीत्– देव ! यद्यनाख्येयं तत्तिष्ठतु। उक्तञ्च–

दमनकले फेरि भन्यो– महाराज ! कुनै त्यस्तो खास गोप्य कुरो छ भने रहन दिनुहोस्। भनिएको पनि छ–

दारेषु किञ्चित्स्वजनेषु किञ्चिद् गोप्यं वयस्येषु सुतेषु किञ्चिद्।
युक्तं न वा युक्तमिदं विचिन्त्य वदेद्विपश्चिन्महतोऽनुरोधात्॥ १०९॥

कतिपय यस्ता कुराहरू हुन्छन् जुन आफ्ना स्त्रीहरूसँग लुकाउनुपर्छ। कतिपय यस्ता हुन्छन् जुन आफ्ना प्रियजनहरूसँग लुकाउनुपर्छ, कतिपयचाहिँ आफ्न समवयस्कसँग लुकाउनुपर्छ र कतिपय आफ्ना छोराहरूसँग लुकाउनुपर्छ। अतः विद्वान् व्यक्तिले ठूला मानिसले आग्रह गर्दा पनि योग्य र अयोग्य विचार गरिसकेपछि मात्रै आफ्ना मनको कुरो व्यक्त गर्नुपर्छ।

तच्छ्रुत्वा पिङ्गलकश्चिन्तयामास– "योग्योऽयं दृश्यते, तत्कथयास्येतस्याग्रे आत्मनोऽभिप्रायम्। उक्तञ्च–

दमनकको यति कुरो सुनिसकेपछि पिङ्गलकले आफ्ना मनभित्र– यो व्यक्ति योग्य छ कि जस्तो लाग्छ। यसका अगाडि आफ्नो अभिप्राय प्रकट गर्न सकिन्छ। म आफ्नो विचार यसलाई सुनाउँछु। किनभने भनिएको पनि छ कि–

सुहृदि निरन्तरचित्ते गुणर्वत भृत्येऽनुवर्तिनि कलत्रे।
स्वामिनि सौहृदयुक्ते निवेद्य दुःखं, सुखी भवति॥ ११०॥

आफूप्रति ज्यादै बलियो अनुराग लिएको स्थिरचित्त मित्र, गुणयुक्त सेवक, अनुकूल आचरण गर्ने स्त्री एवं स्नेहयुक्त स्वामीसँग मनको दुःख व्यक्त गर्नाले मानिसका दुःखको भारी केही हल्का हुन्छ र उसलाई शान्ति पनि मिल्छ' भन्ने किसिमको ....

भो दमनक ! शृणोषि शब्दं दूरान्महान्तम ?"

विचार गरेर उनले दमनकसँग– दमनक, टाढाबाट आइरहेको यस भयङ्कर आवाजलाई सुन्दै छौ ?' भनी सोध्यो

सोऽब्रवीत्– "स्वामिन् ! शृणोमि, ततः किम्र ?"

दमनकले– सुन्दै छु महाराज ! यसले के भयो र ?' भन्यो

पिङ्गलक आह– "भद्र ! अहमस्माद्वनाद् गन्तुमिच्छामि।"

पिङ्गलकले– 'भद्र ! मैले यस वनलाई छोडेर कुनै अन्यत्र वनमा गई बस्ने विचार गरेको छु' भन्न थाल्यो।

दमनक आह– "कस्मात् !"

दमनकले– 'किन र ?' भनी सोध्यो।

पिङ्गलक आह– "यतोऽद्यास्मद्वने किमप्यपूर्व सत्त्वं प्रविष्टं यस्याथं महाञ्छब्दः श्रूयते। तस्य च शब्दस्यानुरुपेण सत्त्वेन भाव्यं, सत्वाऽनुरूपेण च पराक्रमेण भाव्यम्" इति।

पिङ्गलकले उत्तर दिँदै– 'आज यस वनमा कुनै अद्भुत जीव आउँदै छ, त्यसैले यस्तो भयङ्कर शब्द सुनिँदै छ जस्तो मलाई लाग्यो। यस शब्दका अनुसार त्यो जीव पनि निकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भयङ्कर होला र त्यसले गरेको शब्दअनुसार त्यो अद्भुत बलशाली पनि होला जस्तो छ' भन्यो।

दमनक आह– यच्छब्दमात्रादपि भयमुपगतः स्वामी, तदप्ययुक्तम्। उक्तश्च–

पिङ्गलकको डरछेरुवा कुरो सुनेर दमनकले– 'शब्दकै कारणले मात्रै तपाईंले डराउनु उचित हुँदैन' भन्यो। किनभने

अम्भसा भिद्यते सेतुस्तथा मन्त्रोऽप्यरक्षितः।
पैशुन्याद्भिद्यते स्नेहो भिद्यते वाग्भिरातुरः॥ १११॥

पानीका तेज प्रवाहले पुल भाँचिन्छ, संरक्षण नगरिनाले गुप्त मन्त्र र विचारविमर्शहरू नष्ट हुन्छन्, दुर्व्यवहारले हितैषी मित्रको प्रेम टुट्छ त्यसै गरी आत्तिएर होस गुमाउनाले बुद्धिमान् मानिसले समेत आफ्नो अस्तित्त्व गुमाउँछ।

तन्न युक्तं स्वामिनः पूर्वपुरुषोपार्जितं कुलक्रमादागतं वनमेकपदे एव त्यक्तुम्। यतो भेरीवेणुवीणामृदङ्गतालपटहशङ्खकाहलादिभेदेन शब्दा अनेकविधा भवन्ति, तत्र केवला-च्छब्दमात्रादपि भेतव्यम्। उक्तञ्च–

त्यसैले आफ्ना पुर्खाका बलले आर्जन गरेको र वंशका परम्परादेखि पाइएको यस वनलाई अचानक केवल शब्द सुनेकै भरमा छोडेर हिंड्नु तपाईंका लागि उचित हुँदैन। झ्याली, झ्याम्टा, ट्याम्को, नरसिंहा, सनै, मृदङ्ग, करताल, शङ्ख र दमाहाआदि वाद्ययन्त्रहरूवाट पनि अनेक किसिमका ध्वनि निस्कने गर्दछन्। अतः केवल शब्दकै भरमा डराइरहनुहुँदैन। भनिएको पनि छ–

अत्युत्कुटे च रौद्रे च शत्रौ प्राप्ते न हीयते।
धैर्यं यस्य महीनाथो न स याति पराभवम्॥ ११२॥

अत्यन्त बलवान् र भयप्रद शत्रुले आक्रमण गर्दा पनि जसको धैर्य क्षीण हुँदैन, त्यस्ता धीर राजाले कहिल्यै पराजित हुनुपर्दैन।

दर्शितभयेऽपि धातरि धैर्यध्वंसो भवेन्न धीराणाम्।
शोर्षितसरसि निदाघे नितरामेवोद्धतः सिन्धुः॥ ११३॥ तथा च–

धीर पुरुषको धैर्य विधाताबाट डर देखाइएका अवस्थामा पनि टुट्दैन, बरु झन् बढ्छ। ग्रीष्मकालमा अरू साधारण नदीनालाको पानी सुकेर गए पनि समुद्रको पानी सुक्दैन। त्यसैले समुद्रले आफ्ना उद्धत तरङ्गका छाललाई उत्तिकै उल्लासका साथ उछालेर धीरताको परिचय दिइरहेका हुन्छन्। त्यसै गरी–

यस्य न विपदि विषदः सम्पदि हर्षो रणे न भीरुत्वम्।
तं भुवनत्रयतिलकं जनयति जननी सुतं विरलम्॥ ११४॥ तथा च–

जसलाई आपद्कालमा अत्यास लाग्दैन, समृद्धिकालमा हर्ष हुँदैन र युद्धमा डर हुँदैन त्यस्ता पुरुष त्रैलोक्यतिलकहरू कुनै एक आमाका गर्भबाट बहुत मुस्किलले एकाध पटकमात्रै जन्मने गर्दछन्। अझै अरू पनि–

शक्तिवैकल्यनम्रस्य निःसारत्वाँल्लधीयसः।
जन्मिनो मानहीनस्य तृणस्य च समा गतिः॥ ११५॥ अपि च–

शक्तिको अभावका कारण झुक्ने, बल नभएका कारण हीनताको अनुभव गर्ने खालका र सम्मानविनाको जीवन बाँचेका व्यक्तिको गति साधारण घाँसको जस्तै हुन्छ। घाँसको सिन्को र त्यस्ता व्यक्ति उस्तै हुन्। त्यस्तै–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्यप्रतापमासाद्य यो दृढत्वं न गच्छति।

जतुजाभरणस्येव रुपेणापि हि तस्य किम् ?॥ ११६ ॥ उक्तञ्च–

शत्रुको प्रभाव र प्रतापलाई देखेर जो धैर्यपूर्वक अडिन सक्दैन त्यस्तो व्यक्ति जतिसुकै राम्रो रूपको भए पनि लाहाको गहनाजस्तो मात्रै हुन्छ। त्यस व्यक्तिले जन्म लिए‌र कुनै पुरुषार्थको काम गर्नेवाला छैन। अतः त्यसको रूप राम्रो भएर पो के भलो भयो र ? यी कुराहरूलाई विचार गरेर महाराजले धैर्यपूर्वक स्थिर रहनुपर्छ। केवल शब्दले नै डराउनु तपाईंजस्ता व्यक्तिका लागि शोभा दिने कुरो होइन। भनिएको पनि छ–

पूर्वमेव मया ज्ञात पूर्णमेतद्धि मेदसा।

अनुप्रविश्य विज्ञातं यावच्चर्म च दारु च॥ ११७ ॥

मैले यस कुरालाई देख्ता पहिले रक्त र मांसले परिपूर्ण बनेको होला भन्ने ठानेको थिएँ तर भित्र पसेर हेरेपछि पो यसमा चर्म र इन्धनबाहेक अरू केही पनि रहेनछ भन्ने देखियो' भन्ने कुरो सुनायो।

पिङ्गलक आह– "कथमेतत् ?" सोऽब्रवीत्–

पिङ्गलकले– 'यो कुरो के हो त ?' भनी सोध्यो। दमनकले अघिल्लो कथा सुनाउँदै भन्न प्रारम्भ गर्‍यो।

शृगालदुन्दुभि कथा

कश्चिद्गोमायुर्नाम शृगालः क्षुत्क्षामकण्ठ इतस्तत आहारक्रियार्थं परिभ्रमन् वने सैन्य–द्वयसङ्ग्रामभूमिमपश्यत्। तस्यां च दुन्दुभेः पतितस्य वायुवशाद् बल्लीशाखाग्रैर्हन्यमानस्य शब्दमशृणेत्।

स्याल र मादल

कुनै समयमा गोमायु नामको एउटा स्याल भोकप्यासले दुःखी हुँदै भोजनका खोजीमा यताउता घुम्दै थियो। त्यसले वनका कुनै छेउमा दुई सेनाको युद्धभूमि देख्यो र त्यसै भूमिमा कतैबाट आउँदै गरेको नगाडाको ध्वनि सुन्यो। त्यो नगाडामा हावाले हल्लाएका रुखका ससाना हाँगाहरू ठोकिँदा रहेछन् र त्यसबाट लगातार आवाज आइरहेको पनि सुन्यो।

अथ क्षुभितहृदयश्चिन्तयामान– अहो, विनष्टोऽस्मि। तद्यावन्नास्य प्रोच्चारितशब्दस्य दृष्टिगोचरं गच्छामि तावदन्यतो ब्रजामि। अथवा नैतद्युज्यते सहसैव। उक्तञ्च–

त्यस आवाजलाई सुनेर डरले थर्कमान हुँदै त्यस्तो आवाज निकाल्ने प्राणी मेरा अगाडि आइनपुग्दै मैले यहाँबाट भाग्नुपर्छ नभए म मर्छु अथवा यसरी एकाएक भाग्नु पनि त राम्रो होइन। किनभने भनिएको पनि छ कि–

भये वा यदि वा हर्षे सम्प्राप्ते यो विमर्शयेत्।

कृत्यं न कुरुते वेगान्न स सन्तापमाप्नुयात्॥ ११८ ॥

डर या हर्षका अवस्थामा जसले विचार गर्छ र राम्ररी विचार नगरीकन जसले कुनै काम गर्दैन त्यसले दुःख पाउँदैन भन्ने सोच्न थाल्यो।

तत्तावज्जानामि कस्यायं शब्दः। इत्थं धैर्यमालम्ब्य विमर्शयन् यावन्मन्दं-मन्दं गच्छति तावद्दुन्दुभिमपश्यत्। स च तं परिज्ञाय समीपं गत्वा स्वयमेव कौतुकादताडयत्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूयश्च हर्षादचिन्तयत्– अहो! चिरादेतदस्माकं महद् भोजनमापतितम्। तन्नूनं प्रभूतमांसमेदोऽसृग्भिः परिपूरित भविष्यति।"

अतः अब म पहिले यो केको शब्द हो भन्ने कुरो बुझौं भन्ने विचार गर्दै बिस्तारैबिस्तारै त्यस दमाहाका नजिकै पुग्यो। अलिकति परैबाट राम्रोसँग हेरेर त्यो त दमाहा रहेछ भन्ने पत्तो लगायो। अनि त्यहाँ गएर उत्सुकतापूर्वक त्यसलाई आफूले पनि बजाएर हेऱ्यो। अनि खुसी भएर ओहो धेरै दिनपछि बल्ल आज मैले पेटभरि खान पुग्ने आहार भेटें, यो त पूरै मासु, हड्डी, रक्त र मज्जाले भरिएको होला भनी ऊ सोच्न थाल्यो।

ततः परुषचर्मावगुण्ठितं तत्कथमपि विदार्यैकदेशे छिद्रं कृत्वा संहृष्टमना मध्ये प्रविष्टः। परं चर्मविदारणतो दंष्ट्राभङ्गः समजनि।

त्यसपछि उसले त्यो कडा छालाले मोरिएको दमाहालाई कुनै सुरतले फुटाएर एकातिरवाट भित्र पस्न सक्ने प्वाल पाऱ्यो र खुसी हुँदै भित्र पस्यो। त्यो दमाहाको कडा छाला भत्काउँदा ज्यादै बल गर्नुपरेकाले त्यसका दाँतजति सबै भाँचिइसकेका थिए।

अथ निराशीभूतस्तद्दारुशेषमवलोकय श्लोकमेनमपठत्– "पूर्वमेव मया ज्ञातम्" इति।

त्यसभित्र पसिसकेपछि जब उसले काठमात्रै रहेको देख्यो अनि निराश भएर माथि लेखिएको "पूर्वमेव मया ज्ञातम्" भन्ने श्लोक पढ्यो।

"अतो न शब्दमात्राद् भेतव्यम्।" इति आह दमनक।

उक्त कथा सुनाइसकेपछि दमनकले– 'त्यसैले म भन्न चाहन्छु कि हे महाराज! अब कुनै शब्दले मात्रै डराउनु हुँदैन' भन्यो।

पिङ्गलक आह– "भो, पश्यायं मम सर्वोऽपि परिग्रहो भयव्याकुलितमनाः पलायितुमिच्छति, तत्कथमहं धैर्यावष्टम्भं करोमि ?"

दमनकका कुरा सुनेर पिङ्गलकले भने– हे भद्र ! तिमी नै भन त म अब के गरौं ? मेरा यी सबै अनुयायीवर्ग डरले थर्कमान हुँदै भाग्न खोजिरहेका छन्। म कसरी एक्लै यहाँ धैर्यपूर्वक रहनसक्छु र ?

सोऽब्रवीत्– "स्वामिन्! नैतेषामेष दोषः। यतः स्वामिसदृशा एव भवन्ति भृत्याः। उक्तञ्च–

उसले– 'महाराज! यो तपाईंका अनुयायीहरूको दोष होइन। स्वामीअनुसारकै सेवकहरू पनि हुन्छन्। भनिएको पनि छ–

अश्वः शस्त्रं शास्त्रं वीणा वाणी नरश्च नारी च।
पुरुषविशेष प्राप्ता भवन्त्ययोग्याश्च योग्याश्च॥ ११९॥

अश्व, शस्त्र, वीणा, वाणी, नर र नारी यी सबै पुरुषविशेषका आश्रयले नै योग्य वा अयोग्य हुन्छन्। यदि योग्य पुरुषका हातमा परेका छन् भने यी पनि योग्य हुन्छन् र अयोग्यका हातमा परेका छन् भने यी पनि अयोग्य नै हुन्छन्।

तत्पौरुषावष्टम्भं कृत्वा त्वं तावदत्रैव प्रतिपालय, यावदहमेतच्छब्दस्वरूपं ज्ञात्वाऽऽगच्छामि। ततः पश्चाद्यथोचितं कार्यमिति।"

तपाईं धैर्यपूर्वक मेरो प्रतीक्षा गर्नुहोस्। म गएर शब्दको वास्तविक कारण पत्तो लगाएर आउनेछु। म आएपछि मात्रै तपाईंले जसो गर्न उचित ठान्नुहुन्छ उसै गर्नुहोला' भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिङ्गलक आह– "किं तत्र भवान् गन्तुमुत्सहते ?"

यस्तो कुरो सुनेपछि पिङ्गलकले– 'तिमी त्यहाँ जान चाहन्छौ ?' भनी सोध्यो।

स आह– "किं स्वाम्यादेशात्सुभृत्यस्य कृत्यमकृत्यमस्ति किञ्चित् ?" उक्तञ्च–

दमनकले– 'महाराज ! सच्चा सेवकका लागि स्वामीको आज्ञा पाइसकेपछि पनि कुनै काम गर्नहुने र नहुने भइरहन्छन र ? कतै भनिएको पनि छ–

स्वाम्यादेशात्सुभृत्यस्य न भीः सञ्जायते क्वचित्।
प्रविशेन्मुखमाहेयं दुस्तरं वा महार्णवम्॥ १२०॥ तथा च–

स्वामीको आज्ञा पाइसकेपछि सच्चा सेवकका लागि भयको स्थान कतै पनि बाँकी रहेको हुँदैन। उसले सर्पका मुखमा वा अपार समुद्रमा पनि पस्न सक्नुपर्छ। त्यस्तै–

स्वाम्यादिष्टस्तु यो भृत्यः समं विषममेव च।
मन्यते न स संधार्यो भूभुजा भूतिमिच्छता॥ १२१॥

स्वामीको आदेश पाइसकेपछि पनि कुनै सेवकले कामको सरलता र कठिनाइमाथि विचार गर्न लाग्यो भने त्यो सेवा गर्नेलायक मानिस रहँदैन। ऐश्वर्य चाहने राजाले सेवकहरूको भिड जम्मा गरेर राख्नुहुँदैन' भन्यो।

पिङ्गलक आह– "भद्र ! यद्येवं तद्गच्छ। शिवास्ते पन्थानः सन्तु" इति।

उक्त वचन सुनेपछि पिङ्गलकले– 'भद्र यदि तिमी चाहन्छौ भने जाऊ। तिम्रो मार्ग मङ्गलमय होस्' भन्यो।

दमनकोऽपि तं प्रणम्य सञ्जीवकशब्दानुसारी प्रतस्थे।

दमनक पनि राजाको आज्ञा पाएर राजालाई प्रणाम गरिसकेपछि सञ्जीवकका शब्दको अनुसरण गर्दै त्यहाँबाट हिंड्यो।

अथ दमनके गते, भयव्याकुलमनाः पिङ्गलकश्चिन्तयामास
– "अहो न शोभानं कृतं मया यत्तस्य विश्वासं गत्वात्माभिप्रायो निवेदितः। कदाचिद् दमनकोऽयमुभयवेतनत्वान्ममोपरि दुष्टबुद्धिः स्याद्, भ्रष्टाधिकारत्वाद्वा। उक्तञ्च–

दमनक त्यहाँबाट गइसकेपछि डरले व्याकुल भएर पिङ्गलकले– 'मैले आज बहुत अनर्थ हुने काम गरैं किनभने मैले दमनकलाई विश्वास गरेर उसलाई मेरा मनको कुरो सुनाएँ। यदि दमनकले दुवैतर्फबाट वेतन लिएर कारणले मन्त्रीपदबाट हटाइएका कारणले रिसाएर मेरो विरुद्ध सोच्न थाल्यो भने के होला ? भनिन्छ कि–

ये भवन्ति महीपस्य संमानितविमानिताः।
यतन्ते तस्य नाशाय कुलीना अपि सर्वदा॥ १२२॥

जुन सेवक पहिले सम्मानित भएर पछि फेरि अपमानित भए भने भलै त्यस्ता व्यक्ति उच्च कुलमा उत्पन्न भएका होऊन् र विचारवान् नै भए पनि तिनीहरूले निरन्तर राजाको विनाशको प्रयत्न नै गरिरहेका हुन्छन्।

तत्तावदस्य चिकाषिंतं वेत्तुं स्थानान्तरं गत्वा प्रतिपालयामि, कदाचिद दमनकस्तमादाय मां व्यापादयितुमिच्छति। उक्तञ्च–

त्यसैले उसको आन्तरिक इच्छालाई जान्नका लागि यहाँबाट उठेर कुनै अर्का ठाउँमा बसेर उसको प्रतीक्षा गर्नुपर्छ। किनकि दमनकले मेरा शत्रुलाई आफ्ना पक्षमा लिएर मलाई मार्नका लागि यहाँ आउन लागेको पो हो कि भन्ने कुरो मैले बुझ्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न वध्यन्ते ह्यविश्वस्ता बलिभिर्दुर्बला अपि।
विश्वस्तास्त्वेव वध्यन्ते बलवन्तोऽपि दुर्बलैः ॥ १२३ ॥

शत्रु निकै बलियो भए पनि जोसुकैको विश्वास नगरीकन सावधान रहने व्यक्ति आफू कमजोर भए पनि सजिलै मारिंदैन। तर जोसुकैको विश्वास गर्नाले आफू बलियो भए पनि कमजोर शत्रुबाट समेत मार खानुपर्ने हुन सक्छ।

बृहस्पतेरपि प्राज्ञो न विश्वासं ब्रजेन्नरः।
य इच्छेदात्मनो वृद्धिमायुष्यं च सुखानि च ॥ १२४ ॥

जुन व्यक्तिले आफ्नो उन्नति, समृद्धि, सुख र आयुको इच्छा गर्दछ उसले शत्रुका रूपमा देखा पर्ने देवगुरु वृहस्पतिको समेत विश्वास गर्नुहुँदैन।

शपथैः सन्धितस्यापि न विश्वासं व्रजेद्रिपोः।
राज्यलाभोद्यतो वृत्रः शक्रेण शपथैर्हतः ॥ १२५ ॥

शपथग्रहणसहित सन्धि गरेका शत्रुमाथि पनि विश्वास गर्नुहुँदैन। किनभने राज्यको लोभमा परेको वृत्रासुरले शपथपूर्वक विश्वास प्राप्त गऱ्यो, त्यसपछि नै इन्द्रबाट मारिएको थियो।

न विश्वासं विना शत्रुर्देवानामपि सिध्यति।
विश्वासात्त्रिदशेन्द्रेण दितेर्गर्भो विदारित" ॥ १२६ ॥

यदि विश्वास नगर्दा हुन् त देवताले पनि आफ्ना शत्रुलाई परास्त गर्न सक्ने थिएनन्। दैत्यमाता दितिका गर्भलाई विश्वास गरेकै कारण इन्द्रले बज्रद्वारा काटेर छिन्नभिन्न पारिदिएका थिए।

एवं सम्प्रधार्य, स्थानान्तरं गत्वा दमनकमार्गमवलोकयन्नेकाकी तस्थौ।

यस्तो सोच्दै उनी कुनै अर्को ठाउँमा गएर एक्लै बसेर दमनक फर्किएर आउने बाटो हेर्न लागे।

दमनकोऽपि सञ्जीवकसकाशं गत्वा वृषभोऽयमिति परिज्ञाय हृष्टमना व्यचिन्तयत्– "अहो, शोभनमापतितम्। अनेनैतस्य सन्धिविग्रहद्वारेण मम पिङ्गलको वश्यो भविष्यति" इति। उक्तञ्च–

सञ्जीवकका नजिकै पुगेपछि दमनकले यो त एउटा साँढे पो रहेछ भन्ने कुरो बुझ्यो। अनि ऊ मनमनै ज्यादै प्रसन्न हुँदै– भगवान्‌का कृपाले यो त अझै राम्रो भयो। यस साँढेलाई सिंहसँग मित्रता गराएर फेरि शत्रुता गराउँछु र सन्धिविग्रहका यस नीतिले पिङ्गलकलाई आफ्ना वशमा पार्दछु' भन्ने सोच्यो। भनिएको पनि छ कि–

न कौलीन्यान्न सौहार्दान्नृपो वाक्ये प्रवर्तते।
मन्त्रिणां यावदभ्येति व्यसनं शोकमेव च ॥ १२७ ॥

जबसम्म कुनै आपत्ति या सङ्कटमा पर्दैनन् त्यस बेलासम्म कुलीनता वा मित्रताका कारणले मात्रै राजाले मन्त्रीहरूको कुरो मान्दैनन्। अर्थात् जब राजा कुनै आपद्‌मा पर्दछन् उस वेलामात्रै मन्त्रीहरूले बताएका मार्गमा चल्न विवश हुन्छन्।

सदैवापद्‌गतो राजा भोग्यो भवति मन्त्रिणाम्।
अतएव हि वाञ्छन्ति मन्त्रिणः सापदं नृपम् ॥ १२८ ॥

आपद्‌मा परेका राजा नै मन्त्रीहरूको स्वार्थसिद्धिका साधन वन्न पुग्दछन्। त्यसैले आफ्नो लाभका लागि मन्त्रीहरू सधैँ राजालाई आपद् आइलागोस् भन्ने कामना गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथा वाञ्छति नीरोगः कदाचिन्न चिकित्सकम्।
तथापद्रहितो राजा सचिवं नाभिवाञ्छति" ॥ १२९ ॥

कुनै निरोगी मानिसले वैद्यलाई वास्ता नगरेजस्तै आपद्मा नपरेका राजाले मन्त्रीहरूको खासै खोजी गर्दैनन्। बिरामी हुनासाथ मानिसले वैद्यलाई गुहार्न पुगेझैं आपद्ले ग्रस्त भएपछि राजाले पनि मन्त्रीसचिवलाई सम्मान गर्न विवश हुनुपर्दछ।

एवं विचिन्तयन्पिङ्गलकाभिमुखः प्रतस्थे। पिङ्गलकोऽपि तमायान्तं प्रेक्ष्य, स्वाकारं रक्षयन् यथापूर्वमवस्थितः। दमनकोऽपि पिङ्गलकसकाशं गत्वा प्रणम्योपविष्टः।

यसै प्रकारका कुराहरू सोच्दै त्यो स्याल पनि पिङ्गलक भएकातिर आउन लाग्यो। पिङ्गलकले उसलाई आफूतिर आउँदै गरेको देखेपछि मनको त्रासलाई लुकाउँदै पहिलेझैं मण्डलको व्युह बनाएर आफ्ना ठाउँमा गएर बस्यो।

पिङ्गलक आह– "किं दृष्टं भवता नत्सत्त्वम् ?"

दमनक आएर बसिसकेपछि पिङ्गलकले– 'के तिमीले त्यस जीवलाई देख्यौ ?' भनेर सोध्यो।

"दमनक आह– "दृष्टं स्वामिप्रसादात्" ।

दमनकले पनि– 'हजुरका कृपाले गर्दा मैले त्यसलाई देखें' भन्ने जवाफ दियो।

पिङ्गलक आह– 'अपि सत्यम् ?"

पिङ्गलकले फेरि– 'के तिमीले त्यसलाई साँच्चै देख्यौ ?' भनी सोध्यो

"दमनक आह– "किं स्वामिपादानामग्रेऽसत्यं विज्ञाप्यते ? उक्तञ्च–

दमनकले– 'के महाराजसमक्ष पनि भुटो बोल्न सकिएला र ? भनिन्छ कि–

अपि स्वल्पमसत्यं यः पुरो वदति भूभुजाम्।
देवानाञ्च, विनश्येत स द्रुतं सुमहानपि ॥ १३० ॥ तथा च–

जुन व्यक्तिले राजा र देवताहरूका समक्षमा अलिकतिमात्रै पनि भुटो बोल्दछन्, तिनीहरू जतिसुकै महान् भए पनि तुरुन्तै नाश हुन्छन्। अरू पनि,

सर्वदेवमयो राजा मनुजा संप्रकीर्तितः।
तस्मात्तं देववत्पश्येन्न व्यलीकेन न कर्हिचित् ॥ १३१ ॥

राजा सर्वदेवमय हुन्छन्। राजाका शरीरमा सबै देवताहरूको निवास हुन्छ। अतएव राजालाई पनि देवतासमान ठान्नुपर्छ। कहिल्यै पनि राजालाई विपरीत सोच बनाएर हेर्नुहुँदैन भन्ने कुरो मनुले पनि भनेका छन्।

सर्वदेवमयस्यापि विशेषो नृपतेरयम्।
शुभाशुभफलें' सद्यो नृपाद् देवाद्भवान्तर" ॥ १३२ ॥

राजा सर्वदेवमय हुनुका साथै उनीसँग अर्को एउटा विशेषता यो पनि हुन्छ कि राजाका विपरीत या अनुकूल आचरण गर्नाले अशुभ या शुभ फल यसै जन्ममा तत्काल मिल्छ तर देवताहरूप्रति प्रदर्शित आचरणको फल अर्को जन्ममा मात्रै प्राप्त हुन्छ' भन्यो।

पिङ्गलक आह– "सत्यं दृष्टं भविष्यति भवता। न दीनोपरि महान्तः कुप्यन्ति; अतो न त्वं तेन निपातितः। यतः–

दमनकको कुरो सुनिसकेपछि पिङ्गलकले– ठिक छ। तिमीले त्यसलाई पक्कै देख्यौ होला। किनभने कमजोरसँग समर्थले क्रोध गर्नुहुँदैन। त्यसो भएकैले उसले तिमीलाई मार्ने प्रयास गरेन। किनभने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृणानि नोन्मूलयति प्रभञ्जनो, मृदूनि नीचैः प्रमणतानि सर्वतः ।
स्वभाव एवोन्नतचेतसामयं, महान्महत्स्वेव करोति विक्रमम् ॥ १३३ ॥ अपि च—

विशाल वृक्षलाई पनि उखेलेर फ्याँक्न सक्ने प्रभञ्जन नामको वायुले कुनै पनि हालतमा नरम भएर झुक्ने खालका सानातिना घाँसलाई उखेल्दैन। शक्तिसम्पन्नहरूको प्रायः यस्तै स्वभाव हुन्छ कि उनीहरू कमजोरमाथि आफ्नो पराक्रम देखाउँदैनन्। शक्तिमान् पुरुषले बलवान्सँग नै आफ्नो पराक्रम प्रकट गर्दछन्। अरू पनि—

गण्डस्थलेषु मदवारिषु बद्धराग मत्तभ्रमद्भ्रमरपादतलाहतोऽपि।
कोपं न गच्छति नितान्तबलोऽपि नागः तुल्ये बले तु बलवान् परिकोपमेति ॥ १३४ ॥

अत्यन्त शक्तिसम्पन्न गजलाई हेरौँ, आफ्ना कन्सिरीबाट मदजल बगेको देखेर त्यसमा अनुरक्त हुँदै आएका भवँराहरूले उड्दै आएर उसलाई कुल्चिँदा पनि रिसाएर मत्त हुँदै उनीहरूमाथि क्रुद्ध हुँदैन। किनभने शक्तिमान व्यक्ति आफूसमान शक्तिसम्पन्न व्यक्तिमाथि नै आफ्नो क्रोध प्रकट गर्दछ' भन्यो।

दमनक आह— "अस्त्वेवं स महात्मा, वयं कृपणः, तथापि स्वामी यदि कथयति ततो भृत्यत्वेन योजयामि।"

दमनकले— महाराज त्यो सबै कुरो ठिकै छ। ऊ शक्तिमान् छ र म दीन वा कमजोर छु। अथवा जस्तो तपाईं सम्झनुहुन्छ। त्यसो भए तापनि तपाईंको इच्छा भएर मलाई आदेश दिने हो भने म त्यसलाई एउटा नोकरका रूपमा तपाईंका सेवामा उपस्थित गर्न सक्दछु' भन्यो।

पिङ्गलक आह सोच्छ्वासम्— "किं भवाञ्छक्नोत्येवं कर्तुम् ?"

एकपटक लामो सास फेरिसकेपछि पिङ्गलकले— 'के तिमी यस्तो गर्न सक्छौ त ?' भनेर सोध्यो।

दमनक आह— "किमसाध्यं बुद्धेरस्ति ?" उक्तञ्च—

दमनकले— 'महाराज ! बुद्धिमान् व्यक्तिका लागि कुन कामचाहिँ कठिन हुन्छ र ? भनिएको पनि छ कि—

न तच्छस्त्रैर्न नागेन्द्रैर्न हयैर्न पदातिभिः
कार्यं संसिद्धिमभ्येतियथा बुद्ध्या प्रसाधितम् ॥ १३५ ॥

शस्त्रहरू, हात्तीहरू, घोडाहरू र पैदल सैनिकहरूले जुन कार्य गर्न सक्दैनन् त्यसलाई पनि बुद्धिले सजिलै समाधान गर्न सकिन्छ' भन्ने उत्तर दियो।

पिङ्गलक आह— "यद्येवं तर्ह्यमात्यपदेऽध्यारोपितस्त्वम् अद्य प्रभृति प्रसादनिग्रहादिकं त्वयैव कार्यमिति निश्चयः।"

पिङ्गलकले आश्वस्त हुँदै— यदि तिमीले यो काम गर्न सक्छौ भने तिमी मेरा मन्त्रीपरिषद्मा नियुक्त गरियौ। आजदेखि मेरा राजप्रासाद र निग्रहसम्बन्धी काम तिमीले गर्नेछौँ। मेरो यही निर्णय भयो' भन्यो।

अथ दमनकः सत्वरं गत्वा सञ्जीवकं साक्षेपमिदमाह— "एह्येहीतो दुष्टवृषभ ! स्वामी पिङ्गलकस्त्वामाकारयति। किं निःशङ्को भूत्वा मुहुर्मुहुर्नर्दसि वृथा" इति

पिङ्गलकबाट अधिकार पाउनेबित्तिकै दमनक दौडँदै सञ्जीवक भएका ठाउँमा गयो र उसलाई थर्काउँदै— 'ए दुष्ट गोरु ! यता आइज, यता। महाराज पिङ्गलक तँलाई यता बोलाउँदै हुनुहुन्छ। यस वनमा किन यसरी निर्धक्क भएर डुक्रिएको ?' भनेर हप्कायो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तच्छ्रुत्वा सञ्जीवकोऽब्रवीत्— "भद्र ! कोऽयं पिङ्गलकः ?"

दमनकको कुरो सुनेर सञ्जीवकले— 'महाशय, यो पिङ्गलक भनेको को हो ?' भनेर सोध्यो।

दमनक आह— "किं स्वामिनं पिङ्गलकमपि न जानासि ?" तत्क्षणं प्रतिपालय। फलेनैव ज्ञास्यसि। नन्वयं सर्वमृगपरिवृतो वटतले स्वामी पिङ्गलकनामा सिंहस्तिष्ठति।"

दमनकले— 'अरे तँले अहिलेसम्म महाराज पिङ्गलकलाई पनि चिनेको छैनस्। ठिक छ, एकछिन पर्खी अनि फल पाएपछि आफैँ जान्नेछस्। यहीँ नजिकैको वरको रुखमुनि बस्नुभएको छ। सम्पूर्ण वन्यजन्तुहरूबाट सेवा ग्रहण गरेर पिङ्गलक नामको सिंह बस्नुभएको छ, उहाँ नै यस वनको राजा हुनुहुन्छ' भन्यो।

तच्छ्रुत्वा गतायुषमिवात्मानं मन्यमानः सञ्जीवकः परं विषादमगमत्। आह च—

दमनकको कुरो सुनेपछि आफ्नो आयु सकिन लागेको कुरो अनुभव गर्दै सञ्जीवक ज्यादै खिन्न भयो र दुःखी स्वर पारेर—

"भद्र ! भवानसाधुसमाचारो वचनपटुश्च दृश्यते। तद्यदि मामवश्यं तत्र नयसि तदभयप्रदानेन स्वामिनः सकाशात्प्रसादः कारयितव्यः।"

'महाशय, तिमी ज्यादै उदार तथा सज्जनजस्ता लाग्दछौ। तिमी कुरो गर्नमा पनि सिपालु देखिन्छौ। तिमीले मलाई त्यहाँ लैजाने नै निश्चय गरेका छौ भने पनि बिन्ती छ मलाई महाराजका तर्फबाट अभय दान गराइदेऊ' भन्न लाग्यो।

दमनक आह— "भोः ! सत्यमभिहितं भवता, नीतिरेषा। यतः—

सञ्जीवकको बिन्ती सुनेपछि दमनकले— 'तिमीले ठिकै भनेका छौ। यस्तो कुरो त नीतिले पनि भनेको छ। जस्तै—

पर्यन्तो लभ्यते भूमेः समुद्रस्य गिरेरपि।
न कथञ्चिन्महीपस्य चित्तान्तः केनचित्क्वचित्॥ १३६ ॥

पृथ्वीका सीमाको पत्तो लगाउन सकिएला, समुद्र अथवा पर्वतको परिधिलाई थाहा पाउन सकिएला तर राजाका मनको भावको सीमालाई कसैले पनि पत्तो लगाउन सक्दैन।

तत्त्वमत्रैव तिष्ठ, यावदहं तं समये दृष्ट्वा ततः पश्चात्त्वामानयामि" इति।

त्यसो हुँदा तिमी एकछिन यहीँ बस। म राजाका मनको भाव विचार गरेर आउँछु, त्यसपछि मात्रै तिमीलाई लिएर जाऊँला भन्दै ....

तथाऽनुष्ठिते दमनकः पिङ्गलकसकाशं गत्वेदमाह— "स्वामिन् ! न तत्प्राकृतं सत्त्वम्। स हि भगवतो महेश्वरस्य वाहनभूतो वृषभः', इति। मया पृष्ट इदमूचे— 'महेश्वरेण परितुष्टेन कालिन्दीपरिसरे, शष्पाग्राणि भक्षयितं समादिष्टः। कि बहुना, मम प्रदुक्तं भगवता क्रीडार्थं वनमिदम्।"

सञ्जीवकलाई त्यहीँ छोडेर पिङ्गलकसँग आएर दमनकले भन्यो— महाराज ! त्यो त कुनै सामान्य जीव होइनरहेछ। त्यो त भगवान् शिवको वाहन नन्दी नामको वृषभ पो रहेछ त। मैले सोधेपछि उसले बताएको भगवान् शिव सन्तुष्ट भएर उसलाई कालिन्दीका किनारको कलिलो घाँस चर्नका लागि यहाँ पठाएका रहेछन्। अधिक के भनौँ, उसलाई त यो सम्पूर्ण वन विचरण गर्नका लागि भगवान् शिवले आज्ञा दिएर पठाएका रहेछन्' भन्यो।

पिङ्गलक आह सभयम्— "सत्यं ज्ञातं मयाधुना, न देवताप्रसादं विना शष्पभोजिनो व्यालाकीर्ण एवंविधे वने निःशङ्कं नदन्तो भ्रमन्ति। ततस्त्वया किमभिहितम् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो कुरो सुनेपछि पिङ्गलकले डराउँदै– 'ओहो ! यो कुरो अब मलाई थाहा भयो कि देवताको कृपाबिना एउटा साधारण घाँस खाने पशु यस्ता हिंस्रक पशुहरूले भरिभराउ वनका बिचमा निस्फिक्री तरिकाले गर्जँदै कसरी घुम्न सक्थ्यो होला त ?' भन्ने किसिमले सोचेर 'अनि उसको भनाइ सुनेपछि तिमीले के भन्यौ त ?' भनी सोध्यो।

दमनक आह– "स्वामिन् ! एतदभिहितं मया– यदेतद्वनं चण्डिकावाहनभूतस्य मत्स्वामिनः पिङ्गलकनाम्नः सिंहस्य विषयीभूतम्। तद् भवानभ्यागतः प्रियोऽतिथिः। तत्तस्य सकाशं गत्वा, भ्रातृस्नेहेनैकत्रभक्षणपानविहरणक्रियाभिरेकस्थानाश्रयेण कालो नेयः' इति। ततस्तेनापि सर्वमेतत्प्रतिपन्नम्। उक्तञ्च सहर्षम्– 'स्वामिनः सकाशादभयदक्षिणा दायितव्या' इति। तदत्र स्वामी प्रमाणम्।"

दमनकले उत्तरमा– 'महाराज़ ! मैले यो वन त देवी चण्डिकाको वाहन र हाम्रा राजा पिङ्गलक नामका सिंहको अधिराज्य हो। अतः तपाईं यहाँ आउनुभएको अतिथि हुनुहुँदो रहेछ। कृपा गरेर वहाँका नजिक गई आतिथ्य स्वीकार गर्दै भ्रातृस्नेहपूर्वक एकै स्थानमा भोजन, जलपान र विहार गर्दै एकत्र आनन्दपूर्वक आफ्नो समय बिताउनुहोस् भनैं। उनले मेरो कुरो सहर्ष स्वीकार पनि गरेका छन्। अनि उनले मलाई त्यहाँ लगेर 'महाराजका तर्फबाट मेरा लागि अभयदान पनि लिएर आऊ' भनेका छन्' भनेर सुनायो।

तच्छुत्वा पिङ्गलक आह– "साधु सुमते ! साधु मन्त्रिश्रोत्रिय ! साधु ! मम हृदयेन संमन्त्र्यं भवतेदमभिहितम्। तद्दत्ता मया तस्याभयदक्षिणा। परं सोऽपि मदर्थेऽभयदक्षिणां याचयित्वा द्रुततरमानीयताम्' इति। अथवा साधु चेदमुच्यते–

दमनकको कुरो सुनेपछि पिङ्गलकले– 'बाह सुमते ! बाह मन्त्रीश्रेष्ठ ! तिमीले ज्यादै राम्रो कुरो गऱ्यौ। मलाई त तिमीले मेरा मनसँग विचार विमर्श गरेर नै त्यहाँ गई कुरो गरेछौ जस्तो लाग्यो। मैले आफ्ना तर्फबाट उनलाई अभयदान दिइसकें। तर तिमीले उनका तर्फवाट पनि मेरा लागि अभयदानको वचन लिएर उनलाई पनि आदरसहित यहाँ लिएर आऊ' भन्यो। अथवा यो त ठिकै पनि भनिएको रहेछ कि–

अन्तःसारैरकुटिलैरच्छिद्रैः सुपरीक्षितैः।
मन्त्रिभिर्धार्यते राज्यं सुस्तम्भैरिव मन्दिरम्॥ १३७॥ तथा च–

बुद्धिमान्, सरल स्वभावयुक्त, दोषरहित र परीक्षित मन्त्रीहरूले राज्यको भारलाई ठिक उसै गरी थामिराखेका हुन्छन् जसरी बलियो तथा दोषरहित खम्बाले घरको भारलाई सजिलैसँग थामेर राखेका हुन्छन्। अरू पनि–

मन्त्रिणां भिन्नसन्धाने भिषजां सान्निपातिके।
कर्मणि व्यज्यते प्रज्ञा स्वस्थे को वा न पण्डितः॥ १३८॥

अप्रसन्न भएर राज्यको विपरीत आचरण गर्ने व्यक्तिलाई पुनः अनुकूल बनाउनमा मन्त्रीहरूको र सन्निपात ज्वरोको चिकित्सा गर्दामा वैद्यको निपुणता र बुद्धिमत्ताको परीक्षा हुन्छ। सामान्य स्थिति र साधारण ज्वराको चिकित्सा गरेर सफलता प्राप्त गर्नमा त को पण्डित हुँदैन र ? सबै नै हुन्छन्।

दमनकोऽपिं तं प्रणम्य सञ्जीवकसकाशं प्रस्थितः सहर्षमचिन्तयत्– "अहो, प्रसाद–संमुखीनः स्वामी वचनवशगश्च सवृत्तः तन्नास्ति धन्यतरो मम। उक्तञ्च–

सञ्जीवकतर्फ जानका लागि उसलाई प्रणाम गरेर प्रस्थान गरेका दमनकले मार्गमा यो विचार गऱ्यो कि यस बेला मेरो यो स्वामी ममाथि प्रसन्न भएर मलाई पुरस्कृत गर्न चाहन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र मेरै कथनअनुसार आचरण गर्न पनि लागेको छ। यस बेलामा मभन्दा ठूलो भाग्यवान् अर्को कुनै पनि व्यक्ति छैन। भनिएको पनि छ कि–

अमृतं शिशिरे वह्निरमृतं प्रियदर्शनम्।
अमृतं राजसंमानममृतं क्षीरभोजनम्॥ १३९॥

शिशिर ऋतुमा अग्नि, समयमा प्रिय व्यक्तिको दर्शन, राजसम्मान र पायस भोजन यी अमृततुल्य सुखदायक वस्तुहरू मानिसलाई भाग्यले नै मात्रै प्राप्त हुन्छन्।

अथ सञ्जीवकसकाशमासाद्य सप्रश्रयमुवाच– "भो मित्र! प्रार्थितोऽसौ मया भवदर्थे स्वाम्यभयप्रदानम्। तद्विश्रब्धं गम्यतामिति। परं त्वया राजप्रसादमासाद्य मया सह समयधर्मेण वर्तितव्यम्। न गर्वमासाद्य स्वप्रभुतया विचारणीयम्। अहमपि तव सङ्केतेन सर्वां राज्यधुरम- मात्यपदवीमाश्रित्योद्धरिष्यामि। एवं कृते द्वयोरप्यावयो राज्यलक्ष्मीर्भोग्या भविष्यति। उक्तञ्च–

दमनकले सञ्जीवकका नजिकै गएर अत्यन्त स्नेहपूर्वक–'मित्र, तिम्रा लागि मैले स्वामीसँग अभयदान मागेको छु। अब तिमी निर्भय भएर उनका नजिक जान सक्नेछौ। तर तिमीले एउटा कुरो स्मरण राख्नुपर्नेछ कि राजाको अनुग्रह प्राप्त गरिसकेपछि मलाई बिर्सनुहुँदैन। आफ्नो प्रतिज्ञाअनुसार मित्रतापूर्वक रहनुपर्नेछ। अधिकारका मदले मातिएर मनोमानी आचरण नगर्नू। मन्त्रीपदमा रहेका अवस्थामा म पनि आफ्नो प्रतिज्ञाअनुसार तिम्रो परामर्शले नै सम्पूर्ण राज्यको कार्य गर्नेछु। यदि आआफ्नो प्रतिज्ञाअनुसार चलिरह्यौँ भने हामी दुवैले राज्यलक्ष्मीको भोग गर्न पाउनेछौँ। भनिएको पनि छ–

आखेटकस्य धर्मेण विभवाः स्युर्वशे नृणाम्।
नृपतीन् प्रेरयत्येको हन्त्यन्योऽत्र मृगानिव॥ १४०॥ तथा च–

राजकीय ऐश्वर्य एवं सुख मानिसका अधिकारमा सिकारको मृगयाको नियमअनुसार आउँछन्। सिकारमा एउटा मानिसले पशुहरूलाई एकातिरबाट हर्काउँछ र अर्काले मौका छोपेर अर्कातिरबाट मार्दछ। त्यसै गरी एउटा व्यक्तिले राजालाई दान वा पुरस्कार दिनका लागि प्रेरित गर्छ र अर्काले त्यसलाई उपभोग गर्छ। अरू पनि–

यो न पूज्यते गर्वादुत्तमाधममध्यमान्।
भूपसंमानमान्योऽपि भ्रश्यते दन्तिलो यथा" ॥ १४१॥

जुन व्यक्ति अधिकारका मदमा परेर उत्तम, मध्यम तथा अधम यी जुनसुकै वर्गका कर्मचारी सम्मान गर्दैन, राजाको प्रिय हुँदाहुँदै पनि त्यो व्यक्ति दन्तिल साहुले जस्तै आफ्नो प्रतिष्ठा र सम्मानआदि सबै कुरा गुमाउँछ र सबैका दृष्टिबाट गिर्न पुग्छ' भन्यो।

सञ्जीवक आह– "कथमेतत् ?" सोऽब्रवीत्–

सञ्जीवकले– 'त्यो के कुरो हो र ?' सोध्यो। अनि दमनकले कथा हाल्न थाल्यो।

दन्तिलगोरम्भयोः कथा

"अस्त्यत्र धरातले वर्धमानं नाम नगरम्। तत्र दन्तिलो नाम नानाभाण्डपतिः सकलपुर- नायकः प्रतिवसति स्म। तेन पुरकार्य, नृपकार्य च कुर्वता तुष्टिं नीतास्तत्पुरवासिनो लोका नृपतिश्च। किं बहुना, न कोऽपि तादृक् केनापि चतुरो दृष्टे, नापि श्रुतो वेति। अगवा साध्विदमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दन्तिल र गोरम्भ

यस संसारमा वर्धमान नामको एउटा सहर छ। त्यहाँ कुनै समयमा दन्तिल नामको एउटा गहना व्यापारी रहने गर्दथ्यो। प्रजा एवं राजा दुवैको हित चिताउने कार्य गर्दै उसले सहरका बासिन्दाहरूलाई सन्तुष्ट पारिराखेको थियो। राजा पनि त्यसबाट प्रसन्न नै रहने गरेका थिए। अधिक कुरो के गर्ने र तै पनि उजस्तो चतुर व्यक्ति न त्यस सहरमा अर्को कुनै थियो र न कसैका विषयमा सुनिएको नै थियो। अथवा ठिकै भनिएको थियो—

नरपतिहितकर्ता द्वेष्यतां याति लोके जनपदहितकर्ता त्यज्यते पार्थिवेन्द्रैः।
इति महति विरोधे वर्तमाने समानो नृपतिजनपदानां दुर्लभः कार्यकर्ता॥ १४२॥

राजाको हित गर्ने व्यक्तिलाई समाजमा द्वेषका दृष्टिले हेर्ने गरिन्छ र समाजको हित सम्पादन गर्ने व्यक्ति राजका आश्रयबाट वञ्चित हुन पुग्दछ। यी परस्परविरोधी दुई सिद्धान्तको स्थितिमा राजा र प्रजाको समानरूपले सन्तुलित हित गर्ने व्यक्ति अत्यन्त दुर्लभ हुन्छ।

अथैवं गच्छति काले दन्तिलस्य कदाचित्कन्याविवाहः संप्रवृत्तः। तत्र तेन सर्वे पुरनिवासिनो, राजसंनिधिलोकाश्च संमानपुरःसरमामन्त्र्य भोजिता वस्त्रादिभिः सत्कृताश्च। ततो विवाहानन्तरं राजा सान्तःपुरः स्वगृहमानीयाऽभ्यर्चितः।

केही समयपछि गहनाव्यापारी दन्तिलकी छोरीको बिहा आयो। त्यस विवाहका अवसरमा उसले सम्पूर्ण नागरिकहरू र राजकर्मचारीहरूलाई सादर निमन्त्रित गरेर भोजन गराएर वस्त्रादि दिँदै सम्मानित गऱ्यो। विवाहपछि उसले राजालाई पनि रानी र अन्तःपुरवासीहरूका साथ निमन्त्रित गरेर आफ्ना घरमा लगी आदरसत्कार गऱ्यो।

अथ तस्य नृपतेर्गृहसंमार्जनकर्ता गोरम्भो नाम राजसेवको गृहायातोऽपि तेनानुचितस्थाने उपविष्टोऽवज्ञयाऽर्धचन्द्रं दत्वा निःसारितः। सोऽपि ततः प्रभृति निःश्वसन्नपमानान्न रात्रावप्यधिशेते। "कथं मया तस्य भाण्डपतेः राजप्रसादहानिः कर्तव्येति" चिन्तयन्नास्ते।

राजाका अनुचरहरूमा एउटाको नाम गोरम्भ थियो। त्यसको काम राजभवनमा कुचो लगाउने थियो। राजासँगै त्यो पनि निम्ता मान्न गएको थियो। तर उसले आफ्नो मर्यादाभन्दा विपरीतका कुनै उच्चस्थानमा बसेको हुनाले उसलाई भाण्डपति दन्तिलले अवज्ञापूर्वक गलहत्ती लगाएर त्यहाँबाट निकालिदिए। दन्तिलले गरेको त्यस अपमानले ऊ बहुत दुःखी भएको थियो, त्यसै दिनदेखि निहु खोज्नतर्फ लागेको थियो। त्यस अपमानबाट ऊ यति दुःखी भएको थियो कि राति पनि उसलाई चिन्ताका कारणले पूरा निद्रा आउँदैनथ्यो कुनै सुरत यता पल्टेर र उता पल्टेर रात बिताउँथ्यो। त्यसले निरन्तर 'कसरी यस भाँडा व्यापारीलाई राजाको कृपाबाट वञ्चित गर्न सकिन्छ र आफ्ना अपमानको बदला लिन सकिन्छ' भनेर सोच्ने गर्दथ्यो।

"अथवा किमनेन वृथा शरीरशोषणेन ? न किञ्चिन्मया तस्यापकर्तु शक्यमिति।' अथवा साध्विदमुच्यते—

आखिरमा उसले— 'चिन्तामा शरीरमात्रै सुकाएर के लाभ ? उसको कुनै पनि अपकार गर्न सक्ने मेरो अवस्था छैन। अथवा ठिकै पनि भनिएको छ—

यो ह्यपकर्तुमशक्तः कुप्यति कथमसौ नरोऽत्र निर्लज्जः।
उत्पतितोऽपि हि चणकः किं भ्राष्ट्रकं भङ्क्तुम् ?॥ १४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन व्यक्तिले कसैको अपकार गर्न सक्ने क्षमता आर्जन गरेको छैन उसले लज्जाहीन जस्तो भई सित्तैंमा मनमनै रिसले मुर्मुरिएर के पो हुन्छ र ? हाँडीबाट उछिट्टिएर बाहिर आएका मकैले के हाँडी फुटाउन सक्छ र ? त्यसैले बिना शक्तिको रिस गर्नु पनि व्यर्थ छ' भनेर सोच्यो।

अथ कदाचितप्रत्यूपे योगनिद्रां गतस्य राज्ञः शय्यान्ते मार्जनं कुर्वन्निदमाह– "अहो, दन्तिलस्य महद् दृप्तत्वं यद्राजमहिषीमालिङ्गति।"

कुनै दिन बिहानै राजा अर्द्धनिद्रा अवस्थामा थिए, उनका पलङ्गवरिपरि कुचो लगाउँदै गर्दा गोरम्भले 'हेर यस दन्तिलको कति ठूलो धृष्टता, अब त यसले रानीसँग आलिङ्गन गर्नसम्म पो थालेछ है" भन्यो।

तच्छ्रुत्वा राजा ससम्भ्रममुत्थाय तमुवाच– 'भो गोरम्भ! सत्यमेतद्यत्त्वया जल्पितम् ? किं देवी दन्तिलेन समालिङ्गिता ?" इति।

राजाले त्यसको कुरो सुनेपछि हडबडाउँदै उठेर त्यससँग– 'ए, गोरम्भ ! अहिले तँ जुन कुरो बक्दै छस् त्यो सबै साँचो हो ? साँच्चै दन्तिलले महारानीको आलिङ्गन गरेको सत्य हो त ?' भनी सोधे।

गोरम्भः प्राह– "देव ! रात्रिजागरणेन द्यूतासक्तस्य मे बलान्निद्रा समायाता, तन्न वेद्मि किं मयाभिहितम्।"

उत्तरमा गोरम्यले– 'महाराज ! जुवा खेल्न बसेको धुनमा म आज रातभरि सुतेको थिइनँ। त्यसरी जागा रहेकै कारण मलाई अहिले खुब निद्रा लागिरहेको छ। काम गर्दागर्दै निदाउन लागेंछु। निद्राका सुरमा मैले के भनें त्यो कुरो मलाई थाहा छैन' भन्यो।

राजा सेर्ष्यं स्वगतम्– "एष तावदस्मद्गृहेऽप्रतिहतगतिः। तथा दन्तिलोऽपि। तत्कदा- चिदनेन देवी समालिङ्ग्यमामाना दृष्ध्य भविष्यति तेनेदमभिहितम्। उक्तञ्च–

गोरम्भको प्रलाप सुनिसकेपछि राजालाई ईर्ष्या र डाहा हुन थाल्यो। उनले मनमनमा– 'यो गोरम्भ अन्तःपुरमा कसैको विना रोकटोक प्रवेश गर्ने गर्दछ। दन्तिल पनि बिना कुनै प्रतिबन्ध त्यहाँ आउनेजाने गर्दछ। कुनै बेला दन्तिलले महारानीलाई अँगालो हाल्दै गरेको यस गोरम्भले देखेको थियो होला, अनि त यसले त्यस्तो कुरो बर्बरायो कि भन्ने कुरो पनि सम्भव हुन सक्छ' भन्ने सोचे। भनिन्छ कि–

यद्वाञ्छति दिवा मर्त्यो वीक्षते वा करोति वा।
तत्स्वप्नेऽपि तदभ्यासाद् ब्रूते वाथ करोति वा॥ १४४॥ तथा च–

कहिलेकाहीं मानिसले दिउँसो जुन वस्तुको इच्छा गरेको हुन्छ, जुन वस्तुलाई देख्तछ अथवा जुन कामलाई गरेको हुन्छ त्यो अभ्यासका कारण सपनामा पनि देख्छ र त्यसैलाई बोलिदिन्छ। अरू पनि–

शुभं वा यदि वा पापं यन्नृणां हृदि संस्थितम्।
सुगूढमपि तज्ज्ञेयं स्वप्नवाक्यात्तथा मदात्॥ १४५॥

मानिसका मनमा रहेको पाप या पुण्यलाई मानिसले लुकाउन खोजेको हुन्छ। उसलाई लुकाउन खोज्दाखोज्दै पनि सपना देखेको वा मदिरा खाएका बेहोसी अवस्थामा प्रकट भइहाल्छ। अर्थात् स्वप्नको प्रलाप वा मदिराको बेहोसीले मानिसले लुकाउन खोजेको गोप्यतालाई भङ्ग गराउँछ।

अथवा स्त्रीणां विषये कोऽत्र संदेहः–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा, स्त्रीहरूका विषयमा त झन सन्देहको कुनै कुरो नै बाँकी रहेको हुँदैन। किनभने—

जल्पन्ति सार्धमन्येन पश्यन्त्यन्यं सविभ्रमाः।
हृद्गतं चिन्तयन्त्यन्यं प्रियः को नाम योषिताम्॥ १४६ ॥ अन्यच्च—

स्त्रीहरूको त यो स्वभाव नै हो कि कुनै एक व्यक्तिसँग बातचित गर्दै हुन्छन् भने कुनै अर्कालाई हाउभाव कटाक्षका साथ हेरिरहेका हुन्छन् र कुनै अर्को तेस्रो व्यक्तिका विषयमा सोचिरहेका पनि हुन्छन्। स्त्रीहरूको लागि को पो प्रिय हुन्छ र ? अर्थात् स्त्रीहरूका लागि कोही पनि प्रिय हुँदैन। उनीहरू कुनै एक व्यक्तिसँग मात्रै प्रेम गर्दैनन्। उनका हृदयको भाव बुझ्नु निक्कै कठिन किसिमको काम हो। फेरि पनि भनिएको छ—

एकेन स्मितपाटलाधररुचो जल्पन्त्यनल्पाक्षरं,
वीक्ष्यन्तेऽन्यमितः स्फुटत्कुमुदिनीफुल्लोल्लसल्लोचनाः।
दूरोदारचरित्रचित्रविभवं ध्यायन्ति चान्यं धिया,
केनेत्थं परमार्थतोऽर्थवदिव प्रेमास्ति वाम्रभ्रुवाम्॥ १४७ ॥ तथा च—

मुसुक्क मुस्कानका कारण पाटल वर्णको आभा छर्ने ओठवाली स्त्रीहरू एकातिर कुनै व्यक्तिसँग विविध किसिमका कुरा गर्दै हुन्छन् भने अर्कातिर पूरै फक्रेका कुमुदिनीजस्ता विकसित एवं उल्लसित नेत्रले कुनै अर्को पुरुषलाई हेर्दै हुन्छन् तर त्यसका साथसाथै मनमा कुनै प्रख्यात यश एवं रूपले युक्त तेस्रो व्यक्तिको ध्यान गरिरहेका हुन्छन्। वास्तविक रूपले साँचो अर्थमा यी वामलोचनाहरू कोसँग प्रेम गर्लान् र ? अर्थात् वास्तविक रूपमा स्त्रीहरूले कुन पुरुंषप्रति आफ्ना मनमा अनुराग बढाएका हुन्छन् भन्ने कुरो बुझ्न निकै गाहारो हुन्छ। अरू पनि—

नाग्निस्तृप्यति काष्ठानां नापगानां महोदधिः।
नान्तकः सर्वभूतानां न पुंसां वामलोचना॥ १४८ ॥

जतिसुकैलाई डढाइसके पनि आगो काठबाट, जतिसुकैवटा नदी थपिए पनि समुद्र पानीबाट र जतिसुकैको ज्यान लिइसके पनि काल प्राणीका प्राणबाट जसरी अघाउँदैनन् त्यसै गरी जतिसुकैवटासँग भोगविलास गरे पनि स्त्रीहरू पुरुषहरूबाट अघाउँदैनन्।

रहो नास्ति क्षणो नास्ति नास्तिप्रार्थयिता नरः।
तेन नारद ! नारीणां सतीत्वमुपजायते॥ १४९ ॥

हे नारद ! या त एकान्त स्थान पएनन् भने, या उचित अवसर पाएनन्, अथवा कुनै चाहने खालको कामुक व्यक्ति पाएनन् भने त्यति बेलाको समयसम्म मात्रै स्त्रीहरूको सतीत्वभाव सुरक्षित रहन्छ। उनीहरूले चाहेको जस्तो अवसर पाएपछि जे पनि हुन सक्छ।

यो मोहान्मन्यते मूढो रक्तेयं मम कामिनी।
स तस्या वशगो नित्यं भवेत्क्रीडाशकुन्तवत्॥ १५० ॥

जुन व्यक्ति आफ्नो अज्ञानताका कारण— यस कामिनीले मसँग प्रेम गर्दछे, भन्ने सम्झन्छ त्यो त पाल्तु पक्षी अर्थात् सुगा वा मैनाजस्तो त्यसका वशमा परेको हुन्छ। जसरी चारोका लोभ देखाएर पक्षीहरूलाई पिंजडामा थुनिन्छ त्यसै गरी स्त्रीहरूका असत्य प्रेमको लोभमां परेर त्यो पुरुष पनि उसको दास बन्न पुग्छ।

तासां वाक्यानि कृत्यानि सुगुरूण्यपि।
करोति, यो कृतैर्लोके लघुत्वं याति सर्वतः॥ १५१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन मानिस स्त्रीहरूका साना अथवा ठूला कामहरू रुचिपूर्वक गर्दछ र उनीहरूको आदेशलाई निसङ्कोच पालन गर्दछ, त्यो आफ्ना कृत्यका कारण संसारमा बिलाउँछ। स्त्रीहरूको आज्ञाकारी व्यक्ति प्रायः उपहासको पात्र ठानिन्छ। समाजका मानिसहरूले उसलाई दुराचारी र नीच ठान्दछन्।

स्त्रियं च यः प्रार्थयते सन्निकर्ष च गच्छति।
ईषच्च कुरुते सेवां तमेवेच्छन्ति योषितः ॥ १५२ ॥

जुन पुरुषहरू स्त्रीका पछि लागेर घुम्ने गर्दछन् र आज्ञाकारी बन्नका लागि उनीहरूसँग निकट सम्बन्ध राख्छन्, अथवा उनीहरूको अलिअलि सेवा गर्न रुचाउँछन् र उनीहरूको विशष सेवा गरी खुसी राख्दछन् स्त्रीहरूले उसैलाई मनाउने र चाहने गर्दछन्।

अनर्थित्वान्मनुष्याणां भयात्परिजनस्य च।
मर्यादायःममर्यादाः स्त्रियस्तिष्ठन्ति सर्वदा ॥ १५३ ॥

स्त्रीहरू स्वभावैले अमर्यादित हुन्छन्। उनीहरू कामुक पुरुष प्राप्त नहुँदासम्म मर्यादाका सीमाभित्र रहन्छन्। उनीहरू कुल, गोत्र र समाजको डर मनमा रहुन्जेल मात्र मर्यादाको सीमाभित्र रहेका हुन्छन्।

नासां कश्चिदगम्योऽस्ति नासां च वयसि स्थितिः।
विरूपं रूपवन्तं वा पुमानित्येव भुञ्जते ॥ १५४ ॥

स्त्रीहरूका लागि कुनै पनि पुरुष या स्थान अगम्य हुँदैनन्। उनीहरूको अवस्थासँग पनि खास प्रयोजन हुँदैन। कुरूप या रूपवान् पनि उनीहरूले हेर्दैनन्। केवल पुरुष ठानेर नै त्यसको उपभोग गर्दछन्। अर्थात् स्त्रीहरूलाई केवल पुरुष चाहिन्छ, त्यसमा जाति, अवस्था, कुरूप या रूपवान् आदि कुराको कुनै मतलब छैन।

रक्तो कि जायते भोग्यो नारीणां शाटको यथा।
घृष्यते यो दशालम्बी नितम्बे विनिवेशितः ॥ १५५ ॥

रातो रङ्गको साडी, जसको किनारा ज्यादै फराकिलो होस्, नितम्बमा निक्कै साँघुरो होस्, त्यहाँ मजाले टाँसिएर घोटिरहोस्, त्यस्तो स्त्रीहरूलाई ज्यादै मनपर्छ। त्यसै गरी उनीहरूमा मरिमेट्ने र उनीहरूका नितम्बभागमा सधैं रहेर त्यसलाई घोटिदिइराख्ने व्यक्ति स्त्रीहरूलाई ज्यादै मन पर्छ। अनि उनीहरू त्यसलाई आफ्नो भोग्य मान्दछन्। अर्थात् स्त्रीहरूमा ज्यादा रुचि राख्ने व्यक्ति साडीहरूजस्तै स्त्रीको नितम्ब भागमा ज्यादै रगडिएर विनाश हुन्छन्।

अलक्तको यथा रक्तो निष्पीड्य पुरुषस्तथा।
अबलाभिर्बलाद्रक्तः पादमूले निपात्यते ॥ १५६ ॥

रातो रङ्गको लाक्षारस (मेहन्दी) घोटेर स्त्रीहरूले आफ्ना पैतालामा जसरी दल्दछन् उसै गरी उनीहरूमा अनुरक्त रहने व्यक्तिलाई पनि विडम्बनापूर्वक दुर्दशाग्रस्त बनाएर बलापूर्वक आफ्ना पैतालामुनि दबाउँछन्। अर्थात् कामुक स्त्रीका पछि लाग्ने मानिस विवश भएर स्त्रीहरूका पैतालामुनिको धुलोजस्तो भई उनीहरूको आज्ञाकारिता र सिँगारपटारमा आफ्नो जीवन बिताउँछ।

एवं स राजा बहुविधं विलप्य, तत्प्रभृति दन्तिलस्य प्रसादपराङमुखः सञ्जातः। किं बहुना, राजद्वारप्रवेशोऽपि तस्य निवारितः। दन्तिलोऽप्यकस्मादेव प्रसादपराङ्मुखम-वनिपतिमव- लोक्य चिन्तयामास— "अहो, साधु चेत्मुच्यते—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीहरूका विषयमा यस्तै अनेक खाले तर्कनाहरू गर्दागर्दै राजा त्यस दिनदेखि दन्तिलसँग रिसाउन लागे। अधिक कुरो गर्नु के छ र? राजाका आज्ञाले दन्तिललाई राजभवनमा प्रवेश गर्नमा रोक लगाइयो। अचानक राजा रिसाएको देखेर दन्तिललाई चिन्तित हुँदै आफ्नो मनमा विचार गऱ्यो। कसैले ठिकै पनि भनेका रहेछन्–

कोऽर्थान् प्राप्य न गर्वितो विषयिणः कस्यापदोऽस्तं गताः।
स्त्रीभिः कस्य न खण्डितं भुवि मनः को नाम राज्ञां प्रियः।
कः कालस्य न गोचरान्तरगतः कोऽर्थी गतो गौरवं
को वा दुर्जनवागुरासु पतितः क्षेमेण यातः पुमान्॥ १५७॥ तथा च–

ऐश्वर्यलाई प्राप्त गरिसकेपछि को पो गर्वित हुँदैन र? कुन मानिसका समस्याहरू समाप्त भएका छन् र? स्त्रीहरूले यस संसारमा कसको मन तोडेका छैनन् र? अर्थात् आफ्ना स्नेहपाशमा आवद्ध गरेर स्त्रीहरूले कसको मानमर्दन गरेका छैनन् र अद्यावधि राजाहरूको प्रिय हुन को पो सकेको छ र? कालका दृष्टिवाट को पो जोगिन सकेको छ र? कुनचाहिँ मगन्तेले महान्ता पाएको छ र? र कुनचाहिँ त्यस्तो महान् व्यक्ति होला जो दुष्टका वाग्जालमा परेर सकुशल निस्कन सकेको होस्? अर्थात् अधिकार पाएर मात्तिनु, कामुक व्यक्ति आपद्ग्रस्त हुनु, स्त्रीहरू कुटिल स्वभावका हुनु, राजा निष्ठुर हुनु, काल सर्वव्यापक हुनु, याचकमा हीनताका भाव हुनु, दुर्जनका वाग्जालमा परेर हानी सहनु यी सबै कुरा स्वाभाविक र शाश्वत हुन्। त्यसै गरी–

काके शौचं द्यूतकारे च सत्यं सर्पे क्षन्तिः स्त्रीषु कामोपशान्तिः।
क्लीबे धैर्यं मद्यपे तत्त्वचिन्ता राजा मित्रं केन दृष्टं श्रुतं वा॥ १५८॥

कागमा पवित्रता, जुवाडेमा सत्यता, सर्पमा क्षमा, स्त्रीहरूमा कामशान्ति, काँतर व्यक्तिमा धैर्य, जँड्याहामा विवेक, राजामा निष्कपट मैत्रीभाव कसले पो देखेको या सुनेको छ र? अर्थात् यस्ता कुराहरू पाइएलान् भने कल्पना गर्नु व्यर्थ छ।

अपरं मयास्य भूपतेः अथवान्यस्यापि कस्यचिद्राजसम्बन्धिनः स्वप्नेऽपि नानिष्टं कृतं, तत्किमिति पराङ्मुखो मां प्रति भूपतिः?" इति।

अर्को एउटा कुरो यो पनि छ कि– मैले यस राजाको अथवा राजाका कुनै अर्का प्रिय व्यक्ति वा सम्बन्धीजनको स्वप्नमा पनि कुनै किसिमको अनिष्ट गरेको छैनँ, किन राजा यसरी मसँग रिसायो भन्ने कुरो बुझ्न सकिएन।

एवं तं दन्तिल कदाचिद्राजद्वारे विष्कम्भितं विलोक्य, संमार्जनकर्ता गोरम्भो विहस्य द्वारपालानिदमूचे– "भो द्वारपालाः! राजप्रसादाभिष्टितोऽयं दन्तिलः, स्वयं निग्रहानुग्रहकर्ता च। तदेनेन निवारितेन यथाहं तथा यूयमप्यर्धचन्द्रभागिनो भविष्यथ।"

यस किसिमको चिन्तामा परेका दन्तिललाई एकपटक राजद्वारमा द्वारपालहरूले रोक्दै गरेको देखेर कुचो लगाउने त्यस गोरम्भले हाँस्तै द्वारपालहरूसँग "ए द्वारपालहरू हो, सावधान होऊ है, यो दन्तिल राजाको विशेष कृपापात्र हो। यसले राजाका तर्फबाट निग्रह अर्थात् दण्डित तथा अनुग्रह अर्थात् पुरस्कृत गराउने अधिकार पाएको छ। यसलाई रोक्दाखेरि अस्ति नै मलाई लगाएजस्तै तिमीहरूलाई पनि राजाले घोक्रेठ्याक लगाउलान् है, होस गर" भन्दै खिसी गऱ्यो।

तच्छ्रुत्वा दन्तिलश्चिन्तयामास– "नूनमिदमस्य गोरम्भस्य चेष्टितम्। अथवा साध्विदमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोरम्भको यस्तो कुरो सुनेर दन्तिलले आफ्नै मनमा– 'यो सारा चालबाजी निश्चय पनि यसै गोरम्भको रहेछ। कसैले ठिकै भनेका रहेछन्–

अकुलीनोऽपि मूर्खोऽपि भूपाक्षं योऽत्र सेवते।
अपि संमानहीनोऽपि स सर्वत्र प्रपूज्यते॥ १५९॥

राजाका सेवामा नियुक्त भएको मानिस चाहे जतिसुकै कुलहीन, मूर्ख एवं राजाबाट जतिसुकै हेपिएको किन नहोस्, दुनियाँमा उसको आदर नै हुन्छ।

अपि कापुरुषो भीरुः स्याच्चेन्नृपतिसेवकः।
तथापि न पराभूर्ति जनादाप्नोति मानवः" ॥ १६०॥

राजाको नोकर कायर, डरछेरुवा नै किन नहोस्, त्यो जनसमुदायमा कहिल्यै पराजित हुँदैन। डरछेरुवा र कायर व्यक्ति पनि राजाको सेवामा आएपछि प्रजा वर्गमा सिंहको जस्तै बलवान् ठान्न थालिन्छ। निकै ठूलाठूला व्यक्तिहरूले पनि उसलाई पराजित गर्न सक्दैनन्' भन्ने सोच्यो।

एवं स बहुविधं विलप्य विलक्षमनाः सोद्वेगो गतप्रभावः स्वगृहं गत्वा, निशामुखे गोरम्भमाहूय वस्त्रयुगलेन संमान्येदमुवाच—भद्र! मया न तदा त्वं रागवशान्निःसारितः। यतस्त्वं ब्राह्मणानमग्रतोऽनुचितस्थाने समुपविष्टो दृष्ट इत्यपमानितः, तत्क्षम्यताम्"।

निकै बेरसम्म पश्चात्तापपूर्वक विलाप गरिसकेपछि त्यो दन्तिल नामको सेठ लज्जित, निस्तेज, एवं खिन्न भएर आफ्ना घरतिर फर्कियो। घर पुगेपछि रातको पहिलो पहरमै गोरम्भलाई बोलाएर धोती तथा दोसल्लाले त्यसलाई सम्मानित गरिसकेपछि "भद्र! त्यस बेला मैले तिमीलाई कुनै रिसका कारण निकालेको थिइनँ। तिमी ब्राह्मणहरूभन्दा पहिले नै उच्च स्थानमा गएर बसेका थियौ, त्यो देखेर अपमानित गरेको थिएँ। अब तिमी त्यस अपमानलाई बिर्सिदेऊ र मलाई माफ गर" भन्यो।

सोऽपि स्वर्गराज्योपमं तद्वस्त्रयुगलमासाद्य परं परितोषं गत्वा, तमुवाच– "भोः श्रेष्ठिन्! क्षान्तं मया ते तत्, तदस्य संमानस्य कृते पश्य मे बुद्धिप्रभावं, राजप्रसादं च।" एवमुक्त्वा सपरितोषं निष्क्रान्तः। साधु चेतमुच्यते–

गोरम्भले स्वर्गका राज्यको जस्तै सुख दिनेखालका ती दुई वस्त्रहरू पाएर सन्तोषपूर्वक त्यस सेठसँग भन्यो– हेर सेठ! मैले त्यस अपमानका लागि तिमीलाई क्षमा गरेँ। तिमीले आफ्नो यस सम्मानका बदलामा अब मेरो बुद्धि र यसको प्रभावलाई पनि हेर अनि राजाका अनुग्रह पनि हेर। यति भनेर त्यहाँबाट ऊ गयो। कसैले ठिकै पनि भनेका रहेछन्–

स्तोकेनोन्नतिमायाति स्तोकेनायात्यधोगतिम्।
अहो सुसदृशी चेष्टा तुलायष्टेः खलस्य च॥ १६१॥

तराजुको डन्डी र क्रूर व्यक्तिको स्वभाव उस्तै हुन्छ। अलिकति कम हुनेबित्तिकै झट्टै माथि पनि चढ्छ र अलिकति तल आउनेबित्तिकै ह्वात्त तल पनि झर्छ। अर्थात् क्रूर वा नीच व्यक्ति अलिकतिले प्रसन्न पनि हुन्छ र अलिकतिले अप्रसन्न पनि हुन्छ।

ततश्चान्येद्युः स गोरम्भो राजकुले गत्वा योगनिद्रां गतस्य भूपतेः संमार्जनक्रियां कुर्वन्निदमाह– "अहो, अविवेकोऽस्मद्भूपतेः, यत्पुरीषोत्सर्गमाचरंश्चिर्भटीभक्षणं करोति।"

अर्को दिन गोरम्भले राजभवनमा गएर अर्द्धनिद्रित राजाको ओछ्याननजिकै कुचो लगाउँदै– "हाम्रा महाराजको यो कति ठूलो अज्ञानता हो, उनी त मलत्याग गर्दा पनि गँङ्टा पो खाँदा रहेछन्" भनिदियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तच्छ्रुत्वा राजा सविस्मयं तमुवाच— "रे रे गोरम्भ ! किमप्रस्तुतं तपसि ? गृहकर्मकरं मत्वा त्वां न व्यापादयामि। किं त्वया कदाचिदहमेवंविधं कर्म समाचरन्दृष्टः ?"

गोरम्भको त्यस कुरालाई सुनेर आश्चर्यचकित भएका राजा जङ्गिँदै— "ए गोरम्भ ! कस्तो फट्याइँ बोलेको हँ ? दरबारको पुरानो नोकर ठानेरमात्रै तँलाई नमारेको हुँ, बुझिस्। मैले यस्तो गरेको तैँले कहिले देखिस् हँ ?" भनेर झपार्दै सोधे।

सोऽब्रवीत्— "देव ! द्यूतासक्ततया रात्रिजागरणेन संमार्जनं कुर्वाणस्य मम बलान्निद्रा समायाता। तयाऽधिष्ठितेन मया किञ्चिज्जल्पितम्, तन्न वेद्मि। तत्प्रसादं करोतु स्वामी निद्रापरवशस्य" इति।

उसले उत्तरमा— "महाराज ! जुवा ज्यादा खेल्नाले व्यस्त रहेर सुत्न भ्याइएन। त्यसैले कुचो लगाउँदा लगाउँदै झपक्क निद्रा परेछ। निद्राका सुरमा के बोलेको थिएँ कुन्नि मलाई केही होसै भएन। खै मुखबाट के निस्कियो मलाई थाहा छैन, माफ पाऊँ महाराज ! मैले जानेर केही बिगार गरेको छैनँ, म निद्राको वशमा परेको थिएँ।" भनेर ज्यादै बिलौना गर्‍यो।

एवं श्रुत्वा राजा चिन्तितवान्— "यन्मया जन्मान्तरेऽपि पुरीषोत्सर्गं कुर्वतां कदापि चिर्भटिका नभक्षिता। तद्यथार्थ व्यतिकरोऽसंभाव्यो ममानेन मूढेन व्याहृतः, तथा दन्तिलस्यापीति निश्चयः। तन्मया न युक्तं कृतं यत्स वराकः संमानेन वियोजितः।

त्यसको कुरो सुनेर राजाले आफ्ना मनभित्र— "मैले, जन्मदेखि आजसम्म कहिल्यै पनि मलत्याग गर्दागर्दै गङ्ग्य खाएको छैनँ। त्यसो भए पनि यस मूर्खले अप्रासङ्गिक एवं असम्भाव्य यस वृतान्तलाई मेरा विषयमा भन्यो। त्यसो हुँदा निश्चय पनि दन्तिलका विषयमा पनि यस्तै केही बकेको हुनुपर्छ। उस बिचरा दयनीय व्यक्तिलाई आफ्नो कृपा र राजसम्मानबाट वञ्चित गरेर मैले असल काम गरिनँ।

न तादृक्पुरुषाणामेवंविधं चेष्टितं संभाव्यते। तदभावेन राजकृतयानि, पौरकृत्यानि च सर्वाणि शिथिलतां व्रजन्ति।" एवमनेकधा विमृश्य दन्तिलं समाहूय निजाङ्गवस्त्राभरणादिभिः संयोज्य स्वाधिकारे नियोजयामास।

त्योजस्तो साधु मानिसले यस्तो मेरा अन्तःपुरमा पसेर कुनै पनि स्त्री वा रानीहरूसँग आलिङ्गन गर्नेजस्तो अनुचित व्यवहारले भरिएको घृणित आचरण गर्नु सम्भव छैन। त्यसका अभावमा राजकाज र सहरको कामकाज दुवै निकै शिथिल भएका छन्" भन्ने ठाने। राजाले मनमा यस किसिमको विचार गरिसकेपछि दन्तिललाई बोलाएर वस्त्रआभूषणआदिले सम्मानित गरेर पुनः उसको पहिलेको पदमा नियुक्त पनि गरिदिए।

"अतोऽहं ब्रवीमि— यो न पूजयते गर्वात्" इति।

दमनकले दन्तिल र गोरम्भको यो कथा सुनाइसकेपछि सञ्जीवकसँग— "त्यसैले म भन्दै छु कि जुन गर्वका कारणले साना वा ठूला जोसुकैले राजभृत्यको सत्कार गर्दैनन्, उनीहरूले दन्तिलकै जस्तो पदच्युत भएर अपमान सहनुपर्ने हुन्छ" भन्यो।

संञ्जीवक आह— "भद्र ! एवमेवैतत्, यद्भवताभिहितं तदेव मया कर्तव्यम्" इति। एवमभिहिते दमनकस्तमादाय पिङ्गलकसकाशमगमत्। आह च— "देव ! मयानीतः स सञ्जीवकः, अधुना देवः प्रमाणम्।"

दमनकको कुरो सुनेपछि सञ्जीवकले— "भद्र ! तिमीले जे भन्दछौ, त्यो कुरो ठिक हो। म तिम्रो भनाइअनुसार चल्नेछु" भन्यो। यसै किसिमले सञ्जीवकबाट प्रतीज्ञा गराएर दमनकले उसलाई लिएर पिङ्गलकसमक्ष गयो। त्यहाँ पुगेर पिङ्गलकलाई प्रणाम गर्दै उसले—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"महाराज ! मैले सञ्जीवकलाई तपाईंका सेवामा उपस्थित गराएँ। अब तपाईंको जस्तो इच्छा छ, उहीअनुसारको व्यवहार गर्नुहोस्" भन्यो।

सञ्जीवकोऽपि तं सादरं प्रणम्याऽग्रतः सविनयं स्थितः। पिङ्गलकोऽपि तस्य पीनायतककुद्यतो नखकुलिशानङ्कृतं दक्षिणपाणिमुपरि दत्वा संमानपुरःसरमुवाच– "अपि शिवं भवतः ? कुतस्त्वमस्मिन्वने विजने समायातोऽसि ?"

सञ्जीवकले पनि पिङ्गलकलाई सादर प्रणाम गरिसकेर उसैका अगाडि विनम्र भई उभियो। पिङ्गलकले पनि उसको ठूलो एवं अलि लामो जुरोमाथि आफ्नो दाहिने हातका नखरूपी अङ्कुशले सुशोभित गर्दै– "तपाईं सकुशल त हुनुहुन्छ ? कहाँबाट कसरी यस निर्जन वनमा आउनुभयो त ?" भनी सोध्यो।

तेनाऽप्यात्मवृत्तान्तः कथितः, यथा सार्थवाहेन वर्धमानेन सह वियोगः सञ्जातस्तथा सर्व निवेदितम्।

आफ्नो कुशलताको समाचार बताइसकेपछि सञ्जीवकले आफू व्यापारी वर्धमानसँग त्यहाँ आएको र उसँग बिछोडिएको सम्पूर्ण घटना यथाक्रमले सुनाइदियो।

एतच्छ्रुत्वा पिङ्गलकः सादरतरं तमुवाच– "वयस्य ! न भेतव्यं, मद्भुजपञ्जर-परिरक्षि–तेऽस्मिन् वने यथेच्छं त्वयाऽधुना वर्तितव्यम्। अन्यच्च, नित्यं मत्समीपवर्तिना भाव्यम्। यतः कारणात् बह्वपायं रौद्रसत्त्वनिषेवितं वनं गुरूणामपि सत्त्वानामसेव्यं, कुतः शष्पभोजिनाम्" इति।

सञ्जीवकले आत्मकथा सुनाइसकेपछि पिंङ्गलकले अझै आदरका साथ– "हे मित्र ! डराउनुपर्ने कुनै कारण छैन। मेरा बाहुपञ्जरद्वारा संरक्षित यस वनमा निर्भय भएर तिमी आफूखुसी रहन सक्छौ। यति कुरोचाहिँ मान्नू कि मेराविपरीत कहिल्यै नभइदिनू। सधैँ मेरानजिकै रहने प्रयत्न गर्नू, किनभने अनेक आपत्तिहरूबाट भरिएको यो वन भयानक एवं बलिया प्राणीहरूका लागि पनि निस्फिक्री रहनेयोग्य छैन। तिमी त अझ एउटा तृणभोजी प्राणी हौ। तिम्रा लागि त अझै अरू खतरा हुन सक्छ" भन्यो।

एवमुक्त्वा सकलमृगपरिबृतो यमुनाकच्छपमवतीर्योदकग्रहणं कृत्वा स्वेच्छया तदेव वनं प्रविष्टः। ततश्च करटकदमनकनिषिप्तराज्यभारः सञ्जीवकेन सह सुभाषितगोष्ठी-मनुंभवन्नास्ते। अथवा साध्विदमुच्यते–

सञ्जीवकलाई आश्वस्त गरिसकेपछि अरू सारा वन्य प्राणीहरूसँगै यमुनाका तटबाट पानीमा ओर्लिएर पिङ्गलकले पानी खायो। फेरि आफ्नो इच्छाअनुसार उसै वनमा फिर्ता भयो। त्यस दिनदेखि राज्यको भार करटक र दमनकमाथि राखिदियो र स्वयं निश्चिन्त भएर सञ्जीवकसँग सुभाषित गोष्ठीद्वारा विचारविमर्श गर्दै आनन्दले रहन लाग्यो। अथवा ठिकै पनि भनिएको रहेछ–

यदृच्छयाऽप्युपनतं सकृतसज्जनसङ्गतम्।
भवत्यजरमत्यन्तं नाभ्यासंक्रममीक्षते॥ १६२॥

सज्जन पुरुषको सङ्गति यदि अकस्मात् संयोगले पाइन्छ पनि त्यो आजन्मका लागि अमर हुन पुग्छ। पुनः भेटियो भने पनि त्यसमा बारम्बार आवागमनको अपेक्षा रहँदैन। अर्थात् सज्जन व्यक्तिसँग भएको अचानकको भेटघाट पनि जन्मभरिका लागि मित्रताको विषय बनेर रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सञ्जीवकेनाप्यनेकशास्त्रावगाहनादुत्पन्नबुद्धिप्रागल्भ्येन स्तोकैरेवाहोभिर्मूढमतिः स एव पिङ्गलको भीमांस्तथा कृतो, यथारण्यधर्माद्वियोज्य ग्राम्यधर्मेषु नियोजितः ।

अनेक शास्त्रहरूको अध्ययन विश्लेषणबाट उत्पन्न बुद्धिको प्रचुरताका कारण सञ्जीवकले सञ्जीवकले केही दिनभित्रैमा त्यस मूर्ख पिङ्गलकलाई यति बुद्धिमान् बनाइदियो कि उसले हिंसाआदि अरण्यधर्म नै बिर्सियो। त्यसको स्वभाव र आचरण देख्ता उसले अरण्यधर्मबाट विमुख भएर ग्राम्यधर्म नै स्वीकार गरेको होला कि जस्तो लाग्दथ्यो ।

किं बहुना, प्रत्यहं पिङ्गलकसञ्जीवकावेव केवलं रहसि मन्त्रयतः, शेषः सर्वोऽपि मृगजनो दूरीभूतस्तिष्ठति। करटकदमनकावपि प्रवेशं न लभेते।

धेरै भन्नु त आवश्यक छैन तर सञ्जीवकबाट पिङ्गलक यति प्रभावित भएछ कि अब त यी दुईले मात्रै आपसी मन्त्रणाहरू गर्न लागे। बाँकी अरू सबै वन्यप्राणीहरू तटस्थ भएर मौन बस्तथे। यहाँसम्म कि उनीहरूका मन्त्रणाका समयमा करटक र दमनकको पनि प्रवेश हुँदैनथ्यो।

अन्यच्च, सिंहपराक्रमाभावात्सर्वोऽपि मृगजनस्तौ च शृगालौ क्षुधाव्याधिबाधिता एकां दिशमाश्रित्य स्तिथाः। उक्तञ्च–

स्थिति यहाँसम्म पुग्यो कि, सिंहले मृगया आदिबाट विरक्त भई बसेको हुनाले अरू हिंस्रक वन्यप्राणीका साथ ती दुई स्याल पनि भोक र रोगले पीडित भएर एकातिर तटस्थ एवं शान्त भएर बसिरहेका हुन्थे। भनिएको पनि छ–

फलहीनं नृपं भृत्याः कुलीनमपि चोन्नतम्।
सन्त्यज्यान्यत्र गच्छन्ति, शुष्क वृक्षमिवाण्डजाः ॥ १६३ ॥ तथा च–

उन्नत र कुलीन भए पनि फलहीन राजालाई छोडेर उसका सेवकहरू त्यसै गरी अन्यत्र जाने गर्दछन्, जसरी विशाल भए पनि सुकेका वृक्ष छोडेर पक्षीहरू टाढा पुग्दछन्। अरू पनि–

अपि संमानसंयुक्ताः कुलीना भक्तितत्पराः ।
वृत्तिभङ्गान्महीपालं त्यजन्त्येव हि सेवकाः ॥ १६४ ॥ अन्यच्च–

राजाद्वारा सम्मानित भइरहेका, परम्परागत रूपमा कुलीन एवं पुर्खौंदेखि राजाको भक्ति गर्दै आएका भृत्यहरूले नै पनि जीविकाको उचित प्रबन्ध नपाएका कारण राजालाई छोडिदिन्छन्। अरू पनि–

कालातिक्रमणं वृत्तेर्यो न कुर्वीत भूपतिः ।
कदाचित्तं न मुञ्चन्ति भर्त्सिता अपि सेवकाः ॥ १६५ ॥

जुन राजाले आफ्ना कर्मचारीलाई बेतन दिने कुरामा ढिलो गर्दैनन्, त्यस्ता राजाले बेला मौकामा कारणवश हप्काउँदा पनि सेवकहरूले कहिल्यै छोडेर अर्को कामका खोजीमा अन्यत्र जाने मन गर्दैनन्।

तथा न केवलं सेवका इत्थंभूताः, यावत्समस्तमस्त्येतज्जगत् परस्परं भक्षणार्थ सामादि–भिरुपायस्तिष्ठति। तद्यथा–

जीविकाको लागि यस किसिमका आचरण केवल सेवकले नै मात्रै गर्दैनन् बरु यो सम्पूर्ण विश्वले नै साम, दान, दण्ड वा भेदनीति अवलम्बन गरेर आआफ्नो स्वार्थ साधन गर्छन्। विश्वका प्रत्येक व्यक्तिले आफ्नो जीविकाका लागि अर्का व्यक्तिलाई सामदान आदिका जालमा फँसाएर उसलाई खाने प्रयास गरिरहन्छन्। जस्तै–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशानामुपरि क्ष्माभृदातुराणां चिकित्सकाः ।
वणिजो ग्राहकाणां च मूर्खाणामपि पण्डिताः ॥ १६६ ॥

यस संसारका सबै देशहरूमा राजाले प्रजालाई, चिकित्सकले रोगीलाई, व्यापारीले ग्राहकलाई चतुरले मूर्खलाई झुक्याएर तिनको सम्पत्ति खाने वा लुट्ने प्रयास गरिरहेका हुन्छन् ।

प्रमादिनां तथा चौरा भिक्षुका गृहमेधिनाम् ।
गणिकाः कामिनां चैव सर्वलोकस्य शिल्पिनः ॥ १६७ ॥

चोरले असावधानलाई, वेश्याले कामुक पुरुषलाई र हातमा सिप भएका मानिसले सबै वर्गका मानिसलाई फँसाउनका लागि सामदान आदिको सुसज्जित पासो हातमा लिएर उनीहरूलाई फँसाउने दाउमा रातदिन पर्खिरहेका हुन्छन् ।

सामादिसज्जितैः पाशैः प्रतीक्षन्ते दिवानिशम् ।
उपजीवन्ति शक्त्या हि जलजा जलजानिव ॥ १६८ ॥ अथवा साध्विदमुच्यते–

जसरी ठूलो माछाले साना माछालाई आफ्ना शक्तिले निल्दछ र आफ्नो जीवन चलाउँछ त्यसै गरी माथि बताइएका मानिसले पनि आपसमा एकले अर्कालाई निल्ने दाउमा मानौँ हातमा पासो लिई पर्खिएर बसेका हुन्छन् र मौका पर्नासाथ विभिन्न उपायहरूले उसलाई आफ्नो जीविकाको लक्ष्य बनाउने प्रयास गर्दछन् । अथवा, ठिकै भनिएको पनि छ कि–

सर्पाणां च खलानां च परद्रव्यापहारिणाम् ।
अभिप्राया न सिद्ध्यन्ति, तेनेदं वर्तते जगत् ॥ १६९ ॥

सर्पहरूको, दुर्जनहरूको तथा अर्काको धन लुट्ने ठगको अभिप्राय प्रायः सिद्ध हुँदैनन् । उनीहरूको अभिप्राय सिद्ध नभएकैले अहिलेसम्म यो विश्व जीवित रहेको छ ।

अनु वाञ्छति शांभवो गणपतेरालु क्षुधार्तः फणी,
तं च क्रौञ्चरिपोः शिखी गिरिसुतासिंहोऽपि नागाशनम् ।
इत्थं यत्र परिग्रहस्य घटना शम्भोरपि स्याद्गृहे,
तत्रान्यस्य कथं न, भाविजगतो यस्मात्स्वरूपं हि तत् ॥ १७० ॥

भोकाएपछि भगवान् शङ्करका गलाको माला बनेको सर्पले उनैको पुत्र गणेशको वाहन मुसालाई नै खान खोज्छ । क्रौञ्चरिपु स्कन्द अर्थात् कार्तिकेय र गणेश दाजुभाइ हुन् । कार्तिकेयको वाहन मयूरले शिवका गलाको हार नागलाई खान खोज्छ । त्यस नागलाई खान चाहने मयूरलाई उनीहरूकी आमा गिरिजाको वाहन सिंहले खान खोज्छ । यसरी हेर्दा भगवान् शङ्करका घरमा नै पारिवारिक कलहका यस्ता घटनाहरू घटित भइरहेका छन् भने अरू सर्वसाधारणका घरमा किन यस्ता घटनाहरू नघटून् ? अनि घटे नै भने पनि त्यसमा आश्चर्य मान्नुपर्ने कुनै कुरो छैन । किनभने शङ्करको त्यही घर नै यस भावी सृष्टिको आदर्श घरको रूपमा मानिएको छ । जब मूल स्वरूपमा नै खाने र खाइनेको भाव व्याप्त हुन्छ भने यस विश्वका अन्य भागमा त्यो भावना रहनु स्वाभाविक नै मान्नुपर्छ ।

ततः स्वामिप्रसादरहितौ क्षुत्क्षामकण्ठौ परस्परं करटकदमनकौ मन्त्रयेते । तत्र दमनको ब्रूते– "आर्य करटक ! आवां तावदप्रधानतां गतौ । एष पिङ्गलकः सञ्जीवकवचनानुरक्तः स्वव्यापारपराङ्मुखः सञ्जातः । सर्वेऽपि परिजनो गतः । तत्किं क्रियते ?"

स्वामी पिङ्गलकका कृपाबाट वञ्चित भएका कारणले भोकले पीडित भएर करटक र दमनकले आपसमा विचारविमर्श गर्न सुरु गरे । कुराको थालनीमा नै दमनकले–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हेर, आर्य करटक ! राजाका दृष्टिमा हामी दुवै ज्यादै हेपिएका छौं। यो पिङ्गलक सञ्जीवकका कुरामा विश्वास गर्दै उसैका लहैलहैमा लागेर कर्तव्यबाट विमुख भइसकेको छ। जीविकाको प्रबन्ध नभएका कारण सबै सेवकहरूले यसलाई छोडेर हिँड्न लागिसके। यस्ता बेलामा हाम्रो कर्तव्य के हो त ?

करटक आह– "यद्यपि त्वदीयवचनं न करोति, तथापि स्वामा स्वदोषनाशाय वाच्यः। उक्तञ्च–

दमनकका प्रश्नको उत्तर दिँदै करटकले– "यद्यपि राजाले तिम्रो कुरो सुन्नेवाला छैनन्, तथापि तिमीले आफूमा लाग्न सक्ने अपवाद मेटाउनका लागि राजालाई तथ्यको जानकारी गराइदिनुपर्छ" भन्यो। भनिएको पनि छ कि–

अश्रृण्वन्नपि बोद्धव्यो मन्त्रिभिः पृथिवीपतिः।
यथा स्वदोषनाशाय विदुरेणाम्बिकासुतः ॥ १७१ ॥ तथा च–

जसरी विदुरले महाराज धृतराष्ट्रलाई उचित र अनुचितको जानकारी दिएका थिए, उसैं गरी आफूमा आउने आरोपबाट जोगिनका लागि मन्त्रीले राजाका हित र अहितको जानकारी गराइदिनै पर्छ। राजाले चाहे उसको कुरो सुनून् अथवा नसुनून्। अरू पनि–

मदोन्मत्तस्य भूपस्य कुञ्जरस्य च गच्छतः।
उन्मार्ग वाच्यतां यान्ति महामात्राः समीपगाः ॥ १७२ ॥

राजा अथवा हात्ती उन्मत्त भएर जथाभावी हिँड्न लागे भने उनीहरूको त्यति निन्दा हुँदैन। यदि निन्दा हुन्छ भने उनलाई सञ्चालन गर्ने मन्त्रीहरूको र माहुतेको नै हुन्छ।

यत्त्वयैष शष्पभोजी स्वामिनः सकाशमानीतः, तत्स्वहस्तेनाङ्गाराः कर्षिताः।"

यस घाँस चर्ने साँढेलाई राजाका छेउमा तिमीले आफैँ ल्याउनसम्म त ल्याएकै हौ। त्यसैबाट तिमीले आफ्नै हातमा आगोको कोइलो राख्ने जस्तो काम पनि गऱ्यौ अर्थात् तिमीले आफ्नै खुट्टामा बन्चरो हान्यौ।

दमनक आह– "सत्यमेतत्, ममायं दोषो, न स्वामिनः। उक्तच्च–

दमनकले– "तिम्रो भनाइ त ठिक छ। यो मेरो दोष पक्का हो र यसमा मेरा राजाको दोष छैन" भन्यो। भनिएको पनि छ कि–

जम्बुको हुड्डयुद्धेन परं चाषाढभूतिना।
दूतिका तन्तुवायेन त्रयो दोषाः स्वयङ्कृताः" ॥ १७३ ॥

स्याल भेडाहरूका युद्धमा मारियो, हामी आषाढभूतिका कारणले नाश भयौँ र दूतिका जुलाहाका कृत्यबाट नष्ट भई। उक्त तीनै व्यक्तिहरूले आआफ्ना विनाशको कारण स्वयंले नै निर्माण गरेका थिए।

करटक आह–कथमेतत् ? सोऽब्रवीत्–

करटकले– "कसरी ?" भनेर सोध्यो। अनि उसले भन्यो–

दूतीजम्बुकाषाढभूति कथा

अस्ति कस्मिंश्चिद्विविक्तप्रदेशे मठायतनम्। तत्र देवशर्मा नाम परिव्राजकः प्रतिवसति स्म। तस्यानेकसाधुजनदत्तसूक्ष्मवस्त्रविक्रयवशात्कालेन महती वित्तमात्रा सञ्जाता। ततः स न कस्यचिद्विश्वसिति। नक्तंदिनं कक्षान्तरात्तां मात्रां न मुञ्चति। अथवा साध्विदमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दूतीजम्बुक र आषाढभूति

कुनै निर्जन स्थानमा सन्यासीहरूको एउटा मठ थियो। त्यहाँ देवशर्मा नामका एक सन्यासी निवास गर्दथ्यो। मठमा आउने साहुमहाजनहरूले भेटीमा चढाएका सुन्दर एवं बहुमूल्य वस्त्रहरूलाई विक्री गरेर केही दिनमा नै त्यस सन्यासीसँग मनग्गे धन एकत्र भएको थियो। उक्त किसिमले धन एकत्रित भइसकेपछि ऊ कसैमाथि पनि विश्वास गर्दैनथ्यो। उसले त्यो जम्मा भएका धनलाई आफ्ना कोठाभन्दा टाढा हुनै दिँदैनथ्यो। अथवा यसो पनि भनिएको छ कि—

अर्थानामर्जने दुःखमर्जितानाञ्च रक्षणे।
आये दुःखं व्यये दुःखं धिगर्थाः कष्टसंश्रयाः ॥ १७४ ॥

पहिले त धनको उपार्जन गर्नु नै अति दुःखको कुरो हुन्छ। पुनः त्यसको रक्षा गर्न पनि उस्तै दुःख हुन्छ। धनको आय अथवा व्यय दुवैमा दुःख हुन्छ। धन मानिसका लागि सर्वदा कष्टप्रद हुन्छ। अतः धनलाई धिक्कार छ।

अधाषाढभूतिर्नाम परवित्तापहारी धूर्तस्तामर्थमात्रां तस्य कक्षान्तरगतां लक्षयित्वा व्यचिन्तयत्— "कथं मयास्येयमर्थमात्रा हर्तव्या ? इति। तदत्र मठे तावद् दृढशिलासञ्चय-वशाद्भित्तिभेदो न भवति, उच्चस्तरत्वाच्चाद्वारेण प्रवेशो न स्यात्। तदेनं मायावचनैर्विश्वास्याऽहं छात्रतां व्रजामि, येन स विश्वस्तः कदाचिन्मम हस्तगतो भविष्यति। उक्तञ्च—

अर्काको धनलाई अपहरण गर्ने आषाढभूति नामका कुनै धूर्तले सन्यासीका उस कक्षमा रहेको धनलाई देखेर— "म यस धनको राशिलाई कसरी अपहरण गरौँ ? बलिया ढुङ्गाहरूले बनाएका यस मठका भित्ताहरूलाई फोरेर सुरुङ्ग हाल्न पनि सम्भव छैन। अति अग्ला भएका कारण यसका पर्खालहरू नाघेर कुनै अर्को बाटो गरी यसमा भित्र पस्न पनि असम्भव छ। अतः एउटै उपाय मात्रै छ। म यसलाई आफ्ना कपटपूर्ण कुराले भुक्याएर विश्वास दिलाउँछु र यसको शिष्य बन्नेछु। कुनै दिन सन्यासीले विश्वास गरेका कारण यसको धन मेरा हातमा आउला। यसरी नै सम्भव हुन्छ" भन्ने सोच्यो। यसका लागि भनिएको पनि छ—

निःस्पृहो नाधिकारी स्यान्नाकामी मण्डनप्रियः।
नाविदग्धः प्रियं ब्रूयात् स्फुटवक्ता न वञ्चकः" ॥ १७५ ॥

निस्पृह अर्थात् भोग गर्नका लागि लोभ नगर्ने व्यक्ति अधिकारी हुँदैन, कामवासना नभएको मानिस सिँगारप्रेमी हुँदैन, अकुशल व्यक्ति प्रिय भाषण गर्न सक्दैन र स्पष्टवादी मानिस ठग पनि हुन सक्दैन।

एवं निश्चित्य तस्यान्तिकमुपगम्य "ॐ नमः शिवाय" इति प्रोचार्य साष्टाङ्गं प्रणम्य च, सप्रश्रयमुवाच— "भगवान्! असारः संसारोऽयम्। गिरिनदीवेगोपमं यौवनम्। तृणाग्निसमं जीवितम्। शरदभ्रच्छायासदृशा भोगाः। स्वप्नसदृशो मित्रपुत्रभृत्यवर्गसम्बन्धः। एवं मया सम्यक् परिज्ञातम्। तत्किं कुर्वतो मे संसारसमुद्रोत्तरणं भविष्यति ?"

आफ्ना मनमा यस प्रकारले गुनेर निश्चित गरिसकेपछि त्यस धूर्तले सन्यासीका नजिकै गएर "ओँ नमः शिवाय" भन्ने मन्त्रको उच्चारण गर्दै साष्टाङ्ग प्रणाम गऱ्यो। अनि विनीत भावले— "भगवन्! यो संसार असार छ। पर्वतबाट खसेका सबै नदीहरूजस्तै युवावस्थामा पनि पतनोन्मुख छ। यो जीवन परालको आगोजस्तै क्षणभङ्गुर छ। भोगविलासहरू शरद् ऋतुको मेघको छायाजस्ता क्षणिक छन्। मित्र, पुत्र तथा भृत्यवर्गका साथको सम्बन्ध स्वप्नजस्तै असत्य छ। मैले यस कुरालाई राम्ररी बुझिसकेको छु। यस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवस्थामा कुन त्यस्तो कर्म होला जसलाई पूरा गर्नाले मलाई यस संसाररूपी सागरबाट पारि जान सम्भव होस् ?" भनेर सोध्यो।

तच्छ्रुत्वा देवशर्मा सादरमाह– "वत्स ! धन्योऽसि त्वं, यत्प्रथमे वयस्येवं विरक्तभावः। उक्तञ्च–

त्यस दुष्टको कुरो सुनेपछि देवशर्माले आदरयुक्त भावका शब्दहरूले– "बाबु ! तिमी जीवनको प्रथम चरण अर्थात् नवयुवक अवस्थामा नै यसरी विरक्त भएछौ, तिमीलाई धन्यवाद छ" भने। भनिएको पनि छ कि–

पूर्वे वयसि यः शान्तः स शान्त इति मे मतिः।
धातुषु क्षीयमाणेषु शमः कस्य न जायते ?॥ १७६॥

जुन व्यक्ति जीवनको पूर्वअवस्थामा नै शान्त बन्न सक्छ मेरा विचारले त्यही नै साँचो शान्त व्यक्ति हो। धातु क्षीण भएपछि वृद्धअवस्थामा कामवासनाको शान्ति कसलाई पो हुँदैन र ? शक्ति नासिएपछि त जोसुकै शान्त भइहाल्छन् नि।

आदौ चित्ते ततः काये सतां संपद्यते जरा।
असतां तु पुनः काये नैव चित्ते कदाचन॥ १७७॥

सज्जन व्यक्तिका चित्तमा पहिले र पछि शरीरमा जरावस्था अर्थात् बुढ्यौलीको शान्ति आउँछ। तर दुष्ट व्यक्तिहरूका शरीरमा मात्रै केवल जरावस्था आउँछ तर चित्तमा कहिल्यै पनि आउँदैन। अर्थात् सज्जन पुरुषहरूको मन पहिले शिथिल हुन्छ र सांसारिक वस्तुहरूबाट विरक्ति आउँछ। कायामा बुढ्यौली पछिबाट मात्रै आउँछ। त्यसको विपरीत दुष्ट व्यक्तिको जब शरीर नै शिथिल भइसक्छ त्यसपछि मात्रै उसमा विरक्ति आउँछ। त्यति हुँदा पनि उसका मनमा चञ्चलता जाँदैन।

यच्च त्वं संसारसागरोत्तरणोपायं पृच्छसि, तच्छ्रूयताम्–

यदि तिमी मसँग यस भवसागरलाई पार गर्ने उपाय सोध्दछौ भने सुन–

शूद्रो वा यदि वान्योऽपि चाण्डालोऽपि जटाधरः।
दीक्षितः शिवमन्त्रेण सभस्माङ्गः शिवो भवेत्॥ १७८॥

शूद्र, चाण्डाल अथवा कुनै पनि अन्य पुरुषहरू नै किन नहोऊन्, यदि जटाधारण गरेका, शिवमन्त्रद्वारा दीक्षित र भस्मविभूषित भएको छ भनेदेखि ऊ साक्षात् शिवकै समान हुन्छ।

षडक्षरेण मन्त्रेण पुष्पमेकमपि स्वयम्।
लिङ्गस्य मूर्ध्नि यो दद्यान्न स भूयोऽभिजायते॥ १७९॥

यदि कुनै व्यक्तिले षडक्षर मन्त्रको उच्चारण गरेर एउटा फूलमात्रै शिवलिङ्गका मस्तकमा चढाउँछ भने पनि संसाररूपी आवागमनबाट विमुक्त भएर उसको पुनर्जन्म हुँदैन।

तच्छ्रुत्वा आषाढभूतिस्तत्पादौ गृहीत्वा सप्रश्रयमिदमाह– "भगवान् ! तर्हि दीक्षाया मेऽनुग्रहं कुरु।"

सन्यासीका कुरा सुनिसकेपछि आषाढभूतिले उसका गोडा पक्रेर विनीत भावले– "भगवन् ! कृपया मलाई दीक्षा दिएर अनुगृहीत गर्नुहोस्" भन्यो।

देवशर्मा आह– "वत्स ! अनुगंह ते करिष्यामि। परन्तु रात्रौ त्वया मठमध्ये न प्रवेष्टव्यम्। यत्कारणं निःसङ्गता यतीनां प्रशस्यते, तव च ममापि च। उक्तञ्च–

देवशर्माले– "वत्स ! म दीक्षारूपी अनुग्रह त गर्नेछु, तर रात्रिका समयमा तिमी मठभित्र प्रवेश गर्न पाउने छैनौ। किनभने सन्यासीहरूका लागि निःसङ्गता अर्थात् एक्लै बस्नु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नै प्रसंशनीय कुरो हो। त्यसो गर्नु नै तिमी र म दुवैका लागि श्रेयस्कर हुन्छ। भनिएको पनि छ–

> दुर्मन्त्रान्नृपतिर्विनश्यति, यतिः सङ्गात्, सुतो लालनाद्
> विप्रोऽनध्ययनात,कुलं कुतनयाच्छीलं खलोपासनात्।
> मैत्री चाप्रयायात, समृद्धिरनयात, स्नेहः प्रवासाश्रयात,
> स्त्री गर्वादनवेक्षणादपि, कृषिस्त्यागात् प्रमादाद्धनम्॥ १८०॥

अनुचित परामर्श ग्रहण गर्नाले राजा, संसर्गमा रहनाले सन्यासी, ज्यादा मायाममता पाउनाले छोरो, अध्ययनबाट विमुख हुनाले ब्राह्मण, कुपुत्र जन्मनाले कुल, दुर्जनका सम्पर्कले शील, स्नेहका अभावले मित्रता, अनाचार गरिहिँड्नाले समृद्धि, प्रवासमा रहनाले स्नेह, राम्रा रूपको गर्वका साथ उचित निरीक्षणका अभावमा ज्यादा स्वतन्त्र हुनाले स्त्री, हेरविचार वा गोडमेलका अभावले खेती र अल्छ्याइँ गरी छोडिदिनाले धन अवश्य नष्ट हुन्छन्।

तत्त्वया व्रतग्रहणानन्तरं मठद्वारे तृणकुटीरके शयितव्यम्" इति।

अतः दीक्षा ग्रहण गरिसकेपछि तिमीले मठका बाहिरतिर खरको कुटी बनाएर त्यतै बस्नेसुत्ने गर" भन्यो।

स आह– "भगवान्! भवदादेशः प्रमाणं, परत्र हि तेन मे प्रयोजनम्"।

देवशर्माको कुरो सुनेपछि उसले– "भगवन्! मेरा लागि तपाईंको आदेश नै पालनीय प्रमाण हुन्छ। किनभने परलोकको साधन गर्नका लागि मलाई त्यसैको आवश्यकता छ" भन्यो।

अथ कृतशयनसमयं देवशर्मा दीक्षानुग्रहं कृत्वा शास्त्रोक्तविधिना शिष्यतामनयत्। सोऽपि हस्तपादावमर्दनादिपरिचर्यता तं परितोषमनयत्। पुनस्तथापि मुनिः कक्षान्तरान्मात्रां न मुञ्चति।

देवशर्माले आषाढभूतिलाई बाहिर सुत्ने प्रतिज्ञा गराइसकेपछि शास्त्रविहित विधिले दीक्षा दिएर उसलाई आफ्नो शिष्य बनायो। आषाढभूतिले पनि हातगोडा मिचिदिएर आफ्ना सेवाद्वारा देवशर्मालाई सन्तुष्ट गरायो। यति भइसकेपछि पनि त्यस मुनिले धनको पोको आफूभन्दा पृथक् कहिल्यै गरेन।

अथैवं गच्छति काले आषाढ़भूतिश्चिन्तयामास– "अहो, न कथञ्चिदेष मे विश्वासमागच्छति। तत्किं दिवापि शस्त्रण मारयामि, किं वा विषं प्रयच्छामि, किं वा पशुधर्मेण व्यापादयामि ? इति।"

यसै गरी अलिक दिन बितेपछि आषाढभूतिले एकपटक– "यसले कहिल्यै मेरो विश्वास गर्ने भएन। त्यसो हुँदा कुनै हतियार लिएर दिउँसै यसको हत्या गरिदिऊँ कि, विष खान दिऊँ अथवा घाँटी थिचेर पशुलाई झैँ मारौँ" भन्ने सोच्यो।

एवं चिन्तयतस्तस्य देवशर्मणः शिष्यपुत्रः कश्चिद्ग्रामादामन्त्रणार्थं समायातः प्राह च– "भगवन्! पवित्रारोपणकृते मम गृहमागम्यताम्" इति।

यस किसिमका कुराहरू सोच्दै कुनै निष्कर्षमा पनि पुग्न भ्याएको थिएन कि देवशर्माका एउटा शिष्यको छोरो उसलाई निम्ता गर्नका लागि गाउँबाट आएर– "भगवन्! पवित्रारोपणका लागि तपाईंले यहाँबाट मसँग जानुपर्‍यो" भन्यो।

तच्छ्रुत्वा देवशर्मा आषाढभूतिना सह प्रहृष्टमनाः प्रस्थितः। अथैवं तस्य गच्छतोऽग्रे काचिन्नदी समायाता। तां दृष्ट्वा मात्रां कक्षान्तरादवतार्य कन्थामध्ये सुगुप्तां निधाय, स्नात्वा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवार्चनं विधाय तदनन्तरमाषाढभूतिमिदमाह– "भो आषाढभूते ! यावदहं पुरीषोत्सर्गं कृत्वा समागच्छामि तावदेषा कन्था योगेश्वरस्य सावधानतया रक्षणीया।" इत्युक्त्वा गतः।

यति कुरो सुनेपछि देवशर्मा मनमनै प्रसन्न हुँदै आषाढभूतिका साथमा जानका लागि निस्किए। अलिक टाढा पुगेपछि बाटामा एउटा नदी आयो। त्यसलाई देखेपछि देवशर्माले धनको पोको लुसुक्क निकालेर बिस्तारैसँग आफ्ना लगौंटीमा लुकायो र स्नानपूजाआदि गरेर– "बाबु आषाढभूति ! म शौच गरेर आउँछु। एकछिन म नआउन्जेल तिमी शिवको प्रतीमा राखिएको यो मेरो लुगा सावधानीपूर्वक हेर्दै गर है" भन्दै त्यहाँबाट गए।

आषाढभूतिरपि, तस्मिन्नदर्शनीभूते मात्रामादाय सत्वरं प्रस्थितः। देवशर्मापि छात्र-गुणानुरञ्जितमनाः सुविश्वस्तो यावदुपविष्ठस्तिष्टति तावतसुवर्णरोमदेशयूथमध्ये हुड्डयुद्धम-पश्यत्।

देवशर्मा त्यहाँबाट छेकिएपछि आषाढभूतिले उसको पोको लिएर तुरुन्तै त्यहाँबाट सुइँकुच्चा ठोक्यो। आफ्नो अनुचर बनेको छात्रगुणले सम्पन्न आषाढभूतिमाथि देवशर्मालाई पूरा विश्वास थियो। अतः निश्चिन्त भएर शौच क्रियामा उनी बसे। त्यसै बेला उनले सुनजस्तै राँ भएका भेडाहरूका हुलमा दुईवटा भेडाहरू आपसमा जुध्न लागेको देखे।

अथ रोषवशाद्हुड्डयुगलस्य दूरमपसरणं कृत्वा भूयोऽपि समुपेत्य ललाटपट्टाभ्यां प्रहरतो भूरि रुधिरं पतति, तच्च जम्बुको जिह्वालौल्येन रङ्गभूमि प्रविश्यास्वादयति।

रिसाएका कारण ती भेडाहरू एकपटक पछिल्तिर हट्दछन् र कुद्दै दुवै अघि सर्दै आएर आआफ्ना टाउकाले एकअर्कालाई हिर्काउँछन्। त्यसो गर्दागर्दै दुवैका टाउकाबाट रगत बग्न लागेको थियो। एउटा स्यालले त्यो देखेछ र रगतको लोभका कारण त्यहाँ आएर ती दुई भेडाका टाउकाबाट बगेको रगत चाट्न लाग्यो।

देवशर्मापि तदालोच्य व्यचिन्तयम्– "अहो ! मन्दमतिरयं जम्बुकः। यदि कथमप्यन-योः सङ्घट्टे पतिष्यति, तन्नूनं मृतयुमवाप्स्यतीति वितर्कयामि। क्षणान्तरे च तथैव रक्तास्वादन-लौल्यान्मध्ये प्रविशंस्तयोः शिरःसंपाते पतितो मृतश्च शृगालः।

देवशर्माले स्यालको त्यस कामलाई देखेर आफ्नै मनमा– "यो स्याल त ज्यादै मूर्ख रहेछ। यदि कुनै किसिमले यी दुई भेडाका मिचाइमा पर्‍यो भने त निश्चित रूपमा यो मर्छ" भनेर यस्तै खालका कुराहरू सोच्दै थिए। नभन्दै एकैछिनमा त्यो स्याल रगत चाट्ने लोभले दुईवटाका बिचमा के परेको थियो, उनीहरूका टाउकाको बलियो ठक्कर लाग्नासाथ त्यहीं खुत्रुक्कै मर्‍यो।

देवशर्मापि तं शोचमानो मात्रामुद्दिश्य शनैः शनैः प्रस्थितो, यावदाषाढभूतिं न पश्यति, ततश्चौत्सुक्येन शौचं विधाय यावत्कन्थामालोकयति तावन्मात्रां न पश्यति।

देवशर्मा त्यस घटनालाई सुरुदेखि अन्त्यसम्म बिस्तारैसँग सम्झँदै आफ्नो पहिलेको ठाउँमा आए। त्यहाँ पुगेपछि जब उनले आषाढभूतिलाई देखेनन् अनि आत्तिएर झटपट हातमुख धोई कुल्लाआदि गरेर राखेको लुगामा हेरे।

ततश्च– "हा ! हा मुषितोऽस्मि" इति जल्पन्पृथिवीतले मूर्च्छया निपपात। ततः क्षणाच्चेतनां लब्ध्वा, भूयोऽपि समुत्थाय फुत्कर्तुमारब्धः– "भो आषाढभृते ! क्व मां वञ्चयित्वा गतोऽसि ? देही मे प्रतिवचनम्"। एवं बहु विलप्य तस्य पदपद्धतिमन्वेषयन् शनैः शनैः प्रस्थितः।

त्यहाँ पोको थिएन। त्यसपछि "हरे म लुटिएँ, मेरो सर्वस्व गयो" भन्दै बिलौना गर्दै भुइँमा ढल्न पुगे र मूर्च्छा पर्‍यो। एकछिनपछि बौरिएर होसमा आएर फेरि बसे र अझै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जोडतोडले रुँदै– "ऐ आषाढभूति ! मलाई लुटेर तँ कतातिर लागिस् ? मलाई भन्, मेरो धन फिर्ता दे" भन्दैं ज्यादै बिलौना गाउँदै उसका पाइलाको चिह्न पइल्याउँदै उसलाई खोज्दै बिस्तारैसित हिंडे।

अथैवं गच्छन् सायन्तनसमये कञ्चिद्ग्राममाससाद। अर्थ तस्माद ग्रामात्कनित्कौलिकः सभार्यो मदपानकृते समीपवर्तिनि नगरे प्रस्थितः। देवशर्मापि तमालोक्य प्रोवाच– भो भद्र ! वयं सूर्योढा अतिथयस्तवान्तिकं प्राप्ताः। न कमप्यत्र ग्रामे जानीमः, तद्गृह्यतामतिथिधर्मः। उक्तञ्च–

जाँदाजाँदै घाम अस्ताउने बेलामा उनले एउटा गाउँ फेला पारे। त्यस गाउँबाट कुनै एउटा जुलाहा आफ्नी स्वास्नी साथ लिएर जाँड खानका लागि नजिकैको सहरतिर जान लागेको रहेछ। देवशर्माले त्यसलाई देखेर– "भद्र ! म सूर्यास्तका समयमा यहाँ आइपुगेको अतिथि हुँ। यस गाउँमा मैले कुनै पनि व्यक्तिलाई चिनेजानेको छैनँ। अतः आजका लागि मेरो आतिथ्य गर्न तिमी नै स्वीकार गर अर्थात् मलाई आजको रातका लागि बास देऊ। भनिएको पनि छ–

संप्राप्तो योऽतिथिः सायं सूर्योढो गृहमेधिनाम्।
पूजया तस्य देवत्वं प्रयान्ति गृहमेधिनः॥ १८१ ॥ तथा च–

सूर्यास्तकालमा गृहस्थका द्वारमा आएको व्यक्ति अतिथि हुन्छ र त्यसको सेवा, पूजामात्र गर्नाले गृहस्थलाई देवत्व प्राप्त हुन्छ। अरू पनि–

तृणानि भूमिरुदकं वाक्चतुर्थी च सूनृता।
सतामेतानि हर्म्येषु नोच्छिद्यन्ते कदाचन॥ १८२ ॥

ओछ्याउनका लागि घाँसपराल वा पिरा, बिसाउनका लागि भुइँ, पिउन वा हातगोडा धुनका लागि पानी र सुत्नका लागि मिठो बोली यी चार कुराहरूको सज्जनका घरमा कहिल्यै अभाव हुँदैन।

स्वागतेनाग्नयस्तेप्ता आसनेन शतक्रतुः।
पौदशौचेन पितरः अर्घाच्छंभूस्तथातिथेः" ॥ १८३ ॥

अतिथिको स्वागत गर्नाले अग्नि, आसन दिनाले इन्द्र, गोडा धोइदिनाले पितृ र अतिथिलाई अर्घ्य अर्थात् खानपिन दिनाले शिव तृप्त हुन्छन्" भने।

कौलिकोऽपि तच्छ्रुत्वा भार्यामाह– "प्रिये ! गच्छ त्वमतिथिमादाय गृहं प्रति, पादशोचभोजनशयनादिभिः सत्कृत्य त्वं तत्रैव तिष्ठ, अहं तव कृते प्रभूतं मदमानेष्यामि।" एवमुक्त्वा प्रस्थितः।

उपर्युक्त कुरो सुनेपछि कौलिक भनिने गरेको त्यस जुलाहाले आफ्नी स्वास्नीसँग– "तिमी अतिथिलाई लिएर घर जाऊ र यिनका हातगोडा धुंवाएर भोजन गर्ने र सुत्ने ठाउँको बन्दोबस्त गरी यिनको सेवा गर्दै त्यहीं बसिराख, म तिम्रा लागि पनि मनग्गे मदिरा लिएर आउँछु" भन्दै त्यहाँबाट गयो।

सापि भार्या पुंश्चली तमादाय प्रहसितवदना देवदत्तं मनसि ध्यायन्ती गृहं प्रतिप्रतस्थे। अथवा साध्विदमुच्यते–

त्यसकी व्यभिचारिणी स्वास्नी पनि अतिथिलाई लिएर आफ्ना मनले देवदत्त नामको उपपति (नाठो)लाई सम्झँदै प्रसन्न हुँदै त्यहाँबाट फर्किएर घरतिर आई। अथवा ठिकै पनि भनिएको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुर्दिवसे धनतिमिरे दुःसञ्चारासु नगरवीथीसु।
पत्युर्विदेशगमने परमसुखं जघनचपलायाः ॥ १८४ ॥ तथा च–

आकाशमा बादलले ढ्याम्म ढाकेको, बाक्लो अँध्यारोले छोपेको, सहरका गल्लीहरूमा अँध्याराका कारण मानिसको आवतजावत रोकिएको र पति परदेश गएकोजस्ता दुर्दिनहरूले व्यभिचारिणी स्त्रीहरूका मनमा ज्यादै आनन्द दिन्छन्।

पर्यङ्कं स्वास्तरणं पतिमनुकूलं मनोहरं शयनम्।
तृणमिव लघु मन्यन्ते कामिन्यश्चौर्यरतलुब्धाः ॥ १८५ ॥ तथा च–

सुन्दर र स्वच्छसफा तन्ना कसिएको ओछ्यान, अनुकूल पति र मनोहर शय्या पनि परपुरुषसँग रमाउन चाहने व्यभिचारिणी स्त्रीहरूका लागि घाँससरिका महत्त्वहीन वस्तु हुन्।

केलिः प्रदहति मज्जां शृङ्गारोऽस्थीनि चाटवः कटवः।
वन्धक्याः परितोषो न किञ्चिदिष्टे भवेत्पत्यौ ॥ १८६ ॥

कुलटा स्त्रीहरूका लागि आफ्नो पतिसँग सन्तोष प्राप्त त हुँदैन नै त्यसका साथै आफ्ना पतिसँग प्रसङ्ग गर्न लाग्दा पनि उसको भित्रैदेखि आँत गलेर आउँछ, आफ्नो पतिका लागि शृङ्गार गर्दा पनि उसका हड्डीहरू गलेर आउँछन् र पतिका असल वाक्यहरू पनि उसलाई कलबिखजस्तै तितो लाग्छन्।

कुलपतनं जनगर्हां बन्धनमपि जीवितव्यसनदेहम्।
अङ्गीकरोति कुलटा सततं परपुरुषसंसक्ता ॥ १८७ ॥

परपुरुषसँग प्रसङ्ग गरेर आनन्द लिन पल्केका कुलटा स्त्रीहरू आफ्ना कुलको पतन, लोकनिन्दा, बन्धन तथा मृत्युलाई पनि सहर्ष स्वीकार गर्दछन्।

अथ कौलिकभार्या गृहं गत्वा देवशर्माणे गतास्तरणां भग्नां च खट्वां समर्प्येदमाह– "भगवन् ! यावदहं स्वसखीं ग्रामादम्यागतां सम्भाव्य द्रुतमागच्छामि तावत्त्वयाऽप्रमत्तेन भाव्यम्।" एवमभिधाय, शृङ्गारविधिं विधाय यावद्देवदत्तमुद्दिश्य ब्रजति तावत्तद्भर्ता संमुखो मदविह्वलाङ्गो मुक्तकेशः पदे पदे प्रस्खलन् गृहीतमद्यभाण्डसमभ्येति। तं च दृष्ट्वा सा द्रुततरं व्याघुढ्य स्वगृहं प्रविश्य मुक्तशृङ्गारवेषा यथापूर्वमभवत्।

जुलाहाकी स्वास्नीले घरमा पुगेर बिनाओछ्यानको भाँचिएको खाट एउटा देखाएर देवशर्मालाई– "भगवन् ! अर्का गाउँबाट आएकी मेरी एउटी साथीलाई भेटेर म एकैछिनमा आउँछु, त्यतिन्जेल मेरा घरमा आराम गर्दै गर्नुहोस् है" भन्दै शृङ्गारआदि गरिसकेपछि जब आफ्नो प्रेमी देवदत्तसँग भेट गर्नका लागि हिंड्ने भनेर पाइलोमात्रै बाहिर के राखेकी थिई, उसै बेला उसको पति रक्सीले मात्तिएर कपाल जिङ्ग्रिङ पार्दै पाइलैपिच्छे लड्दै धर्खराउँदै हातमा रक्सीको बोतल बोकेर टुप्लुक्क आइपुग्यो। त्यसलाई देख्नेबित्तिकै ऊ फर्किएर घरभित्र पसी अनि गहनागुरिया खोलेर पहिलेको जस्तै साधारण भएर बसी।

कौलिकोऽपि तां पलायमानां कृतादभुतशृङ्गारां विलोक्य प्रागेव कर्णपरम्परयातस्या अपवादधवणाक्षुधितहृदयः स्वाकारं निगूहमानः सदैवास्ते। ततश्च तथाविधं चेष्टितमवलोक्य दृष्टप्रत्ययः क्रोधवशगो गृहं प्रविश्य तामुवाच– "आः पापे, पुंश्चलि ! क्व प्रस्थितासि ?"

गहनाहरूले सजिएर हत्तरपत्तर घरभित्र पस्दै गरेकी आफ्नी स्वास्नीलाई जुलाहाले देखिसकेछ। उसले पहिलेदेखि नै उसकी स्वास्नीका स्वभावका विषयमा एक कान दोकान गाइँगुइँ सुनिराखेको हुनाले केही रिसाएको जस्तो पनि भएको थियो तापनि आफ्ना मनको भावलाई लुकाएर बसिरहेको थियो। यति बेला आफ्नी स्वास्नीको उक्त चालामाला देखेपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसलाई पक्का विश्वास भइसकेको थियो। त्यसैले घरमा पस्नासाथ रिसले आगो भएर उसले– "पापिनी फुँडी ! तँ अहिले कहाँ मुन्टिएकी थिइस्" भनेर जर्कँदै सोध्यो।

सा प्रोवाच– "अहं त्वत्सकाशादागता न कुत्रचिदपि निर्गता, तत्कथं मद्यपानवशादप्रस्तुतं बदसि ? अथवा साध्विदमुच्यते–

उसकी स्वास्नीले– "तिमीसँगबाट छुटिएर आएपछि म कतै पनि गएकी छैनँ। रक्सीले मात्तिएर आएको भन्दैमा तिमीले किन यस्तो नचाहिँदो कुरो गर्न लागेका ? अथवा ठिकै पनि भनिएको रहेछ–

वैकल्पं धरणीपातमयथोचितजल्पनम्।
संनिपातस्य चिह्नानि मद्यं सर्वाणि दर्शयेत्॥ १८८॥

कमजोर हुनु, भुइँमा पुक्लुक्क ढल्नु र नचाहिँदा कुरा गर्नु यस्ता सबै नै सन्निपातका लक्षण हुन्। तर मदिराले यी तीनोटै कुरालाई प्रकट गरिदिन्छ। अर्थात् मनमा अत्यास लाग्नु, बेहोस हुनु र जेसुकै कुरो बर्बराउनु यी तीनमध्ये कुनै एक भयो भने सन्निपात भएको लक्षण हुन्छ तर मदिरा खाएका मानिससँग यी तीनैवटा दोष एकैपटक देखिन्छन्।

करस्पन्दोऽम्बरत्यागस्तेजोहानिः सरागता।
वारुणीसङ्गजावस्था भानुनाप्यनुभूयते॥ १८९॥

हातमा कम्पन छुटेको देखिनु, लुगालाई अनायास हटाउनु, भुइँमा ढल्नु, शरीरको शक्ति सकिँदै जानु अनि अनुहारमा रातोपना देखिनु यी सबै वारुणी अर्थात् रक्सीका प्रभावलाई देखाउने कुराहरू हुन्। वरुण दिशा अर्थात् पश्चिम दिशातर्फ लाग्दा भगवान् सूर्यले पनि यिनै लक्षणहरू अनुभव गर्दछन्" भनी।

सोऽपि तच्छ्रुत्वा प्रतिकूलवचनं, वेपविपर्ययं चावलोक्य तामाह– "पुंश्चलि! चिरकालं श्रुतो मया तवापवादः। तदद्य स्वयं सञ्जातप्रत्ययस्तव यथोचितं निग्रहं करोमि।" इत्यभिधाय लगुडप्रमहारैस्तां जर्जरितदेहां विधाय, स्थूणया सह दृढबन्धनेन बद्ध्वा सोऽपि मदविह्वलो निद्रावशमगमत्।

स्त्रीका मुखबाट उसका सोचाइको विपरीत कुरो सुनेपछि र उसले देखेका भन्दा भिन्न लुगा देखेपछि कौलिकले रिसले चुर हुँदै– "फुँडी ! तेरा विषयमा दुनियाँले गरेको बयान त मैले धेरै दिनदेखि सुनिरहेको छु। आज आफ्नै आँखाले देखिसकेपछि त मलाई पूरै विश्वास पनि भयो। त्यसैले आज म तेरो गतिलो ओखती गरेरै छाड्छु" भनेर कुर्लिँदै लौराले हिर्काएर त्यसलाई थिल्थिलो बनाएर खाँबामा बाँध्यो। रक्सीको मात लागेकाले ऊ पनि सुत्यो र निदायो।

अत्रान्तरे तस्याः सखी नापिती कौलिकं निद्रावशगतं विज्ञाय तां गत्वेदमाह– "सखि ! स देवदत्तस्तस्मिन्स्थाने त्वां प्रतीक्षते, तच्छीघ्रमागम्यताम्" इति।

यता घटना यस्तै भइरहेको थियो। अर्कातिर त्यस बेला कौलिककी स्वास्नीकी एउटी हजामकी पत्नी नापिती नाम गरेकी साथी थिई, त्यो त्यहाँ आई र कौलिक निदाएको देखेर उसका नजिकै गई– "ए, साथी ! देवदत्त वहाँ तिम्रो बाटो हेरेर बसिरहेको छ, छिटो जाऊ" भनी।

सा चाह– "पश्य ममावस्थां, तत्कथं गच्छामि ? तद्गत्वा ब्रूहि तं कामिनं "यदस्यां रात्रौ न त्वया सह समागमः।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसले– "मेरो अवस्था पनि त हेर, म कसरी जान सक्छु र ? तिमी नै त्यहाँ गएर उसँग आजको रात हाम्रो समागम हुन सम्भव छैन भनिदेऊ" भनी।

नापिती प्राह– "सखि ! मा मैवं वद, नायं कुलटाधर्मः। उक्तञ्च–

उसको कुरो सुनेपछि नापितीले– "हेर साथी ! त्यसो नभन, हामीजस्ता कुलटाको धर्म यस्तो हुँदैन। भनिएको छ कि–

विषमस्थस्वादुफलग्रहणव्यवसायनिश्चयो येषाम्।
उष्ट्राणमिव तेषां मन्येऽहं शंसितं जन्म ॥ १९० ॥ तथा च–

उँटले अप्ठ्यारा ठाउँमा भएको फल प्राप्त गर्न चाहन्छ, त्यस्तै गरी अप्ठ्यारा काम गर्ने व्यक्तिको जीवन नै प्रशंसनीय हुन्छ। फेरि अरू पनि–

सन्दिग्धे परलोके जनापवादे च जगति बहुचिन्ने।
स्वाधीने पररमणे धन्यास्तारुण्य फलभाजः ॥ १९१ ॥ अन्यच–

परलोक भनेको शङ्कास्पद कुरो हो र यस विचित्र रूप भएका नाना भाँतिको संसारमा जन्म लिइसकेपछि अनेकौं खालका अपवाद त जोसुकैलाई लाग्दै गर्छन्, त्यसैले परपुरुषसँग गमन गर्ने मौका पाइयो भने नै तरुणअवस्थाको पूरा आनन्द लिन सकिन्छ र त्यस्तै व्यक्तिको जीवन पनि धन्य हुन्छ। फेरि अरू पनि–

यदि भवति दैवयोगात् पुमान् विरूपोऽपि बन्धकी रहसि।
न तु कृच्छ्रादपि भद्रं निजकान्तं सा भजत्येव ॥ १९२ ॥

यदि संयोगवश एकान्तमा भेट गर्न चाहने कुनै परपुरुष कुरूप छ भने र कष्ट सहनुपर्छ भने पनि कुलटाले त्यससँग सहवास गर्छे, तर राम्रो रूपको भए पनि आफ्ना पतिसँग गर्दिन" भनी।

साऽब्रवीत्– "यद्येवं, तर्हि कथय कथं दृढबन्धनैर्बद्धा सती तत्र गच्छामि ? संनिहित–श्चायं पापात्मा मत्पतिः।"

कौलिककी स्वास्नीले– "यदि कुरो यसै हो भने पनि तिमी नै भन त, म यस कठिन बन्धनमा बाँधिएकी हुनाले कसरी त्यहाँ जान सक्छु ? फेरि मेरो यो पापी पति पनि त यहीं पसारिएको छ" भनी।

नापित्याह– "सखि ! मदविह्वलोऽयं सूर्यकरस्पृष्टः प्रबोधं यास्यति। तदहं त्वामुन्मोचयामि। मामात्मस्थाने बद्ध्वा द्रुततरं देवदत्तं सम्भाव्यागच्छ।"

नापितीले– "हेर साथी ! रक्सीको मात लागेर सुतेको यो रक्स्याहा भोलि घाम नभुल्किइसकेपछि मात्रै उठ्छ। म तिमीलाई खोलिदिन्छु, तिमीले मलाई तिम्रा ठाउँमा बाँधेर जाऊ र सकेसम्म चाँडै देवदत्तलाई भेटेर आऊ" भनी।

साऽब्रवीत्– "एवमस्तु" इति।

कौलिककी स्वास्नीले– "कुरो त राम्रो हो, तिमी जसो भन्छ्यौ म उसै गर्छु" भनी।

तदनु सा नापिती तां स्वसखीं बन्धनाद्विमोच्य तस्याः स्थाने यथापूर्वमात्मानं बद्ध्वा, तां देवदत्तसकाशे सङ्केतस्थानं प्रेषितवती।

त्यसपछि नापितीले आफ्नी साथीलाई खोलेर फुक्का गरिदिई र उसका ठाउँमा आफैं बाँधिएर उसलाई देवदत्तले पर्खिएर बसेका ठाउँतिर पठाइदिई।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथाऽनुष्ठिते कौलिकः कस्मिंश्चित्क्षणे समुत्याय किञ्चिद् गतकोपो विमदस्तामाह— "हे परुषवादिनि ! यदद्यप्रभृति गृहान्निष्कमर्ण न करोचि, न च परुषं वदसि ततत्त्वामुन्मोचयामि।"

एकछिन पछि कौलिक जाग्यो र उठेर बस्यो। नसा र रिस अलिकति कम भएको हुनाले उसले— "ए ढँटुई, पापिनी ! अबदेखि फेरि कहिल्यै बाहिर पनि निस्कन्नँ र ढाँट्न छोड्छु भन् त, म तँलाई अहिल्यै खोलिदिन्छु" भन्यो।

नापित्यपि स्वरभेदभयादावच किञ्चिदूचे तावत्सोऽपि भूंयो भूयस्तां तदेवाह। अथ सा यावत्प्रत्युत्तरं किमपि न ददौ तावत्स प्रकुपितस्तीक्ष्णशस्त्रमादाय तस्या नासिकामच्छिनत्, आह च— "रे पुंश्चलि ! तिष्ठेदानीं, न त्वां भूयस्तोषयिष्यामि" इति जल्पनपुनरपि निद्रावशमगमत्।

भिन्दै आवाज आउने हुनाले चिन्दछ भनेर नापिती नबोलीकन बसी। उसले बारम्बार त्यही कुरो दोहोऱ्याइरह्यो। त्यसो हुँदा पनि उसले केही नबोलेको देखेर कौलिकलाई रिस उठेर उसले कुनै धारिलो हतियारले नाकै काटिदियो र— "लौ खा ! तँ फुँडी अब यत्तिकै लडिराख्। अबदेखि म तँलाई बोलाउने कोसिस पनि गर्दिनँ" भन्दै फेरि पहिलेको जस्तै गरी सुत्यो र निदायो पनि।

देवशर्मापि वित्तनाशात्क्षुत्क्षामकण्ठो नष्टनिद्रस्तत्प्सर्वं स्त्रीचरित्रमपश्यत्।

भोकले पेट कोक्याएको र धन चोरिएर पिर लागेको हुँदा देवशर्मा ननिदाईकन बसेर कौलिककी स्वास्नीको चर्तिकला हेरिरहेको थियो।

सापि कौलिकभार्या यथेच्छया देवदत्तेन सह सुरतिसुखमनुभूय कस्मिंश्चित्क्षणे स्वगृहमागत्य तां नापितीमिदमाह— "अयि ! शिवं भवत्याः ? नायं पापात्मा मम गताया उत्थितः।"

उतातिर कौलिककी स्वास्नीले देवदत्तसँग आनन्द लिँदै मनग्गे रमण गरेर केही निकै बेरपछि आफ्नो घरतिर फर्किएर आई। घर आइपुगेपछि नापितीसँग उसले— "अरी ! तिमी सकुशल त छ्यौ ? म गइसकेपछि यो पापिष्ठ उठेको त छैन ?" भनेर सोधी।

नापित्याह— "शिवं नासिकया विना शेषस्य शरीरस्य। तद् द्रुतं मां मोचय बन्धनादावन्नायं मां पश्यति, येन स्वगृहं गच्छामि।"

नापितीले— "नाकदेखि बाहेक अरू सबैतिर शरीरमा कुशलै छ। तिमी यी बन्धनहरू खोलेर यिनीहरूबाट तुरुन्त मलाई मुक्त गराऊ। यस पापिष्ठले देख्नुभन्दा पहिले नै म आफ्नो घर जान्छु" भनी।

तथानुष्ठिते भूयोऽपि कौलिक उत्थाय तामाह— "पुंश्चलि ! किमद्याऽपि न वदसि ? किं भूयोऽप्यतो दुष्टतरं निग्रहं कर्णच्छेदनं करोमि ?"

नापिती गइसकेपछि कौलिक फेरि बिउँझियो र उठ्यो अनि— "परपुरुषगामिनी ! तँ अझै बोल्दिनस् ? म तेरा कान पनि काटेर कठोर दण्ड दिँदै तँलाई बुच्चै बनाइदिऊँ ?" भन्यो।

अथ सा सकोपं साधिक्षेपमिदमाह- धिङ्महामूढ ! को मां महासतीं धर्षयितुं व्यङ्गयितुं वा समर्थः ? तच्छृण्वन्तु सर्वेऽपि लोकपालाः। हि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसका कुरा सुनेपछि त्यसकी स्वास्नीले रिसले मुर्मुरिँदै झर्कंदै– "ऐ पापी मूर्ख ! मजस्ती सतीलाई कसले अपमानित वा व्यङ्ग्य गर्न सक्छ ? सम्पूर्ण लोकपालले मेरो कुरो कान थापेर सुनिरहून्। किनभने–

"आदित्यचन्द्रावनिलोऽनलश्च द्यौर्भूमिरापो हृदयं यमश्च।
अहश्च रात्रिश्च उभे च सन्ध्ये धर्मश्च जानाति नरस्य वृत्तम्॥ १९३॥

सूर्य, चन्द्रमा, वायु, अग्नि, आकाश, भूमि, जल, हृदय, यम, दिन, रात, दुवै सन्ध्याहरू तथा धर्म यी सबै मानिसहरूका कर्मका साक्षी हुन्। यिनले उसका चरित्रलाई जान्दछन्।

तद्यदि मम सतीत्वमस्ति, मनसाऽपि मया परपुरुषो नाभिलषितः, ततो देवा भूयोऽपि मे नासिकां तादृग्रूपामक्षतां कुर्वन्तु। अथवा, यदि मम चित्ते परपुरुषस्य भ्रान्तिरपि भवति, तदा मां भस्मसान्नयन्तु।"

यदि मेरा मनमा सतीत्व छ र मैले मनदेखि नै कुनै परपुरुषको रहर गरेकी छैनँ भने देवताहरूले मेरो नाक जस्ताको तस्तै पारिदिऊन्। यदि मेरा चित्तमा परपुरुषको भ्रान्तिमात्रै भयो भने पनि मलाई जलाएर भस्म पारिदिऊन्" भन्दै थिई।

एवमुक्त्वा भूयोऽपि तमाह– "भो दुरात्मन्! पश्य मे सतीत्वप्रभावेण तादृश्येव नासिका संवृत्ता"।

यति भनिसकेपछि उसले आफ्ना लोग्नेसँग फेरि– "अरे दुष्ट ! हेर् मेरा सतीत्वका प्रभावले मेरो नाक फेरि जस्ताको तस्तै भयो" भनी।

अथाऽसावुल्मुकमादाय यावत्पश्यति, तावत्तद्रूपां नासिकाञ्च भूतले रक्तप्रवाहं च महान्तमपश्यत्। अथ स विस्मितमनास्तां बन्धनाद्विमुच्य शय्यामारोप्य च चाटुशतैः पर्यतोषयत्।

उसका लोग्नेले बल्दै गरेको राँको उचालेर बिस्तारै हेऱ्यो, त्यति बेला नाक जस्ताको तस्तै जोडिएको थियो तर भुइँमा मनग्गे रगत खसेको थियो। यस्तो देख्न पाएकाले उसका मनमा आश्चर्यको सीमा थिएन। उसले तुरुन्तै उठेर त्यसका बन्धनहरू काटेर मुक्त पारिदियो र आफ्नै खाटमा राखेर अनेक किसिमका चाटुकार कुरा गरेर उसलाई सन्तुष्ट पार्ने विचार गर्न लाग्यो।

देवशर्मापि तं सर्व वृत्तान्तमालोक्य विस्मितमना इदमाह–

देवशर्माले यो सारा वृतान्त देखिसकेपछि आफ्नै मनमनमा आश्चर्यचकित हुँदै–

"शम्बरस्य च या माया या माया नमुचेरपि।
बलेः कुम्भीनसेश्चैवं सर्वास्ता योषितो विदुः॥ १९४॥

"शम्बर, नमुचि, बलि तथा कुम्भनसिआदि असुरहरूको सम्पूर्ण मायावी विद्या एउटै स्त्रीले जानेको हुँदो रहेछ" भन्ने सोचे।

हसन्तं प्रहसन्त्येता रुदन्तं प्ररुदन्त्यपि।
अप्रियं प्रियवाक्यैश्च गृहन्ति जालयोगतः॥ १९५॥

यी स्त्रीहरू हाँस्नेहरूलाई हाँसेर-हँसाएर, रुनेहरूलाई रोएर-रुवाएर, रिसाउनेहरूलाई घुर्की लगाएर र प्रिय वाक्य बोलेर आफ्नो जालमा फँसाउन खप्पिस हुन्छन्।

उशना वेद यच्छास्त्रं यच्च वेद बृहस्पतिः।
स्त्रीबुद्ध्या न विशिष्येत तस्माद्रक्ष्याः कथं हि ताः ?॥ १९६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैत्यगुरु शुक्राचार्य र देवगुरु बृहस्पतिले जुन नीतिशास्त्रलाई जान्दछन् त्यो पनि यी स्त्रीहरूका बुद्धिभन्दा बढता केही पनि हुँदैन। अतः उनीहरूको रक्षा कसरी गर्न सकिन्छ ?

अनृतं सत्यमित्याहुः सत्यं चापि तथाऽनृतम्।
इति यास्ताः कथं धीरैः संरक्ष्याः पुरुषैरिह॥ १९७॥ अन्यत्राऽप्युक्तम्—

जसले सत्यलाई असत्य र असत्यलाई सत्य बनाएर देखाउन सक्छन् ती स्त्रीहरूको रक्षा पुरुषहरूबाट कसरी हुन सक्दछ र ?" आदि कुराहरू सोच्दै थिए। अन्यत्र पनि भनिएको छ—

नातिप्रसङ्गः प्रमदासु कार्यो नेच्छेद् बलं स्त्रीषु विवर्धमानम्।
अतिप्रसक्तैः पुरुषैर्यतस्ताः क्रीडन्ति काकैरिब तूनपक्षैः॥ १९८॥

स्त्रीहरूमा अधिक आसक्ति रहनुहुँदैन र उनीहरूको बढ्दो बलको उपेक्षा पनि कसैले गर्नुहुँदैन। किनभने पुरुषको आसक्तभाव देखेपछि स्त्रीहरू उनीहरूसँग ठिक त्यसरी नै खेल्दछन्, जसरी बालक केटाकेटीहरू प्वाँख नभएका पक्षीहरूसँग निश्चिन्त भएर खेल्ने गर्दछन्।

सुमुखेन वदन्ति वल्गुना प्रहरन्त्येव शितेन चेतसा।
मधु तिष्ठति वाचि योषितां हृदये हालहलं महद्विषम्॥ १९९॥

स्त्रीहरू मुखले त निकै मिठो कुरो गर्न जान्दछन् र आफ्नो तिखो र दुष्ट हृदयले प्रहार पनि गर्दछन्। उनीहरूका बोलीमा अमृत रहन्छ तर हृदयमा भने हलाहल विष भरिएको हुन्छ।

अतएव निपीयतेऽधरो हृदयं मुष्टिभिरेव ताड्यते।
पुरुषैः सुखलेशवञ्चितैर्मधुलुब्धैः कमलं यथालिभिः॥ २००॥ अपि च—

यसै कारणले पुरुषले आफ्नो सुखलाई त्यागेर छटपटिँदै उनीहरूकै अघि र पछि त्यसरी नै घुम्ने गर्दछन् जसरी कुनै भवँरो परागका लोभले कमलका फूलका वरिपरि घुम्दछ। अमृतसमान हुनाले नै कामुक वृत्ति भएका पुरुषले स्त्रीहरूका ओठलाई पान गर्ने गर्दछन् र दुष्ट भएकै कारण उनीहरूका हृदयमा मुड्कीले हान्ने गर्दछन्। अरू पनि—

आवर्त्तः संशयानामदिनयभवनं पत्तनं साहसाना,
दोषाणां संनिधान कपटशतगृहं क्षेत्रमप्रत्ययानाम्।
दुर्ग्राह्यं यन्महद्भिर्नरवरवृषभैः सर्वमायाकरण्डं,
स्त्रीयन्त्रं केन लोके विषममृतयुतं धर्मनाशाय सृष्टम्॥ २०१॥

यस संसारमा अर्काको धर्मलाई नष्ट गर्नका लागि शङ्काको भुमरी, कठोरताको घर, दुःसाहसको सहर, दोषहरूको समूह, कपट व्यवहारहरूको निवास, अविश्वासको खेत, विशिष्ट पुरुषहरूद्वारा पनि दुग्राह्य, सम्पूर्ण मायाको भण्डारजस्ता र अमृतको रूपमा रहेको विषजस्तो यस स्त्रीरूपी रत्नलाई कसले बनायो होला ?

कार्कश्यं स्तनयोर्दृशोस्तरलतालीकं मुखे दृश्यते,
कौटिल्यं कचसञ्जये च वचने मान्द्यं त्रिके स्थूलता।
भीरुत्वं हृदये सदैव कथितं मायाप्रयोगः प्रिये,
यासां दोषगणो गुणो मृगदृशां ताः किं नराणां प्रियाः ?॥ २०२॥

स्तनमा कठोरता, आँखामा चञ्चलता, मुखमा असत्य भाषण, कपालमा कुटिलता, वचनमा मन्दता, नितम्बमा स्थुलता, हृदयमा डरको भाव र प्रियजनप्रति विभिन्न कपटमय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यवहारको आचरण गर्नु आदिजस्ता दोषहरूको समूह नै जसको स्वाभाविक गुण हुन्छ त्यस्ता मृगनयनी स्त्रीहरूले के कहिल्यै कुनै पुरुषको भलो गर्न सक्लान् र ? अर्थात् यिनले कहिल्यै पुरुषहरूको भलो गर्दैनन्।

एता हसन्ति च रुदन्ति च कार्यहेतो विंश्वासयन्ति पुरुषं न च विश्वसन्ति।
तस्मान्नरेण कुलशीलसमन्वितेननार्थः श्मसानघटिका इव वर्जनीयाः ॥ २०३ ॥

आफ्नो कार्यलाई सिद्ध गर्नका लागि स्त्रीहरू हाँस्छन् पनि जान्दछन् र रुन पनि जानेका हुन्छन्। आफ्ना सिपालु गफले पुरुषमा विश्वास उत्पन्न गर्छन् तर आफैँ पुरुषको विश्वास गर्दैनन्। अतः कुल तथा शीलसम्पन्न पुरुषले यस्ता स्त्रीहरूलाई श्मशानमा बाँधिराखेको हाँडीजस्तो अपवित्र र अग्राह्य ठानेर छोडिदिनुपर्छ। कहिल्यै पनि यिनीहरूका पछि लाग्नुहुँदैन।

व्याकीर्णकेसरकरालमुखा मृगेन्द्रा नागाश्च भूरिमदराजिविराजमानाः।
मेधाविनश्च पुरुषाः समरेषु शूराः स्त्रीसंनिधौ परमकापुरुषा भवन्ति॥ २०४ ॥

काँधसम्म कपाल फैलिएका हुनाले भीषणआकृतिका सिंह, मदका रेखाहरूले सुशोभित हुनाले हात्तीजस्ता हुन्छन्। त्यसैले मेधावी पुरुष तथा परम साहसी वीरहरू पनि यी स्त्रीहरूका सामनेमा परिसकेपछि कायर बन्न पुग्दछन्।

कुर्वन्ति तावत्प्रथमं प्रियाणि यावन्न जानन्ति नरं प्रसक्तम्।
ज्ञात्वा च तं मन्मथपाशबद्धं ग्रस्तामिषं मीनमिवोद्धरन्ति॥ २०५ ॥

यी स्त्रीहरू जबसम्म कुनै पुरुष आफूप्रति अनुरक्त भएका कुराको भेद थाहा पाउँदैनन्, त्यतिन्जेलसम्म उनीहरू पुरुषको सेवाआदि प्रिय कार्य गरिरहेका हुन्छन्। जब उनीहरूलाई पुरुषको कामआसक्ति बढेको पत्ता लाग्छ अनि उसलाई त्यसरी नै आफ्ना अधीनमा पार्दछन् जसरी चारो निल्नका लागि तम्सिएको माछालाई बल्छी लगाएर पक्रेका माझीले वशमा पारेको हुन्छ।

समुद्रवीचीव चलस्वभावाः सन्ध्यान्नरेखेव मुहुर्तरागाः।
स्त्रियः कृतार्थाः पुरुषं निरर्थं निष्पीडितालक्तकवत् त्यजन्ति॥ २०६ ॥

समुद्रको छालजस्तो अत्यन्त चञ्चल स्वभाव भएका तथा सन्ध्याकालीन बादलको रेखाजस्तै केवल केही क्षणसम्म मात्रै अनुरागयुक्त बनेर रहने यी स्त्रीहरूले आफ्नो कार्य साधन गरिसकेपछि पुरुषलाई निरर्थक ठानेर त्यसै गरी छोड्छन् जसरी रसलाई निचोरिसकेपछि कागतीको खोस्टो फ्याँकिन्छ।

अनृतं साहसं माया मूर्खत्वमतिलोभिता।
अशौचं निर्दयत्वञ्च स्त्रीणां दोषाः स्वभावजाः॥ २०७ ॥

असत्यभाषिता, दुःसाहसिकता, माया, मूर्खता, लोलुपता, अपवित्रता तथा निर्दयताआदि स्त्रीका स्वाभाविक दोषहरू हुन्छन्।

सम्मोहयन्ति मदयन्ति विडम्बयन्तिनिर्भर्त्सयन्ति रमयन्ति विपादयन्ति।
एताः प्रविश्य सरलं हृदयं नराणांकिं वा नु वामनयना न समाचरन्ति॥ २०८ ॥

यी वामलोचनाहरू सोझासिधा पुरुषहरूको मनभित्र प्रवेश गरेर उनीहरूलाई भुल्याउँछन्। आफ्ना हाउभाउले एवं अधरपानआदिद्वारा उनीहरूलाई मत्याएर बेहोस बनाउँछन्। आनि फेरि तिनीहरूकै उपहास गर्दछन्, निन्दा गर्दछन्, हप्काउँछन्, दप्काउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसन्न गर्नका लागि उनीहरूसँगै रमण पनि गर्दछन् र दुःख पनि दिन्छन्। यी स्त्रीहरूले पुरुषलाई कुन दुर्दशा भोग्ने बनाएका छैनन् र ?

अन्तर्विषमया ह्येता बहिश्चैव मनोरमाः ।
गुञ्जाफलसमाकारा योषितः केन निर्मिताः ? ॥ २०९ ॥

यिनीहरू भित्रबाट विष भरिएका र बाहिरबाट कोमल तथा मनोहर हुन्छन्। यिनीहरूको स्वरूप इन्द्रायनको फलजस्तै बाहिरबाट हेर्दा आकर्षक र भित्रपट्टि विषले भरिभराउ हुन्छ। यस खालका स्त्रीहरूको निर्माण कसले गरेको रहेछ भन्ने आश्चर्य लाग्छ।

एवं चिन्तयतस्तस्य परिव्राजकस्य सा निशा महता कृच्छ्रेणाऽतिचक्राम। सा च दूतिका छिन्ननासिका स्वगृहं गत्वा चिन्तयामास—किमिदानीं कर्तव्यम् ? कथमेतन्महच्छिद्रमावरणीयम् ?

यस प्रकारका कुराहरू सोच्दासोच्दै त्यस सन्यासीको त्यो रात बडा दुःखसंग बल्लतल्ल बित्यो। उतातिर खबर ओसारपसार गर्ने नकटी नापितीले आफ्ना घरमा गएर— "अब मैले के गर्नुपर्ला ? यस काटिएका नाकको विशाल प्याललाई कसरी लुकाउने" भन्दै सोच्न थाली।

अथ तस्या एवं विचिन्तयन्त्या भर्ता कार्यवशाद्राजकुले पर्युषितः, प्रत्यूषे च स्वगृहमभ्युपेत्य द्वारदेशस्थो विविध पौरकृत्योत्सुकतया तामाह— "भद्रे। शीघ्रमानीयतां क्षुरभाण्ड, येन क्षौरकर्मकरणाय गच्छामि।"

यस्तै विचार गर्दागर्दै बिहानपख भयो र उसको पति घरमा आइपुग्यो। ऊ अघिल्लै दिन कुनै कामविशेषले राजाका तिर गएको उतै बास बसेको रहेछ। बिहान घर आएपछि सहरतिरका मानिसहरूको कपाल काट्ने काममा जानका लागि उसले हिंड्नुपर्ने हतार भयो। अनि ढोकाबाहिरबाटै— "प्रिया ! मेरा हतियारहरूको पेटी मलाई छिटो समाउन देऊ, अब मैले सहरतिरका मानिसको दारी कपालआदि काट्न जानुपर्ने छ, ढिलो हुन लाग्यो" भन्यो।

सापि छिन्ननासिका प्रत्युत्पन्नमतिर्गृहमध्यस्थितैव क्षुरभाण्डात्क्षुरमेकं समाकृष्य तस्याभिमुखं प्रेषयामास। नापितोऽप्युत्सुकतया तमेकं क्षुरमवलोक्य कोपाविष्टस्तदभिमुखमेव तं क्षुरं प्राहिणोत्। एतस्मिन्नन्तरे सा दुष्ट्य ऊर्ध्वबाहू विधाय फूत्कर्तुमना गृहान्निश्चक्राम— "अहो। पापेनानेन् मम सदाचारवर्तिन्याः पश्यत नासिकोच्छेदो विहितः, तत्परित्रायतां परित्रायताम्।"

त्यस नाउकी नकटी स्त्रीले आफ्नो तत्कालको चतुऱ्याइँले घरभित्रैबाट हतियारका पेटीभित्रबाट एउटा छुरामात्रै झिकेर आफ्नो पति उभिएतिर फ्याँकिदिई। आफ्नी स्वास्नीको यस्तो व्यवहारबाट छक्क परेर रिसाउँदै उसले त्यो छुरा पनि उसैतिर फ्याँकिदियो। यतिमात्रै के भएको थियो, त्यो दुष्ट स्वभावकी हजाम्नी आइमाई दुवै हात माथि उचालेर रुँन्चे स्वर पार्दै बाहिरतिर निस्किई। अनि त चिच्याउँदै र कराउँदै— "लौ न गुहार, गुहार ! माऱ्यो, यस पापीले मेरो नाक काटिदियो। मेरो कुनै अपराध नै छैन म सतीजस्ती नै छु" आदि मन परी फलाक्न लागी।

अत्रान्तरे राजपुरुषाः समभ्येत्य तं नापितं लगुडप्रहारैर्जर्जरीकृत्य दृढबन्धनैर्बद्ध्वा तया छिन्ननासिकया सह धर्माधिकारिणां स्थानं नीत्वा सभ्यानूचुः— "शृण्वन्तु भवन्तः सभासदः। अनेन नापितेनापराधं विना स्त्रीरत्नमेतद्व्यङ्गितं, तदस्य यद्युज्यते तत्क्रियताम्।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यतिमात्रै के भएको थियो सिपाहीहरू आएर त्यस नापितलाई पक्रिए, अनि बाँधेर ठूला लौराले खुबसँग मरुन्जेल चुटे। त्यसपछि त्यस नकटी नापित्नीका साथ उसलाई पनि अदालतमा लगेर उभ्याएपछि– "श्रीमान्, यस नापितले बिनाक़सुर नै यस स्त्रीलाई नाक काटेर नाकबुच्ची बनाइदियो, त्यसैले अब कसो गर्नु उचित हुने हो त्यसै गर्नुहोस्" भन्दै जिम्मा लगाए।

इत्यभिहिते सभ्या ऊचुः "रे नापित। किमर्थं त्वया भार्या व्यङ्गिता ? किमनया परपुरुषोऽभिलषितः ? उतस्वित्प्राणद्रोहः कृतः ? किं वा चौरकर्माचरितम् ? तत्कथ्यतामस्या अपराधः।"

सिपाहीहरूले गरेको त्यस्तो कुरो सुनेपछि न्यायपालहरूले नापितसँग– "ऐ नापित ! तैँले आफ्नै स्वास्नीलाई किन विकृताङ्ग बनाइस् ? के यसले परपुरुषगमन गरी ? के यसले कसैको ज्यान लिने कोसिस गरी ? अथवा कसैको कुनै कुरो चोरी ? यसको के अपराध थियो ? भन्" भन्दै सोध्न थाले।

नापितोऽपि प्रहारपीडिततनुर्वक्तुं न शशाक। अथ तं तूष्णीभूतं दृष्ट्वा पुनः सभ्या ऊचुः, "अहो, सत्यमेतद्राजपुरुषाणां वचः। पापात्माऽयम्। अनेनेयं निर्दोषा वराकी दूषिता। उक्तञ्च–

कुटाइ खाएकाले दुखेका कारण त्यस नापितले कुनै उत्तर दिन सकेन। ऊ चुप लागेको देखेर न्यायाधीशहरूले आपसमा निश्चय गर्दै– "सिपाहीहरूले भनेको कुरो ठिकै हो कि जस्तो लाग्छ। यो नापित दोषी नै छ। यसले यस बिचरी आइमाईलाई दुःख दिएर नाकबुच्ची पक्कै बनाएको हो। भनिएको पनि त छ–

भिन्नस्वरमुखवर्णः शङ्कितदृष्टिः समुत्पतिततेजाः।
भवति हि पापं कृत्वा स्वकर्मसंत्रासितः पुरुषः॥ २१०॥ तथा च–

यदि मानिसको स्वर बदलिएको होस् अथवा उसका मुखको स्वाभाविक रङ बदलिएको होस्, उसले सशङ्कित भएर हेरेको होस् वा हतप्रभ देखिएको होस्, त्यस्तो भएमा त्यो पक्कै पनि दोषी अवश्य हुन्छ। किनभने पाप गरिसकेपछि मानिस आफ्ना कर्मबाट डरले थरहरी हुन्छ र उसको मुखै बिग्रिन पुग्छ। अरू पनि–

आयाति स्खलितैः पादैर्मुखवैवर्ण्यसंयुतः।
ललाटस्वेदभाग्भूरि गद्गदं भाषते वचः॥ २११॥

यदि मानिस हिंड्दा धर्खराउँछ, उसको मुख सुकेर विवर्ण भएको छ, उसका निधारमा पसिना आएको छ र ऊ बोल्न पनि अन्कनाइरहेको छ भने पक्कै पनि दोषी नै हुन्छ।

अधोदृष्टिर्वदेत्कृत्वा पापं प्राप्तः सभां नरः।
तस्माद्यत्नात् परिज्ञेयश्चिह्नैरेतैर्विचक्षणैः॥ २१२॥ अन्यच्च–

न्यायालयमा पुगिसकेपछि पनि मानिसले शिर ठाडो नपारीकन आँखा झुकाएर र मुन्टो निहुराएर उत्तर दिन्छ भने पनि उसलाई दोषी नै मान्नुपर्छ। अरू पनि–

प्रसन्नवदनो हृष्टः स्पष्टवाक्यः सरोषदृक्।
सभायां वक्ति सामर्षं सावष्टम्भो नरः शुचिः॥ २१३॥

न्यायालयमा उपस्थित भएपछि यदि कुनै मानिस प्रसन्न हुन्छ, स्वस्थ हुन्छ, उसको बोली सफा र स्पष्ट छ, आँखामा रोष छ, रिसाएको जस्तै गरी कुरा गर्छ र उसको धैर्य स्थिर छ भने त्यो निर्दोष हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदेष दुष्टचरित्रलक्षणो दृश्यते, स्त्रीघर्षणाद्वध्य इति। तच्छूलेऽयमारोप्यताम्" इति।

अतः यो नापित पक्कै अपराधी हो भन्ने मानिन्छ। स्त्रीलाई कष्ट दिएका कारणले यो मार्नलायक छ। त्यसो हुनाले अब यसलाई शूलीमा चढाइदेऊ" भने।

अथ वध्यस्थाने नीयमानं तमवलोकय देवशर्मा तान्धर्माधिकृतान् गत्वा प्रोवाच– "भो भोः ! अन्यायेनैव वराको वध्यते नापितः। साधुसमाचार एषः। तच्छ्रूयतां मे वाकयम्– "जम्बुको हुड्डयुद्धेन"..... इति।

त्यस नापितलाई वध गर्ने ठाउँतिर लैजान लागेको देखेपछि देवशर्माले न्यायाधीशहरूका नजिकमा गएर– "महाशयहरू ! यस बिचरा नापितलाई किन अन्यायपूर्वक मार्न लागिएको छ ? यो निरपराध छ। मेरो कुरालाई तपाईंहरूले ध्यान दिएर सुन्नुहोस्। भेडाका लडाइँका बिचमा परेकाले बिनाकारण स्यालको मृत्यु भयो। आषाढभूतिमाथि विश्वास गर्नाले म लुटिएँ वा मैले मार खाएँ, साथीको उपकार गर्ने भएर यस नापितीले मार खाई, हामी तीनैले आफ्नै विनाशको बाटो आफैँले खन्यौँ" भने।

अथ ते सभ्या ऊचुः– 'भो भगवन् ! कथमेतत्" ?

सन्यासीको कुरो सुनेपछि न्यायधीशहरूले– "हे महाराज ! यस्तो कसरी भयो ?" भनेर सोधे।

ततश्च देवशर्मा नेषां त्रयाणामपि वृत्तान्तं विस्तरेणाकथयत्।

देवशर्माले तीनैवटा वृतान्तलाई सविस्तार रूपमा भनेर सुनाइदियो।

तदाकर्ण्य सुविस्मितमनसस्ते नापितं विमोच्य, मिथः प्रोचुः– "अहो !

उसको कुरो सुनेपछि आश्चर्यचकित भएर ती न्यायाधीशहरूले नापितलाई मुक्त गराइदिए र आपसमा विचारविमर्श गर्दै अन्त्यमा–

अवध्यो ब्राह्मणो बालः स्त्री तपस्वी च रोगभाक्।
विहिता व्यङ्गिता तेषामपराधे महत्यपि॥ २१४॥

"ठूलोभन्दा ठूलो अपराध गरिसकेको छ भने पनि ब्राह्मण, बालक, स्त्री, तपस्वी तथा रोगी व्यक्ति अवध्य हुन्छन्। अतः धर्मशास्त्रका अनुसार यस्तालाई अङ्गहीन बनाएर छोडिदिनु नै उचित दण्ड हुन्छ" भन्ने निर्णय गरे।

तदस्या नासिकाच्छेदः स्वकर्मणा हि संवृत्तः। ततो राजनिग्रहस्तु कर्णच्छेदः कार्यः।

यस नापितीको नाक उसैका कर्मको फलका रूपमा काटिएको रहेछ। अब राजदण्डका रूपमा यसको कान पनि काटिदिएपछि पर्याप्त हुन्छ" भने।

तथानुष्ठिते देवशर्मापि वित्तनाशसमुद्भूतशोकरहितः पुनरपि स्वकीयं मठायतनं जगाम। अतोऽहं ब्रवीमि "जम्बुको हुडड्युद्धेन" इति।

नापितीको कान पनि काटिएपछि देवशर्माले आफ्नो धन नाश भएको पिरलाई बिर्सियो र ऊ आफ्नो ठाउँतिर लाग्यो। दमनकले उक्त कथालाई समाप्त गरिसकेपछि– "त्यसैले म त भन्दछु कि कहिलेकाहीँ आफ्नो दोषका कारणले नै मानिसले स्याल, सन्यासी र नापितीको जस्तै गरी ठूलो हानी बिहोर्नुपर्छ" भन्यो।

करटक आह– "अथैवंविधे व्यतिकरे किं कर्तव्यमावयोः ?"

दमनकको कुरो सुनिसकेपछि करटकले– "अब यस्ता परिस्थितिमा हामीले के गर्नु उचित हुन्छ ?" भनी सोध्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दमनकोऽब्रवीत्– "एवंविधेऽपि समये मम बुद्धिस्फुरणं भविष्यति येन सञ्जीवकं प्रभोर्विश्लेषयिष्यामि। उक्तञ्च यतः–

दमनकले– "यस्ता अप्ठ्यारा परिस्थितिमा पनि मेरो बुद्धि पक्कै फुरेर आउँछ। त्यसैका बलले म सञ्जीवकलाई राजा पिङ्गलकबाट अलग्याएरै छोड्छु। भनिएको छ कि–

एकं हन्यान्न वा हन्यादिषुर्मुक्तो धनुष्मता।
बुद्धिर्बुद्धिमतः सृष्य हन्ति राष्ट्रं सनायब्बम्॥ २१५॥

धनुर्धारीका हातले छोडेका तिरले कुनै एक व्यक्तिको मात्रै विनाश गर्छ र कहिलेकाहीँ त खाली व्यर्थ पनि जान्छ। तर कुशल राजनीतिज्ञद्वारा चलाइएको बुद्धिरूपी वाणले त राजाका साथै सम्पूर्ण राष्ट्रलाई समेत सखाप पार्न सक्छ।

तदहं मायाप्रवञ्चेन गुप्तमाश्रित्य तं स्फोटयिष्यामि।"

अब म आफ्ना गुप्त षड्यन्त्रद्वारा सञ्जीवक र राजा पिङ्गलक नामका सिंहका बिचमा फुट हाल्छु" भन्ने उत्तर दियो।

करटक आह– "भद्र! यदि कथमपि तव मायाप्रपञ्चं पिङ्गलको ज्ञास्यति, सञ्जीवको वा, तदा नूनं विघात एव।"

करटकले– "भद्र! यदि तिम्रो षड्यन्त्रलाई पिङ्गलकले जान्यो अथवा सञ्जीवकलाई नै त्यसको सुइँको मिल्यो भने त तिम्रो विनाश निश्चित छ नि" भन्यो।

सोऽब्रवीत्– "तात! मैवं वद, गूढबुद्धिभिरापत्काले विधुरेऽपि दैवे बुद्धिः प्रयोक्तव्या। नोद्यमस्त्याज्यः। कदाचिद् घुणाक्षरन्यायेन बुद्धेः साम्राज्यं भवति। उक्तञ्च–

उसले– "बाबु! तिमी यस किसिमका कुरा नगर। कुशल कूटनीतिज्ञहरूले आपद् कालमा र भाग्य पूर्ण रूपले विपरीत बनेका अवस्थामा जब अर्को कुनै उपाय देख्दैनन् तब आफ्नै बुद्धिको प्रयोग गर्नुपर्दछ। परिश्रम वा लगनशीलतालाई छोड्नुहुँदैन। कहिलेकाहीँ घुणाक्षरन्यायले अर्थात् घुनले हिंडेको बाटो अक्षरका रूपमा देखिएर अर्थात् काकताली परेर अर्थात् कुकुरलाई हान्दा ढुकुरलाई लागेझैँ पनि बुद्धिको प्रयोग सफल हुनसक्छ। भनिएको पनि छ कि–

त्याज्यं न धैर्यं विधुरेऽपि दैवे, धैर्यात्कदाचित्स्थितिमाप्नुयात्सः।
जाते समुद्रेऽपि हि पोतभङ्गे, सांयात्रिको वाञ्छति तर्तुमेव॥ २१६॥ तथा च–

भाग्यले विपरीत गति लिएका अवस्थामा पनि मानिसले कहिल्यै आफ्नो धैर्य र प्रयास छोड्नुहुँदैन। कहिलेकाहीँ धैर्यले नै पनि सफलता प्राप्त हुन्छ। किनभने समुद्रका मार्गबाट व्यापार गर्ने व्यापरीको डुङ्गा बिचसमुद्रमा भाँचियो वा भत्कियो भने पनि उसले त्यस डुङ्गालाई पार लगाउने प्रयास गरिरहेको हुन्छ। अरू पनि–

उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मी दैवेन देयमिति कापुरुषा वदन्ति।
दैवं निहत्य कुरु पौरुषमात्मशक्त्यायतने कृते यदि न सिद्ध्यति कोऽत्र दोषः?॥ २१७॥

उद्योगशील सिंहजस्तो साहसी र वीर पुरुषलाई नै लक्ष्मी प्राप्त हुन्छ। भाग्यले देला भनेर काँतर पुरुषले मात्रै भन्ने गर्छ। त्यसैले मानिसले भाग्यको भरोसालाई छोडेर आफ्नै बलबुताअनुसारको पुरुषार्थ गरिरहनुपर्छ। त्यसरी प्रयास गरिरहँदा पनि सिद्ध भएन भने कतै गल्ती रहयो कि भनेर पनि हेरविचार गर्नुपर्छ, त्यसमा पनि सफल भइएन भने आफ्नो कुनै दोष रहँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तदेवं ज्ञात्वा स्वगूढबुद्धिप्रभावेण यथा तौ द्वावपि नज्ञास्यतस्तथा मिथो नियोजयिष्यामि। सदोद्यतानां देवा अपि सहायिनो भवन्ति। उक्तञ्च–

अतः म सावधान भएर आफ्ना षड्यन्त्रद्वारा यस किसिमले उनीहरूलाई छुट्याउँछु कि ती दुवैलाई मेरा कुराको सुइँकोसम्म पनि हुनेछैन। परिश्रमी वा लगनशील मानिसको सहायता दैवले पनि गर्दछ। भनिएको पनि छ–

कृते विनिश्चये पुंसां देवा यान्ति सहायताम्।
विष्णुचक्रं गरुत्मांश्च कौलिकस्य यथाहवे॥
सुप्रयुक्तस्य दम्भस्य ब्रह्माप्यन्तं न गच्छति।
कौलिको विष्णुरूपेण राजकन्यां निषेवते" ॥ २१८ ॥

दृढ साहसी मानिसको सहायता दैवले पनि गर्दछ। जस्तै भनिएको पनि छ कि विष्णुको चक्र र गरुडले युद्धका समयमा कौलिकको सहायता गरेका थिए। सुनियोजित षड्यन्त्रको रहस्य त ब्रह्मालाई पनि थाहा हुँदैन। आफ्ना सुगूढ छद्मवेशका कारणले नै कौलिकले राजकन्यालाई उपभोग गरेको थियो। (**श्लोकश्चायं क्वाचित्कः, प्रसङ्गादत्रोधृतः।** यो श्लोक अन्य कतै केही भिन्न छ, यहाँ प्रसङ्गवश यस रूपमा राखिएको छ।)

करटक आह– "कथमेतत् ?" सोऽब्रवीत–

यस्ता कुरा सुनेपछि करटकले– "त्यस्तो कसरी भयो ?" भनेर सोध्यो। अनि दमनकले भन्यो–

विष्णुरूपधृक्कौलिक कथा

कस्मिंश्चिदधिष्ठाने कौलिकरथकारौ मित्रे प्रतिवसतः स्म। तत्र च तौ बाल्यात् प्रभृति सहचारिणौ, परस्परमतीव स्नेहपरौ सदैकस्थानविहारिणौ कालं नयतः।

विष्णुरूपधारी जुलाहा

कुनै सहरमा एउटा कौलिक तथा एउटा रथकार गरी दुईवटा मित्रहरू बस्थे। बाल्यकालदेखि नै उनीहरू आपसमा मैत्रीभाव राख्दै अत्यन्त स्नेहपूर्वक एकै स्थानमा खाईखेली गर्दै समय बिताउँदै आएका थिए।

अथ कदाचित्तत्राधिष्ठाने कस्मिंश्चिद्देवायतने यात्रामहोत्सवः संवृत्तः। तत्र च नटनर्तकचारणसङ्कुले नानादेशागतजनावृत्ते तौ सहचरौ भ्रमन्तौ काञ्चिद्राजकन्यां करेणुकारूढां सर्वलक्षणसनाथां कञ्चुकिवर्यवरपरिवारितां देवतादर्शनार्थं समायातां दृष्टवन्तौ।

त्यसै प्रकारको कुनै अर्को एउटा सहरमा कुनै देवताको मन्दिरमा एउटा मेला लाग्यो। विभिन्न नर्तकी, नर्तक तथा चारणहरूले भरिभराउ अनेक देशबाट आएका दर्शनार्थीहरूका बिचमा ती दुई पनि घुम्दै थिए। उनीहरूले हतिनीमाथि चढेकी सर्वलक्षणसम्पन्ना कुनै एउटी राजकन्यालाई देखे। त्यो कन्या अन्तःपुरका अङ्गरक्षक र चोबदारहरूलाई पछि लगाएर दर्शनका लागि आएकी थिई।

अथासौ कौलिकस्तां दृष्ट्वा विषार्दित इव दुष्टग्रहगृहीत इव कामशरैर्हन्यमानः सहसा भूतले निपपात। अथ तं तदवस्थमवलोक्य रथकारस्तद्दुःखदुःखितः, आप्तपुरुषैस्तं समुत्क्षिप्य स्वगृहमानयत्।

त्यस कन्यालाई देख्नेबित्तिकै त्यो कौलिक खाएका विषको प्रभावले पीडित भएको प्राणीजस्तै गरी अथवा भूतप्रेतले सताइएको जस्तै गरी कामवाणले पीडित भएर थर्थरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काम्दै अचानक धर्तीमा ढल्न पुग्यो। उसको त्यो अवस्था देखेर रथकार ज्यादै दुःखी भयो र अरू आफन्तहरूलाई गुहारेर उसलाई त्यहाँबाट उठाएर आफ्ना घरमा लग्यो।

तत्र च विविधैः शीतोपचारैश्चिकित्सकोपदिष्टैः मन्त्रवादिभिरुपचर्यमाणश्चिरात्कथ- ञ्चित्सचेतनो बभूव।

आफ्ना घरमा ल्याइसकेपछि त्यस रथकारले चिकित्सकहरूबाट बताइएको दबाईपानी गरेर र विविध मन्त्रचिकित्साआदिका सहायताले उसको उपचार गरेपछि निकै बेरमा त्यो कौलिक बौरिएर उठ्यो र स्वस्थ भयो।

ततो रथकारेण पृष्टः– "भो मित्र! किमेवं त्वमकस्माद्विचेतनः सञ्जातः ? तत्कथ्य-तामात्मस्वरूपम्"।

ऊ स्वस्थ भएर उठिसकेपछि रथकारले उसँग– "मित्र किन तिमी अचानक त्यसरी बेहोस भएर ढल्यौ त ? अहिले त तिमीलाई ठिक छ ?" भनी सोध्यो।

स आह– "वयस्य, यद्येवं तच्छृणु से रहस्यं येन सर्वामात्मवेदनां ते वदामि। यदि त्वं मां सुहृदं मन्यसे, ततः काष्ठप्रदानेन प्रसादः क्रियतां, क्षम्यतां यद्वा किञ्चित्प्रणयातिरेकादयुक्तं तब मयाऽनुष्ठितम्।"

त्यसका उत्तरमा उसले– "मित्र ! यदि तिमी जान्न चाहन्छौ भनेदेखि मेरा मनको रहस्यलाई सुन। म तिमीलाई आफ्नो सम्पूर्ण वेदना भनिरहेको छु। यदि तिमी मलाई आफ्नो मित्र नै सम्झन्छौ भनेदेखि मेरो चिता सजाउनका लागि अलिकति काठदाउराको व्यवस्था गर्ने कृपा ममाथि गरिदेऊ र ज्यादा मायाका कारणले मैले तिमीलाई यसरी दुःख दिएकोमा मलाई क्षमा पनि गर" भन्यो।

सोऽपि तदाकर्ण्य वाष्पपिहितनयनः सगद्गदमुवाच– "वयस्य ! यत्किञ्चिद् दुःख-कारणं तद्वद, येन प्रतीकारः क्रियते, यदि शक्यते कर्तुम्। उक्तञ्च–

उसका ती कुरा सुनिसकेपछि आँखाभरि आँसु पारेर गद्गद भएको कण्ठका बोलीले रथकारले– "हे मित्र ! तिमी आफ्ना दुःखको कारण त बताऊ, जसलाई यदि सकिँदो रहेछ भने समाधान गर्नका लागि हामी पनि केही प्रयास गरौँला। भनिएको पनि त छ–

औषधानां सुमन्त्राणां बुद्धेश्चैव महात्मनाम्।
असाध्यं नास्ति लोकेऽत्र यद् ब्रह्माण्डस्य मध्यगम्॥ २१९॥

औषधि, अचुक सिद्ध मन्त्र, सिद्ध पुरुष र बुद्धिमान् पुरुषको बुद्धिका लागि यस संसारमा कुनै पनि वस्तु असाध्य छैनन्।

तदेषां चतुर्णां यदि साध्यं भविष्यति तदाहं साधयिष्यामि।

यदि उक्त चारवटा उपायहरूमध्ये कुनै पनि उपायले त्यसलाई साध्य गर्न सकियो भने म तिम्रो समस्या समाधान गर्ने उपाय अवश्य गर्नेछु" भन्यो।

कौलिक आह– "वयस्य ! एतेषामन्येषामपि सहस्राणामुपायानामसाध्यं तन्मे दुःखं, तस्मान्मम मरणे मा कालक्षेपं कुरु।"

कौलिकले– "मित्र ! तिमीले बताएका चार उपायबाहेक अन्य हज्जारौँ उपायले पनि मेरो कष्ट निवारण गर्न सक्ने छैनन्। त्यसैले मलाई मर्नका लागि व्यर्थैमा ढिलो नगरिदेऊ" भन्यो।

रथकार आह– "भो मित्र ! यद्यप्यसाध्यं, तथापि निवेदय येनाहमपि तदसाध्यं मत्वा त्वया सह वह्नौ प्रविशामि। न क्षणमपि त्वद्वियोगं सहिष्ये, एष मे निश्चयः"।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो सुनेपछि रथकारले— "मित्र ! तिम्रो कष्ट ज्यादै ठूलो वा असाध्य होला, यसलाई म पनि मान्दछु तैपनि मसँग एकपटक भनेर त हेर, म पनि सकें भने त्यसको निवारणका लागि कुनै बाटो खोजूँला। त्यो नपाएपछि तिमीसँगै आगोमा प्रवेश गर्न त पाउँछु। किनभने म पनि तिम्रो एक क्षणको वियोग खप्न सक्दिनँ होला भन्ने मेरो दृढ विश्वास छ" भन्यो।

कौलिक आह— "वयस्य ! याऽसौ राजकन्या करेणुकारूढा तत्रोत्सवे दृष्य, तस्या दर्शनानन्तरं मकरध्वजेन ममेयमवस्था विहिता। तन्न शक्नोमि तद्वेदनां सोढुम्। तथा चोक्तम्—

कौलिकले— "मित्र ! हतिनीमाथि चढेकी एउटी राजकन्या मेलामा देखिएकी थिई। उसलाई देख्नेवित्तिकै नै मलाई कामदेवले त्यस्तो दशा बनाएको थियो। म त्यसका वियोगको कष्ट खप्न नसक्ने भएको छु। भनिएको छ कि—

मत्तेभकुम्भपरिणाहिति कुङ्कुमार्द्रे,
तस्याः पयोधरयुगे रतखेदखिन्नः।
वक्षो निधाय भुजपञ्जरमधयवर्ती,
स्वप्स्ये कदा क्षणमवाप्य तदीयसङ्गम्॥ २२०॥ तथा च—

मत्त हात्तीका कुङ्कुमले सजिएका, गण्डस्थलजस्तै विशाल त्यसका स्तनहरूमा आफ्नो छाती राखेर त्यस कामिनीका बाहुपाशमा आवद्ध भएर कामक्रीडा गर्दागर्दै थाकेर चुर भई उसैका काखमा कहिले निदाउन पाउँला, त्यसैका लागि मेरो मन ज्यादै आतुर भइरहेको छ" भन्यो। अरू पनि—

रागी बिम्बाधरोऽसौ स्तनकलशयुगं यौवनारूढगर्व,
नीचा नाभिः प्रकृया कुटिलकमलकं स्वल्पकं चापि मध्यम्।
कुर्वन्त्वेतानि नाम प्रसभमिह मनश्चिन्तितान्याशु दुःखं,
यन्मां नस्याः कपोलौ दहत इति मुहुः स्वच्छकौ तन्न युक्तम्॥ २२१॥

त्यस कामिनीका बिम्बफलजस्तै राता ओठ, यौवनका गर्वले तन्किएका दुवै स्तन, गहिरो नाभी, घुमौरो भईकन सलक्क मिलेको कपालआदि कुराहरू सम्झँदै जब मलाई तिनले कष्ट पुऱ्याउँछन्, त्यस बेला उनीहरू स्वभावतः कुटिल स्वभावका हुन्छन् र पछि लाग्नु अनुचित हो भन्ने कुरो अलिकति बुझ्दछु पनि, तर जब उनका सफा गालाहरूले मलाई जलाइरहेका हुन्छन्, त्योचाहिँ मेरा लागि असह्य हुन्छ" भन्यो।

रथकारोऽप्येवं सकामं तद्वचनमाकर्ण्य सस्मितमिदमाह— "वयस्य ! यद्येवं तर्हि दिष्ट्या सिद्धं न प्रयोजनम्। तदद्यैव तया सह समागमः क्रियताम्" इति।

रथकारले त्यस कौलिकको कामवासित कुराहरू सुनेर मुस्कुराउँदै— "मित्र ! यदि यही नै कुरो हो भने भाग्यले हाम्रो कार्य पूरा भयो। आजै तिमीले त्यससँग समागम गर्न सक्नेछौ" भन्यो।

कौलिक आह— "वयस्य ! यत्र कन्यान्तःपुरे वायुं मुक्त्वा नान्यस्य प्रवेशोऽस्ति, तत्र रक्षापुरुषाधिष्ठिते कथं मम तया सह समागमः ? तत्किं मामसत्यवचनेन विडम्बयसि" ?

यस्तो कुरो सुनेपछि कौलिकले— "जुन अन्तःपुरमा हावादेखि बाहेक अन्य कसैको प्रवेश नै सम्भव छैन, प्रहरी र राजपुरुषहरूबाट पूरै संरक्षित त्यस्तो राजकुमारीको अन्तःपुरमा त्यससँग मेरो समागम कसरी हुन सक्छ ? त्यसैले यस्ता ढाँट कुरा गरेर मलाई किन यसरी जिस्क्याउँदै छौ, नजिस्क्याऊ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रथकार आह– "मित्र ! पश्य मे बुद्धिबलम्"। एवमभिधाय, तत्क्षणात् कीलकसञ्चारिणं वैनतेयं बाहुयुगलं वरुणवृक्षदारुणा शङ्खचक्रगदापद्माञ्चितं सकिरीटकौस्तुभमघटयत्।

रथकारले– "मित्र ! अब तिमी मेरा बुद्धिको चमत्कार हेर" भन्दै सान्त्वना दिएपछि उसले उत्तिखेरै वरुण वृक्षका काठले अरू दुईवटा हात, शङ्ख, चक्र, गदा, पद्म, किरीट तथा कौस्तुभयुक्त एउटा यन्त्रले सञ्चालन हुने गरुडको निर्माण गरेर कौलिकलाई दियो।

ततस्तस्मिन्कौलिकं समारोप्य विष्णुचिह्नितं कृत्वा कीलसञ्चरणविज्ञानं च दर्शयित्वा प्रोवाच– "वयस्य ! अनेन विष्णुरूपेण गत्वा कन्यान्तःपुरे निशीथे तां राजकन्यामेकाकिनीं सप्त-भूमिकप्रासादप्रान्तगतां मुग्धस्वभावां त्वां वासुदेवं मन्यमानां स्वकीयमिथ्यावकोक्तिभी रञ्जयित्वा वात्स्यायनोक्तविधिना भज।"

पुनः उसले गरुडमाथि विष्णुका रूपमा कौलिकलाई बसाएर यन्त्र चलाउने तरिका सिकाइदिँदै– "मित्र ! यस यन्त्रद्वारा रातिको समय पारेर तिमी अन्तःपुरमा प्रवेश गर र सात तल्लामाथि एकान्तमा बस्ने गरेकी अज्ञातयौवना त्यस राजकन्यालाई आफ्ना बाठा चतुरा कुराले विष्णुका रूपमा प्रभावित गर्दै वात्स्यायनले बताएका कामशास्त्रको नियमअनुसार उसको उपभोग गर" भन्यो।

कौलिकोऽपि तदाकर्ण्य तथारूपस्तत्र गत्वा तामाह, "राजपुत्रि ! सुप्ता किं वा जागर्षि ? अहं तवकृते समुद्रात्सानुरागो लक्ष्मीं विहायैवागतः। तत्क्रियतां मया सह समागमः" इति।

रथकारका कुराहरू सुनेर कौलिकले विष्णुका रूपमा राजाका अन्तःपुरमा गएर राजकन्यासँग– "राजपुत्री ! सुत्यौ कि जागै छ्यौ ? म तिम्रा प्रेमका वशमा परेकाले लक्ष्मीलाई छोडेर क्षीरसागरबाट आएको छु। त्यसैले मसँग समागम गर" भन्यो।

साऽपि गरुडारूढं तं चतुर्भुजं सायुधं कौस्तुभोपेतमवलोक्य सविस्मया शयनादुत्थाय प्रोवाच– "भगवन् ! अहं मानुषी कीटिकाऽशुचिः, भगवांस्त्रैलोक्यपावनो वन्दनीयश्च, तत्कथमे-तद्युज्जते ?"

गरुडमाथि चढेको, चार बाहुयुक्त, आयुधहरूका साथ, कौस्तुभमणि पनि लिएको विष्णुको रूप धारी त्यसलाई देखेपछि राजकन्या आश्चर्यचकित भएर पलङबाट उठेर उभिइन् र विनम्र हुँदै– "भगवन् ! म मानिस, अपवित्र वस्तुजस्तो साधारण प्राणी हुँ। भगवान् तीनै लोकमा सबैभन्दा पवित्र र वन्दनीय हुन्छन्। अतः तपाईंसँग मेरो समागम कसरी हुन सक्छ र ?" भनिन्।

कौलिक आह– "सुभगे ! सत्यमभिहितं भवत्या, किन्तु राधा नाम्नि मे भार्या गोपकुलप्रसूता प्रथममासीत्। सा त्वमत्रावतीर्णा, तेनाहमत्रायातः"

कौलिकले– "सुभगे ! तिमी ठिकै भन्दै छ्यौ। तर गोपकुलमा उत्पन्न भएकी राधा नामकी मेरी प्रथम प्रेमिका तिमी नै हौ। तिमीले यहाँ आएर जन्म लिएकी छ्यौ। त्यसैले म पनि यहीं आएको हुँ" भन्यो।

इत्युक्ता सा प्राह– "भगवन् ! यद्येवं तन्मे तातं प्रार्थय, सोऽप्यविकल्पं मां तुभ्यं प्रयच्छति।"

कौलिकको त्यस्तो कुरो सुनेपछि राजकन्याले– "भगवन् ! यदि कुरो यस्तै हो भने पनि तपाईंले मेरा पितासँग अनुमति लिनुपर्छ। उनले कुनै शङ्का नगरीकन मलाई तपाईंसँग बिहा गर्नका लागि अनुमति दिनेछन्" भनी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौलिक आह— "सुभगे ! नाऽहं दर्शनपथं मानुषाणां गच्छामि, किं पुनरालापकरणम्। त्वं गन्धर्वेण विवाहेनात्मानं प्रयच्छ, नोचेच्छापं दत्वा सान्वयं ते पितरं भस्मसात्करिष्यामि" इति। एवमभिधाय गरुडादवतीर्य सव्ये पाणौ गृहीत्वा तां सभयां सलज्जां वेपमानां शय्यायामनयत्। ततश्च रात्रिशेषं यावद्वात्स्यायनोक्तविधिना निषेव्य प्रत्यूषे स्वगृहमलषितो जगाम। एव तस्य तां नित्यं सेवमानस्य कालो याति।

कौलिकले "सुभगे ! कुरो गर्ने भनेको त टाढै रहोस् म मानिसहरूका दृष्टिमा पनि सक्दिनँ। गान्धर्व विवाहद्वारा तिमीले आफूलाई प्रदान गर। होइन भने शाप दिएर म वंशहरूसहित तिम्रा पितालाई भस्म गर्नेछु" भन्दै गरुडबाट ओर्लिएर आफ्नो दाहिने हातले समातेर लाज र डरका कारण कम्पायमान भएकी त्यस कन्यालाई ओछ्यानमाथि राख्यो। त्यसपछि वात्सायनको कामशास्त्रअनुसार रातको सम्पूर्ण बाँकी समयभरि उसले त्यसमाथि रजाइँपूर्वक उपभोग गरेर बिहानीपख अरूका दृष्टिमा पर्नुअगावै त्यहाँबाट घर फर्कियो। यसै गरी त्यस राजकन्यासँगका साथमा त्यस कौलिकको समय आनन्दपूर्वक बित्दै थियो।

अथ कदाचित्कञ्चुकिनस्तस्या अधरोष्ठप्रवालखण्डनं दृष्ट्वा, मिथः प्रोचुः— 'अहो ! पश्यतास्या राजकन्यायाः पुरुषोपभुक्ताया इव शरीरवयवा विभाव्यनते। तत्कथमयं सुरषितेऽप्य-स्मिन्गृहे एवंविधो व्यवहारः ! तद्राज्ञे निवेदयामः।"

राजमहलका कञ्चुकीहरूले कुनै बेला त्यस राजकन्याका चुम्बन गरिएका ओठहरूलाई याद गरेर आपसमा— "होइन, यस राजकुमारीका सबै अङ्गहरू पुरुषले उपभोग गरेका जस्ता देखिन थाले नि। यस्तो सुरक्षित तरिकाले रहेका यस अन्तःपुरमा पनि यस्तो घटना कसरी घट्यो भन्ने कुराको पत्तोसम्म हामीलाई भएन। त्यसैले यस्तो कुरो राजालाई त भन्नैपर्छ" भन्ने विचारविमर्श गर्न लागे।

एव निश्चित्य सर्वे समेत्य राजानं प्रोचुः— "देव ! वयं न विद्मः, परं सुरक्षितेऽपि कन्यान्तःपुरे कश्चित्प्रविशति। तद्देवः प्रमाणम्" इति।

यस किसिमको निश्चय गरिसकेपछि राजाका नजिक गएर उनीहरूले— "महाराज ! हामीलाई थाहै भएन, तर यसरी सुरक्षित राखिएको राजकन्याका अन्तःपुरमा पनि कुनै पुरुष पक्कै प्रवेश गर्दै छ। अतः यसमा तपाईंको कस्तो आज्ञा हुन्छ ?" भनी सोधे।

तच्छ्रुत्वा राजाऽतीव व्याकुलचित्तो व्यचिन्तयत्—

यस किसिमको खबर सुनेपछि राजा ज्यादै चिन्तित भए। उनले आफ्नै मनमा—

"पुत्रीति जाता महतीह चिन्ता कस्मै प्रदेयति महान्वितर्कः।
दत्ता सुखं प्राप्स्यति वा न वेति कन्यापितृत्वं खलु नाम कष्टम्॥ २२२॥

"कन्याले जन्म लिनेबित्तिकै बाबुलाई बहुत चिन्ता हुन्छ। विवाहका लागि योग्य भएपछि उसलाई कसका हातमा दिने भन्ने किसिमका तर्कवितर्क मनमा सधैँ बढ्दछन्। फेरि आफ्ना पतिका घरमा पनि उसले सुख पाएकी छ कि छैन भन्ने चिन्ता हुन्छ। त्यसैले छोरीको बाबु हुनु ज्यादै कष्टकारक कुरो हुन्छ।

नद्यश्च नार्यश्च सदृक्प्रभावाः तुल्यानि कूलानि कुलानि नासाम्।
तोयैश्च दोषैश्च निपातयन्त्रि नद्यो हि कूलानि, कुलानि नार्थः॥ २२३॥ तथा च—

नदी र स्त्रीहरू दुवै एकसमान स्वभावका हुन्छन्। उनीहरूका लागि कूल (किनारा) र कुल (घरान) उस्तै हुन्। पानीका वेगले नदीहरूले आफ्ना कूलको मर्यादा भत्काउँछन् र चरित्रदोषले स्त्रीहरूले आफ्ना कुलको मर्यादालाई दूषित पार्दछन्" भन्ने ठाने। अरू पनि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जननीमनो हरति जातवती परिवर्द्धते सह शुचा सुहृदाम्।
परसात्कृतापि कुरुते मलिनं दुरतिक्रमा दुहितरो विपदः ॥ २२४ ॥

कन्याको जन्म हुनासाथ पहिले आमाको मनलाई पराजित गर्दछन् र चिन्तित पार्दछन्, अनि त्यसपछि दाजुभाइलाई शोक वा कष्ट पार्दै हुर्केर बढ्छन्, अनि अर्काका हातमा समर्पित गरिदिएपछि आफ्ना चरित्रदोषले कुललाई नै कलङ्कित पार्दछन्। अतः कन्यारूपी आपद् मानिसका लागि अति कठिन हुन्छ।

एवं बहुविधं विचिन्त्य देवीं रहःस्थां प्रोवाच– "देवी ! ज्ञायतां किमेते कञ्चुकिनो वदन्ति ! कस्य कृतान्तः कुपितो येनैतदेवं क्रियते ?"

यस्तै किसिमले चिन्ता गरिसकेपछि राजाले आफ्नी स्त्रीसँग एकान्तमा– "देवी ! यी कञ्चुकीहरू के भन्दै छन्, त्यसको पत्ता लगाऊ है। कुनचाहिँसँग यमराज रिसाउन लागेछन् र यस खालको उपद्रव गर्न लागेछ" भने।

देव्यपि तदाकर्ण्य व्याकुलीभूता सत्वरं कन्यान्तःपुरे गत्वा, तां खण्डिताधरां नखविलि– खितशरीरावयवां दुहितरमपश्यत्, आह च– 'आः पापे ! कुलकलङ्ककारिणि ! किमेवं शील-खण्डनं कृतम् ? कोऽयं कृतान्तावलोकितस्त्वत्सकाशमभ्येति ? तत्कथ्यतां ममाग्रे सत्यम्" इति।

राजाको कुरो सुनेपछि रानी ज्यादै दुःखी भइन् र तत्काल अन्तःपुरमा गएर त्यहाँ उसका जिउमा हेरिन्। जताततै दाँतले टोकिएकी र नङले चिमोटिएकी कन्यालाई देखिसकेपछि– "पापिनी, कुल कलङ्किनी ! किन तैँले यसरी आफ्नो शीललाई विनाश गरिस् ? को हो तेरो त्यो, कसलाई कालले कुत्कुत्याएर मर्नका लागि यहाँ आयो ? किन त्यसलाई यमराजले घिच्याउँदै ल्याएछ। मसँग छिटो भन्" भन्दै केरकार गर्दै सोध्न लागिन्।

कोपाटोपविशङ्कटं वदत्यां मातरि, राजपुत्री भयलज्जानताननं प्रोवाच– "अम्ब ! साक्षान्नारायणः प्रत्यहं गरुडारूढो निशि समायाति। चेदसत्यं मम वाक्यं, तत्स्वचक्षुषा विलोकयतु निगूढतरा निशीथे भगवन्तं रमाकान्तम्।"

आमाले रिसले राँकिएर कुटुँलाझैँ गर्दै त्यसरी कुरा गरेको देखेपछि लाजले र डरले थर्कमान हुँदै राजकुमारीले घोसे मुन्टो लगाएर– "आमा ! ती त साक्षात् नारायण भगवान् पो हुन् त। प्रत्येक दिन रातको समय पारेर गरुडमा चढेर यहाँ आउने गर्दछन्। यदि मेरो कुरो पत्यार लाग्दैन भने आफैँले ती उमाकान्त नारायणलाई लुकेर हेर्न सक्नुहुन्छ" भनिन्।

तच्छ्रुत्वा सापि प्रहसितवदना, पुलकाङ्कितसर्वाङ्गी सत्वरं गत्वा राजानमुचे– "देव ! दिष्ट्या वर्द्धसे। नित्यमेव निशीथे भगवान्नारायणः कन्यकापार्श्वेऽभ्येति। तेन गान्धर्वविवाहेन सा विवाहिता। तदद्य, त्वया मया च रात्रौ वातायनगताभ्यां निशीथे द्रष्टव्यः, यतो न स मानुषैः सहालापं करोति।"

छोरीको कुरो सुनेर रानी ज्यादै प्रसन्न भइन्। उनका अङ्ग ज्यादै रोमाञ्चित र पुलकित भए। उनी तत्काल राजाका समीपमा गएर– "महाराज ! तपाईंका भाग्यको वृद्धि होस्, उनी त साक्षात् नारयाण रहेछन्। उनी प्रत्येक दिन कन्यासँग आउने गर्दा रहेछन्। उनले यससँग गन्धर्व विवाह गरिसकेछन्। आज हामी दुई पनि आँखीभ्यालनजिकै लुकेर राती तिनलाई आफ्नै आँखाले स्वयं हेरौँ। किनभने उनी मानिसहरूसँग कुरोकानी गर्न सक्दैनन्" भनी।

तच्छ्रुत्वा हर्षितस्य राज्ञस्तद्दिनं वर्षशतप्रायमिव कथञ्चिजगाम।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रानीको उक्त कुरो सुनेर राजा पनि ज्यादै खुसी भए। राजको त्यो दिन सय वर्षजस्तै लामो भएर बित्यो।

ततस्तु रात्रौ निभृतो भूत्वा राज्ञीसहितो राजा वातायनस्थो गगनासक्तदृष्टिर्यावत्तिष्ठति, तावत्तस्मिन्समये गरुडारूढं तं शङ्खचक्रगधापद्महस्तं यथोक्तचिह्नाङ्कितं व्योम्नोऽवतरन्तं नारायणमपश्यत्। ततः सुधापूरप्लावितमिवात्मानं मन्यमानस्तामुवाच– "प्रिये ! नाऽत्यन्तो धन्यतरो लोके मत्तस्त्वत्तश्च, यत्प्रसूतिं नारायणो भजते।

रातका समयमा राजा आफ्नी रानीसँग आँखीझ्यालनजिकै लुकेर बसे, अनि आकाशतिर हेरिरहे। एक छिनपछि शङ्ख, चक्र, गदा, पद्मआदि चिह्नहरूले युक्त भएका नारायणलाई ओर्लँदै आएको उनीहरूले देखे। नारायणलाई देखेर आफूलाई अमृतका नदीमा स्नान गरेको जस्तै अनुभव गर्दै राजाले रानीसँग– "हेर प्रिया ! यस संसारमा तिमी र मजस्तो धन्य मानिस अर्को कोही पनि छैन। हाम्रा सन्तानको उपभोग स्वयं भगवान्ले गरेका छन्।

तत्सिद्धाः सर्वेऽस्माकं मनोरथाः। अधुना जामातृप्रभावेण सकलापि वसुमती वश्या करिष्यामि।"

हाम्रा मनका सबै कामनाहरू पूरा भए भन्ने ठानौँ। अब म आफ्ना ज्वाइँका प्रभावले सम्पूर्ण पृथ्वीलाई नै आफ्नो अधीनमा पार्नेछु" भन्दै निश्चय गर्न लागे।

एवं निश्चित्य सर्वैः सीमाधिपैः सह मर्यादाव्यतिक्रममकरोत्। ते च तं मर्यादाव्यतिक्रमेण वर्त्तमानमवलोक्य सर्वे समेत्य तेन सह विग्रहं चक्रुः।

यसपछि राजाले आफ्ना सम्पूर्ण सीमावर्त्ती राजाहरूको सीमालाई अतिक्रमण गर्ने काम सुरु गरे। सीमावर्त्ती राजाहरूले पनि आफ्नो सीमा मिच्न आएको देखेर ती राजाका विरुद्धमा एकीकृत भएर प्रतिकार गर्दै युद्ध गर्न सुरु गरे।

अत्रान्तरे स राजा देवीमुखेन तां दुहितरमुवाच– "पुत्रि ! त्वयि दुहितरि वर्त्तमानायां नारायणे भगवति जामातरि स्थिते, तत्किमेवं युज्यते यत्सर्वे पार्थिवा मया सह विग्रहं कुर्वन्ति ? तत्सम्बोध्योऽद्य त्वया निजभर्त्ता यथा मम शत्रून्व्यापादयति।"

युद्ध चर्कँदै जाँदा राजाका आज्ञाले रानीले आफ्नी छोरीसँग गएर– "हेर् नानी ! तँजस्ती छोरी हामीसँग हुँदाहुँदै र भगवान् नारायणजस्ता ज्वाइँ छँदाछँदै हाम्रा सिमानामा रहेका यी राजाहरूले हामीसँग यसरी युद्ध गर्नु राम्रो हो त ? अतः तँले आफ्ना पतिलाई आजै बिन्ती गरेर उनले हाम्रा यी सबै शत्रुलाई विनाश गर्नुपर्छ बुझिस् ?" भनिन्।

ततस्तया स कौलिको रात्रौ सविनयमभिहितः– "भगवन् ! त्वयि जामातरि स्थिते मम तातो यच्छत्रुभिः परिभूयते तन्न युक्तम्। तत्प्रसादं कृत्वा सर्वास्ताञ्छत्रून्व्यापादय।"

राजकन्याले रात्रिका समयमा अत्यन्त विनम्र स्वरमा कौलिकसमक्ष– "हे भगवन् ! तपाईंजस्तो ज्वाइँ हुँदाहुँदै मेरा पिता शत्रुहरूबाट घेरिएका छन्, यो उचित भएन। अतः कृपा गरेर तपाईंले उनका सबै शत्रुहरलाई विनाश गरिदिनुपर्छ" भनिन्।

कौलिक आह– "सुभगे ! कियन्मात्रास्त्वेते तव पितुः शत्रवः ? तद्विश्वस्ता भव। क्षणेनापि सुदर्शनचक्रेण सर्वास्तृणशः खण्डयिष्यामि।"

कन्याको उक्त प्रार्थना सुनेपछि कौलिकले– "हेर सुभगे ! तिम्रा पिताका शत्रुहरूको सङ्ख्या पो कति नै छ र ? तिमी ढुक्क भएर बस। म एकै छिनमा नै आफ्ना यस सुदर्शन चक्रले उनीहरूलाई सोत्तरजस्तै बनाएर छिन्नभिन्न पारिदिनेछु" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ गच्छता कालेन सर्वदेशं शत्रुभिरुद्वास्य, स राजा प्राकारशेषः कृतः। तथापि वासुदेवरूपधरं कौलिकमजानन् राजा नित्यमेव, विशेषतः कर्पूरागुरुकस्तुरिकादिपरिमल-विशेषान्नाना प्रकारवस्त्रपुण्यभक्ष्यपेयांश्च प्रेषयन् दुहितुमुखेन तमूचे—

अलिक दिनभित्रैमा शत्रुहरूले त्यस राजालाई सबै ठाउँबाट निर्वासित गर्दै ल्याएर केवल राजप्रासादमा मात्रै सीमित गरिदिए। त्यति हुँदा पनि विष्णुरूपधारी कौलिकको भेदलाई नजानेर ती राजा प्रत्येक दिन अझै राम्रा विधिविधानले कपूर, अगरु, कस्तुरी, सुगन्धित द्रव्य तथा अनेक प्रकारका वस्त्र, फूल, भोज्य एवं पेय सामग्रीहरू पठाउँदै उसँग अनुनयविनय गर्दै थिए। त्यसैका बिचमा उनले आफ्नी छोरीबाट उनले—

"भगवन्। प्रभाते नूनं स्थानभङ्गो भविष्यति, यतो यवसेन्धनक्षयः सञ्जातस्तथा सर्वोऽपि जनः प्रहारैर्जर्जरितदेहः संवृत्तो योद्धुमक्षमः, प्रचुरो मृतश्च। तदेवं ज्ञात्वाऽत्र काले यदुचितं, भवति, तद्विधेयम्" इति।

"भगवन् ! भोलि बिहानीपख नै निश्चय पनि हाम्रा किल्लाको विनाश हुनेछ। किनभने घाँस, इन्धनआदि आवश्यक सामग्रीहरू सबै सकिएका छन्। सेनामा रहेका सिपाहीहरू पनि ज्यादै सताइएका कारणले कमजोर, दुःखी र असक्षम भएका छन्। धेरैजसो त मरी पनि सके। अतः मेरा यस अवस्थालाई देखेपछि अब कसो गर्दा उचित हुन्छ तपाईंले उसै गर्नुपर्‍यो" भन्ने खबर सुनाइपठाए।

तच्छ्रुत्वा कौलिकोऽप्यचिन्तयम्— "स्थानभङ्गे जाते ममानया सह वियोगो भविष्यति, तस्माद्गरुडमारुह्य सायुधमात्मानमाकाशे दर्शयामि, कदाचिन्मां वासुदेवं मन्यमानास्ते साशङ्का राज्ञो योद्धृभिर्हन्यन्ते। उक्तञ्च—

राजाको यस्तो खबर सुनेपछि कौलिकले आफ्नै मनमा— "किल्ला भत्कियो भने यो राजकन्या पनि थिचिएर मर्नेछे र मेरो यससित बिछोड हुनेछ। अतः हातहतियारसहित मैले गरुडमाथि आरुढ भएर आफूलाई आकाशमा प्रकट गर्नेछु। हुन सक्छ मलाई भगवान् वासुदेव ठानेर शत्रुपक्षका राजा डरले आत्तिएलान् र यस राजाका सेनाले मेरो रूपलाई देखेपछि प्रोत्साहित भएर शत्रुसेनामाथि धावा बोलेर उनीहरूलाई परास्त गर्लान्। भनिएको पनि छ—

निर्विषेणापि सर्पेण कर्तव्या महती फटा।
विषं भवतु मा वाऽस्तु फटाटोपो भयङ्करः॥ २२५॥

विषरहित सर्पले पनि आफ्नो फणा फिँजाएर फुङ्कार गरिरहनुपर्छ। किनभने विष होस् वा नहोस् तर फणाको हप्काइ त भयङ्कर हुन्छ।

अथ यदि मम स्थानार्थमुद्यतस्य मृत्युर्भविष्यति, तदपि सुन्दरतरम्। उक्तञ्च—

यदि दैवसंयोग किल्लाको रक्षा गर्दागर्दै मेरो मृत्यु भएछ भने पनि त्यो राम्रै हुन्छ। भनिएको पनि छ—

गवामर्थे ब्राह्मणार्थे स्वाम्यर्थे स्त्रीकृतेऽथवा।
स्थानार्थे यस्त्यजेत् प्राणांस्तस्य लोकाः सनातनाः॥ २२६॥

गाई, ब्राह्मण, स्वामी, स्त्री तथा किल्लाको रक्षा गर्दागर्दै जुन व्यक्तिले आफ्नो प्राण गुमाउँछ त्यो सनातन स्वर्गलोकको अधिकार प्राप्त हुन्छ।

चन्द्रे मण्डलसंस्थे विगृह्यते राहुणा दिनाधीशः।
शरणागतेन सार्धं विपदपि तेजस्विनां श्लाघ्या॥ २२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमावस्याको चन्द्रमाले सूर्यमण्डलमा आएर जब सूर्यको शरण पर्दछ, त्यति बेला सूर्यले त्यसको रक्षा गर्नका लागि राहुसँग युद्ध गर्दछन्। किनभने शरणागत जनको रक्षा गर्ने बखतमा आएका विपत्तिहरू पनि पराक्रमीका लागि स्वीकार गर्नयोग्य नै हुन्छन्" भन्ने विचार गऱ्यो।

एवं निश्चित्य प्रत्यूषे दन्तधावनं कृत्वा तां प्रोवाच– "सुभगे! समस्तैः शत्रुभिर्हतैरन्नं पानं चास्वादयिष्यामि। कि बहुना, त्वयापि सह सङ्गमं ततः करिष्यामि। परं वाच्यस्त्वयात्मपिता यत्प्रभाते प्रभूतेन सैन्येन सह नगरान्निष्क्रम्य योद्धव्यम्।

राजाको सहायता गर्ने निश्चित गरेपछि दन्तधावनआदि नित्य कार्य गरिसकेर कौलिकले राजकन्यासँग– "सुभगे! सम्पूर्ण शत्रुहरूको नाश गरिसकेपछि मात्रै म अन्नजल ग्रहण गर्नेछु। धेरै कुरो त नगरौं, त्यसपछि नै तिमीसँग सङ्गम पनि गर्नेछु। तिमी अहिले गएर आफ्ना पितासँग बिहान हुँदानहुँदै उनले आफ्नो विशाल सेना लिएर लडाइँका मैदानमा शत्रुसँग युद्ध गर्न लाग्नुपर्ने कुरो बताइदेऊ।

अहञ्चाकाशस्थित एव सर्वास्तान्निस्तेजसः करिष्यामि, पश्चान्मुखेन भवता हन्तव्याः। यदि पुनरहं तानस्वयमेव सूदयामि, तत्तेषां पापात्मनां वैकुण्ठीया गतिः स्यात्। तस्मात्ते तथा कर्तव्या यथा पलायन्तो हन्यमानाः स्वर्ग न गच्छन्ति।"

म आकाशमा रहेर ती सबै शत्रुहरूलाई बलहीन बनाइदिनेछु। तिनीहरू शक्तिहीन हुनासाथ तिम्रा पिताका सेनाले ती सबैको संहार गर्नेछन्। यदि मैले विनाश गरें भने ती पापी शत्रुहरूलाई सद्गतिका साथ वैकुण्ठलोक मिल्नेछ। अतः शक्तिहीन भएर युद्धक्षेत्रबाट भाग्दै गर्दा शत्रु मारिए भने उनीहरूको सद्गति पनि हुनेछैन" भनिदेऊ भन्यो।

सापि तदाकर्ण्य पितुः समीपं गत्वा सर्व वृत्तान्तं न्यवेदयत्। राजापि तस्या वाक्यं श्रद्दधानः प्रत्यूषे समुत्थाय सुसन्नद्धसैन्यो युद्धार्थ निश्चक्राम। कौलिकोऽपि मरणे कृतनिश्चयश्चक्रपाणिर्गगनमतिर्गरुडारूढो युद्धाय प्रस्थितः।

कौलिकका यस्ता कुरा सुनेर राजपुत्रीले आफ्ना पितासँग गएर त्यो सारा वृतान्त सुनाइदिइन्। पुत्रीको कुरो सुनेर राजा ज्यादै प्रभावित भए र उनको भनाइमा विश्वास गर्दै भनिएबमोजिम बिहानीपख आफ्नो विशाल सेनालाई सजधज गराएर युद्धका लागि निस्किए। उता कौलिक पनि आफूले मर्ने निश्चित गरिसकेर चक्र हातमा लिई गरुडमाथि सवार भएर आकाशमार्गबाट युद्ध गर्नका लागि तयार भएर हिँड्यो।

अत्रान्तरे भगवता नारायणेनातीतानागतवर्नमानवेदिना स्मृतमात्रो वैनतेयः संप्राप्तो विहस्य प्रोक्तः– "भो गरुत्मन्! जानासि त्वं य मम रूपेण कौलिको दारुमयगरुडे समारूढो राजकन्यां कामयते?"

कौलिक प्रस्थान गरिसकेपछि त्रिकालज्ञ, भगवान् नारायणका स्मरणमात्रले नै गरुड उनका अगाडि उपस्थित भए। उनले हाँस्तै गरुडसँग– "हे गरुडात्मन्! तिमीलाई कौलिकले काठको गरुडमाथि चढेर मेरो रूप धारण गरी राजकन्यासँग जाने गर्दछ भन्ने कुरो थाहा छ?" भनी सोधे।

सोऽब्रवीत्– "देव! सर्व ज्ञायते तच्चेष्टितम्। तत्किं कुर्मः सांप्रतम्?"

गरुडले– "देव! उसका सबै कृत्यहरू म जान्दछु तर अब के गर्ने?" भनी सोध्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीभगवानाह– "अथ कौलिको मरणे कृतनिश्चयो विहितनियमो युद्धार्थं विनिर्गतः। स नूनं प्रधानक्षत्रियशराहतो निधनमेप्यति। तस्मिन्हते सर्वो जनो वदिष्यति यत प्रभूतक्षत्रियैर्मिलित्वा वासुदवो गरुडश्च निपातितः। ततःपरं लोकोऽयमावयोः पूजां न करिष्यति। ततस्त्वं द्रुततरं तत्र दारुमयगरुडे सङ्क्रमणं कुरु, चक्रं चक्रे प्रविशतु, अहमपि कौलिकशरीरे प्रवेशं करिष्यामि, येन स शत्रून् व्यापादयति। ततश्च शत्रुवधादावयोर्माहात्म्यवृद्धिः स्यात्।"

भगवान्ले– "निश्चित मर्ने प्रतिज्ञाबद्ध भएर कौलिक आज युद्धक्षेत्रतिर हिँडिसकेको छ। निश्चय पनि वीर क्षत्रियहरूका वाणले रोपिएर त्यो आज मर्नेछ। त्यो मरिसकेपछि सबै मानिसहरू "क्षत्रियहरूले मिलेर वासुदेव र गरुड दुवैलाई पराजित गरेर मारिदिए" भनेर कुरा गर्न थाल्दछन्। यस्तो अपवाद फैलिनेबित्तिकै मानिसहरूले हामी दुवैको पूजा गर्न बन्द गर्नेछन्। अतः तिमी तत्काल गएर त्यस काठले बनेका गरुडका शरीरमा प्रवेश गर, सुदर्शन चक्र पनि काठको चक्रमा प्रवेश गर्नेछन् र म पनि त्यस कौलिकका शरीरमा प्रवेश गर्नेछु। त्यति गरेर भए पनि त्यस कौलिकले शत्रुहरूलाई विनाश गर्न सकोस्। उसका शत्रुहरूको वध भएपछि हामीहरूको महिमा बढ्नेछ" भने।

अथ गरुडे तथेति प्रतिपन्ने श्रीभगवान्नारायणस्तच्छरीरे सङ्क्रमणमकरोत्। ततो भग-वन्माहात्म्येन गगनस्थः स कौलिकः शङ्खचक्रगदाचापचिह्नितः क्षणादेव लीलयेव समस्तानपि प्रधानक्षत्रियान्निस्तेजसश्चकार।

गरुडले "हस् त" भनेर स्वीकार गरिसकेपछि भगवान् नारायणले गएर त्यस कौलिकका शरीरमा प्रवेश गरे। भगवान्को महिमाबाट विष्णुरूपधारी त्यस कौलिकले क्षणभरमै सजिलैसित सम्पूर्ण क्षत्रियहरूलाई निस्तेज गरिदियो।

ततस्तेन राज्ञा स्वसैन्यपरिवृतेन जिता, निहताश्च ते सर्वेऽपि शत्रवः। जातश्च लोकमध्ये प्रवादो यथा "अनेन विष्णुजामातृप्रभावेण सर्वे शत्रवो निहताः" इति।

त्यसपछि राजाले आफ्ना सेनाको सहयोगमा शत्रुहरूसँग युद्ध गर्दागर्दै सम्पूर्ण शत्रुहरूलाई पराजित गरिदिए र उनले मारिदिए। यता मानिसहरूमा चाहिँ "राजाले आफ्ना विष्णुरूपी ज्वाइँका प्रभावबाट नै शत्रुपक्षका सबैको वध गरिदिए" भन्ने कुराको हल्ला फिँजिदै थियो।

कौलिकोऽपि तान्हतान् दृष्ट्वा प्रमुदितमना गगनादवतीर्णो यावत्तावद्राजामात्य-पौरलोकास्तं नगरवास्तव्यं कौलिकं पश्यन्ति। ततः पृष्टः किमेतत् ? इति।

विनष्ट भएका शत्रुहरूलाई देखेर उल्लसित मनले त्यो कौलिक जब आकाशबाट ओर्लियो अनि राजा, मन्त्री तथा नागरिकहरूले उसलाई चिनेर यो कस्तो कुरो हो ? भनेर सोधे।

ततः सोऽपि मूलादारभ्य सर्वं प्राग्वृत्तान्तं न्यवेदयत्। ततश्च कौलिकसाहसानुर-ञ्जितमनसा शत्रुवधादवाप्ततेजसा राजा सा राजकन्या सकलजनप्रत्यक्षं विवाहविधाना तस्मै समर्पिता, देशश्च प्रदत्तः कौलिकोऽपि तया सार्धं पञ्चप्रकारं जीवलोकसारं विषयसुखमनु-भवन्कालं निनाय।

कौलिकले प्रारम्भदेखि लिएर घटनाको अन्त्यसम्मका सबै वृतान्त यथावत् सुनायो। कौलिकको साहसलाई देखेर राजा ज्यादै प्रसन्न भए। शत्रुको विनाशबाट प्रताप बढेका ती राजाले सबै मानिसहरूका अगाडि नै विवाहविधिको नियमअनुसार नै राजकन्याको विवाह कौलिकसँग गरिदिए र पुरस्कारका रूपमा कैयौँ सहरहरू पनि दिए। अनि त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बेलादेखि त्यस कौलिकले राजकन्यासँग जीवनको आनन्द लिएर सुखपूर्वक आफ्नो समय बिताउन लाग्यो।

अतः सुष्ठूच्यते— "सुप्रयुक्तस्य दम्भस्य ..." इति।

उक्त कथा सुनाइसकेपछि दमनकले— "त्यसो भएको हुनाले म भन्दछु कि यदि षड्यन्त्र पनि सोचविचारपूर्वक गरिन्छ भने त्यसको रहस्य ब्रह्माले पनि जान्न सक्दैनन्" भन्यो।

तच्छ्रुत्वा करटक आह— "भद्र ! अस्त्येवम्, परं तथापि महन्मे भयं यतो बुद्धिमान् सञ्जीवको रौद्रश्च सिंहः। यद्यपि ते बुद्धिप्रागल्भ्यं, तथापि त्वं पिङ्गलकात्तं वियोजयितुमसमर्थ एव।"

दमनकका उपर्युक्त कुरो सुनेर करटकले— "मित्र ! यद्यपि तिम्रो भनाइ ठिक छ, तथापि म विश्वस्त छैनँ। किनभने सञ्जीवक अत्यन्त बुद्धिमान् छ र सिंह स्वभावैले अत्यन्त क्रोधी छ। यद्यपि तिमी पनि प्रतिभासम्पन्न छौ, तर पनि पिङ्गलकसँगबाट सञ्जीवकलाई छुट्याउन तिमी समर्थ होऊला भन्ने कुरामा मलाई शङ्का लागेको छ" भन्यो।

दमनक आह— "भ्रातः ! असमर्थोऽपि समर्थ एव। उक्तञ्च—

दमनकले— "भाइ ! असमर्थ नै भए पनि मलाई समर्थ ठान। भनिएको पनि छ कि—

उपायेन हि यत्कुर्यात्तज्ज शक्यं पराक्रमैः।
काक्या कनकसूत्रेण कृष्णसर्पो निपातितः ॥ २२८ ॥

उपायद्वारा जुन कामलाई गर्न सकिन्छ, त्यसलाई पराक्रमले गर्न सकिँदैन। किनभने पोथीकागले उपायद्वारा नै सुनको सिक्रीबाट कालो सर्पको विनाश गरेको थियो।

करटक आह— "कथमेतत्" ? सोऽब्रवीत्—

करटकले— "कसरी ?" भनेर सोध्यो। अनि दमनकले भन्यो—

काकी–कृष्णसर्प–कथा

अस्ति कस्मिंश्चित्प्रदेशे महान् न्यग्रोधपादपः। तत्र वायसदम्पती प्रतिवसतः स्म। अथ तयोः प्रसवकाले वृक्षविवरान्निष्क्रम्य कृष्णसर्पः सदैव तदपत्यानि भक्षयति। ततस्तौ निर्वेदादन्यवृक्षमूलनिवासिनं प्रियसुहृदं शृगालं गत्वोचतुः— "भद्र ! किमेवंविधे सञ्जाते आवयोः कर्तव्यं भवति एष तावद् दुष्टात्मा कृष्णसर्पो वृक्षविवरान्निर्गत्यावयोर्बालकान् भक्षयति। तत्कथ्यतां तद्रक्षार्थं कश्चिदुपायः। उक्तञ्च—

पोथीकाग र कालो सर्प

कुनै स्थानमा एउटा ठूलो वरको रुख थियो। त्यसमा कागको एउटा जोडी बस्तथ्यो। कागले बच्चा पार्ने बेलामा एउटा कालो सर्प रुखका टोडकाबाट निस्किएर आई त्यसका सबै बच्चा खाइदिँदो रहेछ। यस कुराले दुःखी भएर उनीहरूले अर्को वृक्षका फेदमा बस्ने आफ्नो साथी स्याललाई भेटेर— "भद्र ! यस्ता अवस्थामा हामीले के गरौँ ? त्यस दुष्ट काला सर्पले बारम्बार यसै गरी रुखका टोडकाभित्रबाट निस्किएर आई हाम्रा बच्चाहरूलाई खाएर जाने गर्दछ। अतः तिनीहरूलाई बचाउनका लागि कुनै उपाय छ कि ?" भनी सोधे। भनिएको पनि त छ कि—

यस्य क्षेत्रं नदीतीरे, भार्या च परसङ्गता।
ससर्पे च गृहे वासः, कथं स्यात्तस्य निर्वृतिः ॥ २२९ ॥ अन्यच्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"जसको खेत नदीका किनारमा छ, स्त्री परपुरुषगामिनी छे र सर्पयुक्त घरमा निवास गर्नुपरेको छ, त्यो व्यक्ति कसरी सुखले बाँच्न सक्छ र ? अरू पनि–

सर्पयुक्ते गृहे वासो मृतयुरेद न संशयः ।
यद्ग्रामान्ते वसेत्सर्पस्तस्य स्यात्प्राणसंशयः ॥ २३० ॥

सर्पयुक्त घरमा निवास गर्नु भनेको मृत्युकै समान हो। जुन गाउँका नजिकै सर्प रहन्छ, त्यस गाउँका बासिन्दाहरूका लागि सधैँ नै ज्यानको सङ्कट रहिरहेको हुन्छ।

अस्माकमपि तत्रस्थितानां प्रतिदिनं प्राणसंशयः ।"

त्यसैले यस रुखमा बसिरहनु हाम्रा लागि पनि प्राणसङ्कट नै हुनेछ" भन्ने कुरो तिनीहरूले गरे।

स आह– "नात्र विषये स्वल्पोऽपि विषादः कार्यः। नुनं स लुब्धो नोपायमन्तरेण वध्यः स्यात्। यतः–

स्यालले– "यस विषयमा तिमीहरूले अलिकति पनि चिन्ता गर्नु पर्दैन। त्यस लोभी सर्पलाई बिनाउपाय त मार्न सकिँदैन। किनभने–

उपायेन जयो यादृग्रिपोस्तादृङ् न हेतिभिः ।
उपायज्ञोऽल्पकायोऽपि न शूरैः परिभूयते ॥ २३१ ॥ तथा च–

उपायद्वारा शत्रुलाई जति सजिलैसँग पराजित गर्न सकिन्छ उति सजिलै हतियारले मार्न सकिँदैन। उपायको ज्ञान भएका मानिसहरू कमजोर भए पनि बलिया मानिसहरूबाट समेत पराजित हुँदैनन्। अरू पनि–

भक्षयित्वा बहून्मत्स्यानुत्तमाधममध्यमान् ।
अतिलौल्याद् वकः कश्चिन्मृतः कर्कटग्रहात् ॥ २३२ ॥

साना, ठूला तथा मध्यम शरीर भएका सानाठूला सबैखाले माछाहरूलाई खाइसकेपछि अत्यधिक लोभका कारणले नै एउटा बकुल्लो गँगटाले घाँटी अँठ्याएका कारण मारिएको थियो" भनेर सुनायो।

तावूचुः– "कथमेतत् ?" सोऽब्रवीत्–

कागका दम्पतीले– "कसरी ?" भनेर सोधे। अनि स्यालले भन्यो–

बक–कर्कटक–कथा

अस्ति कस्मिंश्चिद्वनप्रदेशे नानाजलचरसनार्थ महत्सरः। तत्र च कृताश्रयो बक एको वृद्धभावमुपगतो मत्स्यान् व्यापादयितुमसमर्थः। ततश्च क्षुत्क्षामकण्ठः सरस्तीर उपविष्टो मुक्ता–फलप्रकरसदृशैरश्रुप्रवाहैर्धरातलमभिषिञ्चन् रुरोद। एक कुलीरको नानाजलचरसमेतः समेस्य तस्य दुःखेन दुःखितः सादरमिदमूचे–

कुनै वनमा अनेक जलचरहरूद्वारा शोभायमान रहने गरेको कुनै एउटा विशाल सरोवर थियो। त्यसको नजिकै रुखमा बस्ने एउटा बकुल्लो ज्यादै बुढो भएका कारणले गर्दा माछा मार्न असमर्थ भइसकेको थियो। अतः भोकका कारणले व्याकुल भएर त्यस बकुल्लाले एक दिन त्यसै सरोबरका किनारमा बसेर मोतीका दानाजस्तै स्वच्छ आफ्ना आँसुहरूका धारा बगायो र भुइँलाई सिँचाइ गरेझैँ गरी रोइरहेको थियो। त्यसले त्यसरी रोएको देखेर एउटा गङ्टो अरू जलचरहरूका साथमा त्यस बकुल्लाका नजिकै पुग्यो र दुःखले दुखित हुँदै–

"माम ! किमद्य त्वया नाहारवृत्तिरमनुष्ठीयते ? केवलमश्रुपूर्ण–नेत्राभ्यां सनिःश्वासेन स्थीयते ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"मामा आज तिमी आफ्नो खानेपिने कुरो जुटाउनतिर पनि लागेका छैनौ। खाली आँसुले भरिएका आँखाले मात्रै हेर्दै लामो सास फेर्दै चुप लागेर बसिरहेका छौ। किन त्यसो गरेका ? के भयो ?" भनी सोध्यो।

स आह— "वत्स ! सत्यमुपलक्षितं भवता, मया हि मत्स्यादनं प्रति परमवैराग्यतया सांप्रतं प्रायोपवेशनं कृतम्, तेनाहं समीपगतानपि सत्स्यान्न भक्षयामि"।

उसले— "बाबु ! तिमीले ठिकै अनुमान गर्‍यौ। माछाहरूलाई खानबाट वैराग्य ग्रहण गरेर म यस बेला प्रायश्चित गर्दै आफ्नो प्राण त्याग्ने विचार गरेर बसिरहेको छु। त्यसैले नजिकै आएका माछाहरूलाई पनि म नखाईकन बसिरहेको छु" भन्यो।

कुलीरकस्तच्छ्रुत्वा प्राह— "माम ! किं तद्वैराग्यकारणम् ?"

त्यसको कुरो सुनेपछि गङ्टाले— "मामा ! तिमीले यसरी वैराग्य ग्रहण गर्ने कारणचाहिँ के पर्‍यो नि ?" भनेर सोध्यो।

स प्राह— "वत्स ! अहमस्मिन्सरसि जातो बृद्धिं गतश्च। तन्मयैतच्छ्रुतं यद् द्वादश-वार्षिक्यानावृष्टिः संपद्यते लग्ना।"

उसले— "बाबु ! म यसै सरोवरका छेउमा जन्मिएँ र यहीँ जीवन बिताउँदै अब बुढो पनि भएँ। मैले सुनेको छु कि अब छिट्टै नै बाह्र वर्षसम्म अनावृष्टि हुनेवाला छ अरे" भन्यो।

कुलरीक आह— "कस्मात्तच्छ्रुतम् ?"

गङ्टाले— "तिमीले यो कुरो कसबाट सुन्यौ ?" भनी सोध्यो।

बक आह— "दैवज्ञमुखात्। एष शनैश्चरो हि रोहिणीसकंट भित्त्वा भौमं शुक्रं च प्रयास्यति। उक्तञ्च वराहमिहिरेण—

वकुल्लाले— "मैले ज्योतिषिका मुखबाट सुनेको। शनिश्चरले रोहिणीको शकटलाई भेदन गरेर भौम र शुक्रका साथमा योग गर्छ अरे" भन्यो। बराहमिहिरआचार्यले भनेका पनि छन् कि—

यदि भिन्ते सूर्यसुतो रोहिण्याः शकटमिह लोके।
द्वादशवर्षाणि तदा नहि वर्षति वासवो भूमौ॥ २३३॥ तथा च—

यदि शनि ग्रहले रोहिणीको शकटलाई भेदन गर्दछ भने इन्द्रले बाह्र वर्षसम्म पृथ्वीमा पानीको वर्षा गराउँदैनन्। त्यसै गरी—

प्राजापत्ये शकटे भिन्ने कृत्वेव पातकं वसुधा।
भस्मास्थिशकलकीर्णा कापालिकमिव व्रतं धत्ते॥ २३४॥ तथा च—

रोहिणीका शकटको भेदन भयो भने पृथ्वीले आफूलाई पापिनी ठान्न थाल्छिन्। अनि त उनले प्रायश्चित्त गर्नका लागि भस्म तथा हड्डीले युक्त हुँदै कापालिक व्रतधारण गर्नेछिन्। अर्थात् पानी नपर्नाले धर्तीमा खरानी र हड्डीबाहेक अरू केही पनि बाँकी रहनेछैन। अरू पनि—

रोहिणीशकटमर्कनन्दनश्चेद्भिनत्ति रुधिरोऽथवा शशी।
किं वदामि तदनिष्टसागरे सर्वलोकमुपयाति संक्षयम्॥ २३५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धेरै त के भन्ने, शनि, भौम अथवा चन्द्रमामध्ये यदि कुनैले पनि रोहिणीको शकटलाई भेदन गर्दछन् भने अनिष्टका सागरमा डुबेर सम्पूर्ण विश्व नै विनष्ट हुन पुग्छ।

रोहिणीशकटमध्यसंस्थिते चन्द्रमस्यशरणीकृता जनाः।
क्वापि यान्ति शिशुपाचिताशनाः सूर्यतप्तभिदुराम्बुपाथिनः॥ २३६॥

चन्द्रमा यदि रोहिणीको शकटमा प्रवेश गर्दछ भने मानिसहरू शरणहीन र उपायहीन भएर कसैले आफ्नै बालबच्चा मारेर खान थाल्छन् भने कतै सूर्यका प्रखर किरणहरूले तातिएर उम्लिएको अपेय जल अर्थात् खान नहुने पानी नै खानका लागि बाध्य भइरहेका हुन्छन्।

तदेतत्सरः स्वल्पतोयं वर्तते, शीघ्रं शोषं यास्यति। अस्मिच्छुष्के यैः सहाहंवृद्धिं गतः, सदैव क्रीडितश्च ते सर्वे तोयाभावान्नाशं यास्यन्ति; तत्तेषां वियोगं द्रष्टमसमर्थः। तेनैतत्प्रायोपवेशनं कृतम्।

यस सरोवरमा यसै पनि पानी थोरै छ। यदि अनावृष्टि भयो भने त चाँडै नै यो सुक्नेछ। यो सुक्यो भने त जोसँग रहेर म आफू यस्तो बुढो भएर पनि आजसम्म हाँसीखेली बाँचिरहेको छु, ती सबै जलचरहरू पानीका अभावमा विनष्ट हुनेछन्। म तिनीहरूको यसरी विनाशात्मक वियोग देख्न र खप्न सक्दिनँ। त्यसैले आजैदेखि मर्नका लागि व्रत लिएर बसेको हुँ।

सांप्रतं सर्वेषां स्वल्पजलाशयानां जलभरागुरुजलाशयेषु स्वस्वजनैर्नीयन्ते। केचिच्च मकरगोधाशिशुमारजलहस्तिप्रभृतयः स्वयमेव गच्छन्ति। अत्र पुनः सरसि ये जलचरास्ते निश्चिन्ताः सन्ति। तेनाहं विशेषाद्रोदिमि, यद्बीजशेषमात्रमप्यत्र नोद्धरिष्यति।"

यस वेला सबै सानासाना जलाशयका सबै किसिमका जीवहरू आफन्तहरूवाट ठूलाठूला जलाशयमा ओसारिँदै छन्। गोही, घडियाल, सुस जलहस्तीआदि कतिपय ठूला जलचरहरू आफैँ पनि गहिरा तलाउ आदि जलाशयमा जाँदै छन्। तर यस जलाशयका जलचरहरू भने अल्छी र निरुद्यमी भएर चुपचापसँग निश्चिन्त बसेका छन्। मैले रुनुपर्ने कारण यही हो कि यस जलाशयमा अब जलचरको बिउमात्रै पनि जोगिएर नरहने भयो" भन्यो।

ततः स तदाकर्ण्यान्येषामपि जलचराणां तत्तस्य वचनं निवेदयामास। अथ ते सर्वे भयत्रस्तमनसो मत्स्यकच्छपप्रभृतयस्तमभ्युपेत्य पप्रच्छुः— "माम! अस्ति कश्चिदुपायो येनास्माकं रक्षा भवति ?"

गङ्टाले बकुल्लाका कुराहरू सुनेर उसको अभिप्राय अरू जलचरहरूलाई पनि सुनाइदियो। गङ्टाका मुखबाट अनावृष्टिको समाचार सुन्नेबित्तिकै माछा, कछुवाआदि सबै जलजीवहरू डरले आतङ्कित भए र बकुल्लासँग गएर उनीहरूले— "मामा! हामीहरूको रक्षा हुन सक्ने कुनै अर्को त्यस्तो उपाय छ कि छैन ?" भनी सोधे।

बक आह— "अस्त्यस्य जलाशयस्य नातिदूरे प्रभूतजलसनाथं सरः। पद्मिनीखण्डमण्डितं यच्चतुर्विंशतयापि वर्षाणामनावृष्ट्या न शोषमेष्यति। तद्यदि मम पृष्टं कश्चिदारोहति तदहं तं तत्र नयामि।"

बकुल्लाले— "यस जलाशयभन्दा अलिकति मात्रै पर एउटा गहिरो जलाशय छ। कमलिनीसमूहबाट सुशोभित भई छोपिएको हुनाले चौबीस वर्षसम्म अनावृष्टि भए पनि त्यो तलाउ सुकेर सकिँदैन। यदि कोही मेरा पिठ्युँमा चढ्छ भने म त्यसलाई त्यहाँसम्म पुऱ्याइदिन सक्छु" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ ते तत्र विश्वासमापन्नाः "तात, मातुल, भ्रातः !" ब्रुवाणा अहं पूर्वमहं पूर्वम्, इति समन्तात्परितस्थुः।

जलचरहरूले त्यस बकुल्लाको कुरो पत्याए। कुनै हजुरबा ! कुनै मामा ! कुनै दाइ ! आदि सम्बोधन गर्दै उसका चारैतिर आएर सबै घेरा लागे। अनि "मलाई पहिले लैजाऊ, मलाई पहिले लैजाऊ" भनेर बिन्ती गर्न लागे।

सोऽपि दुष्टाशयः क्रमेण तान् पृष्ठे आरोप्य जलाशयस्य नातिदूरे शिलां समासाद्य तस्यामाक्षिप्य स्वेच्छया भक्षयित्वा भूयोऽपि जलाशयं समासाद्य जलचराणां मिथ्यावार्तासन्देशकैर्म- नांसि रञ्जयन्नित्यमेवाहारवृत्तिमकरोत्।

मनैदेखिको दुष्ट त्यस बकुल्लाले क्रमैसँग उनीहरूलाई आफ्ना पिठ्युँमा हालेर लाँदै त्यस जलाशयभन्दा निकै टाढा रहेको एउटा ढुङ्गामा पछार्दै गर्थ्यो र आफ्नो इच्छाअनुसार भोजन गरेर फेरि उसै जलाशयमा आएर जलचरहरूसँग नाना भाँतिका कपोलकल्पित समाचारहरू सुनाउँदै उनीहरूको मनोरञ्जन पनि गर्दथ्यो। यसै गरी उसले आफ्नो जीविका चलाइरहेको थियो।

अन्यस्मिन्दिने च कुलीरकेणोक्तः— "माम ! मया सह ते प्रथमः स्नेहसंभाषः सञ्जातः, तत्किं मां परित्यज्यान्यान्नयसि ? तस्मादद्य मे प्राणत्राणं कुरु।"

कुनै अर्को एक दिन त्यस गङ्टाले— "मामा ! तिम्रो पहिलो भेटघाट र मायाप्रेम त मसँग भएको थियो, तिमीले मलाई छोडेर अरूअरूलाई नै पहिले किन लगिरहेका छौ ? आज तिमीले मेरो प्राणरक्षा गर्नैपर्छ" भन्यो।

तदाकर्ण्य सोऽपि दुष्टाशयश्चिन्ततवान्— "निर्विण्णोऽहं मत्स्यमांसादनेन, तदद्यैनं कुलीरकं व्यञ्जनस्थाने करोमि।" इति विचिन्त्य तं पृष्ठे समारोप्य तां वध्यशिलामुद्दिश्य प्रस्थितः। कुलीरकोऽपि दूरादेवास्थिपर्वतं शिलाश्चयमवलोक्य मत्स्यास्थीति परिज्ञाय तमपृच्छत्— "माम ! कियद्दूरे स जलाशयः ? मदीयभारेणाति श्चान्तस्त्वम्। तत्कथय ?"

गङ्टाको कुरो सुनिसकेपछि त्यस दुष्टात्मा बकुल्लाले आफ्नै मनमा— "ठिक छ, माछाहरूको मासु खाँदाखाँदै निकै अमन भइसकेको पनि छु। अब आज यस गङ्टालाई नै अचार बनाएर चाखिहेरौँ" भन्ने ठानेर उसले त्यसलाई आफ्ना पिठ्युँमा चढायो र वध्यशिलातर्फ हिँड्यो। गङ्टाले अलिक पर पुगेपछि टाढैबाट ढुङ्गामाथि रहेका हाडखोड देखेर यी सबै माछाका हड्डी हुन् भन्ने कुरो पनि तुरुन्तै बुझिहाल्यो। अनि उसले— "मामा ! त्यो जलाशय अब कति टाढा छ ? मलाई बोकेर ल्याएका कारणले तिमी थाक्यौ किजस्तो पो लाग्यो" भनेर मन बुझ्ने विचारले सोध्यो।

सोऽपि मन्दधीर्जलचरोऽयं स्थले न प्रभवतीति मत्वा सस्मितमिदमाह— "कुलीरक ! कुतोऽन्यो जलाशयः ? मम प्राणयात्रेयम्। तस्मात्स्मर्यतामात्मनोऽभीष्टदेवता, त्वामप्यस्यां शिलायां निक्षिप्य भक्षयिष्यामि।" इत्युक्तवति तस्मिन् स्ववदनदंशद्वयेन मृणालनालधवलायां मृदुग्रीवायां गृहीतो मृतश्च।

त्यसको कुरो सुनेपछि बकुल्लाले यी मूर्ख जलचरहरूले आफ्नो पराक्रम जमिनमाथि देखाउन सक्दैनन् भन्ने सोच्यो। अनि खिसी गरेर हाँस्तै हेप्ने किसिमले "हेर गङ्टा ! अर्को जलाशय कहाँ छ ? कतै पनि छैन, यो त मेरो जीविकाको साधनमात्रै पो हो त। अब तँ पनि आफ्ना इष्टदेवताको नाम जप्न थाल्। तँलाई पनि म यसै ढुङ्गामाथि पछारेर खाइदिन्छु" भन्यो। बकुल्लाले त्यति भन्न भ्याउँदा नभ्याउँदै त्यस गङ्टाले आफ्ना दुवै हातका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिम्टाले बकुल्लाको कमलको डन्डीजस्तै नरम र सेतो गर्धनमा यसरी पक्रेर थिचिदियो कि त्यसले गर्दा बकुल्लो त्यहीँ मऱ्यो।

अथ स तां बकग्रीवां समादाय शनैः शनैस्तज्जलाशयमाससाद। ततः सर्वैरेव जलचरैः पृष्टः— "भोः कुलीरक! किं निवृत्तस्त्वम्? स मातुलोऽपि नायातः। तत्किं चिरयति? वयं सर्वे सोत्सुकाः कृतक्षणास्तिष्ठामः।"

त्यस गङ्टाले मरेका बकुल्लाको छिनेको गर्धन लिएर बिस्तारै उसै सरोवरतिर आयो। त्यसलाई देख्नेबित्तिकै सबै जलचर आश्चर्यचकित भएर— "ए गङ्टा! तिमी त फर्केर आएछौ नि? ती मामा अहिलेसम्म आइपुगेनन्। उनले यति ढिलो किन गरेका? हामीहरू सबै नै यात्राका लागि पूरै तयार भएर बसिरहेका छौँ" भन्दै सोध्न थाले।

एवं तैरभिहिते कुलीरकोऽपि विहस्योवाच— "मूर्खाः! सर्वे जलचरास्तेन मिथ्यावादिना वञ्चयित्वा नातिदूरे शिलातले प्रक्षिप्य भक्षिताः। तन्ममायुःशेषतया तस्य विश्वासघातकस्याभिप्रायं ज्ञात्वा ग्रीवेयमानीता; तदलं सम्भ्रमेणाधुना सर्वजलचराणां क्षेमं भविष्यति।"

जलजीवहरूको यस किसिमको कुरो सुनेर गङ्टाले हाँस्तै— "अरे मूर्खहरू! त्यस असत्यवादी बकुल्लाले धोका दिएर यहाँबाट अलिकति पर पुऱ्याएपछि त्यहाँ रहेका ढुङ्गामाथि पछारेर सबै जलचरहरूलाई खाएछ। आफ्नो मानो नपुगेको हुँदा मैले त्यस विश्वासघातीको विचार कुनै सुरतले बुझ्न सकेँ। अनि त्यसलाई मारेर त्यसको घाँटी पनि यहाँ सँगै लिएर आएको छु। अब डराउनुपर्ने कुनै कुरो छैन। अबदेखि सबै जलचरहरूको भलो हुनेछ" भन्यो।

अतोऽहं ब्रवीमि— "भक्षयित्वा बहून्मत्स्यान्" इति।

यो कथा सुनेर स्यालले— "त्यसैले त म धेरै माछा खाएपछि एक दिन उपाय खोज्न जान्ने गङ्टाको फेला परेर बकुल्लो मारियो भनेर भन्दछु नि" भन्यो।

वायस आह— "भद्र! तत्कथय कथं स दुष्टसर्पो वधमुपैष्यति?"

स्यालको कुरो सुनिसकेपछि कागले— "भद्र! त्यो दुष्ट सर्पलाई कसरी मार्न सकिएला त?" भनेर सोध्यो।

शृगाल आह— "गच्छतु भवान् कञ्चिन्नगरं राजाधिष्ठानम्। तत्र कस्यापिधनिनो राजामात्यादेः प्रमादिनः कनकसूत्रं हारं वा गृहीत्वा तत्कोटरे प्रक्षिप, येन सर्पस्तद्ग्रहणेन वध्यते।"

स्यालले त्यसका उत्तरमा— "तिमी यस्ता सहरमा जाऊ जहाँ राजाको निवास भएको होस्। त्यहाँ गएर कुनै पनि राजा, उसको मन्त्री अथवा कुनै धनी मानिस असावधान रहेको अवस्थालाई फेला पार। अनि त्यस्तो मौका पर्नासाथ उनीहरूको सुनको हार टिपेर टाप ठोक र त्यसलाई लगेर सर्प बसेका टोडकामा हालिदेऊ। त्यसो भएपछि मानिसहरू हार झिक्न आएका बेला त्यो पनि मारिन्छ" भन्यो।

अथ तत्क्षणात् काकः काकी च तदाकर्ण्यात्मेच्छयोत्पतितौ। ततश्च काकी किञ्चित्सरः प्राप्य यावत्पश्यति, तावत्तन्मध्ये कस्यचिद्राज्ञोऽन्तःपुरं जलासन्नं न्यस्तकनकसूत्रं मुक्ताहारवस्त्राभ-रणं जलक्रीडां कुरुते। अथ सा वायसी कनकसूत्रमेकमादाय स्वगृहाभिमुखं प्रतस्थे। ततश्च कञ्चुकिनो वर्षवराश्च तन्नीयमानमुपलक्ष्य, गृहीतलगुडाः सत्वरमनुययुः। काक्यपि सर्पकोटरे तत्कनकसूत्रं प्रक्षिप्य सुदूरमवस्थिता।

स्यालको कुरो सुनेर भाले र पोथी दुवै काग उसै बेला तुरुन्तै आफ्नो इच्छाअनुसार उड्दै कुनै देशतिर लागे। एउटा तलाउका किनारमा पुग्दा पोथी कागले त्यो तलाउ कुनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाका अन्तःपुरका नजिक रहेको र त्यसका किनारामा आफ्ना हारहरू, सुनका सिक्रीहरू, मोतीका माला तथा अरूअरू धेरै वस्त्र र अलङ्कारहरू राखेर कैयौँ जना राजकुमारीहरू जलक्रीडा गर्न लागेका रहेछन्। तिनीहरूमध्ये कसैको एउटा सुनको सिक्री लिएर पोथी काग त्यहाँबाट आफ्नो गुँडतर्फ उड्यो। कागका पोथीले हार लिएर उड्दै गरेको कञ्चुकी र वर्षवरहरूले देखेपछि हातमा लाठा र मुङ्ग्रा बोकेर त्यसका पछि लागेर दौडँदै आए। सर्पका टोडकामा त्यस हारलाई हालिदिएर पोथी काग अलिक पर गएर बस्यो।

अथ यावद्राजपुरुषास्तं वृक्षमारूह्य तत्कोटरमवलोकयन्ति, तावत्कृष्णसर्पः प्रसारित–भोगस्तिष्ठति। ततस्तं लगुडप्रहारेण हत्वा कनकसूत्रमादाय यथाभिलषितं स्थानं गताः। वायस–दम्पती अपि ततःपरं सुखेन वसतः। अतोऽहं ब्रवीमि– उपायेन यतकुर्यात्' इति।

राजाका मानिसहरूले वृक्षमा चढेर हार झिक्न भनी प्वालभित्र हेर्दाखेरि त त्यहीं कालो सर्प फणा फिँजाएर बसिरहेको पो देखे। राजपुरुषहरूले लौरैलौराले हानेर त्यो सर्पलाई मारिदिए र सुनको हार त्यहाँबाट झिकेर राजप्रासादतिर लागे। कागको दम्पती पनि त्यस दिनदेखि सुखपूर्वक निवास गर्न लागे" भन्ने कथा सुनायो।

"तत्र किञ्चिदिह बुद्धिमतामसाध्यमस्ति। उक्तञ्च–

उक्त कथा समाप्त गरिसकेपछि दमनकले– "त्यसैले म भन्दछु कि उपायले जुन काम गर्न सकिन्छ त्या काम बल र पराक्रमले गर्न सकिँदैन। उपायद्वारा कागका पोथीले कालो सर्पलाई मारिदिएको थियो। बुद्धिमान्हरूका लागि कुनै पनि वस्तु असाध्य हुँदैन। भनिएको पनि छ कि–

यस्य बुद्धिर्बलं तस्य निर्बुद्धेस्तु कुतो बलम् ?।
वने सिंहो मदोन्मत्तः शशकेन निपातितः" ॥ २३७ ॥

जोसँग बुद्धि हुन्छ उसैसँग बल पनि हुन्छ। बुद्धिहीन व्यक्तिसँग बल हुँदैन। किनभने वनमा बस्ने एउटा मदमत्त सिंहलाई कमजोर किसिमको खरायोले पनि मारिदिएको थियो" भन्यो।

करटक आह– "कथमेतत ?" स आह–

अनि करटकले– "यस्तो कसरी हुन्छ ?" भनेर सोध्यो। अनि उसले भन्यो–

सिंह–शशक–कथा

कस्मिंश्चिद्वने भासुरको नाम सिंहः प्रतिवसति स्म। अथासौ वीर्यातिरेकान्नित्यमेवानेकान् मृगशशकादीन् व्यापादयन्नोपरराम। अथान्वेद्यस्तद्वनजाः सर्वे सारङ्गवराहमहिषशशकादयो मिलित्वा तमभ्युपेत्य प्रोचुः– "स्वामिन्! किमनेन सकलमृगवधेन नित्यमेव, यतस्तवैकेनापि मृगेण तृप्तिर्भवति, तत्क्रियतामस्माभिः सह समयधर्मः। अद्यप्रभृति तवात्रोपविष्टस्य जातिक्रमेण प्रतिदिनमेको मृगो भक्षणार्थं समेष्यति। एवं कृते तव तावत्प्राणयात्रा क्लेशं विनापि भविष्यति, अस्माकं च पुनः सर्वोच्छेदनं न स्यात्। तदेष राजधर्मोऽनुष्ठीयताम्। उक्तञ्च–

सिंह र खरायो

कुनै एउटा वनमा भासुरक नाम गरेको एउटा सिंह बस्ने गर्दथ्यो। प्रशस्त बलियो भएको हुँदा त्यसले अनेकौँ मृग र खरायाहरूलाई मन परी मार्ने गर्दथ्यो, तापनि त्यसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्ति हुँदैनथ्यो। कुनै दिन वनका मृग, बँदेल, अर्ना, खराया आदिजस्ता सबै जीवहरू आपसमा मिलेर उसका नजिकै गएर– "महाराज ! प्रत्येक दिन सबै पशुहरूलाई मार्नाले के लाभ हुन्छ र ? किनभने तपाईंको आहार त केवल एउटैमात्र जीवले चलिहाल्छ। अतः तपाईं र हामीहरू आपसमा सँगै मिलेर प्रतिज्ञापूर्वक एउटा नियम बनाऔँ। यस प्रकार कुनै परिश्रमबिना नै तपाईंको जीवननिर्वाह पनि हुँदै जान्छ र हामीहरूमा पनि सामूहिक विनाशको भय रहँदैन। यस राजधर्मको तपाईंले पालन गरिदिनुपर्‍यो। भनिएको पनि छ–

शनैः शनैश्च यो राज्यमुपभुङ्क्ते यथाबलम्।
रसायनमिव क्ष्माभृत् स पुष्टिं परमां व्रजेत्॥ २३८॥

जुन राजाले शक्तिअनुसारले बिस्तारैसँग राज्यको उपभोग गर्दछ, उसले सेवन गरेको कुराले रसायनले जस्तै गरी परम बल र पुष्टि प्राप्त हुन्छ। त्यसको शक्ति कहिल्यै क्षीण हुँदैन।

विधिना मन्त्रयुक्तेन रूक्षापि मथितापि च।
प्रयच्छति फलं भूमिररणीव हुताशनम्॥ २३९॥

कृषिशास्त्रका अनुसार विधिपूर्वक खनजोत गरिएको रुखो र सुखो भूमि पनि विस्तारै फल दिनेयोग्य बन्न सक्तछ उसै गरी रुखासुखा दाउरालाई मिहिनेतसाथ घोट्नाले त्यसबाट अग्निरूपी फल निस्केर आउँछ।

प्रजानां पालनं शस्यं स्वर्गकोशस्य वर्धनम्।
पीडनं धर्मनाशाय पापायायशसे स्थितम्॥ २४०॥

राजाका लागि प्रजाको पालन गर्नु नै सबैभन्दा स्तुत्य एवं स्वर्गरूपी भण्डारलाई वढाउने काम हुन्छ। प्रजालाई दुःख दिनुले धर्मको नाश एवं पाप र अपयशलाई बढाउने काम गर्दछ।

गोपालेन प्रजाधेनोर्वित्तदुग्धं शनैः शनैः।
पालनात्पोषणाद् ग्राह्यं न्याय्यां वृत्तिं समाचरेत्॥ २४१॥

जसरी गोठालाले आफ्ना गाईहरूलाई खुवाईपियाई गरेर बिस्तारैबिस्तारै उसबाट प्रशस्त दुध दुहेर लिने गर्दछ तापनि कसैले उसलाई अन्यायी भन्दैनन्, उसै गरी राजाले पनि प्रजाको भरणपोषण गर्दै बिस्तारैबिस्तारै उनीहरूबाट धनआदि लिने गर्नुपर्छ र न्यायपूर्वक जीविकाको आर्जन पनि गर्नुपर्दछ।

अजामिव प्रजां मोहाद्यो हन्यात्पृथिवीपतिः।
तस्यैका जायते तृप्तिर्न द्वितीया कथञ्चन॥ २४२॥

जुन राजाले अज्ञानताका कारण आफ्ना प्रजालाई खसीबोका काटेझैँ गरी दुःख दिने गर्दछन् उनलाई एकपटक त आनन्द आऊला तर अर्कोपटक त्यस्तो हुँदैन। जस्तै खसीबोका काट्नेले पनि एकपटक मात्रै मासु खान पाउँछ, अर्कोपटक पाउँदैन, त्यस्तै प्रजापालन नगर्ने राजाले धेरैपटक धन, मान, सुख, यशआदि पाउँदैन।

फलार्थी नृपतिर्लोकान् पालयेद्यत्नमास्थितः।
दानमानादितोयेन मालाकारोऽङ्कुरानिव॥ २४३॥

फलको आशाले जसरी मालीले वृक्षका ससाना बिरुवाहरूलाई मलजल गरी ठूलो बनाउँछ, उसै गरी प्रजाबाट फलको इच्छा गर्ने राजाले पनि प्रयत्नपूर्वक दानआदिले प्रजाको पालन गर्नुपर्छ।

नृपदीपो धनस्नेहं प्रजाभ्यः संहरन्नपि।
आन्तरस्थैर्गुणैः शुभ्रैर्लक्ष्यते नैव केनचित्॥ २४४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसरी दियोका सफा सलेदोले निरन्तर तेल तानिरहेको भए पनि देख्न सकिँदैन र त्यसलाई शोषण मानिँदैन, उसै गरी राजाले पनि आफ्ना आन्तरिक उदार गुणहरूद्वारा नै प्रजाबाट धनआदि अनुचित शोषण नगरी ग्रहण गर्नुपर्छ, त्यसो गर्नाले प्रजाले उसलाई शोषक भन्ने साहस गर्दैनन्।

यथा गौर्दुह्यते काले पाल्यते च तथा प्रजा।
सिच्यते चीयते चैव लता पुष्पफलप्रदा॥ २४५॥

जसरी गाईलाई खुवाईप्याईकन समयमा मात्रै दुध दुहिन्छ र लहराहरूलाई पनि मलजल गरिरहेर मौकामा मात्रै त्यसको फलफूल टिपिन्छ उसै गरी प्रजाहरूको पनि यथोचित पालन गरिसकेपछि मात्रै उसबाट धनआदि करको रूपमा ग्रहण गर्नु उचित हुन्छ।

यथा वीजाङ्करः सूक्ष्मः प्रयत्नेनाभिरक्षितः।
फलप्रदो भवेत्काले तद्वल्लोकः सुरक्षितः॥ २४६॥

जस्तै ससाना बिरुवालाई राम्रो तरिकाले पालनपोषण गरिएको छ भने कालान्तरमा त्यो नै विशेष फल दिने हुन्छ, उसै गरी राजाबाट राम्रोसँग पालनपोषण भएका र रक्षा गरिएका प्रजाहरू पनि मौकामा फलदायी हुन्छन्।

हिरण्यधान्यरत्नानि यानानि विविधानि च
तथान्यदपि यत्किञ्चित्प्रजाभ्यः स्यान्महीपतेः॥ २४७॥

सुन, धानचामल, रत्न, विविध प्रकारका वाहन र अन्य वस्तुहरू पनि राजलाई प्रजाबाटै प्राप्त हुन्छन् अथवा राज्यमा भएका सबै कुरा प्रजाका नै हुन् र प्रजासँग भएका राजाका पनि हुन्।

लोकानुग्रहकर्तारः प्रवर्धन्ते नरेश्वराः।
लोकानां संक्षायाच्चैव क्षयं यान्ति न संशयः॥ २४८॥

प्रजामाथि कृपादृष्टि राख्ने राजाको राज्य, यश र सम्पत्तिमा सधैँ उन्नति भइरहेको हुन्छ र प्रजाको धनसम्पत्ति, मान, शिक्षा आदिमा विनाश भए भने त्यसबाट राजाको पनि विनाश हुन्छ।

अथ तेषां तद्वचनमाकर्ण्य भासुरक आह— "अहो! सत्यमभिहितं भवद्भिः। परं यदि ममोपविष्टस्यात्र नित्यमेव नैकैको मृगः समागमिष्यति सन्नूनं सर्वानपि भक्षयिष्यामि।"

वन्यपशुहरूको कुरो सुनेर भासुरकले— "तिमीहरूले भनेको कुरो ठिक छ। तर यहाँ बसीबसीकन यदि मसँग एउटाएउटा पशु दिनदिनै आएन भने म सबैलाई मारेर खाइदिन्छु" भन्ने किसिमको सर्त बनायो।

अथ ते तथेति प्रतिज्ञाय निर्वृतिभाजस्तत्रैव वने निर्भयाः पर्यटन्ति। एकश्च प्रतिदिनं जातिक्रमेण वृद्धो वा, वैराग्ययुक्तो वा शोकस्तो वा, पुत्रकलत्रनाशभीतो वा तेषां मध्यात्तस्य भोजनार्थ मध्याह्नसमये उपतिष्ठते।

भासुरकको इच्छाअनुसार प्रतिज्ञा गरिसकेपछि ती सबै वन्यजन्तुहर निर्भय भएर सुखपूर्वक त्यस वनमा घुम्न लागे। उनीहरूमा एक पशु जातिका क्रमले चाहे बुढो होस् या वैराग्ययुक्त होस्, शोकग्रस्त होस् अथवा आफ्ना शाखा सन्तान मासिएकाले पिरोलिएको होस्, प्रत्येक दिन दिउँसोको समयमा उसको भोजन बन्नका लागि उपस्थित हुने गर्दथ्यो।

अथ कदाचिज्जातिक्रमाच्छशकस्यावसरः समायातः। स समस्तमृगप्रेरितोऽनिच्छन्नपि मन्दं मन्दं गत्वा तस्य वधोपायं चिन्तयन् वेलातिक्रमं कृत्वा व्याकुलितहृदयो यावद्गच्छति तावन्मार्गे गच्छता कूपः संदृष्टः। यावत्कूपोपरि याति तावत्कूपमध्ये आत्मनः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिबिम्बं ददर्श। दृष्ट्वा च तेन हृदयेन चिन्तितम् यद्– "भाग्य उपायोऽस्ति। अहं भासुरकं प्रकोप्य स्वबुद्ध्याऽ–स्मिन्कूपे पातयिष्यामि।"

केही दिनपछि जातिको क्रमले एउटा खरायोले जानुपर्ने अवसर आयो। उसको जाने इच्छा नहुँदानहुँदै पनि सम्पूर्ण वन्यपशुहरूद्वारा ज्यादै कर लगाइएकाले ऊ बिस्तारैबिस्तारै हिँडेर जान लाग्यो। समयलाई धेरै बिताएर त्यस सिंहको विनाशका विषयमा उपायहरू सोच्दै वहुत उदास मनले ऊ लुम्बुङलुम्बुङ हिँडेर जाँदै थियो। बाटामा उसले एउटा इनार देख्यो। त्यस इनारमाथि चढेर जब उसले हेऱ्यो, त्यस बेला इनारभित्र उसले आफ्नै छाया देख्यो। त्यस छायालाई देखिसकेपछि उसले आफ्नै मनभित्र "सिंहको नाश गर्नका लागि यो उत्तम उपाय हो। आफ्नो बुद्धिद्वारा रिस उठाएर त्यो भासुरक नामका सिंहलाई उत्तेजित पार्दै ल्याएर म यस इनारमा खसालेर मारिदिन्छु" भन्ने ठान्यो।

अथासौ दिनशेषे भासुरकसमीपं प्राप्तः। सिंहोऽपि वेलातिक्रमेण क्षुत्क्षामकण्ठा–कोपाविष्टः स्रक्कणी परिलिहन्नचिन्तयत्– "अहो! प्रातराहाराय निःसत्त्वं वनं मया कर्तव्यम्"। एवं चिनन्तयतस्तस्य शशको मन्दं मन्दं गत्वा प्रणम्य तस्याऽग्रे स्थितः।

घाम अस्ताउन लागेका बेला त्यो खरायो भासुरकका नजिकमा पुग्यो। उता बेला बितेर गएका कारण भोकले सिंहको घाँटीसम्म सुकिसकेको थियो। रिसले आकुल भएर आफ्ना दुवै ओठलाई जिब्राले चाट्दै उसले– "भोलि बिहान हुनेबित्तिकै म यस वनका सारा पशुहरूलाई मारेर यस वनलाई जीवहीन बनाएर छोड्नेछु" भन्ने ठान्यो। त्यस्तै सोचिरहेका बेला खरायो बिस्तारैसँग त्यहाँ पुगेर उसलाई नमस्कार गर्दै उसका अगाडि उभियो।

अथ तं प्रज्व लतात्मा भासुरको भर्त्सयन्नाह– "रे शशकाधम! एकस्तावत्त्वंलघुः प्राप्तः अपरतो बेलातिक्रमेण। तदस्मादपराधात् त्वां निपात्य, प्रातः सकलान्यपि मृगकुलान्यु–च्छेदयिप्यामि।"

त्यस खरायोलाई देख्नेबित्तिकै रिसले मुर्मुरिंदै रातो भएर भासुरकले उसलाई थर्काउने हिसाबले– "ऐ अधम खराया! एक त तँ आफैँ यति सानो ख्याउटे छस्, त्यसमाथि पनि मेरो खानेपिने समय बिताएर यस्तो वेलुकीपख किन आएको होस्। तेरो यस अपराधका कारण म तँलाई मारिदिन्छु" भन्यो।

अथ शशकः सविनयं प्रोवाच– 'स्वामिन्! नापराधो मम, न चान्यमृगाणम्। तच्छ्रूयतां कारणम्।"

भासुरक रिसले मुर्मुरिएको देखेर खरायोले विनम्रतापूर्वक– "महाराज! यसमा मेरो कुनै दोष छैन। अन्य वन्य प्राणीहरूको पनि कुनै दोष छैन। ढिलो भएको कारणचाहिं अब म बताउँछु, सुन्नुहोस्" भन्यो।

सिंह आह– "सत्वरं निवेदय, यावन्मम दंष्ट्रान्तर्गतो न भवान्भवति" इति।

सिंहले– "छिटो भन्, जबसम्म तँ मेरा मुखभित्र पस्तैनस् त्यसभन्दा अघि जे भन्न चाहेको छस्, त्यो भनिहाल्" भन्यो।

शशक आह– "स्वामिन्! समस्तमृगैरद्य जातिक्रमेण मम तघुतरस्य प्रस्तावं विज्ञाय, ततोऽहं पञ्चशशकैः समं प्रेषितः। ततश्चाहमागच्छन्नन्तरालेमहता केनचिदपरेण सिंहेन क्षितिविवरान्निर्गत्याभिहितः– "रे! क्व प्रस्थिता यूयम्? अभीष्टदेवतां स्मरत।"

खरायोले– "महाराज! जातिक्रमले आज मजस्ता साना शरीर भएका प्राणीको पालो हो भन्ने लागेर सबै वन्य प्राणीहरू मिलेर मलाई पाँचवटा खरायाहरूका साथमा हजुरको सेवाका लागि पठाएका थिए। बाटामा आउँदै गर्दा हामीलाई अर्कै एउटा अति शक्तिशाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहले छेक्यो। माटामुनिका ओडारबाट निस्केर उसले मसँग तिमीहरू कहाँ जाँदै छौ ? आफ्नो इष्ट देवताको स्मरण गर भन्न लाग्यो" भनेर सुनायो।

ततो मयाभिहितम्— "वयं स्वामिनो भासुरकसिंहस्य सकाशमाहारार्थं समयधर्मेण गच्छामः।"

त्यसका कुरो सुनेर मैले— "हामीहरू त महाराज भासुरक नामका सिंहका अगाडि हामीले नै गरेको प्रतिज्ञाअनुसार उनको भोजनका लागि जाँदै छौँ" भनेर सुनाएँ।

ततस्तेनाभिहितम्— "यद्येवं तर्हि मदीयमेतद्वनम्। मया सह समयधर्मेण समस्तैरपि श्वापदैर्वर्तितव्यम्। चौररूपी स भासुरकः। अथ यदि सोऽत्र राजा ततो विशवासस्थाने चतुरः शशकानत्र धृत्वा तमाहूय द्रुततरमागच्छ, येन यः कश्चिदावयोर्भध्यातपराक्रमेण राजा भविष्यति स सर्वानेतान्भक्षयिष्यति" इति।

अनि त उसले— "के यो कुरो साँच्चै हो ? यो वन त मेरो हो। तिमीहरू सबै जङ्गली प्राणीहरूले नियमपूर्वक रहनुपर्ने हो। त्यो भासुरक त चोर हो। यदि त्यो यहाँको राजा हो भने तिमीहरू चारवटा खराया मसँग विश्वासका लागि जमानतका रूपमा छोडेर जाओ र त्यसलाई तुरुन्तै यहाँ बोलाएर ल्याऊ। हामी दुईमध्ये जुन बढी शक्तिशाली हुन्छ उही नै यस वनको राजा हुनेछ। अनि उसैले ती खरायाहरू पनि खान्छ" भन्यो।

"ततोऽहं तेनादिष्टः स्वामिसकाशमभ्यागतः। एतद्वेलाव्यतिक्रमकारणम्। तदत्र स्वामी प्रमाणम्।"

"त्यसको अनुमति पाएर मात्रै म महाराजका समीपमा आएको छु। मैले ढिलो गरेको कारण यही नै हो। मैले जे भन्नुपर्ने थियो त्यो मैले निवेदन गरेँ। अब महाराजको जस्तो इच्छा हुन्छ त्यो गर्न सक्नुहुनेछ" भनेर खरायोले सुनायो।

तच्छ्रुत्वा भासुरक आह— "भद्र! यद्येवं, तत्सत्वरं दर्शय मे तं चौरसिंहं, येनाहं मृगकोपं तस्योपरि क्षिप्त्वा स्वस्थो भवामि। उक्तञ्च—

खरायाको कुरो सुनेर भासुरकले— "भद्र ! तिम्रो कुरो यदि सत्य हो भने त्यस चोरसिंहसँग मलाई तुरुन्त भेट गराइहाल। अनि त म मृग मार्नका लागि जम्मा गरेर राखेको रिस सबै उसैमाथि खन्याएर स्वस्थ हुन चाहन्छु" भन्यो। भनिएको पनि त कि—

भूमिमित्रं हिरण्यं च विग्रहस्य फलत्रयम्।
नास्त्येकमपि यद्येषां न त कुर्यात्कथञ्चन॥ २४९॥

भूमि, मित्र र हिरण्य अर्थात् सुन यी तीन कुराहरूलाई युद्ध गरेर जितेको प्रतिफल मानिन्छ। यिनीहरूमध्ये यदि कुनै एउटाको पनि प्राप्ति हुने नदेखिएमा युद्ध गर्नु पनि हुँदैन।

यत्र न स्यात्फलं भूरि यत्र न स्यात्पराभवः।
न तत्र मतिमान्युद्धं समुत्पाद्य समाचरेत्" ॥ २५०॥

जहाँ कुनै विशेष फलको प्राप्ति हुनेवाला छैन र आफ्नो तिरस्कार पनि हुँदैन, त्यहाँ आफैँ युद्ध गर्नका लागि निहुँ खोज्दै अघि सरेर जानु पनि हुँदैन र युद्ध पनि गर्नुहुँदैन।

शशक आह— "स्वामिन्! सतयमिदम्। स्वभूमिहेतोः परिभवाच्च युद्ध्यन्ते क्षत्रियाः। परं स दुर्गाश्रयः, दुर्गान्निष्क्रम्य वयं तेन विष्कम्भिताः। ततो दुर्गस्थो दुःसाध्यो भवति रिपुः। उक्तञ्च—

खरायाले— "महाराज तपाईंको भनाइ ज्यादै मुनासिब छ। आफ्नो भूमि वा साम्राज्यका लागि अथवा तिरस्कार भएपछि क्षत्रियहरू युद्ध गर्नेतिर लाग्दछन्। किन्तु तपाईंको त्यो शत्रु त किल्लाभित्र आश्रय लिएर बसेको छ र किल्लादेखि बाहिर निस्केर हामीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रोकेको थियो। किल्लाभित्र रहेको शत्रु चाँडै पराजित हुने किसिमको हुँदैन" भन्यो। भनिएको पनि छ कि–

न गजानां सहस्रेण न च लक्षेण वाजिनाम्।
तत्कृत्यं साध्यते राज्ञां दुर्गेणैकेन यद्भवेत्॥ २५१॥

राजाहरूका लागि किल्लाको महत्त्व धेरै हुन्छ। उनीहरूले एउटा किल्लाको आश्रय लिएर युद्धसम्बन्धी जति काम गर्न सक्दछन् त्यति हज्जारौँ हात्ती र लाखौँ घोडाको सहायताबाट पनि हुन सक्दैन।

शतमेकोऽपि सन्धत्ते प्राकारस्थो धनुर्धरः।
तस्माद् दुर्ग प्रशंसन्ति नीतिशास्त्रविचक्षणाः॥ २५२॥

किल्लाका पर्खालहरूमा आश्रित रहेका धनुर्धारी व्यक्तिले एक्लै नै पनि सैयौँ लडाकाहरूलाई आफ्नो लक्ष्य बनाइदिन्छन्। त्यसैले नीतिशास्त्रलाई जान्ने विचक्षण पुरुषहरूले युद्धकालमा किल्लाको प्रशंसा गर्दै धेरै कुरो भनेका छन्।

पुरा गुरोः समादेशाद्धिरण्यकशिपोर्भयात्।
शक्रेण विहितं दुर्ग प्रभावाद्विश्वकर्मणः॥ २५३॥

प्राचीन युगमा हिरण्यकशिपुसँग डराएर थर्कमान हुँदै इन्द्रले देवताका गुरु वृहस्पतिको आदेशअनुसार देवशिल्पी विश्वकर्माबाट सर्वप्रथम किल्लाको निर्माण गराएका थिए।

तेनापि च वरो दत्तो यस्य दुर्ग स भूपतिः।
विजयी स्यात्ततो भूमौ दुर्गाणि स्युः सहस्रशः॥ २५४॥

किल्लाको निर्माण भइसकेपछि इन्द्रले यस्तो वरदान दिए कि जुन राजासँग किल्ला रहन्छ, त्यो सधैँ विजयी हुन्छ। त्यसै बेलादेखि पृथ्वीमा हज्जारौँ किल्लाहरूको निर्माण भएको हो।

दंष्ट्राविरहितो नागो मदहीनो यथा गजः।
सर्वेषां जायते वश्यो दुर्गहीनस्तथा नृपः"॥ २५५॥

दुर्गहीन राजा पनि उसै किसिमले शत्रुहरूका वशमा पर्न आउँछन्, जसरी दाँतहीन सर्प र मदहीन हात्ती सिकारीहरूका वशमा परेका हुन्छन्।

तच्छ्रुत्वा भासुरक आह– "भद्र! दुर्गस्थमपि दर्शय तं चौरसिंहं येन व्यापादयामि। उक्तञ्च–

माथिका कुराहरू सुनिसकेपछि भासुरकले– "दुर्गमा आश्रित भए पनि त्यो चोरसिंह मलाई देखाइदेऊ। त्यसलाई मैले मार्न पाऊँ" भन्यो। भनिएको पनि छ कि–

जातमात्रं न यः शत्रुं रोगं च प्रशमं नयेत्।
महाबलोऽपि तेनैव वृद्धिं प्राप्य स हन्यते॥ २५६॥ तथा च–

शत्रु र रोगलाई देखा पर्नेबित्तिकै जुन मानिसले ती रोग वा शत्रुलाई समाप्त गर्ने उपाय गर्दैन त्यो मानिस जतिसुकै बलियो भए पनि तिनै रोग वा शत्रु पुष्ट एवं समृद्ध भएपछि उनैबाट त्यस मानिसले मारिनुपर्नेछ। अरू पनि–

उत्तिष्ठमानस्तु परो नोपेक्ष्यः पथ्यमिच्छता।
समौ हि शिष्टैराम्नातौ वर्त्स्यन्तावामयः स च॥ २५७॥ अपि च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो हित चाहने व्यक्तिले बढ्दै आएका शत्रुको उपेक्षा गर्नुहुँदैन। जानकारहरूको भनाइ छ कि शत्रु र रोग दुवै उस्तै हुने गर्दछन्। अरू पनि–

उपेक्षितः क्षीणबलोऽपि शत्रुः, प्रमाददोषात्पुरुषैर्मदान्धैः।
साध्योऽपि भूत्वा प्रथमं ततोऽसी, असाध्यतां व्यधिरिव प्रयाति॥ २५८॥ तथा च–

मदले अन्ध भएका मानिसहरूद्वारा अल्छ्याइँका कारण उपेक्षा गरिएका अल्पशक्ति शत्रुहरू पहिले पराजित हुने किसिमका हुन्छन् तापनि पछि उपेक्षाकै कारण बढेको रोगजस्तै भएर जित्न नसकिने खालका हुन्छन्। अरू पनि–

आत्मनः शक्तिमुद्वीक्ष्य मानोत्साहञ्च यो ब्रजेत।
बहून्हन्ति स एकोऽपि क्षत्रियान् भार्गवो यथा॥ २५९॥

जुन व्यक्ति आफ्नो शक्तिलाई राम्ररी चिनेर शत्रुमाथि प्रयोग गर्दछ र युद्धका लागि तयार रहन्छ, त्यो एक्लै भए पनि अनेकौंको संहार गर्न सक्षम हुन्छ। जसरी परशुरामले क्षत्रियहरूको संहार गरेका थिए।

शशक आह– "अस्त्येतत्, तथापि बलवान्स मया दृष्टः। तत्र युज्यते स्वामिनस्तस्य सामर्थ्यमविदित्वैवं गन्तुम्। उक्तञ्च–

सिंहका यस्ता कुराहरू सुनिसकेपछि खरायाले– "यद्यपि स्वामीको भनाइ यथार्थ छ तापनि त्यसलाई मैले देखेको छु। त्यो अति नै बलियो छ। अतः त्यसका शक्तिका विषयमा जानकारी प्राप्त नगरीकन महाराजले त्यहाँ जानु उचित छैन" भन्यो। भनिएको पनि कि–

अविदित्वात्मनः शक्तिं परस्य च समुत्सुकः।
गच्छन्नभिमुखो नाशं याति वह्नौ पतङ्गवत्॥ २६०॥

आफ्नो र शत्रुको शक्तिलाई राम्रोसँग नजानीकन नै जोसिएर लडाइँका मैदानमा हाम फाल्दै जाइलाग्ने मानिस आगामा होमिन आएका किराजस्तै भएर आफैँ नाश हुन्छन्।

यो बलात्प्रोन्नतं याति निहन्तुं सबलोऽप्यरिम्।
विमदः स निवर्तेत शीर्णदन्तो गजो यथा॥ २६१॥

बलवान् भए पनि जुन व्यक्ति आफूभन्दा अधिक शक्तिशाली शत्रुलाई मार्नका लागि प्रस्थान गर्दछ त्यो उसै प्रकारले अपमानित भएर फर्कन्छ जसरी बलियो हात्तीसँग लडाइँ गरेका कारणले दाँतको हानी गरेर कमजोर हात्तीले फर्कनुपर्छ।

भासुरक आह– "भोः! किं तवानेन व्यापारेण ? दर्शय मे तं दुर्गस्थमपि।"

खरायाको निषेधवाक्य सुनेपछि भासुरकले– "तिमीलाई यस्ता खालका कुराको के सरोकार ? त्यो किल्लाभित्र भए पनि होस् न। तिमी मलाई देखाउन त देखाइदेऊ" भन्यो।

शशक आह– "यद्येवं तर्ह्यागच्छतु स्वामी।" एवमुक्त्वाऽग्रे व्यवस्थितः। ततश्च तेनाऽऽगच्छता यः कूपो दृष्टोऽभूत्तमेव कूपमासाद्य भासुरकमाह– "स्वामिन्! कस्ते प्रतापं सोढुं समर्थः। त्वां दृष्ट्वा दूरतोऽपि चौरसिंहः प्रविष्टः स्वं दुर्गम्। तदागच्छ, येन दर्शयामि" इति।

खरायोले पनि– "यदि साँच्चै नै यस्तो कुरो हो भने ठिकै छ नि जाऊँ महाराज" भन्दै आफू अघिअघि हिँड्यो। आउँदै गर्दा उसले बाटामा जुन इनार देखेको थियो त्यसैका नजिकै पुगेर उसले भासुरकसँग– "महाराज ! तपाईंका तेजलाई कसले पो खप्न सक्छ र ? तपाईंलाई टाढैबाट आउँदै गरेको देख्नासाथ त्यो चोरसिंह ऊ त्यहाँको किल्लाभित्र पस्यो। आउनुहोस् म अहिले देखाइदिन्छु" भन्यो।

भासुरक आह– " दर्शय मे दुर्गम्।'

भासुरकले– "त्यसो भए मलाई त्यसको किल्ला देखाइदेऊ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदनु दर्शितस्तेन कूपः। ततः सोऽपि मूर्खः सिंहः कूपमध्ये आत्मप्रतिबिम्बं जलमध्यगतं दृष्ट्वा सिंहनादं मुमोच। ततः प्रतिशब्देन कूपमध्याद् द्विगुणतरो नादः समुत्यितः। अथ तेन तं शत्रुं मत्वात्मानं तस्योपरि प्रक्षिप्य, प्राणाःपरित्यक्ताः।

त्यसपछि त्यस खरायोले त्यही इनार सिंहलाई देखाइदियो। त्यसपछि त्यस मूर्ख सिंहले इनारमा हेर्दा आफ्नै छायालाई पानीमा देख्यो र सिंहनाद अर्थात् ठूलो स्वरले गर्जन गऱ्यो। इनारभित्र उसैको ध्वनिको प्रतिशब्द ध्वनित भएर दोब्बर चर्को स्वर त्यहाँ उठेर आयो। त्यस प्रतिबिम्बलाई नै उसले आफ्नो शत्रु ठानेर त्यसमाथि हाम फाल्यो र त्यहीँ उसले आफ्नो ज्यान गुमायो।

शशकोऽपि हृष्टमनाः सर्वमृगानानन्द्य, तैः प्रशस्यमानो यथामुखं तत्र वंने निवसति स्म।

त्यसको मृत्युबाट रमाएको खरायोलाई सकुशल फर्किएको देखेपछि केवल सब वन्यप्राणीहरूलाई प्रसन्नता मात्रै भएन, बरु ऊ पनि सबैको धन्यवादको पात्रसमेत भयो र हाइसन्चोले त्यस वनमा रहन लाग्यो।

अतोऽहं ब्रवीमि— "यस्य बुद्धिर्बलं तस्य.... इति। तद्यदि भवान्कथयति, तत्तत्रैव गत्वा तयोः स्वबुद्धिप्रभावेण मैत्रीभेदं करोमि।"

यस कथालाई सुनाइसकेपछि दमनकले— "त्यसैले म त भन्दछु कि जोसँग बुद्धि हुन्छ, बल पनि उसैसँग हुन्छ ... इत्यादि। यदि तिमी भन्दछौ नै भने म त त्यहीँ गएर आफ्ना बुद्धिका प्रभावले उनीहरूमा फाटो पनि पार्नेछु र उनीहरूको मित्रता पनि भङ्ग गराउँछु" भन्यो।

करटक आह— "भद्र! यद्येवं तर्हि गच्छ, शिवास्ते पन्थानः सन्तु। यथाभिप्रेत-मनुष्ठीयताम्।"

करटकले— "भद्र! तिमी यही नै चाहन्छौ भने जाऊ, तिम्रो मार्गमा कल्याण रहोस्। जस्तो चाहेका छौ, त्यस्तै काम गर" भन्यो।

अथ दमनकः सञ्जीवकवियुक्तं पिङ्गलकमवलोकय तत्रान्तरे प्रणम्याग्रे समुपविष्टः। पिङ्गलकोऽपि तमाह— "भद्रं! किं चिराद् दृष्टः?"

पिङ्गलकलाई एकान्तमा बसेको देखेर दमनकले उसलाई प्रणाम गर्दै उसका अगाडि शान्त भएर बस्यो। त्यसलाई देखेपछि पिङ्गलकले— "भद्र! भन, के छ त हालचाल, निकै दिनपछि मात्रै पो देखियौ त?" भनी सोध्यो।

दमनक आह— "न किञ्चिद्देवपादानामस्माभिः प्रयोजनम्। तेनाहं नागच्छामि। तथापि राजप्रयोजनविनाशमवलोक्य संदह्यमानहृदयो व्याकुलतया स्वयमेवाभ्यागतो वक्तुम्। उक्तञ्च—

दमनकले— "महाराजलाई त हाम्रो कुनै किसिमको खाँचो नै पर्दैन, त्यसैले त म आउँदिन पनि। तर पनि राजकाजमा हानी हुन लागेको देखेर मेरो हृदय जब जल्न लाग्यो अनि म व्याकुल भएँ र स्वयं नै निवेदन गर्नका लागि दौडेर आएको हुँ। भनिएको पनि छ कि—

प्रियं वा यदि वा द्वेष्यं वा यदि वा शुभम्।
अपृष्टोऽपि हितं ब्रूयाद्यस्य नेच्छेत्पराभवम्॥ २६२॥

मानिसले कसैको कुभलो चाहँदैन भने त्यस्ता मानिसलाई पनि उसको हित हुने कुरो पक्कै भनिदिनुपर्छ। चाहे त्यो राम्रो लागोस् अथवा नलागोस् वा त्यो कुरो शुभ होस् अथवा अशुभ होस्" भन्ने उत्तर दियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तस्य साभिप्रायं वचनमाकर्ण्य पिङ्गलक आह– "किं वक्तुमना भवान् ? तत्कथ्यतां यत्कथनीयमस्ति।"

दमनकको अभिप्रायले भरिएको कुरो सुनेर पिङ्गलकले– "तिमी के भन्न खोज्दै छौ ? जे भन्न खोजेका हौ, त्यसलाई स्पष्ट गरेर भन" भन्यो।

स प्राह– "देव ! सञ्जीवको युष्मत्पादानामुपरि द्रोहबुद्धिरिति। विश्वासगतस्य मम विजने इदमाह– 'भो दमनक ! दृष्ट्वा मयास्य पिङ्गलकस्य सारासारता। तदहमेनं हत्वा सकल-मृगाधिपत्यं त्वत्साचिव्यपदवीसमन्वितं करिष्यामि।'

उसले– "महाराज ! सञ्जीवकले तपाईंप्रति विद्रोहको भाव लिएको छ। आफ्नो विश्वस्त ठानेर एक्लै भएका मौकामा उसले मलाई "दमनक ! मैले यस पिङ्गलकको शक्ति र कमजोरी सबै चिनिसकेको छु। अब यसलाई मारेर तिमीलाई मन्त्री बनाएर म सम्पूर्ण वन्य-प्राणीहरूको राज्यमा आफ्नो आधिपत्य स्वयं गर्नेछु। भन्दै थियो" भन्ने कुरो सुनायो।

पिङ्गलकोऽपि तद्वज्रसारप्रहारसदृशं दारुणं वचः समाकर्ण्य, मोहमुपगतो न किञ्चिदप्युक्तवान्। दमनकोऽपि तस्य तमाकारमवलोक्य चिन्तितवान्– "अयं तावत्सञ्जीवकनिबद्धरागः। तन्नूनमनेन मन्त्रिणा राजा विनाशमवाप्स्यति" इति। उक्तञ्च–

दमनकको बज्रप्रहारजस्तो कठोर कुरो सुनेर पिङ्गलक तत्कालै मूर्च्छित भयो। उसले केही बोल्नै सकेन। दमनकले जब उसको यो स्थितिलाई देख्यो अनि आफ्ना मनमा "यो पिङ्गलक सञ्जीवकसँग ज्यादै घनिष्ट स्नेह गर्दछ। यस्तै मन्त्रीका कारणले यस राजाको पनि विनाश निश्चय हुन्छ" भन्ने ठान्यो। भनिएको पनि त छ कि–

एकं भूमिपतिः करोति सचिवं राज्ये प्रमाणं यदा,
तं मोहाच्छ्रयते मदः स च मदाद् दास्येन निर्विद्यते।
निर्विण्णस्य पदं करोति हृदये तस्य स्वतन्त्रस्पृहा,
स्वातन्त्र्यस्पृहया ततः स नृपतेः प्राणेष्वभिद्रुह्यते॥ २६३॥

जब राजाले कुनै एक मन्त्रीलाई नै राज्यको सर्वेसर्वा बताइदिन्छ भने त्यो मन्त्री अधिकार पाएर अहङ्कारका मदमा चुर्लुम्म डुब्दछ। अनि अधिकारको पनि मदले मत्त भएपछि त्यस मन्त्रीले राजकाजमा पनि रुचि देखाउन छोड्छ। उसको मन अरू नै कुनै कुरातिर चिन्ता गर्न लाग्दछ। राजाको दासता पनि उसलाई गुलामीजस्तो लाग्न थाल्छ। अतः दुःखी भएका कारण स्वतन्त्र हुने भावनाले उसका हृदयमा डेरा जमाउन थाल्दछ। पुनः उसले आफ्नो लक्ष्य प्राप्तिका लागि प्रयत्न गर्न थाल्दछ र बिस्तारैबिस्तारै आफ्नो स्वतन्त्रताका लागि राजाका ज्यानको पनि द्रोही बन्न पुग्दछ।

तत्किमत्र युक्तम् ?" इति। पिङ्गलकोऽपि चेतनां समासाद्य कथमपि तमाह– "सञ्जीवकस्तावत्प्राणसमो भृत्यः, स कथं ममोपरि द्रोहबुद्धिं करोति ?"

यस्ता समयमा के गर्न उचित होला त ! यसै बिचमा पिङ्गलकको होस फिर्‍यो। उसले कुनै प्रकारले आफूलाई सम्हाल्दै– "सञ्जीवक मेरो प्राणसमान प्रिय सेवक हो। उसले पनि मप्रति द्रोहको विचार लिन सक्छ र ?" भन्यो।

दमनक आह– "देव ! भृत्यो, भृत्य इति न एकान्तिकमेतत्।" उक्तञ्च–

दमनकले– "महाराज ! सेवक, सेवक नै हो भन्ने नियम सार्वभौमिक नहुन पनि त सक्छ" भन्ने उत्तर दियो। भनिएको पनि त छ कि–

"न सोऽस्ति पुरुषो राज्ञां यो न कामयते श्रियम्।
अशक्ता एव सर्वत्र नरेन्द्रं पर्युपासते" ॥ २६४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"राजाकहाँ सेवाको काममा खटिएका पुरुषहरूमा कुनै पनि यस्ता पुरुषहरू हुँदैनन् जो राज्यश्रीको उपभोग गर्न नखोजून्। आफ्नो असमर्थताका कारणले नै उनीहरूले राजाको सेवा गर्ने गर्दछन्। मन्त्री होऊन् वा अन्य सामान्य सेवक, बलका अभावमा नै राजाको आज्ञाकारी भएर पछि लागेका हुन्छन्। तर राजा बन्ने रहर सबैमा हुन्छ।"

पिङ्गलक आह– "भद्र ! तथापि मम तस्योपरि चित्तवृत्तिर्न विकृतिं याति। अथवा साध्विदमुच्यते–

पिङ्गलकले– "भद्र ! त्यसै भए पनि उसमाथि मेरा मनमा कुनै किसिमको विकार उत्पन्न हुन सकिरहेको छैन" भन्यो। अथवा यो त ठिकै पनि भनिएको हो कि–

अनेकदोषदुष्टोऽपि कायः कस्य न वल्लभः ?।
कुर्वन्नपि व्यलीकानि यः प्रियः प्रिय एव सः" ॥ २६५ ॥

अनेकौँ दोषहरूले भरिएको भए पनि आफ्नो ज्यान कसलाई पो प्यारो लाग्दैन र ? आफ्नो हितविपरीत काम गर्दा पनि जुन व्यक्ति आफूलाई प्रिय लाग्दछ, त्यो व्यक्ति नै वास्तवमा प्रिय हुन्छ।

दमनक आह– "अतएवायं दोषः। उक्तञ्च–

उक्त वाक्यलाई सुनेपछि दमनकले– "त्यसैले त राजद्रोहजस्तो दोष उत्पन्न हुन्छ त" भन्यो। भनिएको पनि छ कि–

यस्मिन्नेवाधिकं चक्षुरारोपयति पार्थिवः।
अकुलीनः कुलीनो वा स श्रियो भाजनं नरः ॥ २६६ ॥

राजाले जुन व्यक्तिमाथि आफ्नो विशेष कृपादृष्टि राखिदिएका हुन्छन्, त्यो व्यक्ति चाहे कुलीन होस् या कुलहीन नै, राजलक्ष्मीको भोग गर्ने उही नै हुन्छ।

अपरं केन गुणविशेषेण स्वामी सञ्जीवकं निर्गुणकमपि निकटे धारयति ? अथ देव ! यद्येवं चिन्तयसि महाकायोऽयम् अनेन रिपून्व्यापादयिष्यामी, तदस्मान्न सिध्यतिः, अतोऽयं शष्पभोजी। देवपादाना पुनः शत्रवो मांसाशिनः। तद्रिपुसाधनमस्य साहाय्येन न भवति। तस्मादेनं दूषयित्वा हन्यताम्" इति। पिङ्गलक आह–

अर्को कुरो यो पनि छ कि, तपाईं उसका कुन विशेष गुणका कारणले त्यस निर्गुणी प्राणीलाई यति नजिकैको स्थान दिँदै हुनुहुन्छ ? महाराज ! यदि यो विशाल शरीरधारी अर्थात् बलियो छ र म यसका सहायताले आफ्ना शत्रुहरूको विनाश गर्नेछु भन्ने सोचेर हो भने पनि त्यो सोचाइ व्यर्थ छ। त्यस्तो कहिल्यै हुन सक्दैन। किनभने त्यो घाँस खाने स्वभावको छ र तपाईं मांसभोजी हुनुहुन्छ। अतएव उसका सहायताले शत्रुको संहार हुन सक्दैन। त्यसैले उसमाथि आरोप लगाएर त्यसलाई मारिदिऊँ" भन्यो। दमनकको उपर्युक्त रायलाई सुनिसकेपछि पिङ्गलकले–

'उक्तो भवति यः पूर्वं गुणवानिति संसदि।
तस्य दोषो न वक्तव्यः प्रतिज्ञाभङ्गभीरुणा ॥ २६७ ॥ अन्यच्च–

"आफ्ना कथनमा अर्कालाई अविश्वास नहोस् अथवा आफ्नो प्रतिज्ञा भङ्ग नहोस्, त्यसैले जुन व्यक्तिलाई एकपटक गुणवान् भनेर सम्बोधन गरिसकिएको छ, त्यसै व्यक्तिमाथि दोष लगाउनुहुँदैन। अर्को कुरो यस्तो पनि छ कि–

मयाऽस्य तवत्रचनेनाभयप्रदानं दत्तम्। तत्कथं स्वयमेव व्यापादयामि ? सर्वथा सञ्जीवकोऽयं सुहृदस्माकं, न तं प्रति कश्चिन्मन्युरस्ति ! उक्तञ्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मैले तिम्रै भनाइअनुसार उसलाई अभयदान पनि दिएको छु। पुनः स्वयं उसैको हत्या म कसरी गर्न सक्छु र ? सञ्जीवक मेरो सर्वथा मित्र हो। उसका प्रति मेरा मनमा कुनै प्रकारको क्रोध पनि छैन। भनिएको पनि छ कि–

इतः स दैत्यः प्राप्तश्रीर्नेत एवार्हति क्षयम्।
विषवृक्षोऽपि संवर्ध्य स्वयं छेत्तुमसांप्रतम्॥ २६८॥

यो तारकासुर मेरा वरदानका कारणले नै यति समृद्ध भएको छ, अतः मेरै हातबाट यसको वध हुनु उचित हुँदैन। किनभने विषको वृक्षलाई पनि आफैँले रोपेर सेचन गरिसकेपछि त्यसलाई आफैँले काट्नु उचित हुँदैन।

आदौ न वा प्रणयिनां प्रणयो विधेयोदत्तोऽथवा प्रतिदिनं परिपोषणीयः।
उत्क्षिप्य यत्क्षिपति तत्प्रकरोति लज्जां भूमौ स्थितस्य पतनाद्भयमेव नास्ति॥ २६९॥

प्रथमतः कसैप्रति स्नेही भएर स्नेह बढाउनु हुँदैन। यदि स्नेह बढेको छ भने त्यसलाई दिनप्रतिदिन बढाउँदै जानुपर्छ। स्नेहलाई चढाउँदै माथिसम्म पुऱ्याएर अनि त्यसको फेद ढाल्न खोजिन्छ भने त्यो लज्जास्पद कुरो हुन्छ। अतः स्नेहको आँकुरालाई भाँच्नुभन्दा त त्यसलाई पहिले नै बढ्न नदिनु राम्रो हुन्छ। किनभने भुइँमा बसेका मानिसलाई लड्ने डर कहिल्यै हुँदैन।

उपकारिषु यः साधुः साधुत्वे तस्य को गुणः।
अपकारिषु यः साधुः स साधुः सद्भिरुच्यते॥ २७०॥

उपकारी व्यक्तिप्रति सज्जनको व्यवहार देखाउने व्यक्तिमा खासै कुनै विशेषता हुँदैन। जसले अपकारी व्यक्तिप्रति सज्जनता देखाउँछ उसैलाई सज्जनहरू साधु भन्ने गर्दछन्।

तद् द्रोहबुद्धेरपि मयाऽस्य न विरुद्धमाचरणीयम्।"

त्यसैले द्रोहयुक्त भए पनि मैले उसप्रति कुनै किसिमको विपरीत आचरण गर्नुहुँदैन।

दमनक आह– "स्वामिन्! नैष राजधर्मो यद् द्रोहबुद्धिरपि क्षम्यते। उक्तञ्च-

दमनकले, "महाराज! द्रोही व्यक्तिलाई क्षमा गर्नु राजधर्म होइन। भनिएको छ कि–

तुल्यार्थं तुल्यसामर्थ्यं मर्मज्ञं व्यवसायिनम्।
अर्धराज्यहरं भृत्यं यो न हन्यात्स हन्यते॥ २७१॥

बराबर सम्पत्ति भएको, बराबर महत्त्वाकाङ्क्षा भएको, बराबर बल भएको, गोप्य कुराको जानकारी पाएको वा पाउन खोज्ने उद्योगी तथा राज्यको आधा भागका रूपमा रहेका प्रजालाई स्वाधीन राख्ने राजाको सेवक आदि शत्रु बनेपछि त्यस्तालाई जुन राजाले मार्दैनन् उनले स्वयं नै त्यसका हातबाट मारिनुपर्छ" भन्यो।

अपरं, त्वयाऽस्य सखित्वात्सर्वोऽपि राजधर्मः परित्यक्तः। राजधर्माभावात्सर्वोऽपि परिजनो विरक्तिङ्गतः। यतः सञ्जीवकः शष्पभोजी, भवान्मांसादः तव प्रकृत्यश्च। तत्तवाऽवध्य-व्यवसायबाह्यं कुतस्तासां मांसाशनम्? तद्रहितास्त्वां त्यक्त्वा यास्यन्ति, ततोऽपि त्वं विनष्ट एव। अस्य सङ्गत्या पुनस्ते न कदाचिदाखेटके मतिर्भविष्यति। उक्तञ्च–

अर्को कुरो यो छ कि– तपाईंले यसको सङ्गत गर्नाले पनि सबै राजधर्मलाई त्यागिसक्नुभयो। राजधर्मको पालन नभएका कारणले तपाईंका अनुचरहरू पनि तपाईंबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विरक्त भइसकेका छन्। किनभने सञ्जीवक घाँस खाने जातको हो र तपाईं मांसाहारी हुनुहुन्छ। त्यसैले तपाईंका प्रजा पनि मांसमा नै अभिरुची राख्दछन् र त्यो मांसाहार तपाईंको सफल परिश्रमविना सम्भव छैन। अतः त्यसका अभावमा तपाईंका प्रजाहरू तपाईंलाई छोडेर हिँड्नेछन्। यसो हुँदा यस दृष्टिकोणले पनि तपाईं नष्ट नै हुनुहुनेछ। यस सञ्जीवकका सङ्गतमा रहेकाले तपाईंको आखेट गर्ने इच्छा नै जागृत हुँदैन। किनभने भनिएको पनि छ कि—

यादृशैः सेव्यते भृत्यैर्यादृशांश्चोपसेवते।
कदाचिन्नात्र सन्देहस्तादृग्भवति पुरुषः ॥ २७२ ॥ तथा च—

जुन व्यक्तिसँग जस्तो किसिमका सेवकहरू हुन्छन् अथवा व्यक्तिले जस्ता मानिसको दासता गरेको हुन्छ ऊ पनि त्यस्तै वन्दै जान्छ, यसमा कुनै सन्देह छैन। फेरि पनि—

सन्तप्तायसि संस्थितस्य पयसो नामापि न ज्ञायते,
मुक्ताकार..या तदेव नलिनीपत्रस्थितं राजते।
स्वातौ सागरशुक्तिकुक्षिपतितं तज्जायते मौक्तिकं,
प्रायेणाधममध्यमोत्तमगुणः संवासतो जायते ॥ २७३ ॥ तथा च—

तातिएका फलाममा परेको पानीको थोपाको नामोनिसान मेटिएर सुक्तछ। जवकि त्यही पानी कमलका पत्रमा पऱ्यो भने मोतीका दानाजस्तै भएर टल्किन लाग्दछ अनि स्वाती नक्षत्रमा सागरका सिपीका विचमा त्यही पानीको थोपो पऱ्यो भने त्यसैले नै मोतीको रूप धारण गर्दछ। अतः प्रायः यसो भन्नु सत्य नै हुन्छ कि अधम, मध्यम र उत्तम गुणहरू सहवास वा सङ्गतका कारणले नै उत्पन्न हुन्छन्। फेरि पनि—

असतां सङ्गदोषेण साधवो यान्ति विक्रियाम्।
दुर्योधनप्रसङ्गेन भीष्मो गोहरणे गतः ॥ २७४ ॥

दुष्टका सङ्गतका दोषले कहिलेकाहीँ सज्जन व्यक्तिका मनमा पनि विकृति उत्पन्न हुन थाल्दछ। जस्तै, दुर्योधनका सङ्गतका कारणले भीष्म पितामहले पनि विराट राजाका गौशालामा गाईहरू खोस्नका लागि जानुपरेको थियो।

अतएव सन्तो नीचसङ्गं वर्जयन्ति। उक्तञ्च—

त्यसो भएकै कारणले सज्जनव्यक्तिले नीचको सङ्गत गर्नुहुँदैन भनेर दुष्टको साथ त्यागिदिन्छन्। भनिएको छ कि—

न ह्यविज्ञातशीलस्य प्रदातव्यः प्रतिश्रयः।
मत्कुणस्य च दोषेण हता मन्दविसर्पिणी" ॥ २७५ ॥

जुन व्यक्तिको स्वभाव र गुणका विषयमा जानकारी छैन उसलाई आश्रय दिनुहुँदैन। किनभने उडुसलाई आश्रय दिएर उडुसका दोषले नै मन्दविषर्पिणी नामको जुम्रो मारिएको थियो' भन्ने कथाको थालनी गऱ्यो।

पिङ्गलक आह— "कथमेतत" ? सोऽब्रवीत्—

पिङ्गलकले— "त्यस्तो कसरी भयो ?" भनेर सोध्यो अनि पिङ्गलक भन्न थायो—

मन्दविषर्पिणी-मत्कुणकथा

अस्ति कस्यचिन्महीपतेः कस्मिंश्चित्स्थाने मनोरमं शयनस्थानम्। तत्र शुक्लतरपटयुगलमध्यसंस्थिता मन्दविसर्पिणी नाम श्वेता यूका प्रतिवसति स्म। सा च तस्य महीपते रक्तमास्वादयन्ती सुखेन कालं नयमाना तिष्ठति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुम्रो र उडुस

कुनै एका देशमा त्यहाँका राजाको अत्यन्त मनोहर शयनकक्ष थियो। त्यहाँ राजका दैनिक व्यवहारमा आउने सफा कपडाका दुई जोड्नीमा एउटा मन्दविसर्पिणी नामको पोथी जुम्रो रहने गर्दथ्यो। राजाको रगतलाई स्वादले खाएर उसले आफ्नो समय बहुत आनन्दका साथमा बिताउने गरेको थियो।

अन्येद्युश्च तत्र शयने क्वचिद् भ्राम्यन्नग्निमुखो नाम मत्कुणः समायातः। अथ तं दृष्ट्वा सा विषण्णवदना प्रोवाच– "भो अग्निमुख ! कुतस्त्वमत्रानुचितस्थाने समायातः ? तथावान्न कश्चित्पश्यति, तावच्छीघ्रं गम्यताम्" इति।

कुनै दिन त्यसै शयनकक्षमा कतैबाट डुल्दैफिर्दै एउटा अग्निमुख नाम भएको उडुस पनि आइपुगेछ। त्यसलाई देखेपछि त्यस जुम्राले दुःखी भएर– "अरे अग्निमुख ! तिमी कहाँबाट यस ठाउँमा आइपुग्यौ ? कसैले देख्ला, त्यसभन्दा पहिले नै तिमी यहाँबाट छिट्टै भाग" भनेछ।

स आह– "भगवति ! गृहागतस्यासाधोरपि नैतद्युज्यते वक्तुम्। उक्तञ्च–

उसले– "भगवती ! भलै त्यो पाहुनो दुष्ट नै होस् तापनि घरमा आएका पाहुनालाई यसो भन्नु त राम्रो होइन नि" भन्यो। भनिएको छ कि–

एह्यागच्छ, समाश्वसासनमिदं, कस्माच्चिराद् दृश्यसे ?
का वार्ता न्वतिदुर्बलोऽसि कुशलं प्रतीऽस्मि ते दर्शनाद।
एवं नीचजनेऽपि युज्यति गृहं प्राप्ते सतां सवंदा,
धर्मोऽयं गृहमेधिनां निगदितः स्मार्तेलघुः स्वर्गदः ॥ २७६ ॥

आफ्ना घरमा पाहुनाका रूपमा यदि कुनै नीच मानिस नै पनि आओस् तापनि सज्जन व्यक्तिले अत्यन्त प्रमेपूर्वक "आउनुहोस्, आउनुहोस्, आराम गर्नुहोस्, यहाँ आसन छ, यसैमा बस्नुहोस्, धेरै दिनपछि देखिनुभयो, हालचाल के छ ? अलिक कमजोरजस्ता देखिनुभयो, सबैथोक कुशलै छ ? तपाईंलाई देखेर ज्यादै खुसी लाग्यो" भन्ने कुरो गर्नुपर्छ। यो नै उसको कर्तव्य हो। स्मृतिग्रन्थहरूमा गृहस्थहरूका लागिं स्वर्गको फल दिने किसिमको एवं सबैभन्दा सानो वा सजिलो धर्म यही हो भनेर यस्तै लेखेको पनि छ।

अपरं मयाऽनेकमानुषाणमनेकविधानि रुधिराण्यास्वादितान्याहारदोषात् कटुतिक्तकषायाऽम्लरसास्वादानि। न च मया कदाचिन्मधुररक्तं समास्वादितम्। तद्ययदि त्वं प्रसादं करोषि तदस्य नृपतेर्विविधव्यञ्जनान्नपानचोष्यलेह्यस्वाद्वाहारवशाच्छरीरे यन्मिष्टं रक्तं सञ्जातं तदास्वा-दनेन सौख्यं संपादयमि जिह्वायाः" इति। उक्तञ्च–

यसका अतिरिक्त एउटा कुरो यो पनि छ कि मैले अनेक प्रकारका मानिसहरको विभिन्न किसिमका स्वाद भएका रगतहरू चाखेको छु। तर ती सबै मानिसहरूका आहारको दोषका कारणले गर्दा तितो, पिरो, कोक्याउने वा अमिलो थिए। आजसम्म मैले कहिल्यै पनि गुलियो रगतको स्वाद चाख्न पाएको छैनँ। यदि तिमीले मलाई कृपा गऱ्यौ भने मात्रै म यस राजाको रगत खान पाउँछु। त्यसका शरीरको रगत विभिन्न प्रकारका व्यञ्जनहरू, अन्नहरू, पेयपदार्थहरू र चुसेर एवं चाटेर खाइनेयोग्य वस्तुहरू र स्वादिला खाने कुरा खाएर यस राजाका शरीरमा जुन मिठो किसिमको रगत उत्पन्न भएको छ। त्यसलाई खाएर मेरा जिब्राको धोको पुऱ्याउन सक्छु भन्ने मलाई लागेको छ। भनिएको पनि छ कि–

रङ्कस्य नृपतेर्वापि जिह्वासौख्यं समं स्मृतम्।
तन्मात्रं च स्मृतं सारं यदर्थं यतते नरः ॥ २७७ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जिब्राको स्वादको आनन्द लिनु राजा र रङ्क दुवैका लागि समान हुन्छ। दुवैका इच्छाहरू समान हुन्छन्। यस संसारमा जिब्राको स्वादमात्र नै सार पनि हो। मानिसले आफ्नो सम्पूर्ण उद्योग यसैका लागि नै गरेको पनि हुन्छ।

यद्येवं न भवेल्लोके कर्म जिह्वाप्रतुष्टिदम्।
तन्न भृत्यो भवेत् कश्चित्कस्यचिद्वशगोऽथवा॥ २७८॥

यदि जिब्रालाई सन्तुष्ट गर्ने कार्य संसारमा यति सारपूर्ण नहुँदो हो त न कोही कसैको दासता नै गर्दथ्यो र न कोही कसैका वशमा वशीभूत भएर नै रहन्थ्यो।

यदसत्यं वदेन्मर्त्यो यद्वाऽसेव्यं च सेवते।
यद् गच्छति विदेशं च तत्सर्वमुदरार्थतः॥ २७९॥

मानिसले यदि असत्य बोल्दछ भने, अयोग्यको सेवा गर्दछ भने अथवा विदेशको भ्रमण गर्दछ भने ती सबै काम पेटका लागि नै गरिएका हुन्। पेटका लागि नै मानिसले यी सारा प्रपञ्चहरू खप्नु र गर्नुपरेको हो।

तन्मया गृहागतेन बुभुक्षया पीव्यमानेन त्वत्सकाशाद्भोजनमर्थनीयम्, तन्न त्वयैकाकि-न्यास्य भूपते रक्तभोजनं कर्तु युज्यते।"

त्यसैले जब कि म अभ्यागतका रूपमा यहाँ तिम्रा घरमा आएर तिमीसँग भोजन मागिरहेको छु भने त्यस स्वादे राजाको रगत तिमीले एक्लै नै खाएर स्वाद लिएर खाइराख्नु उचित होइन" भन्यो।

तच्छ्रुत्वा मन्दविसर्पिण्याह— "भो मत्कुण! अहमस्य नृपतेर्निद्रावशं गतस्य रक्तमास्वादयामि। पुनस्त्वमग्निमुखश्चपलश्च। तद्यदि मया सह रक्तपानं करोषि तत्तिष्ठ, अभीष्टतरं रक्तमास्वादय।"

उडुसको यस्तो आग्रहलाई सुनिसकेपछि जुम्राले— "अरे मत्कुण! म त राजाले सुतिसकेपछि मात्रै उसको रगत चुसेर खाने गर्दछु। तिम्रो नाम अग्निमुख हो र तिमी पोल्नेखालको मुख भएका चञ्चल पनि छौ। यदि तिमीलाई पनि मसँगै रक्तपान गर्ने रहर छ भने पर्ख र मनको धोको पुग्ने गरी रक्तको आस्वादन गर" भन्यो।

सोऽब्रवीत्— "भगवति! एव करिष्यामि। यावत्त्वं नास्वादयसि प्रथमं नृपरक्तं, तावन्मम देवगुरुकृतः शपथः स्यात् यदि तदास्वादयामि।"

उडुसले— "देवी! म त्यसै गरूँला। जबसम्म तिमी पहिले त्यसको रक्तआस्वादन गर्ने काम पूरा गर्दिनौ त्यतिन्जेल मलाई गुरु र देवताको कसम लिन लगाए पनि हुन्छ कि म उसको रक्त ग्रहण गर्नेछैनँ" भन्यो।

एवं तयोः परस्परं बदतोः, स राजा तच्छयनमासाद्य प्रसुप्तः।

यस किसिमले यिनीहरू दुईका बिचमा वार्तालाप चलिरहेको थियो कि राजा शयनकक्षमा आएर सुते।

अथाऽसौ मत्कुणो जिह्वालौल्यप्रकृष्टौत्सुक्याज्जाग्रतमपि तं महीपतिमदशत्। अथवा साध्विदमुच्यते—

जिब्राको चञ्चलता र ज्यादै सकसके ब्योहोराले गर्दा त्यस उडुसले आफूलाई धेरै बेर धैर्यपूर्वक रोकेर राख्न सकेन र गएर ननिदाईकन जागै त्यत्तिकै पल्टिरहेका राजालाई टोकिदियो। अथवा ठिकै पनि भनिएको छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वभावो नोपदेशेन शक्यते कर्तुमन्यथा।
सुतप्तमपि पानीयं पुनर्गच्छति शीतताम्॥ २८०॥

कसैका स्वभावलाई उपदेशद्वारा बदल्न सकिँदैन। पानीलाई जतिसुकै उमाल्नुहोस् तर आगोबाट झिकिसकेपछि त्यो बिस्तारैसँग सेलाउँदै चिसो नै हुन्छ।

यदि स्याच्छीतलो वह्निः शीतांशुर्दहनात्मकः।
न स्वभावोऽत्र मर्त्यानां शक्यते कर्तुमन्यथा॥ २८१॥

यदि आगो शीतल हुने वा चन्द्रमा तात्नेजस्ता प्रकृतिको नियमविपरीत कामहरू कतै भइदिए भने पनि यस संसारमा मानिसको स्वभावलाई बदल्न सम्भव हुँदैन।

अथासौ महीपतिः सूच्यग्रविद्ध इव तच्छयनं त्यक्त्वा तत्क्षणादेवोत्थितः, प्राह च– "अहो, ज्ञायतामत्र प्रच्छादनपटे मत्कुणो यूका वा नूनं तिष्ठति, येनाहं दंष्टः" इति।

सियाको टुप्पो बिझ्झेजत्तिकै दुख्ने गरी उडुसले टोकिसकेपछि राजाले ओछ्यान छोडेर जुरुक्क उठेर– "हेर त यस तन्नामा उडुस कि जुम्रो के छ ? यहाँ अहिले मलाई त्यसले टोक्यो" भने।

अथ ये कञ्चुकिनस्तत्र स्थितास्ते सत्वरं प्रच्छादनपटं गृहीत्वा सूक्ष्मदृष्ट्या वीक्षाञ्चक्रुः। अत्रान्तरे स मत्कुणश्चापल्यात्खट्वान्तं प्रविष्टः। सा मन्दविसर्पिण्यपि वस्त्र-सन्ध्यन्तर्गता तैर्दृष्य, व्यापादिता च। अतोऽहं ब्रवीमि– न ह्यविज्ञातशीलस्य– इति।

राजाको आज्ञा पाउनेबित्तिकै त्यहाँ उपस्थित रहेका कञ्चुकीहरूले तुरुन्तै त्यस तन्नालाई झिकेर अति नै सूक्ष्म दृष्टिले नियाल्दै हेर्न लागे। यस्तैमा मौका पर्नासाथ आफ्नो चलाख्याइँ र चञ्चलताले उडुस निस्कर पलङ्गका च्यापमा पसेर लुक्यो। तर कपडाको जोड्नीमा बसेको त्यो मन्दसर्पिणी नामको जुम्रालाई कञ्चुकीहरूले भेटे र त्यसलाई त्यहीँ मारिदिए। अतः जुन व्यक्तिको स्वभावका विषयमा जानकारी छैन, त्यसलाई आश्रय दिनुहुँदैन।

एवं ज्ञात्वा त्वयैष वध्यः नो चेत्त्वां व्यापादयिष्यति। उक्तञ्च–

उक्त कहानी भनिसकेपछि दमनकले सिंहसँग– त्यसैले तपाईंले यसलाई समाप्त गर्नुपर्छ अन्यथा यसैले तपाईलाई नै सिध्याउनेछ भन्ने म ठान्दछु। भनिएको पनि छ कि–

**त्यक्ताश्चाभ्यन्तरा येन बाह्याश्चाभ्यन्तरीकृताः।
स एव मृत्युमाप्नोति मूर्खश्चण्डरवो यथा" ॥ २८२॥**

जुन व्यक्तिले आफ्ना भित्री र आफन्तजनलाई छोडिदिन्छ र अन्य बाहिरी मानिसलाई भित्री बनाएर अधिकारबाट सम्पन्न गराउँछ त्यो मानिस मूर्ख चण्डरवको जस्तै गरी कष्टपूर्ण मृत्युका मुखमा पर्दछ" भन्यो।

पिङ्गलक आह– "कथमेतत्" ? सोऽब्रवीत्–

पिङ्गलकले– "कसरी ?" भनेर सोध्यो। अनि उसले उत्तर दियो–

चण्डरवशृगालकथा

कस्मिंश्चिद्वनप्रदेशो चण्डरवो नाम शृगालः प्रतिवसति स्म। स कदाचित्क्षुधाविष्टे जिह्वालौक्यान्नगरान्तरेऽनुप्रविष्टः। अथ तं नगरवासिनः सारमेया अवलोक्य सर्वतः शब्दायमानाः परिधाव्य तीक्ष्णदंष्ट्राग्रैर्भक्षितुमारब्धाः। सोऽपि तैर्भक्ष्यमाणः प्राणभयात्प्रत्यासन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रजकगृहं प्रविष्टः। तत्र च नीलोरसपरिपूर्ण महाभाण्डं सज्जीकृतमासीत्। तत्र सारमेयैराक्रान्तो भाण्डमध्ये पतितः।

चण्डरव स्याल

कुनै वनमा चण्डरव नामको स्याल रहने गर्दथ्यो। एक दिन भोकले व्याकुल भएर लोभका कारण त्यो कुनै सहर पसेर बाक्लो बस्तीका बिचमा पुगेछ। त्यसलाई देख्नेबित्तिकै सहरभरिका कुकुरहरूले भुक्तै चारैतिरबाट छेकेर आफ्ना तिखा दाँतले टोक्न लागे। तिनीहरूका टोकाइका पिरले ऊ ज्यान बचाउने उद्देश्यले नजिकै रहेको कुनै धोबीका घरभित्र पसेछ। त्यहाँ नीलपानी घोलेर भरिएको एउटा ठूलो भाँडो राखेको रहेछ। कुकुरहरूले घेरिएको हुँदा त्यस स्यालले ज्यान जोगाउन भनी त्यसै भाँडाभित्र हाम फाल्यो।

अथ यावन्निष्क्रान्तस्तावन्नीलवर्णः सञ्जातः। तत्रापरे सारमेयास्तं शृगालभजाऽऽन्तो यथाभीष्टं दिशं जग्मुः। चण्डरवोऽपि दूरतरं प्रदेशमासाद्यं काननाभिमुखं प्रतस्थे। न च नीलवर्णेन कदाचिन्निजरङ्गस्त्यज्यते। उक्तञ्च–

त्यस भाँडाबाट जब बाहिर निस्कँदा त्यो पूरै नीलो भएको थियो। त्यसलाई नीलो रङ्गको देखेर कुकुरहरूले यो स्याल होइन भन्ने ठाने। अनि तिनीहरू त्यहाँबाट हिंडे। त्यहाँबाट निस्केर हत्तरपत्तर भाग्दै निकै पर पुगेपछि मात्रै चण्डवरलाई पनि अलिकति शान्ति भयो र जङ्गलतिर पस्यो। नीलले आफ्नो रङ त कहिल्यै छोड्ने कुरो भएन। भनिएको पनि त छ कि–

वज्रलेपस्य मूर्खस्य नारीणां कर्कटस्य च।
एको ग्रहस्तु मीनानां नीलीमद्यपयोरपि॥ २८३॥

बज्रलेप अर्थात् सिमेन्ट, मूर्ख, स्त्री, गङ्टो, माछो, नील, मदिराको लत र ग्रहले समातेको उस्तै हो। तिनीहरूले जेलाई समातेका हुन्छन् त्यसलाई कहिल्यै छोड्दैनन् तर वलपूर्वक ती सबै कुरो छोडाउने हो ज्यानै पनि लिन सक्छन्।

अथ तं हरगलरलतमालसमप्रभमपूर्व सत्त्वमवलोक्य, सर्वे सिंहव्याघ्रद्वीपिवृकवानरप्रभृ- तयोऽरण्यनिवासनो भयव्याकुलचित्ताः समन्तात्पलायनक्रियां कुर्वन्ति। कथयन्ति च–

शिवको कण्ठजस्तै अथवा तमालपत्रजस्तै त्यस अनौठो जीवलाई देख्नेबित्तिकै सिंह, बाघ, चितुवा, ब्वाँसो, बाँदरआदि जङ्गलका जुनसुकै बासिन्दा डरले थर्कमान हुँदै टाढैबाट टाप कस्न लागे। उनीहरू–

"न ज्ञायतेऽस्य कीदृग् विचेष्टितं, पौरुषं च। तद् दूरतरं गच्छामः। उक्तञ्च–

"हामीलाई यसको स्वभाव थाहा छैन र यसको शक्तिका विषयमा पनि हामी जान्दैनौं। त्यसै कारण हामी यसदेखि टाढै रहनुपर्छ" भन्दथे। भनिएको पनि छ कि–

न यस्य चेष्टितं विद्यान्न कूलं न पराक्रमम्।
न तस्य विश्वसेत्प्राज्ञो यदीच्छेच्छ्रियमात्मनः"॥ २८४॥

जुन व्यक्तिले आफ्नो सम्पत्ति र आफ्नो सम्मानलाई सुरक्षित रूपमा जोगाएर राख्न चाहन्छ उसले स्वभाव थाहा नभएको, कुल थाहा नभएको र शक्ति थाहा नभएको अर्को कुनैलाई विश्वास गर्नुहुँदैन।

चण्डरवोऽपि तान्भयव्याकुलितान्विज्ञायेदमाह– "भो भोः श्वापदाः! किं यूयं मां दृष्टैव सन्त्रस्ता व्रजथ? तन्न भेतव्यम्। अहं ब्रह्मणाऽथ स्वयमेव सृष्ट्वाऽभिहितः–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यच्छ्वापदानां मध्ये कश्चिद्राजा नास्ति। तत्त्वं मयाद्य सर्वश्वापदप्रभुत्वेऽभिषिक्तः। ककुद्द्रुमाभिधः ततो गत्वा क्षितितले तान् सर्वान् परिपालय इति। ततोऽहमत्रागतः। तन्मम छत्रच्छायायां सर्वैरेव श्वापदैर्वर्तितव्यम्। अहं ककुदद्रुमो नाम राजा त्रैलोक्येऽपि सञ्जातः।"

चण्डवरले ती सबै वन्यप्राणीहरूले डराएर व्याकुल हुँदै भागेको देखेर उनीहरूलाई सम्बोधन गर्दै बोलाएर– "हे वनबासीहरू ! तिमीहरू यसरी मलाई देख्नेबित्तिकै किन डरले थरहरी हुँदै भागिरहेका छौ ? तिमीहरूले डराउनुपर्ने कुरो केही पनि छैन। ब्रह्माजीले मलाई सृष्टि गरेर श्वापदहरूको कुनै राजा छैन, भनेर मलाई राज्याभिषेक गरेर आदेशका साथ आजै यहाँ पठाएका हुन्। उनले तिम्रो नाम ककुद्रुम हो, तिमी त्यहाँ गएर श्वापदहरूको राज्य चलाउँदै तिनको रक्षा गर भनेका छन्। प्रजापतिको यस्तो आदेशले नै म यहाँ आएको हुँ। अतः तिमीहरू सबैले मेरा छत्रछायामा रहेर आनन्दपूर्वक जीवन चलाऊ। म महाराज ककुद्रुमका नामले तीनै लोकमा पशुहरूको राजाका रूपमा प्रसिद्ध भइसकेको छु" भन्यो।

तच्छ्रुत्वा सिंहव्याघ्रपुरःसारः श्वापदाः– "स्वामिन्! प्रभो! समादिश" इति वदन्तस्तं परिबव्रुः।

त्यसका कुरा सुनेर सिंह, बाघआदि प्रमुख पशुहरूले– "स्वामी ! प्रभु ! आज्ञा दिनुहोस्" आदि विभिन्न विनीत स्वरका वाक्यहरूलाई प्रयोग गर्दै उसका वरिपरि आएर घेरा हाल्न थाले।

अथ तेन सिंहस्याऽमात्यपदवी प्रदत्ता। व्याघ्रस्य शय्यापालकत्वम्। द्वीपिनस्ताम्बूलाधिकारः। वृकस्य द्वारपालकत्वम्। ये ये चात्मीयाः शृगालास्तैः सहालापमात्रमपि न करोति। शृगालाः सर्वेऽप्यर्धचनद्रं दत्वा निःसारिताः। एवं तस्य राज्यक्रियायां वर्त्तमानस्यं ते सिंहादयो मृगान् व्यापाद्य तत्पुरतः प्रक्षिपन्ति। सोऽपि प्रभूधर्मेण सर्वेषां तान् प्रविभज्य प्रयच्छति।

त्यसपछि सिंहलाई उसले आफ्नो मन्त्री बनायो। बाघलाई आफ्ना शयनकक्षको सह्यारसुसार गर्ने बनायो, चितुवालाई पान ल्याउने पदमा नियुक्त गऱ्यो, ब्वाँसालाई ढोके बनायो। उसैका जातिका र आत्मीय वर्गकाहरूसँग भने ऊ कुरो पनि गर्दैनथ्यो। अझ उसले स्यालहरूलाई त घोक्रेठ्याक लगाएर राज्यबाट बाहिर निकालिदिने आदेश दियो र तिनीहरू निकालिए पनि। यसै गरी यसका राज्यसञ्चालनमा सिंहआदि सिकारी जनावरहरू वन्यपशुहरूलाई मारेर सिकार ल्याई उसका अगाडि राखिदिन्थे र ऊचाहिँ राजाको कर्तव्यअनुसार त्यो सबैका लागि बाँडिदिन्थ्यो।

एवं गच्छति काले कदाचित्तेन सभागतेन दूरदेशे शब्दायमानस्य शृगालबृन्दस्य कोलाहलोऽश्रावि। तं शब्दं श्रुत्वा पुलकिततनुरानन्दाश्रुपरिपूर्णनयन उत्थाय तारस्वरेण विरोतुमा-रब्धवान्।

यसरी नै स्यालले राज्य चलाउँदै जब कैयौँ दिनहरू बिते अनि त कुनै एक दिन सभाका मध्य भागमा बसेर विचारविमर्श गरिरहेका बेला उसले टाढा कतै स्यालहरूले ह्वाह्वा गर्दै हुइयाँ मच्चाएको ठूलो शब्द सुन्यो। त्यो शब्द सुन्नेबित्तिकै उसका मनमा भित्रैदेखि फुरुङ्ङ भएर आयो र उसका आँखाबाट खुसीका आँसुहरू बर्बर खस्न लागे। ऊ तत्काल जुरुक्क उठ्यो र जोडदार रूपमा ह्वाह्वा गर्दै कराउन लाग्यो।

अथ ते सिंहादयस्तं तारस्वरमाकर्ण्य "शृगालोऽयमि"ति मत्वा सलज्जमधोमुखाः क्षणमेकं स्थित्वा मिथः प्रोचुः– "भोः, वाहिता वयमनेन क्षुद्रशृगालेन, तद्वध्यताम्" इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहआदि उसका नजिकै रहेका पशुहरूले जब उसको यो शब्द सुने अनि त तिनीहरूले यो त स्याल पो रहेछ भनेर तुरुन्तै चिनिहाले। त्यसलाई स्याल भन्ने चिनेपछि उनीहरूले नैं ज्यादै लज्जाको अनुभव गरे र एकछिन मुन्टो निहुराएर शान्त रूपमा उभिएपछि ती सबैले– "हरे ! अहिलेसम्म हामी यस नीच स्यालका ठगाइमा परेका रहेछौँ। अब यसलाई मार्नैपर्छ" भने।

सोऽपि तदाकर्ण्य पलायितुमिच्छँस्तत्र स्थाने सिंहादिभिः खण्डशः कृतो, मृतश्च। अतोऽहं ब्रवीमि "त्यक्ताश्चाभ्यन्तरा येन– " इति।

उपर्युक्त कुरो सुन्नेबित्तिकै त्यो भाग्नै आँटेको थियो कि सिंहआदि पशुहरूले उसलाई छेकेर च्याप्पै समाते अनि ठाउँको ठाउँ ठहरै मारेर त्यसका शरीरलाई टुक्रैटुक्रा पारिदिए। दमनकले उक्त कथालाई समाप्त गरिसकेपछि– "त्यसैले म त भन्दछु कि जसले आत्मीय जनहरूलाई छोडेर कुनै अर्कै बाहिरी मानिसलाई आत्मीय बनाउँछन् तिनको बहुत दुःखद मृत्यु हुन्छ" भन्यो।

तदाकर्ण्य पिङ्गलक आह– "भो दमनक ! कः प्रत्ययोऽत्र विषये यत्स ममोपरि दुष्ट-बुद्धिरिति ?"

त्यसको कुरो सुनिसकेपछि पिङ्गलकले– "दमनक ! उसले मप्रति दुष्ट विचार लिएको छ भनेर आखिर यसमा के प्रमाण छ र ?" भनेर सोध्यो।

स आह– "यदद्य ममाग्रे तेन निश्चयः कृतो यत्प्रभाते पिङ्गलकं वधिष्यामि। तदत्रैष प्रत्ययः, प्रभातेऽवसरवेलायामारक्तमुखनयनः स्फुरिताधरो दिशोऽवलोकयन्ननुचितस्थानोपविष्टस्त्वां क्रूरदृष्ट्या विलोकयिष्यति। एवं ज्ञात्वां यदुचितं तत्कर्तव्यम्।" इति कथयित्वा सञ्जीवकसकाशं गतस्तं प्रणम्योपविष्टः।

उसले– "उसले 'भोलि बिहान हुँदा नहुँदै म पिङ्गलकलाई मार्नेछु' भनेर जुन कुरो आज मसँग निश्चय गरेको छ यही नै सबैभन्दा ठूलो प्रमाण हो। किनभने भोलि बिहानै हजुरको दर्शनकालमा ऊ क्रोधले रातो मुख र राता आँखा पार्दै ओठलाई थर्थर कपाउँदै आफ्ना चारैतिर दृष्टि घुमाउँदै आएर अनुचित स्थानमा बसेर हजुरलाई क्रूर दृष्टिले हेर्नेछ। उसका तिनै लक्षणहरूलाई देखिसकेपछि मप्रति यसले विद्रोहको भाव र कुदृष्टि राख्दै छ भन्ने कुरो हजुरले बुझ्नुपर्नेछ। अनि हजुरलाई जस्तो गर्नु उचित लाग्नेछ उसै गर्नुहुनेछ" भन्दै त्यो दमनक त्यस ठाउँबाट उठेर गयो र सञ्जीवकका नजिकमा पुग्यो। त्यहाँ पुगेपछि सञ्जीवकलाई प्रणाम गरिसकेर ऊ शान्त भई बस्यो।

सञ्जीवकोऽपिसोद्वेगाकारं मन्दगत्या समायान्तं तमुद्वीक्ष्य सादरतरमुवाच– "भो मित्र ! स्वागतम्। चिराद्दृष्टोऽसि। अपि शिवं भवतः ? तत्कथय येनादेयमपि तुभ्यं गृहागताय प्रयच्छामि। उक्तञ्च–

सञ्जीवकले त्यस दमनकलाई खिन्न मनले मन्द गतिमा आउँदै गरेको देखेर अत्यन्त नम्र भावले– "आऊ मित्र ! तिम्रो स्वागत छ। धेरै दिनपछि मात्रै देखियौ। सकुशल नैं छौ ? भन, के आदेश छ मेरा लागि। मसँग के त्यस्तो वस्तु होला जुन अरू कसैलाई दिन नमिल्ने भए पनि मैले तिमीलाई अतिथिसत्कारका रूपमा टक्र्याउन सक्छु। भनिएको पनि त छ कि–

**ते धन्यास्ते विवेकज्ञास्ते सभया इह भूतले।
आगच्छन्ति गृहे येषां कार्यार्थं सुहृदो जनाः" ॥ २८५ ॥**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस संसारमा तिनै पुरुषहरू धन्य हुन्छन् तथा विवेकी र सज्जन मानिन्छन्, जसका घरमा कुनै कामविशेषले आफन्त र मित्रहरू मनग्गे आउनेजाने गर्दछन्" भन्यो।

दमनक आह– "भो ! कथं शिवं सेवकजनस्य ?

दमनकले– "सेवकहरूलाई कुशलता कहाँ हुन्छ र ?

सम्पत्तयः परापत्ताः सदा चित्तमनिर्वृतम्।
स्वजावितेऽप्यविश्वासस्तेषां ये राजसेवकाः ॥ २८६ ॥ तथा च–

राजसेवकहरूको सम्पत्ति अर्कै अर्थात् राजाकै अधीनमा हुन्छ। चित्त सधैँ अशान्त बनिइरहन्छ र आफ्ना जीवनप्रति पनि उनीहरूलाई सन्देह नै रहिरहन्छ" भन्यो। अरू पनि–

सेवया धनमिच्छदभिः सेवकैः पश्य यत्कृतम्।
स्वादन्ध्यं यच्छरारस्य मूढैस्तदपि हारितम् ॥ २८७ ॥

सेवाबाट धन कमाउने इच्छा गर्ने सेवकहरूले सेवाबाट जुन लाभ उठाएका छन्, त्यसको के गन्ती गर्नु र ? अझ ती मूर्खले आफ्नो शारीरिक स्वतन्त्रता नै अर्काका हातमा बेचिसकेका छन् भन्नु नै उचित हुन्छ जस्तो लाग्छ।

तावज्जन्मापि दुःखाय ततो दुर्गतता सदा।
तत्रापि सेवया वृत्तिरहो ! दुःखपरमपरा ॥ २८८ ॥

एक त मानिसको जन्म नै कष्टको भारीले थिचिएको हुन्छ, दोस्रो यदि आजन्म दरिद्रता रह्यो भने जीवन अझै कष्टदायी हुन्छ।

जीवन्तोऽपि मृताः पञ्च व्यासेन परिकीर्तिताः।
दरिद्रो व्याधितो, मूर्ख, प्रवासी, नित्यसेवकः ॥ २८९ ॥

व्यासजीले पनि दरिद्र, रोगी, मूर्ख, प्रवासी र अर्काको सेवा गरेर जीवन गुजारा गर्ने मानिसलाई ज्यादै दुःखी भनेका छन्। अझ यस्ता मानिसलाई त उनले जिउँदो छँदाछँदै पनि मरेका जस्तै हुन् पनि भनेका छन्।

नाश्नाति स्वेच्छायौत्सुक्याद्विनिद्रो न प्रबुध्यते।
न निशङ्कं वचो ब्रूते सेवकोऽप्यत्र जीवति ? ॥ २९० ॥

जुन व्यक्ति कहिल्यै पनि आफ्नो इच्छाले भरपेट खान पनि पाउँदैन, र आफूखुसी पूरा निद्रा सुतेर आफैँ जाग्न नपाई अर्काले उठाउँछ तथा निःसङ्कोच रूपमा आफ्ना मनको कुरो बोल्न पाउँदैन त्यो सेवक नै हो र त्यस्तो व्यक्तिको जीवनलाई पनि जिउँदो भन्नु ? यो निकै आश्चर्यको कुरो हो। किनभने सेवकले सधैँ अर्काको इच्छाले नै खानु, सुत्नु र बाँच्नुपर्दछ।

सेवा श्ववृत्तिराखयाता यैस्तैमिथ्या प्रजल्पितम्।
स्वच्छन्दं चरति श्वाऽत्र सेवकः परशासनात् ॥ २९१ ॥

सेवालाई श्वानवृत्ति अर्थात् कुकुरको जीविका भन्ने आचार्यहरूले पनि भ्रमवश असत्य कुरो नै गरेका रहेछन्। किनभने कुकुरले पनि स्वतन्त्र भएर आफूखुसी घुमफिर गर्न त पाउला तर सेवापरायण व्यक्तिले घुमफिर गऱ्यो भने पनि अर्काको आदेशले मात्रै पाउन सक्छ। उसलाई एक क्षणको मात्रै पनि स्वतन्त्रता मिल्दैन।

भूशय्या ब्रह्मचर्यञ्च कृशत्वं लघुभोजनम्।
सेवकस्य यतेर्यद्वद्विशेषः पापधर्मजः ॥ २९२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भुइँमा सुत्नु, ब्रह्मचर्यको पालन गर्नु, शरीरलाई कमजोर बनाउनु र अलिकति खाएर सन्तोष गर्नु सेवक र सन्यासीका यी सबै कार्यहरू एक समान हुन्छन्। तर यी दुईको मध्ये अन्तर केवल पाप र पुण्यका दृष्टिले हुन्छ। किनभने सेवकले जेजति गर्दछ त्यो पापका लागि गर्छ र सन्यासीले गर्दछ त्यो धर्मको नियमभित्र रहेर पुण्यका लागि गरेको हुन्छ।

शीतातपादिकष्यनि सहते यानि सेवकः।
धनाय तानी चाल्पानि यदि धर्माय मुच्यते॥ २९३॥

धन कमाउनका लागि सेवकले शीत र तापआदिका जति कष्टहरू खप्छ यदि धर्म कमाउनका लागि त्यसभन्दा अलिकति कम नै कष्ट खप्यो भने पनि त्यसलाई सधैँका लागि मुक्ति दिन सक्ने धर्म प्राप्त हुन सक्छ।

मृदुनापि सुवृत्तेन सुमिष्टेनापि हारिणा।
मोदकेनापि किं तेन निष्पत्तिर्यस्य सेवया॥ २९४॥

सेवाकर्म गर्ने मानिसले पाएका ती कोमल, गोला, स्वादिला तथा राम्रा लड्डुहरूबाट के लाभ हुन्छ र जुन अर्काको सुसार गर्दा निगाहबाट मात्रै प्राप्त हुन्छन्। अर्थात् स्वतन्त्र रहेर रुखासुखा खानु नै बरु राम्रो।

सञ्जीवक आह— "अथ भवान्किं वक्तुमनाः ?"

दमनकको कुरो सुनिसकेपछि सञ्जीवकले— "आखिर तपाईंले भन्न चाहेको खास कुरोचाहिँ के हो त ?" भनेर सोध्यो।

सोऽब्रवीत— मित्र ! सचिवानां मन्त्रभेदं कर्तु न युज्यते। उक्तञ्च—

उसले— "मित्र ! सचिवहरूका लागि गोप्य विषयको मर्यादा भङ्ग गर्नु राम्रो काम होइन। भनिएको पनि छ कि—

यो मन्त्रं स्वामिनी भिन्द्यात्साचिव्ये सन्नियोजितः।
स हन्ति नृपकार्य तत्स्वयं च नरकं व्रजेत्॥ २९५॥

मन्त्रीपदमा नियुक्त भइसकेपछि पनि जुन मानिसले राजाको गोपनीय कुरालाई प्रचार गरिदिन्छ, त्यसले राजकाजमा हानी गर्दछ। अनि त्यस्ता अपराधका कारणले त्यो मानिस नरकमा पर्दछ" भन्यो।

येन यत्य कृतो भेदः सचिवेन महीपतेः।
तेनाशस्त्रवधस्तस्य कृत इत्याह नारदः॥ २९६॥

ब्रह्मर्षि नारदको भनाइ छ कि— जुन सचिवले आफ्ना राजाका गोप्य कुराहरूलाई अन्यत्र सुनाउँछ त्यसले बिनाहतियार नै राजालाई मारेको हुन्छ।

तथापि मया तव स्नेहपाशवद्धेन मन्त्रभेदः कृतः। यतस्त्वं मम वचनेनात्र राजकुले विश्वस्तः प्रविष्टः। उक्तञ्च—

फेरि पनि, म तिम्रा स्नेहपाशमा आबद्ध भएको छु। त्यसै कारण यस कुरालाई सुनाइरहेको छु। किनभने मेरै कथनमा विश्वास गरेर तिमी यस राजकुलमा आएका हौ, र यसमाथि विश्वास गरिरहेका छौ। भनिएको पनि छ कि—

विश्रम्भाद्यस्य यो मृत्युमवाप्नोति कथञ्चन।
तस्य हत्या तदुत्था सा प्राहेदं वचन मनुः॥ २९७॥

"जुन व्यक्तिमाथि विश्वास गरेका कारणले कुनै मानिस मारिन्छ भने उसको हत्याको अपराधी विश्वास दिलाउने व्यक्ति नै हुन्छ" यो वचन स्वयं मनुले नै भनेका हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्तदोपरि पिङ्गलकोऽयं दुष्टबुद्धिः। कथितञ्जाद्यानेन मत्पुरतश्चतुष्कर्णतया, यत् प्रभाते सञ्जीवकं हत्वा समस्तमृगपरिवारं चिरात्तृप्तिं नेष्यामि"।

पिङ्गलकले तिमीप्रति दुष्ट बुद्धि बनाइरहेको छ। उसले आज एकान्तमा मसँग "भोलि बिहान हुँदानहुँदै सञ्जीवकलाई मारेर फेरि एकपटक धेरै दिनपछि मैले हिंस्रक पशुको समूहलाई तृप्त पार्ने भएँ" भनेको छ।

ततः स मयोक्तः— स्वामिन्! न युक्तमिदं, यन्मित्रद्रोहेण जीवनं क्रियते। उक्तञ्च—

मैले उसका कुराको विरोध गर्दै "महाराज! तपाईंको यो कृत्य उचित हुनेछैन। किन व्यर्थैमा मित्रद्रोह गरेर आफ्ना जीवनलाई कलङ्कित गर्न चाहनुहुन्छ। भनिएको पनि छ—

अपि ब्रह्मवधं कृत्वा प्रायश्चित्तेन शुध्यति।
तदर्हेण विचीर्णेन, न कथञ्चितसुहृद्द्रुहः॥ २९८॥

ब्रह्महत्या गरिसकेपछि उसको योग्य व्रतको आचरण र प्रायश्चित्त गर्‍यो भने शुद्धि पनि हुन सक्ला तर मित्रद्रोहीको शुद्धि कुनै किसिमले पनि हुन सक्दैन। अर्थात् मित्रद्रोहरूपी पापको कुनै पनि प्रायश्चित्त हुँदैन'' भन्यो।

ततस्तेनाहं सामर्षेणोक्तः— "भो दुष्टबुद्धे! संजीवकस्तावच्छष्पभोजी, वयं मांसाशिनः। तदस्माकं वैरमिति कथं रिपुरुपेक्ष्यते? तस्मात्सामादिभिरुपायैर्हनयते। न च हते तस्मिन्दोषः स्यात्। उक्तञ्च—

मेरो उक्त कथन सुन्नेबित्तिकै ऊ ज्यादै रिसायो र— "ऐ दुष्टबुद्धि! सञ्जीवक घाँस खाने पशु हो र हामी मांसभोजी हौँ। हाम्रो त उसँग प्राकृतिक रूपमा नै शत्रुता रहेको छ। शत्रुको उपेक्षा कसरी गर्न सकिन्छ र? अतः म सामआदि उपायहरूबाट उसलाई अवश्य मार्नेछु। उसलाई मार्नाले मलाई कुनै दोष लाग्नेछैन। भनिएको पनि छ कि—

दत्वापि कन्यकां वैरी निहन्तव्यो विपश्चिता।
अन्योपायैरशक्यो यो हते दोषो न विद्यते॥ २९९॥

बुद्धिमान् व्यक्तिले जब शत्रुलाई कुनै पनि उपायले मार्नयोग्य भएन भने उसलाई आफ्नी कन्या दिएर भए पनि मार्नुपर्छ। शत्रुलाई जुनसुकै उपायले मारे पनि पाप लाग्दैन।

कृत्याकृत्यं न मन्वेत क्षत्रियो युधि सङ्गतः।
प्रसुप्तो द्रोणपुत्रेण धृष्टद्युम्नः पुरा हतः ३००॥

युद्धक्षेत्रमा उत्रिएका क्षत्रियगणले कृत्य र अकृत्यको विवेचना गर्दैनन्। महाभारतको लडाइँका समयमा पनि अश्वत्थामाले आफ्ना शत्रु धृष्टद्युम्नलाई सुतेका समयमा नै मारेका थिए।

तदहं तस्य निश्चयं त्वत्सकाशमिहागतः। साम्प्रतं मे नास्ति विश्वासघातकदोषः। मया सुगुप्तमन्त्रस्तव निवेदितः। अथ यत्ते प्रतिभाति तत्कुरुष्व" इति।

उसका अभिप्रायलाई बुझिसकेपछि नै म यहाँ तिम्रा समीपमा आएको हुँ। अब ममाथि विश्वासघातको दोष पनि रहँदैन। अति गोप्य रहस्यलाई पनि मैले तिम्रा सामु प्रकट गरिसकेँ। अब तिमीलाई जे असल लाग्छ उही गर'' भन्यो।

अथ सञ्जीवकस्तस्य तद्वज्रपातदारुणं वचनं श्रुत्वा मोहमुपगतः। अथ चेतनां लब्ध्वा सवैराग्यमिदमाह— "भोः! साध्विदमुच्यते—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस बज्रपातको समान कठोर वचनलाई सुन्नेबित्तिकै सञ्जीवक चेतनाशून्य भएर ढल्यो। निकै बेरपछि जब उसको फेरि होस आयो, अनि विरक्त भएर– "मित्र ! कसैले त ठिकै पनि भनेका रहेछन्

दुर्जनगम्या नार्यः प्रायेणास्नेहावान् भवति राजा।
कृपणानुसारि च धनं मेघो गिरिदुर्गवर्षी च॥ ३०१॥

स्त्रीहरू प्रायः दुष्टकै साथमा रहन ज्यादा मन पराउँछन्, राजा स्नेहरहित हुन्छन्, धन कृपणकै साथमा रहन्छ र बर्सात प्रायः पहाडका कुनाकोप्चामा नै हुने गर्छ भनेर ठिकै नै भनिएको रहेछ" भन्यो।

"अहं हि संमतो राज्ञो" य एवं मन्यते कुधीः।
बलीवर्दः स विज्ञेयो विषाणपरिवर्जितः॥ ३०२॥

जुन व्यक्ति आफ्नो मुर्ख्याइँका कारण "म नै राजाको प्रिय हुँ" भने ठान्दछ त्यसलाई सिङबिनाको गोरुजस्तै ठान्नुपर्दछ।

वरं वनं वरं भैक्ष्यं वरं भारोपजीवनम्।
वरं विपन्मनुष्याणां नाधिकारेण सम्पदः॥ ३०३॥

वनमा निवास गर्नु, भिक्षा मागेर जीवन निर्वाह गर्नु, भारी बोकेर जीविका उपार्जन गर्नतर्फ लाग्नु अथवा दरिद्र नै रहेर आपद्हरूको सामना गर्नु बरु राम्रो हुन्छ तर राजाको सेवा गरेर सम्पत्तिको उपभोग गर्नु राम्रो होइन।

तदयुक्तं मया कृतं, यदनेन सह मैत्री विहिता। उक्तञ्च–

मैले पिङ्गलकसँग मैत्री गरेको थिएँ, त्यो त मेरो भुल रहेछ। मैले त्यो एउटा ज्यादै अनुचित कार्य गरेको रहेँछु। भनिएको पनि त छ कि–

ययोरेव समं वित्तं ययोरेव समं कुलम्।
तयो मैत्री विवादश्च न तु पुष्टविपुष्टयोः॥ ३०४॥ तथा च–

जोसँग धन र कुल यी दुवै कुरा समान रहेका छन्, उनीहरूकै बिचमा आपसमा मित्रता वा शत्रुता गर्नुपर्दछ। बलियो र निर्बलसँगको मैत्री वा शत्रुता असल हुँदैन। फेरि अरू पनि–

मृगा मृगैः सङ्गमनुव्रजन्ति गावश्च गोभिस्तुरगास्तुरङ्गैः।
मूर्खाश्च मूर्खैः सुधियः सुधीभिः समानशीलव्यसनेषु सख्यम्॥ ३०५॥

मृगको मृगकै बथानमा मेलमिलाप पनि हुन्छ र हिँडडुल पनि मिल्दछ। गाई गाईकै साथमा रहन्छ। घोडाको सङ्गत घोडासँगै हुन्छ। मूर्खले मूर्खकै सङ्गत रोज्दछ। विद्वान्ले विद्वान्कै समितिको छनोट गर्दछ। यस किसिमले समान स्वभाव र आचरणका व्यक्तिहरूको मैत्री नै उत्तम हुने गर्दछ।

तद्यदि गत्वा तं प्रसादयामि, तथापि न प्रसादं यास्यति। उक्तञ्च–

यदि मैले गएर उसलाई सम्झाईबुझाई खुसी पार्न खोजौँ भने पनि अब ऊ मसँग प्रसन्न हुनेछैन। भनिएको पनि छ कि–

निमित्तमुद्दिश्य हि यः प्रकुप्यति ध्रुवं स तस्यापगमे प्रशाम्यति।
अकारणद्वेषपरो हि यो भवेत् कथं नरस्तं परितोषयिष्यति ?॥ ३०६॥
अहो, साधु चेदमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन व्यक्ति कुनै विशेष कारणले रिसाएको छ भने त्यस्तो रिसाउने कारणलाई हटाइसकेपछि ऊ फेरि सन्तुष्ट पनि हुन्छ, तर जुन व्यक्ति बिनाकारण रिसाउँछ त्यसलाई कसले संन्तुष्ट पार्न सक्छ र ? अर्थात् कसैले पनि सक्दैन। कसैले ठिकै पनि भनेका छन् कि–

भक्तानामुपकारिणां परहितव्यापारयुक्तात्मनां
सेवासंव्यवहारतत्त्वविदुषां द्रोहच्युतानामपि।
व्यापत्तिः स्खलितान्तरेषु नियता सिद्धिर्भवेद्वा न वा
तस्मादम्बुपतेरिवावनिपतेः सेवा सदाशङ्किनी॥ ३०७॥ तथा च–

भक्तहरू, परोपकारीहरू, अर्काको भलो चिताएर काम गर्नेहरू, समाजसेवीहरू, व्यवहारकुशलहरू र रिसरागबाट टाढा रहने व्यक्तिहरूका स्वार्थको सिद्धि उनीहरूका कार्यबाट होस् वा नहोस् त्यसको खोजी हुँदैन तर जब उनीहरूबाट अलिकतिमात्रै त्रुटि हुन्छ, अनि त त्यस्ताले निश्चित रूपमा आपद्हरू भोल्नु अवश्य पर्दछ। जस्तै समुद्रको यात्रा गर्ने मानिस जतिसुकै सज्जन होस्, उसले अलिकतिमात्रै गल्ती गऱ्यो भने डुब्छ र राजाको ज्यादै भक्त सेवक जतिसुकै इमानदार होस्, सानोतिनो गल्तीमै उसले दण्ड पक्का पाउँछ। अझ त्यसै गरी–

भावस्निग्धैरुपकृतमपि द्वेष्यतां याति किञ्चि–
च्छाठ्यादन्यैरपकृतमपि प्रीतिमेवोपयाति।
दुर्ग्राह्यत्वान्नृपतिमनसां नैकभावाश्रयाणां,
सेवाधर्मः परमगहनो योगिनामप्यगम्यः॥ ३०८॥

कहिलेकाहीँ त अत्यन्त स्नेहयुक्त भावले उपकार गर्ने व्यक्तिमाथि पनि राजा रिसाइरहेका हुन्छन् र कहिलेचाहिँ अरू कुनै क्रूर व्यक्तिले बिगार गरिरहेका अवस्थामा पनि त्यस्तैसँग अति खुसी भइरहेका हुन्छन्। यसरी विभिन्न भावमा रहने राजाका अस्थिर मनलाई बुझ्न सक्नु ज्यादै कठिन काम हो। त्यसैले राजाहरूको सेवा गर्ने धर्म नै ज्यादै गहन हुन्छ भनिएको छ। त्यसलाई समाधिमा बस्ने योगीहरूका योगदृष्टिले पनि ठम्याउन सक्दैन।

तत्परिज्ञातं मया यत्प्रसादमसहमानैः समीपवर्तिभिरेष पिङ्गलकः प्रकोपितः तेनायं ममा–दोषस्याप्येवं वदति। उक्तञ्च–

मैले राजकृपा प्राप्त गरेको कुरो मभन्दा माथि र राजाका नजिकै रहेका भृत्यहरूलाई चित्त बुझेन। त्यसैले मेरा विरुद्धमा उनीहरूले राजालाई कुरो लगाए भन्ने कुरो मैले बुझेको छु। त्यसैले ती राजाले मजस्ता निरपराध व्यक्तिका विषयमा पनि यस प्रकारको कुरो गर्न लागेका छन्। भनिएको पनि छ कि–

प्रभोः प्रसादमन्यस्य न सहन्तीह सेवकाः।
सपत्न्य इव सङ्क्रुद्धाः सपत्न्याः सुकृतैरपि॥ ३०९॥

एउटी सौताले अर्की सौतामाथि जतिसुकै भलो चाहेर मायालु व्यवहार गरे पनि त्यसले कहिल्यै पनि पतिको प्रेम आफूबाहेक अर्कीले पनि पाओस् भनेर चाहन्न र पाइछ भने त्यसलाई उसले देख्न पनि सक्दिन। त्यस्तै राजाका भृत्य वा सेवकहरूमा पनि हुन्छ। एउटा राजसेवकले अर्कामाथि हुने राजकृपालाई खप्न सक्दैनन्।

भवति चैवं यदगुणवत्सु समीपवर्तिषु गुणहीनानां न प्रकाशो भवति।

अधिक गुणवान् व्यक्ति छँदाछँदै सामान्य गुण भएका व्यक्तिको कुनै पनि प्रभाव रहँदैन भन्ने कुरो त सत्य नै हुने गर्दछ। भनिएको पनि छ कि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुणवत्तरपात्रेण छाद्यन्ते गुणिनां गुणाः ।
रात्रौ दीपशिखाकान्तिर्न भानावुदिते सति" ॥ ३१० ॥

गुणज्ञहरूका प्रभावले निर्गुणहरूको प्रभाव ओझेलमा पर्दछ। किनभने दीपज्योतिको उज्यालो रातका अन्धकारमा जति रमाइलो देखिन्छ घाम झुल्किएपछि त्यत्तिकै रमाइलो र राम्रो देखिँदैन'' भन्यो।

दमनक आह– "भो मित्र ! यद्येवं तन्नास्ति ते भयम्। प्रकोषितोऽपि स दुर्जनैस्तव वचनरचनया प्रसादं यास्यति।"

दमनकले– "मित्र ! यदि कुरो त्यति मात्रै हो भनेदेखि तिमीले डराउनुपर्ने कुरो केही छैन। अर्का दुष्टहरूबाट उक्साइएका कारणले रिसाएका भए पनि मेरा कुशल कुराका चतुऱ्याइँले अवश्य तिमीमाथि उनी प्रसन्न हुनेछन्" भन्यो।

स आह– "भो ! न युक्तमुक्तं भवता। लघुनामपि दुर्जनानां मध्ये वस्तुं न शक्यते। उपायान्तरं विधाय ते नूनं घ्नन्ति। उक्तञ्च–

उसले– "मित्र ! तिम्रो यो भनाइ यथार्थ छैन। किनभने दुष्ट यदि सानै होऊन् तापनि उनीहरूका बिचमा असल मानिसलाई बसिसक्नु हुँदैन। कुनै न कुनै उपायले उनीहरूले त्यसलाई नमारी छाड्दैनन्। भनिएको पनि त छ कि–

बहवः पण्डिताः क्षुद्राः सर्वे मायोपजीविनः।
कुर्युः कृत्यमकृत्यं वा उष्ट्रे काकादयो यथा" ॥ ३११ ॥

धेरैवटा धूर्त, क्षुद्र तथा मायावी जीवहरू कुनै ठाउँमा भेला हुन्छन् भने केही न केही उचित अथवा अनुचित काम गरी नै रहेका हुन्छन्। यसै गरी कागआदि क्षुद्रजीवहरू एकत्र भएर उँटलाई मारेरै छाडे।

दमनक आह– "कथमेतत्" ? सोऽब्रवीत्–

दमनकले– "कसरी ?" भनेर सोध्यो। अनि उसले भन्यो–

उष्ट्रकाकादिकथा

कस्मिंश्चिद्वनोद्देशे मदोत्कटो नाम सिंहः प्रतिवसति स्म। तस्य चानुचरा अन्ये द्वीपिवायसगोमायवः सन्ति। अथ कदाचित्तैरितस्ततो भ्रमद्भिः सार्धभ्रष्टः कथनको नामोहहो दृष्टः। अथ सिंह आह– "अहो, अपूर्वमिदं सत्त्वं, तज्जायतां किमेतदारण्यकं ग्राम्यं वा ?"

उँट र कागहरू

कुनै एउटा वनमा मदोत्कट नामको सिंह रहने गर्दथ्यो। उसका बाघ, काग र स्याल यी तीनवटा अनुचर थिए। एक दिन उनीहरूले सार्थवाह अर्थात् व्यापारीका समूहबाट बिछोडिएर एक्लै परेको क्रथनक नाम गरेको एउटा उँटलाई जतातै भौँतारिएर घुम्दै गरेको देखे। त्यसलाई देख्नेबित्तिकै सिंहले– "ओहो ! हेर यो त कुनै अनौठो प्राणी पो रहेछ। गएर हेर त यो जङ्गली प्राणी हो कि घरपालुवा हो" भनी अह्रायो।

इति तच्छ्रुत्वा वायस आह– "भोः स्वामिन् ! ग्राम्योऽयमुष्ट्रनामा जीवविशेषस्तव भोज्यः, तद्व्यापाद्यताम्।"

सिंहको कुरो सुन्नेबित्तिकै कागले– "महाराज ! यो त उँट नामको घरपालुवा जनावर हो, यो तपाईंको आहारा हो। यसलाई मार्नुहोस्" भन्ने उत्तर दियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंह आह— "नाहं गृहमागतं हन्मि। उक्तञ्च—

सिंहले— "म आफ्ना घरमा आएका अतिथिलाई मार्दिनँ। भनिएको पनि छ कि—

गृहे शत्रुमागतं प्राप्तं बिश्वस्तमकुतोभयम्।
यो हन्यात्तस्य पापं स्याच्छतब्राह्मणघातजम्॥ ३२१॥

विश्वस्त एवं निर्भय भएर आफ्ना घरमा आएका शत्रुलाई पनि मार्नु उचित हुँदैन। यदि कसैले त्यस्तालाई मार्‍यो भने त्यो सयवटा ब्राह्मण मारेको जत्तिकै पापको भागीदार हुनेछ।

तदभयप्रदानं दत्वा मत्सकाशमानीयतां, येनास्यागमनकारणं पृच्छामि।"

अतः तिमी त्यसलाई अभय दान दिएर यहाँ लिएर आऊ, त्यसबाट उसले यहाँ आउनुको कारण सोध्न चाहन्छु" भन्यो।

अथाऽसौ सर्वैरपि विश्वास्याभयप्रदानं दत्वा मदोत्कटसकाशमानीतः प्रणम्योपविष्टश्च। ततस्तस्य पृच्छतस्तेनात्मवृत्तान्तः सार्थभ्रंशसमुद्भवो निवेदितः। सिंहेनोक्तं— "भोः क्रथनक! मा त्वं ग्रामं गत्वा भूयोऽपि भारोद्वहनकष्टभागी भूयाः। तदत्रैवारण्ये निर्विशङ्को मरकतसदृशानि शष्पाग्राणि भक्षयन्मया सह सदैव वस।"

सिंहको आदेशले त्यस उँटलाई काकआदिले अभय प्रदानपूर्वक विश्वास दिलाएर लिएर आए र उसले पनि मदोत्कटलाई प्रणाम गरेर बस्यो। सिंहले सोध्दा उसले व्यापारीगणबाट भएको वियोगसम्बन्धी आफ्नो सम्पूर्ण वृतान्त नै बताइदियो। त्यसको कुरो सुनेर सिंहले— "क्रथनक! गाउँमा गएर फेरि भारी बोक्नेजस्तो कष्टदायक काम अब तिमी नगर। यसै वनमा ढुक्क भएर अमृतसमानको कलिलो घाँस चर्दै मसँगै बस्ने गर" भन्यो।

सोऽपि "तथा" हत्युक्त्वा, तेषां मध्ये विचरन्न कुतोऽपि भयमिति सुखेनास्ते

"तपाईंको जस्तो इच्छा" भन्दै ऊ पनि तिनीहरूकै बिचमा निर्भयपूर्वक सुखले घुमफिर गर्दै रहन लाग्यो।

अथाऽन्येद्युर्मदोत्कटस्य महागजेनारण्यचारिणा सह युद्धमभवत्। ततस्तस्य दन्तमुसल प्रहारैर्व्यथा सञ्जाता व्यथितः कथमपि प्राणैर्न वियुक्तः। अथ शरीरासामर्थ्यान्न कुत्रचित्पदमपि चलितुं शक्नोति। तेऽपि सर्वे काकादयोऽप्रभूत्वेन क्षुधाविष्ट्यः परं दुःखं भेजुः। अथ तान् सिंहः प्राह, भोः! अन्विष्यतां कुत्रचित्किञ्चित्सत्त्वं, येनाहमेतामपि दशां प्राप्तस्तद्धत्वा युष्मद्भोजनं सम्पादयामि।"

एक दिन मदोत्कट सिंहको कुनै एउटा जङ्गली मत्ता हात्तीसँग भयानक युद्ध भयो। हात्तीका मुसलजस्ता दाँतको प्रहारले सिंहलाई ज्यादै चोटपटक लाग्यो तर भयङ्कर वेदनालाई सहँदासहँदै पनि कुनै हालतमा त्यो सिंह जीवित रह्यो। शरीरको शक्ति क्षीण भएका कारणले ऊ हिँडडुल गर्न सकिरहेको थिएन। उसका पराक्रमको अभावले गर्दा कागआदि उसका अनुचरहरू भोकले व्याकुल भएर छटपटाउन लागेका थिए। तिनीहरूको त्यस्तो अवस्था देखेर सिंहले— "कुनै एउटा त्यस्तो प्राणी खोजेर लिएर आऊ, जसलाई म यस्तै अवस्थामा पनि मार्न सकूँ र तिमीहरूका लागि भोजनको बन्दोबस्त गर्न सकियोस्" भन्यो।

अथ ते चत्वारोऽपि भ्रमितुमारब्धाः। यावन्न किञ्चित्सत्त्वं प्रश्यन्ति तावाद्वायसशृगालौ परस्परं मन्त्रयतः। शृगाल आह— "भो वायस! किं प्रभूतेन भ्रान्तेन। अयमस्माकं प्रभोः क्रथनको विश्वस्तस्तिष्ठति। तदेनं हत्वा प्राणयात्रां कुर्मः।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहका आज्ञाले ती चारैवटा सिकारका खोजीमा धुनपत्तालसँग घुम्न लागे। जब उनीहरूलाई कुनै जीव फेला परेन, अनि काग र स्यालले आपसमा मिलेर सल्लाह गरे। स्यालले– "काग मित्र ! ज्यादा भौँतारिनाले के फाइदा हुन्छ र ? यस क्रथनकले हाम्रा स्वामीको विश्वास गरेर रहेकै छ। आज यसैलाई मारौँ र भोजनको क्रिया सम्पन्न गरौँ न" भन्यो।

वायस आह– "युक्तमुक्तं भवता, परं स्वामिना तस्याभयप्रदानं दत्तमास्ते– "न वध्योऽयम्" इति।

अनि कागले– "तिम्रो भनाइ ठिक छ। तर स्वामीले त यसलाई 'कसैले मार्न सक्नेछैन' भनी अभय प्रदान गरेका छन् नि त" भन्यो।

शृगाल आह– "भो वायस ! अहं स्वामिनं विज्ञाप्य तथा करिष्ये यथा स्वामी वधं करिष्यति। तत्तिष्ठनन्तु भवन्तोऽत्रैव, यावदहं गृहं गत्वा, प्रभोराज्ञां गृहीत्वा चागच्छामि।" एवमभिधाय सत्वरं सिंहमुद्दिश्य प्रस्थितः। अथ सिंहमासाद्येदमाह–

त्यति कुरो सुनेपछि स्यालले– "काग मित्र ! म स्वामीलाई सम्झाएर यस कुराका लागि सहमत गराउन सक्छु। तिमीहरू यहीँ बस, म स्वामीका समक्षमा गएर त्यसका लागि आज्ञा लिएर आउँछु" भनेर तुरुन्तै सिंह भएतिर हिँड्यो। सिंहका नजिकै पुगेपछि उसले–

"स्वामिन् ! समस्तं वनं भ्रान्त्वा वयमागताः, न किञ्चित्सत्त्वमासादितम्। तत्किं कुर्मो वयम् ? सम्प्रति वयं बुभुक्षुया पदमेकमपि प्रचलितुं न शक्नुमः। देवोऽपि पथ्याशी वर्तते तद्यदि देवादेशों भवति, तदा क्रथनकपिशितेनाऽद्य पथ्यक्रिया क्रियते।"

"महाराज ! सारा वन घुमिसकेर हामीहरू फिर्ता आइसक्यौँ। एउटै पनि जीव पाइँदैन के गर्नु ? यति बेला हामीहरू भोकले यसरी आत्तिएका छौँ कि अब एक पाइलो पनि हिँड्न हाम्रा शक्तिले भ्याउलाजस्तो छैन। तपाईं पनि यस बेला औषधिउपचार नै गराइरहनु भएको छ। यस्ता अवस्थामा यदि तपाईंको आदेश पाउँछौँ भने आज क्रथनककै मांसले तपाईंको पथ्यको प्रबन्ध गरौँ कि" भनेर सोध्यो।

अथ सिंहस्तस्य तद्दारुणं वचनमाकर्ण्य सकोपमिदमाह– "धिक् पापाधम ! यद्येवं भूयोऽपि वदसि, ततस्त्वां तत्क्षणमेव वधिष्यामि। यतो मया तस्याभयप्रदानं प्रदत्तं, तत्कथं स्वयमेव व्यापादयामि ? उक्तञ्च–

स्यालको उक्त दुःख लाग्दो कुरो सुनेर रिसले भोक्किँदै सिंहले– "धिक्कार होस, तँ पापीलाई ! फेरिदेखि यस्तो कुरो गरिस् भने म तँलाई उसै क्षण मारिदिनेछु। मैले उसलाई अभय प्रदान गरेको छु। अतः हामीले नै स्वयं उसलाई कसरी मार्न सक्छौँ" भन्यो। भनिएको पनि छ–

न गोप्रदानं न महीप्रदानं, न चान्नदानं हि तथा प्रधानम्।
यथा वदन्तीह वुधाः प्रधानं सर्वप्रदानेष्वभयप्रदानम्॥ ३१२॥

गोदान, भूमिदान वा अन्नदानको त्यति महत्त्व छैन जति अभयदानको हुन्छ। त्यसैले विद्वान्हरूले अभयदानलाई दानहरूमध्येमा सबैभन्दा उत्तम दान भनेका छन्।

तच्छ्रुत्वा शृगाल आह– "स्वामिन् ! यद्यभयप्रदानं दत्वा वधः क्रियते, तदैष ते दोषो भवति। पुनर्यदि देवपादानां भक्त्या स आत्मनो जीवितव्यं प्रयच्छति, ततो न दोषः। तद्यदि स स्वयमेवात्मानं वधाय नियोजयति तदा वध्यः। अन्यथाऽस्माकं मध्यादेकतमो वध्य इति। यतो देवपादाः पथ्याशिनः क्षुन्निरोधादन्त्यां दशां यास्यन्ति। तत्किमेतैः प्राणरस्माकं ये स्वाम्यर्थे न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यास्यन्ति। अपरं यदि स्वामिपादानां किञ्चिदनिष्टं भविष्यति तदा पश्चादप्यस्माभिर्वह्निप्रवेशः कार्य एव। उक्तञ्च–

उक्त वचन सुनिसकेपछि स्यालले– "महाराज! यदि अभयदान दिएर आफैं त्यसको वध गरियो भने पो त्यो दोष तपाईंलाई लाग्छ त। यदि तपाईंको भक्तिका कारणले ऊ स्वयं नै आफ्नो जीवन प्रदान गर्दछ भने त त्यो दोष लाग्दैन नि। उसले जब आफ्नो जीवन प्रदान गर्दछ अनिमात्रै हजुरले त्यसलाई मार्नुहोला। यदि ऊ तयार भएन भने हामीमध्ये नै कसैलाई मारेर आफ्नो पथ्य बनाउनुहोला। किनभने यस बेला तपाईं पथ्यमा रहनुभएको छ। भोकतिर्खालाई खपेर बस्दा गाहारो होला अथवा अरू नै कुनै खालको अशुभ होला। यदि स्वामीका लागि यति पनि गर्न सकेनौँ भने हामीहरूका यस जीवनको के काम? अर्को कुरो यसो पनि छ कि दैवको कुदृष्टिले यदि स्वामीलाई केही अनिष्ट भइगयो भने त्यसपछि त हामीले पनि अग्निनिवेश गर्नुपर्ने नै छ" भन्यो। भनिएको पनि त छ कि–

यस्मिन्कुले यः पुरुषः प्रधानः स सर्वयत्नैः परिरक्षणीयः।
तस्मिन्विनष्टे हि कुल विनष्टं न नाभिभङ्गे ह्यरका वहन्ति॥" ३१४॥

जुन कुल वा समुदायको जुन व्यक्ति मूली बनेर रहेको छ, त्यसको रक्षा गर्न कुल वा समुदायका सबैले आवश्यक प्रयत्न गर्नैपर्छ। किनभने त्यस प्रधान व्यक्तिको निधन हुँदा त्यस कुल वा समुदायको नै निधन भएको मान्नुपर्छ। जस्तै, रथका पाङ्गाका बिचभागमा रहेको धुरा भाँचियो भने त्यसमा जोडिएका अरू वस्तुले पाङ्गालाई चलाउन सक्दैनन्, उसरी नै प्रमुख व्यक्तिको अभावमा कुलको सञ्चालन गर्नै कठिन हुन्छ।

तदाकर्ण्य मदोत्कट आह– "यद्येवं तत्कुरुष्व यद्रोचते।"

स्यालका यस्ता कुरा सुनिसकेपछि मदोत्कट सिंहले– "तिमीहरूलाई जसो गर्न मन लाग्छ उसै गर" भनिदियो।

तच्छ्रुत्वा स सत्वरं गत्वा तानाह– "भोः! स्वामिनो महत्त्ववस्था वर्तते। तत्किं पर्यटितेन? तेन विना कोऽत्रास्मान् रक्षयिष्यति? तद्गत्वा तस्य क्षुद्रोगात्परलोकं प्रस्थितस्य स्वयं गत्वात्मशरीरदानं कुर्मः, येन स्वामिप्रसादस्याऽनृणतां गच्छामः। उक्तञ्च–

राजाको आज्ञा पाउनेवित्तिकै उसले तत्काल गएर अन्य साथीहरूसँग– "मित्रहरू! स्वामीको अवस्था ज्यादै चिन्तनीय छ, यस्ता अवस्थामा व्यर्थ भ्रमण गर्नाले के लाभ? उनका अभावमा कसले हामीहरूको रक्षा गर्ला र? अतः भोकले व्याकुल भएर प्राण त्यागका स्थितिमा पुगेका स्वामीको सेवामा हामीहरूले आफ्नो शरीर त्यागिदिनुपर्छ, त्यसो भएपछि मात्रै हामी उनका ऋणबाट मुक्त हुन सक्छौँ। भनिएको पनि छ कि–

आपदं प्राप्नुयात्स्वामी यस्य भृत्यस्य पश्यतः।
प्राणेषु विद्यमानेषु स भृत्यो नरकं व्रजेत्" ॥ ३१५॥

जुन सेवकले देख्तादेख्तै उसको स्वामी विपद्ग्रस्त हुन्छ र सेवकले आफ्नो प्राण छँदाछँदै उसको रक्षा गर्दैन त्यो सेवक नरकगामी हुन्छ" भन्यो।

तदनन्तरं ते सर्वे वाष्पपूरितदृशो मदोत्कटं प्रणम्योपविष्टाः। तान्दृष्ट्वा मदोत्कट आह– "भोः! प्राप्तं, दृष्टं वा किञ्चितसत्त्वम्?"

स्यालको कुरो सुनेर ती सबै नै मदोत्कटका नजिकै फर्केर आए र उसलाई प्रणाम गर्दै बसे। उनीहरूलाई देखेर मदोत्कट सिंहले– "तिमीहरूलाई केही मिल्यो? कतै कुनै जीव देखियो त?" भनी सोध्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तेषां मध्यात्काकः प्रोवाच– "स्वामिन्! वयं तावत्सर्वत्र पर्यटिताः परं न किञ्चित्सत्त्वमासादितं, दृष्टं वा। तदद्य मां भक्षयित्वा प्राणान्धारयतु स्वामी, येन देवस्याश्वासनं भवति, मम पुनः स्वर्गप्राप्तिरिति। उक्तञ्च–

त्यसो भनेको सुनेपछि कागले– "महाराज! हामीहरू सारा वन घुमेर आयौँ, तर कतै कुनै पनि जीवलाई न भेट्न पाइयो न देखियो। अतः आज मलाई नै खाएर स्वामीले आफ्ना प्राणलाई रक्षा गर्नुपर्‍यो। त्यसबाट तपाईंलाई पनि अलिकति सास अड्याउने भरोसा मिल्छ र मेरो पनि सद्गति हुन्छ। भनिएको पनि त छ कि–

स्वाम्यर्थे यस्त्यजेत् प्राणान् भृत्यो भक्तिसमन्वितः।
परं स पदमाप्नोति जरामरणवर्जितम्॥ ३१६॥

जुन भृत्यले भक्तिभावले ओतप्रोत भएका कारण स्वामीका लागि आफ्नो प्राणको बलिदान गरिदिन्छ, त्यो जरा र मृत्युदेखि छुटकारा पाएर परम पदमा पुग्दछ" भन्यो।

तच्छ्रुत्वा शृगाल आह– "भोः! स्वल्पकायो भवान्! तव भक्षणात् स्वामिनस्तावत् प्राणयात्रा न भवति, अपरो दोषश्च तावत् समुत्पद्यते। उक्तञ्च–

कागको कुरो सुनेर स्यालले– "एक त तिमी स्वयं नै ख्याउटे खालको सानो जिउका छौ तिम्रो मांस खानाले स्वामीको भोक पनि मर्नेछैन र पनि बरु उनलाई प्राणीहत्याको पाप अवश्य पनि लाग्नेछ। भनिएको पनि छ कि–

काकमांसं शुनोच्छिष्टं स्वल्पं तदपि दुर्लभम्।
भक्षितेनापि किं तेन तृप्तिर्येन न जायते॥ ३१७॥

एक त कागको मासु, कुकुरले जुठ्याएको वस्तु, अति थोरै अनि फेरि पनि त्यो दुर्लभ छ भने त्यस्तो कुरो खानाले के लाभ पो हुन्छ र? अर्थात् त्यस्तो पेट पनि भर्न नपुग्ने कुरो खानका लागि प्रयास गर्नु व्यर्थ छ।

तद्दर्शिता स्वामभक्तिः भवता। गतं चानृण्यं भर्तृपिण्डस्य। प्राप्तश्चोभयलोके साधुवादः, तदपसराग्रतः येनाहमपि स्वामिनं विज्ञापयामि।"

तिमीले आफ्नातर्फबाट स्वामीभक्ति देखायौ। स्वामीको अन्न खाएको नुनको सोझो पनि गरेर देखायौ। दुवै लोकमा तिम्रो प्रशंसा पनि भएकै छ। अब तिमी अगाडिको बाटो मलाई छोडिदेऊ। त्यसो भएपछि म पनि स्वामीलाई आफ्नो बिन्ती चढाउन सकूँ।

तथानुष्ठिते, शृगालः सादरं प्रणम्य प्रोवाच– "स्वामिन्! मां भक्षयित्वाऽद्य प्राणयात्रां विधाय, ममोभयलोकप्राप्तिं कुरु। उक्तञ्च–

कागले बाटो छोडिदिनेबित्तिकै स्यालले अघि सर्दै आएर प्रणाम गरिसकेपछि– "महाराज! आज मेरै शरीरलाई भक्षण गरेर आफ्नो जीवन निर्वाह गर्नुहोस् र मलाई पनि दुवै लोकमा यशको भागीदार बनाइदिनुहोस्। भनिएको पनि छ कि–

स्वाम्यायत्ताः सदा प्राण भृत्यानामर्जिता धनैः।
यतस्ततो न दोषोऽस्ति तेषां ग्रहणसम्भवः॥ ३१८॥"

सम्पत्तिका बदलामा स्वामीले सेवकहरूको प्राण किनिसकेका हुनाले त्यो स्वामीका अधीनको वस्तु नै हो। यदि समय आउँदा स्वामीले त्यसको ज्यान लिइदिए भने पनि उनलाई त्यस कामको पाप लाग्दैन" भन्यो।

अथ तच्छ्रुत्वा द्वीप्याह– "भोः! साधूक्तं भवता पुनर्भवानपि स्वल्पकायः स्वजातिश्च। नखायुधत्वादभक्ष्य एव। उक्तञ्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्यालको कुरो सुनिसकेपछि बाघले— "मित्र ! तिमीले ठिकै भन्यौ। तर तिमी पनि त सजातीय, सानो जिउका र ख्याउटे खालकै त छौ नि। नङ्गाका हतियारका भरोसाले बाँच्ने हुनाले तिमी पनि अभक्ष्य नै हौ। भनिएको पनि छ कि—

नाभक्ष्यं भक्षयेत्प्राज्ञः प्राणैः कण्ठगतैरपि।
विशेषात्तदपि स्तोकं लोकद्वयविनाशकम्॥ ३१९॥

विज्ञपुरुषले बरु मृत्युका नजिक पुगिसकेपछि पनि अभक्ष्य कुरालाई खानुहुँदैन। त्यो पनि अलिकतिमात्रै छ र भोक मेटाउन सक्दैन भने झन त्यसले यो लोक र परलोक दुवैलाई नष्ट पारिदिन्छ। त्यसैले अभक्ष्य भक्षण गर्नु व्यर्थ नै हो।

तद्दर्शितं त्वयात्मनः कौलीन्यम्। अथवा साधु चेदमुच्यते—

तिमीले आफ्नो कुलीनता र शालीनताको परिचय दियौ। अथवा यसो भनिएको ठिकै पनि छ कि—

एतदर्थं कुलीनानां नृपाः कुर्वन्ति सङ्ग्रहम्।
आदिमध्यावसानेषु न ते गच्छन्ति विक्रियाम्॥ ३२०॥

राजाहरूले कुलीन व्यक्तिहरूलाई सङ्ग्रह गरेर यसै कारण नजिक राख्ने गर्ने गर्दछन् कि उनीहरू सुख वा दुःख आउन लाग्दा, आइपरेका बेलामा र समाप्त भएपछि पनि कहिल्यै विकृत हुँदैनन्। अर्थात् दुःखसुखका सबै स्थितिमा समान भावले राजाको सहायता गरिरहन्छन्।

तदपसराऽग्रतः, येनाहमपि स्वामिनं विज्ञापयामि।"

अतः तिमी पनि अगाडिबाट हटेर बाटो छोडिदेऊ। जसले गर्दा म पनि महाराजसँग मेरो निवेदन चढाउन पाऊँ" भन्यो।

तथानुष्ठिते द्वापी प्रणम्य मदोत्कटमाह— "स्वामिन्! क्रियतामद्य मम प्राणैः प्राणयात्रा। दीयतामक्षयो वासः स्वर्ग, मम विस्तार्यतां क्षितितले प्रभूत्तर यशः। तन्नाऽत्र विकल्पः कार्यः। उक्तञ्च—

स्यालले बाटो छोडिसकेपछि बाघले प्रणाम गर्दै मदोत्कटसँग— "महाराज ! आज मेरै शरीरबाट आफ्नो जीवनको आवश्यकता पूरा गर्नुहोस्। मलाई स्वर्गमा अक्षय बास दिनुहोस् र पृथ्वीमा पनि मेरो यश विस्तार गर्न दिनुहोस्। यस विषयमा कुनै किसिमको विकल्प नसोचियोस्। भनिएको पनि छ कि—

मृतानां स्वामिनः कार्ये भृत्यानामनुवर्तिनाम्।
भवेत् स्वर्गेऽक्षयो वासः कीर्तिश्च धरणीतले॥ ३२१॥

स्वामीका लागि आफ्नो प्राण अर्पण गर्ने अनुयायी सेवकलाई स्वर्गमा अक्षयवास प्राप्त त हुन्छ नै त्यसका साथै यस धर्तीमा पनि उसको कीर्ति फैलन्छ।

तच्छ्रुत्वा क्रथनकश्चिन्तयामास— "एतैस्तावत् सर्वैरपि शोभनानि प्रोक्तानि, न चैकोऽपि स्वामिना विनाशितः। तदहमपि प्राप्तकालं विज्ञापयामि, येन मम वचनमेते त्रयोऽपि समर्थयन्ति"। इति निश्चित्य प्रोवाच— "भोः! सत्यमुक्तं भवता, परं भवानपि नखायुधः। तत्कथं भवन्तं स्वामी भक्षयति ? उक्तञ्च—

बाघको कुरो सुनेपछि क्रथनक नामका त्यस उँटले— "यी सबै प्राणीहरूले कोमल भाषाका वाक्यहरूलाई प्रयोग गर्दै स्वामीका दृष्टिमा आफ्नो स्थान बलियो बनाइसके। स्वामीले यिनीहरूमध्ये कुनै एउटालाई पनि मारेनन्। अतः समयअनुसार मैले पनि निवेदन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुपर्छ। मेरो कुरो सुनेर यी तीनओटाले मेरो पनि प्रशंसा गर्नेछन्" भन्ने सोच्यो। उक्त प्रकारले निवेदन गर्ने निश्चय गरिसकेपछि उसले– "महाशय ! तिमीले ठिकै भन्यौ। तर तिमी पनि त नङ्गाका भरोसामा बाँच्ने प्राणी नै त हौ नि। तिम्रो मांस स्वामीले कसरी खान सक्नुहुनेछ र ? भनिएको पनि छ कि–

मनसापि स्वजात्यानां योऽनिष्थनि प्रचिन्तयेत्।
भवन्ति तस्य तान्येव इह लोके परत्र च॥ ३२२॥

जुन व्यक्ति मनले मात्रै पनि आफ्ना जातिको अनिष्ट चाहन्छ उसलाई यस लोकमा र उस लोकमा पनि त्यस अनिष्टका बदलामा उसलाई अनिष्ट नै हुनेछ।

तदपसराऽग्रतः, येनाहं स्वामिनं विज्ञापयामि।"

अतः तिमी अगाडिबाट बाटो छोडिदेऊ, जसले गर्दा म पनि आफ्नो निवेदन चढाउन पाऊँ" भन्यो।

तथानुष्ठिते क्रथनकोऽपि स्थित्वो प्रणम्योवाच, "स्वामिन्! एते तावदभक्ष्या भवताम्। तन्मम प्राणैः प्राणयात्रा विधीयतां, येन ममोभयलोकप्राप्तिर्भवति। उक्तञ्च–

बाघले बाटो छोडिदिनेबित्तिकै क्रथनकले सिंहका अगडि सरेर प्रणाम गरिसकेपछि– "महाराज ! यी सबै तपाईंका लागि अभक्ष हुन्। अतः आज मेरा शरीरले नै आफ्नो जीविका चलाउनुहोस्। त्यसले गर्दा मलाई पनि दुवै लोकमा यशको प्राप्ति हुन सकोस्। किनभने भनिएको पनि छ कि–

न यज्वानोऽपि गच्छन्ति तां गतिं नैव योगिनः।
यां यान्ति प्रोज्झितप्राणाः स्वाम्यर्थे सेवकोत्तमः" ॥ ३२३॥

एउटा श्रेष्ठ सेवकले स्वामीका लागि आफ्नो प्राण दिएर सेवा गर्नाले जुन फल प्राप्त गर्न सक्दछ त्यो फल यज्ञकर्ता एवं साधकगणले पनि पाउन सक्दैनन्।

एवमभिहिते सिंहानुज्ञाताभ्यां शृगालचित्रकाभ्यां विदारितोभयकुक्षिः क्रथनकः प्राणान–त्याक्षीत्। ततश्च तैः क्षुद्भारपीडितैः सर्वैर्भक्षितः।"

क्रथनकले गरेको निवेदन सुनेपछि सिंहका आज्ञाले स्याल तथा बाघ दुवैले मिलेर त्यसको भुँडी फोरेपछि क्रथनकको प्राण सेलायो। भोकले पीडित सिंह तथा उसका अनुयायीहरूले क्रथनकको शरीर खाएर सिध्याए" भन्यो।

अतोऽहं ब्रवीमि– "बहवः पण्डिताः क्षुद्राः" इति।

उक्त कथाको समाप्ति गरिसकेपछि सञ्जीवकले– "त्यसैले म भन्दछु कि धेरै पण्डित व्यक्तिहरू पनि क्षुद्र विचार भएका हुन्छन्। यस प्रकारले ती धूर्त जीवहरू आपसमा मिलेर उँटलाई मारिछाडे।

तद्भद्र ! क्षुद्रपरिवारोऽयं ते राजा मया सम्यज्ज्ञातः सतामसेव्यश्च। उक्तञ्च–

मित्र ! तिम्रा यी राजा पनि क्षुद्रजनहरूबाट नै घेरिएका छन्। यस कुरालाई मैले राम्रोसँग जानिसकेको छु। त्यस्ता राजा भद्र पुरुषहरूबाट सेवा गरिनेयोग्य हुँदैनन्। भनिएको पनि छ कि–

अशुद्धप्रकृतौ राज्ञि जनता नानुरज्यते।
यथा गृध्रसमासन्नः कलहंसः समाचरेत्॥ ३२४॥ तथा च–

असत्ती विचार भएका अनुचरहरूले घेरिएका राजासँग प्रजाहरू सन्तुष्ट हुन सक्दैनन्। किनभने गिद्धका समुदायमा फँसेको राजाहाँस पनि आफ्नो साधु स्वभाव छोड्नका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि जसरी विवश हुन्छ उसै गरी दुष्ट व्यक्तिहरूका सम्पर्कले गर्दा असल राजा पनि खराब काम गर्न विवश हुन्छन्। अरू पनि–

गृध्राकारोऽपि सेव्यः स्याद्धंसाकारैः सभासदैः।
हंसाकारोऽपि सन्त्याज्यो गृध्राकारैः स तैर्नृपः॥ ३२५॥

गिद्धहरूको जस्तै नीच प्रकृतिको राजा पनि हाँसको जस्तै शुद्ध आचरण भएका सभासद्हरूबाट निर्देशित रहेका छन् भने उनी सेवाको लायक हुन्छन्। तर गिद्धहरूको जस्तै नीच स्वभाव भएका सदस्यहरूबाट घेरिएको राजा हाँसजस्तै शुद्ध स्वभावका भए पनि उनी त्याग्नेयोग्य हुन्छन्।

तन्नूनं ममोपरि केनचिद् दुर्जनेनाथं प्रकोपितः, तेनैवं वदति। अथवा भवेत्येतत्। उक्तञ्च–

यस्तो लाग्दै छ कि कुनै दुष्ट स्वभाव भएका सभासद्कै लहैलहैमा लागेका कारणले ऊ मसँग रिसाएको छ र रिसाएकै कारणले यस किसिमका कुरा गरिरहेको छ। अथवा उसले यसो गर्नु स्वाभाविक पनि हो। किनभने भनिएको छ कि–

मृदुना सलिलेन हन्यमानान्यवधृष्यन्ति गिरेरपि स्थलानि।
उपजापविदां च कर्णजापैः किमु चेतांसि मृदूनि मानवानाम्॥ ३२६॥

जस्तै नरम पानीका प्रवाहबाट पनि पर्वतीय भूमि खिइँदै जानाले आखिरमा काटिएर ढल्दछ। उसै गरी चुक्ली चाप्लुसी गर्नमा सिपालु व्यक्तिहरूका निरन्तर चुक्ली र चालबाजीका कारणले मानिसको कमलो हृदय पग्लिएर विकृत हुन किन सक्दैन र? यदि त्यसै हुन्छ भने यसमा आश्चर्य मान्नुपर्ने कुरो पनि केही छैन।

कर्णविषेण च भग्नः किं किं न करोति बालिशो लोकः?
क्षपणकतामपि धत्ते पिबति सुरां नरकपालेन॥ ३२७॥ अथवा साध्विदमुच्यते–

कानमा विषजस्तै लाग्ने चुक्लीका कारणले बिग्रिएका मूर्खहरूले के पो गर्दैनन र? अर्काका लहैलहैमा लाग्ने त्यस्ता मानिसले सन्यास पनि ग्रहण गर्न सक्छन्, नाङ्गो भएर पनि हिंड्न सक्छन् र मानिसका खप्परमा मदिरा राखेर खान पनि सक्छन्। अथवा ठिकै भनिएको रहेछ कि–

पादाहतोऽपि दृढदण्डसमाहतोऽपियं
दंष्ट्रया स्पृशति तं किल हन्ति सर्पः।
कोऽप्येष एव पिशुनोऽस्त्यमनुष्यधर्मा
कर्णे परं स्पृशति हन्ति परं समूलम्॥ ३२८॥ तथा च–

लात्तीको चोट खाएका कारण वा लठ्ठीको चोट खाएका कारण सर्पले उसै मानिसलाई नै ठुङ्छ। तर असाधारण शक्ति भएको खल अर्कै किसिमको हुन्छ। त्यस्ता व्यक्तिले कुनै एउटाका कानमा टाँसिन पायो अर्थात् कुरा सुनाउन पायो भने अर्कै एउटाको समूल नष्ट गरिदिन्छ। अर्थात् दुष्ट व्यक्तिको स्वभावमा धान खाने मुसो चोट पाउने भ्यागुतो भन्ने उखान सत्य भएजस्तै हुन्छ। अरू पनि–

अहो खलभुजङ्गस्य पिवरीतो वधक्रमः।
कर्ण लगति चैकस्य प्राणैरन्यो वियुज्यते॥ ३२९॥

खलरूपी भुजङ्गको दुःख दिने तरिका अलिक भिन्नै किसिमको हुन्छ। ऊ एउटाका कानमा टाँसिएपछि कुनै अर्को एउटाले ज्यानै गुमाउनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदेवं गतेऽपि किंकर्तव्यमित्यहं त्वां सुहृद्भावात्पृच्छामि।"

यस्ता स्थितिमा मैले के गर्नुपर्छ भन्ने कुराको कृपया मलाई सल्लाह देऊ। म मित्रताका कारणले तिमीसँग सोधिरहेको छु" भन्ने कुरो उसले गऱ्यो।

दमनक आह– 'तद्देशान्तरगमनं युज्यते, नैवंविधस्य कुस्वामिनः सेवां विधातुम्। उक्तञ्च–

दमनकले– "मेरा विचारमा यस्ता स्वामीको सेवा गर्नुभन्दा विदेशको भ्रमणतिर लाग्नु वेस होलाजस्तो लाग्छ। भनिएको पनि त छ कि–

गुरोरप्यवलिसस्य कार्याकार्यमजानतः।
उत्पथप्रतिपन्नस्य परित्यागो विधीयते॥ ३३०॥

दुष्ट बुद्धि भएको, असल र खराव कार्यको विवेक नराख्ने अविवेकी तथा कुमार्गतर्फ लागेका छन् भने त्यस्ता गुरुलाई पनि परित्याग गर्नुपर्दछ" भन्यो।

सञ्जीवक आह– "अस्माकमुपरि स्वामिनि कुपिते गन्तुं न शक्यते। न चान्यत्र गतानामपि निर्वृतिर्भवति। उक्तञ्च–

सञ्जीवकले– "स्वामी मप्रति रिसाइरहेका छन्, यस्ता स्थितिमा मैले बाहिर जानु ठिक नहोला। किनभने अन्यत्र कतैको यात्रा गर्नाले पनि मलाई शान्ति त पक्कै मिल्दैन। भनिएको पनि छ कि–

महतां योऽपराध्येत दूरस्थोऽस्मीति नाश्वसेत्।
दीर्घौ बुद्धिमतो बाहू ताभ्यां हन्ति स हिंसकम्॥ ३३१॥

जुन व्यक्ति ठूलासँग शत्रुता गर्दछ वा ठूलाप्रति अपराध गर्दछ उसले म उसबाट टाढा पुगेको छु भनेर ढुक्क हुनुहुँदैन। किनभने बुद्धिमान् व्यक्तिका पाखुरा निकै परसम्म फैलिएका हुन्छन्। उनीहरूले तिनै पाखुराको सहायताले टाढा रहेका शत्रुलाई समाउँछन् र उसलाई मार्दछन्।

तद्युद्धं मुक्त्वा मे नान्यदस्ति श्रेयस्करम्। उक्तञ्च–

अतः युद्धका अतिरिक्त अर्को कुनै गतिलो बाटो मेरा लागि अब बाँकी रहेको छैन। भनिएको पनि छ कि–

न यान्ति तीर्थैस्तपसा च लोकान् स्वर्गैषिणो दानशतैः सुवृत्तैः।
क्षणेन यान्न् यान्ति रणेषु धीराः प्राणान् समुज्जन्ति हि ये सुशीलाः॥ ३३२॥

तीर्थ गर्नाले, तपस्या गर्नाले, सैयौँ किसिमको दान दिनाले एवं सदाचरण गर्नाले पनि स्वर्गको कामना गर्ने व्यक्तिलाई त्यस लोकको प्राप्ति हुन सक्दैन तर जुन मानिससँग रणमा आफ्नो प्राण त्याग्न सक्ने सुशीलता तथा वीरता भएका सहयोगी हुन्छन् त्यस्ता पुरुषले त्यस्तै स्वर्गलोक सहजै पाउँछन्।

मृतैः सम्प्राप्यते स्वर्गो जीवद्भिः कीतिरुत्तमा।
तदुभावपि शूराणां गुणावेतौ सुदुर्लभौ॥ ३३३॥

वीर पुरुषलाई नै मरेपछि स्वर्गको प्राप्ति र जिउँदो अवस्थामा रहँदा यस लोकमा कीर्ति हुने किसिमका दुर्लभ गुण र वीर पुरुषहरूको सम्पर्क सहज रूपमा नै प्राप्त हुन्छन्।

ललाटदेशे रुधिरं शूरस्य यस्य प्रविशेच्च वक्त्रे।
तत्सोपमानेन समं भवेच्च सङ्ग्रामयज्ञे विधिवत्प्रदिष्टम्॥ ३३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युद्धक्षेत्रमा वीर पुरुषका निधार र तालुप्रदेशबाट बगेर मुखमा प्रवेश गरेको रगतको धारा यज्ञमा चढाइएको सोमरसजत्तिकै हुन्छ भनेर बताइएको छ। यज्ञीय सोमरस पान गर्नाले जस्तो पुण्यादि प्राप्त हुन्छ त्यस्तै नै लडाइँका मैदानमा आफ्नै निधारबाट बगेर मुखमा पसेका रगतबाट त्यस्तो पुण्य प्राप्त हुन्छ।

होमार्थैर्विधिवत्प्रदानविधिना सद्विप्रवृन्दार्चनै-
र्यज्ञैर्भूरिसुदक्षिणैः सुविहितैः सम्प्राप्यते यत्फलम्।
सत्तीर्थाश्रमवासहोमनियमैश्चान्द्रायणद्यैः कृतैः
पुम्भिस्तत्फलमाहवे विनिहतैः सम्प्राप्यते तत्क्षणात्॥ ३३५॥

होम, विधिवत् दान, विप्रको पूजाअर्चना, यज्ञ, अनेक किसिमको दक्षिणा, ठूला तीर्थहरूको बास, होमआदि तीर्थका कार्यहरू, चान्द्रायणआदि व्रत तथा अन्य सत्कृत्यबाट जुन फल प्राप्त हुन्छ त्यही फल वीर पुरुषलाई युद्धक्षेत्रबाट तत्काल प्राप्त हुन्छ।

तदाकर्ण्य दमनकश्चिन्तयामास— "युद्धाय कृतनिश्चयोऽयं दृश्यते दुरात्मा। तद्यदि कदाचित्तीक्ष्णशृङ्गाभ्यां स्वामिनं प्रहरिष्यति तन्महाननर्थः सम्पत्स्यते। तदेनं भूयोऽपि स्वबुद्ध्या प्रबोध्य तथा करोमि, यथा देशान्तरगमनं करोति। आह च— "भो मित्र ! सम्यगभिहितं भवता, किन्तु कः स्वामीभृत्ययोः सङ्ग्रामः ?। उक्तञ्च—

सञ्जीवकको कुरो सुनिसकेपछि दमनकले— "यो दुष्ट त युद्धका लागि पो जोसिन लागेको जस्तो देखिन्छ। यदि यसले आफ्ना तिखा सिङले स्वामीमाथि प्रहार गऱ्यो भने त महान् अनर्थ पो हुन्छ। अतएव म आफ्ना बुद्धिको बल लगाएर सम्झाउँदै यसलाई यहाँबाट अन्यत्र कतै जाने किसिमको बनाइदिन्छु" भन्ने सोच्यो। त्यस्तो कुरो सोचिसकेपछि उसले— "मित्र तिमीले ठिकै भन्यौ, तर स्वामी र भृत्यका बिचमा सङ्ग्राम मच्चाउनु कहाँ उचित होला र ? हुँदैन। भनिएको पनि छ कि—

बलवन्तं रिपुं दृष्ट्वा नैवात्मानं प्रकोपयेत्।
बलवद्भिश्च कर्तव्या शरच्चन्द्रप्रकाशना॥ ३३६॥ अन्यच—

बलवान् शत्रुलाई देखिसकेपछि उत्तेजित हुनु उचित हुँदैन। अतः बलवान् शत्रुसँग त शान्तिको नै अवलम्बन गर्नुपर्दछ। अरू पनि—

शत्रोर्विक्रममज्ञात्वा वैरमारंभते हि यः।
स पराभवमाप्नोति समुद्रष्टिट्टिभाद्यथा" ॥ ३३७॥

शत्रुको शक्तिलाई नजानीकन जसले शत्रुता बढाउँछ त्यो शत्रुका अगाडि उसै गरी अपमानित हुन्छ जसरी हुट्टिट्याउँका अगाडि समुद्रले हुनुपरेको थियो।

सञ्जीवक आह— "कथमेतत्" ? सोऽब्रवीत्—

सञ्जीवकले— "त्यस्तो के भयो र ?" भनी सोध्यो। अनि दमनकले भन्यो—

टिट्टिभसमुद्रकथा

कस्मिंश्चित्समुद्रतीरैकदेशे टिट्टिभदम्पती प्रतिवसतः स्म। ततो गच्छति काले ऋतुसमयमासाद्य टिट्टिभी गर्भमाधत्त। अथासन्नप्रसव सती सा टिट्टिभमूचे— "भोः कान्त ! मम प्रसवसमयो वर्तते, तद्विचिन्त्यतां किमपि निरुपद्रवं स्थानं, येन तत्राहमण्डकविमोक्षणं करोमि।"

हुट्टिट्याउँ र समुद्र

कुनै समुद्रकिनारको एक छेउमा हुट्टिट्याउँको एक जोडीले बसोबास गर्दै आएको थियो। केही समयपछि गर्भाधानको समय भएको हुनाले पोथी हुट्टिट्याउँले गर्भधारण गऱ्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जब उसका फुल पार्ने बेला नजिकिँदै आयो अनि उसले आफ्नो भालेसँग– "प्यारे ! मेरो फुल पार्ने पूरा हुँदै नजिक आएको छ। अब तिमीले कुनै एउटा बाधाव्यवधान नभएको यस्तो सुरक्षित ठाउँ खोज, त्यहाँ गएर म शान्तिपूर्वक फुल पार्न सकूँ" भन्यो।

टिट्टिभः प्राह– "भद्रे ! रम्योऽयं समुद्रप्रदेशः। तदत्रैव प्रसवः कार्यः।"

पोथीको कुरो सुनेर भाले हुट्टिट्याउँले– "प्रिया ! समुद्रको यो भाग ज्यादै रमाइलो छ। तिम्रो प्रसवका लागि यो स्थान अधिक उपयुक्त हुन्छ। तिमीले यसै ठाउँमा फुल पार्नुपर्दछ" भन्यो।

साह– "अत्र पूर्णिमादिने समुद्रवेला चरति। सा मत्तगजेन्द्रानपि समाकर्षति, तद् दूरमन्यत्र किञ्चित्स्थानमन्विष्यताम्।"

पोथी हुट्टिट्याउँले– "यहाँ पूर्णिमाका दिन समुद्रमा छाल बढेर आउने गर्दछ। त्यसले त विशाल मत्ता हात्तीलाई पनि बगाएर लैजान सक्दछ। अतः यहाँभन्दा अलिक टाढै कुनै अर्को ठाउँको खोजी गर" भन्यो।

तच्छ्रुत्वा विहस्य टिट्टिभः प्राह– "भोः भद्रे ! न युक्तमुक्तं भवत्या। का मात्रा समुद्रस्य, यो मम प्रसूतिं दूषयिष्यति ? किं न श्रुतं भवत्या–

त्यसको कुरो सुनेपछि भाले हुट्टिट्याउँले हाँस्तै– "भद्रे ! तिमीले त्यसो भन्नु उचित भएन। समुद्रको के त्यत्रो तागत छ र उसले मेरा बच्चाहरूलाई बगाएर लाने आँट गरोस्। के तिमीले सुनेकी छैनौ ?

रुद्धाम्बरचरमार्गं व्यपगतधूमं सदा महद्भयदम।
मन्दमतिः प्रविशति हुताशनं स्वेच्छया मनुजः ॥ ३३८ ॥

त्यस्तो मूर्ख कुन प्राणी होला, जसले आकाश चरुवा प्राणीको बाटो छेकेर आकाशमा फैलिने धुवाँरहित दावाग्निमा प्रवेश गर्ने साहस गर्ला र भनेको ?

मत्तेभकुम्भविदलनकृतश्रमं सुप्तमन्तकप्रतिमम्।
यमलोकदर्शनेच्छुः सिंहं बोधयति को नाम ? ॥ ३३९ ॥

यमलोकलाई हेर्न मन गर्ने त्यस्तो कुन पुरुष होला जो उन्मत्त भएका मत्ता हात्तीको कुम्भस्थल फुटाएका कारणले थाकेर मस्त निद्रामा सुतेको काल समानको भयानक सिंहलाई जगाउने साहस गर्न सक्ला ?

को गत्वा यमसदनं स्वयमन्तकमादिशत्यजातभयः।
प्राणानपहर मत्तो यदि शक्तिः काचिदस्ति तव ? ॥ ३४० ॥

यमलोकमा पुगेर निर्भीकतापूर्वक साक्षात् यमराजलाई नै 'लौ त यदि तिमी त्यत्ति शक्तिशाली छौ भने मेरो प्राणलाई हरण गरेर हेर' भन्ने साहस कसले गरोस्।

प्रालेयलेशामिश्रे मरुति प्राभातिके च वाति जडे।
गुणदोषज्ञः पुरुषो जलेन कः शीतमपनयति ? ॥ ३४१ ॥

शीतलहरका गुण र दोषलाई जान्ने कुन त्यस्तो बुद्धिमान् मानिस होला जसले हिउँका कणले भरिएका बिहानीपखको हावा चल्दै गर्दाको जाडोमा चिसो पानीले नुहाएर आफ्ना जिउबाट जाडो भगाउने साहस गरोस् ?

तस्माद्विश्रब्धाऽत्रैव गर्भं मुञ्च। उक्तञ्च–

त्यसै कारणले हेर भद्रे ! तिमी चिन्ता छोडेर निश्चिन्त भएर ढुक्कले यसै ठाउँमा फुल पार। भनिएको पनि छ कि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

य पराभवसन्त्रस्तः स्वस्थानं सन्त्यजेन्नरः ।
तेन चेत्पुत्रिणी माता तद्वन्ध्या केन कथ्यते ॥ ३४२ ॥

पराजय वा तिरस्कारका डरले आफ्नो स्थान त्याग गर्ने कायर व्यक्तिलाई जन्माएर यदि उसकी आमाले आफूलाई पुत्रवती सम्झन्छिन् भने सन्तान नजन्माएकी वा जन्माउन अयोग्य बाँझी भनेर कस्ती आइमाईलाई भन्नू ?" भन्यो ।

तच्छ्रुत्वा समुद्रश्चिन्तयामास– "अहो परं गर्वः पक्षिकीटस्त्यास्य ! अथवा साध्विदमुच्यते–

हुट्टिट्याउँका कुरा सुनेर समुद्रले– "यस पाजी किरोजत्रा चरासँग कति धेरै फुर्ती र घमन्ड रहेछ । अथवा ठिकै पनि भनिएको रहेछ कि–

उत्क्षिप्य टिट्टिभः पादावास्ते भङ्गभयाद्दिवः ।
स्वचित्तकल्पितो गर्वः कस्य नात्रापि विद्यते ? ॥ ३४३ ॥

आकाश खस्ने डरले हुट्टिट्याउँले दुवै खुट्टा मास्तिर ठड्याएर पल्टिएको हुन्छ। त्यसले खस्न लागेको आकाशलाई मैले नै थामेर राख्छु पनि भन्ने सोचिरहेको हुन्छ। त्यसैले आफ्ना मनमा आफैँलाई ठूलो ठान्ने गर्व कसलाई पो हुँदैन र ?

तन्मयास्य प्रमाणं कुतूहलादपि द्रष्टव्यं, किं ममैषोऽण्डापहारे कृते करिष्यति ?" इति चिन्तयित्वा स्थितः ।

चासो मेटाउनकै लागि भए पनि र तुजुक जाँच्नका लागि मैले यसका अण्डाहरू अपहरण गरेपछि यसले के पो गर्दोरहेछ हेरौँला" भन्ने ठान्दै ऊ चुप लागेर बसिरह्यो ।

अथ प्रसवानन्तरं प्राणयात्रार्थ गतायष्टिट्टिभ्याः समुद्रो वेलाव्याजेनाण्डान्यपजहार ।

फुल पारिसकेपछि कुनै दिन पोथी हुट्टिट्याउँ आफूलाई चारो खोज्नका लागि बाहिर निस्किएको थियो । अनि छाल बढेर आएको बहानामा समुद्रले त्यस हुट्टिट्याउँका अण्डाहरू अपहरण गरेर ल्यायो ।

अथायाता सा टिट्टिभी प्रसवस्थानं शून्यमवलोक्य, प्रलपन्ती टिट्टिभमूचे– "भो मूर्ख ! कथितमासीन्मया ते यत्समुद्रबेतयाऽण्डानां विनाशो भविष्यति, तद् दूरतर ब्रजावः । परं मूढतया–हङ्कारमाश्रित्य मम वचनं न करोषि । अथवा साध्विदमुच्यते–

चारो चरिसकेपछि जब उसले आफ्ना गुँडमा आएर हेर्दा गुँड खाली भएको देख्यो, अनि आलाप र विलाप गर्दै रुन थाल्यो । रुँदारुँदै उसले आफ्ना भालेलाई– "ए मूर्ख ! मैले तिमीसँग पहिले नै समुद्रका छालहरूले मेरा अन्डाहरूको विनाश गर्नेछन् । अतः हामीहरू यहाँबाट कतै टाढा जाऔँ भनेको थिएँ । तर आफ्ना मुर्ख्याइँले तिमीले मेरा कुरामा ध्यान दिएनौ । अथवा ठिकै पनि भनिएको रहेछ कि–

सुहृदां हितकामानां न करोतीह यो वचः ।
स कूर्म इव दुर्बुद्धिः काष्ठाद् भ्रष्ये विनश्यति" ॥ ३४४

शुभचिन्तकहरूको र मित्रहरूको कुरालाई जसले मान्दैन, त्यो आफ्नै मुर्ख्याइँका कारणले उसै गरी नष्ट भएर जान्छ जसरी मूर्ख कछुवा काठबाट खसेर मरेको थियो ।

टिट्टिभ आह– "कथमेतत्" ? साब्रवीत्–

भाले हुट्टिट्याउँले– "त्यो कसरी ?" भनी सोध्यो । अनि त्यसपछि पोथी हुट्टिट्याउँले भन्न सुरु गऱ्यो–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूर्खकच्छपकथा

अस्ति कस्मिंश्चिज्जलाशये कम्बुग्रीवो नाम कच्छपः। तस्य च सङ्कटविकटनाम्नी मित्रे हंसजातीये परमस्नेहकोटिमाश्रिते, नित्यमेव सरस्तीरमासाद्य तेन सहानेकदेवर्षिमहर्षीणां कथाः कृत्वास्तमनवेलायां स्वनीडसंश्रयं कुरुतः। अथ गच्छता कालेनानावृष्टिवशात्सरः शनैःशनैः शोषमगमत्। ततस्तद्दुःखदुःखितौ तावूचतुः– "भो मित्र ! जम्बालशेषमतत्सरः सञ्जातं, सत्कथं भवान्भविष्यतीति व्याकुलत्वं नो हृदि वर्तते।"

मूर्ख कछुवा

कुनै एउटा जलाशयमा कम्वुग्रीव नामको एउटा कछुवा रहने गर्दथ्यो। सङ्कट र विकट नामका दुई हाँसहरूले त्यस कछुवाका प्रति ज्यादा मायाको व्यवहार गर्दथे। तिनीहरू सधैँ नै तलाउका किनारमा बसेर त्यस कछुवासँग गफगाफ गर्ने गर्दथे। अनि अनेकौं किसिमका देवर्षि, महर्षिआदिका कथाहरू भनेर र सुनेर घाम अस्ताएपछि आफ्ना गुँडतिर फर्किएर जाने गर्दथे। अनावृष्टि भएका कारणले अलिक दिनपछि त्यो तलाउको पानी सुक्दै जान लाग्यो। कछुवाका दुःखले दुःखी भएर हाँसहरूले– "मित्र ! यो तलाउ त सुकिसक्न लाग्यो। अव त यसमा हिलो मात्रै वाँकी रहेको छ। पानीका अभावमा तिमी कसरी जीवित रहन सक्छौ र ? यस चिन्ताले हामीलाई ज्यादै सताइरहेको छ" भने।

तच्छ्रुत्वा कम्बुग्रीव आह– "भो साम्प्रतं नास्त्यस्माकं जीवितव्यं जलाभावात्। तथाप्युपायश्चिन्त्यतामिति। उक्तञ्च–

हाँसहरूको उपर्युक्त कुरो सुनेपछि कम्वुग्रीव कछुवाले– "यस वेला, यद्यपि पानीको अभावमा मलाई वाँच्न सम्भव देखिएको छैन तथापि तिमीहरूले मलाई वाँच्नका लागि कुनै उपाय अवश्य सोच्नुपर्दछ। भनिएको पनि त छ कि–

त्याज्यं न धैर्यं विधुरेऽपि काले, धैर्यात्कदाचित्स्थितिमाप्नुयात्सः।
जाते समुद्रेऽपि च पोतभङ्गे, सांयात्रिको वाञ्छति तर्तुमेव ॥ ३४५ ॥ अपरञ्च–

आपद्कालमा पनि धैर्यलाइ छोड्नुहुँदैन। सम्भव छ, धैर्यधारण गर्नाले नै आपत्तिवाट छुटकारा पाउन सकिन्छ। समुद्रका विचमा डुँगा भाँचियो भने पनि त्यस डुँगाका मालिक व्यापारीले आफ्नो धैर्य छोड्दैन र वरु अझै वलियो धैर्य धारण गर्दै यत्नपूर्वक समुद्रलाई पार गर्ने उपाय नै सोच्दछ। अरू पनि–

मित्रार्थे बान्धवार्थे च बुद्धिमान् यतते सदा।
जातास्वापत्सु यत्नेन जगादेदं वचो मनुः ॥ ३४६ ॥

मनुले भनेका छन् कि, आपत्तिकालमा वुद्धिमान् व्यक्तिले आफ्ना आफन्त मित्रहरू तथा वन्धुबान्धवहरूलाई त्यस आपत्तिवाट वचाउनका लागि सकेको प्रयास गरिरहनुपर्दछ। किनभने निरन्तर प्रयत्नले नै आपत्ति हटाउन सम्भव हुन्छ।

तदानीयतां काचिद् दृढरज्जुर्लघुकाष्ठं वा। अन्विष्यतां च प्रभूतजलसनाथं सरः, येन मया मध्यप्रदेशे दन्तैर्गृहीते सति युवां कोटिभागयोस्तत्काष्ठं मया सहितं संगृह्यतत्सरो नयथः।"

तपाईंहरूले पानी भरिभराउ भएको कुनै अर्को एउटा तलाउको खोजी गर्नुहोस् र एउटा वलियो डोरी अथवा सानो टुक्रा काठ खोजेर ल्याउनुहोस्। जव म त्यस काठ अथवा डोरीका विचमा आफ्ना दाँतले समाउँनेछु अनि तपाईंहरूले त्यसका दुवै किनारमा पक्रेर उड्नुहोस् र त्यसै रीतले मलाई त्यस तलाउमा पुऱ्याउनुहोस्" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तावूचतुः— "भो मित्र ! एवं करिष्यावः। परं भवता मौनव्रतेन स्थातव्यम् नो चेत्तव काष्ठात्पातो भविष्यति।"

कम्बुग्रीवको कुरो सुनेर हाँसहरूले— "मित्र ! हामीहरू तिम्रो कथनअनुसार सबै प्रबन्ध गरिदिनेछौँ। तर तिमीले त्यस स्थितिमा शान्त रहनुपर्नेछ। यदि तिमी शान्त रहन सकेनौ भने काठवाट खस्नेछौ" भने।

तथानुष्ठिते, गच्छता कम्बुग्रीवेणाधोभागे व्यवस्थितं किञ्चित्पुरमालोकितम्। तत्र ये पौरास्ते तथा नीयमानं विलोक्य, सविस्मयमिदमुचुः— "अहो, चक्राकारं किमपि पक्षिभ्यां नीयते, पश्यत ! पश्यत !

आवश्यक प्रबन्ध गरिसकेपछि जब हाँसहरूले त्यस कछुवालाई लिएर आकाशमा उडिरहेका थिए, उसै बेला कम्बुग्रीवले आफूभन्दा मुन्तिर रहेको कुनै सहरलाई देख्यो। नागरिकहरूले उसलाई त्यसरी लाँदै गरेको देखेर आपसमा आश्चर्यचकित हुँदै हल्ला गरेर— "लौ हेर, हेर ! अकासमा चक्रजस्तो बाटुलो आकारमा रहेको कुनै कुरालाई लिएर ती दुईवटा चराहरू उड्दै छन्" भनिरहेका थिए।

अथ तेषां कोलाहलमाकर्ण्य कम्बुग्रीव आह— "भोः ! किमेष कोलाहल" ? इति वक्तुमना अर्धोक्त एव पतितः, पौरैः खण्डशः कृतश्च।

नागरिकहरूको खैलाबैला सुनेर कम्बुग्रीवले— "मित्रहरू ! यो कस्तो हल्लाखल्ला भइरहेको छ ?" भन्नका लागि उसले मुख खोलेर आधा पनि भन्न भ्याएको थिएन, कि ऊ त आकाशबाट खस्यो र नागरिकहरूले उसलाई काटेर चोक्टै चोक्टा पारे।

अतोऽहं ब्रवीमि— "सुहृदां हितकामानाम् इति। तथा च—

उक्त कथालाई समाप्त गरिसकेपछि पोथी हुट्टिट्याउँले— "त्यसैले म भन्दछु कि जुन व्यक्तिले आफ्ना हितैषीहरूको र मित्रहरूको कुरो मान्दैन, उसले त्यही कछुवाले काठबाट खसेझैँ गरी दुःख पाएर मर्नुपर्नेछ। अरू पनि—

अनागतविधाता च प्रत्युत्पन्नमतिस्तथा।
द्वावेतौ सुखमेधेते यद्भविष्यो विनश्यति" ॥ ३४७ ॥

जुन व्यक्ति आफ्नो भविष्यका विषयमा सधैँ सावधान भएर सोचिरहन्छ त्यो अनागतविधाता हो र जो समय आउँदा आफ्नो प्रतिभाद्वारा आफूलाई बचाउने उपाय सोच्दछ त्यो प्रत्युत्पन्नमति हो। त्यस्ता दुवै किसिमका व्यक्तिहरू सुखपूर्वक आनन्दमा उन्नति गरिरहन्छन् र जसले भाग्यमा जे लेखेको छ त्यही नै हुन्छ अथवा समय आएपछि देखा जाला भन्दछ त्यो यद्भिवष्य हो। त्यस्तो व्यक्ति आपत्तिका समयमा दुःखले छट्पटाउँदै विनाश हुन्छन् वा मर्दछन्।

टिट्टिभ आह— "कथमेतत्" ? साऽब्रवीत्—

भाले हुट्टिट्याउँले— "त्यो कसरी ?" भनेर सोध्यो। पोथीले भन्यो—

मत्स्यत्रयकथा

कस्मिंश्चिज्जलाशयेऽनागतविधाता प्रत्युत्पन्नमतिर्यद्भविष्यश्चेत्याख्याः त्रयो मत्स्याः प्रतिवसन्ति स्म। अथ कदाचितं जलाशयं दृष्ट्वा गच्छद्भिर्मत्स्यजीविभिरुक्तं यत्— अहो, बहुमत्स्योऽयं ह्रदः, कदाचिदपि नास्माभिरन्वेषितः। तदद्य तावदाहारवृत्तिः सञ्जाता, सन्ध्यासमयश्च संवृत्तः। ततश्च प्रभातेऽत्रागन्तव्यमिति निश्चयः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीनवटा माछा

कुनै एउटा जलाशयमा अनागतविधाता, प्रत्युत्पन्नमति र यद्भविष्य नामका तीनवटा माछाहरू रहने गर्दथे। कुनै दिन त्यस जलाशयका किनाराको बाटो गरी हिँड्न लागेका माझीहरूले तालउलाई देखेर आपसमा– "यो तलाउ त माछैमाछाले भरिएको छ। हामीले त आजसम्म यसलाई देखेकै रहेनछौँ। आजका लागि खाने कुरो पनि पुगिसकेको छ र अबेला पनि भएको छ। त्यसैले भोलिचाहिँ बिहानै यहाँ आउनुपर्छ, यही निधो गरौँ" भन्दै त्यहाँबाट गए।

अतस्तेषां तत्कुलिशपातोपमं वचः समाकर्ण्यानागतविधाता सर्वान्मत्स्यानाहूयेदमूचे– अहो, श्रुतं भवद्भिर्मत्स्यजीविभिरभिहितं, तद्रात्रावेव गम्यतां किञ्चिन्निकटं सरः। उक्तञ्च–

ती माझीहरूको बज्रजस्तो कठोर त्यस निर्णयलाई सुनेर अनागतविधाताले सबै माछाहरूलाई बोलाएर एकत्र गरिसकेपछि– "सज्जनहरू हो ! माझीहरूले गरेको कुरोकानी त तिमीहरूले सुन्यौ नै होला अतः आजको रातभरिमा नै हामीले यस तलाउबाट निस्केर कुनै नजिकैको अर्के तलाउमा पुग्नुपर्नेछ। भनिएको पनि त छ नि–

अशक्तैर्बलिनः शत्रोः कर्तव्यं प्रपलायनम्।
श्रयितव्योऽथवा दुर्गो नान्या तेषां गतिर्भवेत्॥ ३४८॥

जब बलियो शत्रुले आक्रमण गर्न लागेको छ भने निर्बल व्यक्तिहरूले भागेर कि त आफ्नो ज्यान बचाउनुपर्नेछ अथवा किल्लाको आश्रयमा लुक्नुपर्नेछ। यिनी दुई मुख्य उपायहरू हुन्। कम बलशालीका लागि यी दुईभन्दा बाहेक विकल्पको अर्को तेस्रो उपाय कुनै हुन सक्दैन।

तन्नूनं प्रभातसमये मत्स्यजीविनोऽत्र समागत्य मत्स्यसंक्षयं करिष्यन्ति, एतन्मम मनसि वर्तते। तन्न युक्तं साम्प्रतं क्षणमप्यत्रावस्थातुम्। उक्तञ्च–

योचाहिँ निश्चित छ कि भोलि बिहानै माझीहरू यहाँ आएर माछाहरूको सत्यनाश गरेरै छोड्नेछन्। मेरा मनमा यस्तै बलियो अड्कल बनिसकेको छ। त्यसैले अब एक क्षण पनि यहाँ बस्नु उचित हुनेछैन। भनिएको पनि त छ कि–

विद्यमाना गतिर्येषामन्यत्रापि सुखावहा।
ते न पश्यन्ति विद्वांसो देशभङ्गं कुलक्षयम्" ॥ ३४९॥

जुन व्यक्तिका लागि अन्यत्र सुख सुविस्ताको ठाउँ फेला पर्न सक्दछ, उनीहरूले ढुक्कसँग बसेर आफ्ना नातागोता कुलकुटुम्बको विनाश भएको हेर्न सक्दैनन्" भन्यो।

तदाकर्ण्य प्रत्युत्पन्नमतिः प्राह– "अहो सत्यमभिहितं भवता। ममाप्यभीष्टमेतत्। तदन्यत्र गम्यताम् इति। उक्तञ्च–

अनागतविधाताको त्यस्तो किसिमको कुरो सुनिसकेपछि प्रत्युत्पन्नमति नामका अर्का माछाले– "मित्र ! तिम्रो भनाइ यथार्थ छ। मेरो पनि विचार यही हो। यहाँबाट अन्त कतै जानु नै उचित हुन्छ। अतः छिट्टै नै यहाँबाट निस्केर हिँड्नुपर्छ। भनिएको पनि त छ नि–

परदेशभयाद्भीता बहुमाया नपुंसकाः।
स्वदेशे निधनं यान्ति काकाः कापुरुषाः मृगाः॥ ३५०॥

विदेश गमन गर्न डराउनेहरू, मायामोहमा परेका नपुंसकहरू र काँतरहरू नै काग, अल्छी र हरिणको जस्तै गरी आफ्नै घरभित्र मारिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्यास्ति सर्वत्र गतिः स कस्मात्, स्वदेशरागेण हि याति नाशम्।
तातस्य कूपोऽयमिति ब्रुवाणाः, क्षारं जलं कापुरुषाः पिबन्ति" ॥ ३५१ ॥

जुन व्यक्तिका लागि अन्यत्र पनि ठाउँ पाउन सम्भव छ, उनीहरू आफ्नो एउटै ठाउँमाथिको मायामोहमा परेर व्यर्थैमा आफ्नो विनाश गर्न किन चाहन्छन् र। "यो इनार मेरा पुर्खाले बनाएको हो" भन्ने काँतरहरू त त्यसै इनारको क्षार भरिएको नुनिलो पानी नै खाएर सधैँ उसै ठाउँमा बस्दछन्।

अथ तत्समाकर्ण्य प्रोच्चैर्विहस्य यद्भविष्यः प्रोवाच– "अहो ! न भवद्भ्यां मन्त्रितं सम्यगेतदिति। यतः किं वाङ्मात्रेणापि तेषां पितृपैतामहिकमेतत्सरस्त्यक्तं युज्यते ?

प्रत्युत्पन्नमतिको कुरालाई सुनिसकेपछि यद्भविष्यले गलल्ल गरेर अट्टहासका साथ खिसी गर्दै निकै ठूलो स्वरमा– "साथीहरू हो ! तिमीहरूले यो कुनै उचित निर्णय गरेका होइनौ। ती माझीहरूका कुरो सुन्नेबित्तिकै डरले आत्तिँदै बाबुबराजुको थलाको रूपमा रहेको यस तलाउलाई छोडेर हिँड्नु कतै उचित हुन्छ र ?

यद्यायुःक्षयोऽस्ति, तदन्यत्र गतानामपि मृत्युर्भविष्यत्येव। उक्तञ्च–

यदि मिति पुगिसको कारणले सबैको विनाश नै हुनुपर्ने भएको छ भने अर्का ठाउँमा पुगेकै भए पनि मृत्यु वा विनाश त भएरै छोड्छ। किनभने मृत्युलाई त झुक्याउन सकिँदैन। भनिएको पनि त छ नि–

अरक्षितं तिष्ठति दैवरक्षितं, सुरक्षितं दैवहतं विनश्यति।
जीवत्यनाथोऽपि वने विसर्जितः, कृतप्रयत्नोऽपि गृहे विनश्यति ॥ ३५२ ॥

भाग्यले जसको रक्षा गर्दछ त्यो वस्तुलाई कसैले रक्षा नगरे पनि सुरक्षित नै रहन्छ र भाग्यले जसको विनाश गर्न चाहेको हुन्छ त्यो वस्तु जतिसुकै सुरक्षित ठाउँमा भए पनि विनाश भएरै छाड्छ। जङ्गलमा अनाथ छोडिएको व्यक्ति पनि भाग्यका कारणले सुरक्षित भयो भने जीवित रहन्छ र भाग्य नै उल्टो दिशातिर लागेको छ भने बाँच्नका लागि अनेकौँ उपाय गरिसक्दा पनि जोसुकै व्यक्ति अवश्य मर्छ।

तदहं न यास्यामि। भवद्भ्यां च यत्प्रतिभाति तत्कर्तव्यम्।"

त्यसैले म त कतै पनि जान्नँ। तिमीहरूलाई जसो गर्नु उचित लाग्दछ उसै गर" भन्यो।

अथ तस्य तं निश्चयं ज्ञात्वाऽनागतविधाता प्रत्युत्पन्नमतिश्च निष्क्रान्तौ सहं परिजनेन।

यद्भविष्यको यस किसिमको निर्णय बुझिसकेपछि अनागतविधाता र प्रत्युत्पन्नमतिले आआफ्ना परिवार र अनुयायीहरूलाई साथमा लिएर त्यस तलाउबाट निस्केर कुनै अर्को सुरक्षित तलाउतर्फ हिँडे।

अथ प्रभाते तैर्मत्स्यजीविभिर्जालैस्तज्जलाशयमालोढ्य यद्भविष्येण सह तत्सरो निर्मत्स्यतां नीतम्।

भोलिपल्ट बिहान तिनै माझीहरू आए अनि जाल हालेर, छानेर र मथेर यद्भविष्यका साथै अरू पनि सबै माछाहरूलाई मारेर त्यस तलाउलाई माछा नभएको रित्तो पारिदिए।

अतोऽहं ब्रवीमि– "अनागतविधाता च" इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उक्त कथालाई सुनाइसकेपछि पोथी हुट्टिट्याउँले– "त्यसैले म अनागतविधाता तथा प्रत्युत्पन्नमति जस्ता प्राणीले आनन्दपूर्वक बाँच्न पाउँछन् तर यद्भविष्यजस्ता मूर्खले अकालमै मर्नुपर्दछ भन्ने जान्दछु" भन्यो।

तच्छ्रुत्वा टिट्टिभ आह– "भद्रे ! किं मां यद्भविष्यसदृशं संभावयसि ? तत्पश्य मे बुद्धिप्रभावं यावदेनं दुष्टसमुद्रं स्वचञ्च्वा शोषयामि।

पोथीका कुरा सुनिसकेपछि भाले हुट्टिट्याउँले– "भद्रे ! के तिमी मलाई पनि यद्भविष्यको जस्तै कमजोर र लाछी ठान्दै छ्यौ त ? अब साँच्चै चाहन्छ्यौ भने मेरा बुद्धिको बल हेर न त। म आफ्ना चुच्चाले नै यस दुष्ट समुद्रलाई सुकाएरै छोड्छु" भन्यो।

टिट्टिभ्याह– "अहो, कस्ते समुद्रेण सह विग्रहः ? तन्न युक्तमस्योपरि कोपं कर्तुम्। उक्तञ्च–

पोथी हुट्टिट्याउँले– "तर, समुद्रसँग तिम्रो समानता नै के छ र तिमी उसँग युद्ध गर्न तम्सिइरहेका छौ त ? तिमीले उससँग रिस गर्नु उचित हुँदैन। भनिएको पनि त छ नि–

पुंसामसमर्थानामुपद्रवायात्मनो भवेत्कोपः।
पिठरं ज्वलदतिमात्रं निजपार्श्वानेव दहतितराम्॥ ३५३॥ तथा च–

शक्तिहीन व्यक्तिका रिसले उसैलाई कष्ट दिने गर्दछ। किनभने आगोसँग रिसाएर रातो हुने भाँडाले आफ्नै पिंध डढाएर कालो पार्छ त्यसभन्दा बढी उसले केही गर्न सक्दैन। अरू पनि–

अविदित्वात्मनः शक्तिं परस्य च समुत्सुकः।
गच्छन्नभिमुखो नाशं याति वह्नौ पतङ्गवत्॥ ३५४॥

आफ्नो र शत्रुको शक्तिलाई नजानीकनै जो युद्ध गर्नका लागि हाँसिँदै र जोसिँदै जान्छ त्यसले त आगोतिर हुत्तिँदै अघि सरेर मर्न आएको पुतलीजस्तै आफैँलाई विनाश गर्छ" भन्यो।

टिट्टिभ आह– "प्रिये ! मा मैवं वद। येषामुत्साहशक्तिर्भवति ते स्वल्पा अपि गुरून्विक्रमन्ते। उक्तश्च–

पोथी हुट्टिट्याउँले भनेको यस्तो कुरो सुनेपछि भालेले– "प्रिया ! यस्तो कुरो नगर। जोसँग उत्साहरूपी शक्ति विद्यमान रहन्छ तिनीहरू शक्तिहीन भईकन पनि आफ्ना बलिया शत्रुहरूसँग प्रतिस्पर्धा गर्न सफल हुन्छन्। भनिएको पनि छ कि–

विशेषात्परिपूर्णस्य याति शत्रोरमर्षणः।
आभिमुख्यं शशाङ्कस्य यथाद्यापि विधुन्तुदः॥ ३५५॥ तथा च–

वीर पुरुष आफ्ना शत्रुको वैभव देख्न नचाहने भएका कारणले नै तिनीहरूमाथि आक्रमण गर्दछन्। किनभने राहुले पूर्णिमाको विकसित चन्द्रमालाई देखेर त्यसको वैभव खप्न नसकेका कारणले नै आज पनि बेला–बखत त्यसमाथि आक्रमण गरिरहेको छ। अझै अरू–

प्रमाणादधिकस्यापि गण्डश्याममदच्युतेः।
पदं मूर्ध्नि समाधत्ते केसरी मत्तदन्तिनः॥ ३५६॥ तथा च–

सिंह सानो शरीरको भए पनि आकारमा आफूभन्दा निकै ठूलो र काला मदले पुर्पुरो नै कालो भइसकेका मस्त हात्तीलाई पनि टाउकामाथि चढेर आफ्ना खुट्टाले थिच्न र चिथोर्न सक्दछ। अरू पनि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बालस्यापि रवेः पादाः पतन्त्युपरि भूभृताम्।
तेजसा सह जातानां वयः कुत्रोपयुज्जते॥ ३५७॥

तेजस्वी पुरुषका लागि अवस्थाको ठूलो या सानोपना कुनै आवश्यक वस्तु होइन। उनीहरू अवस्थाका कारणले होइन, आफ्ना तेजका कारणले नै कीर्ति कमाउन सफल भएका हुन्छन्। भर्खर उदाउँदै गरेको बाल सूर्यले पनि आफ्ना किरणरूपी खुट्टाले विशाल पर्वतका शिखरमाथि कुल्चिन सफल हुन्छन्।

हस्ती स्थूलतरः स चाङ्कुशवशः किं हस्तिमात्रोऽङ्कुशो,
दीपे प्रज्ज्वलिते प्रणश्यति तमः किं दीपमात्रं तमः।
वज्रेणापि हताः पतन्ति गिरयः किं वज्रमात्रो गिरि-
स्तेजो यस्य विराजते स बलवान् स्थूलेषु कः प्रत्ययः॥ ३५८॥

यदि हेर्ने नै हो भने हात्तीको शरीर कति विशाल हुन्छ। तर त्यसलाई एउटा सानो अङ्कुशले पनि आफ्ना वशमा राखेको हुन्छ। के त्यो अङ्कुश हात्तीका जिउको बराबर हुन्छ र ? दियो बल्नेबित्तिकै सारा अँध्यारो आफैँ नष्ट भएर जान्छ। के त्यस दियोको शरीर अन्धकारको जत्रै हुन्छ त ? बज्रको चोट पर्नेबित्तिकै कत्रा ठूल्ठूला पहाडहरू जमिनमा आएर मिल्न पुग्दछन्। के त्यो बज्र पर्वतजति नै ठूलो हुन्छ र ? अतएव शरीर ठूलो हुनेबित्तिकै त्यो नै शक्तिलाई चिनाउने आधार होइन भन्ने कुरो स्वतः सिद्ध भइसकेको छ। जोसँग तेज छ त्यही शक्तिमान हुन्छ, चाहे त्यसको शरीर ठूलो होस् वा सानो होस्। शारीरिक विशालताको कुनै विशेष महत्त्व हुँदैन।

तदनया चञ्च्वाऽस्य सकलं तोयं शुष्कस्थलतां नयामि !"

अतः म आफ्ना यसै चुच्चाले यसको सबै पानीलाई पिएर यसलाई सुखा बगरजस्तै जमिन बनाइदिन्छु।

टिट्टिभ्याह– "भोः कान्त! यत्र जाह्नवी नवनदीशतानि गृहीत्वा नित्यमेव प्रविशति, तथा सिन्धुश्च। तत्कथं त्वमष्टादशनदीशतैः पूर्यमाणं तं विप्रुप्रवाहिन्या चञ्च्वा शोषयिष्यति; तत्किमश्रद्धेयेनोक्तेन ?" टिट्टिभ आह– "प्रिये !

भाले हुट्टिट्याउँको कुरो सुनेर पोथीले– "हे प्यारे ! नौसयवटा नदीहरू साथमा लिएर जसभित्र गङ्गा दिनहुँ मिसिन आइरहेको छ र सिन्धु नदी पनि आफ्ना नौसयवटा सहायक नदीहरूलाई लिएर मिसिन आउँछ ती अठारवटा नदीहरूले निरन्तर पानी थपिरहेको यस समुद्रलाई तिमी आफ्नो एक थोपोमात्रै चुस्न सक्ने सियोको टुप्पोजत्रो चुच्चाले कसरी सुकाउन सकौला ? अतः विश्वासहीन र निरर्थक कुरो गरेर केही लाभ छैन" भन्यो। त्यसको कुरो सुनेर भाले हुट्टिट्याउँले– "प्रिया !

अनिर्वेदः श्रियो मूलं चञ्चूर्मे लोहसन्निभा।
अहोरात्राणि दीर्घाणि समुद्रः किं न शुष्यति॥ ३५९॥

ढुक्क परेर नबस्नाले नै विजयरूपी लक्ष्मी हासिल हुन सक्छ। मेरो चुच्चो फलामको जत्तिकै बलियो छ। यी दिन र रातहरू ज्यादै ठूला हुन्छन् अर्थात् मलाई काममा सफलता पाउन यिनै दिन र रातको समय पर्याप्त छ। के त्यसरी लागिपर्दा यो समुद्र नसुक्ला र ?

दुरधिगमः परभागो याव,त्पुरुषेण पौरुषं न कृतम्।
जयति तुलामधिरूढो भास्वानिह जलदपटलानि॥ ३६०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जहिलेसम्म जोसजाँगरका साथ आफ्नो प्राणलाई बाजी लगाएर जसले कुनै पुरुषार्थ गर्दैन त्यस बेलासम्म उसलाई उन्नति हासिल हुँदैन। हिम्मतपूर्वक पुरुषार्थ गर्नाले मात्रै त्यो प्राप्त हुन्छ। सूर्य जहिलेसम्म तुलाराशिमा जाँदैन, त्यस बेलासम्म उसलाई बादलले छोपिरहेको हुन्छ। तुलाराशिमा प्रवेश गर्नासाथ उसले बादलको हुललाई जितिसकेको हुन्छ। यसै गरी आफ्ना प्राणलाई कामसँग तुलना गर्ने मानिसले मात्रै कीर्तिमान कायम गर्न सक्छ" भन्यो।

टिट्टिभ्याह— "यदि त्वयाऽवश्यं समुद्रेण सह विग्रहानुष्ठानं कार्य, तदन्यानपि विहङ्ग-मानाहूय सुहृज्जनसहित एवं समाचर। उक्तञ्च—

भालेको कुरो सुनेर पोथी हुट्टिट्याउँले— "यदि तिमीले समुद्रसँग जोरी खोज्ने नै निधो गरेका हौ भने अरू पक्षीहरूलाई पनि बोलाऊ र आफ्ना इष्टमित्रहरूलाई पनि साथमा लिएर त्यससँग युद्ध गर। भनिएको पनि छ कि—

बहूनामप्यसाराणां समवायो हि दुर्जयः।
तृणैरावेष्ट्यते रज्जुर्येन नागोऽपि बद्ध्यते॥ ३६१॥ तथा च—

कमजोर मानिसहरूकै पनि जमघट बनाइएको छ भने त्यसमा निकै ठूलो बल जम्मा भएको हुन्छ। किनभने साधारण घाँसका त्यान्द्राहरूलाई बाटेर बनाएको डोरी निकै बलियो हुन्छ र त्यसले हात्तीलाई पनि बाँधेर राख्न सक्छ। त्यसै गरी—

चटका काष्ठकुट्टेन मक्षिका दर्दुरैस्तथा।
महाजनविरोधेन कुञ्जरः प्रलयं गतः" ॥ ३६२॥

चटका काष्ठकुट्टसँग मिलेको थियो र झिँगो भ्यागुतासँग मिलेको थियो। अनि ती सामान्य जनहरूको आपसी मेलमिलापबाट नै हात्तीलाई समेत मारिएको थियो।

टिट्टिभ आह— "कथमेतत् ?" सा प्राह—

हुट्टिट्याउँले— "कसरी ?" भनेर सोध्यो। अनि पोथीले भन्यो—

चटककुञ्जरकथा

कस्मिंश्चिद्वनोद्देशे चटकदम्पती तमालतरुकृतनिलयौ प्रतिवसतः स्म। अथ तयोर्गच्छता कालेन सन्ततिरभवत्। अन्यस्मिन्नहनि प्रमत्तो वनगजः कश्चित्तं तमालवृक्षं घर्मार्तश्छायार्थी समाश्रितः। ततो मदोत्कर्षात्तां तस्य शाखां चटकाश्रितां पुष्कराग्रणाकृष्य बभञ्ज। तस्या भङ्गेन चटकाण्डानि सर्वाणि विशीर्णानि। आयुःशेषतया च चटकौ कथमपि प्राणैर्न वियुक्तौ।

भँगेरो र हात्ती

कुनै एउटा वनका एक कुनामा सतिसालका रुखमाथि गुँड बनाएर एक जोडी भँगेराले रहने गरेका थिए। अलिक दिनपछि एक दिन तिनीहरूका फुल पारे तर त्यसको भोलिपल्टै एउटा मदले उन्मत्त भएको जङ्गली हात्ती चर्का घामका पिरले व्याकुल हुँदै छायाको खोजीमा आएर त्यसै सतिसालका रुखमुनि उभियो। आफ्नो उन्मत्तताका कारण त्यसले भँगेराको जोडीले गुँड बनाएका हाँगालाई नै आफ्ना सुँडले लछार्दै भाँचिदियो। त्यो हाँगो भाँचिएपछि उनीहरूका सबै फुलहरू चारैतिर छरिए। आयु नसकिएकाले गर्दा भँगेराको जोडी भने कुनै सुरत जीवित रह्यो।

अथ चटका स्वाण्डभङ्गाभिभूता प्रलापान्कुर्वाणा न किञ्चित्सुखमाससाद। अत्रान्तरे तस्यास्तान् प्रलापाञ्छ्रुत्वा काष्ठकुट्टो नाम पक्षी तस्याः परमसुहृत्तद्दुःखदुःखि-तोऽभ्येत्य तामुवाच— "भगवति ! किं वृथा प्रलापेन ? उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फुलहरू नष्ट भएपछि पिर लागेका कारणले पोथी भँगेरो ज्यादै झोक्राएर विलाप गर्न लाग्यो। शोकमा डुबेका कारणले उसका मनलाई शान्ति हुँदैनथ्यो। यसै बिचमा उसको विलाप सुनेर उसको एउटा ज्यादै हितैषि लाहाँचे आइपुग्यो र पोथी भँगेराका दुःखले दुःखी हुँदै– "भगवती ! अब व्यर्थै विलाप गर्नाले के लाभ हुन्छ र ? भनिएको पनि छ कि–

नष्टं मृतमतिक्रान्तं नानुशोचन्ति पण्डिताः।
पण्डितानां च मूर्खाणां विशेषोऽयं यतः स्मृतः ॥ ३६३ ॥ तथा च–

नष्ट भएको, मरेको र बितेका कुराको चिन्ताले बुद्धिमान् व्यक्तिले दुःखी हुनुहुँदैन। उनीहरू तिनका विषयमा सोच्दा पनि सोच्दैनन्। पण्डित र मूर्खहरूका बिचमा यसै कुराको अन्तर हुन्छ भनिएको छ। बुद्धिमान् व्यक्ति कुनै वस्तु नष्ट भयो भने पछुतो गर्दैनन् तर मूर्ख व्यक्ति भने त्यसका चिन्ताले रातदिन रुने गर्दछ। फेरि पनि–

अशोच्यानहि भूतानि यो मूढस्तानि शोचति।
स दुःखे लभते दुःखं द्वावनर्थौ निषेवते ॥ ३६४ ॥ अन्यच्च–

यस संसारमा जति मूर्खहरू छन्, ती सबैले नसोच्नुपर्ने कुरामाथि चिन्ता गर्दछन्। त्यस्ता व्यक्तिले दुःखमाथि अर्को एउटा दुःख थप्नुका अतिरिक्त केही गर्न सक्दैनन् र एकैपटक दुईवटा दुःखलाई खपेका हुन्छन्। अरू पनि–

श्लेष्माश्रुबान्धवैर्मुक्तं प्रेतो भुङ्क्ते यतोऽवशः।
तस्मान्न रोदितव्यं हि क्रियाः कार्याश्च शक्तितः ॥ ३६५ ॥

प्रेतहरूले आफ्ना बन्धुबान्धवहरूद्वारा त्यागेका कफ र आँसुले भरिएको पानी विवश भएर पिउँछन्। त्यसैले रुनुहुँदैन। मृतात्माको मुक्तिका लागि आफ्नो सामर्थ्यअनुसार उसको और्ध्वदेहिक क्रिया नै गर्नुपर्दछ।

चटका प्राह– "अस्त्येतत्। परं दुष्टगजेन मदान्मम सन्तानक्षयः कृतः। तद्यदि मम त्वं सुहृत्सत्यस्तदस्य गजापसदस्य कोऽपि वधोपायश्चिन्त्यतां, यस्यानुष्ठानेन मे सन्ततिविनाश-दुःखमपसरति। उक्तञ्च–

उक्त कुरो सुनिसकेपछि भँगेराको पोथीले– "तिम्रो भनाइ त ठिक छ। तर त्यस दुष्ट हात्तीले मात्तिएर मेरा सन्तानलाई नाश गरिदिएको छ। मलाई यस कुराको बढी पिर लागेको छ। अतः तिमी मेरा असल साथी हौ भने त्यस नीच हात्तीलाई मार्नका लागि कुनै उपाय सोचेर बताइदेऊ, त्यसलाई सम्पन्न गरेर सन्तान नष्ट भएकाले लागेको मेरो पिर पनि शान्त हुन्छ। भनिएको छ कि–

आपदि येनापकृतं येन च हसितं दशासु विषमासु।
अपकृत्य तयोरुभयोः पुनरपि जातं नरं मन्ये" ॥ ३६६ ॥

आपद् परेका बेला कसैले दुःख दिएको छ र अप्ठ्यारो परिस्थितिमा परेको देखेर कसैले खिसी गरेको छ भने त्यस्ता व्यक्तिको हानीनोक्सानी पुऱ्याउन सक्ने व्यक्तिलाई नै म जिउँदो व्यक्ति ठान्दछु" भन्यो।

काष्ठकुट्ट आह– " भगवति ! सत्यमभिहितं भवत्या। उक्तञ्च–

पोथी भँगेराको कुरो सुनेर लाहाँचेले– "देवी ! तिम्रो यस किसिमको भनाइ एकदम ठिक छ। भनिएको पनि छ कि–

स सुहृद् व्यसने यः स्यादन्यजात्युद्भवोऽपि सन्।
वृद्धौ सर्वोऽपि मित्रं स्यात्सर्वेषामेव देहिनाम् ॥ ३६७ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collectioh

चाहे त्यो आफ्ना जातिको होस् अथवा अर्कै जातिको होस् तर आपद्का समयमा जो आफन्त बनेर मद्दत गरिरहेको हुन्छ उही नै वास्तविक मित्र हो। दिन सुध्रिएका बेलामा त जोसुकै नै सबै मानिसका लागि मित्र हुन्छन्।

स सुहृद् व्यसने यः स्यात्स पुत्रो यस्तु भक्तिमान्।
स भृत्यो यो विधेयज्ञः सा भार्या यत्र निर्वृतिः ॥ ३६८ ॥

असल मित्र भनेर उसैलाई भन्न सकिन्छ, जो आपद्का समयमा पनि सहयोग गर्नका लागि तयार भएर रहेको हुन्छ। अनि असल पुत्र त्यही हुन्छ जो पितामाताप्रति भक्तिको भावना राख्दछ। असल सेवक उही हो जो आज्ञाकारी एवं कर्तव्यपरायण हुन्छ र असल स्त्री उसैलाई मान्नुपर्दछ, जसको व्यवहारले आफूलाई सुखको अनुभव हुन्छ।

तत्पश्य मे बुद्धिप्रभावं, परं ममापि सुहृद्भूता वीणारवा नाम मक्षिकास्ति। तत्त माहूयागच्छामि, येन स दुरात्मा दुष्टगजो वध्यते।"

अब म के गर्नेवाला छु, त्यसका लागि तिमी मेरा बुद्धिको करामत हेर। मेरो पनि वीणारव नामको एउटा झिँगो साथी छ। त्यसलाई बोलाएर आउँछु। ऊ आएपछि हामीहरू त्यस दुष्टलाई मार्नका लागि केही उपायहरू सोच्नेछौँ।

अथासौ चटकया सह मक्षिकामापाद्य प्रोवाच– "भद्रे ! ममेष्टेयं चटका केनचिद् दुष्टगजेन पराभूताऽण्डस्फोटेन। तत्तस्य वधोपायमनुतिष्ठतो मे साहाय्यं कर्तुमर्हसि।"

झिँगालाई पोथी भँगेरासँग भेट गराउँदै उसले झिँगासँग– "भद्रे ! यी पोथी भँगेरासँग मेरो मित्रता छ। कुनै एउटा दुष्ट हात्तीले यिनका फुल फुटाइदिएर यिनलाई ज्यादै शोकाकुल गराएर दुःख दिएछ। त्यसैले त्यस दुष्ट हात्तीलाई मार्नका लागि तिमीले मेरो सहायता गर्नुपर्नेछ" भन्यो।

मक्षिकाप्याह– "भद्र ! किमुच्यतेऽत्र विषये। उक्तञ्च–

झिँगाले पनि– "यस्तो आपद्का विषयमा पनि केही भन्न अप्ठ्यारो मान्नुपर्छ र ? भनिएको पनि त छ कि–

पुनः प्रत्युपकाराय मित्राणां क्रियते प्रियम्।
यत्पुनर्मित्रमित्रस्य कार्यं मित्रैर्न किं कृतम् ? ॥ ३६९ ॥

मित्रको हित त गुन लगाउनका लागि नै गर्नुपर्ने हुन्छ, नाफाको रूपमा प्रत्युपकार लिनका लागि होइन। यदि एक मित्रले कुनै अर्का मित्रको उपकार गर्दैन भने त्यस्ता मित्रलाई मित्र भन्नु वा तिनको उपकार गर्नु व्यर्थ छ।

सत्यमेतत्। परं ममापि भेको मेघनादो नाम मित्रं तिष्ठति। तमप्याहूय यथोचितं कुर्मः। उक्तञ्च–

यसो त ठिकै पनि हो। तर मेरो मेघनाद नाम गरेको एउटा भ्यागुतो साथी छ। उसलाई पनि बोलाएर ल्याउँछु। फेरि कसो गर्दा उचित हुन्छ उसै गरौँला। भनिएको पनि त छ कि–

हितैः साधुसमाचारैः शास्त्रज्ञैर्मतिशालिभिः।
कथञ्चिन्न विकल्पन्ते विद्वद्भिश्चिन्तिता नयाः" ॥ ३७० ॥

आफ्ना हितचिन्तक, शिष्टजन, शास्त्रज्ञहरू, बुद्धिमान र नीतिनिपुण व्यक्तिहरूद्वारा सोचिएको उपाय कहिल्यै पनि विफल हुनेछैन। त्यस्तामा कुनै अर्को विकल्पको आवश्यकता पनि पर्दैन" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ ते त्रयोऽपि गत्वा मेघनादस्याग्रे समस्तमपि वृत्तान्तं निवेद्य तस्थुः। अथ स प्रोवाच, "कियन्मात्रोऽसौ वराको गजो महाजनस्य कुपितस्याग्रे ? तन्मदीयो मन्त्रः कर्तव्यः। मक्षिके ! त्वं गत्वा मध्यान्हसमये तस्य मदोद्धतस्य गजस्य कर्णे वीणारवसदृशं शब्दं कुरु येन श्रवणसुख-लालसो निमीलितनयनो भवति।

भँगेरो, लाहाँचे र भिँगो यी तीनैवटाले त्यस भ्यागुताबाट यी सबै कुरा सुनिसकेपछि उसका अगाडि दह्रो भएर उभिए। भ्यागुताले– "रिसाएको जनसमूहका अगाडि त्यो बिचरो हात्ती के वस्तु हो र, भिँगा ! तिमीहरूले मेरो भनाइबमोजिम काम गर्नुपर्छ। दिउँसोका समयमा गएर तिमीले त्यस मदमस्त हात्तीका कानमा वीणाको जस्तै मधुर आवाज निकालेर निरन्तर शब्द गरिरहनू। मिठो सङ्गीतजस्तो त्यस आवाजलाई सुन्नका लोभले मस्तसँग कतै नहेरी उसले आँखा चिम्लेर बस्नेछ।

ततश्च काष्ठकुट्टचञ्च्वा स्फोटितनयनोऽन्धीभूतस्तृषार्त्तो मम गर्ततटश्रितस्य सपरिकरस्य शब्दं श्रुत्वां जलाशयं मत्वा समभ्येति। ततो गर्तमासाद्य पतिष्यति, पञ्चत्वं यास्यति चेति। एवं समवायः कर्तब्यो यथा वैरसाधनं भवति।"

यसै मौकामा लाहाँचेले आफ्ना चुच्चाले हानेर त्यसका आँखा फुटाइदिन्छन्। अनि त्यो अन्धो हुन्छ। पछि तिर्खाले व्याकुल भएर पानीका खोजीमा त्यो जताततै छट्पटिएर हिँड्नेछ। अनि म कुनै एउटा गहिरो भडखाराका किनारमा आफ्ना सारा परिवारसहित गएर कराउन थाल्नेछु। मेरो आवाज सुनेपछि उसले त्यहाँ कुनै जलाशय भएको ठान्नेछ र त्यस खौलाका छेउमा जाँदा त्यसैमा परेर मर्नेछ। अतः हामीहरूले आफ्नो एउटा सङ्गठन बनाउनै पर्दछ। त्यसैबाट नै हामीले उसँग आफ्ना शत्रुताको बदला लिन सक्नेछौँ" भन्ने सल्लाह अघि सार्‍यो।

अथ तथानुष्ठिते स मत्तगजो मक्षिकागेयसुखान्निमीलितनेत्रः काष्ठकुट्टहत-चक्षुर्मध्याह्न-समये भ्राम्यन्मण्डुकशब्द नुसारी गच्छन् महतीं गर्तामासाद्य पतितो, मृतश्च। अतोऽहं ब्रवीमि– "चटका काष्ठकुट्टेन" इति।

सबै प्राणीहरूले आआफ्ना कर्तव्य र जिम्मेदारीलाई निश्चित रूपमा बाँडफाँड गरेर त्यसमा दृढ रहेपछि त्यस मदान्ध हात्तीका नजिकै पुगेर भिँगाले मसिनो स्वर सुनाउन थालेपछि आनन्दविभोर हुँदै जब त्यसले आफ्ना आँखा चिम्लिएको थियो उसैबेला लाहाँचेले उसका दुवै आँखा फुटाइदियो। दिउँसोका चर्का घामले त्यसलाई तिर्खाले सतायो। अनि छामछुम गर्दै जलाशयका खोजीमा निस्किएका त्यस हात्तीले भ्यागुताको शब्द सुनेर त्यसैलाई पछ्याउँदै त्यही भडखाराका नजिक पुग्यो र त्यहीँ खसेर मर्‍यो" भन्ने कथा सुनायो। कथा सकिएपछि पोथी हुट्टिट्याउँले– "त्यसैले म भन्दछु कि सङ्घ बनाएर काम गर्नु तिम्रा लागि ज्यादै राम्रो हुनेछ। सङ्घ निर्माण गर्नाले नै भँगेरो, लाहाँचे, भिँगो र भ्यागुताआदिससाना प्राणीहरूले त्यस मत्ता हात्तीलाई पनि मारेका थिए" भन्यो।

टिट्टिभ आह– "भद्रे ! एवं भवतु। सुहृद्वर्गसमुदायेन समुद्रं शोषयिष्यामि।" इति निश्चित्य बकसारसमयूरादीन्समाहूय प्रोवाच– "भो ! पराभूतोऽहं समुद्रेणाण्डकापहारेण। तच्चिन्त्यतामस्य शोषणोपायः।"

पोथीले त्यति कुरो गरेको सुनेपछि भाले हुट्टिट्याउँले– "हेर प्रिया ! तिमी जसो भन्दछ्यौ म उसै गर्नेछु। आफ्ना इष्टमित्रहरूका साथै समुद्रलाई शोषण गर्नेछु" भन्ने किसिमले निश्चय गरिसकेपछि बकुल्लो, सारस, मयूर आदि पक्षीहरूलाई बोलाएर त्यस हुट्टिट्याउँले–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"मित्रहरू ! मेरा अन्डाहरू बगाएर यस समुद्रले मलाई अपमान गरेको छ। अतः यसको शोषण गर्ने कुनै उपाय सोच्नुपर्‍यो" भन्यो।

ते संमन्त्र्य प्रोचुः— "अशक्ता वयं समुद्रशोषणे, तत्किं वृथा प्रयासेन ? उक्तञ्च—

आपसमा विचारविमर्श गरिसकेपछि उनीहरूले— "हामीहरू यस विशाल समुद्रको शोषण गर्न असक्षम छौँ, त्यसैले व्यर्थमा प्रयत्न मात्रै गर्नाले के लाभ हुन्छ र ?" भने। भनिएको पनि छ कि—

अबलः प्रोन्नतं शत्रुं यो याति मदमोहितः।
युद्धार्थं स निवर्तेत शीर्णदन्तो गजो यथा॥ ३७१॥

कमजोर हुँदाहुँदै पनि जुन व्यक्ति आफ्ना उद्दण्डताका कारण बलवान् शत्रुमाथि आक्रमण गर्दछ त्यसले बलियो हात्तीसँग लडाइँ गरेका कारण दाँत भाँचिमागेको दुब्लो हात्तीजस्तै अपमानित हुँदै फर्कनुबाहेक अरू केही पनि गर्न सक्दैन।

तदस्माकं स्वामी वैनतेयोऽस्ति, तत्तस्मै सर्वमेतत्परिभवस्थानं विनिवेद्यतां येन स्वजातिपरिभवकुपितो वैरानृण्यं गच्छति। अथवात्रावलेपं करिष्यति, तथापि नास्ति वो दुःखम्। उक्तञ्च—

हाम्रा राजा त गरुड नै हुन्। त्यसैले उनीसँग यस आपद्को कुरो निवेदन गरौँ। त्यसो गर्दा आफ्ना जातिको अपमानलाई देखेर उनी क्रोधित भएपछि उनले हाम्रो सहायता गर्नेछन् र शत्रुले हार्नुपर्ने हुन्छ। अथवा त्यस कामले गर्दा घमन्ड नै गरे पनि तिमीले दुःखी हुनुपर्दैन। भनिएको पनि छ कि—

सुहृदि निरन्तरचित्रे गुणवति भृत्येऽनुवर्तिनि कलत्रे।
स्वामिनि शक्तिसमेते निवेद्य दुःखं सुखी भवति॥ ३७२॥

निरन्तर चित्त भएका सुहृद्, गुणी सेवक, आज्ञाकारी स्त्री अथवा शक्तिसम्पन्न स्वामीसँग आफ्नो दुःख सुनाइसकेपछि व्यक्तिले सुख पाउँछ।

तद्यामो वैनतेयसकाशं यतोऽसावस्माकं स्वामी।"

अतः हामीहरू अहिले उनी विनतका पुत्र गरुडजीका शरणमा जानुपर्दछ। किनभने उनै हाम्रा स्वामी हुन्" भन्ने सल्लाह गरे।

तथाऽनुष्ठिते सर्वे ते पक्षिणो विषण्णवदना वाष्पपूरितदृशो वैनतेयसकाशमासाद्य करुणस्वरेण फूत्कर्तुमारब्धाः— अहो, अब्रह्मण्यम्, अधुना सदाचारस्य टिट्टिभस्य भवति नाथे सति समुद्रेणाऽण्डान्यपहृतानि, तत्प्रनष्टमधुना पक्षिकुलम्। अन्येऽपि स्वेच्छया समुद्रेण व्यापादयिष्यन्ति। उक्तश्च—

यस प्रकारको निर्णय गरिसकेपछि ती सबै पक्षीहरू खिन्न अनुहारमा आँखाभरि आँसु लिएर गरुडका अगाडि पुगेर करुण स्वरमा रुँदै बिलौना गर्दै— "महाराज ! सारै अनर्थ भयो। पक्षीहरूसँग साह्रै ठूलो अन्याय भइरहेको छ। हजुरजस्तो राजा छँदाछँदै पनि यस्तो सोझो र निर्दोष हुट्टिट्याउँका फुलहरू समुद्रले खोसेर लग्यो। यस बेला पक्षीहरूको कुल नै नाश भइरहेको छ। यदि यस्तै अवस्था रहने हो भनेदेखि समुद्रले स्वेच्छाचारी भएर अरू पक्षीहरूलाई पनि अवश्य अन्यायमा पारेर मार्नेछन्। भनिएको पनि छ कि—

एकस्य कर्म संवीक्ष्य करोत्यन्योऽपि गर्हितम्।
गतानुगतिको लोको न लोकः पारमार्थिकः॥ ३७३॥ तथा च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा व्यक्तिले अनर्थ गरेको देखेपछि अर्का व्यक्तिले पनि अनर्थ गर्न लाग्दछ। यस संसारमा एउटाले अर्काको अनुकरण नै गरिरहेका हुन्छन्। यो विचारशील न्याय भएन। यहाँ उचित र अनुचितको विवेक र विचार गरेर कार्य गर्ने प्रवृत्ति भएका मानिस बहुत कममात्रै पाइन्छन्। अरू पनि—

चाटुतस्करदुर्वृत्तैस्तथा साहसिकादिभिः।
पीड्यमानाः प्रजा रक्ष्याः कूटच्छद्मादिभिस्तथा॥ ३७४॥

चाकरीचापलुसी गर्ने, चोर, दुष्ट तथा डाकाहरूको कप्ट्याइँ, मायाजाल र क्रूरआदि कार्यहरूबाट प्रजाको निरन्तर रक्षा गर्नु नै राजाको कर्तव्य हो।

प्रजानां धर्मषड्भागो राज्ञो भवति रक्षितुः।
अधर्मादपि षड्भागो जायते यो न रक्षति॥ ३७५॥

राजाले यदि प्रजाको र ाका लागि निरन्तर तत्परता देखाइरहे र त्यसैंअनुसार काम गरे भने उनी धर्मका हिसाबले प्रजाले कमाएका धनका छैटौं भागको एक भाग पाउने अधिकारयोग्य हुनेछन्। यदि प्रजाको रक्षा नगरीकन उनीहरूबाट छैटौं अंश कर लिनु राजाको धर्मविरुद्ध कार्य हुन्छ। त्यसको विपरीत प्रजाको रक्षा गर्नमा तत्पर रहँदै उनले प्रजाद्वारा आर्जन गरेका धर्मको पनि छैटौं अंश प्राप्त गर्न सक्दछन्। अनि प्रजाको रक्षा गर्नबाट विमुख हुंदामा भने दस्युहरूले कमाएका पापको छैटौं भाग राजाले लिनुपर्ने हुन्छ।

प्रजापीडनसन्तापात्समुद्भूतो हुताशनः।
राज्ञः श्रियं कुलं प्राणन्नादग्ध्वा विनिवर्त्तते॥ ३७६॥

प्रजालाई पुऱ्याउनाले त्यस पीडनको सङ्घर्षबाट अग्नि उत्पन्न हुन्छ। अनि त्यस अग्निको लक्ष्य राजाको वैभव, कुल र शरीरलाई पूरै भस्म गर्ने हुन्छ। त्यसले जहिलेसम्म त्यस अग्निले राजाका यी कुराहरूलाई भस्म वनाउँदैन त्यतिन्जेलसम्म त्यो शान्त पनि हुँदैन।

राजा बन्धुरबन्धूनां राजा चक्षुरचक्षुषाम्।
राजा पिता च माता च सर्बेषां न्यायवर्तनात्॥ ३७७॥

असहाय र निर्बलहरूको बन्धु नै राजा हुन्। अन्धाका लागि आँखा पनि राजा हुन्। न्याय तथा धर्मका मार्गमा चल्ने सम्पूर्ण प्रजाका लागि उनी आमाबाबु हुन्।

फलार्थी पार्थिवो लोकान् पालयेद्यत्नमाश्रितः।
दानमानादितोयेन मालाकारोऽङ्कुरानिव॥ ३७८॥

फलको इच्छा गर्ने मालीले जसरी बिरुवाका आँकुरा र पालुवालाई जतनसाथ सिँचाइ गरिरहन्छ उसै गरी मिठो फल चाख्न चाहने राजाले प्रजारूपी वृक्षलाई पनि सहयोग, दान र सम्मानरूपी जलले सिँचाइ गरिरहनुपर्दछ।

यथा बीजाङ्कुरः सूक्ष्मः प्रयत्नेनाभिरक्षितः।
फलप्रदो भवेत्काले तद्वल्लोकः सुरक्षितः॥ ३७९॥

जसरी दैनिक रूपमा संरक्षण र पोषण गर्नाले वृक्षको सानो बिरुवा पनि कालान्तरमा फल दिने ठूलो वृक्षका रूपमा परिणत हुन्छ उसै गरी निरन्तर संरक्षण पाएका प्रजा पनि राजाका लागि समयमा राम्रो फल दिने हुन्छन्।

हिरण्यधान्यरत्नानि यानानि विविधानि च।
तथान्यदपि यत्किञ्चित्प्रजाभ्यः स्यान्नृपस्य तत्॥ ३८०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुन, धान, विविध प्रकारका वाहन र सुखका अन्य साधनहरू यी सबै प्रजाबाटै राजालाई प्राप्त हुन्छन् । प्रजासँग यस्ता जति कुराहरू छन् ती राजाकै हुन्, यदि राजाले यिनको उचित पालन गर्दैनन् भने उनी सुखका भागी पनि हुन सक्दैनन् ।

अथैवं गरुडः समाकर्ण्य तद्दुःखदुःखितः कोपाविष्टश्च व्यचिन्तयत्– "अहो, सत्यमुक्तमेतैः पक्षिभिः । तदद्य गत्वा तं समुद्रं शोषयामः ।" एवं चिन्तयतस्तस्य विष्णुदूतः समागत्याह– "भो गरुत्मन् ! भगवता नारायणेनाहं तव पार्श्वे प्रेषितः । देवकार्याय भगवानमरावत्यां यास्यतीति । तत्सत्वरमागम्यताम् ।"

ती चराहरूको यस किसिमको कुरो सुनेर गरुड पनि उनीहरूका दुःखमा दुःखी एवं क्रुद्ध भएर– "यी चराहरूले ठिकै भनेका छन् । आजै गएर म त्यसलाई सुकाइदिन्छु" भन्ने सोचे । उनी यसै विषयमा सोच्दै थिए कि त्यत्तिकैमा भगवान् विष्णुका एउटा दूतले आएर– "गरुडजी ! भगवान् नारयणले मलाई तिमीसँग पठाउनुभएको छ । देवताहरूका कामले गर्दा भगवान्लाई अहिले नै इन्द्रलोक जानुपर्ने भएको छ । त्यसैले छिटो हिंड अरे" भन्यो ।

तच्छ्रुत्वा गरुडः साभिमानं प्राह– "भो दूत ! किं मया कुभृत्येन भगवान् करिष्यति । तद् गत्वा तं वद अन्यो भृत्यो वाहनायास्मत्स्थाने क्रियताम् । मदीयो नमस्कारो वाच्यो भगवतः । उक्तञ्च–

दूतको खबर सुनेर गरुडले अभिमानसाथ– "हेर दूत ! मजस्ता कमसल सेवक राखेर भगवान्ले के गर्न सक्नुहुन्छ र ? अतः भगवान्सँग गएर तिमीले मेरा ठाउँमा कुनै अर्को सेवक राख्नुहोस् अरे भनिदेऊ न । अनि भगवान्लाई मेरो नमस्कार पनि भनिदिनु है । किनभने भनिएको पनि छ कि–

यो न वेत्ति गुणान् यस्य न तं सेवेत पण्डितः ।
न हि तस्मात्फलं किञ्चित्सुकृष्यदूषरादिव" ॥ ३८१ ॥

जुन स्वामीले सेवकको गुण जान्दैनन्, त्यस्ता स्वामीको सेवामा रहनु त्यस भृत्यका लागि उचित हुँदैन । किनभने प्रयत्नपूर्वक जोतिएको भए पनि सुखा भूमि काम नलागेजस्तै त्यस्ता स्वामीको सेवा पनि निष्फल नै हुन्छ ।

दूत आह– "भो वैनतेय ! कदाचिदपि भगवन्तं प्रति त्वया नैतदभिहितमीदृक् । तत्कथय किं ते भगवतापमानस्यानं कृतम् ?"

गरुडको कुरो सुनेर दूतले– "हे वैनतेय ! तिमीले यसअघि त यस्ता खालका कुनै शब्द पनि उच्चारण गरेर केही कुरा सुनाएका थिएनौ । भगवान्ले तिम्रो के अपमान गर्नुभएको छ र तिमी आज यस किसिमका शब्दहरू उच्चारण गरिरहेका छौ ?" भनेर विनम्रतापूर्वक सोध्यो ।

गरुड आह– "भगवताश्रयभूतेन समुद्रेणास्मट्टिट्टिभाण्डान्यपहृतानि । तद्यदि तस्य निग्रहं न करोति तदहं भगवतो न भृत्यः, इत्येष निश्चयस्त्वया वाच्यः । तद्द्रुततरं गत्वा भवता भगवतः समीपे वक्तव्यम् ।"

गरुडले– "भगवान्को आड पाएकै कारणले त हो नि समुद्रले मेरो एउटा हुट्टिट्याउँ नामका प्रजाका फुलहरू खोसेर लगेछन् । यदि भगवान्ले त्यस कुकर्मको उचित दण्ड त्यसलाई दिनुहुन्न भने भगवान्का दासतामा बस्न अब म सक्तिनँ । मेरो यो दृढ निश्चय हो । अतः तिमीले छिटै गएर भगवान्सँग मेरो यो प्रार्थना सुनाइदेऊ" भने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ दूतमुखेन प्रणयकुपितं वैनतेयं विज्ञाय भगवांश्चिन्तयामास– "अहो, स्थाने कोपो वैनतेयस्य। तत्त्वयमेव गत्वा संमानपुरःसरं तमान्नयामि। उक्तञ्च–

दूतका मुखबाट गरुडको समाचार सुनिसकेपछि भगवान् नारायणले गरुड मायाका कारण रिसाएका रहेछन् भन्ने कुरो बुझेर मनमनै– "ठिकै छ, गरुडले यस्ता कुरामा रिसाउनु मनासिब हो। अतः म स्वयं गएर उसलाई सम्मानपूर्वक लिएर आउनेछु" भन्ने सोचे। भनिएको पनि छ कि–

भक्तं शक्तं कुलीनं च न भृत्यमपमानयेत्।
पुत्रवल्लालयेन्नित्यं य इच्छेच्छ्रियमात्मनः ॥ ३८२ ॥ अन्यच्च–

स्वामीभक्त, समर्थ र कुलीन सेवकको अपमान गर्नुहुँदैन। यदि स्वामीले आफ्नो सम्पन्नता तथा भलो चाहन्छन् भने उनले आफ्ना विश्वस्त सेवकलाई आफ्नै छोराछोरीलाई जस्तै गरी लालनपालन गर्नुपर्ने हुन्छ। अरू पनि–

राजा तुष्टोऽपि भृत्यानामर्थमात्रं प्रयच्छति।
ते तु संमानितास्तस्य प्राणैरप्युपकुर्वते" ॥ ३८३ ॥

सेवकमाथि प्रसन्न भए भने राजाले केवल धनमात्रै प्रदान गर्दछन् तर सेवकहरू राजाबाट सम्मानित एवं संरक्षित भएका कारण सन्तुष्ट भए भने त्यस्ता स्वामीको भलाइका लागि उसले उनीहरूले आफ्नो ज्यान पनि दिन सक्छन्।

इत्येवं सम्प्रधार्य रुक्मपुरे वैनतेयसकाशं स्वयमगमत्। वैनतेयोऽपि गृहागतं भगवन्तमव-लोक्य त्रपाधोमुखः प्रणस्योवाच–

माथिका कुराहरूलाई सोच्दै स्वयं नै गएर गरुडलाई भेट्ने सुरमा भगवान् नारायण रुक्मपुरमा पुगे। गरुडले आफ्ना घरमा आएका भगवान् नारायणलाई देखेर ज्यादै लज्जाको अनुभव गर्दै शिर निहुराए र भगवान्लाई प्रणाम गरेर उनले–

"भगवन्! त्वदाश्चयोन्मत्तेन समुंद्रेण मम भृत्यस्याण्डान्यपहृत्य ममावमाननं विहितम्। परं भगवल्लज्जया मया विलम्बितं, नो चेदेनमहं स्थलत्वमद्यैव नयामि। अतः स्वामिभयाच्छुनोऽपि प्रहारो न दीयते। उक्तञ्च–

"भगवन्! हजुरको आश्रय पाएका कारणले नै मदोन्मत्त भएर समुद्रले मेरा सेवकका फुलहरू खोसेर मेरो अपमान गरेका छन्। मेरा कामले श्रीमान्को अपमान नहोओस् भन्ने डरले मात्रै मैले उसलाई दण्ड दिन अहिलेसम्म ढिलो गरिरहेको छु। अन्यथा अहिलेसम्ममा पानी शोषण गरेर मैले उनलाई सुखा बनाइदिइसक्ने थिएँ। स्वामीकै डर हुनाका कारणले मानिसहरू उसका कुकुरलाई पनि कुट्न सक्दैनन्। यो एउटा प्रसिद्ध भनाइ पनि छ कि–

येन स्याल्लघुतावाथ पीडा चित्ते प्रभोः क्वचित्।
प्राणत्यागेऽपि तत्कर्म न कुर्यात् कुलसेवकः ॥ ३८४ ॥

भृत्यका जुन कार्यका कारणले स्वामीको मानहानी हुने सम्भावना हुन्छ अथवा मालिकका मनमा अलिकति मात्रै भए पनि दुःख वा कष्ट लाग्ने सम्भावना हुन्छ, त्यस्तो काम प्राण नै जाने स्थिति आए पनि असल कुलका सेवकले गर्नुहुँदैन।

तच्छ्रुत्वा भगवानाह– "भो वैनतेय! सत्यमभिहितं भवता। उक्तञ्च–

त्यस किसिमको गरुडको कुरो सुनेर भगवान्ले– "हे गरुड! तिमीले ठिकै भन्यौ" भनिएको पनि त छ नि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भृत्यापराधजो दण्डः स्वामिनो जायते यतः।
तेन लज्जापि तस्यैव न भृत्यस्य तथा पुनः॥ ३८५॥

भृत्यले अपराध गरेका खण्डमा त्यसको सजाय स्वामीले भोग्नुपर्ने हुन्छ। त्यसको अपराध र दण्डका लागि लज्जित पनि स्वामीले नै हुनुपर्छ। त्यस्तो भृत्य जसले अपराध गर्दछ, त्यो आफ्नो अपराध र दण्डका लागि खासै लज्जित हुँदैन।

तदागच्छ, येनाण्डानि समुद्रादादायटिट्टिभं सम्भवायः, अमरावतीं च गच्छावः।" तथा अनुष्ठिते समुद्रो भव भगवता निर्भर्त्स्याग्नेयं शरं सन्धायाभिहितः– "भो दुरात्मन्! दीयन्तां टिट्टिभाण्डानि, नो चेत्स्थलतां त्वां नयामि।"

त्यसैले अब तिमी मसँग हिंड। अनि हुट्टिट्याउँलाई उसका फुलहरू फिर्ता दिईकन उसलाई सन्तुष्ट पारेर अमरावती तर्फ जानुपर्नेछ" भने। गरुडलाई सँगै लिएर समुद्रका नजिकै गएपछि भगवान् नारायणले समुद्रलाई हप्काउँदै आग्नेयास्त्र निकालेर ताक्दै– "हे दुष्ट! तिमी हुट्टिट्याउँका फुल फिर्ता गर्छौ कि गर्दैनौ, तुरुन्तै फिर्ता गर। होइन भने यस वाणले तिमीलाई सुकाएर पूरै जमिन बनाइदिन्छु" भने।

ततः समुद्रेण सभयेन टिट्टिभाण्डानि तानि प्रदत्तानि। टिट्टिभेनापि भार्यायै समर्पितानि।

भगवान् नारायणले थर्काएपछि समुद्रले थर्कमान हुँदै हुट्टिट्याउँका फुलहरू फिर्ता गरे। हुट्टिट्याउँले ती फुलहरू लगेर आफ्ना पोथीलाई दियो।

अतोऽहं ब्रवीमि– "शत्रोर्विक्रममज्ञात्वा.... इति। तस्मात्पुरुषेणोद्यमो न त्याज्यः।"

यो कथा समाप्त गरिसकेपछि दमनकले– "त्यसो हुनाले नै म भन्दछु कि शत्रुको पराक्रम र बललाई नजानीकन जसले शत्रुता गर्ने गर्दछ उसले समुद्रकै जस्तो एउटा साधारण शत्रुबाट पनि अपमानित हुनुपर्दछ।" अतः मानिसले आफ्नो प्रयासलाई छोड्नुहुँदैन। प्रयासलाई जारी राख्नुपर्दछ।

तदाकर्ण्य सञ्जीवकस्तमेव भूयोऽपि पप्रच्छ– "भो मित्र! कथं ज्ञेयो मयासौ दुष्टबुद्धिरिति ? इयन्तं कालं यावदुत्तरोत्तरस्नेहेन प्रसादेन चाहं दृष्टः न कदाचिद्विकृतिर्दृष्ट्या। तत्कथ्यतां, येनाहमात्मरक्षार्थं तद्वधायोद्यमं करोमि।"

दमनकको कुरो सुनेर सञ्जीवकले फेरि उससित– "मित्र! म त्यो पिङ्गलक मसँग रिसाएको छ र मलाई मार्ने खोजिरहेको छ भनेर कसरी विश्वास गरौँ। आजसम्म त ऊ मसँग दिनदिनै स्नेह नै बढाइरहेको छ र त्यस्तै स्नेहपूर्ण ढङ्गले नै व्यवहार पनि गर्दै आएको छ। कहिल्यै पनि मैले उसलाई मप्रति अप्रसन्न भएको जस्तो व्यवहार गरेको देखेको छैनँ। अतः तिमीले ऊ मसँग रिसाएको कुनै ठोस प्रमाण पाएका छौ कि त जसका आधारमा मैले आत्मरक्षाका लागि उसलाई मार्नुपर्ने केही प्रबन्ध गरौँ त ?" भनी सोध्यो।

दमनक आह– 'भद्र! किमत्र ज्ञेयम् ? एष ते प्रत्ययः, यदि रक्तनेत्रस्त्रिशिखां भृकुटिं दधानः सृक्विणीं परिलेलिहत्त्वा दृष्ट्वा भवति, तद् दुष्टबुद्धिः। अन्यथा सुप्रसादश्चेति। तदाज्ञापय मां, स्वाश्रयंप्रति गच्छामि। त्वया च यथायं मन्त्रभेदो न भवति तथा कार्यम्। यदि निशामुखं प्राप्य गन्तुं शक्नोषि, तद्देशत्यागः कार्यः यतः–

सञ्जीवकको कुरो सुनेर दमनकले उत्तर दिने शैलीमा– "भद्र! यसमा जान्नुपर्ने कुरो नै के रहेको छ र ? कुनै प्रमाणको आवश्यकता नै छैन। तिम्रा विश्वासका लागि यति नै पर्याप्त छ कि यदि तिमीलाई देख्नेबित्तिकै त्यस पिङ्गलकले आफ्ना आँखी भौँ तानेर आफ्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ओठहरूलाई जिब्राले चाट्दै तिमीतिर हेर्नेछ। त्यति देखेपछि तिमीले यो मसँग रिसाएको रहेछ भनेर बुझ्नुपर्ने हुन्छ। यदि त्यसो गरेन भने यो रिसाएको छैन, प्रसन्न छ भनेर बुझ्नुपर्छ। अब म आफ्ना निवासतिर फर्कनसकूँ, मलाई आज्ञा देऊ। अब तिमीले मेरो यो कुरो कुनै पनि अवस्थामा बाहिर कसैले सुन्न नपाओस् भन्ने कुरामा सचेत रहनुपर्छ। यदि बेलुकीपखसम्ममा तिमी सक्दछौ भनेदेखि यहाँबाट भागेर जाऊ। किनभने—

त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत्।
ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत्॥ ३८६॥

कुलको रक्षाका लागि कुलको एउटा सदस्यलाई त्यागनुपर्छ, गाउँको रक्षाका लागि कुलको परित्याग गर्नुपर्छ, जिल्लाको रक्षाका लागि एउटा गाउँको त्याग गर्नुपर्छ र आत्मरक्षाका लागि देशको नै परित्याग गर्नुपर्दछ भन्ने कुरो नीतिमा पनि बताइएको छ।

आपदर्थे धनं रक्षेद्दारान् रक्षेद्धनैरपि।
आत्मानं सततं रक्षेद्दारैरपि धनैरपि॥ ३८७॥

आपत्तिबाट जोगिनका लागि धनलाई जम्मा पारेर राख्नुपर्दछ। स्त्रीको रक्षाका लागि धनको परित्याग गर्न सक्नु उचित हुन्छ। तर आत्मरक्षाका लागि भने धन तथा स्त्री दुवैको परित्याग गर्ने आवश्यकता पर्दछ भने तिनीहरूलाई पनि त्याग गर्नका लागि मानिसले तयार रहनुपर्दछ, अन्कनाउनुहुँदैन।

बलवताभिभूतस्य विदेशगमनं, तदनुप्रवेशो वा नीतिः। तद्देशत्यागः कार्यः। अथवाऽऽत्मा सामादिभिरुपायैरभिरक्षणीयः। उक्तञ्च—

बलियो शत्रुका आक्रमणमा पर्ने भइयो भने देश नै त्याग गर्नु उचित हुन्छ। यदि देशलाई परित्याग गर्न सम्भव भएन भने मानिसले शत्रुका अगाडि आत्मसमर्पण गरेर शत्रुको पराधीनतालाई स्वीकार गर्नुपर्दछ। राजनीतिले यस्तै बताएको छ। अतः तिमीले देशत्याग गर्नु आवश्यक छ। यदि देशत्याग गर्न सक्दैनौ भने पनि साम, दान, दण्ड तथा भेद आदिद्वारा आत्मरक्षाको उपाय त गर्नु नै पर्छ। भनिएको पनि छ कि—

अपि पुत्रकलत्रैश्च प्राणान् रक्षेत पण्डितः।
विद्यमानैर्यतस्तैः स्यात्सर्वं भूयोऽपि देहिनाम्॥ ३८८॥ तथा च—

आत्मरक्षाका लागि आवश्यक भयो भने बुद्धिमान् मानिसले आफ्नै स्त्री र पुत्रलाई पनि त्याग गर्नुपर्दछ। किनभने प्राण जोगिएर रह्यो भने मानिसले पुत्र, स्त्री तथा धनऐश्वर्यआदि पुनः प्राप्त गर्न सक्दछ।

येन केनाप्युपायेन शुभेनाप्यशुभेन वा।
उद्धरेहीनमात्मानं समर्थो धर्ममाचरेत्॥ ३८९॥

उचित या अनुचित जस्तोसुकै उपायले होस् मानिसले आफ्नो सङ्कटमा परेको आत्मालाई उद्धार गर्नैपर्छ। यदि व्यक्ति समर्थ भयो भने आत्मोद्धार गरिसकेपछि मात्रै धर्मआदि कार्यहरू गर्न पाउँछ। अतः धर्म र अधर्मको विचार गर्ने गरी पहिले आत्मोद्धारको उपाय गर्नुपर्दछ।

यो माया कुरुते मूढः प्राणत्यागे धनादिषु।
तस्य प्राणाः प्रणश्यन्ति तैर्नष्टैर्नष्टमेव तत्" ॥ ३९०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणमाथि सङ्कट आउँदाको स्थितिमा जुन मूर्ख व्यक्तिले धनआदिमाथि ममता देखाउन थाल्दछ त्यसको प्राण जान्छ र प्राण नै गइसकेपछि धनआदि सबै कुरा केही काम आउँदैनन् र ती पनि आफैं विनाश हुन्छन्" भन्यो।

एवमभिधाय दमनकः करटकसकाशमगमत्। करटकोऽपि तमायान्तं दृष्ट्वा प्रोवाच— 'भद्र ! किं कृतं तत्र भवता ?"

सञ्जीवकसँग यस्ता खालका कुराहरू गरिसकेर दमनक करटक भएका ठाउँमा गयो। करटकले उसलाई आफूतिर आउँदै गरेको देखेपछि— "भद्र ! त्यहाँ गएर तिमीले के गऱ्यौ त ?" भनेर सोध्यो।

दमनक आह— "मया तावन्नीतिबीजनिर्वापणं कृतम्। परतो दैवविहितायत्तम्। उक्तञ्च यतः—

दमनकले— "त्यहाँ गएर मैले भेदनीतिको बीजारोपण गरिसकेको छु। यसभन्दा पछि जे हुन्छ त्यो भाग्यले नै गर्दछ। भविष्य त भाग्यकै हातमा छ। किनभने, भनिएको पनि छ कि—

पराङ्मुखेऽपि दैवेऽत्र कृत्यं कार्यं विपश्चिता।
आत्मदोषविनाशाय स्वचित्तस्तम्भनाय च॥ ३९१॥ तथा च—

भाग्य नै प्रतिकूल रहेको छ भने पनि बुद्धिमान् व्यक्तिले आफ्नो अकर्मण्यताबाट लाग्ने दोषलाई मेटाउनका लागि र आफूलाई सन्तोष दिनका लागि आफ्नो कर्तव्य पूरा गर्दै जानुपर्दछ। त्यसै गरी भनिएको पनि छ कि—

उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीर्दैवेन देयमिति कापुरुषा वदन्ति
दैवं निहत्य कुरु पौरुषमात्मशक्त्यायत्ने कृते यदि न सिध्यति कोऽत्र दोषः॥ ३९२॥

सिंहको जस्तै साहसी भएर परिश्रम र प्रयास गर्ने पुरुषले नै लक्ष्मीलाई अँगाल्न पाउँछ। भाग्यमा जे छ त्यही पाइन्छ भनेर काँतरहरूले मात्रै भन्दछन्। भाग्यलाई एकातिर मिल्काएर आत्मशक्तिका भरोसामा पुरुषार्थ गरी नै रहनुपर्छ। प्रयास गर्दाखेरि सफल भएन भने त्यहाँ आफ्नो केही दोष रह्यो कि भनेर पनि हेर्न सकिन्छ र आफू दोषी पनि भइँदैन" भन्यो।

करटक— आह— "तत्कथय कीदृक् त्वया नीतिवीजं निर्वापितम् ?"

दमनकको कुरो सुनिसकेपछि करटकले— "भन न त, कस्ता किसिमको नीतिका बीज तिमीले छरेर आयौ त ?" भनी सोध्यो।

सोऽब्रवीत्— "मयाऽन्योन्यं ताभ्यां मिथ्याप्रजल्पनेन भेदस्तथा विहितो, यथा भूयोऽपि तौ मन्त्रयन्तावेकस्थानस्थितौ न द्रक्ष्यसि।"

उसले— "मैले ढाँट कुराको बिउ यसरी छरेर तिनीहरूका बिचमा फाटो पारेर आएको छु कि अबदेखि तिनीहरू दुवै एकै ठाउँमा कहिल्यै बसेर कुरोकानी गरेको तिमीले देख्न अब पाउनेछैनौ" भन्यो।

करटक आह— "अहो, न युक्तं भवता विहितं, यत्परं तौ स्नेहार्द्रहृदयौ सुखाश्रयौ कोपसागरे प्रक्षिप्तौ। उक्तञ्च—

करटकले— "ओहो, तिमीले यो राम्रो काम गरेनौ। किनभने आपसमा मायाप्रेमका साथ सुखशान्तिले बसेका ती दुईजना मित्रहरूमा आपसी रिसरागको समुद्र नै उरालिदियौ। भनिएको पनि छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अविरुद्धं सुखस्थं यो दुःखमार्गे नियोजयेत्।
जन्मजन्मान्तरं दुःखी स नरः स्यादसंशयम्॥ ३९३॥

सोझा, सरल र सुखपूर्वक बसोबास गरिरहेका व्यक्तिहरूलाई दुःख दिने मानिसले कहिल्यै सुख पाउँदैन। त्यसले अनेकौँ जन्मजन्मान्तरसम्म दुःख पाइरहनुपर्दछ, यसमा कुनै शङ्का नै छैन" भन्यो।

अपरं त्वं यद् भेदमात्रेणापि तुष्टस्तदप्ययुक्तं, यतः सर्वोऽपि जनो विरूपकरणे समर्थो भवति, नोपकर्तुम्। उक्तञ्च–

अर्को कुरो यसो पनि छ कि तिमीले जुन भेदनीतिलाई छरेर सन्तोष गर्दै आएका छौ त्यो पनि अनुचित नै हो। किनभने कुनै कार्य बिगार्नका लागि त सबै मानिस सक्षम नै हुन्छन्। तर कुनै बिग्रिएको काम बनाउन सक्नु नै असल काम हो तर त्यो सबैले गर्न सक्ने कुरो होइन। भनिएको पनि छ कि–

घातयितुमेव नीचः परकार्यं वेत्ति न प्रसाधयितुम्।
पातयितुमस्ति शक्तिर्वायोर्वृक्षं न चोन्नमितुम्" ॥ ३९४॥

काँतरहरू अर्काको कार्य बिगार्नका लागि ज्यादै सिपालु हुन्छन्, तर त्यसलाई बनाउन जान्दैनन्। वायुले आफ्नो शक्तिले कुनै पनि रुख उखेलेर पल्टाउन त सक्दछ तर ढलेको कुनै पनि रुखलाई उसले उठाएर उभ्याउने शक्ति उसँग हुँदैन" भन्यो।

दमनक आह– "अनभिज्ञो भवान्नीतिशास्त्रस्य, तेनेतद् ब्रवीषि। उक्तञ्च– यतः–

करटकको कुरो सुनेर दमनकले– "तिमी नीतिशास्त्रमा अनभिज्ञ छौ, त्यसै कारणले यस्ता खालका कुराहरू गरिरहेका छौ। भनिएको पनि छ कि–

जातमात्रं न यः शत्रुं व्याधिञ्च प्रशमं नयेत्।
महाबलोऽपि तेनेव बृद्धिं प्राप्य स हन्यते॥ ३९५॥

शत्रु र रोग उब्जनेबित्तिकै जुन मानिसले शान्त गर्ने उपाय खोज्दैन, त्यो मानिस जतिसुकै बलियो किन नहोस् कालान्तरमा त्यही शत्रु वा रोग उभन्दा बलियो भइदिन्छ र उसलाई एक दिन तिनीहरूबाटै परास्त भएर मर्नुपर्छ।

तच्छत्रुभूतोऽयमस्माकं मन्त्रिपदापहरणात्। उक्तञ्च–

मलाई मन्त्रीपदबाट हटाएका कारणले त्यो सञ्जीवक पनि मेरो शत्रु नै हो। भनिएको पनि छ कि–

पितृपैतामहं स्थानं यो यस्मात्र जिगीषति।
स तस्य सहजः शत्रुरुच्छेदोऽपि प्रिये स्थितः॥ ३९६॥

जुन व्यक्तिले कसैको वंशपरम्पराबाट खाईपाई आएको पद अथवा स्थान खोस्न खोज्दछ भने ऊ त्यसको हितचिन्तक हुँदाहुँदै पनि स्वाभाविक शत्रु नै हो। अर्थात् त्यसलाई मार्नाले कुनै पाप लाग्दैन।

यन्मया स उदासीनतया समानीतोऽभयप्रदानेन यावत्तावदहमपि तेन साचिव्यात्प्रच्यावितः। अथवा साध्विदमुच्यते–

मैले नै उसलाई अभयदान दिएर पिङ्गलकसमक्ष पुऱ्याएर उनीहरू दुईका बिचमा मित्रता पनि गराएको हुँ। त्यति हुँदा पनि उसले विश्वासघात गर्दै मलाई नै मन्त्रीपदबाट समेत हटाइदियो। अथवा ठिकै पनि भनिएको रहेछ कि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दद्यात्साधुर्यदि निजपदे दुर्जनाय प्रवेशं
तन्नाशाय प्रभवति ततो वाञ्छमानः स्वयं सः।
तस्माद्देयो विपुलमतिभिर्नावकाशोऽध मानां,
जारोऽपि स्वाद् गृहपतिरिति श्रूयते वाक्यतोऽयम्॥ ३९७॥

सज्जन पुरुषले यदि कुनै दुष्ट व्यक्तिलाई आफ्नो स्थानमा बस्नेमात्रै अधिकार दियो भने त्यस अधम व्यक्तिले त्यस ठाउँमा आफैँलाई प्रतिष्ठित गराउनका लागि त्यस सज्जन पुरुषकै विनाश गर्ने प्रयत्न गर्नतिर लाग्दछ। अतः बुद्धिमान् व्यक्तिले कुनै पनि अधम व्यक्तिलाई आफ्नो ठाउँमा बस्ने अधिकार दिनुहुँदैन भन्ने कुरो बुभ्नुपर्दछ। लोकोक्तिहरूका प्रसङ्गमा यस्तो पनि सुनिएको छ कि जारले यदि अवसर पायो भनेदेखि घरपतिलाई हटाएर आफँ नै गृहस्वामी बन्ने प्रयत्न गर्न थाल्छ।

तेन मया तस्योपरि वधोपाय एष विरच्यते। स तस्य नाशाय, देशत्यागाय वा भविष्यति। तच्च त्वां मुक्त्वान्यो न ज्ञास्यति। तद्युक्तमेतत् स्वार्थायानुष्ठितम्। उक्तञ्च यतः–

अतएव मैले विवश भएर त्यसको वध गर्ने उपाय गरेको छु। मैले गरेका उपायले कि त ऊ मर्छ अथवा देशत्याग गर्नका लागि विवश हुन्छ। मेरा यस उपायका विषयमा तिमीबाहेक कुनै अर्को दोस्रो व्यक्तिले थाहा पाउँदैन। अतः जेजसो मैले गरेको छु त्यो युक्ति र आत्मलाभका लागि नै गरेको हुँ। भनिएको पनि छ कि–

निस्त्रिंशं हृदयं कृत्वा वाणीमिक्षुरसोपमाम्।
विकल्पोऽत्र न कर्तव्यो हन्यादेवापकारिणम्॥ ३९८॥

नीतिशास्त्रको ज्ञान भएका व्यक्तिले आपना हृदयलाई बज्रजस्तै कठिन र बोलीलाई उखुजस्तै मिठासयुक्त बनाएर अपकारी व्यक्तिलाई मारी नै दिनुपर्दछ।

अपरं मृतोऽप्यस्माकं भोज्यो भविष्यति। तदेक तावद्वैरसाधनम्, अपरं साचिव्यञ्च भविष्यति, तृप्तिश्च इति। तद्गुणत्रयेऽस्मिन्नुपस्थिते कस्मान्मां दूषयासि त्वं जाड्यभावात्। उक्तञ्च–

अर्को एउटा कुरो यो पनि छ कि– यदि त्यो पिङ्गलकद्वारा मारियो भने हाम्रा लागि खोराकी पनि हुन्छ। अतः एकातिर त हाम्रो शत्रु समाप्ति हुन्छ दोस्रोतिर हाम्रो मन्त्रीपद पनि हामीलाई हासिल हुन्छ। तेस्रो लाभचाहिँ यो पनि हुन्छ कि हामीलाई अघाउन्जेल भोजन पनि प्राप्त हुन्छ। एकैपटकमा तीनतीन कुराको फाइदालाई सिद्ध गर्न सक्ने मेरो उपायका विषयमा आफ्ना मूर्खताका कारण नबुझेर मलाई नै दोषी बनाउने प्रयास तिमीचाहिँ किन गरिरहेका छौ ? भनिएको पनि छ कि–

परस्य पीडनं कुर्वन् स्वार्थसिद्धिं च पण्डितः।
गूढबुद्धिर्न लक्ष्येत वने चतुरको यथा"॥ ३९९॥

आफ्नो स्वार्थलाई सिद्ध गर्नका लागि शत्रुलाई दुःख दिइसकेको छ र शत्रुले दुःख पाइसकेर स्वार्थसिद्ध गर्ने व्यक्ति चतुरो छ भनेदेखि ऊ अर्काका दृष्टिमा पर्दैन। जस्तै वनमा बस्ने गरेको चतुरक नामका त्यस स्याललाई कसैले पनि बुझ्न सकेनन् र उसले आफ्ना शत्रुहरूलाई परास्त गरेर स्वार्थसिद्ध पनि गरेको थियो।

करटक आह– "कथमेतत्" ? स आह–

करटकले– "कसरी ?" भनेर सोध्यो। अनि दमनकले भन्यो–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहशृगालयोर्कथा

अस्ति कस्मिंश्चिद्वनोदेशे वज्रदंष्ट्रो नाम सिंहः। तस्य चतुरकक्रव्यमुखनामानौ शृगालवृकौ भृत्यभूतौ सदैवानुगतौ तत्रैव वने प्रतिवसतः। अथान्यदिने सिंहेन कदाचिदासन्नप्रसवा प्रसववेदनया स्वयूथाद् भ्रष्येदृष्ट्र्युपविष्य कस्मिश्चिद्वनगहने समासादिता। अथ तां व्यापाद्य यावदुदरं स्फोटयति तावज्जीवँल्लघुदासेरकशिशुर्निष्क्रान्तः। सिंहोऽपि दासेरकया, पिशितेन सपरिवारः परां तृप्तिमुपगतः, परं स्नेहाद् बालदासेरकं त्यक्तं गृहमानीयेदमुवाच– "भद्र ! न तेऽस्ति मृत्योर्भयं मत्तो नान्यस्मादपि। ततः स्वेच्छयाऽत्र वने भ्रास्यताम्। यतस्ते शङ्कुसदृशौ कर्णौ ततः शङ्कुकर्णे नाम भविष्यति।"

सिंह र स्याल

कुनै एउटा वनका एक छेउमा बज्रदंष्ट्र नाम गरेको एउटा सिंह रहने गर्दथ्यो। उसका चतुरक र ऋव्यमुख नामका स्याल र ब्वाँसा जातिका दुईवटा सेवक थिए। तिनीहरू उसका ज्यादै आज्ञाकारी पनि थिए र त्यसै वनमा निवास गर्दथे। कुनै दिन सिंहले एउटा ब्याउँने बेला भएको पोथी उँटलाई देख्यो। त्यो उँट ब्याउनका लागि व्यथा लागेका कारणले गर्दा आफ्ना हुलबाट अलग्गै बाक्लो जङ्गलको एक छेउमा बसिरहेको थियो। त्यस सिंहले त्यस पोथी उँटलाई मार्‍यो। मारिसकेपछि खानका लागि भुँडी चिर्दै थियो, त्यसका पेटबाट एउटा जिउँदो बच्चो उँट निस्कियो। माउ उँटको मासु सिंहले सपरिवार मिलेर खायो तर त्यस बच्चा उँटको उसलाई ज्यादै माया लाग्यो र घरमा लिएर आयो र प्रेमपूर्वक त्यस बच्चासँग– "भद्र ! मबाट या अरू कुनै जनावरबाट तिमीलाई मृत्युको डर हुनेछैन। त्यसैले निस्फिक्री भई आफ्नो इच्छाअनुसार तिमी यस वनमा घुम्न सक्नेछौ। अनि तिम्रा कान शङ्कु अर्थात् सुइराजस्तै छन्, त्यसैले तिम्रो नाम पनि आजदेखि शङ्कुकर्ण भयो" भन्यो।

एवमनुष्ठिते चत्वारोऽपि ते एकस्थाने विहारिणः परस्परमनेकप्रकारगोष्ठीसुखमनुभवन्तस्तिष्ठन्ति। शङ्कुकर्णोऽपि यौवनपदवीमारूढः क्षणमपि न तं सिंहं मुञ्चति।

त्यस दिनदेखि ती चारैवटा प्राणी एकै ठाउँमा मिलेर रमाउँदै खेल्दै गर्दथे र अनेक किसिमका गफगाफ छलफल आदिको पनि आयोजना गरेर आपसमा आनन्दको सायसाट गर्दथे। शङ्कुकर्ण पूरै रूपमा आश्वस्त भइसकेको थियो। तन्नेरी अवस्थामा पुगिसक्दा पनि उसले एक छिनका लागि पनि त्यस सिंहको साथ छोडेको थिएन।

अथ कदाचिद्वज्रदंदृष्टस्य केनचिद्वनयेन मत्तगजेन सह युद्धमभवत्। तेन मदवीर्यात्सद–न्तप्रहारस्तथा क्षतशरीरो विहितो, यथा प्रचलितुं न शक्नोति। तदा क्षुत्क्षामकण्ठस्तान् प्रोवाच– "भो ! अन्विष्यतां किञ्चित्सत्वं, येनाहमेवं स्थितोऽपि तद्व्यापाद्यात्मनो युष्माकञ्च क्षुत्प्रणाशं करोमि।"

कुनै एक दिन एउटा अलमस्त जङ्गली हात्तीसँग बज्रदंष्ट्रको युद्ध भयो। त्यस हात्तीको आफ्ना मदका बलमा दाह्राले हानेर यस्तो घायल बनाइदियो कि सिंह बिचरो उठेर हिंड्न नसक्ने भयो। भोकले व्याकुल भएपछि उसले आफ्ना अनुयायीहरूसँग– "तिमीहरू वनमा गएर यस्तो खालको जीव खोजेर ल्याऊ ज़सलाई यस अवस्थामा मैले मार्दा तिमीहरूलाई पनि र मलाई पनि भोक मेटाउन पुगोस्" भन्यो।

तच्छ्रुत्वा ते त्रयोऽपि वने सन्ध्याकालं यावद् भ्रान्ताः, परं न किञ्चित्सत्वमासादितम्। अथ चतुरकश्चिनतयामास–यदि शङ्कुकर्णोऽयं व्यापादते, ततः सर्वेषां

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कतिचिद्दिनानि तृप्तिर्भवति, परं नैनं स्वामी मित्रत्वादाश्रयसमाश्रितत्वाच्च विनाशयिष्यति। अथवा बुद्धिप्रभावेण स्वामिनं प्रतिवोध्य तथा करिष्ये, यथा व्यापादयिष्यति। उक्तञ्च–

उसका त्यस्ता कुराहरू सुनिसकेपछि ती तीनैवटा बेलुकीपखसम्म त्यस वनमा यता र उता घुमिरहे तर पनि उनीहरूलाई कुनै पनि फेला परेन। अन्तमा चतुरक नामका स्यालले सोच्यो कि– यसै शङ्कुकर्णलाई मार्ने हो भने त केही दिनसम्मका लागि हामीलाई भोजनको खाँचो सजिलै टर्छ। तर साथी पनि भएको र आश्रयमा रहेका कारणले राजाले यसलाई मार्न चाहँदैनन्। अथवा मैले नै आफ्नो विशेष बुद्धिका प्रभावले राजालाई फकाईफुस्ल्याईकन यसलाई मार्नका लागि राजालाई राजी गराउनुपर्ने भयो। भनिएको पनि त छ कि–

अवध्यं चाथवागम्यमकृत्यं नास्ति किञ्चन।
लोके बुद्धिमतां बुद्धस्तस्मात्तां विनियोजयेत्॥ ४००॥

यस संसारमा बुद्धिमान्का बुद्धिका लागि न कुनै जीव अवध्य हुन्छ न कुनै स्थान अगम्य नै छ र न कुनै कार्य नै यस्तो हुन्छ जुन गर्न नसकिने खालको होस्। अतः बुद्धिमान्हरूले मौका पर्दा आफ्ना बुद्धिको उचित किसिमले उपयोग पनि गर्नै पर्दछ।

एवं विचिन्त्य शङ्कुकर्णमिदमाह– "भोः शङ्कुकर्ण! स्वामी तावत्पथ्यं विना क्षुधया परिपीड्यते। स्वाम्यभावादस्माकमपि ध्रुवं विनाश एव। ततो वाक्यं किञ्चित् स्वाम्यर्थे वदिष्यामि, तच्छ्रूयताम्।"

यस किसिमका कुराहरू आफ्नै मनभित्र सोच्दै उसले शङ्कुकर्णसँग– "शङ्कुकर्ण! स्वामी आज खोराकीका अभावमा भोकले ज्यादै छटपटाएका छन्। स्वामी जिउँदो नरहेमा हाम्रो पनि विनाश त सुनिश्चित नै छ। अतः स्वामीको हितका लागि म तिमीसँग एउटा कुरो भन्दछु सुन" भन्यो।

शङ्कुकर्ण आह– "भो! शीघ्रं निवेद्यतां येन ते वचनं शीघ्रं निर्विकल्पं करोमि। अपरं, स्वामिनो हिते कृते मया सुकृतशतं कृतं भविष्यति।"

शङ्कुकर्णले– "मित्र! तिम्रो कुरो जे हो त्यो छिटै भन न त, तिम्रा आदेशलाई कुनै आनाकानी नगरीकन म तुरुन्तै पालन गर्न सकौँ। अर्को कुरो के छ भने स्वामीको हित गर्नाले मलाई पनि सैयौँ किसिमका पुण्यहरू पनि प्राप्त हुनेछन्" भन्यो।

अथ चतुरक आह– "भो भद्र! आत्मशरीरं द्विगुणलाभेन स्वामिने प्रयच्छ, येन ते द्विगुणं शरीरं भवति; स्वामिनः पुनः प्राणयात्रा भवति।"

चतुरकले– "मित्र! दोब्बर ब्याजमा तिमी आफ्नो शरीर स्वामीका लागि लगानी गर। यसबाट तिम्रो शरीर दोब्बर हुन्छ र साथै स्वामीको पनि भोक मेटाउने प्रबन्ध हुनेछ" भन्यो।

तदाकर्ण्य शङ्कुकर्णः प्राह– "भद्र! यद्येवं तन्मदीयमेव प्रयोजनमेतत्। उच्यतां स्वामी– "अर्थः क्रियतामिति। परमत्र धर्मः प्रतिभूः।"

स्यालको कुरो सुनेर शङ्कुकर्णले– "भद्र! यदि कुरो यसै हो भनेदेखि त मलाई नै पो लाभ हुन्छ त। तिमी स्वामीसँग यही कुरो गरिदेऊ कि उनले आजको अभाव टार्न मेरो शरीरलाई दोब्बर ब्याज तिर्ने कुरो मानून्। तर यस व्यवहारमा उनले पनि आफ्नो धर्मलाई साक्षी बनाएर यो सर्त स्वीकार गर्नु आवश्यक हुनेछ" भन्यो।

इति ते विचिन्त्य सर्वे सिंहसकाशमाजग्मुः। ततश्चतुरक आह– "देव! न किञ्चित्सत्त्वं प्राप्ताम्। भगवानादितयोऽप्यस्तं गतः। तद्यदि स्वामी द्विगुणं शरीरं प्रयच्छति, ततः शंकुकर्णोऽयं द्विगुणवृद्ध्या स्वशरीरं प्रयच्छति धर्मप्रतिभुवा।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तो निर्णय गरिसकेपछि ती दुवै सिंहका अगाडि आँएर उभिए। चतुरक सिंहले— "महाराज ! कुनै पनि जीव फेला परेन। भगवान् सूर्य पनि अस्ताइसके। यदि तपाईंलाई दोब्बर शरीर दिन स्वीकार छ भनेदेखि यस शङ्कुकर्णले धर्मलाई साक्षी बनाएर दोब्बर ब्याजमा आफ्नो शरीर दिनका लागि तयार भइरहेको छ" भन्यो।

सिंह आह— "भोः। यद्येवं तत्सुनदरतरम्, व्यवहारस्यास्य धर्मः प्रतिभूःक्रियताम्" इति।

स्यालको कुरो सुनेर सिंहले— "तिम्रो कुरो यदि सत्य नै हो भनेदेखि म प्रस्तुत छु। तिमी धर्मलाई साक्षी मानेर यसको ज्यान लिन सक्नेछौ" भन्यो।

अथ सिंहवचनानन्तरं वृकशृगालाभ्यां विदारितोभयकुक्षिः शङ्कुकर्णः पञ्चत्वमुपगतः। अथ वज्रदंष्ट्रश्चतुरकमाह— "भोश्चतुरक ! यावदहं नदीं गत्वा स्नानं देवार्चनविधिं कृत्वा गच्छामि, तावत्त्वयात्राप्रमत्तेन भाव्यम्" इत्युक्त्वा नद्यां गतः।

सिंहको अनुमति पाउनासाथ बाघ र स्यालले मिलेर उसका दुवैतिरका कोखाहरूलाई च्यातिदिए। भुँडी फुटिसकेपछि त्यो उँट तत्काल मरिहाल्यो। त्यसपछि बज्रदंष्ट्रले चतुरकसँग— "चतुरक ! म नदीमा नुहाईधुवाई गरेर पूजापाठ गरी आउँछु, त्यतिन्जेल तिमी यस उँटलाई कतै नगई सावधानीसाथ हेर्दै गर" यसो भन्दै ऊ नुहाउनका लागि नदीतिर हिँड्यो।

अथ तस्मिन् गते चतुरकश्चिन्तयामास— "कथं ममेकाकिनो भोज्योऽयमुष्ट्रो भविष्यति" इति विचिन्त्य क्रव्यमुखमाह— "भोः क्रव्यमुख ! अहं त्वां स्वामिने निर्दोषं प्रतिपादयिष्यामि।"

त्यो गइसकेपछि चतुरकले— "अब त्यस्तो कुन उपाय होला जसले यो उँट केवल मेरामात्रै भागमा पर्न सकोस् ?" भन्ने सोच्दै क्रव्यमुखसँग— "मित्र क्रव्यमुख ! तिमी ज्यादै भोकाएका जस्ता देखिँदै छौ, त्यसैले स्वामी फर्किएर आउन नपाउँदै तिमी यस उँटको मुटुजति खाइहाल। स्वामी फर्किएर आएपछि म तिमीलाई उनका अगाडि निर्दोष सिद्ध गरिदिन्छु" भन्यो।

सोऽपि तच्छ्रुत्वा यावत्किञ्चिन्मांससास्वादयति तावच्चतुरकेणोक्तं— भोः क्रव्यमुख ! समागचछति स्वामी। तत्त्यक्त्वैनं दूरे तिष्ट, येनास्य भक्षणं न विकल्पयति।"

स्यालको कुरो पत्याउँदै क्रव्यमुखले त्यहाँ भएको मासु खान थाल्यो। जसै क्रव्यमुखले त्यो मासु खानका लागि मस्तसँग लागेको थियो कि त्यसै बेला स्यालले— "क्रव्यमुख ! हेर, हेर ! स्वामी आइरहेका छन्। यसलाई छोडेर टाढा गई बस। त्यसो भएपछि मात्रै स्वामीलाई मासु खानमा कुनै तर्कवितर्क हुनेछैन" भन्यो।

तथाऽनुष्ठिते सिंहः समायातो यावदुष्ट्रं पश्यति, तावद्रिक्ताकृतहृदयो दासेरकः। ततो भृकुटिं कृत्वा परुषतरमाह— "अहो ! केनैष उष्ट्र उच्छिष्टतां नीतो, येन तमपि व्यापादयामि।"

बाघ हटेर अलिकति टाढा गएपछि त्यस सिंहले आएर हेर्दछ त उँटको मुटु नै खाइसकेको रहेछ। त्यसलाई देखिसकेपछि सिंह रिसले मुर्मुरिँदै उठ्यो र आफ्ना आँखी भौंलाई मास्तिर तान्दै कड्किएर कराउँदै— "ऐ ! यस उँटको मासुलाई कसले जुठो पार्‍यो हँ ? छिटो भन्, म त्यसलाई पनि मारिदिन्छु" भन्यो।

एवमभिहिते स क्रव्यमुखश्चतुरकमुखमवलोकयति— "किल तद्वद किञ्चिद्येन मम शान्तिर्भवति"।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहको कुरो सुनेर क्रव्यमुखले चतुरकका मुखतिर यसरी हेर्न थाल्यो, मानौँ ऊ मनमनै आफ्नो पहिले गरेको प्रतिज्ञा पूरा गर्नका लागि केही भनोस्, त्यसो भएपछि मात्रै मेरा मनलाई अलिकति शान्ति हुन्छ भन्ने ठान्दै थियो।

अथ चतुरको विहस्योवाच– "भो! मामनादृत्य पिशितं भक्षयित्वाऽधुना मन्मुखमव-लोकयसि ? तदास्वादय तस्य दुर्णयतरोः फलम्" इति।

उसको त्यस किसिमको भावलाई देखिसकेपछि चतुरकले हाँस्तै– "मैले भनेको नटेरीकन अघि नै उँटको मासु खाएर अहिलेचाहिँ टुलुटुलु मेरा मुखतिर के हेरेर बसेका नि ? आफूले गरेका दुर्नीतिरूपी वृक्षको फल पनि अब आफैँ चाख" भन्यो।

तदाकर्ण्य क्रव्यमुखो जीवनाशभयाद् दूरदेशं गतः।

स्यालको कुरो सुन्नेबित्तिकै क्रव्यमुख आत्तिँदै आफ्नो ज्यान जोगाउनका लागि ठाडो पुच्छर लगाउँदै भाग्यो।

एतस्मिन्नन्तरे तेन मार्गेण दासेरकसार्थो भारक्रान्तः समायातः। तस्याग्रसरोट्रस्य कण्ठे महती घण्टा बद्धा। तस्याः शब्दं दूरतोऽप्याकर्ण्य, सिंहो जम्बुकमाह– "भद्र! ज्ञायतां किमेप रौद्रः शब्दः श्रूयतेऽश्रुतपूर्वः ?"

जुन बेला त्यस सिंहले मृत उँटको मांस खाने तयारी गर्नतिर मात्रै के लागेको थियो, त्यसै बिच भारीले लादिएका उँटको एउटा समूह त्यसै ठाउँबाट कतैतिर जान लागेको थियो। त्यस समूहका अगाडि हिँडेको एउटा उँटका गलामा एउटा ठूलो घन्टी बाँधिएको थियो। त्यस घन्टीका शब्दलाई टाढैबाट सुनेर सिंहले त्यस स्यालसँग– "भद्र ! सुन त, यो कस्तो कहिल्यै नसुनेको अचम्मखालको शब्द सुनिँदै छ, केको शब्द हो ?" भनेर सोध्यो।

तच्छ्रुत्वा चतुरकः किञ्चिद्वनान्तरं गत्वा सत्वरमभ्युपेत्य प्रोवाच– "स्वामिन्! गम्यतां, यदि शक्नोषिगन्तुम्।"

सिंहको कुरो सुनेपछि त्यो स्याल जङ्गलैजङ्गल निकै परसम्म गयो। अनि फेरि तुरुन्त फर्किएर आएपछि– "महाराज ! अब छिटै भाग्नुहोस्। यदि भाग्न सक्नुहुन्छ भने यहाँबाट अब जतिसक्दो चाँडै यहाँबाट सकेसम्म टाढा भाग्नुहोस्" भन्यो।

सोऽब्रवीत्– "भद्र ! किमेवं मां व्याकुलयसि ? तत्कथय किमेतत् ?" इति।

सिंहले– "भद्र ! तिमी किन यसरी मलाई अत्याइरहेका छौ, छिटो बताऊ न यो केको यस्तो शब्द हो ?" भनेर सोध्यो।

चतुरक आह– "स्वामिन्! एष धर्मराजस्तवोपरि कुपितः– यदनेनाकाले दासेरकोऽयं मदियो व्यापादितः, ततसहस्रमुष्ट्रमस्य सकाशाद् ग्रहीष्यामि; इति निश्चित्य बृहन्मानमादायाग्रेसरस्य ग्रीवायां घण्टां बद्ध्वा वध्यदासेरकसत्कानपि पितृपितामहानादाय वैरनिर्यातनार्थमायात एव।"

चतुरकले उत्तर दिँदै– "महाराज ! यमराज तपाईंदेखि ज्यादै रिसाएछन्। अनि यस दुष्ट सिंहले बिनाकाल नै मेरा यस उँटलाई मारिदिएछ। अब म यसको दण्डका रूपमा यससँग एकहजार उँट लिन्छु भन्ने निश्चय गर्दै उँटहरूको एउटा ठूलो बथानलाई साथमा लिएर यतैतिर आइरहेका छन्। उनले अघिल्लो उँटका गलामा एउटा घन्टी पनि झुन्डाएका छन् र यस मृत उँटका बाबुबराजुआदि पूर्वजहरूलाई साथमा लिएर तपाईंसँग यसका मृत्युको बदला लिनका लागि यतै आइपुग्दै छन्" भनिदियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहोऽपि तच्छ्रुत्वा सर्वतो दूरादेवावलोक्य मृतमुष्ट्र परित्यज्य प्राणभयात्प्रणष्टः। चतुरकोऽपि शनैः शनैस्तस्योष्ट्रस्य मांसं चिरं भक्षयामास।"

सिंहले त्यस स्यालको कुरो सुनिसकेपछि त्यो आइरहेको समूहलाई टाढैबाट हेर्‍यो र त्यो मरेको उँटलाई त्यहीँ छोडेर डरले आफ्नो ज्यान जोगाउनका लागि त्यहाँबाट सुइँकुच्चा ठोक्यो। सिंह त्यहाँबाट भागेर गइसकेपछि चतुरक नामका त्यस चलाख स्यालले अलिअलि गर्दै त्यस मरेका उँटको मासु धेरै दिनसम्म मजासित खायो।

अतोऽहं ब्रवीमि— "परस्यपीडनं कुर्वन्" इति।

त्यसैले म भन्दछु कि अर्कालाई दुःख दिँदादिँदै पनि कसैले थाहा नपाउने गरी र आफू नदेखिईकन आफ्नो स्वार्थ सिद्धिका लागि गुप्त बुद्धिको प्रयोग गर्ने व्यक्ति सुरक्षित रहन सक्छ।

अथ दमनके गते सञ्जीवकश्चिन्तयामास— "अहो! किमेतन्मया कृतं, यच्छष्पादोऽपि मांसाशिनस्तास्यानुगः संवृत्तः। अथवा साध्विदमुच्यते—

यता दमनक गइसकेपछि सञ्जीवकले— "छ्या मैले यस्तो कस्तो नराम्रो काम गरेको रहेछु। आफू घाँस खाने प्राणी हुँदाहुँदै पनि त्यस मांसभक्षी प्राणीसँग मित्रता गरेर त्यसैका दासत्व स्वीकार गर्दै बसेको छु। अथवा ठिकै भनिएको पनि छ कि—

अगम्यान् यः पुमान् याति असेव्यांश्च निषेवते।
स मृत्युमुपगृह्णाति गर्भमश्वतरी यथा॥ ४०१॥

जुन मानिस जान नहुने मानिसका नजिक जान्छ वा सेवा गर्न नहुने मानिसको सेवा गर्दछ भनेदेखि पोथी खच्चरले गर्भ धारण गरेर आफ्नो मृत्यु आफैँ निम्त्याएझैँ गरी त्यस व्यक्तिले आफ्ना काललाई आफैँ बोलाउँछ।

तत्किं करोमि क्व गच्छामि ? कथं मे शान्तिर्भविष्यति ? अथवा तमेव पिङ्गलकं गच्छामि, कदाचिन्मां शरणागतं रक्षति। प्राणैर्न वियोजयति। उक्तञ्च—

यस्ता स्थितिमा म के गरौँ ? कता जाऊँ ? कसरी मलाई शान्ति मिल्ला ? केही निश्चय गर्न पनि सकिएन। अथवा उसै पिङ्गलकसँग जानेछु। कतै उसले मलाई शरणागत मानेर मेरो रक्षा गर्ला र मेरो हत्या गर्ने मनसाय छोड्ला कि ! किनभने भनिएको पनि त छ कि—

धर्मार्थ यततामपीह विपदो दैवाद्यदि स्युः क्वचित्,
तत्तासामुपशात्तये सुमतिभिः कार्यो विशेषान्नयः।
लोके ख्यातिमुपागतात्र सकले लोकोक्तिरेषा यतो,
दग्धानां किल वह्निना हितकरः सेकोऽपि तस्योद्भवः॥ ४०२॥ तथा च—

धर्मजस्तो असल कार्यलाई पूरा गर्दागर्दै यदि दुर्भाग्यले आपद् आइलाग्छ भने पनि त्यसको शान्तिका लागि बुद्धिमान् व्यक्तिले कुनै विशेष नीतिको अवलम्बन गर्दै आफूलाई जोगाउने कोसिस गर्नुपर्दछ। आगोले पोलेका घाउलाई आगोले सेकेर नै निको पार्नुपर्दछ भन्ने भनाइ पनि त संसारमा प्रसिद्ध रूपमा प्रचलित छ। अरू पनि—

लोकेऽथवा तनुभृतां निजकर्मपाकं नित्यं समाश्रितवतां विहितक्रियाणाम्।
भावाजितं शुभमथाप्यशुभं निकामं यद्भावि तद्भवति नात्र विचारहेतुः॥ ४०३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा, यस संसारमा आएर मानिसले आफ्नै मात्र कर्मका फलको उपभोग गर्दछ। मानिसले आआफ्ना कर्मलाई अवलम्बन गरेर आफूद्वारा गरिएका कामहरूको भावनाअनुसार कमाइएका शुभ एवं अशुभ फलहरूलाई आफैँले भोग्नुपर्दछ। अतः जे हुनुपर्नेछ त्यो नै हुन्छ, यसमा विचार गर्नुपर्ने अर्को कुनै कुरो नै रहेको हुँदैन।

अपरञ्चान्यत्र गतस्यापि मे कस्यचिद्ग्रसत्त्वस्य मांसाशिनः सकाशान्मृत्युर्भविष्यति, तद्वरं सिंहात्। उक्तञ्च–

सञ्जीवकले सोच्यो कि यदि म यहाँबाट कतै भागेर गएँ भने पनि आखिरमा कुनै हिंस्रक एवं मांसाहारी पशुद्वारा मारिनु नै पर्नेछ। अतः पिङ्गलककै हातबाट मर्नु असल हुन्छ। भनिएको पनि छ कि–

महद्भिः स्पर्धमानस्य विपदेव गरीयसी।
दन्तभङ्गोऽपि नागानां श्लाघ्यो गिरिविदारणे॥ ४०४॥ तथा च–

ठूला व्यक्तिसँग विरोध गरेर आपद्मा पर्नु पनि गौरव बढाउने खालकै कुरो हो। पर्वतलाई ढाल्नका लागि त्यसमा ठक्कर दिँदादिँदै हात्तीको दाह्रा भाँचियो भने त्यो पनि उसका लागि निकै शोभाको विषय नै हुने गर्दछ। अरू पनि–

महतोऽपि क्षयं लब्ध्वा श्लाघां नीचोऽपि गच्छति।
दानार्थी मधुपो यद्वद् गजकर्णसमाहतः" ॥ ४०५॥

ठूला व्यक्तिबाट नष्ट भएर गयो भने पनि साना व्यक्तिले प्रशंसा नै पाउँछ। किनभने हात्तीका कन्सिरीको मद खानका लागि आएर बसेको भँवरो यदि हात्तीका कानले ठक्कर लागेर मऱ्यो भने पनि त्यसको प्रशंसा नै हुने गर्दछ।"

एवं निश्चित्य स स्खलितगतिर्मन्दं मन्दं गत्वा सिंहाश्चयं पश्यन्नपठत्– "अहो! साध्विदमुच्यते–

त्यसै गरी सोच्दासोच्दै सञ्जीवक थकित गतिमा बिस्तारैसँग सिंहका निवासस्थानमा पुग्यो र यस श्लोकलाई पढ्न थाल्यो– अहो! कसैले त ठिकै पो भनेको रहेछ कि

अन्तर्लीनभुजङ्गमं गृहमिव व्यालाकुलं वा वनं,
ग्राहाकर्णिमिवाभिरामकमलच्छायासनाथं सरः।
नित्यं दुष्टजनैरसत्यवचनासक्तैरनार्यैर्वृतं,
दुःखेन प्रतिगम्यते प्रचकितै राज्ञां गृह वार्द्धिवत्" ॥४०६॥

सर्पले भरिएको घर, हिंस्रक पशुहरूले भरिएको अथवा आगो लागेको वन, सुन्दर पद्मपत्रले सुशोभित र भित्र गोही बसेको तलाउजस्तै झुटो कुरो बोल्ने, दुष्ट तथा नीच व्यक्तिहरूले भरिभराउ राजाको भवनमा पनि समुद्रको गहिराइमा जस्तै डराइडराई एवं शङ्कायुक्त मन लिएर नै मानिसहरूले प्रवेश गर्नुपर्ने हुँदो रहेछ।

एवं पठन्दमनकोक्ताकारं पिङ्गलकं दृष्ट्वा प्रचकितः संवृत शरीरो दूरतरं प्रणामकृतिं विनाप्युपविष्टः।

यस प्रकारको श्लोक भन्दै त्यस सञ्जीवकले जब दमनकले बताएकै आकारमा पिङ्गलकलाई देख्यो त्यस बेला उसले डरले आफ्नो शरीरलाई कुक्रुक्क पाऱ्यो र प्रणाम पनि नगरीकन पर गएर थ्याच्च बस्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिङ्गलकोऽपि तथाविधं तं विलोक्य दमनकवाक्यं श्रद्दधानः कोपात्तस्योपरि पपात। अथ सञ्जीवकः खरनखरविकर्तितपृष्ठः शृङ्गाभ्यां तदुदरमुल्लिख्य कथमपि तस्मादपेतः शृङ्गाभ्यां हन्तुमिच्छन् युद्धायावस्थितः।

पिङ्गलकले जब सञ्जीवकलाई त्यस्तो चालसित आएर बसेको देख्यो अनि त उसलाई दमनकले भनेको सबै कुरामाथि विश्वास पनि हुँदै आयो। त्यसपछि ऊ तुरुन्तै सञ्जीवकमाथि झम्टिन पुग्यो। पिङ्गलकका तीखा नङ्गाले घाइते भएको सञ्जीवकले पनि उसको भुँडी फुटाइदियो। अनि कुनै सुरत बल्लतल्ल आफूलाई छुटाएर निस्कियो। फेरि आफ्ना सिङले हानेर पिङ्गलकलाई मार्ने इच्छा गर्दै ऊ युद्धका लागि तम्सिएर गयो।

अथ द्वावपि तौ पुष्पितपलाशप्रतिमौ परस्परं वधाकाङ्क्षिणौ दृष्ट्वा करटक सापेक्षं दमनकमाह– "भो मूढमते ! अनयोविरोधं वितन्वता त्वया साधु न कृतम्। न च त्वं नीतितत्त्वं वेत्सि। नीतिविद्भिरुक्तश्च–

यसरी लटरम्म फुलेको पलासको रुखजस्तै रक्ताम्मे शरीर भएका ती दुई प्राणीहरू एकले अर्काको ज्यान लिनका लागि तयार भएको देखेर करटकले उपेक्षा वा घृणापूर्वक दमनकसँग करटकले– "मूर्ख ! यी दुईका बिचमा विरोधको भावना उब्जाइदिएर तिमीले राम्रो काम गरेनौ। तिमी नीतितत्त्वलाई जान्दा रहेनछौ। नीतिविद्हरूले भनेका छन् कि–

कार्याण्युत्तमदण्डसाहसफलान्यायाससाध्यानि ये,
प्रीत्या संशमयन्ति नीतिकुशलाः साम्नैव ते मन्त्रिणः।
निःसाराल्पफलानि ये त्वविधिना वाञ्छन्ति दण्डोधमैः
तेषां दुर्नयचेष्टितैर्नरपतेरारोप्यते श्रीस्तुलाम्॥ ४०७॥

अन्य कुनै उपायले सम्भव नहुँदा केवल दण्ड एवं साहसिक युद्धआदि उपक्रमबाट मात्रै जुन काम गर्न सम्भव हुन्छ, त्यस्ता कार्यहरूलाई पनि जसले प्रेमपूर्वक साध्य बनाउँछन् तिनीहरू नै नीतिकुशल हुन् र असल मन्त्री भन्नका लागि योग्य पनि हुन्। अनि जुन मन्त्रीहरू तत्त्वहीन र सानोतिनो प्रतिफल निकाल्ने किसिमका कार्यलाई पनि युद्धआदिकै उपायबाट सिद्ध गर्ने पक्षमा रहेका हुन्छन् तिनीहरूले आफ्नै दुर्नीति तथा कुबुद्धिका कारण राजाको राज्यलक्ष्मीलाई समेत शङ्काको तराजुमा तौलिने बनाएर छोड्दछन्। अर्थात् तिनीहरूले राजालाई अनुचित परामर्श दिएर सानातिना कुरामै युद्धका लागि उक्साउँदै राज्यलाई नै नष्ट पार्दछन्।

तद्यदि स्वाम्यभिघातो भविष्यति तत्किं त्वदीयमन्त्रबुद्ध्या क्रियते ? अथ सञ्जीवको वध्यते तथाप्यभव्यम्। यतः प्राणसन्देहात्तस्य च वधः। तन्मूढ ! कथं त्वं मन्त्रिपदमभिलषसि ! सामसिद्धिं न वेत्सि। तद्वृथा मनोरथोऽयं ते दण्डरुचेः। उक्तञ्च–

तिम्रा यसै नीतिका कारणले यदि स्वामीको विनाश भयो भने तिमीजस्ता मानिसलाई मन्त्रीपदमा नियुक्त गर्नाले राजालाई के लाभ भयो, यदि संयोगवश सञ्जीवक नै मारियो भने पनि त अनुचित नै भयो नि। राजाका प्रहारले गर्दा सञ्जीवकको अवस्था दुःखदायी भइसकेको छ। अतः अब ऊ मर्छ भन्ने कुरामा कुनै शङ्का रहेन। हे मूर्ख ! जब तिमी सामनीतिको प्रयोग गर्ने जान्दैनौ भने कुन बुद्धिले मन्त्री बन्ने सपना देखेर बसेका छौ ? दण्डमा मात्रै विश्वास राख्दछौ भने तिम्रो बुद्धि व्यर्थ छ। अतः तिम्रो मनोकाङ्क्षा पनि व्यर्थ छ, जो कहिल्यै पनि सफल हुन सक्दैन। भनिएको पनि छ कि–

सामादिर्दण्डपर्यन्तो नयः प्रोक्तः स्वयम्भुवा।
तेषां दण्डस्तु पापीयांस्तं पश्चाद्विनियोजयेत्॥ ४०८॥ तथा च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्माका पुत्र मनुले सामदेखि लिएर दण्डसम्म जति नीतिहरूको प्रतिपादन गरेका छन्, तिनीहरूमध्ये दण्ड सबैभन्दा पापपूर्ण छ। अतः अरू उपायहरूको अभाव भयो वा ती कुनै काम नलाग्ने अवस्था आएपछि मात्रै त्यस दण्डनीतिको प्रयोग गर्नु उचित हुन्छ। त्यसै गरी–

साम्नैव यत्र सिद्धिर्न तत्र दण्डो बुधेन विनियोज्यः।
पित्तं यदि शर्करया शाम्यति कोऽर्थः पटोलेन ?॥ ४०९ ॥ तथा च–

जहाँ सामनीतिले नै कार्यसिद्धि हुन सक्दछ त्यस्ता ठाउँमा दण्डनीतिको प्रयोग बुझक्की मानिसले गर्नु उचित हुँदैन। यदि गुलियो ओखतीले नै पित्तको रोग निको पार्न सकिन्छ भने तितो औषधि खान बल गर्नु पनि व्यर्थ नै हुन्छ। अरू पनि–

आदौ साम प्रयोक्तव्यं पुरुषेण विजानता।
सामसाध्यानि कार्याणि विक्रियां यान्ति न क्वचित्॥ ४१० ॥ तथा च–

बुझक्की मानिसले जुनसुकै समस्या परिआउँदा पनि सुरुआतमा पहिले सामनीतिकै प्रयोग गरेर समाधान गर्ने प्रयास गर्नुपर्दछ। किनभने– सामविधिद्वारा साध्य गरेको काम कहिल्यै पनि बिग्रिँदैन। त्यसै गरी–

न चन्द्रेण न चौषध्या न सूर्येण न वह्निना।
साम्नैव विलयं याति विद्वेषिप्रभवं तमः॥ ४११ ॥

मानिसका मनमा विद्वेषका कारणबाट उत्पन्न हुने अन्धकारलाई सूर्य, चन्द्रमा अथवा आगोका उज्यालाले हटाउन सक्दैन। मनभित्रको त्यस्तो कलुषलाई हटाउनका लागि सामनीतिकै प्रयोग गर्नु उचित हुन्छ।

तथा यत्त्वं मन्त्रिपदमभिलषसि तदप्ययुक्तम्। यतस्त्वं मन्त्रगतिं न वेत्सि। पञ्चविधो हि मन्त्रः। स च कर्मणामारम्भोपायः, पुरुषद्रव्यम्पत, देशकालाविभागः, विनिपातप्रतिकारः, कार्य–सिद्धिश्चेति। सोऽयं स्वाम्यमात्ययोरेकतरस्य, किं वा द्वयोरपि विनिपातः समुत्पद्यते लग्नः। तद्यदि काचिच्छक्तिरस्ति तद्विचिन्त्यतां विनिपातप्रतीकारः। भिन्नसन्धाने हि मन्त्रिणां बुद्धिपरीक्षा। उक्तञ्च–

तिमी जुन मन्त्रीपदमा विराजमान हुन चाहन्छौ, त्यो पनि व्यर्थ छ। किनभने तिमीले मन्त्रको प्रयोग गर्ने जानेका रहेनछौ। मन्त्रहरू कार्यको आरम्भमा नै उसको सघन उपचार गर्नु, कार्यको सफल सम्पादनका लागि शक्ति र साधनको उपयुक्त व्यवस्था गर्नु, समय र परिस्थितिअनुसार कर्तव्याकर्तव्यको विचार गरेर काममा हात हाल्नु, आइलागेका काममा कम्मर कसेर जुट्नु र कामलाई पूरा गरेर मात्रै छोड्नु गरी यी पाँच किसिमका हुन्छन्। तर तिमीले अपनाएका उपायमा त मन्त्री अथवा राजामध्ये कुनै एकको अथवा दुवैको विनाश निश्चित भएको देखिँदै छ। यदि तिमीसँग कुनै शक्ति छ भने यस परिस्थितिमा आउनै लागेको सङ्कटलाई विचार गरेर रोक्ने प्रयास गरिहाल। किनभने रिसबाट उब्जिएको शत्रुताको अन्त्य र पुनः मैत्रीभाव स्थापना गर्न सक्नुमा नै मन्त्रीका कुशलताको परीक्षण हुन्छ। भनिएको पनि छ कि–

मन्त्रिणां भिन्नसन्धाने भिषजां सान्निपातिके।
कर्मणि व्यज्यते प्रज्ञा स्वस्थे को वा न पण्डितः॥ ४१२ ॥

मन्त्रीहरूको परीक्षा विद्वेषबाट उत्पन्न शत्रुतालाई मेटाउनमा नै हुन्छ, वैद्यको परीक्षा सन्निपातको जरो आएका समयमा हुन्छ र साधारण बुद्धिका मानिसको परीक्षा आपद्कालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुशलतापूर्वक कार्य सम्पन्न गर्दाका अवस्थामा हुन्छ। किनभने सहज अवस्थामा कार्य सम्पादन गर्न त को नै सिपालु हुँदैनन् र ?

तन्मूर्ख ! तत्कतुमसमर्थस्त्वम्, यतो विपरीतबुद्धिरसि। उक्तञ्च–

हे मूर्ख ! बिग्रिन लागिसकेको कुरो बनाउन तिमी असमर्थ नै छौ, किनभने तिम्रो बुद्धि नै विपरीत किसिमको छ। भनिएको पनि छ कि–

घातयितुमेव नीचः परकार्यं वेत्ति न प्रसाधयितुम्।
पातयितुमेव शक्तिर्नाखोरुद्धर्तुमन्नपिटकम्॥ ४१३॥

जसरी मुसो डालीमा राखिएको अन्न पोख्न त जान्दछ तर त्यसलाई उठाउन जान्दैन उसै गरी नीच पुरुषहरू अर्काको काम बिगार्न मात्रै जान्दछन्, त्यसलाई बनाउन जान्दैनन्।

अथवा, न ते दोषोऽयं स्वामिनो दोषः, यस्ते वाक्यं श्रद्दधाति। उक्तञ्च–

अथवा यसमा तिम्रो दोष पनि छैन। यो सबै दोष त तिम्रा स्वामीको नै हे। किनभने उनी तिमीजस्ताको कुरामा विश्वास गरेर पछि लाग्दछन्। भनिएको पनि छ कि–

नराधिपा नीचजनानुवर्तिनो बुधोपदिष्टेन पथा न यान्ति ये।
विशन्ति ते दुर्गममार्गनिर्गमम् सपात्नसम्बाधमनर्थपञ्जरम्॥ ४१४॥

जुन राजा आफ्ना नीच अनुयायीको वशमा परेर असल स्वभाव भएका मानिसले देखाएको कुरो विश्वास गरेर चल्दैनन् तिनी शत्रुहरूबाट उठाइएका बाधाहरूबाट घेरिएर विपत्तिका जन्जालमा फँस्न पुग्दछन्। अनि उनलाई त्यसबाट निस्कन पनि कठिन हुन्छ। अर्थात् त्यस्ता पिँजडाबाट उनी कहिल्यै पनि निस्कनै पाउँदैनन्।

तद्यदि त्वमस्य मन्त्री भविष्यसि तदान्योऽपि कश्चिन्नास्य समीपे साधुजनः समेष्यति। उक्तञ्च–

यदि तिमी पिङ्गलकको मन्त्री बनिहालेछौ नै भने पनि तिम्रा विश्वासघाती स्वभावले गर्दा कुनै पनि सज्जन मानिस उसँग आउनेछैनन्। भनिएको पनि छ कि–

गुणालयोऽप्यसन्मन्त्री नृपतिर्नाधिगम्यते।
प्रसन्नस्वादुसलिलो दुष्टग्राहो यथा ह्रदः॥ ४१५॥

सर्वगुणसम्पन्न हुँदाहुँदै पनि असत्ति दुष्ट मन्त्रीका भरोसामा राज्य चलाउने राजा सज्जन पुरुषको आश्रय बन्न सक्दैनन्। स्वच्छ र खान हुने पानीले भरिएको भए पनि गोहीले बास गरेका तलाउमा जसरी मानिस डराएर जान छोडिदिन्छन् उसै गरी दुष्ट मन्त्रीले आश्रय लिएको राजासँग पनि सज्जन मानिसहरू डरले गर्दा आउनजान छोड्दछन्।

तथा शिष्टजनरहितस्य स्वामिनोऽपि नाशो भविष्यति। उक्तञ्च–

अनि त्यसपछि शिष्ट र सज्जनका अभावमा तिम्रा ती स्वामीको पनि नाश हुनु स्वाभाविक नै हुनेछ। भनिएको पनि छ कि–

चित्रास्वादकथैर्भृत्यैरनायासितकार्मुकैः।
ये रमन्ते नृपास्तेषां रमन्ते रिपवः श्रियम्॥ ४१६॥

विचित्र कथाहरूका जालमा राजालाई मनोरञ्जन गराउँदै भुल्याउने र खुसामत गर्ने, धनुर्विद्याको जानकारी नभएका र लडाइँदेखि डराउने सेवकहरूका साथमा सुखका दिन बिताएर जीवन निर्वाह गर्ने राजाहरूका राज्यलक्ष्मीको उपभोग अन्त्यमा गएर उनका शत्रुहरूले नै गर्न पाउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्किं मूर्खोपदेशेन ? केवलं दोष एव न गुणः। उक्तञ्च–

हुन त तिमीजस्तो मूर्ख व्यक्तिलाई उपदेश दिनाले के लाभ हुन्छ ? उल्टै तिमीलाई उपदेश दिनाले दोषमात्रै हुन्छ, कुनै लाभ हुने सम्भावना छैन। किनभने भनिएको पनि त छ नि–

नानाम्यं नमतं दारु नाश्मनिस्यात्क्षुरक्रिया।
सूचीमुख ! विजानीहि नाशिष्यायोपदिश्यते॥ ४१७॥

जसरी नभुक्ने जातको सुकेको काठ कहिल्यै भुक्न सक्दैन, अनि ढुङ्गोजस्तो कठोर वस्तुलाई कुनै साधारण हतियारले काट्न सकिँदैन। त्यसै गरी हे भँगेरा ! यस कुरालाई बुझ कि अयोग्य शिष्यलाई शिक्षित गर्न खोज्नु वा सम्झाईबुझाई गर्नु पनि ज्यादै कठिन नै हुन्छ" भन्ने उखान सुनायो।

दमनक आह– "कथमेतत् ?" सोऽब्रवीत–

करटकको कुरो सुनेर दमनकले– "त्यो कसरी ?" भनेर सोध्यो। अनि उसले भन्यो–

सूचीमुखवानरयूथकथा

अस्ति कस्मिँश्चित्पर्वतैकदेशे वानरयूथम्। तच्च कदाचिद्धेमन्तसमये-ऽतिकठोरवातसंस्पर्शवेपमानकलेवरं तुषारवर्षोद्धतप्रवर्षद्घनधारानिपातसमाहतं न कथञ्चिच्छान्तिमगमत्।

भँगेरो र बाँदरको हुल

कुनै एउटा पर्वते इलाकामा बाँदरहरूको एउटा हुल बस्ने गर्दथ्यो। त्यो बाँदरको हुल कहिले हिउँको कठ्याङ्गिने जाडामा सिसिरे हावा लाग्दाखेरि थर्थर काम्न थाल्दथ्यो भने कहिले हिउँ र तुषाराको क्रूर दृष्टि पर्दा आत्तिँदै र दुःखी हुँदै जतातत्तै भाग्दै हिँड्थे तर कसै गर्दा पनि उनीहरूलाई अलिकति पनि शान्ति भने मिल्दैनथ्यो।

अथ केचिद्वानरा वह्निकणसदृशानि गुञ्जाफलान्यवचिन्त्य वह्निवाञ्छया फूत्कुर्वन्तः समन्तात्तस्थुः।

एकपटक त्यस्तै जाडो याममा तिनीहरूमध्ये कतिपय बाँदरले आगाको भुङ्गोजस्तै रातो देखिने गुञ्जा नामको फल जम्मा पारेर त्यसैका वरिपरि घेरा लागेर फुक्दै बसेका थिए।

अथ सूचीमुखो नाम पक्षी तेषां तं वृथायासमवलोक्य प्रोवाच– "भोः ! सर्वे मूर्खा यूयम्। नैते वह्निकणाः, गुञ्जाफलान्येतानि। तत्किं वृथा श्रमेण ? नैतस्माच्छीतरक्षा भविष्यति। तदन्विष्यतां कश्चिन्निर्वातो, गुहा वा, गिरिकन्दरो वा।" अद्यापि साटेपा मेघा दृश्यन्ते।

सूचीमुख नामको भँगेराका जातको रुखका पात सिएर गुँड बनाउने एउटा चराले उनीहरूको यस्तो असफल प्रयासलाई देखेर– "ए मूर्खहरू हो ! तिमीहरू ज्यादै मूर्ख रहेछौ। यो त आगाको भुङ्गो होइन, यो गुञ्जाफल हो। तिमीहरूले गरेका व्यर्थको परिश्रमले कुनै फाइदा हुँदैन। यसलाई सेकेर पनि कतै न्यानो पाउँछौ र ? बरु गएर कतै हावा नलाग्ने ठाउँ खोजेर बस न। अझ कुनै ओडार वा पर्वतको गुफामा गएर लुक्यौ भने झन राम्रो हुन्छ। किनभने बादलको कालो मुस्लो अहिले पनि चारैतिर मडारिइरहेको छ। आकाश अहिले पनि सफा हुन सकेको छैन, बादलले भरिभराउ रहेको छ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तेषामेकतमो वृद्धवानरस्तमुवाच— "भो मूर्ख ! किं तवानेन व्यापारेण । तद् गम्यताम् ।" उक्तञ्च—

त्यस चराको यस्तो कुरो सुनेर उनीहरूमध्ये कुनै एउटा बुढा बाँदरले— "ए मूर्ख ! तिमीले यस्तो प्रयास गरेर के फाइदा हुन्छ र ? आखिर यस कुरामा तिमीलाई के चासो पऱ्यो ? यहाँबाट तुरुन्तै भाग । भनिएको पनि छ कि—

मुहुर्विघ्नितकर्माणं द्यूतकारं पराजितम् ।
नालापयेद्विवेकज्ञो यदीच्छेत्सिद्धिमात्मनः ॥ ४१८ ॥ तथा च—

कुनै काम गर्नमा असफल भएका व्यक्तिसँग र हारेका जुवाडेसँग कुनै पनि व्यक्तिले जतिसुकै भलो चिताएर भए पनि उपदेश दिने विचारले बोलचाल गर्नुहुँदैन। अरू पनि—

आखेटकं वृथा क्लेशं मूर्खं व्यसनसंस्थितम् ।
आलापयति यो मूढः स गच्छ.ते पराभवम्" ॥ ४१९ ॥

व्याधा, असफल भएको व्यक्ति, मूर्ख र आपद्ले ग्रस्त भएका व्यक्तिसँग जसले कुरो गर्दछ, त्यो मूर्ख हो र ऊ केवल तिरस्कारको पात्र मात्रै हुन्छ ।

सोऽपि तमनादृत्य भूयोऽपि वान.नवरतमाह— " भोः ! किं वृथा क्लेशेन ?"

सिउने चरो भने त्यस बाँदरका भनाइको कुनै वास्ता नगरीकन अझै पनि लगातार भट्याइरहेको थियो । ऊ ती बाँदरहरूलाई— "हेर मित्रहरू हो ! यसरी व्यर्थमा कष्ट खपेर नबस । यसरी कष्ट खपेर तिमीहरूलाई के लाभ छ र" भन्दै थियो ।

अथ यावदसौ न कथञ्चित्प्रलपन्विरमति, तावदेकेन वानरेण व्यर्थश्रमत्वात्कुपितेन पक्षाभ्यां गृहीत्वा शिलायामास्फालितः, उपरतश्च । अतोऽहं ब्रवीमि— "नानाम्यं नमते दारु ... इत्यादि । तथा च—

जब कुनै किसिमले उसले आफ्नो गनगने भनाइलाई बन्द गर्ने कोसिस गरेन अनि ती बाँदरहरूमध्ये कुनै एउटा उसका कचकचबाट वाक्क भइसकेको थियो र उता गुञ्जाफलबाट तातो पनि आएको थिएन, त्यसैले रिसायो । त्यसले चराका दुवै पँखेटालाई समात्यो र एउटा ढुङ्गामा लगेर जोडले पछाऱ्यो । चरो तत्कालै मऱ्यो । त्यसैले म भन्दछु कि अयोग्य व्यक्तिलाई कसै गरी पनि शिक्षा दिनुहुँदैन । अरू पनि—

उपदेशो हि मूर्खाणां प्रकोपाय न शान्तये ।
पयःपानं भुजङ्गानां केवलं विषवर्धनम् ॥ ४२० ॥ अन्यच्च—

"मूर्खहरूलाई उपदेश दिनाले उनीहरू खुसी हुँदैनन् । बरु अझै बढी रिसाउनतिर लाग्दछन् । सर्पलाई दुध खुवाउनाले उसको विष घट्दैन बरु उल्टै अझ धेरै बढ्नतिर लाग्दछ। अरू पनि—

उपदेशो न दातव्यो यादृशे जने ।
पश्य वानरमूर्खेण सुगृहीनिर्गृही कृतः" ॥ ४२१ ॥

जुन पायो उही मानिसलाई उपदेश दिनु उचित हुँदैन । हेर त, त्यस मूर्ख बाँदरले एउटा घरमा बस्नेलाई उपदेश दिएकै कारणले घर भत्काएर बिचल्ली बनाइदियो" भन्ने सुनायो ।

दमनक आह— "कथमेतत् ?" सोऽब्रवीत्—

दमनकले— "त्यो कस्तो कथा हो ?" भनेर सोध्यो । अनि करटकले भन्यो—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वानरचटकदम्पतिकथा

अस्ति कस्मिंश्चिद्वनोद्देशे शमीवृक्षः। तस्य लम्बमानशाखायां कृतावासा-वरण्यचटकदम्पती वसतः स्म। अथ कदाचित्तयोः सुखसंस्थयोर्हेमन्तमेघो मन्दं मन्दं वर्षितमारब्धः। अतोऽन्तरे कश्चिच्छाखामृगो वातासारसमाहतः प्रोद्घुषितशरीरो दन्तवीणां वादयन् वेपमानस्तच्छमीमूलमासा-द्योपविष्टः। अथ तं तादृशमवलोक्य चटका प्राह– "भो भद्र !

बाँदर र भँगेराजोडी

वनका कुनै भागमा समीको एउटा रुख थियो। त्यसका एउटा लामा हाँगामा गुँड वनाएर एकजोडी भँगेराले आनन्दसाथ सुखको जीवन बिताउँदै बसोबास गरिआएका थिए। कुनै बेला हिउँको याममा सिमसिमे पानी परिरहेको थियो। त्यसै बेला चिसो सिरेटो पनि चल्दै गर्दा जाडाका पिरले निकै दुःख पाएको एउटा बाँदर त्यहाँ आइपुग्यो र समीवृक्षका फेदमा बस्यो। ठन्डी ज्यादा भएको हुँदा जिउ नै ठिङ्ग्रिन लागेको थियो भने जाडाले त्यो बाँदर थर्थर कामिरहेको पनि थियो। ठकठक जाडाले कामेको हुँदा त्यसका दाँत पनि वीणाझैँ बज्दै थिए। उसको त्यस्तो अवस्था देखेर पोथी भँगेराले– "भद्र !

हस्तपादसमायुक्तो दृश्यसे पुरुषाकृतिः।
शीतेन भिद्यसे मूढ ! कथं न कुरुषे गृहम् ?॥ ४२२॥

हातखुट्टा हेर्दा भने तिमी मानिसजत्तिकै देखिन्छौ। त्यही पनि जाडाले किन यसरी कामिरहेका छौ ? तिमी त मूर्ख पो रहेछौ त। मानिसजस्तै भएर पनि तिमीले आफूलाई बस्नका लागि सजिलो हुने किसिमको एउटा घर किन नबनाएका ?" भनेर सोध्यो।

एतच्छ्रुत्वा तां वानरः सकोपमाह– "अधमे ! कस्मान्न त्वं मौनव्रता भवसि ? अहो धाष्टर्यमस्याः, अद्य मामुपहसि।

भँगेराको कुरो सुन्नेबित्तिकै त्यो बाँदर रिसले मुर्मुरियो र कड्किँदै– "ऐ दुष्ट ! चुप लागेर बस्न सक्तैनस् ? तँ यति सानो चराले छुच्याइँ गर्दै मलाई जिस्क्याउने हो।

सूचीमुखी दुराचारा रण्डा पण्डितमानिनी।
नाशङ्कते प्रजल्पन्ती तत्किमेनां न हन्म्यहम्॥ ४२३॥

तँ सियोजस्तो छुचोमुख भएको, चोथाले, दुराचारी र हेपाहा खालको चराले आफूलाई निकै जान्ने ठान्दो रहिछस्। मसँग जे पायो त्यही बोल्न तँलाई अलिकति पनि डर लाग्दो रहेनछ। पख, आज म तँलाई मारिदिनेछु। अनि त तेरो चुरीफुरी आफैँ सेलाउनेछ।" भन्न थाल्यो।

एवं विचिन्त्य तामाह– "मुग्धे ! किं तव ममोपरि चिन्तया ? उक्तञ्च–

त्यस चरालाई मार्ने मनले निश्चय गरिसकेपछि उसले– ए, मूर्ख चरा ! मेरा लागि टाउको दुखाउन तँलाई कसले लगायो ? मैले सुख पाए पनि दुःख पाए पनि तँलाई केको खसखस ?" भन्दै फेरि कराउन थाल्यो। भनिएको पनि छ कि–

वाच्यं श्रद्धासमेतस्य पृच्छतश्च विशेषतः।
प्रोक्तं श्रद्धाविहीनस्य अरण्यरुदितोपमम्॥ ४२४॥

श्रद्धालु र आदरसाथ सोध्ने मानिसका अगाडिमात्रै मानिसले आफ्नो दुःखसुखको कुरो सुनाउनुपर्छ। श्रद्धा नभएका मानिसका अगाडि केही भन्नु त जङ्गलमा रोएजस्तै व्यर्थ हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्किं बहुना तावत्, कुलायस्थितया तयाभिहितः स तावत्तां शमीमारुह्य तस्याः कुलायं शतधा खण्डशोऽकरोत्। अतोऽहं ब्रवीमि– "उपदेशो न दातव्य .... इति।

अनि त के भन्नु र, जुन गुँडमा बसेर त्यो पोथी भँगेरो बोलिरहेको थियो त्यो बाँदर त्यस समीका बोटमाथि चढ्यो र त्यसको गुँड नै भताभुङ्गसँग सयौँ टुक्रा हुने गरी भत्काइदियो भन्ने कथा सुनायो र यो कथा सुनाइसकेपछि करटकले– "त्यसैले म भन्दछु कि जुनसुकै व्यक्तिलाई उपदेश दिनुहुँदैन" भन्दै ....

तन्मूर्ख ! शिक्षापितोऽपि न शिक्षितस्त्वम्। अथवा न ते दोषोऽस्ति, यतः साधोः शिक्षा गुणाय सम्पद्यते, नासाधोः। उक्तञ्च–

उसले फेरि तिमी त यति मूर्ख छौ कि सिकाउँदा पनि केही सिक्न सक्दैनौ। अथवा यसमा तिम्रो त कुनै दोष छैन। किनभने सज्जनपुरुषहरूलाई दिइएको शिक्षा नै गुणकारी हुन्छ। भनिएको पनि छ कि–

किं करोत्येव पाण्डित्यमस्थाने विनियोजितम्।
अन्धकारप्रतिच्छन्ने घटे दीप इवाहितः ॥ ४२५ ॥

अनुचित स्थानमा देखाइएको पण्डित्याइँले आखिरमा कुनै फाइदा गर्न सक्दैन। कालो अन्धकारले भरिएका घैलाभित्र राखेका दियोका प्रकाशले घरलाई उज्यालो पार्न नसकेजस्तै गलत ठाउँमा दिइएका शिक्षाले पनि कुनै काम गर्न सक्दैन।

तद्व्यर्थपाण्डित्यमाश्रित्य मम वचनमशृण्वन्नात्मनो हानिमपि वेत्सि। तन्नूनमपजास्त्वम्। उक्तञ्च–

व्यर्थ पाण्डित्यले भरिएको अहङ्कारका कारणले मेरा कुरालाई महत्त्व दिएनौ र मानेनौ अनि स्वयं आफ्नै हित र अहित पनि तिमीले सोचेनौ। वास्तवमा तिमी नालायक हौ। भनिएको पनि छ कि–

जातः पुत्रोऽनुजातश्च अतिजास्तथैव च।
अपजातश्च लोकेऽस्मिन्मन्तव्यः शास्त्रवेदिभिः ॥ ४२६ ॥

शास्त्रको विशेष ज्ञान भएका पण्डितरहरूका अनुसार यस सम्पूर्ण संसारमा जात, अनुजात, अतिजात र अपजात गरी मानिसका यी चार किसिमका पुत्रहरू हुन्छन्।

मातृतुल्यगुणो जातस्त्वनुजातः पितुः समः।
अतिजातस्त्वधिकस्तस्मादपजातोऽधमाधमः ॥ ४२७ ॥

आमाका गुणहरूजस्तै गुण भएका पुत्रहरूलाई जात भनिन्छ भने पिताको जस्तै गुण भएका सन्तानलाई अनुजात भनिन्छ। मातापिताभन्दा बढी गुणले सम्पन्न भएका सन्तानलाई अतिजात भनिन्छ र अधमभन्दा पनि अधम व्यवहार भएका सन्तानलाई अपजात भनिएको छ।

अप्यात्मानो विनाशं गणयति न खलः परव्यसनहृष्टः।
प्रायो मस्तकनाशे समरमुखे नृत्यति कबन्धः ॥ ४२८ ॥ अहो साध्विदमुच्यते–

अर्कालाई आपद्मा परेको देखेर खुसी हुने व्यक्तिले आफ्नो विनाशको पर्बाह गर्दैन। युद्धका मैदानको मुर्कट्टा प्रायः आफ्नो टाउको छिनेपछि नाच्ने गर्दछ। मुर्कट्टालाई आफ्नो टाउको छिनेकोमा उति दुःख लागेको हुँदैन तर अर्काका जिउमा चोट लागेको ठानेर खुसीले नाच्न लागेको हुन्छ। दुष्टको स्वाभाविक गुण पनि यस्तै हुन्छ। कसैले ठिकै पनि भनेका रहेछन् कि–

धर्मबुद्धिः कुबुद्धिश्च द्वावेतौ विदितौ मम।
पुत्रेण व्यर्थपाण्डित्यात् पिता धूमेन घातितः" ॥ ४२९ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मवुद्धि र पापबुद्धि नामका दुवैलाई मैले चिनेको छु। उनीहरूमध्ये पापबुद्धिले नै धुँवामा पिल्स्याएर आफ्नै बाबुलाई मारिदिएको थियो" भनेर करटकले भन्यो।

दमनक आह— "कथमेतत् ?" सोऽब्रवीत्—

दमनकले— "त्यो कसरी ?" भनेर सोध्यो। अनि करटक बताउन लाग्यो—

धर्मबुद्धिपापबुद्धिकथा

कस्मिँश्चिदधिष्ठाने धर्मबुद्धिः पापबुद्धिश्चेति द्वे मित्रे प्रतिवसतः स्म। अथ कदाचित्पापबुद्धिना चिन्तितम्— "अहं तावन्मूर्खो दरिद्रयोपेतश्च। तदेनं धर्मबुद्धिमादाय देशान्तरं गत्वास्याश्रयेणार्थोपार्जनं कृत्वैनमपि वञ्चयित्वा सुखी भवामि।"

धर्मबुद्धि र पापबुद्धि

कुनै एउटा सहरमा धर्मबुद्धि र पापबुद्धि नामका दुईजना साथीहरू बस्दथे। उनीहरूमध्ये पापबुद्धिले कुनै दिन— "म त मूर्ख पनि छु र दरिद्र पनि छु। अतः यस धर्मबुद्धिलाई लिएर विदेशतिर जानुपर्‍यो र यसका प्रभावबाट धेरै धन कमाउनुपर्‍यो अनि यसलाई छल गरी धोका दिएर यसका भागको पनि कमाइ आफैँले हात पार्नुपर्‍यो। यसो गरिसकेपछि मेरो जीवन साह्रै सुखले बित्नेछ" भन्ने सोच्यो।

अथान्यस्मिन्नहनि पापबुद्धिधर्मबुद्धि प्राह— "भो मित्र! वार्द्धकभावे किं त्वमात्मवि-चेष्टितं स्मरिष्यसि ? देशान्तरमदृष्ट्वा कां शिशुजनस्य वार्ता कथयिष्यसि ? उक्तञ्च—

भोलिपल्ट धर्मबुद्धि भएका ठाउँमा गएर उस पापबुद्धिले— "मित्र ! बुढेसकालमा तिमी आफ्ना कुन कर्मलाई सम्झेर बस्छौ ? अनि देशविदेशका अनौठा काम र रमाइला कुराहरू नदेखीकन आफ्ना छोरानातिलाई केका कथाहरू गफ गरेर सुनाउँछौ ? भनिएको छ कि—

देशान्तरेषु बहुविधभाषावेषादि येन न ज्ञातम्।
भ्रमता धरणीपीठे तस्य फल जन्मनो व्यर्थम्॥ ४३०॥ तथा च—

कुनै मानिसले यस धर्तीमा जन्म लिएपछि विदेशको यात्रा नगरीकन र अनेकौँ किसिमका भाषाहरू नजानीकन बस्यो भने उसले जन्म लिएको कुनै काम लाग्दैन। त्यस्ता जन्मको केही फल छैन, व्यर्थ हुन्छ। अरू पनि—

विद्या वित्तं शिल्पं तावन्नाप्नोति मानवः सम्यक्।
यावद् व्रजति न भूमौ देशद्देशान्तरं हृष्टः" ॥ ४३१॥

विद्या, धन र सिपआदिको राम्रो जानकारी त्यतिन्जेल हुन सक्दैन, जतिन्जेल मानिसले धर्तीको ओल्लो छेउदेखि पल्लो छेउसम्मका ठाउँहरूको प्रसन्नतापूर्वक भ्रमण गर्न पाउँदैन" भन्यो।

अथ तस्य तद्वचनमाकर्ण्य प्रहृष्टमनास्तेनैव सह गुरुजनानुज्ञातः शुभेऽहनि देशान्तरं प्रस्थितः। तत्र च धर्मबुद्धिप्रभावेण भ्रमता पापबुद्धिना प्रभूततरं वित्तमासादितम्। ततश्च द्वावपि तौ प्रभूतोपार्जितद्रव्यौ प्रहृष्टौ स्वगृहं प्रत्यौत्सुक्येन निवृत्तौ। उक्तञ्च—

पापबुद्धिको यस्तो कुरो सुनिसकेपछि धर्मबुद्धिले पनि प्रसन्न हुँदै गुरुजनहरूको आज्ञा लिई शुभ मुहूर्तमा देशान्तर गमनका लागि उसँगै प्रस्थान गर्‍यो। त्यहाँ गएपछि धर्मबुद्धिका प्रभावले यताउति घुम्दैफिर्दै पापबुद्धिले पनि निकै धन कमायो। अनि ती दुवै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफूले कमाएको धनका साथमा खुसी मन लिएर रमाउँदै घरतिर फर्कन लागे। भनिएको पनि छ कि–

प्राप्तविद्यार्थशिल्पानां देशान्तरनिवासिनाम्।
क्रोशमात्रोऽपि भूभागः शतयोजनवद्भवेत्॥ ४३२॥

विद्या, धन, सिपआदिको ज्ञान हासिल गर्दै विदेशमा रहेका मानिसका लागि एक कोश जमिन पनि एकसय योजनजस्तै लाग्दछ। अर्थात् तिनीहरूलाई घरमा पुग्न ज्यादै ठूलो रहर र हतार पनि लाग्ने गर्दछ।

अथ स्वस्थानवर्तिना पापबुद्धिना धर्मबुद्धिरभिहितः– "भद्र! न सर्वमेतद्धनं गृहं प्रति नेतुं युज्यते, यतः कुटुम्बिनो बान्धवाश्च प्रार्थयिष्यन्ते। तदत्रैव वनगहने क्वापि भूमौ निक्षिप्य किञ्चिन्मात्रमादाय गृहं प्रविशावः। भूयोऽपि प्रयोजने सञ्जाते तन्मात्रं समेत्यास्मात्स्थानान्नेष्यावः। उक्तञ्च–

आफ्ना गाउँका नजिकै आइपुगेपछि पापबुद्धिले धर्मबुद्धिसँग– "भद्र! यो सारा धनलाई यसै लिएर घर जानु ठिक हुनेछैन। किनभने यो धन सबैलाई देखाउँदै यसै गरी त्यहाँ लिएर गयौँ भने दाजुभाइ र आफन्तहरूले माग्न थाल्दछन्। अतः यतैतिर कतै घना जङ्गलमा यो सबै माटामुनि पुरेर अलिकतिमात्रै लिएर जाऔँ। अनि फेरि जहिले यसको आवश्यकता पर्दछ, त्यस बेला आवश्यकताअनुसारको खनेर झिक्दै लैजाऊँला" भन्यो। भनिएको पनि छ कि–

न वित्तं दर्शयेत्प्राज्ञः कस्यचित्स्वल्पमप्यहो!।
मुनेरपि यतस्तस्य दर्शनाच्चलते मनः॥ ४३३॥ तथा च–

बुद्धिमान् व्यक्तिले आफ्नो अलिकति धन पनि अरू कसैका अगाडि प्रकट गर्नुहुँदैन। किनभने धनलाई देखेपछि मुनिहरूको पनि बुद्धि भ्रष्ट हुन्छ। अर्थात् धन देखेपछि महादेवका पनि तीनै नेत्र खुल्छन्। अरू पनि–

यथामिषं जले मत्स्यैर्भक्षते श्वापदैर्भुवि।
आकाशे पक्षिभिश्चैव तथा सर्वत्र वित्तवान्" ॥ ४३४॥

आमिष र वित्तवान् पुरुषलाई खानेहरू सर्वत्र पाइन्छन्। जस्तै मासलाई जलमा माछाले, जमिनमा हिंस्रक पशुहरूले र आकाशमा पक्षीहरूले खानका लागि तयार रहन्छन् उसै गरी धनी मानिसलाई लुट्नका लागि पनि सर्वत्र आफन्त होऊन् वा पराई सबै मानिसहरू नै तयार हुन्छन्।

तदाकर्ण्य धर्मबुद्धिराह– "भद्र! एवं क्रियताम्।"

पापबुद्धिको उक्त प्रस्तावलाई सुनेर धर्मबुद्धिले– "मित्र! कुरो त ज्यादै ठिक छ, अब तिमीले भनेझैँ नै गरौँ" भन्यो।

तथानुष्ठिते द्वावपि तौ स्वगृहं गत्वा सुखेन संस्थितवन्तौ। अथान्यस्मिन्नहनि पापबुद्धिर्निशीथेऽटव्यां गत्वा तत्सर्वं वित्तं समादाय गर्त्तं पूरयित्वा स्वभवनं जगाम। अथाऽन्येद्युधर्म-बुद्धिं समभ्येत्य प्रोवाच– "सखे! बहुकुटुम्बा वयं वित्ताभावात्सीदामः। तद्गतवा तत्र स्थाने किञ्चिन्मात्रं धनमानयावः।"

धनजति सबै माटामुनि गाडिसकेपछि ती दुवैजना आआफ्ना घरतिर लागे र रमाइलो गर्दै सुखपूर्वक रहँदै थिए। अर्कोकुनै र दिन रातका समयमा पापबुद्धिले वनमा गएर गाडेर राखेको दुवै जनाको सबै धन निकालेर भाँडो रित्याइसकेपछि खाडललाई त्यत्तिकै पुरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोडिदियो र घरतिर आयो। फेरि अनि अर्को दिन धर्मबुद्धिसँग गएर– "मित्र ! मेरा घरपरिवार ज्यादै ठूलो छ। घरमा धनको अभाव भयो। त्यसले गर्दा हामी ज्यादै दुःखी छौँ। त्यसैले धन राखेका ठाउँमा गएर खनेर ल्याउनुपर्‍यो, जाऔँ" भन्यो।

सोऽब्रवीत्– "भद्र ! एवं क्रियताम्।"

त्यसको कुरो सुनेपछि धर्मबुद्धिले– "भद्र ! ठिकै छ, तिमीले भनेझैँ गरौँ" भन्यो।

अथ द्वावपि गत्वा तत्स्थाने यावत्खनतस्तावद्विभक्तं भाण्डं दृष्टवन्तौ। अत्रान्तरे पापबुद्धिः शिरस्ताडयन् प्रोवाच– "भो धर्मबुद्धे ! त्वया हतमेतद्धनं नान्येन, यतो भूयोऽपि गर्त्तापूरणं कृतम्। तत्प्रयच्छ मे तस्यार्द्धम्। अथवाहं राजकुले निवेदयिष्यामि।"

त्यसपछि ती दुवैले त्यहाँ गएर जब त्यस ठाउँलाई खनेर हेर्छन् त, गाडेका धनको खाली भाँडोमात्रै भेटियो। भाँडो खाली भएको देखेर पापबुद्धिले आफ्नो भाग्यलाई धिक्कार्दै रिसाएर– "ऐ दुष्ट ! यहाँको धन तिमीले नै चोर्‍यौ, अर्को दोस्रो कुनै आएर चोरेको होइन। किनभने खाडल खनिसकेपछि फेरि पुरिसकिएको छ। अतः त्यो चोरिएको धनको आधा भाग तिमीले मलाई देऊ होइन भने म राजासँग गएर बिन्ती गर्नेछु" भन्न थाल्यो।

स आह– "भो दुरात्मन् ! मैवं वद, धर्मबुद्धिः खल्वहम्। नैतच्चौरकर्म करोमि। उक्तञ्च–

उसले– "ए पापी ! यस्तो कुरो कहिल्यै नगर। मेरो नाम धर्मबुद्धि हो र व्यवहार पनि नामजस्तै धर्मको छ। म यसरी चोर्ने काम कहिल्यै गर्नेछैनँ" भन्यो। भनिएको पनि छ कि–

मातृवत्परदाराणि परद्रव्याणि लोष्ठवत्।
आत्मवत्सर्वभूतानि वीक्ष्यन्ते धर्मबुद्धयः" ॥ ४३५ ॥

धर्ममा विश्वास गर्ने मानिसले अर्काकी स्त्रीलाई आमासमान, अर्काको धनलाई माटाको डल्लोसमान र संसारका सबै प्राणीलाई आफँसमान ठान्दछन्।

एवं द्वावपि तौ विवदमानौ धर्माधिकरणं गतौ प्रोचतुश्च परस्परं दूषयन्तौ।

दुवै व्यक्तिका बिच आपसी विवाद पर्दापर्दै एकापसमा दोष लगाउने प्रयास गर्दागर्दै ती दुवै उजुरी गर्नका लागि न्यायालयमा पुगे।

अथ धर्मधिकरणाधिष्ठितपुरुषैर्दिव्यार्थे यावन्नियोजितौ, तावत्पापबुद्धिराह– "अहो ! न सम्यग्दृष्टोऽयं न्यायः। उक्तञ्च–

जब न्यायाधीशहरूले सत्यताको परीक्षणका लागि "दिव्य परीक्षा" को आदेश दिए, त्यस बेला पापबुद्धिले आत्तिएर– "यो उचित न्याय गरिएको भएन। अर्थात् यो उचित न्याय होइन। भनिएको पनि छ–

विवादेऽन्विष्यते पत्रं तदभावेऽपि साक्षिणः।
साक्ष्यभावात्ततो दिव्यं प्रवदन्ति मनीषिणः ॥ ४३६ ॥

महर्षिहरूको भनाइ छ कि विवादमा सबैभन्दा पहिले लिखित सबुत र प्रमाणलाई हेर्नुपर्दछ। लिखित प्रमाणको अभावमा साक्षी लिनुपर्दछ। अनि साक्षीका अभावमा मात्रै दिव्य परीक्षा लिनुपर्दछ।

तदत्र विषये मम वृक्षदेवताः साक्षीभूतास्तिष्ठन्ति। ता अप्यावयोरेकतरं चौरं साधुं वा कथयिष्यन्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस विवादमा अहिले एउटा मेरो वृक्षदेवता साक्षीका रूपमा विद्यमान छन्। उनले नै हामीहरूमध्ये को चोर हो र को साधु हो भन्ने कुरो बताइदिनेछन्। अतः दिव्य परीक्षा गर्नु न्यायसङ्गत हुँदैन" भन्यो।

अथ तैः सर्वैरभिहितम्— "भोः ! युक्तिमुक्त भवता। उक्तञ्च—

उसको कुरो सुनेर न्यायाधीशहरूले— "तिमी ठिकै भन्दै छौ। भनिएको पनि छ कि—

अन्त्यजोऽपि यदा साक्षी विवादे सम्प्रजायते।
न तत्र विद्यते दिव्यं किं पुनर्यत्र देवता॥ ४३७॥

विवादमा यदि अन्त्यज वा हीन जाति नै पनि साक्षी बन्नका लागि तयार छ भने दिव्य परीक्षा गर्नुहुँदैन। अतः जुन विवादमा देवता नै साक्षीका लागि तयार भइरहेका छन्, त्यसमा सोच्नुपर्ने कुरो केही पनि बाँकी रहेको हुँदैन।

तदस्माकमप्यत्र विषये महत्कौतूहलं वर्तते प्रत्यूषसमये युवाभ्यामप्यस्माभिः सह तत्र वनोद्देशे गन्तव्यम्" इति।

हामीहरूलाई पनि यस विषयमा निकै आश्चर्य लागिरहेको छ। अतः भोलि बिहानकै बखतमा हामीहरू वनदेवताहरूको साक्षीप्रमाण लिनका लागि जान्छौं, तिमीहरू पनि हामीसँगै जानुपर्दछ" भने।

एतस्मिन्नवरसरे पापबुद्धिः स्वगृहं गत्वा स्वजनकमुवाच— "तात ! प्रभूतोऽयं मयार्थो धर्मबुद्धेश्चोरितः। स च तव वचनेन परिणतिं गच्छति, अन्यथास्माकं प्राणैः सह यास्यति।"

न्यायालयबाट फर्किएर घरमा आइपुगेपछि पापबुद्धिले आफ्ना बाबुछेउ गएर— "बा ! मैले धर्मबुद्धिको मनग्गे धन चोरेको छु। त्यो तपाईंका भनाइले हाम्रो आफ्नै भएर सधैं रहन सक्दछ, नभए त्यसले हाम्रो ज्यानसमेत लिएर जान्छ" भन्यो।

स आह— "वत्स ! द्रुतं वद, येन प्रोच्य तद् द्रव्यं स्थिरतां नयामि।"

छोराको कुरो सुनेर उसले— "बाबु ! छिटो भन, मैले के भन्नुपर्ने हो ? यदि मैले केही भन्दैमा त्यो धन हाम्रो आफ्नै बनेर सधैं हामीसँग रहन्छ भने म भन्नका लागि तयार छु" भन्यो।

पापबुद्धेराह— "तात ! अस्ति तत्प्रदेशे महाशमी। तस्यां महत्कोटरमस्ति। तत्र त्वं साम्प्रतमेव प्रविश। ततः प्रभाते यदाहं सत्यश्रावणं करोमि, तदा त्वया वाच्यं यद धर्मबुद्धश्चौरः" इति।

अनि पापबुद्धिले— "बा ! त्यस ठाउँमा एउटा समीको रुख छ। त्यसमा एउटा ठूलो टोड्को छ। त्यसभित्र तपाईं अहिले नै गएर पस्नुहोस्। अनि भोलि जति बेला सत्य कुरो भन भनेर म देवताहरूलाई पुकार्दछु त्यति बेला तपाईंले साँच्चैको चोर धर्मबुद्धि नै हो भनेर कराउनू" भन्ने सिकायो।

तथानुष्ठिते प्रत्यूषे स्नात्वा पापबुद्धि धर्मबुद्धिपुरःसरो धर्माधिकरणिकैः सह तां शमीमभ्येत्य तारस्वरेण प्रोवाच—

पापबुद्धिको भनाइअनुसार उसको बाबु गएर त्यस टोडकाभित्र लुकेर बस्यो। अर्को दिन बिहानकै समयमा नुहाईधुवाई गरिसकेपछि धर्मबुद्धि र न्यायाधीशहरूसँग पापबुद्धि पनि त्यस वनमा गयो र त्यसै समीवृक्षका फेदमा उभिएर ठूलो स्वरमा—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"आदित्यचन्द्रावनिलोऽनलश्च द्यौर्भूमिरापो हृदयं यमश्च।
अहश्च रात्रिश्च उभे च सन्ध्ये धर्मश्च जानाति नरस्य वृत्तम्॥ ४३८ ॥

"यी भगवान्, चन्द्रमा, सूर्य, वायु, अग्नि, अन्तरिक्ष, भूमि, जल, हृदय, यम, दिन, रात, र दुवै सन्ध्याहरू तथा धर्म यी सबै देवताहरू मानिसले गरेका प्रत्येक कर्मका साक्षी हुन्।

भगवति वनदेवते ! आवयोर्मध्ये यश्चौरस्तं कथय।"

त्यसै हुनाले हे भगवति ! हे वनदेवी ! हामीहरूमध्ये जो चोर हो, त्यसको नाम धर्मपूर्वक बताइदेऊ" भन्यो।

अथ पापबुद्धिपिता शमीकोटरस्थः प्रोवाच– "भोः ! शृणुत धर्मबुद्धिना हृतमेतद्धनम्।"

पापबुद्धिको यस प्रकारको घोषणा सुनेपछि उसका पिताले समीका रुखको टोडका बसेर त्यहीँबाट– "हे सज्जनहरू हो ! तिमीहरूले मेरो कुरो निकै ध्यान दिएर सुन, त्यस धनलाई धर्मबुद्धिले नै चोरेको हो" भन्यो।

तदाकर्ण्य सर्वे ते राजपुरुषा विस्मयोत्फुल्ललोचना यावद्धर्मबुद्धेर्वित्तहरणेचितं निग्रहं शास्त्रदृष्ट्यावलोकयन्ति तावद्धर्मबुद्धिना तच्छमीकोटरं वह्निभोज्यद्रव्यैः परिवेष्ट्य वह्निना सन्दीपितम्। अथ ज्वलति तस्मिञ्शमीकोटरेऽर्धदग्धशरीरः स्फुटितेक्षणः करुणं परिदेवयन् पापबुद्धिपिता निश्चक्राम। ततश्च तैः सर्वैः पृष्टः– "भोः ! किमिदम् ?"

त्यसको कुरो सुनेर ती राजाका कर्मचारी र न्यायाधीशहरूले आश्चर्यचकित भई अचम्म मानेका आँखाले धर्मबुद्धितिर हेर्दै जब उसको चोरीअनुसारको दण्डको व्यवस्था गर्न धर्मशास्त्रलाई विचार गर्दै आपसी विचारविमर्श गर्न लागे उतातिर धर्मबद्धिले बल्नेखालका सुकेका दाउराहरू भेला पारेर समी रुखका टोड्कामा हालेर त्यसमा आगो सल्काइदियो। जब टोडको बल्न लाग्यो अनि त्यसभित्रबाट आँखा फुटिसकेको पापबुद्धिको बाबु आधा डढेर निस्कियो। त्यसलाई देखेपछि न्यायाधीशहरूले– "तिमी को हौ ? तिम्रो यो अवस्था कसरी भयो, भन ! " भनेर सोधे।

इत्युक्ते स पापबुद्धिविचेष्टितं सर्वमिदमिति निवेदयित्वोपरतः।

न्यायाधीशहरूले सोधेको कुरो सुनेपछि पापबुद्धिले दुःख दिएका कारण बाबुचाहिँले सम्पूर्ण कुरो यथार्थ बतायो र तत्काल मऱ्यो पनि।

अथ ते राजपुरुषाः पापबुद्धिं शमीशाखायां प्रतिलम्ब्य, धर्मबुद्धिं प्रशस्येदमूचुः– "अहो, साध्विदमुच्यते–

त्यसपछि न्यायाधीशहरूले पापबुद्धिलाई त्यसै समी रुखका हाँगामा झुन्डाए र धर्मबुद्धिको प्रशंसा गरे। कसैले ठिकै पनि भनेको रहेछ–

उपायं चिन्तयेत्प्राज्ञस्तथापायं च चिन्तयेत्।
पश्यतो बकमूर्खस्य नकुलेन हता बकाः॥ ४३९ ॥

चतुर व्यक्तिले उपायका साथसाथै अपाय अर्थात् हुनसक्ने अनर्थ काम वा कुराहरूमाथि पनि विचार गर्नुपर्दछ। लाभ र हानी यी दुवै पक्षको विचार नगरेका कारणले नै त्यस मूर्ख बकुल्लाका साथसाथै उसका सबै आफन्तहरूले पनि न्याउरीबाट मारिनुपरेको थियो।

धर्मबुद्धिः प्राह– "कथमेतत् ?" ते प्रोचुः–

धर्मबुद्धिले– "त्यस्तो कसरी भयो र ?" भनी सोध्यो। अनि न्यायाधीशहरूले भने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वकनकुलकथा

अस्ति कस्मिँश्चिद्वनोद्देशे बहुवकसनाथो वटपादपः। तस्य कोटरे कृष्णसर्पः प्रतिवसति स्म। स च वकबालकानजातपक्षानपि सदैव भक्षयन् कालं नयति स्म।

बकुल्लो र न्याउरी

कुनै वनमा अनेक बकुल्ला साथीहरूबाट भरिभराउ रहेको एउटा वरको रुख थियो। त्यसका ओडारमा एउटा कालो सर्प बस्ने गर्दथ्यो। त्यसले पँखेटा नपलाएका बकुल्लाका बच्चाहरूलाई खाएर आनन्दपूर्वक आफ्नो जीवन निर्वाह गर्दै आएको थियो।

अथैक वकस्ते भक्षितान्यपत्यानि दृष्ट्वा शिशुवैराग्यात्सरस्तीरमासाद्य वाष्पपूरितनय- नोऽधोमुखस्तिष्ठति। तञ्च तादृक्चेष्टितमवलोक्य कुलीरकः प्रोवाच- "माम ! किमेवं रुद्यते भवताद्य ?"

एक दिन आफ्ना बालबच्चाहरू त्यस सर्पबाट खाइएको देखेर दिक्क भएको एउटा बकुल्लो कुनै तलाउका किनारमा गएर आँखाभरि आँसु पार्दै दुःखी भएर भोक्राउँदै बसेर रुन लाग्यो। त्यसलाई त्यसरी दुःखी भएर बसेको देखेर एउटा गङटाले उसँग– "मामा ! आज तिमी किन यसरी रोइरहेका छौ ?" भनेर सोध्यो।

स आह– "भद्र ! किं करोमि ? मम मन्दभाग्यस्य बालकाः कोटरनिवासिना सर्पेण भक्षिताः। तद्दुःखदुःखितो रोदिमि। तत्कथय मे यद्यस्ति कश्चिदुपायस्तद्विनाशाय।"

त्यसको कुरो सुनेपछि बकुल्लाले– "भद्र ! के गर्नु ? दुर्भाग्यले छाएको हुनाले मेरा बच्चाहरूलाई टोडकामा बसेका काला सर्पले खाइदियो। ती बच्चाहरूका पिरले म ज्यादै दुःखी भएर रोइरहेको छु। तिमी त्यसलाई विनाश गर्ने कुनै उपाय वताउन सक्दछौ ?" भनी सोध्यो।

तदाकर्ण्य कुलीरकश्चिन्तयामास– "अयं तावदस्मज्जातिसहजवैरी। अतस्तत्तथा सत्यानृतमुपदेशं प्रयच्छामि, यथान्येऽपि सर्वे वकाः सक्षयमायान्ति। उक्तञ्च–

बकुल्लाको कुरो सुनेर गङटाले आफ्ना मनभित्र– "यो बकुल्लो पनि त हामी गङटाहरूको जन्मजात शत्रु नै हो नि। मौका राम्रो छ, अतः मैंले यसलाई एउटा उल्टो तरिका सिकाइदिनुपर्‍यो। त्यसो भएपछि यसका जातिका अरू बकुल्लाहरू पनि विनाश हुन सक्छन्। भनिएको पनि छ कि–

नवनीतसमां वाणीं कृत्वा चित्तं तु निर्दयम्।
तथा प्राबोध्यते शत्रुः सान्वयो म्रियते यथा॥ ४४०॥

आफ्ना हृदयलाई ढुङ्गोजस्तै मायाहीन कडा र मुखलाई नौनीजस्तै कोमल एवं मिठो बनाएर शत्रुलाई उल्टो बाटो देखाउँदै यसरी प्रभावित गर्नुपर्दछ कि जसका प्रभावमा आएर उसको शाखासन्तान नै नाश होस्" भन्ने सोच्यो।

आह च– "माम ! यद्येवं तन्मत्स्यमांसखण्डानि नकुलबिलद्वारात्सर्पकोटरं यावत् प्रक्षिप्त, यथा नकुलस्तन्मार्गेण गत्वा तं दुष्टसर्पं विनाश्यति।"

त्यस गङटाले बकुल्लासँग– "मामा ! यदि सत्य कुरो त्यही नै हो भने तिमी माछाका टुक्राटुक्रीहरू लिएर कुनै न्याउरीका दुलादेखि त्यस रुखका टोडकासम्म हालिदेऊ। अनि त्यसका लालचमा परेर न्याउरीले माछाका टुक्रा खाँदै सर्प बसेको टोडकासम्म पुग्छ। अनि उसैल सर्पलाई मार्नेछ" भनिदियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तथानुष्ठिते मत्स्यमांसानुसारिणा नकुलेन तं कृष्णसर्पं निहत्य तेऽपि तद्वृक्षाश्रयाः सर्वे बकाः शनैः शनैर्भक्षिताः।

गङ्टाले सिकाएबमोजिम बकुल्लाले माछाका टुक्राहरू न्याउरीका गुँडदेखि सर्पका टोड्कासम्म हालिदियो, त्यस्तो उपाय गरिसकेपछि माछाका टुक्राहरू खोज्दै खाँदै त्यो न्याउरी सर्पको दुलोसम्म पुग्यो र सर्पलाई मार्‍यो पनि। सर्पलाई मारिसकेपछि त्यसले बिस्तारै बिस्तारै त्यस रुखमा बसेका अरू बकुल्लालाई पनि मारेर खायो।

अतो वयं ब्रूमः– "उपायं चिन्तयेत् .... इति।

उक्त कथा समाप्त गरिसकेपछि न्यायाधीशहरूले धर्मबुद्धिसँग– "त्यसैले हामीहरू भन्दछौँ कि मानिसले उपाय त गर्नुपर्छ तर त्यसमा आफूलाई नै हानी गर्नेखालको अपाय पनि छ कि भनेर विचार गर्न बिर्सनुहुँदैन।

तदनेन पापबुद्धिना उपायश्चिन्तितो नापायः, ततस्तत्फलं प्राप्तम्।"

यस मूर्ख पापबुद्धिले आफ्नो चोरी लुकाउनका लागि उपाय त अवश्य सोच्यो तर त्यसबाट हुन सक्ने हानीलाई सोचेन। अतः त्यसको परिणामका रूपमा उसलाई यस्तो फल मिल्यो" भने।

अतोऽहं ब्रवीमि– "धर्मबुद्धिः कुबुद्धिश्च ... " इति।

उक्त दुवै कथाहरू समाप्त गरिसकेपछि करटकले दमनकसँग– "त्यसैले म भन्दछु कि पापबुद्धिले आफ्नै कुबुद्धिका कारण आफ्ना बाबुलाई डढायो।

एवं मूढः ! त्वयाप्युपायश्चिन्तितो नापायः, पापबुद्धिवत्। तन्न भवसि त्वं सज्जनः, केवलं पापबुद्धिरसि। ज्ञातो मया स्वामिनः प्राणसन्देहानयनात्। प्रकटीकृतं त्वया स्वयमेवात्मनो दुष्टत्वं, कौटिल्यश्च। अथवा साध्वीमुच्यते–

त्यस पापबुद्धिको जस्तै तिमी मूर्खले पनि आफ्नो स्वार्थलाई सिद्ध गर्ने उपाय त सोचेका छौ, तर त्यसबाट हुने हानीका विषयमा भने सोचेका छैनौ। अतः यो स्पष्ट भइसकेको छ कि तिमी सज्जन होइनौ। केवल पापबुद्धिकै जस्तो तिमी पनि दुर्बुद्धि हौ। तिमीले नै रचेका उपायले स्वामी यस्तो चिन्ताजनक दुर्दशामा परेको देखेर मैले तिम्रो दुर्मतिलाई चिनें। तिमीले आफ्ना कुकृत्यले भरिएको दुष्ट स्वभावले गर्दा र मनमा भएको कप्ट्याइँलाई प्रकट गराइसक्यौ। अथवा यो त ठिकै पनि भनिएको रहेछ–

यत्नादपि कः पश्येच्छिखिनामाहारनिःसरणमार्गम्।
यदि जलदध्वनिमुदितास्त एव मूढा न नृत्येयुः॥ ४४१॥

बादलको ध्वनि सुन्नेबित्तिकै मूर्खतापूर्ण ढङ्गले उत्ताउलिएर पँखेटा उचालीउचाली नाच्न नथाल्ने हो भने संसारमा कुनचाहिँ मानिसले त्यस मूर्ख मयूरको गुदद्वार कहिल्यै देख्न पाउँथ्यो होला र ?

यदि त्वं स्वामिनमेनां दशां नयसि, तदस्मद्विधस्य का गणना ? तस्मान्ममासन्नेन भवता न भव्यम् उक्तञ्च–

यदि तिमी स्वामीलाई त यस्ता अवस्थामा पुर्‍याउन सक्दछौ भने हामीजस्ता साधारण व्यक्तिलाई त के गन्ती गर्छौ होला र ? त्यसो हुँदा आजदेखि तिमीले मेरा नजिक आउने कोसिस पनि गर्नुपर्दैन। भनिएको पनि छ कि–

तुला लोहसहस्रस्य यत्र खादन्ति मूषिकाः।
राजंस्तत्र हरेच्छ्येनो बालकं नात्र संशयः" ॥ ४४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे राजन् ! जुन देशका मुसाले हजार पल परिमाणको फलामे तराजुलाई खाइदिन सक्दछन् भने त्यस देशका बाजले कुनै बालकलाई उडाउन पनि सक्लान् नि, यस्तो कुरामा शङ्का गर्नुपर्ने कुनै कुरो रहँदैन" भन्यो।

दमनक आह– "कथमेतत् ?" सोऽब्रवीत्–

त्यो कुरो सुनिसकेपछि दमनकले– "त्यस्तो के भएको थियो र?" भनेर सोध्यो। अनि करटकले भन्यो–

लोहतुला–वणिक्पुत्रकथा

अस्ति कस्मिँश्चिदधिष्ठाने जीर्णधनो नाम वणिक्पुत्रः। स च विभवक्षया- द्देशान्तरगमन- मना व्यचिन्तयत्–

फलामे तराजु र बनियाको छोरो

कुनै सहरमा जीर्णधन नामको एउटा बनियाँको छोरो रहने गर्दथ्यो। आफ्नो अवस्था ज्यादै गरिब भएका कारणले उसले विदेशतिर जाने इच्छा गर्दै–

यत्र देशेऽथवा स्थाने भोगा भुक्ताः स्ववीर्यतः।
तस्मिन्विभवहीनो यो वसेत्स पुरुषाधमः ॥ ४४३ ॥ तथा च–

"जुन देश वा सहरमा रहँदा मानिसले आफ्ना पराक्रमबाट विभिन्न किसिमका ऐश्वर्यको भोग गर्न पाएको थियो तर कालान्तरमा त्यसै ठाउँमा निर्धन भएर यदि जीवन निर्वाह गर्दै बस्नुपरेको छ भने त्यो भन्दा नीच पुरुष अर्को कुनै पनि हुन सक्दैन। अरू पनि–

येनाहङ्कारयुक्तेन चिरं विलसितं पुरा।
दीनं वसति तत्रैव यः परेषां स निन्दितः ॥ ४४४ ॥

सम्मानपूर्वक रहँदाखेरि अहङ्कारका साथ जसले पहिले कुनै ठाउँमा आनन्दको जीवन बिताउन पाएको थियो, उसैले पछि दुःखी भएर त्यसै ठाउँमा बस्नुपऱ्यो भने अरूका दृष्टिमा त्यसको कुनै इज्जत रहँदैन। मानिसहरूले उसको अनेक किसिमले निन्दा वा अपमान गर्नमा कुनै सङ्कोच मान्ने छैनन्" भन्ने सोच्यो।

तस्य च गृहे लोहभारघटिता पूर्वपुरुषोपार्जिता तुलाऽऽसीत्। तां च कस्यचिच्छ्रेष्ठिनो गृहे निक्षेपभूतां कृत्वा देशान्तरं प्रस्थितः। ततः सुचिरं कालं देशान्तरम् यथेच्छया भ्रान्त्वा पुनः स्वपुरमागत्य तं श्रेष्ठिनमुवाच– "भोः श्रेष्ठिन् ! दीयतां मे सा निक्षेपतुला।"

त्यसका घरमा पुर्खाकै पालामा बनाउन लगाइएको ज्यादै ठूलो फलामको एउटा तराजु पुर्ख्यौली धनका रूपमा बचेर रहेको थियो। त्यस तराजुलाई कुनै धनीका घरमा बन्धकी राखेर उसले विदेशतिरको यात्राका लागि प्रस्थान गऱ्यो। धेरै लामो समयसम्म विदेशमा आफूखुसी डुलफिर गरी प्रशस्त धन पनि उसले कमायो र अनि आफ्नो पुर्ख्यौली थलो सम्झिएर धेरै दिनपछि घरमा फर्किएर आयो। घरमा आइसकेपछि उसले तराजु बन्धक राखिदिएका साहुसँग भेटेर आफ्नो सामान फिर्ता माग्दै– "साहुजी ! मैले बन्धकमा राखेको मेरो तराजु अब फिर्ता देऊ" भन्यो।

स आह– "भो ! नास्ति सा त्वदीया तुला, मूषिकैर्भक्षिता" इति।

त्यस साहुले– "ए, बाबु ! तिम्रो तराजु त अब छैन। त्यसलाई हाम्रा घरका मुसाले खाइदिएछन्" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीर्णधन आह– "भो श्रेष्ठिन्! नास्ति दोषस्ते, यदि मूषिकैर्भक्षितेति। ईदृगेवार्थं संसारः। न किञ्चिदत्र शाश्वतमस्ति। परमहं नद्यां स्नानार्थं गमिष्यामि, तत्त्वमात्मीयं शिशुमेनं धनदेवनामानं मया सह स्नानोपकरणहस्तं प्रेषय" इति।

साहुको कुरो सुनेर जीर्णधनले– "साहुजी ! यसमा तपाईंको कुनै पनि दोष छैन। जब मुसाले नै खाइदिए भने तपाईंले के पो गर्न सक्नुहुन्छ र ? यो संसार नै यस्तै विचित्र किसिमको छ। यहाँ कुनै वस्तु अमर रहेको पाइँदैन। भैगो, अब म नुहाउनका लागि जाँदै छु। तपाईंले कृपया आफ्नो यस धनदेव नामको छोरालाई नुहाउने सामग्रीका साथमा मसँग पठाइदिनुहोस् न" भन्यो।

सोऽपि चौर्यभयात्तस्य शङ्कितः स्वपुत्रमुवाच– "वत्स! पितृव्योऽयंस्नानार्थं यास्यति, तद् गम्यतामनेन सार्धं स्नानोपकरणमादाय" इति। अहो साध्वीदमुच्यते–

साहुले पनि नुहाउन लगेका आफ्ना सामान चोरिएलान् भन्ने डरले धनदेवलाई बोलाएर– "बाबु ! तिम्रा यी काका नुहाउनका लागि जान लागेका छन्। तिमी स्नानका सामग्री लिएर यी काकासँग जाऊ" भन्यो। कसैले ठिकै पनि भनेको छ कि–

न भक्त्या कस्यचित्कोऽपि प्रियं प्रकुरुते नरः।
मुक्त्वा भयं प्रलोभं वा कार्यकारणमेव वा॥ ४४५॥ तथा च–

जुन ठाउँमा मानिसलाई डर, लोभ अथवा स्वार्थ हुँदैन त्यस्ता ठाउँमा कुनै पनि व्यक्तिले कसैको पनि भक्तिभावपूर्ण रूपमा हित अथवा माया गर्दैन। अरू पनि–

अत्यादरो भवेद्यत्र कार्यकारणवर्जितः।
तत्राशङ्का प्रकर्तव्या परिणामे सुखावहा॥ ४४६॥

बिनाकारण नै कसैले कसैलाई अत्यधिक आदर र सम्मान गरेको देखाउँछ भने त्यस्ता ठाउँमा पुगेका मानिसले निकै सतर्क हुनुपर्दछ। त्यस्ता ठाउँमा गरिएका मानसिक शङ्काले आफूलाई सुखद परिणाम दिन्छ।

अथासौ वणिक्शिशुः स्नानोपकरणमादाय प्रहृष्टमनास्तेनाभ्यागतेन सह प्रस्थितः। तथानुष्ठिते स वणिक् स्नात्वा तं शिशुं गिरिगुहायां प्रक्षिप्य, तद्द्वारं बृहच्छिलयाच्छाद्य सत्वरं गृहमागतः।

पिताको आज्ञाले बनियाको छोरा स्नानको सामग्री लिएर खुसी हुँदै त्यस पाहुनासँग हिँड्यो। नदीका किनारमा पुगिसकेपछि जीर्णधनले विधिपूर्वक स्नान गरेर सकेपछि त्यस बनियाका छोरालाई कुनै एउटा पर्वतका गुफामा लगेर लुकायो र त्यस गुफाको मुख कुनै विशाल ढुङ्गाले थुनेर घरतिर फर्कियो।

पृष्टश्च तेन वणिजा– "भोः अभ्यागत! कथ्यतां कुत्रमे शिशुर्यस्त्वयासह नदीं गतः ?" इति।

जीर्णधन एक्लै फर्किएको देखेर त्यस बनियाले "अतिथि महोदय ! तिमीसँग नुहाउन गएको मेरो छोरो खोई त ?" भनेर सोध्यो।

स आह– "नदीतटात्स श्येनेन हतः" इति।

उसले पनि– "त्यसलाई नदी किनारबाट बाजले उडाएर लग्यो" भन्यो।

श्रेष्ठ्याह– "मिथ्यावादिन्! किं क्वचिच्छ्येनो बालं हर्तुं शक्नोति ? तत्समर्पय मे सुतम्। अन्यथा राजकुले निवेदयिष्यामि" इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साहुले– "ऐ ढाँट ! कतै बाजले पनि मानिसको त्यत्रो बच्चालाई उडाएर लान सक्छ ? मेरो छोरो छिटो ल्याएर देऊ, होइन भने अदालतमा गएर उजुरी गर्नेछु" भन्यो।

स आह– "भोः सत्यवादिन् ! यथा श्येनो बालं न नयति, तथा मूषिका अपि लोहाभारघटितां तुलां न भक्षयन्ति, तदर्पय मे तुलां, यदि दारकेण प्रयोजनम् ।"

उसले पनि– "हे सत्यवादी ! जसरी बाजले केटालाई उडाएर लान सक्दैन, उसै गरी मुसाले फलामको तराजु पनि खान सक्दैन। अतः तिमीलाई आफ्नो छोरो चाहिन्छ भने मेरो तराजु फिर्ता गर" भन्यो।

एवं तौ विवदमानौ द्वावपि राजकुलं गतौ। तत्र श्रेष्ठी तारस्वरेण प्रोवाच– "भोः अब्रह्मण्यम् ! अब्रह्मण्यम् ! मम शिशुरनेन चौरेणापहृतः ।"

यसै किसिमका विवाद गर्दागर्दै उनीहरू दुवै न्यायालयमा पुगे। न्यायालयमा पुगेपछि साहुले चिच्याउँदै– "सरकार ! ममाथि ठूलो अन्याय हुँदै छ। म अन्यायमा पर्न लागेको छु। मेरो छोरालाई यस चोरले चोरेर लुकाएको छ" भन्यो।

अथ धर्माधिकारिणस्तमूचुः– "भोः ! समर्प्यतां श्रेष्ठिसुतः ।"

त्यसको फरियाद सुनेपछि न्यायाधीशहरूले– "हे बनिया ! तिमी यसको छोरो फिर्ता गरिदेऊ" भने।

स आह– "किं करोमि पश्यतो मे नदीतटाच्छ्येनेनापहृतः शिशुः ।"

उसले भन्यो– "सरकार ! म के गरौँ ? यसका छोरालाई मेरै अगाडि एउटा बाजले उडाएर लग्यो। अब म कहाँबाट ल्याइदिऊँ ?" भन्यो।

तच्छ्रुत्वाते प्रोचुः– "भोः ! नसत्यमभिहितं भवता किं श्येनः शिशुहर्तुं समर्थो भवति ?"

त्यसका कुरा सुनेपछि न्यायाधीशहरूले– "तिम्रो भनाइ सत्य होइन जस्तो लाग्दछ, कतै बाज पनि कुनै मानिसका बच्चालाई उडाएर लैजान सक्ने हुन्छ त ?" भने।

स आह– "भोः ! भोः ! श्रूयतां मद्वचः–

उसले निवेदन गर्दै– "सरकार ! मेरो कुरो पनि सुनियोस्।

तुलांलोहसहस्रस्य यत्र खादन्ति मूषिकाः ।
राजंस्तत्र हरेच्छ्येनो बालकं नात्र संशयः" ॥ ४४७ ॥

जुन ठाउँमा हजार पलको फलामको तराजु मुसाले खाएर सिध्याउन सक्दछन्, हे महाराज ! त्यस ठाउँमा बाजले मानिसको बच्चा पनि उडाउन सक्छन्। यसमा कुनै किसिमको शङ्का गर्नुपर्ने ठाउँ नै छैन" भन्यो।

ते प्रोचुः– "कथमेतत् ?"

न्यायाधीशहरूले– "त्यस्तो कसरी भयो ?" भनेर सोधे।

ततः स श्रेष्ठी सभ्यानामग्रे आदितः सर्वं वृत्तान्तं निवेदयामास। ततस्तैर्विहस्य द्वावपि तौ परस्परं संबोध्य तुलाशिशुप्रदानेन सन्तोषितौ ।

अनि उसले न्यायाधीशहरूका अगाडि सुरुदेखिको सम्पूर्ण वृत्तान्त बताइदियो। उसको कुरो सुनिसकेपछि न्यायाधीशले ती दुवै बनियाहरूलाई सम्झाईबुझाई सन्तुष्ट गरेर बच्चो र तराजु आआफूलाई फिर्ता दिलाए।

अतोऽहं ब्रवीमि– "तुला लोहसहस्रस्य ...." इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उक्त कथा सुनाइसकेपछि करटकले– "त्यसैले म भन्दछु कि जहाँ फलामे तराजु मुसाले खानेजस्तो एउटा अनौठो घटना हुन सक्दछ, त्यहाँ त्यस्ता चिलले बच्चा उडाउनेजस्ता अरू पनि अनौठा घटनाहरू घट्न सक्दछन्।

तन्मूर्ख ! सञ्जीवकप्रसादमसहमानेन त्वयैतत्कृतम्। अहो, साध्विदमुच्यते–

करटकले– "मूर्ख ! सञ्जीवकको खुसीलाई देख्न नसकेर नै तिमीले यस्ता अनेकौँ प्रपञ्च गरेका हौ। अथवा ठिकै पनि भनिएको छ कि–

प्रायेणात्र कुलान्वितं कुकुलजाः स्त्रीवल्लभं दुर्भगाः
दातारं कृपणा ऋजूननृजवस्तेजस्विनं कातराः।
वैरूप्योपहताश्च कान्तवपुषं सौख्यस्थितं दुःस्थिताः
नानाशास्त्रविचक्षणञ्च पुरुषं निन्दन्ति मूर्खाः सदा॥ ४४८॥ तथा च–

यस संसारमा कुलीन पुरुषको निन्दा अकुलीनले गर्दछ। लोग्नेको सुख भोग गर्न पाएकी स्त्रीको निन्दा लोग्नेबिना रहेकीले गरिरहन्छे। कन्जुस व्यक्तिले दानी व्यक्तिको निन्दा गरिरहेको हुन्छ। कुरूप व्यक्तिले रूपवान् व्यक्तिको निन्दा गर्दछ, दुःखी व्यक्तिले सुखी व्यक्तिको निन्दा गर्दछ र मूर्ख मानिसले विद्वान्हरूको निन्दा गर्दछन्। अरू पनि–

मूर्खाणां पण्डिता द्वेष्या निर्धनानां महाधनाः।
व्रतिनः पापशीलानामसतीनां कुलस्त्रियः॥ ४४९॥

मूर्ख पण्डितसँग, निर्धन धनीसँग, पापी धर्मात्मासँग र सतीत्वमा नरहेका आइमाई सती र कुलीन स्त्रीसँग द्वेष गर्दछन्, यो स्वाभाविक नै पनि हो।

तन्मूर्ख ! त्वया हितमप्यहितं कृतम्। उक्तञ्च–

अतएव तिमीले आफ्ना स्वभावका कारणले नै सञ्जीवकलाई निन्दा गरेका हौ। उसको निन्दा गरेर तिमीले राजाको हित गर्दागर्दै पनि अहित गरेका छौ। भनिएको पनि छ कि–

पण्डितोऽपि वरं शत्रुर्न मूर्खो हितकारकः।
वानरेण हतो राजा विप्राश्चौरेण रक्षिताः" ॥ ४५०॥

पण्डित व्यक्ति यदि चोर नै छ भने पनि उसलाई राम्रै मान्नुपर्दछ। तर कुनै मूर्ख व्यक्ति आफ्नो हित गर्ने नै भए पनि त्यो ठिक हुनेछैन। किनभने मूर्खसँग मित्रता हुनाको कारणले नै बाँदरले राजाको विनाश गरेको थियो तर चोर हुँदाहुँदै पनि पण्डित व्यक्तिले चारजना ब्राह्मणको रक्षा गरेका थिए।

दमनक आह– "कथमेतत् ?" सोऽब्रवीत्–

त्यस्तो कुरो सुनेर दमनकले– "त्यस्तो कसरी ?" भनेर सोध्यो। अनि उसले भन्यो–

नृपसेवकवानरकथा

कस्यचिद्राज्ञो नित्यं वानरोऽतिभक्तिपरोऽङ्गसेवकोऽन्तःपुरेऽप्यप्रतिषिद्धप्रसरोऽतिविश्वासस्थानप्रभूत्। एकदा राज्ञो निद्रागतस्य वानरे व्यजनं नीत्वा वायुं विदधति राज्ञो वक्षःस्थलोपरि मक्षिकोपविष्य। व्यजनेन मुहुर्मुहुर्निषिध्यमानापि पुनः पुनस्तत्रैवोपविशति। ततस्तेन स्वभावचपलेन मूर्खेण वानरेण क्रुद्धेन सता तीक्ष्णं खड्गमादाय तस्या उपरि प्रहारो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विहितः। ततो मक्षिका उड्डीय गता। तेन शितधारेणासिनो राज्ञो वक्षो द्विधा जातं, राजा मृतश्च।

राजाको बाँदर

एउटा बाँदर कुनै राजाको अङ्गरक्षक भएर बसेको थियो। त्यो बाँदर राजाको साह्रै भक्त पनि थियो र राजाको ज्यादै ठूलो विश्वासपात्र पनि थियो। त्यसो भएकैले बिना कुनै रोकटोक त्यो अन्तःपुरमा पनि आउनेजाने गर्दथ्यो। एक दिन राजा सुतिसकेका थिए। त्यो बाँदर उनलाई पङ्खाले हम्किएर हावा लगाइदिँदै थियो। त्यसै बिच एउटा झिँगो आएर राजाका छातीमा बस्यो। त्यस बाँदरले पङ्खाले हम्किएर त्यसलाई उडायो। त्यो झिँगो फेरि पनि बारम्बार आएर बस्न छोडेन। बाँदरले धेरै प्रयत्न गर्दा पनि त्यसलाई हटाउन सकेन। आखिरमा उसलाई ज्यादै रिस उठ्यो। उसको स्वाभाविक चञ्चलताका कारण त्यस मूर्ख बाँदरले रिसाउँदै अलिक पर रहेको धारिलो खुकुरी उचाल्यो र झिँगो बसेका ठाउँमा मच्चाएर हान्यो। झिँगो त लुसुक्क उडिहाल्यो तर खुकुरीका तेज धारले राजाको छाती नै दुई टुक्रा भयो र राजा तुरुन्तै मर्‍यो।

तस्माच्चिरायुरिच्छता नृपेण मूर्खोनुचरो न रक्षणीयः।

अतः लामो आयुसम्म बाँच्न चाहने राजाले कुनै पनि मूर्ख सेवकलाई पालेर राख्नुहुँदैन।

चौरब्राह्मणकथा

अपरम् एकस्मिन्नगरे कोऽपि विप्रो महाविद्वान्, परं पूर्वजन्मयोगेन चोरो वर्तते। स तस्मिन् पुरेऽन्यदेशादागतांश्चतुरो विप्रान् बहूनि वस्तूनि विक्रीणतो दृष्ट्वा चिन्तितवान्– "अहो! केपनोपायेनैषा धनं लभे?" इति विचिन्त्य, तेषां पुरोऽनेकानि मुत्पाद्य, सेवा कर्तुमारब्धा। अथवा साध्विमुच्यते–

चोर ब्राह्मण

कुनै एउटा सहरमा एकजना साह्रै विद्वान् ब्राह्मण रहने गर्दथे। तर उनी पूर्वजन्मका कर्मफलको दोषले गर्दा चोर्ने बानी भएका थिए। एक पटक उनले आफ्नो नगरभन्दा बाहिरबाट आएका चारजना ब्राह्मणहरूलाई देखे। तिनीहरू धेरै किसिमका वस्तुहरू बेच्न लागेका थिए। तिनीहरूलाई देखेर उनले मनमनै "कसरी म यिनीहरूको सम्पत्तिलाई आफूले लिन सक्छु" भनी सोचे। तिनीहरूलाई ठग्ने विचारले तिनले उनीहरूसँग गएर अनेक किसिमका शास्त्रका कुराहरू गरेर सुनाए। अनि त्यस्तै मिठा गफले मख्ख पार्दै उनीहरूका मनमा आफूप्रति विश्वास उत्पन्न गराउन सफल भए। कसैले ठिकै पनि भनेको रहेछ–

असती भवति सलज्जा, क्षारं नीरञ्च शीतलं भवति।
दम्भी भवति विवेकी, प्रियवक्ता भवति धूर्तजनः॥ ४५१॥

कुलटा स्त्रीले लज्जाको देखावटी बढी गर्दछे, नुनिलो पानी धेरै शीतलझैँ लाग्दछ, पाखण्डी व्यक्तिले ज्यादा विवेकशीलको जस्तो कुरा गर्छ र धूर्त व्यक्तिले नै ज्यादा मिठो बोल्ने गर्दछ।

अथ तस्मिन्सेवां कुर्वति, तैर्विप्रैः सर्ववस्तुनि विक्रीय बहुमूल्यानि रत्नानि क्रीतानि। ततस्तानि जङ्घामध्ये तत्समक्षं प्रक्षिप्य स्वदेशं प्रति गन्तुमुद्यमो विहितः। ततः स धूर्तविप्रास्तान् विप्रान् गन्तुमुद्यतान् प्रेक्ष्य चिन्ताव्याकुलितमनाः सञ्जातः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले सेवा गर्दागर्दै तिनीहरूले धेरै सामानहरू बेचेर धेरैखालका बहुमूल्य रत्नहरू किने र उनका घरबाट हिँड्ने तयारी गर्न लागे। त्यस बेला तिनीहरूले आफ्नो सबै मूल्यवान् वस्तु आफ्ना तिघ्राभित्र लुकाएका थिए। उनीहरू त्यहाँबाट जान लागेको देखेर ती धूर्त ब्राह्मणलाई ज्यादै चिन्ता लागिरहेको थियो। उनलाई आजसम्मको काममा आफू असफल भएकोमा ज्यादै दुःख पनि लागिरहेको थियो।

"अहो धनमेतज्च किञ्चिन्मम चटितम्। अथैभिः सह यामि, पथि क्वापि विषं दत्त्वैतान्निहत्य सर्वरत्नानि गृह्णामि" इति विचिन्त्य तेषामग्रे सकरुणं विलप्यैवमाह–

उनले– "यिनीहरूको यत्रो धेरै धन मेरा हातमा आउन सकेन। अब म यिनीहरूसँगै जान्छु र बाटामा कतै मौका परेपछि यिनीहरूलाई विष खुवाएर मार्छु अनि सबै धन र रत्नहरू लिएर आउँछु" भन्ने सोचे। यस किसिमको निश्चय गरिसकेपछि उनले तिनीहरूका अगाडि गएर रुन्चे स्वरमा आँसु झार्दै–

"भो मित्राणि ! यूयं मामेकाकिनं मुक्त्वा गन्तुमुद्यताः, तन्मे मनो भवद्भिः सह स्नेहपाशेन बद्धं भवद्भिरहनाम्नैव तथाकुलं सञ्जातं यथा धृति क्वापि न धत्ते। यूयमनुग्रहं विधाय सहायभूतं मामपि सहैव नयत।"

"मित्रहरू ! आज तपाईंहरूले मलाई एक्लो छोडेर जान लाग्नुभयो। यसो हुँदा तपाईंहरूका मायाले र मेरा मनमा तपाईंहरूको बिछोडले विरहको भक्कानो छुट्न लागिसकेको छ। म ज्यादै आकुल हुन पुगेँ। मलाई कसै गर्दा शान्ति हुन सकेन। त्यसैले तपाईंहरूले आफ्नो सेवक बनाएर मलाई पनि साथै लिएर हिँड्नुहोस्। तपाईंहरूको ममाथि साह्रै ठूलो कृपा हुनेछ" भने।

तद्वचः श्रुत्वा ते करुणार्द्रचित्तास्तेन सममेव स्वदेशं प्रति प्रस्थिताः। अथाध्वनि तेषां पञ्चानामपि पल्लीपुरमध्ये व्रजतां ध्वाङ्क्षाः कथयितुमारब्धाः– "रे रे किराताः ! धावत धावत, सपादलक्षधनिनो यान्ति। एतान्निहत्य धनं नयत।

ती ब्राह्मणको कुरो सुनेर उनीहरू पनि दयाका भावले ज्यादै पग्लिए र उनलाई पनि सँगै लिएर आफ्नो देशतिर हिँडे। अलिक टाढा पुगेपछि जब ती पाँच जना मानिसहरू पल्लीपुर नामका कुनै किराँतहरूका बस्तीमा पुगेर जाँदै थिए कि उनीहरूलाई देखेर कागहरूले जोडजोडसँग– "किराँतहरू हो ! आओ, आओ, छिटो आओ सवालाखको धन बोकेका मानिसहरू आउँदै छन्। यिनलाई मार, यिनको धन खोस" भनेर कराए।

ततः किरातैर्ध्वाङ्क्षवचनमाकर्ण्य सत्वरं गत्वा ते विप्रा लगुडप्रहारैर्जर्जरीकृत्य, वस्त्राणि मोचयित्वा विलोकिताः, परं धनं किञ्चिन्न लब्धम्।

कागहरूले त्यसरी कराएको सुनेर किराँतहरूले तत्कालै आएर उनीहरूलाई समाते र लौरै लौराले ठट्टाउन लागे। लौराले हिर्काएर उनीहरूलाई थिल्थिलो पारिसकेपछि उनीहरूका लुगाकपडा फुकालेर सबैतिर खोजे तर कतै पनि लुकाएको धन फेला परेन।

तदा तैः किरातैरभिहितम्– "भो पान्थाः ! पुरा कदापि ध्वाङ्क्षवचनमनृतं नासीत्, ततो भवतां सन्निधौ क्वापि धनं विद्यते तदर्पयत, अन्यथा सर्वेषामपि वधं विधाय चर्म विदार्य प्रत्यङ्गं प्रेक्ष्य धनं नेष्यामः" इति।

जब उनीहरूका लुगाबाट धन फ़ेला परेन अनि किराँतहरूले उनीहरूलाई रिसाएर कराउँदै– "ए बटुवा हो ! आजभन्दा पहिले कहिल्यै पनि कागले दिएको सूचना झुटो हुँदैनथ्यो। त्यसैले आज पनि कागले झुटो बोलेका छैनन्। भन, तिमीहरूले धन कहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लुकाएका छौ। भएजति धन सबै हामीलाई देऊ, नभए हामी तिमीहरूलाई मार्नेछौँ र तिम्रा जिउका प्रत्येक अङ्गहरूलाई चोक्टाचोक्टा पारेर भए पनि धन फेला पारेर छाड्नेछौँ" भने।

तदा तेषामीदृशं वचनमाकर्ण्य चौरविप्रेण मनसि चिन्तितम्– "यदेषां विप्राणां वधं विधायाङ्गं विलोक्य रत्नानि नेष्यन्ति, तदा मामपि वधिष्यन्ति। ततोऽहं पूर्वमेवात्मानमरत्नं समर्प्यैतान् मुञ्चामि। उक्तञ्च–

उनीहरूको त्यस्तो कुरो सुनेर ती चोर ब्राह्मणले आफ्नै मनभित्र– "यदि यिनलाई मारेर यिनका सबै अङ्गहरूमा खोजे भने यिनले लुकाएको सबै धन किराँतहरूले फेला पार्नेछन् अनि मलाई पनि मार्नेछन्। अतएव यिनीहरूलाई धन नै नभएको सिद्ध गर्नका लागि मैले नै आफ्नो ज्यान यी किराँतहरूका हातमा समर्पित गर्नु उचित हुन्छ। आफूलाई निर्धन साबित गरेर भए पनि यिनीहरूलाई बचाउनुपर्‍यो। भनिएको पनि छ कि–

मृत्योर्बिभेषि किं बाल ! न स भीतं विमुञ्चति।
अद्य वाऽब्दशतान्ते मृत्युर्वै प्राणिनां ध्रुवः॥ ४५२॥ तथा च–

हे बालक ! तिमी मृत्युदेखि किन डराइरहेका छौ ? डराउने व्यक्तिलाई पनि मृत्युले छोड्दैन। आज अथवा एक सयवर्षपछि भए पनि प्राणीहरूको मृत्यु त निश्चित छ। अरू पनि–

गवार्थे ब्राह्मणार्थे च प्राणत्यागं करोति यः।
सूर्यस्य मण्डलं भित्वा स याति परमां गतिम्" ॥ ४५३ ॥

जुन व्यक्ति गाई र ब्राह्मणको रक्षाका लागि आफ्नो प्राण त्याग गर्दछ, त्यसले सूर्यमण्डललाई भेदन गर्दछ र ऊ परम पदमा पुग्दछ" भन्ने सोचे।

इति निश्चित्याभिहितञ्च– "भोः किराताः ! यद्येवं ततो मां पूर्वं निहत्य विलोकयत" इति।

उक्त किसिमको निश्चय गरिसकेपछि उनले किराँतसँग– "हे किराँतहरू हो ! तिमीहरूको यस्तै निश्चय हो भने पहिले मलाई नै मार" भने।

ततस्तैस्तथानुष्ठिते तं धनरहितमवलोक्यअपरे चत्वारोऽपि मुक्ताः।

किराँतहरूले ती ब्राह्मणलाई मारेर तिनका सबै अङ्गहरू टुक्राटुक्रा पारेर हेरे। तर त्यहाँबाट अलिकति पनि केही धन निस्किएन। त्यसपछि उनीहरूले अरू ब्राह्मणहरूलाई नमारीकन त्यसै छोडिदिए।

अतोऽहं ब्रवीमि– "पण्डितोऽपि वरं शत्रुः" इति।

त्यसैले म भन्दछु कि– "पण्डित व्यक्ति यदि आफ्नो शत्रु नै भए पनि राम्रै हुन्छ तर मूर्ख व्यक्ति आफ्नो मित्र नै भए पनि त्यो राम्रो हुन सक्दैन।

अथैव संवदतोस्योः सञ्जीवकः क्षणमेकं पिङ्गलकेन सह युद्धं कृत्वा, तस्य खरनखरप्रहाराभिहतो गतासुर्वसुन्धरापीठे निपपात।

एकातिर करटक र दमनकका बिचमा यस किसिमको बाझो चलिरहेको थियो भने अर्कातिर पिङ्गलक र सञ्जीवकको घमासान युद्ध मच्चिइरहेको थियो। निकै बेर युद्ध गरिसकेपछि पिङ्गलकका तिखा नङ्गाको प्रहारले घाइते भएको सञ्जीवक निर्जीव भएर धर्तीमा ढल्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तं गतासुमवलोक्य पिङ्गलकस्तद्गुणस्मरणार्द्रहृदयः प्रोवाच– "भो ! अयुक्तं मया पापेन कृतं सञ्जीवकं व्यापादयता। यतो विश्वासघातादन्यनास्ति पापतरं कर्म। उक्तञ्च–

मरेर पृथ्वीमा ढलेको सञ्जीवकलाई देखेपछि पिङ्गलकलाई ज्यादै दुःख लाग्यो। ऊ सञ्जीवकका गुणहरूलाई सम्झना गर्दै करुणाले भरिएका आर्द्र हृदयले– "हरे ! मैले यस्तो किन गरें ? म पापीले सञ्जीवकलाई यसरी मारेर कुनै राम्रो काम गरिनँ। मैले विश्वासघात गरें। संसारमा विश्वासघातभन्दा ठूलो अपराध अरू केही पनि हुन सक्दैन। भनिएको पनि छ कि–

मित्रद्रोही कृतघ्नश्च यश्च विश्वासघातकः।
ते नरा नरकं यान्ति यावच्चन्द्रदिवाकरौ ॥ ४५४ ॥

मित्रद्रोही, कृतघ्न तथा विश्वासघाती व्यक्ति नरकगामी हुन्छन् र जबसम्म यस संसारमा चन्द्रसूर्य रहन्छन् तबसम्म उनीहरू नरकमै रहन्छन्।

भूमिक्षये राजविनाश एव भृत्यस्य वा बुद्धिमतो विनाशे।
नो युक्तमुक्तं ह्यनयोः समत्वं नष्ट्यपि भूमिः सुलभा न भृत्याः ॥ ४५५ ॥

भूमि एवं कृतज्ञ एवं बुद्धिमान् सेवक नष्ट हुँदा राजाकै विनाश भएको मान्नुपर्दछ। यस किसिमले राजाका लागि भूमि र कृतज्ञ सेवकलाई विद्वान्हरूले समान ठानेका छन् तापनि उनीहरूको कथन ठिक भएको जस्तो लाग्दैन। किनभने भूमि नष्ट भएको त फेरि पनि आफ्ना पराक्रमले आर्जन गर्न सकिन्छ तर कृतज्ञ सेवक सबैतिर सधैँ भेटिँदैनन्।

तथा मया सभामध्ये स सदैव प्रशंसितः। तत्किं कथयिष्यामि तेषामग्रतः। उक्तञ्च–

मैले आफ्ना सभामा सञ्जीवकको सधैँ गुणको प्रशंसा गर्दै आएको छु। अब मैले सभासद्हरूका अगाडि के जबाफ दिनू ? भनिएको पनि छ कि–

उक्तो भवति यः पूर्वं गुणवानिति संसदि।
न तस्य दोषो वक्तव्यः प्रतिज्ञाभङ्गभीरुणा" ॥ ४५६ ॥

सभाका बिचमा जुन व्यक्तिको बारम्बार प्रशंसा गरिएको छ र जसलाई निरन्तर रूपमा गुणवान् भनिएको छ, फेरि उसै व्यक्तिको निन्दा गर्नुहुँदैन। किनभने प्रशंसा र निन्दा दुवै किसिमको वर्णन गर्दा मानिसहरूको विश्वास हराउँछ। अतः चतुर व्यक्तिले एकपटक कसैको प्रशंसा गरिसकेको छ भने फेरि उसैको निन्दा नगर्नु नै ज्यादा राम्रो हुन्छ।

एवं बहुविधं विलपन्तं, दमनकः समेत्य सहर्षमिदमाह– "देव ! कातरतमस्तवैव। न्यायो यद् द्रोहकारिणं शष्पभुजं हत्वेत्थं शोचसि ? तन्नेतदुपपन्नं भूभुजाम्। उक्तञ्च–

सञ्जीवकका शोकमा विलाप गरिरहेका राजा पिङ्गलकका नजिकै गएर दमनकले हर्षित हुँदै– "महाराज ! तपाईंको यो नीति अत्यन्त कायरतापूर्ण छ। किनभने तपाईं अहिले राजद्रोही र घाँस खाएर बाँच्ने जीवलाई मारेर पनि यस प्रकारको शोक गरिरहनुभएको छ। राजाहरूका लागि यस्तो कुरो शोभादायक हुँदैन" भन्यो। भनिएको पनि छ कि–

पिता वा यदि वा भ्राता पुत्रो भार्याऽथवा सुहृत्।
प्राणद्रोहं यदा गच्छेदन्तव्यो नास्ति पातकम् ॥ ४५७ ॥ तथा च–

पिता, माता, दाजुभाइ, पुत्र, स्त्री अथवा मित्र चाहे जोसुकैले होस्, प्राणद्रोह गर्दछन् भने उनीहरूलाई मारिदिनाले कुनै पाप पनि लाग्दैन। अरू पनि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा घृणी ब्राह्मणः सर्वभक्षी स्त्री चाऽत्रपा दुष्टमतिः सहाय।
प्रेष्यः प्रतीपोऽधीकृतः प्रमादी त्याज्या अमी यश्च कृतं न वेत्ति ॥ ४५८ ॥ अपि च–

अपराधीमाथि पनि दयालुको व्यवहार गर्ने राजा, आचार र विचारलाई उपेक्षा गर्दै जे पायो त्यही खाने ब्राह्मण, लज्जारहित स्त्री, दुष्ट मित्र या सेवक, विरोधी व्यवहार गर्ने दूत, अल्छ्याइँ वा हेल्चेक्र्याइँ गर्ने अधिकारी र कृतघ्न व्यक्तिको साथ यति सबै मानिसहरू त्याग योग्य हुन्छन्। अरू पनि–

सत्यानृता च परुषा प्रियवादिनी च हिंस्रा दयालुरपि चार्थपरा वदान्या।
भूरिव्यया प्रचुरवित्तसमागमा च वेश्याङ्गनेव नृपनीतिरनेकरूपा॥ ४५९॥ अपि च–

राजाहरूको नीतिको स्वभाव पनि वेश्याहरूको आचरणजस्तै हुन्छ। कामअनुसार उसले सत्य आचरण पनि गर्नुपर्छ र झुटो पनि गर्नुपर्छ। कतै अत्यन्त कठोर पनि हुनुपर्छ भने कतै अति प्रिय बोली बोलेर काम पूरा गर्नुपर्छ। त्यसले कहिले अति दयालु भाव पनि देखाउनुपर्छ भने कतै हिंसा गर्नका लागि पनि तयार हुनुपर्छ। कतै निकै उदार र दानपरायण चरित्रको प्रदर्शन गर्नुपर्छ भने कतै कृपण र लालचीजस्तो व्यवहार पनि गर्नुपर्छ। कतै खुल्ला हातले धन खर्च पनि गर्नुपर्छ भने कतै धन जम्मा गर्नका लागि अति व्याकुल पनि हुनुपर्छ। कहिले उसको स्वभाव जताततै खर्चालु किसिमको हुनुपर्छ भने कहिले आयका स्रोतहरू पहिल्याउने कोसिस गर्नुपर्छ। अरू पनि–

अकृतोपद्रवः कश्चिन्महानपि न पूज्यते।
पूजयन्ति नरा नागान्न तार्क्ष्यं नागघातिनम्॥ ४६० ॥ तथा च–

महान् भए तापनि यदि मानिसले सोझोसिधा र शान्त बनेर मात्रै रहन्छ भने त्यसको पूजा कसैले पनि गर्दैन। शान्त व्यक्तिलाई कसैले पनि आदर सत्कार गर्दैन तर यसको विपरीत यदि ऊ अलिक उद्दण्ड भइदियो भने उसलाई मानिसहरूले देवताको जस्तै गरी पूजा गर्न थाल्दछन्। सर्पभक्षी भए पनि शान्त स्वभाव भएका कारणले नै गरुडको पूजा कसैले गर्दैनन् तर उपद्रवी हुनाले मानिसहरू नागका रूपमा सर्पको पूजा गर्दछन्। अरू पनि–

अशोच्यानन्वशोच्यस्त्वं प्रज्ञावादांश्च भाषसे।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः" ॥ ४६१ ॥

भगवान् श्रीकृष्णले गीतामा अर्जुनलाई सम्बोधन गर्दै– हे अर्जुन ! जसका विषयमा शोक गर्नुपर्दैन त्यसका विषयमा शोक गरिरहेका छौ, तर अर्कातिर आदर्शवादी पण्डितको जस्तो तत्त्वज्ञानका कुरा पनि गर्दै छौ। हे धनञ्जय ! यदि पण्डितका जस्ता कुरा गर्ने हौ भने तिमीले पण्डितकै अनुसारको आरचण पनि गर्नुपर्दछ। पण्डितहरू कसैले मर्दा वा नमर्दा कहिल्यै पनि शोक गर्दैनन्" भनेका थिए।

एवं तेन सम्बोधितः, पिङ्गलकः सञ्जीवकशोकं त्यक्त्वा दमनकसचिव्येन राज्यमकरोत्।

यस प्रकारले दमनकले सम्झाएपछि पिङ्गलकले सञ्जीवकको मृत्युसम्बन्धी शोक र विलाप गर्न छोडेर दमनकलाई मन्त्रीपदमा नियुक्त गरी राज्यको कामकाज चलाउन लाग्यो।

इति श्रीविष्णुशर्माविरचिते पञ्चतन्त्रे मित्रभेदं नाम प्रथमं तन्त्रं समाप्तम्।

श्रीविष्णुशर्माबाट रचित पञ्चतन्त्रको मित्रभेद नामको पहिलो तन्त्र पनि सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चतन्त्र

द्वितीय तन्त्र

मित्रसम्प्राप्ति

अथेदमारभ्यते मित्रसम्प्राप्तिर्नाम द्वितीयं तन्त्रं, यस्यायमाद्यः श्लोकः–

विष्णुशर्माले राजकुमारहरूसँग– "अब मित्रसम्प्राप्ति नामको यस दोस्रो तन्त्रको आरम्भ गर्नुपर्छ, यसको पहिलो श्लोक यो हो" भन्दै भन्न थाले–

असाधना अपि प्राज्ञा बुद्धिमन्तो बहुश्रुताः।
साधयन्त्याशु कार्याणि काकाखुमृगकूर्मवत्॥ १॥

विद्वान्, ख्यातिप्राप्त एवं बुद्धिमान् मानिसहरू साधनका अभावमा पनि आफ्ना कामहरू पूरै रूपमा सिद्ध गर्न सक्ने हुन्छन्। जस्तै काग, मुसो, मृग र कछुवाले मिलेर आफ्ना कामहरूलाई सिद्ध गरेका थिए।

तद्यथानुश्रुयते– अस्ति दाक्षिणात्ये जनपदे महिलारोप्य नाम नगरम्। तस्य नातिदूरस्थो महोच्छायावान् नानाविहङ्गोपभुक्तफलः कीटैरावृतकोटरश्छायाश्वासितपथिक-जनसमूहो न्यग्रोध-पादपो महान्। अथवा युक्तमुक्तम्–

जस्तै कि सुनिन्छ– दक्षिणात्यका कुनै जिल्लामा महिलारोप्य नामको एउटा सहर छ। त्यस सहरभन्दा अलिकति पर एउटा अति नै ठूलो वरको रुख थियो। त्यसका फलहरू खुसीसाथ अनेकौं चराचुरुङ्गीले खाने गर्दथे। त्यसका ध्वान्द्रामा अनेकौं किसिमका किराहरू बस्ने गर्दथे। त्यसका शीतल छायामा टाढाटाढादेखि आउने थाकेका बटुवाहरू सधैं नै विश्राम गर्ने गर्दथे र त्यसको सुखद छायाले सन्तोष लाभ गर्दथे। कसैले ठिकै पनि भनेका छन्–

छायासुप्तमृगः शकुन्तनिवहैर्विष्वग्विलुप्तच्छदः
कीटैरावृतकोटरः कपिकुलैः स्कन्धे कृतप्रश्रयः।
विश्रब्धं मधुपैर्निपीतकुसुमः श्लाघ्यः स एव द्रुमः
सर्वाङ्गैर्बहुसत्त्वसङ्गसुखदो भूभारभूतोऽपरः॥ २॥

यस संसारमा उत्पन्न भएको त्यही वृक्ष प्रशंसायोग्य भएको मानिन्छ, जसका छायामा मृगहरूको समूह थाकेर आएपछि विश्राम गर्न पाउँछ, पक्षीहरूले जसका पात र फललाई खान पाउँछन्, जसका टोडकामा असङ्ख्य किराआदि जीवले बास गर्न पाउँछन्, जसका हाँगाहरूमा बाँदरहरूले बस्न पाएका हुन्छन्, भ्रमरहरूले जसका फूलको रस स्वाद लिईलिईकन खाएर मधुर स्वरमा गुञ्जन गर्न पाउँछन् र जसले आफ्नो सम्पर्कमा आएका अनेकौं किसिमका जीवजन्तुलाई आफ्ना अनेकौं अङ्गहरूद्वारा सुख प्रदान गर्न सकिरहेको हुन्छ। त्यसबाहेक अरू सबै वृक्षहरू पृथ्वीको भारीमात्रै हुनुभन्दा बाहेक अरू केही पनि हुन सक्दैनन्।

तत्र च लघुपतनको नाम वायसः प्रतिवसति स्म। कदाचित्प्राणयात्रार्थं पुरमुद्दिश्य प्रचलितो यावत्प्रविश्यति, तावज्जालहस्तोऽतिकृष्णतनुः, स्फुटितचरणः, ऊर्ध्वकेशो यम-किङ्कराकारो नरः सम्मुखो बभूव।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसै वृक्षका कुनै एउटा हाँगामा लघुपतनक नाम गरेको एउटा काग निवास गर्दथ्यो। कुनै दिन आफ्नो पेटको गुजारा गर्नका लागि खाने कुराको खोजीमा त्यो यताउति घुम्दै थियो। त्यसै बेला अत्यन्त कुरूप, कालो वर्णको, ठाडो कपाल भएको, खुट्टा पटपटी फुटेको र यमदूतजस्तै देखिने एउटा मानिस हातमा जाल बोकेर उसकै अघिल्तिर आउँदै गरेको उसले देख्यो।

अथ तं दृष्ट्वा शङ्कितमना व्यचिन्तयत्– यत्– "अयं दुरात्माद्य ममाश्रयवट-पादपसम्मुखोऽभ्येति, तन्न ज्ञायते किमद्य वटवासिनां विहङ्गमानां सङ्क्षयो भविष्यति, न वा ?"

त्यस यमकिङ्कर‌जस्ता व्यक्तिलाई देखेर कागले आफ्नै मनभित्र– "यो दुष्ट व्याधा आज यदि मेरो निवास भएको यस वरको रुखतिरै आयो भनेदेखि के के हुने हो भन्ने पत्तो छैन। आज यस वरको रुखमा बस्ने सबै पक्षीहरूको विनाश नै पो हुने हो कि वा यिनीहरू कसो गर्दा बाँच्लान् ?" भन्ने सोच्यो।

एवं बहुविधं विचिन्त्य तत्क्षणान्निवृत्य तमेव वटपादपं गत्वा सर्वान् विहङ्गमान् प्रोवाच– "भो! अयं दुरात्मा लुब्धको जालतण्डुलहस्तः समभ्येति, तत्सर्वथा तस्य न विश्वसनीयम्। एष जालं प्रसार्य तण्डुलान् प्रक्षेप्स्यति। ते तण्डुला भवद्भिः सर्वैरपि कालकूटसदृशा द्रष्टव्याः।"

यसै किसिमले अनेकौँ प्रकारका कुराहरू सोच्दै ऊ तुरुन्त फर्कियो र त्यसै वरको रुखतिर आयो। अनि त्यस रुखमा बस्ने गरेका सम्पूर्ण चराहरूलाई भेला गरेर उसले– "हे मित्रहरू हो ! हेर, त्यो दुष्ट व्याधा आफ्ना एउटा हातमा जाल र अर्को हातमा अलिकति चामल लिएर यतैतिर आउँदै छ। तिमीहरूले त्यस व्याधामाथि अलिकति पनि विश्वास गर्नुहुँदैन। जाललाई भुइँमा ओछ्याइसकेपछि उसले चामललाई त्यसमाथि छर्नेछ। तिमीहरूले ती छरिएका चामलमाथि नलोभिँदै त्यसलाई कालकूट नामको विषजस्तै ठान्नुपर्छ" भन्यो।

एवं वदतस्तस्य स लुब्धकस्तत्र वटतले आगत्य, जालं प्रसार्य सिन्दुवारसदृशाँस्तण्डुलान् प्रक्षिप्य, नातिदूरं गत्वा निभृतः स्थितः।

जति बेला उसले त्यस वरको वृक्षमाथि बस्ने चराचुरुङ्गीहरूलाई अह्राई सिकाई गर्दै थियो, उसै बेला त्यो व्याधा त्यहाँ आइपुगेर रुखमुनि उभियो र जाल फिँजाएर त्यसका माथिबाट निर्गुण्डी फूलजस्तै सेता चामलका दाना छरिदियो र त्यसभन्दा अलिकति पर गएर लुकेर बस्यो।

अथ ये पक्षिणस्तत्र स्थितास्ते लघुपतनकवाक्यार्गलया निवारितांस्तण्डुलान् हालाहला-ङ्कुरानिव वीक्षमाणा निभृतास्तस्थुः।

लघुपतनका वचनरूपी अर्गला मन्त्रले रोकिएका कारण त्यस वृक्षमाथि बसोबास गर्ने पक्षीहरूले त्यहाँ भएका चामलका दानहरूलाई हालाहल विषजस्तै ठानेर त्यतातर्फ हेर्दै पनि मनलाई थामेर शान्त भई बसेकै थिए, कुनै पनि त्यहाँ गएका थिएनन्।

अत्रान्तरे चित्रग्रीवो नाम कपोतराजः सहस्रपरिवारः प्राणयात्रार्थं परिभ्रमंस्तांस्त-ण्डुलान् दूरतोऽपि पश्यँल्लघुपतनकेन निवार्यमाणोऽपि जिह्वालौल्याद्भक्षणार्थमपतत्, सपरिवारो निबद्धः। अथवा साध्विदमुच्यते–

यसै बिचमा चित्रग्रीव नामको एउटा ढुकुरको राजा आफ्ना हज्जारौँ पारिवारिक सदस्यहरूका साथमा पेटगुजाराको खोजीमा यताउता घुम्दैफिर्दै कतैबाट त्यहाँ आइपुगेर ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेताम्मे भएर टल्किरहेका चामललाई हेर्न थाल्यो। लघुपतनकले बारम्बार रोक्दा पनि आफ्ना जिब्राको चञ्चलतालाई रोक्न नसकेर लोभले घिच्चिँदै आएको सम्पूर्ण परिवारसहितै आएर त्यस चामललाई खानका लागि झ्याम्मिएर बस्यो, अनि शाखासन्तानै जालमा पऱ्यो। कसैले ठिकै पनि भनेका रहेछन् कि–

जिह्वालौल्यप्रसक्तानां जलमध्यनिवासिनाम्।
अचिन्तितो वधोऽज्ञानां मीनानामिव जायते॥ ३॥

स्वादे जिब्राका चञ्चलताले र लोभी स्वभाव हुनाले पानीमा बस्ने माछाहरूको विनाश भएझैँ जिब्राको चञ्चलता र लोभका कारण मूर्ख व्यक्तिहरूको पनि उस्तै विनाश हुने गर्दछ।

अथवा दैवप्रतिकूलतया भवत्येवम्। न तस्य दोषोऽस्ति। उक्तञ्च–

अथवा, भाग्यले विपरीत दिशाको बाटो लिएका बेला यस्तै नै हुने गर्दछ। अनि व्यक्तिको लोभ बढ्दै जान्छ र ऊ अर्काका जालमा फँसेपछि छटपटाउन लाग्दछ। अतः चित्रग्रीवको यसमा कुनै दोष छैन। अर्थात् महान् व्यक्तिहरू पनि दुर्भाग्यका कारण कहिलेकाहीँ सङ्कटग्रस्त हुने गर्दछन्। भनिएको पनि छ कि–

पौलस्त्यः कथमन्यदारहरणे दोषं न विज्ञातवान्
रामेणापि कथं न हेमहरिणस्यासम्भवो लक्षितः।
अक्षैश्चापि युधिष्ठिरेण सहसा प्राप्तो ह्यनर्थः कथं
प्रत्यासन्नविपत्तिमूढमनसां प्रायो मतिः क्षीयते॥ ४॥ तथा च–

परस्त्रीहरण गर्नु दोषपूर्ण काम हो, विद्वान् र विचारवान् भएका कारणले यस कुरालाई राम्रोसँग रावणले जानेका थिएनन् र ? रामले सुनको मृग हुँदैन भन्ने कुरो जानेका थिएनन् होला त, किन उनले आफ्ना मनमा यस कुराको विचार गरेनन् ? राजनीतिको मनग्गे ज्ञान भएका र धर्मविद् युधिष्ठिरलाई जुवा खेल्नु अधर्म हो भन्ने थाहा थिएन र, जुवाकै खालमा बसेर त्यस्तो कुलतमा फँसेका हुन् विभिन्न खालका समस्याहरू आफूमाथि निम्त्याएका होलान् त ? यस्ता अनेकौँ उदाहरणहरूबाट स्पष्ट हुन्छ कि आपद् नजिकिँदै आइलाग्ने बेलामा मानिसको बुद्धि जड वा शून्य हुन पुग्दछ र उसको बुद्धि पनि प्रायः खिइएर जान थालेको हुन्छ। अरू पनि–

कृतान्तपाशबद्धानां दैवोपहतचेतसाम्।
बुद्धयः कुब्जगामिन्यो भवन्ति महतामपि॥ ५॥

यमराजको पासोमा बाँधिएका प्राणीहरू र प्रतिकूल भाग्यद्वारा प्रताडित हृदययुक्त मानिसको बुद्धि विपरीत दिशातर्फको गमन गर्ने किसिमको हुन पुग्दछ।। मनिस जतिसुकै महान् किन नहोस्, आपद्कालमा त्यसको बुद्धि स्थिर भएर रहन सक्दैन।

अत्रान्तरे लुब्धकस्तान्बद्धान् विज्ञाय प्रहृष्टमनाः प्रोद्यत्यष्टिस्तद्वधार्थं प्रधावितः। चित्रग्रीवोऽप्यात्मानं सपरिवारं बद्धं मत्वा लुब्धकमायान्तं दृष्ट्वा तान् कपोतानूचे– "अहो, न भेतव्यम्। उक्तञ्च–

चित्रग्रीवआदि ढुकुरहरू जालमा बाँधिएको देखेर त्यो सिकारी पनि आफ्ना मनमा भित्रभित्रै ज्यादै खुसी हुँदै हातमा लौरो लिएर तिनीहरूलाई मार्नका लागि कुद्दै आउन लाग्यो। चित्रग्रीवले त्यस व्याधालाई आफूहरूतिर आउँदै गरेको र आफ्नो सारा शाखा सन्तानै जालमा फँसेको देखेर उसले अब विनाशको समय आएछ भनेर बुझ्यो। अनि जालमा परेका आफ्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जातिका सदस्यहरूलाई सान्त्वना दिँदै– "मित्रहरू हो ! त्यो व्याधा आयो भन्दैमा तिमीहामीले डराउनुपर्ने कुरो छैन। भनिएको छ कि–

व्यसनेष्वेव सर्वेषु यस्य बुद्धिर्न हीयते।
स तेषां पारमभ्येति तत्प्रभावादसंशयम्॥ ६॥

अनेकौँ प्रकारका आपत्तिहरूबाट घेरिएको भए तापनि जुन व्यक्तिको बुद्धि खिन्न हुँदैन, त्यसले आफ्ना बुद्धिका प्रभावले निश्चित रूपमा त्यस्ता आपत्तिहरू सबै समाधान गर्न सक्दछ। त्यसैले आपद् पऱ्यो भन्दैमा मानिसले आफ्नो बुद्धि र साहस छोडेर आत्तिनुहुँदैन।

सम्पत्तौ च विपत्तौ च महतामेकरूपता।
उदये सविता रक्तो रक्तश्चास्तमये तथा॥ ७॥

जस्तै भगवान् सूर्य उदाउँदा पनि र अस्ताउँदा पनि दुवै समयमा राता रङ्गका देखिन्छन् उसै गरी सज्जन व्यक्ति पनि सम्पन्न र विपन्न दुवै किसिमका समयमा सधैँ एउटै रूपको बनेर रहेको हुन्छ। अर्थात् सुख र दुःख दुवै समयमा एक समान रहन सक्नु नै सज्जन पुरुषहरूको स्वाभाविक गुण हो। उनीहरू उन्नति हुँदा सुखी र उन्नति नहुँदा दुःखी हुँदैनन्।

तत्सर्वे वयं हेलयोड्डीय सपाशजाला अस्यादर्शनं गत्वा मुक्तिं प्राप्नुमः। अथ चेद्भय-विक्लवाः सन्तो हेलया समुत्पातं न करिष्यथ, ततो मृत्युमवाप्स्यथ। उक्तञ्च–

अतः यदि हामीहरू आपसमा मिलेर बिना कुनै दुःख सजिलैसित व्याधाको यस पासो र जाललाई लिएर उड्नुपर्छ। यसका आँखाले देख्न नभ्याउने ठाउँमा पुगेपछि हुन सक्छ हामी मुक्त पनि होउँला कि। यदि डराएर, आत्तिएर वा निराश भएर हामी एकजुट हुन सकेनौँ र यस पासोलाई लिएर उडेनौँ भने हामी सबैको मृत्यु निश्चित छ। भनिएको पनि छ कि–

तनवोऽप्यायता नित्यं तन्तवो बहुलाः समाः।
बहून् बहुत्वादायासान् सहन्तीत्युपमा सताम्॥ ८॥

साना ठूला सबै किसिमका धागोहरूले आपसमा मिलेर बाटिएपछि डोरी बन्छ र त्यसले आफ्नो सामुहिक शक्तिका कारण अनेक ठूलाठूला भारीहरू पनि सजिलैसँग थाम्न सक्दछ। सज्जन व्यक्ति पनि तिनै धागाको जस्तै गरी एक जुट भइदिए भने ठूला ठूला समस्याहरू पनि सजिलैसँग समाधान गर्न सक्दछन्" भन्यो।

तथानुष्ठिते, लुब्धका जालमादायाकाशे गच्छतां तेषां पृष्ठतो भूमिस्थोऽपि पर्यधावत्। तत ऊर्ध्वाननः श्लोकमेनमपठत्–

त्यसपछि ढुकुरहरू मिलेर जालैसमेत उडे। जाल लिएर आकाशमा उड्दै गरेका चराहरूलाई देखेर त्यो व्याधा पनि पछिपछि जमिनमा कुद्दै थियो। निकै पर पुगेपछि उसले आकाशतिर हेर्दै यो श्लोक भन्यो–

जालमादाय गच्छन्ति संहताः पक्षिणोऽप्यमी।
यावच्च विवदिष्यन्ति पतिष्यन्ति न संशयः॥ ९॥

आपसी सङ्गठनका कारण यी ढुकुरहरू मेरो जाल लिएर उड्दै छन् तर जब यिनीहरू थाक्छन् अनि आपसमा झगडा गर्न लाग्छन् र जालसहित सबै भुइँमा खस्छन्।

लघुपतनकोऽपि प्राणयात्राक्रियां त्यक्त्वा किमत्र भविष्यतीति कुतूहलात्पृष्ठतोऽनुसरति। अथ दृष्टरगोचरतां गतान् तान् विज्ञाय लुब्धको निराशः श्लोकमपठत्, निवृत्तश्च। उक्तञ्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उता लघुपतनकले चारो खोज्न जाने कामलाई छोडेर त्यस घटनालाई आश्चर्यपूर्वक हेर्दै अब के होला भनी बुझ्नका लागि सकसक लागेर ती ढुकुरहरूका पछिपछि उड्दै गयो। ढुकुरहरू देखिन छोडेपछि व्याधा निराश भएर अगाडि बताइएका श्लोकहरू भन्दै फर्कियो। कसैले ठिकै पनि भनेका रहेछन् कि–

नाह भवति यन्न भाव्यं भवति च भाव्य विनापि यत्नेन।
करतलगतमपि नश्यति यस्य हि भवितव्यता नास्ति॥ १०॥ तथा च–

"भाग्यमा जुन कुरो लेखिएको छैन त्यो हुँदै हुँदैन। भाग्यमा जुन कुरो लेखिएको छ, त्यसका लागि धेरै परिश्रम नगरे पनि भएरै छोड्छ। जुन मानिसको भाग्य अनुकूल हुँदैन त्यसका हातमा आएको वस्तु पनि नष्ट भएर नै जाने गर्दछ। अरू पनि–

पराङ्मुखे विधौ चेत्स्यात्कथंचिद् द्रविणोदयः।
तत्सोऽन्यदपि सङ्गृह्य याति शङ्खनिधिर्यथा॥ ११॥

भाग्य बिग्रिएका बेला यदि कुनै मानिसलाई केही धन कुनै तरिकाले हातमा आएको छ भने त्यो शङ्खनिधिजस्तै भएर आफू पनि जान्छ र त्यसले जाँदाखेरि आफूसँगै पहिलेदेखि जम्मा गरेर राखेको अरू धन पनि समेटेर लिएर जान्छ। अर्थात् शङ्खनिधि कसैसँग पनि अडिएर रहँदैन, त्यो आइलाग्यो भने त्यसले व्यक्तिको पहिलेदेखिको कमाइसमेत लिएर जान्छ भन्ने शङ्खनिधिका विषयमा विश्वास प्रसिद्ध रहेको छ।

तदास्तां तावद्विहङ्गामिषलाभो यावत्कुटुम्बवत्तनोपायभूतं जालमपि मे नष्टम्।"

चराहरूको मांस खान पाउने आशा त परै जाओस् यस बेला पुर्ख्यौली सम्पत्तिका रूपमा रहेको कमाइखाने मेरो जाल पनि यिनै चराहरूसँगै गयो" भन्ने गुनासो व्याधाले गर्दै थियो।

चित्रग्रीवोऽपि लुब्धकमदर्शनीभूतं ज्ञात्वा तानुवाच– "भोः! निवृत्तः स दुरात्मा लुब्धकः, तत्सर्वैरपि स्वस्थैर्गम्यतां महिलारोप्यस्य प्रागुत्तरदिग्भागे। तत्र मम सुहृद्धिरण्यको नाम मूषकः सर्वेषां पाशच्छेदं करिष्यति। उक्तञ्च–

त्यो व्याधा धेरै पछाडि छोडिएपछि चित्रग्रीवले आफ्ना परिवारका अरू सबै ढुकुरहरूसँग– "मित्रहरू! त्यो दुष्ट व्याधा अब फर्कियो। अत तिमीहरू ढुक्क भएर महिलारोप्य नामका सहरको ईशान दिशातिर हिंड। त्यहाँ हिरण्यक नाम गरेको एउटा मुसो मेरो साथी छ। उसले यस जालको बन्धन काटेर तिमीहामी सबैलाई मुक्त पारिदिन्छ। भनिएको पनि छ कि–

सर्वेषामेव मर्त्यानां व्यसने समुपस्थिते।
वाङ्मात्रेणापि साहाय्य मित्रादन्यो न सन्दधे॥ १२॥

मानिसमाथि जब कुनै किसिमको विपद् आइलाग्छ भने त्यस बखतमा मित्रबाहेक अरू कसैले वचनले मात्रै पनि त्यस व्यक्तिको सहायता गर्दैनन्।

एवं ते कपोताश्चित्रग्रीवेण सम्बोधिता महिलारोप्ये नगरे हिरण्यकबिलदुर्गं प्रापुः।

ढुकुरहरूको राजा चित्रग्रीवको त्यस किसिमको आदेशअनुसार सबै जना महिलारोप्य सहरका नजिकै बस्ने गरेको हिरण्यक मुसाको किल्लाजस्तै सुरक्षित पारेर बनाएको दुलाका नजिकै पुगे।

हिरण्यकोऽपि सहस्रबिलदुर्गं प्रविष्टः सन्नकुतोभयः सुखेनास्ते। साध्विदमुच्यते च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यहाँ हिरण्यक हज्जारौँ मुख भएको ओडाररूपी किल्लाभित्र निडर रूपले ढुक्क भई बसेको रहेछ। कसैले ठिकै पनि भनेका हुन्–

अनागतं भयं दृष्ट्वा नीतिशास्त्रविशारदः ।
अवसन्मूषकस्तत्र कृत्वा शतमुखं बिलम् ॥ १३ ॥

भविष्यमा आउने आपत्तिका डरले नीतिकुशल त्यो हिरण्यक नामको मुसो जताततै मुख भएको प्वालमा आफ्नो घर बनाएर सुखसित बसोबास गर्दो रहेछ।

दंष्ट्राविरहितः सर्पो मदहीनो यथा गजः ।
सर्वेषां जायते वश्यो दुर्गहीनस्तथा नृपः ॥ १४ ॥ तथा च–

बिखालु दाँतका अभावमा सर्प र मदका अभावमा हात्ती शक्तिहीन हुन्छन् र जोसुकैको वशमा पर्न सक्छन्। त्यसै गरी किल्ला नभएको राजा पनि शक्तिहीन हुन्छ र शत्रुहरूका फन्दामा पर्दछ, अनि आत्मरक्षा गर्नका लागि उसले शत्रुप्रति उपयुक्त प्रतिकार गर्न सक्दैन। अरू पनि–

न राजानां सहस्रेण न च लक्षेण वाजिनाम् ।
तत्कर्म साध्यते राज्ञां दुर्गेणैकेन यद्रणे ॥ १५ ॥

लडाइँका मैदानमा हजारौँ हात्ती र लाखौँ घोडा भए पनि तिनीहरूबाट राजाहरूले जति काम गर्न सक्दैनन्, त्यति काम उनीहरूले एउटै दुर्गबाट पूरा गर्न सक्दछन्। अर्थात् युद्धकालमा राजाहरूका लागि किल्लाको महत्त्व हजरौँ हात्ती र लाखौँ घोडाको भन्दा बढी हुन्छ।

शतमेकोऽपि सन्धत्ते प्राकारस्थो धनुर्धरः ।
तस्माद् दुर्ग प्रशंसन्ति नीतिशास्त्रविदो जनाः ॥ १६ ॥

किल्लाको आश्रय लिएर बसेका केवल एउटा धनुर्धरले सयौँ योद्धालाई आफ्नो निसाना बनाउन सक्दछ। त्यसैले नीतिविद्हरूले राजाका लागि किल्लाको व्यवस्था हुनु नितान्त आवश्यक बताएका छन् र त्यसको प्रशंसा पनि गरेका छन्।

अथ चित्रग्रीवो बिलमासाद्य तारस्वरेण प्रोवाच– "भोः भो मित्र हिरण्यक! सत्वरमागच्छ, महती मे व्यसनावस्था वर्तते।"

त्यसपछि चित्रग्रीवले हिरण्यकको दुलाको नजिकै गएर ठूलो स्वरले– "मित्र हिरण्यक! तिमी छिटो बाहिर निस्केर आऊ, ममाथि ठूलो सङ्कट आइपरेको छ" भनेर बोलायो।

तच्छ्रुत्वा हिरण्यकोऽपि बिलदुर्गान्तर्गतः सन् प्रोवाच– "भोः! को भवान्? किमर्थ–मायातः? किं कारणम्? कीदृक् ते व्यसनावस्थानम्? तत्कथय" इति।

चित्रग्रीवको कुरो सुनेर हिरण्यकले आफ्ना प्वालभित्रैबाट– "महाशय! तिमी को हौ र यहाँ किन आयौ? तिमीले यहीँ आउनपर्ने कारण के हो? तिमीलाई कस्तो आपद्को स्थिति आइलागेको छ? स्पष्ट गरेर भन" भन्दै धेरै कुराहरू सोध्यो।

तच्छ्रुत्वा चित्रग्रीव आह– "भोः! चित्रग्रीवो नाम कपोतराजोऽहं ते सुहृत्। तत्सत्वर–मागच्छ। गुरुतरं प्रयोजनमस्ति।"

हिरण्यकका यी प्रश्नहरू सुनेर चित्रग्रीवले– "मित्र! म ढुकुरहरूको राजा र तिम्रो साथी चित्रग्रीव हुँ। छिटो बाहिर निस्क। तिमीसँग मेरो साह्रै ठूलो काम छ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदाकर्ण्य पुलकिततनुः प्रहृष्यत्मा स्थिरमनास्त्वरमाणो स निष्क्रान्तः। अथवा साध्विदमुच्यते–

उसको कुरो सुनेर मुसो खुसीले रोमाञ्चित भएर उद्यो अनि हर्ष र खुसीका साथ छिटोछिटो गर्दै प्वालबाट निस्केर बाहिर आयो। कसैले ठिकै पनि भनेको रहेछ कि–

सुहृदः स्नेहसम्पन्ना लोचनानन्ददायिनः।
गृहे गृहवतां नित्यमागच्छन्ति महात्मनाम्॥ १७॥

माया गर्ने र भेट्न मन पराउने सज्जन मित्रहरू असल गृहस्थका घरमा सधैँ नै आउने गर्दछन्। अर्थात् दुष्टका घरमा यस किसिमका खुसीयाली लिएर आफन्त मानिसहरू आउँदैनन्।

आदित्यस्योदयस्तात! ताम्बुलं भारती कथा।
इष्य भार्या सुमित्रं च अपूर्वाणि दिने दिने॥ १८॥

हे बाबु! सूर्योदय, पानसुपारी, महाभारतका कथाहरू, प्रिय व्यवहारकी स्त्री तथा असल मित्रहरूजस्ता वस्तुहरू प्रत्येक दिन नै नयाँ र अपूर्व सुखदायक हुन्छन्। मानिसको हृदय यी कुराहरूबाट कहिल्यै पनि अघाउँदैन।

सुहृदो भवने यस्य समागच्छन्ति नित्यशः।
चित्ते च तस्य सौख्यस्य न किञ्चित्प्रतिमं सुखम्॥ १९॥

जसका घरमा प्रत्येक दिन असल तथा स्नेही मित्रहरू आउने गर्दछन् र त्यस्ता मानिसलाई आफन्तहरू देख्नाले जुन आनन्द मिल्छ त्यो सुख अरू कुनै पनि कुरो देख्नाले प्राप्त हुन सक्दैन।

अथ चित्रग्रीवं सपरिवारं पाशबद्धमालोक्य हिरण्यकः सविषादमिदमाह– "भोः! किमेतत्?"

चित्रग्रीवलाई शाखासन्तानै पासोमा बाँधिएको देखेर हिरण्यकले दुःखी हुँदै– "मित्र! तिम्रो यो दशा कसरी भयो?" भनेर सोध्यो।

स आह– "भोः! जानन्नपि किं पृच्छसि? उक्तञ्च यतः–

उसले– "मित्र! जानीजानीकन पनि तिमी यस्ता खालका कुराहरू किन सोधिरहेका छौ? भनिएको पनि छ कि–

यस्माच्च येन च यदा च यथा च यच्च यावच्च यत्र च शुभाशुभमात्मकर्म।
तस्माच्च तेन च तदा च तथा च तच्च तावच्च तत्र च कृतान्तवशादुपैति॥ २०॥

जुन व्यक्तिद्वारा जुन वस्तु जुन रूपमा जहिले जसरी जति र जुन शुभ वा अशुभ कर्मफल मानिसले भोग्नुपर्ने हुन्छ, उस व्यक्तिद्वारा उसै वस्तुबाट उसै रूपमा उसै क्षणमा उति नै मात्रामा र उही भोग्य कर्मफल आएर स्वयं उसका अगाडि उपस्थित हुन्छ।

तत्प्राप्तं मयैतद्बन्धनं जिह्वालौल्यात्। साम्प्रतं त्वं सत्वरं पाशविमोक्षं कुरु।" तदाकर्ण्य हिरण्यकः प्राह–

मैले आफ्ना जिब्राको चञ्चलता वा लोभमा परेका कारणले नै यस्तो मृत्युको बन्धनमा पर्नुपर्‍यो। यस बेला तिमी धेरै ढिलो नगर। छिटै मेरा पाशाहरूलाई काटिदेऊ" भन्यो।

त्यसका कुराहरू सुनिसकेर हिरण्यकले भन्यो–

अर्धार्धाद्योजनशतादामिषं वीक्षते खगः।
सोऽपि पार्श्वस्थितं दैवाद् बन्धनं न च पश्यति॥ २१॥ तथा च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"चराहरूले सय र सवा सय योजन टाढादेखि नै मांसआदि खाने कुरोलाई देख्छन् तर दुर्भाग्यले ग्रस्त पारेका बेला उनीहरू नजिकै लगाएको पासो पनि देख्न पाउँदैनन्। अरू पनि–

रविनिशाकरयोर्ग्रहपीडनम् गजभुजङ्गविहङ्गमबन्धनम्।
मतिमतां च निरीक्ष्य दरिद्रतां विधिरहो बलवानिति मे मतिः॥ २२॥ तथा च–

आफैँ ग्रह भएर पनि सूर्य र चन्द्रमाले ग्रहबाटै उब्जिएको कष्ट खप्नुपरेको हुन्छ। बलियो वा भयङ्कर तथा स्वच्छन्दतापूर्वक हिँड्ने भए पनि हात्ती, सर्प र चराहरूले बन्धनमा बाँधिएर रहनुपर्ने हुन्छ। यसै गरी बलिया र बुद्धिमान् व्यक्तिहरूमाथि पनि आउन सक्ने विपन्न अवस्थालाई देख्ता भाग्य नै सबैभन्दा बलियो कुरो रहेछ भन्नु नै युक्तिसङ्गत रहेछ कि जस्तो मेरा विचारमा लागेको छ। उसै गरी–

व्योमैकान्तविहारिणोऽपि विहगाः सम्प्राप्नवन्त्यापदम्
बध्यन्ते निपुणैरगाधसलिलान्मीनाः समुद्रादपि।
दुर्नीतं किमिहास्ति किं च सुकृतं कः स्थानलाभे गुणः
कालो हि व्यसने प्रसारितकरो गृह्णाति दूरादपि॥ २३॥

आकाशमा स्वच्छन्द विचरण गर्ने चराहरू पनि कहिलेकाहीँ आपद्ग्रस्त हुन पुग्दछन्। माछाहरूलाई मार्न सिपालु मानिसहरूले समुद्रका अगाध जलका बिचबाट पनि माछाहरूलाई मारेरै निकाल्छन्। अतः यस संसारमा के नीतियुक्त कुरो हो, के पुण्यकर्म हो, कुन स्थान सुरक्षित छ र कुन स्थानबाट कस्तो लाभ हुन सक्दछ भन्ने कुरो बुझिनसक्नु हुन्छ। किनभने कालले आफ्ना आपद्रूपी विशाल भुजाहरूलाई सर्वत्र फैलाएर उभिएको छ। त्यसले जतिसुकै टाढा र सुरक्षित स्थानमा रहेका वस्तुलाई पनि पक्रन सक्छ। उसका लागि कुनै पनि ठाउँ अछुतो रहेको हुँदैन।

एवमुक्त्वा चित्रग्रीवस्य पाशं छेत्तुमुद्यतं स तमाह– "भद्र ! मा, मैवं कुरु, प्रथमं मम भृत्यानां पाशच्छेदं कुरु, तदनु ममापि च।"

उपर्युक्त किसिमले यस्ता कुराहरू भनिसकेपछि जब हिरण्यक चित्रग्रीवको पासो काटिदिनका लागि अघि सरेको थियो अनि चित्रग्रीवले उसलाई रोक्दै– "मित्र ! यसो होइन, पहिले मेरा यी अनुचरहरूको पासो काट अनि त्यसपछि मात्रै मेरो पासो काटिदेऊ" भन्यो।

तच्छ्रुत्वा कुपितो हिरण्यकः प्राह– "भोः ! न युक्तमुक्तं भवता। यतो स्वामिनोऽनन्तरं भृत्याः।"

चित्रग्रीवको कुरो सुनेपछि रिसाउँदै हिरण्यकले– "महाशय ! तिमीले उचित कुरो गरेनौ, किनभने पहिले स्वामी अनि त्यसभन्दा पछाडिमात्रै सेवकहरूको पालो आउँछ" भन्यो।

स आह– "भद्र ! मा मैवं वद। मदाश्रयाः सर्वे एते वराकाः। अपरं स्वकुटुम्बं परित्यज्य समागताः। तत्कथमेतावन्मात्रमपि सम्मानं न करोमि ! उक्तञ्च–

चित्रग्रीवले– "भद्र ! यस्तो कुरो नगर। यी बिचराहरू सबै मेरै आश्रय लिएर बाँचेका हुन्। यिनीहरूले आफ्नो सारा घरबार र परिवारलाई त्यागेर मसँग आएका छन्। के मैले यिनीहरूप्रति यति सम्मान पनि गर्नुपर्दैन र ! भनिएको पनि छ कि–

यः सम्मानं सदा धत्ते भृत्यानां क्षितिपोऽधिकम्।
वित्ताभावेऽपि तं हृष्यस्ते तैर्त्यजन्ति न कर्हिचित्॥ २४॥ तथा च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन राजा आफ्ना अनुचरहरूलाई सधैँ उचित सम्मान गर्दछन्, राजाका त्यस व्यवहारले उनका सेवकहरू पनि सधैँ सन्तुष्ट रहन्छन् र धनको अभाव भएका अवस्थामा पनि उनलाई तिनीहरूले छोड्दैनन्। अरू पनि–

विश्वासः सम्पदां मूलं तेन यूथपतिर्गजः।
सिंहो मृगाधिपत्येऽपि न मृगैः परिवार्यते॥ २५॥

ऐश्वर्य र सुखको मुख्य निवासस्थान विश्वास नै हो। त्यसै विश्वासले हात्ती आफ्ना हुलको मात्रै अधिपति भए पनि उनीहरूसितै हिँड्ने गर्दछ र परिवारको सुख अनुभव गर्न पाउँछ तर केवल त्यही विश्वासका अभावमा सम्पूर्ण वन्य प्राणीहरूका साम्राज्यको अभिषिक्त राजा भए पनि सिंह उनै वन्यप्राणीबाट परित्यक्त भएर एक्लै हिँड्नुपर्ने हुन्छ, उसले पारिवारिक भावनासँग आबद्ध भएको सुख पाउन सक्दैन।

अपरं मम कदाचित्पाशच्छेदं कुर्वतस्ते दन्तभङ्गो भवति, अथवा दुरात्मा लुब्धकः समभ्येति, तन्नूनं मम नरकपात एव। उक्तञ्च–

अर्को एउटा कुरो यस्तो पनि छ कि– यदि कुनै हालतमा मेरो पासो काट्दै गर्दा तिम्रा दाँत भाँचिए वा भुत्तिए भने अथवा त्यो दुष्ट व्याधा नै यहाँ आइपुग्यो भने यिनीहरू बाँधिएका बाँधियै हुन्छन्। अनि मैले निश्चित रूपमा नरकमा बास गर्नुपर्नेछ। भनिएको पनि छ कि–

सदाचारेषु भृत्येषु संसीदत्सु च यः प्रभुः।
सुखी स्यान्नरकं याति परत्रेहि च सीदति" ॥ २६॥

सदाचारी तथा आज्ञाकारी सेवकहरूले कष्ट पाएर छटपटाउँदै गरेको देख्दा पनि जुन राजा प्रसन्नतापूर्वक रहन सक्दछन् उनले यस लोकमा दुःख त पाउँछन् नै साथै मरेपछि पनि उनको बास नरकमा हुनेछ।

तच्छ्रुत्वा प्रहृष्टो हिरण्यकः प्राह, "भोः वेद्म्यहं राजधर्मं परं मया तव परीक्षा कृता तत्सर्वेषां पूर्वं पाशच्छेदं करिष्यामि, भवानप्यनेन विधिना बहुकपोतपरिवारो भविष्यति। उक्तञ्च

चित्रग्रीवको कुरो सुनेर हिरण्यकले– "महाराज! मैले राजधर्मलाई जानेको छु। मैले तिम्रो परीक्षा लिएको थिएँ। अब म पहिले यिनीहरूकै पासो काटिदिनेछु। यस्तै आचरण र भावनाले गर्दा सधैँ तिमीले उन्नति गरिरहनेछौ। भनिएको पनि छ कि–

कारुण्यं संविभागश्च तस्य भृत्येषु सर्वदा।
सम्भवेत्स महीपालस्त्रैलोक्यस्यापि रक्षणे" ॥ २७॥

जुन राजाले आफ्ना सेवकहरूप्रति करुणाको व्यवहार गर्दछन् र उनीहरूलाई समानताको भावनाले हेर्ने गर्दछन्, त्यस्ता राजाले तीनैवटा लोकको रक्षा गर्न सक्नेछन्।

एवमुक्त्वा सर्वेषां पाशच्छेदं कृत्वा हिरण्यकश्चित्रग्रीवमाह– "मित्र! गम्यतामधुना स्वाश्रयं प्रति। भूयोऽपि व्यसने प्राप्ते समागन्तव्यम्" इति तान्सम्प्रेष्य पुनरपि दुर्गं प्रविष्टः।

माथि बताइएअनुसारका कुराहरू गरिसकेपछि हिरण्यकले सबैको पासो काटिदिएर चित्रग्रीवसँग– "मित्र! अब तिमी आफ्ना निवासस्थानतिर जान सक्नेछौ। जहिले तिमीलाई यस्ता किसिमको आपद् परिआउँछ, त्यस बेला निर्धक्क भएर मसँग आऊ" भन्यो। यसरी ती ढुकुरहरूलाई पठाइसकेपछि हिरण्यक पनि आफ्ना दुलाभित्र पस्यो।

चित्रग्रीवोऽपि सपरिवारः स्वाश्रयमगमत्। अथवा साध्विदमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चित्रग्रीव पनि सारा परिवारहरूसहित आफ्नो थलातिर लाग्यो। कसैले ठिकै पनि भनेका रहेछन् कि–

मित्रवान् साधयत्यर्थान् दुःसाध्यानपि वै यतः।
तस्मान्मित्राणि कुर्वीत समानान्येव चात्मनः ॥ २८ ॥

धेरै मित्रहरू भएका मानिसले जस्तासुकै कठिन कामहरू पनि सजिलैसँग गर्दछन्। मानिसले आफ्नो समानता भएका मानिससँग मात्रै मित्रताको सम्बन्ध बनाउनुपर्दछ।

लघुपतनकोऽपि वायसः सर्वं तं चित्रग्रीवबन्धमोक्षमवलोक्य विस्मितमना व्यचिन्तयत्, "अहो! बुद्धिरस्य हिरण्यकस्य शक्तिश्च दुर्गसामग्री च। तदीदृगेव विधिर्विहङ्गानां बन्धन–मोक्षात्मकः। यद्यप्यहं न कस्यचिद्विश्वसिमि चपलप्रकृतिश्च, तथाप्येनं मित्रं करोमि। उक्तञ्च–

चित्रग्रीव त्यसरी बाँधिएको र मुक्त भएको देखेर त्यस लघुपतनक नामका कागलाई ज्यादै आश्चर्य लाग्यो। अनि ऊ मनमनै सोच्न लाग्यो– "यो हिरण्यक त ज्यादै नीतिवान् रहेछ। यससँग शक्ति र किल्लाको सुरक्षाकवच गरी दुवै कुरा पनि छन्। चराहरूको बन्धन र मुक्तिको यो साह्रै राम्रो उपाय हो। यद्यपि म कसैको विश्वास गर्दिनँ र मेरो स्वभाव पनि ज्यादै चकचके छ, तथापि यस हिरण्यकलाई चाहिं मैले आफ्नो मित्र बनाउनैपर्छ। भनिएको पनि छ कि–

अपि सम्पूर्णतायुक्तैः कर्तव्याः सुहृदो बुधैः।
नदीशः परिपूर्णोऽपि चन्द्रोदयमपेक्षते" ॥ २९ ॥

सबै गुणहरू र साधनहरूले सम्पन्न भए पनि बुद्धिमान् मानिसले अरूसँग मित्रता गर्नैपर्छ। सबै साधनहरूले सम्पन्न भए पनि समुद्रले चन्द्रमाको उदय हुने समय पर्खिएर बस्छ।

एवं सम्प्रधार्य पादपादवतीर्य बिलद्वारमाश्रित्य चित्रग्रीववच्छब्देन हिरण्यकं समाहूतवान्, "एह्येहि, भो हिरण्यक! एहि।"

माथि बताइएका कुराहरूमा विचार गरिसकेपछि त्यो काग रुखबाट ओर्लिएर हिरण्यक बसेका दुलाका नजिकै गयो र चित्रग्रीवकै जस्तो प्रीतियुक्त बोलीमा हिरण्यकलाई बोलाउँदै– "मित्र हिरण्यक! आऊ, आऊ, तिमी बाहिर आऊ, छिटो आऊ" भन्न लाग्यो।

तच्छब्दं श्रुत्वा हिरण्यको व्यचिन्तयत्– "किमन्योऽपि कपोतो बन्धनशेषस्तिष्ठति, येन मां व्याहरति।" आह च– "भोः! को भवान्?" स आह– "अहं लघुपतनको नाम वायसः।"

कागले त्यसरी बोलकाएका शब्दहरू सुनेर हिरण्यकले आफ्नै मनभित्र– "ए! कुनै ढुकुर अझै पनि जालमा अल्झिएर रहेको छ कि कसो? कतै कुनैको बन्धन काटिदिन मैले बिर्सिएँ र फेरि उसले मलाई बोलाउँदै छ कि?" भन्ने सोच्यो। अनि उसले "महाशय! तिमी को हौ?" भनेर सोध्यो। उसले– "म लघुपतनक नाम भएको काग हुँ" भन्यो।

तच्छ्रुत्वा विशेषादन्तर्लीनो हिरण्यक आह– "भोः! द्रुतं गम्यतामस्मात् स्थानात्।"

उसको कुरो सुनेपछि हिरण्यकले आफूलाई अझै सुरक्षित गरेर लुकाउँदै– "महाशय तिमी यहाँबाट तुरुन्तै जाऊ" भन्यो।

वायस आह– "अहं तवपार्श्वे गुरुकार्येण समागतः तत्किं नक्रियते मयासह दर्शनम्?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कागले– "म एउटा निकै आवश्यक कामले तिमी भएका ठाउँमा आएको छु, के तिमी मलाई एकपटक भेट्नमात्रै पनि चाहँदैनौ ?" भन्दै सोध्यो।

हिरण्यक आह– "न मेऽस्ति त्वया सह सङ्गमेन प्रयोजनम्" इति।

हिरण्यकले– "मलाई तिमीसँग भेट्नुपर्ने कुनै पनि आवश्यकता छैन" भन्यो।

स आह– "भोः ! चित्रग्रीव मया तव सकाशात् पाशमोक्षणं दृष्टं, तेन मम महती प्रीतिः सञ्जाता। तत्कदाचिन्ममापि बन्धने जाते तव पार्श्वान्मुक्तिर्भविष्यति। तत्क्रियतां मम सह मैत्री।"

उसले– "महाशय ! मैले तिमीलाई चित्रग्रीवको बन्धन काट्दै गर्दा देखेको छु। त्यस कार्यलाई गर्दै गरेको देखेर मेरा मनमा तिमीप्रति अनुराग उत्पन्न भएको छ। कुनै बेला म पनि बन्धनमा परेँ भने तिम्रो कृपा पाएर मेरो मुक्ति हुन सक्दछ। त्यसैले म तिमीलाई आफ्नो मित्र बनाउन चाहन्छु। कृपया तिमीले मेरो मित्रता स्वीकार गर्नुपर्छ" भन्यो।

हिरण्यक आह– "अहो ! त्वं भोक्ता, अहं ते भोज्यभूतः। तत्का त्वया सह मम मैत्री ? तद् गम्यताम्। मैत्री विरोधभावात्कथम् ? उक्तञ्च–

हिरण्यकले– "महाशय ! तिमी भक्षक हौ र म तिम्रो भक्ष्य हुँ। त्यसैले तिमीसँग गरिएका मित्रतामा मेरा लागि के लाभ हुन्छ र ? तिमी यहाँबाट निस्केर जाऊ। आपसमा विरोधी स्वभाव भएका व्यक्तिहरूका बिचमा कस्तो मित्रता हुन सक्छ र ? भनिएको पनि छ कि–

ययोरेव समं वित्तं ययोरेव समं कुलम्।
तयोर्मैत्री विवादश्च न तु पुष्टविपुष्टयोः ॥ ३० ॥

जुन व्यक्तिहरूका बिचमा कुल र धनको समानता हुन्छ उनीहरूका बिचमा मात्रै मित्रता र शत्रुता गर्नु राम्रो हुन्छ। सबल र निर्बलका बिचमा मित्रता वा शत्रुता व्यर्थ हुन्छ। अरू पनि–

यो मित्रं कुरुते मूढ आत्मनोऽसदृशं कुधीः।
हीनं वाप्याधिकं वापि हास्यतां यात्यसौ जनः ॥ ३१ ॥ तद् गम्यताम्" इति।

जुन व्यक्ति आफ्ना मुर्ख्याइँका कारणले आफूसँग नमिल्ने किसिमका वा असमान व्यक्तिसँग मित्रता वा शत्रुता गर्दछन्, त्यो शत्रुता वा मित्रता धेरै बलियो होस् वा नहोस्, जस्तोसुकै भए पनि उपहासको विषय बन्न पुग्दछ। त्यसैले तिमी यहाँबाट छिट्टै जाऊ" भन्यो।

वायस आह– "भो हिरण्यक ! एषोऽहं तव दुर्गद्वारे उपविष्टः। यदि त्वं मैत्री न करोषि, ततोऽहं प्राणमोक्षणं तवाग्रे करिष्यामि। अथवा प्रायोपवेशनं मे स्यात्" इति।

कागले– "मित्र हिरण्यक ! म अहिले तिम्रा ढोकामा बसेको छु। यदि तिमी मसँग मित्रता गर्न चाहँदैनौ भनेदेखि म यहीं तिम्रै ढोकाअगाडि प्राणत्याग गर्नेछु। अथवा त्यसका लागि आजैदेखि अनशनव्रत सुरु गर्न थाल्दछु" भन्यो।

हिरण्यक आह– "भोः ! त्वया वैरिणा सह कथं मैत्री करोमि ? उक्तञ्च–

हिरण्यकले– "महाशय ! तिमी पनि मेरो शत्रु नै हौ। म तिमीसँग मित्रता कसरी गर्न सक्छु र ? भनिएको पनि छ कि–

वैरिणा नहि सन्दध्यात्सुश्लिष्टेनापि सन्धिना।
सुतप्तमपि पानीयं शमयत्येव पावकम् ॥३२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अत्यन्त विश्वास र घनिष्ठ भए पनि शत्रुसँग सन्धि गर्नुहुँदैन। किनभने पानी चाहे जतिसुकै उमालेर तातो पारिएको किन नहोस् तर त्यसले आगोलाई पक्कै निभाइदिन्छ।

वायस आह, "भोः त्वया सह दर्शनमपि नास्ति, कुतो वैरम् ? तत्किमनुचितं वदसि ?"

हिरण्यकको उक्त कुरो सुनिसकेपछि कागले— "हे मित्र ! अहिलेसम्म त तिम्रो दर्शन पनि मैले पाएको छैनँ। यसो हुँदा पनि हामीबिच शत्रुता कहाँबाट आयो ? यस किसिमको नचाहिंदो र उरन्ठ्याउले कुरो तिमीले किन गरिरहेका ?" भन्यो।

हिरण्यक आह— "द्विविधं वैरं भवति, सहजं कृत्रिमं च। तत्सहजवैरी त्वमस्मकम्। उक्तञ्च—

हिरण्यकले— "शत्रुता दुई किसिमको हुन्छ। एउटा स्वाभाविक शत्रुता र अर्को कृत्रिम शत्रुता। तिमी मेरो स्वाभाविक शत्रुभित्र पर्दछौ। भनिएको पनि त छ नि—

कृत्रिमं नाशमभ्येति वैरं द्राक् कृत्रिमैर्गुणैः।
प्राणदानं विना वैरं सहजं याति न क्षयम्॥ ३३॥

कृत्रिम शत्रुता त बनावटी वा कृत्रिम गुणहरूले बनेको हुन्छ र त्यसलाई तत्काल कुनै उपायले मेटाउन पनि सकिन्छ। तर जन्मजात शत्रुताले त कुनै एक पक्षको प्राणलाई विनाश नगरीकन कहिल्यै पनि विनष्ट हुन सक्दैन" भन्यो।

वायस आह— "भोः ! द्विविधस्य वैरस्य लक्षणं श्रोतुमिच्छामि, तत्कथ्यताम्।"

कागले— "महाशय ! म यी दुवै किसिमका शत्रुताका विषयमा जान्न र सुन्न चाहन्छु। कृपया बताइदेऊ न" भन्यो।

हिरण्यक आह— "भोः ! कारणेन निर्वृत्तं कृत्रिमम्। तत्तदर्होपकारकरणाद् गच्छति। स्वाभाविकं पुनः कथमपि न गच्छति। तद्यथा नकुलसर्पाणाम्। शष्पभुङ्नखायुधानाम्। जलवह्नयोः। देवदैत्यानाम्। सारमेयमार्जाराणाम्। ईश्वरदरिद्राणाम्। सपत्नीनाम्। सिंहगजानाम्। लुब्धकहरिणानाम्। श्रोत्रियभ्रष्टक्रियाणाम्। काकोलूकानाम्। मूर्खपण्डितानाम्। पतिव्रता-कुलटानाम्। सज्जनदुर्जनानाम्। न कस्यचित्केनापि कोऽपि व्यापादितः, तथापि प्राणान्ताय यतन्ते।"

हिरण्यकले— "महोदय ! कारणबाट उत्पन्न हुने किसिमको शत्रुतालाई कृत्रिम भन्ने गरिन्छ। त्यसलाई समाप्त हुने किसिमको योग्य उपाय गरेपछि त्यस्तो शत्रुता पनि समाप्त भएर जान सक्छ। तर स्वाभाविक शत्रुता कुनै पनि स्थितिमा समाप्त भएर जाँदैन। जस्तै न्याउरी र सर्पको, घाँस खाने र हिंस्रक पशुको, पानी र आगोको, देवता र दानवको, कुकुर र बिरालाको, धनी र गरिबको, सौतसँग सौताको, सिंह र हात्तीको, व्याधा र हरिणको, श्रोत्रिय र आचारहीनको, काग र उल्लुको, मूर्ख र पण्डितको, पतिव्रता र कुलटाको, सज्जन र दुर्जनको वैरीभाव स्वाभाविक हुन्छ। यिनीहरूमा कुनैले कुनैलाई कहिल्यै मारिहालेका पनि छैनन्, तापनि एकले अर्काको विनाश गर्ने दाउमा सधैं प्रयत्नशील रहेका हुन्छन्।

वायस आह— "भोः ! अकारणमेतत्। श्रूयतां मे वचनम्—

कागले— "तिम्रो भनाइ यथार्थ किसिमको छैन। मेरो कुरो सुन—

कारणान्मित्रतां याति कारणादेति शत्रुताम्।
तस्मान्मित्रत्वमेवात्र योज्यं वैरं न धीमता॥ ३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिसहरू कारण भएर नै कसैसँग मित्रता या शत्रुता गर्दछन्। अतः मानिसले कारण बिना शत्रुता गर्नुहुँदैन। यदि हुन सक्छ भने यस संसारमा सबैसँग मित्रताकै व्यवहार गर्नुपर्दछ।

तस्मात्कुरु मया सह समागमं मित्रधर्मार्थम्।"

अतः मसँग मित्रता गर्नका लागि तिमी एकपटक मात्रै बाहिर निस्केर आऊ र मसँग भेटघाटसम्म गर" भन्यो।

हिरण्यक आह— "भोः ! त्वया सह मम कः समागमः ! श्रूयतां नीतिवचनम्—

हिरयकले— "महाशय ! तिमीसँग मैले सम्पर्क बढाउनुपर्ने प्रयोजन नै के छ र ? नीतिको यस तत्त्वलाई सुनिराख—

सकृद् दुष्टं च यो मित्रं पुनः सन्धातुमिच्छति।
स मृत्युमुपगृह्णाति गर्भमश्वतरी यथा॥ ३५॥

एकपटक मात्रै मित्रता बिग्रियो भने जुन व्यक्तिले पुनः त्यसलाई विश्वास गरी सम्झौता गरेर फेरि जोड्ने इच्छा गर्दछ, त्यो मानिस गर्भधारण गर्ने पोथी खच्चरको जस्तै बिनाकारण स्वयं नष्ट हुन्छ।

अथवा "गुणवानह न मे कश्चिद्वैरनिर्यातनं करिष्यति" एतदपि न सम्भाव्यम्, उक्तञ्च—

अथवा "म गुणवान् छु, त्यसैले मलाई कसैले पनि शत्रुताको केही व्यवहार गर्दैन भनेर निर्धक्क हुनुहुँदैन। भनिएको पनि छ कि—

सिंहो व्याकरणस्य कर्तुहरत्प्राणान् प्रियान् पाणिने-
मीमांसाकृतमुन्ममाथ सहसा हस्ती मुनिं जैमिनिम्।
छन्दोज्ञाननिधिं जघान मकरो वेलातटे पिङ्गल-
मज्ञानावृतचेतसाम तरुषां कोऽर्थस्तिरंश्चां गुणैः॥ ३६॥

व्याकरणशास्त्रका निर्माता पाणिनिलाई सिंहले मारिदिएको थियो, मीमांसाशास्त्रका प्रवर्तक जैमिनि मुनिलाई अचानक हात्तीले कुल्चिएर मार्‍यो र अनि छन्दशास्त्रका प्रवर्तक आचार्य पिङ्गललाई समुद्रका किनारमा कुनै गोही आएर मारेको थियो। त्यसैले यो स्वयंसिद्ध छ कि— अज्ञानी, अविवेकी तथा रिसाहा पशुहरूलाई कसैका गुणको के प्रयोजन हुन्छ र ? अर्थात् पशुलाई कसैका गुणको महत्त्व केही हुँदैन।

वायस आह— "अस्त्येतत्, तथापि श्रूयताम्—

कागले— "तिम्रो भनाइ ठिक छ, त्यसो भए तापनि मेरो कुरो सुनिराख—

उपकाराच्च लोकानां निमित्तान्मृगपक्षिणाम्।
भयाल्लोभाच्च मूर्खाणां मैत्री स्याद् दर्शनात्सताम्॥ ३७॥

पारस्परिक सहयोगका आधारमा नै मानिसहरूमा सन्धि या मित्रता हुने गर्दछ। मृगहरू र पक्षीहरूको मित्रता पनि कुनै कारणले नै हुने गर्दछ। मूर्खहरूको मित्रता डर र लोभका कारणले हुन्छ, तर सज्जनहरूको मित्रता केवल दर्शनले मात्रै पनि हुन सक्दछ।

मृद्घट इव सुखभेद्या दुःसन्धानश्च दुर्जनो भवति।
सुजनस्तु कनकघट इव दुर्भेदः सुकरसन्धिश्च॥ ३८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुर्जन व्यक्ति माटाको घैँटोजस्तै अचानक टुट्ने खालका हुन्छन् र एकपटक टुटिसकेपछि फेरि जोडिन पनि सक्दैनन्। तर सज्जन व्यक्ति सुनको घडाजस्तै सजिलै नफुट्ने किसिमका हुन्छन् र कारणवश फुटिहालेछन् भने पनि सजिलैसँग जोडिन सक्दछन्।

इक्षोरग्रात्क्रमशः पूर्वाण पूर्वाण रसविशेषः।
तद्वत्सज्जनमैत्री विपरीतानां तु विपरीता॥ ३९॥ तथा च—

जस्तै उखुका प्रत्येक आँख्लैपिच्छे रसको मात्रा बढ्दै जान्छ उसै गरी सज्जनहरूको मित्रता पनि प्रत्येक क्षणहरूमा बढ्दै जान्छ। तर दुर्जनहरूको मित्रता यसको ठिक उल्टो उखुको आँख्ला उल्ट्याएजस्तो किसिमको हुन्छ र पहिले निकै घनिष्ट रहे पनि प्रत्येक क्षण घट्तै जाने गर्दछ। अरू पनि—

आरम्भगुर्वी क्षयिणी क्रमेण, लघ्वी पुरावृद्धिमती च पश्चात्।
दिनस्य पूर्वार्धपरार्धभिन्ना, छायेव मैत्री खलसज्जनानाम्॥ ४०॥

दुर्जनहरू र सज्जनहरूको मैत्री क्रमशः दिनको पूर्वाह्न र अपराह्न समयको छायाजस्तै हुन्छ। दुर्जनको मैत्री पूर्वाह्नको छायाजस्तो भई पहिले ठूलो र क्रमशः घट्दै समाप्त हुनतिर लाग्दछ भने सज्जनहरूको मैत्री अपराह्नको छायाजस्तो पहिले सानो हुन्छ र क्रमशः बढ्दै जाने गर्छ। अर्थात् दिनको पूर्व भागमा मानिसको छाया निकै लामो देखिन्छ र दिउँसो हुँदै आउँदा त्यो घट्दै गएर सानो हुन्छ, त्यसै गरी दुर्जनहरूको मित्रता पनि सुरुमा निकै बलियो किसिमको देखिन्छ र दिन बित्दै जाँदा कमजोर हुँदै जान्छ। यसको विपरीत सज्जनहरूको मित्रता बेलुकी पखको छायाजस्तै प्रारम्भमा साधारण किसिमको हुन्छ र पछिपछि झन घनिष्ट हुँदै जान्छ।

तत्सर्वथा साधुरेवाहम्। अपरं त्वां शपथादिभिर्निर्भयं करिष्यामि।"

अतः विश्वास गर कि म एउटा सज्जन व्यक्ति हुँ। आवश्यकता पर्छ भने म शपथआदि लिएर भए पनि तिमीलाई विश्वास दिलाउन चाहन्छु" भनेर कागले बिन्ती गऱ्यो।

हिरण्यक आह— "न मेऽस्ति ते शपथैः प्रत्ययः। उक्तञ्च—

हिरण्यकले— "मलाई तिम्रा शपथमाथि पनि विश्वास छैन। भनिएको छ कि—

शपथैः सन्धितस्यापि न विश्वास व्रजेद्रिपोः।
श्रूयते शपथं कृत्वा वृत्रः शक्रेण सूदितः॥ ४१॥

शपथपूर्वक मित्रता गर्नेहरूको पनि विश्वास गर्नुहुँदैन। किनभने इन्द्रले शपथ लिएपछि नै वृत्रासुरलाई मारेका थिए।

न विश्वासं विना शत्रुर्देवानामपि सिद्ध्यति।
विश्वासात्त्रिदशन्द्रेण दितेर्गर्भो विदारितः॥ ४२॥ अन्यच्च—

यदि शत्रुले कसैको विश्वास गरेन भने देवताहरूले त्यसलाई मार्न सक्ने थिएनन्। विश्वासकै कारणले मात्रै इन्द्रले दैत्यमाता दितिका गर्भको विनाश गरेका थिए। अरू पनि—

बृहस्पतेरपि प्राज्ञस्तस्मान्नैवात्र विश्वसेत्।
य इच्छेदात्मनो वृद्धिमायुष्यं च सुखानि च॥ ४३॥ तथा च—

जुन मानिसले आफ्नो समृद्धि, सुख र लामो आयुको कामना गर्दछ, त्यस्ता बुद्धिमान्ले यस संसारमा देवताका गुरु बृहस्पतिमाथि पनि विश्वास गर्नुहुँदैन। अरू पनि—

सुसूक्ष्मेणापि रन्ध्रेण प्रविश्याभ्यान्तरं रिपुः।
नाशयेच्च शनैः पश्चात्प्लवं सलिलपूरवत्॥ ४४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शत्रुले सानोभन्दा सानो दोष वा असावधानीरूपी छिद्रबाट मानिसका भित्रतिर पस्ने काम गर्दछ र त्यसलाई त्यसै छिद्रका माध्यमबाट जसरी ससाना प्वालबाट पसेका पानीका थोपाले आखिरमा डुङ्गा नै डुबाउँछन् उसै गरी शत्रुले पनि मानिसको जीवनलाई बर्बाद पारेर छोड्दछ।

न विश्वसेदविश्वस्तं विश्वस्तं नाति विश्वसेत्।
विश्वासाद्भयमुत्पन्नं मूलान्यपि निकृन्तति॥ ४५॥

अविश्वासी मानिसको विश्वास गर्नुहुँदैन र विश्वासी मानिसमाथि पनि धेरै विश्वास गर्नुहुँदैन। किनभने विश्वासकै कारणले उत्पन्न हुने डर र विपत्तिहरूले मानिसको जरोसमेत विनाश गरेर छोड्दछ।

न वध्यते ह्यविश्वस्तो दुर्बलोऽपि मदोत्कटैः।
विश्वस्ताश्चाशु वध्यन्ते बलवन्तोऽपि दुर्बलैः॥ ४६॥

अविश्वस्त रहँदाखेरि कमजोर मानिसलाई बलिया मानिसले पनि नोक्सान गर्न सक्दैन र बलियो भए पनि विश्वस्त मानिसलाई कमजोरले पनि दुःख दिन सक्दछ।

सुकृत्यं विष्णुगुप्तस्य मित्राप्तिभार्गवस्य च।
बृहस्पतेरविश्वासो नीतिसन्धिस्त्रधा स्थितः॥ ४७॥ तथा च–

नीतिका तीनवटा मार्गहरू हुन्छन्। विष्णुगुप्तका अनुसार मानिसले गुप्तरूपले यथोचित उपायहरू गरिरहनुपर्दछ। शुक्राचार्यका दृष्टिमा मित्रहरूको संख्या बढाउनु नै मानिसको सफलताको साधन हो। तर देवगुरु बृहस्पतिका विचारमा मानिसले सधैँभरि अविश्वस्त भावमा रहेर आफ्नो कार्य गर्नुपर्दछ। त्यसै गरी–

महताप्यर्थसारेण यो विश्वसिति शत्रुषु।
भार्यासु च विरक्तासु तदन्तं तस्य जीवितम्" ॥ ४८॥

आफूले कमाएका सम्पत्तिका बलमा हेल्चेक्र्याइँ गर्दै जुन मानिसले आफ्ना शत्रुमाथि विश्वास गर्छ, अथवा आफ्नो प्रतिकूल आचरण गर्ने स्त्रीमाथि विश्वास गर्छ त्यो व्यक्ति विश्वास गरुन्जेलमात्रै जीवित रहन्छ। अर्थात् उसको जीवन जबसम्म उसलाई विश्वास गर्दैन त्यतिन्जेल सुरक्षित हुन्छ तर विश्वास गर्न थालेपछि उसका जीवनको सुरक्षा पनि घट्न थाल्दछ।

तच्छ्रुत्वा लघुपतनकोऽपि निरुत्तरश्चिन्तयामास, "अहो, बुद्धिप्रागल्भ्यमस्य नीतिविषये। अथवा एतवास्योपरि मैत्रीपक्षपातः।" आह च– "भोः हिरण्यक !

हिरण्यकको कुरो सुनिसकेपछि लघुपतनक निरुत्तर भयो र उसले आफ्नै मनभित्र– "नीतिशास्त्रका विषयमा हिरण्यकको बुद्धि साह्रै नै खारिएको छ। त्यसैले यससँग मैत्री गर्ने आग्रह मेरा मनमा उत्पन्न भएको हो" भन्ने सोच्यो। अनि फेरि स्पष्ट शब्दमा उसले– "मित्र हिरण्यक !

सख्यं सप्तपदीनं स्यादित्याहुर्विबुधा जनाः।
तस्मात्त्वं मित्रतां प्राप्तो वचनं मम तच्छृणु॥ ४९॥

विद्वान्हरूको भनाइ छ कि सँगसँगै सात पाइला हिंड्नाले या सातवटा वाक्यको प्रयोग गरी बातचित गर्नाले नै आपसमा मित्रता हुन सक्छ। अतः तिमी आजदेखि मेरा मित्र भयौ। अब मेरो पनि कुरो सुन–

दुर्गस्थेनापि त्वया मया सह नित्यमेवालापो गुणदोषसुभाषितगोष्ठीकथाः सर्वदा कर्तव्याः, यद्येवं न विश्वसिषि।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि तिमी ममाथि विश्वास गर्दैनौ भने नगर। विश्वासै नगरे पनि आफ्ना दुर्गभित्रैबाट तिमीले मसँग बातचित गर्न, गुणदोषको विवेचना गर्न र असल कुराहरूका विषयमा छलफल, विचारविमर्श गर्न सक्दछौं" भन्यो।

तच्छ्रुत्वा हिरण्यकोऽपि व्यचिन्तयत्– "विदग्धवचनोऽयं दृश्यते लघुपतनकः सत्यवाक्यश्च। तद्युक्तमनेन मैत्रीकरणम्।" आह च– "भोः! परं कदाचिन्मम दुर्गे चरणपातोऽपि न कार्यः। उक्तञ्च–

लघुपतनकको कुरो सुनेर हिरण्यकले आफ्ना मनभित्र– "यो लघुपतनक ज्यादै बाठो, बोल्नमा सिपालु र सत्य बोल्ने किसिमको छ जस्तो लाग्यो। त्यसैले अब मैले यससँग मित्रता गर्नु उचित नै होला" भन्ने ठान्यो। अनि उसले व्यक्त शब्दमा नै– "महोदय! तिमीसँग म मित्रता गर्छु तर मित्रता गर्नुभन्दा पहिले मेरो एउटा आग्रह छ कि तिमी कहिल्यै पनि मेरा किल्लाभित्र आफ्नो पाइलो हाल्न पाउनेछैनौ। भनिएको पनि छ कि–

भीतभीतः पुरा शत्रुर्मन्दं मन्दं विसर्पति।
भूमौ प्रहेलया पश्चाज्जारहस्तोऽङ्गनास्विव" ॥ ५० ॥

परस्त्रीगामी पुरुषको हात प्रारम्भमा डराउँदै डराउँदै त्यस स्त्रीका शरीरमा छुन पुग्छ। अनि फेरि पछि निर्धक्क हुँदै छिटोछिटो चल्न थाल्दछ। त्यसै गरी शत्रुले पनि पहिले डराईडराई बिस्तारैसित सीमाभित्र पाइलो हाल्ने प्रयास गर्दछ र पसिसकेपछि सकेसम्म छिटोछिटो निर्धक्क भएर बिगार गर्दछ।

तच्छ्रुत्वा वायस आह– "भद्र! एवं भवतु।"

हिरण्यकको कुरो सुनेर लघुपतनकले– "भद्र! तिम्रो विचार र भनाइअनुसार नै म रहने गर्दछु" भन्यो।

ततः प्रभृति तौ द्वावपि सुभाषितगोष्ठीसुखमनुभवन्तौ तिष्ठतः। परस्परं कृतोपकारौ कालं नयतः। लघुपतनकोऽपि मांसशकलानि, मेध्यानि, बलिशेषाण्यन्यानि वात्सल्यादाहृतानि पक्वान्न-विशेषाणि हिरण्यकार्थमानयति। हिरण्यकोऽपि तण्डुलानन्यांश्च भक्ष्यविशेषांल्ल-घुपतनकार्थं रात्रावाहृत्य तत्कालायातस्यार्पयति। अथवा युज्यते द्वयोरप्येतत्। उक्तञ्च–

त्यस दिनदेखि ती दुईले आपसमा राम्रा किसिमका कुराकानी सरसल्लाह भेटघाट गर्दै आनन्दपूर्वक मित्रताका भावले दिन बिताउन लागे। एकापसमा मद्दत गर्न पाउँदा उनीहरू आनन्दको अनुभव गर्दथे र यसै किसिमले उनीहरूका दिन पनि बित्दै थिए। लघुपतनकले भेटेका मासका टुक्राहरूदेखि पवित्र बलिसम्मका पदार्थ वा अनेकौं पक्वान्नहरू पनि ल्याएर स्नेहपूर्वक हिरण्यकलाई दिन्थ्यो भने हिरण्यकले फेला पारेका चामलआदि अन्य खाने कुराहरू पनि राति जम्मा पारेर दिउँसो गफगाफका लागि आएका लघुपतनकलाई दिने गर्दथ्यो। अथवा दुवैका बिचमा यस्तो पारस्परिक लिनदिन पनि राम्ररी नै चलेको थियो। भनिएको पनि छ कि–

ददाति प्रतिगृह्णाति गुह्यमाख्याति पृच्छति।
भुङ्क्ते भोजयते चैव षड्विधं प्रीतिलक्षणम् ॥ ५१ ॥

प्रेमपूर्वक कसैलाई केही दिनु, उसरी नै उसबाट केही लिनु, आफ्ना गोप्य कुराहरूसमेत सुनाउनु, उसले सुनाएका गोप्य कुराहरू सुनिदिनु, मित्रले दिएको वस्तु आफूले खानु र आफूले मित्रलाई पनि खुवाउनु गरी प्रीतिका छ किसिमका लक्षणहरू हुन्छन्।

नोपकारं विना प्रीतिः कथञ्चिकस्यचिद्भवेत्।
उपयाचितदानेन यतो देवा अभीष्टदाः ॥ ५२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपकार नगरीकन कसैको प्रीतिको सम्बन्ध कसैसँग बद्दैन। देवताहरू पनि रुचाउने किसिमको उपहारआदि चढाएपछि मात्रै मनले चिताएको फल दिन्छन्, नभए दिँदैनन्।

ताबत्प्रीतिर्भवेल्लोके यावद् दानं प्रदीयते।
वत्सः क्षीरक्षयं दृष्ट्वा परित्यजति मातरम्॥ ५३॥

यस संसरामा जब कसैलाई केही दिइन्छ भने मात्रै त्यसले माया गर्न थाल्दछ। गाईका वाछाले पनि दुध खान पाउन छोडेपछि माउलाई छोडेर हिँड्छ।

पश्य दानस्य माहात्म्यं सद्यः प्रत्ययकारकम्।
यत्प्रभावादपि द्वेषी मित्रतां याति तत्क्षणम्॥ ५४॥

दानको महत्त्व तुरुन्तै फल दिने किसिमको हुन्छ। त्यस्तो तुरुन्तै फल दिने दानको माहात्म्यलाई मानिसले हेर्नुपर्दछ। दानका प्रभावले शत्रु पनि तत्कालै मित्र बन्न पुग्दछन्।

पुत्रादपि प्रियतर खलु तेन दानं, मन्ये पशोरपि विवेकविवर्जितस्य।
दत्ते खले नु निखिलं खलु येन दुग्धं नित्यं ददाति महिषी समुतापि पश्य॥ ५५॥
किं बहुना—

केवल मानिसहरूका लागि मात्रै होइन, तर विचारविवेक नभएका पशुहरूका लागि पनि दान भन्ने कुरो पुत्रभन्दा प्यारो हुन्छ। किनभने घाँस, पराल र भुसा, पिनाआदि खान पाएपछि पाडो सँगै भए पनि भैँसीले आफ्नो सबै दुध पाडोलाई दिनुको सट्टा मानिसलाई नै दिइरहेको हुन्छ। यस विषयमा धेरै भन्नुपर्ने आवश्यकता पनि छैन—

प्रीतिं निरन्तरां कृत्वा दुर्भेद्यां नखमांसवत्।
मूषको वायसश्चैव गतावेकान्तमिपताम्॥ ५६॥

आँलाको नङ र मासुको जस्तै अविच्छिन्न र अभेद्य प्रेमबाट मुसो र काग दुवैले आपसमा बलियो मित्रता कायम गरे।

एवं स मूषकस्तदुपकाररञ्जितस्तया विश्वस्तो यथा तस्य पक्षमच्ये प्रविष्टस्तेन सह सदैव गोष्ठीं करोति।

त्यो मुसो लघुपतनकका उपकारहरूबाट उप्रति यति धेरै अनुरक्त र विश्वस्त हुन पुग्यो कि कहिलेकाहीँ त त्यस कागका पखेटामुनि नै ढुक्कसँग बसेर उसँग बातचित पनि गर्दथ्यो।

अथान्यस्मिन्नहनि वायसोऽश्रुपूर्णनयनः समभ्येत्य सगद्गदं तमुवाच, "भद्र हिरण्यक! विरक्तिः सञ्जाता मे साम्प्रतं देशस्यास्योपरि, तदन्यत्र यास्यामि।"

एक दिन त आँखाभरि आँसु पार्दै कागले आएर रुन्चे स्वरमा हिरण्यकसँग— "मित्र हिरण्यक! यस ठाउँसँग अब म अघाइसकेँ। ज्यादै विरक्त लागेको हुँदा यहाँबाट अन्तैतिर कतै जानुपर्‍यो" भन्यो।

हिरण्यक आह— "भद्र! किं विरक्तेः कारणम्?"

मुसाले— "भद्र! तिमीलाई विरक्त लाग्ने यस्तो के कारण पर्‍यो र एक्कासी यो ठाउँ छोडेर अन्तैतिर हिंड्ने विचार गर्दै छौ?" भनी सोध्यो।

स आह— "श्रूयताम्! अत्र देशे महत्यानावृष्टया दुर्भिक्षं सञ्जातम्। दुर्भिक्षत्वाज्जनो बुभुक्षापीडितः कोऽपि बलिमात्रमपि न प्रयच्छति। अपरं, गृहेगृहे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुभुक्षितजनैविहङ्गानां बन्धनाय पाशाः प्रगुणीकृताः सन्ति। अहमप्यायुःशेषतया पाशेन बद्ध उद्धरितोऽस्मि। एतद्विरक्तः कारणम्। तेनाहं विदेशं चलित इति बाष्पमोक्षं करोमि।"

उसले– "भद्र ! यदि सुन्ने नै मन गरेका छौ भने सुन न त– ज्यादै ठूलो खडेरी पर्नाका कारणले यस देशमा अनिकाल परिसक्यो। यस्ता अनिकालमा दुनियाँ आफैँ पनि भोकभोकै छटपटाएर मर्न थाले। त्यसो भएपछि उनीहरूले कागका लागि बलि चढाउन छोडे। त्यसका अतिरिक्त अर्को कुरो पनि छ कि भोकले व्याकुल भएका मानिसहरूले चराहरूलाई जालमा फँसाएर मार्नका लागि घरघरैमा पासो हालेर बसेका छन्। मिति नपुगेकाले होला म जसैतसै पासोबाट जोगिएर आएको छु। मलाई दिक्क लागेको कारण यही हो। अब म विदेशयात्राका लागि तयार भइसकेको छु। त्यसै कारण दुःख लागेर रोइरहेको छु" भन्यो।

हिरण्यक आह– "अथ भवान् क प्रस्थितः ?"।

हिरण्यकले– "तिमी कहाँ जान चाहन्छौ त ?" भनी सोध्यो।

स आह– "अस्ति दक्षिणापथे वनगहनमध्ये महासरः। तत्र त्वत्तोऽधिकः परमसुहृत्कूर्मो मन्थरको नाम। स च मे मत्स्यमांसखण्डानि दास्यति। तद्भक्षणात्तेन सह सुभाषितगोष्ठी–सुखमनुभवत् सुखेन कालं नयिष्यामि। नाहमत्र विहङ्गानां पाशबन्धनेन क्षयं द्रष्टुमिच्छामि। उक्तञ्च–

उसले– "भद्र ! दक्षिणी प्रदेशका साह्रै दुर्गम वनका बिचमा एउटा ज्यादै ठूलो तलाउ छ। त्यहाँ तिमीभन्दा पुरानो र ज्यादै घनिष्टता भएको मन्थरक नाम गरेको मेरो एउटा कछुवा साथी रहने गर्दछ। उसले मलाई माछाका टुक्राहरू दिने गर्दछ। म तिनैलाई खाएर उसैसँग मिठा गफ गर्दै आनन्द लिने गर्दछु र सुखसाथ आफ्नो जीवन बिताउने गर्दछु। यहाँ बसेर आफ्नै आँखा अगाडि नै आफन्त चराहरू जालमा फँस्दै मरेर विनाश भएको म हेर्न सक्दिनँ। भनिएको पनि छ कि–

अनावृष्टिहते देशे सस्ये च प्रलयङ्गते।
धन्यास्तात ! न पश्यन्ति देशभङ्गं कुलक्षयम्॥ ५७॥

हे बाबु ! धनधान्य समाप्ति भएपछि अनावृष्टि र दुर्भिक्षग्रस्त क्षेत्रमा बसेर आफ्ना कुलको विनाश भएको जसले देख्न पाउँदैन त्यो नै धन्य हो।

कोऽतिभारः समर्थानां किं दूरं व्यवसायिनाम् ?।
को विदेशः सविद्यानां कः परः प्रियवादिनाम् ?॥ ५८॥

बलियो व्यक्तिका लागि कुनै कुरो भारी हुँदैन, जाँगरिलो व्यक्तिका लागि कुनै ठाउँ टाढा हुँदैन, विद्वान् व्यक्तिका लागि कुनै ठाउँ विदेश वा अपरिचित लाग्ने हुँदैन र मिठो बोली बोल्ने व्यक्तिका लागि कुनै मानिस पनि पराई वा शत्रु हुँदैन।

विद्वत्त्वञ्च नृपत्वञ्च नैव तुल्यं कदाचन,
स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते" ॥ ५९॥

विद्वत्ता र राज्यसञ्चालन यी दुई काम कसै पनि समान किसिमका होइनन्। किनभने राजाले त केवल आफ्नै देशमा मात्र आदरसम्मान पाउँछन् तर विद्वान्ले संसारका सबै ठाउँमा आदरसम्मान पाउँछन्।

हिरण्यक आह– "यद्येवं तदहमपि त्वया सह गमिष्यामि। ममापि महद्दुःखं वर्तते।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिरण्यकले– "यदि तिम्रो यही नै दृढ विचार हो भने म पनि तिमीसँगै जानेछु। मलाई पनि यहाँ ज्यादै कष्ट छ" भन्यो।

वायस आह– "भोः ! तव किं दुःखं, तत्कथय ?"

कागले– "तिमीलाई कस्ता किसिमको दुःख छ, मलाई पनि भन न त" भनेर सोध्यो।

हिरण्यक आह– "भोः ! बहु वक्तव्यमस्त्यत्र विषये। तत्तत्रैव गत्वा सर्वं सविस्तरं कथयिष्यामि।"

हिरण्यकले– "यस विषयमा मैले बताउनुपर्ने कुरो धेरै छ। त्यसैले उतै गएपछि विस्तारपूर्वक बताउनेछु" भन्यो।

वायस आह– "अहं तावदाकाशगतिः। तत्कथं भवतो मया सह गमनम्" ?

कागले– "म त आकाशको बाटो गरी हिँड्ने उड्वा प्राणी हुँ, तिमी मसँग कसरी जान सक्छौ नि ?" भनेर सोध्यो।

स आह– "यदि मे प्राणान् रक्षसि, तदा स्वपृष्ठमारोप्य मां तत्र प्रापय, नान्यथा मम गतिरस्ति।"

उसले– "यदि तिमी मेरो ज्यान जोगाउन चाहन्छौ, भने तिम्रा पिठ्युँमाथि चढाएर मलाई त्यहाँ पुऱ्याइदेऊ। अन्यथा मेरो अर्को कुनै उपाय छैन" भन्यो।

तच्छ्रुत्वा, सानन्दं वायस आह,– "यद्येवं तद्धन्योऽहं, यद् भवतापि सह तत्र कालं नयामि। अहं सम्पातादिकानष्ट्युड्डीनगतिविशेषान् वेद्मि। तत्समारोहय मम पृष्ठम्, येन सुखेन त्वां तत्सरः प्रापयामि।"

हिरण्यकको उपर्युक्त कुरो सुनेपछि कागले हर्षित हुँदै– "यदि यस्तै कुरो हो भनेदेखि म पनि धन्य भएँ। त्यहाँ पनि मैले तिमीसँगै सुखपूर्वक समय बिताउन पाउनेछु। मैले सम्पातआदि आठ किसिमका उडानसम्बन्धी गतिहरू जानेको छु। त्यसैले तिमी मेरा पिठ्युँमा चढ, यसो भएपछि म तिमीलाई सजिलैसित त्यस तलाउका छेउसम्म पुऱ्याउन सक्नेछु।

हिरण्यक आह– "उड्डीनानां नामानि श्रोतुमिच्छामि।" स आह–

हिरण्यकले– "मलाई पनि उडानसम्बन्धी ती सबै नीतिहरूको नाम जान्न मन लागेको छ" भन्यो। उसले–

"सम्पाताञ्च विपातच्च महापातं निपातनम्।
वक्रं तिर्यक् तथा चोर्ध्वमष्टमं लघुसंज्ञकम्॥ ६०॥

"सम्पात, विपात, महापात, निपात, वक्रगति, तिर्यक्गति, ऊर्ध्वगति तथा लघुगति गरी यी आठ प्रकारका उडानसम्बन्धी गतिका नाम हुन्" भन्या।

तच्छ्रुत्वा हिरण्यकस्तत्क्षणादेव तदुपरि समारूढः। सोऽपि शनैः शनैस्तमादाय सम्पातोड्डयनेन प्रस्थितः, क्रमेण तत्सरः प्राप्तः। ततो लघुपतनकं मूषकाधिष्ठितं विलोक्य दूरतोऽपि देशकालविदसामान्य काकोऽयमिति ज्ञात्वा, सत्वरं मन्थरको जले प्रविष्टः।

लघुपतनक नामका कागको कुरो सुनिसकेपछि त्यो हिरण्यक नामको मुसो कागका पिठ्युँमा चढ्यो। अनि त्यस कागले उसलाई पनि साथै लिएर बिस्तारै बिस्तारै सम्पात गतिले उड्दै क्रमशः त्यस तलाउका किनारमा पुगे। मुसालाई सँगै लिएर आएको लघुपतनकलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टाढैबाट देखिसकेपछि देश र कालका विषयमा जान्ने त्यस मन्थरक नामका कछुवाले मनमनै "यो त कुनै असाधारण कागजस्तो लाग्दछ" भन्ने ठान्यो र ऊ तुरुन्तै पानीमा पसिहाल्यो।

लघुपतनकोऽपि तीरस्यतरुकोटरे हिरण्यकं मुक्त्वा शाखाग्रमारुह्य तारस्वरेण प्रोवाच— "भो मन्थरक ! आगच्छागच्छ, तव मित्रमहं लघुपतनको नाम वायसश्चिरात् सोत्कण्ठः समायातः, तदागत्यालिङ्ग माम्। उक्तञ्च—

तलाउका किनारका रहेको एउटा रुखका टोडकामा हिरण्यकलाई बस्ने व्यवस्था मिलाइदिएपछि एउटा रुखका हाँगामा बसेर लघुपतनकले मन्थरकलाई बोलाउँदै जोडसँग "मित्र मन्थरक ! आऊ, बाहिर आऊ, म तिम्रो मित्र लघुपतनक नामको काग हुँ। आज धेरै दिनपछि तिमी भएका ठाउँमा आएको छु। आऊ हामी दुईले आलिङ्गन गरौं। भनिएको पनि छ कि—

किं चन्दनैः सकर्पूरैस्तुहिनैः किं च शीतलैः ?।
सर्वे ते मित्रगात्रस्य कलां नार्हन्ति षोडशीम्॥ ६१॥ तथा च—

कपुर मिसाइएको चन्दन र हिउँआदि पदार्थको शीतलता मित्रको शरीर स्पर्श गर्नाले उत्पन्न हुने शीतलताको सोह्र भागको एक भागमात्रै पनि हुँदैन। मित्रको शरीर छुनाले जुन शान्ति मिल्छ त्यो कपुर मिसाएको चन्दन र हिउँको शीतलताबाट पनि प्राप्त हुन सक्दैन। अरू पनि—

केनामृतमिदं सृष्टं मित्रमित्यक्षरद्वयम्।
आपदां च परित्राणं शोकसन्तापभेषजम्" ॥ ६२॥

'मि' 'त्र' यी दुई अक्षरहरूका रूपमा अमृतको निर्माण कसले गरेको हो कुन्नि। यसले त मानिसलाई आपद्‌हरूबाट रक्षा गर्दछ र शोक एवं सन्तापरूपी रोगहरूको साह्रै ठूलो ओखतीको काम पनि गर्दोरहेछ।

तच्छ्रुत्वा निपुणतरं परिज्ञाय सत्वरं सलिलान्निष्क्रम्य पुलकिततनुरानन्दाश्रुपूरितनयनो मन्थरकः प्रोवाच— "एह्येहि मित्र ! आलिङ्ग माम्। चिरकालान्मया त्वं न सम्यक् परिज्ञातः। तेनाहं सलिलान्तः प्रविष्टः। उक्तञ्च—

कागको बोली सुनेर उसलाई राम्रोसँग चिनिसकेपछि त्यो कछुवा पानीबाट निस्केर आयो र प्रेमका आँसुहरू आँखाभरि पार्दै र मनलाई अत्यन्त खुसी बनाउँदै उसले— "आऊ, आऊ मित्र ! आएर मसँग आलिङ्गन गर, मैले तिमीलाई धेरै दिनदेखि यता आएको देखेको थिइनँ, त्यसैले म पानीमा पसेको थिएँ। भनिएको पनि छ कि—

यस्य न ज्ञायते वीर्यं न कुलं न विचेष्टितम्।
न तेन सङ्गतिं कुर्यादित्युवाच बृहस्पतिः" ॥ ६३॥

मानिसले जसको पराक्रम, कुल र मनको भावना जानेको छैन, उसँग नजिक हुनुहुँदैन भन्ने आचार्य बृहस्पतिको भनाइ छ" भन्यो।

एवमुक्ते तघुपतनको वृक्षादवतीर्य तमालिङ्गितवान्। अथवा, साध्विदमुच्यते—

मन्थरकले यस किसिमको कुरो गरेपछि लघुपतनकले रुखबाट ओर्लिएर उसलाई आलिङ्गन गऱ्यो। अथवा यस्तो ठिकै पनि भनिएको छ कि—

अमृतस्य प्रवाहैः किं कायक्षालनसम्भवैः।
चिरान्मित्रपरिष्वङ्गो योऽसौ मूल्यविवर्जितः॥ ६४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमृतजस्तो पानीका प्रवाहले मानिसको शरीरलाई मात्रै धोइदिन्छ, त्यसैले त्यसको पनि महत्त्व उति धेरै छैन। तर धेरै दिनपछि भेट भएका मित्रको शरीरलाई आलिङ्गन गर्नु त्यो अमृतभन्दा धेरै महत्त्वपूर्ण हुन्छ। किनभने यस किसिमका आलिङ्गनले त मानिसको शरीरमात्रै होइन मन पनि शुद्ध हुन्छ। त्यसको अर्को पनि एउटा विशेषता छ। त्यो के हो भने मित्रताको आनन्द अमूल्य हुँदाहुँदै पनि निःशुल्क पाइन्छ।

एवं द्वावपि तौ विहितालिङ्गनौ परस्परं पुलकितशरीरौ वृक्षादधः समुपविष्टौ, प्रोचतुरात्मचरित्रवृत्तान्तम्। हिरण्यकोऽपि मन्थरकं प्रणम्य वायसाभ्याशे समुपविष्टः। अथ तं समालोक्य मन्थरको लघुपतनकमाह— "भोः! कोऽयं मूषकः ? कस्मात्त्वया भक्ष्यभूतोऽपि पृष्ठमारोप्यानीतः ? तन्नात्र स्वल्पकारणेन भाव्यम्।"

यस किसिमले पारस्परिक आलिङ्गन गरिसकेपछि प्रेमपुलकित भएर दुवैजना रुखका फेदमा गएर बसे। अनि एकआपसमा आआफ्ना सुखदुःखका कुराकानी गर्दै मनका कथाव्यथाहरू भन्न र सुनाउन थाले। हिरण्यक पनि आएर मन्थरकलाई प्रणाम गरेर कागका नजिकै गएर बस्यो। त्यसलाई देखेपछि मन्थरकले लघुपतनकसँग— "मित्र! यो मुसो को हो ? आफ्नो भक्ष्य हुँदाहुँदै पनि तिमीले आफ्ना डँडेल्नामा बोकेर यसलाई यहाँ किन ल्यायौ ? यसमा त कुनै रहस्य छ जस्तो लाग्छ नि ?" भनेर सोध्यो।

तच्छ्रुत्वा लघुपतनक आह— "भोः! हिरण्यको नाम मूषकोऽयं मम सुहृद द्वितीयमिव जीवितम्। तत्किं बहुना—

मन्थरकका प्रश्नहरू सुनिसकेपछि लघुपतनकले— "मित्र! यिनी हिरण्यक नामका मुसा हुन् र मेरो अर्को प्राणजत्तिकै ज्यादै प्रिय मित्र पनि हुन्। धेरै कुरो के गरौँ—

पर्जन्यस्य यथा धारा यथा च दिवि तारकाः।
सिकतारेणवो यद्वत् सङ्ख्यया परिवर्जिताः॥ ६५॥

आकाशमा रहेका मेघधाराहरू, नक्षत्रहरू र यस पृथ्वीमा रहेका बालुवाका कणहरूलाई गन्न सकिँदैन, तिनीहरू असंख्य हुन्छन्।

गुणः सङ्ख्यापरित्यक्तास्तद्वदस्य महात्मनः।
परं निर्वेदमापन्नः सम्प्राप्तोऽयं तवान्तिकम्" ॥ ६६॥

त्यसै गरी यी हिरण्यकका गुणहरू पनि असंख्य छन्। तिनीहरूको गन्ती गर्न सकिँदैन। यिनी अत्यन्त सज्जन तथा असंख्य गुणहरूले युक्त छन् तर कुनै विशेष कारणले विरक्त भएका हुनाले यहाँ तिमी भएका ठाउँमा आएका हुन् र अहिले आफू बसेको ठाउँ छोडिसकेका छन्।

मन्थरक आह— "किमस्य वैराग्यकारणम् ?"

मन्थरकले— "यिनलाई वैराग्य आउनुको कारण के होला त ?" भनी सोध्यो।

वायस आह— "पृष्टे मया तत्रैव, परमनेनाभिहितं यद्-बहु वक्तव्यमस्ति, तत्तत्रैव गत्वा कथयिष्याभि इति समापि न निवेदितम्। तद् भद्र हिरण्यक! इदानीं निवेद्यतामुभयोरप्यावयोस्तदातमनो वैराग्यकारणम्।" सोऽब्रवीत्—

कागले उत्तर दिँदै— "मैले यिनलाई उहीँ नै कारण सोधेको थिएँ, तर यिनले यस विषयमा भन्नुपर्ने कुराहरू धेरै छन्, ती सबै कुराहरू उहीँ पुगेपछि सविस्तार बताउनेछु भनी आए। मलाई पनि उनले केही भनेका छैनन्" भन्यो। अनि फेरि कागले हिरण्यकलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्बोधन गर्दै– "मित्र हिरण्यक ! अब त तिमी यहाँ आइपुगेकै छौ, आफूलाई दुःख लागेको कुरो हामी दुवैलाई बताइदेऊ" भन्यो।

हिरण्यकताम्रचूड-कथा

अस्ति दाक्षिणत्ये जनपदे महिलारोप्यं नाम नगरम्। तस्य नातिदूरे मठायतनं भगवतः श्रीमहादेवस्य। तत्र च ताम्रचूडो नाम परिव्राजकः प्रतिवसति स्म। स च नगरे भिक्षाटनं कृत्वा प्राण्यात्रां समाचरति। भिक्षाशेषञ्च तत्रैव भिक्षापात्रे निधाय तद्भिक्षापात्रं नागदन्तेऽवलम्ब्य पश्चाद्रात्रौ स्वपिति। प्रत्यूषे च तदन्नं कर्मकराणां दत्वा सम्यक् तत्रैव देवतायतने संमार्जनत्वकादिकं समाज्ञापयति।

हिरण्यक र ताम्रचूड

दक्षिणदेशका कुनै राज्यमा महिलारोप्य नाम गरेको एउटा सहर छ। त्यसभन्दा अलिकति पर भगवान् शङ्करको एउटा मन्दिर रहेको छ। त्यस मन्दिरमा कुनै समयमा ताम्रचूड नाम गरेको एउटा सन्यासी रहने गर्दथ्यो। त्यस सन्यासीले सहरमा गएर भिक्षा गरी ल्याएर आफ्नो जीविका चलाउने गर्दथ्यो। भोजन गरिसकेपछि बचेको भिक्षालाई भाँडामा हालेर त्यस भाँडालाई एउटा किलामा सिँगौरो झुन्ड्याएर राख्ने गर्दथ्यो र राति निश्चिन्त भएर सुत्ने गर्दथ्यो। बिहान भएपछि त्यही बचेको अन्न काम गर्ने ज्यामीहरूलाई ज्यालाका रूपमा दिएर मन्दिरमा बढार्ने, लिप्ने, सजाउने, सिँगार्नेआदि सबै खालका कामहरू तिनीहरूबाट गराउँथ्यो।

अन्यस्मिन्नहनि मम बान्धवैर्निवेदितम्– "स्वामिन् ! मठायतने सिद्धमन्नं मूषक-भयात्तत्रैव भिक्षापात्रे निहितं नागदन्तेऽवलम्बितं तिष्ठति सदैव। तद् वयं भक्षयितुं न शक्नुमः। स्वामिनः पूनरगम्यं किमपि नास्ति। तत्किं वृथाटनेनान्यत्र। अद्य तत्र गत्वा यथेच्छं भुञ्जामहे भवत्प्रसादात्"।

एक दिन मेरा सबै आफन्त र साथीहरूले मसँग आएर आग्रहपूर्वक– "महाराज ! मुसाका डरले पाकेको भोजन भिक्षापात्रमा हालेर मठका भित्ताछेउमा गाडेर राखेको किलाको सिँगौरामा झुन्ड्याएर राखिएको हुन्छ। हामीले त्यसलाई खान सक्दैनौं। महाराजका लागि त कुनै ठाउँ पनि पुग्न नसक्ने हुँदैन। त्यसैले अरू चारैतिर भौंतारिनाले के फाइदा छ र ? यदि तपाईंले कृपा गर्नुभयो भनेदेखि आज हामीहरू सबै त्यहाँ गएर पेटभरि भोजन गर्न पाउने थियौं" भने।

तदाकर्ण्याहं सकलयूथपरिवृत्तस्तत्क्षणादेव तत्र गतः। उत्पत्य च तस्मिन् भिक्षापात्रे समारूढः। तत्र भक्ष्यविशेषाणि सेवकानां दत्त्वा पश्चात्स्वयमेव भक्षयामि। सर्वेषां तृप्तौ जातायां भूयः स्वगृहं गच्छामि। एवं नित्यमेव तदन्नं भक्षयामि। परिव्राजकोऽपि यथाशक्ति रक्षति, परं यदैव निद्रान्तरितो भवति तदाहं तत्रारुह्यात्मकृत्यं करोमि।

उनीहरूको आग्रहलाई सुनेपछि म तत्काल उनीहरूको हुलसँगै त्यहाँ गएँ। त्यहाँ पुगेर उफ्रिएर त्यस भिक्षापात्रमाथि म चढेँ। अनि त्यसपछि त्यस भिक्षापात्रमा राखिएको अन्न आफ्ना अनुचरहरूलाई दिइसकेपछि स्वयं आफूले पनि खान लागेँ। सबैजना अघाएर सन्तुष्ट भएपछि हामी फर्कियौं। यसै गरी प्रत्येक दिन म त्यसै अन्नलाई खाने गर्दथेँ। सन्यासी त्यस अन्नलाई जोगाउने सकेसम्म कोसिस गर्दथ्यो तर जब ऊ सुत्थ्यो अनि म भिक्षापात्रमाथि चढेर आफ्नो काम पूरा गर्ने गर्दथेँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ कदाचित्तेन मम त्रासार्थ महान् यत्नः कृतः। जर्जरवंशोऽपि समानीतः। तेन सुप्तोऽपि मम भयाद्भिक्षापात्रं ताडयति। अहमप्यभक्षितेऽप्यन्ने प्रहारभयादपसर्पामि। एवं तेन सह सकलां रात्रिं विग्रहपरस्य मे कालो व्रजति।

एक दिन त्यस सन्यासीले मलाई डर देखाउने सफल प्रयत्न गर्नका लागि कतैबाट एउटा फुटेको बाँस ल्याएछ। मेरा डरले ऊ सुतेका बेला पनि त्यस भिक्षापात्रमा त्यही फुटेका बाँसले ठट्टाउने गर्दथ्यो। चोट लाग्ला कि भन्ने डरले मैले त्यो अन्न नखाईकन भाग्नुपर्ने भयो। यसै गरी मेरा सबै रातहरू त्यही सन्यासीसँग सङ्घर्ष गर्दैमा बित्न लागे।

अथान्यस्मिन्नहनि तस्मिन् मठे बृहत्स्फिङ् नामा परिव्राजकस्तस्य सुहृत् तीर्थयात्राप्रस- ङ्गेन प्राघुणिकः समायातः। तं दृष्ट्वा प्रत्युत्थानविधिना सम्भाव्य प्रपत्ति पूर्वकमभ्यागतक्रियया नियोजितवान्। ततश्च रात्रावेकत्र कुशसंस्तरे द्वावपि प्रसुप्तौ धर्मकथां कथयितुमारब्धौ।

एक दिन त्यस सन्यासीका घरमा बृहत्स्फिक् नाम गरेको उसको एउटा साथी सन्यासी तीर्थयात्राका प्रसङ्गमा घुम्दैफिर्दै अतिथिका रूपमा त्यस मठमा आइपुग्यो। अतिथिलाई देखेपछि त्यस सन्यासीले स्वागतका लागि आफू बसेको ठाउँबाट उठेर सम्मानपूर्वक उसलाई बसायो र विनम्रतापूर्वक अतिथिको यथोचित सम्मानसत्कार गर्नतिर व्यस्त रहन लाग्यो। खाईपिई सकेर रात परेपछि ती दुवैजना एउटा कुशाका बिछ्यौनामा सुतेर आपसमा धर्मका कुराहरूका विषयमा गफगाफ गर्न लागे।

अथ बृहस्फिक्ककथागोष्ठीषु स ताम्रचूडो मूषकत्रासार्थं व्याक्षिप्तमना जर्जरवंशेन भिक्षापात्रं ताड्स्तस्य शून्यं प्रतिवचनं प्रयच्छति। तन्मयो न किञ्चिदुदाहरति।

बृहत्स्फिक्सँग गफ गर्दागर्दै पनि मुसाहरूलाई तर्साउनका लागि सजग रहेको हुनाले त्यस सन्यासीले बारम्बार फुटेका बाँसले भिक्षापात्रमा ठट्टाउन छोडेको थिएन। त्यसो गरेको देखेर दिक्क लागिसकेपछि कहिले बृहत्स्फिक्सँग गरिएका कुराहरूबाट झर्को मानेझैं गरी त्यत्तिकै अँ, अँ मात्रै गर्न लागेको थियो भने कहिले ऊ आफैं मुसा धपाउने सुरमा बृहत्स्फिक्का कुराहरू राम्ररी सुनेर जवाफ पनि दिँदैनथ्यो।

अथासावभ्यागतः परं कोपमुपागतस्तमुवाच— "भोस्ताम्रचूड ! परिज्ञातस्त्वं सम्यङ् न सुहृत्। तेन मया सह साह्लादं न जल्पसि, तद्रात्रावपि त्वदीयं मठं त्यक्त्वाऽन्यत्र मठे यास्यामि। उक्तञ्च—

यस्तो कुराले वाक्क भएपछि आखिरमा रिसाउँदै बृहत्स्फिक्ले— "हेर, ताम्रचूड ! तिमी मेरा असल मित्र होइनरहेछौ भन्ने कुरो मैले आज राम्ररी बुझें। यसै कारणले त तिमी मसँग राम्रोसँग कुराकानी गर्न पनि मन गरिरहेका छैनौ। त्यसैले मैले तिम्रा यस मठमा बास गर्नु व्यर्थ छ। बिचराती नै भए पनि म तिम्रो यस मठलाई अहिले नै छोडेर जाँदै छु। भनिएको पनि छ कि—

एह्यागच्छ, समाश्रयासनमिदं, कस्माच्चिराद् दृश्यसे ?
का वार्ता, ह्यतिदुर्बलोऽसि, कुशलं, प्रीतोऽस्मि ते दर्शनात्।
एवं ये समुपागतान्प्रणयिनः प्रह्लादयन्त्यादरात्
तेषां युक्तमशङ्कितेन मनसा हर्म्याणि गन्तुं सदा॥ ६७॥

आऊ, मित्र ! आऊ, यहाँ आसन छ, बस, धेरै दिनपछि देखिएका छौ। हालचाल कस्तो छ ? केही समाचार छ कि ? अचेल निकै दुब्लाएछौ, तिमीलाई सन्चै छ ? तिमीलाई भेटेपछि मलाई ज्यादै खुसी लाग्यो भन्ने किसिमका यस्ता कुरा आफन्त र स्नेही व्यक्तिलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भेटेपछि जसले आदरपूर्वक सोध्दछन् र आफ्ना पाहुना मित्रलाई बोलीले आनन्दित पारिरहन्छन् तिनै व्यक्तिहरूका घरमा मात्रै मानिसले अतिथि भएर जानु राम्रो हुन्छ र ढुक्कसँग उनीहरूका घरमा बस्नु पनि पर्दछ।

गृही यत्रागतं दृष्ट्वा दिशो वीक्षेत वाप्यधः।
तत्र ये सदने यान्ति ते शृङ्गरहिता वृषाः॥ ६८॥

अतिथि आइसकेपछि जुन घरका गृहस्थले उपेक्षापूर्वक यताउति वा अन्य दिशामा हेर्ने गर्छ, त्यस घरमा अतिथिका रूपमा जाने व्यक्तिहरूलाई सिङ नभएको गोरुजस्तो ठान्नुपर्दछ।

नाभ्युत्थानक्रिया यत्र नालापा मधुराक्षराः।
गुणदोषकथा नैव तत्र हर्म्ये न गम्यते॥ ६९॥

जुन घरमा अतिथि आइपुगेपछि गृहस्थले सम्मानपूर्वक व्यवहार गर्दैन र प्रीति जनाउने किसिमका शब्दहरूमा सुखदुःखका कुराहरू वा खबर समाचार सोध्दैन, त्यो घर अतिथिका लागि जानयोग्य हुँदैन।

तदेकमठप्राप्त्यापि त्वं गर्वितस्त्यक्तसुहृत्स्नेहो नैतद्वेत्सि यत्त्वया मठाश्रयव्याजेन नरकोपार्जनं कृतम्। उक्तञ्च—

तिमीले एउटै मठको संरक्षण गर्ने अधिकार पाएर ज्यादै घमन्डी भएछौ। साथीभाइ आउँदा पनि बोल्न मन लाग्दो रहेनछ। उनीहरूको स्नेहलाई पनि बिर्सेछौ। तर मठका रूपमा तिमीले आफ्ना लागि नरकको बाटो खन्दै छौ, त्यो तिमीलाई थाहा छैन। भनिएको पनि छ कि—

नरकाय मतिस्ते चेत्पौरोहित्यं समाचर।
वर्षं यावत्किमन्येन मठचिन्तां दिनत्रयम्॥ ७०॥

यदि तिमी नरकमा बास गर्न चाहन्छौ भने एक वर्षसम्म पुरोहित्याइँ काम गर अझै त्यसभन्दा पहिले नै नरकतिर जान मन लागेको छ भने तीन दिनसम्म मठको अधिपति बनेर बस।

तन्मूर्ख! शोचितव्येऽप्यर्थे त्वं गर्वितः। तदहं त्वदीयं मठं परित्यज्य यास्यामि।"

हे मूर्ख! यस्तो गम्भीरतापूर्वक सोच्नुपर्ने कुरो पाएकोमा पनि तिमी यति घमन्डी भएछौ कि साथीभाइलाई सम्म बिर्सन पुग्यौ। त्यसैले अब म तिम्रो यस मठलाई छोडेर हिँड्दै छु" भन्दै हिँड्न तयार भयो।

अथ तच्छ्रुत्वा भयत्रस्तमनास्ताम्रचूडस्तमुवाच— "भो भगवन्! मैवं वद। नत्वत्समोऽन्यो मम सुहृत्कश्चिदस्ति, परं तच्छ्रूयतां गोष्ठीशिथिल्यकारणम्। एष दुरात्मा मूषकः प्रोन्नत–स्थाने धृतमपि भिक्षापात्रमुत्प्लुत्यारोहति, भिक्षाशेषं च तत्रस्थं भक्षयति। तदभावादेव मठे मार्जन–क्रियापि न भवति। तन्मूषकत्रासार्थमेतेन वंशेन भिक्षापात्रं मुहुर्मुहुस्ताडयामि, नान्यत्कारणमिति। अपरमेतत्कुतूहलं पश्यास्य दुरात्मनो यन्मार्जारमर्कटादयोऽपि तिरस्कृता अस्योत्पतनेन।"

त्यस सन्यासीको कुरो सुन्नेबित्तिकै डरले थर्कमान हुँदै ताम्रचूडले— "महाराज! यस्तो कुरो नगरौँ। तपाईंजस्तो मेरो कुनै अर्को मित्र छैन। तपाईंका कुरामा ध्यान दिन नसक्नुको मेरो कारण अर्कै छ। म त्यसलाई बताउनेछु, सुनिदिनुहोस्— यस दुष्ट मुसाले जतिसुकै अग्लो ठाउँमा राखे पनि उफ्रेर यस भिक्षापात्रमाथि चढ्न छोडेन। त्यहाँ चढेपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसले मेरो बचेखुचेको भिक्षाको अन्न खाइदिन्छ। त्यस अन्नका अभावले गर्दा यस मठको साफसफाइ पनि हुन सकेको छैन। अतः त्यसै मुसालाई हिर्काउनका लागि यस बाँसका लौराले मैले बारम्बार भिक्षापात्रमा ठट्टाइरहनुपरेको छ। मेरो अन्यमनष्कताको अर्को कुनै कारण छैन। हेर्नुहोस् न, सबैभन्दा अचम्मको कुरो त यो छ कि यस मुसाले उफ्रेर बिरालो र बाँदरलाई समेत जित्दछ जस्तो लाग्छ" भन्यो।

बृहत्स्फिगाह– "अथ ज्ञायते तस्य बिलं कस्मिश्चित्प्रदेशे ?"

बृहत्स्फिक्ले– "त्यो मुसो बस्ने गरेको प्वाल कहाँ छ, तपाईंलाई थाहा छ ?" भनेर सोध्यो।

ताम्रचूड आह– "भगवन् ! न वेद्मि सम्यक्।"

ताम्रचूडले– "महाराज ! मलाई ठिकसँग त्यो ठाउँ थाहा छैन" भन्यो।

स आह– "नूनं निधानस्योपरि तस्य बिलम्। निधानोष्मणा निश्चितं प्रकूर्दतेऽसौ। उक्तञ्च–

अनि उसले– "त्यसो हुँदा पक्का पनि कुनै खजाना भएका ठाउँमा त्यसको बस्ने प्वाल हुनुपर्छ। धनकै गर्मीका कारण यसले यति धेरै उफ्रीपाफ्री मच्चाएको हुनुपर्छ। भनिएको पनि छ कि–

ऊष्मापि वित्तजो वृद्धिं तेजो नयति देहिनाम्।
किं पुनस्तस्य सम्भोगस्त्यागकर्मसमन्वतः ॥ ७१ ॥ तथा च–

धनका गर्मीले मानिसको तेज केही बढाइदिन सक्छ। यदि त्यसको धन सन्मार्गमा लगाएको छ भनेदेखि त झन उसलाई छुन पनि सकिँदैन। त्यस मानिसको तेज निकै माथिसम्म बढ्दछ। अरू पनि कसैले भनेका छन्–

नाकस्माच्छाण्डिली मातर्विक्रीणाति तिलैस्तिलान्।
लुञ्चितानितरैयन हेतुरत्र भविष्यति" ॥ ७२ ॥

हे माता ! यी शाण्डिलगोत्रीया ब्राह्मणीले आफ्नो कुटिएका तिलका बदलामा नकेलाएको तिल नै बेच्दै छिन् भने पनि यसमा कुनै न कुनै कारण पक्कै हुनुपर्छ" भन्यो।

ताम्रचूड आह– "कथमेतत् ?" स आह–

ताम्रचूडले– "त्यो कस्तो कथा हो ?" भनेर सोध्यो। बृहत्स्फिक्ले भन्न सुरु गर्‍यो–

तिलचूर्णविक्रयकथा

एकदाहं कस्मिश्चित्स्थाने प्रावृट्काले व्रतग्रहणनिमित्तं कश्चिद् ब्राह्मणं वासार्थं प्रार्थितवान्। ततश्च तद्वचनात्तेनापि शुश्रूषितः सुखेन देवार्चनपरस्तिष्ठामि। अथान्यस्मिन्नहनि प्रत्युषे प्रबुद्धोऽहं ब्राह्मणब्राह्मणीसंवादे उत्तावधानः शृणोमि। तत्र ब्राह्मण आह– "ब्राह्मणी ! ग्राम्यान्तरं यास्यामि। त्वया ब्राह्मणस्यैकस्य भगवतः सूर्यस्योद्देशेन किञ्चिद्भोजनं दातव्यम्" इति।

पिठो साट्ने ब्राह्मणी

एकपटक वर्षाकालमा मैले चतुर्मासा व्रत गर्ने विचार गरें। त्यस व्रतभरिको अवधिमा आफूलाई बस्नका लागि कुनै गाउँका एकजना ब्राह्मणसँग ठाउँ मागेको थिएँ। ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्राह्मणले पनि मेरो प्रार्थना स्वीकार गरेका थिए। अनि उनका सेवाले सन्तुष्ट भएर मैले आफ्ना व्रतसम्बन्धी नियमहरू राम्रैसँग पालन गर्दै देवीदेवताको पूजाआजामा रहँदै उनैका घरमा बसेको थिएँ। एक दिन म बिहान सुतेर उठ्दाखेरि ती ब्राह्मण र उनकी ब्राह्मणीका बिचमा विवाद हुँदै थियो। त्यस विवादलाई मैले ध्यान दिएर सुन्न थालें। ती ब्राह्मण आफ्नी स्त्रीसँग— "ब्राह्मणी ! आज सूर्योदयको समयबाट नै कर्कट सङ्क्रान्ति सुरु हुँदै छ, त्यो समय अत्यन्त पुण्य र राम्रो फल दिने किसिमको हुन्छ। म दान लिनका लागि अर्को गाउँतिर जानेछु। तिमी भगवान् सूर्यको दान दिने उद्देश्यले कुनै ब्राह्मणलाई बोलाएर भोजन गराइदिनू" भनेर अह्राए।

अथ तच्छ्रुत्वा ब्राह्मणी परुषतरवचनैस्तं भर्त्स्यमाना प्राह— "कुतस्ते दारिद्र्योपहतस्य भोजनप्राप्तिः ? तत्किं न लज्जसे एवं ब्रुवाणः ? अपि च न मया तव हस्तलग्नया क्वचिदपि लब्धं सुखं, न मिष्ठान्नस्यास्वादनं, न च हस्तपादकण्ठादिभूषणम्।"

ती ब्राह्मणले भनेको सुनेर उनकी पत्नीले कठोर शब्दहरू प्रयोग गर्दै आफ्ना लोग्नेलाई धिक्कार्दै— "तिमीजस्ता दरिद्र व्यक्तिका घरमा भोजन गराउने अन्न कहाँ पाउनु ? यस किसिमका कुरा गर्न तिमीलाई लाज पनि लाग्दैन। तिम्री पत्नीका रूपमा यस घरमा आएपछि आजसम्म मैले कहिल्यै सुख पनि पाइनँ। तिम्रा घरमा आएर न त कहिल्यै मिठोमसिनो खान पाएँ, न कहिल्यै मेरा हातगोडा, नाककानमा कुनै गहना पर्न पाए" भन्दै अनेकौं तरहले भुत्भुताउँदै थिइन्।

तच्छ्रुत्वा भय त्रस्तोऽपि विप्रो मन्दं मन्दं प्राह— "ब्राह्मणी ! नैतद्युज्यते वक्तुम्।

उक्तञ्च—

ब्राह्मणीको कुरो सुनेर ती ब्राह्मण डराउँदै बिस्तारै— "ब्राह्मणी ! तिमीले यस किसिमका कुरा गर्नुहुँदैन। भनिएको पनि छ कि—

ग्रासादपि तदर्धं च कस्मान्नो दीयतेऽर्थिषु।
इच्छानुरूपो विभवः कदा कस्य भविष्यति ?॥ ७३॥

आफ्ना गाँसको आधा नै भए पनि यदि हुन सक्छ भने मगन्तेलाई किन नदिने ? आफ्ना मनले खोजेको जति धन कहिले र कुन मानिसलाई पो प्राप्त भएको छ र ? आफ्नो इच्छाबमोजिमको धन कहिल्यै कुनै मानिससँग थिएन र हुँदैन पनि। त्यसैले जोसँग जति छ त्यसैअनुसार मगन्तेहरूलाई पनि दिइरहनुपर्छ।

ईश्वरा भूरि दानेन यल्लभते फलं किल।
दरिद्रस्तच्च काकिण्या प्राप्नुयादिति नः श्रुतम्॥ ७४॥

वेदमा र अन्य शास्त्रहरूमा लेखिएको यस्तो कुरो हामीले पनि सुनेका छौं कि ठूल्ठूला धनीहरूले धेरै दान गरेर जुन फल प्राप्त गर्दछन्, त्यही फल निर्धन मानिसहरूले कौडीजति वा अलिकतिमात्रै दान गरेर पाउँछन्। अर्थात् दानको फल सामर्थ्यअनुसारका दानबाटै प्राप्त हुन्छ।

दाता लघुरपि सेव्यो भवति न कृपणो महानपि समृद्ध्या।
कूपोऽन्तःस्वादुजलः प्रीत्यै लोकस्य न समुद्रः॥ ७५॥ तथा च—

गरिब नै भए पनि दान गर्ने स्वभाव भएका व्यक्तिको सेवा सबैले गर्दछन्, तर धनी भईकन पनि कन्जुस व्यक्तिको सेवा कसैले गर्दैन। सानो भए पनि खाने पानीका कुवा वा इनारसँग मानिसहरू ज्यादै खुसी हुन्छन्, तर विशाल भए पनि त्यस किसिमको खुसी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समुद्रबाट कसैले प्राप्त गर्न सक्दैन। किनभने कुवाको पानी खानेयोग्य हुन्छ र समुद्रको पानी प्राणीका लागि खानेयोग्य हुँदैन। अरू पनि–

अकृतत्यागमहिम्ना मिथ्या किं राजराजशब्देन ?।
गोप्तारं न निधीनां कथयन्ति महेश्वरं विबुधाः ॥ ७६ ॥ अपि च–

कन्जुस व्यक्तिका लागि कसैले पनि "राजराज" शब्दले सम्बोधन गर्नु व्यर्थ छ। किनभने निधिको रक्षा गर्ने कुनै पनि प्रहरीलाई कसैले राजा भन्दैन। अर्थात् कुबेरलाई "राजराज" भनिएको छ। यदि उनी दानी भएनन् भने उनलाई त्यस शब्दले सम्बोधन गर्नु व्यर्थ हुन्छ। त्यसै गरी अरू पनि–

सदा दानपरिक्षीणः शस्त एव करीश्वरः।
अदानः पीनगात्रोऽपि निन्द्य एव हि गर्दभः ॥ ७७ ॥

निरन्तर मद बगाएर दुब्लाएको गजराज पनि सम्मानको पात्र नै मानिएको हुन्छ। तर जतिसुकै बलियो भए पनि कन्जुस भएका कारण गधा सधैँभरि निन्दनीय नै मानिएको छ।

सुशीतोऽपि सुवृत्तोऽपि यात्यदानादधो घटः।
पुनः कुब्जापि काणापि दानादुपरि कर्करी ॥ ७८ ॥

शीतल, बाटुलो र राम्रो भए पनि दान गर्ने बानी नभएको हुनाले घैँटालाई सबैले सधैँ तल नै राख्ने गर्दछन्, तर निरन्तर पानी दान गर्ने बानी भएको हुनाले कुच्चिएको, फुटेको वा भत्किएको भए पनि मानिसहरूले अम्खोरा, करुवा अथवा लोहोटालाई सबैले उसैका टाउकामाथि राख्ने गर्दछन्।

यच्छञ्जलमपि जलदो वल्लभतामेति सकललोकस्य।
नित्यंप्रसारितकरो मित्रोऽपि न वीक्षितुं शक्यः ॥ ७९ ॥

पानी दान गर्ने भएकाले मानिसहरूले बादललाई सधैँ स्नेहका दृष्टिले हेर्ने गर्दछन्, तर आफ्ना चर्का किरणमात्रै फैलाउने हुनाले सूर्यलाई कोही पनि हेर्नसम्म रुचाउँदैनन्। अर्थात् सधैँ पानी खुवाउने सेवकलाई मानिसहरू आदर गर्ने गर्दछन् तर सधैँ माग्नका लागि हातमात्रै पसार्ने मित्रलाई कसैले रुचाउँदैनन् भन्ने किसिमले यस भनाइका दुई अर्थ लागेका छन्।

एवं ज्ञात्वा दारिद्र्याभिभूतैरपि स्वल्पात्स्वल्पतरं काले पात्रे च देयम्। उक्तञ्च–

त्यसैले गरिबीले जर्जर बनाएको भए पनि मानिसले अवसर पर्दा र योग्य पात्र पाइएका अवस्थामा उसलाई केही न केही दान यथाशक्ति रूपमा दिनु नै पर्दछ। भनिएको पनि छ कि–

सत्पात्रे महती श्रद्धा देशे काले यथोचिते।
यद्दीयते विवेकज्ञैस्तदानन्त्याय कल्पते ॥ ८० ॥ तथा च–

देश र कालअनुसारको सुयोग्य पात्रलाई जसले विवेकपूर्ण तरिकाले दिने गर्दछ, त्यो दान अनन्त कालसम्मका लागि सुख दिने किसिमको हुन्छ। अरू पनि–

अतितृष्णा न कर्तव्या तृष्णां नैव परित्यजेत्।
अतितृष्णाभिभूतस्य शिखा भवति मस्तके" ॥ ८१ ॥

मानिसले धेरै लोभ पनि गर्नुहुँदैन र लोभलाई ज्यादा मात्रामा त्याग पनि गर्नुहुँदैन। अत्यधिक लोभ गर्ने मानिसका तालुका बिचमा शिखा वा सिङ पलाएर आउँछ" भनेर सम्झाए।

ब्राह्मण्याह– "कथमेतत् ?" स आह–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्राह्मणको त्यस किसिमको कुरो सुनिसकेपछि ब्राह्मणीले– "त्यस्तो कसरी हुन्छ ?" भनेर सोधिन्। ती ब्राह्मणले त्यसका उत्तरमा अघिल्लो कथा सुनाउन लाग्दै भने–

शबरशूकरकथा

अस्ति कस्मिँश्चिद्वनोद्देशे कश्चित्पुलिन्दः। स च पापर्द्धिं कर्तुं वनं प्रति प्रस्थितः। अथ तेन प्रसर्पता महान् अञ्जनपर्वतशिखराकारः क्रोडः समासादितः। तं दृष्ट्वा कर्णान्ताकृष्टनिशित–सायकेन समाहतः।

सिकारी र बँदेल

कुनै वनका एउटा भागमा एउटा शबर अर्थात् भिल रहने गर्दथ्यो। एक दिन सिकार खेलेर पापको ठूलो भारी बोक्नका लागि त्यो शबर वनतिर गएको थियो। बाटामा जाँदै गर्दा उसले काजलको पर्वत शृङ्खलाजस्तै कालो अत्यन्त ठूलो बँदेललाई देख्यो। त्यसलाई देख्नेबित्तिकै उसले धनुषका प्रत्यञ्चालाई जोडसँग कानसम्म खिँचेर तिखो वाणले त्यसलाई प्रहार गऱ्यो।

अथ शूकरेणापि कोपाविष्टन चेतसा बालेन्दुद्युतिना दंष्ट्राग्रेण पाटितोदरः पुलिन्दो गतासुर्भूतलेऽपतत्। अथ लुब्धकं व्यापाद्य शूकरोऽपि शरप्रहारवेदनया पञ्चत्वं गतः।

वाणले लागेका रिसको झोँकमा बँदेलले पनि आफ्ना अर्द्धचन्द्राकार दाह्राको प्रहारले त्यस व्याधालाई कोपऱ्यो। कोपर्दा भुँडी नै फुटेकाले त्यसको ठाउँको ठाउँ ठहरै मृत्यु भयो। त्यो व्याधालाई मारिसकेपछि वाणका पिरले व्यथित भएको त्यो बँदेल पनि धर्तीमा ढल्यो र एकैछिनमा त्यसको पनि सास खुस्कियो।

एतस्मिन्नन्तरे कश्चिदासन्नमृत्युः शृगालो निराहारतया पीडित इतस्ततो परिभ्रमंस्तं प्रदेशमाजगाम। यावद्वराहपुलिन्दौ द्वावपि पश्यति तावत्प्रहृष्टो व्यचिन्तयत्– "भोः ! सानुकूलो मे विधिः, तेनैवैतदचिन्तितं भोजनमुपस्थितम्। अथवा साध्विदमुच्यते–

यसै बिचमा एउटा मर्ने बेला भएको स्याललाई कालले कुत्कुत्याउँदै त्यहाँ ल्याइपुऱ्याएछ। त्यो स्याल पनि भोकले छटपटाउँदै र यताउति भौँतारिँदै त्यसै ठाउँमा आइपुगेको थियो। त्यहाँ मरेको बँदेल र सिकारीलाई देखेपछि उसले मनमनै आज बल्ल मेरो भाग्यको ढोका खुलेछ र त मलाई आज यस किसिमको अकुत खाद्यसामग्री हासिल भएको छ। अथवा कसैले ठिकै पनि भनेको रहेछ कि–

अकृतेऽप्युद्यमे पुंसामन्यजन्मकृतं फलम्।
शुभाशुभं समभ्येति विधिना संनियोजितम् ॥ ८२ ॥ तथा च–

उद्योग नै नगरे पनि मानिसले पूर्वजन्ममा कमाएर राखेको शुभ या अशुभ फल भाग्यबाट प्रेरित भएर उसका अगाडि आइपुग्दछ। अरू पनि–

यस्मिन् देशे च काले च वयसा यादृशेन च।
कृतं शुभाशुभं कर्मं तत्तथा तेन भुज्यते ॥ ८३ ॥

जुन ठाउँमा, जुन समयमा र जस्ता अवस्थामा मानिसले जुन शुभ या अशुभ कर्म गर्दछ त्यस कर्मको फल पनि उसलाई उसै ठाउँमा, उसै समयमा र उसै अवस्थामा भोग्नुपर्ने हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदहं तथा भक्षयामि यथा बह्न्यहानि मे प्राणयात्रा भवति। तत्तावदेनं स्नायुपाशं धनुष्कोटिगतं भक्षयामि। उक्तञ्च–

अतः म यसलाई यसरी खानेछु कि जसले गर्दा मलाई धेरै दिनसम्म जीविका चलाउन पुगोस्। त्यसैले पहिले त म यस धनुका दुई कुनामा बाँधिएका ताँदोहरूलाई नै खान थाल्दछु। भनिएको पनि छ कि–

शनैः शनैश्च भोक्तव्यं स्वयं वित्तमुपार्जितम्।
रसायनमिव प्राज्ञैर्हेलया न कदाचन" ॥ ८४ ॥

मानिसले आफँले कमाएका धनको उपभोग रसायन र औषधिको जस्तै बिस्तारै र ठिक्क रूपमा गर्नुपर्दछ। उपभोग गर्नका लागि कहिल्यै पनि हतार वा आफलेर गर्नुहुँदैन।

इत्येवं मनसा निश्चित्य चापचटितां कोटिं मुखमध्ये प्रक्षिप्य स्नायुं भक्षयितुं प्रवृत्तः। ततश्च त्रुटिते पाशे तालेदेशं विदार्य चापकोटिर्मस्तकमध्येन शिखावन्निष्क्रान्ता। सोऽपि तद्वेदनया तत्क्षणान्मृतः।

यस प्रकारले सोचिसकेपछि त्यस स्यालले तन्काइएका धनुको अगाडि बसेर त्यसमा लगाइएको ताँदोलाई टोक्न थाल्यो। टोकिएको ताँदो एक्कासी छिन्न पुग्दा धनुषको कमानी उछिट्टिएर त्यसका मुखबाट छेडिँदै तालुबाट बाहिर निस्कियो। चोटका पीडाले गर्दा त्यो स्याल पनि उसै ठाउँमा ठहरै मऱ्यो।

अतोऽहं ब्रवीमि– "अतितृष्णा न कर्तव्या" इति।

माथिको कथा सुनाइसकेपछि ब्राह्मणले– "त्यसैले म भन्दछु कि मानिसले अत्यधिक लोभ गर्नुहुँदैन र लोभलाई पूरै रूपमा परित्याग गर्नु पनि हुँदैन" भने।

स पुनरप्याह– "ब्राह्मणि ! न श्रुतं भवत्या–

अनि त्यसपछि फेरि आफ्नो भनाइ अघि सार्दै उनले– "ब्राह्मणी ! के तिमीले यस्तो कुरो पनि सुनेकी छैनौ कि–

आयु कर्मच वित्तं च विद्या निधनमेव च।
पञ्चैतानि हि सृज्यन्ते गर्भस्थस्यैव देहिनः ॥ ८५ ॥

आयु, कर्म, धन, विद्या र मृत्यु यी पाँच कुराहरू मानिसलाई ऊ गर्भमा छँदै विधाताले दिइसकेका हुन्छन्। कसैले पनि यिनलाई आफूखुसी कमाउन वा गुमाउन सक्दैन" भने।

अथैवं सा तेन प्रबोधिता ब्राह्मण्याह– "यद्येवं तदस्ति मे गृहे स्तोकस्तिलराशिः। ततस्तिलाल्लुञ्चित्वा तिलचूर्णेन ब्राह्मणं भोजयिष्यामि" इति।

ब्राह्मणले यस किसिमले सम्झाएपछि ब्राह्मणीले– "यदि कुरो यस्तो नै हो भनेदेखि हाम्रा घरमा अलिकति तिल बाँकी रहेको छ। त्यस तिललाई सफा गरेर कुट्दछु र त्यसैको धुलो पारेर कुनै ब्राह्मणलाई भोजन गराउँछु" भनिन्।

ततस्तद्वचनं श्रुत्वा ब्राह्मणो ग्रामं गतः। सापि ताँस्तिलानुष्णोदकेन संमर्द्य लुञ्चित्वा सूर्यातपे दत्तवती। अत्रान्तरे तस्या गृहकर्मव्यग्रायास्तिलानां मध्ये कश्चित्सारमेयो मूत्रोत्सर्गं चकार। तं दृष्ट्वा सा चिन्तितवती– "अहो, नैपुण्यं पश्य पराङ्मुखीभूतस्य विधेः, यदेते तिला अभोज्याः कृताः। तदहमेतान्समादाय कस्यचिद् गृहं गत्वा लुञ्चितैरलुञ्चितानानयामि। सर्वोऽपि जनोऽनेन विधिना प्रदास्यति" इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्राह्मणीका कुराले सन्तुष्ट भएपछि ब्राह्मण कुनै अर्को गाउँतिर हिंडे। ब्राह्मण गइसकेपछि ती ब्राह्मणीले त्यस तिललाई तातो पानीमा हालेर खुबसँग मिचेर धोईपखाली सफा गरिन् र कुटेर सुकाउनका लागि घाममा फिँजाइन्। तिललाई घाममा सुकाएपछि जब ब्राह्मणी अरू कामधन्दातिर लागिन् त्यत्तिकैमा कतैबाट एउटा कुकुर आएर तिलमा पिसाब गरिदियो। त्यस्तो भएको देखेपछि ती ब्राह्मणी ज्यादै चिन्तित भइन् र आफ्नै मनभित्र– हाम्रो उल्टो गतिमा चलेका भाग्यलाई हेर त ! त्यसले यस तिललाई पनि खानेयोग्य रहन दिएन। अब यो केलाएर सकेको तिल कसैलाई दिएर त्यसका बदलामा अर्काका घरबाट नकेलाएको तिल साटेर ल्याउँछु। केलाएका तिलका बदलामा नकेलाएको तिल त कसैले अवश्य दिइहाल्छ नि" भन्ने सोचिन्।

अथ यस्मिन्गृहेऽहं भिक्षार्थं प्रविष्टस्तत्र गृहे सापि तिलानादाय प्रविष्य विक्रय कर्तुम्। आह च– "गृह्णातु कश्चिदलुञ्चितैर्लुञ्चितांस्तिलान्।"

सन्यासीले भन्यो– म जुन घरमा भिक्षा माग्न गएको थिएँ, संयोगवश ती ब्राह्मणी पनि त्यही तिल लिएर उसै घरमा साट्नका लागि पुगेकी रहिछन्। त्यहाँ गएर उनले– "नकेलाएको तिलका सट्टामा केलाएको तिल लिनुहोस्" भनिन्।

अथ तद्गृहगृहिणी प्रहृष्य यावदलुञ्चितैर्लुञ्चितान् गृह्णाति, तावदस्याः पुत्रेण कामन्द–कीयशास्त्रं दृष्ट्वा व्याहृतम्– "मातः ! अग्राह्याः खल्विमे तिलाः। नास्या अलुञ्चितैर्लुञ्चिता ग्राह्याः। कारणं किञ्चिद् भविष्यति, येनैषालुञ्चितैर्लुञ्चितान् प्रयच्छति।" तच्छ्रुत्वा तया परित्यक्तास्ते तिलाः।

ती ब्राह्मणीको कुरो सुनेर त्यस घरकी मालिक्नी खुसी हुँदै जब नकुटेको तिलका त्यो कुटिसकेको तिल साट्न लागिन् अनि उनका छोराले कामान्दकीय नीतिशास्त्रका दृष्टिले विचार गरेर– "आमा ! यिनको यो तिल साट्नयोग्य छैन। आफ्नो नकेलाएको तिलका बदलामा यिनको यो केलाएको तिल नलेऊ। यसमा पक्का पनि कुनै कारण अवश्य छ। त्यसैले यिनले नकेलाएका तिलसँग केलाएको तिल दिने विचार गरेकी छिन्" भन्यो। छोराको कुरो सुनेपछि त्यस घरकी गृहिणीले त्यो तिल लिन मानिनन्।

अतोऽहं ब्रवीमि– "नाकस्माच्छाण्डिली मातः" इति।

माथिको कथा सकेपछि बृहत्स्फिक्ले– "त्यसै कारण म भन्दछु कि शाण्डिलगोत्रिया ब्राह्मणी बिनाकारण नै आफ्ना कुटेका तिललाई नकुटेका तिलसँग साट्दिनन्" भन्यो।

एतदुक्त्वा स भूयोऽपि प्राह– "अथ ज्ञायते तस्य क्रमणमार्ग ?"

माथिको कथा भनिसकेपछि त्यस बृहत्स्फिक्ले फेरि त्यस सन्यासीलाई– "तिमीले त्यस मुसाको आउने र जाने बाटो देखेका छौ ?" भनेर सोध्यो।

ताम्रचूड आह– "भगवन् ! ज्ञायते, यत एकाकी स न समागच्छति किन्त्व-सङ्ख्ययूथपरिवृतः पश्यतो मे परिभ्रमन्स्वितस्ततः सर्वजनेन सहागच्छति, याति च।"

ताम्रचूडले– "महाराज ! मैले देखेको छु। मलाई यो पनि थाहा छ कि त्यो कहिल्यै एक्लै आउँदैन। जहिले आउँदा पनि असंख्य मुसाहरूको समूहलाई सँगै लिएर आउँछ र मेरा अगाडि यता र उता घुमेर फिर्ता जान्छ" भन्यो।

अभ्यागत आह– "अस्ति किञ्चित्खनित्रकम् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतिथिचाहिँले फेरि– "तिमीसँग केही खन्न काम दिने हतियार छ?" भनेर सोध्यो।

स आह– "बाढम्, अस्त्येषा सर्वलोहमयी सुहस्तिका।"

उसले– "छ, यो एउटा फलामे बिँड भएको कोदालो छ" भन्यो।

अभ्यागत आह– "तर्हि प्रत्यूषे त्वया मया सह स्थातव्यम्, येन द्वावपि जनचरण-मलिनायां भूमौ तत्पदानुसारेण गच्छावः।"

अनि अतिथिले– "भोलि बिहानै तिमी मसँग आउनू। अनि हामी दुवैले भुइँमा कुनै मानिसको पाइलो पर्नुभन्दा पहिले नै मुसाहरूका पाइला पछ्याउँदै उसका दुलासम्म पुगेर पत्तो लगाऊँला" भन्यो।

मयापि तद्वचनमाकर्ण्य चिन्तितम्– अहो, विनष्टोऽस्मि, यतोऽस्य साभिप्रायवचांसि श्रूयन्ते। नूनं यथा निधानं ज्ञातं, तथा दुर्गमप्ययमस्माकं ज्ञास्यति। एतदस्याभिप्रायादेव ज्ञायते। उक्तञ्च–

हिरण्यकले– "त्यस सन्यासीका कुराहरू सुनिसकेपछि मैले सोचेँ कि– अब भने कुरो बित्न लाग्यो। मलाई पक्कै मार्नेछन्। किनभने सन्यासीको कुरो ज्यादै नै घत लाग्दो किसिमको छ। जसरी त्यसले जमिनमुनि भएको खजानाका विषयमा जान्यो उसै गरी हाम्रो प्वाल पनि त्यसले देख्नेछ। यो कुरो उसका भनाइहरूबाटै प्रस्ट भइसकेको छ। भनिएको पनि छ कि–

सकृदपि दृष्ट्वा पुरुषं विबुधा जानन्ति सारतां तस्य।
हस्ततुल्यापि निपुणाः पलप्रमाणं विजानन्ति॥ ८६॥

बुद्धिमान व्यक्तिले मानिसलाई एकैपटक मात्रै देखे पनि उसको भित्री कुरोसमेत थाहा पाउँछन्। निपुण व्यक्तिहरू आफ्ना हातरूपी तराजुले नै तोला वा छटाकआदि तौलको परिमाण कति छ भन्ने अन्दाज पाउँछन्।

वाञ्छैव सूच्यति पूर्वतरं भविष्यत् पुंसां यदन्यनुजं त्वशुभं शुभं वा।
विज्ञायते शिशुरजाकलापचिह्नः प्रत्युद्गतैरपसरन् सरसः कलापी॥ ८७॥

मानिसका इच्छाहरूबाट नै उसको भूत र भविष्यका जीवनको शुभ र अशुभ कर्मलाई जान्न सकिन्छ। किनभने प्वाँखआदिको विशेष चिह्न नहुँदा पनि आफ्नो मनोहर गतिआदिबाट मयूरको बच्चो सहजै चिनिन्छ।

ततोऽहं भयत्रस्तमनाः सपरिवारो दुर्गमार्गं परित्यज्यान्यमार्गेण गन्तुं प्रवृत्तः। ततः सपरिजनो यावदग्रतो गच्छामि तावत्सम्मुखीनो बृहत्कायो मार्जारः समायाति। स मूषकवृन्दमवलोक्य तन्मध्ये सहसोत्पपात।

त्यस सन्यासीका मनको विचारलाई मैले बुझेपछि डरले कम्पायमान हुँदै आफन्तहरूका साथसाथै सधैँ हिँड्ने बाटोभन्दा भिन्नै एउटा बाटोबाट भाग्न लागेँ। मेरा अनुयायीहरूसँग म भाग्दै के थिएँ कि अगाडिबाट एउटा निकै ठूलो ढाडे बिरालो आउँदै देखियो। मुसाको हुल नै देखेर अचानक ऊ पनि तिनीहरूका बिचैमा झम्टेर आयो।

अथ ते मूषका मां कुमार्गगामिनमवलोक्य गर्हन्तो, हतशेषा रुधिरप्लावित-वसुन्धरास्तमेव दुर्गं प्रविष्टाः। अथवा साध्विमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस बिरालाका मुखबाट जोगिएका अनुयायीहरूले मलाई गलत बाटोबाट हिंडेको देखेर भुइँलाई रक्ताम्मे पार्दै र मेरो धेरै निन्दा पनि गर्दै आफ्ना पुराना प्वालमा गएर लुके। अथवा, ठिकै पनि भनिएको रहेछ कि–

छित्वा पाशमपास्य कूटरचनां भङ्क्त्वा बलाद्वागुराम्
पर्यन्ताग्निशिखाकलापजटिलान्निर्गत्य दूरं वनात्।
व्याधानां शरगोचरादपि जवेनोत्पत्य धावन्मृगः
कूपान्तः पतितः करोतु विधुरे किं वा विधौ पौरुषम् ? ॥ ८८ ॥

जालमा फँसेको मृग कुनै सुरत जाल च्यातेर त निस्कियो तर व्याधाले लगाएको धोकाको गुहुमा गएर खस्यो। त्यस धोकाको गुहुबाट निस्कियो तर फेरि मृगबन्धनी नामको विशेष किसिमका पासोभित्र पऱ्यो। त्यसलाई पनि च्यातेर भाग्यो त जङ्गलै डढाउने दावाग्निमा पऱ्यो, अनि त्यसबाट जसैतसै जोगिएर तीव्र वेगले दौडँदादौडँदै कुवामा गएर पऱ्यो। भाग्य नै प्रतिकूल गतिमा छ भनेदेखि आखिर त्यसका पुरुषार्थले के पो गर्न सक्छ र ?

अथाहमेकोऽन्यत्र गतः शेषा मूढतया तत्रैव दुर्गे प्रविष्टाः। अत्रान्तरे स दुष्टपरिव्राजको रुधिरबिन्दुचर्चितां भूमिमवलोक्य तेनैव मार्गेण दुर्गमुपगतः। ततश्च सुहस्तिकया खनितुमारब्धः।

आफन्तहरूको ज्यादै कचकचले गर्दा म एक्लै नै निस्केर अन्यत्र गएँ। अनि उनीहरू आफ्नो मूर्खताको कारणले फेरि उसै प्वालमा आएर बस्न थाले। त्यसपछि त त्यस दुष्ट घुमन्ते सन्यासीले मुसाका रगतका धारालाई पहिल्याउँदै आएर मेरो दैनिक आवागमन गर्ने बाटो फेला पाऱ्यो र प्वालसम्म पुग्यो र कोदालाले त्यहाँ खन्न लाग्यो।

अथ तेन खनता प्राप्तं तन्निधानं यस्योपरि सदैवाहं कृतवसतिः, यस्योष्मणा महादुर्गमपि गच्छामि। ततो हृष्टमनास्ताम्रचूडमिदमूचेऽभ्यागतः— "भो भगवन् ! इदानीं स्वपिहि निःशङ्क। अस्योष्मणा मूषकस्ते जागरणं सम्पादयति।" एवमुक्त्वा तन्निधानमादाय मठाभिमुखं प्रस्थितौ द्वावपि।

जुन धनमाथि म सधैं रहने गर्दथें र जसको गर्मीले गर्दा म अगम्य स्थानसम्म पुग्न सक्दथें, प्वाल खन्दै गएर सन्यासीले त्यो धन भेट्टायो। अनि खुसी हुँदै त्यसले ताम्रचूडलाई– "मित्र ! अब त तिमी ढुक्क हुन सक्नेछौ, यसै धनका गर्मीले गर्दा यस मुसाले तिमीलाई रातभरि सुत्न नदिएर बाधा पारिरहेको थियो" भन्यो। त्यति कुरो गरिसकेपछि ती दुवै त्यस धनलाई लिएर मठतर्फ हिंडे।

अहमपि यावन्निधानरहितं स्थानमागच्छामि, तावदरमणीयमुद्वेगकारकं तत्स्थानं वीक्षितुमपि न शक्नोमि। अचिन्त्यं च, "किं करोमि, क्व गच्छामि, कथं मे स्यान्मनसः प्रशान्ति ?"

तिनीहरू गएपछि जब म त्यो खजाना राखेका ठाउँमा पुगेर हेरें मलाई त्यो ठाउँ नै ज्यादै विरक्त लाग्दो र अशोभनीयजस्तो लाग्यो। मैले त्यस ठाउँलाई हेर्न पनि सकिनँ। त्यस्तो देखिसकेपछि मैले "अब म के गरौं, कहाँ जाऊँ, कसरी मेरा मनमा शान्ति होला" भनेर सोचें।

एवं चिन्तयतो मे महाकष्टेन स दिवसो व्यतिक्रान्तः। अथास्तमितेऽर्के सोद्वेगो निरुत्साहस्तस्मिन्मठे सपरिवारः प्रविष्टः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै किसिमका कुराहरू मैंले सोच्दासोच्दै मेरो त्यो दिन ज्यादै दुःखले बल्लतल्ल बित्यो। घाम अस्ताएपछि म ज्यादै दिक्क मान्दै निराश भएर आफ्ना परिवारहरूलाई लिएर त्यस मठमा फेरि गएर पसैं।

अथास्मत्परिग्रहशब्दमाकर्ण्य ताम्रचूडोऽपि भूयो भिक्षापात्रं जर्जरवंशेन ताडयितुं प्रवृत्तः।

मेरा परिवारजनहरूको शब्द सुनेर ताम्रचूडले फेरि त्यही फुटेको बाँस हातमा लिएर भिक्षापात्रमा ठट्टाउन लाग्यो।

अथासावभ्यागतः प्राह– "सखे ! किमद्यापि निःशङ्को न निद्रां गच्छसि ?"

ताम्रचूडको त्यो अवस्था देखेपछि त्यस पाहुना सन्यासीले– "मित्र ! के तिमी अझै पनि ढुक्क भएर सुत्न सक्दैनौ ?" भनी सोध्यो।

स आह– "भगवन् ! भूयोऽपि समायातः सपरिवारः स दुष्टात्मा मूषकः। तद्भयाज्ज-र्जरवंशेन भिक्षापात्रं ताडयामि।"

उसले– "भगवन् ! फेरि त्यो दुष्ट मुसो आफ्ना सारा शाखासन्तान लिएर आएको छ। त्यसैका डरले यस फुटेका बाँसले भिक्षापात्रलाई ठट्टाउँदै छु" भन्यो।

ततो विहस्याभ्यागतः आह– "सखे ! मा भैषीः। वित्तेन सह गतोऽस्य कूर्दनोत्साहः। सर्वेषामपि जन्तूनामियमेव स्थितिः। उक्तञ्च–

अनि उसका कुरा सुनेपछि पाहुना सन्यासीले हाँस्तै– "मित्र ! अब नडराऊ। धनका साथसाथै त्यस मुसाको उफ्रिने फुर्ति, शक्ति र उत्साह पनि सेलाइसक्यो" भन्यो। सबै प्राणीहरूको दशा यस्तै किसिमको हुन्छ। भनिएको पनि छ कि–

यदुत्साही सदा मर्त्यः पराभवति यज्जनान्।
यदुद्धतं वदेद्वाक्यं तत्सर्वं वित्तजं बलम्॥ ८९॥

जसका कारणले मानिस सधैं उत्साहयुक्त हुन्छ, अर्कासित तिरस्कारको व्यवहार गर्छ र जोसुकैसँग निकै फुर्ति लगाएर गफ गर्छ वा उधुम मच्चाउँछ, त्यसमा धनको नै बल हुन्छ।

अथाऽहं तच्छ्रुत्वा कोपाविष्टो भिक्षापात्रमुद्दिश्य विशेषादुत्कूर्दितोऽप्राप्त एव भूमौ निपतितः। तच्छ्रुत्वासौ मे शत्रुर्विहस्य ताम्रचूडमुवाच– "भोः पश्य कौतूहलम्। उक्तञ्च–

त्यस सन्यासीका कुरा सुनेर निकै रिस उठेपछि भिक्षापात्रलाई नै लक्ष्य बनाएर विशेष प्रयत्नका साथ मास्तिरपट्टि म उफ्रिएँ। तर त्यसलाई भेट्न नपाउँदै म भुइँमा लडें। म लडेको आवाज सुनेपछि मेरा शत्रुले ताम्रचूडसँग– "हेर मित्र ! यसको तमासा बनेको दृश्यलाई हेर त, भनिएको पनि छ कि–

अर्थेन बलवान्सर्वोऽप्यर्थयुक्तश्च पण्डितः।
पश्यैनं मूषकं व्यर्थं स्वजातेः समतां गतम्॥ ९०॥

धनकै कारणले मानिस बलियो हुन्छ र धनी व्यक्ति नै पण्डित वा ज्ञानसम्पन्न पनि उही मानिन्छ। धनहीन भएपछि यस मुसालाई नै हेर न, धनको गर्मी सकिनेबित्तिकै यो पनि आफ्नै जातिका अरूसरह नै भइसक्यो।

ततस्त्वंपिहि गतशङ्कः। यदस्योत्पतनकारणं तदावयोर्हस्तगतं जातम्। अथवा साध्विदमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतः तिमी अब ढुक्क भएर सुत। यसको उफ्रिने शक्तिको जुन कारण थियो, त्यसलाई हामीले आफ्ना हातमा पारिसकेका छौं। कसैले ठिकै पनि भनेका रहेछन् कि—

दंष्ट्राविरहितः सर्पो मदहीनो यथा गजः।
तथार्थेन विहीनोऽत्र पुरुषो नामधारकः" ॥ ९१ ॥

विषयुक्त दाँतका अभावमा सर्प र मदका अभावमा हात्ती जसरी सामान्य कोटिमा झर्न पुगेर केवल नामका मात्रै सर्प वा हात्ती रहन्छन् उसै गरी धनका अभावमा पुरुषहरू पनि केवल नामका मात्रै पुरुष भएर रहन्छन्।

तच्छ्रुत्वाहं मनसा विचिन्ततवान्— अहो, सत्यमाह ममैष शत्रुः। यतो ममाङ्गुलिमात्रमपि कूर्दनशक्तिर्नास्ति, तद्धिगर्थहीनस्य पुरुषस्य जीवितम्। उक्तञ्च—

त्यस पाहुनाको कुरो सुनेर मैले पनि आफ्ना मनमा यस मेरा शत्रुले भनेको कुरो ठिकै हो भन्ने ठानें। अब एक अङ्गुलमात्रै पनि उफ्रने शक्ति मसँग बाँकी रहेको थिएन। त्यसैले धनहीन मानिसको जीवन व्यर्थ हुन्छ। भनिएको पनि छ कि—

अर्थेन च विहीनस्य पुरुषस्याल्पमेधसः।
उच्छिद्यन्ते क्रियाः सर्वा ग्रीष्मे कुसरितो यथा ॥ ९२ ॥

धनहीन मानिसको बुद्धि यति सारो क्षीण हुन पुग्दछ कि उसका कामहरू पनि वर्खे भेलको जस्तै अलिकति समयमा नै आफैं नष्ट हुन्छन्।

यथा काकयवा प्रोक्ता यथारण्यभवास्तिलाः।
नाममात्रा न सिद्ध्यै स्युर्धनहीनास्तथा नराः ॥ ९३ ॥

जस्तै जङ्गली जौ तथा जङ्गली तिल केवल नामका मात्रै जौ वा तिल हुन्छन् तर तिनको कतै उपयोग कसैबाट कुनै कामका लागि हुँदैन, त्यस्तै गरी निर्धन व्यक्तिको जीवन पनि कसैलाई कतै काम नलाग्ने किसिमको व्यर्थ नै हुने गर्दछ।

सन्तोऽपि नहि राजन्ते दरिद्रस्येतरे गुणाः।
आदित्य इव भूतानां श्रीर्गुणानां प्रकाशिनी ॥ ९४ ॥

अरू धेरै गुणका कारण सज्जन भए पनि निर्धन व्यक्ति सुशोभित हुँदैन। जसरी सूर्यले किरणका सम्पत्तिद्वारा विश्वलाई प्रकाशित गर्छ उसै गरी धनलक्ष्मीले नै मानिसका गुणहरूलाई प्रकाशित गर्दछ।

न तथा बाध्यते लोके प्रकृत्या निर्धनो जनः।
यथा द्रव्याणि सम्प्राप्य तैर्विहीनः सुखे स्थितः ॥ ९५ ॥

पहिले धनको सुखलाई उपभोग गरिसकेको व्यक्ति पछि निर्धन हुँदा जति दुःखको अनुभव गर्दछ, स्वभावतः सुरुदेखि नै निर्धन व्यक्ति उति धेरै दुःखी हुँदैन।

शुष्कस्य कीटखातस्य वह्निदग्धस्य सर्वतः।
तरोरप्यूषरस्थस्य वरं जन्म न चार्थिनः ॥ ९६ ॥

सुकिसकेको, किराले खाएको, आगोले डढेको एवं मरुभूमिमा उम्रिएको रुखको जन्मलाई कतै बरु सुखको वा राम्रो मान्न सकिएला तर मागेर जीवन गुजारा गर्नुपर्ने व्यक्तिको जीवन त्यत्तिको राम्रो पनि मान्न सकिँदैन।

शङ्कनीया हि सर्वत्र निष्प्रतापा दरिद्रता।
उपकर्तुमपि प्राप्तं निःस्वं सन्त्यज्य गच्छति ॥ ९७ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रभावहीन दरिद्रता सर्वत्र शङ्काको विषय नै बनेको हुन्छ। उपकार गर्न आउने व्यक्ति पनि निर्धन छ भनेदेखि मानिसहरूले त्यसको उपकारलाई नपत्याएर त्याग गरिदिन्छन्, त्यस्ता अवस्थामा समेत कसैले पनि उसको आदर गर्दैनन्।

उन्नम्योन्नम्य तत्रैव निर्धनानां मनोरथाः।
हृदयेष्वेव लीयन्ते विधवास्त्रीस्तनाविव॥ ९८॥

विधवा स्त्रीका स्तन र निर्धन व्यक्तिका इच्छा उस्तै हुन्। यिनीहरू दुवै राम्रो रूपमा व्यक्तिका छातीमा उत्पन्न त हुन सक्छन् तर केही काम नलागीकनै त्यहीँ बिलाएर जान्छन्, कहिल्यै सफल हुँदैनन्।

व्यक्तेऽपि वासरे नित्यं दौर्गत्यतमसावृतः।
अग्रतोऽपि स्थितो यत्नान्न केनापीह दृश्यते॥ ९९॥

दरिद्रतारूपी अन्धकारले छोपिएको मानिस सफा र उज्यालो दिनहरूमा नै पनि जतिसुकै प्रयास गरेर अरूका अगाडि देखिन खोजेको भए तापनि कसैका नजरमा पर्न सक्दैन। अर्थात् मानिसहरूले उसलाई देखे पनि नदेखेझैँ उपेक्षा गरिदिन्छन्।

एवं भग्नोत्साहस्तन्निधानं गण्डोपधानीकृतं दृष्ट्वा व्यर्थश्रमः स्वं दुर्गं प्रभाते गतः। ततश्च मद्भृत्याः प्रभाते गच्छन्तो मिथो जल्पन्ति— अहो, असमर्थोऽयमुदरपूरणेऽस्माकम्। केवलमस्य पृष्ठलग्नानां विडालादिभ्यो विपत्तयः। तत्किमनेनाराधितेन ? उक्तञ्च—

आफ्नो मन कुँड्याउँदै त्यस किसिमको विलाप गर्दै विचार गरी रहेका रहेको हुँदा सन्यासीले त्यो सम्पत्ति सबै लगेर सिरानमुनि राखेको मैले देखेँ। अनि आफ्नो परिश्रम व्यर्थ गएको कुरो सम्झँदै उत्साहहीन भएर विहानीपख आफ्नै ओडारतिर फर्किएँ। त्यहाँ मलाई देख्ने मेरा अनुचरहरू यपताउता आउँदाजाँदा पनि मप्रति उपेक्षाको भाव देखाइरहेका हुन्थे। उनीहरू आपसमा अब यो राजा हामीलाई पाल्न नसक्ने भइसकेको छ, यसका पछिपछि घुम्नाले केवल बिरालाआदिको डरभन्दा बाहेक अरू केही हामीले पाउँन सक्दैनौँ, त्यसैले यसका पछि लाग्नु कुनै लाभ छैन भन्नेजस्ता कुराहरू गर्थे। भनिएको पनि छ कि—

यत्सकाशान्न लाभः स्यात्केवलाः स्युर्विपत्तयः।
स स्वामी दूरतस्त्याज्यो विशेषादनुजीविभिः॥ १००॥

जुन स्वामीको पछि लाग्नाले कुनै किसिमका लाभको आशा हुँदैन, बरु उल्टै आपद्‌को नै सम्भावना बढी हुन्छ, त्यस्ता स्वामीलाई छोडिदिनु नै अनुचरहरूका लागि हितको कुरो हुन्छ।

एवं तेषां वचांसि मार्गे शृण्वन् स्वदुर्गं प्रविष्टोऽहम्। यावन्निर्धनत्वात् तत्परिजनमध्यात् कश्चिदपि मम न सम्मुखेऽभ्येति, तावन्मया चिन्तितम्— अहो, धिगियं दरिद्रता। अथवा साध्विदमुच्यते—

बाटामा ती अनुचरहरूले गरेका यस्ता कुराहरू सुन्दै आएर म प्वालमा भित्र पसेर बसेँ। मेरो गरिबीका कारण अब मेरै आफन्तहरू र अधीनमा रहेका सदस्यहरूमध्ये कुनै पनि मेरा अगाडि आएर देखिन छोडेपछि मैले दरिद्रतालाई धिक्कार छ भन्ने सोचेँ। अथवा भनिएको पनि छ कि—

मृतो दरिद्रः पुरुषो मृतं मैथुनमप्रजम्।
मृतमश्रोत्रियं श्राद्धं मृतो यज्ञस्त्वदक्षिणः"॥ १०१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्धन व्यक्तिको जीवन व्यर्थ हुन्छ। ऊ जिउँदो रहँदारहँदै पनि मरेकोजस्तै हुन्छ। सन्तानको उत्पत्ति नै हुँदैन भने स्त्रीसँग सम्भोग गर्नु मरेजत्तिकै व्यर्थ छ। कर्मकाण्डी ब्राह्मण नै पाइँदैन भने श्राद्धआदि क्रिया पनि मरेजस्तै व्यर्थ हुन्छ र दक्षिणा नै पाइँदैन भने यज्ञ गर्नु पनि मरेजस्तै व्यर्थ नै हुन्छ।

एवं मे चिन्तयतस्ते भृत्या मम शत्रूणां सेवका जाताः। ते च मामेकाकिनं दृष्ट्वा विडम्बनां कुर्वन्ति।

एकातिर म सोचेर बसिरहेको थिएँ भने अर्कातिर सबै सेवकहरूले मलाई छोडेर शत्रुको आश्रय लिइसकेका थिए। अनि मलाई एक्लो भएको देखेर उनीहरू मेरो उपहास गर्ने गर्दथे।

अथ मयैकाकिना योगनिद्रा गतेन भूयो विचिन्तयम्— "यत्तस्य कुतपस्विनः समाश्रयं गत्वा तद्गण्डोपधानवर्तिं कृत्वा वित्तपेटं शनैः शनैर्विदार्य तस्य निद्रावशङ्गतस्य स्वदुर्गे तद्वित्तमानयामि, येन भूयोऽपि मे वित्तप्रभावेणाधिपत्यं पूर्ववद्भविष्यति। उक्तञ्च—

त्यसपछि एक्लै बसेर मैले निकै गहिरो योगनिद्रामा परेझैँ गरी धेरै कुरा सोचेँ। मलाई फेरि त्यस दुष्ट तपस्वीका मठमा गएर त्यो निदाएपछि त्यसले सिरानमुनि राखेका धनको पेटीकालाई बिस्तारैसँग काटेर सारा धनजति ल्याएर फेरि एकपटक प्वालभित्र राखौँ। त्यसो गरिसकेपछि त्यसै धनका प्रभावले मैले फेरि यी मुसाहरूमाथि आफ्नो आधिपत्य जमाउन पाउनेछु जस्तो पनि लाग्दै थियो। भनिएको पनि छ कि—

व्यथयन्ति परं चेतो मनोरथशतैर्जनाः।
नानुष्ठानैर्धनैर्हीनाः कुलजा विधवा इव॥ १०२॥

जसरी कुलीन घरकी विधवा स्त्रीले आफ्ना मनभित्र कामवासनाका अनेकौँ भावनाहरू उब्जाएर र कल्पिएर आफूभित्र दुःख बढाउन त सक्छिन् तर त्यस वासनालाई पूर्ति गरेर हृदयमा शान्तिको अनुभव गर्न पाउँदैनन् उसै गरी दरिद्र व्यक्तिले असङ्ख्य रहरहरू बटुलेर आफ्ना मनलाई दुःखीमात्रै बनाउन सक्दछन्, तर तिनको पूर्ति गरेर सुखको लाभ उठाउन भने सक्दैनन्।

दौर्गत्यं देहिनां दुःखमपमानकरं वरम्।
येन स्वैरपि मन्यन्ते जीवन्तोऽपि मृता इव॥ १०३॥

दरिद्रता मानिसका लागि संसारमा सबैभन्दा लज्जास्पद र दुःखदायक वस्तु हुने गर्दछ। दरिद्रताकै कारण मानिसहरूले उसलाई जिउँदा छँदाछँदै पनि मरेको जस्तै ठान्न थाल्दछन्।

दैन्यस्य पात्रतामेति पराभूतेः परं पदम्।
विपदामाश्रयः शाश्वद् दौर्गत्यकलुषीकृतः॥ १०४॥

निर्धनताका कारणले मानिस दीनता र तिरस्कारको विषय बन्न पुग्छ। अर्थात निर्धनतारूपी पापले कलुषित भएको मानिस आपद्हरूको गुँडजस्तै बन्न पुग्छ। आपद्हरू सबै आएर उसैका घरमा डेरा जमाउँदै थुप्रिएर बस्दछन्।

लज्जन्ते बान्धवस्तेन सम्बन्धं गोपयन्त च।
मित्राण्यमित्रतां यान्ति यस्य न स्युः कपर्दकाः॥ १०५॥

आफन्त र घरपरिवारका व्यक्तिहरू पनि निर्धन मानिसलाई देखेपछि उसका निर्धनताका कारणले उसबाट लज्जाको अनुभव गर्दछन् र उनीहरू आफ्नो सम्बन्ध पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लुकाउन थाल्दछन्। जोसँग धन नामको कौडी हुँदैन उसका इष्टमित्रहरू पनि शत्रुजस्तै बनेका हुन्छन्।

मूर्तं लाघवमेवैतदपायानामिदं गृहम्।
पर्यायो मरणस्यायं निर्धनत्वं शरीरिणाम्॥ १०६॥

मानिसका लागि दरिद्रता भनेको हेपाइको साक्षात् मूर्तिजस्तै हो र आपत्तिको त यो निवसानस्थान नै हो। त्यसैले यस दरिद्रतालाई मृत्युको पर्याय पनि भनिएको छ।

अजाधूलिरिव त्रस्तैर्मार्जानीरेणुवज्जनैः।
दीपखट्वोत्थछायेव त्यज्यते निर्धनो जनः॥ १०७॥

बाखाका खुरले उडाएको धुलो, कुचो लगाउँदै गरेका ठाउँबाट उडेको धुलो र वत्तीको उज्यालो नपुगेका ठाउँको छायाँ र पलङ्गमुनिको अँध्यारो देखेपछि जसरी मानिसहरू डराएर त्यसबाट जोगिनका लागि टाढा भाग्ने कोसिस गर्दछन्, त्यसै गरी निर्धन व्यक्तिलाई पनि देखेपछि त्यसबाट जोगिनका लागि मानिसहरू परपर तर्किन थाल्छन्।

शौचावशिष्टयाप्यस्ति किञ्चित्कार्यं क्वचिन्मृदा।
निर्धनेन जनेनैव न तु किञ्चित्प्रयोजनम्॥१०८॥

दिसापिसाब गरिसकेपछि हातगोडा धुनका लागि तयार गरेर लगेको माटो अलिकति बढी भयो भने मानिसहरूलाई त्यो पनि कतै काम आउला कि भन्न सकिएला तर निर्धन व्यक्तिबाट कसैलाई कहिल्यै कुनै काम बन्छ भन्ने प्रयोजन रहेको हुँदैन।

अधनो दातुकामोऽपि सम्प्राप्तो धनिनां गृहम्।
मन्यते याचकोऽयं धिग्दारिद्र्यं खलु देहिनाम्॥ १०९॥

निर्धन व्यक्ति यदि कुनै धनी व्यक्तिका घरमा केही वस्तु दिनका लागि गएको छ भने पनि धनी व्यक्तिले त्यसलाई यो मगन्ते हो, पक्कै पनि केही माग्नका लागि केही लिएर आयो होला भन्ने ठान्दछ। त्यसैले मानिसमा रहने दरिद्रतालाई धिक्कार छ।

अतो वित्तापहारं विदधतो यदि मे मृत्युः स्यात्तथापि शोभनम्। उक्तञ्च—

आफ्ना धनलाई फिर्ता ल्याउनका लागि जुटेका बखतमा नै मेरो मृत्यु भइहालेछ भने पनि त्यो कुरो उत्तम नै हुनेछ। भनिएको पनि त छ नि—

स्ववित्तहरणं दृष्ट्वा यो हि रक्षत्यसून्नरः।
पितरोऽपि न गृह्णन्ति तद्दत्तं सलिलाञ्जलिम्॥ ११०॥ तथा च—

आफ्नो धन अपहरण भएको देखीकन पनि जुन व्यक्ति प्राणको मात्रै रक्षा गर्नतिर लाग्दछ र त्यो धन जोगाउनका लागि कुनै किसिमको प्रतिकार गर्नतिर लाग्दैन भने त्यस व्यक्तिले दिएको जलको अँजुली पितृहरूले स्वीकार पनि गर्दैनन्। अरू पनि—

गवार्थे ब्राह्मणार्थे च स्त्रीवित्तहरणे तथा।
प्राणांस्त्यजति यो युद्धे तस्य लोकाः सनातनाः॥ १११॥

गाई र ब्राह्मणको रक्षा गर्नका लागि तथा स्त्री र धनको अपहरण भएको देखेर तिनलाई जोगाउनका लागि होस् अथवा जन्मधर्तीको सुरक्षा गर्नका उद्देश्यले होस्, युद्ध गर्दागर्दै जुन व्यक्तिले आफ्नो प्राण त्याग गर्दछ, त्यसले कहिल्यै नाश नहुने सनातन स्थान पाउँछ।

एवं निश्चित्य रात्रौ तत्र गत्वा निद्रावशमुपागतस्य पेटयां यावन्मया छिद्रं कृतं तावत्प्रबुद्धो दुष्टतापसः। ततश्च जर्जरवंशप्रहारेण शिरसि ताडितः। कथञ्चिदायुषः सावशेषतया निर्गतोऽहं न मृतश्च। उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्यासीका सिरानीमुनि राखेको धन चोरेर ल्याउने निश्चय गरिसकेपछि रातका समयमा त्यहाँ गएँ र त्यस सुतिरहेका सन्यासीको पेटिकालाई काटेर चोर्ने तयारी गर्नतिरै म के लागेको थिएँ कि त्यसै बेला त्यो दुष्ट सन्यासी बिउँभियो। बिउँझनेबित्तिकै त्यही फुटेका बाँसका कप्टेराले मेरा टाउकामा हान्यो। धन्न मानो पुगेको रहेनछ र म त्यहाँबाट बल्लतल्ल निस्केर भाग्दै ज्यान जोगाएर आएँ। भनिएको पनि त छ नि–

प्राप्तव्यमर्थं लभते मनुष्यो देवोऽपि तं लङ्घयितुं न शक्तः।
तस्मान्न शोचामि न विस्मयो मे यदस्मदीयं न हि तत्परेषाम्" ॥ ११२ ॥

मानिसले पाउनुपर्ने वस्तु उसलाई पक्कै प्राप्त हुन्छ। विधाताले पनि त्यसको उल्लङ्घन गर्न सक्दैन। त्यसैले कुनै वस्तु विनष्ट भयो भनेर म दुःखी पनि हुन्नँ र कुनै वस्तु अचानक विनापरिश्रम पाइयो भन्दैमा आश्चर्य पनि मान्दिनँ। किनभने जुन वस्तु हाम्रो हुन्छ त्यो हामीलाई नै प्राप्त हुन्छ। त्यो अर्काले खोस्न सक्दैन र अर्काको वस्तु हामीले पाउँदैनौँ।

काककूर्मौ पृच्छतः– "कथमेतत् ?" हिरण्यक आह–

काग र कछुवाले– "त्यो कथा कस्तो छ त ?" भनेर सोधे। हिरण्यकले कथा आरम्भ गर्दै भन्यो–

वणिक्पुत्रकथा

अस्ति कस्मिँश्चिन्नगरे सागरदत्तो नाम वणिक्। तत्सूनुना रूपकशतेन विक्रीयमाणः पुस्तको गृहीतः। तस्मिँश्च लिखितमस्ति–

व्यापारीको छोरो

कुनै एउटा सहरमा सागरदत्त नामको एउटा व्यापारी रहने गर्थ्यो। त्यसका छोराले एक दिन सय रुपियाँमा बिक्री हुने एउटा किताब किन्यो। त्यस किताबमा– "जुन वस्तु जसले पाउनुपर्ने हो त्यो उसैले पाउँछ" लेखेको थियो।

प्राप्तव्यमर्थो लभते मनुष्यो देवोऽपि तं लङ्घयितुं न शक्तः।
तस्मान्न शोचामि न विस्मयो मे यस्मदीयं न हि तत्परेषाम् ॥ ११३ ॥

कसैले पाउनुपर्ने वस्तु पाउनबाट विधाताले पनि रोक्न सक्दैन। त्यसैले म कुनै वस्तु नासियो भने त्यसका लागि न त दुःखी नै हुन्छु न कुनै वस्तु अचानक पाइएमा आश्चर्य नै मान्दछु। किनभने– जुन वस्तु अर्काले पाउनुपर्ने हुन्छ त्यो हामीले पाउँदैनौँ र जुन वस्तु हामीले पाउनुपर्ने हुन्छ त्यो अर्काका हातमा पनि कसै गरे जान सक्दैन।

तद्दृष्ट्वा सागरदत्तेन तनुजः पृष्टः– "पुत्र ! कियता मूल्येनैष ग्रन्थो गृहीतः ?"

त्यस किताबलाई देखेपछि सागरदत्तले आफ्ना छोरालाई– "छोरा ! तिमीले यो पुस्तक कतिमा किनेर ल्यायौ ?" भनेर सोध्यो।

सोऽब्रवीत्– "रूप्यकशतेन।"

उत्तरमा उसका छोराले– "मैले सय रुपियाँमा ल्याएँ" भन्यो।

तच्छ्रुत्वा सागरदत्तोऽब्रवीत्– "धिङ्मूर्ख ! त्वं लिखितैकश्लोकं रूपकशतेन यद गृह्णासि, एतया बुद्ध्या कथं द्रव्योपार्जनं करिष्यसि ? तदद्यप्रभृति त्वया मे गृहे न प्रवेष्टव्यम्।" एवं निर्भर्त्स्य गृहान्निःसारितः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसको कुरो सुनेपछि बाबु सागरदत्तले उसलाई– "धत् लाटा ! तिमी त कस्तो मूर्ख मान्छे रहेछौ ! कसैले लेखेको एउटा श्लोकलाई जब तिमी एक सय रुपियामा किन्दछौ भनेदेखि यस्तै बुद्धिले कसरी धन कमाउन सक्दछौ र ? त्यसैले आजदेखि तिमी मेरा घरमा नपस" भनेर गाली गऱ्यो। अनि यस्तै नानाथरी गाली गर्दै उसले छोरालाई घरबाट निकालिदियो पनि।

स च तेन निवेदन विप्रकृष्टं देशान्तरं गत्वा किमपि नगरमासाद्यावस्थितः। अथ कतिपयदिवसैस्तन्नगनिवासिना केनचिदसौ पृष्टः– "कुतो भवानागतः ? किं नामधेयो वा ?" इति।

बाबुले गाली गरेर निकालिदिएको हुनाले दुःखी हुँदै त्यो बनियाँको छोरो आफ्नो सहर छोडेर अन्तै कुनै सहरतिर गयो। अलिक दिनपछि त्यस नयाँ सहरका कुनै बासिन्दाले त्यस केटालाई– "तिमी कहाँबाट आयौ, तिम्रो शुभनाम के हो ?" भनी सोध्यो।

असावब्रवीत्, "प्राप्तव्यमर्थं लभते मनुष्यः।" अथान्येनापि पृष्टेनानेन तथैवोत्तरं दत्तम्। एवं यः कश्चित्पृच्छति तस्येदमेवोत्तरं ददाति। एवञ्च तस्य नगरस्य मध्ये "प्राप्तव्यमर्थ" इति प्रसिद्धं नाम जातम्।

त्यसले सोधेका प्रश्नका उत्तरमा उसले– "मानिसले पाउनुपर्ने कुरो पक्कै पाउँछ" भन्यो। फेरि अर्का मानिसले सोध्दाखेरि पनि उसले त्यही जवाफ दियो। यसै गरी जतिले उसलाई जे सोध्छन्, ती सबैलाई उसले त्यही जवाफ दिने गर्दछ। यतिसम्म भयो कि त्यस सहरमा उसलाई सबैले "पाउनुपर्ने" भन्ने नामले नै चिन्न थाले।

अथ राजकन्या चन्द्रवती नामाभिनवरूपयौवनसम्पन्ना सखीद्वितीयैकस्मिन्महोत्सव-दिवसे नगरं निरीक्षमाणास्ति। तत्रैव च कश्चिद्राजपुत्रोऽतीवरूपसम्पन्नो मनोरमश्च कथमपि तस्या दृष्टिगोचरं गतः। तद्दर्शनसमकालमेव कुसुमवाणहतया तथा निजसख्यभिहिता– "सखी ! यथा किलानेन समागमो भवति, तथाद्य त्वया यतितव्यम्।"

एकपटक कुनै एउटा उत्सवका समयमा चन्द्रवती नाम गरेकी राजाकी छोरी आफ्नी एउटी साथीसँग सहर घुम्न निस्केकी थिइन्। सहरमा घुम्दाखेरि ज्यादै राम्रो एउटा सुन्दर राजकुमारलाई ती राजकन्याले देखिन्। त्यस राजकुमारलाई देख्नेबित्तिकै ती राजकन्यालाई कामदेवको वाण लाग्यो। त्यसले घाइते भएपछि आफ्ना साथीसँग– "हेर साथी ! कसरी यी राजकुमारसँग मेरो समागम हुन सक्छ, त्यसको बन्दोबस्त तिमीले मिलाइदिनै पर्छ" भनिन्।

एवं च श्रुत्वा सा सखी तत्सकाशं गत्वा शीघ्रमब्रवीत्– यत्– "अहं चन्द्रवत्या तवान्तिकं प्रेषिता भणितञ्च त्वां प्रति तया यन्मम त्वद्दर्शनान्मनोभवेन पश्चिमावस्था कृता। तद्यदि शीघ्रमेव मदन्तिके न समेष्यसि, तदा मे मरणं शरणं" इति।

राजकुमारीको कुरो सुनेपछि उनकी साथी तुरुन्तै त्यस राजकुमार भएका ठाउँमा पुगेर, "राजकुमारी चन्द्रवतीले मलाई तपाईं भएका ठाउँमा पठाएकी छन्। अनि तपाईंसँग भन्नु भनेर उनले यस्तो खबर पनि पठाएकी छन् कि– तपाईंलाई देख्नेबित्तिकै कामदेवले उनको स्थिति अत्यन्त चिन्तनीय बनाएको छ अरे। यदि तपाईं छिट्टै नै उनीसँग नजाने हो भने उनका लागि मृत्युभन्दा बाहेकको अर्को कुनै ओखती नै छैन अरे" भनेर सुनाई।

तच्छ्रुत्वा तेन अभिहितम्– "यद् अवश्यं मया तत्र आगन्तव्यं, तत्कथय केन उपायेन प्रवेष्टव्यम् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजकुमारीले पठाएको खबर सुनिसकेपछि राजकुमारले– "यदि राजकुमारीसँग मैले अनिवार्य रूपमा भेट गर्नै पर्ने हो भने म कसरी राजमहलमा भित्र पस्न सक्छु ? त्यो कुरो पनि मलाई भन" भनेर सोधे।

अथ सख्याभिहितम्– "रात्रौ सौधावलम्बितया दृढवरत्रया त्वया तत्रारोढव्यम्।"

राजकुमारीकी साथीले– "रात परेपछि राजमहलमा तलतिर झुन्डिएको छालाको मोटो डोरी हुनेछ, त्यसैका सहाराले तपाईं माथि चढ्न सक्नुहुनेछ" भनी।

सोऽब्रवीत्– "यद्येवं निश्चयो भवत्यास्तदहमेवं करिष्यामि।"

राजकुमारले– "यदि वहाँको इच्छा नै यस्तै किसिमको छ भनेदेखि मैले त्यस आदेशलाई पालन गर्नै पर्नेछ" भने।

इति निश्चित्य सखी चन्द्रवतीसकाशं गता।

राजकुमारी चन्द्रवतीले राजकुमारलाई भेट्न पाउने कुराको निश्चय गरिदिएर सकेपछि साथी पनि राजकुमारी भएका ठाउँमा फर्केर गई।

अथागतायां रजन्यां स राजपुत्रः स्वचेतसा व्यचिन्तयत्– "अहो, महदकृत्यमेतत्।

उक्तञ्च–

रात परेपछि त्यस राजकुमारले आफ्नै मनभित्र– "राजकुमारीसित समागम गर्नु त ज्यादै ठूलो अनर्थको काम हुनेछ। भनिएको पनि छ कि–

गुरोः सुतां मित्रभार्यां स्वामिसेवकगेहिनीम्।
यो गच्छति पुमाँल्लोके तमाहुर्ब्रह्मघातिनम्॥ ११४॥ अपरञ्च–

गुरुकी छोरी, मित्रकी पत्नी, स्वामी अथवा सेवककी स्त्रीसँग समागम गर्ने व्यक्ति ब्रह्मघाती हुनेछ। अरू पनि–

अयशः प्राप्यते येन येन चाप्यगतिर्भवेत्।
स्वार्थाच्च भ्रश्यते येन तत्कर्म न समाचरेत्॥ ११५॥

जुन काम गर्नाले बदनाम हुन्छ, कुबाटोमा लागिन्छ वा आफ्नो लक्ष्यबाट विमुख हुने सम्भावना हुन्छ, त्यस किसिमका कुनै पनि काम मानिसले गर्नुहुँदैन" भन्ने सोच्यो।

इति सम्यग्विचार्य तत्सकाशं न जगाम।

त्यस किसिमका कुराहरू सोच्दै ऊ त्यस राजकन्यालाई भेट्न गएन।

अथ प्राप्तव्यमर्थः पर्यटन् धवलगृहपार्श्वे रात्रावलम्बितवरत्रां दृष्ट्वा कौतुकाविष्टहृदय–स्तामालम्ब्याधिरूढः। तथा च राजपुत्र्या "स एवायम्" इत्याश्वस्तचित्तया स्नानखादनपाना–च्छादनादिना सम्मान्य तेन सह शयनतलमाश्रितया तदङ्गसंस्पर्शसञ्जातहर्षरोमाञ्चितगात्रयोक्तम्– "युष्मद्दर्शनमात्रानुरक्तया मयात्मा प्रदत्तोऽयम्। त्वद्वर्जमन्यो भर्ता मनस्यपि मे न भविष्यति" इति। तत्कस्मान्मया सह न ब्रवीषि ?"

यताउति घुम्दैफिर्दै दैवसंयोगले त्यही "पाउनुपर्ने" नाम भएको व्यक्ति राजभवनका नजिकै पुगेछ र रात परेका बेला राजमहलमा झुन्डिएको त्यस डोरीलाई देखेर के रहेछ त यो भन्ने लागेकाले त्यसलाई समातेर चढ्दै गर्दा राजमहलमा पुगेछ। राजाकी कन्याले त्यसरी आएको देखेपछि उसैलाई राजकुमार भन्ने ठानिछन्। अनि ढुक्क भएर उसलाई नुहाईधुवाई, खानपिन, लुगाकपडा आदिको बन्दोबस्त गरी निकै आदरसम्मान गर्न लागिन् र अन्त्यमा आफ्नै पलङ्गमा सुताएर आफू पनि सँगै पल्टिइन्। एउटै ओछ्यानमा सुतेपछि त्यस बनियाँका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोरासँग उनको शरीर छोइयो। त्यसो भएपछि राजकुमारी रोमाञ्चित हुँदै– "तपाईंको दर्शन हुनेबित्तिकै देखि मैले यो मेरो हृदय तपाईंलाई दिइसकें। अब तपाईंलाई छोडेर मेरो पति हुन सक्ने अर्को कुनै मानिस छैन। यति भइसक्दा पनि तपाईं मसँग किन बोल्नुहुन्न ?" भन्न थालिन्।

सोऽब्रवीत्– "प्राप्तव्यमर्थ लभते मनुष्यः।" इत्युक्ते तया अन्योऽयमिति मत्वा धवल-गृहादुत्तार्य मुक्तः। स तु खण्डदेवकुले गत्वा सुप्तः।

अनि उसले–"पाउनुपर्ने कुरो मानिसले पक्कै पाउँछ" भन्यो। त्यस बनियाँका छोराको उक्त कुरो सुन्नेबित्तिकै राजकुमारीले यो कुनै अर्कै व्यक्ति हो भनेर चिनिहालिन्। अनि राजप्रासादबाट तल ओरालेर उसलाई भगाइन्। राजप्रासादबाट निकालिएपछि ऊ कुनै एउटा भत्किएका मन्दिरमा गएर सुत्यो।

अथ तत्र कयाचित्स्वैरिण्या दत्तसङ्केतको यावद्दण्डपाशिकः प्राप्तस्तावदसौ पूर्वसुप्तेन दृष्ट्ये, रहस्यसंरक्षणार्थमभिहितश्च– "को भवान् ?"

दैवसंयोगले कुनै एउटी व्यभिचारिणी स्त्रीका सङ्केतले सहरको कुनै एउटा नगरको सुरक्षाअधिकारी पनि त्यसै मन्दिरमा त्यसलाई भेट्नका लागि आइपुग्यो। त्यस "पाउनुपर्ने" भन्ने मानिसलाई उसले पहिले नै त्यहाँ आएर सुतेको देखेर आफ्नो गल्ती लुकाउने प्रयास गर्दै– "तिमी को हौ ?" भनेर सोध्यो।

सोऽब्रवीत्– "प्राप्तव्यमर्थ लभते मनुष्यः" इति।

"पाउनुपर्ने" भन्ने मानिसले– "मानिसले आफ्नो पाउनुपर्ने कुरो पक्कै पाउँछ" भन्ने जवाफ दियो।

तच्छ्रुत्वा दण्डपाशिकेनाभिहितं यत्– शून्यं देवगृहमिदं, तदत्र मदीयस्थाने गत्वा स्वपिहि।"

त्यसको उत्तर सुनेपछि त्यस सुरक्षाअधिकारीले– "यो एउटा एकान्त ठाउँ हो, यस्तो ठाउँमा सुत्नु उचित छैन त्यसैले तिमी मेरा ठाउँमा गएर सुत" भन्यो।

तथा प्रतिपद्य स मतिविपर्यासादन्यशयने सुप्तः। अथ तस्यारक्षकस्य कन्या विनयवती नाम रूपयौवनसम्पनन कस्यापि पुरुषानुरक्ता सङ्केत दत्त्वा पत्र शयने सुप्तासीत्।

सुरक्षाअधिकारीको भनाइलाई उसले मान्न त मान्यो तर आधा निद्राका कारणले गर्दा झुक्किएर ऊ कुनै अर्कै ठाउँमा गएर सुतेछ। त्यस सुरक्षाअधिकारीकी छोरीको नाम विनयवती थियो, ऊ राम्री र तरुनी भइसकेकी हुनाले कुनै पुरुषसँग प्रमे गर्दथी। अनि उसका त्यस मानिसलाई त्यहीँ आउने सङ्केत गरी बोलाएर आफू त्यहीँ सुतेकी थिई।

अथ सा तमायान्तं दृष्ट्वा "स एवास्मस्मद्वल्लभः" इति रात्रौ घनतरान्धकार-व्यामोहितोत्थाय भोजनाच्छादनादिक्रियां कारयित्वा गान्धर्वविवाहेनात्मानं विवाहयित्वा तेन समं शयने स्थिता विकसितवदनकमला तमाह– "किमद्यमपि मया सह विश्रब्धं भवान्न ब्रवीति ?"

त्यस मानिसलाई आफूतिर आउँदै गरेको देखेर सुरक्षाअधिकारीकी छोरीले यो आउँदै गरेको मानिस मेरै प्रियतम हो भन्ने ठानी। रातका घनघोर अँध्यारामा अल्मलिएर त्यसलाई देखेपछि उसले फटाफट उठेर खानेपिउने कुराको र लगाउने लुगाको बन्दोबस्त गरिदिएपछि तिनीहरूले आपसमा गान्धर्व विवाह गरे। फेरि उसँग पलङ्गमा सुतेपछि कामातुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएर उसले– "अहिलेसम्म तपाईं निश्चिन्त भएर मसँग गफगाफ किन गर्नुहुन्न ?" भनेर सोधी।

सोऽब्रवीत्– "प्राप्तव्यमर्थं लभते मनुष्यः।" इति श्रुत्वा तथा चिन्तितं यत्– "कार्यमसमीक्षितं क्रियते तस्येदृक्फलविपाको भवति" इति। एवं विमृश्य सविवादया तया निःसारितोऽसौ।

त्यसका उत्तरमा त्यस बनियाँका छोराले– "मानिसले पाउनुपर्ने कुरो पक्कै पाउँछ" भन्ने जवाफ दियो। त्यसको कुरो सुन्नेबित्तिकै चिन्ताग्रस्त भएर त्यस केटीले लौ बित्यास परेछ, राम्रोसँग जाँचबुझ नगरीकन गरिएका कामको फल यस्तै हुनेरहेछ भन्ने किसिमका पश्चात्ताप गर्दै दुःखी भएर त्यस बनियाँका छोरालाई आफू बसेका ठाउँबाट बाहिर निकालिदिई।

स च यावद्वीथिमार्गेण गच्छति, तावदन्यविषयवासी वरकीर्तिर्नाम वरो महता वाद्यशब्देनागच्छति। प्राप्तव्यमर्थोऽपि तैः सह गन्तुमारब्धवान्। अथ यावत्प्रत्यासन्ने लग्नसमये राजमार्गासन्नश्रेष्ठिद्वारे रचितवेदिकायां कृतकौतुकमङ्गलवेशा वणिक्सुता तिष्ठति, तावन्मदमत्तो हस्त्यारोहकं हत्वा प्रणश्यज्जनकोलाहलेन लोकमाकुलयंस्तमेवोद्देशं प्राप्तः। तं च दृष्ट्वा सर्वे वरानुयायिनो वरेण सह प्रणश्य दिशो जग्मुः।

त्यहाँबाट निस्केर हिंडेपछि सहरका मूलबाटामा हिंड्दै गर्दा अगाडिबाट वरकीर्ति नामको कुनै राज्यको बासिन्दा बाजागाजाका साथमा धुमधामसँग आफ्नो जन्ती लिएर आइपुग्यो। "पाउनुपर्ने" भन्ने त्यो मानिस पनि त्यसै जन्तीसँग मिसिएर सँगसँगै हिंड्न लाग्यो। शुभ साइत नजिकै आएकै बेलामा कुनै मुख्य सडकका किनारको एउटा धनाढ्यका ढोकामा बनाइएका मण्डपमा विवाहका पोसाक लगाएर हातमा वरमाला लिएर त्यस साहुकी छोरी सजिसजाउ रूपमा आएर बसेकी मात्रै के थिई कतैबाट माहुतेलाई मारेर बौलाएको एउटा मत्ता हात्ती आयो। त्यहाँको भिडमा हल्लाखल्ला मच्चाइरहेका मानिसहरूलाई चारैतिर भागाभाग गराउँदै त्यो हात्ती त्यहीं विवाहका मण्डप नजिकै आइपुग्यो। त्यस बौलाएका हात्तीलाई देखेर दुलाहालाई लिएर जन्तीहरू पनि कुनै दिशातिर भाग्दै लाखापाखा लागे।

अथास्मिन्नवसरे भयतरललोचनामेकाकिनीं कन्यामवलोक्य "मा भैषीः, अहं परित्राता" इति सुधीरं स्थिरीकृत्य दक्षिणपाणौ सङ्गृह्य महासाहसिकतया प्राप्तव्यमर्थः परुषवाक्यैर्हस्तिनं निर्भर्त्सितवान्।

त्यस अवस्थामा डरले आत्तिएकी र एक्लै परेकी त्यस कन्यालाई देखेर त्यस "पाउनुपर्ने" भन्ने मानिसले उसका नजिकै गएर– "नडराऊ, म तिम्रो रक्षा गर्नेछु" भन्दै धैर्य र सान्त्वना दिएर आफ्ना दाहिने हातले उसलाई समातेर साहसका साथ त्यस हात्तीलाई कराउँदै तर्साएर लखेट्ने कोसिस गर्‍यो।

ततः कथमपि दैवयोगादपयाते हस्तिनि यावत्ससुहृद्बान्धवो वरकीर्तिरविक्रान्ते लग्नसमये समागच्छति तावद्वधूरन्येन हस्ते गृहीता तिष्ठति। तद् दृष्ट्वा वरकीर्तिनाऽभिहितम्– "भोः श्वसुर! विरुद्धमिदं त्वयानुष्ठितं यन्मह्यं प्रदाय कन्यान्यस्मै प्रदत्ता" इति।

नभन्दै दैवसंयोग त्यो हात्ती पनि पर भागिसकेपछि त्यो वरकीर्ति आफ्ना साथीभाइ र जन्तीहरूका साथमा फेरि त्यस विवाहका मण्डपमा आयो तर त्यतिखेर विवाहको मुहूर्त बितिसकेको थियो। जतिबेला विवाहको शुभ मुहूर्त चल्दै थियो, त्यस बेला कुनै अर्के एउटा पुरुषले त्यस कन्याको हात समातेर उभिएको थियो। त्यस्तो स्थिति देख्दा वरकीर्तिले आफ्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ससुरालाई सम्बोधित गर्दै– "ससुरा महोदय ! तिमीले यो उचित कार्य गरेनौ। किनभने यो कन्या एकपटक मलाई दिइसकेपछि फेरि अर्कालाई दियौ" भन्यो।

सोऽब्रवीत्– "भोः ! अहमपि हस्तिभयपलायितो भवद्भिः सहायातो, न जाने किमिदं वृत्तम्।" इत्यभिधाय दुहितरं प्रष्टुमारब्धवान्– "वत्से ! न त्वया सुन्दरं कृतम्, तत्कथ्यतां कोऽयं वृतान्तः ?"

त्यस दुलाहका ससुराले पनि– "महाशय ! मलाई पनि त हात्तीको डर लाग्यो नि। म पनि हात्तीका डरले गर्दा तपाईंहरूसँगै भागेको थिएँ र तपाईंहरूसँगै फर्केर आउँदै छु। मलाई पनि यहाँ त्यतिन्जेल कस्तो घटना घट्यो केही थाहा छैन" भन्दै उसले पनि फेरि आफ्नी छोरीसँग– "छोरी तिमीले राम्रो काम गरिनौ, यहाँ के काम भयो त्यो कुरो साँचोसत्य बताऊ" भन्यो।

सोऽब्रवीत्– "यदहमनेन प्राणसंशयाद्रक्षिता, तदेनं मुक्त्वा मम जीवन्त्या नान्यः पाणिं ग्रहीष्यति" इति।

बाबुको कुरो सुनेर छोरीचाहिँले– "हेर्नुहोस् ! आज यिनैले मेरो ज्यान जोगाइदिएका छन्। त्यसैले यिनलाई छोडेर मेरो यस जीवनमा अरू कसैसँग विवाह हुन सक्दैन" भनी।

अनेन वार्ताव्यतिकरेण रजनी व्युष्य। अथ प्रातस्तत्र सञ्जाते महाजनसमवाये तं वार्ताव्यतिकरं श्रुत्वा राजदुहिता तमुद्देशमागता। कर्णपरम्परया श्रुत्वा दण्डपाशिकसुतापि तत्रैव आगता। अथ तं महाजनसमवायं श्रुत्वा राजापि तत्रैवाजगाम, प्राप्तव्यमर्थं प्राह च– "भो ! विश्रब्धं कथय, कीदृशोऽसौ वृत्तान्तः ?"

यस्तै खालका गल्फतीहरूमै त्यो रात पूरै बित्यो। अर्को दिन बिहान त्यहाँ भिड लागेको देखेर र मानिसहरूको खैलाबैला सुनेर ती राजकुमारी पनि त्यहाँ आइपुगिन्। एककान दोकान गर्दै कुरो सुनेर त्यो सुरक्षाअधिकारीकी छोरी पनि त्यहीँ आइपुगी। त्यसरी भिड जम्मा भएको कुरो सुनेर राजा पनि त्यहीँ आइपुगे। त्यहाँ आइपुग्नासाथ राजाले त्यही "पाउनुपर्ने" भन्ने मानिसलाई– "निर्धक्क भएर भन त यहाँ के भएको ?" भनी सोधे।

अथ सोऽब्रवीत्– "प्राप्तव्यमर्थं लभते मनुष्यः" इति।

राजाका कुराको उत्तर दिँदै त्यसले– "मानिसले पाउनुपर्ने कुरो पक्कै पाउँछ" भन्ने जवाफ दियो।

राजकन्या स्मृत्वा प्राह– "देवोऽपि तं लङ्घयितुं न शक्तः" इति।

त्यसको कुरो सुनेर भाव बुझिसकेपछि राजाकी छोरीले– "विधाताले पनि त्यसलाई रोक्न सक्दैन" भनी।

ततो दण्डपाशिसुताऽब्रवीत्– "तस्मान्न शोचामि न विस्मयो मे" इति।

राजाकी छोरीको कुरो सुनेपछि सुरक्षाअधिकारीकी छोरीले पनि– "त्यसै हुनाले म पनि बितेका कुराहरूमा पछुतो गर्दिनँ र त्यस कुरामा मलाई अचम्म पनि लाग्दैन" भनी।

तमखिललोकवृत्तान्तमाकर्ण्य वणिक्सुताऽब्रवीत्– "यदस्मदीयं न हि तत्परेषाम्" इति।

यी सबैको यस किसिमको कुरो सुनिसकेपछि त्यस साहुकी छोरीले– "जुन वस्तु मेरो हो त्यो अरू कसैको हुन सक्दैन" भनी।

अभयदानं दत्वा राजा पृथक्पृथग्वृत्तान्ताञ्ज्ञात्वाऽवगततत्त्वस्तस्मै प्राप्तव्यर्थाय स्वदुहितरं सबहुमानं ग्रामसहस्रेण समं सर्वालङ्कारपरिवारयुतां दत्वा, "त्वं मे पुत्रोऽसि" इति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नगरविदितं तं यौवराज्येऽभिषिक्तवान्। दण्डपाशिकेनापि स्वदुहिता स्वशक्त्या वस्त्रदानादिना सम्भाव्य प्राप्तव्यार्थाय प्रदत्ता।

राजाले ती सबै केटीहरूले त्यहाँ गरेको कुरो सुने। उनीहरू सबैलाई निर्भय रहन भने। उनीहरूका सबै वृतान्तहरू अलगअलग ठाउँमा ढुक्कसँग विस्तारपूर्वक भन्न लगाए। त्यो सबै जानिसकेपछि आफू पनि आश्वस्त भए। अनि त्यस "पाउनुपर्ने" भन्ने मानिसलाई पनि निर्भय रहन आश्वस्त गराए। अनि आफ्नी छोरीलाई गहनाअलङ्कारले सिँगारेर अनेकौं दासदासीहरू समेत दाइजोमा दिएर हजार गाउँको अधिकार दिँदै त्यसैसँग विवाह गरिदिए। अनि त्यस बनियाँपुत्र "पाउनुपर्ने"लाई– "आजदेखि तिमी मेरो छोरो भयौ" भन्दै सबैको उपस्थितिमा नै युवराजको पद पनि दिएर अभिषेक गराए। नगरको सुरक्षाअधिकारीले पनि आफ्नी छोरीलाई सकेसम्म राम्रा लुगा र गहनाले सिँगारेर स्वागत सत्कारका साथ उसै "पाउनुपर्ने" नाम भएका मानिससँग विवाह गरेर अर्पण गरिदियो।

अथ प्राप्तव्यमर्थेनापि स्वीयपितृमातरौ समस्तकुटुम्बावृतौ तस्मिन्नगरे सम्मानपुरःसरं समानीतौ। अथ सोऽपि स्वगोत्रेण सह विविधभोगानुपभुञ्जानः सुखेनावस्थितः।

ती कन्याहरूसँग विवाह गरिसकेपछि "पाउनुपर्ने" भन्ने मानिसले आमाबाबुसहित आफ्ना सबै आफन्तहरूलाई पनि त्यहीँ बोलायो। आफन्तहरूसँग ऊ आफू पनि निकै रमायो र विभिन्न किसिमका सुखसुबिस्ता उपभोग गर्दै त्यहीँ नै सुखसँग बस्न लाग्यो।

अतोऽहं ब्रवीमि– "प्राप्तव्यमर्थो लभते मनुष्यः" इति।

यो कथा समाप्त गरिसकेपछि हिरण्यकले– "त्यसैले म भन्दछु कि– मानिसले आफ्नो पाउनुपर्ने कुरो पक्कै पाउँछ" भन्यो।

तदेतत्सकलं सुखदुःखमनुभूय परं विषादमुपगतोऽनेन मित्रेण त्वत्सकाशमानीतः। तदेतन्मे वैराग्यकारणम्।"

यस किसिमका सुखदुःखहरू आफैँले स्वयं भोगिसकेपछि तिनीहरूकै कारण ज्यादै खिन्न भएर म यी मित्रका साथमा यहाँ आएको हुँ। मलाई विरक्त लाग्नुको कारण यही हो भन्ने पनि त्यस हिरण्यक नामका मुसाले बतायो।

मन्थरक आह– "भद्र! भवति सुहृदयमसन्दिग्धं, यत् क्षुत्क्षामोऽपि शत्रुभूतं त्वां भक्ष्यस्थाने स्थितमेवं पृष्ठमारोप्यानयति, न मार्गेऽपि भक्षयति। उक्तञ्च यतः–

मन्थरकले– "भद्र! तिम्रो यो असल मित्र हो। यसमा कुनै कुराको सन्देह छैन। किनभने– भोकाएको अवस्थामा पनि आफूले खान मिल्ने र आफ्नो जन्मजात शत्रुलाई समेत पिठ्युँमा हालेर यहाँसम्म ल्याएको छ। बाटामा मौका पाएर पनि यसले तिमीलाई खाएन। भनिएको पनि छ कि–

विकारं याति नो चित्तं वित्ते यस्य कदाचन।
मित्रं स्यात्सर्वकाले च कारयेन्मित्रमुत्तमम्॥ ११६॥

मित्रका धन एवं ऐश्वर्यआदि देखेर जसको हृदय विकृत हुँदैन उही नै असल मित्र हो र मानिसले असल मित्रहरूको सङ्ग्रह अवश्य गर्नुपर्छ।

विद्वद्भिः सुहृदामत्र चिह्नैरेतैरसंशयम्।
परीक्षाकरणं प्रोक्तं होमाग्नेरिव पण्डितैः॥ ११७॥ तथा च–

जस्तै विद्वान् पण्डितहरूले होमका अग्निको परीक्षा गर्दछन् उसै गरी मानिसले त्यस्तै केही लक्षण चिह्नले मित्रको परीक्षा अवश्य गर्नुपर्दछ। त्यसै गरी अरू पनि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आपत्काले तु सम्प्राप्ते यन्मित्रं मित्रमेव तत्।
वृद्धिकाले तु सम्प्राप्ते दुर्जनोऽपि सुहृद्भवेत्॥ ११८॥

जुन मानिस आपद् कालमा पनि मित्रताको निर्वाह गरिरहन्छ र आफ्ना पहिलेका व्यवहारमा कुनै प्रकारको परिवर्तन आउन दिँदैन त्यो नै असल मित्र हो। मानिसको सुखसमृद्धि कालमा त दुर्जन पनि उसैको मित्र बनेर आएको हुन्छ।

तन्ममाप्यद्यास्य विषये विश्वासः समुत्पन्नो, यतो नीतिविरुद्धेयं मैत्री मांसाशिभिर्वायसैः सह जलचराणाम्। अथवा साध्विमुच्यते—

उसको यस्तो काम देखिसकेपछि मेरा हृदयमा पनि यसका कुराप्रति विश्वास भयो। किनभने— मांसभक्षी काग र जलचरका बिचमा हाम्रो यस्तो मैत्रीलाई नीतिविरुद्ध बताइएको छ। अथवा कुनै सज्जनले ठिकै पनि भनेका रहेछन् कि—

मित्रंकोऽपि न कस्यापि नितान्तं न च वरकृत्।
दृश्यते मित्रविध्वस्तात्कार्याद् वैरी परीक्षितः॥ ११९॥

कोही पनि कसैको मित्र हुँदैन र कोही पनि कसैको नितान्त शत्रुमात्रै पनि हुँदैन। प्रायः आफ्नो काम सिद्ध र विनाशबाट नै मित्रताको परीक्षण हुन्छ। अर्थात् असल र खराब कामहरू गर्नाले नै कुनै व्यक्ति कसैको मित्र अथवा शत्रु बनेको हुन्छ।

तत्स्वागतं भवतः। स्वगृहवदास्यतामत्र सरस्तीरे। यच्च वित्तनाशो विदेशवासश्च ते सञ्जातस्तत्र विषये सन्तापो न कर्तव्यः। उक्तञ्च—

अतः तिमीहरूलाई स्वागत छ। यस तलाउका किनारमा तिमीहरूले आफ्नो घरजस्तै गरी बसोबास गर्न सक्नेछौ। तिम्रा जुन धनको विनाश भएको छ र ठाउँ छोडेर प्रवास पस्नुपरेको छ, यस विषयमा तिमीले चिन्ता लिएर दुःखी हुनुपर्दैन। भनिएको पनि छ कि—

अभ्रच्छाया खलप्रीतिः सिद्धमन्नं च योषितः।
किञ्चित्कालोपभोग्यानि यौवनानि धनानि च॥ १२०॥

बादलको छायाँ, दुष्टहरूसँगको मायाप्रीति, पाकेको अन्न, स्त्रीहरू, जवानी अवस्था र धन यी छवटा वस्तुहरू जीवनमा मानिसका लागि केही क्षणसम्म उपभोग गर्नेयोग्य रहेका हुन्छन्।

अतएव, विवेकिनो जितात्मानो धनस्पृहां न कुर्वन्ति। उक्तञ्च—

त्यसैले विचारवान् व्यक्तिले तथा आफूलाई जित्ने किसिमका धनको इच्छा गर्नुहुँदैन। भनिएको पनि छ कि—

सुसञ्चितेर्जीवनवत्सुरक्षितैर्निजेऽपि देहे न नियोजितैः क्वचित्।
पुंसो यमान्तं व्रजतोऽपि निष्ठुरैरेतैर्धनैः पञ्चपदी न दीयते॥ १२१॥ अन्यच्च—

निरन्तर सजाएर प्राणसमान सुरक्षामात्र गरिएको, आफ्नै ज्यानको भरण-पोषणमा पनि नलगाइएको र कहिल्यै खर्च पनि नहुने धनले मानिसलाई कुनै हित गर्न सक्दैन। आखिरमा गएर जब मानिस परलोकवासका लागि प्रस्थान गर्न लाग्दछ भने त्यो ज्यानसरह जोगाएर राखेको धन निर्मोही भएर अलपत्र यहीँ रहेको हुन्छ। कसैको सहायता गर्नका लागि त्यस्तो धन केवल पाँच पाइलामात्रै अघि पनि सर्दैन। अरू पनि—

यथामिषं जले मत्स्यैर्भक्ष्यते श्वपदैर्भुवि।
आकाशे पक्षिभिश्चैव तथा सर्वत्र वित्तवान्॥ १२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै पानीमा रहनाले माछाआदि जलचर, धर्तीमा रहनाले मांसाहारी पशु र आकाशमा रहनाले पक्षीहरूले मांसलाई खानका लागि सधैँ तयार रहेका हुन्छन् उसै गरी धनी व्यक्तिको धनलाई पनि सर्वत्र मानिसहरूले खाने प्रयास गर्दै तयार बसिरहेका हुन्छन्।

निर्दोषमपि वित्ताढ्यं दोषैर्योजयते नृपः।
निर्धनः प्राप्तदोषोऽपि सर्वत्र निरुपद्रवः॥ १२३॥

धनी व्यक्ति निर्दोष भए पनि राजाले उसमाथि दोषारोपण गरी नै रहन्छन् र निर्धन व्यक्ति दोषी नै भए पनि सर्वत्र ऊ आपद्रहित भएर आनन्दसँग बसेको हुन्छ।

अर्थानामर्जने दुःखमर्जितानां च रक्षणे।
नाशे दुःखं व्यये दुःखं धिगर्थान् कष्टसंश्रयान्॥ १२४॥

धनलाई कमाउनका लागि मानिसले जति दुःखकष्ट खप्नुपर्दछ, त्यसलाई जोगाउन र संरक्षण गर्नका लागि पनि उस्तै सतर्क रहँदै दुःख गर्नुपर्छ। धन जम्मा भइसकेपछि नष्ट भयो भने त पक्कै दुःख लाग्दछ नै तर त्यसलाई खर्च गर्दा पनि दुःख नै लाग्दछ। त्यसैले दुःख र कष्टजति सबैको बस्ने बासका रूपमा रहेको यस धनलाई धिक्कार छ।

अर्थार्थी यानि कष्टानि मूढोऽयं सहते जनः।
शतांशेनापि मोक्षार्थी तानि चेन्मोक्षमाप्नुयात्॥ १२५॥

धनको खोजी गर्ने मूर्ख मानिसहरू त्यसको कमाइ गर्नका लागि जस्तो दुःखकष्ट खप्दछन्, त्यस कष्टको सय भागको एक भागमात्रै पनि यदि उनीहरूले मुक्तिका लागि खपेका हुँदा हुन् त मुक्तिको प्राप्ति कुनै दुर्लभ वस्तुजस्तो बन्ने नै थिएन। उनीहरूले ज्यादै सुविधाका साथ मुक्ति पाउने थिए।

अपरं विदेशवासजमपि वैराग्यं त्वया न कार्यम्। यतः—

यस विदेशमा रहेका कारणले आइलागेका दुःखहरूको पनि तिमीले चिन्ता गर्नुहुँदैन। किनभने—

को धीरस्य मनस्विनः स्वविषयः को वा विदेशः स्मृतो
यं देशं श्रयते तमेव कुरुते बाहुप्रतापार्जितम्।
यद्दंष्ट्रनखलाङ्गुलप्रहरणः सिंहो वनं गाहते
तस्मिन्नेव हतद्विपेन्द्ररुधिरैस्तृष्णां छिनत्त्यात्मनः॥ १२६॥

धैर्यशाली र चिन्तनमनन गर्ने व्यक्तिका लागि कुनै ठाउँ आफ्नो देश वा परदेश भन्ने हुँदैन। त्यस्ता मानिसहरू जुन देशमा रहन्छन् त्यसैलाई नै आफ्ना बाहुबलको पुरुषार्थले आफ्नो बनाउँछन्। नङ्ग्रालाई हतियार बनाएका भरमा बाँच्ने सिंह वनमा नै बस्दछ र त्यहीं उसले मदमस्त गजराजलाई मारेर त्यसैका रगतले आफ्नो तिर्खा मेटाउँछ पनि।

अर्थहीनः परदेशे गतोऽपि यः प्रज्ञावान् भवति स कथञ्चिदपि न सीदति।

उक्तञ्च—

दरिद्रताका कारणले परदेशमा गएको भए तापनि जुन मानिस बुद्धिमान् हुन्छ, त्यसले कहिल्यै दुःख पाउँदैन। भनिएको पनि छ कि—

कोऽतिभारः समर्थानां किं दूरं व्यवसायिनाम्।
को विदेशः सविद्यानां कः परः प्रियवादिनाम् ?॥ १२७॥

समर्थ व्यक्तिका लागि कुनै वस्तु धेरै भारी हुँदैन। जाँगरिला व्यक्तिका लागि कुनै ठाउँ टाढा हुँदैन, विद्वान् व्यक्तिका लागि कुनै देश परदेश हुँदैन र मिठो बोली बोल्ने मानिसका लागि कुनै व्यक्ति पनि शत्रु हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्प्रज्ञानिधिर्भवान्न प्राकृतपुरुषतुल्यः। अथवा–

तिमी त बुद्धिमान् छौ, साधारण व्यक्तिहरूजस्तो त होइनौ। त्यसैले तिमीलाई धेरै सम्झाईबुझाई पनि गर्नु आवश्यक छैन। भनिएको पनि छ कि–

उत्साहसम्पन्नमदीर्घसूत्रं क्रियाविधिज्ञं व्यसनेष्वसक्तम्।
शूरं कृतज्ञं दृढसौहृदञ्च लक्ष्मीः स्वयं मार्गति वासहेतोः ॥ १२८ ॥

उत्साही, जाँगरिलो, कामको तरिका जान्ने सिपालु, कुलतबाट टाढा रहेको, पराक्रमी, अर्काको गुन देख्ने व्यक्ति र असल मित्रहरू भएका व्यक्तिलाई नै आफ्नो सहारा बनाउनका लागि लक्ष्मीले खोजिरहेकी हुन्छिन्।

अपरं प्राप्तोप्यर्थः कर्मप्राप्त्यां नश्यति। तदेतान्वति दिनानि तवदीयमासीत्। मुहूर्तमप्यनात्मीयं भोक्तुं न लभ्यते। स्वयमागतमपि विधिनापह्रियते।

अर्को एउटा कुरो यस्तो पनि छ कि– कहिलेकाहीँ कमाएको धन पनि दुर्भाग्यका कारणले नष्ट भएर जान्छ। त्यसो हुँदा तिम्रा त्यति दिन नै सुखका थिए भन्ने बुझ्नुपर्छ। आफ्ना भाग्यको विपरीत कसैले एक क्षण पनि सुखको उपभोग गर्न पाउँदैन। भाग्यमा नभएको कुरो पहिले त आउँदा पनि आउँदैन, यदि आइहाल्यो भने पनि भाग्यले त्यसलाई खोसेर लैजान्छ।

अर्थस्योपार्जनं कृत्वा नैव भोगं समश्नुते।
अरण्य महदासाद्य मूढः सोमिलको यथा ॥ १२९ ॥

भाग्य नै यदि विरोधी भएर बनेको छ भने त्यस्ता अवस्थामा मानिसले कुनै तरिकाले धन कमाइहालेको भए पनि उसले त्यसको उपभोग गर्न पाउँदैन। जस्तै भाग्य विपरीत भएका कारणले सोमिलक नामको एउटा जुलाहाले कुनै एउटा विशाल जङ्गलमा पुग्ने बित्तिकै आफ्नो सारा कमाइलाई हराएको थियो।

हिरण्यक आह– "कथमेतत् ?" स आह–

हिरण्यकले– "त्यो कसरी ?" भनेर सोध्यो अनि मन्थरकले अघिल्लो कथा सुनाउँदै भन्न थाल्यो–

मन्दभाग्य सोमिलककथा

कस्मिँश्चिदधिष्ठाने सोमिलको नाम कौलिको वसति स्म। स चानेकविधपट्टरचना–रञ्जितानि वस्त्राण्युत्पादयति। परं तस्य चानेकविधष्हरचनानिपुणस्यापि न भोजनाच्छादनाभ्यधिकं कथमप्यर्थमात्रं समपद्यते। अथान्ये तत्र सामान्यकौलिकाः स्थूलजस्त्रसम्पादनविज्ञानिनो महद्धिंस–म्पन्नाः। तानवलोक्य स स्वभार्यामाह– "प्रिये ! पश्यैतान् स्थूलपट्टकारकान् धनकनकसमृद्धान्। तदधारणकं ममैतत्स्थानम्। तदन्यत्रोपार्जनाय गच्छामि।"

अभागी सोमिलक

कुनै सहरमा सोमिलक नाम गरेको एउटा जुलाहा रहने गर्दथ्यो। ऊ अनेकौँ किसिमका रङ्ग र चित्रकारीहरूले सजाएका रेशमी र राजाहरूले लगाउनेयोग्य बहुमूल्य वस्त्रहरू बनाउने गर्दथ्यो। तर जतिसुकै राम्रा किसिमका चित्रकारीहरूका नमुना बनाउन जान्ने भएको भए तापनि उसलाई खानेलाउने आवश्यकता निर्वाहयोग्य मात्रै धन कुनै प्रकारले जुटाउन सक्दथ्यो। यसको विपरीत अरू जुलाहाहरू केवल मोटो धागोले साधारण कपडा मात्रै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनाउन जान्दछन् तर पनि उनीहरूचाहिँ निकै धनी र सम्पन्न थिए। उनीहरूलाई सम्पन्न देखेर एक दिन उसले आफ्नी स्त्रीसित— "प्रिया ! हेर त, यिनीहरू मोटा तथा बिना कुनै कारिगरीका साधारण कपडा बुन्दछन्, तर अरू यी सबै जुलाहाहरू कति सम्पन्न भएका छन् ! मलाई त यो ठाउँ नै बस्नयोग्य छैन कि जस्तो पो लाग्यो। त्यसैले अलिकति धन कमाउनका लागि अर्कैतिर हिँड्नुपऱ्यो" भन्यो।

सा प्राह— "भोः प्रियतम ! मिथ्या प्रलपितमेतद् यदन्यत्र गतानां धनं भवति, स्वस्थाने न भवतीति"। उक्तञ्च—

उसकी स्त्रीले— "हेर प्रिय ! विदेश जाँदैमा धन पाइन्छ आफ्नै ठाउँमा बस्दाचाहिँ पाइँदैन भन्ने कुरोचाहिँ बेकारको कुरो हो। भनिएको पनि छ कि—

उत्पतन्ति यदाकाशे निपतन्ति महीतले।
धरण्यन्तमपि प्राप्ता नादत्तमुपतिष्ठति ॥ १३० ॥ तथा च—

मानिस चाहे आकाशमै उडेर जाओस्, चाहे पत्तालमै जाओस् अथवा धर्तीकै पल्लाछेउमा पुगोस्, तर जुन वस्तु पहिले दिइएको छैन, त्यो कसै गरे पाइँदैन। अरू पनि—

न हि भवति यन्न भाव्यं, भवति च भाव्यं विनापि यत्नेन।
करतलगतमपि नश्यति यस्य तु भवितव्यता नास्ति ॥ १३१ ॥

जुन वस्तु मानिसका भाग्यमा हुँदैन, त्यो उसलाई कसै गरे मिल्दैन र जुन कुरो उसका भाग्यमा हुन्छ त्यो कुनै प्रयत्न नगरे पनि उसैले पाउँछ। जुन पुरुषले भोग गर्नका लागि जे कुरो लेखिएको हुँदैन, त्यो उसका हातमा आए पनि मासिएर जान्छ।

यथा धेनुसहस्रेषु वत्सो विन्दति मातरम्।
तथा पुराकृतं कर्म कर्त्तारमनुगच्छति ॥ १३२ ॥

जसरी हज्जारौँ गाईहरूका बिचमा रहँदा पनि बाछाले आफ्नो माउलाई नै खोजेर उसैका छेउमा पुग्दछ, उसै गरी पूर्वजन्ममा गरिएको कर्म पनि भाग्य बनेर कर्तासँगै आइपुगेर उसका पछिपछि लाग्दछ।

शेते सह शयानेन गच्छन्तमनुगच्छति।
नराणां प्राक्तनं कर्म तिष्टत्यथ सहात्मना ॥ १३३ ॥

मानिस सुतेपछि ऊ पनि उसैसँग सुत्छ र जब मानिस हिँड्छ त्यो पनि सँगै हिँड्न थाल्दछ। निष्कर्ष यो हो कि मानिसले पहिले आर्जन गरेको कर्म उसँगै संलग्न भएर रहेको हुन्छ।

यथा छायातपौ नित्यं सुसम्बद्धौ परस्परम्।
एवं कर्म च कर्ता च संश्लिष्यवितरेतरम् ॥ १३४ ॥

जस्तै छाया र घाम यी दुवै एकापसमा सम्बद्ध रहन्छन् र दुवै साथसाथै हिँड्दछन्, उसै गरी मानिसको कर्म पनि उसँगै मिलेको हुन्छ र उसँग सँगै भएर हिँड्ने गर्दछ।

तस्मादत्रैव व्यवसायपरो भव"।

त्यसैले मेरो पनि यही इच्छा छ कि तिमी यहीँ नै कुनै उद्योग गर" भनेर उसले सम्झाई।

कौलिक आह— "प्रिय ! न सम्यगभिहितं भवत्या। व्यवसायं विना कर्म न फलति। उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुलाहाले– "हेर प्रिया ! तिमीले उचित कुरो गरिनौ। उद्योगबिना त कर्मले पनि कुनै फल दिँदैन। भनिएको पनि छ कि–

यथैकेन न हस्तेन तालिका सम्प्रयद्यते।
तथोद्यमपरित्यक्तं न फलं कर्मणः स्मृतम्॥ १३५॥

जस्तै कि एउटैमात्र हातले ताली बज्द सक्दैन, त्यसै गरी उद्योगबिना केवल भाग्यले मात्रै मानिसलाई कर्मको फल प्राप्त हुँदैन।

पश्य कर्मवशात्प्राप्तं भोज्यकालेऽपि भोजनम्।
हस्तोद्यमं विना वक्त्रं प्रविशेन्न कथञ्चन॥ २३६॥ तथा च–

हेर त ! भोजनका समयमा पाइएको भोजन पनि हातले उचालेर मुखमा नहालेसम्म आफैँ आएर मुखमा पस्दैन।

उद्योगिनं पुरुषसिहमुपैति लक्ष्मी–
दैवं हि दैवमिति कापुरुषा वदन्ति।
दैवं निहत्य कुरु पौरुषमातमशक्त्या,
यत्ने कृते यदि न सिद्ध्यति कोऽत्र दोषः ?॥ १३७॥ तथा च–

त्यसै गरी उद्योगी र सिंहजस्तो साहससम्पन्न पुरुषलाई नै लक्ष्मी प्राप्त हुन्छ। भाग्यमा भएको कुरो भाग्यले नै देला र त्यो सबै पाइएला भनेर त काँतर मानिसहरूले मात्रै भन्ने गर्दछन्। भाग्यका भरमा नपरीकन आफ्नो बलबर्गतले भ्याएजति काम गर्नुपर्दछ। यसरी प्रयास गर्दा पनि सफल भइएन भने आफ्नो दोष पनि हुँदैन र कतै गल्ती भयो भने हेर्न पनि पाइन्छ। अरू पनि–

उद्यमेन हि सिद्ध्यन्ति कार्याणि न मनोरथैः।
न हि सिंहस्य सुप्तस्य प्रविशन्ति मुखे मृगाः॥ १३८॥

कामहरू मनले सोचेर मात्रै होइन उद्योग वा प्रयासबाट मात्र पूरा हुन्छन्। सुतिरहेका सिंहका मुखमा आफैँ आएर मृग पनि पस्तैन। अर्थात् त्यसलाई खानका लागि उसले जाग्नु पनि पर्छ र प्रयास पनि गर्नुपर्छ।

उद्यमेन विना राजन् ! न सिद्ध्यन्ति मनोरथाः।
कातरा इति जल्पन्ति 'यद्भाव्यं तद्भविष्यति'॥ १३९॥

हे महाराज ! मनका इच्छाहरूलाई साकार पार्न प्रयास नगरीकन हुँदैन। भाग्यमा जे छ, त्यो भइहाल्छ भन्नेजस्ता भनाइ त काँतरहरूका मात्रै हुन्छन्, त्यस्तो कुरो गर्ने मानिस सज्जन होइन।

स्वशक्त्या कुर्वतः कर्म न चेत्सिद्धिं प्रयच्छति।
नोपालभ्यः पुमांस्तत्र दैवान्तरितपौरुषः॥ १४०॥

आफ्नो शक्तिअनुसारको कर्म गरिरहँदा पनि यदि सफलता प्राप्त भएन भने मानिसले आफैँले आफैँलाई हीन भावले हेर्नुहुँदैन। त्यस्ता अवस्थामा उसले आफ्नो प्रयासलाई भाग्यले असफल गरिदियो भन्ने ठान्नुपर्दछ।

तन्मयावश्यं देशान्तरं गन्तव्यम्।" इति निश्चित्य वर्धमानपुरं गतः। तत्र च वर्षत्रयं स्थित्वा सुवर्णशतत्रयोपार्जनं कृत्वा भूयः स्वगृहं प्रस्थितः।

त्यसैले म अवश्य विदेशतिर जानेछु" यस किसिमको निश्चय गरिसकेपछि त्यो जुलाहा वर्धमान नामको कुनै सहरतिर गयो। त्यहाँ तीन वर्षसम्म बसेपछि तीन सय सुवर्णमुद्रा लिएर आफ्ना घरतिर फर्कन लाग्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथार्थपथे गच्छतस्तस्य कदाचिदटव्यां पर्यटतो भगवान् रविरस्तमुपागतः। तदासौ व्यालभयात् स्थूलतरवटस्कन्धमारुह्य यावत्प्रसुप्तस्तावन्निशीथे स्वप्ने द्वौ पुरुषौ रौद्राकारौ परस्परं प्रजल्पन्तावशृणोत्। तत्रैक आह–

कतै जङ्गलमा घुम्दैफिर्दै आधा बाटो आइसकेपछि आकाशका सूर्यनारायण अस्ताए। रात परेपछि जङ्गली सिंह, बाघभालु आदि र चोर–डाँकाका डरले ऊ एउटा ठूलो वरको रुखका हाँगामा सुत्ने विचारले चढ्यो। रात परेपछि सपनामा उसले दुईवटा भयानक पुरुषहरूलाई देख्यो र तिनीहरू आपसमा विवाद गरिरहेको पनि उसले सुन्यो। तिनीहरूमध्ये एउटाले अर्कासँग–

"भोः कर्तः ! त्वं किं सम्यङ् न वेत्सि यदस्य सोमिलकस्य भोजनाच्छादनाभ्यधिका समृद्धिर्नास्ति, तत्किं त्वयास्य सुवर्णशतत्रयं प्रदत्तम्" ?

"हे कर्ता ! यस सोमिलकका भाग्यमा खाने र लाउनेभन्दा बढी धन नै छैन भन्ने तिमीले राम्ररी जानेका थिएनौ र उसलाई तीन सय स्वर्णमुद्रा दियौ" भन्दै थियो।

स आह– "भोः कर्मन् ! मयावश्यं दातव्यं व्यवसायिनाम्। तत्र च तस्य परिणति-स्त्वदायत्ता" इति।

त्यसका उत्तरमा अर्कोचाहिँ– "हे कर्म ! उद्योगी मानिसहरूलाई मैले दिनैपर्छ। त्यसैले मैले दिएँ। यसका भाग्यको अन्तिम निर्णय गर्ने जिम्मा त तिम्रो पो हो त" भन्दै थियो।

अथ यावदसौ कौलिकः प्रबुद्धः सुवर्णग्रन्थिमवलोकयति तावद्रिक्तं पश्यति। ततः साक्षेपं चिन्तयामास– "अहो, किमेतत् ? महता कष्टेनोपार्जितं वित्तं हेलया क्वापि गतम्। तद्व्यर्थश्रमोऽकिञ्चनः कथं स्वपत्न्या मित्राणाञ्च मुखं दर्शयिष्यामि" ? इति निश्चित्य तदेन पत्तनङ्गतः। तत्र च वर्षमात्रेणापि सुवर्णशतपञ्चकमुपार्ज्य भूयोऽपि स्वस्थानं प्रति प्रस्थितो यावदर्धपथे स्थितमटवीगतं तं वटं समासादयति तावद् भगवान् भानुरस्तं जगाम।

यसो हुँदाहुँदै निद्राबाट ब्युँझिएर त्यस जुलाहाले आफ्नो स्वर्णमुद्रा राखेको थैली खोलेर हेर्दछ त त्यो पूरै खाली थियो। त्यसलाई खाली भएको देखेर ऊ आफैँले आफैँलाई धिक्कार्दै– "अरे ! यो कस्तो कुरो हो ? त्यति दुःखले कमाएको यत्रो मेरो धन अचानक कता गयो त। मेरा सारा परिश्रम नै व्यर्थ खेर गयो। अब मैले आफ्नो निन्याउरो अनुहार लगेर आइमाईलाई कसरी देखाउनु ?" आदि कुराहरू सोच्न लाग्यो। यस्तै किसिमका कुराहरू सोच्दै ऊ फेरि त्यसै सहरमा पुग्यो र ज्यादै मिहिनेत गरेर एकै वर्षमा पाँच सय स्वर्णमुद्रा कमायो। त्यसलाई लिएर फेरि घर फर्कँदा उसै वरका रुखको नजिक पुग्दा नै घाम अस्तायो।

अथ सुवर्णनाशभयात्सुश्रान्तोऽपि न विश्राम्यति, केवलं कृतगृहोत्कण्ठः सत्वरं व्रजति। अत्रान्तरे द्वौ पुरुषौ तादृशौ दृष्टिदेशे समागच्छन्तौ जल्पन्तौ चाशृणोत्। तत्रैकः प्राह– "भो कर्तः ! किं त्वयैतस्य सुवर्णशतपञ्चकं प्रदत्तम् ? तत्किं न वेत्सि यद्भोजनच्छादनाभ्यधिकमस्य किञ्चिन्नास्ति"।

यसपटक ऊ ज्यादै थाकेको हुँदाहुँदै पनि सुवर्णमुद्रा नाश होलान् भन्ने डरले रात बिसाउनका लागि बसेन। खाली घर पुग्ने नै सुरमा छिटोछिटो हिँडिरहेको थियो। यसै बिचमा उसले आफूतिर आइरहेका दुईवटा भयानक पुरुषआकारलाई देख्यो र उनीहरूको आपसी विवादलाई पनि सुन्यो। ती दुईमध्ये एउटाले अर्कासँग– "हे कर्ता ! तिमीले यस जुलाहालाई पाँच सय स्वर्णमुद्रा दिएका छौ ? यसलाई खाने र लाउनेबाहेक अरू केही मिल्दैन भन्ने तिमीलाई थाहा छैन ?" भनी सोध्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स आह– "भोः कर्मन् ! मयावश्यं देयं व्यवसायिनाम्। तस्य परिणामस्त्वदायत्तः। तत्किं मामुपालम्भयसि ?"।

त्यसको कुरो सुनेर अर्काले– "सुन कर्म ! परिश्रमीलाई म दिन्छु र मैले दिनै पर्दछ पनि। मैले दिएको धन उपभोग गर्न पाउने वा नपाउने भन्ने अन्तिम परिणाम त तिम्रा अधिकारको कुरो हो। तिमी किन सित्तैंमा मलाई नै छेड हान्दै छौ" भन्यो।

तच्छ्रुत्वा सोमिलको यावद्ग्रन्थिमवलोकयति तावत्सुवर्ण नास्ति। ततः परं दुःखमापन्नो व्यचिन्तयत्– "अहो, किं मम धनरहितस्य जीवितेन ? तदत्र वटवृक्षे आत्मानमुद्वध्य प्राणांस्त्यजामि।"

ती दुवैको यस्ता किसिमको कुराकानी सुनिसकेपछि सोमिलकले जब आफ्नो पोको खोलेर हेर्दछ त त्यसमा एउटै सुनका मुद्रा नै थिएनन्। त्यस्तो देखेपछि साह्रै दिक्क भएर उसले मनमनै– "मैले निर्धन नै भएर जीवित रहनुपर्छ भने जिउनुको लाभ के भयो र ? त्यसो हुँदा अब यसै वरको रुखका एउटा हाँगामा पासो लागेर आत्महत्या पो गर्नुपर्‍यो" भन्ने ठान्यो।

एवं निश्चित्य दर्भमयीं रज्जुं विधाय स्वकण्ठे पाशं नियोज्य शादायामात्मानं नबध्य यावत्प्रक्षिपति तावदेकः पुमानाकाशस्थ एवेदमाह– "भो भोः सोमिलक ! मैवं साहसं कुरु। अहं ते वित्तापहारकः। न ते भोजनाच्छादनाभ्यधिकां वराटिकामपि सहे, तदगच्छ स्वगृहं प्रति। अन्यच्च भवदीयसाहसेनाहं तुष्टः। यथा मे न स्याद् व्यर्थ दर्शनं तत्प्रार्थ्यतामभीष्ये वरः कश्चित्।"

यस किसिमको अठोट उसले आफ्नै मनसँग गरिसकेर मर्ने निश्चय गरेपछि त्यहीं वरिपरि कुश, बाबियोआदिको डोरी बाटेर त्यसको एउटा टुप्पो रुखको हाँगामा बाँध्यो अनि अर्को टुप्पो आफ्ना गलामा बाँधिसकेर हाम फाल्नै के लागेको थियो कुनै एउटा पुरुषले आकाशतिरबाट उसलाई रोक्तै– "ऐ सोमिलक ! यस किसिमको दुःसाहस नगर। तिम्रो सबै धन चोर्ने म नै हुँ। खानलाउनभन्दा बढ्ता एक कौडीजति पनि धन तिमीसँग भएको देख्न म चाहन्नँ। त्यसैले तिमी घर फर्केर जाऊ। म तिम्रा यस दुःसाहसले ज्यादै खुसी भएको छु। मैले तिमीलाई दर्शन दिएको कुरो व्यर्थ नबनोस् भन्नका लागि तिमी मसँग कुनै एउटा वरदान माग" भन्यो।

सोमिलक आह– "यद्येतं तद्देहि मे प्रभूतं धनम्।"

त्यस्तो कुरो सुनिसकेपछि सोमिलकले– "यदि यो नै साँच्चो कुरो हो भनेदेखि मलाई तिमी प्रशस्त मात्रामा धन देऊ" भन्यो।

स आह– "भोः ! किङ्करिष्यसि भोगरहितेन धनेन ? यतस्तव भोजनाच्छादना- भ्यधिका प्राप्तिरपि नास्ति। उक्तञ्च–

त्यस पुरुषले– "चलाउन नपाउने धन लिएर तिमी के गर्दछौ ? तिम्रा भाग्यमा त खानलाउनभन्दा बढ्ता धन लाभ गर्न लेखेको छँदै छैन। भनिएको पनि छ कि–

किं तया क्रियते लक्ष्म्या या वधूरिव केवला।
या न वेश्येव सामान्या पथिकैरुपभुज्यते" ॥ १४१ ॥

सबै बटुवाहरूले समेत भोग्न पाउने वेश्याजस्तो नभई कुलवधूजस्तै एउटै व्यक्तिले मात्रै भोग्न पाउने त्यस्तो धन लिएर के फाइदा छ र ?" भन्यो।

सोमिलक आह– "यद्यपि तस्य धनस्य भोगो नास्ति, तथापि तद्भवतु। उक्तञ्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोमिलकले– "त्यसै भएर धन भोग्ने मेरा भाग्यमा लेखिएको नभए पनि त्यो धन मसँग हुनै पर्दछ। भनिएको पनि छ कि–

कृपणोऽप्यकुलीनोऽपि सज्जनैर्वर्जितः सदा।
सेव्यते स नरो लोकैर्यस्य स्याद्वित्तसञ्चयः ॥ १४२ ॥ तथा च–

कन्जुस, अकुलीन वा सज्जनहरूबाट बहिष्कृत भए पनि जुन मानिससँग धन हुन्छ मानिसहरूले त्यसको सेवा गर्दछन्। अरू पनि–

शिथिलौ च सुवृद्धौ च पततः पततो न वा।
निरीक्षितौ मया भद्रे ! दशवर्षाणि पञ्च च ॥ १४३ ॥

"हे प्रिया ! ज्यादै बढेकाले कमजोर भएका भए पनि यी दुई अण्डकोश खस्छन् कि खस्दैनन् भन्ने कुरो किटानीका साथ भन्न सकिँदैन। किनभने यी खस्लान् भनेर पन्ध्र वर्ष पहिलेदेखि म पछि लागेर हिंडेको छु, तर पनि ग्रिनलाई आजसम्म यस्तै अवस्थामा देखिरहेको छु" भनेर सुनायो।

पुरुष आह– "किमेतत्" ? सोऽब्रवीत्–

माथिका पुरुषले– "त्यो कस्तो कथा हो ?" भनेर सोध्यो। सोमिलकले अघिल्लो कथा सुनाउँदै भन्न लाग्यो–

वृषभानुगशृगालकथा

कस्मिंश्चिदधिष्ठाने तीक्ष्णविषाणो नाम महावृषभः प्रतिवसति स्म। स च मदातिरेकात्परित्यक्तनिजयूथः शृङ्गाभ्यां नदीतटानि विदारयन् स्वेच्छया मरकतसदृशानि शष्पाणि भक्षयन्नरण्यचरो बभूव। अथ तत्रैव वने प्रलोभको नाम शृगालः प्रतिवसति स्म। स कदाचित्स्वभार्यया सह नदीतीरे सुखोपविष्टस्तिष्ठति।

साँढे र स्याल

कुनै एका ठाउँमा अति तिखा सिँङ भएको एउटा ठूलो साँढे रहेको थियो। त्यसको नाम पनि तीक्ष्णविषाण नै थियो। ज्यादै बलियो भएर मात लागेकाले उसले आफ्नो हुल छोडिसकेको थियो। त्यो साँढे एक्लै नै नदीका किनारमा उम्रेको मरकत मणिजस्तो हरियो र कलिलो नरम घाँस चर्दै सिँङौरी खेलेर नदीका किनार भत्काउने गर्दथ्यो। त्यसै गरी निस्फिक्री रूपमा विचरण गर्दै बिस्तारैसँग त्यो जङ्गली भइसकेको थियो। अनि त्यसै गरी त्यही नदीतिरको वनमा बसोबास गर्दै आएको थियो। त्यसै वनमा प्रलोभक नाम गरेको एउटा स्याल पनि रहने गर्दथ्यो। कुनै दिन त्यस स्याल आफ्नी स्वास्नीसँगै आनन्दसँग नदीका किनारमा बसिरहेको थियो।

अत्रान्तरे स तीक्ष्णविषाणो जलार्थं तदेव पुलिनमवतीर्णः। ततश्च तस्य लम्बमानौ वृषणाववलोक्य, शृगाल्या शृगालोऽभिहितः– "स्वामिन् ! पश्यास्य वृषभस्य मांसपिण्डौ लम्बमानौ यथास्थितौ तदेतौ क्षणेन प्रहरेण वा पतिष्यतः। एवं ज्ञात्वा भवता पृष्ठानुयायिना भाव्यम्।"

यसै बिचमा तीक्ष्णविषाण नामको त्यो बढेमानको साँढे पनि पानी खानका लागि त्यसै ठाउँका घाटमा ओर्लिन लाग्यो। त्यसका भुन्डिएर रहेका ठूल्ठूला अण्डकोशलाई देखेर भाले स्यालसँग पोथी स्यालले– "स्वामी ! हेर त, यस साँढेका दुईवटा मांसका चौटाहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कसरी झुन्डिएका छन्। के थाहा, यी अहिले केही मिनेटमै खस्लान्। त्यसैले तिमीले यस साँढेका पछि लागेर हिँड्नुपर्छ" भन्यो।

शृगाल आह— "प्रिय ! न ज्ञायते कदाचिदेतयोः पतनं भविष्यति वा न वा ? तत्किं वृथाश्रमाय मां नियोजयसि ?। अत्रस्थस्तावज्जलार्थमागतान्मूषकान्भक्षयिष्यामि समं त्वया। मार्गोऽयं यतस्तेषाम्। अपरं, यदि त्वां मुक्त्वास्य तीक्ष्णविषाणस्य वृषभस्य पृष्ठे गमिष्यामि तदागत्यान्यः कश्चिदेतत्स्थानं समाश्रयिष्यति। तन्नैतद्युज्यते कर्तुम्। उक्तञ्च—

स्यालले— "प्रिये ! यी दुई चोक्टा मासु खस्लान् या नखस्लान्, कसलाई के थाहा ? तिमी किन व्यर्थको यस काममा दुःख दिन खोज्दै छ्यौ ? बरु म यहाँ तिमीसँगै बसेर पानी खान आएका मुसाहरूलाई समातेर खाने गर्दछु। किनभने मुसाहरूको आउने बाटो नै यही हो। अनि अर्को कुरो के छ भने, यदि मैले तिमीलाई छोडेर त्यस तीक्ष्णविषाण नामको तिखा सिङ भएको साँढेका पछि लागेर घुम्न लागेँ भने कुनै अर्को प्राणी आएर यो ठाउँ लिन्छ। त्यसैले मेरा विचारमा त्यस साँढेका पछि लागेर घुम्नु उचित नहोला" भन्यो। भनिएको पनि छ कि—

यो ध्रुवाणि परित्यज्य अध्रुवाणि निषेवते।
ध्रुवाणि तस्य नश्यन्ति अध्रुवं नष्टमेव च॥ १४४॥"

कुनै व्यक्ति निश्चित रूपमा भएकोलाई छोडेर अनिश्चित कुराको पछि लागेर हिँड्दछ भने उसले त्यो अनिश्चित कुरो पाउने वा नपाउने विषयमा कुनै ठेगान हुँदैन तर उसँग भएको निश्चित पनि नष्ट भएर जान्छ" भनेर सम्झाउने कोसिस गऱ्यो।

शृगाल्याह— "भोः ! कापुरुषस्त्वं, यत्किञ्चित्प्राप्तं तेनैव सन्तोषं करोषि। उक्तञ्च—

स्यालको कुरो सुनेर स्याल्नीले— "हरे ! तिमी त कस्ता नपुंसक रहेछौ, अलिकति जेजति पाइएको छ त्यसैमा कस्तो सन्तोष गरेर बसेका ? भनिएको पनि छ कि—

सुपूरा स्यात्कुनदिका सुपूरो मूषिकाञ्जलिः।
सुसन्तुष्टः कापुरुषः स्वल्पकेतापि तुष्यति॥ १४५॥

जस्तै ससाना खोलानाला र नदीहरू अलिकति पानी भएपछि नै घमन्डले फुलेझैं भएर टन्न माथिसम्म आउँछन् र मुसाको अँजुली पनि अलिकति कुराले नै भरिन्छ, त्यसै गरी काँतर र अल्छे व्यक्तिहरू पनि अलिकतिमात्रै आफूसँग भयो भने त्यसैले सन्तोष गर्न थाल्दछन्।

तस्मात्पुरुषेण सदैवोत्साहवता भाव्यम्। उक्तञ्च—

मानिसले त उत्साही र उद्योगी वा जाँगरिलो पो हुनुपर्दछ त। भनिएको पनि छ कि—

यत्रोत्साहसमारम्भो यत्रालस्यविहीनता।
नयविक्रमसंयोगस्तत्र श्रीरचला ध्रुवम्॥ १४६॥

जहाँ अल्छ्याइँ छोडेर नीति र पराक्रमका सहायताले मानिसले उत्साहपूर्वक काम प्रारम्भ गर्दछ, त्यहाँ निश्चलभावले लक्ष्मीले निवास गरेको हुन्छ भन्ने कुरो पनि निश्चित छ।

न दैवमिति सञ्चिन्त्य त्यजेदुद्योगमात्मनः।
अनुयोगं विना तैलं तिलानां नोपजायते॥ १४७॥ अन्यच्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाग्य नै सबैभन्दा बलियो कुरो हो र भाग्यमा जे छ त्यही नै पाइन्छ भन्ने सोचेर मानिसले आफ्नो मिहिनेतलाई छोड्नुहुँदैन। यदि मिहिनेत गरिएन भनेदेखि तिलभित्र तेल हुँदाहुँदै पनि त्यसलाई निकाल्न पनि सकिँदैन। अरू पनि—

यः स्तोकेनापि सन्तोषं कुरुते मन्दधीर्जनः।
तस्य भाग्यविहीनस्य दत्ता श्रीरपि मार्ज्यते॥ १४८॥

जुन व्यक्ति मूर्खतावश अलिकति पाउनासाथ सन्तोष गरेर बस्न लाग्दछ, त्यसका भाग्यमा आएको लक्ष्मी पनि नाश भएर नै जान्छ।

यच्च त्वं वदसि "एतौ पतिष्यतो न वेति", तदप्ययुक्तम्। उक्तञ्च—

तिमी यी दुईवटा खस्लान् या नखस्लान् भनेर जसरी भन्दै छौ, त्यस्तो तिम्रो भनाइ पनि अनुचित छ। भनिएको पनि छ कि—

कृतनिश्चयिनो वन्द्यास्तुङ्गिमा न प्रशस्यते।
चातकः को वराकोऽयं यस्येन्द्रो वारिवाहकः॥ १४९॥

जुन मानिस दृढनिश्चयी हुन्छ सबैबाट सम्मान पाउने पनि उही हुन्छ। खाली जिउमात्रै ठूलो भएरमात्रै कुनै पनि व्यक्ति प्रसिद्ध हुन सक्दैन। हेर त, काकाकुल कति दुःखी र सानो हुन्छ तर उसभित्र दृढनिश्चय भएका कारणले नै इन्द्र स्वयंले उसलाई पानी खुवाइरहेका हुन्छन्।

अपरं मूषकमांसस्य निर्विण्णाऽहम्। एतौ च मांसपिण्डौ पतनप्रायौ दृश्येते, तात्सर्वथा नान्यथा कर्तव्यम्" इति।

अर्को कुरो यसो पनि हो कि म यहाँ बसेर मुसाको मासु खाँदाखाँदै अघाइसकेको छु। मासुका यी दुई चोक्टा अब खस्ने लागेका छन्। त्यसैले अब तिमीले मेरो कुरो टार्नुहुँदैन" भन्यो।

अथासौ तदाकर्ण्य मूषकप्राप्तिस्थानं परित्यज्य तीक्ष्णविषाणस्य पृष्ठमन्वगच्छत्। अथवा साध्विदमुच्यते—

स्यालले आफ्नी स्वास्नीको कुरो सुनेर मुसाको आउनेजाने त्यस बाटलाई छोडिदियो र स्वास्नीकै भनाइअनुसार साँढेका पछि लागेर हिँड्न थाल्यो। अथवा यसो पनि भनिएको छ कि—

तावत्स्यात्सर्वकृत्येषु पुरुषोऽत्र स्वयं प्रभुः।
स्त्री वाक्याङ्कुशविक्षुण्णो यावन्नो ह्रियते बलात्॥ १५०॥

जबसम्म मानिसमाथि स्त्रीको वचनरूपी आङ्कुशले नियन्त्रण लगाएको हुँदैन तबसम्म ऊ आफ्नो इच्छाअनुसार काम गर्नका लागि समर्थ हुन्छ। कुनै मानिस आइमाईका अधीनमा आइसकेपछि ऊ स्वतन्त्र भएर काम गर्न सक्दैन।

अकृत्यं मन्यते कृत्यमगम्यं मन्यते सुगम्।
अभक्ष्यं मन्यते भक्ष्यं स्त्रीवाक्यप्रेरितो नरः॥ १५१॥

स्त्रीका वशमा पर्नेबित्तिकै उसका भनाइबाट प्रेरित भएर मानिसले नगर्नुपर्ने कामलाई गर्नुपर्ने, नजानुपर्ने ठाउँमा जानुपर्ने र नखानुपर्ने कुरालाई खानुपर्ने ठान्न थाल्दछ। अर्थात् स्त्रीले जस्तो अह्राउँछे मानिस उस्तै काम गर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं स तस्य पृष्ठतः सभार्यः परिभ्रमंश्चिरकालमनयत्। न च तयोः पतनमभूत्। ततश्च निवेदात्पञ्चदशे वर्षे शृगालः स्वभार्यामाह–

स्वास्नीको यस किसिमको निर्देशनबाट त्यस स्यालले आफ्नी स्त्रीसँगै त्यस साँढेका पछि लागेर घुम्दै निकै लामो समय बितायो। तर ती अण्डकोश खसेनन्। पन्ध्र वर्षसम्म तिनीहरू खस्लान् कि भन्दै पर्खँदै गरेपछि आखिरमा हरेस खाएर विरक्त हुँदै एक दिन उसले आफ्नी स्वास्नीसँग–

"शिथिलौ च सुवृद्धौ च पततः पततो न वा।
निरीक्षितौ मया भद्रे ! दशवर्षाणि पञ्च च॥ १५२॥

"प्रिये ! यी मासुका चोक्याहरू अब ठ्याम्मै गलिसकेका छन् र यति धेरै बढिसके कि अब धेरै बेर अडिन सक्दैनन् भन्ने आशामा मैले पन्ध्र वर्षसम्म यिनलाई हेर्दै यस साँढेका पछि लागेर यता र उति भौंतारिंदै बिताएं। के थाहा यी मासुका चोक्या अब पनि कुनै दिन खस्लान् भन्ने केही टुङ्गो छैन।

तयास्तत्पश्चादपि पातो न भविष्यति, तत्तदेव स्वस्थानं गच्छावः।"

मलाई त पछि कुनै दिन पनि यी डल्ला खस्लान्जस्तो लाग्दैन। त्यसैले यिनको आशा छोडेर अब फर्केर आफ्नै पुरानो ठाउँमा जाऊँ कि जस्तो पो लाग्यो" भन्यो।

अतोऽहं ब्रवीमि– "शिथिलौ च सुवृद्धौ च" इति।

यति कुथा सुनाइसकेपछि सोमिलकले त्यस पुरुषसँग– "त्यसैले म भन्दछु कि गलिसकेका र ज्यादै भारी भएर पनि के पत्तो ती मासुका चोक्याहरू कहिल्यै खस्ने हुन् कि होइनन्" इत्यादि कुरो सुनायो।

पुरुष आह– "यद्येवं तद्गच्छ भूयोऽपि वर्धमानपुरम्। तत्र द्वौ वणिक्पुत्रौ वसतः। एको गुप्तधनः, द्वितीय उपभुक्तधनः। ततस्तयोः स्वरूपं बुद्ध्वा एकस्य वरः प्रार्थनीयः। यदि ते धनेन प्रयोजनमभक्षितेन ततस्त्वामपि गुप्तधनं करोमि। अथवा, दत्तभोग्येन धनेन ते प्रयोजनं तदुपभुक्तधनं करोमि" इति। एवमुक्त्वाऽदर्शनं गतः।

त्यस पुरुषले– "यदि तिमीलाई त्यस्तै इच्छा छ भने फेरि तिमी फर्किएर वर्धमान सहरमै जाऊ। त्यहाँ दुईवटा बनियाँका छोराहरू छन्। तिनीहरूमध्ये एउटाको नाम गुप्तधन अर्थात् धन लुकाएर राख्ने र अर्काको नाम उपभुक्तधन अर्थात् धनको भोगचलन गर्ने छ। अर्थात् ती दुईमा एउटा ज्यादै कन्जुस छ र अर्कोचाहिँ धनलाई खानेलाउने काममा लगाउने खालको छ। ती दुवैको स्वभावलाई अध्ययन गर अनि तिनीहरूमध्ये एउटाको स्वभावअनुसार मसँग वर माग। यदि तिमी भोगबाट विमुख धन चाहन्छौ भने तिमीलाई गुप्तधनजस्तै बनाइदिनेछु र तिमीले उपभोगमा आउने धन चाहन्छौ भने म उपभुक्तधनजस्तै बनाइदिनेछु" भन्ने यस्तो कुरो सुनाइसकेपछि त्यो पुरुष त्यहाँबाट अन्तर्ध्यान भयो।

सोमिलकोऽपि विस्मितमना भूयोऽपि वर्धमानपुरं गतः। अथ सन्ध्यासमये श्रान्तः कथमपि तत्पुरं गुप्तधनगृहं पृच्छन् कृच्छ्राल्लब्ध्वा अस्तमिते सूर्ये प्रविष्टः।

यस्तो घटना घटिसकेपछि सोमिलक अचम्म मान्दै चकित भएर फेरि वर्धमानपुरतिर फर्क्यो। भोकप्यास र थकाइले चुर भएर साँझपख ऊ त्यस सहरमा पुग्यो र गुप्तधनको घर सोध्दै खोज्दै बडा मुस्किलसँग उसले बल्लतल्ल भेट्यो पनि। घाम अस्ताइसकेपछि ऊ गएर गुप्तधनका घरमा भित्र पस्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथासौ भार्यापुत्रसमेतेन गुप्तधनेन निर्भर्त्स्यमानो हठाद् गृहंप्रविश्योपविष्टः। ततश्च भोजनवेलायां तस्यापि भक्तिवर्जित किञ्चिदशनं दत्तम्।

स्वास्नीछोराछोरी र शाखासन्तानसँगै लागेर गुप्तधनले त्यसरी पाहुनो भएर आएको मानिसलाई त्यहाँ आएको देखेपछि गाली गर्न र हप्काउन लाग्यो। तर उसले त्यसका त्यस्तो गाली बेइज्जतीलाई कुनै मतलब नगरीकन बलपूर्वक खपेर त्यसका घरभित्र पसेर बसिरह्यो। खाने बेला भएपछि गुप्तधनले उसलाई कुनै आदरसत्कार नगरीकन अलिकति खाने कुरो ल्याएर दियो।

ततो भुक्त्वा तत्रैव यावत्सुप्तो निशीथे पश्यति, तावत्तावपि द्वौ पुरुषौ परस्परं मन्त्रयतः। तत्रैक आह– "भोः कर्तः! किं त्वयास्य गुप्तधनस्यान्योऽधिको व्ययो निर्मितो यत्सोमिलकस्यानेन भोजनं दत्तम्? एतदयुक्तं त्वया कृतम्।"

गुप्तधनले दिएको अन्न खाएर सोमिलक त्यहीं सुत्यो। रात बित्न लागेपछि उसले तिनै दुवै पुरुष त्यहाँ आएको देख्यो। ती दुवै उसरी नै कुरा गरिरहेका थिए। एउटाले अर्कासँग– "हे कर्ता! तिमीले यस गुप्तधनका भाग्यमा ज्यादा कुरो खर्च गर्नका लागि किन दिएका थियौ र यसले सोमिलकलाई खाने कुरो दियो? यदि तिमीले यसै गरेका थियौ भने ज्यादै अनुचित काम गऱ्यौ" भन्यो।

स आह– "भोः कर्मन्! न ममात्र दोषः। मया पुरुषस्य लाभः क्षतिश्च दातव्या तत्परिणतिः पुनस्त्वदायत्ता" इति।

त्यसका उत्तरमा अर्काचाहिंले– "हे कर्म! यसमा मेरो कुनै दोष छैन। व्यक्तिलाई लाभ या हानी प्रदान गर्ने मेरा अधीनको कुरो हो। तर मैंले दिएका लाभ र हानीको परिणामको फल दिने काम तिम्रा अधीनको हो" भन्यो।

अथासौ यावदुत्तिष्ठति तावद् गुप्तधनो विषूचिकया खिद्यमानो रुजाभिभूतः क्षणं तिष्ठति, ततो द्वितीयेऽह्नि तद्दोषेण कृतोपवासः सञ्जातः।

सोमिलक सुतेर उठ्दाखेरि गुप्तधनलाई हैजा लागेर पीडित भएको देख्यो। हैजा लागेका कारणले गर्दा गुप्तधनले अर्को दिन भोजन गरेन। त्यसो हुँदा अघिल्लो दिन सोमिलकका लागि खर्च गरेको कुरो त्यस दिन जोगियो।

सोमिलकोऽपि प्रभाते तद्गृहान्निष्क्रम्योपभुक्तधनगृहं गतः। तेनापि चाभ्युत्थानादिना सत्कृतो विहितभोजनाच्छादनसम्मानस्तस्यैव गृहे भव्यशय्यामारुह्य सुष्वाप।

सोमिलक अर्को दिन बिहानै गुप्तधनका घरबाट निस्किएर उपभुक्तधनका घरतिर लागेछ। उपभुक्तधनले स्वागतसत्कार आदि गर्दै उसलाई ज्यादै खातिरदारी गऱ्यो। उसले दिएको खानपिन खाइसकेपछि गतिलो खालको ओछ्यान बनाइदियो र अत्यन्त सम्मानित हुँदै त्यही भव्य शय्यामा सुत्यो।

ततश्च निशीथे यावत्पश्यति तावत्तावेव द्वौ पुरुषौ मिथो मन्त्रयतः। अथ तयोरेक आह, "भोः कर्तः! अनेन सोमिलस्योपकारं कुर्वता प्रभूतो व्ययः कृतः तत्कथय, कथमस्योद्धारकविधि-र्भविष्यति? अनेन सर्वमेतद् व्यवहारकगृहात्समानीतम्।"

रात बित्न लाग्दा फेरि उसले तिनै दुई पुरुषहरूलाई देख्यो। तिनीहरू पहिलेकै जस्तो गरी कुरा गर्दै थिए। तिमध्ये एउटाले अर्कासँग– "हे कर्ता! यस उपभुक्तधनले सोमिलकलाई अतिथिसत्कार गर्दा धेरै धन खर्च गऱ्यो। यसले यो सारा धन त्यही ब्याजखोर साहुसँग ऋण काडेर ल्याएको छ, अब यसका ऋणको भुक्तानी कसरी हुन्छ, त्यो कुरो तिमी भन" भनेर सोध्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आह– "भोः कर्मन् ! मम कृत्यमेतद्, परिणतिस्त्वदायत्ता" इति।

अर्काले उत्तर दिँदै– "हे कर्म ! यति मेरो कर्तव्य थियो र मैले गरेँ। यसको परिणाम के हो त्यो त तिम्रा हातको कुरो हो" भन्यो।

अथ प्रभातसमये राजपुरुषो राजप्रासादजं वित्तमादाय समायात उपभुक्तधनाय समर्पयामास। तद् दृष्ट्वा सोमिलकश्चिन्तयामास– "सञ्चयरहितोऽपि वरमेष उपभुक्तधनः, नासौ कदर्यो गुप्तधनः। उक्तञ्च–

बिहान हुनेबित्तिकै एउटा राजकर्मचारीले राजकीय धन लिएर आयो र त्यो धन त्यही उपभुक्तधन भन्ने बनियाँलाई दिएर गयो। त्यो देखेपछि सोमिलकले आफ्ना मनमा जम्मा गरेर नराखे पनि यस उपभुक्तधनको नै धन असल हो, किनभने यो त गुप्तधनजस्तो किरन्टोकी त रहेनछ भन्ने सोच्न लाग्यो। भनिएको पनि छ कि–

अग्निहोत्रफला वेदाः शीलवृत्तफलं श्रुतम्।
रतिपुत्रफला दारा दत्तभुक्तफलं धनम्॥ १५३॥

वेदाध्ययनको सार्थकता मानिसहरूलाई अग्निहोत्रआदि यज्ञका क्रियाहरू गराउनुमा नै रहेको हुन्छ। मानिस सदाचारी र शीलवान् भएमात्रै उसले विभिन्न शास्त्रहरूको अध्ययन गरेको सफलता देखिन्छ। असल किसिमको प्रसङ्गको सुख दिनुका साथै सन्तान जन्माउन सक्छन् भनेमात्रै स्त्रीको सङ्गत गरेको सफल हुन्छ र आफूलाई पनि खानलाउनमा प्रयोग गर्छ र अर्काका लागि पनि बेलाबखतमा काम लाग्ने हुन्छ भनेमात्रै मानिसले धन कमाएको पनि सार्थक हुन्छ।

तद्विधाता मां दत्तभुक्तफलं करोतु, न कार्यं मे गुप्तधनेन।" ततः सोमिलको दत्तभुक्तधनः सञ्जातः।

त्यसो हुँदा विधाताले मलाई उपभुक्तधनजस्तै बनाइदिऊन्। गुप्तधनसँग मलाई कुनै रुचि छैन" भन्ने त्यस सोमिलकले सोच्यो। अनि त्यो सोमिलक पनि त्यस दिनदेखि दत्तभुक्तधन नै भयो।

अतोऽहं ब्रवीमि– "अर्थस्योपार्जनं कृत्वा" इति।

त्यसैले म धनको उपार्जन गरेपछि भोगचलन गरेको मात्रै सफल हुन्छ भन्ने गर्दछु।

"तद्भद्र हिरण्यक ! एवं ज्ञात्वा धनविषये सन्तापो न कार्यः। अथ विद्यमानमपि धनं भोगबन्ध्यतया तदविद्यमानं मन्तव्यम्। उक्तञ्च–

यस्ता कथाहरू सुनाइसकेपछि मन्थरक नामका कछुवाले– "मित्र हिरण्यक ! भोगलाई नै प्रमुख कुरो मानेर तिमीले धनको हानी भएका विषयमा ज्यादा दुःखी र चिन्तित हुनुहुँदैन। कहिलेकाहीँ धन हुँदाहुँदै पनि त्यसलाई चलाउन प्रतिबन्ध लागेका कारणले गर्दा त्यो धन भएको र नभएको उस्तै भएर आफूलाई केही नभएको गरिबजस्तो मान्नुपर्ने हुन्छ। भनिएको पनि छ कि–

गृहमध्यनिखातेन धनेन धनिनो यदि।
भवामः किं न तेनैव धनेन धनिनो वयम् ?॥ १५४॥ तथा च–

घरभित्रै गाडेर राखेको धनलाई सम्झेर यदि हामी आफूलाई धनी ठान्दछौँ भनेदेखि यस किसिमका धनले आफूलाई हामी धनी ठान्न सक्दैनौँ र ?

उपार्जितानामर्थानां त्याग एव हि रक्षणम्।
तडागोदरसंस्थानां परीवाह इवाम्भसाम्॥ १५५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसरी तलाउमा जम्मा पारेको पानीलाई खेतमा पुऱ्याएर सिँचाइ गरिदिनाले मात्रै उसको सुरक्षा हुन्छ नभए त्यहाँको पानी फोहोर भएर त्यहीँबाट दुर्गन्ध उठ्न थाल्छ, उसै गरी कमाइएको धनलाई पनि खर्च गरिदिनाले मात्रै त्यसको राम्रो सुरक्षा हुन्छ नत्र भने त्यो पनि त्यही पानीजस्तै विनाश हुन्छ।

दातव्यं भोक्तव्यं धनविषये सञ्चयो न कर्तव्यः।
पश्येह मधुकरीणां सञ्चितमर्थं हरन्त्यन्ये ॥ १५६ ॥ अन्यच्च–

धनलाई पाएपछि अर्काको काम चल्ने गरी दान दिनुपर्दछ र आफ्नो काम चलाउनका लागि खर्च गर्नुपर्दछ। कहिल्यै पनि त्यसलाई साँचेर राख्नुहुँदैन। हेरौँ न, माहुरीहरूले साँचेर राखेको धन उनीहरूका काममा आउन नपाउँदै अर्काले खोसेर खाइदिन्छन्।

दानं भोगो नाशस्तिस्रो गतयो भवन्ति वित्तस्य।
यो न ददाति न भुङ्क्ते तस्य तृतीया गतिर्भवति ॥ १५७ ॥

धनले हिँड्ने गरेका बाटोहरू तीनवटा छन्। पहिलो बाटो दानमा वा अर्काको मद्दत गर्नमा खर्च गर्नु, दोस्रो बाटो आफ्ना कामका लागि खर्च गर्नु र तेस्रो बाटो भनेको नाश भएर जानु हो। जुन व्यक्तिले न अर्काको मद्दत गर्छ अथवा न आफ्नै काममा खर्च गर्दछ त्यस्ता व्यक्तिले जम्मा पारेका धनले तेस्रो अर्थात् विनाशको बाटो आफैँ खोजेर जान्छ।

एवं ज्ञात्वा विवेकिना नस्थित्यर्थं वित्तोपार्जनं कर्त्तव्यम्। तयो दुःखाय तत्।

उक्तञ्च–

यस्ता कुराहरू जानिसकेपछि विवेकी पुरुषले केवल जम्मा पारेर राख्नका लागि मात्रै धन कमाउनुहुँदैन। किनभने जम्मा गर्नका लागि मात्रै कमाइएको धन पछिका लागि दुःखदायी हुन्छ। भनिएको पनि छ कि–

धनादिकेषु खिद्यन्ते येऽत्र मूर्खाः सुखाशयाः।
तप्ता ग्रीष्मेण सेवन्ते शैत्यार्थं ते हुताशनम् ॥ १५८ ॥

सुखका आशाले धन, पुत्र र परिवारआदिको कष्ट सहन गर्ने मानिस मूर्ख हो। त्यस्तो मानिस त मानौ गर्मीका याममा घामले सेकिएको पिरलाई मेटाएर शीतलता पाउनका लागि आगो ताप्न लाग्नेजस्तै हुन्छ। आगो ताप्नाले घामबाट भएको गर्मी शान्त हुन नसकेझैँ परिवारलाई कष्ट दिएर कमाएका धनले पनि मानिसलाई सुख दिन सक्दैन।

सर्पाः पिबन्ति पवनं न च दुर्बलास्ते शुष्कैस्तृणैर्वनगजाः बलिनो भवन्ति।
कन्दैः फलैर्मुनिवरा गमयन्ति कालं सन्तोष एव पुरुषस्य परं निधानम् ॥ १५९ ॥

सर्पले केवल हावामात्रै खाएर बाँचेका हुन्छन् र पनि तिनीहरू कमजोर हुँदैनन्। वनमा विचरण गर्ने हात्तीहरू पनि रुखासुखा घाँस खाएर बाँचेका छन् र पनि ती बलियै छन्। ऋषिमुनिहरू कन्दमूल खाएकै भरमा समय बिताउने गर्दछन्। त्यसो हुँदा सन्तोष नै मानिसको सबैभन्दा ठूलो सुखको साधन हो। माथिका कुराहरूलाई देखिसकेपछि स्पष्ट हुन्छ कि धनको सञ्चयले मात्रै मानिसले सुखी हुन सक्दैन। सुखको मूल साधन र मानिसको सबैभन्दा ठूलो धन हो। अतः सन्तोषकै कारण मानिस सुखी हुन्छ।

सन्तोषामृततृप्तानां यत्सुखं शान्तचेतसाम्।
कुतस्तद्धनलुब्धानामितश्चेतश्च धावताम् ? ॥ १६० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्तोषरूपी अमृतले अघाएको तथा शान्तचित्त भएका मानिसहरूलाई जस्तो सुख मिल्दछ, धनको लोभ भएका कारण यताउता भौँतारिएर समय बिताउने लोभी व्यक्तिहरूलाई सुख कहाँ प्राप्त हुन सक्ला र ?

पीयूषमिव सन्तोषं पिबतां निर्वृतिः परा।
दुःखं निरन्तरं पुंसामसन्तोषवतां पुनः ॥ १६१ ॥

अमृतकै सरह सन्तोषलाई पिएर ढुक्क रहने व्यक्तिहरूलाई नै परमानन्द प्राप्त हुन्छ। जुन व्यक्ति असन्तुष्ट रहन्छन् तिनीहरूका जीवनमा निरन्तर दुःख नै दुःख मात्रै व्याप्त भएर आइरहेका हुन्छन्।

निरोधाच्चेतसोऽक्षाणि निरुद्धान्यखिलान्यपि।
आच्छादिते रवौ मेघैराच्छन्नाः स्युर्गभस्तयः ॥ १६२ ॥

बादलले सूर्य छोपिएपछि जसरी सूर्यका किरणहरू पनि छोपिन्छन् उसै गरी मनलाई निरोध गर्नाले अन्य इन्द्रिहरू स्वयं नियन्त्रित हुन्छन्।

वाञ्चाविच्छेदनं प्राहुः स्वास्थ्यं शान्ता महर्षयः।
वाञ्छा निवर्तते नार्थैः पिपासेवाग्निसेवनैः ॥ १६३ ॥

आफ्ना इन्द्रियहरूलाई वशमा राख्ने महर्षिहरूले इच्छालाई दमन गर्नु नै स्वास्थ्य हो भनेका छन्। जसरी आगोमात्रै ताप्नाले तिर्खा मेटाउन सकिँदैन उसै गरी धनलाई मात्रै जम्मा गर्नाले इच्छाहरू सकिँदैनन्। बरु आगोले तिर्खा बढाएझैँ धनका लोभले ती इच्छाहरू अझै बढ्छन्।

अनिन्द्यमपि निन्दन्ति स्तुवन्त्यस्तुत्यमुच्चकैः।
स्वापतेयकृते मर्त्याः किं किं नाम न कुर्वतेः ? ॥ १६४ ॥

धनका लागि मानिसले निन्दा गर्न नहुने मानिसको निन्दा गर्छ र निन्दा गर्ने व्यक्तिको प्रशंसा र स्तुति गर्न लाग्दछ। धन कमाउनका लागि मानिसले केमात्रै गर्दैन ? यसको मतलब, धन कमाउनका लागि मानिस जस्तोसुकै असल वा खराब, गर्न हुने वा नहुने काम गर्न लाग्छ।

धर्मार्थं यस्य वित्तेहा वरं तस्य निरीहता।
प्रक्षालनाद्धि पङ्कस्य दूरादस्पर्शनं वरम् ॥१६५ ॥

धार्मिक कार्यका लागि धन खर्च गर्ने इच्छाले जुन मानिसले धन कमाउन चाहन्छ, त्यो पनि ठिक होइन। यस्ता कामका लागि धन कमाउनु र फेरि त्यसैलाई खर्च गर्नुभन्दा बरु त मानिसले त्यत्तिकै निरीहझैँ बनेर तटस्थ रहनु नै असल हुन्छ। अर्थात् त्यो भनेको हिलामा पसेर त्यसलाई धुनुजस्तै हो। हिलामा पसेर त्यसलाई धुनुभन्दा हिलामै नपस्नु राम्रो हुन्छ।

दानेन तुल्यो निधिरस्ति नान्यो, लोभाच्च नान्योस्ति रिपुः पृथिव्याम्।
विभूषणं शीलसमं न चान्यत् सन्तोषतुल्यं धनमस्ति नान्यत् ॥ १६६ ॥

दानजति गतिलो धनको खजाना अर्को कुनै हुँदैन। लोभजत्रो ठूलो शत्रु संसारमा अर्को कुनै पनि छैन। शीलजति गतिलो आभूषण मानिसका लागि अर्को कुनै हुँदैन र सन्तोषजस्तो अर्को ठूलो कुनै धन पनि हुँदैन।

दारिद्र्यस्य परा मूर्तिर्याच्ञा न द्रविणाल्पता।
जरद्गवधनः शर्वस्तथापि परमेश्वरः ॥ १६७ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कङ्गालीको अर्को मूर्ति भनेको माग्नु हो, धनको कमी होइन। भगवान् शङ्करसँग धनका रूपमा केवल एउटा बुढो गोरुमात्रै छ तापनि उनी परम ईश्वर मानिन्छन्। किनभने उनी कसैसँग माग्नका लागि कहिल्यै हात पसार्दैनन्।

सकृत्कन्दुकपातेन पतत्यार्यः पतन्नपि।
तथा पतति मूर्खस्तु मृत्पिण्डपतनं यथा॥ १६८॥

महान् व्यक्ति यदि दैवसंयोगले ढल्दछन् भने पनि भकुन्डोजस्तै गरी तुरुन्तै उठ्न पनि सक्छन्। तर मूर्ख मानिसहरू यदि ढल्दछन् भने माटाको पुतलीजस्तो भएर उठ्नै सक्दैनन्।

एवं ज्ञात्वा भद्र! त्वया सन्तोषः कार्यः" इति।

मित्र! उपर्युक्त कुराहरूमाथि विचार गरिसकेपछि तिमीले हराएका धनको चिन्ता होइन बरु त्यसमाथि सन्तोष गर्नुपर्दछ।

मन्थरकवचनमाकर्ण्य वायस आह— "मन्थरको यदेवं वदति तत्त्वया चित्ते कर्त्तव्यम्। अथवा, साध्विदमुच्यते—

मन्थरकका कुराहरू सुनेर कागले पनि— "मित्र! मन्थरकका कुराको खस्रोपनामाथि तिमीले ध्यान दिनुहुँदैन। उसले जेजसो भनेको छ, त्यो तिम्रै हितका लागि भनेको हो। त्यसैले उसका कुराहरूलाई मनले सोचविचार गर्नुपर्छ। ठिकै भनिएको छ कि—

सुलभाः पुरुषा राजन्! सततं प्रियवादिनः।
अप्रियस्य च पथ्यस्य वक्ता श्रोता च दुर्लभः॥ १६९॥

हे राजन्! प्रिय बोल्ने व्यक्तिहरू सर्वत्र पाइने हुन्छन्, तर अप्रिय हुँदाहुँदै पनि हितकारी कुरो गर्ने र त्यस्तो कुरो सुन्न सक्ने व्यक्ति बहुत कम पाइन्छन्।

अप्रियाणि च पथ्यानि ये वदन्ति नृणामिह।
त एव सुहृदः प्रोक्ताः अन्ये स्युर्नामधारकाः" ॥ १७०॥

अप्रिय हुँदाहुँदै पनि हितकारी कुरो गर्ने व्यक्तिले जेजसो भन्दछन्, उनीहरू नै वास्तविक मित्र हुन्। बाँकी मानिसहरू सबै नामका मात्रै मित्रहरू हुन्।

अथैवं जल्पतां तेषां चित्राङ्गो नाम हरिणो लुब्धकत्रासितस्तस्मिन्नेव सरसि प्रविष्टः। अथायान्तं तं ससम्भ्रममवलोक्य लघुपतनको वृक्षमारूढः। हिरण्यको निकटवर्तिनः शरस्तम्बं प्रविष्टः। मन्थरकः सलिलाशयमास्थितः।

जति बेला उनीहरू यस किसिमका कुरा गरिरहेका थिए, उसै बेला व्याधाले लखेटेको चित्राङ्ग नाम भएको एउटा हरिण पछिल्तिर बेलाबेला हेर्दै डराउँदै भाग्दै तलाउका किनारमा आइपुग्यो। डराएको र तर्सिएको त्यस हरिणलाई तलाउतिर आउँदै गरेको देखेर लघुपतनक उडेर रुखमाथि गयो र हिरण्यक नजिकैको भ्यासभुसमा लुक्यो र मन्थरक पानीमा पस्यो।

अथ लघुपतनको मृगं सम्यक्परिज्ञाय मन्थरकमुवाच— एह्येहि सखे मन्थरक! मृगोऽयं तृषार्तोऽत्र समायातः सरसि प्रविष्टस्तस्य शब्दोऽयं न मानुषसम्भव" इति।

एकै छिनपछि लघुपतनकले त्यस मृगलाई राम्रोसँग हेरविचार गरेर मन्थरकलाई सम्बोधित गर्दै— "मित्र मन्थरक! आऊ, फर्केर आऊ। यो त एउटा तिर्खाएको हरिण रहेछ। तिर्खाले व्याकुल भएर पानी खानका लागि आएको रहेछ, त्यसैले तलाउतिर गयो। यो त्यसैको शब्द हो, कुनै मानिसको होइन" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तच्छ्रुत्वा मन्थरको देशकालोचिंतमाह– "भो लघुपतनक ! यथायं मृगो दृश्यते प्रभूतमुच्छ्वासमुद्वहन्नुद्भ्रान्तदृष्ट्या पृष्ठतोऽवलोयति, तन्न तृषार्त एषः। नूनं लुब्धकत्रासितः। तज्ज्ञायतामस्य पृष्ठे लुब्धका आगच्छन्ति, न वा ?" इति। उक्तञ्च–

त्यसको कुरो सुनेपछि समयअनुसार विचार गर्न जान्ने मन्थरकले विचार गर्दै– "मित्र लघुपतनक ! यो मृग बारम्बार सुस्केरा हाल्दै, स्वाँस्वाँ गर्दै डरले तर्सेका र दुःखित नजरले फर्कीफर्कीकन पछाडितिर नै हेरिरहेको पनि छ, यसैबाट स्पष्ट रूपमा यो मृग तिर्खाएको होइन भन्ने बुझिन्छ। पक्कै पनि यो कुनै सिकारीबाट सताइएको हुनुपर्छ जस्तो देखिन्छ। त्यसैले तिमी राम्रोसँग हेर त, यसका पछि लागेर सिकारीहरू आउँदै छन् कि छैनन् ? भनिएको पनि छ कि–

भयत्रस्तो नरः श्वासं प्रभूतं कुरुते मुहुः।
दिशोऽवलोकयत्येव न स्वास्थ्यं व्रजति क्वचित्" ॥ १७१ ॥

मानिस यदि डराएर बारम्बार लामो सुस्केरा हाल्दै स्वाँस्वाँ गर्दै आत्तिएका नजरले यताउति हेर्दछ भने पक्कै पनि उसलाई स्वस्थ रहेको होइन भन्ने बुझ्नुपर्छ" भन्ने कुरो गऱ्यो।

तच्छ्रुत्वा चित्राङ्ग आह– "भो मन्थरक ! ज्ञातं त्वया सम्यङ् मे त्रासकारणम्। अहं लुब्धकशरप्रहारादुद्धारितः कृच्छ्रेणात्र समायातः। मम यूथं तैर्लुब्धकैर्व्यापादितं भविष्यति। तच्छरणागतस्य मे दर्शय किञ्चिदगम्यं स्थानं लुब्धकानाम्।"

मन्थरकको कुरो सुनेर चित्राङ्गले– "मित्र मन्थरक ! तिमीले म डराएको कारण ठिकसँग अनुमान गऱ्यौ। म कुनै हालत भगवान्का कृपाले व्याधाहरूका वाणबाट जोगिएर बहुत कठिनसँग यहाँ आइपुगेको छु। मेरा समूहलाई ती व्याधाहरूले अवश्य मारे होलान्। शरणमा आएको हुनाले मलाई व्याधा नपुग्ने र बचाउने खालको कुनै ठाउँ छिट्टै देखाइदेऊ" भन्यो।

तदाकर्ण्य मन्थरक आह– "भाश्चित्राङ्ग ! श्रूयतां नीतिशास्त्रम्–

चित्राङ्गको कुरो सुनेर मन्थरकले– "मित्र चित्राङ्ग ! नीतिशास्त्रको यस्तो खालको भनाइ छ, त्यो पनि सुन–

द्वावुपायाविह प्रोक्तौ विमुक्तौ शत्रुदर्शने।
हस्तयोश्चालनादेको द्वितीयः पादवेगजः ॥ १७२ ॥

शत्रुबाट घेरिएको स्थितिमा रहँदा आत्मरक्षाका लागि हात चलाउने र खुट्टा चलाउने गरी केवल दुईवटा मात्रै उपायहरू छन्। पहिलो हात चलाउने उपायले चाहिं त्यस शत्रुसँग युद्ध गर्नका लागि तयार हुनुपर्दछ। यदि त्यसो गर्ने शक्ति आफूसँग छैन भने दोस्रो उपायका अनुसार उसले खुट्टालाई तेजसँग चलाएर ज्यान जोगाउँदै त्यहाँबाट भाग्नुपर्छ।

तद् गम्यतां सघनं वनं, यावदत्रापि नागच्छन्ति ते दुरात्मानो लुब्धकाः।"

त्यसैले ती दुष्ट व्याधाहरू यहाँ आइपुग्नुभन्दा पहिले नै तिमी कुनै एउटा बाक्लो जङ्गल खोजेर लुकिहाल" भन्यो।

अत्रान्तरे लघपतनकः सत्वरमभ्युपेत्योवाच– "भो मन्थरक ! गतास्ते लुब्धकाः स्वगृहोन्मुखाः प्रचुरमांसपिण्डधारिणः। तच्चित्राङ्ग ! त्वं विश्रब्धो वनाद् बहिर्भव।"

यसै बिचमा लघुपतनकले छिटोछिटो आउँदै– "मित्र मन्थरक ! ती सिकारीहरू मनग्गे मासु बोकेर आफ्नै घरतिर जाँदै छन्। त्यसैले अब केही डर छैन। मित्र चित्राङ्ग ! अब तिमी पनि ढुक्क भएर वनबाट निस्केर आऊ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततस्ते चत्वारो मित्रभावमाश्रितास्तस्मिन् सरसि मध्याह्नसमये वृक्षच्छायायां अधस्तात्सुभाषितगोष्ठीसुखमनुभवन्तः सुखेन कालं नयन्ति। अथवा युक्तमेतदुच्यते—

त्यसपछि ती चारैवटाले आपसी मित्रता बनाएर उसै तलाउका किनारमा रहेको रुखका फेदमा त्यसैका छायामा बसेर दिउँसोको समय जम्मा भई बसेर रमाइलो गर्दै सुखसँग गफगाफ र गोष्ठी गरेर आआफ्नो समय बिताउन लागे। अथवा ठिकै पनि भनिएको रहेछ कि—

सुभाषितरसास्वादबद्धरोमाञ्चकञ्चुकाः।
विनापि सङ्गमं स्त्रीणां सुधियः सुखमासते ॥ १७३ ॥

मिठा गफको रस चाख्ने र त्यसबाट उत्पन्न रमाइलोरूपी गहनाले आफूलाई सिँगार्ने विद्वान्हरूले स्त्रीप्रसङ्ग नगरे पनि त्यो जत्तिकै सुखको अनुभव पाउने नै गर्दछन्।

सुभाषितमयद्रव्यसङ्ग्रहं न करोति यः।
स तु प्रस्तावयज्ञेषु कां प्रदास्यति दक्षिणाम् ॥ १७४ ॥ तथा च—

जुन मानिसले सुखका कुरारूपी धनलाई बटुलेर राख्दैनन्, तिनीहरूले प्रस्तावरूपी यज्ञका लागि दक्षिणाका रूपमा के कुरो दिन सक्छन् र ? अरू पनि—

सकृदुक्तं न गृह्णाति स्वयं वा न करोति यः।
यस्य सम्पुटिका नास्ति कुतस्तस्य सुभाषितम् ? ॥ १७५ ॥

जुन व्यक्ति कसैको भनाइ एकपटक उसले भनेको अवस्थामा सुनेपछि मनमा साँचेर राख्न सक्दैनन् अथवा आफैँ पनि सुभाषित उक्तिहरू भन्न सक्दैनन् र उक्तिहरूको भण्डार पनि आफूसँग राख्दैनन् तिनीहरूसँग सुभाषित भनाइहरू कसरी जम्मा हुन सक्लान्।

अथैकस्मिन्नहनि गोष्ठीसमये चित्राङ्गो नायातः। अथ ते व्याकुलीभूताः परस्परं जल्पितुमारब्धाः— "अहो, किमद्य सुहृन्न समायातः ? किं सिंहादिभिः क्वापि व्यापादितः, उत लुब्धकैः, अथवा अनले प्रपतितो, गर्तविषमे वा नवतृणलौल्यात् ?" इति। साध्विदमुच्यते—

एक दिन गफ गर्ने थलामा चित्राङ्ग आइपुगेन। ऊ नआउनाले बाँकी तीनवटा आपसमा किन आज चित्राङ्ग आएन ? उसलाई कतै सिंहआदि हिंस्रक जन्तुले त खाएनन्, अथवा व्याधा सिकारीले त मारेनन् ? कतै ऊ डढेलोमा त परेन, अथवा हरियो घाँसका लोभले गर्दा कतै कुनै खाडलमा त परेन ? भन्ने तर्क वितर्क गर्न लागे। अथवा यसो पनि भनिएको छ कि—

स्वगृहोद्यानगतेऽपि हि स्निग्धैः पापं विशङ्क्यते मोहात्।
किमु दृष्टवह्वपायप्रतिभयकान्तारमध्यस्थे ॥ १७६ ॥

घरैको बगैँचामा जाँदा पनि मायालुजनको मायाले गर्दा उसलाई केही भयो कि भन्ने अशुभ शङ्का मनमा उठ्दछन् भने यस्तो अनेकौं आपद्हरूले भरिभराउ भएका वनका बिचमा रहँदा भन्नै पो के सकिन्छ र ? यस ठाउँमा त अशुभ घटनाको शङ्का लाग्नु स्वाभाविकै पनि हुन्छ।

अथ मन्थरको वायसमाह— "भो लघुपतनक ! अहं हिरण्यकश्च तावद् द्वावप्यशक्तौ तस्यान्वेषणं कर्तुं मन्दगतित्वात्, तद् गत्वा त्वमरण्यं शोधय यदि कुत्रचित्तं जीवन्तं पश्यसि।"

मन्थरकले कागसँग— "मित्र लघुपतनक ! हिरण्यक र म हामी दुवै उसलाई खोज्नका लागि असमर्थ छौं, किनभने हामी छिटो हिंड्न सक्दैनौं। त्यसैले तिमी गएर उसलाई खोज। कतै जिउँदै अवस्थामा उसलाई भेट्न पाइयो भने त राम्रै हुन्छ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदाकर्ण्य लघुपतनको नातिदूरे यावद् गच्छति तावत्पल्वलतीरे चित्राङ्गः कूटपाशा-नियन्त्रितस्तिष्ठति। तं दृष्ट्वा शोकव्याकुलितमनास्तमवोचत्— "भद्र ! किमिदम् ?"

त्यसको कुरो सुनेर लघुपतनक चित्राङ्गको खोजी गर्नका लागि निस्कियो। अलिकति परमात्रै के पुगेको थियो उसले अलिकति पर एउटा तलाउका भासछेउमा व्याधाले थापेका जालमा परेर लडिरहेको त्यस हरिणलाई देख्यो। त्यसलाई त्यस्तो अवस्थामा देखेपछि लघुपतनक नामका त्यस कागले शोकमा आकुलव्याकुल हुँदै "मित्र ! तिम्रो यो दशा कसरी भयो ?" भनेर सोध्यो।

चित्राङ्गोऽपि वायसमवलोक्य विशेषेण दुःखितमना बभूव। अथवा युक्तमेतत्—

आफ्नो मित्र कागलाई देखेर चित्राङ्ग पनि ज्यादै दुःखी भयो र आँखाबाट आँसु खसाउन थाल्यो। अथवा कुरो ठिकै पनि त हो नि किनभने—

अपि मन्दत्वमापन्नो नष्टो वापीष्टदर्शनात्।
प्रायेण प्राणिनां भूयो दुःखावेगोऽधिको भवेत्॥ १७७॥

पहिले ज्यादै दुःख पाएका मानिसको दुःख या शोकको वेग कम भइरहेको वा पूरै सकिएको छ भने पनि आफन्तहरू, नातागोता र इष्टमित्रलाई देखेपछि प्रायः नै त्यो दुःखको भावना फेरि उर्लेर आउने गर्दछ।

ततश्च वाष्पावसाने चित्राङ्गो लघुपतनकमाह— "भो मित्र ! सञ्जातोऽयं तावन्मम मृत्युः। यद्युक्तं यद्भवता सह मे दर्शनं सञ्जातम्। उक्तञ्च—

दुवैले आँसुका भल निकै बेर बगाइसकेपछि चित्राङ्गले लघुपतनकसँग— "मित्र ! अब मेरो मर्ने बेला भइहाल्यो, यस्तो बेलामा मैले तिमीलाई देख्न पाएँ, राम्रो भयो। भनिएको छ कि—

प्राणात्यये समुत्पन्ने यदि स्यान्मित्रदर्शनम्।
द्वयोः सुखप्रदं तच्च जीवितोऽपि मृतस्य च॥ १७८॥

मर्ने बेलामा यदि मित्रलाई देख्न पाइयो भनेदेखि त्यो दुवै स्थितिका लागि सुखदायक हुन्छ। यदि मर्ने मानिस मरिहाल्यो भने पनि उसलाई देख्न नपाएको पश्चात्ताप रहँदैन र जिउँदो रहन पायो भने पनि उसलाई सन्तोष रहन्छ। त्यसैले कसैसँग मर्ने बेलामा भेट गर्न पाउनु दुवैका लागि नै सन्तोषको कुरो हुनेछ।

तत्क्षन्तव्यं यन्मया प्रणयात्सुभाषितगोष्ठीष्वभिहितम्। तथा हिरण्यकमन्थरकौ मम वाक्याद्वाच्यौ—

अब त्यसो हुँदा गफगाफ र गोष्ठीका बिचमा कुनै दिन कतै मैले आफन्त नै हुन् भन्ने ठान्दाठान्दै पनि अनुचित र चित्त दुखाउने कुरो केही गरेको रहेछु भने त्यसका लागि मलाई माफ गरिदऊ। अनि हिरण्यक र मन्थरकलाई पनि मेरो यही सन्देश लगेर भनिदेऊ कि—

अज्ञानाज्ज्ञानतो वापि दुरुक्तं यदुदाहृतम्।
तत्क्षन्तव्यं युवाभ्यां मे कृत्वा प्रीतिपरं मनः॥ १७९॥

अज्ञानताका कारण अथवा जानीबुझीकन वा जसरी होस् कुनै दिन केही नराम्रो वचन मैले बोलेको भए मलाई उनीहरूले माया गरेर माफ गरिदिऊन्।

तच्छ्रुत्वा लघुपतनक आह— "भद्र ! न भेतव्यमस्मद्विधैर्विद्यमानैः। यावदहं द्रुततरं हिरण्यकं गृहीत्वा आगच्छामि। अपरं, ये सत्पुरुषा भवन्ति ते व्यसने न व्याकुलत्वमुपयान्ति। उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसको कुरो सुनेर लघुपतनकले– "भद्र ! हामीहरू छँदाछँदै तिमीले यसरी हरेस खाएर डराएको कुरो गर्नुपर्दैन। म तुरुन्तै गएर हिरण्यकलाई लिएर आइहाल्छु जो सत्पुरुषहरू हुन्छन् तिनले आपद् कालमा पनि यसरी आत्तिनुहुँदैन" भन्यो। भनिएको पनि छ कि–

सम्पदि यस्य न हर्षो विपदि विषादो रणे च भीरुत्वम्।
तं भुवनत्रयतिलकं जनयति जननी सुतं विरलम्" ॥ १८० ॥

जुन व्यक्ति सुखका समयमा हर्षबढाइँ मनाउने, आपद् कालमा खिन्न वा विषादले भरिएको मन बनाउने गर्दैन र लडाइँका मैदानमा डरछेरुवा कुरो गर्दैन यस्ता खालको त्रैलोक्यभूषण पुरुषलाई कहिलेकाहीँ कुनैकुनै आमाले मात्रै जन्माउछन्।

एवमुक्त्वा लघुपतनकश्चित्राङ्गमाश्वास्य यत्र हिरण्यकमन्थरकौ तिष्ठतस्तत्र गत्वा सर्वं चित्राङ्गपाशपतनं कथितवान्। हिरण्यकं च चित्राङ्गपाशमोक्षणं प्रति कृतनिश्चयं पृष्ठमारोप्य भूयोऽपि सतवरं चित्राङ्गसमीपे गतः।

चित्राङ्गलाई त्यसरी सम्झाईबुझाई गरेर आश्वस्त पारेपछि लघुपतनक सोझै हिरण्यक र मन्थरक भएका ठाउँमा आयो। उनीहरूसँग चित्राङ्ग पासोमा परेको सबै कुरो बतायो र त्यस्तो खबर सुनेपछि पासो काट्नका लागि तम्तयार बनेको हिरण्यकलाई आफ्नो पिठ्युँमा बोकेर फेरि तत्काल चित्राङ्ग भएका ठाउँमा पुग्यो।

सोऽपि मूषकमवलोक्य किञ्चिज्जीविताशया संहृष्ट आह–

मुसो त्यहाँ आएको देखेपछि अब आफू बाँच्छु भन्ने आशा पलायो र चित्राङ्गले मनमा ज्यादै खुसी हुँदै–

"आपन्नाशाय विबुधैः कर्तव्याः सुहृदोऽमलाः।
न तरत्यापदं कश्चिद्योऽत्र मित्रविवर्जितः" ॥ १८१ ॥

"बुद्धिमान् व्यक्तिले आफूलाई विपद् आउँदा त्यसको समाधानका लागि सफा चरित्र भएका व्यक्तिहरूलाई अवश्य आफ्ना मित्र बनाइराख्नुपर्छ। मित्रका अभावमा कुनै पनि व्यक्तिले आफ्ना विपत्तीहरूलाई मेटाउन सक्दैन" भन्यो।

हिरण्यक आह– "भद्र ! त्वं तावन्नीतिशास्त्रज्ञो दक्षमतिः तत्कथं अत्रास्मिन् कूटपाशे पतितः ?"

त्यहाँ पुगिसकेपछि हिरण्यकले चित्राङ्गसँग– "भद्र ! तिमी त नीतिशास्त्रको ज्ञान भएका र तिखो बुद्धि पनि भएका छौ, फेरि कसरी यस कूटपासामा पर्न आइपुग्यो ?" भनी सोध्यो।

स आह– "भो ! न कालोऽयं विवादस्य। तन्न यावत्स पापात्मा लुब्धकः समभ्येति तावद् द्रुततरं कर्त्तयेमं मत्पादपाशम्"।

त्यसको कुराको जवाफमा चित्राङ्गले– "मित्र ! यो व्यर्थको कुरोकानी गरेर बिताउन हुने समय होइन, त्यो पापी व्याधा फर्केर यहाँ आइपुग्दा नपुग्दै तिमीले मेरा खुट्टामा जेलिएको यस पासोलाई काटिदेऊ" भन्यो।

तदाकर्ण्य विहस्याह हिरण्यकः– "किं मय्यापि समायाते लुब्धकाद्बिभेषि ? यतः शास्त्रं प्रति महती मे विरक्तिः सम्पन्ना यद् भवद्विधा अपि नीतिशास्त्रविद् एनामवस्थां प्राप्नुवन्ति तेन त्वां पृच्छामि।"

त्यसको कुरो सुनेपछि हिरण्यकले हाँस्तै– "म यहाँ आइपुगेपछि पनि तिमी त्यस व्याधासँग डराइरहेका छौ ? अब डराउनुपर्दैन, बरु मैले सोधेको कुरो भन। तिमीजस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीतिशास्त्रको ज्ञान भएकालाई पनि यस्तो अवस्था कसरी आइलाग्दछ। यस्तो देख्ता भने मलाई नीतिशास्त्रप्रति पनि श्रद्धा हराएर जान लागेको छ। त्यसो भएर नै म तिमीसँग यस्तो कुरो सोधिरहेको छु" भन्यो।

स आह– "भद्र ! कर्मणा बुद्धिरपि हन्यते। उक्तञ्च–

उसले– "हेर भद्र ! दुर्भाग्यले बुद्धिलाई पनि पराजित पार्दोरहेछ र त्यस बेला बुद्धि नष्ट हुँदो रहेछ। भनिएको पनि छ कि–

कृतान्तपाशबद्धानां दैवोपहतचेतसाम्।
बुद्धयः कुब्जगामिन्यो भवन्ति महतामपि॥ १८२॥

यमराजले जसलाई आफ्नो पासोभित्र जेल्दछ र जसका हृदयलाई दुर्भाग्यले अपहरण गरिसकेको छ त्यो जतिसुकै महान् वा बुद्धिमान् नै होस्, त्यसको बुद्धि सोझो बाटो छोडेर छडकेतिर लाग्छ।

विधात्रा रचिता या सा ललाटेऽक्षरमालिका।
न तां मार्जयितुं शक्ताः स्वबुद्ध्याप्यतिपण्डिताः" ॥ १८३॥

ब्रह्माले जुन व्यक्तिका निधारमा जस्तो कुराका हरफहरू लेखेर छोडिदिन्छन् ती हरफहरूलाई जस्तोसुकै विद्वान् व्यक्तिले पनि आफ्नो बुद्धि लगाएर पनि मेटाउन सक्दैन"।

एवं तयोः प्रवदतोः सुहृद्व्यसनसन्तप्तहृदयो मन्थरकः शनैः शनैस्तं प्रदेशं आजगाम। तं दृष्ट्वा लघुपतनको हिरण्यकमाह– "अहो, न शोभनमापतितम्।"

हिरण्यक र चित्राङ्ग नामका ती दुई मित्र यस किसिमका कुराकानी गर्दै थिए कि मित्रको दुःखी खबर सुनेर आफू पनि दुःखी हुँदै मन्थरक पनि बिस्तारैसँग घस्रिँदै पस्रिँदै त्यतै आउँदै गरेको लघुपतनक कागले देख्यो। उसलाई त्यहाँ आएको देखेर लघुपतनकले "मित्र ! यो त उति राम्रो भएन" भन्यो।

हिरण्यक आह– "किं स लुब्धकः समायाति ?"

हिरण्यकले– "के भयो, त्यो व्याधा आइपुग्यो कि कसो ?" भनेर सोध्यो।

स आह– "आस्तां तावल्लुब्धकवार्ता, एष मन्थरकः समागच्छति तदनीतिरनुष्ठितानेन। यतो वयमप्यस्य कारणान्नूनं व्यापादनं यास्यामः। यदि स पापात्मा लुब्धकः समागच्छति, तदहं तावत्खमुपतिष्यामि। त्वं पुनर्बिलं प्रविश्यात्मानं रक्षयिष्यसि चित्राङ्गोऽपि वेगेन दिगन्तरं यास्यति। एष पुनर्जलचरः स्थले कथं भविष्यतीति व्याकुलोऽस्मि।"

उसले– "व्याधा आउने कुरो त छोडदेऊ, हेर त मन्थरक पो यहाँ आइपुगेछ। यसले यो त ज्यादै नराम्रो काम गऱ्यो नि। किनभने यसका कारणले हामी पनि मारिन बेर छैन। यदि अहिले नै त्यो व्याधा आइपुग्यो भनेदेखि म त आकाशमा उडेर बचौँला, तिमी दुलाभित्र पस्नेछौ र आफूलाई ज़ोगाउनेछौ। चित्राङ्गले पनि तीव्र गतिमा कुदेर आफूलाई बचाउन सक्लान् तर यो पानीमा पौरिने मन्थरकले पृथ्वीमा रहँदा आफूलाई कसरी बचाउन सक्ला भन्ने शङ्काले पो मलाई सताएको छ त" भन्यो।

अत्रान्तरे प्राप्तोऽसौ मन्थरकः। हिरण्यक आह– "भद्र ! युक्तमनुष्ठितं भवता यदत्र समायातः। तद्भूयोऽपि द्रुततरं गम्यतां, यावदसौ लुब्धको न समायाति।"

यस्तै किसिमको कुरो हुँदाहुँदै मन्थरक पनि त्यहीँ आइपुग्यो। त्यसलाई देखेर हिरण्यकले– "भद्र ! तिमीले यहाँ आएर राम्रो काम गरेनौ। त्यो व्याधा यहाँ आइपुग्दा नपुग्दै तिमी यहाँबाट भागेर जाऊ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्थरक आह— "भद्र, किं करोमि न शक्नोमि तत्रस्थो मित्रव्यसनाग्निदाहं सोढुं, तेनाहमत्रागतः। अथवा साध्विदमुच्यते—

मन्थरकले— "भद्र ! म कसो गरुँ, त्यहाँ मित्रलाई आपद्‌रूपी आगोमा पिल्सिँदै गरेको कुरो सम्झँदै मन दुखाएर पिर खपेर बस्नु पनि त मेरा लागि कठिन कुरो नै थियो। त्यसैले म यहाँ आएको हुँ। अथवा ठिकै भनिएको पनि छ कि—

दयितजनविप्रयोगा वित्तवियोगाश्च केन सह्याः स्युः।
यदि सुमहौषधिकल्पो वयस्यजनसङ्गमो न स्यात्॥ १८४॥

यदि महौषधिजस्तै मौकामा काम लाग्ने मित्रजनहरूसँग भेटघाट नहुने, प्रियजनहरूको वियोग र धनको नाशबाट उब्जिएको दुःख आइलाग्दछ भने त्यसलाई सजिलोसँग सहन गर्न कसले पो सक्ला र ?

वरं प्राणपरित्यागो न वियोगो भवादृशैः।
प्राणा जन्मान्तरे भूयो भवन्ति न भवद्विधाः॥ १८५॥

तिमीजस्ता सज्जन मित्रको वियोगलाई सहन गरेर बस्नुको सट्टा प्राण त्याग गर्नु नै राम्रो होला। किनभने प्राणीले प्राण त अर्को जन्ममा पनि पाउनसक्ला तर तिमीजस्तो सज्जन मित्र भेट्टाउन सकिँदैन।

एवं तस्य प्रवदतः आकर्णपूरितशरासनो लुब्धकोऽप्युपागतः। तं दृष्ट्वा मूषकेण तस्य स्नायुपाशस्तत्क्षात्खण्डितः। अत्रान्तरे चित्राङ्गः सत्वरं पृष्ठमवलोकयन् प्रधावितः। लघुपतनको वृक्षमारूढः। हिरण्यकश्च समीपवर्तिबिलं प्रविष्टः।

यस किसिमका कुराहरू ती चारवटाले गरिरहेकै थिए कि ऊ परबाट हातमा ताँदो चढाइएको धनुष र काँधको ठोक्राभरि वाण बोकेर आउँदै गरेको देखियो। त्यसलाई देखेपछि मुसाले चित्राङ्गको पासो तुरुन्तै कादिदियो। बन्धन काटिएपछि पछिल्तिर हेर्दै चित्राङ्ग त्यहाँबाट दौडेर भाग्यो, लघुपतनक उडेर रुखमा चढ्यो र मुसो पनि नजिकैको एउटा प्वालभित्र पस्यो।

अथासौ लुब्धको मृगगमनाद् विषण्णवदनो व्यर्थश्रमस्तं मन्थरकं मन्दं मन्दं स्थलमध्ये गच्छन्तं दृष्टवान् अचिन्तयच्च— "यद्यपि कुरङ्गो धात्रापहृतस्तथाप्ययं कूर्म आहारार्थं सम्पादितः। तदद्यास्यामिषेण मे कुटुम्बस्याहारवृत्तिर्भविष्यति"। एवं विचिन्त्य तं दर्भैः संच्छाद्य धनुषि समारोप्य स्कन्धे कृत्वा गृहं प्रति प्रस्थितः।

मृग भागेका कारण खिन्न हुँदै मनमनै आफ्नो परिश्रम व्यर्थ गएको सम्झँदै त्यो व्याधा भुईंतिर हेरेर बिस्तारैबिस्तारै हिँडिरहेको बेला उसले त्यस कछुवालाई देख्यो। त्यसलाई देखिसके-पछि उसले मनमा यद्यपि विधाताले मृगलाई मेरा हातबाट खोसेको थियो, तापनि यस कछुवालाई आजको छाक बनाएर मेरा आफन्तहरूका लागि पठाइदिएको रहेछ। त्यसैले आज यसैको मासुसँग मेरा परिवारको खाइगुजारा हुने भयो" भन्ने सोच्न लाग्यो। यस किसिमका कुरा सोच्दै उसले त्यस कछुवालाई घाँसका डोरीले बाँधेर धनुषमा झुन्ड्यायो र धनुषलाई काँधमा राखेर आफ्ना घरतिर जान लाग्यो।

अत्रान्तरे तं नीयमानमवलोक्य हिरण्यको दुःखाकुलः पर्यदेवयत्— "कष्टं भोः कष्टमापतितम्।

त्यस कछुवालाई त्यसरी लिएर जाँदै गरेको देखेर हिरण्यक ज्यादै दुःखी भएर विलाप गर्दै रुन कराउन लाग्यो। रुँदै गर्दा उसले— "हरे ! यो कस्तो आपद् मलाई आइलाग्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकस्य दुःखस्य न यावदन्त गच्छाम्यहं पारमिवार्णवस्य।
तावद् द्वितीयं समुपस्थितं मे छिद्रेष्वनर्था बहुली भवन्ति॥ १८६॥

समुद्रको अपार किनाराजस्तो दुःखको एउटा छेउबाट निस्केर आउन पाएको थिइनँ कि अर्कोतिरको आपद् फेरि मैमाथि आइलाग्यो। कसैको यो भनाइ पनि साँचो नै छ कि कुनै मानिसमाथि आपद् आउनेवाला छन् भने एउटापछि अर्को गर्दै निरन्तर रूपमा आई नै रहन्छन् किनभने छिद्रमा धेरै किसिमका अनर्थहरू हुने गर्दछन् र हत्तपत्त तिनको समाप्ति पनि हुँदैन।

यावदस्खलितं तावत्सुखं याति समे पथि।
स्खलिते च समुत्पन्ने विषमं च पदे पदे॥ १८७॥

मानिस जबसम्म पछारिँदैन त्यतिन्जेल समतल जमिनको बाटोमा हिंडेझैँ उसको गति निःशङ्क रूपमा चलिरहेको हुन्छ। जब ऊ एकपटक पछारिन्छ अनि त ऊ बारम्बार पछारिई नै रहन्छ। अनि त्यस्ता बेलामा उसलाई पहिलेको त्यही समतल बाटो पनि कठिन उकालीओराली जस्तो बन्न पुग्दछ र पाइलैपिच्छे उसलाई ठेस पनि लागिरहन्छ।

यन्नम्र सगुणं चापि यच्चपत्सु न सीदति।
धनुर्मित्रं कलत्रं च दुर्लभं शुद्धवंशजम्॥ १८८॥

जसरी नम्र स्वभाव भएकी, असल कुलकी र आपद्‌मा पनि साथ नछोड्ने स्त्री पाउन गाहारो छ उसै गरी नरम तर बलियो प्रत्यञ्चा भएको र आपद् कालमा पनि धोका नदिने असल बाँसले बनेको धनुष पनि पाउन कठिन हुन्छ। ठिक़ उसै गरी विनम्र, सरल, कुलीन र आपद् कालमा पनि साथ दिने मित्र पाउन पनि ज्यादै कठिन हुन्छ।

न मातरि न दारेषु न सोदर्ये न चात्मजे।
विश्रम्भस्तादृशः पुंसां यादृङ् मित्रे निरन्तरे॥ १८९॥

मानिसले आफ्नो अभिन्न मित्रप्रति जति धेरै विश्वास गर्दछ, त्यसको समान विश्वास आफ्नी आमा, आफ्नी पत्नी आफ्ना साख्खै दाजुभाइ र आफ्ना छोरासँग पनि गर्दैन।

यदि तावत्कृतान्तेन मे धननाशो विहितस्तन्मार्गश्रान्तस्य मे विश्रामभूतं मित्रं कस्मादपहृतम् ? अपरमपि मित्रं, परं मन्थरकसमं न स्यात्। उक्तञ्च—

यदि विधाताले मेरा धनको विनाश गर्नु थियो भने गरोस् न, जीवनका बाटामा थकाइ लाग्दाको आश्रयजस्तो बनेका मेरा मित्रलाई मबाट किन खोसेर लाँदै छ ? मेरा अरू पनि मित्रहरू होलान् तर मन्थरकजस्तो मित्र मैले पाउनु त असम्भव छ। भनिएको छ कि—

असम्पत्तौ परो लाभो गुह्यस्य कथनं तथा।
आपद्विमोक्षणं चैव मित्रस्यैतत्फलत्रयम्॥ १९०॥

दरिद्रताका समयमा धन प्राप्ति भएको जस्तै गरी सहायता गर्नु, गोप्य कुरो सुनाउनु र सुन्नु, आपद्‌विपद्‌बाट छुटाउनु मित्रबाट यिनै तीनवटा फल पाइन्छन्।

तदस्य पश्चान्नान्यः सुहृन्मे। तत्किं ममोपर्यनवरतं व्यसनशरैर्वर्षति हन्त विधि ? यत आदौ तावत् वित्तनाशः, ततः परिवारभ्रंशः, ततो देशत्यागः, ततो मित्रवियोग इति।

मन्थरकभन्दा बाहेक मेरा आपद् कालमा मेरो सहायता गर्ने सायद अर्को कुनै पनि मित्र छ होलाजस्तो मलाई लाग्दैन। किन विधाताले मैमाथि आपद्‌रूपी वाणहरूको वर्षा निरन्तर गरिरहेको छ भन्ने कुरो मैले बुझ्न सकेको छैनँ। सबैभन्दा पहिले त उसले मेरो धन खोस्यो। अनि परिवारको विनाश गरायो, त्यसपछि मलाई देशत्याग गरायो अब फेरि मित्रवियोग गराइरहेको छ।

अथवा स्वरूपमेतत्सर्वेषामेव जन्तूनां जीवितधर्मस्य च। उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा सबै प्राणीहरूकै यस्तो अवस्था हुने गर्दछ। प्रत्येक जीवित प्राणी नै आपद्हरूमा अल्झिइरहेको हुन्छ। भनिएको पनि छ कि—

कायः सन्निहितापायः सम्पदः क्षणभङ्गुराः।
समागमाः सापगमाः सर्वेषामेव देहिनाम्॥ १९१॥ तथा च—

प्रत्येक देहधारी प्राणी विनाशको मुखमा उभिएको हुन्छ। सम्पत्ति सबै नै क्षणभङ्गुर हुन्छ। संयोगले जहिले पनि वियोगलाई साथै ल्याएको हुन्छ। सबै प्राणीहरूको अवस्था यस्तै नै हुन्छ। अरू पनि—

क्षते प्रहारो निपतन्त्यभीक्ष्णं धनक्षये दीप्यति जाठराग्निः।
आपत्सु वैराणि समुल्लसन्ति छिद्रेष्वनर्था बहुली भवन्ति॥ १९२॥
अहो, साधूक्तं केनापि—

घाउ लागेकै ठाउँमा बारम्बार ठोकर पनि लाग्दछ। धन नभएकै बेलामा भोक पनि बढी लाग्दछ। आपद् परेकै समयमा शत्रुहरूको संख्या पनि झनझन बढेर आउँछ। अतः सारांशमा जसलाई एउटा आपद् आइलागेको छ उसलाई अरू पनि आपद्हरू पङ्क्तिवद्ध भएर लगातार आइरहेका हुन्छन्, अर्थात् छिद्र भएकै ठाउँमा अनर्थहरू पनि बढेर आउँछन्। अँ, कसैले ठिकै पनि भनेका रहेछन् कि—

शोकारातिभयत्राणं प्रीतिविश्रम्भभाजनम्।
केन रत्नमिदं सृष्टं मित्रमित्यक्षरद्वयम्॥ १९३॥

शोक, शत्रु तथा डरबाट बचाउने र प्रेम तथा विश्वासपात्रका रूपमा रहेको यो दुई अक्षरले बनेको मित्र भन्ने रत्नलाई कसले बनाएको होला ?" भन्दै विलाप गर्दै थियो।

अत्रान्तरे चाक्रन्दपरौ चित्राङ्गलघुपतनकौ तत्रैव समायातौ। अथ हिरण्यक आह— "अहो, किं वृथा प्रलपितेन ? तद्यावदेष मन्थरको दृष्टिगोचरान्न नीयते तावदस्य मोक्षोपायश्चिन्त्यताम्, इति। उक्तञ्च—

यत्तिकैमा चित्राङ्ग र लघुपतनक पनि रुँदै कराउँदै त्यहीँ आइपुगे। उनीहरूलाई देखेर हिरण्यकले— "मित्रहरू ! व्यर्थमा रोएर मात्रै के फाइदा छ र ! यसरी रोएर केही लाभ हुनेछैन। त्यसैले त्यस व्याधाले मन्थरकलाई लिएर यहाँबाट नछलिउन्जेलमै उसलाई छुट्याउनका लागि कुनै न कुनै उपाय सोचिहाल्नुपर्दछ। भनिएको पनि छ कि—

व्यसनं प्राप्य यो मोहात्केवलं परिदेवयेत्।
क्रन्दनं वर्धयत्येव तस्यान्तं नाधिगच्छति॥ १९४॥

आपद् आइलगेका अवस्थामा जुन व्यक्ति अज्ञानीजस्तो बनेर केवल रुने, कराउने, विलाप गर्ने आदिमात्रै गर्दछ उसले असल काम गर्दैन। किनभने बिलौना गर्नाले त उसको दुःख अझै बढेर मात्रै आउँछ, त्यस दुःखको समाप्ति हुँदैन।

केवलं व्यसनस्योक्तं भेषजं नयपण्डितैः।
तस्योच्छेदसमारम्भो विषादपरिवर्जनम्॥ १९५॥ अन्यच्च—

नीतिशास्त्रका विद्वान्हरूले आपद्को एउटामात्रै औषधि बताएका छन्। त्यो औषधि भनेको त्यस आपद्लाई हटाउने उपायको थालनी गर्नु र त्यस दुःखलाई बिर्सनु नै हो। अरू पनि—

अतीतलाभस्य सुरक्षणार्थं भविष्यलाभस्य च सङ्गमार्थम्।
आपत्प्रपन्नस्य च मोक्षणार्थं यन्मन्त्र्यतेऽसौ परमो हि मन्त्रः" ॥ १९६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विगतमा गरेका लाभको रक्षा, भविष्यका लाभका लागि सोच र वर्तमानका विपद्ग्रस्त अवस्थाको बचाउ गर्नका लागि जुन कुरो सोचिन्छ या छलफल गरिन्छ त्यो नै वास्तवमा साँचो अर्थमा सोचाइ पनि हो, परामर्श पनि हो र मन्त्र पनि हो" भन्यो।

तच्छ्रुत्वा वायस आह– "भो, यद्येवं तत्क्रियतां मद्वचः। एष चित्राङ्गोऽस्य मार्गे गत्वा किञ्चित्पल्वलमासाद्य तस्य तीरे निश्चेतनो भूत्वा पततु। अहमप्यस्य शिरसि समारुह्य मन्दैश्चञ्चुप्रहारैः शिर उल्लेखयिष्यामि, येनासौ दुष्टलुब्धकोऽमुं मृतं मत्वा चञ्चुप्रहरणप्रत्ययेन मन्थरकं भूमौ क्षिप्त्वा मृगार्थं परिधाविष्यति। अत्रान्तरे त्वया दर्भमयानि पाशानि खण्डनीयानि, येनासौ मन्थरोको द्रुततरं पल्वलं प्रविशति।"

हिरण्यकको कुरो सुनेर कागले– "यदि कुरो यही नै ठिक हो भने तिमीहरू पनि मैले भनेको अनुसार नै उपाय गर्दै जाऊ। चित्राङ्ग गएर व्याधा हिँड्दै गरेका बाटमा कुनै तलाउका किनारमा गएर मरेको जस्तो भएर पसारिनू। म उनका टाउकामा बसेर आफ्ना चुच्चाले बिस्तारै ठुँड्दै गरुँला, त्यसो भएपछि त्यस दुष्ट व्याधाले चित्राङ्गलाई मरेको ठान्नेछ। अझ मैले ठुँगेको देखेर उसलाई पूरा विश्वास पनि हुन्छ। उसले मन्थरकलाई भुईंमा राख्नेछ र मृगलाई टिपेर लानका लागि उतातिर दौडनेछ। यसै बिचमा तिमी मन्थरकले त्यो घाँसले बाटेर कछुवालाई बाँधेको डोरी काटिदिनू। त्यसो भएपछि ऊ तुरुन्तै कुदेर तलाउमा पस्नेछ" भन्यो।

चित्राङ्ग आह– "भोः ! भद्रोऽयं त्वयो दृष्ये मन्त्रः। नूनं मन्थरकोऽयं मुक्तो मन्तव्यः इति। उक्तञ्च–

कागको कुरो सुनेर चित्राङ्गले– "मित्र ! तिमीले यो निकै उत्तम किसिमको मन्त्रजस्तै उपाय सोचेछौ। यस उपायले मन्थरकलाई अब मुक्त भएको नै ठानौँ। भनिएको पनि छ कि–

सिद्धिं वा यदि वासिद्धिं चित्तोत्साहो निवेदयेत्।
प्रथमं सर्वजन्तूनां तत्प्राज्ञो वेत्ति नेतरः ॥ १९७ ॥ तदेवं क्रियताम्" इति।

कुनै कामको सफलता या असफलता भन्ने कुरो काम थाल्ने मानिसका मनको उत्साहले नै बताउन सक्छ। मनको विचरालाई भने विज्ञजनले मात्र बुझ्न सक्दछन, साधारण मानिसहरूले बुझ्न सक्दैनन्। अब त्यसै गरी हामीहरूले पनि तिम्रा यस उपायलाई चाँडोभन्दा चाँडो कार्य रूपमा प्रयोग गर्नुपर्नेछ" भन्यो।

तथानुष्ठिते स लुब्धकस्तथैव मार्गासन्नपल्वलतीरस्थं चित्राङ्ग वायससनाथमपश्यत्।

तिनीहरूले उक्त उपायलाई कार्यान्वयन गरिसकेपछि तलाउका किनारमा पुगेका व्याधाले मरेको मृगलाई देख्यो। उसका कानमा बसेर कागले ठुड्दै पनि थियो।

तं दृष्ट्वा हर्षितमना व्यचिन्तयत्– "नूनं पाशबन्धनवेदनया वराकोऽयं मृगः सावशेषजीवितः पाशं त्रोटयित्वा कथमप्येतद्वनान्तरं यावत्प्रविष्टस्तावन्मृतः। तद्वश्योऽयं कच्छपः सुयन्त्रितत्वात्। तदेनमपि तावद् गृह्णामि।" इत्यवधार्य कच्छपं भूतले प्रक्षिप्य मृगमुपाद्रवत्।

मृगलाई त्यसरी ढलेको देखेर प्रसन्न मनले व्याधाले– "पासो छिनालेर कुनै हालत यहाँसम्मा भागेर आएको भए पनि त्यस पासोका पिरले यो बिचरा मृगको आयु सकिएको रहेछ, र ज्यादै घाइते हुनाले यहाँ आइपुग्दा नपुग्दै मरेछ। यो कछुवा त मेरा बन्धनभित्र छँदै छ, यसलाई मैले दरो गरी बाँधेकै छु। यो त कतै पनि भाग्न सक्दैन। त्यसो हुँदा यस मृगलाई पनि बोक्नै पर्‍यो" भन्ने सोचेर कछुवालाई भुइँमा राखेर मृग भएतिर कुदेर गयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतस्मिन्नन्तरे हिरण्यकेन वज्रोपमदंष्ट्राप्रहरणेन तद्दर्भवेष्टनं खण्डशः कृतम्। मन्थरकोऽपि तृणमध्यान्निष्क्रम्य समीपवर्तिनं पल्वलं प्रविष्टः। चित्राङ्गोऽप्यप्राप्तस्यापि तस्य, तत उत्थाय वायसेन सह पलायितः। एतस्मिन्नन्तरे विलक्षो विषादपरो लुब्धको निवृत्तो यावत्पश्यति, तावत्कच्छपोऽपि गतः। ततश्च तत्रोपविश्येमं श्लोकमपठत्—

यसै बिचमा मौका पाएर हिरण्यकले आफ्ना बज्रजस्तै बलिया दाँतले त्यो झारपातले बनाएको डोरीलाई काटिदियो। डोरी काटिनासाथ मन्थरक घाँसको अल्झनबाट मुक्त भएर बाहिर निस्कियो र नजिकैको पोखरीमा पस्यो। उता चित्राङ्ग पनि त्यो व्याधा त्यहाँ पुग्दा नपुग्दै उठेर दौडियो, काग पनि सँगसँगै उड्यो र मुसो कतैतिर दुलामा लुक्यो। त्यसपछि त लज्जित, व्याकुल र दुःखी हुँदै त्यो सिकारी त्यहाँबाट लुरुलुरु फर्कियो। फर्किएर आएपछि कछुवा राखेका ठाउँमा हेर्दा त त्यो पनि भागिसकेछ। अनि ऊ खिन्न भएर त्यहीँ बसेर यस प्रकारको श्लोक भन्न लाग्यो—

"प्राप्तो बन्धनमप्ययं गुरुमृगस्तावत्त्वया मे हृतः
सम्प्राप्तः कमठः स चापि नियतं नष्टं तवादेशतः।
क्षुत्क्षामोऽत्र वने भ्रमामि शिशुकैस्त्यक्तः समं भार्यया
यच्चान्यन्न कृतं कृतान्त ! कुरु ते तच्चापि सह्यं मया" ॥ १९८ ॥

मेरो यस महापासमा फँसेको मृगलाई त तिमीले पहिले नै खोसिसकेका थियौ, त्यसपछि एउटा कछुवा भेटेको थिएँ। त्यो पनि तिम्रै आदेशले भाग्यो। स्त्री र पुत्रहरूबाट अलग भएर मैले भोकैप्यासै यस वनमा एक्लै यता र उति भौँतारिनु परेको छ। हे कृतान्त ! यो सबै तिम्रै कार्यकलाप हो। अतः आजसम्म जे हुन सकेको थिएन, त्यो पनि अब पूरा गरिदेऊ। तिमीले जेजसो गर्दछौ, त्यो मैले खप्नै पर्दछ। यस्तै खालका नानाभाँति बिलौना गर्दै त्यो व्याधा आफ्ना घरतिर लाग्यो।

अथ तस्मिन् व्याधे दूरतरं गते, सर्वेऽपि ते काककूर्ममृगमूषकाः परमानन्दभाजः परस्परमालिङ्ग्य पुनर्जातमिवात्मानं मन्यमानस्तदेव सरः सम्प्राप्य महासुखेन सुभाषित–कथागोष्ठीविनोदेन कालं नयन्ति स्म। एवं ज्ञात्वा विवेकिना मित्रसङ्ग्रहः कार्यः। न च मित्रेण सह व्याजेन वर्तितव्यम्" इति। उक्तञ्च यतः—

त्यो व्याधा अलिक पर पुगेपछि काग, कछुवा, मृग र मुसो ती चारैवटा आनन्दले खुसी हुँदै आपसमा एकअर्कासँग अँगालो हाल्न लागे र माथि बताइएको सङ्कटबाट बचेकोमा आफ्नो दोस्रो जीवन पाएको सम्झँदै फेरि उसै पहिलेका तलाउका किनारमा आए। अनि त्यसपछि त्यहाँ सधैँ तलाउका किनारमा फेरि पनि भेटघाट गर्दै विभिन्न कथाहरू भन्दै सुनाउँदै गफगाफ र कथागोष्ठीले रमाइलो गर्दै सुखले जीवन बिताउन लागे। माथिका यस प्रसङ्गले यस्तो शिक्षा पाइन्छ कि विचारवान् मानिसले अवश्य पनि मित्रहरूको सङ्ग्रह गर्नैपर्छ र कहिल्यै पनि मित्रसँग कपटभावको व्यवहार गर्नुहुँदैन। त्यसैले भनिएको पनि छ कि—

यो मित्राणि करोत्यत्र न कौटिल्येन वर्त्तते।
तैः समं न पराभूतिं संप्राप्नोति कथञ्चन॥ १९९ ॥

जुन व्यक्तिले मित्रको सङ्ग्रह गर्दछ र उनीहरूसँग कपटभावको व्यवहार गर्दैन ऊ तिनै मित्रहरूका सहायताका कारणले कहिल्यै पनि शत्रुहरूबाट पराजित हुँदैन।

इति श्रीविष्णुशर्माविरचिते पञ्चतन्त्रे मित्रसम्प्राप्तिर्नाम द्वितीयं तन्त्रं समाप्तम्।

श्रीविष्णुशर्माबाट रचित पञ्चतन्त्रको मित्रसम्प्राप्ति नामको दोस्रो तन्त्र पनि सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चतन्त्र
तृतीय तन्त्र
काकोलूकीयम्

अथेदमारभ्यते काकोलूकीयं नाम तृतीयं तन्त्रं, यस्यायमादिमः श्लोकः—

विष्णुशर्माले राजकुमारहरूलाई— "अब म काकोलूकीय नामको तेस्रो तन्त्रको थालनी गर्दछु। त्यसको पहिलो श्लोक यो हो" भन्दै तल उल्लेख गरिएको श्लोक सुनाए।

नविश्वसेत्पूर्वविरोधितस्य शत्रोश्च मित्रत्वमुपागतस्य।
दग्धां गुहां पश्य उलूकपूर्णां काप्रणीतेन हुताशनेन ॥ १ ॥

पहिले विरोधी भइसकेको तर हाल कामविशेषका समयमा मित्रताको भाव देखाउने शत्रुलाई विश्वास गर्नुहुँदैन। काम परेका बेलामा मित्र बन्नआएका पहिलेका विरोधी कागले खन्याएको आगोले डढेलो लागेको पहाडी गुफालाई हेरौँ।

तद्यथानुश्रूयते— अस्ति दाक्षिणात्ये जनपदे महिलारोप्यं नाम नगरम्। तस्य समीपस्थोऽनेकशासनाथोऽतिसघनतरपत्रच्छन्नो न्यग्रोधपादपोऽस्ति। तत्र च मेघवर्णो नाम वायसराजोऽनेककाकपरिवारः प्रतिवसति स्म। स तत्र विहितदुर्गरचनः सपरिजनः कालं नयति स्म।

दक्षिणी भेकका जिल्लाहरूमध्ये कतै महिलारोप्य नामको एउटा सहर थियो अरे भनेको सुनिन्छ। त्यस सहरका नजिकै अनेकौँ हाँगाबिँगाले भरिएको र बाक्ला पातहरूले भ्याम्म छोपिएको न्यग्रोध नामको एउटा वरको रुख थियो। त्यस रुखमा कुनै बेला अनकौँ आफन्त कागहरूका हुलमा एउटा मेघवर्ण नामको कागको राजा रहने गर्दथ्यो। उसले त्यस रुखभित्र आफ्नो किल्ला बनाएर भारदार र परिजनहरूका साथमा राज्य गर्दै आफ्नो समय बिताउने गर्दथ्यो।

तथाऽन्योरिमर्दनो नामोलूकराजोऽसङ्ख्योलूकपरिवारो गिरिगुहादुर्गाश्रयः प्रतिवसतिस्म। स च रात्रावभ्येत्य सदैव तस्य न्यग्रोधस्य समन्तात्परिभ्रमति।

अरिमर्दन नाम भएको एउटा लाटोकोसेराको राजा पनि आफ्ना असङ्ख्य परिवार र रैतीहरूका साथमा कुनै एउटा पहाडको कन्दरालाई आफ्नो किल्ला बनाएर त्यसैभित्र रहने गरेको थियो। रात परेपछि त्यो लाटोकोसेराको राजा त्यही वरका रुखका वरिपरि सधैँ नै घुम्ने गर्दथ्यो।

अथोलूकराजः पूर्वविरोधवशाद्यं कश्चिद्वायसं समासादयति तं व्यापाद्य गच्छति। एवं नित्याभिगमनाच्छनैः शनैस्तन्न्यग्रोधपादपदुर्गं तेन समन्तान्निर्वायसं कृतम्। अथवा भवत्येवम्। उक्तञ्च—

त्यस उल्लुका राजाले त्यहाँ वरका रुखको छेउछाउमा घुम्दा जुनसुकै कागलाई भेटे पनि पहिलेको शत्रुतालाई सम्झनाका कारणले मारिहाल्दथ्यो र फेरि आफ्नै किल्लारूपी गुफामा गएर लुक्दथ्यो। यसै गरी गरीकन त्यस उल्लुराजले आएर त्यस वटवृक्षरूपी किल्लका प्रायः सबै कागहरूलाई मारेर सर्वत्र कागहरूको नाम नै मेटाउलाजस्तो पारेको थियो। अथवा यस्तो त हुने गर्दछ नै। भनिएको पनि छ कि—

य उपेक्षेत शत्रुं स्वं प्रसरन्तं यदृच्छया।
रोगं चालस्यसंयुक्तः शनैस्तेन हन्यते ॥ २ ॥ तथा च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन व्यक्तिले आफ्ना शत्रु र रोगलाई स्वतन्त्र रूपले बढिरहेको देख्तादेख्तै पनि अल्छ्याइँ र हेल्चेक्र्याइँ गरी बसेर तिनको विनाश गर्ने उपाय सोच्दैन, त्यस व्यक्तिले कालान्तरमा बिस्तारैसँग त्यो शत्रु होस् वा रोग बलियो भएपछि उसैबाट मारिनुपर्दछ। अरू पनि–

जातमात्रं न यः शत्रुं व्याधिञ्च प्रशमं नयेत्।
अतिपुष्ट्यङ्गयुक्तोऽपि स पश्चात्तत हन्यते॥ ३॥

जुन व्यक्ति आफ्ना शत्रु एवं रोगलाई उत्पन्न हुन लाग्दालाग्दै समाप्त गर्दैन, त्यो व्यक्ति बलियो र सक्षम भए पनि कालान्तरमा उसै शत्रु या रोगका कारण अवश्य मारिन्छ।

अथान्येद्युः वायसराजः सर्वान् वायससचिवानाहूय प्रोवाच– "भोः! उत्कटस्तावदस्माकं शत्रुरुद्यमसम्पन्नः कालविच्च। नित्यमेव निशागमे समेत्यास्मत्पक्षकदनं करोति। तत्कथमस्य प्रतिविधानम्? वयं तावद्रात्रौ न पश्यामः न च तस्य दिवा दुर्गं विजानीमः, येन गत्वा प्रहरामः। तदत्र विषये किं युज्यते, सन्धिविग्रहयानासनसंश्रयद्वैवीभावानामेकतमस्य क्रियमाणस्य? तद्विचार्य शीघ्रं कथयन्तु भवन्तः।"

अर्को कुनै दिन त्यस कागका राजाले आफ्ना सबै सचिव कागहरूलाई बोलाएर– "हाम्रो शत्रु मिहिनेती र जाँगरिलो किसिमको छ। उसले मौका हेर्न राम्रोसँग जानेको पनि छ। सधैँ नै साँझपख आउने गर्दछ र हाम्रो हानी नोक्सानी गरेर जाने गर्दछ। यसको रोकथामको लागि केही उपाय छ? त्यसका साथै हामी रात परेपछि देख्तैनौँ, अनि फेरि दिउँसो पनि हामीले शत्रुको किल्ला देखेका छैनौँ। त्यसो हुँदा उसलाई मार्न सकिएन। त्यसैले यस विषयमा के गर्नु उचित होला? सन्धि, विग्रह, यान, आसन, संश्रय तथा द्वैधीभाव शत्रुहरूसँग गरिने यी राजनीतिका कर्तव्यहरूमध्ये कुनलाई प्रयोग गर्दाचाहिँ उचित होला? तिमीहरूले छिटो गरी यसका विषयमा मलाई बताऊ" भन्ने सोध्नुका साथै उचित परामर्श पनि माग्यो।

अथ ते प्रोचुः– "युक्तमभिहितं देवेन, यदेष प्रश्नः कृतः। उक्तञ्च–

राजाका कुरा सुनेर ती सचिवहरूले– "महाराज! तपाईंले यस किसिमको ब्रहुत उचित प्रश्न गरेर ज्यादै असल काम गर्नुभएको छ" भने। भनिएको पनि छ कि–

अपृष्टेनापि वक्तव्यं सचिवेनात्र किञ्चन।
पृष्टेन तु विशेषेण वाच्यं पथ्यं महीपतेः॥ ४॥

राज्यमा आपद् आइलाग्दा यस्ता विषयमा मन्त्रीले पनि सोध्नुभन्दा पहिले नै राजाको र राज्यको हितका लागि केही कुरो सोच्नु र गर्नुपर्ने हुन्छ। यदि राजाले नै मन्त्रीलाई सोध्दछन् भनेदेखि त विशेषरूपले राजालाई उचित परामर्श दिने कुरो त गर्नैपर्छ।

यो न पृष्ये हितं ब्रूते परिणामे सुखावहम्।
मन्त्री च प्रियवक्ता च केवलं स रिपुः स्मृतः॥ ५॥

राजाले सोधिसकेपछि पनि जुन मन्त्रीले पछिल्लो परिणाम असल हुने खालको हितकारी सल्लाह दिँदैन, त्यस्तो प्रियवक्ता मन्त्री वा अर्का मानिसलाई नै पनि शत्रुकै सरह ठान्नुपर्छ भनिएको छ।

तस्मादेकान्तमासाद्य कार्यो मन्त्रो महीपते!।
येन तस्य वयं कुर्मो निर्णयं वारणं तथा॥ ६॥

हे महाराज! त्यसैले महाराजले एकान्तमा मन्त्रीहरूलाई भेटेर नै परामर्श गर्नु असल होला। त्यसो गर्दा नै आइलागेका समस्याका विषयमा कुनै निर्णय गर्न सकिएला र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसको समाधानको कुनै उपाय निकाल्न पनि सकिएला। मौका पारेर यस विषयमा कुनै निर्णय गर्नै पर्छ र त्यस निर्णयबाट हामीले पनि त्यसको प्रतिकार गर्न सक्नुपर्दछ" भन्ने कुरो गरे।

अथ स मेघवर्णोऽन्वयागतानुजीविसञ्जीव्यनुजीविप्रजीविचिरञ्जीविनाम्नः पञ्च-सचिवान् प्रत्येकं प्रष्टुमारब्धवान्। तत्र तेषामादौ तावदुज्जीविनं पृष्टवान्– "भद्र! एवं स्थिते किं मन्यते भवान्?"

मन्त्रीहरूका परामर्शबाट त्यस मेघवर्ण नामका कागका राजाले वंशानुगत रूपमा आएका उज्जीवी, सञ्जीवी, अनुजीवी, प्रजीवी र चिरञ्जीवी नामका पाँचवटा सचिवहरूसँग क्रमैसँग छलफल गर्न सुरु गऱ्यो। सबैभन्दा पहिले उसले आफ्नो उज्जीवी नामका सचिवसँग– "भद्र! यस्ता अवसरमा तिमी कस्तो खालको उपाय अपनाउन उचित सम्झन्छौ?" भनी सोध्यो।

स आह– "राजन्! बलवता सह विग्रहो न कार्यः। यथा स बलवान्कालप्रहर्ता च तस्मात्सन्धानीयः। उक्तञ्च–

उसले पनि– "राजन्! आफूभन्दा बलिया शत्रुसँग विग्रह गर्नुहुँदैन। हाम्रो शत्रु अति नै बलियो छ र उचित मौकामा मात्रै आक्रमण गर्ने किसिमको छ। त्यसैले सन्धिका सहायताले नै उसलाई वशमा पार्नुपर्ला कि" भन्ने कुरो गऱ्यो। भनिएको पनि छ कि–

बलीयसे प्रणमतां काले प्रहरतामपि।
सम्पदो नापगच्छन्ति प्रतीपमिव निम्नगाः॥ ७॥ तथा च–

जसरी नदीहरू आफ्ना प्रवाहभन्दा विपरीत दिशातिर बग्दैनन्, उसै गरी बलियो शत्रुप्रति पनि नम्रताको भाव देखाउने र मौका पर्नासाथ समयअनुसार शत्रुमाथि प्रहार गर्न जान्ने राजाकी राज्यलक्ष्मीले त्यस राजालाई छोडेर कतै अन्यत्र जान्नन्। अरू पनि–

सन्यायो धार्मिकश्चाढ्यो भ्रातृसङ्घातवान्वली।
अनेकविजयी चैव सन्धेयः स रिपुर्भवेत्॥ ८॥

उचित न्यायकर्ता, धार्मिक, धनी, आफन्तहरूले युक्त तथा अनेकौं युद्धहरू जितिसकेका शत्रुपक्षका राजालाई सन्धिकै उपायबाट नियन्त्रण गर्नु उपयुक्त हुन्छ।

सन्धिः कार्योऽप्यनार्येण विज्ञाय प्राणसंशयम्।
प्राणैः सुरक्षितैः सर्वं राज्यं भवति रक्षितम्॥ ९॥

प्राणको सङ्कट आइलागेको कुरालाई बुझेका राजाले त असभ्य एवं नीच शत्रुसँग पनि सन्धि नै गर्नुपर्छ। किनभने प्राणलाई सुरक्षित राख्नसकेपछि राज्य स्वयं नै सुरक्षित रहिहाल्छ नि।

येनानेकयुद्धविजयी स, तेन विशेषात्सन्धेयः। उक्तञ्च–

लाटोकोसेराहरूका त्यस राजाले हामीसँगै भएका पनि अनेकौं युद्धहरू जितेको छ। त्यसैले उसँग सन्धि गर्ने प्रयत्न गर्नु नै उचित होला। भनिएको पनि छ कि–

अनेकयुद्ध विजयी सन्धानं यस्य गच्छति।
तत्प्रभावेण तस्याशु वशं गच्छन्त्यरातयः॥ १०॥

अनेकौं युद्धलाई जितेका राजा जुन व्यक्तिका मित्र बन्न पुग्दछन्, त्यस व्यक्तिका अरू शत्रुहरू पनि उनै विजेताका प्रभावले आफैं नै वशमा आउँछन्।

सन्धिमिच्छेत्समेनापि सन्दिग्धो विजयो युधि।
न हि सांशयिकं कुर्यादित्युवाच बृहस्पतिः॥ ११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बृहस्पतिले भनेका छन् कि– युद्धमा विजय शङ्कास्पद नै हुन्छ। जुन युद्धमा आफ्ना विजयको आशा शङ्कास्पद हुन्छ त्यस्तो युद्धको अवस्था आएको छ भने त्यस युद्धमा राजाले भाग लिनुहुँदैन।

सन्दिग्धो विजयो युद्धे समेनापि हि युद्धताम्।
उपायत्रितयादूर्ध्वं तस्माद्युद्धं समाचरेत्॥ १२॥

युद्धमा विजय शङ्कास्पद नै हुन्छ। त्यसो हुँदा समान बल भएका शत्रुसँगमात्रै युद्ध गर्ने निश्चय गर्नुपर्दछ। जुन युद्धमा आफ्ना विजयको आशा शङ्कास्पद हुन्छ भन्ने जानेर मित्रताका लागि प्रयोग गरिएका साम, दान र भेद यी तीन नीतिहरू असफल भइसकेका छन् भने मात्रै राजाले युद्ध गर्नुपर्दछ।

असन्दधानो मानान्धः समेनापि हतो भृशम्।
आमकुम्भ इवान्येन करोत्युभयसङ्क्षयम्॥ १३॥

आफ्नो अभिमानका कारण अन्धो भएर जुन राजाले आफूसमान बल भएका शत्रुसँग सन्धि गर्दैन, उसले बराबर शक्ति भएका उसै शत्रुबाट आहत भएर आपसमा ठोकिएका माटाका घैलाजस्तो दुवै पक्षको नाश गर्दछ। त्यसैले आफ्नो अभिमान जोगाउनका लागि मात्रै भनेर युद्ध गर्ने निर्णय गर्नुहुँदैन। अरू कुनै उपायले काम नदिँदा मात्रै र शत्रु ज्यादै बलियो छ भने मात्रै बाध्यतावश युद्धको निश्चय गरी दुवैतर्फको विनाश गर्ने निश्चय गर्नुपर्दछ।

समं शक्तिमता युद्धमशक्तस्य हिं मृत्यवे।
दृषत्कुम्भमिवाभित्वा नावतिष्ठेत शक्तिमान्॥ १४॥ अन्यच्च–

बलियो व्यक्तिसँग निर्बल व्यक्तिले लडाइँ गर्न चाहनु भनेको आफैँले आफ्नै काललाई निम्तो दिनुमात्रै हो। जस्तै ढुङ्गो र घैलाका बिचको लडाइँमा ढुङ्गाले माटाका घैलालाई नष्ट नपारीकन छोड्दैन, उसै गरी बलिया शत्रुले आफ्नो कमजोर शत्रुलाई जरैसम्म विनाश नगरीकन छोड्दैन। त्यसैले पनि अरू उपायबाट शत्रुलाई साम्य गर्न सकिन्छ भने निर्बल व्यक्तिले आफूभन्दा बलियो व्यक्तिसँग लडाइँ गर्ने निश्चय गर्नुहुँदैन। कुरो अरू पनि छ कि–

भूमिर्मित्रं हिरण्यं वा विग्रहस्य फलत्रयम्।
नास्त्येकमपि यद्येषां विग्रहं न समाचरेत्॥ १५॥

राज्यको सीमा विस्तार, असल मित्रको प्राप्ति र प्रशस्त धनको उपलब्धि गरी युद्धबाट पाइने फल तीनवटा हुन्छन्। यी तीन किसिमका मध्ये कुनै एउटा मात्रै पनि फल पाउने आशा छैन भने त्यस्ता अवस्थामा युद्ध गर्नुहुँदैन।

खनन्नाखुबिलं सिंहः पाषाणशकलाकुलम्।
प्राप्नोति नखभङ्गं वा फलं वा मूषको भवेत्॥ १६॥

ढुङ्गेनी जमिनमा सुरुङ्ग खनेर दुलाभित्र बसेका मुसाको दुलो खन्ने सिंहले अन्तिममा आफ्नै नङ्गा खियाएर बिगार्नुभन्दा बढ्ता कुनै फल पाउँदैन। यदि त्यसभन्दा बढ्ता उसले केही कुरो पायो भने पनि उसलाई केवल सानो एउटा मुसोमात्रै हात लाग्छ।

तस्मान्न स्यात्फलं यत्र पुष्टं युद्धं तु केवलम्।
तत्र स्वयं तदुत्पाद्य कर्तव्यं न कथञ्चन॥ १७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैले युद्धबाट प्रशस्त फल पाइने आशा नभएमा, केवल युद्ध जित्नका लागि मात्रै युद्ध गर्नु नै कारण बनेको हुन्छ भने त्यस्तो युद्ध खोजेर निम्त्याउनुहुँदैन।

बलीयसा समाक्रान्तो वैतसीं वृत्तिमाचरेत्।
वाञ्छन्नभ्रंशिनीं लक्ष्मीं न भौजङ्गी कदाचन॥ १८॥

बलियो शत्रुद्वारा आफूमाथि आक्रमण भएको छ भने मानिसले बेतको लौरोजस्तो भई झुक्ने व्यवहारलाई अपनाउनुपर्छ। अचल सम्पत्तिको आशा गर्ने व्यक्तिले यस्ता अवस्थामा सर्पको जस्तै फण उठाएर फुङ्कार कहिल्यै गर्नुहुँदैन।

कुर्वन् हि वैतसीं वृत्तिं प्राप्नोति महतीं श्रियम्।
भुजङ्गवृत्तिमापन्नो वधमर्हति केवलम्॥ १९॥

बेतको लौरी झुकेझैं झुक्न जान्ने व्यक्ति मौकामा अकूत सम्पत्तिको अधिकारी बन्न सक्दछ, तर बिनासमयमै सर्पले झैं फणा उठाएर फुङ्कार गर्ने व्यक्ति तुरुन्तै मारिन्छ पनि। अर्थात् मौका नहेरी युद्ध गर्न तम्सने व्यक्तिले आफ्नै काललाई निम्तो दिएको हुन्छ।

कौर्म सङ्कोचमास्थाय प्रहारानपि मर्षयेत्।
प्राप्ते काले च मतिमानुत्तिष्ठेत् कृष्णसर्पवत्॥ २०॥

त्यसो हुँदा मौका नपरेका अवस्थामा बुद्धिमान् व्यक्तिले आफ्ना अङ्गहरू खुम्च्याएर बस्ने कछुवाको जस्तै वृत्तिलाई अपनाएर मौन धारण गरिबस्नुपर्छ र शत्रुका प्रहारलाई पनि धैर्यपूर्वक खपिराख्नुपर्दछ। फेरि अनि जब मौका पर्दछ त्यस बेला नागको जस्तै वृत्ति धारण गरेर शत्रुमाथि आक्रमण गर्न पनि तयार हुनुपर्दछ।

आग्रहं विग्रहं मत्वा सुसाम्ना प्रशमं नयेत्।
विजयस्य ह्यनित्यत्वाद्रभसं च समुत्सृजेत्॥ २१॥ तथा च—

यदि युद्धको स्थिति नै आइलागेको भए पनि सकेसम्म त्यसलाई टार्नका लागि साम नीतिको अवलम्बन नै गर्नु राम्रो हुन्छ। युद्धको विजय पनि अनिश्चित नै हुन्छ भन्ने मानेर युद्धका लागि सकेसम्म ज्यादा उत्साही हुनु पनि हुँदैन। यदि सामनीतिबाट युद्धलाई टार्न सकिन्छ भने युद्धका दुराग्रहलाई तत्कालै छोडिदिनुपर्छ। फेरि पनि—

बलिना सह योद्धव्यमिति नास्ति निदर्शनम्।
प्रतिवातं नहि घनः कदाचिदुपसर्पति" ॥ २२॥

बलिया व्यक्तिसँग युद्ध नै गर्नुपर्छ भन्ने कुराको उदाहरण पनि सर्वत्र पाइँदैन। त्यसैले यो अनिवार्य नीति वा सिद्धान्त पनि होइन। किनभने बादल पनि आफूभन्दा बलियो हावाका अगाडि सर्दैन। ऊ वायुका विपरीत कहिल्यै जाँदैन र अनुकूल दिशातिरमात्रै अघि बढ्दछ" भन्यो।

एवमुज्जीवी सामन्त्रं सन्धिकारं क्लृप्तवान्।

यस किसिमले उज्जीवीले सन्धि गर्नु नै असल हो भन्ने किसिमका सामनीतिलाई अवलम्बन गर्ने परामर्श दियो।

अथ तच्छ्रुत्वा सञ्जीविनमाह— "भद्र! तवाभिप्रायमपि श्रोतुमिच्छामि।"

उज्जीवीका परामर्शलाई सुनिसकेपछि कागहरूका राजाले सञ्जीवीसँग— "भद्र! यस विषयमा म तिम्रो अभिप्राय बुझ्न चाहन्छु" भन्यो।

स आह— "देव! न ममैतत्प्रतिभाति यच्छत्रुणा सह सन्धिः क्रियते। उक्तञ्च यतः—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसले त्यस भनाइका उत्तरमा– "महाराज ! शत्रुसँग सन्धि गरियोस् भन्ने यस किसिमको कुरो मलाई राम्रो लागेन। भनिएको पनि छ कि–

शत्रुणा नहि सन्दध्यात्सुश्लिष्टेनापि सन्धिना।
सुतप्तमपि पानीयं शमयत्येव पावकम्॥ २३॥

अत्यन्त स्नेह प्रकट गर्ने नै होस् अथवा नजिकै आएको नै होस् तापनि शत्रुसँग मित्रता गर्नुहुँदैन। किनभने पानी जतिसुकै उम्लिएको किन नहोस् तर त्यसैले आगोलाई निभाइदिन्छ।

अपरञ्च, स क्रूरोऽत्यन्तलुब्धो धर्मरहितः तत्त्वया विशेषान्न सन्धेयः। उक्तञ्च यतः–

अर्को कुरो यस्तो पनि छ कि– हाम्रो त्यो शत्रु अत्यन्त्र क्रूर र लोभी हुनुका साथसाथै धर्महीन पनि छ। त्यस कारण तपाईंले त्यसको विश्वास गरेर सन्धि गर्नुहुँदैन।

सत्यधर्मविहीनेन न सन्दध्यात्कथञ्चन।
सुसन्धितोऽप्यसाधुत्वादचिराद्याति विक्रियाम्॥ २४॥

असत्य एवं धर्मविहीन शत्रुसँग सन्धि कहिल्यै पनि गर्नुहुँदैन। किनभने त्यसले आफ्नो दुष्ट स्वभावका कारण सन्धिका नियमहरूलाई तोड्दछ र अत्यन्त घनिष्टता राख्ताराख्तै पनि चाँडै नै त्यसमा विकृति ल्याउँछ।

तस्मात्तेन सह योद्धव्यमिति मे मतिः। उक्तञ्च–

अतः त्यससँग युद्ध गर्नु नै अत्यन्त आवश्यक छ। मेरो विचार त यस्तै किसिमको छ। भनिएको पनि छ कि–

क्रूरो लुब्धोऽलसोसत्यः प्रमादी भीरुरस्थिरः।
मूढो युद्धावमन्ता च सुखोच्छेद्यो भवेद्रिपुः॥ २५॥

अत्यन्त क्रूर, लोभी, अल्छी, असत्यवादी, लोसो, डरछेरुवा, चकचके, मूर्ख र युद्धको अवहेलना गर्दै त्यहाँबाट भाग्नेजस्ता शत्रुहरूलाई सजिलैसित नाश गर्न सकिन्छ।

अपरं, तेन पराभूता वयं यदि सन्धानकीर्तनं करिष्यामः, स भूयोऽत्यन्तं कोपं करिष्यति। उक्तञ्च–

अर्को कुरो यस्तो पनि छ कि– हामीहरू उसित पराजित भइसकेका पनि छौं। यस्ता बेलामा हामीले उसका अगाडि सन्धिको प्रस्ताव लिएर गयौं भने ऊ अझै बढी रिसाउनेछ। भनिएको पनि छ कि–

चतुर्थोपायसाध्ये तु रिपौ सान्त्वमपक्रिया।
स्वेद्यमामज्वरं प्राज्ञः कोऽम्भसा परिषिञ्चति ?॥ २६॥

युद्धकै उपायबाट समाधान गरिने अवस्थामा शत्रुका अगाडि शान्ति या सन्धिको प्रस्ताव गर्नु भनेको हानी हुने काम गर्न लाग्नु हो। शत्रुले त्यसलाई आफ्नो हानी हुने कुरो ठान्दछ। किनभने पसिनाको उपचारले निको पारिनुपर्ने आमज्वर निको पार्नका लागि कुनै पनि बुद्धिमान् मानिसले रोगीलाई चिसो पानीले नुहाइदिँदैन।

सामवादाः सकोपस्य शत्रोः प्रत्युत दीपकाः।
प्रतप्तस्येव सहसा सर्पिषस्तोयविन्दवः॥ २७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिसाएका शत्रुका अगाडि राखिएका शान्ति या सन्धिका प्रस्तावले उसका क्रोधलाई कम या शान्त गर्न सक्दैन। बरु उल्टै त्यसलाई ज्यादा उत्तेजित बनाइदिन्छ। किनभने ज्यादै तातेर उम्लिएका घिउमा परेका पानीका थोपाले घिउ सेलाउदैन बरु उल्टै बढी उत्तेजित हुन्छ।

यच्चैष वदति— रिपुर्बलवान् इति, तदप्यकारणम्। यत उक्तञ्च—

यिनले शत्रु ज्यादै बलियो छ भने, तर त्यो पनि त्यति उपयुक्त कुरो मलाई लागेन। किनभने भनिएको पनि छ कि—

सोत्साहशक्तिसम्पन्नो हन्याच्छत्रुं लघुर्गुरुम्।
यथा कण्ठीरवो नागे सुसाम्राज्यं प्रपद्यते॥ २८॥

उत्साहरूपी शक्तिले सम्पन्न व्यक्तिले आफ्ना सानाठूला सबै शत्रुहरूलाई मारेर उनीहरूमाथि आधिपत्य कायम गरेरै छोड्छ। जस्तै सिंहले पनि मत्ता हात्तीलाई मारेर उनीहरूमाथि आफ्नो अधिकार जमाएरै छोड्छ।

मायया शत्रवो वध्या अवध्याः स्युर्बलेन ये।
यथा स्त्रीरूपमास्थाय हतो भीमेन कीचकः॥ २९॥ तथा च—

जुन शत्रुहरू सैन्यशक्तिका बलमा मार्न सकिँदैनन् तिनीहरूलाई मायाको शक्ति प्रयोग गरेर वा झुक्याउने उपाय रचेर मार्न सकिन्छ। भीमसेनले पनि स्त्रीको रूप धारण गरेर नै कीचकलाई मारेका थिए। फेरि पनि—

मृत्योरिवोग्रदण्डस्य राज्ञो यान्ति वशं द्विषः।
शष्पतुल्यं हि मन्यन्ते दयालुं रिपवो नृपम्॥ ३०॥

मृत्युदण्डजस्तै उग्र दण्ड दिने राजाका शत्रुहरू सबै डरले उसका वशमा रहेका हुन्छन् तर दया देखाउने दयालु राजाका शत्रुहरूले राजालाई झारपातजस्तै ठान्छन्।

प्रयात्युपशमं यस्य तेजस्तेजस्वितेजसा।
वृथा जातेन किं तेन मातुर्यौवनहारिणा ?॥ ३१॥

शत्रुको हैकमका अगाडि जुन राजाको हैकम ओझेलमा पर्दछ त्यस्ता राजाको जीवनलाई व्यर्थ ठान्नुपर्दछ। यस्ता व्यक्तिले जन्मिएर पाएको जीवनले आमाको जवानीलाई बिगार्नुभन्दा बढी अर्को कुनै काम गर्दैन।

या लक्ष्मीर्नानुलिप्ताङ्गी वैरशोणित कुङ्कुमैः।
कान्तापि मनसः प्रीतिं न सा धत्ते मनस्विनाम्॥ ३२॥

शत्रुका रगतको लालीले जुन लक्ष्मीको शरीरलाई लिपिएको हुँदैन, ती लक्ष्मी अति नै राम्री भए पनि मनकारी व्यक्तिहरूका लागि स्नेह दिन सक्नै हुँदैनन्।

रिपुरक्तेन संसिक्ता वैरिस्त्रीनेत्रवारिणा।
न भूमिर्यस्य भूपस्य का श्लाघा तस्य जीवने" ॥ ३३॥

जुन राजाको राज्यलाई शत्रुको रगत र उनका स्त्रीहरूका आँसुले भिजाएको हुँदैन, त्यस्ता राजाको प्रशंसा गर्न सकिने के कुरो हुन्छ र ?

एवं सञ्जीवी विग्रहमन्त्रं विज्ञापयामास।

यसै किसिमले सञ्जीवीले युद्ध नै गर्नुपर्छ भनेर परामर्श दियो।

अथ तच्छ्रुत्वानुजीविनमपृच्छत्— "भद्र ! त्वमपि स्वाभिप्रायं निवेदय।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सञ्जीवीको परामर्श सुनेर मेघवर्णले अनुजीवीसँग– "भद्र ! तिमी पनि आफ्नो अभिप्राय के छ ? बताऊ" भनेर सोध्यो।

सोऽब्रवीत्– "देव ! दुष्टः स बलाधिको निर्मर्यादश्च, तत्तेन सह सन्धिविग्रहौ न युक्तौ, केवलं यानमार्हं स्यात्। उक्तञ्च–

उसले– "महाराज ! हाम्रो शत्रु ज्यादै बलियो र दुष्ट छ। त्यो मर्यादाहीन पनि छ। त्यसैले त्यस्तासँग सन्धि वा युद्ध गर्नु दुवै अनुचित हुनेछ। त्यससँग त यान अर्थात् पलायनको उपाय गर्नु नै उचित जस्तो लाग्दछ। भनिएको पनि छ कि–

बलोत्कटेन दुष्टेन मर्यादारहितेन च।
न सन्धिर्विग्रहो नैव विना यानं प्रशस्यते ॥ ३४ ॥

अत्यन्त बलियो, सैन्यदलले सम्पन्न, दुष्ट र मर्यादाहीन शत्रुसँग सन्धि या विग्रहको अवलम्बन गर्नु उचित हुनेछैन र यस्ता अवस्थामा एकमात्र यान अर्थात् पलायन नै ज्यादै काम लाग्दो उपाय हुनेछ।

द्विधाकारं भवेद्यानं भये प्राणप्ररक्षणम्।
एकमन्यज्जिगीषोश्च यात्रालक्षणमुच्यते ॥ ३५ ॥

यान दुई किसिमको हुन्छ। एउटा शत्रुद्वारा आक्रमण गरिँदा ज्यान जोगाउनका लागि उसका अगाडिबाट भाग्नु र अर्को विजयको कामना गर्दै शत्रुमाथि हमला गर्नका लागि यात्रा आरम्भ गर्नु।

कार्तिके वाथ चैत्रे वा विजिगीषोः प्रशस्यते।
यानमुत्कृष्टवीर्यस्य शत्रुदेशे न चान्यथा ॥ ३६ ॥

विजयका कामनाले प्रस्थान गर्ने राजाका लागि कार्तिक अथवा चैत्रका महिनाहरू उपयुक्त हुन्छन्। सबल र पराक्रमी राजाले शत्रुमाथि आक्रमण गर्ने उद्देश्यले यस्तै समयमा प्रस्थान गर्नुपर्दछ। अरू महिनाहरूमा विजययात्राको थालनी गर्नु उति राम्रो हुँदैन।

अवस्कन्दप्रदानस्य सर्वे कालाः प्रकीर्तिताः।
व्यसने वर्तमानस्य शत्रोश्छिद्रान्वितस्य च ॥ ३७ ॥

लुकेर आक्रमण गर्ने राजाका लागि सबै महिनाहरू नै उत्तम हुन्छन्। शत्रुका गोप्य भेदहरू र उसको आपद्कालका विषयमा पत्तो लगाउन सकियो भने जुन समय उपयुक्त देखिन्छ उसै बेला उसमाथि आक्रमण गर्न सकिन्छ।

स्वस्थानं सुदृढं कृत्वा शूरैश्चाप्तैर्महाबलेः।
परदेशं ततो गच्छेत्प्रणिधिव्याप्तमग्रतः ॥ ३८ ॥

आफ्ना किल्लाको सुरक्षाआदिको व्यवस्था गरिसकेपछि बलिया एवं विश्वस्त योद्धाहरूका साथ गुप्तचरहरूलाई अघि लगाएर शत्रुका देशमा आक्रमण गर्न प्रस्थान गर्नुपर्दछ।

अज्ञातवीवधासारतोयसस्यो व्रजेत्तु यः।
परराष्ट्रं स नो भूयः स्वराष्ट्रमधिगच्छति ॥ ३९ ॥

जुन राजा उचित किसिमका बाटाहरू पत्ता नलगाईकन र मित्रहरूको सहयोग नलिईकन, खाद्यसामग्री एवं पिउने पानीको जानकारी र बन्दोबस्त नमिलाईकन शत्रुमाथि आक्रमण गर्न तम्सिन्छ, ऊ फेरि आफ्ना देशमा फर्किएर आउँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततो युक्तं कर्तुमपसारणम्। अन्यच्च—

त्यसैले यस बेला आत्मरक्षाका लागि भाग्नु नै सबैभन्दा उत्तम उपाय हुनेछ" भनेर उसले राजालाई बतायो। अरू पनि—

न विग्रहो न सन्धानं बलिना तेन पापिना।
कार्यलाभमपेक्ष्यापसरणं क्रियते बुधैः ॥ ४० ॥ उक्तञ्च यतः—

बलियो र पापी त्यस दुष्ट शत्रुसँग सन्धि या युद्ध गर्नु दुवै काम अनुपयुक्त हुनेछन्। त्यसैले आफ्नो काम सजिलोसँग समाधान गर्नका लागि यस बेला हामीले भाग्नु नै उत्तम हुन्छ। किनभने भनिएको पनि छ कि—

यदपसरति मेषः कारणं तत्प्रहर्तुं
मृगपतिरपि कोपात्सङ्कुचत्युत्पतिष्णुः।
हृदयनिहितवैराः गूढमन्त्रप्रचाराः
किमपि विगणयन्तो बुद्धिमन्तः सहन्ते ॥ ४१ ॥ अन्यच्च—

युद्धक्षेत्रमा कस्सिएको भेडो यदि पछि हटेको देखिन्छ भने पनि ऊ युद्धबाट डराएर भागेको होइन। उसका त्यस्तो भगाइ शत्रुपक्षमाथि झन ठूलो तयारीका साथ आक्रमण गर्नका लागि मात्रै हो। रिसले चुर भएर आक्रमण गर्नलाई तयारी गर्न लाग्दा जङ्गलको राजा सिंहले पनि आफ्नो शरीर झन धेरै मात्रामा खुम्चयाएर सानो पार्दछ। आफ्ना मनमा भएको शत्रुताको भावलाई विचार गर्दै आक्रमणका लागि गोप्य रूपमा योजनाहरू बनाएर पनि बुद्धिमान् र बलवान् राजाले केही सोचेर शत्रुका आक्रमणलाई सहन गरेका हुन्छन् अथवा पलायन गरेका हुन्छन्। त्यस्ता व्यक्तिहरू मौका परेका अवस्थामा गतिलो किसिमको हमला गर्न भने पछि हट्दैनन्। अरू पनि—

बलवन्तं रिपुं दृष्ट्वा देशत्यागं करोति यः।
युधिष्ठिर इवाप्नोति पुनर्जीवन्स मेदिनीम् ॥ ४२ ॥

समयको प्रतीक्षा गर्दै कुनै राजा आफ्ना बलवान् शत्रुका अगाडिबाट भाग्ने गर्दछन् भने उनीहरूले युधिष्ठिरको जस्तै गरी यसै जुनीमा आफ्नो राज्य फिर्ता पनि गर्न सक्दछन्।

युद्ध्यतेऽहङ्कृतिं कृत्वा दुर्बलो यो बलीयसा।
स तस्य वाञ्छितं कुर्यादात्मनश्च कुलक्षयम् ॥ ४३ ॥

जुन राजा अहङ्कारका कारणले आफ्नो शक्तिलाई विचारै नगरी आफूभन्दा शक्तिशाली शत्रुसँग युद्ध गर्नका लागि तम्सिएर जान्छन्, तिनले आफ्नो कुलको नाश त गर्दछन् नै त्यसका साथसाथै शत्रुको इच्छालाई पनि पूरा गरिदिन्छन्। अर्थात् आफ्नो विवेकको कमीले नै शत्रुलाई आफूमाथि सहजै विजय हासिल गर्ने मौका दिन्छन्।

तद् बलवताभियुक्तस्यापसरणसमयोऽयं न सन्धेर्विग्रहस्य च।" एवमनुजीविमन्त्रोऽप-सरणस्य।

त्यसैले बलियो र आक्रमण गर्नमा पल्किएका शत्रुका सामुबाट भाग्नका लागि नै यो समय उपयुक्त रहेको छ। यो युद्ध वा सन्धिको समय होइन" भन्ने यस किसिमका कुरा गरेर अनुजीवीले भाग्नुपर्ने रायसुझाव नै दियो।

अथ तस्य वाक्यं समाकर्ण्य प्रजीविनमाह— "भद्र! त्वमप्यात्मनोऽभिप्रायं वद।"

अनुजीवीको कुरो सुनिसकेपछि मेघवर्णले प्रजीवीसँग— "महोदय! तिमी पनि आफ्नो अभिप्राय खुलस्त पारेर बताऊ" भनेर सल्लाह माग्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोऽब्रवीत्— "देव ! मम सन्धिविग्रहयानानि त्रीण्यपि न प्रतिभान्ति। विशेषत आसनं प्रतिभाति। उक्तञ्च यतः—

उसले— "महाराज ! मलाई सन्धि, विग्रह र यान यी तीनैवटा कुरा मन परेका छैनन्। यस परिस्थितिमा हामीले आसन नामको उपाय अर्थात् आफ्नै किल्लामा लुकेर बसी आक्रमणका लागि मौका पर्खने नीतिलाई अपनाउनु उचित होलाजस्तो लाग्दै छ। किनभने भनिन्छ कि—

नक्रः स्वस्थानमासाद्य गजेन्द्रमपि कर्षति।
स एव प्रच्युतः स्थानाच्छुनापि परिभूयते॥ ४४॥ अन्यच्च—

गोहीले आफ्नै ठाउँमा बसेर पनि ठूल्ठूला मत्ता हात्तीहरूलाई पनि तानेर वशमा पार्न सक्दछ, तर त्यही प्राणी आफ्नो ठाउँबाट हटेर पानीदेखि बाहिर आयो भने एउटा साधारण कुकुरबाट पनि पराजित हुन्छ। अरू पनि—

अभियुक्तो बलवता दुर्गे तिष्ठेत् प्रयत्नवान्।
तत्रस्थः सुहृदाह्वानं प्रकुर्वीतात्ममुक्तये॥ ४५॥

बलवान् शत्रुबाट आक्रान्त भएपछि राजाले आफ्नो किल्लालाई छोडेर हिंड्नु हुँदैन। उनले आफ्नै किल्लाभित्र बसेर शत्रुका आक्रमणको प्रतीक्षा गर्नुपर्दछ र आफ्नो पनि सुरक्षाको उपाय सोचेर आत्मरक्षाका लागि निरन्तर प्रयत्नशील हुनुपर्छ। आफ्नै किल्लाभित्र बसिरहेर नै उनले आत्मरक्षाका लागि मित्र र हितैषीहरूलाई सहयोगका लागि निमन्त्रित पनि गरिरहनुपर्छ।

यो रिपोरागमं श्रुत्वा भयसन्त्रस्तमानसः।
स्वस्थानं सन्त्यजेत्तत्र न स भूयो विशेन्नरः॥ ४६॥

शत्रुको आक्रमणका विषयमा सोच्नेबित्तिकै जुन मानिसले डराएर आफ्नो ठाउँ छोडेर भाग्दछ, त्यस मानिसले अर्कोपटक कहिल्यै पनि त्यस ठाउँमा फेरि प्रवेश गर्न पाउँदैन।

दंष्ट्राविरहितः सर्पो मदहीनो यथा गजः।
स्थानहीनस्तथा राजा गम्यः स्यात्सर्वजन्तुषु॥ ४७॥

जस्तै दाँत नभएका सर्प र मद नभएको हात्ती असक्त र सबैले ठुङ्नेलायक हुन्छन् उसै गरी किल्लाको आश्रय नभएका राजा पनि सबै प्राणी र सानाठूला शत्रुबाट पनि हेपिने र दमन गरिने किसिमको हुन्छ।

निजस्थानस्थितोऽप्येकः शतं योद्धुं सहेन्नरः।
शक्तानामपि शत्रूणां तस्मान्स्थानं न सन्त्यजेत्॥ ४८॥

आफ्ना ठाउँमा बसेको एउटै व्यक्ति सैयौं सशक्त शत्रुहरूलाई युद्धमा पछार्नका लागि सक्षम हुन्छ त्यसैले राजाले आफ्नो ठाउँ र किल्लालाई कहिल्यै पनि परित्याग गर्नुहुँदैन।

तस्माद् दुर्गं दृढं कृत्वा वीवधासारसंयुतम्।
प्राकारपरिखायुक्तं शस्त्रादिभिरलङ्कृतम्॥ ४९॥

त्यसैले धन, धान्य, मित्र, सैन्य, किल्ला, घेराबन्दी र हातहतियारले आफ्नो किल्लालाई सुसज्जित एवं सुरक्षित बनाएर तपाईं त्यसैमा बसिरहनुपर्छ। त्यस ठाउँमा बसेर शत्रु आउनेबित्तिकै आक्रमण गर्नका लागि पर्खनुपर्छ।

तिष्ठ मध्यगतो नित्यं युद्धाय कृतनिश्चयः।
जीवन् सम्प्राप्स्यसि क्ष्मान्तं मृतः स्वर्गमवाप्स्यसि॥ ५०॥ अन्यच्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रत्याक्रमणका लागि युद्ध गर्ने तयारीमा दृढप्रतिज्ञ भएर तपाईं किल्लाको बिचमा निवास गर्नुहोस्। यदि युद्धमा जीवित बचिरहियो भने संसारको समस्त एकछत्र साम्राज्य भोग गर्न तपाईंले पाउनुहुनेछ र संयोगवश मृत्यु नै भएछ भने पनि स्वर्ग पक्का पाइन्छ। अरू पनि–

बलिनापि न बाध्यन्ते लघवोऽप्येकसंश्रयाः।
विपक्षेणापि मरुता यथैकस्थानवीरुधः॥ ५१॥

"एकीकृत भएर सङ्गठित रूपमा रहनाले शक्तिहीन मानिसहरू पनि सबल मानिसबाट समेत पराजित हुँदैनन्। जस्तै एकमुष्ट भएका लहराहरू विपरीत दिशाबाट हावा लाग्दासमेत तिनीहरूलाई उडाउन सक्दैन।

महानप्येकको वृक्षो बलवान् सुप्रतिष्ठितः।
प्रसह्यैव हि वातेन शक्यो धर्षयितुं यतः॥ ५२॥

एक्लो रहने हुँदा निकै ठूल्ठूला, अग्ला र बलिया रुखहरू पनि एक्लो रहेका हुनाले त्यसै हावाका झोँकाले धर्तीबाट उखेलिएर जमिनमा ढल्न पुग्दछन्।

अथ ये संहता वृक्षाः सर्वतः सुप्रतिष्ठिताः।
न ते शीघ्रेण वातेन हन्यन्ते ह्येकसंश्रयात्॥ ५३॥

जुन रुखहरू आपसमा एकअर्कासँग गाँसिएर चारैतिर पङ्क्तिबद्ध भई उभिएका हुन्छन् तिनीहरू आपसमा गाँसिएका भएका कारणले गर्दा आँधीहुरीबाट उखेलिएका हुँदैनन्।

एवं मनुष्यमप्येकं शौर्येणापि समन्वितम्।
शक्यं द्विषन्तो मन्यन्ते हिंसन्ति च ततः परम्"॥ ५४॥

अत्यन्त बलवान् एवं पराक्रमी भए पनि एक्ला व्यक्तिलाई असहाय देखेपछि उसका शत्रुहरूले उसलाई हेप्न थाल्दछन् र मौका पर्नासाथ त्यसको विनाश पनि गरेरै छाड्दछन्" भन्दै ....

एवं प्रजीविमन्त्रः। इदमासनसंज्ञकम्।

आसन भन्ने उपायलाई अपनाउनुपर्छ भन्ने आफ्नो मत प्रजीवी नामका मन्त्रीले राजासमक्ष प्रस्तुत गऱ्यो।

एतत्समाकर्ण्य चिरञ्जीविनं प्राह– "भद्र! त्वमपि स्वाभिप्रायं वद।"

प्रजीवीको कुरो सुनिसकेर कागका राजाले चिरञ्जीवीसँग– "भद्र! तिमी पनि आफ्नो अभिप्राय के छ सुनाऊ" भन्यो।

सोऽब्रवीत्– "देव! षाड्गुण्यमध्ये मम संश्रयः सम्यक् प्रतिभाति। तत्तस्यानुष्ठानं कार्यम्। उक्तञ्च–

चिरञ्जीवीले– "महाराज! सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रयहरूमध्ये मलाई त संश्रय नै सबैभन्दा उत्तम उपाय हो जस्तो लाग्दछ। अतः त्यसैको प्रयोग गर्नुपर्छ। भनिएको पनि छ कि–

असहायः समर्थोऽपि तेजस्वीं किं करिष्यति।
निर्वाते ज्वलिते वह्निः स्वयमेव प्रशाम्यति॥ ५५॥

बलियो, शक्तिशाली, प्रतापी जस्तोसुकै भए पनि असहाय अवस्थामा रहेका एक्ला व्यक्तिले केही पनि गर्न सक्दैन। हावा नभएका ठाउँमा बलेको आगो जसरी आफैँ निभ्दछ उसै गरी मित्रहीन र एक्लो राजा पनि शत्रुहरूद्वारा पराजित हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सङ्गतिः श्रेयसी पुंसां स्वपक्षे च विशेषतः।
तुषैरपि परिभ्रष्य न प्ररोहन्ति तण्डुलाः॥ ५६॥

मानिसका लागि मित्रता सधैँ नै हितकारी रहेको हुन्छ। यदि उसले आफ्ना आत्मीय व्यक्तिका लागि केही गर्दछ भने त्यो झन उत्तम कुरो हुन्छ। जस्तै भुसका अभावमा चामलमा मात्रै टुसो पलाउन र त्यो उम्रिन सक्दैन उसै गरी मित्रका अभावमा मानिस पनि अघि बढ्न सक्दैन।

तदत्रैव स्थितेन त्वया कश्चित्समर्थः समाश्रयणीयो यो विपत्प्रतीकारं करोति। यदि पुनस्त्वं स्वस्थानं त्यक्त्वान्यत्र यास्यसि, तत्कोऽपि ते वाङ्मात्रेणापि सहायत्वं न करिष्यति। उक्तञ्च—

त्यसो हुँदा महाराज! तपाईंले किल्लाभित्रै बसेर पनि कुनै शक्तिशाली सहायकको आश्रय लिनुपर्छ। त्यस उपायले नै तपाईंका यस आपद्को समाधान गर्दछ। यदि तपाईंले आफ्नो किल्ला छोडेर कतै अन्यत्र जानुभयो भने कसैले वचनले मात्रै पनि तपाईंको सहायता गर्नेवाला छैनन्। भनिएको पनि छ कि—

वनानि दहतो वह्नेः सखा भवति मारुतः।
स एव दीपनाशाय कृशे कस्यास्ति सौहृदम्॥ ५७॥

जङ्गल भस्म पार्ने डढेलाको साथी त हावा पनि हुन्छ, तर सानो र कमजोर हुनाले त्यही हावाले शत्रु बनेर दियोलाई चाहिँ निभाइरहेको हुन्छ। त्यसो हुँदा अरूले पनि बलियो व्यक्तिको नै सहायता गर्दछन् र कमजोर व्यक्तिप्रति कसैको पनि सौहार्द्र व्यवहार हुँदैन भन्ने कुरो स्पष्ट हुन्छ।

अथवा नैतदेकान्तं, यद्बलिनमेकं समाश्रयेत्। लघूनामपि संश्रयो रक्षायै एव भवति। उक्तञ्च— यतः—

अथवा बलिया व्यक्तिको नै सहयोग लिइयोस् भन्ने पनि कुनै आवश्यक छैन। त्यसका सट्टामा सानातिना मानिसहरूकै समूहको आश्रय लिँदा पनि रक्षा गर्न सक्ने स्थिति हुन्छ। यसैले यस्तो भनिएको पनि छ कि— जस्तै—

सङ्घातवान्यथा वेणुर्निबिडो वेणुभिर्वृतः
न शक्यः स समुच्छेत्तुं दुर्बलोऽपि तथा नृपः॥ ५८॥

अनेकौँ ससाना बाँसहरूले वरिपरिबाट छेकिएर बसेको घारीका भित्रतिरको ठूलो बाँसलाई उति सजिलो गरी काट्न सकिँदैन। त्यसै गरी कमजोर नै कमजोरहरूका जनसमुदायले घेरिएर बसेको भए तापनि त्यस्तो राजालाई शत्रुले उति सहजै पराजित र विनाश गर्न सक्दैनन्।

यदि पुनरुत्तमसंश्रयो भवति तत्किमुच्यते! उक्तञ्च—

संयोगले उत्तम किसिमका र बलिष्ठ व्यक्तिको संश्रय पाइयो भने त्यो पनि झन राम्रै हुन्छ। त्यसका विषयमा केही भन्नु त आवश्यक पनि छैन। भनिएको पनि छ कि—

महाजनस्य सम्पर्कः कस्य नोन्नतिकारकः।
पद्मपत्रस्थितं तोयं धत्ते मुक्ताफलश्रियम्॥ ५९॥

महापुरुषहरूको सङ्गत गर्नाले कसलाई पो उन्नतिमा सहायता मिल्दैन र, जस्तै पद्मपत्रसँग रहेका पानीका थोपाले पनि मोतीको जस्तै सुन्दर रूपआकार धारण गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदेवं संश्रयं विना न कश्चित्प्रतीकारो भवति। तस्मात्संश्रयः कार्य इति मेऽभिप्रायः" एवं चिरञ्जीविमन्त्रः।

त्यसो हुनाले कसैको पनि सहायता नलिईकन शत्रुको प्रतीकार राम्रोसँग गर्न सकिँदैन। त्यसैले कसैको आश्रय अवश्य पनि लिनुपर्दछ। मेरो त विचार यस्तै छ।" भन्दै चिरञ्जीवीले आफ्नो विचारमा संश्रय लिनुपर्ने उपाय खोज्नका लागि राजालाई रायसल्लाह दियो।

अथैवमभिहिते स मेघवर्णो राजा चिरन्तं पितृसचिवं दीर्घदर्शिनं सकलनीतिशास्त्रपारङ्गतं स्थिरजीविनामानं प्रणम्य प्रोवाच– "तात ! यदेते मया पृष्टाः सचिवास्तावदत्र स्थितस्यापि तव, तत्परीक्षार्थं येन त्वं सकलं श्रुत्वा यदुचितं तन्मे समादिशसि। तद्यद्युक्तं भवति, तत्सादिश्यताम्।"

चिरञ्जीवीको कुरो सुनेर मेघवर्ण नामका कागका त्यस राजाले ज्यादै वयोवृद्ध, दूरदर्शी, सबै किसिमका राजनीतिमा पारङ्गत र आफ्ना बाबुका जमानादेखि नै सचिवको पदमा नियुक्त भएर काम गरिआएका स्थिरजीवी नाम भएका अर्का एक सचिवलाई प्रणाम गर्दै विनम्र भावले– "बाजे ! तपाईं यहाँ उपस्थित रहेकै अवस्थामा मैले यी सबै सचिवहरूसँग जेजस्तो प्रश्न गरेको छु त्यो सबै यिनीहरूको बुद्धि जाँच्नका लागि पनि गरिएको थियो। यसबाट यी सबैको राय र उत्तरलाई सुनिसकेपछि राम्रोसँग विचार गर्नसकियोस् भनेर पनि थियो। अव मैले अपनाउनयोग्य उपाय जस्तो हुन्छ त्यसको उचित मार्गदर्शन मलाई गराउनुहोस्। तपाईंले यी सबैको विचार पनि सुन्नुभएको छ। त्यसैले अब मलाई जे गर्नु उचित र सबैका लागि जे गर्दा हितकारी हुन्छ त्यस कामको सल्लाह दिनुहोस्" भन्दै सुझाव माग्यो।

स आह– "वत्स ! सर्वैरप्येतैर्नीतिशास्त्राश्रयमुक्तं सचिवैः तदुपयुज्यते स्वकालोचित सर्वमेव। परमेष द्वैधीभावस्य कालः। उक्तञ्च–

स्थिरजीवीले– "बाबु ! यी सबै मन्त्रीहरूले नीतिअनुसारको कुराको परामर्श दिएका छन्। आआफ्ना समयको अनुसार सबै परामर्शहरू ग्रहण गर्नयोग्य र लाभदायक पनि छन्। तर पनि वर्तमान परिस्थिति द्वैधीभावको रहेको छ। त्यसैले द्वैधीभावको उपाय अवलम्बन गर्नु नै यस समयका लागि उपयुक्त हुन्छ। भनिएको पनि छ कि–

अविश्वासं सदा तिष्ठेत्सन्धिना विग्रहेण च।
द्वैधीभावं समाश्रित्य पापे शत्रौ बलीयसि॥ ६०॥

दुष्ट र बलवान् शत्रुका लागि द्वैधीभावको व्यवहारलाई नै अँगालेर उसमा अविश्वस्त रूपमा सन्धिको भान पार्दै गर्नुपर्दछ र भित्रभित्रै युद्धको तयारी पनि गर्दै रहनुपर्दछ।

ततः स्वयमविश्वस्तैर्लोभं दर्शयद्भिः शत्रुर्विश्वास्य सुखेनोच्छिद्यते। उक्तञ्च–

आफूचाहिँ उप्रति विश्वस्त नरहँदै विभिन्न किसिमका प्रलोभनहरू देखाएर शत्रुका हृदयमा विश्वास उत्पन्न गराउनुपर्छ। विश्वस्त भइसकेपछि शत्रुलाई धोका दिएर सजिलैसँग मार्न पनि सकिन्छ। भनिएको पनि छ कि–

उच्छेद्यमपि विद्वांसो वर्धयन्त्यरिमेकदा।
गुडेन वर्धितः श्लेष्मा सुखं वृद्ध्या निपात्यते॥ ६१॥

जस्तै सख्खरद्वारा बढाउँदै लगिएको कफलाई जसरी एक्कासी खसाउने गरिन्छ, उसै गरी शत्रुलाई पनि पहिले माथि चढाउँदै लानुपर्दछ र अचानक तल पछार्नुपर्दछ। त्यसैले बुद्धिमान् व्यक्तिहरू शत्रुलाई पहिले एकपटक अघि बढ्ने मौका दिने गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीणां शत्रोः कुमित्रस्य पण्यास्त्रीणां विशेषतः ।
यो भवेदेकभावेन न स जीवति मानवः ॥ ६२ ॥

स्त्री, शत्रु, कुमित्र र वेश्यासँग विश्वास गरेर ढुक्कसँग कुराकानी गर्ने र व्यवहार गरिरहने व्यक्ति धेरै दिनसम्म बाँच्दैन ।

कृत्यं देवद्विजातीनामात्मनश्च गुरोस्तथा ।
एकभावेन कर्तव्यं शेषं भावद्वयाश्रितैः ॥ ६३ ॥

देवकृत्य, द्विजकृत्य, आत्मकृत्य तथा गुरुकृत्य गरी जम्मा यी चार कृत्यहरूलाई भने विश्वस्त भावले गर्नुपर्दछ । बाँकी सबै कृत्यहरू द्वैधीभावभित्रै रहेर गर्नुपर्दछ ।

एको भावः सदा शस्तो यतीनां भावितात्मनाम् ।
श्रीलुब्धानां न लोकानां विशेषेण महीभृताम् ॥ ६४ ॥

सन्यासी, आत्माज्ञानी तथा साधु वा सज्जनहरूप्रति विश्वस्तभाव राखेर व्यवहार गर्नु उचित हुन्छ । धनका लोभी र राजाहरूप्रति भने विश्वासको भाव राखेर रहनु उचित हुँदैन ।

तद् द्वैधीभावसंश्रितस्य तव स्वस्थाने वासो भविस्यति, लोभाश्रयाच्च शत्रुमुच्चाटयिष्यसि । अपरं यदि किञ्चिच्छिद्रं तस्य पश्यसि तद्गत्वा व्यापादयिष्यसि ।"

द्वैधीभावलाई अवलम्बन गरेर सबैभन्दा पहिले त तपाईंले आफ्नै किल्लामा बस्नुपर्दछ र यहाँबाट शत्रुलाई लोभ्याउँदै त्यसको सर्वनाश पनि गर्न सक्नुहुन्छ । अझ उसका अरू कुनै कमजोरीका स्थानहरू कतैबाट फेला पार्नुभयो भनेदेखि त त्यहीँ गएरै पनि उसको उच्छितो पार्न सक्नुहुनेछ " भन्यो ।

मेघवर्ण आह– "तात ! अहमविदितसंश्रयस्तस्य । तत्कथं तस्य छिद्रं ज्ञास्यामि ?"

मेघवर्णले– "बाजे ! म त त्यसको बस्ने ठेगाना पनि जान्दिनँ, त्यसो हुँदा उसका कमी कमजोरीहरू कसरी जान्दछु र ?" भनेर सोध्यो ।

स्थिरजीव्याह– "वत्स ! न केवलं स्थानं, छिद्राण्यपि तस्य प्रकटीकरिष्यामि प्रणिधिभिः । उक्तञ्च–

स्थिरजीवीले– "बाबु ! केवल उसको ठेगानामात्रै होइन, उसका कमीहरू पनि म गुप्तचरहरू लगाएर पत्तो लगाइदिऊँला । भनिएको पनि छ कि–

गावो गन्धेन पश्यन्ति, वेदैः पश्यन्ति वै द्विजाः ।
चारैः पश्यन्ति राजानश्चक्षुर्भ्यामितरे जनाः ॥ ६५ ॥ तथा चोक्तमत्र विषये–

गाईआदि पशुहरूले गन्ध सुँघेका भरमा देख्छन् वा थाहा पाउँछन्, ब्राह्मणहरूले वेद र स्मृतिका ज्ञानले देख्दछन् वा जान्दछन्, राजाहरू गुप्तचरबाट देख्दछन् र साधारण मानिसहरू आँखाले हेरेर देख्दछन् वा जान्दछन् । यस विषयमा शास्त्रमा पनि भनिएको छ कि–

यस्तीर्थानि निजे पक्षे परपक्षे विशेषतः ।
आप्तैश्चारैर्नृपो वेत्ति न स दुर्गतिमाप्नुयात् ॥ ६६ ॥

जुन राजा आफ्ना पक्षका र शत्रु पक्षका तीर्थको जानकारी लिन्छन् अथवा राजकर्मचारी र अधिकारीहरूका विषयमा जानकारी हासिल गरिरहन्छन्, तिनले कहिल्यै पनि दुःख पाउँदैनन् ।

मेघवर्ण आह, "तात ! कानि तीर्थान्युच्यन्ते, कतिसङ्ख्यानि च ? कीदृशाः गुप्तचराः ? तत्सर्वं निवेद्यताम्" इति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेघवर्णले– "बाजे ! तीर्थ केलाई भन्दछन्, ती कति किसिमका हुन्छन् र गुप्तचर कस्ता हुन्छन् ? स्पष्ट गरी बताउनुहोस्" भन्दै आग्रहपूर्वक सोध्यो।

स आह– "अत्र विषये भगवता नारदेन युधिष्ठिरः प्रोक्तः, यच्छत्रुपक्षेऽष्यदश तीर्थानि, स्वपक्षे पञ्चदश, त्रिभिस्त्रिभिर्गुप्तचरैस्तानि ज्ञेयानि, तैर्ज्ञातैः स्वपक्षः परपक्षश्च वश्यो भवति। नारदेन युधिष्ठिरं प्रति उक्तञ्च–

स्थिरजीवीले– "यस विषयमा भगवान् नारदले युधिष्ठिरसँग भनेका थिए कि– शत्रुपक्षमा अठारवटा तीर्थ हुन्छन् र आफूतर्फ पन्ध्रवटा तीर्थ हुन्छन्। ती सबै तीर्थहरूलाई तीन-तीनवटा गुप्तचरहरूबाट जान्न सकिन्छ। तिनीहरूको जानकारी भइसकेपछि आफ्नो र शत्रुको दुवै पक्षलाई सजिलैसँग आफ्ना वशमा पार्न सकिन्छ। नारदले युधिष्ठिरलाई भनेका पनि थिए कि–

रिपोरष्यदशैतानि स्वपक्षे दशपञ्च त्र।
त्रिभिस्त्रिभिरवविज्ञातैर्वेत्सि तीर्थानि चारकैः ॥ ६७ ॥

शत्रुपक्षमा अठारवटा तीर्थहरू हुन्छन् र आफ्ना पक्षमा पन्ध्रवटा तीर्थहरू हुन्छन्, तीनतीनवटा अज्ञात गुप्तचरहरूबाट तिनीहरूको जानकारी लिनुपर्दछ।

तीर्थशब्देनात्र आयुक्तकर्माभिधीयते। तद्यदि तेषां कुत्सितं भवति, तत्स्वामिनोऽभिघाताय भवति। प्रधानं भवति, तद्वृद्धये स्यादिति।

राजनीतिमा तीर्थ भनेको राजकाज चलाउने सुविधाका लागि भिन्नभिन्न किसिमका जिम्मेदारी दिइएर राखिएका अधिकारसम्पन्न व्यक्तिहरू हुन्। अतः यसको अर्थ राजाका सेवक र राजाको कार्य भन्ने बुझ्नुपर्दछ। यदि राज्यका विभिन्न विभागहरूमा राजाका उत्तम काम हुन सकेनन् भने त्यसबाट राजाको नै विनाश हुन्छ। यदि विभिन्न भागविभागहरूमा उत्तम किसिमका कामहरू सुचारु रूपले चल्न गएमा त्यस्ता कामले राजाको उन्नति हुन्छ। शत्रुपक्षका राजाका विभिन्न विभागहरूको सञ्चालन गर्ने अधिकारीहरूका नाम मन्त्री, पुरोहित, सेनापति, युवराज, दौवारिक, अन्तर्वंशिक, प्रशास्ता, समाहर्ता, सन्निधाता, प्रदेष्टा, अश्वाध्यक्ष, गजाध्यक्ष, सभाध्यक्ष, बलाध्यक्ष, कोषाध्यक्ष, दुर्गपाल, सीमापाल, अन्य प्रमुख भृत्य गरी जम्मा गरी यी अठार किसिमका हुन्छन् र यिनको गोप्य रहस्यबारे जानकारी राख्नाले शत्रुलाई सजिलैसँग आफ्ना नियन्त्रणमा राख्न सकिन्छ।

स्वपक्षे च– देवी, जननी, कञ्चुकी, मालिकः, शय्यापालक, स्पशाध्यक्ष, सांवत्सरिक, भिषक्, जलवाहक, ताम्बुलवाहक, आचार्य, अङ्गरक्षक, स्थानचिन्तक, छत्रचार, विलासिनी। एतेषां द्वारेण स्वपक्षे विघातः। उक्तञ्च–

नर्तकी आफ्ना पक्षका विभागका मुख्य व्यक्तिहरू भनेका रानी, राजमाता, कञ्चुकी, मालाकार, शय्यापालक, गुप्तचराध्यक्ष, सांवत्सरिक, वैद्य, जलवाहक, ताम्बुलवाहक, आचार्य, अङ्गरक्षक, नर्तकी आदि पन्ध्र जना हुन्छन्। यिनीहरूबाट आफ्ना पक्षको विनाश पनि हुन सक्दछ र हुन सक्ने विनाशको रोकथाम पनि हुन सक्दछ।

वैद्यसांवत्सराचार्यः स्वपक्षेऽधिकृताश्चराः।
तथाहितुण्डिकोन्मत्ताः सर्वं जानन्ति शत्रुषु ॥ ६८ ॥ तथा च–

वैद्यले औषधि गर्ने निहुँमा, सांवत्सरिकले भूतभविष्य हेर्ने निहुँमा, आचार्यले शिक्षा दिने निहुँमा, विश्वस्त गुप्तचरले अन्य कुनै काम गर्ने निहुँमा, अहितुण्डिकले विभिन्न चटकहरू देखाउने तथा विक्षिप्तले होसै नपाएर बर्बराएझैं गरी विभिन्न वेशमा घुम्ने गुप्तचरहरू यिनले शत्रुपक्षका राजाका सबै दोषहरू पहिल्याउन सक्दछन्। अरू पनि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृत्वा कृत्यविदस्तीर्थेष्वन्तः प्रणिधयः पदम्।
विदाङ्कुर्वन्तु महतस्तलं विद्विषदम्भसः ॥ ६९ ॥

जसरी सिपालु व्यक्तिले भ्याङ वा अरू कुनै नाप्ने यन्त्रका सहायताले समुद्रका अथाह पानीको पनि गहिराइ पत्ता लगाउन सक्दछन्, उसै गरी कार्यकुशल एवं दक्ष गुप्तचरले शत्रुपक्षका अधिकारीहरूका माध्यमबाट विभिन्न विभागको गहिराइसम्म पुगेर तिनको गुप्त भेदलाई पत्तो लगाउने कुरो जान्न सक्दछन्।

एवं मन्त्रीवाक्यमाकर्ण्यात्रान्तरे मेघवर्ण आह– "तात ! अथ किं निमित्तमेवं विधं प्राणान्तिकं सदैव वायसोलूकानां वैरम् ?"

मन्त्रीको त्यस्तो खालको कुरो सुनेपछि मेघवर्णले– "बाजे ! काग र उल्लुका बिचमा पनि यस्तो शत्रुको पूरै वंश नै सखाप पार्ने कुनै शत्रुता भएको छ र ?" भनेर सोध्यो।

स आह– "वत्स !–

अनि स्थिरजीवीले भन्न थाल्यो–

काकोलूकवैरकथा

कदाचिद्धंसशुकबककोकिलचातकोलूककपोतपारावतविष्किरप्रभृतयः सर्वेऽपि पक्षिणः समेत्य सोद्वेगं मन्त्रयितुमारब्धाः– "अहो ! अस्माकं तावद्वैनतेयो राजा, स च वासुदेवभक्तः, न कामपि चिन्तामस्माकं करोति, तत्किं तेन वृथा स्वामिना ? यो लुब्धकपाशैर्नित्यं निबध्यमानानां न रक्षां विधत्ते। उक्तञ्च–

काग र उल्लुको शत्रुता

कुनै समयमा हाँस, सुगा, बकुल्लो, कोइली, काकाकुल, ढुकुर, परेवा, कुखुरा आदि सबै किसिमका प्रमुख चराहरूले जम्मा भएर आपसमा एउटा सभा गरे। त्यस बेला तिनीहरू सबैले दुःखी हुँदै गरुडजी हाम्रा राजा त हुन् तर उनी विष्णु भगवान्का भक्त पनि भएकाले उनले कहिल्यै हाम्रा विषयमा चिन्ता लिन सकेका छैनन्। त्यसैले व्याधाका पासोमा सधैँ चराहरू पर्दै छटपटाएर मरिरहँदा पनि उनले त्यसको रोकथामका लागि केही गरेनन्, यस्ता व्यर्थका राजाबाट हामीलाई के लाभ छ र ? भनिएको पनि छ कि–

यो न रक्षति वित्रस्तान् पीड्यमानान्परैः सदा।
जन्तुन् पार्थिवरूपेण स कृतान्तो न संशयः ॥ ७० ॥

जुन राजाले शत्रुबाट सताइएका र डरले त्रासपूर्ण जीवन बिताउन बाध्य भएका आफ्ना प्रजाको रक्षा गर्न सक्दैनन्, ती वास्तवमा राजा होइनन्, ती त राजाका रूपमा जनताको ज्यान हरण गर्ने यमराज नै हुन्।

यदि न स्यान्नरपतिः सम्यङ् नेता ततः प्रजाः।
अकर्णधारा जलधौ विप्लवेतेह नौरिव ॥ ७१ ॥

यदि राजाले प्रजाको उचित नेतृत्व गर्दैनन् भने ती राजा, तिनको राज्य र तिनका प्रजाहरू क्रमैसँग एकएक गरी समुद्रमा माझीबिनाको डुङ्गा डुब्नलागेको जस्तै विनाश हुन्छन्।

षडिमान् पुरुषो जह्याद्भिन्नं नावमिवार्णवे।
अप्रवक्तारमाचार्यमनधीयानमृत्विजम् ॥ ७२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै भाँचिएर समुद्रमा डुब्न लागेका डुङ्गालाई जलयात्रीले छोडेझैँ छ किसिमका व्यक्तिहरूलाई छोड्नुपर्दछ। तिनीहरूमा उपदेश नदिने गुरु, अध्ययन र ढङ्ग नभएको पुरोहित ...

अरक्षितारं राजानं भार्या चाप्रियवादिनीम्।
ग्रामकामञ्च गोपालं वनकामं च नापितम्॥ ७३॥

रक्षा नगर्ने राजा, मिठो बोल्न नजान्ने आइमाई, गाउँमा मात्रै बस्न रुचाउने गोठालो र वनमा मात्रै बस्न मन पराउने हजाम पर्दछन्। यी छवटालाई पनि छोड्दिनु नै उत्तम हुन्छ। किनभने यिनीहरूबाट आफ्नो कुनै भलो काम हुन सक्दैन।

तत्सञ्चिन्त्यान्यः कश्चिद्राजा विहङ्गमानां क्रियताम्" इति।

त्यसैले अब हामीले पनि विचारविमर्श गरेर कुनै अर्कैलाई चराहरूका लागि राजा बनाउनुपर्छ" भन्ने छलफल गर्न लागे छन्।

अथ तैर्भद्राकारमुलूकमवलोक्य सर्वैरभिहितं यत् एष उलूको राजास्माकं भविष्यति। तदानीयतां नृपाभिषेकसम्बन्धिनः सम्भाराः" इति।

त्यसो हुँदा भलाद्मी अनुहार भएको देखिनाले सबै चराहरूले एउटै स्वरमा एउटा उल्लुलाई राजा बनाउने भन्ने प्रस्ताव राख्दै धेरैले— "यही उल्लु हाम्रा लागि राजा बनाउन उपयुक्त छ। त्यसो हुँदा अब राज्याभिषेकको तयारी गरौँ" भने।

अथ साधिते विविधतीर्थोदके, प्रगुणीकृतेऽष्टोत्तरशतमूलिकासङ्घाते, प्रदत्ते सिंहासने, वर्तिते सप्तद्वीपसमुद्रभूधरविचित्रे धरत्रीमण्डले, प्रसारिते व्याघ्रचर्मणि, आपूरितेषु हेमकुङ्कुमेषु, दीपेषु वाद्येषु च सज्जीकृतेषु माङ्गल्यवस्तुषु, गीतपरे युवतीजने, आनीयतायामग्रमहिष्यां कृकालिकायाम् उलूकोऽभिषेकार्थं, यावत्सिंहासने उपविशति तावत्कुतोऽपि वायसः समायातः।

त्यस किसिमको निर्णय गरिसकेपछि राज्याभिषेकको तयारीको प्रारम्भ भयो। विविध तीर्थहरूको जल एकत्र गरियो। एक सय आठ किसिमका मूल औषधिहरू जुटाइयो। सिंहासनलाई लागि उचित स्थानमा लगेर राखियो। सातै द्वीप र सम्पूर्ण पर्वतहरूबाट चित्रविचित्र बनाएर पृथ्वीको एउटा सुन्दर चित्र पनि बनाइयो। बाघको छाला ओछ्याइयो। सुवर्ण कलशहरूलाई पवित्र जलले भरियो। दीपमालाहरू लहरै जलाइयो। चारैतिर बाजाको मङ्गल धुन बज्न लाग्यो। माङ्गलिक सामग्रीहरूलाई एकत्र गरेर यथास्थानमा राखियो। वन्दना गर्ने गणहरूले स्तोत्रपाठ, वैदिक मन्त्रको उच्चारण गर्न सुरु गरे। युवतीहरूले मङ्गलगीत गाउन लागे। बडामहारानीका ठाउँमा कृकालिका (कुथुर्के ?) नामका चरीलाई ल्याएर बसाइयो। यस किसिमले राज्याभिषेकको सम्पूर्ण किसिमको तयारी भइसकेपछि जब अभिषेकका लागि त्यस उल्लुलाई बसाइँदै के थियो त्यसै बेला एउटा काग कतैबाट उड्दै त्यहाँ आइपुग्यो।

सोऽचिन्तयत्— "अहो, किमेष, सकलपक्षिसमागमो महोत्सवश्च ?"

चराहरूको विशाल जनसभालाई देखेर त्यस कागले मनमनै— "चराहरूको यो जमघट केका लागि रहेछ। यहाँ केको यस्तो उत्सव मनाइँदै छ ?" भन्ने सोच्यो।

अथ ते पक्षिणस्तं दृष्ट्वा मिथः प्रोचुः, "पक्षिणां मध्ये वायसश्चतुरः श्रूयते। उक्तञ्च—

ती चराहरूले त्यस कागलाई देखेर आपसमा विचार गर्दै "चराहरूमा काग सबैभन्दा ज्यादा चलाख हुन्छ भन्ने कुरो सुनिएको छ। भन्ने गरिन्छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नराणां नापितो धूर्तः पक्षिणाञ्चैव वायसः।
दंष्ट्रिणाञ्च शृगालस्तु श्वेतोभक्षुस्तपस्विनाम्॥ ७४॥

मानिसहरूमा नाउ, सबैभन्दा धूर्त हुन्छ। चराहरूमा काग सबैभन्दा धूर्त हुन्छ। नङ्गावाल हिंस्रक जन्तुहरूमा स्याल सबैभन्दा चतुर हुन्छ र साधुहरूमा जैन धर्म लिएका भिक्षुहरू सबैभन्दा बढी चलाख हुन्छन्।

तदस्यापि वचनं ग्राह्यम्। उक्तञ्च—

त्यसो हुँदा यसै कागसँग पनि विचार बुझ्नुपर्दछ। भनिएको पनि छ कि—

बहुधा बहुभिः सार्धं चिन्तिताः सुनिरूपिताः।
कथञ्चिन्न विलीयन्ते विद्वद्भिश्चिन्तिता नयाः॥ ७५॥

धेरै व्यक्तिहरूबाट धेरै किसिमले सोचिएको, सबैले सँगै बसेर नीतिपूर्वक निर्णय गरेको र विद्वान्हरूले बताएको उपाय कहिल्यै पनि खेर जाँदैन" भन्ने सोच्दै थिए।

अथ वायसः समेत्य तानाह— "अहो किं महाजनसमागमोऽयं, परममहोत्सवश्च।"

त्यसै अवसरमा त्यस कागले चराहरूका बिचमा गएर— "होइन, यति ठूलो जमघट भेला भएर आज यहाँ के गर्न लागिएको हो ? यहाँ कुन कामको महोत्सव मनाइँदै छ ?" भनेर सोध्यो।

ते प्रोचुः— "भोः ! नास्ति कश्चिद् विहङ्गमानां राजा, तदस्योलूकस्य विहङ्गमराज्याभिषेको निरूपितस्तिष्ठति समस्तपक्षिभिः। तत्त्वमपि स्वमतं देहि, प्रस्तावे समागतोऽसि।

चराहरूले त्यसको उत्तरमा— "महाशय ! चराहरूको कुनै राजा छैनन्। त्यसो हुँदा चराहरूले सर्वसम्मतिवाट प्रस्ताव पारित गरेर उल्लुलाई चराहरूको राजा बनाउने निधो गरेका छौँ। तपाईं पनि अति उचित समयमा आइपुग्नु भएछ। अब तपाईं पनि यस कुरामा आफ्नो सम्मति दिनुहोस्" भने।

अथासौ काको विहस्याऽऽह— "अहो ! न युक्तमेतत्, यन्मयूरहंसाकोकिलचक्रवाकशुककारण्डवहारीतसारसादिषु पक्षिप्रधानेषु दिवान्धस्यास्य करालवक्त्रस्याभिषेकः क्रियते। तन्नैतन्मम मतम्। यतः—

कागले अलिकति मुस्काउँदै— "हेर्नुहोस् ! यहाँ कुनै उचित काम त भइरहेको छैन। मयूर, कोइली, हाँस, चखेवा, सुगा, राजाहाँस, हारित, सारस आदि कैयौँ प्रमुख पक्षीहरू यहीँ उपस्थित छँदा छँदै यस्तो दिउँसो आँखै नदेख्ने अन्धो र डर लाग्दो अनुहार भएका लाटाकोसेरालाई राज्याभिषेक गरिँदै छ, विचार गरौँ त, कस्तो दुःख लाग्दो कुरो ! त्यसो हुँदा यहाँहरूका प्रस्तावमा मचाहिँ सहमत छैनँ। यस्ता कामका लागि म आफ्नो सहमति दिन सक्दिनँ। किनभने—

वक्रनासं सुजिह्माक्षं क्रूरमप्रियदर्शनम्।
अक्रुद्धस्येदृशं वक्त्रं भवेत्क्रुद्धस्य कीदृशम् ?॥ ७६॥ तथा च—

नरिसाईकन जसको नाक बाङ्गो छ, जसका आँखा डेडा छन्, जो देखौमा क्रूर र कुरूप छ र डर लाग्दो देखिन्छ, त्यो रिसायो भने कस्तो होला ? अरू पनि—

स्वभावरौद्रमत्युग्रं क्रूरमप्रियवादिनम्।
उलूकं नृपतिं कृत्वा का नः सिद्धिर्भविष्यति ?॥ ७७॥

स्वभावैले डर लाग्दो, अति उग्र, क्रूर र मिठो बोल्न नजान्ने उल्लुलाई राजा बनाएर हाम्रा लागि के हित हुन सक्ला र ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपरं वैनतेये स्वामिनि स्थिते किमेष दिवान्धः क्रियते राजा ? तद् यद्यपि गुणवान् भवति तथाप्येकस्मिन् स्वामिनि स्थिते, नान्यो भूपः प्रशस्यते।

यदि यस्ता किसिमका कुरालाई विचार नगर्ने हो भने पनि गरुडजत्तिका राजा हामीसँग छँदा छँदै यस्तो दिनको अन्धो उल्लुलाई किन राजा बनाइँदै छ ? यदि गुणवान् नै थियो भने पनि एउटा राजा छँदा छँदै अर्को बनाउनु उचित कुरो हो भन्न त सकिँदैन।

एक एव हितार्थाय तेजस्वी पार्थिवो भुवः।
युगान्तः इव भास्वन्तो बहवोऽत्र विपत्तये॥ ७८ ॥

एउटामात्रै पराक्रमी राजालाई नै छानेर धर्तीको कल्याणका लागि राख्नु उपयुक्त हुन्छ। अनेक राजाहरू भएमा त युगको अन्त्य गराउनका लागि बाह्रवटा सूर्यको उदय भएको जस्तो भई समस्याहरू धेरै बढेर आउँछन् र त्यसले संसारको विनाश हुनेछ।

तत्तस्य नाम्नापि यूयं परेषामगम्या भविष्यथ। उक्तञ्च—

गरुड राजा छँदा उनको नाममात्रै सुन्दा पनि जोसुकैले जेसुकै काम गरेर अर्कालाई सताउन सक्दैनथ्यो। भनिएको पनि छ कि—

गुरुणां नाममात्रेऽपि गृहीते स्वामिसम्भवे।
दुष्टानां पुरतः क्षेमं तत्क्षणादेव जायते॥ ७९ ॥ तथा च—

महान् व्यक्ति राजा भएमा उसका नाम लिनेबित्तिकै नै दुष्टहरूका हातबाट तुरुन्तै प्रजाको रक्षा हुने गर्दछ। अरू पनि—

व्यपदेशेन महतां सिद्धिः सञ्जायते परा।
शशिनो व्यपदेशेन वसन्ति शशकाः सुखम्" ॥ ८० ॥

महान् व्यक्तिको नाम लिनेबित्तिकै पनि कहिलेकाहीँ साह्रै ठूलो काम सिद्ध हुन सक्छ। चन्द्रमाको नाममात्र लिँदा पनि खरायाहरूले तलाउनजिक सुखले जीवन निर्वाह गर्न पाएका थिए" भन्ने कुरो कागले सुनायो।

पक्षिण ऊचुः— "कथमेतत् ?" स आह—

चराहरूले— "त्यो कसरी ?" भनेर सोधे। उसले उत्तर दिँदै भन्यो—

शशकगजयूथपकथा

कस्मिँश्चिद्वने चतुर्दन्तो नाम महागजो यूथाधिपः प्रतिवसति स्म। तत्र कदाचिन्महत्यनावृष्टिः सञ्जाता, प्रभूतवर्षाणि यावत्। तथा तडागह्रदपल्वलसरांसि शोषमुपगतानि।

खराया र हात्तीको हुल

कुनै वनमा चतुर्दन्त नामको एउटा हात्तीहरूको राजा थियो। त्यस वनमा कुनै बेला निकै लामो समयसम्म पानीको वर्षा भएन। त्यस्तो खेडेरी परेकाले तलाउ, झिल, पोखरी र सानातिना तालतलैयाहरू सबै सुके।

अथ तैः समस्तगजैः स गजराजः प्रोक्तः— "देव। पिपासाकुला गजकलभा मृतप्रायाः अपरे मृताश्च। तदन्विष्यतां कश्चिज्जलाशयो यत्र जलपानेन ते स्वस्थतां व्रजन्ति।"

एक दिन सबै हात्तीहरू मिलेर उनीहरूका राजाछेउ गई— "महाराज ! तिर्खाका पिरले गर्दा धेरैवटा हात्तीका छावाहरू मर्न लागिसके भने कतिपय त मरी पनि सके। त्यसो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुँदा अब कुनै यस्तो जलाशयको खोज गर्नुपर्ने भयो जसको पानी सबैलाई खान पुगोस् र पानी खाएर सबै स्वस्थ हुन सकुन्।

ततश्चिरं ध्यात्वा तेनाभिहितम्।– "अस्ति महाह्रदो विविक्त स्थलमध्यगतः पातालगङ्गाजलेन सदैव पूर्णः, तत्तत्र गम्यताम्" इति।

धेरै बेरसम्म गमेर सोचिसकेपछि हात्तीहरूका त्यस राजाले– "मैदानी फाँटका अनकन्टार वनभित्रको एकान्त ठाउँमा कुनै एउटा अत्यन्त विशाल जलाशय छ। त्यसमा पाताल गङ्गाको पानी आउने हुनाले सधैँभरि त्यो भरिभराउ भएर रहेको हुन्छ। त्यसैले हामीहरू पनि अब त्यहीँ जाऔँ" भन्यो।

यथानुष्ठिते पञ्चरात्रमुपसर्पद्भिः समासादितस्तैः स ह्रदः। तत्र स्वेच्छया जल मवगाह्यास्तमनेवलया निष्क्रान्तः। तस्य च ह्रदस्य समन्ताच्छशकबिलान्यसङ्ख्यानि सुकोमलभूमौ तिष्ठन्ति। तान्यपि समस्तैरपि तैर्गजैरितस्ततो भ्रमद्भिः परिभग्नानि। बहवः शशका भग्नपाद–शिरोग्रीवा विहिताः, केचिन्मृताः केचिज्जीवशेषाः जाताः।

हात्तीहरूका राजाको आज्ञा पाएपछि उसको समूहका सबै हात्तीहरूले तत्काल त्यस दिशाका लागि प्रस्थान गऱ्यो। पाँच रातसम्मको निरन्तर यात्रा गरिसकेपछि ती हात्तीहरू त्यो जलाशय भएका ठाउँमा पुगे। जलाशयमा पुगेर इच्छाबमोजिम स्नान आदि गरिसकेर तिर्खा मेटिने गरी पानी खाए पानीमा खेले अनि बेलुकीपख त्यस तलाउबाट बाहिर निस्किएर त्यसै जलाशयका वरिपरिका नरम जमिनमा मन लाग्दो गरी घुम्न र खेल्न लागे। त्यहाँ असंख्य खरायाहरूले सुरुङ्ग बनाएर बस्ने गरका थिए। ती हुलका हुल हात्तीहरूले मन परी गरेर यता र उति दौडँदाखेरि धेरै खरायाको गुँडहरू कुच्चिए, चर्किए र भत्किए। हात्तीले कुल्चिएर कैयौँ खरायाका हातखुट्टा भाँचिए, कैयौँका टाउका फुटे, कुनै मरिगए भने कुनै मरणान्त अवस्थामा थला परेर जिनतिन सासमात्रै फेर्दै थिए।

अथ गते तस्मिन् गजयूथे शशकाः सोद्वेगा गजपादक्षुण्णसमावासाः केचिद्भग्नपादाः अन्ये जर्जरितकलेवरा रुधिरप्लुताः, अन्ये हतशिशवो वाष्पपिहितलोचनाः समेत्य मन्त्रं चक्रुः– "अहो ! विनष्य वयम्, नित्यमेवैतद् गजयूथमागमिष्यति, यतो नान्यत्र जलमस्ति। तत्सर्वेषां नाशो भविष्यति। उक्तञ्च–

त्यो बथान त्यहाँ आइपुगेर मनमर्जी दाइँ गर्न थालेपछि हात्तीले कुल्चिएर जति खरायाहरू घरबासविहीन सुकुम्बासी बनेका थिए, जसका हात खुट्टा भाँचिएका थिए, जजसको शरीर थिल्थिलिएको थियो, जो रक्ताम्मे भएका थिए, जसका बालबच्चा कुल्चिएर मारिएका थिए र त्यस किसिमको विनाशकारी दशा आइलागेर जसका आँखामा आँसु भरिएका थिए ती सबै खरायाहरू दुःखी मनले भेला भएर आपसमा विचार विमर्श गर्न लागे। उनीहरूका बिचमा कोही "अब हामी नाश हुने भयौँ, यो हात्तीको बथान यहाँ सधैँ आउँछ, किनभने अरूतिर कतै पनि जलाशयमा पानी बाँकी रहेको छैन। त्यसो हुँदा पक्कै पनि हामी सबै निश्चय मासिनेछौँ" भन्थे। भनिएको पनि छ कि–

स्पृशन्नपि गजो हन्ति जिघ्रन्नपि भुजङ्गमः।
हसन्नपि नृपो हन्ति मानयन्नपि दुर्जनः॥ ८१॥

हात्तीले छोएमात्रै पनि मार्दछ। सर्पले सुँघ्यो भनेमात्रै पनि मारिदिन्छ। राजाले हाँस्ताहाँस्तै पनि मृत्युदण्ड दिनसक्छन् र दुष्ट व्यक्तिले इज्जत गर्दागर्दै पनि ज्यान लिन्छ।

तच्चिन्त्यतां कश्चिदुपायः"। तत्रैकः प्रोवाच– "गम्यतां देशत्यागेन। किमन्यत्। उक्तञ्च मनुना व्यासेन च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैले अब ज्यान जोगाउनका लागि कुनै न कुनै उपाय त अवश्य हामीले अपनाउनै पर्दछ भन्ने कसैको भनाइ थियो। तिनीहरूमध्येकै कुनै एउटाले फेरि– "हामीले अब यो ठाउँ छोडेर अन्तै जानुपर्छ। अर्को उपाय नै के छ र भन्दै थियो। मनु र व्यासले पनि भनेका छन् कि–

त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत्।
ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत्॥ ८२॥

कुलको रक्षा गर्नका लागि व्यक्तिलाई, गाउँको रक्षा गर्नका लागि कुललाई, जिल्लाको रक्षा गर्नका लागि गाउँलाई र आफ्नो रक्षा गर्नका लागि आवश्यकता पर्दछ भने सम्पूर्ण देशलाई वा आत्माको रक्षाका लागि सिङ्गो धर्तीलाई नै छोड्नका लागि सङ्कोच मान्नुहुँदैन।

क्षेम्यां सस्यप्रदां नित्यं पशुवृद्धिकरीमपि।
परित्यजेन्नृपो भूमिमात्मार्थमविचारयन्॥ ८३॥

यदि सङ्कटको स्थिति आउँछ र आवश्यकता पर्दछ भने कल्याणकारी, धन धान्यले भरिभराउ र प्राणीहरूको उन्नतिदायिनी पृथ्वीलाई पनि कुनै चिन्ता नगरीकन छोडेर बुद्धिमान् व्यक्तिहरूले अन्तैतिर हिंड्नुपर्दछ।

आपदर्थे धनं रक्षेद् दारान् रक्षेद्धनैरपि।
आत्मानं सततं रक्षेद्दारैरपिधनैरपि" ॥ ८४॥

आपत्तिकाल आइलाग्दा त्यसबाट जोगिनका लागि धनको रक्षा गर्नुपर्छ, धनले स्त्रीको रक्षा गर्नुपर्दछ र स्त्री एवं धन यी दुवैले आफ्नो रक्षा गर्नुपर्दछ" भन्दै थियो।

ततश्चान्ये प्रोचुः– "भोः, पितृपैतामहं स्थानं न शक्यते सहसा त्यक्तुम्। तत्क्रियतां तेषां कृते क्वचिद् विभीषिका यत्कथमपि दैवान्न समायन्ति। उक्तञ्च–

त्यसको कुरो सुनेर अर्को एउटाले फेरि– "होइन भाइ हो, ! बाबुबाजेका पालादेखि भोगचलन गर्दै आएका ठाउँलाई यसरी एक्कासी छोड्नु सम्भव पनि छैन र राम्रो पनि हुँदैन। त्यसैले तिनीहरूलाई तर्साउनका लागि कुनै अर्को एउटा उपाय गर्नुपर्दछ। हुन सक्छ, त्यसरी गरिएका उपायले डराएर दैवसंयोग तिनीहरू नै यहाँ नआउन पनि सक्लान्। भनिएको छ कि–

निर्विषेणापि सर्पेण कर्तव्या महती फटा।
विषं भवतु मा वास्तु फटाटोपो भयङ्करः" ॥ ८५॥

विष नभएका सर्पले पनि आफ्नो फणा उचालेर फुङ्कार गर्न छोड्नुहुँदैन। त्यसका मुखमा विष होस् या नहोस् तर फणाको भयङ्करता नै अरूलाई तर्साएर पर भगाउनका लागि मनग्गे सक्षम हुन्छ। त्यति भएपछि त्यसका डरले पनि कोही त्यसका छेउ पर्ने आँट गर्दैनन्" भन्यो।

अथान्ये प्रोचुः– "यद्येवं ततस्तेषां महद्बिभीषिकास्थानमस्ति, येन नागमिष्यन्ति। सा च चतुरदूयतायत्ता विभीषिका। यतो विजयदत्तो नाम राजाऽस्मत्स्वामी शशकश्चन्द्रमण्डले निवसति। तत्प्रेष्यतां कश्चिन्मिथ्यादूतो यूथाधिपसकाशं पयत् चन्द्रस्त्वामत्र ह्रदं आगच्छन्तं निषेधयति। यतोऽस्मत्परिग्रहोऽस्य समन्ताद्वसति। एवमभिहिते श्रद्धेय वचनात् कदाचिन्निवर्तते।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसको कुरो सुनेर अरू खरायाहरूले पनि– "यदि त्यस्तो कुरो हो भनेदेखि यिनीहरूलाई हर्काएर फेरिदेखि यहाँ आउनबाट रोक्ने उपाय हाम्रा चतुर दूतसँग पक्कै होला। हाम्रा राजा विजयदत्त चन्द्रमाको मण्डलमा बस्न थालेका छन्। त्यसो हुँदा चन्द्रमका तर्फबाट तिनलाई झुटो दूत बनाएर ती हात्तीहरूका राजासमक्ष पठाइदिऊँ। उसले त्यहाँ गएर त्यस राजालाई "महाराज ! तपाईंलाई चन्द्रमाले यस तलाउमा आउन निषेध गरेका छन्, किनभने यसका चारैतिर चन्द्रमाका वंशजहरू बसोबास गर्छन्" भन्ने खबर सुनाउन लगाऔँ। यसो भएपछि हुन सक्ला यस कुरालाई पत्याएर त्यो राजा हात्तीले आफ्नो बथान यहाँबाट लिएर अन्तै कतै जाला कि" भन्यो।

अथान्ये प्रोचुः– "यद्येवं तदस्ति लम्बकर्णे नाम शशकः। स च वचनरचनाचतुरो दूतकर्मज्ञः। स तत्र प्रेष्यताम्, इति। उक्तञ्च–

यति कुरो सुनेपछि अर्को एउटाले– "यदि साँच्चै नै यस्तै हो भनेदेखि लम्बकर्ण नाम गरेको एउटा खरायो छ। त्यो कुरा गर्नमा ज्यादै सिपालु हुनुका साथै दूतको काम गर्न पनि निक्कै जान्दछ। त्यसैलाई त्यहाँ पठाइदिऊँ कि त। भनिएको पनि छ कि–

साकारो निस्पृहो वाग्मी नानाशास्त्रविचक्षणः।
परचित्तावगन्ता च राज्ञो दूतः स इष्यते॥ ८६॥ अन्यच्च–

राज्यको दूत त्यस्ता व्यक्तिलाई बनाउनुपर्दछ जो देख्नमा पनि राम्रो, लोभलालच नभएको, कुरो गर्नमा सिपालु, विभिन्न शास्त्रको ज्ञान भएको, विलक्षण किसिमको बुद्धि भएको र अर्काका मनको कुरो पनि बुझ्नका लागि सिपालु होस्। अरू पनि–

यो मूर्खं लौल्यसम्पन्नं राजा दूतं समाचरेत्।
मिथ्यावादं विशेषेण तस्या कार्य न सिध्यति॥ ८७॥

जुन राजाले मूर्ख, लोभी, चञ्चले, ढाँटछल गर्नेजस्ता व्यक्तिलाई आफ्नो दूत बनाएर कतै पठाउँछन्, त्यस किसिमका लक्ष्यहरू कहिल्यै पनि पूरा हुँदैनन्।

तदन्विष्यतां, यथास्माद् व्यसनादात्मनां सुनिर्मुक्तिः" इति।

त्यसैले अब उसैलाई खोजेर चाँडै नै त्यहाँ पठाउनका लागि व्यवस्था मिलाउनुपर्दछ। त्यसो भएपछि हामीलाई यस भयानक स्थितिबाट कतै मुक्ति मिल्ला कि त" भन्यो।

अथान्ये प्रोचुः– "अहो, युक्तमेतत्। नान्यः कश्चिदुपायोऽस्माकं जीवितस्य। तत्तथैव क्रियताम्।"

अरू खरायाहरूले पनि– "यो राम्रो उपाय हो। हामीहरूका जीवनलाई सुरक्षित राख्नका लागि यसभन्दा असल अर्को दोस्रो कुनै उपाय हुन सक्दैन। त्यसैले अब त्यसै गरौँ" भने।

अथ लम्बकर्णो गजयूथाधिपसमीपे निरूपितो गतश्च। तथानुतिष्ठिते लम्बकर्णोऽपि गजमार्गमासाद्यागम्यस्थलमारुह्य तं गजमुवाच– "भो, भो दुष्टगज! किमेवं लीलया निःशङ्कतयात्र चन्द्रह्रदे आगच्छसि। तत्रागन्तव्यम्, निवर्त्यताम्" इति।

आखिरमा लम्बकर्णलाई नै दूत बनाएर त्यहाँ पठाउने निर्णय गरियो र ऊ त्यसैअनुसार दूतको रूपमा त्यहाँ गयो पनि। हात्तीहरूका राजाका नजिकै पुगेपछि ऊ हात्तीहरू पुग्न नसक्ने एउटा अग्लो ठाउँमा चढ्यो र त्यस हात्तीका राजालाई सम्बोधन गर्दै– "ऐ दुष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात्ती ! यसरी निर्धक्क भएर तिमीहरू चन्द्रमाको यस तलाउमा किन आउने गरेका छौ ? तुरुन्तै यहाँबाट फर्केर अहिल्यै जाओ। फेरिदेखि कहिल्यै यहाँ नआउनू" भनेर हप्कायो।

तदाकर्ण्य विस्मितमना गज आह— "भोः, कस्त्वम् ?"

त्यसको कुरो सुनेर अचम्म मान्दै त्यस हात्तीले— "तिमी को हौ ?" भनेर सोध्यो।

स आह— "अहं लम्बकर्णो नाम शशकश्चन्द्रमण्डले वसामि। साम्प्रतं भगवता चन्द्रमसा तव पार्श्वे प्रहितो दूतः। जानात्येव भवान् यथार्थवादिनो दूतस्य न दोषः करणीयः। दूतमुखा हि राजानः सर्वं एव। उक्तञ्च—

खरायाले— "म लम्बकर्ण नाम गरेको खरायो हुँ। म चन्द्रमण्डलमा रहने गर्दछु। यस बेला चन्द्रमहाराजले पठाएका हुनाले म यहाँ दूत बनेर आएको छु। तिमीहरूलाई थाहा छ कि छैन कुन्नि यथार्थवादी दूतलाई अपराधी मानिँदैन। किनभने राजाका लागि दूत नै उनको मुख हो। भनिएको पनि छ कि—

उद्यतेष्वपि शास्त्रेषु बन्धुवर्गवधेष्वपि।
परुषाण्यपि जल्पन्तो वध्या दूता न भूभुजा॥ ८८॥

दूतले यदि रिसाएर हतियार नै उठाउँछ भने पनि र कुनै आफन्तलाई मारी नै दिन्छ भने पनि अथवा कुनै रिस उठ्दोखालको कठोर कुरो गरेर सुनाउँछ भने पनि ऊ मारिनलायक हुँदैन। अर्थात् राजाले कहिल्यै पनि दूतको वध गर्नुहुँदैन।

तच्छ्रुत्वा स आह— "भोः शशक ! तत्कथय भगवतश्चन्द्रमसः सन्देशं, येन सत्वरं क्रियते।"

लम्बकर्णको कुरो सुनेर हात्तीहरूका त्यस राजाले— "अरे खराया भाइ ! भगवान् चन्द्रमाले पठाएको सन्देश भन। त्यसो भएपछि उनको आदेशलाई हामीबाट तुरुन्त पालन गरिनेछ" भन्यो।

स आह— "भवतातीतदिवसे यूथेन सहागच्छता प्रभूताः शशका निपातिताः। तत्किं न वेत्ति भवान् यन्मम परिग्रहोऽयम्। तद्यदि जीवितेन ते प्रयोजनं, तदा केनापि प्रयोजनेनात्र ह्रदे नागन्तव्यम्" इति सन्देशः।

उसले— "बितेका केही दिनदेखि आफ्नो बथान लिएर तिमी यहाँ आएपछि तिमीहरूले धेरै खरायाहरूलाई मारेका छौ। तिमीहरूलाई यहाँ हाम्रो परिवार बस्छ भनेर पक्कै थाहा थियो होला। त्यसो हुँदा यदि तिमीहरूलाई जिउँदो रहने मन छ भनेदेखि अबउप्रान्त कहिल्यै पनि र कुनै पनि काम लिएर यस जलाशयमा आउने कोसिस पनि नगर्नू भनेर भगवान् चन्द्रमाले सन्देश पठाउनुभएको छ" भनेर सुनाइदियो।

गज आह— "अथ क्व वर्तते भगवान् स्वामी चन्द्रः ?"।

हात्तीले— "भगवान् चन्द्रमा अहिले कहाँ हुनुहुन्छ त ?" भनेर सोध्यो।

स आह— "अत्र ह्रदे साम्प्रतं शशकानांभव द्यूथमथितानां हतशेषाणां समाश्वासनाय समायातस्तिष्ठति। अहं पुनस्तवान्तिकं प्रेषितः।"

खरायाले— "तिमीहरूका बथानले मारेका र दुःख दिएका खरायाका परिवारजनहरूलाई आश्वासन र शान्ति दिनका लागि यस बेला यसै तलाउमा आएर बस्नुभएको छ। उहाँले नै मलाई यहाँ तिमीहरूसमक्ष दूत बनाएर पठाउनुभएको हो" भन्यो।

गज आह— "यद्येवं, तद् दर्शय मे तं स्वामिनं, येन प्रणम्यान्यत्र गच्छामि।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तो कुरो सुनेपछि हात्तीले– "यदि कुरो यस्तै हो भनेदेखि मलाई अहिले नै महाराज चन्द्र भगवान्को दर्शन गराइदेऊ, म उनलाई नमस्कार गरेर अन्तैतिर कतै जानेछु" भन्यो।

शशक आह– "भोः ! आगच्छ मया सहैकाकी, येन दर्शयामि।"

खरायाले– "तपाईं एक्लै मसँग आउनुहोस्, त्यसो भएपछि म चन्द्र भगवान्को दर्शन गराउन सक्दछु" भन्यो।

तथानुष्ठिते शशको निशासमये तं गजं ह्रदतीरे नीत्वा जलमध्ये स्थितं चन्द्रबिम्बमदर्शयत्। आह च– "भो ! एष नः स्वामी जलमध्ये समाधिस्थस्तिष्ठति तन्निभृतं प्रणम्य सत्वरं व्रज, इति। नो चेत्समाधिभङ्गाद् भूयोऽपि प्रभूतं कोपं करिष्यति।"

हात्ती त्यसो गर्न तयार भयो। अनि खरायोले रातका समयमा पानीमा परेको चन्द्रमाको प्रतिबिम्ब जलाशयका किनारमा लगेर उसलाई देखाइदियो र– "ऊ, हाम्रा महाराज चन्द्र भगवान् तिनै हुन्। अहिले पानीमा समाधि लगाएर बसेका छन्। त्यसो हुँदा तपाईंले केही नबोलीकन शान्तिपूर्वक उनलाई दुःख नदिने गरी टाढैबाट नमस्कार गरेर यहाँबाट जानुहोस्। कतै उनको समाधि भङ्ग भइदियो भने तपाईंमाथि अझै बढी रिसाउनेछन्" भनिदियो।

अथ गजोऽपि त्रस्तमानस्तं प्रणम्यापुनरागमनाय प्रस्थितः। शशकाश्च तद्दिनादारभ्य सपरिवाराः सुखेन स्वेषु स्थानेषु तिष्ठन्ति स्म।

खरायोका कुरा सुनिसकेपछि हात्तीले चन्द्रमालाई प्रणाम गरेर फेरि कहिल्यै पनि नआउने कुरो गर्दै त्यहाँबाट फर्केर गयो। अनि त्यस दिनदेखि खरायाहरू पनि सुखपूर्वक आआफ्ना दुलामा बस्न थाले।

अतोऽहं ब्रवीमि– "व्यपदेशेन महताम्" इति। अपि च क्षुद्रमलस कापुरुषं व्यसनिनमकृतज्ञं पृष्ठप्रलपनशीलं स्वामित्वेन नाभियोजयेज्जीवितकामः। उक्तञ्च–

यस किसिमको कथा सुनाइसकेपछि कागले– "त्यसैले म त भन्दछु कि कहिलेकाहीँ ठूला व्यक्तिको नाम सुनाउनाले मात्रै पनि कसैले सुबिस्ता पाउँछ। अर्को एउटा कुरो यस्तो पनि छ कि यदि कुनै मानिसले आफ्ना ज्यानका आशा राखेको छ भनेदेखि उसले नीच, अल्छी, काँतर, आपद्मा परेको, कुलतमा लागेको, बैगुनी स्वभावको र पछिबाट कुरा काट्नेजस्ता नराम्रा स्वभाव भएका व्यक्तिलाई कहिल्यै पनि राजा बनाउनुहुँदैन। भनिएको पनि छ कि–

क्षुद्रमर्थपतिं प्राप्य न्यायान्वेषणतत्परौ।
उभावपि क्षयं प्राप्तौ पुरा शशकपिञ्जलौ" ॥ ८९ ॥

क्षुद्र स्वभाव भएका पापिष्टसँग न्याय माग्ने आशाले विश्वास गर्दै गएका हुनाले शशक र कपिञ्जल दुवैको एकैपटक विनाश भएको थियो" भन्ने कुरो सुनायो।

ते प्रोचुः– "कथमेतत् ?" स आह–

चराहरूले– "कसरी त्यस्तो भयो ?" भनी सोधे। कागले अघिल्लो कथा सुनाउँदै उत्तरमा भन्न थाल्यो–

शशककपिञ्जलकथा

कस्मिँश्चिद् वृक्षे पुरामाहमवसम्। तत्राधस्तात्कोटरे कपिञ्जलो नाम चटकः प्रति वसति स्म। अथ सदैवास्तमनवेलायामगतयोर्द्वयोरनेकसुभाषितगोष्ठ्या देवर्षिब्रह्म-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र्षिपुराणचरितकीर्तनेन च पर्यटनदृष्टानेककौतूहलप्रकथनेन च पुरमसुमनुभवतोः कालो व्रजन्ति। अथ कदाचित्कपिञ्जलः प्राणयात्रार्थमन्यश्चटकैं सहान्यं पक्वशालिप्रायं देशङ्गतः।

शशक र कपिञ्जल

म कुनै समयमा एउटा रुखमा बस्न गर्दथें। त्यस रुखका अलिकति तल टोडकामा कपिञ्जल नाम भएको एउटा भँगेरो रहने गर्दथ्यो। घाम अस्ताएपछि हामी दुवै त्यहाँ एकै ठाउँमा आई भेला भएर देवर्षि, ब्रह्मर्षि तथा ऋषिमुनिहरूका प्राचीन गाथाहरूका विषयमा र आफूले घुमफिर गर्दा देखेसुनेका विभिन्न किसिमका आश्चर्यजनक कुराहरूलाई सुन्दै र मिठा कथाकहानी र गोष्ठीका गफ गरेर सुनाउँदै अति नै सुखले आफ्नो समय बिताउने गरेका थियौं। एकपटक कपिञ्जल खाइगुजारा चलाउनका लागि अरू भँगेराहरू सँगै लागेर शालीधान पाकेर बग्रेल्ती भएका कुनै खेततिर गयो।

ततो यावन्निशासमयेऽपि नायातस्तावदहं सोद्वेगमनास्तद्वियोगदुःखितः चिन्तितवान्– "अहो, किमद्य कपिञ्जलो नायात ? किं केनापि पाशेन बद्धः, आहोस्वित्केनापि व्यापादितः ? सर्वथा यदि कुशला भवति, तन्मां विना न तिष्ठति।" एवं चिन्तयतो बहून्यहानि व्यतिक्रान्तानि। ततश्च तत्र कोटरे कदाचिच्छीघ्रगो नाम शशकोऽस्तमनवेलायामगत्य प्रविष्टः। मयापि कपिञ्जलनिराशत्वेन न निवारितः।

जब ऊ राति पनि आएन अनि मलाई उसका बिछोडले साह्रै न्यास्रो लाग्यो र खिन्न मनले दुःखी हुँदै आफ्नै मनभित्र– "आज कपिञ्जल किन आएन ? कतै कसैका पासोमा पो पऱ्यो कि, अथवा कसैले उसलाई मारी पो दियो कि ? ऊ सकुशल रहेको भए त मलाई छोडेर पक्कै पनि कतै जान सक्दैनथ्यो" भन्ने सोचिरहेको थिएँ। यसरी नै सोच्दासोच्दै मेरा कैयौं दिनहरू बिते तर पनि कपिञ्जल फर्किएन। एक दिन शीघ्रगति नाम भएको एउटा खरायो घाम अस्ताइसकेपछि आएर रुखको त्यसै ओडारमा पस्यो। कपिञ्जल नआएकाले निराश भएको हुँदा मैले पनि उसलाई रोकिनँ।

अथान्यास्मिन्नहनि कपिञ्जलः शालिभक्षणादतीव पीवरतनुः स्वामश्रयं स्मृत्वा भूयोऽपि तत्रैव समायातः। अथवा साध्विदमुच्यते–

मनग्गे शालीधानको चामल खान पाएकाले मोटोघाटो भएपछि कपिञ्जलले पनि आफ्नो गुँड सम्झेछ र भोलिपल्ट फर्केर आयो। अथवा ठिकै पनि भनिएको रहेछ कि–

न तादृग्जायते सौख्यमपि स्वर्गे शरीरिणाम्।
दारिद्र्येऽपि हि यादृक् स्यात्स्वदेशे स्वपुरे गृहे॥ ९०॥

गरिबीले सताइएकै भए पनि आफ्नै देश, सहर वा घरमा मानिसले जीवनका जुन सुखको अनुभव गर्न पाउँछ, त्यो उसलाई स्वर्गमा पनि प्राप्त हुँदैन।

अथासौ कोटरान्तर्गतं शशकं दृष्ट्वा साक्षेपमाह– "भो शशक ! न त्वया सुन्दरं कृतं यन्ममावसतस्थाने प्रविष्टोऽसि। तच्छीघ्रं निष्क्रम्यताम्" इति।

आफ्ना टोडकामा भित्र पस्नासाथ त्यस खरायालाई देखेर उसले हप्काउँदै– "ऐ खरायो ! तँ मेरा घरभित्र किन पसिस् ? तैँले यो राम्रो काम गरिनस्, बुझिस्, जा ! छिटो यहाँबाट निस्केर जा" भन्यो।

शशक आह, "न तवेदं गृहं किन्तु ममैव। तत्किं मिथ्या परुषाणि जल्पसि ? उक्तञ्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खरायाले पनि त्यसको उत्तरमा– "यो तिम्रो घर होइन, यो त मेरो घर हो। किन व्यर्थै चर्को शब्दमा कुर्लिन्छौ ? भनिएको पनि छ कि !

वापीकूपतडागानां देवालयकुजन्मनाम्।
उत्सर्गात्परतः स्वाम्यमपि कर्तुं न शक्यते॥ ९१ ॥ तथा च–

तलाउ, इनार, पोखरी, मन्दिर र रुखमाथि कसैको पनि आधिपत्य त्यतिन्जेल मात्र रहन्छ, जतिन्जेल उनीहरू त्यहाँ बसिरहेका हुन्छन्। त्यहाँबाट निस्केर गइसकेपछि त्यसरी त्यागेका ठाउँमा फेरि उनको कुनै हक रहँदैन।

प्रत्यक्षं यस्य यद्भुक्तं क्षेत्राद्यं दश वत्सरान्।
तत्र भुक्तिः प्रमाणं स्यान्न साक्षी नाक्षराणि वा॥ ९२ ॥

खेतहरूमा पनि त जुन मानिसको दस वर्षसम्म लगातार अधिकार रहेको हुन्छ, त्यो उसैको हुन्छ। त्यसका लागि पहिलेको भोगचलन, साक्षी वा लेखिएको लिखत आदिलाई प्रमाण मानिँदैन।

मानुषाणामयं न्यायो मुनिभिः परिकीर्तितः।
तिरश्चां च विहङ्गानां यावदेव समाश्रयः॥ ९३ ॥

मानिसहरूका लागि पनि मुनिहरूले यस्तै न्याय लेखेका छन् भने तिर्यक् योनिमा जन्मेका पशुपक्षीको त जतिन्जेल उनीहरू बसोबास गर्दछन् त्यतिन्जेल नै उनको अधिकार रहन्छ।

तन्ममैतद् गृहं न तव" इति।

त्यसैले यो घर मेरो हो, तिम्रो होइन" भन्यो।

कपिञ्जल आह– "भोः ! यदि स्मृतिं प्रमाणीकरोषि, तदागच्छ मया सह, येन स्मृतिपाठकं पृच्छावः। स यस्य ददाति स गृह्णातु।"

खरायाको कुरो सुनेर कपिञ्जलले– "यदि तिमी स्मृतिको कुरालाई नै प्रमाण मान्न लागेका छौ भनेदेखि मसँग हिँड। हामीले कुनै एक धर्मशास्त्रीलाई सोधौँ। उसले जसलाई दिन्छ उसैले यस घरलाई लिउँला" भन्यो।

तथानुष्ठिते मयापि चिन्तितं– "किमत्र भविष्यति ? मया द्रष्टव्योऽयं न्यायः।"

यस प्रकारको अठोट गरेर जब यी दुईवटा हिँड्न लागे अनि मैले पनि आफ्नै मनमा– "यस विषयमा कस्तो न्यायनिसाफ हुँदो रहेछ। म पनि पो हेर्नुपऱ्यो" भन्ने ठानेँ।

ततः कौतुकादहमपि तावनुप्रस्थितः। अत्रान्तरे तीक्ष्णदंष्ट्रो नामारण्यमार्जारस्तयोर्विवादं श्रुत्वा मार्गासन्न नदीतटमासाद्य कृतकुशोपग्रहो निमीलितनयन ऊर्ध्वबाहुरर्धपास्पृष्टः भूमिः श्रीसूर्याभिमुख इमां धर्मोपदेशनामकरोत्– "अहो, असारोऽयं संसारः। क्षणभङ्गुराः प्राणाः। स्वप्नसदृशः प्रियसमागमः। इन्द्रजालवत्कुटुम्बपरिग्रहोऽयम्। तद्धर्मं मुक्त्वा नान्या गतिरस्ति। उक्तञ्च–

यस किसिमका कुराहरू सोच्दै म पनि ती दुवैका पछिपछि हिँडेँ। यसै बिचमा तीक्ष्णदन्त नाम भएको एउटा तिखा दाह्रा भएको ढाडे बिरालाले उनीहरूको विवादको कुरो सुनिरहेको रहेछ र अलिक पर बाटामा पर्ने एउटा नदीका किनारमा गएर बसेछ। हातमा कुश लिएर, आँखा बन्द गरेर आफ्ना पाखुराहरूलाई माथि उठाएर एउटामात्रै गोडाले भुइँलाई टेकेर श्रीसूर्य भगवान्तिर फर्किएर त्यसले उपदेश गर्न लाग्यो। ऊ त्यस बेला "यो संसार सारहीन छ, जीवन क्षणभङ्गुर छ। इष्टमित्रहरूको मिलन स्वप्नजस्तै एक छिनको र असत्य हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाताकुटुम्ब र परिवारहरू भनेका इन्द्रजालबाट बनाइएका आकर्षक दृश्यहरू जस्तै अनित्य र असत्य कुरा हुन्। त्यसैले यस संसारको मायाबाट जोगिनका लागि धर्मभन्दा ठूलो अर्को कुनै उपाय छैन। भनिएको पनि छ कि–

अनित्यानि शरीराणि विभवो नैव शाश्वतः।
नित्यं सन्निहितो मृत्युः कर्तव्यो धर्मसङ्ग्रहः ॥ ९४ ॥

यो शरीर पनि अनित्य छ। ऐश्वर्य पनि शाश्वत हुँदैन। मृत्यु निरन्तर नजिकिँदै आइरहेको छ। त्यसैले मानिसले धर्मको सङ्ग्रह गरिरहनुपर्दछ।

यस्य धर्मविहीनानि दिनान्यायान्ति यान्ति च।
स लोहकारभस्त्रेव श्वसन्नपि न जीवति ॥ ९५ ॥

जुन व्यक्तिको समय धर्मआदि शुभकर्मको अभावमा जसरी आए उसरी नै बितेर गइरहेका छन्, त्यस्ता मानिसको जीवन सास फेर्दै गरेको फलामका कर्मीले चलाउने छालाको खलाँतीजस्तै निर्जीव नै हो।

नाच्छादयति कौपीनं न दंशमशकापहम्।
शुनः पुच्छमिव व्यर्थं पाण्डित्यं धर्मवर्जितम् ॥ ९६ ॥ अन्यच्च–

आफ्नो गुदद्वार छोप्न पनि नसक्ने र झिँगा आदि टोक्ने किरा पनि उडाउन नसक्ने हुँदा जसरी कुकुरको पुच्छर बेकामको हुन्छ उसै गरीकन धर्मको ज्ञान नभएको पण्डित्याइँ पनि व्यर्थको नै हुन्छ। अरू पनि–

पुलाका इव धान्येषु पत्तिका इव पक्षिषु।
मशका इव मर्त्येषु येषां धर्मो न कारणम् ॥ ९७ ॥

धानको पोगटा व्यर्थ हुन्छ, किराहरूमा धानमा लाग्ने पुत्तिका भनिने पुत्ली किरो व्यर्थ हुन्छ र मच्छरआदि तुच्छ जीवहरू व्यर्थ हुन्छन् उसै गरी मानिसहरूका बिचमा पनि जुन मानिसको व्यवहार धार्मिक र असल किसिमको हुँदैन तिनीहरू सबैको जीवन व्यर्थ हुन्छ।

श्रेयः पुष्पफलं वृक्षाद्दध्नः श्रेयो घृतं स्मृतम्।
श्रेयस्तैलञ्च पिण्याकाच्छ्रेयान् धर्मस्तु मानुषात् ॥ ९८ ॥

जसरी वृक्षको सार्थकता उसका फूल र फलहरू हुन्छन्, दहीको सार घिउ र पिनाको सार तेल हुन्छ उसै गरी मानिसको सार पनि उसको धर्म नै हो।

सृष्ट्य मूत्रपुरीषार्धमाहाराय च केवलम्।
धर्महीनाः परार्थाय पुरुषाः पशवो यथा ॥ ९९ ॥

जसरी पशुहरूको जन्म केवल मलमूत्र त्याग गर्नका लागि, खानका लागि र अर्काको भारी बोक्नका लागि हुन्छ उसै गरी धर्मबिनाका मानिसको जन्म पनि केवल खानका लागि र अर्काको ज्याला मजदुरी गर्नका लागि मात्रै हो भन्ने बुझ्नुपर्दछ। धर्महीन मानिसले पशुहरूको जस्तै गरी मलमूत्र त्याग गर्दछ, भोजन गर्छ र भारी बोक्दछ। त्यसले आफ्नो जीवन आफ्ना लागि कहिल्यै पनि उपयोग गर्न सक्दैन।

स्थैर्यं सर्वेषु कृत्येषु शंसन्ति नयपण्डिताः।
बह्वन्तराययुक्तस्य धर्मस्य त्वरिता गतिः ॥ १०० ॥

अनेक किसिमका समस्याहरूले भरिएको धर्मको गति ज्यादै चञ्चल हुन्छ। त्यसो भएको हुनाले नीतिकुशल विद्वान्हरूको भनाइ छ कि अरू कार्य गर्नका लागि कहिल्यै पनि हतार गर्नुहुँदैन। बुद्धि शान्त बनाएर सोचविचार गरिसकेपछि मात्रै थालनी गर्नुपर्दछ तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मकार्यका लागि भने ज्यादा सोचविचार नगरीकन तुरुन्तै थालिहाल्नुपर्दछ। ज्यादा सोचविचार गर्नतिर लागियो भने त्यसमा बाधाहरू धेरै आइलाग्ने डर पनि हुन्छ।

सङ्क्षेपात् कथ्यते धर्मो जनाः किं विस्तरेण वः।
परोपकारः पुण्याय पापाय परपीडनम्॥ १०१॥

ऐ मानिसहरू हो ! मैले ज्यादा भनिरहनु नपर्ला भन्ने ठानेर म सङ्क्षिप्त रूपमा नै धर्मको सारतत्त्व बताइरहेको छु। परोपकार गर्नु नै पुण्यदायी काम हो र अर्कालाई दुःखकष्ट दिएर सताउनु नै पाप लाग्ने काम हो। त्यसैले अर्कालाई दुःख नदिईकन सधैँभरि परोपकारको मार्गमा लागिरहनुपर्दछ।

श्रूयतां धर्मसर्वस्वं श्रुत्वा चैवावधार्यताम्।
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्" ॥ १०२॥

म धर्मको तत्त्वलाई बताउँदै छु, सबैले सुन र यसलाई सुनेर आफ्ना मनमा धारण पनि गर। जुन कुरो आफूलाई मन पर्दैन त्यो अर्कालाई पनि कसैले भन्नुहुँदैन र जुन काम आफ्ना लागि मन पर्दैन त्यो काम अरूका लागि पनि कहिल्यै गर्नुहुँदैन" भन्दै थियो।

अथ तस्य तां धर्मोपदेशनां श्रुत्वा शशक आह– "भो भोः कपिञ्जल ! एष नदीतीरे तपस्वी धर्मवादी तिष्ठति, तदेनं पृच्छावः।"

त्यस बिरालाका त्यस्ता धर्मका उपदेशहरूलाई सुनेर खरायोले– "हेर कपिञ्जल ! नदीका किनारमा यी तपस्वी महात्मा धर्मको व्याख्यान गर्दै छन्। हिंड, यिनैसँग सोधौँ" भन्यो।

कपिञ्जल आह– "ननु स्वभावतोऽस्माकं शत्रुभूतोऽयमस्ति, तद्दुरे स्थितौ पृच्छावः। कदाचिदस्य व्रतवैकल्यं सम्पद्यते।"

कपिञ्जलले– "यो त हाम्रो स्वाभाविक र जन्मजात शत्रु पो हो त। त्यसैले यसबाट टाढै रहेर सोध्नुपर्दछ। हामी नजिकै जानेबित्तिकै यसका व्रतको नाटक सकियो भने हामीलाई पनि सिध्याउन बेर छैन" भन्यो।

ततो दूरस्थितावूचतुः– "भो भोस्तपस्विन् ! धर्मोपदेशक ! आवयोर्विवादो वर्त्तते। तद्धर्मशास्त्रद्वारेणास्माकं निर्णयं कुरु। यो हीनवादी स ते भक्ष्यः" इति।

ती दुईले टाढै बाट– "हे तपस्वी ! हे धर्मको उपदेश दिने महाराज ! हामी दुईका बिचमा केही आपसी विवाद छ। त्यसैले तपाईंले धर्मशास्त्रका आधारमा त्यसको निर्णय गरिदिनुहोस्। तपाईंका दृष्टिमा जो दोषी हुन्छ त्यसलाई तपाईंले मारेर खानुहोला" भने।

स आह– "भद्रौ ! मा मैवं वदतम्। निवृत्तोऽहं नरकपातकमार्गात्। अहिंसैव धर्ममार्गः उक्तञ्च–

बिरालाले– "हे सज्जनहरू हो ! तिमीहरूले यस्तो कुरो गर्नुहुँदैन। नरकतिर लाने त्यस्ता बाटाबाट म विरक्त भइसकेको छु। अहिंसा नै परम धर्मको मार्ग हो। भनिएको छ कि–

अहिंसापूर्वको धर्मो यस्मात्सद्भिरुदाहृतः।
यूकामत्कुणदंशादीस्तस्मात्तानपि रक्षयेत्॥ १०३॥

सज्जनहरूले अहिंसालाई नै धर्म भनेका छन्। त्यसैले जुका, मच्छर, उडुसआदि ससाना जीवहरूको अब हामीहरूले पनि रक्षा गर्नुपर्दछ।

हिंसकान्यपि भूतानि यो हिनस्ति स निर्घृणः।
स याति नरकं घोरं किं पुनर्यः शुभानि च॥ १०४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिंस्रक जीवहरूलाई मार्ने व्यक्ति पनि निर्दयी हो। त्यसो हुँदा ऊ पनि नरकमा जान्छ। जुन व्यक्तिले अहिंस्रक जीवलाई नै मार्दछ त्यसका विषयमा त झन् भन्नुपर्ने कुरो नै केही हुँदैन। त्यो त नरकगामी नै हुनेछ।

एतेऽपि ये याज्ञिका यज्ञकर्मणि पशून् व्यापादयन्ति, ते मूर्खाः परमार्थं श्रुतेर्न जानन्ति। तत्र किलतदुक्तम्— "अजैयष्टव्यम्" इति अजा व्रीहयस्तावत्सप्तवार्षिकाः कथ्यन्ते, न पुनः पशुविशेषाः उक्तञ्च—

जसले वैदिक यज्ञकर्मका लागि पशुहरूलाई मार्दछन् ती मूर्खहरू त वेदको तात्त्विक अर्थ पनि जान्दैनन्। वेदमा जुन 'अजाले यज्ञ गर्नुपर्छ' भनिएको छ वा 'अजाको बलि गर्नुपर्छ' भनिएको छ त्यसको अभिप्राय त 'सात वर्ष पुराना धानले यज्ञ गर्नुपर्छ' भनिएको हो। यस ठाउँमा अजाको अर्थ बाखो काट्नुपर्छ भनेको होइन। भनिएको पनि छ कि—

वृक्षांश्छित्वा पशून् हत्वा कृत्वा रुधिरकर्दमम्।
यद्येवं गम्यते स्वर्गे नरके केन गम्यते॥ १०५॥

रुखविरुवालाई काटेर, पशुहरूको हत्या गरेर र रगतको खोलो बगाएर वा रगतले धर्तीलाई हिलाम्मे बनाएर कोही यदि स्वर्ग पुग्छ भनेदेखि कस्तो काम गर्नेचाहिँ नरकमा जाला त ? अर्थात् नरकतिर जाने व्यक्ति कस्तो होला त ?

तन्नाहं भक्षयिष्यामि, परं जयपराजयनिर्णयं करिष्यामि। किन्त्वहं वृद्धो दूराद्युवयोर्भाषान्तरं सम्यङ् न शृणोमि। एवं ज्ञात्वा मम समीपवर्तिनौ भूत्वा ममाग्रे न्यायं वदतं, येन विज्ञाय विवदपरमार्थे वचो वदतो मे परलोकबाधो न भवति। उक्तञ्च यतः—

म तिमीहरूलाई खानेछैनँ, बरु तिमीहरूका विजय र पराजयको निर्णय पक्कै गर्नेछु। तर म बुढो भइसकेको छु। टाढा रहनाले तिमीहरूसँग गरिएका कुराको उत्तर र प्रत्युत्तर म राम्रोसँग सुन्न सक्दिनँ। त्यसैले मेरा नजिकै आएर आआफ्ना अभियोगहरू बताऊ। त्यसो भएपछि मैले तिमीहरूको भनाइ राम्रोसँग सुनेर र बुझेर धर्मसम्मत र निर्णयात्मक उत्तर दिन सक्नेछु। मैले उचित निर्णय दिनुपर्छ, त्यसो भयो भनेमात्रै मेरो परलोक बिग्रन पाउनेछैन। भनिएको छ कि—

मानाद्वा यदि वा लोभात्क्रोधाद्वा यदि वा भयात्।
यो न्यायमन्यथा ब्रूते स याति नरकं नरः॥ १०६॥

अभिमान, लोभ, क्रोध अथवा भयका कारणले जुन व्यक्तिले न्यायको क्षेत्रमा काम गर्दा अनुचित बोलेर उचित न्याय गर्नुको सट्टामा अन्यायपूर्ण काम गर्दछ, त्यो नरकगामी हुन्छ।

पञ्चपश्वनृते हन्ति दश हन्ति गवानृते।
शतं कन्यानृते हन्ति सहस्रं पुरुषानृते॥ १०७॥

अन्य पशुहरूको विवादमा अनुचित निर्णय दिनाले पाँचवटा पशुहरूको वध गरेजत्तिको पाप लाग्दछ। गाईका विवादमा अनुचित निर्णय दिनाले दसवटा गाई मारेको पाप लाग्दछ। कन्याका विवादमा अनुचित निर्णय दिनाले सय कन्याहरूको हत्या गरेको पाप लाग्दछ र मानिसका विवादमा अनुचित निर्णय दिनाले हजार मानिसको हत्या गरेको पाप लाग्दछ।

उपविष्टः सभामध्ये यो न वक्ति स्फुटं वचः।
तस्माद् दूरेण सा त्याज्या न्यायं वा कीर्तयेदृतम्॥ १०८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभाका बिचमा वा न्यायालयमा बसेर यदि वादी या प्रतिवादीले केही अस्पष्ट अथवा असत्य कुरो गर्दछ भने न्यायप्रेमी व्यक्तिले त्यस्तो सभालाई त्यागेर हिंड्नुपर्छ। यदि सभा त्यागेर हिंड्न सम्भव भएन भने त्यहाँ बसेका व्यक्तिले उचित एवं यथार्थ निर्णय गर्नका लागि सहयोग नै गर्नुपर्दछ।

तस्माद्विश्रब्धौ मम कर्णोपान्तिके स्फुटं निवेदयतम्।"

त्यसैले मेरा नजिकै आएर विश्वासका साथ मेरा कानमा स्पष्ट रूपले साँचो कुरो नै बताइदेऊ" भन्ने कुरो गऱ्यो।

किं बहुना, तेन क्षुद्रेण तथा तौ पूर्णं विश्वासितौ यथा तस्योत्सङ्गवर्तिनौ सञ्जातौ।

त्यस्ता दुष्टको धेरै कुरा त के गर्नु, त्यस नीचले ती दुई प्राणीलाई यति छिटै यति धेरै विश्वस्त बनायो कि ती दुवै तँछाडमछाड गर्दै उसका काखमै बस्न पुगे।

ततश्च तेनापि समकालमेवैकः पादान्तेनाक्रान्तः, अन्यो दंष्ट्रक्रकचेन च। एवं द्वावपि गतप्राणै भक्षिताविति।

काखमा गएर बसिदिएपछि त्यस बिरालाले दुवैलाई एकै समयमा एउटालाई खुट्टाले थिचिमिची पारेर अँठ्यायो भने अर्कालाई आफ्ना आराजस्तै दाँतले कुच्यायो र कालको एउटै गाँस भएर दुवैवटा मारिए। अनि त्यसले दुवैलाई खाइदियो।

अतोऽहंब्रवीमि क्षुद्रमर्थपतिं प्राप्य ... इति। भवन्तोऽप्येनं दिवान्धं क्षुद्रमर्थपतिमासाद्य रात्र्यान्धाः सन्तः शशकपिञ्जलमार्गेण यास्यन्ति। एवं ज्ञात्वा यदुचितं तद्विधेयमतः परम्।"

यस्तो कथा समाप्त गरिसकेपछि त्यस कागले— "त्यसैले त म भन्दछु कि क्षुद्र राजाका अधीनमा बस्नुपर्ने बाध्यता भएका प्रजाहरूको अवश्य विनाश हुन्छ। यस दिवान्ध र क्षुद्रलाई स्वामीका रूपमा स्वीकार गर्नाका कारणले र आफू रात्र्यन्ध हुनाले गर्दा तपाईंहरू पनि एक दिन अवश्य शशक र कपिञ्जल गएकै बाटो पछ्याउँदै यमलोकमा पुग्नुहुनेछ। मैले जसो भन्नुपर्ने थियो त्यो सबै भनिसकें। यसपछि तपाईंहरूलाई जसो गर्न उचित लाग्दछ उसै गर्न सक्नुहुनेछ" भन्यो।

अथ तस्य तद्वचनमाकर्ण्य "साध्वनेनाभिहितम्" इत्युक्त्वा "भूयोऽपि पार्थिवार्थं मन्त्रयिष्यामहे", इति ब्रुवाणाः सर्वे पक्षिणो यथाभिमतं जग्मुः। केवलमवशिष्ये भद्रासनोपविष्येऽभिषेकाभिमुखो दिवान्धः कृकालिकया सहास्ते। आह च— "कः कोऽत्र भोः! किमद्यापि न क्रियते ममाभिषेकः ?" इति।

कागका कुरा सुनिसकेपछि चराहरू पनि— "यस कागले भनेका कुरा सबै ठिकै छन्। राजाको चुनाव फेरि कुनै अर्कै दिन सबैजना जम्मा भएर गरौँला" भन्दै सबै आआफ्नो टुङ्गो लाग्ने ठाउँतिर अर्थात् गुँडतिर गए। खाली त्यो दिउँसो अन्धो बनेको लाटोकोसेरो मात्रै कृकालिकासँग सिंहासनमा बसेर अभिषेकको प्रतीक्षा गर्दै बसिरहेको थियो। अभिषेकका लागि ढिलो भएको देखेर निकै बेरपछि उसले— "हैन, यहाँ को छ ? मेरो राज्याभिषेक किन नगरेका ?" भनी सोध्यो।

तच्छ्रुत्वा कृकालिकयाभिहितं— "भद्र! तवाभिषेके कृतोऽयं विघ्नो वायसेन। गताश्च सर्वे विहगा यथेप्सितासु दिक्षु। केवलमेकोऽयं वायसोऽवशिष्टः केनापि हेतुना तिष्ठति। तत्त्वरितमुत्तिष्ठ, येन त्वां स्वाश्रयं प्रापयामि।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाटोकोसेराको कुरो सुनिसकेपछि कृकालिकाले– "भद्र ! तिम्रो राज्याभिषेकमा यस कागले विघ्न पारिसकेको छ। चराहरू आआफ्नो गुँडतिर फर्किएर गइसके। यहाँ त त्यही दुष्ट कागमात्रै एक्लै खै कुन्नि किन हो बसिरहेको छ। त्यसैले अब तिमी पनि चाँडै उठ, त्यसो भएपछि म पनि तिमीलाई तिम्रो घरसम्म पुऱ्याइदिनेछु।

तच्छ्रुत्वा सविषादमुलूको वायसमाह– "भो भो दुष्ट्यत्मन् ! किं मया तेऽपकृतं यद्राज्याभिषेको मे विघ्नतः ? तदद्य प्रभृति सान्वयमावयोर्वैरं सञ्जातम्। उक्तञ्च–

कृकालिकाको कुरो सुनेपछि लाटोकोसेरोलाई ज्यादै दुःख लागेर कागसँग– "हे दुष्ट ! मैले तेरो के बिगारिदिएको थिएँ र तैंले मेरो राज्याभिषेकमा बाधा हालेको होस् ? अब आजदेखि तेरो र मेरो शत्रुता वंशानुगत रूपमा पुस्तौंपुस्तासम्म चल्नेछ। भनिएको पनि छ कि–

रोहति सायकैर्विद्धं छिन्नं रोहति चासिना।
वाचा दुरुक्तं वीभत्सं न प्ररोहति वाक्क्षतम्" ॥ १०९ ॥

वाणले घोचेर गहिरिएको घाउ पुरिन पनि सक्दछ, तरवारले काटेको घाउ पनि मेटिन सक्दछ तर दुर्छे र बिखालु कुराबाट लगाइएको घाउ कहिल्यै पनि पुरिँदैन।

इत्येवमभिधाय कृकालिकया सह स्वाश्रयं गतः। अथानन्तरं भयव्याकुलो वायसो व्यचिन्तयत्– "अहो, अकारणं वैरमासादितं मया। किमिदं व्याहृतम्। उक्तञ्च–

यस किसिमको कुरो गरिसकेपछि त्यो लाटोकोसेरो पनि कृकालिकासँग लागेर आफ्नो गुँड भएको ठाउँतिर हिँड्यो। त्यो गइसकेपछि भने डरले आत्तिँदै कागले आफ्नै मनभित्र– "हरे ! मैले यसरी भाँड्ने काम किन गरेँ। मैले आज बिनकारण नै शत्रुता कमाएँ। मैले यसो किन भन्नुपरेको होला, जसले गर्दा लाटोकोसेराको राज्याभिषेकसमेतमा बाधा परेर रोकियो। भनिएको पनि छ कि–

अदेशकालज्ञमनायतिक्षमं यदप्रियं लाघवकारि चात्मनः।
यच्चाब्रवीत् कारणवर्जितं वचो न तद्वचः स्याद्विषमेव तद्वचः ॥ ११० ॥

समय र परिस्थितिलाई नजानीकन समय र ठाउँको चलनविपरीत, नकारात्मक परिणाम निकाल्ने किसिमको, आफैँलाई कमजोर सिद्ध गर्ने किसिमको र बिना कुनै खास कारण नै यदि केही कुरो कसैले बोल्दछ भनेदेखि त्यस्ता दुष्टको कुरालाई कुरो भनेर ठान्नुको सट्टा ती सबै वचनलाई विष नै सम्झनुपर्ने हुन्छ।

बलोपपन्नोऽपि हि बुद्धिमान्नरः परं नयेन्न स्वयमेव वैरिताम्।
भिषङ्ममास्तीति विचिन्त्य भक्षयेदकारणात्को हि विचक्षणो विषम् ॥ १११ ॥

आफू जतिसुकै बलवान् भए पनि बुद्धिमान् व्यक्तिले अचानक कुनै अर्को व्यक्तिलाई शत्रु बनाउनुहुँदैन। "मसित औषधि छ अथवा झाँक्री मेरा घरमै छन्" भन्दैमा कुनै पनि बुद्धिमान् व्यक्तिले जानीजानीकन विष खानुहुँदैन।

परपरिवादः परिषदि न कथञ्चित्पण्डितेन वक्तव्यः।
सत्यमपि तन्न वाच्यं यदुक्तमसुखावहं भवति ॥ ११२ ॥

विद्वान् व्यक्तिले सभासम्मेलनका बिचमा कसैको पनि निन्दा गर्नुहुँदैन। यदि कुनै कुरो सत्य नै छ भने पनि जुन कुरो गर्नाले कसैलाई पिर लाग्दछ त्यस्तो कुरो गर्नु पनि हुँदैन।

सुहृद्भिराप्तैरसकृद् विचारितं स्वयं च बुद्ध्या प्रविचारिताश्रयम्।
करोति कार्यं खलु यः स बुद्धिमान् स एव लक्ष्म्या यशसां च भाजनम्" ॥ ११३ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वस्त मित्रहरूसँग बारम्बार परामर्श गरेर र स्वयं आफूले पनि मनग्गे होस र बुद्धि पुऱ्याएर मात्रै जुन व्यक्तिले कुनै कामको थालनी गर्दछ, त्यस्तै मानिसलाई बुद्धिमान् भनिन्छ र त्यो व्यक्ति नै लक्ष्मी वा धन र मान कमाउने योग्य पनि हुन्छ।

एवं विचिन्त्य काकोऽपि प्रयातः। तदा प्रभृत्यस्माभिः सह कौशिकानामन्वयगतं वैरमस्ति।

यस्तै किसिमका कुराहरू सोच्दै र विचार गर्दै त्यो काग पनि त्यहाँबाट हिँड्यो। त्यसै दिनदेखि हाम्रो यी लाटोकोसेरोहरूसँग पुस्तैनी रूपमा अति नै कडा किसिमको प्राकृतिक शत्रुता चल्दै आएको छ" भनेर उसले सुनायो।

मेघवर्ण आह– "तात, एवं गतेऽस्माभिः किं कृत्यमस्ति ?"

मेघवर्णले स्थिरजीवीसँग– "बाजे ! यस अवस्थामा हाम्रो कर्तव्य कस्तो खालको हुन्छ त ?" भनेर सोध्यो।

स आह– "वत्स ! एवं गतेऽपि षड्गुण्यादपरश्छलोऽप्युपायोऽस्ति। तमङ्गीकृत्य स्वयमेवाहं तद्विजयाय यास्यामि। रिपून् वञ्चयित्वा वधिष्यामि। उक्तञ्च यतः–

उसले– "बाबु ! यस स्थितिमा सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र समाश्रय यी छवटा गुणहरूभन्दा बाहेक अर्को एउटा छल भन्ने उपाय पनि छ। म त्यसैलाई अँगालेर स्वयं नै शत्रुमाथि विजय प्राप्त गर्नका लागि जानेछु। छलद्वारा शत्रुहरूलाई झुक्याएर म तिनीहरूको विनाश गर्नेछु। भनिएको पनि छ कि–

बहुबुद्धिसमायुक्ताः सुविज्ञानाश्छलोत्कटाः।
शक्ता वञ्चयितुं धूर्ता ब्राह्मणं छगलादिव" ॥ ११४ ॥

अनेक किसिमको चतुऱ्याइँपूर्ण, विभिन्न किसिमका उपायहरूको जानकारी भएका र छल गर्नका लागि निपुण धूर्तजनले जोसुकैलाई झुक्याउन सक्नेछन्। जस्तै बाखो बोकेर हिँड्ने ब्राह्मणलाई धूर्तहरूले ठगेका थिए" भन्ने सुनायो।

मेघवर्ण आह– "कथमेतत् ?" सोऽब्रवीत्–

मेघवर्णले– "त्यस्तो कसरी ?" भनेर सोध्यो। स्थिरजीवीले अघिल्लो कथा सुनाउँदै भन्न थाल्यो–

धूर्तब्राह्मणछागकथा

कस्मिंश्चिदधिष्ठाने मित्रशर्मा नाम ब्राह्मणः कृताग्निहोत्रपरिग्रहः प्रतिवसति स्म। तेन कदाचिन्माघमासे सौम्यानिले प्रवाति मेघाच्छादिते गगने मन्दं मन्दं प्रवर्षति पर्जन्ये पशुप्रार्थनाय कश्चिद् ग्रामान्तरङ्गत्वा कश्चिद्यजमानो याचितः– "भो यजमान ! आगामिन्याममावस्यायामहं यक्ष्यामि यज्ञं, तद्देहि मे पशुमेकम्।

बाखो लिएका ब्राह्मण

कुनै सहरमा मित्रशर्मा नाम गरेका एकजना अग्निहोत्री ब्राह्मण बसोबास गर्दथे। माघको महिनामा चिसो हावा मन्द गतिमा लागिरहेको थियो आकाशमा बादलले पूरै घेरेको थियो र सिमसिमे पानी पनि परिरहेको थियो। त्यस्तै अवस्थामा कुनै एउटा गाउँमा गएर उनको एउटा यजमानसँग एउटा पशु पाऊँ भनी बिन्ती गर्दै– "हेर यजमान ! आउँदो औँसीका दिन मैले पशुयज्ञ गर्नुपर्नेछ। त्यसैले मलाई एउटा पशु देऊ न" भनी मागे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तेन तस्य शास्त्रोक्तः पीवरतनुः पशुः प्रदत्तः। सोऽपि तमसमर्थमितश्चतश्च गच्छन्तं विज्ञाय स्कन्धे कृत्वा सत्वरं स्वपुराभिमुखः प्रतस्थे। अथ तस्य गच्छतो मार्गे त्रयो धूर्ताः क्षुत्क्षाम- कण्ठाः सम्मुखा बभूवुः। तैश्च तादृशं पीवरं पशुं स्कन्धे आरूढमवलोक्य मिथोऽभिहितम्— "अहो, अस्य पशोर्भक्षणादद्यतनीयो हिमपातो व्यर्थतां नीयते। तदेनं वञ्चयित्वा पशुमादाय शीतत्राणं कुर्मः।"

यजमानले पनि ती ब्राह्मणलाई एउटा बलियो र मनग्गे सप्रिएको बलियो मोटोघाटो बाखो दिएर पठाए। त्यो पशु ज्यादै मोटोघाटो भएका कारणले ज्यादा हिँड्न सक्दैनथ्यो। त्यसैले हिँड्न नमानेर जतातती भाग्न लाग्यो। त्यसरी भागेर दुःख दिएपछि ब्राह्मणले त्यसलाई काँधमा हालेर बोके। अनि छिटाछिटो पाइला चाल्दै आफ्ना सहरतिर जान लागे। बाटामा उनलाई तीनवटा धूर्तहरूले देखे। ती धूर्तहरू भोकले ज्यादै आत्तिएका थिए। ब्राह्मणका काँधमा चढाइएको बलियो मोटो त्यस पशुलाई देखेर ती धूर्तहरूले आपसमा— "यस बलियो खसीलाई खाएर आजको यस्तो दुःख दिने जाडोबाट जोगिन सकिन्छ। त्यसैले ब्राह्मणलाई झुक्याएर यस पशुलाई खोसौँ अनि जाडो मनाउँदै आफ्ना पेटको भोक र जाडो पनि टारौँ" भन्ने सल्लाह गरे।

अथ तेषामेकतमो वेषपरिवर्तनं विधाय सम्मुखो भूत्वापरमार्गेण तमाहिताग्निमूचे— "भो भो बालाग्निहोत्रिन्! किमैवं जनविरुद्धं हास्यकार्यमनुष्ठीयते, यदेष सारमेयोऽपवित्रः स्कन्धाधिरूढो नीयते। उक्तञ्च यतः—

तिनीहरूमध्ये एउटाले आफ्नो भेष बदलेर अर्कै बाटो गरी ती ब्राह्मणभन्दा अगाडि बाटामा गएर— "हरे बुद्धि खुस्किएका अग्निहोत्री! संसारको नियमविरुद्ध यस्तो हास्यास्पद काम किन गर्न लागेका छौ नि तिमी? यस अपवित्र कुकुरलाई तिमीले काँधमा राखेर बोकीबोकी किन हिँडका? भनिएको पनि छ कि—

श्वानकुक्कुटचाण्डालाः समस्पर्शाः प्रकीर्तिताः।
रासभोष्ट्रौ विशेषेण तस्मात्तानैव संस्पृशेत्" ॥ ११५ ॥

कुकुर, कुखुरो र चाण्डाल यी तीनवटा छुनै नहुने किसिमका अपवित्र हुन्छन्। गधा र उँट त झन तिनीहरूभन्दा पनि बढी छुन नहुने हुन्छन्। त्यसैले यिनीहरूलाई छुनुहुँदैन" भन्यो।

ततश्च तेन कोपाभिभूतेनाभिहितम्— "अहो, किमन्धो भवान्? यत्पशुं सारमेयो प्रतिपादयसि"

ब्राह्मणले रिसले चुर हुँदै भने— "तिमी अन्धो भयौ कि कसो? त्यसो भएको हुनाले त यस बाखालाई कुकुर भनिरहेका छौ नि" भने।

सोऽब्रवीत्— ब्रह्मन्! कोपस्त्वया न कार्यः। यथेच्छं गम्यताम्" इति।

उसले फेरि— "ब्राह्मण! तिमी नरिसाऊ। आफ्नो मन लागेअनुसार तिमी जाऊ। मलाई तिम्रा यस कामको खास कुनै प्रयोजन पनि छैन" भन्यो।

अथ यावत्किञ्चिदध्वनोऽनन्तरं गच्छति, तावद् द्वितीयो धूर्तः सम्मुखे समुपेत्य तमुवाच, "भो ब्रह्मन्! कष्टं कष्टम्! यद्यपि वल्लभोऽयं ते मृतवत्सस्तथापि स्कन्धमारोपयितुमयुक्तम्। उक्तञ्च यतः—

ती ब्राह्मण जब अरू अलिकति अगाडि गए, अनि अर्को धूर्त उसै गरी अघि सर्दै आएर उनीसँग— "ब्राह्मण! छिः छिः तिमी यस्तो के अनर्थ गर्न लागेका छौ? यद्यपि यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मरेको बाछो तिमीलाई ज्यादै प्रिय लागेको होला, तैपनि त यसलाई काँधमा राखेर यसरी बोकीबोकी हिँड्नु त उचित भएन नि। भनिएको पनि छ कि–

तिर्यञ्च मानुषं वापि यो मृतं संस्पृशेत्कुधीः।
पञ्चगव्येन शुद्धिः स्यात्तस्य चान्द्रायणेन वा॥ ११६॥

पशु होस् या मानिस नै, जुन मूर्ख व्यक्तिले मृतकलाई छोएको छ, उसले पञ्चगव्य खानुपर्छ अथवा चान्द्रायण व्रत गरेर मात्रै शुद्ध हुन सक्दछ।

अथासौ सकोपमिदमाह– "भोः किमन्धो भवान्, यत्पशुं मृतवत्सं वदसि ?"

त्यस धूर्तको कुरो सुनेर ब्राह्मणले रिसाउँदै– "तिमी अन्धा छौ कि क्या हो ? नत्र किन यस बाखालाई मरेको गाईको बाछो भन्थ्यौ त ?" भने।

सोऽब्रवीत्– "भगवन्! मा कोपं कुरु। अज्ञानान्मयाभिहितं, तत्त्वमात्मरुचिं समाचर" इति।

उसले फेरि– "ब्राह्मण देवता! तिमी नरिसाऊ। तिमी नरिसाऊ। मैले नजानेर यस्तो कुरो गरेको छु। तिमीलाई जस्तो गर्न राम्रो लाग्छ उस्तै गर" भन्यो।

अथ यावत्स्तोकं वनान्तरं गच्छति तावत्तृतीयोऽन्यवेषधारी धूर्तः सम्मुखः समुपेत्य तमुवाच– "भो! अयुक्तमेतत्, यत्त्वं रासभं स्कन्धाधिरूढं नयसि। तत्त्यज्यतामेषः। उक्तञ्च–

फेरि ती ब्राह्मण वनको बाटो हुँदै अझै अलिक टाढा पुगेका थिए त्यति बेला अर्कै भेष धारण गरेको तेस्रो धूर्तले ब्राह्मणका अगाडि आएर– "हरे! ब्राह्मण महाराज! यो त ज्यादै अनुचित काम तिमीले गरिरहेका रहेछौ। यसरी एउटा गधालाई किन काँधमाथि बोकिरहेका छौ। यसलाई झट्टै ओरालेर फ्याँकिदेऊ। भनिएको पनि छ कि–

यः स्पृशेद्रासभं मर्त्यो ज्ञानादज्ञानतोऽपि वा।
सचैलं स्नानमुद्दिष्टं तस्य पाप प्रशान्तये॥ ११७॥

जानेर होस् अथवा नजानेर यदि कुनै मानिसले गधालाई छोयो भनेदेखि उसले त्यस पापलाई मेटाउनका लागि जिउमा लगाएका लुगैसमेत नुहाउनुपर्दछ।

तत्त्यजैनं यावदन्यः कश्चिन्न पश्यति" अथासौ तं पशुं रासभं मन्यमानो भयाद् भूमौ प्रक्षिप्य स्वगृहमुद्दिश्य प्रपलायितः। ततस्ते त्रयो मिलित्वा तं पशुमादाय यथेच्छया भक्षिताः।

तिमीलाई कसैले यो गधा बोकीबोकी हिँडेको देख्नुभन्दा पहिले नै यसलाई फ्याँकिदेऊ" भन्यो। ब्राह्मणले त्यस खसीलाई साँच्चै नै गधा ठानेर डराउँदै जमिनमा फ्याँकिदिए। त्यति गरिसकेर ती ब्राह्मण दौडँदै आफ्ना घरतिर गए। उनी त्यसरी त्यहाँबाट भागेर घरतिर गए, त्यसपछि ती तीनैवटा धूर्तहरूले त्यो खसी धोको पुर्‍याउने गरी खाए" भनेर स्थिरजीवीले सुनायो।

अतोऽहं ब्रवीमि– "बहुबुद्धिसमायुक्ता ... इति। अथवा साध्विदमुच्यते–

त्यस्तो कथा सुनाइसकेपछि त्यस स्थिरजीवीले– "त्यसै कारण म भन्दछु कि छल र कपटलाई जान्ने र बुझ्ने बुद्धिमान् व्यक्तिले जोसुकैलाई ठग्न सक्दछन्। अथवा ठिकै पनि भनिएको छ कि–

अभिनवसेवकविनयैः प्राघुणिकोक्तैर्विलासिनीरुदितैः।
धूर्तजनवचननिकरैरिह कश्चिदवञ्चितो नास्ति॥ ११८॥

नयाँ सेवकका विनम्र स्वभावले, अतिथिहरूका भनाइले, कामिनीका रुवाइले र धूर्त व्यक्तिका ठग कुराहरूले कुनै पनि मानिस नठगिईकन रहन सक्दैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किञ्च, दुर्बलैरपि बहुभिः सह विरोधो न युक्तः । उक्तञ्च–

फेरि पनि– कमजोर व्यक्तिहरू पनि सङ्गठित हुन्छन् भनेदेखि तिनीहरूको विरोध गर्नुहुँदैन । भनिएको पनि छ कि–

बहवो न विरोधव्या दुर्जयो हि महाजनः ।
स्फुरन्तमपि नागेन्द्रं भक्षयन्ति पिपीलिकाः" ॥ ११९ ॥

धेरै जनासँग एकै पटक विरोध गर्नुहुँदैन । जनसमूह ज्यादै नै दुर्जय हुन्छ । आफ्नो फणालाई फैलाउँदै फुङ्कार गर्ने अत्यन्त भयानक र शक्तिशाली सर्पलाई पनि कमिलाहरूले खाइदिन सक्दछन् ।

मेघवर्ण आह– "कथमेतत् ?" स्थिरजीवी कथयति–

मेघवर्णले– "कसरी ?" भनेर सोध्यो अनि स्थिरजीवीले भन्न लाग्यो–

पिपीलिकाभुजङ्गमकथा

अस्ति कस्मिँश्चिद् वल्मीके महाकायः कृष्णसर्पोऽतिदर्पो नाम । स कदाचिद् बिलानु-सारिमार्गमुत्सृज्यान्येन लघुद्वारेण निष्क्रमितुमारब्धः । निष्क्रामतश्च तस्य महाकायत्वाद्दैववशतया लघुविवरत्वाच्च शरीरे व्रणः समुत्पन्नः । अथ व्रणशोणितगन्धा-नुसारिणीभिः पिपीलिकाभिः सर्वतो व्याप्तो व्याकुलीकृतश्च । कति व्यापादयति, कति वा ताडयति । अतिप्रभूतत्वाद्विस्तारितबहुव्रणाभिः क्षतसर्वाङ्गोऽतिदर्पः पञ्चत्वमुपगतः । अतोऽहं ब्रवीमि– "बहवो न विरोद्धव्या ...." इति ।

कमिला र सर्प

कुनै दुलाभित्र अतिदर्प नाम गरेको एउटा निकै ठूलो कालो सर्पले रहने गरेको थियो । दुलाबाट सधैं निस्कने बाटो छोडेर कुनै एक दिन अर्कै एउटा निक्कै साँगुरो बाटोबाट बाहिर निस्कने कोसिस गर्दो रहेछ । बाहिरतिर निस्कन लागेकै समयमा संयोगवश प्वालका भित्तामा धस्सिएर त्यसको त्यो मोटो शरीरमा जताततै घाउ नै घाउ भएछन् त्यसो हुँदा पनि उसले त्यहाँबाट निस्कने कोसिस गर्न छोडेनछ । बाटो ज्यादा साँगुरो हुनाले ऊ बाहिर निस्कन वा भित्र पस्न पनि नसकेर त्यसै त्यहीँ नै अड्किएछ । घाउबाट रगत बग्यो, रगतको गन्ध वरिपरि फैलियो, चारै तिरबाट त्यस गन्धलाई पछ्याउँदै कमिलाहरू आए । एउटा, अर्को गर्दा गर्दै कमिलाहरू हुलका हुल आए । त्यस्ता अवस्थामा पनि त्यसले गर्ने पो के सक्थ्यो र ? कतिलाई हप्काओस्, कतिलाई तर्साओस् र कतिलाई भगाओस् । उसका सारा प्रयास विफल हुँदै गए । अत्यधिक संख्या ठूलो हुनाले कमिलाहरूले घाउहरूलाई यति ठूलो बनाइदिए कि आखिरमा त्यसको सारा जिउ नै क्षतविक्षत भयो र त्यहीँ मऱ्यो ।

तदत्रास्ति किञ्चिन्मे वक्तव्यम् । देव ! तदवधार्य यथोक्तमनुष्ठीयताम् ।"

महाराज ! यस विषयमा मलाई केही भन्न मन लागेको छ । तपाईंले मेरो कुरो सुनिदिनुपर्छ र त्यसैका अनुसार काम पनि गर्नुपर्दछ" भन्ने कुरो गऱ्यो ।

मेघवर्ण आह– "तात ! समादेशय । तवादेशो नान्यथा कर्तव्यः ।"

मेघवर्णले– "बाजे ! मलाई आदेश दिनुहोस, मेरा लागि त्यो पालन गर्नयोग्य हुन्छ । तपाईंको आदेशभन्दा विपरीत किसिमको आचरण म कहिल्यै गर्नेछैनँ" भन्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थिरजीवी प्राह— "वत्स ! समाकर्णय तर्हि सामादीनतिक्रम्य यो मया पञ्चम उपायो निरूपितः। तन्मां विपक्षभूतं कृत्वातिनिष्ठुरवचनैर्निर्भर्त्स्य यथा विपक्षप्रणिधीनां प्रत्ययो भवति तथा समाहृतरुधिरैरालिप्यास्यैव न्यग्रोधस्याधस्तवत्प्रक्षिप्य, गम्यतां पर्वतमृष्यमूकं प्रति।

स्थिरजीवीले— "बाबु ! साम, दान, दण्ड र भेदलाई छोडेर जुन छलरूपी पाँचौं उपायलाई मैले निश्चित गरेको छु, त्यसको स्वरूप बताउनेछु, सुन। मलाई शत्रुपक्षको हो भन्दै अति नै कडा शब्दमा मेरो आलोचना, निन्दा र भर्त्सना गर। त्यसो भएपछि शत्रुपक्षका गुप्तचरहरूमा तिमीले मलाई पदच्युत गरेका रहेछौ भन्ने कुराको विश्वास हुन्छ। अनि फेरि कतैबाट रगत मगाएर मेरा सम्पूर्ण शरीरभरि लत्पर्त्याएर दल्न लगाइदेऊ र यसै वरको रुखमुनि मलाई एक्लै छोडेर तिमी आफू ऋष्यमूक पर्तवतिर जाऊ।

तत्र सपरिवारस्तिष्ठ। यावदहं समस्तान् सपत्नान् सुप्रणीतेन विधिना विश्वास्याभिमुखान् कृत्वा कृतार्थो ज्ञातदुर्गमध्यो दिवसे तानन्धतं प्राप्तान् ज्ञात्वा व्यापदयामि। ज्ञातं मया सम्यक्, नन्यथास्माकं सिद्धिरिति। यतो दुर्गमेतदपसाररहितं केवलं वधाय भविष्यति। उक्तञ्च यतः—

त्यहाँ गएर तिमी सपरिवार बस्तै गर। यता म शत्रुहरूलाई सुनियोजित विधिले विश्वस्त बनाउँदै आफ्ना पक्षमा बनाउनेछु। फेरि शत्रुहरूको किल्ला र गुप्त भेदहरू जानेर कुनै बेला दिउँसो जब तिनीहरू अन्धो बनेका हुन्छन्, त्यसै मौकामा म तिनीहरूलाई मार्नेछु। मैले यस विषयमा ज्यादै सोचविचार गरेँ। अरू उपायले हामीलाई सफलता मिल्नेवाला छैन। फेरि यी शत्रुहरूका किल्लामा भाग्नका लागि कतै गोप्य मार्ग छैन त्यो स्वयं नै तिनीहरूको विनाशका लागि सहायक पक्ष हुनेछ। भनिएको पनि छ कि—

अपसारसमायुक्तं नयज्ञैर्दुर्गमुच्यते।
अपसारपरित्यक्तं दुर्गव्याजेन बन्धनम्॥ १२०॥

नीतिशास्त्रलाई जान्ने विद्वान्हरूले पलायनका लागि गुप्तद्वारको व्यवस्था भएको किल्लाको नै बन्दोबस्त गर्नु राम्रो हुन्छ। पलायनका लागि योग्य गोप्य द्वार नभएको दुर्गलाई त किल्लाका रूपमा झ्यालखान नै हो भन्ने बुझ्नुपर्छ भनेर बताएका छन्।

न च त्वया मदर्थं कृपा कार्या। उक्तञ्च—

यस बेला तिमीले मलाई दया गर्नुहुँदैन। भनिएको पनि छ कि—

अपि प्राणसमानिष्ठान् पालितॉंल्लालितानपि।
भृत्यान् युद्धे समुत्पन्ने पश्येच्छुष्कमिवेन्धनम्॥ १२१॥ तथा च—

राजाले आफ्नो प्राणसमान प्रिय र आफ्नै घरमा लालनपालन गरिएका भृत्यहरूलाई पनि युद्धको समय आउँदा सुकेका काठदाउराजस्तै सम्झनुपर्दछ। सुकेका काठलाई कुनै मायामोह नराखीकन जसरी आगोमा हालिन्छ उसै गरी भृत्यहरूलाई पनि ज्यादा माया नगरीकन युद्धका अग्निमा ओइराइदिनुपर्छ। अरू पनि—

प्राणवद्रक्षयेद् भृत्यान् स्वकायमिव पोषयेत्।
सदैकदिवसस्यार्थे यत्र स्याद्रिपुसङ्गमः॥ १२२॥

राजाले आफ्ना भृत्यहरूलाई केवल एउटा दिनका लागि मात्रै आफ्नो प्राणजत्तिकै प्रिय ठानेर सुरक्षित पनि राख्नुपर्दछ र सधैँभरि पालनपोषण पनि गरिरहनुपर्दछ। जब त्यो दिन आउँछ र शत्रुले आफूमाथि आक्रमण गर्दछ, त्यति बेला माया नराखीकन नै उनीहरूलाई युद्धका ज्वालामा खन्याउन सक्नुपर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्त्वयाहं नात्र विषये प्रतिषेधनीयः।" इत्युक्त्वा तेन सह शुष्ककलहं कर्तुमारब्धः।

त्यसैले यस बेला तिमीले मलाई रोक्नुहुँदैन" भन्दै स्थिरजीवीले कागहरूको राजा मेघवर्णसँग देखावटी झगडा गर्न सुरु गरिदियो।

अथान्ये तस्य भृत्याः स्थिरजीविमनुच्छृङ्खलवचनैर्जल्पन्तमवलोक्य तस्य वधायोद्यता मेघवर्णेनाभिहिताः– "अहो, निवर्तध्वं यूयम्। अहमेवास्य शत्रुपक्षपातिनो दुरात्मनः स्वयं निग्रहं करिष्यामि।" इत्यभिधाय तस्योपरि समारुह्य लघुभिश्चञ्चुप्रहारस्तं प्रहृत्य आहृतरुधिरेण प्लावयित्वा तदुपदिष्टमृष्यमूकपर्वतं सपरिवारो गतः।

स्थिरजीवीले राजाका प्रति उच्छृङ्खल बोली बोल्दै तथानाम गाली गरेको सुनेर अरू सेवकहरू स्थिरजीवीलाई मार्न तयार भए। तर मेघवर्णले उनीहरूलाई रोक्दै– "तिमीहरू यसलाई नचलाओ, म आफैँ यस शत्रुको पक्ष लिने दुष्टलाई दण्ड दिन्छु" भन्दै उसले स्थिरजीवीलाई लछारपछार गर्दै उसका छातीमाथि चढ्यो। अनि आफ्नै चुच्चाले ठुङ्दै बनावटी रूपमा घाउ र चोट लगाएझैँ पार्न लाग्यो र गोप्य रूपमा मगाएको रगतलाई उसका जिउभरि दलिदिएर उसको जिउ नै रक्ताम्मे पारेको जस्तो बनायो। त्यसपछि उसैको भनाइअनुसार आफू सपरिवार ऋष्यमूक पर्वतमा गएर त्यतै बस्न लाग्यो।

एतस्मिन्नन्तरे कृकालिकया द्विषत्प्रणिधीभूतया तत्सर्वं मेघवर्णस्यामात्यव्यसन- मुलूकराजस्य निवेदितं यत्– "तवारिः सम्प्रति भीतः क्वचित्पचलितः सपरिवारः"

यसै बिचमा शत्रुपक्षको गुप्तचर कृकालिकाले मन्त्रीसँग कागका राजा मेघवर्णको फाटो परेको समाचार लाटोकोसेराहरूका राजालाई दिँदै– "तपाईंको शत्रु डराएर यस बेला सारा परिवारसहित कतै भाग्यो" भन्ने खबर सुनाइदियो।

अथोलूकाधिपस्तदाकर्ण्यास्तमनवेलायां सामात्यः सपरिजनो वायसवधार्थं प्रचलितः, प्राह च– "त्वर्यतां त्वर्यतां, भीतः शत्रुः पलायनपरः पुण्यैर्लभ्यते। उक्तञ्च–

कृकालिकाको कुरो सुनेर घाम अस्ताइसकेपछि आफ्ना अमात्य र परिवारजनहरूलाई लिएर उल्लुहरूको राजा कागहरूको वध गर्नका लागि हिँड्यो। आफ्ना अनुचरहरूलाई प्रोत्साहित गर्दै उसले– "दौड, दौड ! डराएर भाग्दै गरेका शत्रुलाई लखेट्न निकै ठूलो भाग्यले मात्रै पाइन्छ। भनिएको पनि छ कि–

शत्रोः प्रचलने छिद्रमेकमन्यच्च संश्रयम्।
कुर्वाणो जायते वश्यो व्यग्रत्वे राजसेविनाम्" ॥ १२३ ॥

शत्रु जब डराएर भाग्न लाग्दछ त्यस बेला उभित्र दुईवटा कमजोरीहरू फेला पर्दछन्। पहिलो त उसले आफ्नो ठाउँ छोडेर भागेको हुन्छ र दोस्रोचाहिँ उसले कुनै अपरिचित ठाउँमा गएर बास बसेको हुन्छ। यदि ठिक यस्तै बेलामा उसमाथि आक्रमण गर्न सकिन्छ भने यी दुवै स्थितिका कमजोरीले गर्दा ऊ चाँडै नै आफ्नो वशमा पर्न सक्दछ" भन्यो।

एवं ब्रुवाणः समन्तान्न्यग्रोधपादपमधः परिवेष्ट्य व्यवस्थितः। यावन्न कश्चिद्वायसो दृश्यते, तावच्छाखाग्रमधिरूढो हृष्टमना वन्दिभिरभिष्टू यमानोऽरिमर्दनस्तान् प्रोवाच– "अहो, ज्ञायतां तेषां मार्गः। कतमेन मार्गेण प्रनष्यः काकाः ? तद्यावन्न दुर्गं समाश्रयन्ति तावदेव पृष्ठतो गत्वा व्यापादयामि। उक्तञ्च–

अनुचरहरूलाई यसरी नै हौस्याउँदै उसले त्यस वटवृक्षलाई चारैतिरबाट घेरा हालेर त्यसैका तल आफ्नो अड्डा बनाएर बस्यो। जब कुनै काग उसका नजरमा आएन, अनि उसका भाट र चारणहरूले उसको प्रशंसा गर्न लागे। त्यस रुखको निकै अग्लो ठाउँमा गई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा हाँगामा चढेर खुसी हुँदै आफन्तहरूलाई आदेश दिँदै उसले "शत्रुहरूको बाटो पहिल्याऊ, यी कागहरू कुन बाटोबाट यो ठाउँ छोडेर निस्किएर भागे, पत्ता लगाओ। अर्को किल्लामा पुग्नुभन्दा पहिले नै उनीहरूको पिछा गरेर बिच बाटामै तिनीहरू सबैलाई मारिसकौँ। भनिएको पनि छ कि–

वृतिमप्याश्रितः शत्रुरवध्यः स्याज्जिगीषुणा।
किं पुनः संश्रितो दुर्गं सामग्र्या परया युतम्" ॥ १२४ ॥

बस्नका लागि गुन्द्रीको मात्रै सहायता पाए भने पनि शत्रुहरू बलिया हुन पुग्छन्। यदि उनीहरूलाई सबै किसिमका सामग्रीसहितको आश्रय फेला पर्‍यो भनेदेखि झन उनीहरू मानैं नसकिने हुन्छन्। यसमा धेरै सम्झाउनुपर्ने कुनै कुरो पनि छैन" भन्यो।

तथैतस्मिन् प्रस्तावे स्थिरजीवी चिन्तयामास– "यदेतेऽस्मच्छत्रवोऽनुपलब्धास्मद्वृत्तान्ता यथागतमेव यान्ति, ततो मया न किञ्चत्कृतं भवति। उक्तञ्च–

शत्रुको यस किसिमको स्थिति देखेर स्थिरजीवीले त्यस विषयमा आफ्नै मनभित्र– "यदि मेरा शत्रुहरूले मेरो यस वृतान्तलाई नजानीकन नै जसरी आएका छन् उसै गरी फर्किएर गए भनेदेखि मैले केही पनि गर्न सक्नेछैनँ। भनिएको पनि छ कि–

अनारम्भो हि कार्याणां प्रथमं बुद्धिलक्षणम्।
आरब्धस्यान्तगमनं द्वितीयं बुद्धिलक्षणम् ॥ १२५ ॥

लाभ हुने किसिमको नै भए पनि जोखिमले भरिएको कुनै काम पनि गर्न नथाल्नु बुद्धिमानीको पहिलो लक्षण हो भन्ने मानिन्छ र थालनी गरेका कामलाई कुशलतापूर्वक समाप्ति गर्न सक्नु बुद्धिमानीको दोस्रो र महत्त्वपूर्ण लक्षण मानिन्छ।

तद्वरमनारम्भो, न चारम्भविघातः। तदहमेताञ्छब्दं संश्रव्यात्मानं दर्शयामि।" इति विचार्य मन्दं मन्दं शब्दमकरोत्।

कामको थालनी गरिसकेपछि बाधाविघ्न आइलागेका कारणले त्यसलाई बिचैमा छोडिदिनुपर्छद यदि भने त्यस्तो काम नथाल्नु नै राम्रो हुन्छ। त्यसैले म आफ्ना शब्दहरू सुनाएर नै यिनीहरूलाई म यहाँ भएको कुराको जानकारी दिन्छु" भन्ने सोचेर उसले बिस्तारैसँग आफ्नो शब्द निकाल्न थाल्यो।

तच्छ्रुत्वा ते सकला अप्युलूकास्तद्वधाय प्रजग्मुः। अथ तेनोक्तम्– "अहो ! अहं स्थिरजीवी नाम मेघवर्णस्य मन्त्री। मेघवर्णेनैवेदृशीमवस्थां नीतः। तन्निवेदयतात्मस्वाम्यग्रे। तेन सह बहु वक्तव्यमस्ति।

त्यसको शब्द सुन्नासाथ सबै उल्लुहरू त्यसलाई मार्नका लागि झम्टिएर आइलागे। उनीहरूलाई त्यसरी आएको देखेर उसले– "भाइहरू हो ! म स्थिरजीवी नामको काग मेघवर्णको मन्त्री हुँ। मेघवर्णले नै मेरो यस्तो हालत बनाएर यहाँ एक्लै छोडेर हिंड्यो। त्यसैले तिमीहरूले मेरो यस दुर्दशालाई आफ्ना राजासँग सुनाइदेऊ। उनीसँग मैले धेरै कुराहरू गर्नुपर्नेछ" भन्यो।

अथ तैर्निवेदितः उलूकराजो विस्मयाविष्टस्तत्क्षणात्तस्य सकाशं गत्वा प्रोवाच– "भो भोः ! किमेतां दशां गतस्त्वं, तत्कथ्यताम्।"

उलूकराजका अनुचरहरूले गएर स्थिरजीवीको सारा वृतान्त आफ्ना राजालाई सुनाए। उनीहरूको कुरो सुन्नेबित्तिकै आश्चर्यचकित भएर उसै क्षण उलूकराज स्थिरजीवीका नजिकै पुग्यो। त्यहाँ पुग्नासाथ उसले– "भन तिम्रो यस्तो हालत कसरी भयो ?" भनी सोध्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थिरजीवी प्राह– "देव ! श्रूयतां मे एतदवस्थाकारणम्। अतीतदिने स दुरात्मा मेघवर्णो युष्मद्व्यापादितान् प्रभूतवायसान् दृष्ट्वा युष्माकमुपरि कोपशोकग्रस्तो युद्धार्थं प्रचलित आसीत्।" ततो मयाभिहितम्– "स्वामिन् ! न युक्तं भवतस्तदुपरि गन्तुं, बलवन्त एते, बलहीनाश्च वयम्। उक्तञ्च–

स्थिरजीवीले– "महाराज ! मेरो यस अवस्थाको कारण सुन्नुहोस्, अब म सबै कुरा विस्तारपूर्वक भन्दै छु। हिजो तपाईंले मारेका असंख्य कागहरूलाई देखेर त्यो दुष्ट बुद्धिको मेघवर्ण शोकले व्याकुल हुँदै तपाईंमाथि आक्रमण गर्ने उद्देश्यले निस्कन लाग्यो।" त्यसलाई रोक्तै मैले– "महाराज ! उनीहरूमाथि आक्रमण गर्नु हाम्रा लागि हितकारी हुँदैन। उनीहरू तपाईंहामीभन्दा ज्यादै बलिया छन्। उनीहरूका तुलनामा हामी ज्यादै कमजोर छौं। भनिएको पनि छ कि–

बलीयसा हीनबलो विरोधं न भूतिकामो मनसापि वाञ्छेत्।
न बध्यतेऽप्यन्तबलो हि यस्माद् व्यक्तं प्रणाशोऽस्ति पतङ्गवृत्तेः ॥ १२६ ॥

धन र सुखको कामना गर्ने व्यक्तिले आफ्ना मनबाट पनि आफूभन्दा बलिया शत्रुसँग विरोध गर्ने कुरो सोच्नुहुँदैन। किनभने बलियो भएका कारणले त्यस शत्रुको त विनाश हुँदैन बरु आगाको ज्वालामा झम्टिन जाने किरोजस्तै भएर आफ्नो विनाश भने पक्कै हुन्छ।

तत्तस्योपायनप्रदानेन सन्धिरेव युक्तः। उक्तञ्च–

त्यसैले बरु केही कोसेलीहरू दिएर उनीसँग सन्धिसम्झौता गर्नु उचित होला। भनिएको पनि छ कि–

बलवन्तं रिपुं दृष्ट्वा सर्वस्वमपि बुद्धिमान्।
दत्त्वा हि रक्षयेत्प्राणान् रक्षितैस्तैर्धनं पुनः" ॥ १२७ ॥

बुद्धिमान् व्यक्तिले आफूभन्दा बलियो शत्रुलाई देखेपछि आफ्नो सर्वस्व दिएर भए पनि आफ्ना प्राणलाई जोगाउनुपर्छ। किनभने ज्यानलाई जोगाइयो भने धन त पछि पनि जोगाउन र कमाउन सकिन्छ" भनें।

तच्छ्रुत्वा तेन दुर्जनप्रकोपितेन त्वत्पक्षपातिनं मामाशङ्कमानेनेमां दशां नीतः। तत्तव पादौ साम्प्रतं मे शरणम्। किं बहुना विज्ञप्तेन, यावदहं प्रचलितुं शक्नोमि तावत्त्वां तस्यावासे नीत्वा सर्ववायसक्षयं विधास्यामि" इति।

मेरो कुरो सुनेपछि अरू दुष्टहरूले उरालेको हुँदा त्यो मेघवर्ण मप्रति ज्यादै रिसायो र मलाई तपाईंहरूजस्तो शत्रुको पक्ष लिने भनेर आरोप लगाउँदै यस्तो बनाएर छोड्यो। त्यसो भएको हुनाले म तपाईंकै चरणमा शरण लिन चाहन्छु। ज्यादा कुरो के गरौं, म हिंडडुल गर्न सक्ने भएपछि त्यसले बसोबास गरेको ठाउँसम्म तपाईंलाई पुऱ्याएर सारा कागहरूको विनाश गराउनेछु" भन्यो।

अथारिमर्दनस्तदाकर्ण्य पितृपितामहक्रमागतमन्त्रिभिः सार्धं मन्त्रयाञ्चक्रे। तस्य च पञ्च मन्त्रिणः। तद्यथा रक्ताक्षः, क्रूराक्षः, दीप्ताक्षः, वक्रनासः, प्राकारकर्णश्चेति। तत्रादौ रक्ताक्षमपृच्छत्– "भद्र ! एष तावत्तस्य रिपोः मन्त्री मम हस्तगतः। तत्किं क्रियताम् ?" इति।

त्यसको कुरो सुनेपछि त्यो अरिमर्दन नामको लाटोकोसेराको राजाले आफ्ना पितापुर्खाका पालादेखिका सबै मन्त्रीहरूसँग विचारविमर्श गर्न थाल्यो। त्यसका पाँचवटा त्यस्ता पुर्ख्यौली मन्त्रीहरू थिए। ती मन्त्रीहरूको नाम रक्ताक्ष, क्रूराक्ष, दीप्ताक्ष, वक्रनास र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकारकर्ण थियो। सबैभन्दा पहिले उसले रक्ताक्षसँग– "भद्र ! शत्रुपक्षको एउटा मन्त्री मेरा नियन्त्रणमा आएको छ। यस अवस्थामा हामीले के गर्नु उचित होला त ?" भनी सोध्यो।

रक्ताक्ष आह– "देव ! किमत्र चिन्त्यते। अविचारमयं हन्तव्यः। यतः–

रक्ताक्षले त्यसको उत्तर दिँदै– "महाराज ! यसमा विचार गर्नुपर्ने कुरो के छ र ? कुनै कुरो नसोचीकन त्यसलाई मारिदिनुपर्छ। भनिएको पनि छ कि–

हीनः शत्रुर्निहन्तव्यो यावन्न बलवान् भवेत्।
प्राप्तस्वपौरुषबलः पश्चाद्भवति दुर्जयः ॥ १२८ ॥

शत्रु जति बेला कमजोर हुन्छ, उसै बेला मारिदिनुपर्छ। उसलाई बलियो हुने मौका नै दिनुहुँदैन। बल र पराक्रम पाएपछि जब त्यो बलियो हुन्छ अनि त जितिनसक्नु भइहाल्छ नि। त्यसपछि त उसलाई मार्न सकिँदैन।

किञ्च– स्वयमुपागता श्रीस्त्यज्यमाना शपतीति लोके प्रवादः उक्तञ्च–

किनभने आफैँ पछ्याउँदै आएकी लक्ष्मीलाई छोडिदिनाले उनले शाप दिनेछिन्। संसारप्रसिद्ध भनाइ पनि यस किसिमको छ कि–

कालो हि सकृदभ्येति यन्नरं कालकाङ्क्षिणम्।
दुर्लभः स पुनस्तेन कालः कर्माचिकीर्षता ॥ १२९ ॥ श्रूयते च यथा–

मौका पर्खने व्यक्तिलाई मौका एकपटक अवश्य आउँछ। यदि मौका पाइसकेपछि पनि व्यक्तिले आफ्नो मुर्ख्याइँ वा अल्छ्याइँका कारण काम गरेन भनेदेखि आएको मौकाले पर्खँदैन र फेरि फर्केर पनि आउँदैन। सुनिएको पनि छ कि–

चितिकां दीपितां पश्य फटां भग्नां ममैव च।
भिन्नश्लिष्य तु या प्रीतिर्न सा स्नेहेन वर्धते" ॥ १३० ॥

यो बल्दै गरेका चितालाई हेर र मेरा क्षतविक्षत भएका फणालाई पनि हेर। एकपटक फुटेपछि नजोडिने मित्रता जतिसुकै माया देखाए पनि कहिल्यै फेरि गाँसिँदैन" भन्यो।

अरिमर्दनः प्राह– "कथमेतत् ?" रक्ताक्षः कथयति–

अरिमर्दनले– "त्यस्तो कसरी हुन्छ ?" भनेर सोध्यो। रक्ताक्षले अघिल्लो कथा सुनाउँदै भन्न लाग्यो–

ब्राह्मणसर्पकथा

अस्तिकस्मिँश्चिदधिष्ठाने हरिदत्तो नाम ब्राह्मणः। तस्य च कृषिं कुर्वतः सदैव निष्फलः कालोऽतिवर्तते। अथैकस्मिन् दिवसे स ब्राह्मण उष्णकालावसाने घर्मार्तः स्वक्षेत्रमध्ये वृक्षच्छायायां प्रसुप्तोऽनतिदूरे वल्मीकोपरि प्रसारितबृहत्फटाटोपभीषणं भुजङ्गमं दृष्ट्वा चिन्तयामास– "नूनमेषा क्षेत्रदेवता मया कदाचिदपि न पूजिता। तेनेदं मे कृषिकर्म विफलीभवति तदस्य अहं पूजामद्य करिष्यामि।

ब्राह्मण र सर्प

कुनै सहरमा हरिदत्त नामका एकजना ब्राह्मण रहने गर्दथे। ज्यादै खटिएर खेतीको काम गर्दागर्दै पनि उनको समय निष्फल रूपमा बित्दथ्यो, त्यति हुँदा पनि खेतीबाट कुनै लाभ हुँदैनथ्यो। गर्मीको समय प्रायः बित्न लागेका बेला कुनै दिन उनी घामले पीडित भएर आफ्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खेतमा नै एउटा रुखका मुनि सुतेका थिए। सुतिरहेका बेलामा नै उनले नजिकैको एउटा प्वालमा आफ्नो फणा फिँजाएर बसिरहेको एउटा भयङ्कर सर्पलाई देखे। त्यसलाई देखेर उनले मनमनै— "यो नै मेरा खेतको देवता हो। मैले कहिल्यै पनि यसको पूजा गरिनँ। त्यसैले मेरो खेती कहिल्यै नसप्रिएर सारा परिश्रम खेर गएको हो कि जस्तो लाग्दछ। त्यसैल आजदेखि म यसको पूजा गर्नेछु" भन्ने सोचे।

इत्यवधार्य, कुतोऽपि क्षीरं याचित्वा शरावे निक्षिप्य वल्मीकान्तिकं उपगत्योवाच— "भोः क्षेत्रपाल ! मयैतावन्तं कालं न ज्ञातं यत्त्वमत्र वससि, तेन पूजा न कृता। तत्साम्प्रतं क्षमस्व" एवमुक्त्वा दुग्धञ्च निवेद्य गृहाभिमुखं प्रायात। अथ प्रातर्यावदागत्य पश्यति तावद्दीनारकमेकं शरावे दृष्टवान्। एवञ्च प्रतिदिनमेकाकी समागत्य तस्मै क्षीरं ददाति, एकैकञ्च दीनारं गृह्णाति।

यस किसिमका कुरा सोचिसकेर ती ब्राह्मणले कतैबाट दुध मागेर ल्याए र त्यसलाई कुनै भाँडामा हालेर त्यो सर्प बसेका प्वालका नजिकै गई— "हे क्षेत्रपाल ! तिमी मेरा यसै खेतमा बस्ने गर्दछौ भन्ने कुरो मैले बुझेको नै थिइनँ। त्यसै कारणले मैले आजसम्म कहिल्यै पनि तिम्रो पूजा पनि गरिनँ। मेरो यस अपराधलाई क्षमा गरिदेऊ" भन्दै उसले त्यो दुध त्यसै प्वालमा राखिदियो र फेरि प्रार्थन गरेर घरतिर फर्कियो। अर्को दिन बिहान आउँदा उसले त्यो भाँडोमा एउटा असर्फी राखिएको देख्यो। असर्फीलाई टिपेर उसले राख्यो। यसै गरी सधैँभरि एक्लै आएर त्यस सर्पलाई दुध चढाउँथ्यो र त्यस दुधका बदलामा उसले एउटा असर्फी पाएर लिने गर्दथ्यो।

अथैकस्मिन् दिवसे वल्मीकं क्षीरनयनाय पुत्रं निरूप्य ब्राह्मणो ग्रामान्तरं जगाम। पुत्रोऽपि क्षीरं तत्र नीत्वा संस्थाप्य च पुनर्गृहं समायातः। दिनान्तरे तत्र गत्वा दीनारमेकं च दृष्ट्वा गृहीत्वा च चिन्तितवान्, "नूनं सौवर्णदीनारपूर्णोऽयं वल्मीकः। तदेनं हत्वा सर्वमेकवारं ग्रहीष्यामि।" इत्येवं सम्प्रधार्यान्येद्युः क्षीरं ददता ब्राह्मणपुत्रेण सर्पो लगुडेन शिरसि ताडितः। ततः कथमपि दैववशादमुक्तजीवित एव रोषात्तमेव तीव्र विषदशतैस्तथादशत् यथा स सद्यः पञ्चत्वमुपागतः। स्वजनैश्च नातिदूरे क्षेत्रस्य काष्ठसञ्चयैः संस्कृतः।

एक दिन आफ्ना छोरालाई दुध चढाउनका लागि अह्राएर ती ब्राह्मण कुनै अर्को गाउँतिर गएछन्। उनको छोरो दुध लिएर त्यहाँ गयो र प्वालमा दुध राखिदिएर घरतिर फर्कियो। अर्को दिन जब दुध लिएर त्यो केटो त्यहाँ पुग्दा उसले सधैँझैँ सुनको असर्फी भेट्यो। उसले त्यो दीनार वा असर्फी टिप्दै गर्दा आफ्नै मनभित्र "यस प्वालभित्र पक्का पनि मनग्गे मात्रामा सुनका असर्फी वा दीनारहरू भरिएका छन्। मैले यस सर्पलाई मारिदिएँ भने यी सबै एकैपटक लिन पाउनेछु। किन मैले यस सर्पलाई मारेर सबै सुनका असर्फीहरू एकैपटक नलाने ?" भन्ने सोच्दै दुध खानका लागि बाहिर निस्केर आएका सर्पका टाउकामाथि एउटा लाठाले हान्यो। संयोगवश टाउकामा लागेर पनि त्यो सर्प मरेन तर आफूमाथि लाठो प्रहार गरेको देखेर ऊ अवश्य रिसायो। रिसाएका सर्पले आफ्ना तिखा र विषालु दाँतहरूले त्यस बाहुन केटालाई यसरी टोकिदियो कि एकै छिनमा ऊ त्यहीँ तुरुन्तै मर्‍यो। त्यसका मरेका शरीरलाई उसका आफन्तहरू त्यसै खेतका नजिकै दाउराको चिता बनाएर जलाएर अन्तिम संस्कार गरे।

अथ द्वितीयदिने तस्य पिता समायातः। स्वजनेभ्यः सुतविनाशकारणं श्रुत्वा तथैव समर्थितवान्। अब्रवीच्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्को दिन घर फर्किएपछि उसका बाबुले आफ्ना छिमेकी र आफन्तहरूका मुखबाट आफ्नो छोरो मरेको र त्यसले मर्नुको उचित कारण सुने। त्यसपछि उनले त्यसका मृत्युको औचित्यलाई समर्थन गर्दै–

"भूतान् यो नानुगृह्णाति ह्यात्मनः शरणागतान्।
भूतार्थास्तस्य नश्यन्ति हंसाः पद्मवने यथा" ॥ १३१ ॥

"शरणमा आएका प्राणीहरूको जुन व्यक्तिले रक्षा गर्दैन त्यसको धन, मान आदि सबै कुरा उसै गरी निस्किएर जान्छन् जसरी पद्मवनमा निवास गर्ने हाँसहरू राजाका हातबाट उम्किएर गएका थिए" भने।

पुरुषैरुक्तं– "कथमेतत् ?" ब्राह्मणः कथयति–

त्यसको कुरो सुनेपछि आफन्तहरूले– "त्यस्तो कसरी भएको थियो ?" भनी सोधे। ब्राह्मणले अघिल्लो कथा सुरु गर्दै भन्न थाले–

हैमहंसकथा

अस्ति कस्मिँश्चिदधिष्ठाने चित्ररथो नाम राजा। तस्य योधैः सुरक्ष्यमाणं पद्मसरो नाम सरस्तिष्ठति। तत्र च प्रभूता जाम्बूनदमया हंसास्तिष्ठन्ति। षण्मासे-षण्मासे पिच्छमैकैकं परित्यजन्ति।

सुनचरी

कुनै सहरमा चित्ररथ नाम गरेका एकजना राजा रहने गर्दथे। सधैँ सिपाहीहरूले सुरक्षा गरिराखिएको पद्मसर नामको उनको एउटा अति सुन्दर तलाउ पनि थियो। त्यस तलाउमा सुनौलो रङ्गका धेरै हाँसहरू रहने गर्दथे। ती हाँसहरूले प्रत्येक छ-छ महिनामा एकएकवटा सुनका प्वाँखहरू खसाउने गर्दथे र ती प्वाँखहरू राजाले टिपेर राख्ने गरेका थिए।

अथ तत्र सरसि सौवर्णो बृहत्पक्षसमायातः। तैश्चोक्तः– "अस्माकं मध्ये त्वया न वस्तव्यम्। येन कारणेनास्माभिः षण्डमासान्ते पिच्छैकैकदानं कृत्वा गृहीतमेतत्सरः। एवञ्च, किं बहुना, परस्परं द्वेधमुत्पन्नम्।

एक दिन त्यस तलाउमा हेमवर्ण नै नाम भएको एकदम ठूलो अर्को एउटा पक्षी आयो। त्यसलाई देखेपछि ती हाँसहरूले– "हामीहरूका बिचमा तिमीले बस्न पाउँदैनौ। यस तलाउलाई हामीले भाडामा लिएर राखेका छौँ। यस तलाउमा बसेको र चरेको बदलामा हामीले प्रत्येक छ-छ महिनामा एकएकवटा आआफ्ना प्वाँख राजालाई दिने गरेका छौँ" भने। यसै किसिमको धेरै कुरो त के गर्नुपर्ने हो र, त्यस तलाउमा बस्न पाउने कि नपाउने भन्ने विषयलाई लिएर ती पक्षीहरूका बिचमा एउटा साह्रै ठूलो कलह मच्चिन लाग्यो।

स च राज्ञः शरणं गतोऽब्रवीत्–, "देव ! एते पक्षिण एवं वदन्ति यत्, अस्माकं राजा किं करिष्यति ! न कस्याप्यावासं दद्मः।"

त्यो ठूलो जिउ भएको मोटो नयाँ पक्षी राजाका शरणमा गयो र उसले राजालाई– "महाराज ! यी पक्षीहरू राजाले के पो गर्न सक्छन् र, यहाँ हामी कसैलाई पनि बस्न दिँदैनौँ यो हाम्रो तलाउ हो भन्दै छन्।

मया चोक्तं– "न शोभनं युष्माभिरभिहितम्। अहं गत्वा राज्ञे निवेदयिष्यामि। एवं स्थिते, देवः प्रमाणम्।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनीहरूको कुरो सुनिसकेपछि मैले– तिमीहरूले गरेको जस्तो घमन्डी कुरो गर्नु उचित होइन। म राजासित गएर बिन्ती गर्नेछु र महाराजबाट जस्तो आदेश होला, भन्दै गएर महाराज ! म त हजुरको शरणमा आएको छु। साँचोसत्य कुरो जे थियो त्यो मैले जस्ताको तस्तै बताइसकें। अब हजुरको जस्तो हुकुम हुन्छ" भन्यो।

ततो राजा भृत्यानब्रवीत्– "भो भो ! गच्छत सर्वान् पक्षिणो गतासून् कृत्वा शीघ्रमा-नयत।"

त्यस ठूलो शरीर भएका नयाँ चराको कुरो सुनिसकेपछि राजाले आफ्ना सिपाहीहरूलाई बोलाएर– "तिमीहरू त्यस तलाउमा जाओ र त्यहाँ भएका सबै पक्षीहरूलाई मारेर यहाँ बोकेर लिएर आओ" भन्ने हुकुम दिए।

राजादेशान्तरमेव प्रचेलुस्ते। अथ लगुडहस्तान् राजपुरुषान् दृष्ट्वा तत्रैकेन पक्षिणा वृद्धेनोक्तम्– "भोः स्वजनाः ! न शोभनमापतितम्। सर्वैरेकमतीभूय शीघ्रमुत्पतितव्यम्।"

राजाको आज्ञा पाउनासाथ ती सिपाहीहरू त्यतातिर लागे। हातमा लौरा बोकेर सरोवरतर्फ आइरहेका ती सिपाहीहरूलाई देखेपछि सबै हाँसहरूमध्येको एउटा वयोवृद्ध हाँसले– "हेर मित्रहरू ! अब हामीमाथि दशा लाग्ने बेला भएको देखिन थालेको छ। तिमीहरू सबै एकत्र भएर चाँडै नै यहाँबाट उड" भन्यो।

तैश्च तथानुष्ठितम्। अतोऽहं ब्रवीमि– "भूतान् यो नानुगृह्णाति" इति उक्त्वा पुनरपि ब्राह्मणः प्रत्यूषे क्षीरं गृहीत्वा तत्र गत्वा तारस्वरेण सर्पमस्तौत्।

पक्षीहरूले त्यस वृद्धको अर्ती मानेर एक मत हुँदै त्यहाँबाट उडे। त्यस्तो कथा सुनाएर ब्राह्मणले– "त्यसैले म भन्दछु कि जुन मानिसले शरणमा आएका व्यक्तिको रक्षा गर्दैन त्यसको धन, वैभव आदि सबै पद्मवनमा बस्ने हाँसहरको जस्तै गरी निस्किएर जान्छ" यसो भनिसकेपछि ब्राह्मण फेरि अर्को दिन दुध लिएर फेरि त्यहाँ गए र ठूलो स्वरमा त्यस सर्पको स्तुति गर्न लागे।

तदा सर्पश्चिरं वल्मीकद्वारान्तर्लीन एव ब्राह्मणं प्रत्युवाच– "त्वं लोभादत्रागतः पुत्रशोकमपि विहाय। अतः परं तव मम च प्रीतिर्नोचिता। तव पुत्रेण यौवनोन्मदेनाहं ताडितः। मया स दंष्टः। कथं मया लगुडप्रहारो विस्मर्तव्यः, त्वया च पुत्रशोकदुःखं विस्मर्तव्यम् ?" इत्युक्त्वा बहुमूल्यं हीरकमणिं तस्मै दत्त्व– "अतः परं पुनस्त्वया नागन्तव्यम्" इति पुनरुक्त्वा विवरान्तर्गतः।

ब्राह्मणले गरेको स्तुति सुनेर धेरै बेरसम्म चुप लागेर बसेको सर्पले दुलाभित्रैबाट– "छोराको माया त्यागेर तिमी लोभका कारण यहाँ आएका छौ। यति भइसकेपछि अब तिम्रो र मेराबिच मित्रता छ भन्नु उचित हुँदैन। आफ्नो जवानीको जोसमा आएर तिम्रा छोराले मेरा टाउकामा लौराले हानेको थियो। अनि मैले पनि रिसको झोँकमा उसलाई टोकिदिएँ। म आफूमाथि बर्सिएको त्यो लौराको चोट कसरी बिर्सन सक्छु र ? अनि तिमी पनि आफ्ना छोराको शोक कसरी बिर्सन सक्छौ र ? त्यसैले तिम्रो र मेरो मित्रता अब राम्रो हुँदैन" भन्दै त्यस सर्पले बहुमूल्य हीरक मणिहरू दिएर ती ब्राह्मणलाई– "अब फेरिदेखि तिमी यहाँ मसित कहिल्यै पनि नआउनू" भन्दै दुलाभित्र पस्यो।

ब्राह्मणश्च मणिं गृहीत्वा पुत्रबुद्धिं निन्दयन् स्वगृहमागतः अतोऽहं ब्रवीमि "चितिकां दीपितां पश्य" इति।

ब्राह्मण पनि हीरामणिहरूलाई लिएर आफ्ना छोराको बुद्धिमाथि पछुतो गर्दै आफ्ना घरतिर लागे। यस्तो कथा सुनाएर रक्ताक्षले– "त्यसै कारण म भन्दछु कि दन्किएर बल्दै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेको यस चितालाई हेर, फुटेको मेरो फणालाई पनि हेर र एकपटक फाटो परिसकेपछि कृत्रिम रूपमा गाँसेको मित्रताको स्नेह फेरि जोड्दा अडिँदैन भन्ने कुरो पनि बुझ भनेर सर्पले भनेको थियो" भन्ने कथा सुनायो।

तदस्मिन् हतेऽयत्नादेव राज्यमकण्टकं भवतो भवति।"

शत्रुका यस मन्त्रीलाई मारिदिनाले नै तपाईंको राज्य सजिलैसँग निष्कण्टक हुनेछ" भन्यो।

तस्यैतद्वचनं श्रुत्वा क्रूराक्षं पप्रच्छ– "भद्र ! त्वं किं मन्यसे ?"

रक्ताक्षको यस्तो कुरो सुनेर उलूकराजले क्रूराक्षसँग– "भद्र ! तिमी के गर्न उचित ठान्दछौ ?" भनेर सोध्यो।

सोऽब्रवीत्– "देव ! निर्दयमेतद्यदनेननाभिहितम्। यत्कारणं "शरणागतो न बध्यते। सुष्ठु खल्विदमाख्यानम्–

उसले चाहिँ– "महाराज ! यसले जे भन्यो त्यो ज्यादै निर्दयतापूर्ण कुरो हो, शरणागतको वध गर्नुहुँदैन। यस विषयमा एउटा कति राम्रो र अनुकरणीय आख्यान पनि छ–

श्रूयते हि कपोतेन शत्रुः शरणमागतः।
पूजितश्च यथान्यायं स्वैश्च मांसैर्निमन्त्रितः" ॥ १३२ ॥

सुनिएको छ कि कुनै ढुकुरले शरणमा आएका शत्रुलाई पनि यथोचित रूपमा पूजा गरेर आफ्नै मासु उसलाई खुवाएको पनि थियो अरे" भन्यो।

अरिमर्दनोऽब्रवीत्– "कथमेतत् ?" क्रूराक्षः कथयति–

अरिमर्दनले– "त्यो कथा कस्तो छ ?" भनेर सोध्यो। क्रूराक्षले अघिल्लो कथा सुनाउँदै भन्ने लाग्यो।

कपोतलुब्धककथा

कश्चिक्षुद्रसमाचारः प्राणिनां कालसन्निभः।
विचचार महारण्ये घोरः शकुनिलुब्धकः ॥ १३३ ॥

ढुकुर र व्याधा

एउटा ज्यादै नराम्रो बेहोराको यमराजजस्तै देखिने क्रूर र पापी सिकारी पक्षीहरूको मांसका खोजीमा वनवनमा यता र उति घुम्दै हिंड्ने गर्दथ्यो।

नैव कश्चित्सुवृत्तस्य न सम्बन्धी न बान्धवः।
स तैः सर्वैः परित्यक्तस्तेन रौद्रेण कर्मणा ॥ १३४ ॥ अथवा

त्यसका न त कोही मित्र थिए, न कोही नातागोता थिए र न कोही आफन्तहरू नै थिए। उसको त्यस्तै क्रूर कर्म देखेर सबैले उसलाई छोडेका थिए र त्यस्तै दुष्ट काम गर्नका लागि उसले पनि सबै आफन्तहरूलाई त्यागेको थियो। अथवा–

ये नृशंसा दुरात्मानः प्राणिनां प्राणनाशकाः।
उद्वेजिनीया भूतानां व्याला इव भवन्ति ते ॥ १३५ ॥

निर्दयी, दुष्ट, प्राणीघाती र प्राणीहरूका मनमा पिरमात्रै पार्ने व्यक्तिहरू पनि सिंह, बाघ, हात्ती र सर्पआदि हिंस्रक पशुहरूजस्तै हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सपञ्जरकमादाय पाशाञ्च लगुडं तथा।
नित्यमेव वनं याति सर्वप्राणिविहिंसकः ॥ १३६ ॥

त्यस व्याधाले हातमा पिँजडा, पासो र लौरो लिएर सधैँ वनमा घुम्दै भेटेजति पशुप्राणी मार्दै हिँड्ने गरेको थियो।

अन्येद्युर्भ्रमतस्तस्य वने कापि कपोतिका।
जाता हस्तगता तां स प्राक्षिपत्पञ्जरान्तरे ॥ १३७ ॥

एक दिन वनमा घुमिरहेका बेला उसले एउटा पोथी ढुकुरलाई समातेछ। उसले त्यस ढुकुरलाई समातेर पिँजडामा थुन्यो पनि।

अथ कृष्णा दिशः सर्वा वनस्थस्याभवन् घनैः।
वातवृष्टिश्च महती क्षयकाल इवाभवत् ॥ १३८ ॥

जुन बेला ऊ वनमा घुमिरहेकै थियो, त्यसै बेला सबै दिशाहरू काला र अँध्यारा भए। पूरै आकाशलाई बादलले ढाक्यो र आँधीहुरीका साथमा घनघोर पानी दर्किन थाल्यो। हेर्दाहेर्दै त्यहाँ महाप्रलय नै होला कि जस्तो दृश्य देखियो।

ततः स त्रस्तहृदयः कम्पमानो मुहुर्मुहुः।
अन्वेषयन्परित्राणमाससाद वनस्पतिम् ॥ १३९ ॥

डराएको मन र बारम्बार कामिरहेको मुटु लिएर कुनै बस्न सजिलो हुने ठाउँको खोजी गर्दै त्यो एउटा ठूलो रुखका फेदमा पुग्यो।

मुहूर्तं पश्यते यावद् वियद्विमलतारकम्।
प्राप्य वृक्षं वदत्येवं— "योऽत्र तिष्ठति कश्चन ॥ १४० ॥

एक छिनपछि पानीको वर्षा केही कम भएर आकाश पनि उघ्रिँदै र सफा हुँदै आयो। अलिक बेरमा सफा आकाशमा ढकमक्क ताराहरूसमेत देखिन थाले। अनि त्यसै रुखका फेदमा उभिएर उसले प्रार्थना गर्दै— "यस रुखमा जोसुकै बसेको होओस् ....

तस्याहं शरणं प्राप्तः स परित्रातु मामिति।
शीतेन भिद्यमानं च क्षुधया गतचेतसम्" ॥ १४१ ॥

म उसैको शरणमा आएको छु। उसले मेरो रक्षा गरोस्। यस बेला म जाडाले ज्यादै सताइएको छु र भोकले पनि मेरो ज्यान नै जान लागेको छ" भन्न थाल्यो।

अथ तस्य तरोः स्कन्धे कपोतः सुचिरोषितः।
भार्याविरहितस्तिष्ठन् विललाप सुदुःखितः ॥ १४२ ॥

त्यस रुखमाथि पोथी फर्किएर आउली कि भन्ने आशाले निकै बेरसम्म प्रतीक्षा गरेर आखिरमा निराश भएको, उसैले समातेका पोथीको भाले ढुकुर बसेको थियो। अन्त्यमा त्यो भाले ढुकुर पोथीका चिन्ताले दुःखी मनले आलाप र विलाप गर्दै—

"वातवर्षो महानासीन्न चागच्छति मे प्रिया।
तया विरहितं ह्येतच्छून्यमद्य गृहं मम ॥ १४३ ॥

"यत्रो ठूलो आँधीहुरी आयो यस्तो ठूलो झरी पऱ्यो त्यत्रो आपद् पर्दा पनि मेरी प्रेयसी आइपुगिन। खै कहाँ पुगी होली, कस्तो आपद्मा परी होली। ऊ नहुँदा त यो घर पनि मलाई सुनसान लागिरहेको छ।

पतिव्रता पतिप्राणा पत्युः प्रियार्हते रता।
यस्य स्यादीदृशी भार्या धन्यः स पुरुषो भुवि ॥ १४४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन व्यक्तिकी स्त्री पतिव्रता, पतिपरायणा र पतिकै हितका लागि सबै काम गर्ने किसिमकी हुन्छे यस संसारको सबैभन्दा भाग्यशाली मानिस उही हो।

न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते।
गृहं हि गृहिणीहीनमरण्यसदृशं मतम्" ॥ १४५ ॥

घरलाई मात्रै घर भनिएको होइन, गृहिणीलाई नै घर भनिएको हो। जुन घरमा गृहिणी छैन त्यो घर पनि वनजस्तै हो" भन्नेजस्ता बिलौनाले भरिएका कुराहरू गर्दै रुन लाग्यो।

पञ्जरस्थ ततः श्रुत्वा भर्तुर्दुःखान्वितं वचः।
कपोतिका सुसन्तुष्य वाक्यञ्चेदमथाह सा ॥ १४६ ॥

भालेले यस किसिमिका बिलौना गर्दै दुःखयुक्त करुण रोदन गरेको सुनेर पतिका व्यवहारले खुसी हुँदै त्यस पोथीले पिँजडाभित्रैबाट—

"न सा स्त्रीत्यभिमन्तव्या यस्या भर्ता न तुष्यति।
तुष्टे भर्तरि नारीणां तुष्यः स्युः सर्वदेवताः ॥ १४७ ॥

"जसको लोग्ने उसका व्यवहारले सन्तुष्ट हुँदैन, त्यसलाई स्त्री भन्नु पनि उपयुक्त छैन। किनभने पति नै स्त्रीको ईश्वर हो र पति प्रसन्न रहनाले नै देवताहरू पनि स्वतः त्यस पत्नीबाट प्रसन्न हुने गर्दछन्।

दावाग्निना विदग्धेव सपुष्पस्तवका लता।
भस्मीभवतु सा नारी यस्या भर्ता न तुष्यति ॥ १४८ ॥

जुन स्त्रीका व्यवहारले उसको पति सन्तुष्ट हुन सक्दैन त्यसले बाँचेर पनि कुनै अर्थ छैन। त्यस्ताले बाँच्नुभन्दा त वरु कोपिला र फूलले भरिएको लहरो डढेलो लाग्दा रुखसँगै डढेर खरानी भएझैँ गरी आगामा जलेर मर्नु राम्रो हुन्छ।

मितं ददाति हि पिता भ्राता मितं सुतः।
अमितस्य हि दातारं भर्तारं का न पूजयेत्" ॥ १४९ ॥ पुनश्चाऽब्रवीत्—

दाजुभाइ, पिता र पुत्रले कुनै स्त्रीलाई जेजति सुख दिन सक्छन् त्यो सीमित कुरो नै हो, तर यस संसारमा स्त्रीलाई यदि असीमित सुखको कुरो कसैले दिन सक्छ भने त्यो त केवल उसको पति नै हुन्छ। त्यस्ता कुन स्त्रीहरू होलान् जसले त्यस्तो असीमित कुराहरू र सुख दिने आफ्ना पतिको पूजा नगर्लान्" भन्यो। त्यस पोथीले अझै अरू पनि—

"शृणुष्वावहितः कान्त ! यत्ते वक्ष्याम्यहं हितम्।
प्राणैरपि त्वया नित्यं संरक्ष्यः शरणागतः ॥ १५० ॥

हे प्रिय ! म तिम्रो हितका र भलोका लागि जेजस्तो भनिरहेको छु, त्यसलाई ध्यान दिएर सुन। आफ्नो ज्यान दिएर भए पनि तिमीले शरण लिन आएकाको रक्षा गर्ने गर्नू।

एष शकुनिकः शेते तवावासं समाश्रितः।
शीतार्त्तश्च क्षुधार्त्तश्च पूजामस्मै समाचर ॥ १५१ ॥ श्रूयते च—

यो व्याधा तिम्रा घरमा जाडो र भोकले पिरोलिएर आइपुगेको छ। यो तिम्रा घरमा आएको अतिथि हो। त्यसो हुनाले यसको पूजा र सत्कार गर। सुनिएको पनि छ कि—

यः सायमतिथिं प्राप्तं यथाशक्ति न पूजयेत्।
तस्यासौ दुष्कृतं दत्त्वा सुकृतं चापकर्षति ॥ १५२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घाम अस्ताएपछि आएका अतिथिको पूजा र सत्कार नगर्ने गृहस्थीको सम्पूर्ण पुण्यको कमाइ जे छ त्यो सबै त्यसै अतिथिले लिएर त्यस पुण्यका बदलामा उसले आफ्नो सारा पाप त्यस गृहस्थलाई दिएर जान्छ।

मा चास्मै त्वं कृथा द्वेषं बद्धानेनेति मत्प्रिया।
स्वकृतैरेव बद्धाहं प्राक्तनैः कर्मबन्धनैः ॥ १५३ ॥ यतः–

यस पापीले मेरी प्रियालाई पासोमा पारेर थुनेको छ भन्ने ठानेर तिमीले यसप्रति द्वेषको भावना नलेऊ। मलाई यसले बाँधेको होइन। म आफ्ना पूर्वजन्मको फल भोग्नका लागि नदेखेर यसका पासोमा पर्न आएको हुँ।

दारिद्र्यरोगदुःखानि बन्धनव्यसनानि च।
आत्मापराधवृक्षस्य फलान्येतानि देहिनाम् ॥ १५४ ॥

किनभने दरिद्रता, रोग, दुःख, बन्धन र आपद् आदि यी सबै आफ्नै अपराधरूपी वृक्षका फल हुन्। यिनीलहरूलाई प्राणीले अवश्य पनि भोग्नै पर्दछ।

तस्मात्त्वं द्वेषमुत्सृज्य मद्बन्धनसमुद्भवम्।
धर्मे मनः समाधाय पूजयैनं यथाविधि" ॥ १५५ ॥

त्यसैले मेरा बन्धनका कारंणले उत्पन्न भइरहेको रिसलाई बिर्सिदेऊ र तिमी धार्मिक विचार मनमा राखेर यस व्याधाको स्वागतसत्कार, सेवा र पूजा गर" भन्यो।

तस्यास्तद्वचनं श्रुत्वा धर्मयुक्तसमन्वितम्।
उपगम्य ततोऽधृष्टः कपोतः प्राह लुब्धकम् ॥ १५६ ॥

पोथीले गरेका धार्मिक विचारले भरिएका कुराहरू सुनेर भालेले पनि निर्धक्क भावले त्यस व्याधाका छेउमा गई भन्न लाग्यो कि–

"भद्र ! सुस्वागतं तेऽस्तु ब्रूहि किङ्करवाणि ते।
सन्तपश्च न कर्त्तव्यः स्वगृहे वर्तते भवान्" ॥ १५७ ॥

"हे सज्जन ! तिमीलाई स्वागत छ। भन, म तिम्रा लागि के सेवा गरुँ ? तिमीलाई आफ्ना मनमा कुनै किसिमको पछुतो र दुःख नलाग्ने गरी मैले सेवा गर्नुपर्दछ। तिमीले आफूलाई आफ्नै घरमा भएझैँ ठान्नुपर्छ" भन्यो।

तस्यतद्वचनं श्रुत्वा प्रत्यवाच विहङ्गहा।
"कपोत ! खलु शीतं मे हिमत्राणं विधीयताम्" ॥ १५८ ॥

ढुकुरको कुरो सुनेर व्याधाले– "हे ढुकुर ! मलाई ज्यादै नै जाडो भइरहेको छ। मलाई यस जाडोबाट जोगाउने कुनै काम गर" भन्यो।

स गत्वाऽङ्गारकं नीत्वा पातयामास पावकम्।
ततः शुष्केषु पर्णेषु तमाशु समदीपयत् ॥ १५९ ॥

व्याधाको कुरो सुनेर त्यस ढुकुरले उड्दै गएर कतैबाट आगाको झिल्को ल्यायो र त्यसलाई सुकेका पातपतिङ्गरमाथि खसाएर एकैछिनमा आगो बाल्यो।

सुसन्दीप्तं ततः कृत्वा तमाह शरणागतम्।
"प्रतापयस्व विश्रब्धं स्वगात्राण्यत्र निर्भयः ॥ १६० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस आगोलाई निकै दन्काएर उसले त्यस शरणमा आएका अतिथिलाई—"अब ढुक्क भएर शान्त चित्तले यो आगो तापेर आफ्नो शरीरका सबै अङ्गहरूलाई तताऊ।

न चास्ति विभवः किश्चन्नाशये येन ते क्षुधम्।
सहस्रं भरते कश्चिच्छतमन्यो दशापरः।
मम त्वकृतपुण्यस्य क्षुद्रस्यात्मापि दुर्भरः॥ १६१॥

मसँग त्यस्तो कुनै सम्पत्ति छैन, जसलाई खर्च गरेर मैले तिम्रो भोक मेटाइदिन सकूँ। यस संसारमा अनेकौँ मानिसहरू यस्ता पनि छन् कि जसले सजिलैसित हजारौँ मानिसहरूको पालनपोषण गर्न सक्दछन् कसैले सयौँको र कैयौँले दसौँ वा बीसौँ मानिसको भरणपोषण गर्न सक्दछन् र गर्दछन् पनि तर मजस्ता सामान्य र पापी प्राणीलाई त आफ्नै पेट भर्न पनि कठिन छ।

एकस्यापितिथेरन्नं यः प्रदातुं न शक्तिमान्।
तस्यानेकपरिक्लेशो गृहे किं वसतः फलम्?॥ १६२॥

घरमा आएका एउटामात्रै अतिथिलाई पनि भोजन गराउने शक्ति जोसँग छैन, त्यस्ता व्यक्तिका अनेकौँ दुःख र कष्टले भरिएका घरमा बसेर अतिथिलाई नै के लाभ होला र?

तत्तथा साधयाम्येतच्छरीरं दुःखजीवितम्।
यथा भूयो न वक्ष्यामि नास्तीत्यथिसमागमे"॥ १६३॥

त्यसैले म दुःखी जीवन गुजारा गरी दिन बिताउने यस शरीरबाट आज कुनै यस्तो काम गर्न चाहन्छु कि जुन कामले भविष्यमा तिमीजस्ता कुनै अतिथि आइपुगे भने मेरा मुखबाट "छैन" भन्ने शब्द निकाल्नु नपरोस्, त्यसका लागि म यस दुःखी जीवनलाई नै समाप्त गरेर तिम्रो आतिथ्य सत्कार गर्न चाहन्छु" भन्यो।

स निनिन्द किलात्मानं न तु तं लुब्धकं पुनः।
उवाच "तर्पयिष्ये त्वां मुहूर्तं प्रतिपालय"॥ १६४॥

त्यस ढुकुरले आफू असमर्थ भएका कारणले आफ्नै निन्दा बारम्बार गऱ्यो तर अतिथिका रूपमा आएका त्यस व्याधाको अलिकति पनि निन्दा गरेन। त्यसभन्दा पछि पनि उसले फेरि— "तिमी केवल एकै छिनमात्र पर्ख। म तिम्रो भोकलाई पनि शान्त पार्नका लागि कुनै उपाय गर्नेछु" भन्यो।

एवमुक्त्वा स धर्मात्मा प्रहृष्टेनान्तरात्मना।
तमग्निं सम्परिक्रम्य प्रविवेश स्ववेश्मवत्॥१६५॥

यस किसिमका कुराहरू गर्दागर्दै त्यस धर्मात्मा ढुकुरले हाँसीखुसी मनले त्यस आगोको परिक्रमा गऱ्यो र यसरी त्यसभित्र पस्यो, मानौँ कि ऊ कुनै आफ्नो घरभित्र पस्दै छ।

ततस्तं लुब्धको दृष्ट्वा कृपया पीडितो भृशम्।
कपोतमग्नौ पतितं वाक्यमेतदभाषत॥ १६६॥

आगोमा पस्दै गरेका त्यस ढुकुरलाई देखेर त्यो व्याधाका मनमा दयाको भावना जागेर आयो। त्यो ढुकुरका मृत्युले उसलाई ज्यादै ठूलो कष्ट भयो। अनि त्यस मरेका ढुकुरका विषयमा बिलौना गर्दै उसले—

"यः करोति नरः पापं न तस्यात्मा ध्रुवं प्रियः।
आत्मना हि कृतं पापमात्मनैव हि भुज्यते॥ १६७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिस सधैँ पापकर्ममा लागि रहन्छ भन्ने कुरो पनि सुनिश्चित हो। उसलाई आफ्नै आत्मा पनि प्यारो छैन। किनभने आत्माद्वारा गरिएका पापलाई आत्माले नै भोग्नुपर्दछ। यदि उसलाई आत्माको माया लाग्दो हो त त्यसले दुःख भोग्नुपर्ने पाप काम पहिले नै गर्ने थिएन।

सोऽहं पापमतिश्चैव पापकर्मरतः सदा।
पतिष्यामि महाघोरे नरके नात्र संशयः ॥ १६८ ॥

म ज्यादै पापी रहेँछु। मेरो बुद्धि पनि पापभित्र डुबेको मात्रै छ। आजसम्म म सधैँ पापमात्रै गरिरहेको छु। अब म अत्यन्त घोर नरकमा पर्न जान्छु भन्ने कुरामा अलिकति पनि शङ्का रहेको छैन।

नूनं मम नृशंसस्य प्रत्यादर्शः प्रदर्शितः।
प्रयच्छता स्वमांसानि कपोतेन महात्मना ॥ १६९ ॥

आफ्नो मासु दान गर्दागर्दै यस महात्मा ढुकुरले मजस्ता एउटा पापी र दुराचारीका अगाडि साह्रै ठूलो आदर्श कुरो सिकाएको छ।

अद्यप्रभृति देहं स्वं सर्वभोगविवर्जितम्।
तोयं स्वल्पं यथा ग्रीष्मे शोषयिष्याम्यहं पुनः ॥ १७० ॥

त्यसैले अब आजदेखि म यस पापी शरीरलाई सम्पूर्ण किसिमका सुखभागबाट विमुख गराएर गर्मी यामका थोरै पानी भएका पोखरीझैँ सुकाउनेछु।

शीतवातातपसहः कृशाङ्गो मलिनस्तथा।
उपवासैर्बहुविधैश्चरिष्ये धर्ममुत्तमम्" ॥ १७१ ॥

जाडो, हावा र घामलाई खप्दै कमजोर हुँदै र मनलाई पश्चात्तापले दुःखी गराउँदै विभिन्न किसिमका व्रत र उपवासहरू गर्दै तपस्या गर्नेछु र धर्मको मार्गमा लागेर यस पापी शरीरले गरेका पापको प्रायश्चित गर्नेछु।

ततो यष्टिं शलाकां च जालकं पञ्जरं तथा।
बभञ्ज लुब्धको दीनां कपोतीञ्च मुमोच ताम् ॥ १७२ ॥

यस किसिमका कुराहरू गरिसकेपछि उसले लौरो भाला, जाल र पिँजडा आदि सबै हतियारहरू भाँचकुँच पारेर त्यहीँ फ्याँकिदियो। र त्यो दुःखी भएको पोथी ढुकुरलाई पनि बन्धनबाट मुक्त बनाएर छोडिदियो।

लुब्धकेन ततो मुक्ता दृष्ट्वाऽग्नौ पतितं पतिम्।
कपोती विललापार्त्ता शोकसन्तापमानसा ॥ १७३ ॥

व्याधाले छोडिदिएको त्यो पोथी ढुकुरले आगोमा पसेको आफ्नो भालेलाई देखेर शोकले आकुलव्याकुल भयो र शोकसन्तप्त हृदयले बिलौना गर्न लाग्यो।

"न कार्यमद्य मे नाथ ! जीवितेन त्वया विना।
दीनायाः पतिहीनायाः किं नार्या जीविते फलम् ॥ १७४ ॥

उसले– "हे नाथ ! तिमीबिना यस संसारमा मैले जीवित रहनु कुनै अर्थ छैन। मलाई यस जीवनको कुनै प्रयोजन पनि बाँकी रहेको छैन। दीन दुःखी र पतिहीन अभागी नारीले जीवित रहेर के लाभ छ र ?

मानो दर्पस्त्वहङ्कारः कुलपूजा च बन्धुषु।
दासभृत्यजनेष्वाज्ञा वैधव्येन प्रणश्यति ॥ १७५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीहरू विधवा भइसकेपछि उनीहरूको मानसम्मान, सानसौकत, अहङ्कार, कुलको पूजा, साथीभाइको मायामोह, आफन्तहरूको आदरसम्मान, दासदासीलाई अह्राउने खटाउने अधिकार यी सबै सकिएर जान्छन्।

एवं विलप्य बहुशः कृपणं भृशदुःखिता।
पतिव्रता सुसन्दीप्तं तमेवाग्निं विवेश सा॥ १७६॥

यसै किसिमले निकै बेरसम्म करुण विलापहरू गरिसकेपछि त्यो पोथी ढुकुर पनि शोकले दुःखी भएको मन लिएर त्यही बलिरहेका आगामा पस्यो।

ततो दिव्याम्बरधरा दिव्याभरणभूषित।
भर्तारं सा विमानस्थं ददर्श स्वं कपोतिका॥ १७७॥

भौतिक शरीरलाई त्याग गरिसकेपछि अलौकिक वस्त्र र आभूषणहरूले विभूषित भएर त्यो पोथी ढुकुरले दिव्य त्रिमानमा चढेका आफ्ना भालेलाई देख्यो।

सोऽदिव्य तनुर्भूत्वा यथार्थमिदमब्रवीत्।
अहो ममानुच्छन्तया कृतं साधु शुभे ! त्वया॥ १७८॥

दिव्य शरीर धारण गरेका उसका भालेले आफ्नो साध्वी पोथीलाई देखेपछि— "हेर कल्याणी ! मेरा पछिपछि आएर तिमीले ज्यादै राम्रो काम गऱ्यौ।

तिस्रः कोट्योऽर्धकोटी च यानि रोमाणि मानुषे।
तावत्काल वसेत्स्वर्गे भर्तारं याऽनुगच्छति" ॥ १७९॥

पतिका पछि लाग्ने साध्वी स्त्रीले साढे तीन सय करोड वर्षसम्म स्वर्गीय सुखको उपभोग गर्न पाउँछन्" भन्यो।

कपोतदेहः सूर्यास्ते प्रत्यहं सुखमन्वभूत्।
कपोतदेहवत्सासीत् प्राक्पुण्यप्रभवं हि तत्॥ १८०॥

स्वर्गवासी त्यस ढुकुरले आफ्नी स्वास्नीसँगै सूर्यअस्ताएपछिका अवस्थामा प्रत्येक दिन स्वर्गका आनन्द लिने गर्दथ्यो। उसको पोथी पनि ढुकुरकै रूपमा उसँगै रहने गरेको थियो। दुवैको जीवनको यो संयोग पनि पूर्वजन्ममा कमाइएका पुण्यको फल नै थियो।

शोकाविष्टस्ततो व्याधो विवेश च वनं घनम्।
प्राणिहिंसा परित्यज्य बहुनिर्वेदवान् भृशम्॥ १८१॥

ती दुवै जलेर मरिसकेपछि व्याधा पनि ज्यादै शोकले आकुल भएर एउटा निकै बाक्लो जङ्गलतिर पस्यो। अनि जीवहिंसालाई त्यागेर वैराग्यपूर्ण जीवन बिताउँदै दिन कटाउन लाग्यो।

तत्र दावानलं दृष्ट्वा विवेश विरताशयः।
निर्दग्धकल्मषो भूत्वा स्वर्गसौख्यमवाप्तवान्॥ १८२॥

त्यस वनमा लागेको डढेलोलाई देखेर एक दिन उसले विरक्त हुँदै ऊ पनि त्यसै आगोमा पस्यो। अनि त्यसो भएपछि उसका सबै पापहरू डढेर भस्म भए अनि पापबाट मुक्त भएर त्यो पनि स्वर्गको सुख भोग गर्दै आनन्दले रहन लाग्यो।

अतोऽहं ब्रवीमि— "श्रूयते हि कपोतेन" इति। तच्छ्रुत्वाऽरिमर्दनो दीप्ताक्षं पृष्टवान्— "एवमवस्थिते किं भवान् मन्यते ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस किसिमको कथा सुनाइसकेपछि क्रूराक्षले– "महाराज ! त्यसैले म त भन्दछु कि ढुकुरले शरणमा आएका शत्रुलाई पनि पूजा गरेको थियो र आफ्नो मासु नै खान दिएको थियो" भन्यो। क्रूराक्षको कुरो सुनेर अरिमर्दन नामका उलूकराजले दीक्षाप्त नाम गरेकासँग– "यस अवस्थामा तिम्रो विचार के छ नि ?" भनेर सोध्यो।

सोऽब्रवीत्– "देव ! न हन्तव्य एवायम्। यतः–

उसले– "महाराज ! यसलाई मार्नु उचित हुँदैन" भन्यो। भनिएको पनि छ कि–

या ममोद्विजते नित्यं सा मामद्यवागूहते।

प्रियकारक ! भद्रं ते यन्ममास्ति हरस्व तत्" ॥ १८३ ॥ चौरेण चाप्युक्तम्–

"जो सधैँ मसँग ठस्किएर बस्ने गर्दथी आज उही मलाई अँगालो हालिरहेकी छ। हे प्रिय कर्ता ! तिम्रो जय होस्। मसँग जेजति कुराहरू छन् ती सबै चोरेर लैजाऊ" भनेर उसले भनेछ। चोरले पनि–

"हर्तव्यं ते न पश्यामि हर्तव्यं चेद्भविष्यति।

पुनरप्यागमिष्यामि यदीयं नावगूहते" ॥ १८४ ॥

"तिमीसँग चोरेर लानुपर्ने कुरो नै केही छ जस्तो मलाई लागेको छैन। यदि तिमीसँग चोरेर लानेयोग्य कुनै वस्तु भएछ र तिम्री यी स्त्रीले तिमीलाई आलिङ्गन गर्न छोडिन् भने फेरि आऊँला" भन्यो।

अरिमर्दनः पृष्टवान्– "का च नाऽवर्गहते ? कश्चाऽयं चौरः ? इति विस्तरतः श्रोतुमिच्छामि"। दीप्ताक्षः कथयति–

अरिमर्दनले फेरि– "होइन कसले आलिङ्गन गर्दिन ? को हो त्यो चोर ? तिम्रो सबै कुरो विस्तारपूर्वक भन, म सुन्न चाहन्छु" भने। दीक्षाप्तले अघिल्लो कथा सुरु गर्दै भन्न थाल्यो–

चौरवृद्धवणिक्कथा

अस्ति कस्मिँश्चिदधिष्ठाने कामातुरो नाम वृद्धवणिक्। तेन च कामोपहतचेतसा मृतभार्येण काचिन्निर्धनवणिक्सुता प्रभूतं धनं दत्त्वोद्वाहिता। अथ सा दुःखाभिभूता तं वृद्धवणिजं द्रष्टुमपि न शशाक। युक्तञ्चैतत्–

चोर र बुढा व्यापारी

कुनै सहरमा कामातुर नामको कुनै एउटा बुढो व्यापारी रहने गर्थ्यो। स्वास्नी मरेपछि कामवासनाले उन्मत्त भएका कारणले उसले एउटा गरिब व्यापारीलाई मनग्गे धन आदि दिएर उसकी छोरीसँग बिहा गर्‍यो। बुढा पोइसँग बिहा भएका कारणले त्यो आइमाई यति धेरै दुःखी हुन्थी कि ऊ आफ्ना त्यस बुढो लोग्नेलाई एक आँखाले हेर्नमात्रै पनि रुचाउँदिनथी। अथवा ठिकै पनि भनिएको छ कि–

श्वेतं पदं शिरसि यत्तु शिरोरुहाणां
स्थानं परं परिभवस्य तदेव पुंसाम्।
आरोपिताऽस्थिशकलं परिहृतय यान्ति
चाण्डालकूपमिव दूरतरं तरुण्यः ॥ १८५ ॥ तथा च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिसका टाउकामा सेतो कपालको पाइलो पर्नेबित्तिकै उसको अपमान र तिरस्कार सुरु हुन लाग्दछ। त्यसैले सेतो कपाल नै मानिसको तिरस्कारको विषय हो। जस्तै सेतो हड्डीका टुक्राहरू राखिदिनेबित्तिकै जतिसुकै तिर्खाएका भए पनि मानिसहरूले चाण्डालको इनार हो भनेर त्यस इनारको पानी नखाई टाढैबाट छोडेर हिँड्दछन्, उसै गरी मानिसको सेतो कपाल देख्नेबित्तिकै कामवासनाले उन्मत्त भए पनि तरुनीहरूले त्यस मानिसलाई छोडिदिने गर्दछन्। त्यसै गरी—

गात्रं सङ्कुचितं गतिविगलिता दन्ताश्च नाशङ्गताः
दृष्टिभ्राम्यति रूपमप्युपहतं वक्त्रञ्च लालायते।
वाक्यं नैव करोति बान्धवजनः पत्नी न शुश्रूषते
धिक्कष्टं जरयाभिभूतपुरुषं पुत्रोऽप्यवज्ञायते॥ १८६॥

बुढो हुनेबित्तिकै मानिसको शरीर पनि खुम्चिने गर्दछ। हिँडाइको चाल पनि ढिलो र कमजोर हुन थाल्दछ। रूप नष्ट हुन्छ। मुखबाट र्‍याल खस्न थाल्दछ। आफन्तहरूले उसको भनाइ मान्न छोड्दछन्। स्त्रीहरू सेवा गर्नबाट पन्छिन लाग्दछन्। कति दुःखको कुरो छ कि मानिस बुढो हुनेबित्तिकै उसका साख्खै छोराले पनि उसले भनेको मान्दैनन्। कुरैपिच्छे उसलाई हेप्न र होच्याउन थाल्दछन्, त्यसैले बुढेसकाल लाग्नु भनेको मानिसका जीवनमा सबैभन्दा दुःखका र धिक्कारका दिनको थालनी हुनु हो।

अथ कदाचित्सा तेन सहशयने पराङ्मुखी यावत्तिष्ठति तावद् गृहे चोरः प्रविष्टः। सापि तं चौरं दृष्ट्वा भयव्याकुलिता वृद्धमपि तं पतिं गाढं समालिङ्गः। सोऽपि विस्मयात्पुलकाङ्कितसर्वगात्रश्चिन्तयामास— "अहो, किमेषा मामद्यावगूहते ?" यावन्निपुणतया पश्यति तावद् गृहकोणैकदेशे चौरं दृष्ट्वा व्यचिन्तयत्, नूनमेषास्य भयान्मामालिङ्गति।" इति ज्ञात्वा तं चौरमाह—

कुनै दिन त्यो आइमाई आफ्ना पतिसँगै एउटै ओछ्यानमा अर्कातिर फर्किएर सुतिरहेकी थिई। त्यसै बेला उसका घरमा एउटा चोर पसेको थाहा पाइछ र चोरलाई देख्नेबित्तिकै त्यो आइमाई डरले थर्कमान भइछ। अनि उसले आफ्ना पोइलाई बडा जोरसँग आफ्ना छातीमा टाँसेर बसिछ। त्यसको त्यस्तो अचम्मको व्यवहारले उसका पतिलाई ज्यादै आश्चर्य लागेछ। अनि उसकी पत्नीले यत्रो दिनपछि बल्ल आज शरीर छुवाउन ल्याएको हुँदा उसको शरीर पनि ज्यादै रोमाञ्चित भएछ। उसले मनमनै— "होइन, के हो ! आज यो मसँग यति दह्रो गरी किन टाँसिँदै आएकी छे ?" भन्ने ठानेछ। जब उसले यताउति अलिक ध्यान दिएर हेर्‍यो अनि अलिक पर्तिर कुनामा एउटा चोरलाई लुकेर बसेको देख्यो। चोरलाई देखेपछि उसले— "यस चोरलाई नै देखेर डराउँदै यसले मलाई अँगालो हालेकी हो। त्यसो हुँदा यस चोरले घरभित्र पसेर त मेरो भलो नै गरेको छ" भन्ने ठान्यो। अनि उसले चोरलाई सम्बोधन गर्दै—

"या ममोद्विजते नित्यं सा मामद्यवगूहते।
प्रियकारक ! भद्रं ते यन्ममास्ति हरस्व तत्" ॥ १८७॥
तच्छ्रुत्वा चौरोऽप्याह—

"हे मेरा शुभचिन्तक ! तिम्रो भलो होस्। मलाई नै देख्ता जो सधैँ ठस्किएर बस्ने गर्दथी आज तिम्रा डरले उही तरुनी स्वास्नीले मलाई अँगालो हालिरहेकी छ। त्यसो हुँदा मसँग जेजति छ, त्यो सबै तिमी चोरेर लैजाऊ, तिमीले चोरेर मलाई जति दुःख लाग्थ्यो त्यसभन्दा बढी सुख स्वास्नीले अँगाल्दा लागेको छ" भनेछ। व्यापारीको कुरो सुनेर चोरले पनि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"हर्तव्यं ते न पश्यामि चेद्भविष्यति।
पुनरप्यागमिष्यामि यदीयं नावगूहते" ॥ १८८ ॥

"तिम्रा घरमा यस बेला मैले चोर्नलायक कुनै पनि वस्तु देखिइरहेको छैन। जब कुनै दिन चोर्नयोग्य कुनै वस्तु हुनेछ र तिम्री आइमाईले तिमीसँग रिसाएर अर्कातिर फर्केर सुत्न थाल्नेछिन् त्यस बेला म आफैँ आउनेछु" भन्दै त्यहाँबाट हिँडेछ।

तस्माच्चौरस्याऽप्युपकारिणः श्रेयश्चिन्त्यते, किं पुनर्नः शरणागतस्य ? अपि चायं तैर्विप्रकृतोऽस्माकमेव पुष्ट्ये भविष्यति, तदीयरन्ध्रदर्शनाय च, इत्यनेककारणेनायमवध्यः" इति।

यस्तो किसिमको कथा सुनाइसकेपछि दीप्ताक्षले— "महाराज ! आफूमाथि उपकार गर्ने चोरको पनि भलो चिताउनुपर्दछ भने यो त हाम्रा शरणमा आएको छ। यसको त उपकार गर्नै पर्दछ। त्यसका अतिरिक्त शत्रुहरूबाट अपहेलित र हामीबाट सम्मानित भएका कारणले गर्दा यसले हाम्रा लागि भलो नै गर्नेछ। किनभने शत्रुका गोप्य भेदहरू यसले हामीलाई वताउनेछ र उनीहरूका भित्री कुराहरूको जानकारी हामीलाई गराउनेछ। मैले भनेका यी कारणहरूबाहेक अरू पनि मनग्गे कारणहरू भएका हुनाले यो मार्नयोग्य छैन" भन्यो।

एतदाकर्ण्यारिमर्दनोऽन्यं सचिवं वक्रनासं प्रपच्छ— "भद्र ! साम्प्रतमेव स्थिते किं कर्तव्यम् ?"

दीक्षाप्तको कुरो सुनेर अरिमर्दनले चौथो मन्त्री वक्रनासलाई बोलाएर— "हे सज्जन ! यस परिस्थितिमा मैले कसो गर्नु ठिक होला ?" भनी सोध्यो।

सोऽब्रवीत्— "देव ! अवध्योयम्। यतः—

उसले— "महाराज ! यो त सर्वथा मार्नयोग्य छैन। किनभने—

**शत्रवोऽपि हितायैव विवदन्तः परस्परम्।
चौरेण जीवितं दत्तं राक्षसेन तु गोयुगम्" ॥ १८९ ॥**

शत्रुहरू पनि कहिलेकाहीँ हितकारी हुन्छन्। हेर्नुहोस्, ब्राह्मणको अहित गर्नका लागि आएका शत्रुहरूले आपसमा झगडा गरेका हुनाले उनलाई ज्यादै ठूलो गुन लगाएका थिए। चोरले ब्राह्मणको ज्यान बँचाइदिएको थियो र राक्षसले उसका हलगोरु बँचाएको थियो" भन्यो।

अरिमर्दनः प्राह— "कथमेतत् ?" वक्रनासः कथयति—

यस्तो कुरो सुनेर अरिमर्दनले— "त्यस्तो के भएको थियो ?" भनेर सोध्यो। वक्रनासले अघिल्लो कथा भन्न सुरु गऱ्यो।

ब्राह्मणचौरपिशाचकथा

अस्ति कस्मिँश्चिदधिष्ठाने दरिद्रो द्रोणनामा ब्राह्मणः प्रतिग्रहधनः, सततं विशिष्टव-स्त्रानुलेपनगन्धमाल्यालङ्कारताम्बूलादिभोगपरिवर्जितः, प्ररूढकेशश्मश्रुनखरोमोपचितः शीतोष्ण-वातवर्षादिभिः परिशोषितशरीरः। तस्य च केनापि यजमानेनानुकम्पया शिशुगोयुगं दत्तम्। ब्राह्मणेन च बालभावादारभ्य याचितघृततैल-यवसादिभिः सम्बर्ध्य सुपुष्टं कृतम्।

ब्राह्मण, चोर र पिशाच

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै सहरमा द्रोण नाम गरेका ज्यादै गरिब ब्राह्मण रहने गर्दथे। अर्काले दिएको दान र भिक्षा मागेका भरमा उनको जीविका चलेको थियो। आफ्ना जीवनमा उनले कहिल्यै पनि राम्रा लुगा लगाउन, कुङ्कुम, अङ्गराग, गन्ध, माल्य, आभूषण र पानको स्वाद लिन वा उपभोग गर्न पाएका थिएनन्। उनका नङ, कपाल र दाह्रीजुँगा सधैँजसो भ्यास्स बढेका नै हुन्थे। जाडो र गर्मीलाई खप्दै आएकाले उनको जिउ ज्यादै कठोर र सुख्खाजस्तो लाग्दथ्यो। ब्राह्मणको यस्तो दुर्दशा भएको देखेर कुनै यजमानलाई दया लागेर उसले दुईवटा बाछा दिएको थियो। यताउताबाट घिउ, तेल र घाँसपात मागेर ती ब्राह्मणले ती बाछालाई सानैदेखि ज्यादै माया र जतन गरी पालनपोषण गरेका थिए। तिनका जतनले गर्दा ती बाछा छिटै दह्रा र ठूला भए।

तच्च दृष्ट्वा सहसैव कश्चिच्चौरश्चिन्तितवान्– "अहमस्य ब्राह्मणस्य गोयुगमिदमपहरिष्यामि" इति निश्चिन्त्य निशायां बन्धनपाशं गृहीत्वा यावत्प्रस्थितस्तावदर्धमार्गे प्रविरलतीक्ष्ण-दन्तपङ्क्तिः उन्नतनासावंशः प्रकटरक्तान्तनयनः उपचितस्नायुसन्ततगात्रः शुष्ककपोलः सुहुतहुत-वहपिङ्गलश्मश्रुकेशशरीरः कश्चिद् दृष्टः। दृष्ट्वा च तं तीव्र भयत्रस्तोऽपि चौरोऽब्रवीत्– "को भवान् ?" इति।

ब्राह्मणका ती बाछालाई देखेर एक दिन एउटा चोरले– "ब्राह्मणका यी दुईवटा बाछालाई आज चोरेर म ल्याउँछु" भन्ने सोच्यो। अनि उसले तिनलाई बाँध्नका लागि डोरी लिएर आफ्ना घरबाट निस्कियो। जब ऊ आधा बाटामा पुग्यो त उसले अति नै तिखा दाँतका लहर, मास्तिर उठेको लामो नाक, टडकारै देखिने राताराता ठूल्ठूला आँखा बडाबडा हातपाखुरा र नारीहरू भएको, शरीर सुकेका गाला र हवन गर्नाले दन्किएर बलेको आगाको ज्वालाजस्ता लामा र पहेँला रङ्गका दारीजुँगा हुनाले देख्नमा अत्यन्त डर लाग्दो एउटा व्यक्तिलाई देख्यो। उसलाई देख्नेबित्तिकै डरले त्यसको सातोपुत्लो उडेछ। त्यसो हुँदाहुँदै पनि उसले त्यस व्यक्तिलाई "तिमी को हौ ?" भनेर सोध्यो।

स आह– "सत्यवचनोऽहं ब्रह्मराक्षसः। भवानप्यात्मानं निवेदयतु।"

उसले त्यसरी सोधेपछि त्यसले– "म सत्यवचन नामको ब्रह्मराक्षस हुँ। कृपया तिमी पनि आफ्नो परिचय देऊ न" भन्यो।

सोऽब्रवीत्– "अहं क्रूरकर्मा चौरो, दरिद्रब्राह्मणस्य गोयुगं हर्तुं प्रस्थितोऽस्मि।"

चोरले– "म क्रूरकर्मा नाम भएको चोर हुँ। दरिद्र ब्राह्मणका दुईवटा बाछालाई चोर्नका लागि म घरबाट आएको हुँ" भन्यो।

अथ जातप्रत्ययो राक्षसोऽब्रवीत्– "भद्र! षष्ठाह्नकालिकोऽहम्। अतस्तमेव ब्राह्मणमद्य भक्षयिष्यामि। तत्सुन्दरमिदम्। एककार्यवेलायाम्।"

त्यसका कुरामाथि विश्वास गरेर राक्षसले– "मित्र! म छ दिनदेखि भोकै छु। अनि फेरि दिनको छैटौँ प्रहरमा मात्रै भोजन गर्ने गर्दछु। मेरो भोजनको समय भइसकेको छ। त्यसैले अब आज तिनै ब्राह्मणलाई खाएर पेटको भोक मेटाउनेछु। यो त ज्यादै राम्रो भएछ कि हामी दुईको आपसमा भेटघाट भयो। हामी दुवै एकै किसिमको चोरीको ककाम गर्नका लागि निस्केका रहेछौँ र ठाउँ पनि एउटै परेछ" भन्यो।

अथ तौ तत्र गत्वैकान्ते कालमन्वेषयन्तौ स्थितौ।

ब्राह्मणका घरमा पुगेपछि ती दुवैले असल मौका पर्खँदै कुनै एकान्त ठाउँमा गएर लुकेर बसिरहे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसुप्ते च ब्राह्मणे तद्भक्षणार्थं प्रस्थितं राक्षसं दृष्ट्वा चौरोऽब्रवीत्, "भद्र ! नैष न्यायः। यतो गोयुगे मयाऽपहृते पश्चत्त्वमेनं ब्राह्मणं भक्षय।"

ब्राह्मण सुतिसकेपछि उनलाई खान भनेर राक्षस हिँड्न तयार भएका देखेर चोरले– "हे सज्जन ! तिम्रो यो काम गराइ उचित भएन। मैले बाछा चोरेर हिँडिसकेपछि मात्रै तिमीले आफ्नो भोजनका रूपमा ब्राह्मणलाई खानू" भन्यो।

सोऽब्रवीत्– "कदाचिदयं ब्राह्मणे गोंशब्देन बुध्येत तदानर्थकोऽयं ममारम्भः स्यात्।"

राक्षसले– "बाछाहरू कराउन थाले र ब्राह्मणको निद्रा खुल्यो भने त मेरो यहाँ आएर कोसिस गर्नु पनि बेकार हुन्छ" भन्यो।

चौरोऽब्रवीत्– "तवापि यदि भक्षणायोपस्थितस्यान्तरे एकोऽप्यन्तरायः स्यात्, तदाहमपि न शक्नोमि गोयुगमपहर्तुम्। अतः प्रथमं मयापहृते गोयुगे पश्चात्त्वया ब्राह्मणो भक्षयितव्यः।"

चोरले पनि फेरि– "ब्राह्मणलाई खानका लागि तयार भएपछि अथवा खाँदाखाँदै यदि कुनै बाधा आइलाग्यो भने मैले पनि यी बाछा चोर्न पाउँदिनँ नि त। त्यसैले म नै पहिले बाछाहरू चोरेर लिएर जान्छु अनिमात्रै तिमीले ब्राह्मणलाई खानू" भन्यो।

इत्थं चाहमहमिकया तयोर्विवदतोः समुत्पन्ने द्वैधे प्रतिरववशाद् ब्राह्मणे जजागार।

यसै किसिमले तँछाड र मछाडका साथ हानाथाप गर्न लाग्दालाग्दै दुवैका बिचमा विरोधको स्थिति देखापऱ्यो। अनि उतातिर बाझाबाझको खैलाबैला सुनेर ब्राह्मणको पनि निद्रा खुल्यो र जागे।

अथ तं चौरोऽब्रवीत्– "ब्राह्मण ! त्वामेवायं राक्षसो भक्षयितुमिच्छति" इति।

ब्राह्मण जागिसकेको देखेपछि चोरले उनका नजिकै गएर– "हेर ब्राह्मण ! यस राक्षसले तिमीलाइई खान खोजेको थियो" भन्यो।

राक्षसोऽप्याह– "ब्राह्मण ! चौरोऽयं गोयुगं तेऽपहर्तुमिच्छति।"

चोरले कुरा लगाएको देखेर राक्षसले पनि– "हेर ब्राह्मण ! यो चोर तिम्रा बाछा चोर्न भनेर आएको थियो" भनिदियो।

एवं श्रुत्वोत्थाय ब्राह्मणः सावधानो भूत्वेष्टदेवतामन्त्रध्यानेनात्मानं राक्षसादुद्गूर्णलगुडेन च चौराद् गोयुगं ररक्ष।

ती दुवैवटाका कुरा सुनिसकेपछि ब्राह्मण खटियाबाट तल ओर्लिए। अनि मझेरीमा उभिएर सावधान हुँदै ब्राह्मणले आफ्ना इष्टदेवताको स्मरण गरे। इष्टदेवताको स्मरण, ध्यान र मन्त्रजप गरेर राक्षसबाट आफूलाई जोगाए। त्यसपछि फेरि हातमा लाठो लिएर चोरलाई भगाएर आफ्ना दुवै बाछाहरूको पनि सुरक्षा गरे।

अतोऽहं ब्रवीमि– "शत्रवोऽपि हितायैव" इति।

यसं कथालाई समाप्त गरिसकेपछि वक्रनासले– "त्यसैले त महाराज ! म भन्दछु कि कहिलेकाहीँ शत्रु पनि हाम्रा लागि हितकारी हुन सक्दछन्" भन्यो।

अथ तस्य वचनमवधार्यारिमर्दनः पुनरपि प्राकारकर्णमपृच्छत्– "कथय किमत्र मन्यते भवान् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वक्रनासको विचार बुझिसकेपछि अरिमर्दनले प्राकारकर्णसँग– "भन, यस विषयमा तिम्रो विचार के र कस्तो रहेको छ ?" भनी सोध्यो।

सोऽब्रवीत्– "देव ! अवध्य एवायम्। यतो रक्षितेनानेन कदाचित्परस्परप्रीत्या कालः सुखेन गच्छति। उक्तञ्च–

उसले पनि– "महाराज ! यसलाई मार्नुहुँदैन। किनभने यसको सुरक्षाबाट हुन सक्छ कि काग र उल्लुहरूका बिचमा आपसी प्रेम पनि बढ्ला। हुन सक्छ सबैले शान्तिपूर्वक जीवन बिताउन पाउलान् कि। भनिएको पनि छ कि–

परस्परस्य मर्माणि ये न रक्षन्ति जन्तवः।
त एव निधनं यान्ति वल्मीकोदरसर्पवत्" ॥ १९० ॥

आपसी गोप्यतालाई जुन व्यक्तिहरूले लुकाएर राख्न सक्दैनन् तिनीहरू दुलाभित्र र पेटमा अड्केका सर्पजस्तै छिटै नै विनाश हुन्छन्" भन्यो।

अरिमर्दनोऽब्रवीत्– "कथमेतत् ?" प्राकरकर्णः कथयति–

अरिमर्दनले– "त्यो भनेको के हो ?" भनेर सोध्यो। प्राकारकर्णले उत्तर दिँदै भन्न थाल्यो कि–

वल्मीकोदरस्थसर्पकथा

अस्तिकस्मिँश्चिन्नगरे देवशक्तिर्नाम राजा। तस्य च पुत्रो जठरवल्मीकाश्रयेणोरगेण प्रतिदिनं प्रत्यङ्गं क्षीयते। अनेकोपचारैः सद्वैद्यैः सच्छास्त्रोपदिष्टैषधयुक्त्या चिकित्समानोऽपि न स्वास्थ्यमाप्नोति।

प्वाल र पेटका सर्प

कुनै सहरमा देवशक्ति नाम भएका एउटा राजा रहने गर्दथे। उनका छोराका पेटमा एउटा सर्प रहने गर्दथ्यो। पेटमा त्यही सर्प रहेका कारणले ऊ दिनदिनै दुब्लाउँदै गएको थियो। निकै राम्राराम्रा वैद्य, धामीझाँक्री र जान्नेहरूले शास्त्रीय विधिविधानअनुसारका औषधिउपचार गर्नुका साथै अन्य विभिन्न किसिमले औषधि गर्दा पनि उसलाई सन्चो गराउन कसैको कुनै सिप लागेन।

अथासौ राजपुत्रो निर्वेदाद् देशान्तरं गतः। कस्मिँश्चिन्नगरे भिक्षाटनं कृत्वा महति देवालये कालं यापयति।

आखिरमा त्यो राजकुमार आफ्ना जीवनदेखि निकै निराश भयो र दिक्क हुँदै विदेशतिर हिंड्यो। विदेशमा एउटा सहरमा भिक्षा मागेर खाँदै उसले आफ्नो जीविका चलाउने गरेको थियो र रात परेपछि कुनै एउटा ठूलो मन्दिरमा सुतेर आफ्नो समय बिताइरहेको थियो।

अथ तत्र नगरे बलिर्नाम राजाऽऽस्ते। तस्य च द्वे दुहितरौ यौवनस्थे तिष्ठतः। ते च प्रतिदिवसमादित्योदये पितुः पादान्तिकमागत्य नमस्कारं चक्रतुः। तत्र चैका ब्रवीति– "विजयस्व महाराज ! यस्य प्रसादात्सर्वं सुखं लभ्यते।"

जुन सहरमा त्यो राजकुमार बसेको थियो त्यसै सहरका राजाको नाम बलि थियो। ती बलि राजाका दुईवटी तरुनी अवस्थाका छोरीहरू थिए। बिहान घाम झुल्कने समयमा तिनीहरू दुवै आफ्ना बाबुका अगाडि आएर उसलाई ढोग नमस्कार गर्ने गर्दथे। एक दिन ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुईमध्ये एउटीले नमस्कार गर्दागर्दै– "महाराजको जय होस्, तपाईंकै कृपाले मैले संसारमा सबै खालका सुखहरू भोग गर्न पाएकी छु" भनिन्।

द्वितीया तु "विहित भुङ्क्ष्व महाराज" इति ब्रवीति।

यसो भएपछि अर्कीचाहिँले– "महाराज ! हामी सबै मानिसहरू आफ्नै कर्मको फल भोग गर्छौं" भनिन्।

तच्छ्रुत्वा प्रकुपितो राजाऽब्रवीत्– "भो मन्त्रिणः ! एनां दुष्टभाषिणीं कुमारिकां कस्यचिद्वैदेशिकस्य प्रयच्छत, येन निजविहितमियमेव भुङ्क्ते।"

दोस्रीचाहिँ छोरीको भनाइ सुनेर राजालाई ज्यादै रिस पनि उठ्यो। उनले मन्त्रीहरूसँग, "मन्त्रीहरू हो ! यस दुर्मुखे केटीलाई लिएर जाऊ र कुनै परदेशीसँग विवाह गराइदेऊ। त्यसो भएपछि यसले आफूले गरेका कर्मको फल आफैँ भोगोस्" भनेर अह्राए।

अथ तथेति प्रतिपद्य, अल्पपरिवारा सा कुमारिका मन्त्रिभिस्तस्य देवकुलाश्रित–राजपुत्रस्य प्रतिपादिता। सापि प्रहृष्टमनसा तं पतिं देववत् प्रतिपद्यादाय चान्यविषयं गता।

"महाराजको जो हुकुम" भन्दै मन्त्रीहरूले राजकुमारीलाई केही नोकर चाकरहरूसहित लगेर मन्दिरमा बास बस्तै गर्ने त्यही रोगी राजकुमारसँग बिहा गरिदिए। राजकुमारीले पनि खुसी मनले आफ्ना भाग्यले जुराएको त्यस पतिलाई देवतासमान मानेर त्यसको सेवा सुसार गर्न स्वीकार गरी र उसलाई लिएर कुनै अर्कै देशतिर लागिन्।

ततः कस्मिंश्चिद्दूरतरनगरप्रदेशे गत्वा तडागतटे राजपुत्रमावासरक्षायै निरूप्य स्वयञ्च घृततैललवणतण्डुलादिक्रयनिमित्तं सपरिवारा गता। कृत्वा च क्रयविक्रयं यावदागच्छति तावत्स राजपुत्रो वल्मीकोपरि कृतमूर्धा प्रसुप्तः। तस्य च मुखात् भुजगः फणं निष्क्राम्य वायुमश्नाति। तत्रैव च वल्मीकेऽपरः सर्पो निष्क्रम्य तदैवासित्।

निकै टाढाको देशका कुनै सहरमा पुगेर ऊ कुनै तलाउका किनारमा अडिई र आफ्ना पतिलाई बस्ने ठाउँको बन्दोबस्त एवं हेरविचार गर्ने जिम्मा लगाएर आफू केही नोकरचाकरहरूलाई साथमा लिएर घिउ, तेल, नुन, दाल, चामल आदि खाद्यसामग्री किन्नका लागि गइन्। किनमेल गरिसकेर फर्कँदा उनले राजकुमारलाई कुनै एउटा सर्पका दुलानिर टाउको राखेर सुतेको देखिन्। राजकुमारका मुखबाट आफ्नो फणालाई बाहिर निकालेर एउटा सर्पले हावा खाइरहेको रहेछ। उनको पति राजकुमारले सिरानी पारेर सुतेको दुलाबाट अर्को एउटा सर्प अघिल्लो सर्पकै जस्तो गरी फणा बाहिर निकालेर हावा खाइरहेको रहेछ, राजकुमारीले ती दुवै सर्पलाई पनि देखिन्।

अथ तयोः परस्परदर्शनेन क्रोधसंरक्तलोचनयोर्मध्याद्वल्मीकस्थेन सर्पेणोक्तं– "भो दुरात्मन् ! कथं सुन्दरसर्वाङ्ग राजपुत्रमित्थं कदर्थयसि ?"

एकअर्कालाई देख्नेबित्तिकै ती दुवै सर्पका आँखा रिसले राताराता भए। तिनीहरूमध्ये दुलभित्रका सर्पले रिसाउँदै– "ऐ दुष्ट ! सम्पूर्ण अङ्गहरू यति राम्रो भएका यस राजकुमारको जीवनलाई तैंले किन यसरी बर्बाद पार्दै छस् हँ ?" भनेर हप्कायो।

ततो मुखस्थोऽहिरब्रवीत्– "भो भोः ! त्वयापि दुरात्मनास्य वल्मीकस्य मध्ये कथमिदं दूषितं हाटकपूर्णं कलशयुगलम् ?" एवं परस्परस्य मर्माण्युद्घाटितवन्तौ।

त्यसको कुरो सुन्नेबित्तिकै मुखबाट निस्किएका सर्पले पनि रिसले मुर्मुरिँदै उसलाई– "यस दुलाभित्र रहेका सुनको असर्फीले भरिएका दुईवटा कलशलाई तैँलेचाहिँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किन ओगटेर दूषित बनाइरहेको छस् नि ?" भन्दै थियो। यस किसिमका प्रश्न र प्रतिप्रश्न गर्दागर्दै ती दुवैमा एकले अर्काको रहस्य र भेद अरूका अगाडि खोलिदिए।

पुनर्वल्मीकस्थोऽहिरब्रवीत्– "भो दुरात्मन्! भेषजमिदं ते किं कोऽपि न जानाति यज्जीर्णोत्कालितकाञ्जिकराजिकापानेने भवान् विनाशमुपयाति।"

अनि फेरि प्वालमा भएका सर्पले– "ऐ दुष्ट! पुरानो कागती र रायो पिंधेर तातो पानीसँग खानाले तँ मर्दछस् र उसलाई शान्ति मिल्छ भन्ने यस्तो साधारण औषधिका विषयमा कसैले जानकारी पाएका पनि रहेनछन् कि कसो ?" भनेर व्यङ्ग्य गऱ्यो।

अथोदरस्थोऽहिरब्रवीत्– "तवाप्येतद्भेषजं कि कश्चिदपि न वेत्ति यदुष्णतैलेन महोष्णोदकेन वा तव विनाशः स्यात् ?" इति।

त्यसो भएपछि पेटमा भएका सर्पले– "उम्लँदै गरेको तेल अथवा उम्लँदै गरेको पानी खन्याउनाले तँ पनि मर्नेछस् भन्ने तेरो औषधि पनि त छ नि यस कुरालाई चाहिँ कसैले जानेका रहेनछन् त ?" भन्यो।

एवञ्च सा राजाकन्या विटपान्तरिता तयोः परस्परालापान् मर्ममयानाकर्ण्य तथैवानुष्ठितवती। विधायाव्यङ्गनीरोगं भर्तारं निधिञ्च परमासाद्य स्वदेशाभिमुखं प्रायात्। पितृमातृस्वजनैः प्रतिपूजिता विहितोपभोगं प्राप्य सुखेनावस्थिता।

रुखका आडमा लुकेर बसेकी राजकुमारीले उनीहरूको त्यस्तो रहस्यलाई उद्घाटन गर्ने विवादलाई सुनिरहेकी थिई। अनि उसले पनि त्यसै किसिमको उपाय गरी। त्यस किसिमको उपाय गर्नासाथ ती दुवै सर्प मरे। त्यसपछि आफ्ना पतिलाई स्वस्थ र निरोगी बनाएर उसले दुलाभित्र संरक्षा भइरहेको धन पनि निकाली। त्यसपछि फेरि पति र आफ्ना आफन्तहरूलाई साथै लिएर आमाबाबुका देशमा नै फर्किएर आई। उसलाई त्यसरी आएको देखेर उसका आमाबाबुले ज्यादै आदर गर्दै सम्मानपूर्ण व्यवहार गरे। यस किसिमले आफ्नै पूर्व जन्ममा सञ्चय गरेर राखेका कर्मको फल भोग्दै सुखपूर्वक आमाबाबुका साथमा दिन बिताउन थाली।

अतोऽहं ब्रवीमि– "परस्परस्य मर्माणि"– इति।

यस किसिमको कथा भनेर प्राकारकर्णले– "महाराज! त्यसैले म त भन्दछु कि आपसी विवादमा एकले अर्काको रहस्यलाई उद्घाटन गर्नेहरू जोसुकै माथि बताइएका सर्पहरूको जस्तै गरी विनाश हुन्छन्" भन्यो।

तच्च श्रुत्वा स्वयमरिमर्दनोऽप्येवं समर्थितवान्। तथा चानुष्ठितं दृष्ट्वान्तर्लीनं विहस्य रक्ताक्षः पुनरब्रवीत्– "कष्टम्! विनाशितोऽयं भवद्भिरन्यायेन स्वामी। उक्तञ्च–

प्राकारकर्णको त्यस्तो कुरो सुनिसकेपछि अरिमर्दनले पनि उसैका कुरालाई समर्थन गऱ्यो। त्यसपछि अरू मन्त्रीहरूको परामर्शअनुसार त्यसैलाई कार्यान्वयन पनि गरेको देखेपछि रक्ताक्षले मनमनै हाँस्तै– "ज्यादै दुःखको कुरो हो। तिमीहरूले महाराजलाई अनुचित परामर्श दिएर उनको सर्वनाश नै गरिदियौ। भनिएको पनि छ कि–

अपूज्या यत्र पूज्यन्ते पूज्यानां तु विमानना।
त्रीणि तत्र प्रवर्तन्ते दुर्भिक्ष मरणं भयम्॥ १९१॥

जुन ठाउँमा अयोग्य व्यक्तिको पूजा हुन्छ र पूज्य व्यक्तिहरूको अपमान गरिन्छ, त्यहाँ तीनवटा कुराहरू हुन सक्दछन्। कि त त्यहाँ अनिकाल लाग्दछ, कि रोगको महामारी फैलिन्छ अथवा आगो आदिबाट दुर्घटना हुने हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रत्यक्षेऽपि कृते पापे मूर्खः साम्ना प्रशाम्यति।
रथकारः स्वकां भार्यां सजारां शिरसावहत्" ॥ १९२ ॥

धूर्त व्यक्तिले प्रत्यक्ष रूपले पाप वा दुष्ट काम गरे भने अवस्थामा उनीहरू झुक्याउने किसिमका सफाइहरू दिँदै मूर्ख व्यक्तिका अगाडि आफ्नो कुरो विश्वस्त बनाउन लाग्छन् र मूर्खले त्यसलाई मान्दछन्। जस्तै आफ्नी स्त्रीको झुटो बयानले त्यो रथकार सन्तुष्ट भएको थियो र त्यो स्त्रीका साथसाथै उसको जार पतिलाई पनि ऊ काँधमा बोकीबोकी गाउँभरि घुमाउँथ्यो।

मन्त्रिणः प्राहुः— "कथमेतत् ?" रक्ताक्षः कथयति—

त्यसको कुरो सुनेपछि मन्त्रीहरूले— "त्यो कस्तो कुरो हो ?" भनेर सोधे। रक्ताक्षले अघिल्लो कथा भन्दै कुरो गर्न थाल्यो—

रथकारवधूकथा

अस्ति कस्मिँश्चिदधिष्ठाने वीरवरो नाम रथकारः तस्य भार्या कामदमनी। सा च पुँश्चली जनापवापदयुक्ता। सोऽपि तस्याः परीक्षार्थं व्यचिन्तयत्।— "अथ मयास्याः परीक्षणं कर्तव्यम्। उक्तञ्च यतः—

रथकारकी स्वास्नी

कुनै सहरमा वीरवर नाम गरेको कुनै एउटा रथकार रहने गर्दथ्यो। त्यसकी स्वास्नीको नाम कामदमनी थियो। त्यो ज्यादै नै व्यभिचारिणी भएकाले धेरैतिर बदनाम भइसकेकी आइमाई थिई। त्यस आइमाईको परीक्षा लिने उद्देश्यले एक दिन रथकारले आफ्नै मनभित्र— "मैले यसलाई जाँच्नुपरेको छ। किनभने भनिएको पनि छ कि—

यदि स्यात्पावकः शीतः प्रोष्णो वा शशालाञ्छनः।
स्त्रीणां तथा सतीत्वं स्याद्यदि स्याद् दुर्जनो हितः ॥ १९३ ॥

यदि आगो चिसो भयो भने, चन्द्रमा तातो भयो भने र दुर्जनहरूले अर्काको भलो चिताए भने कतै स्त्रीहरू पनि सती हुन सक्लान् कि।

जानामि चैनां लोकवचनादसतीम्। उक्तञ्च—

यो व्यभिचारिणी छ भन्ने कुराको निकै चर्चा मैले सुनिसकेको छु। अरूकै भनाइमा लाग्ने हो भने त यो व्यभिचारिणी सिद्ध भई सकेकी छ। भनिएको पनि छ कि—

यच्च वेदेषु शास्त्रेषु न दृष्टं न च संश्रुतम्।
तत्सर्वं वेत्ति लोकोऽयं यत्स्याद् ब्रह्मांण्डमध्यगम्" ॥ १९४ ॥

जुन कुरो वेदहरूमा र अरू शास्त्रहरूमा पनि देख्न या सुन्न पाइँदैन, त्यस्तो कुरो पनि समाजका मानिसले जानेका हुन्छन्। त्यति मात्रै होइन, संसारका जुनसुकै कुनामा जस्तोसुकै खालको कुरो होस् मानिसले त्यसलाई जानेकै हुन्छन्" भन्ने सोच्यो।

एवं सम्प्रधार्य भार्यामवोचत्— "प्रिये ! प्रभातेऽहं ग्रामान्तरं यास्यामि। तत्र कतिचिद्दिनानि लगिष्यन्ति। तत्त्वया किमपि पाथेय मम योग्यं विधेयम्।"

यस किसिमका कुरा सोचेर उसले आफ्नी स्वास्नीसँग— "प्रिया ! भोलि बिहानै मैले पल्लो गाउँमा जानुपर्नेछ। मैले अलिक दिनसम्म त्यहीँ काम गर्नुपर्छ। त्यसो हुँदा खानका लागि मलाई केही कुराको लागि बन्दोबस्त गरिदिन्थ्यौ भने राम्रो हुने थियो" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सापि तद्वचनं श्रुत्वा हर्षितचित्ता औत्सुक्यात्सर्वकार्याणि सन्त्यज्य सिद्धमन्नं घृतशर्कराप्रायमकरोत्। अथवा साध्विदमुच्यते—

रथकारले त्यसो भनेको सुनेपछि त्यसकी स्वास्नी ज्यादै खुसी भई। अनि त घरका अरू सबै काम त्यसै छोडेर तुरुन्तै उसले बहुत जाँगर लगाएर छिटोछिटो गरी घिउ र चिनी ल्याएर मिठो पारेर खाने कुराहरू पकाउन थाली। अथवा कसैले ठिकै पनि भनेका छन् कि—

दुर्दिवसे घनतिमिरे दुःसञ्चारेषु नगरमार्गेषु।
पत्युर्विदेशगमने परमसुखं जघनचपलायाः॥ १९५॥

दिन बिग्रिएर आउँदा, जब कालो बादलले आकाशलाई ढ्याम्म ढाक्दछ, अनि सहरका गल्लीहरूमा हिंड्न डुल्न गाहारो हुन्छ अथवा पति विदेशतिर जान्छ भने त्यस्ता बेलामा वेश्याहरूलाई ज्यादै सुखको अनुभव हुन्छ।

अथासौ प्रत्यूषे उत्थाय स्वगृहान्निर्गतः। सापि तं प्रस्थितं विज्ञाय प्रहसितवदनाऽङ्ग-संस्कारं कुर्वाणां कथञ्चित्तं दिवसमत्यवाहयत्। अथ पूर्वपरिचितविटगृहे गत्वा तं प्रत्युक्तवती— "स दुरात्मा मे पतिर्ग्रामान्तरं गतः। तत्त्वयास्मद्गृहे प्रसुप्से जने समागन्तव्यम्।"

भोलिपल्ट बिहानै जुरुक्क उठेर त्यो रथकार घरबाट बाहिर निस्केर कतै गयो। लोग्ने बाहिर गएको छ भन्ने ठानेर उसले आफ्नो जिउलाई सिँगारपटार गराउँदै कुनै हालतले त्यो दिन बिताई। बेलुका भएपछि ऊ पहिलेदेखि नै चिनिरहेको एउटा जारका घरमा गई। त्यहाँ पुगेर उसले आफ्ना त्यस जारसँग— "मेरो दुष्ट बुढो त आज पल्ला गाउँतिर गएको छ। त्यसैले मानिसहरू सबै सुतिसकेपछि तिमी मेरा घरमा सुटुक्क आउनू" भनी।

तथानुष्ठिते स रथकारोऽरण्ये दिनमतिवाह्य प्रदोषे स्वगृहेऽपरद्वारेण प्रविश्य शय्याधस्तले निभृतो भूत्वा स्थितः। एतस्मिन्नन्तरे स देवदत्तः समागत्य तत्र शयने उपविष्टः। तं दृष्ट्वा रोषाविष्टचित्तो रथकारो व्यचिन्तयत्— "किमेनमुत्थाय हन्मि ? अथवा हेलयैव प्रसुप्तौ द्वावप्येतौ व्यापादयामि ? परं पश्यामि तावदस्याश्चेष्टितं, शृणोमि चानेन सहालापान्।"

त्यो रथकार पनि दिनभरि गएर वनमा नै लुकेर बसिरह्यो। अनि बेलुकीपख आफ्ना घर आएर पछिल्लो ढोकाबाट भित्र पस्यो र खाटमुनि लुकेर बस्यो। यसो भइसकेपछि देवदत्त नाम भएको त्यसकी स्वास्नीको नाठो पनि आएर त्यसै खाटमा बस्यो। त्यसलाई देख्नेबित्तिकै त्यस रथकारले रिसले मुमुर्रिंदै रातो अनुहार बनायो र आफ्नै मनभित्रै— "अहिले नै जुरुक्क उठेर यसलाई मारिहालूँ कि ? अथवा जब यी दुईवटै सुत्छन् अनि फुत्त निस्केर एकैचोटि दुईटैलाई मारूँला। फेरि त्यसो गर्नु पनि त राम्रो भएन। पहिले त यसले यससँग के गर्दो रहिछ हेरूँ, दुईका बिचमा के कस्तो गफ हुँदो रहेछ सुनूँ, अनि जसो गर्न उचित होला उसै गरूँला" भन्ने सोच्यो।

अत्रान्तरे सा गृहद्वारं निभृतं पिधाय शयनतलमारूढा। अथ तस्यास्तत्रारोहन्त्या रथकारशरीरे पादो विलग्नः। ततः सा व्यचिन्तयत्— "नूनमेतेन दुरात्मना रथकारेण मत्परीक्षणार्थं भाव्यम्। ततः स्त्रीचरित्रविज्ञानं किमपिं करोमि।"

खाटमुनि बसेको रथकार यसरी नै आफ्नै मनभित्रै के गरौं भन्ने कुरो गुन्दैमात्रै थियो कि उसकी स्वास्नी पनि ढोकालाई राम्रोसँग लगाईवरीकन त्यसै खाटमा आएर बसी। खाटमा बस्ताखेरि दैवसंयोग उसका खुट्टो खाटमुनि बसेका रथकारसँग ठोकियो। खुट्टाले छुनेबित्तिकै उसले आफ्नो लोग्ने खाटमुनि लुकेर बसेको रहेछ भन्ने कुराको अन्दाज गरिहाली। अनि उसले मनमनै— "मेरो परीक्षा लिनका लागि यो दुष्ट खाटमुनि बसेको पो रहेछ, अब यसलाई पनि स्त्रीचरित्रविज्ञानको पाठ राम्ररी घोकाइदिनुपर्‍यो" भन्ने सोची।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं तस्याश्चिन्तयन्त्याः स देवदत्तः स्पर्शोत्सुको बभूव। अथ तया कृताञ्जलिपुटयाऽभिहितं– "भो महानुभाव ! न मे शरीरं त्वया स्पर्शनीयं, यतोऽहं पतिव्रता महासती च। न चेच्छापं दत्वा त्वां भस्मसात्करिष्यामि।"

उसले यसरी सोच्दै मात्रै थिई, त्यसै बेलामा उसले बोलाएको त्यस देवदत्त नामको नाठो उसलाई हातपात गर्नका लागि तम्सियो। उसले त्यस आइमाईलाई आलिङ्गन गर्न मात्रै के लागेको थियो, आइमाईचाहिँ तुरुन्तै– "हे सज्जन ! तिमी मेरो शरीरमा नछोऊ, किनभने म ज्यादै साध्वी, पतिव्रता र महासती हुँ। यदि तिमी मैले भनेको मान्दैनौ भनेदेखि म तिमीलाई शाप दिन्छु र भस्म पारिदिन्छु" भनी।

स आह– "यद्येवं तर्हि त्वया किमहमाहूतः ?"

रथकारकी स्वास्नीका त्यस्ता कुरा सुन्नेबित्तिकै देवदत्तले– "यदि तिम्रो कुरो त्यस्तो हो भनेदेखि मलाई तिमीले नै यहाँ किन बोलायौ त ?" भनेर सोध्यो।

साब्रवीत्, "भोः ! शृणुष्वैकाग्रमनाः, अहमद्य प्रत्यूषे देवतादर्शनार्थं चण्डिकायतनं गता। तत्राकस्मात्खे वाणी सञ्जाता– पुत्रि ! किं करोमि, भक्तासि मे त्वं, परं षण्मासाभ्यन्तरे विधिनियोगाद्विधवा भविष्यसि।"

त्यसको उत्तरमा उसले– "ध्यान दिएर सुन, म तिमीलाई त्यसको कारण पनि बताइदिँदै छु। आज बिहान म चण्डिकाको मन्दिरमा दर्शन गर्नका लागि गएकी थिएँ। म त्यहाँ पुग्नेबित्तिकै अकस्मात् आकाशवाणी भयो र त्यस आकाशवाणीले– "पुत्री ! म तिमीसँग कसरी भनौँ ? नभनौँ भने कसरी नभनौँ तिमी मेरी भक्त हौ, साँचो कुरो मैले भन्नै पर्छ। दुर्भाग्यको कुरो यसो छ कि छ महिनाभित्रै तिमी विधवा हुनेछ्यौ" भन्यो।

ततो मयाभिहितं– "भगवति ! यथा त्वमापदं वेत्सि, तथा तत्प्रतीकारमपि जानासि। तदस्ति कश्चिदुपायो येन मे पतिः शतसंवत्सरंजीवी भवति ?"

त्यस खालको आकाशवाणी सुनेर मैले देवीसँग– "हे भगवती ! जसरी ममाथि आइलाग्ने आपद्लाई जानेकी छ्यौ, उसै गरी त्यस आपत्तिलाई टार्ने उपाय पनि तिमीले जानेको हुनुपर्दछ। जानेकी छ्यौ भने मेरा पति सय वर्षसम्म बाँच्ने उपाय के होला ? त्यो मलाई बताइदेऊ" भन्ने सोध्दै देवीको प्रार्थना गरेँ।

ततस्तयाऽभिहितं– "वत्से ! सन्नपि नास्ति, यतस्तवायत्तः स प्रतीकारः।"

मेरो प्रार्थना सुनेर देवीले– "वत्से ! उपाय छँदाछँदै पनि नभएजस्तै छ। किनभने तिम्रा समस्याको समाधान तिम्रै हातमा रहेको छ" भनिन्।

तच्छ्रुत्वा मयाभिहितं– "देवी ! यदि तन्मम प्राणैर्भवति तदादेशय, येन करोमि।"

भगवतीको त्यस्तो कुरो सुनेर मैले फेरि निवेदन गर्दै– "देवी ! यदि त्यो उपाय मैले ज्यान दिएर गर्दा हुनेसम्मको छ भनेदेखि मलाई कृपा गरेर बताइदेऊ, जस्तो भए पनि म तुरुन्त गर्न तयार छु भनेँ" भन्दै कुराले छल्न सफल भई।

अथ देव्याभिहितं– "यदद्य परपुरुषेण सहैकस्मिञ्छयने समारुह्यालिङ्गनं करोषि, तत्तव भर्तृसक्तोऽपमृत्युस्तस्य सञ्चरति। भर्तापि पुनवर्षशतं जीवति। तेन त्वं मयाऽभ्यर्थितः। तद्यत्किञ्चित्कर्तुमनास्तत्कुरुष्व। न हि देवतावचनमन्यथा भविष्यतीति निश्चय।"

मेरो प्रार्थना सुनेर देवीले फेरि– "यदि तिमीले कुनै अर्को एउटा पुरुषसँग एउटै ओछ्यानमा सुतेर उसलाई आलिङ्गन गर्‍यौ भनेदेखि तिम्रा पतिलाई झम्टिन आउने बिनाकालको मृत्यु त्यसै लोग्ने मानिसमा सर्दछ। यसो भएपछि तिम्रा लोग्नेको आयु सय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्षको हुनेछ" भनिन्। त्यसो भएकैले मैले तिमीलाई यहाँ बोलाएकी हुँ। त्यसो हुँदा यदि तिमी मसँग केही गर्न चाहन्छौ भनेदेखि गर्न सक्छौ। तर देवताको कथन असत्य हुँदैन। यो कुरो निश्चित छ" भनी। यस्तै कुरो उनीहरू दुईका बिचमा भयो।

ततोऽन्तर्हासविकासमुखः स तदुतिमाचचार। सोऽपि रथकारो मूर्खस्तस्यास्तद्वच- नमाकर्ण्य पुलकाञ्चिततनुः शय्याधस्तान्निष्क्रम्य तामुवाच– "साधु पतिव्रते! साधु कुलनन्दिनि! अहं दुर्जनवचनशङ्कितहृदयस्त्वत्परीक्षानिमित्तं ग्रामान्तरव्याजं कृत्वा खट्वाधस्तले निभृतं लीनः। तदेहि, आलिङ्ग माम्। त्वं स्वभर्तृभक्तानां मुख्या नारीणां यदेव ब्रह्मव्रतं परसङ्गेऽपि पालितवती। ममायुर्वृद्धिकृतेऽपमृत्युविनाशार्थञ्च त्वमेव कृतवती।" तामेवमुक्त्वा सस्नेहमालिङ्गितवान्।

रथकारकी स्वास्नीका यस्ता कुरा सुनेपछि उसको जार पति मुस्कायो र एकछिन पछि फेरि खुसी हुँदै त्यस आइमाईसँग रतिक्रीडाको आनन्द लिन लाग्यो। त्यो मूर्ख रथकार आफ्नी स्वास्नीका कुराहरू सुनेर मनमनै ज्यादै खुसी भयो। उसको शरीर आनन्दले हर्षविभोर भयो। खाटमुनिबाट निस्किएर उसले आफ्नी स्वास्नीसँग– "धन्यवाद! तिमी ज्यादै पतिव्रता रहिछ्यौ। तिमी कुलको इज्जत रक्षा गर्ने किसिमकी रहिछ्यौ। दुष्टहरूको भनाइमा लाग्नाले मेरा मनमा तिमीप्रति शङ्का उब्जिएको थियो। त्यसो हुँदा तिम्रो परीक्षा लिनका लागि नै मैले पल्लो गाउँतिर जाने निहुँ बनाएर यहाँ खाटमुनि लुकेको थिएँ। अब मेरो शङ्का पनि समाप्त भयो। आऊ म तिमीलाई छातीमा लगाउँछु। तिमी पतिभक्त नारीहरूमा सर्वश्रेष्ठ रहिछ्यौ। किनभने परपुरुषसँग रहँदा पनि तिमीले ज्यादै संयमको पालन गरेकी छ्यौ। अब मैले यो कुरो राम्रोसँग जानेको छु कि तिमीले मेरो बिनाकालै आउने मृत्युलाई टार्नका लागि र मेरो आयु सय वर्षको लामो बनाउनका लागि नै यस्तो काम गरेकी हौ आदि भन्दै उसले स्वास्नीलाई माया गर्दै आलिङ्गन गऱ्यो।

स्कन्धे तामारोप्य तमपि देवदत्तमुवाच– "भो महानुभाव! मत्पुण्यैस्त्वमिहागतः। त्वत्प्रसादान्मया प्राप्तं वर्षशतप्रमाणमायुः। तत्त्वमपि मामालिङ्ग्य मत्स्कन्धे समारोह" इति जल्पन्ननिच्छन्तमपि देवदत्तमालिङ्ग्य बलात्स्वकीयस्कन्धे आरोपितवान्। ततश्च नृत्यं कृत्वा– "भोः ब्रह्मव्रतधारिणं धुरिण! त्वयापि मय्युपकृतम्" इत्याद्युक्त्वा स्कन्धादुत्तार्य यत्रयत्र स्वजनगृहद्वारादिषु बभ्राम तत्रतत्र तयोरुभयोरपि तद्गुणवर्णनमकरोत्।

स्वास्नीलाई काँधमा चढाइसकेपछि उसले देवदत्तसँग पनि– "हे सज्जन! मेरा पूर्वजन्मका पुण्यका कमाइले गर्दा नै तिमी पनि यहाँ आएका हौ। तिम्रै कृपाले गर्दा मैले आज सय वर्षको आयु पनि पाएको छु। त्यसैले तिमी पनि मसँग आलिङ्गन गर र मेरा काँधमाथि चढ" भन्दै उसले मन नगर्दा नगर्देको देवदत्तलाई समेत बलपूर्वक आलिङ्गन गराएर आफ्ना काँधमा चढायो। अनि त खुसी हुँदै नाच्तै– "हे सर्वश्रेष्ठ ब्रह्मव्रतधारी! तिमीले मलाई साह्रै ठूलो गुन लगाएका छौ" भन्दै त्यस रथकारले देवदत्तलाई काँधबाट ओराल्यो। अनि त्यसपछि त उसले ती दुवैलाई बोकीबोकी सारा आफन्तहरूका घरघर लगेर घुमायो। तिनीहरूलाई जताजता लैजान्थ्यो उतैउतै तिनीहरूका गुणको बयान गर्दथ्यो।

अतोऽहं ब्रवीमि– "प्रत्यक्षेऽपि कृते पापे" इति।

यस किसिमको कथा सुनाइसकेपछि रक्ताक्षले– "त्यसैले त म भन्दछु कि प्रत्यक्ष रूपमा पाप गरेको देख्दादेख्दै पनि मूर्ख व्यक्तिहरू झुटो समाधान पत्याएर सन्तुष्ट हुन पुग्दछन्" भन्यो।

तत्सर्वथा मूलोत्खाना वयं विनष्ट्याः स्मः। सुष्ठु खल्विदमुच्यते–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रक्ताक्षले अरू मन्त्रीहरूलाई सम्बोधन गर्दै फेरि पनि– "तिमीहरूले जरो नै खनेका छौ। अब हामी सबैको विनाश सुनिश्चित भइसकेको छ। ठिकै पनि भनिएको छ कि–

मित्ररूपा हि रिपवः सम्भाव्यन्ते विचक्षणः।
ये हितं वाक्यमुत्सृज्य विपरीतोपसेविनः ॥ १९६ ॥ तथा च–

जसले हितलाई छोडेर अहित पक्षको परामर्श दिने गर्दछ, त्यस्ता किसिमका मित्रलाई बुद्धिमान्हरूले शत्रु नै ठान्दछन्। अरू पनि–

सन्तोऽप्यर्था विनश्यन्ति देशकालविरोधिनः।
अप्राज्ञान् मन्त्रिणः प्राप्य तमः सूर्योदये यथा ॥ १९७ ॥

देश र काललाई नबुझेका मूर्ख मन्त्रीहरू भएपछि राजाको राजवैभव पनि सूर्योदय हुने बेलामा अन्धकार मासिएझैं विनाश भएर जान्छ।

ततस्तद्वचोऽनादृत्य सर्वे स्थिरजीविनमुत्क्षिप्य स्वदुर्गमानेतुमारब्धाः। अथानीयमानाः स्थिरजीव्याह– "देव ! अद्याकिञ्चित्करेणैतदवस्थेन किं मयोपसंगृहीतेन ? यत्कारणमिच्छामि दीप्तं वह्निमनुप्रवेष्टुम्। तदर्हसि मामग्निप्रदानेन समुद्धर्तुम्।"

रक्ताक्षको परामर्शलाई वास्तै नगरीकन ती उल्लुहरूले स्थिरजीवीलाई बोकेर आफ्ना किल्लातिर लान लागे। आफूलाई लिएर जाँदै गरेको देखेर स्थिरजीवीले– "महाराज ! मजस्ता केही गर्न नसक्ने र यस्तो अवस्थामा परेका व्यक्तिलाई रक्षा गर्नाले तपाईंको के फाइदा हुन्छ र ? त्यसैले म अग्निमा प्रवेश गर्न चाहन्छु। कृपया मलाई प्रवेश गर्नका लागि आगाको बन्दोबस्त गरेर मलाई उद्धार गर्दिनुहोस्" भन्यो।

अथ रक्ताक्षस्तस्यान्तर्गतभावं ज्ञात्वाऽब्रवीत्– "किमर्थमग्निपतनमिच्छसि ?"

रक्ताक्षले उसका मनको विचार बुझेर फेरि– "तिमी आगोमा किन पस्न चाहन्छौ ?" भनेर सोध्यो।

सोऽब्रवीत्– "अहं तावद्युष्मदर्थे इमामापदं मेघवर्णेन प्रापितः तदिच्छामि तेषां वैरयातनार्थमुलूकत्वम्" इति।

स्थिरजीवीले– "तपाईंहरूको पक्ष लिएकै कारणले मलाई मेघवर्णले यस्तो दुर्दशाको अवस्थामा पुऱ्याएको छ। त्यसैले उसँग बदला लिनका लागि म उल्लुकै जुनीमा जन्मन चाहन्छु" भन्यो।

तच्च श्रुत्वा राजनीतिकुशलो रक्ताक्षः प्राह– "भद्र ! कुटिलस्त्वं कृतकवचन-चतुरश्च। तत्त्वमुलूकयोनिगतोऽपि स्वकीयामेव वायसयोनिं बहु मन्यसे। श्रूयते च तदाख्यानकम्–

स्थिरजीवीको कुरो सुनेर राजनीतिकुशल रक्ताक्षले– "हे सज्जन ! तिमी ज्यादै कुटिल छौ। कपटपूर्ण कुरो बनाउनका लागि पनि तिमी ज्यादै निपुण छौ। त्यसैले उल्लुको जुनीमा जन्मिएर भए पनि शत्रु निर्मूल पार्न चाहन्छौ। त्यसो हुँदा तिमीले यसै कागको जुनीलाई उत्तम सम्झ। यस प्रसङ्गमा एउटा कथा पनि सुनिएको छ कि–

सूर्यं भर्तारमुत्सृज्य पर्जन्यं मारुतं गिरिम्।
स्वजातिं मूषिका प्राप्ता स्वजातिर्दुरतिक्रमा ॥ १९८ ॥

एउटा पोथी मुसाले सूर्य, मेघ, वायु र पर्वतलाई छोडेर आफ्नै जातका भाले मुसालाई नै आफ्नो लोग्ने बनाएको थियो। जातिको मोह सजिलैसँग छुटाउन सकिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्रिणः प्रोचुः— "कथमेतत् ?" रक्ताक्षः कथयति—

रक्ताक्षको कुरो सुनेर मन्त्रीहरूले— "त्यस्तो कसरी हुन्छ ?" भनी सोधे। रक्ताक्षले पोथी मुसाको कथा सुनाउँदै भन्न थाल्यो।

मूषिकाविवाहकथा

अस्ति विषमशिलातलस्खलिताम्बनिर्घोषश्रवणसन्त्रस्तमत्स्यपरिवर्तनसञ्जनितश्वेतफेनशबलतरङ्गया गङ्गायास्तटे जपनियमतपःस्वाध्यायोपवासयोगक्रियानुष्ठानपरायणैः परिपूरि-तपरिमितजलजिघृक्षुभिः कन्दमूलफलशैवालाभ्यवहारकदर्थितशरीरैर्वल्कलकृतकौपीनमात्रप्रच्छादनैस्तपस्विभिराकीर्णमाश्रमपदम्। तत्र याज्ञवल्क्यो नाम कुलपतिरासीत।

मुसीको बिहे

पहाडका असमान ढुङ्गाहरूमा ठोकिएर निरन्तर खस्ने गरेका प्रवाहबाट उत्पन्न हुने पानीको एकनासे ध्वनि सुन्दा सधैँभरि तर्सिने गरेका माछाहरू ओर्किँदै र फर्किँदै गरेकाले निस्कने गरेको सेतो फिँजले गर्दा अनौठो लाग्दो किसिमको तरङ्ग भएको गङ्गा नदीका किनारमा नित्य जप, नियम, तप, स्वाध्याय, उपवास र योगका क्रियामा लागिपर्ने गरेका, अलिकति पवित्र जल पिउँदै कन्दमूल एवं फल खाएर आफ्नो शरीर सुकाउँदै लगेका, वल्कलबाट बनेको एकसरो धोतीले मात्रै शरीर ढाक्ने गरेका तपस्वीहरूले भरिभराउ भएको एउटा आश्रम थियो। त्यस आश्रममा याज्ञवल्क्य नाम गरेका एकजना ऋषि रहन्थे, उनी त्यहाँका कुलपति पनि थिए।

तस्य जाह्नव्या स्नात्वोपस्प्रष्टुमारब्धस्य करतले श्येनमुखात्परिभ्रष्य मूषिका पतिता। तां दृष्ट्वा न्यग्रोधपत्रेऽवस्थाप्य पुनः स्नात्वोपस्पृश्य च प्रायश्चित्तादिक्रियां कृत्वा मूषिकां तां स्वतपोबलेन कन्यकां कृत्वा समादाय स्वाश्रममानिनाय। अनपत्यां च जायामाह— "भद्रे ! गृह्यतामियं तव दुहितोत्पन्न, प्रयत्नेन संवर्द्धनीया" इति। ततस्तस्या संवर्द्धिता लालिता पालिता च यावद् द्वादशवर्षाः सञ्जाता।

गङ्गाको पवित्र जलमा स्नान गरेर आचमन गर्नका लागि तयार भइरहेका अवस्थामा महर्षि याज्ञवल्क्यका हातमा बाजका मुखबाट एउटा पोथी मुसो खसेर पऱ्यो। त्यसलाई यसो हेरेर उनले एउटा वरको पातमा राखिदिए र फेरि स्नान, ध्यान, आचमन र प्रायश्चित्त आदि गरे। त्यसपछि उनले तपस्याको बल प्रयोग गरेर त्यस मुसालाई एउटी कन्याका रूपमा परिवर्तन गराए। अनि उसलाई लिएर उनी आफ्ना आश्रममा फर्किएर आए। आश्रममा आएर उनले आफ्नी सन्तान नभएकी पत्नीलाई— "कल्याणी ! यस केटीलाई लैजाऊ र आफ्नै सन्तान मानेर ज्यादै जतनसाथ यसको पालनपोषण गर" भने। ऋषिपत्नीले पालेर हुर्काउँदै बढाउँदै जाँदा त्यो केटी बिस्तारै बाह्र वर्षकी भई।

अथ विवाहयोग्यां तां दृष्ट्वा भर्तारमेवं जायोवाच— "भो भर्तः ! किमिदं नावबुध्यसे यथास्याः स्वदुहितुर्विवाहसमयातिक्रमो भवति ?"

त्यस केटीलाई बिहा गर्ने उमेरकी तरुनी भएको देखेर याज्ञवल्क्यकी पत्नीले आफ्ना पतिसँग— "हे पतिदेव ! तपाईंकी यस छोरीको बिहा गर्ने उमेर बित्न लागिसक्यो भन्ने कुरो तपाईं किन बुझ्नुहुन्न ?" भनेर सम्झाइन्।

असावाह— "साधूक्तम्। उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्नीको कुरो सुनेर याज्ञवल्क्यले– "हे देवी ! तिमीले ठिकै कुरो गऱ्यौ। भनिएको पनि छ कि–

स्त्रियः पुरा सुरैर्भुक्ता सोमगन्धर्ववह्निभिः।
भुञ्जते मानुषाः पश्चात्तस्मादोषो न विद्यते॥ १९९॥

सोम, गन्धर्व तथा अग्निले सर्वप्रथम स्त्रीको भोग गर्दछन्। उनीहरूले उपभोग गरेपछि मात्रै मानिसले उनीहरूको उपभोग गर्दछन्। त्यसैले स्त्रीहरूमा कुनै प्रकारको दोष लाग्दैन। उनीहरू जसो गरे पनि सधैँ नै निर्दोष रहिरहन्छन्।

सोमस्तासां ददौ शौचं गन्धर्वाः शिक्षितां गिरम्।
पावकः सर्वमेध्यत्वं तस्मान्निष्कल्मषाः स्त्रियः॥ २००॥

सोमले स्त्रीहरूमा पवित्रता दिएका छन्, गन्धर्वहरूले उनीहरूलाई मिठो र चलाख वाणी दिएका छन् र अग्निले उनीहरूलाई सर्वमेध्यत्व अर्थात् सबै अङ्गको पवित्रता दिएका छन्। त्यसैले उनीहरू निष्पाप हुन्छन्। उनीहरूको शरीर सधैँ नै शुद्ध रहेको हुन्छ।

असम्प्राप्ता रजा गौरी प्राप्ते रजसि रोहिणी।
अव्यञ्जना भवेत्कन्या कुचहाना च नग्निका॥ २०१॥

रजोदर्शनभन्दा पहिले कन्यालाई गौरी भनिएको छ। रजोदर्शनभन्दा पछि तिनीहरूलाई रोहिणी भनिन्छन्। जबसम्म शरीरमा रौँहरू उम्रिएका हुँदैनन् त्यतिन्जेल उनीहरू कन्या कहलाउँछन् र स्तन पलाउनुभन्दा पहिलेसम्म नग्निका भनिन्छन्।

व्यञ्जनैस्तु समुत्पन्नः सोमो भुङ्क्ते हि कन्यकाम्।
परोधराभ्यां गन्धर्वा रजस्यग्निः प्रतिष्ठितः॥ २०२॥

रौँहरू उम्रिएपछि सोमले कन्याको उपभोग गर्दछन्। स्तन पलाएपछि गन्धर्वले उनको उपभोग गर्दछन् र रजोदर्शन भइसकेपछि अग्निले उनीहरूको उपभोग गर्दछन्।

तस्माद्विवाहयेत्कन्यां यावन्नर्तुमती भवेत्।
विवाहश्चाष्टवर्षायाः कन्यायास्तु प्रशस्यते॥ २०३॥

ऋतुमती हुनुभन्दा पहिले नै कन्याको विवाह गराइदिनुपर्दछ। त्यसै कारणले आठ वर्षभित्रै गराइएको कन्याहरूको विवाहलाई ज्यादै राम्रो भनेर प्रशंसा गरिएको छ।

व्यञ्जनं हन्ति वै पूर्वं परं चैव पयोधरौ।
रतिरिष्यंस्तथा लोकान् हत्याच्च पितरं रजः॥ २०४॥

विवाहभन्दा पहिले नै यदि कन्याका गुप्ताङ्गमा रौँ पलाए भने तिनले पिताको पूर्वजन्मको पुण्यको कमाइलाई नष्ट पारिदिन्छन्। स्तन उम्रिएर आए भने आउँदा दिनहरूमा पुण्यलाई नष्ट पार्दछन्। अनि पिताका घरमा छँदै कन्यालाई पतिसँग समागम गर्ने रहर जाग्यो भने त्यसले पिताको परलोक नष्ट पारिदिन्छ र कन्याको रजोदर्शन नै भयो भनेदेखि पिताको नै विनाश हुन्छ भन्ने कुरो बुझ्नुपर्दछ।

ऋतुमत्यां तु तिष्ठन्त्यां स्वेच्छादानं विधीयते।
तस्मादुद्वाहयेन्नग्नां मनुः स्वायम्भुवोऽब्रवीत्॥ २०५॥

कुनै कन्या यदि पिताका घरमा नै ऋतुमती भइछ भनेदेखि त्यसको विवाह गर्नका लागि गोत्रआदिको विचार गरिरहनुपर्दैन। तत्काल जस्तो वर उपलब्ध हुन्छ उसैसँग त्यसको विवाह गरिदिनुपर्दछ। अतः "नग्ना" कन्याको विवाह गरिदिनु सर्वोत्तम हुन्छ भन्ने मनुको भनाइ छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पितृ वेश्मनि या कन्या रजः पश्यत्यसंस्कृता।
अविवाह्या तु सा कन्या जघन्या वृषली मता॥ २०६॥

पिताका घरैमा यदि कन्या अविवाहित अवस्थामै रजोदर्शन गर्दछन् भनेदेखि तिनीहरू वृषली र जघन्या हुन्छन्। यस्ता कन्यासँग विवाह गर्नुहुँदैन। अर्थात् शास्त्रीय विधिअनुसार रजोदर्शनपछि कन्याको विवाह गरिरहनु आवश्यक छैन, तिनलाई विवाहबिना त्यत्तिकै दान गरिदिनुपर्दछ।

श्रेष्ठेभ्यः सदृशेभ्यश्च जघन्येभ्यो रजस्वला।
पित्रा देया विनिश्चित्य यतो दोषो न विद्यते॥ २०७॥

यदि कन्या पिताकै घरमा रजस्वला भई भनेदेखि सकेसम्म त उभन्दा उत्तम र उसलाई सुहाउँदो योग्य वर खोजेर विवाह गराइदिनुपर्दछ। यदि यसो गर्न सम्भव भएन भनेदेखि उभन्दा कमजोर स्तरको वा खासै नसुहाउँदो वर नै भए पनि खोजेर विवाह गरिदिनुपर्दछ। त्यस्ता अवस्थामा पिताले धेरै कुरो सोचविचार गरिरहनुहुँदैन। ऋतुमती कन्याका विवाहमा योग्य र अयोग्यको खासै दोष लाग्दैन।

अतोऽहमेनां सदृशाय प्रयच्छामि, नान्यस्मै। उक्तञ्च–

त्यसो हुँदा म यसको विवाह योग्य एवं सुहाउँदो वरसँगै गरिदिनेछु। अरू जस्तो पायो उस्तै केटासँग गर्नेछैनँ। भनिएको पनि छ कि–

ययोरेव समं वित्तं यायोरेव समं कुलम्।
तयोर्विवाहः सख्यञ्च न तु पुष्टविपुष्टयोः॥ २०८॥ तथा च–

जुन व्यक्तिहरूका बिचमा कुल र धनको समानता रहेको हुन्छ तिनीहरूमै विवाह, मैत्री वा शत्रुता आदि आपसी सम्बन्ध हुनुपर्दछ, आफूभन्दा ठूलो वा कमजोरसँग हुँदैन। अरू पनि–

कुलञ्च शीलञ्च सनाथता च विद्या च वित्तञ्च वपुर्वयश्च।
एतान् गुणान् सप्त विचिन्त्य देया कन्या बुधैः शेषमचिन्तनीयम्॥ २०९॥

छोरी दिनुपर्दाखेरि कुल, शील, आमाबाबु, विद्या, धन, शरीर र उमेर केवल यी सातवटा कुरालाई मात्रै विचार गर्नुपर्दछ, अरू किसिमका कुराहरू ज्यादा केलाइरहनुहुँदैन।

तद्यद्यस्या रोचते तदा भगवन्तमादित्यमाहूय तस्मै प्रयच्छामि।"

यदि यसले मान्ने हो भनेदेखि भगवान् सूर्यलाई बोलाएर उनैसँग यसको विवाह गराइदिऊँ" भने।

सा प्राह– "इह को दोषः ? क्रियतामेतत्।"

पतिको कुरो सुनेपछि पत्नीले– "यसमा दोष नै के छ र ? त्यसै गरौँ" भनिन्।

अथ मुनिना रविराहुतः। वेदमन्त्रामन्त्रणप्रभावात्तत्क्षणदेवाऽयुपम्यादित्यः प्रोवाच– "भगवन्! किमहमाहूतः ?"

पत्नीको सहमति पाएपछि ऋषिले सूर्यको आह्वान गरेर वेदमन्त्रहरूले आमन्त्रण गरे। त्यस मन्त्रका प्रभावले भगवान् सूर्य पनि तत्काल त्यहाँ आइपुगेर– "हे महर्षि! मलाई तिमीले यहाँ किन बोलाएका ?" भनी सोधे।

सोऽब्रवीत्– "एषा मदीया कन्यका तिष्ठति। यद्येषा त्वां वृणोति तर्ह्युद्वहस्व" इति।

मुनिले– "मेरी यो एउटी छोरी छ। यसले तपाईंसँग बिहा गर्न मानिछ भनेदेखि बिहा गरेर लगिदिनुहोस् भन्नका लागि बोलाएको हुँ" भने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवमुक्त्वा स्वदुहितरमुवाच– "पुत्रि ! किं तव रोचते एष भगवांस्त्रैलोक्यदीपो भानुः वा ?"

अनि त्यसपछि मुनिले कन्यालाई बोलाएर– "नानी ! भगवान् भुवनभास्कर सूर्य-नारायणलाई तिमी मन पराउँछ्यौ कि ?" भनेर सोधे।

पुत्रिकाऽब्रवीत्– "तात ! अतिदहनात्मकोऽयं नाऽहमेनमभिलषामि। तदस्मादन्यः प्रकृष्टतरः कश्चिदाहूयताम्।"

छोरीचाहिँले– "पिता ! यिनी त ज्यादै तातो छन्। म यिनीसँग बिहा गर्न चाहन्नँ। त्यसो हुँदा यिनीभन्दा अझै असल किसिमका वरको खोजी गरिदिनुहोस्" भनी।

अथ तस्यास्तद्वचनं श्रुत्वा मुनिर्भास्करमुवाच– "भगवन् ! त्वत्तोऽप्यधिकोऽस्ति कश्चित् ?"

छोरीको कुरो सुनिसकेपछि मुनिले भास्करसँग– "हे भगवन् ! तपाईंभन्दा अझै असल अरू कोही छ ?" भनेर सोधे।

भास्करः प्राह– "अस्ति मत्तोऽप्यधिको मेघो येनाच्छादितोऽहमदृश्यो भवामि।"

सूर्यनारायणले– "भगवन् ! छन् नि, बादल मभन्दा ज्यादा शक्तिशाली छन्। त्यसो भएकैले त उनले मलाई पनि छोपिदिन्छन् र म अरूका अगाडि बिलाएको जस्तो देखिन्छु" भने।

अथ मुनिना मेघमप्याहूय कन्याभिहिता– "पुत्रिके ! किमस्मै त्वां प्रयच्छामि ?"

त्यसपछि मुनिले तुरुन्तै बादललाई बोलाएर आफ्नी कन्यासँग– "नानी ! यिनीसँग तिम्रो बिहा गराइदिऊँ त ?" भनी सोधे।

सा प्राह– "कृष्णवर्णोऽयं जडात्मा च। तदस्मादन्यस्य प्रधानस्य कस्यचिन्मां प्रयच्छ।"

कन्याले– "यिनी त ज्यादै काला र मूर्ख पनि छन्। त्यसैले अझै असल कोही छ भनेदेखि बोलाएर मेरो बिहा गरिदिनू" भनी।

अथ मुनिना मेघोऽपृष्टः– "भो मेघ ! त्वत्तोप्यधिकोऽस्ति कश्चित् ?"

मुनिले मेघलाई– "हे मेघ ! तपाईंभन्दा अझै योग्य पुरुष कोही छ कि ?" भनेर सोधे।

मेघेनोक्तं– "मत्तोऽधिकोऽस्ति वायुः। वायुना हतोऽहं सहस्रधा यामि।"

मेघले उत्तर दिँदै– "भगवन् ! मभन्दा श्रेष्ठ त वायु छन्। वायुको ठक्कर लाग्नासाथ म पनि छिन्नभिन्न भएर हजारौँ टुक्रामा विभाजित हुन्छु" भनिदियो।

तच्छ्रुत्वा मुनिना वायुराहूतः। आह च– "पुत्रिके ! किमेष वायुस्ते विवाहायोत्तमः प्रतिभाति ?"

अनि फेरि मुनिले वायुको आह्वान गरे। वायु उपस्थित भइसकेपछि उनले त्यस कन्यासँग– "हेर छोरी ! यी पवन देवता हुन्। यिनलाई तिमीले मन पराउँछ्यौ भने अब यिनीसँगै तिम्रो विवाह गरिदिऊँ है ?" भनेर सोधे।

साऽब्रवीत्– "तात ! अतिचपलोऽयं, तदस्मादप्यधिः कश्चिदानीयताम्।"

कन्याले– "यिनी त ज्यादै चञ्चले स्वभावका छन्। त्यसैले यिनीभन्दा अझै गतिलो वर खोजेर उसैलाई बोलाइदिंनुहोस्" भनी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुनिराह— "वायो ! त्वत्तोऽप्यधिकोऽस्ति कश्चित् ?"

मुनिले वायुसँग— "तपाईंभन्दा कुनै अझ असल केटो छ कि ?" भनेर सोधे।

पवनोक्तोम्— "मत्तोऽप्यधिकोऽस्ति पर्वतः, तेन संस्तभ्य बलवानप्यहं ध्रिये।"

पवनले— "मभन्दा पनि ज्यादै शक्तिसम्पन्न त पर्वत नै छ। म बलियो भए तापनि उनले मलाई छेकिदिन्छन्। म त उनलाई हल्लाउन पनि सक्दिनँ" भने।

अथ मुनिः पर्वतमाहूय कन्यामुवाच— "पुत्रिके ! किं त्वामस्मै प्रयच्छामि ?"

मुनिले फेरि पर्वतलाई बोलाएर कन्यासँग— "हेर छोरी, के यिनीसँगै तिम्रो बिहा गरिदिऊँ त ?" भनेर सोधे।

सा प्राह— "तात ! कठिनात्मको कठिनात्मको कठिनात्मकोऽयं स्तब्धश्च। तदन्यस्मै देहि माम्।"

केटीले— "पिताजी ! यिनी त ज्यादै कठोरभन्दा पनि कठोर र नचटपटाउने किसिमका छन्। त्यसैले अरू कसैसँग मेरो बिहा गरिदिनुभएमा राम्रो हुने थियो" भनी।

मुनिना पर्वतः पृष्टः— "भो पर्वतराज ! त्वत्तोऽप्यधिकोऽस्ति कश्चित् ?"

कन्याको आग्रहलाई सुनिसकेपछि मुनिले— "पर्वतराज ! तपाईंभन्दा पनि उत्तम किसिमको कुनै वरलाई तपाईंले कतै देख्नुभएको छ ?" भनेर सोधे।

गिरिणोक्तं— "मत्तोप्यधिकाः सन्ति मूषका ये मच्छरीरं बलाद्विदारयन्ति।"

पर्वतले— "मभन्दा असल त मुसाहरू हुन्छन्। उनीहरूले सजिलैसँग मेरा शरीरलाई छेडेर प्वालैप्वाल पारिदिन्छन्" भने।

ततो मुनिर्मूषकमाहूय तस्या अदर्शयत्। आह च— "पुत्रिके ! त्वामस्मै प्रयच्छामि ? किमेष प्रतिभाति ते मूषकराजः ?"

पर्वतको कुरो सुनिसकेपछि मुनिले मुसाहरूका राजालाई बोलाएर आफ्नी छोरीलाई त्यो मुसो देखाउँदै— "छोरी के तिमीलाई यी मूषकराजसँग बिहा गर्नु उचितजस्तो लाग्दछ ? म यिनैसँग तिम्रो विवाह गराइदिऊँ त ?" भनी सोधे।

सापि दृष्ट्वा "स्वजातीय एष इति मन्यमाना पुलकोद्धुषितशरीरोवाच— तात मां मूषिकां कृत्वाऽस्मै प्रयच्छ, येन स्वजातिविहितं गृहिणीधर्ममनुतिष्ठामि।"

त्यस केटीले त्यो मुसालाई देखिसकेपछि आफ्ना मनभित्रै— "यो त मेरो आफ्नै जातको हो" भन्ने सोची। त्यसलाई देख्नेबित्तिकै ऊ मनैमन ज्यादै मख्ख पनि परेकी थिई। अनि त उसले आफ्ना पितासँग आएर— "पिता ! मलाई पहिलेको जस्तै पोथी मुसो बनाएर यसैसँग मेरो बिहा गरिदिनुहोस्, त्यसो भएपछि म पनि आफ्नै जातिको गृहिणीधर्म निर्वाह गर्न पाउनेछु" भनी।

ततः सोऽपि स्वतपोबलेन तां मूषिकां कृत्वा तस्मै प्रादात्। अतोऽहं ब्रवीमि— "सूर्यं भर्तारमुत्सृज्य" इति।

कन्याको मनसाय बुझेर मुनिले आफ्ना तपस्याका बलले त्यस केटीलाई पोथी मुसो नै बनाइदिए र त्यसै मुसासँग उसको बिहा पनि गराइदिए" भन्ने किसिमको कथा रक्ताक्षले सुनाइसकेपछि फेरि उसले— "त्यसैले त म भन्दछु कि मुसीले त सूर्य, मेघ, वायु र पर्वतलाई छोडेर आफ्नै स्वजातिको मुसालाई नै आफ्नो लोग्ने रोजेकी थिई" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ रक्ताक्षवचनमनादृत्य तैः स्ववंशविनाशाय स स्वदुर्गमुपनीतः। नीयमानश्चान्त-र्लीनमवहस्य स्थिरजीवी व्यचिन्तयत्—

रक्ताक्षको यस्तो भनाइलाई नटेरीकनै ती उल्लुहरूले आत्मविनाशका लागि न स्थिरजीवीलाई आफ्ना किल्लाभित्र पुऱ्याए। उल्लुहरूका किल्लाभित्र पुऱ्याइएका स्थिरजीवीले मनमनै हाँस्तै—

"हन्यतामिति येनोक्तं स्वामिनो हितवादिना।
स एवकोऽत्र सर्वेषां नीतिशास्त्रार्थतत्त्ववित्॥ २१०॥

"राजाको शुभचिन्तक जुन मन्त्रीले मलाई मारिदिनुपर्छ भन्ने सल्लाह दिएको थियो, यिनीहरूमध्ये त्यही एउटामात्रै नीतिको ज्ञान भएको रहेछ।

तद्यदि यस्य वचनमकरिष्यन्नेते ततो न स्वल्पोऽप्यनर्थोभविष्यदेतेषाम्।"

यदि यी उल्लुहरूले उसको कुरो मानेर मलाई मारिदिंदा हुन् त यिनीहरूमाथि अलिकति पनि आपद् आइलाग्ने नै थिएन" भन्ने सोच्यो।

अथ दुर्गद्वारं प्राप्यारिमर्दनोऽब्रवीत्— "भो भो! हितैषिणोऽस्य स्थिरजीविनो यथा समीहितं स्थानं प्रयच्छत।"

दुर्गका द्वारमा पुगिसकेपछि अरिमर्दनले सेवकहरूसँग— "सेवकहरू हो, स्थिरजीवी मेरा हितैषी मित्र हुन्। यिनको इच्छाअनुसारको ठाउँ यिनका लागि देऊ" भनेर आदेश दियो।

तच्च श्रुत्वा स्थिरजीवी व्यचिन्तयत्— "मया तावदेषां वधोपायश्चिन्तनीयः। स मया मध्यस्थेन न साध्यते, यतो मदीयमिङ्गितादिकं विचारयन्तस्तेऽपि सावधाना भविष्यन्ति। तद्दुर्गद्वारमधिश्रितोऽभिप्रतं साधयामि।" इनि निश्चित्य उलूकपतिमाह— "देव! युक्तमिदं यत्स्वामिना प्रोक्तं परमहमपि नीतिज्ञस्तेऽहितश्च। यद्यप्यनुरक्तः शुचिस्तथापि दुर्ग मध्ये आवासो नार्हः। तदहमत्रैव दुर्गद्वारस्थः प्रत्यहं भवत्पादपद्मरजः पवित्रीकृततनुः सेवां करिष्यामि।"

अरिमर्दनको आदेश सुनेपछि स्थिरजीवीले— "उल्लुहरूका दुर्गसम्म त म आइपुगेकै छु, अब मैले यिनीहरूको विनाश गर्ने उपाय सोच्नुपर्दछ तर त्यस्तो काम मैले किल्लाभित्र बसेर गर्न सक्तिनँ। किनभने मेरा क्रियाकलापहरूलाई देखेपछि यिनीहरू सावधान भइहाल्दछन्। त्यसैले दुर्गको द्वारमा नै रहेर मात्रै मैले आफ्नो उद्देश्य पूरा गर्नुपर्दछ" भन्ने ठान्यो। अनि उसले उल्लुहरूका राजासँग— "हे महाराज! तपाईंले आदेश दिनुभएको छ, त्यो त ज्यादै ठिक छ। तर म पनि त नीतिको ज्ञान भएकै छु र यस बेला तपाईंको हितैषी र विश्वस्त भक्त नै भए पनि तपाईंहरूका शत्रुपक्षको हुनाले तपाईंहरूका किल्लाभित्र जानुहुँदैन। त्यसैले म किल्लाका ढोकामा नै रहेर तपाईंको चरणरजले आफ्नो शरीरलाई पवित्र गराउँदै तपाईंहरूको सेवा गरिरहनेछु" भन्यो।

"तथा" इति प्रतिपन्ने प्रतिदिनमुलूकपतिसेवकास्ते प्रकाममाहारं कृत्वोलूकराजा-देशात्प्रकृष्टमांसाहारं स्थिरजीविने प्रयच्छन्ति।

राजाले स्वीकृति दिएर मानेपछि त्यो स्थिरजीवी दुर्गका ढोकामा नै बस्न लाग्यो। उलूकराजका इच्छाअनुसारको आहारविहार भइसकेपछि राजाका आज्ञाले उत्कृष्ट किसिमको पर्याप्त मांसाहार ल्याएर स्थिरजीवीलाई दिने गर्दथे।

अथ कतिपयैरहोभिर्मयूर इव स बलवान् संवृत्तः। अथ रक्ताक्षः स्थिरजीविनं पोष्यमाणं दृष्ट्वा सविस्मयो मन्त्रिजनं राजानश्च प्रत्याह— "अहो, मूर्खोऽयं मन्त्रिजनो भवांश्चेत्येवमह-मवगच्छामि। उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही दिनमै स्थिरजीवी मयूरजस्तै बलियो र फुर्तिलो भयो। स्थिरजीवी त्यस किसिमले पालिएको र पोसिएको देखेर छक्क पर्दै रक्ताक्षले मन्त्रीहरू र राजालाई समेत सम्बोधन गर्दै– "महाराज ! तपाईंका यी मन्त्रीहरू ज्यादै मूर्ख रहेछन् र तपाईं पनि मूर्ख नै हुनुहुँदो रहेछ। अरूले जस्तो ठाने पनि मैले त यस्तै सोचेको छु। भनिएको पनि छ कि–

पूर्वन्तादहं मूर्खो द्वितीयः पाशवन्धकः।
ततो राजा च मन्त्री च सर्वं वै मूर्खमण्डलम्" ॥ २११ ॥

पहिले त म नै सबैभन्दा मूर्ख हुँ। दोस्रो मूर्ख यो पासबन्धक नै हो। त्यसपछिका मूर्ख यी राजा हुन् र यिनको मन्त्री पनि मूर्ख हो। यस्तो लाग्दछ कि यो मूर्खैंमूर्खहरूको समुदाय नै हो" भन्ने उखान हाल्यो।

मन्त्रिणः प्राह– "कथमेतत् ?" रक्ताक्षः कथयति–

मन्त्रीहरूले– "त्यो के कुरो गरेका ?" भनेर सोधे। अनि रक्ताक्ष भन्न लाग्यो–

स्वर्णपुरीषपक्षिकथा

अस्ति कस्मिँश्चित्पर्वतैकदेशे महान् वृक्षः। तत्र च सिन्धुकनामा कोऽपि पक्षी प्रतिवसति स्म। तस्य पुरीषे सवर्णमुत्पद्यते। तथ कदाचित्तमुद्देशं व्याधः कोऽपि समाययौ। स च पक्षी तदग्रत एव पुरीषमुत्ससर्ज। अथ पातसमकालमेव तत्सुवर्णीभूतं दृष्ट्वा व्याधो विस्मयमगमत्, "अहो, मम शिशुकालादारभ्य शकुनिबन्धव्यसनिनोशीतिवर्षाणि समभूवन्, न च कदाचिदपि पक्षिपुरीषे सुवर्णं दृष्टम्" इति विचिन्त्य तत्र वृक्षे पाशं बबन्ध।

सुन बिस्ट्याउने चरो

पर्वतीय प्रदेशका कुनै एक भागमा एउटा ठूलो रुख थियो। त्यस वृक्षमा सिन्धुक नाम भएको एउटा चरो बस्ने गर्दथ्यो। त्यसका बिस्टीबाट सुन निस्कने गर्दथ्यो। एक दिन एउटा व्याधा सिकार खेल्ने उद्देश्यले त्यसै ठाउँमा आइपुग्यो। अनि त्यस चराले त्यस व्याधाका अगाडि नै बिस्ट्याइदियो। त्यो बिस्टी धर्तीमा खस्नेबित्तिकै सुन बन्न लागेको देखेर व्याधाले आफ्नै मनभित्र, "चराचुरुङ्गी मार्ने काम गर्दै बालककालदेखि अहिलेसम्ममा मेरा जीवनका असी वर्ष बिते। तर कहिल्यै पनि मैले यसरी चराका बिस्टीबाट सुन बनिरहेको देखेको थिइनँ" भन्ने विचार गर्दै उसले त्यसै रुखमा आफ्नो पासो फिँजायो र सायद आफू अलिकति पर गएर लुकेर बसिरह्यो।

अथासावपि पक्षी मूर्खस्तत्रैव विश्वस्तचित्तो यथापूर्वमुपविष्टस्तत्कालमेव पाशेन बद्धः। व्याधस्तु तं पाशादुन्मुच्य पञ्जरके संस्थाप्य निजावासं नीतवान्। अथ चिन्तयामास– "किमनेन सापायेन पक्षिणाहं करिष्यामि ? यदि कदाचित्कोऽप्यमुमीदृशं ज्ञात्वा राज्ञे निवेदयिष्यति तन्नूनं प्राणसंशयो मे भवेदतः स्वयमेव पक्षिणं राज्ञे निवेदयामि" इति विचार्य तथैवानुष्ठितवान्।

मूर्ख भएका कारणले झुक्किएर विश्वास गर्दै पासो फिँजाएका ठाउँमा गएर पहिलेको जस्तै गरी त्यस चराले बस्यो। त्यस ठाउँमा बस्नेबित्तिकै त्यो त जालमा फँसिहाल्यो। व्याधाले जालमा फँसेका त्यस चरालाई जालबाट निकालेर पिंजडामा बन्द गरिदियो र त्यो पिंजडा बोकेर आफ्ना घरतिर हिंड्यो। घरमा आइपुगेपछि– "यो फन्दामा परेका चरालाई लिएर मैले के गर्नु र ? यदि कसैले यस विचित्र चरालाई देख्यो भनेदेखि त्यसले गएर राजालाई अवश्य सुनाइदिनेछ। अनि राजाले यस्तो कुरो सुन्नेबित्तिकै मेरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणमाथि नै सङ्कट आइपर्नेछ। त्यसो हुँदा म आफैँले यसलाई लगेर राजाकहाँ बुझाउँछु" भन्ने सोच्दै व्याधाले त्यस विचित्र पक्षीलाई आफैँ बोकेर लगी राजाका हातमा दियो।

अथ राजापि तं पक्षिणं दृष्ट्वा विकसितनयनवदनकमलः परां तुष्टिमुपागतः, अथ प्राह चैवं— "हंहो रक्षापुरुषाः ! एनं पक्षिणं यत्नेन रक्षत। अशनपानादिकं चास्य यथेच्छं प्रयच्छतः।"

त्यस्तो चरो पाएपछि ज्यादै खुसी भएका राजालाई त्यसबाट मनमा अपार आनन्द पनि भयो। उनले आफ्ना सेवकहरूलाई बोलाउँदै— "रक्षकहरू हो, यस चरालाई ज्यादै जतनसँग भित्र पाल। यसले जस्तो र जति खाने कुरो रुचाउँछ त्यस्तै कुरो खान दिइरहनू" भन्ने आदेश दिए।

अथ मन्त्रिणाभिहितं— "किमनेनाश्रद्धेयव्याधवचनप्रत्ययमात्रपरिगृहीतेनाण्डजेन ? किं कदाचित्पक्षिपुरीषे सुवर्णं सम्भवति ? तन्मुच्यतां पञ्जरबन्धनादयं पक्षी" इति।

राजाको त्यस किसिमको आदेश सुनेर उनका मन्त्रीहरूले— "व्याधाका यस्ता नपत्याउँदा भनाइलाई विश्वास गर्दै यस चरालाई पिँजडामा थुनेर राख्नाले के फाइदा हुन्छ र ? कुनै चराका बिस्टाबाट पनि सुन उब्जिन्छ भन्ने कुरो हुन्छ ? त्यसो हुँदा यस चरालाई पिँजडाबाट मुक्त बनाइदिनुपर्छ" भन्यो।

मन्त्रीवचनाद्राज्ञा मोचितोऽसौ पक्ष्युन्नतद्वारतोरणे समुपविश्य सुवर्णमयीं विष्ठां विधाय, "पूर्वं तावदहं मूर्खः" इति श्लोकं पठित्वा यथासुखमाकाशमार्गेण प्रयात्।

मन्त्रीको कुरो पत्याएर राजाले पनि त्यस चरालाई पिँजडाबाट खोलिदिए। आफू फुक्का भइसकेपछि त्यो चरो गएर मूल ढोकाको तोरणमाथि बसिसकेपछि त्यहाँ सुनैसुनले भरिएको बिस्टा बिस्ट्यायो र— "सबैभन्दा पहिले त म मूर्ख हुँ, त्यसपछि राजा मूर्ख हुन् र अनि उनको मन्त्री पनि मूर्ख हो" जस्ता अनेक कुरा गर्‍यो। यस्तो श्लोक भट्याइसकेपछि त्यो चरो आकाशमा उड्यो र आफूले चाहेका दिशातर्फ लाग्यो।

अतोऽहं ब्रवीमि— "पूर्वं तावदहं मूर्खः" इति।

यस किसिमको कथा सुनाइसकेपछि रक्ताक्षले— "त्यसै कारणले त म भन्दछु कि सबैभन्दा पहिले त म नै मूर्ख हुँ। त्यसपछि यी राजा मूर्ख हुन् र त्यसपछि यी मन्त्रीहरू मूर्ख हुन्। त्यसपछि यो जनसमाज नै मूर्ख हो। अर्थात् यहाँ त सबै मूर्खैमूर्खको जमघट भएको रहेछ" भन्यो।

अथ ते पुनरपि प्रतिकूलदैवता हितमपि रक्ताक्षवचनमनादृत्य भूयस्तं प्रभूतमांसादिविधिनाहारेण पोषयामासुः।

दुर्भाग्यले कुत्कुत्याएको ती सबै हुँदा उल्लुहरूले फेरि पनि रक्ताक्षको भनाइलाई वास्तै गरेनन्। अनि स्थिरजीवीका खानपिनका लागि पहिलेकै जस्तो गरी मांसआदि मिठो र पोसिलो खुवाएर पालनपोषण गरिरहे।

अथ रक्ताक्षः स्ववर्गमाहूय रहः प्रोवाच— "अहो, एतावदेवास्मद्भूपतेः कुशलं दुर्गश्च। तदुपदिष्टं मया यत्कुलक्रमागतः सचिवोऽभिधत्ते। तद्वयमन्यत्पर्वतदुर्गं सम्प्रति समाश्रयामः उक्तञ्च यतः—

त्यसो देखेपछि रक्ताक्षले आफ्ना अनुयायीहरूलाई एकान्तमा बोलाएर— "आजसम्म मात्रै यस राजाका असल दिनहरू थिए, यसको किल्ला पनि सुरक्षित थियो। परम्परादेखि चल्दै आएका एउटा पुस्तैनी मन्त्रीले जति भन्नुपर्ने दायित्व थियो त्यति कुरो मैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिसकें र त्यसका विषयमा राजालाई स्पष्ट पनि पारिसकें। तर पनि उनले मेरो भनाइ पत्याएनन्। त्यसैले अब हामीले कुनै अर्कै पर्वतका गुफालाई आफ्नो किल्ला बनाएर त्यहीं आश्रय लिनुपर्दछ। किनभने भनिएको पनि छ कि–

अनागतं यः कुरुते स शोभते स शोच्यते यो न करोत्यनागतम्।
वनेऽत्र संस्थस्य समागता जरा बिलस्य वाणी न कदापि मे श्रुता" ॥ २१२॥

जुन व्यक्तिले आफ्नो भविष्यलाई राम्ररी विचार गरेर त्यसैअनुसार कामको थालनी गर्दछ समय बित्दै जाँदा पछिपछि उही नै प्रशंसा पाउनयोग्य हुन्छ। जुन व्यक्तिले आफ्ना भविष्यलाई नसोचीकन जुनसुकै काममा हात अघि सार्दछ पछि गएर उसले कष्ट त पाउँछ नै त्यसका साथै उही व्यक्ति दुनियाँमा बदनाम कमाउने पनि हुन्छ। यसै वनमा बस्ताबस्तै मेरो उमेर वृद्ध भइसक्यो, तर आजसम्म मैले कहिल्यै पनि ओडारको बोली सुन्न पाएको थिइनँ" भन्यो।

ते प्रोचुः– "कथमेतत् ?" रक्ताक्षः कथयति–

रक्ताक्षको कुरो सुनेर उसका अनुचरहरूले– "त्यो कस्तो कुरो हो ?" भनेर सोधे। रक्ताक्षले अघिल्लो कथा सुनाउँदै भन्न थाल्यो–

सिंहजम्बुकगुहाकथा

कस्मिँश्चिद्वनोद्देशे खरनखरो नाम सिंहः प्रतिवसति स्म। स कदाचिदितिश्चेतश्च परिभ्रमन् क्षुत्क्षामकण्ठो न किञ्चिदपि सत्त्वमाससाद। ततश्चास्तमनसमये महतीं गिरिगुहामासाद्य प्रविष्टश्चिन्तयामास– "नूनमेतस्यां रात्रो केनापि सत्त्वेनागन्तव्यं तन्निभृतो भूत्वा तिष्ठामि।"

सिंह, स्याल र गुफा

कुनै वनका एउटा क्षेत्रमा खरनखर नाम भएको एउटा सिंह रहने गर्दथ्यो। एक दिन त्यो ज्यादै भोकाएको हुँदा आत्तिँदै दिनभरि जताततै भौँतारिएर प्राणीहरूको खोजीमा लागेर घुमिरहेको थियो तर पनि उसलाई कुनै खाने कुरो फेला परेन। घाम अस्ताइसकेपछि उसले एउटा गुफा देख्यो र त्यसैभित्र पस्यो। गुफाका भित्रतिर गएपछि उसले यस गुफामा राति त कुनै न कुनै जीव बास बस्नका लागि पक्कै आउँछन्। त्यसो हुँदा म यहीं लुकेर बसिरहन्छु भन्ने सोच्यो। यस किसिमको विचार गर्दै ऊ त्यसै गुफामा लुकेर बस्यो पनि।

एतस्मिन्नन्तरे तत्स्वामी दधिपुच्छो नाम शृगालः समायातः। स च यावत्पश्यति तावत्सिंहपदपद्धतिर्गुहायां प्रविष्टा, न च निष्क्रमणं गता। ततश्चाचिन्तयत्– "अहो, विनष्टोऽस्मि। नूनमस्यामन्तर्गतेन सिंहेन भाव्यम्। तत्किं करोमि ? कथं ज्ञास्यामि ?" एवं विचिन्त्य द्वारस्थः फूत्कर्तुमारब्धः– अहो बिल ! अहो बिल !" इत्युक्त्वा तूष्णीभूय भूयोऽपि तथैव प्रत्यभाषत– "भोः किं न स्मरसि, यन्मया त्वया सह समयः कृतोऽस्ति यन्मया बाह्यात्समागतेन त्वं वक्तव्यः, त्वया चाहमाकारणीयः इति। तद्यदि मां नाह्वयसि ततोऽहं द्वितीयं बिलं यास्यामि।"

त्यसपछि त्यसै गुफामा बस्ने गरेको दधिपुच्छ नाम भएको एउटा स्याल आइपुग्यो। गुफाका ढोकामा पुग्नेबित्तिकै उसले सिंहका पाइलाहरू गुफाका भित्रतिर चाहिं गएका तर बाहिर नफर्केका देख्यो। यस्तो देखिसकेपछि अचम्म हुँदै उसले– "अबचाहिं मेरो मानु पुगेछ। यस गुफाभित्र कुनै न कुनै सिंह पक्कै लुकेर बसेको छ। अब मैले के गरौं ? कसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसभित्र पसेको सिंह यहीं बसेको छ कि निस्केर गइसक्यो भनेर बुझौं" भनेर ढोकामा निकै बेर उभियो। अनि उसले ढोकाबाटै कराउँदै– "ऐ गुफा ! ऐ गुफा !" भन्दै करायो। त्यसरी एकछिन कराएपछि ऊ फेरि चुप लागेर बस्यो। उसलाई कुनै प्रत्युत्तर गुफाबाट आएन। अनि फेरि उसले– "ऐ गुफा ! म जहिले बाहिरबाट आउँछु अनि तँलाई बोलाउने गर्दछु अनि तैंले मलाई स्वागत गरेपछि मात्रै म आउँछु भन्ने हाम्रो पहिलेको सर्त तैंले आज बिर्सिइसकिस् ? यदि तँ मलाई बोलाउँदैनस् भनेदेखि म पनि तँलाई छोडेर अर्कै गुफातिर जान्छु" भन्यो।

अथ तच्छ्रुत्वा सिंहश्चिन्तितवान्– "नूनमेषा गुहास्य समागतस्य सदा समाह्वानं करोति, परमद्य मद्भयान्न किञ्चिद् ब्रूते। अथवा साध्विदमुच्यते–

स्यालले त्यसरी बोलाएको सुनेर सिंहले आफ्नै मनमा– "यस गुफाले यो स्याल आउँदाखेरि सधैं अवश्य यस स्याललाई स्वागत गर्दो रहेछ। तर आज मेरा डरले केही बोलिरहेको छैन। अथवा कसैले ठिकै पनि भनेको रहेछ कि–

भयसन्त्रस्त मनसां हस्तपादादिका क्रियाः।
प्रवर्तन्ते न वाणी च वेपथुश्चाधिको भवेत्॥ २१३॥

डराएका व्यक्तिका हातपाउका सबै कामहरू रोकिन्छन्। उसको बोली पनि रोकिन्छ र उसका शरीरमा पनि जोडदार कम्पन छुट्न लाग्दछ।

तदहमस्याह्वानं करोमि, येन तदनुसारेण प्रविष्टोऽयं मे भोज्यतां यास्यति।" एवं सम्प्रधार्य सिंहस्तस्याह्वानमकरोत्।

त्यसो हुँदा आज म नै यसको स्वागत र आह्वान गर्दछु। मैले गरेको स्वागतअनुसार यसले गुफाभित्र प्रवेश गर्नासाथ यो मेरो आहार बन्नेछ" भन्ने सोच्यो। यसरी सोच्दै सिंहले स्यालको स्वागत गर्न लाग्यो।

अथ सिंहशब्देन सा गुहा प्रतिरवसम्पूर्णान्यानपि दूरस्थानरण्यजीवांस्त्रासयामास।

सिंहले आह्वान गर्नका लागि कराउनाले त्यो गुफा नै प्रतिध्वनित भयो। त्यसबाट आएको प्रतिध्वनिले वनको वरिपरि सबैतिर थर्कियो र त्यहाँ नजिकमात्रै होइन टाढाटाढासम्म भएका वनजङ्गल र अरू प्राणीहरू पनि डराए।

शृगालोऽपि पलायमान इमं श्लोकमपठत्–

गुफाबाट थर्किंदै आएको प्रतिध्वनि सुनेर स्याल पनि यस किसिमको श्लोक भट्याउँदै भाग्यो–

अनागतं यः कुरुते स शोभते स शोच्यते यो न करोत्यनागतम्।
वनेऽत्र संस्थस्य समागत जरा बिलस्य वाणी न कदापि मे श्रुता॥ २१४॥

जुन व्यक्तिले पहिलेदेखि नै विचार पुऱ्याएर कामको थालनी गर्दछ ऊ सकुशल रहन सक्दछ। जसले विचारै नगरीकन कामको थालनी गर्दछ उसले पछिबाट पछुताउनुपर्दछ। यसै वनमा बस्ताबस्तै मेरो अवस्था बुढो भइसक्यो तर आजसम्म कुनै गुफाको बोली मैले कहिल्यै सुन्न पाएको थिइनँ।

तदेवं मत्वा युष्माभिर्मया सह गन्तव्यम् इति। एवमभिधाय आत्मानुयायिपरिवारानुगतो दूरदेशान्तरं रक्ताक्षे जगाम।

यस किसिमको कथा सुनाएर आफ्ना अनुचरहरूसँग– "कुनै पनि कामको परिणामका विषयमा पहिलेदेखि नै सोच्नुपर्दछ, यस कुरालाई मानेर तपाईंहरू पनि मसँगै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँबाट निस्केर हिंड्नुपर्दछ" भन्दै रक्ताक्षले आफ्ना अनुचरहरू र पारिवारिक सदस्यहरूलाई साथमा लिएर त्यहाँबाट अन्तै हिंड्यो।

अथ रक्ताक्षे गते स्थिरजीव्यतिहृष्टमना व्यचिन्तयत्– "अहो कल्याणमस्माकमुस्थितं यद्रक्ताक्षो गतः। यतः स दीर्घदर्शी। एते च मूढमनसः। ततो मम सुखघात्याः सञ्जाता एते। उक्तञ्च यतः–

रक्ताक्ष गइसकेपछि स्थिरजीवीले खुसी हुँदै मनमनमा– "यो रक्ताक्ष यस ठाउँबाट गएकाले मेरा लागि त ज्यादै भलो काम भयो। किनभने त्यो ज्यादै दूरदर्शी थियो। अरू सबै यी मूर्ख छन्। अब यिनीहरूलाई त म सजिलैसँग मारिदिन सक्नेछु। ठिकै भनिएको छ कि–

न दीर्घदर्शिनो यस्य मन्त्रिणः स्युर्महीपतेः।
क्रमायाता ध्रुवं तस्य न चिरात्स्यात्परिक्षयः॥ २१५॥ अथवा साध्विदमुच्यते–

भनिएको पनि छ कि जुन राजासँग दूरदर्शी र कुलपरम्पराबाट आएका पुर्ख्यौली मन्त्री हुँदैनन् तिनीहरूको विनाश चाँडै नै हुने गर्दछ। अथवा, यो पनि ठिकै भनिएको छ कि–

मन्त्रिरूपा हि रिपवः सम्भाव्यन्ते विचक्षणैः।
ये हितं वाक्यमुत्सृज्य विपरीतोपसेविनः॥ २१६॥

जसले राजालाई उचित र हितकारी परामर्श दिनुपर्ने ठाउँमा अनुचित र हानीकारक किसिमको परामर्श दिने गर्दछन् तिनीहरूलाई मन्त्रीका रूपमा रहेका शत्रुहरू नै ठान्नुपर्दछ।

एवं विचिन्त्य स्वकुलाये एकैकां वनकाष्ठिकां गुहादीपनार्थं दिने दिने प्रक्षिपति। न च ते मूर्खा उलूका विजानन्ति, यदेष स्वकुलायमस्मद्दाहाय वृद्धिं नयति। अथवा साध्विदमुच्यते–

यस किसिमका कुराहरू सोच्दै त्यस गुफामा आगो लगाउनका लागि स्थिरजीवीले दिनदिनै एकएकवटा जङ्गली काठ बटुलेर ल्याउन लाग्यो। ती मूर्ख उल्लुहरू स्थिरजीवीले दिनदिनै यसरी काठदाउरा ओसारेर आफ्नो गुँडलाई यस्तो ठूलो पार्दै किन लगिरहेको छ भन्ने कुरोसम्म पनि बुझ्न सक्दैनथे। अथवा, भनिएको पनि छ कि–

अमित्रं कुरुते मित्रं मित्रं द्वेष्टि हिनस्ति च।
शुभं वेत्त्यशुभं पापं भद्रं दैवहतो नरः॥ २१७॥

भाग्य अर्कातिर बटारिएर दुर्भाग्य आफूतिर फर्किएका अवस्थामा व्यक्तिले शत्रुलाई नै आफ्नो आफन्त र मित्र ठान्न लाग्दछ र मित्रलाई शत्रु ठानेर त्यसको तिरस्कार गर्नतिर लाग्दछ। अनि उसले त्यस्ता अफन्तलाई मार्न कोसिस गर्दछ। त्यस बेला उसले शुभलाई अशुभ र अशुभलाई शुभ ठानेको हुन्छ अनि कल्याणकारी पुण्यलाई पनि पाप ठान्दछ।

अथ कुलायव्याजेन दुर्गद्वारं कृते काष्ठनिचये सञ्जाते सूर्योदयेऽन्धतां प्राप्तेलूकेषु सत्सु स्थिरजीवी शीघ्रं गत्वा मेघवर्णमाह– "स्वामिन्! दाहसाध्या कृता रिपुगुहा। तत्सपरिवारः समेत्यैकैकां वनकाष्ठिकां ज्वलन्तीं गृहीत्वा गुहाद्वारेऽस्मत्कुलाये प्रक्षिप, येन सर्वे शत्रवः कुम्भीपाकनरकप्रायेण दुःखेन म्रियन्ते।"

गुँड बनाउने निहुँले गुफाका मुखमा प्रशस्त काठदाउराको डङ्गुर बनाइसकेपछि एक दिन घाम झुल्किइसकेपछि जब सबै उल्लुहरू अन्धा भएर देख्न छोडे अनि चाँडोचाँडो गरी मेघवर्णसँग गएर स्थिरजीवीले– "महाराज! शत्रुका त्यस गुफालाई मैले जलाउनेयोग्य बनाएको छु। त्यसैले तपाईं अब आफ्ना अनुचरहरूलाई साथमा लिएर तुरुन्तै त्यहाँ गई एउटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा दाउरा मेरा गुँडमा हाल्न लगाइदिनुहोस्। त्यसो गरेपछि तपाईंका सबै शत्रुहरू नै कुम्भीपाक नरकमा पाउनेजस्तै दुःख पाउँदै छटपटाउँदै डढेर मर्नेछन्" भन्यो।

तच्छ्रुत्वा प्रहृष्टो मेघवर्ण आह— "तात ! कथयात्मवृत्तान्तम्। चिरादद्य दृष्टोऽसि।"

स्थिरजीवीको कुरो सुनेर मेघवर्णले प्रसन्न हुँदै— "बाजे ! पहिले तपाईं आफ्नो कुशल समाचार त सुनाउनुहोस्। धेरै दिनपछि आज भेट हुनुभएको छ। अहिलेसम्म कहाँ बसेर के गर्दै हुनुहुन्थ्यो ?" भनी सोध्यो।

स आह— "वत्स ! नायं कथनस्य कालः। यतः कदाचित्तस्य रिपोः कश्चित्प्रणिधिर्ममेहागमनं निवेदयिष्यति, तज्ज्ञानादन्धोऽन्यत्रापसरणं करिष्यति। तत्त्वर्यताम्, त्वर्यताम्। उक्तञ्च—

स्थिरजीवीले— "महाराज ! अहिले के, कसो भनेर आपसी गन्थन गर्ने बेला भइ..केको छैन। किनभने यदि शत्रुको कुनै गुप्तचरले म यहाँ आएको कुरो थाहा पाएर त्यस उलूकराजलाई सुनाइदियो भनेदेखि त्यो ज्ञानबुद्धिले समेत अन्धो तुरुन्तै त्यहाँबाट भाग्नेछ। त्यसैले तपाईं ढिलो नगरीकन हिँड्नुहोस्। छिटो त्यहाँ जाऊँ। भनिएको पनि छ कि—

शीघ्रकृत्येषु कार्येषु विलम्बयति यो नरः।
तत्कृत्यं देवतास्तस्य कोपाद्विघ्नन्त्यसंशयम्॥ २१८॥

चाँडे गर्नुपर्ने काममा कुनै व्यक्तिले अनावश्यक ढिलाइ गर्न थाल्यो भनेदेखि उसले त्यो काम पूरा गर्न सक्दैन। किनभने त्यसरी ढिलो गरेको देखेपछि देवताहरू पनि त्यस व्यक्तिसँग रिसाउँछन् र त्यसका काममा उनीहरूले अनेकौं किसिमका बिघ्नहरू पारिदिन्छन्। अरू पनि—

यस्य यस्य हि कार्यस्य फलितस्य विशेषतः।
क्षिप्रमक्रियमाणस्य कालः पिबति तद्रसम्॥ २१९॥

विशेषतः जसको फल पाउने काल ज्यादै नजिकै आइसकेको हुन्छ, त्यस्ता काममा कसैले ढिलाइ गरिदियो भने समयले त्यस कामको रसजति खाइदिन्छ र त्यसलाई रसबिनाको रुखो बनाइदिन्छ।

तद्गुहाया आयातस्य ते हतशत्रोः सर्वं सविस्तरं निव्याकुलतया कथयिष्यामि।"

त्यसैले शत्रुका गुफालाई ढडेलो लगाएर जब तपाईं फर्किएर आउनुहुन्छ त्यस बेला पूरै शत्रुरहित र निष्कण्टक हुनुहोला। त्यसपछि ढुक्कसँग बसेर सबै कुराहरू बिस्तारैसँग सुनाउनेछु" भन्यो।

अथासौ तद्वचनमाकर्ण्य सपरिजन एकैकां ज्वलन्तीं वनकाष्ठिकां चञ्च्वग्रेण गृहीत्वा तद्गुहाद्वारं प्राप्य स्थिरजीविकुलाये प्राक्षिपत्। ततः सर्वे ते दिवान्धा रक्ताक्षवाक्यानि स्मरन्तो द्वारस्यावृतत्वादनिःसरन्तो गुहामध्ये कुम्भीपाकन्यायमापन्नत मृताश्च।

स्थिरजीवीको कुरो सुनिसकेपछि आफ्ना परिजनहरूलाई साथै लिएर मेघवर्ण तुरुन्तै त्यहाँ पुग्यो। त्यहाँ पुगिसकेपछि तिनीहरू सबै कागहरूले आआफ्ना चुच्चामा एक एकवटा बल्दै गरेका राँकाहरू च्यापेर गुफाका मुखमा भएका स्थिरजीवीका गुँडमा हाल्न लागे। दिउँसो अन्धो भएका उल्लुहरू कुम्भीपाक नरकमा परेझैं गरी रक्ताक्षका भनाइहरूलाई सम्झँदै गुफाभित्रै हाँडीमा हालेर भुटेझैं गरी डढेर भस्म भए। गुफाको मुख बन्द भएका कारण कुनै एउटा काग पनि बाहिर निस्केर भाग्न पाएनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं शत्रून्निःशेषतां नीत्वा भूयोऽपि मेघवर्णस्तदेव न्यग्रोधपादपदुर्गं जगाम। ततः सिंहासनस्थो भूत्वा सभामध्ये प्रमुदितमनाः स्थिरजीविनमपृच्छत्— "तात ! कथं त्वया शत्रुमध्ये गतेनैतावत्पर्यन्तं कालो नीतः ? तदत्र कौतुकमस्माकं वर्तते तत्कथ्यताम्। यतः—

यस किसिमले आफ्ना सारा शत्रुहरू सखाप पारिसकेपछि मेघवर्ण फेरि उसै वरको रुखमाथि गयो। त्यहाँ सिंहासनमा बसिसकेपछि ज्यादै प्रसन्न भएर सभाका बिचमा बसेका स्थिरजीवीलाई— "बाजे ! तपाईंले यत्रो दिनसम्म शत्रुहरूका बिचमा बसेर आफ्नो समय कसरी बिताउनुभयो ? यस्तो कुरो जान्नका लागि हामीहरूका मनमा ज्यादै उत्सुकता बढिरहेको छ। कृपया तपाईं आफ्नो वृतान्त सुनाएर हामीहरूको उत्सुकता मेटाइदिनुहोस्। किनभने भनिएको पनि छ कि—

वरमग्नौ प्रदीप्ते तु प्रपातः पुण्यकर्मणाम्।
न चारिजनसंसर्गो मुहूर्तमपि सेवितः" ॥ २२० ॥

पुण्यात्माहरूका लागि बलिरहेको आगामा पसेर प्राणत्याग गर्न बरु सजिलो हुन्छ तर शत्रुहरूका बिचमा उनीहरूकै सम्पर्कमा रहेर त एक छिन बिताउन पनि निकै गाहारो हुन्छ" भनी सोध्न लाग्यो।

तदाकर्ण्य स्थिरजीव्याह— "भद्र ! आगामिफलवाञ्छया कष्टमपि सेवको न जानाति। उक्तञ्च यतः—

मेघवर्णका प्रश्नहरू सुनेर स्थिरजीवीले— "महाशय ! सेवकजनहरू भविष्यमा पाइने फलका आशामा आफूमाथि परेका कष्टहरू भुल्दछन्। उनीहरू त्यस्ता कुरालाई उति ठूलो ठान्दैनन्। त्यसैले भनिएको पनि छ कि—

उपनतभयैर्यो यो मार्गो हितार्थकरो भवेत्
स स निपुणतया बुद्ध्या सेव्यो महान्कृपणोऽपिवा।
करिकरनिभौ ज्याघातङ्कौ महास्त्रविशारदौ
वलयरणितौ स्त्रीवद्वाहू कृतौ न किरीटिना ? ॥ २२१ ॥

आपद् आइलाग्दा मानिसलाई जुनजुन उपायहरू हितकारी छन् जस्तो लाग्दछ, ती सबैलाई अपनाउँदै जानुपर्दछ। ती उपायहरू उत्कृष्ट भए पनि वा निकृष्ट नै भए पनि छोड्नु पटक्कै हुँदैन। यदि निकृष्ट उपायले नै पनि आफ्नो हित हुनेछ भनेदेखि त्यसलाई पनि अवश्य अवलम्बन गर्नै पर्छ। विपत्ति काल आइलागेको हुँदा अर्जुनले पनि सधैँ गाण्डीवको प्रत्यञ्चा तानेर घाउ लागेका, दिव्य अस्त्रहरू चलाउन सिपालु र हात्तीका सुँडजस्ता आफ्ना विशाल हातमा समेत छन्छन गरी बज्ने खालका आइमाईका चुराहरू किन लगाएका थिए त ?

शक्तेनापि सदा जनेन विदुषा कालान्तरापेक्षिणा
वस्तव्यं खलु वक्रवाक्यविषमे क्षुद्रेऽपि पाते जने।
दर्वीव्यग्रकरेण धूम्रमलिनेन्यासमुक्तेन च
भीमेनातिबलेन मत्स्यभवने किं नोषितं सूदवत् ॥ २२२ ॥

त्यसैले आपद् कालमा चलाख व्यक्तिले आफू शक्तिसम्पन्न हुँदाहुँदै पनि उपयुक्त समयलाई पर्खन सिक्नुपर्दछ र यदि आवश्यक पर्दछ भने दुर्छे मुख भएका, क्षुद्र बानीबेहोरा भएका र दुष्ट व्यक्तिहरूका बिचमा पनि कुनै किसिमको सङ्कोच नमानीकन मिलिजुली बसेर, उनीहरूसँगै समय बिताउँदै गर्नुपर्छ। यस्तै आपद्को अवस्था आइपर्दा व्यस्त र परिश्रमी जीवन छानेर थाक्ने गरेका महाबली भीमले पनि मत्स्यराज विराट्का घरमा धुवाँले ध्वाँसे बनेर डाडु र पनिउँ चलाएर बिताएका थिएनन् र ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यद्वा तद्वा विषमपतितः साधु वा गर्हितं वा
कालापेक्षी पिहितनयनो बुद्धिमान् कर्म कुर्यात्।
किं गाण्डीवस्फुरदुरुगुणास्फालनक्रूरपाणि-
र्नासील्लीलानटनविलसन्मेखली सव्यसाची ?॥ २२३॥

आपद्का अवस्थामा पर्दाखेरि बुद्धिमान् मानिसले समयलाई पर्खन जान्नपर्छ भनेर सबै कुरो जानीजानीकन पनि आफ्ना आँखालाई बन्द गर्नुपर्छ र उत्कृष्ट वा साधारण जस्तो काम भए पनि त्यसलाई जुनसुकै रूपमा मौन रहेर पनि गर्दै जानुपर्दछ। गाण्डीवको प्रत्यञ्चालाई तानेका कारण कठोर भएका हातहरू भएका अर्जुनले नाच्ने बेलामा आफ्नो कम्मरलाई सुन्दर देखाउनका लागि काञ्ची नामको कमरपेटी धारण गरेर नर्तकीका रूपमा नृत्य पनि गरेका थिएनन् र ?

सिद्धिं प्रार्थयता जनेन विदुषा तेजो निगृह्य स्वकं
सत्त्वोत्साहवतापि दैवविधिषु स्थैर्यं प्रकार्यं क्रमात्।
देवेन्द्रद्रविणेश्वरान्तकसमैरप्यन्वितो भ्रातृभिः
किं क्लिष्टः सुचिरं त्रिदण्डमवहच्छ्रीमान्न धर्मात्मजः ?॥ २२४॥

धैर्य र उत्साहले युक्त हुँदाहुँदै पनि सिद्धिको आशा गर्ने व्यक्तिले आफ्नो तेज, प्रताप र बललाई रोकेर भाग्यद्वारा स्वतः सिद्ध हुने किसिमका कामहरूमा धैर्यपूर्वक स्थिरभावले बसेर समयको प्रतीक्षा गर्नुपर्दछ। इन्द्र, कुबेर तथा यमराजजस्ता पराक्रमी भाइहरू हुँदाहुँदै पनि महाराज युधिष्ठिरले विराट्का राज्यमा त्रिदण्ड धारण गरेर जुवाडे बनेर बस्नुपरेको थियो र अनेकौँ कष्ट खप्नु पनि परेको थियो।

रूपाभिजनसम्पन्नौ कुन्तीपुत्रौ बलान्वितौ।
गोकर्मरक्षाव्यापारे विराटप्रष्यतां गतौ॥ २२५॥

रूप र बलले सम्पन्न हुँदाहुँदै पनि नकुल र सहदेवले राजा विराट्का घरमा नोकरका रूपमा बसेर गाई चराउने गोठालाको काम गर्नुपरेको थियो।

रूपेणाप्रतिमेन यौवनगुणैः श्रेष्ठे कुले जन्मना।
कान्त्या श्रीरिव यात्र सापि विदशां कालक्रमादागता
सैरन्ध्रीति सगर्वितं युवतिभिः साक्षेपमाज्ञप्तया
द्रौपद्या ननु मत्स्यराजभवने धृष्टं चिरं चन्दनम्॥ २२६॥

अनुपम सुन्दरी, युवतीहरूमा सबैभन्दा श्रेष्ठ, उत्तम कुलमा जन्मिएकी र साक्षात् लक्ष्मीको जस्तै कान्ति भएकी द्रौपदी पनि नराम्रा समयले दुर्दशामा परेकी थिइन्। त्यस समयमा मत्स्यराज विराट्का अन्तःपुरका युवतीहरूद्वारा अभिमानपूर्व आक्षेप लगाउँदै "सैरन्ध्री" अर्थात् दासी भनेर बोलाउँदा पनि उनी त्यो अपमान सहन गर्दै चन्दन घोट्नेजस्तो दुःखको काम गर्दथिन्।

मेघवर्ण आह– "तात ! असिधाराव्रतमिदं मन्ये यदरिणा सह संवासः।"

स्थिरजीवीको यस किसिमको कुरो सुनेर मेघवर्णले– "बाजे ! शत्रुहरूसँग बस्दाका समयलाई म त तरबारका धारमा हिंडेको जस्तै मान्दछु" भन्यो।

सोऽब्रवीत्– "देव ! एवमेतत्। परं न तादृङ्मूर्खसमागमः क्वापि मया दृष्टः। न च महाप्रज्ञमनेकशास्त्रेष्वप्रतिमबुद्धिं रक्ताक्षं विना धीमान्। यत्कारणं तेन मदीयं यथास्थितं चित्तं ज्ञातम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थिरजीवीले– "महाराज ! तपाईंको भनाइ यथार्थ हो। तर त्यस्ता मूर्खहरू एकै ठाउँमा भेला भएको समाजचाहिँ मैले आजसम्म कतै पनि देखेको थिइनँ र रक्ताक्षजस्तो धेरै किसिमका शास्त्रको ज्ञान भएको, प्रतिभाशाली, अनुपम तार्किक र बुद्धिमान् प्राणी पनि मैले आजसम्म कतै देखेको थिइनँ। किनभने मेरा मनमा भएको प्रतिशोधात्मक भावनालाई उसले उसै बेला बुझिसकेको थियो।

ये पुनरन्ये मन्त्रिणस्ते महामूर्खा मन्त्रिमात्रव्यपदेशोपजीविनोऽतत्त्वकुशलायैरिदमपि न ज्ञातम्। यत्–

उलूकराजका सभामा बसेका अरू जति पनि सचिवहरू थिए ती सबै महामूर्ख थिए। तिनीहरू त केवल नामका मात्रै मन्त्री थिए। तिनीहरू यति मूर्ख थिए कि उनीहरूले यति कुरो पनि बुझेका थिएनन् कि–

अरितोऽभ्यागमे भृत्यो दुष्टस्तत्सङ्गतत्परः।
अपसर्पसधर्मत्वात्नियोद्वेगी च दूषितः ॥ २२७ ॥

शत्रुका घरबाट आएको भृत्य वा दूत शत्रुसँगै बसेको हुँदा त्यो दुष्ट नै हुन्छ र उसले आफ्नै पक्षको हित गर्न खोज्दछ। गुप्तचर भएका कारणले त्यो अविश्वासी र डर लाग्दो स्थिति निम्त्याउने पनि हुन्छ।

आसने शयने याने पानभोजनवस्तुषु।
दृष्ट्वान्तरं प्रमत्तेषु प्रहरन्त्यरयोऽरिषु। २२८ ॥

शत्रुहरूले बसेको, सुतेको, हिँडेको र खाएपिएको समयमा शत्रु असावधान भएको पाएर त्यस्तै बेलामा उनीहरूमाथि आक्रमण गर्दछन्।

तस्मात्सर्वं प्रयत्नेन त्रिवर्गनिलयं बुधः।
आत्मानमादृतो रक्षेत्प्रमादादि विनश्यति ॥ २२९ ॥
साधुचेदमुच्यते–

धर्म, अर्थ तथा कामलाई प्रदान गर्ने आफ्ना यस शरीरको रक्षा मानिसले अवश्य गर्नुपर्दछ। अल्छ्याइँ गर्नाले यसको नाश हुन्छ। त्यसैले शरीरको रक्षा गर्ने विषयमा कसैले कुनै किसिमको अल्छ्याइँ गर्नुहुँदैन। ठिकै भनिएको पनि छ कि–

सन्तापयन्ति कमपथ्यभुजं न रोगा दुर्मन्त्रिणं कमुपयान्ति न नीतिदोषाः।
कं श्रीर्न दर्पयति कं न निहन्ति मृत्युः कं स्वीकृता न विषयाः परिपीडयन्ति॥ २३० ॥

नचाहिँदो कुरो खाने कसलाई पो रोगले सताउँदैन र ? अनुचित परामर्श दिने मन्त्रीहरू भएका कुन राजालाई नीतिसम्बन्धी दोष लाग्दैन र ? धन धेरै भएपछि त्यसले कसलाई पो घमन्डी बनाउँदैन र ? मृत्युले कसलाई पो विनाश गर्दैन र ? अनि स्त्रीसम्बन्धी विषयका वासनाले कसलाई पो सताउँदैन र ? अर्थात् नचाहिँदो कुरो खाने अवश्य रोगी हुन्छ, दुष्ट मन्त्रीहरू भएको राजालाई नीतिसम्बन्धी समस्या आइलाग्छ, धन कमाएपछि मानिस घमन्डी हुन्छ, मृत्युले जुनसुकै प्राणीको विनाश गर्दछ र स्त्रीसम्बन्धी विषयले जुनसुकै मानिसलाई सताउँछ।

लुब्धस्य नश्यति यशः पिशुनस्य मैत्री नष्टक्रियस्य कुलमर्थपरस्य धर्मः।
विद्या बलं व्यसनिनः कृपणस्य सौख्यं राज्यं प्रमत्तसचिवस्य नराधिपस्य ॥ २३१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लोभी मानिसको कीर्ति नाश हुन्छ र उसले बदनाम कमाउँछ, दुष्ट एवं चुक्ली लगाउने व्यक्तिका मित्रहरू नष्ट हुन्छन् र एक्लिन्छ, आचार र क्रियाबाट हीन हुनाले कुलको नाश हुन्छ र दुःख पाउँछ, धनको कन्जुस्याइँ गर्ने व्यक्तिको धर्म नाश हुन्छ र दुराचार गर्छ, कुलतमा लाग्ने व्यक्तिको विद्या नाश हुन्छ र हेपिन्छ त्यसै गरी दुष्ट मन्त्रीहरूले भरिएका राजाको राज्य पनि विनाश भएर उनले राज्यच्युत हुनुपर्दछ।

तद् राजन्! असिधाराव्रतं मयाचरितमरिसंसर्गादिति यद्भवतोक्तं तन्मया साक्षादेवा-नुभूतम्।

महाराज ! त्यहाँ शत्रुहरूका बिचमा रहेर मैले तरबारको धारमा हिंड्नेजस्तो असिधार व्रत गरेको छु। यो तपाईंको कथन साँच्चै नै यथार्थ छ। मैले शत्रुहरूका बिचमा बसेर यसको अनुभव गरेको छु।

अपमानं पुरस्कृत्य मानं कृत्वा तु पृष्ठतः।
स्वार्थमभ्युद्धरेत्प्राज्ञः स्वार्थभ्रंशो हि मूर्खता॥ २३२॥

आत्मसम्मानलाई पछाडि र अपमानलाई अगाडि बनाएर आफ्नो कार्य सम्पन्न गर्ने गर्नुपर्दछ। आत्मसम्मानलाई बचाउने लोभले अथवा अपमान सहनुपर्ने डरले आफ्नो फाइदालाई हानीमा बदल्ने स्वभाव नै मानिसको सबैभन्दा ठूलो मुर्ख्याइँ मानिन्छ।

स्कन्धेनापि बहेच्छत्रुं कालमासाद्य बुद्धिमान्।
वहता कृष्णसर्पेण मण्डूका विनिपातिताः॥ २३३॥

यदि समयअनुसारको आवश्यकता परेको छ भनेदेखि शत्रुलाई आफ्ना काँधमा बसाएर बोकीबोकी पनि हिंड्नुपर्दछ। मौकामा आफ्ना शत्रुहरूलाई पिठ्युँमा बसाएर बोकिहिंड्ने सर्पले भ्यागुताहरूको विनाश नै गरिदिएको थियो" भन्यो।

मेघवर्ण आह— "कथमेतत् ?" स्थिरजीवी कथयति—

स्थिरजीवीको कुरो सुनेर मेघवर्णले— "त्यस्तो के कुरो हो ?" भनी सोध्यो। स्थिरजीवीले अघिल्लो कथाको थालनी गर्दै भन्न लाग्यो—

मण्डूकमन्दविषसर्पकथा

अस्ति वरुणाद्रिसमीपे एकस्मिन् प्रदेशे परिणतवया मन्दविषो नाम कृष्णसर्पः। स एवं चित्ते सञ्चिन्तितवान्— "कथं नाम मया सुखोपायवृत्त्या वर्तितव्यम्" इति।

भ्यागुता र मन्दविष सर्प

वरुणाद्रि नामका पर्वतका छेउमा रहेको कुनै ठाउँमा मन्दविष नाम गरेको एउटा बुढो सर्प रहने गर्दथ्यो। एक दिन त्यसले आफ्नै मनमा— "बिना कुनै परिश्रमले मलाई खाइगुजारा चल्न सक्ने किसिमको उपाय कसरी गर्ने ?" भनेर सोच्न लाग्यो।

ततो बहुमण्डूकं ह्रदमुपगम्याधृतिपरीतमिवात्मानं दर्शितवान्। अथ तथास्थिते तस्मिनुदकप्रान्तगतेनैकेन मण्डूकेन पृष्टः— "माम ! किमद्य यथापूर्वमाहारार्थं न विहरसि ?"

सुखपूर्वक जीविका गर्ने विषयमा निर्णय गरिसकेपछि त्यो सर्प भ्यागुताहरू मनग्गे भएका एउटा तलाउका किनारमा गएर आफूलाई निकै आत्तिएको जस्तो देखाउँदै यता र उति घुम्न लाग्यो। उसको त्यस्तो चाला देखेर पानीका नजिकै किनारमा बसेका एउटा भ्यागुताले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसँग– "मामा ! हिजोअस्तिको जस्तो आज किन तिमी खाने कुरो जुटाउनतिर लागेका छैनौ र आत्तिएजस्ता देखिँदै छौ नि" भनेर सोध्यो।

सोऽब्रवीत्– "भद्र ! कुतो मे मन्दभाग्यस्याहाराभिलाषः ! यत्कारणम्– अद्य रात्रौ प्रदोषे एव मयाहारार्थं विहरमाणेन दृष्ट एको मण्डूकः। तद्ग्रहणार्थं मया क्रमः सञ्चितः। सोऽपि मां दृष्ट्वा मृत्युभयेन स्वाध्यायप्रसक्तानां ब्राह्मणनामन्तरपक्रान्तो न विभावितो मया क्वापि गतः।

सर्पले त्यसको उत्तरमा– "हेर, सज्जन ! मजस्ता अभागीका लागि अब भोजनको आशा गर्ने ठाउँ नै कहाँ रह्यो र ? किनभने आज रातिको अन्तिम प्रहरमा म आहारको खोजीमा निस्केको थिएँ। त्यसै काममा भौतारिँदै हिँड्दा मैले कुनै हालतमा एउटा भ्यागुतालाई देखें। त्यसलाई समाउने उद्देश्यले मैले प्रयास गर्न मात्र के लागेको थिएँ कि उसले पनि मलाई देखिहाल्यो। मलाई देख्नासाथ मृत्युका डरले ऊ तत्काल त्यहाँबाट भागेर स्वाध्ययनमा लागेका ब्राह्माहरूका बिचमा गएर कता लुक्यो कता। अनि मेरा आँखा छलेर त्यहीँबाट त्यो त अन्तै कतैतिर हिँडेछ।

तत्सदृशमोहितचित्तेन कस्यचिद्ब्राह्मणसूनोर्ह्रदतटजलान्तःस्थोऽङ्गुष्ठो दंष्टः ततोऽसौ सपदि पञ्चत्वमुपागतः।

त्यो त्यहाँबाट कतैतिर लागेछ भन्ने कुराको सुइँकोसम्म पनि मैले पाउन सकिनँ। त्यसैले त्यही भ्यागुतो हो भनेर झुक्किँदै गएर तलाउका किनारको पानीमा रहेको एउटा ब्राह्मण केटाको औँलालाई मैले टोकिदिएँछु। त्यो केटा तलाउका पानीमा पसेर नुहाउन लागेको रहेछ। मैले टोकिदिएपछि त्यो तत्काल त्यहीं मऱ्यो।

अथ तस्य पित्रा दुःखितेनाहं शप्तो यथा– "दुरात्मन् ! त्वया निरपराधो मत्सुतो दंष्टः। तद् अनेन दोषेण त्वं मण्डूकानां वाहनं भविष्यसि। तत्प्रसादादलब्धजीविकया च वर्तिष्यसे" इति। ततोऽहं युष्माकं वाहनार्थमागतोऽस्मि।

त्यसपछि त्यस केटाका बाबुले मेरो छुच्याइँबाट रिसाएर र छोराको शोकले आकुल भएपछि मलाई शाप दिँदै– "दुष्ट ! तैँले मेरा छोरालाई बिना कुनै अपराध टोकिदिइस्। आफ्नो यस अपराधका कारण अब तँ भ्यागुताहरूको वाहन बनेर रहेस्। अनि त्यसरी नै तिनीहरूको वाहन भएकै भरमा तेरा सबै दिनहरू बितून्" भनिदियो। त्यसैले अहिले म तिमीहरूको वाहन बनेर तिमीहरूका नजिकै आएको छु" भन्यो।

तेन स सर्वमण्डूकानामिदमावेदितम्। ततस्तैः प्रहृष्टमनोभिः सर्वैरेव गत्वा जलपादनाम्नो दर्दुरराजस्य विज्ञप्तम्। अथासावपि मन्त्रिपरिवृतोऽत्यद्भुतमिदमिति मन्यमानः ससम्भ्रमं ह्रदादुत्तीर्य मन्दविषस्य फणिनः फणप्रदेशमधिरूढः। शेषा अपि यथा ज्येष्ठं तत्पृष्ठोपरि समारुरुहुः। किं बहुना, तदुपरि स्थानमप्राप्तवन्तस्तस्यानुपदं धावन्ति।

सर्पको कुरो सुनेर कुनै एउटा भ्यागुताले सन्देशका रूपमा त्यो वृतान्त अरू सबै भ्यागुताहरूलाई सुनायो। ती भ्यागुताहरूले त्यो कुरो आफ्ना राजा जलपादलाई सुनाए। यस्तो अद्भुत खबर सुनेपछि आश्चर्य र चकित भएको जलपाद ज्यादै नै खुसी पनि भयो। ऊ छक्क पर्दै तलाउबाट निस्केर आयो र त्यसै सर्पका फणामाथि चढ्यो। उसले त्यसरी चढेको देखेपछि अरू भ्यागुताहरू पनि क्रमैसँग आएर उसका जिउभरि चढ्न लागे। कुरो यतिसम्म भयो कि कतिपय भ्यागुताहरूले उसका जिउमा चढ्ने अवसर पनि पाएनन् भने कतिपयले चढ्नका लागि ठाउँ पनि पाएनन्। त्यसरी चढ्न नपाउनेहरू त्यसका पछिपछि लागेर हिँड्न र दौडन लागे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दविषोऽपि तेषां तुष्ट्यर्थमनेकप्रकारान् गतिविशेषानदर्शयत्। अज जलपादो लब्धतदङ्गसंस्पर्शसुखस्तमाह–

मन्दविषले पनि ती भ्यागुताहरूलाई खुसी पार्नका लागि र उनीहरूलाई विभिन्न किसिमका चालहरू देखाउँदै अनेक किसिमबाट हिंड्न लाग्यो। सर्पका कोमल शरीरको स्पर्श पाएर आनन्दित हुँदै जलपादले पनि–

न तथा करिणा यानं तुरगेण रथेन वा।
नरयानेन नावा वा यथा मन्दविषेण मे॥ २३३॥

"हात्ती, घोडा, रथ, मानिस र नौकाआदिमा चढ्दा पनि मलाई यस्ता किसिमको आनन्द आएको थिएन तर आज यस मन्दविषका शरीरमा चढ्दा ज्यादै आनन्द आइरहेको छ" भन्यो।

अथान्येद्युर्मन्दविषश्छद्मना मन्दंमन्दं विसर्पति। तच्च दृष्ट्वा, जलपादोऽब्रवीत्– "भद्र मन्दविष! यथापूर्वं किमद्य साधु नोह्यते?" मन्दविषोऽब्रवीत– "देव! अद्याहारवैकल्यान्न वोढुं शक्तिरस्ति।" अथासावब्रीत्– भद्र! भक्षय क्षुद्रमण्डूकान्। तच्छ्रुत्वा प्रहर्षितसर्वगात्रो मन्दविषः ससम्भ्रमब्रवीत्– "ममायमेव विप्रशापोऽस्ति। तत्तवानेनानुज्ञवचनेन प्रीतोऽस्मि।"

अर्को दिन त्यस कपटी सर्पले तिनीहरूलाई बोकेर बिस्तारैसित हिंड्न लाग्यो। त्यसको त्यस्तो ढिलो चाललाई देखेर जलपादले– "भद्र! हिजोअस्तिको जस्तो गरी तेज गतिमा आज हिँडिरहेका छैनौ, किन त्यस्तो भयो?" भनेर सोध्यो। त्यसपछि मन्दविषले– "महाराज! आज मैले केही पनि खाएको छैनँ। भोक ज्यादै लागेका कारण तपाईंलाई बोकेर हिंड्ने शक्ति मेरो अलिक घटेको छ" भन्यो। जलपादले– "भद्र यदि कुरो यतिमात्रै हो भने कुनै कुनै साधारण खालका भ्यागुताहरू खाने गर न त" भनिदियो। त्यसको कुरो सुनेर प्रसन्न हुँदै मन्दविषले त्यसप्रति सम्मान जनाउँदै– "महाराज! मलाई ब्राह्मणले पनि यस्तै शाप दिएका थिए। त्यसैले तपाईंको यस आज्ञाबाट म ज्यादै अनुगृहीत पनि भएको छु। इच्छा लाग्दा तपाईंका आदेशले मलाई खान पाएकोले ज्यादै प्रसन्नता हुनेछ" भन्यो।

ततोऽसौ नैरन्तर्येण मण्डूकान् भक्षयन् कतिपयैरहोभिर्बलवान् संवृतः। प्रहृष्टश्चान्तर्लीनमवहस्येदमब्रवीत्–

भ्यागुताहरूलाई लगातार खाइरहेकाले त्यो सर्प अलिक दिनमै मोटाएर निकै बलियो भयो। मनमनै खुसी हुँदै मुस्कुराउँदै उसले–

मण्डूका विविधास्वादाश्छलपूर्वोपसाधिताः।
कियन्तं कालभक्षीणा भवेयुः खादतो मम॥ २३४॥

अनेकौं किसिमका स्वाद भएका यी भ्यागुताहरूलाई छलकपटको बुद्धिबाट खान पाइँदै आएको छ। मैले मात्रै खाँदा निकै दिनपछि मात्रै सकिनेछन्। त्यसैले मैले त धेरै दिनका लागि पो भोजनको बन्दोबस्त गरिसेको छु भन्ने सोच्यो।

जलपादोऽपि मन्दविषेण कृतकवचनव्यामोहितचित्तः किमपि नाऽवबुध्यतो अत्रावसरेऽन्यो महाकायः कृष्णसर्पस्तमुद्देशं समायातः। तं च मण्डूकैर्वाह्यमानं दृष्ट्वा विस्मयमगमत्। आह च– "वयस्य! यदस्माकमशनं तैः कथं वाह्यसे? विरुद्धमेतत्।" मन्दविषोऽब्रवीत्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दविषका कपटपूर्ण व्यवहार र कुराबाट मूर्ख बनिएको हुँदा त्यो जलपाद मन्दविषले आफ्नो कुललाई नै समाप्त पार्न लागिरहेको छ भनेर मात्रै पनि बुझ्न सक्दैनथ्यो। कुनै दिन अर्को एउटा अति नै मोटोघाटो र ठूलो सर्प त्यहाँ आएछ। मन्दविषले भ्यागुताहरूलाई बोकिहिँडेको देखेर त्यो नयाँ सर्प अति नै चकित भएछ। त्यस कुराले आफूलाई लागेको खसखस मेटाउने उद्देश्यले उसले मन्दविषसँग– "मित्र ! यी भ्यागुताहरू त हामीले खानुपर्ने प्राणी हुन्। तिमी यिनीहरूको भरिया बनेर यहाँ कसरी बसिरहेका छौ ? यो त ज्यादै नै अनौठको कुरो भएन र भनेको" भन्यो। त्यसको कुरो सुनेपछि मन्दविषले–

"सर्वमेतद्विजानामि यथा वाह्योऽस्मि दर्दुरैः।
किञ्चित्कालं प्रतीक्षेऽहं घृतान्धो ब्राह्मणे यथा" ॥ २३५ ॥

"भ्यागुताहरू हाम्रा खाद्यवस्तु हुन् तर पनि म यी भ्यागुताहरूको भरिया बनिरहेको छु भन्ने कुरालाई मैले राम्रैसँग जानेको र बुझेको छु। तर उनै घृतान्ध ब्राह्मणको जस्तै गरी म पनि केही दिनका लागि समय कटाउने काम गरिरहेको छु" भन्यो।

सोऽब्रवीत्– "कथमेतत् ?" मन्दविषः कथयति–

नयाँ आउने भ्यागुताले– "त्यो कस्तो कुरो हो ?" भनेर सोध्यो। अनि मन्दविषले बतायो कि–

घृतान्धब्राह्मणकथा

अस्ति कस्मिंश्चिदधिष्ठाने यज्ञदत्तो नाम ब्राह्मणः। तस्य भार्या पुंश्चल्यन्यासक्तमना अजस्रं विटाय सखण्डघृतान् घृतपूरान् कृत्वा भर्तुश्चौरिकया प्रयच्छति। अथ कदाचिद् भर्ता दृष्ट्वा ब्रवीत्– "भद्रे ! किमतत्परिपच्यते ? कुत्र वाजस्रं नयसीदम् ? कथय सत्यम्।"

घिउले अन्धा ब्राह्मण

कुनै एउटा सहरमा यज्ञदत्त नाम भएको एउटा ब्राह्मण थिए। तिनकी स्त्री ज्यादै व्यभिचारिणी र परपुरुषमाथि आसक्त रहने किसिमकी थिई। आफ्नो लोग्नेका आँखा छलीछलीकन उसका मन पर्ने मानिसलाई दिनदिनै जसो मालपुवा पकाएर वा अरू केही मिठो कुरो बनाएर ख्वाउँथी। एक दिन उसका लोग्नेले त्यसो गरेर अर्कालाई पोसेको कुरो थाहा पाएछ। उसले आफ्नी स्वास्नीसँग– "प्रिया ! यो के बनाइरहेकी ? यसरी बनाएर सधैँ कतै लाने गर्दछ्यौ कि कसो, कहाँ लैजाने गरेकी छ्यौ ? मलाई पनि सबै कुरो साँचोसत्य भन्ने गर" भनेर सोध्दै जान्ने कोसिस गरेझैँ मन बुझ्ने विचार गऱ्यो।

सा चोत्पन्नप्रतिभा कृतकतवचनैर्भर्तारमब्रवीत्– "अस्त्यत्र नातिदूरे भगवत्या देव्या आयतनं तत्राहमुपोषिता सती बलिं भक्ष्यविशेषाँश्चापूर्वान्नयामि।"

प्रत्युत्पन्नमति अर्थात् तुरुन्तै कुरो बनाउन जान्ने त्यस ब्राह्मणकी स्वास्नीले– "यहाँभन्दा अलिकति पर एउटा देवीको मन्दिर छ। मैले देवीको व्रत लिएकी छु। त्यसैले यो विशेष प्रकारको प्रसाद बनाएर देवीका मन्दिरमा चढाउनका लागि लिएर जाने गरेकी छु" भनेर लोग्नेलाई कुराले छली।

अथ तस्य पश्यतो गृहीत्वा तत्सकलं देव्यायतनाभिमुखी प्रतस्थे। यत्कारणं देव्या निवेदितेनानेन मदीयो भर्तैव मंस्यते यत् मम ब्राह्मणी भगवत्याः कृते भक्ष्यविशेषान्नित्यमेव नयतीति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्ना लोग्नेको अगाडि नै ब्राह्मणीले त्यो उसले बनाएको खाने कुरो लिएर देवीका मन्दिरतिर हिंडी। यसरी अगाडिबाटै खाने कुरो बोकेर हिंडेको देखेपछि लोग्नेलाई पनि उसले त्यो खाने कुरो लिएर सधैं देवीका मन्दिरमा नै जाने गर्दी रहिछ भन्ने कुराको पत्यार लागोस् भन्ने ऊ चाहन्थी। किनभने उसले लोग्नेलाई यसै भनेकी पनि थिई।

अथ देव्यायतने गत्वा स्नानार्थं नद्यामवतीर्य यावत्स्नानक्रियां करोति तावद् भर्तापि मार्गान्तरेणागत्य देव्याः पृष्ठतोऽदृश्योऽवतस्थे।

देवीका मन्दिरमा पुगेपछि उसले त्यो खाने कुरो मन्दिरमा राखिदिई र आफूचाहिँ नुहाउनका लागि नदीतिर हिंडी। जब ऊ त्यसरी नुहाउन लागेकी थिई कि उसको लोग्ने पनि कुनै अर्कै बाटो गरी त्यहाँ आएर मन्दिरका पछाडितिर लुकेर बसिरह्यो।

अथ सा ब्राह्मणी स्नात्वा देव्यायतनमागत्य स्नानानुलेपनमाल्यधूपबलिक्रियादिकं कृत्वा देवीं प्रणम्य व्यजिज्ञपन्– "भगवति केन प्रकारेण मम भर्ताऽन्धो भविष्यति.?

नुहाएर आएपछि उसले देवीका मन्दिरमा आएर गन्ध, धुप, फूल र प्रसाद आदि कुराहरू चढाउँदै देवीको पूजा गर्न लागी। पूजा गरिसकेपछि देवीलाई प्रणाम गर्दै उसले– "हे भगवती ! मेरो पति अन्धो होस्, त्यसका लागि मैले के उपाय गरूँ" भनेर प्रार्थना गर्न लागी।

तच्छ्रुत्वा स्वरभेदेन देवीपृष्ठस्थितो ब्राह्मणो जगाद– "यदि त्वमजन्न' घृतपूरादिभक्ष्यं तसौ भर्त्रे प्रयच्छसि ततः स शीघ्रमन्धो भविष्यति।"

त्यस आइमाईले त्यसरी प्रार्थना गरेको सुनेपछि उसका लोग्नेले स्वर बदल्दै– "यदि तिमीले दिनहुँ शुद्ध घिउमा मालपुवा पकाएर ख्वाउने गऱ्यौ भनेदेखि छिटै नै तिम्रो लोग्ने अन्धो हुनेछ" भन्यो।

सा तु बन्धकी कृतकवचनवञ्चितमानसा तस्मै ब्राह्मणाय तदेव नित्यं प्रददौ। अथान्येद्युर्ब्राह्मणेनाभिहितम्– "भद्रे ! नाहं सुतरां पश्यामि।"

लोग्नेले त्यसरी भुक्क्याएका कारण भुक्किएकी त्यस कुलटा आइमाईले दिनदिनै लोग्नेलाई मालपुवा पकाएर ख्वाउन लागी। केही दिनपछि उसले आफ्नी स्वास्नीसँग– "हेर प्रिया ! खै के भयो कुन्नि मैले त राम्रोसँग देखिनँ" भन्यो।

तच्छ्रुत्वा चिन्तितमनया– "देव्याः प्रसादोऽयं प्राप्तः" इति।

लोग्नेको कुरो सुनेपछि त्यस दुष्ट ब्राह्मणीले आफ्नै मनमनै– "देवीको आसिक लागेछ" भन्ने ठानेर ऊ ज्यादै खुसी पनि भई।

अथ तस्या हृदयवल्लभो विटस्तत्सकाशम् "अन्धीभूतोऽयं ब्राह्मणः किं मम करिष्यति" निःशङ्कं प्रतिदिनमभ्येति। अथान्येद्युस्त प्रविशन्तमभ्याशगतं दृष्ट्वा केशैर्गृहीत्वा लगुडपार्ष्णिप्र-भृतिप्रहारैस्तावदताडयद् यावदसौ पञ्चत्वमाप।

अनि उसका नाठाचाहिंले पनि– "अब त त्यो ब्राह्मण अन्धो भइहाल्यो। मलाई के पो गर्न सक्ला र ? अहँ, त्यसले मेरा लागि कुनै बाधा गर्न सक्दैन" भन्ने सोच्यो। अनि त ऊ त्यहाँ दिनहुँ निर्धक्क आउन थाल्यो। एक दिन घरमा ढुक्क हुँदै पसेर त्यो व्यभिचारिणी आइमाईलाई आफूसँग टाँस्न लागेको मौकामा त्यस ब्राह्मणले उसका टुपीमा च्याप्प समातेर एउटा लाठैलाठाले र बेलाबेला लात्तैलात्तले हानेछन्। हान्दाहान्दै यति हानेछन् कि आखिरमा त्यो त्यहीँ मऱ्यो।

तामपि दुष्टपत्नीं छिन्ननासिकां कृत्वा विससर्ज। अतोऽहं ब्रवीमि– "सर्वमेत-द्विजानामि"– इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि उसले त्यस दुष्ट आइमाईलाई पनि नाक काटेर बुच्ची बनाइदिएर घरबाट निकालिदियो।

अथ मन्दविषोऽन्तर्लीनसवहस्य पुनरपि "मण्डूका विविधास्वादाः"– इति तदेवाब्रवीत्। अथ जलपादस्तच्छ्रुत्वा सुतरां व्यग्रहृदयः– किमनेनाभिहितम् इति, तमपृच्छत्– "भद्र ! किं त्वयाभिहितमिदं विरुद्धं वचः ?"

यस्तो कथा सुनाइसकेपछि मन्दविषले– "त्यसैले म भन्दछु कि यी भ्यागुताहरूको भरिया मैले किन बन्नुपरेको छ भन्ने कुरो मलाई राम्ररी थाहा छ। तर म पनि ती ब्राह्मणकै जस्तो गरी मौका पर्खिएर बसिरहेको छु" भन्ने कुरो सुनायो। अनि मन्दविष नाम गरेका सर्पले चाहिँ मुस्कुराउँदै फेरि पनि आफ्ना मनमनमा उसै श्लोकलाई दोहोऱ्याउँदै– "अनेकौं स्वादका भ्यागुताहरूले मलाई धेरै दिनसम्म भोजनका लागि काम चलाएर सुख दिइरहनेछन्" गुन्न लाग्यो। त्यस कुरालाई सुनेपछि जलपाद पनि ज्यादै चिन्तित भयो। अनि त्यसपछि यस सर्पले के भनेको हो त भन्ने कुरो बुझ्नका लागि ज्यादै उत्सुक हुन लाग्यो। उसले मन्दविषसँग– "भद्र ! तिमीले अहिले कस्तो उल्टा किसिमको कुरा गरेका ?" भनेर सोध्यो।

अथासावाकारप्रच्छादनार्थ "न किञ्चित्"– इत्यब्रवीत। तथैव वृतकवचन-व्यामोहितचित्तो जलपादस्तस्य दुरभिसन्धिं नाववुध्यते। किं बहुना– तथा तेन सर्वेऽपि भक्षिताः, यथा बीजमात्रमपि नावशिष्टम्।

सर्पले आफ्नो अभिप्रायलाई लुकाउनका लागि बठ्याइँ गर्दै– "होइन महाराज ! मैले तपाईंका विरुद्धमा कुनै किसिमको कुरो गरेको होइन" भन्यो। जलपादले त्यसका ती ढाँट कुरालाई पत्यायो र त्यस सर्पले बनाएका ठग सन्धिलाई बुझ्न पनि सकेन। आखिरमा गएर त्यस सर्पले ती सबै भ्यागुताहरूलाई खाइदियो र भ्यागुताहरूको कुलै समेत नाश गरिदियो।

अतोऽहं ब्रवीमि– "स्कन्धेनापि वहेच्छत्रुम् इति।

यस किसिमको कथा सुनाएर स्थिरजीवीले– "महाराज ! त्यसैले म त भन्ने गर्दछु कि आवश्यकताअनुसार शत्रुलाई समेत आफ्ना काँधमा हालेर बोक्नुपर्दछ" भन्यो।

अथ राजन् ! यथा मन्दविषेण बुद्धिबलेन मण्डूका निहताः, तथा मयापि सर्वेऽपि वैरिण इति। साधु चेदमुच्यते–

महाराज ! जसरी मन्दविषले आफ्ना बुद्धिले ती भ्यागुताहरूको विनाश गरेको थियो उसै गरी मैले पनि बुद्धि लगाएर नै तपाईंका शत्रुहरूको विनाश गरको हुँ। सज्जनहरूले यस्तो ठिकै पनि भनेका छन् कि–

वने प्रज्वलितो वह्निर्दहन्मूलानि रक्षति।
समूलोन्मूलनं कुर्याद्वायुर्यो मृदुशीतलः" ॥ २३६ ॥

जतिसुकै उग्र भए पनि डढेलाले वनका रुखको जरो डढाउन सक्दैन तर नरम र शीतल भए पनि हावाले तिनलाई उखेलेर फ्याँकिदिन सक्दछ। त्यसैले युद्ध वा तातो रिसले शत्रुको विनाश गर्न सकिँदैन भने शान्त भावले छलबुद्धिको प्रयोग गर्दै तिनीहरूलाई सखाप पार्न सकिन्छ।

मेघवर्ण, आह– "तात ! सत्यमेवैतत्, ये महात्मानो भवन्ति ते महासत्त्वा आपद्गता अपि प्रारब्धं न विसर्जयन्ति। उक्तञ्च यतः–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेघवर्णले– "बाजे ! तपाईंको भनाइ ठिक छ। महान् व्यक्तिहरू आपत्तिमा परेका अवस्थामा पनि आफूले थालेको कामलाई आपद् पर्ला कि भनेर बिचमै छोडेर हिंड्दैनन्। भनिएको पनि छ कि–

महत्त्वमेतन्महतां नयालङ्कारधारिणाम्।
न मुञ्जीत यदारब्धं कृच्छ्रेऽपि व्यसनोदये॥ २३७॥ तथा च–

आपद् परेकै अवस्था भए पनि थालेका कामलाई नछोड्नुले नै नीतिरूपी गहनाले सिँगारिएका महान् व्यक्तिको महानता झल्किएको हुन्छ। अरू पनि–

प्रारभ्यते न खलु विघ्नभयेन नीचैः प्रारभ्य विघ्नविहिता विरमन्ति मध्याः।
विघ्नैः पुनः पुनरपि प्रतिहनयमानाः प्रारभय चोत्तमजना न परितयजन्ति॥ २३८॥

नीच व्यक्तिहरू समस्या आइपर्ला कि भन्ने डरले कुनै कामको थालनी नै गर्दैनन्। मध्यमकोटिका व्यक्तिहरू कामको थालनी त गर्दछन् तर आपद् आइलाग्ने बित्तिकै त्यसलाई छोडिदिन्छन्। तर उत्तमकोटिका व्यक्तिहरू बारम्बार बिघ्नबाधाले सताइए तापनि आफूले थालेको कामलाई पूरा नगरीकन कहिल्यै पनि बिचैमा आधा पारेर छोड्दैनन्।

तत्कृतं निष्कण्टकं मम राज्यं शत्रून्निःशेषतां नयता त्वया, अथवा युक्तमेतन्नयवेदिनाम्। उक्तञ्च यतः–

तपाईंले आफ्नो बुद्धि प्रयोग गरेर शत्रुहरूलाई विनाश गरी मेरा राज्यलाई निष्कण्टक बनाइदिनुभयो। अथवा नीतिवान् पुरुषहरूका लागि यो पनि राम्रै कुरो हो। भनिएको छ कि–

फणशेषं चाग्निशेषं शत्रुशेषं तथैव च।
व्याधिशेषञ्च निःशेषं कृत्वा प्राज्ञो न सीदति" ॥ २३९॥

जुन व्यक्तिले ऋण, आगो, शत्रु र रोगलाई सखाप नपारीकन बिचमा त्यत्तिकै छोड्दैन, त्यस्तो व्यक्ति कहिल्यै दुःखी पनि हुँदैन" भन्यो।

सोऽब्रवीत्– "देव! भाग्यवांस्त्वमेवासि यस्यप्रारब्धं सर्वमेव संसिध्यति। तत्र केवलं शौर्यं कृत्यं साधयति, किन्तु प्रज्ञया यत्क्रियते तदेव विजयाय भवति। उक्तञ्च यतः–

स्थिरजीवीले– "महाराज ! भाग्यमान् त म होइनँ, तपाईं हुनुहुन्छ। त्यसो भएकैले थालिएका जुनसुकै कामहरू आफैँ पूरै रूपमा सिद्ध हुँदै आइरहेका हुन्छन्। कामको सिद्धि केवल पराक्रमले मात्रै हुँदैन। बरु जुन कामलाई विचार र बुद्धि पुऱ्याएर गरिएको हुन्छ त्यसमा नै सफलता पनि पाइन्छ। भनिएको पनि छ कि–

"शस्त्रैर्हता न हि हता रिपवो भवन्ति प्रज्ञाहतास्तु रिपवः सुहता भवन्ति।
शस्त्रं निहन्ति पुरुषस्य शरीरमेकं प्राक्कुलञ्च विभवञ्च यशश्च हन्ति॥ २४०॥

हतियारले मारिएका शत्रुहरू जरैदेखि सखाप भएका हुँदैनन्, तर बुद्धिले मारेका शत्रुहरू आमूल रूपमा नै विनष्ट भइसकेका हुन्छन्। हतियारले त केवल शत्रुको शरीरलाई मात्रै विनाश गरिदिन्छ तर बुद्धिले त उसको कुल, धन, यश आदि सबै कुरो विनाश गर्न सक्दछ।

तदेवं प्रज्ञापुरुषकाराभ्यां युक्तस्याप्रत्नेन कार्यसिद्धयः सम्भवन्ति। यतः–

त्यसो हुँदा बुद्धि र पराक्रम यी दुवैका सहयोगले नै कामको सिद्धि गर्न सकिन्छ। किनभने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसरति मतिः कार्यारम्भे दृढीभवति स्मृतिः
स्वयमुपनमन्त्यर्था मन्त्रो न गच्छति विप्लवम्।
स्फुरति सफलस्तर्कश्चित्तं समुन्नतिमश्नुते,
भवति च रतिः श्लाध्ये कृत्ये नरस्य भविष्यतः॥ २४१॥

जुन व्यक्तिको भाग्य अनुकूल रहेको छ र उन्नति हुनुपर्ने बेला आएको छ, त्यसको बुद्धि आफैँ नै असल कामतर्फ खिँचिएर लागेको हुन्छ। त्यसको सम्झनाशक्ति आफैँ बढेर आउँछ। त्यसका इच्छाहरू आफैँ नै फलदायी हुन थाल्दछन् त्यसले प्रकट गरेका विचारहरू पनि कहिल्यै असफल हुँदैनन्। त्यसका मनमा तर्कहरू आफैँ नै उब्जन थाल्दछन्। त्यसको चित्त सधैँ प्रसन्नता र उन्नतिले भरिभराउ भएको हुन्छ र प्रशंसनीय काम गर्नतर्फ उसको मन लोभिँदै जान्छ।

तथा नयत्यागशौर्यसम्पन्ने पुरुषे राज्यमिति। उक्तञ्च–

नीति, त्याग र शौर्यले युक्त पुरुषलाई राज्यको सत्ता हासिल हुन्छ। भनिएको छ कि–

त्यागिनि शूरे विदुषि च संसर्गरुचिर्जनो गुणो भवति।
गुणवति धनं धनाच्छ्रीः श्रीमत्याज्ञा ततो राज्यम्" ॥ २४२॥

त्यागीहरू, वीरहरू र विद्वान्हरूका सम्पर्कले नै मानिस गुणी हुन्छ। गुणवान् व्यक्तिलाई नै धनको लाभ हुन्छ। धनले नै ऐश्वर्य लाभ हुन्छ र ऐश्वर्यले नै आदेश दिने शक्ति हासिल हुन्छ र आदेश दिने शक्ति बढ्नाले नै राज्यको सत्ता हातमा आउँछ" भन्यो।

मेघवर्ण आह– "नूनं सद्यःफलानि नीतिशास्त्राणि यत्त्वयानुकूल्येनानुप्रविश्यारिमर्दनः सपरिजनो निःशेषितः। स्थिरजीव्याह–

मेघवर्णले– "नीतिशास्त्र निश्चय नै तत्काल फल दिने किसिमको हुन्छ। नीतिशास्त्रकै बलले तपाईंले मेरो शत्रु अरिमर्दनलाई विश्वासमा पारेर त्यसलाई अनुकूल बनाउनुभयो। अनि उसका गोप्य रहस्यहरू पनि जानेर तपाईंले उसको शाखासन्तानै सखाप बनाउनुभयो" भन्यो। त्यसपछि स्थिरजीवीले–

"तीक्ष्णोपायप्राप्तिगम्योऽपि योऽर्थस्तस्याप्यादौ संश्रयः साधु युक्तः।
उत्तुङ्गाग्रः सारभूतो वनानां नानभ्यचर्यच्छिद्यते पादपेन्द्रः॥ २४३॥

ज्यादै उग्र भएर युद्ध गर्दा सफल गर्न सकिने काममा पनि संयमपूर्वक संश्रय ग्रहण गर्नु उपयुक्त हुन्छ। किनभने वनमा प्रवेश गरेर पूजाआजा आदि गरिसकेपछि मात्रै वनका असल काठदाउराका लागि चाहिने विशाल वृक्षलाई काट्ने गरिन्छ।

अथवा, स्वामिन्! किं तेनाभिहितेन, यद् अनन्तरकाले क्रियारहितम्, असुखसाध्यं वा भवति। साधु चेदमुच्यते–

महाराज! जसलाई सजिलोसँग कार्यान्वयन गर्न सकिँदैन अथवा कार्यान्वयन गर्दा पनि सुखको सट्टामा दुःखमात्रै आइपर्छ या जसबाट सुख पाइने आशा पनि हुँदैन त्यस्ता असम्भव परामर्शहरूको के आवश्यकता छ र? कसैले ठिक पनि भनेका रहेछन्–

अनिश्चितैरध्यवसायभीरुभिः पदे पदे दोषशतानुवंशिभिः।
फलर्विसंवादमुपागता गिराः प्रयान्ति लोके परिहासवस्तुताम्॥ २४४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्थिर बुद्धि भएका, मिहिनेत गर्नबाट डराउने र पाइलैपिचछे गल्ती र कमजोरीमात्रै खोज्ने व्यक्तिहरूको बोली फल पाउने बेलामा झुट्टो साबित हुन्छ र त्यस्ता व्यक्ति संसारमा बदनाम र उपहासका पात्र हुन्छन्।

न च लघुष्वपि कर्तव्येषु धीमद्भिरनादरः कार्यः। यतः—

बुद्धिमान् व्यक्तिहरूले कहिल्यै अत्यन्त साधारण काममा समेत हेल्चेक्र्याइँ गर्नुहुँदैन।

शक्ष्यामि कर्तुमिदमल्पमयत्न साध्यमत्रादरः क इति कृत्यमुपेक्षणः।
केचित्प्रमत्तमनसः परितापदुःख मापत्प्रसङ्गसुलभं पुरुषाः प्रयान्ति॥ २४५॥

ए, यस्तो साधारण काम त म सजिलैसँग गर्न सकिहाल्छु नि। मेरा लागि यो कुनै ठूलो काम नै होइन। ए, यसका लागि मैले धेरै चिन्ता लिनुपर्दैनजस्ता कुरा गरेर कुनै काम थाल्नुभन्दा पहिले नै कसैले अल्छ्याइँ र हेल्चेक्र्याइँ गर्दछ भने आखिरमा त्यो काम कि त पूरा नै हुँदैन कि बिग्रन्छ। अनि उसका लागि आपद् पर्दा गरिने पछुतो र दुःखमात्रै हातमा पाउँछ।

तदद्य जितारेर्मद्विभोर्यथापूर्व निद्रालाभो भविष्यति। उच्यते चैतत्—

शत्रुहरूलाई जितिसकिएको हुनाले आज महाराजलाई पहिलेको जस्तै आनन्दको निद्रा लाग्नेछ। भनिएको पनि छ कि—

निःसर्पे हतसर्पे वा भवने सुप्यते सुखम्।
दृष्टनष्टभुजङ्गे तु निद्रा दुःखेन लभ्यते॥ २४६॥ तथा च—

जुन घरमा सर्प पस्तै पसेको छैन वा मारिसकिएको छ, त्यसै घरमा मात्रै राम्रोसँग निदाउन सकिन्छ। त्यसको विपरीत कुनै घरमा एकपटक सर्प देखिएको छ र फेरि त्यो अन्यत्र गएको वा मरेको देखिएको छैन भने त्यस्ता घरमा सुखको निद्रा सुत्न सकिँदैन। अरू पनि—

विस्तीर्णव्यवसायसाध्यमहतां स्निग्धोपयुक्ताशिषां,
कार्याणां नयसाहसोन्नतिमतामिच्छापदारोहिणाम्।
मानोत्सेकपराक्रमव्यसनिनः पारं न यावद् गतः
सामर्षे हृदयेऽवकाशविषया तावत्कथं निर्वृतिः॥ २४७॥

जुन कामलाई पूरा गर्नका लागि आशीर्वाद र शुभकामनाको अपेक्षा गरिन्छ, जुन ज्यादै परिश्रमले मात्रै गर्न सकिने किसिमको ज्यादै गाहारो छ, जसलाई पूरा गर्न सकिँदैन कि भनेर मनमा डर, धैर्य र साहस आदि जुटाउनुपर्ने आवश्यकता रहेको छ र जसलाई सक्नका लागि ज्यादै बलियो इच्छा भित्रैदेखि जागेको छ, त्यस्ता कामलाई जहिलेसम्म पूरा गर्न सकिँदैन त्यतिन्जेल स्वाभिमानी, पराक्रमी र साहसी व्यक्तिका हृदयमा शान्ति र सुखको निद्रा कहाँ आउँछ र ?

तदवसिनकार्यारम्भस्य विश्राम्यतीव मे हृदयम्। तदिदमधुना निहतकण्टकं राज्यं प्रजापालनतत्परो भूत्वा पुत्रादिक्रमेणाचलच्छात्रासनश्रीश्चिरं भुङ्क्ष्व। अपि च—

महाराज ! थालनी गरेको काम पूरा हुनाले मेरा पनि हृदयमा अहिले पूर्ण शान्ति र सन्तोषको अनुभव भइरहेको छ। त्यसैले अब तपाईं प्रजाका हितको कुरो विचार गर्दै निष्कण्टक, वंशानुगत र अचल छत्र, चम्मर, सिंहासन र राज्यलक्ष्मीबाट युक्त भएको राज्यको भोग गर्नुहोस्। भनिएको पनि छ कि—

प्रजा न रञ्जयेद्यस्तु राजा रक्षादिभिर्गुणैः।
अजागलस्तनस्येव तस्य राज्यं निरर्थकम्॥ २४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन राजाले सद्‌गुणहरूबाट सम्पन्न भई समुचित सुरक्षाआदिको व्यवस्था बनाएर प्रजाहरूलाई शान्ति र आनन्द दिने किसिमको शासन गर्न सक्दैनन्, त्यस्ता राजाले राज्यारोहण गर्नु भनेको बाख्राका गलामा व्यर्थै झुन्डिएको थुनझैँ निरर्थक हुन्छ।

गुणेषु रागो व्यसनेष्वनादरो रतिः सुभृत्येषु च यस्य भूततेः।
चरं स भुङ्क्ते चलचामरांशुकां, सितातपत्राभरणां नृपश्रियम्॥ २४९॥

जुन राजाका हृदयमा गुणहरूप्रति अनुराग, कुलतहरूप्रति अनादर र असल भृत्यहरूप्रति स्नेह रहेको हुन्छ, त्यसै राजाका नजिक चञ्चल चमररूपी वस्त्र र सेतो छत्ररूपी गहनाले सजिएकी राज्यलक्ष्मी स्थायी बनेर बसेकी हुन्छिन् र राजाले लामो समयसम्म उपभोग गर्दछन्।

न च त्वया प्राप्तराज्योऽहमिति मत्वा श्रीमदेनात्मा व्यंसयितव्यः। तत्कारणं— चला हि राज्ञो विभूतयः। वंशारोहणवद्राज्यलक्ष्मीर्दुरारोहा क्षणनिपाता च। पारदरसवत् प्रयत्नशतैरपि धार्यमाणा दुर्धरा। प्रशस्ताराधिताप्यनते विप्रलम्भिनी। वानरजातिरिव विद्रतानेकचित्ता। पद्मपत्रा-दकर्मवाघटितसंश्लेषा पवनगतिरिवातिचपला अनार्यसङ्गतिमिवास्थिरा आशीविष इव दुरपचारा सन्ध्याभ्रलेखेव मुहूर्तरागा जलबुदबुदावलीव स्वभावभङ्गुरा गरीरप्रकृतिरिव कृतघ्ना स्वप्नलब्ध-द्रव्यराशिरिव क्षणदृष्टनष्या। अपि च—

म राजा हुँ भनेर राज्यलक्ष्मीको घमन्डले फुल्दै कहिल्यै पनि आफन्तलाई धोका नदिनुहोला। किनभने राजाको वैभव चञ्चल हुन्छ। बाँसजस्तै लक्ष्मी पनि कठिनतापूर्वक सम्हालिने किसिमकी हुन्छिन् र जुनसुकै बेला ढल्न सक्छिन्। पारोजस्तै आफूखुसी दिशामा हिँड्ने हुन्छिन्, जतिसुकै कोसिस गरे पनि अड्याउन सकिँदैन। यात्राप्रेमी हुन्छिन्, त्यसैले जतिसुकै आराधना गरे पनि उनको आफूखुसी यात्रा हुन्छ। वियोगदायिका हुन्छिन्, जतिसुकै आफ्नो बनाउन खोजे पनि बिछोडिनै चाहन्छिन्। बाँदरजातिको जस्तै चञ्चल र अस्थिर बुद्धिकी हुन्छिन्। कर्कलाका पातमा परेको पानीजस्तै कसैमाथि मोहको सम्पर्क नभएकी हुन्छिन्। हावाको गतिजस्तै चञ्चल हुन्छिन्। दुष्टको सङ्गतजस्तै अस्थिर हुन्छिन्, सर्पको विषजस्तै अत्यन्त कठिन उपचारयोग्य हुन्छिन्, पानीमा उठेको फिँजजस्तै अस्थायी हुन्छिन्, शरीरको प्रकृतिजस्तै कृतघ्न हुन्छिन् र सपनामा देखिएको धनजस्तै देख्नेबित्तिकै तुरुन्तै विनाश हुने खालकी हुन्छिन्। अरू पनि भनिएको छ कि—

यदैव राज्ये क्रियतेऽभिषेकस्तदैव बुद्धिर्व्यसनेषु योज्या।
घटा हि राज्ञामभिषेककाले सहाम्भसैवापदमुद्गिरन्ति॥ २५०॥

राज्याभिषेक हुँदैमा अनेक किसिमका विपत्तिहरू हटाउनमा र विभिन्न किसिमका सुखका सामग्रीहरू जुटाउन र उपभोग गर्नमा बुद्धि व्यस्त हुन्छ। अभिषेकका लागि सजिएका घडाले जलवृष्टि गराउनुका साथसाथै राजामाथि विभिन्न खालको आपद्‌हरूको पनि वर्षा गराइदिन्छ।

न च कश्चिदनधिगमनीयो नामास्त्यापदाम्। उक्तञ्च—

आपत्तिका लागि कुनै पनि स्थान अगम्य हुँदैन र कुनै पनि विषय उसका लागि प्रवेश गर्न नसक्ने खालको हुँदैन। भनिएको पनि छ कि—

रामस्य व्रजनं वलेर्नियमनं पाण्डोः सुतानां वनं,
वृष्णीनां निधनं नलस्य नृपते राज्यात्परिभ्रंशनम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाट्याचार्थकमर्जुनस्य पतनं सञ्जिन्त्य लङ्केश्वरे,
सर्व कालवशाजनोऽत्र सहते कः कं परित्रायते ॥ २५१ ॥

रामको वनवास, बलिको बन्धन, पाण्डवहरूको वनवास, वृष्णिहरूको मृत्यु, नलको राज्यबाट निर्वासन, अर्जुनको वृहन्नला रूपधारण र रावणको पतन आदिलाई देख्दा जुनसुकै व्यक्तिले भाग्यवश आपद्हरूलाई खप्नै पर्दोरहेछ। यसबाट कसैले कसैलाई बचाउन सक्नेछैन।

क्व स दशरथः स्वर्गे भूत्वा महेन्द्रसुहृद् गतः,
क्व स जलनिधेवलां बद्ध्वा नृपः सगरस्तथा।
क्व स करतलाज्जातो वैन्यः सूर्यतनुर्मनु–
र्नंनु बलवता कालेनैते प्रबोध्य निमिलिताः ॥ २५२ ॥

इन्द्रको मित्र भएकाले उनीसँगै एउटै सिंहासनमा बस्न पाउने राजा दशरथ आज खै कता गए ? चारवटा समुद्रलाई आफ्नो राज्यको सीमा बनाउने चक्रवर्त्ती राजा सगर आज खै ? घमन्डले मात्तिने वेन राजा आज खै ? सूर्यका पुत्र महाराज मनु आज खै ? त्यस्ता महापुरुषहरूको विनाश भएको देखेपछि यस्तो निष्कर्ष निकाल्नुपर्दछ कि समयले नै मौकामा सबैलाई जगाउँछ र त्यही समय वा कालले नै जोसुकैलाई फेरि पछारी पनि दिन्छ। कालले नै जोसुकैको कीर्ति बढाई पनि दिन्छ र बनेको कीर्तिलाई पनि मौका परेका बेलामा मेटाई पनि दिन्छ।

मान्धाता क्व गतस्त्रिलोकविजयी राजा क्व सत्यव्रतो,
देवानां नृपतिर्गतः क्व नहुषः सच्छास्त्रवित्केशवः।
मन्ये ते सरथाः सकुञ्जरवराः शक्रासनाध्यासितः,
कालेनैव महात्मना ननु कृताः कालेन निर्वासिताः ॥ २५३ ॥ अपि च—

त्रिलोक विजयी महाराज मान्धाता आज खै कता गए ? सत्यप्रतिज्ञ भीष्म आज कहाँ गए ? देवताहरूको राजा बनेका महाराज नहुष आज खै कता गए ? महान् योगीराज श्रीकृष्ण आज कता गए ? यिनीहरूको विनाश भएको देखेर यही मान्नुपर्दछ कि यी असंख्य हात्तीघोडा वा रथका अधिपति महारथीहरू र इन्द्रका आसनमा बसेका वा बस्न सक्ने महापुरुषहरू पनि कालको प्रभावले नै बनेका थिए र कालकै प्रभावले नष्ट पनि भए। अरू पनि—

स च नृपतिस्ते सचिवास्ताः प्रमदास्तानि काननप्रनानि।
स च ते च ताश्च तानि च कृतान्तदष्यनि नष्यनि ॥ २५४ ॥

ती राजा, ती सचिव, सुन्दर स्त्रीहरू, सुन्दर वनजङ्गल र बगैँचावाटिका अब खै ? कालका कारणले अब केवल तिनीहरूको सम्झनामात्रै मानिसका मनमा बाँकी रहेको छ। कालका प्रभावले त्यो पनि एक दिन समाप्त हुनेछ।

एवं मत्तकरिकर्णचञ्चलां राज्यलक्ष्मीमवाप्य न्यायैकनिष्ठो भूत्वोपभुङ्क्ष्व" ।

त्यसैले मदमस्त हात्तीका कानहरूको जस्तै गरी सधैँ कहिले यता र कहिले उता घुम्ने चञ्चल राज्यलक्ष्मीलाई पाएर तपाईं घमन्डी नभईकन न्यायनिष्ठ बनेर राज्य गर्नुहोस् र प्रजाको हितकार्यमा लाग्नुहोस्" भनेर नीतिको महत्त्व बतायो।

इति श्रीविष्णुशर्माविरचिते पञ्चतन्त्रे काकोलूकीयं नाम तृतीयं तन्त्रं समाप्तम्।

श्रीविष्णुशर्माबाट रचित पञ्चतन्त्रको काकोलूकीय नामको तेस्रो तन्त्र पनि सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चतुर्थ तन्त्र

लब्धप्रणाश

अथेदमारभ्यते लब्धप्रणाशं नाम चतुर्थं तन्त्रं, यस्यायमादिमः श्लोकः—

विष्णुशर्माले राजकुमारहरूसँग— "अब म लब्धप्रणाश नाम गरेको चौथो तन्त्रलाई आरम्भ गर्नेछु। त्यसको पहिलो श्लोक यस्तो छ" भन्दै पढाउन सुरु गरे।

समुत्पन्नेषु कार्येषु बुद्धिर्यस्य न हीयते।
स एव दुर्गं तरति जलस्थो वानरो यथा॥ १॥

कुनै काम अथवा आपद् आइलाग्दा जुन व्यक्तिको बुद्धि बेकामको हुँदैन, त्यसले दुर्गम बाटाहरू वा कठिन परिस्थितिबाट पनि सजिलैसँग सुरक्षा पाउन सक्दछ। जस्तै कि पानीमा रहने गरेको रक्तमुख नामको बाँदरले पनि बुद्धिकै कारण एउटा निकै ठूलो समस्यालाई पनि समाधान गरेको थियो।

तद्यथानुश्रूयते— अस्ति कस्मिँश्चित्समुद्रोपकण्ठे महाञ्जम्बूपादपः सदाफलः। तत्र च रक्तमुखो नाम वानरः प्रतिवसति स्म। तत्र च तस्य तरोरधः कदाचित्करालमुखो नाम मकरः समुद्रसलिलान्निष्क्रम्य सुकोमलवालुकासनाथे तीरोपान्ते न्यविशत्।

जस्तै कि सुन्ने गरिन्छ— कुनै समुद्रका किनारमा सबै ऋतुहरूमा फल्ने एउटा निकै ठूलो जामुनाको रुख थियो। त्यस रुखमा कुनै समयमा रक्तमुख नाम भएको एउटा बाँदर बस्ने गर्दथ्यो। कुनै दिन संयोगवश करालमुख नामको एउटा गोही समुद्रबाट बाहिर निस्केर त्यसै रुखको नजिकै नरम बालुवाले भरिएको जमिनमा बसेको थियो।

ततश्च रक्तमुखेन स प्रोक्तः— "भोः! भवान् समभ्यागतोऽतिथिः तद्भक्षयतु मया दत्तान्यमृततुल्यानि जम्बुफलानि। उक्तञ्च—

त्यसलाईं देखेपछि रक्तमुखले— "महाशय! तपाईं मेरा घरमा आउने अतिथि हुनुहुन्छ। त्यसैले मबाट दिइएका अमृतजस्तै मिठा यी जामुनका फलहरू खानुहोस्। भनिएको छ कि—

प्रियो वा यदि वा द्वेष्यो मूर्खो वा यदि पण्डितः।
वैश्वदेवान्तमापन्नः सोऽतिथिः स्वर्गसङ्क्रमः॥ २॥

आफ्नो प्रिय होस् वा शत्रु नै होस्, मूर्ख होस् या विद्वान् नै होस् जुन व्यक्ति बलि-वैश्वदेव गरिसकेपछि ढोकामा आएको हुन्छ, उसलाई अतिथिका रूपमा आएको स्वर्गको ढोका हो भन्ने मान्नुपर्छ।

न पृच्छेच्चरणं गोत्रं न च विद्यां कुलं न च।
अतिथिं वैश्वदेवान्ते श्राद्धे च मनुरब्रवीत्॥ ३॥

मनुको भनाइ छ कि श्राद्ध अथवा बलिवैश्वदेव गरिसकेपछि र खाने बेलामा आइपुगेको अतिथिलाई उसका वेदको शाखा, गोत्र, विद्या र कुलका विषयमा सोधखोज गर्नुहुँदैन।

दूरमार्गश्रमश्रान्तं वैश्वदेवान्तमागतम्।
अतिथिं पूजयेद्यस्तु स याति परमां गतिम्॥ ४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टाढाबाट आएको, थाकेको, बलिवैश्वदेव गरिसकेपछि आइपुगेको र खाने बेलामा आएको व्यक्तिलाई अतिथि मानेर सेवा गर्ने व्यक्तिले परमपद पाउँछ।

अपूजितोऽतिथिर्यस्य गृहाद्याति विनिःश्वसन्।
गच्छन्ति विमुखास्तस्य पितृभिः सह देवता॥ ५॥

जुन मानिसका ढोकाबाट अतिथि दुःखी हुँदै र सुस्केरा हालेर लामो सास फेर्दै फर्किएर जान्छ, त्यसका घरबाट देवता र पितृहरू पनि उसै अतिथिसँग विमुख भएर जान्छन्।

एवमुक्त्वा तस्मै जम्बुफलानि ददौ। सोऽपि तानि भक्षयित्वा तेन सह चिरं गोष्ठीमुखमनुभूय, भूयोऽपि स्वमवनमगात्।

यस किसिमका कुराहरू गरिसकेपछि त्यस बाँदरले गोहीलाई निकै सप्रिएका राम्राराम्रा जामुनका फलहरू खानका लागि ल्याइदियो। ती फलहरू खाएपछि त्यो गोही पनि बाँदरसँग निकै बेरसम्म कुराकानी गरेर आनन्दसँग बस्यो। अनि गफको आनन्द लिइसकेपछि त्यो निस्केर आफ्नो घरतिर हिँड्यो।

एवं नित्यमेव तौ वानरमकरौ जम्बूच्छायास्थितौ विविधशास्त्रगोष्ठ्या कालं नयन्तौ सुखेन तिष्ठतः। सोऽपि मकरो भक्षितशेषणि जम्बूफलानि गृहं गत्वा स्वपत्न्याः प्रयच्छति।

यसै गरी दिनहुँ ती दुई बाँदर र गोही त्यस जामुनका रुखमुनि छायामा बसेर अनेक किसिमका शास्त्रचर्चाहरू गर्ने गर्दथे र आनन्दले आफ्नो दिन बिताउने गर्दथे। त्यो गोही आफूले खाइसकेपछि केही जामुन जोगाएर घरमा ल्याएर आफ्नी स्वास्नीलाई दिने गर्दथ्यो।

अथान्यस्मिन् दिवसे तया स पृष्टः— "नाथ ! क्वैवंविधान्यमृतफलानि प्राप्नोति ?"

एक दिन उसकी स्वास्नी पोथी गोहीले— "हे नाथ ! तिमी यी अमृतजस्तै मिठा फलहरू सधैँ कहाँबाट ल्याउने गर्दछौ ?" भनेर सोध्यो।

स आह— "भद्रे ! ममास्ति परमसुहृद्रक्तमुखो नाम वानरः, स प्रीतिपूर्वमिमानि फलानि प्रयच्छति।"

उसले— "भद्रे ! रक्तमुख नाम भएको एउटा बाँदर मेरो अत्यन्त घनिष्ट मित्र छ। उसैले मलाई ज्यादै माया गरेर सधैँ यी फलहरू दिने गर्दछ" भन्यो।

अथ तयाभिहितं— "यः सदैवामृतप्रायाणीदृशानि फलानि भक्षयति, तस्य हृदयममृतमयं भविष्यति। तद्यदि मया भार्यया ते प्रयोजनं, ततस्तस्य हृदयं मह्यं प्रयच्छ, तेन तद्भक्षियित्वा जरामरणरहिता त्वया सह भोगान्भुनज्मि।"

उसको पोथी गोहीले— "सधैँभरि यस्ता मिठा फल जसले खाइरहेको छ, त्यसको मुटु पनि पक्कै अमृतजस्तै भएको होला। त्यसो हुँदा यदि तिमीलाई मेरो खाँचो पर्दछ भनेदेखि त्यसको मुटु मलाई छिटै ल्याएर देऊ। त्यसो भएपछि त्यो मुटु खाएर म बुढो पनि हुन्नँ र मर्दिनँ पनि। अनि त्यसपछि मैले तिमीसँग सधैँभरि आनन्दसँग विषयको भोग गर्न पाइरहन्छु" भन्यो।

स आह— "भद्रे ! मा मैवं वद। यतः स प्रतिपन्नोऽस्माकं भ्राता। अपरं फलदाता। ततो व्यापादयितुं न शक्यते। तत्त्यजेनं मिथ्याग्रहम्। उक्तञ्च—

पोथीको कुरो सुनेर उसले— "हेर कल्याणी ! यस्तो कुरो नगर। त्यो बाँदर एक किसिमले मेरो दाजुभाइ नै हो। यस कुरालाई मैले स्वीकार गरिसकेको छु। त्यसका अतिरिक्त उसले फल दिएर हामीलाई सधैँ उपकार नै गरिरहेको छ। त्यसैले म त्यसलाई मार्न सक्तिनँ। आफ्नो यस खालको घिन लाग्दो जिद्दी तिमीले छोडिदेऊ। भनिएको छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकं प्रसूयते माता द्वितीयं वाक् प्रसूयते।
वाग्जातमधिकं प्रोचुः सोदर्यादपि बान्धवात्" ॥ ६ ॥

दाजुभाइ दुई किसिमका हुन्छन्। एक खालका आफ्नै आमाका गर्भबाट जन्मिएका र अर्का खालका आफ्नो बोली व्यवहारले बनाइएका। यी दुई किसिमका मध्ये आफ्ना बोली र व्यवहारले बनाइएका दाजुभाइ सहोदर दाजुभाइभन्दा बढ्ता महत्त्व दिनुपर्ने हुन्छन्" भन्यो।

अथ मकर्याह– "त्वया कदाचिदपि मम वचनं नान्यथाकृतम्, तन्नूनं सा वानरी भविष्यति। यतस्तस्या अनुरागतः सकलमपि दिनं तत्र गमयसि। तत्त्वं ज्ञातो मया सम्यक्। यतः–

पोथी गोहीले भालेसँग– "आजभन्दा पहिले तिमीले कहिल्यै पनि मेरो कुरालाई नमानेका थिएनौ। मलाई त त्यो कुनै बाँदर्नी सुन्दरी हो कि जस्तो लाग्न थालेको छ। किनभने त्यसैसँग मख्ख पर्दै तिमीले आफ्नो पूरै दिन उतै बिताउने गर्दछौ। आजदेखि बल्ल मैले तिमीलाई चिनें। किनभने–

साह्लादं वचनं प्रयच्छसि न मे नो वाञ्छितं किञ्चन
प्रायः प्रोच्छ्वसिषि द्रुतं हुतवहज्वालासमं रात्रिषु।
कण्ठाश्लेषपरिग्रहे शिथिलता यन्नादराच्चुम्बसे
तत्ते धूर्त हृदि स्थिता प्रियतमा काचिन्ममेवाऽपरा ॥ ७ ॥

हिजोआज तिमी मैले सोधेका कुराको जवाफ पनि हाँसीखुसी भएर दिइरहेका छैनौ र मेरा मनको कुनै इच्छा पनि पूरा गर्न चाहँदैनौ। राति पनि आगाको ज्वालाजस्तो तातो सासमात्रै फेर्ने गर्दछौ तर मलाई रहर पुग्ने गरी चुम्बन र आलिङ्गन भने कहिल्यै गर्दैनौ। तिमी ज्यादै धूर्त रहेछौ। तिम्रा हृदयमा मेरैजस्तो गरी प्यारी बनेर कुनै अर्कै बस्न पुगिछ, मैले त्यो बुझ्न थालें" भन्यो।

सोऽपि पत्न्यः पादोपङ्गहं कृत्वाङ्कोपरि निधाय तस्याः कोपकोटिमापन्नायाः सुदीनमुवाच–

चरम सीमासम्म रिसाएर भुङ्गोजस्तो भएको आफ्ना पोथीलाई सम्झाउन उसका गोडामा पसारा परेर फेरि काखमा लिएर अत्यन्त दुःखी भावले भाले गोहीले–

"मयि ते पादपतिते किङ्करत्वमुपागते।
त्वं प्राणवल्लभे ! कस्मात्कोपने ! कोपमेष्यसि" ॥ ८ ॥

"हे प्राणप्रिये ! तब त म तिम्रा खुट्टा ढोग्न पुगिसकें। अनि तिमीले जे भनेकी छ्यौ त्यो मान्न पनि तयार भइसकें। हे रिसाही ! तिमी मसँग यति सारो नरिसाऊ न, किन रिसाउँछ्यौ ?" भन्दै फकाउन थाल्यो।

सापि तद्वचनमाकर्ण्याश्रुप्लुतमुखी तमुवाच–

भालेको कुरो सुनेर आफ्ना आँखाभरि आँसु भरिपूर्ण पार्दै पोथी गोहीले–

सार्द्धं मनोरथशतैस्तव धूर्त ! कान्ता सैव स्थिता मनसि कृत्रिमभावरम्या।
अस्माकमस्ति न कथञ्चिदिहावकाशः तस्मात् कृतं चरणपातविडम्बनाभिः ॥ ९ ॥

"हे धूर्त ! तिम्रा मनमा त उसैको माया बसेको रहेछ नि। त्यसले आफ्ना बनावटी मायामा तिमीलाई फँसाइसकेकी रहिछ। त्यसका बनावटी हावभावमा तिमी फँसिसकेका रहेछौ। त्यसो भएकैले तिमी पनि अचेल रातदिन त्यसैका विषयमा मात्रै सम्झिरहन्छौ र त्यसैलाई मन पर्ने कामहरू गर्नका लागि मात्रै आफ्ना मनमा अनेक खालाका कुराहरू सोच्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिरहेका छौ। तिम्रा यस मनमा अब मेरा लागि कुनै ठाउँ पनि छैन। त्यसैले त मलाई भुक्याउने कोसिस गर्दै छौ। यस किसिमले मेरा खुट्टा छोएर बनावटी माया देखाउनुपर्दैन" भन्दै झन् रिसाउन र फन्किन थाल्यो।

"अपरं, सा यदि तव वल्लभा न भवति, तत्किं मया भणितोऽपि तां न व्यापादयसि ? अथ यदि स वानरस्तत्कस्तेन सह तव स्नेहः ? तत्किं बहुना, यदि तस्य हृदयं न भक्षयसि तर्हि मया प्रायोपवेशनं कृतं विद्धि।"

यदि साँच्चै नै त्यो तिम्री मायालु होइन भनेदेखि मैले भन्दाखेरि पनि त्यसलाई मार्ने तयारी गर्नका लागि तिमी किन सक्दैनौ त ? यदि त्यो साँच्चै नै बाँदर्नी नभएर बाँदर हो भनेदेखि त्यससँग तिमीले मैत्री गर्नुपर्ने काम के थियो र ? त्यसप्रति तिम्रा मनमा यति धेरै माया किन हुन्थ्यो र ? म धेरै गन्गन गर्न चाहन्नँ, तर तिमीले यदि मलाई त्यसको मुटु खान दिँदैनौ भने आजदेखि म अनशन गरेर मर्नेछु" भन्यो।

एवं सत्यस्तं निश्चयं ज्ञात्वा चिन्ताव्याकुलितहृदयः सः प्रोवाच— "अहो, साध्विदमुच्यते—

आफ्नी पोथीको निश्चयात्मक अडान लिएको जिद्दी कुरो सुनेर चिन्ताले व्याकुल हुँदै त्यस गोहीले मनमनै— "कसैले ठिकै पनि भनेका रहेछन् कि—

वज्रलेपस्य मूर्खस्य नारीणां कर्कटस्य च।
एको ग्रहस्तु मीनानां नीलीमद्यपयोस्तथा॥ १०॥

सिमन्टी, लाहा, मूर्ख, गङ्टो, माछो, निलो रङ, आइमाईको जिद्दी आदि कुराहरू प्रायः एकै किसिमका हुन्छन्। उनीहरूको आग्रह र पकड पनि एकै खालको हुन्छ। तिनीहरूले जसलाई एकपटक पक्रन्छन्, त्यसलाई कहिल्यै फेरि छोड्न चाहँदैनन्।

तत्किं करोमि ? कथं स मे वध्यो भवति ?" इति विचिन्त्य वानरपार्श्वमगमत्। वानरोऽपि चिरादायान्तं तं सोद्वेगमवलोक्य प्रोवाच, "भो मित्र! किमद्य चिरवेलया समायातोऽसि ? कस्मात्साह्लादं नालापसि ? न सुभाषितानि पठसि ?"

अब मैले के गर्नु ? मैले त्यसलाई कसरी मार्न सक्छु र ?" यस किसिमका कुराहरू सोच्दै ऊ फेरि उसै बाँदर भएका ठाउँमा गयो। धेरै दिनपछि खिन्न र दिक्क मान्दै दुःखी मन लिएर आएको त्यस गोही मित्रलाई देखेर बाँदरले— "मित्र ! तिमी धेरै दिनपछि बल्ल आज मात्रै किन देखियौ ? सधैँको जस्तो हाँसीखुसी कुरो गर्न मन पनि गरिरहेका छैनौ। पहिलेका जस्ता राम्रा श्लोकहरू पनि सुनाउँदैनौ। तिम्रो यस किसिमको खिन्नताको कारण के हो त ?" भनेर सोध्यो।

स आह— "मित्र। अहं तव भ्रातृजायया निष्ठुरतरैर्वाक्यैरभिहितः— भोः तव कृतघ्न। मा मे त्वं स्वमुखं दर्शय। यतस्त्वं प्रतिदिनं मित्रमुपजीवसि, न च तस्य पुनः प्रत्युपकारं गृहदर्शनमात्रेणापि करोषि, तत्ते प्रायश्चित्तमपि नास्ति। उक्तञ्च—

त्यसरी सोधिसकेपछि गोहीले— "मित्र ! आज तिम्री भाउजै मसित ज्यादै रिसाएकी छ र मलाई उसले निकै हप्काएकी पनि छ। उसले त— हे कृतघ्न ! बरु तिमीले मलाई आफ्नो मुख पनि देखाउनुपर्दैन। किनभने तिमी सधैँभरि मित्रका घरमा जान्छौ, उनले दिएको खान्छौ अनि उनैबाट खाइगुजारा चल्ने गरी खाने कुरो लिएर आउँदै जीविका चलाइरहेका छौ। त्यति हुँदा पनि तिमीले उनको कुनै उपकार भने गरेका छैनौ। तिमीले उनलाई आफ्ना घरमा किन बोलाएर ल्याउन पनि सकेनौ ? त्यसैले तिम्रा यस्तो कृतघ्नताको कुनै प्रायश्चित्त पनि छैन। भनिएको छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मघ्ने च सुरापे च चौरे भग्नव्रते शठे।
निष्कृतिविहिता सद्भिः कृतघ्ने नास्ति निष्कृतिः ॥ ११ ॥

ब्रह्मघाती, जँडाहा, चोर, व्रतघातक र दुष्ट व्यक्तिहरूलाई विद्वान्हरूले प्रायश्चित्तको विधान लेखेका पनि छन्, तर कृतघ्नका लागि कुनै पनि प्रायश्चित्त लेखेका छैनन्।

तत्त्वं मम देवरं गृहत्वाद्य प्रत्युपकारार्थं गृहमानय, नो चेत्त्वया सह मे परलोके दर्शनम् इति। तदहं तयेवं प्रोक्तस्तव सकाशमागतः। तदद्य तया सह त्वदर्थे कलाहयतो ममेयती वेला विलग्ना तदागच्छ मे गृहम्। तब भ्रातृपत्नी र चितचतुष्का प्रगुणितवस्त्रमणि-माणिक्याद्युचिताभरणा द्वारदेशबद्धबन्दमाला सोत्कण्ठा तिष्ठति।"

त्यसैले आज तिमीले मेरा देवरलाई आफूसँगै घरमा लिएरमात्रै आउनू नभए म त तिमीसँग परलोकमा मात्रै भेटिनेछु" भनेकी छ। उसको उपर्युक्त कुराहरू सुनिसकेपछि म त आज तिमीसँग आग्रह गर्नका लागि आएको छु। तिम्रा विषयमा उसँग झगडा गर्दा गर्दै मेरो निकै लामो समय बितेर गयो। त्यसैले तिमीसँग आइपुग्नका लागि मलाई यति धेरै समय लाग्यो र ढिलो पनि भयो। तिमी मेरा घरमा जानका लागि छिटै तयार भइदेऊ। तिम्री भाउजै तिमीलाई पर्खँदै छ। उसले तिम्रो स्वागत गर्नका निकै राम्ररी सिँगारपटार गरेर निकै मूल्यवान् माला, लुगाकपडा र गरगहना लगाएकी छ। ढोकामा तोरण र मालाले सजाइराखेकी छ र कहिले भेटौँ भन्दै दोबाटासम्म आएर पर्खिबसेकी छ" भनेर सुनायो।

मर्कट आह— "भो मित्र ! युक्तमभिहितं मद्भ्रातृपत्न्या। उक्तञ्च—

त्यस्तो कुरो सुनेपछि बाँदरले पनि— "मित्र ! भाउजैले पनि ठिकै भनेकी रहिछन्। भनिएको पनि छ कि—

वर्जयेत् कौलिकाकारं मित्रं प्राज्ञतरो नरः।
आत्मनः सम्मुखं नित्यं य आकर्षति लोलुपः ॥ १२ ॥ तथा च—

जुलाहाले निरन्तर कपडा बुन्दा कपडालाई मात्रै आफूतिर तान्दछ तर आफू कपडातिर कहिल्यै तानिँदैन। बुद्धिमान् व्यक्तिले त्यस्तो व्यवहार गर्ने मित्रहरूलाई छोडिदिनुपर्छ। किनभने त्यस्ता मित्रले आफ्ना लोभका कारणले मित्रको धन चुस्नका लागि निरन्तर अरूलाई आफूतिर तान्ने गर्दछन्। आफूचाहिँ उपकार गर्नका लागि उनीहरूतिर कहिल्यै पनि जाँदैनन्। त्यसै गरी—

ददाति प्रतिगृह्णाति गुह्यमाख्याति पृच्छति।
भुङ्क्ते भोजयते चैव षड्विधं प्रीतिलक्षणम् ॥ १३ ॥

मित्रलाई आफ्नो धन दिनु, आवश्यकता पर्दा उनीबाट धन लिनु, आफ्नो आन्तरिक कथाव्यथा सुनाउनु र उनका कथाव्यथा सुन्नु, आफूसँग भएको खाने कुरा बाँडेर मित्रलाई खुवाउनु र मित्रले बाँडेको कुरो पनि आफूले स्नेहपूर्वक खाइदिनु आदि छवटा व्यवहार एकापसमा हुनु नै मित्रताको लक्षण हो।

परं वयं वनचराः, युष्मदीयं च जलान्ते गृहम्। तत्कथं शक्यते तत्र गन्तुम्, तस्मात्तामपि मे भ्रातृपत्नीमत्रानय, येन प्रणम्य तस्या आशीर्वादं गृह्णामि।"

हामीहरू त वनजङ्गलका बासिन्दा हौँ। अनि तिम्रो घर पानीभित्र छ। त्यहाँ हामीहरू जान पो कसरी सक्छौँ र ? त्यसैले तिमीले मेरी भाउजैलाई नै यहाँ लिएर आऊ। त्यसो भएपछि उनलाई म यहीँ प्रणाम गरेर उनको आशीर्वाद लिन पाइहाल्छु" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स आह– " भो मित्र ! अस्ति समुद्रान्तरे सुरम्ये पुलिनप्रदेशेऽस्मदीयं गृहम्। तन्मम पृष्ठमारूढः सुखेनाकुतोभयो गच्छ।"

गोहीले– "मित्र ! समुद्रका बिचमा एउटा ज्यादै सुन्दर टापु छ। त्यसै टापुमा मेरो घर छ। तिमी मेरा पिठ्युँमाथि चढेर बस, अनि अत्यन्त सुखपूर्वक निर्भयताका साथ त्यहाँ पुग्न सक्नेछौ" भन्यो।

सोऽपि तच्छ्रुत्वा सानन्दमाह– "भद्र ! यद्येवं तत्किं विलम्ब्यते ? त्वर्यताम्। एषोऽहं तव पृष्ठमारूढः" इति आरुरुह।

गोहीको कुरो सुनेर मनमा खुसी हुँदै त्यस बाँदरले– "भद्र ! यदि कुरो यस्तै नै हो भनेदेखि तिमीले किन ढिलो गरिरहेका छौ त ? हिँड छिटो गरी जाऔँ। ल, म त तिम्रा पिठ्युँमाथि चढिहालेँ नि" भन्दै गोहीका पिठ्युँमा बाँदर चढ्यो।

तथानुष्ठितेऽगाधे जलधौ गच्छन्तं मकरमालोक्य भयत्रस्तमना वानरः प्रोवाच, "भ्रातः ! शनैः शनैर्गम्यतां, जलकल्लोलैः प्लाव्यते मे शरीरम्।"

गोहीका पिठ्युँमाथि चढेर हिँडिसकेपछि जब गोहीले उसलाई समुद्रका बिचको गहिरो पानीतिर लान लागेको देख्यो, अनि बाँदरले डराएर थर्कमान हुँदै– "मित्र ! अलिक बिस्तारै जाऔँ, पानीका यी छालहरूले मलाई डुबाउन लागेका छन्। मलाई त आफू डुब्ने हुँ कि जस्तो डर पो लाग्दै छ" भन्यो।

तदाकर्ण्य मकरश्चिन्तयामास– "असावगाधं जलं प्राप्तो मे वशः सञ्जातः। मत्पृष्ठगतस्तिलमात्रमपि चलितुं न शक्नोति, तस्मात्कथयाम्यस्य निजाभिप्रायं, येनाभीष्टदेवतास्मरणं करोति।

बाँदरको कुरो सुनेर गोहीले मनमनमा अब त मैले यसलाई लिएर गहिरो पानीमा आइपुगेको छु। यो मेरो नियन्त्रणमा परिसकेको छ। मेरा पिठ्युँबाट ओर्लिएर त यो अब अलिकति वरपर पनि जान सक्दैन। त्यसैले यसका अगाडि आफ्नो अभिप्राय भनिदिनु पनि राम्रै हुन्छ। किनभने यसले पनि आफ्ना इष्ट देवताको स्मरण गर्न पाओस्" भन्ने सोच्यो।

आह च– "मित्र ! त्वं मया वधाय समानीतो भार्यावाक्येन विश्वास्य। तत्स्मर्यतामभीष्टदेवता।"

अनि बाँदरसँग स्पष्ट शब्दमा– "मित्र ! स्वास्नीका कुराको विश्वास गराएर मैले तिमीलाई यहाँ मार्नका लागि लिएर आएको हुँ। त्यसैले तिमी चाहन्छौ भनेदेखि आफ्ना इष्ट देवताको स्मरण गर्न सक्नेछौ" भन्यो।

स आह– "भ्रात ! किं मया तस्यास्तवापि चापकृतं, येन मे वधोपयाश्चिन्तितः ?"

बाँदरले– "भाइ ! मैले तिम्रो र तिम्री स्वास्नीको के बिगार गरेको थिएँ र तिमीहरूले मलाई मार्नका लागि निश्चय गरेर यहाँसम्म ल्याउन तम्सिएका छौ ?" भनेर सोध्यो।

मकर आह– "भोः ! तस्यास्तावत्तव हृदयस्यामृतमयफलरसास्वादनमिष्टस्य भक्षणे दोहदः सञ्जातः तेनैतदनुष्ठितम्।"

गोहीले उत्तर दिँदै– "तिमीले अमृतसरहका फलहरू खाएका हुनाले अत्यन्त मिठो र स्वादिलो बनेको तिम्रा हृदयको मासु मेरी स्वास्नीले खाने मन गरेकी छ। त्यसैले मैले तिमीलाई यस किसिमको कुरो गरेको हुँ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रत्युत्पन्नमतिर्वानर आह— "भद्र ! यद्येवं तत्किं त्वया मम तत्रैव न व्याहृतं येन स्वहृदयं जम्बूकोटरे सदैव मया यत्सुगुप्तं कृतं तद्भ्रातृपत्न्या अर्पयामि। त्वयाहं शून्यहृदयोऽत्र कस्मादानीतः ?"

बाँदर अत्यन्त शीघ्रबुद्धि रहेछ। त्यसैले उसले तत्काल— "भद्र ! यदि कुरो यसो नै हुँदो हो त तिमीले मलाई उहीँ किन नभनेका ? त्यसरी भनेका भएदेखि मैले जामुनका रुखको टोडकामा सधैँभरिँ सुरक्षित गरी लुकाइराखेको मेरो हृदय पनि सँगै लिएर आउने थिएँ र आफ्नी भाउजैलाई सहर्ष चढाउने थिएँ। तिमीले त मलाई यहाँ बिनाहृदयको नै किन लिएर आएका छौ ?" भनिदियो।

तदाकर्ण्य मकरः सानन्दमाह— "भद्र ! यद्येवं तदर्पय मे हृदयं, येन सा दुष्टपत्नी तद्भक्षयित्वानशनादुत्तिष्ठति। अहं त्वां तमेव जम्बूपादपं प्रापयामि" एवमुक्त्वा निवृत्य जम्बूतलमगात्।

त्यस्तो कुरो सुनिसकेपछि गोहीले आनन्दयुक्त हृदयले— "भद्र ! यदि कुरो यस्तै नै हो भनेदेखि तिमी आफ्नो हृदय मलाई देऊ। त्यसो भएपछि म त्यो हृदय लगेर मेरी पापिनी स्वास्नीलाई दिनेछु र त्यसलाई खाएपछि उसले आफ्नो अनशन व्रत पनि छोड्नेछे। म फेरि तिमीलाई जामुनका फेदमा पुर्‍याइदिन्छु" भन्दै उसले बाँदरलाई समुद्रका किनारको जामुनका रुखमुनि छायासम्म पुर्‍याउन लाग्यो।

वानरोऽपि कथमपि जल्पितविविधदेवतोपचारपूजस्तीरमासादितवान्। ततश्च दीर्घतर-च्छङ्क्रमेण तमेव जम्बूपादपमारूढश्चिन्तयामास— "अहो, लब्धास्तावत्प्राणाः। अथवा साध्विदमुच्यते—

अनेकौँ किसिमका देवी र देवताहरूलाई ध्यान, स्तुति, पूजा आदिले खुसी गराउँदा गराउँदै बाँदर कुनै हालत भाग्यवश समुद्रका किनारसम्म आइपुग्यो। त्यहाँ पुग्नेबित्तिकै कुद्दै उफ्रेर जामुनका रुखमाथि चढ्यो र आफ्नै मनमा— "धन्न ज्यान बाँच्यो, आज त मेरो निकै दह्रो भाग्यले मात्रै बाँचेर सर्वथा सकुशल रूपमा फर्केर आउन पाएँ। अथवा कसैले ठिकै भनेको रहेछ कि—

न विश्वसेदविश्वस्ते विश्वस्तेऽपि न विश्वसेत्।
विश्वासाद्भयमुत्पन्नं मूलान्यपि निकृन्तति॥ १४॥

विश्वास गर्न नहुने शत्रुमाथि कसै गरी विश्वास गर्नुहुँदैन। विश्वस्त व्यक्तिलाई पनि चाहिंदोभन्दा बढी विश्वास गर्नुहुँदैन। किनभने विश्वासकै कारणले उत्पन्न हुने डरले मानिसको जरैसम्म नाश गरेर छोड्दछ" भन्ने सोच्यो।

तन्ममैतदद्य पुनर्जन्मदिनमिव सञ्जातम्" इति चिन्तयमानं मकर आह— "भो मित्र ! अर्पय तद्धृदयं यथा ते भ्रातृपत्नी भक्षयित्वानशनादुत्तिष्ठति।"

जति बेला त्यो बाँदर त्यस किसिमका कुराहरू सोचिरहेको के थियो उसै बेलामा गोहीले तलबाट उसलाई सम्बोधन गर्दै बोलाएर— "मित्र ! तिम्रो त्यो हृदय देऊ न, त्यसलाई खाएपछि तिम्री भाउजैले आफ्नो अनशन व्रत छोडिदिनेछ" भन्यो।

अथ विहस्य, निर्भर्त्सयन् वानरस्तमाह— "धिग्धिङ्मूर्ख ! विश्वासघातक ! किं कस्यचिद्धृदयद्वयं भवति तदाशु गम्यतां जम्बूवृक्षस्याधस्तलात्, न भूयोऽपि त्वयात्रागन्तव्यम्। उक्तञ्च यतः—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाँदरले उसलाई खिसी गर्दै धिक्कारेर– "मूर्ख ! विश्वासघाती ! कुनै व्यक्तिका कतै दुईतीनवटा हृदय हुन्छन् ? तँ यस जामुनका फेदबाट तुरुन्त फर्केर जा। फेरिदेखि यता आउने कोसिस पनि नगर्नू। भनिएको पनि छ कि–

सकृद्दुष्टं च यो मित्रं पुनः सन्धातुमिच्छति।
स मृत्युमुपगृह्णाति गर्भमश्वतरी यथा॥ १५॥

एकपटकको मित्र शत्रुका रूपमा परिणत भएपछि फेरि त्यसै व्यक्तिले मौका मिलाएर मित्र बन्ने प्रयास गर्दछ र कसैले त्यसमाथि विश्वास गर्दछ भनेदेखि त्यो विश्वास गर्ने मानिसले गर्भधारण गर्ने खच्चरीको जस्तै गरी आफ्नै काललाई निम्त्याउँछ।

तच्छ्रुत्वा मकरः सविलक्षं चिन्तितवान्– "अहो, मयातिमूढेन किमस्य स्वचित्ताभिप्रायो निवेदितः ? तद्यद्यसौ पुनरपि कथञ्चिद्विश्वासं गच्छति तद् भूयोऽपि विश्वासयामि" आह च – "मित्र ! हास्येन मया तेऽभिप्रायो लब्धः, तस्या न किञ्चित्तव हृदयेन प्रयोजनम्। तदागच्छ प्राघुणिकन्यायेनास्मद् गृहम्। तव भ्रातृपत्नी सोत्कण्ठा वर्तते।"

बाँदरले गरेको खिसी र धिक्कारलाई सुनेपछि लज्जित र अपमानित हुँदै त्यस गोहीले पनि आफ्नै मनमा– "म कति मूर्ख रहेछु, मैले आफ्नै मुर्ख्याइँले गर्दा मनमा उब्जिएको कुरो किन यस बाँदरलाई सुनाएँ ? जे होस्, म फेरि प्रयास गर्नेछु, कतै मैले भनसुन गर्दा पत्याएर मेरा भनाइमा आउने हो कि ? त्यसो हुँदा फेरि यसलाई विश्वस्त पार्नका लागि कोसिस गर्नेछु" भन्ने ठान्यो। यस्तो कुरो सोचेर उसले फेरि बाँदरसँग– "मित्र ! मैले त तिम्रा मित्रताको परीक्षा लिनका लागि ख्यालख्यालमा छलमात्रै गरेको थिएँ। अब मैले तिम्रा मनको कुरो बुझिसकें। तिम्री भाउजैलाई तिम्रा हृदयको कुनै आवश्यकता छैन। त्यसैले अब तिमी मेरा घरमा अतिथि बनेर जानुपर्छ। तिम्री भाउजैले तिमीलाई अति उत्कण्ठाका साथ पर्खिएर बसिरहेकी छ" भन्यो।

तच्छ्रुत्वा वानर आह– "भो दुष्ट ! गम्यताम्। अधुना नाहमागमिष्यामि। उक्तञ्च–

त्यसको कुरो सुन्नेबित्तिकै बाँदरले– "दुष्ट ! यहाँबाट तुरुन्त भाग्। अब म कहिल्यै पनि तेरानजिक आउनेवाला छैनँ। भनिएको पनि छ कि–

बुभुक्षितं किं न करोति पापं क्षीणा नरा निष्करुणा भवन्ति।
आख्याहि भद्रे ! प्रियदर्शनस्य न गङ्गदत्तः पुनरेति कूपम्" ॥ १६ ॥

भोकाएका व्यक्तिले कस्तो पापचाहिँ नगर्ला र ? नोक्सानीमा परेको, ख्याउटे वा रोगी व्यक्ति निर्मोही नै हुन्छन्। त्यसैले हे सज्जन ! त्यस प्रियदर्शन नामका सर्पसँग गएर भनिदेऊ कि अब गङ्गदत्त फेरि इनारमा पस्नेवाला छैन।

मकर आह– "कथमेतत् ?" मर्कट कथयति–

गोहीले– "त्यो कस्तो कथा हो ?" भनेर सोध्यो। बाँदरले भन्न सुरु गर्‍यो।

गङ्गदत्तप्रियदर्शनयोः कथा

कस्मिँश्चित्कूपे गङ्गदत्तो नाम मण्डूकराजः प्रतिवसति स्म। स कदाचिद्दायादैरुद्वेजितोऽरघट्टघटीमारुह्य निष्क्रान्तः। अथ तेन चिन्तितम्– यत्– "कथं तेषां दायादानां मया प्रत्युपकारः कर्तव्यः ? उक्तञ्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गङ्गदत्त र प्रियदर्शन

कुनै एउटा इनारमा गङ्गदत्त नामको एउटा भ्यागुताको राजा रहन्थ्यो। कुनै दिन उसका आफन्तहरूले दुःख दिएकाले दिक्क भएर पानी उघाउने घडाभित्र पसेर त्यस इनारबाट बाहिर निस्कियो। त्यसपछि उसले आफ्ना मनमा "अब के बिगार गरेर र कसरी सताएर यी आफन्तहरूलाई मप्रति यिनीहरूले गरेका अपमानको बदला लिन सकूँला ? भनिएको छ कि—

आपदि येनापकृतं येन च हसितं दशासु विषमासु।
अपकृत्य तयोरुभयोः पुनरपि जातं नरं मन्ये" ॥ १७ ॥

आपद् परेका बेलामा जुन व्यक्तिले दुःख दिएको छ र जसले आफूलाई दुःख परेका बेलामा खिसी गरेको छ ती दुवै किसिमका व्यक्तिहरूसँग आफ्ना अपमानको बदला जसले लिन सक्दछ, त्यस व्यक्तिलाई म दोस्रोपटक जन्मिएको मानिस समान मान्दछु" भन्ने ठान्यो।

एवं चिन्तयन् बिले प्रविशन्तं प्रियदर्शनाभिधं कृष्णसर्पमपश्यत्। तं दृष्ट्वा भूयोऽप्यचिन्तयत्— यत्— "एनं तत्र कूपे नीत्वा सकलदायादानामुच्छेदं करोमि। उक्तञ्च—

यस किसिमका कुराहरू उसले मनमनै गुन्दै थियो, त्यत्तिकैमा दुलाभित्र पस्तै गरेको प्रियदर्शन नाम गरेको कालो सर्पलाई देख्यो। त्यसलाई देख्नेबित्तिकै उसले आफ्ना मनमा फेरि— "मैले यस सर्पलाई इनारमा लगेर त्यहाँभित्र पुऱ्याएँ भने सबै आफन्तहरूको नै विनाश हुन्छ, मैले त्यसो गर्नुहुँदैन र ? भनिएको पनि छ कि—

शत्रुणा योजयेच्छत्रु बलिना बलवत्तरम्।
स्वकार्याय यतो न स्यात्काचित् पीडाऽत्र तत्क्षये ॥ १८ ॥ तथा च—

बलवान् शत्रुसँग कुनै अर्को बलियो शत्रुलाई भिडाएर उसको विनाश गर्नुपर्दछ। यस्तो गर्नाले आफ्नो काम पनि पूरा हुन्छ र शत्रुको विनाश गर्नका लागि आफूले पनि विशेष कष्ट उठाउनुपर्दैन। त्यसै गरी—

शत्रुमुन्मूलयेत्प्राज्ञस्तीक्ष्णं तीक्ष्णेन शत्रुणा।
व्यथाकारं सुखार्थाय कण्टकेनैव कण्टकम्" ॥ १९ ॥

गोडामा बिझेको दुःखदायी काँडालाई जसरी कुनै अर्को एउटा काँडाले नै निकाल्ने गरिन्छ, उसै गरी अत्यन्त कष्टदायक तथा उग्र शत्रुलाई पनि आफ्नो सुखका लागि कुनै उग्र र बलियो शत्रुसँग भिडाएर बुद्धिमान् व्यक्तिले त्यसको उन्मूलन गर्नुपर्दछ" भन्ने सोच्यो।

एवं स विभाव्य बिलद्वारं गत्वा तमाहूतवान्— "एह्येहि प्रियदर्शन ! एहि।"

यसरी सोचिसकेपछि उसले सर्पको दुलाको नजिकै गएर उसलाई बोलाउँदै— "प्रियदर्शन ! यहाँ आऊ, यता आऊ" भनेर बोलायो।

तच्छ्रुत्वा सर्पश्चिन्तयामास— "य एष मामाह्वयति, स स्वजातीयो न भवति। यतो नैषा सर्पवाणी। अन्येन केनापि सह मम मर्त्यलोके सन्धानं नास्ति। तदत्रैव दुर्गे स्थितस्तावद्वेद्मि— कोऽयं भविष्यति ? उक्तञ्च—

त्यसको कुरो सुनेर सर्पले आफ्ना मनमा सोच्यो कि यो जुन व्यक्तिले मलाई बोलाइरहेको छ त्यो मेरा जातिको हुन सक्दैन। किनभने यो बोली सर्पको होइन। कुनै अर्का व्यक्तिसँग यस धर्तीलोकमा मेरो परिचय पनि छैन। त्यसैले यस किल्लाभित्रै बसेर मैले यो कस्तो व्यक्ति हुन सक्दछ भनेर त्यसका विषयमा जान्नुपर्ने हुन्छ। भनिएको पनि छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्य न ज्ञायते शीलं न कुलं न च संश्रयः।
न तेन सङ्गतिं कुर्यादित्युवाच बृहस्पतिः॥ २०॥

"जुन व्यक्तिको स्वभाव, कुल र बस्ने ठाउँबाट मानिस परिचित छैन त्यस्ता व्यक्तिसँग सम्पर्क स्थापित गर्नुहुँदैन भनेर देवताहरूका गुरु बृहस्पतिले पनि भनेका छन्।

कदाचित्कोऽपि मन्त्रवाद्योषधिचतुरो वा मामाहूय बन्धने क्षिपति, अथवा कश्चित् पुरुषो वैरमाश्रित्य कस्यचिद्भक्षणार्थे मामाह्वयति। आह च— "भोः को भवान् ?"

यहाँ त कथं कदाचित् कुनै तान्त्रिक वा रसायनआदिको ज्ञाता चतुर व्यक्तिले मलाई बोलाएर आफ्ना बन्धनमा बाँध्न पनि सक्ला, अथवा कुनै व्यक्तिले आफ्नो शत्रुताका कारणले कसैलाई टोकाइमाग्नका लागि पनि बोलाएको हुन सक्छ। यस्तै किसिमका कुराहरू विचार गरेर उसले— "महाशय ! तिमी को हौ ?" भनेर सोध्यो।

स आह— "अहं गङ्गदत्तो नाम मण्डूकाधिपतिस्त्वत्सकाशे मैत्र्यर्थमभ्यागतः।"

भ्यागुताले— "म भ्यागुताहरूको राजा हुँ। मेरो नाम गङ्गदत्त हो। म यहाँ अहिले तपाईंसँग मैत्री गर्नका लागि आएको हुँ" भन्यो।

तच्छ्रुत्वा सर्प आह, "भो, अश्रद्धेयमेतद्यत्, तृणानां वह्निना सह सङ्गमः। उक्तञ्च—

त्यसको कुरो सुनेर सर्पले— "महाशय ! यो कुरो विश्वासयोग्य हुन सक्दैन किनभने आगोसँग दाउराको मैत्री हुन सक्दैन"। भनिएको पनि छ कि—

यो यस्य जायते वध्यः स स्वप्नेऽपि कथञ्चन।
न तत्समीपमभ्येति तत्किमेवं प्रजल्पसि ?" ॥ २१॥

जुन प्राणी कुनै अर्को प्राणीबाट मारिने वा खाइने स्वभावको हुन्छ, त्यो प्राणीले कहिल्यै सपनामा पनि आफूलाई खाने शत्रु प्राणीसँग मितेरी गाँस्न खोज्दैन। त्यसैले तिमी यस् किसिमका व्यर्थ गफ किन हाँक्दै छौ ?" भन्यो।

गङ्गदत्त आह— "भोः ! सत्यमेतत्। स्वभाववैरी त्वमस्माकम्, परं परपरिभवात् प्राप्तोऽहं ते सकाशम्। उक्तञ्च—

गङ्गदत्तले त्यसको उत्तरमा— "महोदय ! तिम्रो भनाइ यथार्थ छ। तिमी हाम्रा स्वाभाविक शत्रु पनि हौ, तर शत्रुको तिरस्कारबाट रिसाएको हुनाले म तिमी भएका ठाउँमा आएको छु। भनिएको पनि छ कि—

सर्वनाशे च सञ्जाते प्राणानामपि सङ्क्षये।
अपि शत्रुं प्रणम्यापि रक्षेत्प्राणान् धनानि च॥ २२॥

सबै कुरो नाश हुने स्थिति आइलागेका बेला अथवा आफ्नै ज्यान जान लागेका समयमा मानिसले आवश्यकताअनुसार शत्रुको अधीनलाई स्वीकार गरेर भए पनि आफ्नो प्राण र धनको रक्षा गर्नुपर्दछ" भन्यो।

सर्प आह— "कथय कस्मात्ते परिभवः ?"

सर्पले— "भन, कसले तिम्रो अपमान गरेर हेपेको छ ?" भनेर सोध्यो।

स आह— "दायादेभ्यः"

भ्यागुताले— "मेरा आफन्तहरूबाट नै म हेपिएको छु" भन्यो।

सोऽप्याह— "क्व ते आश्रयः वाप्यां, कूपे, तडागे, ह्रदे वा ? तत्कथय स्वाश्रयम्।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि सर्पले– "तिम्रो बस्ने ठाउँ कहाँ छ ? कुनै पोखरीमा कि, कुनै तलाउमा कि, कुनै इनारमा कि, अथवा कुनै झिलमा ? पहिले आफ्नो निवासस्थान त बताइदेऊ" भन्यो।

तेनोक्तम्– "पाषाणचयनिबद्धे कूपे।"

अनि भ्यागुताले– "ढुङ्गाले बारिएको एउटा इनारभित्र" भनेर बतायो।

सर्प आह– "अहो अपदा वयम्। तन्नास्ति तत्र मे प्रवेशः। प्रविष्टस्य च स्थानं नास्ति, यत्र स्थितस्तव दायदान् व्यापादयामि। तद् गम्यताम्। उक्तञ्च–

सर्पले– "मित्र ! हामीहरूका खुट्टा हुँदैनन्। त्यसैले म त्यहाँ पस्न सक्दिनँ। यदि कुनै किसिमले त्यसमा पसेँ भने पनि त्यहाँ मलाई बस्नका लागि कुनै त्यस्तो ठाउँ नहोला, जहाँ बसेर तिम्रा आफन्तहरूलाई मार्न सकूँ। त्यसैले तिमी कृपा गरेर यहाँबाट जाऊ। भनिएको छ कि–

यच्छक्यं ग्रसितुं शस्तं ग्रस्तं परिणमेच्च यत्।
हितं च परिणामे यत्तदाद्यं भूतिमिच्छता" ॥ २३ ॥

ऐश्वर्यलाई वा भलो चाहने मानिसले उसै वस्तुलाई मात्र खानुपर्दछ कि जसलाई उसले खान सक्दछ, उसका पेटभित्र पुगेर जुन वस्तु सजिलैसँग पच्न पनि सक्छ र त्यसको परिणाम पनि हितकारी नै हुन्छ" भन्यो।

गङ्गदत्त आह, "भोः ! समागच्छ त्वम्। अहं सुखोपायेन तत्र तव प्रवेशं कारयिष्यामि। तथा तस्य मध्ये जलोपान्ते रम्यतरं कोटरमस्ति, तत्र स्थितस्त्वं लीलया दायादान् व्यापादयिष्यसि।"

गङ्गदत्तले– "महाशय ! तिमी आऊ न। म अत्यन्त सजिलैसँग त्यसभित्र तिमीलाई पसाइदिनेछु। त्यस इनारका पानीको किनारमा एउटा रमणीय गुफा पनि छ। त्यसैमा बसेर तिमीले दिन कटाउन सक्नेछौ र त्यहीँ बसेर सजिलैसँग मेरा दायादहरूलाई पछार्न सक्नेछौ" भन्यो।

तच्छ्रुत्वा सर्पो व्यचिन्तयत्– "अहं तावत्परिणतवयाः कदाचित्कथञ्चिन्मूषकमेकं प्राप्नोमि। तत्सुखावहो जीवनोपायोऽयमनेन कुलाङ्गारेण मे दर्शितः। तद्गत्वा तान् मण्डूकान् भक्षयामि" इति। अथवा साध्विदमुच्यते–

भ्यागुताको कुरो सुनेर सर्पले आफ्नै मनमनमा– "म पनि उमेर ढल्केर बुढो हुन लागेको छु। कुनैकुनै दिन मौकाले एउटा मुसोमात्रै खान पाउने गरेको छु। आज त यस कुलाङ्गारले मेरो खाइगुजाराको बहुतै सजिलो र सुबिस्ताको व्यवस्था बनाइदिन लागेको छ। त्यसो हुँदा मैले त्यहाँ गएर ती भ्यागुताहरूलाई अवश्य खानुपर्दछ। कसैले ठिकै भनेको छ कि–

यो हि प्राणपरिक्षीणः सहायपरिवर्जितः।
स हि सर्वसुखोपायां वृत्तिमारचयेद् बुधः ॥ २४ ॥

जुन व्यक्तिको शक्ति कम हुँदै गइरहेको छ र उसको पालनपोषण गर्ने कोही पनि छैन भने त्यस्ता व्यक्तिले आफ्नो खाइगुजाराका लागि कुनै अत्यन्त सजिलो किसिमको उपाय चयन गर्नुपर्दछ। बुद्धिमत्ता पनि यही हुन्छ" भन्ने सोच्यो।

एवं विचिन्त्य तमाह– "भो गङ्गदत्त ! यद्येवं तदग्रे भव, येन तत्र गच्छावः।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी सोचिसकेपछि त्यस सर्पले– "गङ्गदत्त ! यदि यस्तै कुरो हो भनेदेखि तिमी अघिअघि हिँड। त्यसो भयो भने हामी त्यहाँ छिटै पुग्नेछौँ" भन्यो।

गङ्गदत्त आह– " भोः प्रियदर्शन ! अहं त्वां सुखोपायेन तत्र नेष्यामि, स्थानं च दर्शयिष्यामि। परं त्वयाऽस्मत्परिजनो रक्षणीयः केवलं यानहं तव दर्शयिष्यामि तं एव भक्षणीयाः" इति।

गङ्गदत्तले फेरि– "प्रियदर्शन ! म अति छोटो र सजिलो उपायले त्यहाँ पुऱ्याउनेछु र बस्नका लागि ठाउँ पनि देखाइदिन्छु। तर तिमीबाट मेरा परिवारको भने रक्षा हुर्नुपर्छ। केवल म जजसलाई भन्दछु उनीहरूलाई मात्रै तिमीले खानुपर्छ" भन्यो।

सर्प आह– "साम्प्रतं त्वं मे मित्रं जातम्। तन्न भेतव्यम्। तव वचनेन भक्षणीयास्ते दायादाः।" एवमुक्त्वा बिलान्निष्क्रम्य तमालिङ्ग्य च तेनैव सह प्रस्थितः।

सर्पले– "तिमी त यस बेला मेरो मित्र भइसकेका छौ। त्यसैले अब तिमीले मसँग डराएर बस्नुपर्ने कुनै काम छैन। म तिम्रै आज्ञाबाट मात्रै तिम्रा आफन्तहरूलाई मारूँला" भन्यो। यस किसिमका आश्वासन दिइसकेपछि सर्पले त्यस प्वालबाट निस्केर सबैभन्दा पहिले गङ्गदत्तलाई आलिङ्गन गऱ्यो। अनि त्यसका पछि लागेर गयो।

अथ कूपमासाद्यारघट्टघटिकामार्गेण सर्पस्तेन सह तस्यालयं गतः। ततश्च गङ्गदत्तेन कृष्णसर्पं कोटरे धृत्वा दर्शितास्ते दायादाः। ते च तेन शनैः शनैर्भक्षिताः।

त्यस इनारका नजिकै पुगेपछि सर्प पनि भ्यागुतोसँगै भाँडा डुबाइने घिर्नीको बाटोबाट इनारभित्र बस्यो। गङ्गदत्तले त्यो कालो सर्पलाई त्यहाँ पहिले भनिएका प्वालमा बस्ने ठाउँ देखाइदिएपछि आफूलाई दुःख दिने आफन्तहरूलाई पनि चिनाइदियो। त्यसो भएपछि त्यस सर्पले एकएकवटा गर्दै उसले ती सबै भ्यागुताहरूलाई खायो।

अथ मण्डूकाभावे सर्पेणाभिहितं– "भद्र ! निःशेषितास्ते रिपवः। तत्प्रयच्छान्यन्मे किञ्चिद्भोजनं यतोऽहं त्वयात्रानीतः।

अलिक दिन पछि भ्यागुताको अभाव भयो। त्यसपछि गङ्गदत्तसँग उसले– "भद्र मैले तिम्रा शत्रुहरूलाई समाप्त पारिदिएँ। अब मलाई अरू कुनै भोजनको बन्दोबस्त गरिदेऊ। किनभने तिमीले नै मलाई बोलाएर यहाँ ल्याएका हौ" भन्यो।

गङ्गदत्त आह– "भद्र ! कृतं त्वया मित्रकृत्य, तत्साम्प्रतमनेनैव घटिका यन्त्रमार्गेण गम्यताम्" इति।

गङ्गदत्तले– "मित्र ! तिमीले आफ्ना मित्रप्रतिको कामकर्तव्य पूरा गरिदिएका छौ। अब तिमी भाँडा खसाल्ने कुनै बाटोबाट निस्केर बाहिर जाऊ, त्यो नै ज्यादा राम्रो हुन्छ" भन्यो।

सर्प आह– "भो गङ्गदत्त ! न सम्यगभिहितं त्वया। कथमहं तत्र गच्छामि ? मदीयबिलदुर्गमन्येन रुद्धं भविष्यति। तस्मादत्रस्थस्य मे मण्डूकमेकैकं स्ववर्गीयं प्रयच्छ, नो चेत् सर्वानपि भक्षयिष्यामि" इति।

गङ्गदत्तको कुरो सुनेर त्यस सर्पले– "गङ्गदत्त ! तिमी सोचविचार केही पनि नगरीकन भन्दै छौ। म त्यहाँबाट बाहिर अब कसरी जान सक्छु र ? मेरो किल्लाजस्तो प्वाल पनि अरू नै कसैले ओगटिसकेको होला। त्यसो हुँदा अब म यहीं बस्नेछु। तिमीले आफ्नै आफन्तहरूबाट एकएक गरी खानका लागि मलाई दिने गर्नुपर्छ। यदि यसो गर्ने होइन भनेदेखि म सबैलाई मारेर खाइदिनेछु" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तच्छ्रुत्वा गङ्गदत्तो व्याकुलमना व्यचिन्तयत्– "अहो, किमेतन्मया कृतं सर्पमानयता ? तद्यदि निषेधयिष्यामि तत्सर्वानपि भक्षयिष्यति। अथवा युक्तमुच्यते–

त्यसका कुराहरू सुनिसकेपछि गङ्गदत्त ज्यादै चिन्तित भयो। उसले आफ्ना मनमा– यस सर्पलाई आफ्नै हातले मैले ल्याएर कस्तो कुकृत्य गरेछु। अब यदि यसलाई हुँदैन भनिदिऊँ भनेदेखि यसले सबैलाई मारेर खाइदिन्छ। अथवा ठिकै पनि भनिएको रहेछ कि–

योऽमित्रं कुरुते मित्रं वीर्याभ्यधिकमात्मनः ।
स करोति न सन्देहः स्वयं हि विषभक्षणम् ॥ २५ ॥

जुन व्यक्तिले आफूभन्दा बलिया शत्रुसँग मित्रता गर्दछ उसले आफ्नै हातले विष खाइरहेको हुन्छ। यसमा कुनै शङ्का नगरे हुन्छ भन्ने सोच्यो।

तत्प्रयच्छाम्यस्यैकैकं प्रतिदिनं सुहृदम्। उक्तञ्च–

त्यसो हुँदा मेरै परिवारहरूका भित्रैबाट पनि एउटाएउटा गरेर यसलाई खानका लागि मैले दिनुपर्छ। भनिएको पनि छ कि–

सर्वस्व हरणे शक्तं शत्रुं बुद्धियुता नराः ।
तोषयन्त्यल्पदानेन वाडवं सागरो यथा ॥ २६ ॥ तथा च–

सर्वस्व हरण गर्न सक्ने शत्रुलाई बुद्धिमान् व्यक्तिहरू आफ्नो अलिकति दिएर सन्तुष्ट बनाउने गर्दछन्। जस्तै समुद्रले पनि बडवानललाई अलिअलि पानी दिएर सधैँ सन्तुष्ट बनाईकन राखेका हुन्छन्। अरू पनि–

यो दुर्बलोऽणूनपि याच्यमानो बलियसा यच्छति नैवा साम्ना ।
प्रयच्छते नैव च कर्षमात्रं खारीं च चूर्णस्य पुनर्ददाति ॥ २७ ॥ तथा च–

जुन बलहीन व्यक्तिहरू आफैँ बलिष्ठ व्यक्तिले केही कुरो माग्दासाथ पहिले नै सन्तोषपूर्वक अलिकति दिँदैनन् त्यस्ताले पछिबाट सबैथोक दिन्छन्। जस्तै जुन व्यक्तिले पहिले एक तोला पिठो दिन कन्जुस्याइँ गर्दै दिन मान्दैन, पछि उसले सोह्र नाङ्लो दिन्छ। अरू पनि–

सर्वनाशे समुत्पन्ने अर्धं त्यजति पण्डिताः ।
अर्धेन कुरुते कार्यं सर्वनाशो हि दुःसहः ॥ २८ ॥

सर्वनाश हुनुपर्ने बेला आइलागेका अवस्थामा बुद्धिमान्हरूले आधाको त्याग गर्दछन् र आधालाई जोगाएर त्यसैबाट आफ्नो काम पनि चलाउँछन्। सबै नै नाश भयो भने खप्न पनि सकिँदैन।

न स्वल्पस्य कृते भूरि नाशयेन्मतिमान्नरः ।
एतदेव हि पाण्डित्यं यत्स्वल्पाद् भूरिरक्षणम् ॥ २९ ॥

बुद्धिमान् मानिसले अलिकति जोगाउनका लागि धेरैको विनाश हुन सक्ने कुनै काम गर्नुहुँदैन। बरु अलिकति दिएर धेरै बचाउन सकियो भने त्यसैमा ठूलो बुद्धिमत्ता हुन्छ।

एवं निश्चित्य नित्यमेकैकं तमादिशति। सोऽपि तं भक्षयित्वा तस्य परोक्षेऽन्यानपि भक्षयति। अथवा साध्विदमुच्यते–

यस किसिमका कुराहरूलाई विचार गर्दै उसले सधैँभरि आफ्ना परिवारबाट एकएकवटा गर्दै खानका लागि सर्पलाई आज्ञा दिने गर्दथ्यो। त्यस सर्पले पनि भ्यागुताले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्देश गरेर देखाएको भ्यागुतो खाइसकेपछि पनि गङ्गदत्तका आँखा छलेर अरू पनि भ्यागुताहरू खाने गर्दथ्यो। अथवा यस्तो ठिकै पनि भनिएको रहेछ कि—

यथा हि मलिनैर्वस्त्रैर्यत्र तत्रोपविश्यते।
एवं चलतवित्तस्तु वित्तशेषं न रक्षति॥ ३०॥

मैला लुगा लगाएपछि मानिसले आफ्ना मनमा केही विचार पनि नगरीकन जस्तो मन लाग्यो उस्तै ठाउँमा बसिदिन्छ, उसै गरी धेरै धनको नाश भयो भने पनि उसले बँचेर रहेको अलिकति धनलाई "त्यत्रो सबै त नासियो यति जाबो के गर्नु" भन्दै जोगाउनका लागि कुनै किसिमको खास प्रयास गर्दैन।

अथान्यदिने तेनापरान्मण्डूकान्भक्षयित्वा गङ्गदत्तसुतो यमुनादत्तो भक्षितः, तं भक्षितं ज्ञात्वा गङ्गदत्तस्तारस्वरेण धिग्धिगिति प्रलापपरः कथञ्चिदपि न विरराम ततः स्वपत्न्याभिहितः—

केही दिनपछि त्यस सर्पले अरू भ्यागुतालाई खाइसकेपछि गङ्गदत्तको छोरो यमुनादत्तलाई पनि खाइदिएछ। त्यसरी आफ्नै छोरालाई खाएको थाहा पाएपछि गङ्गदत्तले जोडजोड आवाजमा त्यस सर्पलाई गाली गर्दै आफैँले गरेका कामको आफैँ भर्त्सना गर्दै बारम्बार आफूलाई नै धिक्कार्दै बिलौना गर्न लाग्यो। कसै गरे पनि त्यसको मन शान्त भएन, त्यसै बेला उसैको पोथी भ्यागुताले उसलाई हप्काउँदै—

किं क्रन्दसि दुराक्रन्द ! स्वपक्षक्षयकारक !।
स्वपक्षस्य क्षये जाते को नस्त्राता भविष्यति॥ ३१॥

"हे पापी ! हे कुलघातक ! अब अहिले किन रोइरहेका छौ ? यस बेला रुनाले के हुन सक्दछ र ? तिमीले आफ्नै कुकृत्यले आफ्ना वंशको विनाश त गराइहाल्यौ। अब आफ्ना परिवारको पनि अभाव हुन लागेपछि हाम्रो रक्षा गर्ने को हुन सक्छ र ?

तदद्यापि विचिन्त्यतामात्मनो निष्क्रमणम्, अस्य वधोपायं च।"

त्यसैले आज अझै पनि चाहन्छौ भनेदेखि यहाँबाट भाग्ने र यसलाई मार्ने कुनै उपाय सोच्न सक्नेछौ" भन्यो।

अथ तदा गच्छता कालेन सकलमपि कवलितं मण्डूककुलम्। केवलमेको गङ्गदत्तस्तिष्ठति। ततः प्रियदर्शनेन भणितम्— "भो गङ्गदत्त ! बुभुक्षितोऽहम्। निःशेषिताः सर्वे मण्डूकाः। तद्दीयतां मे किञ्चिद् भोजनम्। यतोऽहं त्वायत्रानीतः।

केही दिनपछि त्यस सर्पले सबै भ्यागुताहरूलाई नै समाप्त पारिदियो। अनि एउटा गङ्गदत्तमात्रै बँचेर बाँकी रहेको थियो। प्रियदर्शनले एक दिन उसँग— "गङ्गदत्त ! धेरै भोकाएको छु। भ्यागुताहरू सबै सकिए, त्यसैले मलाई अब केही खान देऊ। किनभने तिमीले नै मलाई यहाँ बोलाएर ल्याएका थियौ" भन्यो।

स आह— "भो मित्र ! न त्वयात्र विषये मय्यावस्थिते कापि चिन्ता कार्या। तद्यदि मां प्रेषयसि, ततोऽन्यकूपस्थानादपि मण्डूकान् विश्वास्यात्रानयामि।"

उसले— "मित्र ! म छँदाछँदै तिमीले यस विषयमा कुनै चिन्ता गर्नुपर्दैन। यदि तिमीले मलाई बाहिर जाने अनुमति दियौ भनेदेखि म अरू इनारहरूबाट भ्यागुताहरूलाई झुक्याएर यहाँ लिएर आउन सक्नेछु" भन्यो।

स आह— "मम तावत्त्वमभक्ष्यो भ्रातृस्थाने, तद्यद्येवं करोषि, तत्साम्प्रतं पितृस्थाने भवसि। तदेवं क्रियताम्" इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्पले– "तिमी त मेरा लागि अभक्ष्य नै हौ, किनभने मैले तिमीलाई आफ्नो दाइ नै मानिसकेको छु। यदि मेरा लागि उपयुक्त किसिमको भोजनको व्यवस्था केही गरिदिनेछौ भनेदेखि पिताका कोटिमा आउनेछौ। त्यसैले तिम्रै भनाइअनुसार पनि कुनै उपाय गर" भन्यो।

सोऽपि तदाकर्ण्यारघट्टघटिकां आश्रित्य विविधदेवतोपकल्पितपूजोपयाचितस्तस्मात् कूपाद्विनिष्क्रान्तः। प्रियदर्शनोऽपि तदागमनाकाङ्क्षया तत्रस्थः प्रतीक्षमाणस्तिष्ठति।

त्यसको कुरो सुनिसकेपछि त्यो भ्यागुताको राजा गङ्गदत्त फेरि कुनै भाँडामा चढेर विभिन्न देवी देवताहरूलाई स्मरण र भाकलआदि गर्दै त्यस इनारबाट बाहिर निस्किएर आयो। प्रियदर्शनले ऊ फर्किएर आउँछ भन्ने आशाले निकै बाटो हेरिरह्यो।

अथ चिरादनागते गङ्गदत्ते प्रियदर्शनोऽन्यकोटरनिवासिनीं गोधामुवाच– "भद्रे ! क्रियतां स्तोकं साहाय्यम्। यतश्चिरपरिचितस्ते गङ्गदत्तः। तद् गत्वा तत्सकाशं कुत्रचिज्जलाशयेऽन्विष्य मम सन्देशं कथय, येनागम्यतामेकाकिनापि भवता द्रुततरं, यद्यन्ये मण्डूका नागच्छन्ति। अहं त्वया विना नात्र वस्तुं शक्नोमि। तथा यद्यहं तव विरुद्धमाचरामि तत्सुकृतमन्तरे मया विधृतम्।"

धेरै समय पर्खँदा पनि जब गङ्गदत्त फर्किएर आएन अनि प्रियदर्शनले छिमेकी प्वालमा बस्ने गरेको अर्को एउटा गोहोराका नजिकै गएर उसँग– "भद्र ! मेरो केही त मद्दत गर। किनभने गङ्गदत्त तिम्रो पहिलेदेखिकै चिनेजानेको मित्र हो। त्यसैले कुनै जलाशय आदिमा गएर उसको खोजी गर र उसलाई तिमीले भेट्टायौ भनेदेखि उसले अरू भ्यागुता भेटेन भने पनि उचाहिँ झट्टै फर्केर आओस्। म यहाँ उबिना एक्लै बस्नै नसक्ने गरी ज्यादै असमर्थ भएँ। यदि उसप्रति मैले विपरीत आचरण गर्छुजस्तो शङ्का लागेको छ भने पनि म उसका र मेरा बिचमा धर्मलाई साक्षी राखेर उसको कुनै अनिष्ट नगर्ने प्रतिज्ञा गर्दछु भन्ने मेरो खबर सुनाइदेऊ" भन्यो।

गोधापि तद्वचनाद् गङ्गदत्तं द्रुततरमन्विष्याह– "भद्र गङ्गदत्त ! स तव सुहृत्प्रिय दर्शनस्तव मार्गं समीक्षमाणस्तिष्ठति। तच्छीघ्रमागम्यताम् इति। अपरञ्च, तेन तव विरुद्धकरणे सुकृतमन्तरे धृतम्। तन्निःशङ्केन मनसा समागम्यताम्।" तदाकर्ण्य गङ्गदत्त आह–

गोहोराले सर्पको कुरो सुनेर त्यसैअनुसार चाँडै नै गङ्गदत्तलाई खोजीकन भेटेर सर्पको सन्देश सुनाउँदै– "भद्र गङ्गदत्त ! तिम्रो प्रिय मित्र प्रियदर्शनले बाटो हेर्दै तिम्रो प्रतीक्षा गरिरहेको छ। त्यसैले अब तिमी छिटै जाऊ। उसले तिम्रो विपरीत आचरण नगर्ने भनेर त्यस विषयमा धर्मलाई साक्षी राखेर प्रतिज्ञा पनि गरेको छ। त्यसैले अब निर्धक्क भएर हिँड" भन्यो। गोहोराको कुरो सुनेर गङ्गदत्तले–

"बुभुक्षितः किं न करोति पापं क्षीणा नरा निष्करुणा भवन्ति।
आख्याहि भद्रे ! प्रियदर्शनस्य न गङ्गदत्त पुनरेति कूपम्" ॥ ३२ ॥

"भोका व्यक्तिले कस्तो पाप गर्न सक्दैन र ? हारेको वा मासिन लागेको व्यक्ति पनि स्वभावतः निर्दयी हुन्छ। हे भद्रे ! तिमीले गएर त्यस प्रियदर्शनसँग भनिदिनू कि गङ्गदत्त एकपटक कुवाबाट निस्केर बाहिर आइसकेपछि अब फेरि त्यसै कुवामा पस्नका लागि जान सक्दैन" भनेर अह्रायो।

एवमुक्त्वा स तां विसर्जयामास।

त्यसै किसिमको सन्देशका साथमा उसले त्यसलाई फिर्ता गरिदियो।

तदा "भो दुष्ट जलचर ! अहमपि गङ्गदत्त इव त्वद्गृहे न कथञ्चिदपि यास्यामि।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस किसिमको कथा सुनाइसकेपछि बाँदरले गोहीसँग— "ए, दुष्ट पापीका किरा ! गङ्गदत्तको जस्तै गरी म पनि तेरा घरमा कहिल्यै जान्नँ" भन्यो।

तच्छ्रुत्वा मकर आह— "भो मित्र ! नैतद्युज्यते। सर्वथैव मे कृतघ्नतादोषमपनय मद्गृहागमनेन। अथवात्राहमनशनात्प्राणत्यागं तवोपरि करिष्यामि।"

त्यसको कुरो सुनेर गोहीले— "मित्र ! तिमीले यस्तो प्रतिज्ञा गर्दै बोलेको कुरो ठिक छैन। मैले तिमीसँग कृतघ्न व्यवहार गरेको छु भन्ने कुरो पूर्ण रूपमा भुल्नका लागि पनि मेरा घरमा जाऔं। यदि तिमी जान मान्दैनौ भने म पनि यहीं बसेर अनशन गर्नेछु र तिम्रै नाममा यो प्राणसमेत त्यागिदिन्छु" भन्यो।

वानर आह— "मूढ ! किमहं लम्बकर्णो मूर्खः, यद् दृष्ट्यपायोऽपि स्वयमेव तत्र गत्वात्मानं व्यापादयामि ?

बाँदरले— "मूर्ख ! जसले आफ्ना विनाशको सङ्केत पाउँदापाउँदै पनि आफैं त्यहाँ गएर आफ्नै विनाश गरायो म त्यही लम्बकर्ण नामको उही गधाजस्तै मूर्ख हुँ कि जस्तो लाग्छ ?

आगतश्च गतश्चैव दृष्ट्वा सिंहपराक्रमम्।
अकर्णहृदयो मूर्खो यो गत्वा पुनरागतः" ॥ ३३ ॥

त्यो एकपटक आयो र सिंहको पराक्रमलाई देखेर फर्किएर गयो। अनि फेरि कान र हृदय नभएको जस्तो त्यो मूर्ख फेरि उसै ठाउँमा गयो र सिंहबाट मारियो" भन्यो।

मकर आह— "भद्र ! स को लम्बकर्णः ? कथं दृष्ट्यपायोऽपि मृतः ? तन्मे निवेद्यताम्" वानर आह—

अनि गोहीले— "मित्र ! त्यो लम्बकर्ण भनेको को हो ? आफ्नो विनाशको कारण जान्दाजान्दै पनि त्यो कसरी मारियो ? म सबै कुराहरू विस्तारपूर्वक सुन्न चाहन्छु। अतः कृपा गरेर भनिदेऊ" भन्दै बिन्ती गर्‍यो। बाँदरले अघिल्लो कथा सुनाउँदै भन्न थाल्यो—

सिंहलम्बकर्णयोः कथा

कस्मिँश्चिद्वनोद्देशे करालकेसरो नाम सिंहः प्रतिवसति स्म। तस्य च धूसरको नाम शृगालः सदैवानुयायी परिचारकोऽस्ति। अथ कदाचित्तस्य हस्तिना सह युद्ध्यमानस्य शरीरे गुरुतराः प्रहाराः सञ्जाताः, यै पदैकमपि चलितुं न शक्नोति। तस्या चलनाच्च धुसरकः क्षुत्क्षामकण्ठो दौर्बल्यं गतोऽन्यस्मिन्नहनि तमवोचत्— "स्वामिन् ! बुभुक्षया पीडितोऽहं पदात्पदमपि चलितुं न शक्नोमि, तत्कथं ते शुश्रूषां करोमि ?"

सिंह र लम्बकर्ण

कुनै वनमा करालकेसर नाम गरेको एउटा सिंह रहने गर्दथ्यो। त्यसकहाँ धुसरक नामको एउटा स्याल नोकर बसेको थियो। त्यो स्याल सधैंभरि उसका पछि लागेर हिंड्ने गर्दथ्यो। कुनै दिन एउटा जङ्गली हात्तीसँग भएका लडाईंमा सिंहका शरीरमा जताततै घाउ र चोटहरू लागेछन्। त्यसले गर्दा ऊ अति नै कमजोर भएछ र अलिकति पनि हिंड्न सक्दो रहेनछ। त्यसको त्यस्तो असमर्थताले गर्दा धुसरकलाई खानका लागि केही कुरो पनि फेला परेनछ। त्यसो भएकाले त्यो पनि ज्यादै नै दुब्लाउँदै गएछ। त्यसरी दुब्लाएर सिद्रोजस्तो हुन लागेकोले एक दिन उसले सिंहसँग— "महाराज ! भोकले सताइएको हुँदा म त कमजोर भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्ना खुट्टाले एक पाइलो पनि हिंड्न नसक्ने भएँ, अब तपाईंको सेवा कसरी गरौँ ?" भनेर सोधेछ।

सिंह आह– "भो ! गच्छ, अन्वेषय किञ्चित्सत्त्वम्, येनेमामवस्थां गतोऽपि व्यापादयामि।"

सिंहले उत्तर दिंदै– "अरे भाइ ! जाऊ न जसलाई मैले यस्तो अवस्थामा पनि मार्न सक्दछु त्यस्तो कुनै एउटा जीवलाई खोजेर ल्याऊ" भनेर आदेश दिएछ।

तदाकर्ण्य शृगालोऽन्वेषयन् कञ्चित्समीपवर्तिनं ग्राममासादितवान्। तत्र लम्बकर्णो नाम गर्दभस्तडागोपान्ते प्रविरलदूर्वाङ्कुरान् कृच्छ्रादास्वादयन् दृष्टः।

सिंहको भनाइअनुसार कुनै प्राणीका खोजी गर्ने क्रममा त्यो स्याल नजिकैको गाउँमा पुग्यो। त्यहाँ पुगिसकेपछि उसले लम्बकर्ण नाम भएको एउटा गधालाई देख्यो। त्यो गधा नदीका किनारमा जतातते उम्रिएका दुबो घाँसका कलिला आँकुराहरूमा चरिरहेको थियो।

ततश्च समीपवर्तिना भूत्वा तेनाभिहितः– "माम! नमस्कारोऽयं मदीय सम्भाव्यताम्। चिराद् दृष्टोऽसि तत्कथय किमेवं दुर्बलतां गतः।"

त्यसपछि त्यस स्यालले गधाका नजिकै पुगेर– "मामा ! मेरो नमस्कार छ है, स्वीकार गर। धेरै दिनपछि मात्रै देखिँदै छौ नि ? किन हिजोआज निकै यसरी दुब्लाएका ?" भनेर सोध्यो।

स आह– "भो भगिनीपुत्र! किं कथयामि, रजकोऽतिनिर्दयोऽतिभारेण मां पीडयति। घासमुष्टिमपि नप्रयच्छति। कवेलं दूर्वाङ्कुरान् धूलिमिश्रितान् भक्ष्यामि। कुतो मे शरीरे पुष्टिः ?"

त्यसको उत्तरमा गधाले– "के भन्नु र भान्जा ! मेरो मालिक धोबी ज्यादै निर्दयी छ। उसले अत्यधिक ज्यादा भारी लदाएर मलाई बारम्बार दुःख दिइरहने गर्दछ। अनि फेरि एक मुठी घाँस पनि कहिल्यै राम्रोसँग खानचाहिँ दिँदैन। त्यसै हुनाले बाध्य भएर मैले यस्ता ठाउँको धुलोमैलो मिसिएको दुबो घाँसमा आएर चर्नुपरेको छ। यस्तै घाँसमा चरेर मात्रै कतै मेरो शरीर पनि मोटोघाटो कहिल्यै हुन सक्ला त ?" भन्यो।

शृगाल आह– "माम! यद्येदं तदस्ति मरकतसदृशशष्पप्रायो नदीसनाथो रमणीयतरः प्रदेशः। तत्रागत्य मया सह सुभाषितगोष्ठीसुखमनुभवं तिष्ठ।"

स्यालले– "मामा ! कुरो यस्तो मात्रै हो भनेदेखि त, मैले एकाठाउँमा मरकत मणिजस्तै हरिया घाँसले भरिएको र नदीका पानीले सफा पारेर पखालेको एउटा अत्यन्त सुन्दर ठाउँ देखेको छु। तिमी त्यहाँ गयौ भने हामीसँगै बसेर राम्राराम्रा कथा कहानीहरू भन्नेसुन्ने गर्न पाइन्छ र अत्यन्त आनन्द मनाएर सुखका साथ बस्न सकिन्छ" भन्यो।

लम्बकर्ण आह– "भो भगिनीसुत! युक्तमुक्तं भवता। परं वयं ग्राम्याः पशवोऽरण्यचारिणां वध्याः। तत्किं तेन भव्यप्रदेशेन ?"

लम्बकर्णले– "भान्जा ! तिम्रो भनाइ त ठिकै होला तर हामीहरू घरपालुवा पशुहरू हुनाले जङ्गली हिंस्रक पशुका सिकार हौँ। त्यसो हुँदा तिमीले देखेको त्यस सुन्दर ठाउँमा गएर मलाई के लाभ पो होला र ?" भनेर सोध्यो।

शृगाल आह– "माम! मैवं वद। मद्भुजपञ्जररक्षितः स देशः। तन्नास्ति कस्यचिदपरस्य तत्र प्रवेशः। परमनेनैव विधिना रजककदर्थितास्तत्र तिस्रो रासभ्योऽनाथाः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्ति। ताश्च पुष्टिमापन्ना यौवनोत्कय इदं मामूचुः– "यदि त्वमस्माकं सत्यो मातुलस्तदा किञ्चिद् ग्रामान्तरं गत्वास्मद्योग्यं कञ्चित्पतिमानय। तदर्थे त्वामहं तत्र नयामि।"

गधाको कुरो सुनेर स्यालले– "मामा ! त्यस्तो डरछेरुवा कुरो गर्नुपर्दैन। त्यो ठाउँ मेरै अधिकारक्षेत्रभित्र परेको हुनाले मैले नै त्यसको संरक्षण गरेको छु। त्यहाँ कुनै अर्का प्राणीले पस्न पाउनु सम्भव छैन। तिमीजस्तै अरू तीनवटा पोथी गधाहरू पनि धोबीका अत्याचारले गर्दा पीडित भएर त्यहाँ आएर बस्ने गरेका छन्। तिनीहरू अहिले लोग्नेबिनाका छन्। ती तीनवटै हिजोआज निकै बलिया मोटाघाटा र बैंसालु भएका छन्। ती तीनवटैले मसँग यदि तिमी हाम्रा साँच्चै मामा हौ भनेदेखि गाउँतिर गएर कुनै योग्य पति खोजेर हामीलाई ल्याइदेऊ भनिरहेका छन्। तिनै तीनोटाका लागि नै मैले तिमीलाई त्यहाँ लैजान खोजेको हुँ" भन्यो।

अथ शृगालवचनानि श्रुत्वा कामपीडिताङ्गो लम्बकर्णस्तमवोचत्– "भद्र। तथैव यदग्रे भव, येन त्वरितं तत्र गच्छावः।" अथवा साध्विदमुच्यते–

स्यालले भनेको यस किसिमको कुरो सुन्नेबित्तिकै लम्बकर्ण कामवासनाले उन्मत्त भएर स्यालसँग– "भद्र ! कुरो यदि यस्तै खालको हो भनेदेखि तिमी अघि-अघि हिंड, त्यसो हुँदामात्रै हामी त्यहाँ छिटै पुग्न सक्नेछौं" भन्यो। अथवा ठिकै पनि भनिएको छ कि–

नामृतं न विषं किञ्चिदेकां मुक्त्वा नितम्बिनीम्।
यस्याः सङ्गेन जीव्येत म्रियेत च वियोगतः॥ ३४॥ तथा च–

यस संसारमा कामिनीहरूलाई छोडेर अर्को कुनै पनि वस्तु यस्तो हुँदैन कि जो एक्लै नै अमृत पनि होस् र विष पनि। केवल स्त्रीहरू नै एक यस्ता वस्तुहरू हुन्छन् जसमा अमृतको पनि र विषको पनि दुवै थरी गुण अटाएको हुन्छ। किनभने उनीहरूका सङ्गतले मानिस जीवित पनि हुन्छ र उनीहरूकै वियोगमा मर्दछ पनि। यसरी विचार गर्दा स्त्रीहरूमा जीवनदायिनी र मृत्युदायिनी दुवै किसिमका शक्तिहरू रहेका हुन्छन् भन्न सकिन्छ, तर अमृतमा केवल बचाउने एउटा शक्ति र विषमा केवल मार्ने एउटा मात्रै शक्ति हुन्छ। त्यसो हुनाले स्त्रीहरू अमृत र विषभन्दा दोब्बर विशिष्ट हुन्छन्। त्यसै गरी–

यासां नाम्नापि कामः स्यात्सङ्गमं दर्शनं विना।
तासां दृक्सङ्गमं प्राप्य यन्न द्रवति कौतुकम्॥ ३५॥

जसलाई देख्न वा छुन नपाईकन पनि केवल नाममात्रै सुन्दासमेत मनमा कामुक भावना उत्पन्न भइहाल्दछ, त्यस्ता स्त्रीहरूका आँखाको चालहरूलाई देखेर पनि यदि कुनै पुरुषको हृदय कामवासनाले हुरुक्क भइदिएन भने त ज्यादै आश्चर्यको कुरो नै हो भन्ने मान्नुपर्दछ।

तथानुष्ठिते रासभः शृगालेनसह सिंहान्तिकमागतः। सिंहोऽपि व्यथाकुलितस्तं दृष्ट्वा यावत्समुत्तिष्ठति तावद्रासभः पलायितुमारब्धवान्। अथ तस्य पलायमानस्य सिंहेन तलप्रहारो दत्तः, स च मन्दभाग्यस्य व्यवसाय इव व्यर्थंगतां गतः। अत्रान्तरे शृगालः कोपाविष्टस्तमुवाच– "भोः। किमेवंविधः प्रहारस्ते यद् गर्दभोऽपि तव पुरतो बलाद् गच्छति, तत्कथं गजेन सह युद्धं करिष्यासि ? तद्दृष्टं ते बलम्।"

स्यालका पछि लागेर जाँदै गर्दा त्यो गधा अलिबेर पछि सिंहका नजिकै पुग्यो। जिउको दुखाइले गर्दा बिस्तारैसँग उठेर त्यो सिंह राम्रोसँग उभिन पनि पाएको थिएन गधाले त्यहाँबाट टाप कस्न लाग्यो। भाग्न लाग्दा सिंहले गधाका ढाडमा एकपटक जोडदार पञ्जा हान्यो। तर भाग्य बिग्रिएका मानिसको परिश्रम निफल भएझैं त्यसले हानेको झापट पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यर्थ हुन गयो। त्यसरी प्रहार गरेको र गधा त्यहाँबाट उम्केर भागेको देखेर स्यालले रिसाउँदै सिंहसँग– "यस्तो व्यर्थ प्रहार किन गर्नुभएकाको ? जाबो एउटा गधा पनि तपाईंका झम्टाइबाट उम्केर सजिलैसँग भाग्न सफल भयो। यदि यस्तै अवस्था रहने हो भनेदेखि तपाईंले कसरी मत्ता हात्तीहरूसँग युद्ध गर्न सक्नुहोला ? मैले तपाईंको बल र पराक्रम सबै देखिसकें" भन्यो।

अथ विलक्षस्मितं सिंह आह– "भोः ! किमहं करोमि ? मया न क्रमः सज्जीकृत आसीत्। अन्यथा गजोऽपि मत्क्रमाक्रान्तो न गच्छति।"

स्यालले त्यसरी खिसी गरेको देखेर सिंह ज्यादै लजाएर रुखो किसिमको एक खित्का हाँस्दै र जिस्किएको पारामा– "अरे भाइ ! मैले के गर्नु ? मैले उसमाथि आक्रमण गर्ने कुनै तयारी नै गर्न पनि पाएको थिइनँ। नभए; हात्ती पनि मेरा आक्रमणबाट बचेर भाग्न सक्दैन" भन्यो।

शृगाल आह– "अथाप्येकवारं तवान्तिके तमानेष्यामि। परं त्वया सज्जीकृतक्रमेण स्थाप्यम्।"

स्यालले– "लौ ठिकै छ। एकपटक फेरि म त्यसलाई तपाईंका छेउमा लिएर आउँछु। तर यसपटक भने पूर्ण रूपले तयारीमा रहनूपर्ला" भन्यो।

सिंह आह– "भद्र ! यो मां प्रत्यक्षं दृष्ट्वा गतः स पुनः कथमत्रागमिष्यति ? तदन्यत्किमपि सत्त्वमन्विष्यताम्।"

सिंहले पनि– "भद्र ! जुन प्राणीले आफ्नै आँखाले मलाई देखेर गएको छ, त्यो फेरि यहाँ कसरी आऊला ? त्यसो हुँदा कुनै अर्कै एउटा जीव खोजेर ल्याऊ" भन्यो।

शृगाल आह– "किं तवानेन व्यापारेण ? त्वं केवलं सज्जितक्रमस्तिष्ठ।"

स्यालले– "तपाईंलाई यस कुराको के मतलब भयो र ? तपाईं केवल आफ्ना तयारीमा भने शान्त भएर बसिरहनुहोस्" भन्यो।

तथानुष्ठिते शृगालोऽपि यावद्रासभमार्गेण गच्छति, तावत्तत्रैव स्थाने चरन् दृष्टः। अथ शृगालं दृष्ट्वा रासभः प्राह– "भो भगिनीसुत ! शोभनस्थाने त्वयाहं नीतः ! द्राङ् मृत्युवशं गतः। तत्कथय किं तत्सत्त्वं यस्यातिरौद्रवज्रसदृशकरप्रहारादहं मुक्तः ?"

सिंहले आफू तयार भएको जनाएपछि त्यो स्याल उही गधा खोज्नका लागि त्यसै बाटोलाई पछ्याउँदै उसै ठाउँमा पुग्यो। नदीका किनारमा पुगेपछि गधालाई फेरि उसै गरी चर्न लागेको देख्यो। स्याललाई देख्नेबित्तिकै त्यस गधाले– "के छ भान्जा, तिमीले त मलाई निकै राम्रा ठाउँमा लगेका रहेछौ नि। धन्न म त्यहाँबाट नभागेको भए मृत्युकै मुखभित्र पसिसकेको थिएँ नि। भन न त त्यो कुन जीव थियो, जसका डर लाग्दा र बज्रजस्ता कडा हातका प्रहारबाट म भागेर निस्केको छु ?" भनी व्यङ्ग्य गर्दै सोध्यो।

तच्छ्रुत्वा प्रहसन् शृगाल आह– "भद्र ! रासभी त्वामायन्तं दृष्ट्वा सानुरागमालिङ्गितुं समुत्थिता। त्वं च कातरत्वान्नष्टः। सा पुनर्न शक्ता त्वां विना स्थातुम्। तया तु नश्यतस्तेऽवलम्बनार्थं हस्तः क्षिप्तो नान्यकारणेन। तदागच्छ सा त्वत्कृते प्रायोपवेशनोपविष्य तिष्ठति। एतद्वदति यत्–

गधाको कुरो सुनेपछि स्यालले हाँस्तै– "हे महाशय ! त्यही त हो नि त्यो पोथी गधा। त्यसैले त तिमीलाई आफूतिर आउँदै गरेको देखेर खुसीले प्रेमपूर्वक अँगालो हाल्नका लागि उभिन खोजेको थियो। तिमी त ज्यादै काँतर रहेछौ त्यसैले त्यसलाई देख्नेबित्तिकै ठाडो पुच्छर लगाएर भाग्यौ। अब तिमी नभए ऊ बाँच्न पनि सक्दैन जस्तो छ। भाग्न लागेको देखेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिमीलाई उसले कसिलो अँगालोमा हालेर राख्नका लागि आफ्नो हात तिमी भएतिर पसारेको थियो। अर्को कुनै कारण नै थिएन। त्यसैले हिँड अब छिटो। तिमीलाई पर्खेर त्यसले अन्नजल पनि नखाईकन भोकभोकै बसेको छ। त्यसले त–

"लम्बकर्णो यदि मे भर्ता न भवति तदहमग्नौ जले वा प्रविशामि। न पुनस्तस्य वियोगं सोढुं शक्नोमि" इति। तत्प्रसादं कृत्वा तत्रागम्यतां नो चेत्तव स्त्रीहत्या भविष्यति।

"यदि लम्बकर्ण मेरो पति भइदिएन भनेदेखि त म आगो अथवा पानीमा हाम फालेर आत्महत्या गर्नेछु। अब म उसको वियोगलाई एकछिन पनि खप्न सक्दिनँ, भनिरहेको छ। त्यसैले उसमाथि दया गर्नका लागिमात्रै भए पनि तिमी छिटो हिँड। नभए तिमीलाई एउटा पोथी मारेको हत्याको पाप लाग्नेछ" भन्यो।

अपरं, भगवान् कामः कोपं तवोपरि करिष्यति। उक्तञ्च–

अर्को कुरो यस्तो पनि छ कि यदि तिमी त्यहाँ गएनौ भनेदेखि भगवान् कामदेव पनि तिमीसँग रिसाउनेछन्। भनिएको पनि छ कि–

स्त्रीमुद्रां मकरध्वजस्य जयिनीं सर्वार्थसम्पत्करीं
ये मूढाः प्रविहाय यान्ति कुधियो मिथ्याफलान्वेषिणः
ते तेनैव निहत्य निर्दयतरं नग्नीकृता मुण्डिताः
केचिद्रक्तपटीकृताश्च जटिलाः कापालिकाश्चापरे" ॥ ३६ ॥

सम्पूर्ण विश्वलाई नै विजय गर्ने र सबै किसिमका धन, सम्पत्तिहरू दिने किसिमका महाराज कामदेवको स्त्रीरूपी मुद्रालाई उल्लङ्घन गरेर जुन व्यक्तिले आफ्नो मुर्ख्याइँ र कुबुद्धिका कारणले व्यर्थमा स्वर्गआदिको सुखलाई खोज्दै निस्केका हुन्छन्, तिनीहरू भगवान् कामदेवले दिएको निर्दयतापूर्ण दण्डका कारणले नै नाङ्गा, मुडुला, गेरुवा वस्त्रधारी, जटा बाँधेका तपस्वी तथा कापालिक आदिको रूप धारण गर्दै संसारमा कतै ठेगाना लाग्न नसकेर जतातत्तै भौँतारिइरहेका हुन्छन्" भन्यो।

अथासौ तद्वचनं श्रद्धेयतया श्रुत्वा भूयोऽपि तेन सह प्रस्थितः अथवा साध्विदमुच्यते–

गधाले स्यालको कुरो विश्वासपूर्वक सुन्यो र त्यसलाई पत्याएर उसैका पछि लागेर फेरि हिँड्यो। कसैले यो पनि ठिकै भनेका रहेछन् कि–

जानन्नपि नरो दैवात्प्रकरोति विगर्हितम्।
कर्म किं कस्यचिल्लोके गर्हितं रोचते कृतम् ? ॥ ३७ ॥

मानिसले जानीजानीकन पनि कहिलेकाहीँ निन्दित काम गर्दछ। कतै कसैलाई खराब काम पनि राम्रो लाग्दछ र ?

अत्रान्तरे सज्जितक्रमेण सिंहेन स लम्बकर्णो व्यापादितः। ततस्तं हत्वा शृगालं रक्षकं निरूप्य स्वयं स स्नानार्थं नद्यां गतः। शृगालेनापि लौल्यौत्सुक्यात्तस्य कर्ण हृदयं भक्षितम्।

सिंहका नजिकै पुग्नासाथ गधालाई मार्नका लागि तयार भएर बसेका सिंहले त्यस गधालाई मारिदियो। त्यसलाई मारिसकेपछि त्यही स्याललाई त्यो गधाको मासु रुङ्न लगाएर सिंह आफूचाहिँ नुहाउन गयो। सिंह त्यहाँबाट हिँडेपछि लोभ र हतार लागेका कारणले स्यालले त्यसका कान र मुटु खाइदियो।

अथ सिंहो यावत्स्नात्वा कृतदेवार्चनः प्रतर्पितपितृगणः समायाति तावत् कर्णहृदयरहितो रासभस्तिष्ठति। तं दृष्ट्वा कोपपरीतात्मा सिंहः शृगालमाह– "पाप !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किमिदमनुचितं कर्म समाचरितं यत्कर्णहृदयभक्षणेनायमुच्छिष्टतां नीतः"। शृगालः सविनयमाह– "स्वामिन्! मा मैवं वद, कर्णहृदयरहित एवायं रासभ आसीत्, येनेहागत्य त्वामवलोक्य भूयोऽप्यागतः।"

नुहाइसकेर देवीको पूजा र पितृहरूका लागि जलको अँजुली दानआदि कामहरू गरिसकेर नदीबाट जब त्यो सिंह फर्किएर आएपछि उसले हेर्दछ त गधा त कान र हृदयबिना त्यत्तिकै लडेको छ। त्यसलाई देख्नासाथ रिसले चुर हुँदै स्यालसँग– "पापी! लोभी, ठग! तैँले यो के गरिस्? यसका कान र मुटु खाएर किन तैँले यो सबै मासु जुठो पारिछस्" भन्दै झौँक्कियो। त्यसको कुरो सुनेर स्यालले नम्र स्वरमा– "महाराज! त्यसो नभनौँ। जति बेला मैले यसलाई लिएर आएको थिएँ र यसले तपाईंलाई देखेर फिर्ता गएको थियो त्यति बेलैदेखि नै यो कान र मुटुबिनाकै थियो त्यसैले यो यहाँ आएर एकपटक तपाईंलाई देखिसकेर गएपछि पनि फेरि फर्किएर आएको थियो" भन्यो।

अथ तद्वचनं श्रद्धेयं मत्वा सिंहस्तेनैव सह संविभज्य, निःशङ्कितमनास्तं भक्षितवान्। अतोऽहं ब्रवीमि– "आगतश्च गतश्चैव ..." इति।

स्यालका कुरालाई विश्वास गर्नलायक ठान्यो सिंहले स्यालसँग त्यस मासुको भागबन्डा लगाएर आफ्नो भाग खाइदियो। त्यसैले म भन्दछु कि "त्यो गधा आयो र फर्किएर पनि गयो। फेरि आफ्नो मुर्ख्याइँका कारणले अर्कोपटक फिर्ता आएपछि ऊ सिंहद्वारा मारियो पनि" भन्ने सुनायो।

तन्मूर्ख! कपटं कृतं त्वया। परं युधिष्ठिरेणैव सत्यवचनेन विनाशितम्। अथवा साध्विदमुच्यते–

त्यसैले हे मूर्ख! तैँले मसित ज्यादै ठूलो कपट गरेको थिइस्। तर युधिष्ठिर नाम भएको त्यो मूर्ख कुमालेको जस्तो गरी तैँले पनि आफ्नै सत्य वचनले गर्दा आफ्ना स्वार्थलाई नाश गरिस्। अथवा यस्तो कुरो कसैले ठिकै पनि भनेका रहेछन् कि–

स्वार्थमुत्सृज्य यो दम्भी सत्यं ब्रूते सुमन्दधीः।
स स्वार्थाद् भ्रश्यते नूनं युधिष्ठिर इवापरः॥ ३८॥

स्वार्थको परित्याग गरेर जुन व्यक्ति आफ्ना घमन्ड र मुर्ख्याइँका कारण सत्य बोल्ने कोसिस गर्दछ त्यसले अर्का युधिष्ठिरको जस्तै गरी आफ्नो इच्छालाई पनि विनाश गर्दछ।

मकर आह– "कथमेतत्?" स आह–

गोहीले– "त्यस्तो कसरी हुन्छ?" भनी सोध्यो। अनि बाँदरले भन्यो–

युधिष्ठिरकुम्भकारकथा

कस्मिंश्चिदधिष्ठाने कुम्भकारः प्रतिवसति स्म। कदाचित्प्रमादादर्धभग्नघटकर्परतीक्ष्णाग्रस्योपरि महता वेगेन धावन् पतितः ततः कर्परकोट्या पाटितललाटे रुधिरप्लाविततनुः कृच्छ्रा-दुत्थाय स्वाश्रयं गतः ततश्चापथ्यसेवनात्स प्रहारस्तस्य करालतां गतः। कृच्छ्रेण च नीरोगतां नीतः।

कुमाले युधिष्ठिर

कुनै सहरमा युधिष्ठिर नाम भएको एउटा कुमाले बस्ने गरेको थियो। कुनै एउटा तिखो चुच्चो भएको घैलाका खबटामाथि होस नगरी हतारमा जथाभावी दौडने हुँदा एकपटक भुइँमा लड्न पुग्यो र त्यो खबटो निधारमा गाडियो र उसको टाउको फुट्यो। खुनले लत्पतिँदै जसैतसै त्यो उठ्यो र आफ्ना घरतिर गयो। जतन नगर्नाले उसको त्यो घाउ अझै पाकेर र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुहिएर सङ्गालिँदै गयो र पछि निकै ठूलो भयो अनि अनेकौं दबाई ओखती गर्दा बल्लतल्ल निको भयो।

अथ कदाचिद् दुर्भिक्षपीडिते देशो स कुम्भकारः क्षुत्क्षामकण्ठः कैश्चिद्राजसेवकैः सह देशान्तरं गत्वा कस्यापि राज्ञः सेवको बभूव। स च राजा तस्य ललाटे विकरालं प्रहारक्षतं दृष्ट्वा चिन्तयामास यत्– "वीरः पुरुषः कश्चिदयम्। नूनं तेन लालटपट्टे सम्मुखप्रहारः।" अतस्तं सम्मानादिभिः सर्वेषां राजपुत्राणां मध्ये विशेषप्रसादेन पश्यति स्म। तेऽपि राजपुत्रास्तस्य तं प्रसादातिरेकं पश्यमन्तः परमीर्ष्याधर्मं वहन्तो राजभयान्न किञ्चिदूचुः।

कुनै बेला देशमा ज्यादै ठूलो अनिकाल पर्नाका कारणले गर्दा त्यो कुमाले पनि भोकले पीडित भएर कतिपय राजाका भृत्यहरूको साथमा लागेर विदेशतिर गयो र त्यहाँ पुगेपछि कुनै राजाका घरमा नोकरी गर्न लाग्यो। राजाले त्यसका निधारमा भएका घाउको दाग देखेर "पक्कै पनि यो निकै पराक्रमी व्यक्ति रहेछ। त्यसैले कुनै युद्ध आदि भएका बेला यसका निधारमा यत्रो ठूलो घाउ लागेको रहेछ" भन्ने सोचेछन्। यस किसिमको विचार गरेर नै राजाले उसलाई निकै सम्मान गर्न र अरू राजपुत योद्धहरूलाई भन्दा विशेष कृपाभाव देखाउने गर्दथे। राजपुत योद्धाहरू पनि उसमाथि भएको त्यस्तो निगाहा र सम्मानलाई देखेर आफ्नै मनमनमा उठेको डाहाले गर्दा आफूभित्रै मुर्मुरिने गर्दथे तर पनि राजाका डरले उनीहरू भन्नचाहिँ केही पनि सक्दैनथे।

अथान्यस्मिन्नहनि तस्य भूपतेर्विग्रहे समुपस्थिते वीरसम्भावनायां क्रियमाणायां प्रकल्प्यमानेषु गजेषु संनह्यमानुषु वाजिषु, योधेषु प्रगुणीक्रियमाणेषु तेन भूभुजा स कुम्भकारः प्रस्तावानुगतं पृष्टो निर्जने– "भो राजपुत्र! किं ते नाम ? का च जातिः ? कस्मिन्सङ्ग्रामे प्रहारोऽयं ते ललाटे लग्नः ?"

कुनै बेला राजाको समक्ष युद्धको समय आइलाग्यो। अगाडि युद्ध उपस्थित भएपछि वीरहरूको समुचित सम्मान गरिन लागेको थियो, उनीहरूको परीक्षा लिन थालिएको थियो, हात्तीहरूमाथि हौदा चढाइन लागेको थियो, उनीहरूलाई युद्धमा पठाउनका लागि तालिम दिएर सजधज गराइँदै थियो, घोडाका पिठ्युँमाथि जिन कसिँदै थियो, तिनलाई पनि युद्धमा प्रयोग गर्ने तरिकाहरू सिकाइँदै थियो, लडाकु वीरहरूलाई भेला गरिँदै थियो भने प्रसङ्गवश राजाले त्यस कुमालेलाई पनि एकान्तमा बोलाएर उसँग– "वीर राजपुत योद्धा ! तिम्रो नाम के हो ? तिमी कुन जातिका क्षत्रिय हौ ? तिम्रा निधारमा यो घाउको खत कसरी बस्यो ?" भनेर सोधे।

स आह– "देव! नायं शस्त्रप्रहारः। युधिष्ठिराभिधः कुलालोऽहं जात्या। मद्गेहेऽनेककर्पराण्यासन्। अथ कदाचिन्मद्यपानं कृत्वा निर्गतः प्रधावन् कर्परोपरि पतितः। ततश्च प्रहारविकारोऽयं मे ललाट एवं विकरालतां गतः।

उसले– "महाराज ! यो हतियारको घाउ होइन, म जातिको कुमाले हुँ र मेरो नाम युधिष्ठिर हो। मेरा घरमा फुटेका माटाका भाँडाका अनेकौं खबटाहरू जतातत्तै छरिएका थिए। एकपटक मैले रक्सी खाएर घरबाट बाहिर निस्केर दौडँदै थिएँ। अचानक म लडेर तिनै खबटामा परेँ। त्यसै बेला लागेका घाउले निकै ठूलो रूप लियो र निकै मुस्किलले निको भयो। त्यसैले गर्दा नै मेरा निधारमा यो दाग आजसम्म पनि रहिरहेको छ" भन्यो।

तदाकर्ण्य राजा सव्रीडमाह– "अहो, वञ्चितोऽहं राजपुत्रानुकारिणानेन कुलालेन दद्दीयतां द्रागेतस्य चन्द्रार्धः।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुमालेको कुरो सुन्नेबित्तिकै राजाले निकै लज्जाको अनुभव गरे। अनि त सिपाहीहरूसँग उनले— "राजपुत योद्धाहरूका पछि लागेर आउनाले यस कुमालेले मलाई निकै दिनदेखि नमज्जासित भुक्याइरहेको रहेछ। यसलाई घोक्रेठ्याक लगाएर मुन्ट्याउँदै यहाँबाट चाँडै निकालिहाल" भन्ने आदेश दिए।

तथानुष्ठिते कुम्भकार आह— "दैव ! मा मैवं कुरु। पश्य मे रणे हस्तलाघवम्।"

राजाको हुकुमबमोजिम घोक्रेठ्याक लगाउँदै सिपाहीहरूले उसलाई त्यहाँबाट निकाल्नै लागेका के थिए उसै बेलामा उसले पनि— "महराज ! मप्रति यस्तो व्यवहार नगरियोस्। युद्धका मैदानमा मेरा हातको सफाइमात्रै भए पनि हेरियोस्" भन्यो।

राजा प्राह— "भोः ! सर्वगुणसम्पन्नो भवान्, तथापि गम्यताम्। उक्तञ्च—

त्यसका कुरा सुनेर राजाले— "म मान्दछु तिमी सर्वगुणसम्पन्न छौ होला, तर पनि यहाँबाट निस्केर जाऊ। भनिएको पनि छ कि—

शूरश्च कृतविद्यश्च दर्शनीयोऽसि पुत्रक।
यस्मिन् कुले त्वमुत्पन्ने गजस्तत्र न हन्यते" ॥ ३९ ॥

पुत्र तिमी शूर, विद्वान् तथा हेर्नमा राम्रा भएकाले सबै गुणले सम्पन्न छौ। तापनि जुन कुलमा तिमी जन्मिएका हौ, त्यस कुलमा हात्तीको सिकार गर्ने काम हुँदैन" भन्ने श्लोक सुनाए।

कुलाल आह— "कथमेतत् ?" राजा कथयति—

राजाको कुरो सुनेर कुमालेले— "त्यो कस्तो कुरो हो महाराज ?" भनी सोध्यो। अनि राजाले भने—

सिंहशृगालपुत्रयोः कथा

कस्मिंश्चिदुद्देशे सिंहदम्पती प्रतिवसतः स्म। अथ सिंही पुत्रद्वयमजीजनत्। सिंहोऽपि नित्यमेव मृगान् व्यापाद्य सिंह्ये ददाति। अथान्यस्मिन्नहनि तेन किमपि नासादितम्। वने भ्रमतोऽपि तस्य रविरस्तं गतः। अथ तेन स्वगृहमागच्छता शृगालशिशुः प्राप्तः। स च बालकोऽयमित्यवधार्य यत्नेन दंष्ट्रामध्यगतं कृत्वा सिंह्यै जीवन्तमेव समर्पितवान्।

सिंह र स्यालको बच्चो

कुनै एक ठाउँमा भाले र पोथी सिंहको एउटा जोडी बस्ने गरेको थियो। एकपटक पोथी सिंहले दुईवटा बच्चा जन्मायो। सिंहले दिनदिनै जङ्गली पशुहरूलाई मारेर ल्याउँदै त्यस पोथी सिंहलाई दिँदै गर्दथ्यो। एक दिन सिंहले केही पनि सिकार भेट्टाएन तर वनमा घुम्दाघुम्दै त्यसै दिन पनि बित्यो। साँझपख घरतिर फर्किने बेलामा उसले बाटामा एउटा स्यालको बच्चो फेला पाऱ्यो। बच्चो देखेर त्यस सिंहले बडा जतनसाथ दाँतका बिचमा च्यापेर त्यसलाई पनि आफूसँगै घरमा लिएर आयो र जिउँदै अवस्थामा उसले त्यो स्यालको बच्चो सिंहिनीका हातमा जिम्मा दियो।

ततः सिंह्याभिहितं— "भो कान्त ! त्वयानीतं किञ्चिदस्माकं भोजनम् ?"

पोथी सिंहले— "राजा ! तिमीले आज मेरा लागि कुनै खाने कुराको व्यवस्था मिलाइदियौ ? कुनै प्राणी ल्याइदिएका छौ ?" भनेर सोध्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंह प्राह– "प्रिये ! मयाद्यैनं शृगालशिशु परित्यज्य न किञ्चित्सत्त्वमासादितम्। स च मया बालोऽयमिति मत्वा न व्यापादितो विशेषात्स्वजातीयश्च। उक्तञ्च–

भाले सिंहले– "हेर प्रिया ! आज मलाई यो स्यालको बच्चोभन्दा बाहेक अरू कुनै पनि जीव फेला परेन। यसलाई पनि आफ्नै जातभैयातको बच्चो भन्ने ठानेर मैले मारिनँ। भनिएको पनि छ कि–

स्त्रीविप्रलिङ्गिबालेषु प्रहर्त्तव्य न कर्हिचित्।
प्राणात्ययेऽपि सञ्जाते विश्वस्तेषु विशेषतः ॥ ४० ॥

स्त्री, ब्राह्मण, ब्रह्मचारी र बालकलाई कहिल्यै पनि मार्नुहुँदैन। यदि यिनीहरूले विश्वास गरेर आफूसँग आएका छन् भनेदेखि, त्यस्ता बेलामा त आफ्नै ज्यान सङ्कटमा छ भने पनि यिनीहरूमाथि आक्रमण गर्नुहुँदैन।

इदानीं त्वमेनं भक्षयित्वा पथ्यं कुरु। प्रभातेऽन्यत्किञ्चिदुपार्जयिष्यामि।"

यस बेला तिमी यही स्यालको बच्चो खाएर आफ्नो छाक टार्ने काम गर। भोलि बिहान हुनेबित्तिकै कुनै अर्को खाने कुराको बन्दोबस्त गरेर आउनेछु" भन्यो।

सा प्राह– "भो कान्त ! त्वया बालकोऽयमिति विचिन्त्य न हतः। तत्कथमेनमहं स्वोदरार्थे विनाशयामि ? उक्तञ्च–

पोथी सिंहले– "प्यारे ! तिमीले यसलाई जब बच्चो भन्ने ठानेर मारेनौ भनेदेखि म आफ्नो पेट भर्नका लागि मात्रै यसको हत्या किन गर्छु र ? भनिएको पनि छ कि–

अकृतं नैव कर्तव्यं प्राणत्यागेऽप्युपस्थिते।
न च कृत्यं परित्याज्यमेष धर्मः सनातनः ॥ ४१ ॥

ज्यानै जाने अवस्था आइलाग्दा पनि कसैले कहिल्यै गर्न नहुने काम गर्नुहुँदैन र गर्नुपर्ने कामलाई त्याग्नु पनि हुँदैन। यसैलाई शाश्वत र सनातन धर्म भनिन्छ।

तस्मान्ममायं तृतीयः पुत्रो भविष्यति।" इत्येवमुक्त्वा सा तमपि स्वस्तनक्षीरेण परां पुष्टिमनयत्। एवं ते त्रयोऽपि शिशवः परस्परज्ञातजातिविशेष एकाहारविहारा बाल्यसमयं निर्वाहयन्ति स्म।

आजदेखि यो मेरो तेस्रो छोरो भयो" भन्यो। यस किसिमका कुराकानी भइसकेपछि त्यो पोथी सिंहले त्यस दिनदेखि त्यस स्यालका बच्चालाई पनि आफ्नो दुध खुवाएर हुर्काउन लाग्यो। सिंहका परिवारमा तीनवटै बच्चाहरूले कसको जाति के हो भन्ने कुराको खास जानकारी नपाईकनै एकापसमा मिलीजुली खानेखेल्ने, घुम्नेफिर्ने गर्दै हुर्कँदै र बढ्दै बालककाल बिताए।

अथ कदाचित्तत्र वन भ्रमन्नरण्यगजः समायातः। तं दृष्ट्वा तौ सिंहसुतौ द्वावपि कुपिताननौ तं प्रति प्रचलितौ यावत्, तावत्तेन शृगालसुतेनाभिहितम्, "अहो गजोऽयं युष्मत्कुलशत्रुः। तन्न गन्तव्यमेतस्याभिमुखम्" एवमुक्त्वा गृहं प्रति प्रधावितः। तावपि ज्येष्ठबान्धवभङ्गान्निरुत्साहतां गतौ। अथवा, साध्विदमुच्यते–

त्यस वनमा कुनै एक दिन एउटा जङ्गली हात्ती कतै.ट घुम्दैफिर्दै आएछ। त्यसलाई देख्नेबित्तिकै सिंहका ती दुई बच्चा रिसाउँदै त्यसमाथि झम्टन पुगे। हात्तीतिर झम्टँदै गएको देखेर स्यालका बच्चाले तिनीहरूलाई रोक्दै– "अरे भाइ हो ! यो त तिमीहरूका कुलको जन्मजात शत्रु हात्ती हो। त्यसैले तिमीहरू यसका अगाडि जानुहुँदैन"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्यो। यसो भन्दै उचाहिँ भाग्दै र लुक्दै घरतिर आयो। त्यो त्यसरी भागेको देखेपछि सिंहका बच्चाहरू पनि हतोत्साहित भएर फर्किए। अथवा ठिकै पनि भनिएको रहेछ कि—

एकेनापि सुधीरेण सोत्साहेन रणं प्रति।
सोत्साहं जायते सैन्यं भग्ने भङ्गमवाप्नुयात्॥ ४२॥ तथा च—

युद्धका मैदानमा एउटामात्रै उत्साही र धैर्यशाली योद्धाले उत्साहित गरुन्जेलसम्म सबै सेना नै उत्साहित र धैर्यवान् बनेर रहेका हुन्छन्। त्यसै गरी एउटामात्रै काँतर व्यक्ति त्यहाँबाट भाग्न लाग्यो भनेदेखि सम्पूर्ण सेना नै उत्साहहीन भएर उसै गरी भाग्न लाग्दछन्। अरू पनि—

अतएव हि वाञ्छन्ति भूपा योधान् महाबलान्।
शूरान् वीरान् कृतोत्साहान् वर्जयन्ति च कातरान्॥ ४३॥

त्यसै कारण राजाहरूले आफ्ना सेनामा बलिया, धैर्यशाली, उत्साही, शूर र वीर पुरुषहरूलाई सङ्ग्रह गर्दछन् र कायरहरूलाई त्यहाँबाट छुट्याउँछन्।

अथ तौ द्वावपि भ्रातरौ गृहं प्राप्य पित्रोरग्रतो विहसन्तौ ज्येष्ठभ्रातृचेष्टितमूचतुः। यथायं गजं दृष्ट्वा दूरतोऽपि प्रनष्टः। सोऽपि तदाकर्ण्य कोपाविष्टमनाः प्रस्फुरिताधरपल्लवस्ता-म्रलोचनस्त्रिशिखां भृकुटिं कृत्वा तौ निर्भर्त्सयन् परुषतरवच-नान्युवाच। ततः सिंह्या एकान्ते नीत्वा प्रबोधितोऽसौ— "वत्स! मैवं कदाचिज्जल्प। भवदीयलघुभ्रातरावेतौ" इति।

घरमा पुगेर ती दुईवटै भाइहरूले पिताका अगाडि आफ्नो स्याल दाइलाई ज्यादै खिसी र हाँसो ठट्टा गर्दै उडाए। त्यसैबिच हात्तीलाई देख्नेबित्तिकै ऊ आफू पनि भागेको र अरूलाई पनि उसले भाग्ने सल्लाह दिएको कुरासमेत सुनाइदिए। सिंहका बच्चाहरूको कुरो सुनेर स्यालको बच्चो ज्यादै रिसायो। उसका ओठहरू रिसले थरथरी काँप्न लागेका र आँखा राता भएका थिए। आँखी भौँ बाङ्गा र टिङ्गा पार्दै ऊ तिनीहरूलाई तथानाम भन्दै थियो। त्यसरी रिसाएको देखेर पोथी सिंहले त्यसलाई एकान्तमा लगेर सम्झाउँदै— "बाबु! तिमीले त्यसो नभन किनकि ती दुवै तिम्रा भाइहरू हुन्" भन्यो।

अथासौ सान्त्ववचनेन प्रभूततरकोपाविष्टस्तामप्युवाच— "किमहमेताभ्यां शौर्येण, रूपेण, विद्याभ्यासेन, कौशल्येन वा हीनो, येन मामुपहसतः ? तन्मयावश्यमेतौ व्यापादनीयौ।"

सिंहिनीका त्यस्ता सान्त्वनाका कुराहरू सुनेर अरू अझै रिसले उत्तेजित हुँदै— "के म शौर्य, रूप, विद्या, सिप आदि केमा यिनीहरूभन्दा कम छु र यसरी मलाई हेपिरहेका छन् ? म यिनीहरूलाई नमारीकन छोड्दिनँ" भन्न थाल्यो।

तदाकर्ण्य सिंही तस्य जीवितमिच्छन्त्यन्तविहस्य प्राह—

स्यालका बच्चाको त्यस्तो लिँडे ढिपी सुनेर, त्यसको जीवन सुरक्षित रहोस् भन्ने चाहँदै पोथी सिंहले मुस्कुराएर हाँस्तै—

"शूरोऽसि कृतविद्योऽसि दर्शनीयोऽसि पुत्रक।
यस्मिन् कुले त्वमुत्पन्नो गजस्तत्र न हन्यते॥ ४४॥

"बाबु! तिमीले भनेको कुरो अति नै ठिक हो। तिमी वीर, विद्वान् र देख्नमा राम्रा पनि छौ, तर जुन कुलमा तिमी जन्मिएका थियौ त्यस कुलमा हात्तीको सिकार गरिँदैनथ्यो।

तत्सम्यक् शृणु— वत्स! त्वं शृगालीसुतः। मया कृपया स्वस्तनक्षीरेण पुष्टिं नीतः। तद्यावदेतौ मत्पुत्रौ शिशुत्वात्त्वां शृगालं न जानीतः। तावद् द्रुततरं गत्वा स्वजातीयानां मध्ये

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिलितो भव। नो चेदाभ्यां हतो मृत्युपथं समेष्यसि।" सोऽपि तद्वचनं श्रुत्वा भयव्याकुलमनाः शनैः शनैरपसृत्य स्वजात्या मिलितः।

म सबै कुरो साँचोसत्य बताउँछु अब सुन, बाबु ! तिमी एउटा स्यालको बच्चा हौ। मैले माया गरेर तिमीलाई आफ्नो दुध खुवाएर पालनपोषण गरी ठुलो पारेको हुँ। ती मेरा छोराहरू केटाकेटी नै भएकाले जहिलेसम्म तिमीलाई स्याल रहेछ भनेर चिन्न सकिरहेका हुँदैनन् त्यतिन्जेलमा तिमी यहाँबाट भाग र आफ्नै जातिका स्यालहरूसँग मिलेर बस। त्यसो गरेनौ भने यिनीहरूले पछि तिमीलाई मार्लान्" भनेर सम्झायो। पोथी सिंहको कुरो सुनेपछि डरले थर्कमान भएर आत्तिँदै त्यहाँबाट कसैले थाहा नपाउने गरी बिस्तारैसँग स्यालले कुलेलम ठोक्यो। अनि त्यो स्याल गएर आफ्नै जातसँग मिसिन पुग्यो।

"तस्मात्त्वमपि यावदेते राजापुत्रास्त्वं कुलालं न जानन्ति तावद् द्रुततरमपसर। नो चेदेतेषां सकाशाद्विडम्बनां प्राप्य मरिष्यसि।" कुलालोऽपि तदाकर्ण्य सत्वरं प्रणष्टः।

त्यो कथा सुनाइसकेपछि राजाले कुमालेसँग– "त्यसैले यहाँका राजपुत योद्धाहरूले तिमी कुमाले हौ भन्ने कुरो थाहा नपाउँदै यहाँबाट तुरुन्तै भाग। होइन भने, यी राजपुत योद्धाहरूबाट अपमानित हुँदै तिमीले पनि मर्नुपर्ला" भन्ने किसिमका राजाका कुराहरू सुनिसकेपछि त्यो कुमाले पनि तत्काल त्यहाँबाट भागेर गयो।

अतोऽहं ब्रवीमि– "स्वार्थमुत्सृज्य यो दम्भी ..." इति।

त्यसैले म भन्दछु कि– जुन व्यक्तिले आफ्ना स्वार्थलाई उपेक्षा गर्दै घमन्डका कारणले सत्य बोल्ने प्रयास गर्दछ, त्यसले उही कुमालेको जस्तै गरी आफ्नो सारा काम नै बिगार्दछ।

धिङ्मूर्ख ! यत्त्वया स्त्रियोऽर्थे एतत्कार्यमनुष्ठातुमारब्धम्। न हि स्त्रीणां कथञ्चिद्विश्वासमुपगच्छेत्। उक्तञ्च–

यस किसिमको कथानकलाई समाप्त गरिसकेपछि फेरि बाँदरले गोहीलाई धिक्कार्दै– "ऐ मूर्ख ! तँ आइमाईको भनाइका पछि लागेर मित्रसँग विश्वासघात गर्न लागेको थिइस्। तँलाई धिक्कार छ। मानिसले कहिल्यै पनि आइमाईका कुरामा विश्वास गर्नुहुँदैन। भनिएको छ कि–

यदर्थं स्वकुलं त्यक्तं जीविताधं च हारितम्।
सा मां त्यजति निःस्नेहा कः स्त्रीणां विश्वसेन्नरः॥ ४५॥

जसका लागि मैले आफ्नो कुललाई त्यागेँ र आफ्ना जीवनको आधा भाग दिएँ। उसैले यदि आज मलाई निर्मोही भएर छोड्दै छे भने यस संसारमा आइमाईको विश्वास कसले गर्ला र ?" भनेर सुनायो।

मकर आह– "कथमेतत् ?" वानर आह–

गोहीले– "त्यो कसे कुरो हो ?" भनेर सोध्यो। बाँदरले उत्तर दिँदै भन्यो–

ब्राह्मणदम्पत्योः कथा

अस्ति कस्मिँश्चिदधिष्ठाने कोऽपि ब्राह्मणः। तस्य च भार्या प्राणेभ्योऽप्यतिप्रियासीत्। सापि प्रतिदिनं कुटुम्बेन सह कलहं कुर्वाणा न विश्राम्यति। सोऽपि ब्राह्मणः कलहमसहमानो भार्यावात्सल्यात् स्वकुटुम्बं परित्यज्य ब्राह्मण्या सह विप्रकृष्टं देशान्तरं गतः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्राह्मण दम्पती

कुनै सहरमा एउटा ब्राह्मण रहने गर्दथे। उनले आफ्नी पत्नीलाई आफ्नो प्राणभन्दा पनि बढी माया गर्दथे। उनकी पत्नी भने परिवारका अरू सदस्यहरूसँग सधैँ झगडामात्रै गरिरहन्थिन्। पत्नीप्रति ज्यादा माया भएका कारणले ती ब्राह्मण पनि परिवारका आफन्तहरूलाई छोडेर स्वास्नीलाई मात्रै सँगै लिएर कुनै अर्कै ठाउँमा गएर बस्नका लागि घरबाट निस्केर हिंडे।

अथ महाटवीमध्ये ब्राह्मण्याभिहितः— "आर्यपुत्र! तृष्णा मां बाधते, तदुदकं क्वाप्यन्वेषय।"

बाटामा जाँदै गर्दा कुनै जङ्गलका बिचमा पुगेपछि ती ब्राह्मणीले— "आर्यपुत्र! मलाई ज्यादै तिर्खा लाग्यो। कतैबाट पानीको व्यवस्था गरेर ल्याइदेऊ" भनिन्।

अथासौ तद्वचनानन्तर यावदुदकं गृहीत्वा समागच्छति तावत्तां मृतामपश्यत। अतिवल्लभतया विषदं कुर्वन् यावद्विलपति तावदाकाशे वाचं शृणोति। तथा हि—

उनको भनाइअनुसार पानीको खोजीमा हिंडेका ब्राह्मण केही बेरपछि फर्केर आएर हेर्दछन् त उनी आइपुग्नुभन्दा पहिले नै ती ब्राह्मणी त मरिसकिछन्। तिनीप्रति ज्यादै माया भएका कारणले ती ब्राह्मण ज्यादै शोकसन्तप्त भएर रुन कराउन र विलाप गर्न लागे। त्यति हुँदाहुँदै ती ब्राह्मणले आकाशबाट कसैले—

"यदि ब्राह्मण! त्वं स्वकीयजीवितस्यार्धं ददासि ततस्ते जीवति ब्राह्मणी।" तच्छ्रुत्वा ब्राह्मणेन शुचीभूय तिसृभिर्वाचाभिः स्वजीविताधं दत्तम्। वाक्सममेव च सा ब्राह्मणी जीविता।

"हे ब्राह्मण! यदि तिमीले आफ्ना आयुको आधा भाग यी ब्राह्मणीलाई दियौ भने उनी फेरि जीवित हुन सक्दछिन्" भनेको सुने। त्यस किसिमको आकाशवाणी सुनेर ती ब्राह्मणले आचमन आदि गरिसकेर आफूलाई पवित्र बनाए। अनि तीनपटक सङ्कल्प उच्चारण गरेर उनले आफ्ना आयुको आधा भाग मरेकी ब्राह्मणीलाई दिए। ब्राह्मणले त्यसरी वाणीद्वारा आफ्नो आयु दान गरेपछि ती ब्राह्मणी तुरुन्तै जीवित भइन् पनि।

अथ तौ जलं पीत्वा वनफलानि भक्षयित्वा गन्तुमारब्धौ। ततः क्रमेण कस्यचिन्नगरस्य प्रदेशे पुष्पवाटिकां प्रविश्य ब्राह्मणो भार्यामभिहितवान्— "भद्रे! यावदहं भोजनं गृहीत्वा समागच्छामि तावदत्र त्वया स्थातव्यम्।" इत्यभिधाय ब्राह्मणो नगरमध्ये जगाम।

दुवैले पानी खाएपछि वनबाट केही फलफूल खोजेर खाँदै थकाइ मेटेर त्यहाँबाट हिंडे। अलिक पर जाँदै गर्दा उनीहरू एउटा सहरका नजिकै पुगे। त्यहाँ बाटाको दुवै छेउ अत्यन्त सुन्दर फूलहरूले भरिभराउ भएको एउटा बगैँचा थियो। त्यस बगैँचामा प्रवेश गरिसकेपछि ब्राह्मणले उनकी ब्राह्मणीलाई एउटा ठाउँ देखाउँदै— "भद्रे! म सहरमा गएर खाने कुराको व्यवस्था गरेर आउँछु। तिमी एक छिन त्यहीँ बसिराख" भने। त्यति कुरो गरिसकेर उनी भोजन लिनका लागि भन्दै सहरतिर गए।

अथ तस्यां पुष्पवाटिकायां पङ्गुररघट्टं खेलयन् दिव्यगिरा सङ्गीतमुद्गिरति। तच्च श्रुत्वा कुसुमेषुणादित्या ब्राह्मण्या तत्सकाशं गत्वाऽभिहितं— "भद्र! यदि मां न कामयसे तन्मत्सक्ता स्त्रीहत्या तव भविष्यति।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसै बगैंचामा एकातिर मिठो स्वरमा गीत गाउँदै एउटा खोरन्डो रहटका सहायताले इनारबाट पानी उघाउँदै थियो। त्यसको गीत सुनेपछि ती ब्राह्मणी कामदेवको वाणबाट घाइते भइन् र त्यस खोरन्डाका नजिकै पुगेर– "भद्र ! यदि तिमीले मसँग रमण गरिदिएनौ भनेदेखि अहिले म यहीं नै आफ्नो प्राण त्याग गर्नेछु र तिमीलाई स्त्रीहत्या गरेको पाप लाग्नेछ" भनिन्।

पङ्गुरब्रवीत्– "किं व्याधिग्रस्तेन मया करिष्यसि ?"

खोरण्डाले– "मजस्ता रोगीसँग तिमीले के पाउन सक्छौ र आफूलाई पापको भागी बनाउन खोज्दै छौ ?" भनी सोध्यो।

साब्रवीत्– "किमनेनोक्तेन । अवश्यं त्वया सह मया सङ्गमः कर्तव्यः ।"

त्यस आइमाईले– "मलाई लाग्ने पापसँग तिम्रो के सम्बन्ध छ र मचाहिं तिमीसँग रमण गर्न तयार छु" भनिन्। त्यस्तो कुरो भइसकेपछि ती दुईले आनन्दपूर्वक रतिक्रीडा गरे।

सुरतानन्तरं साब्रवीत्– "इतः प्रभृति यावज्जीवं मयात्मा भवते दत्तः। इति ज्ञात्वा भवानप्यस्माभिः सहागच्छतु।"

आपसमा आनन्दपूर्वक सम्भोगआदि क्रिया पूरा गरिसकेपछि ती ब्राह्मणीले त्यस पङ्गुसँग– "आजदेखि जीवनभरिका लागि मैले आफ्नो आत्मा तिमीलाई नै समर्पण गरिदिएँ। त्यसैले अब तिमी पनि हामीसँगै हिंड" भनिन्।

सोऽब्रवीत्– "एवमस्तु"

ब्राह्मणीको कुरो सुनेर रमाउँदै "हुन्छ" भनेर खोरन्डाले प्रस्ताव स्वीकार गऱ्यो।

अथ ब्राह्मणो भोजनं गृहीत्वा समागत्य तया सह भोक्तमारब्धः। साऽब्रवीत्– "एष पङ्गुर्बुभुक्षितः। तदेतस्यापि कियन्मपि ग्रासं देहि" इति। तथानुष्ठिते ब्राह्मण्याभिहितं, "ब्राह्मण ! सहायहीनस्त्वम् यदा ग्रामान्तरं गच्छसि तदा मम वचनसहायोऽपि नास्ति। तदेनं पङ्गुं गृहीत्वा गच्छावः।

त्यसपछि ती ब्राह्मणीका पति भोजन लिएर आए अनि आफ्नी पत्नीसँग बसेर खान लागे। खाँदै गरेका ब्राह्मणसँग ब्राह्मणीले– "यो अपाङ्ग मानिस ज्यादै भोकाएको छ। त्यसैले यसैबाट अलिकति खाने कुरो उसलाई पनि दिऊँ" भनिन्। ब्राह्मणीको कुरो सुनेपछि त्यसैअनुसार जब ब्राह्मणले केही खाने कुरो दिए र ऊ खान लाग्यो अनि ब्राह्मणीले फेरि– "पतिदेव ! यस समयमा तिमीसँग कुनै व्यक्ति सहायक छैन। त्यसैले तिमी भोजन आदिको व्यवस्था मिलाउनका लागि कुनै अर्को गाउँतिर जाने गर्दछौ, त्यस्ता बेलामा म पनि एक्लै भएर बसेकी हुन्छु, त्यस बेला मसित बोलचाल गर्ने मानिस पनि कोही हुँदैन। त्यसैले यी पङ्गुलाई पनि हामीसँगै लग्यौं भने झनै राम्रो हुनेछ" भनिन्।

सोऽब्रवीत्– "न शक्नोम्यात्मानमप्यात्मना बोढुं, किं पुनरेनं पङ्गुम् ?" साऽब्रवीत्– "पेटाभ्यन्तरस्थमेनमहं नेष्यामि।" तत्कृतकवचनव्यामोहितचित्तेन तेन प्रतिपन्नम्। तथानुष्ठि-तेऽन्यस्मिन् दिने कूपोपकण्ठे विश्रान्तो ब्राह्मणस्तया पङ्गुपुरुषासक्तया सम्प्रेर्य कूपान्तः पातितः। सापि पङ्गुं गृहीत्वा कस्मिँश्चिन्नगरे प्रविष्य।

ब्राह्मणले– "म आफैं त यस्तो ख्याउटे र कमजोर भएको हुनाले आफ्नै शरीर बोक्न नसक्ने भएको छु भने यसलाई कसले बोकेर हिंड्न सक्छ र ?" भने। त्यसको उत्तर दिंदै ब्राह्मणीले– यसलाई पेटीभित्र हालेर म नै आफ्ना टाउकामा राखेर बोक्नेछु" भनिन्। ब्राह्मणीका कपटपूर्ण कुरामा भुक्किएका ब्राह्मणले आफ्नी स्वास्नीको प्रस्तावलाई स्वीकार गरे पनि। त्यसपछि ती ब्राह्मणीले त्यस पङ्गुलाई बाकसमा हालेर टाउकामा राखेर हिंड्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागिन्। अर्को दिन थकाइ मेट्ने उद्देश्यले ती ब्राह्मण इनारको डिलनजिकै एक ठाउँमा सुतेका थिए। खोरन्डाका मायाजालमा परेकी ब्राह्मणीले आफ्ना पति ती सोझा ब्राह्मणलाई निदाएको मौका पारी घँच्याटेर इनारमा खसालिदिइन् र आफू त्यस खोरन्डालाई लिई अर्कै एउटा सहरमा पुगिन्।

तत्र शुल्कचौर्यरक्षानिमित्तं राजपुरुषैरितस्ततो भ्रमद्भिस्तन्मस्तकस्था पेय दृष्ट्वा बलादाच्छिद्य राज्ञोऽग्रे नीता च यावत्तामुद्घाटयति तावत्तं पङ्गुं ददर्श। ततः सा ब्राह्मणी विलापं कुर्वन्ती राजपुरुषानुपदमेव तत्रागता।

सहरको सीमामा कर छल्नेहरूलाई रोक्नका लागि तैनाथ गरिएका प्रहरीले यताउता घुम्दै गस्ती गर्दा टाउकामा ठूलो बाकस राखेर हिँडेकी ब्राह्मणीलाई देखे। उनीहरूले ब्राह्मणीको त्यो बाकस खोसेर राजाका अगाडि लगेर राखिदिए। राजाले त्यस बाकसलाई खोल्न लगाए, त्यसभित्र खोरन्डो बसिरहेको देखे। त्यति हुँदा नहुँदै सिपाहरूका पछिपछि रुँदै कराउँदै ती ब्राह्मणी पनि त्यहीँ आइपुगिन्।

राज्ञा पृष्ट्य– "को वृत्तान्त ?" इति।

राजाले ब्राह्मणीलाई देखेर "यो कस्तो कुरो हो ?" भनेर सोधे।

साऽब्रवीत्– "ममैष भर्ता व्याधिबाधितो दयादसमूहैरुद्वेजितो मया स्नेहव्याकुलित-मानसया शिरसि कृत्वा भवदीयनगरे आनीतः।"

अनि ब्राह्मणीले– "यिनी मेरा पतिदेव हुन्, रोग लागेका कारण यस्तो भएका हुनाले कुलकुटुम्बका दाजुभाइले यिनलाई ज्यादै हेपेका थिए। त्यसैले यिनको धेरै माया लागेकाले मैले यसरी टाउकामा बोकीबोकी यस सहरमा लिएर आएकी हुँ" भनिन्।

तच्छ्रुत्वा राजाऽब्रवीत्– "ब्राह्मणी ! त्वं मे भगिनी, ग्रामद्वयं गृहीत्वा भर्त्रा सह भोगान्भुञ्जाना सुखेन तिष्ठ।"

ब्राह्मणीको कुरो सुनेर राजाले– "हेर ब्राह्मणी ! आजदेखि तिमी मेरी बहिनी हौ। मबाट दुईवटा गाउँ लिएर तिमीले आफ्ना पतिसँगै विभिन्न किसिमको सुखको भोग गर्दै आनन्दपूर्वक तिमी यहीँ बस" भनिदिए।

अथ स ब्राह्मणो दैववशात् केनापि साधुना कूपात्कूपादुत्तारितः परिभ्रमंस्तदेव नगरमायातः, तया दुष्टभार्यया दृष्ट्वे राज्ञे निवेदितश्च– "राजन् ! अयं मम भर्तुर्वैरी समायातः।" राज्ञापि वध आदिष्टः।

दैवसंयोग ती ब्राह्मण पनि कुनै सज्जन व्यक्तिका कृपापूर्ण सहायताले त्यस इनारबाट निस्केर यताउति घुम्दैफिर्दै उसै सहरमा पुगेछन्। ब्राह्मणलाई देख्नेबित्तिकै ती दुष्ट आइमाईले राजासमक्ष पुगेर– "महराज ! मेरा पतिको शत्रु यहाँ पनि आइपुगेछ" भन्दै गुहार माग्न थालिन्। ब्राह्मणीको कुरो सुनेर राजाले ती ब्राह्मणलाई मार्नका लागि सिपाहीहरूलाई आदेश दिए।

तदा सोऽब्रवीत्– "देव ! अनया मम सक्तं किञ्चिद् गृहीतमस्ति यदि त्वं धर्मवत्सलः तदा दापय।"

राजाको आज्ञा सुनेर ती ब्राह्मणले– "महाराज ! यसले मेरो एउटा कुरो लिएकी छ। यदि तपाईं न्यायप्रेमी राजा हुनुहुन्छ भने त्यो मेरो वस्तु यसबाट फिर्तागराई पाऊँ" भनी बिन्ती बिसायो।

राजाऽब्रवीत्– "भद्रे ! यत्त्वयास्य सक्तं किञ्चिद् गृहीतमस्ति तत्समर्पय।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो कुरो सुनेपछि राजाले— "भद्रे ! तिमीले यसको केही कुरो लिएकी छ्यौ भने फिर्ता गरिदेऊ" भने।

सा प्राह— "देव ! मया न किञ्चिद् गृहीतम्।"

ती ब्राह्मणीले— "महाराज ! मैले यसको कुनै वस्तु लिएकी छैनँ" भनी।

ब्राह्मण आह— "यन्यमा त्रिवाचिकं स्वजीविताधं दत्तं, तद् देहि।"

ब्राह्मणीको कुरो सुनेर ती ब्राह्मणले— "मैले आफ्ना आयुको जुन आधा भाग तिमीलाई दिएको थिएँ, त्यही मलाई फिर्ता गरिदेऊ" भने।

अथ सा राजभयात्तथैव "त्रिवाचिकमेव जीविताधं मया दत्तम" इति जल्पन्ती प्राणैर्वियुक्ता।

राजाका डरले आत्तिएर ती ब्राह्मणीले त्यसै वाक्यलाई दोहोऱ्याउन लाग्दा— "तिम्रा आयुको जुन आधा भाग मैले लिएकी थिएँ, त्यो फिर्ता गरिरहेकी छु" भनेकी मात्र के थिइन्, त्यहीँ पुक्लुक्क ढलेर भुतुक्कै मरिन्।

ततः सविस्मयं राजाऽब्रवीत्— "किमेतत् ?" इति।

यस्तो घटना आफ्ना आँखा अगाडि नै घटित भएको देखेर राजाले तीन छक्क पर्दै— "होइन, यो कस्तो अचम्म हो ? यस्तो के भएको ?" भनेर सोधे।

ब्राह्मणेनापि पूर्ववृत्तान्तः सकलोऽपि तस्मै निवेदितः।

अनि ब्राह्मणले पहिलेदेखिको कुरो यथातथ्य रूपमा भन्दै सुनाउँदै गए।

अतोऽहं ब्रवीमि— "यदर्थे स्वकुलं त्यक्तम्" इति।

यस किसिमको कथा भनिसकेपछि त्यस बाँदरले— "त्यसैले म भन्दछु कि जसका लागि मैले कुललाई छोडेँ र आफ्नो आयुको आधा भाग पनि दिएँ, उसैले आज मलाई छोडेर अर्कातिर जान लागेकी छ। त्यसैले स्त्रीहरूमाथि कसले पो विश्वास गर्न सक्ला र ? भन्ने ब्राह्मणको भनाइ सत्य थियो" भन्यो।

वानरः पुनराह— "साधु चेदमुपाख्यानं श्रूयते—

यस्तो कुरो गरिसकेपछि त्यस बाँदरले फेरि— "सधैँजसो सुन्ने गरिएको अर्को एउटा यो कथा पनि घत लाग्दो छ कि—

न किं दद्यान्न किं कुर्यात् स्त्री भरभ्यर्थितो नरः।
अनश्वा यत्र हेषन्ते शिरः पर्वणि मुण्डितम्" ॥ ४६ ॥

आइमाईका भनाइमा लागेर पुरुषहरूले उनीहरूलाई केके मात्रै दिँदैनन् र कस्ताकस्ता काम पनि गर्दैनन् होला ? जुन पर्वमा मानिसले घोडाभैँ हिल्लिन्छ, त्यसै पर्वमा मैले पनि कपाल मुडुल्याएको छु" भन्यो।

मकर आह— "कथमेतत्" व्रानरः कथयति—

गोहीले— "त्योचाहिँ कस्तो कुरो हो नि ?" भनेर सोध्यो। अनि बाँदरले भन्न थाल्यो।

नन्दवररुचिकथा

अतिप्रख्यातबलपौरुषोऽनेकनरेन्द्रमुकुटमरीचिजालजटिलीकृतपादपीठः शरच्छशाङ्क-किरणनिर्मलयशाः पृथिव्या भर्ता नन्दो नाम राजा। तस्य सर्वशास्त्राधिगत-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समस्ततत्त्वः सचिवो वररुचिर्नाम। तस्य च प्रणयकलहेन जाया कुपिता। सा चातीव वल्लभानेकप्रकारं परितोष्यमाणापि न प्रसीदति, ब्रवीत् च भर्ता— "भद्रे, येन प्रकारेण तुष्यसि तं वद। निश्चितं करोमि।"

नन्द र वररुचि

कुनै समयमा नन्द नामका एकजना राजाले राज्य गरेका थिए। उनी अत्यन्त बलवान् र पराक्रमी थिए। अनेकौं राजाहरूले तिनलाई पस्रेर ढोग्ने हुँदा तिनका शिरको मुकुटमा जडिएका मणिहरूको टलक उनका जुत्तामा देखिन्थ्यो र उनको पवित्र कीर्ति पनि शरद् ऋतुको चन्द्रमाजस्तै सफा रूपमा पृथ्वीका चारै दिशामा फैलिएको थियो। वररुचि नाम गरेका उनका एकजना मन्त्री थिए। तिनले पनि अनेकौं शास्त्रहरूको गहिरो अध्ययन गरेकाले संसारका सबै तत्त्वको व्यापक ज्ञान आर्जन गरेका थिए। एक दिन घरमा प्रेमसम्बन्धी झगडा पर्दा वररुचिकी पत्नी उनीसँग रिसाइन्। वररुचि उनलाई ज्यादै सम्मान गर्दथे। त्यसैले उनले फकाउने निकै कोसिस गरे, तर पनि उनी कसै गर्दा मानिनन्। आखिरमा उनले विवश भएर— "हे प्राणप्रिया ! तिमीलाई कसरी खुसी पारौं त ? मैले के गर्दा तिमीलाई खुसी लाग्छ भने म तिम्रो इच्छा जसरी भए पनि पूरा गरिदिन्छु। तिमी मसित यसरी नरिसाऊ" भन्दै बिन्तीभाउ गरे।

ततः कथञ्चित्तयोक्तम्— "यदि शिरो मुण्डयित्वा मम पादयोर्निपतसि तदा प्रसादाभिमुखी भवामि।" तथानुष्ठिते च सा प्रसन्नासीत्! अथ नन्दस्य भार्यापि तथैव रुष्य, प्रसाद्यमानापि न तुष्यति।

निकै बेर यसरी अनुनय विनय गरेर फकाएपछि उनकी आइमाईले— "यदि तिमीले आफ्नो कपाल मुडुल्याएर मेरा गोडामा पस्रिएर मुडुलो टाउको राख्यौ भने म खुसी हुनेछु" भनिन्। वररुचिले पनि उनकी पत्नीले भनेझैं उसै गरिदिए। उनी त्यसो भएपछि प्रसन्न भइन्। दैवसंयोगवश यता नन्द महाराजका घरमा पनि उसै किसिमको प्रेमकलह पतिपत्नीमा परेछ र राजासँग उनकी पत्नी रिसाइछन्। कसै गरी रिझाउँदा पनि ती आइमाई खुसी भइनछिन्।

तेनोक्तम्— "भद्रे ? त्वया विना मुहूर्त्तमपि न जीवामि। पादयोः पतित्वा तवां प्रसादयामि।" साब्रवीत्— "यदि खलीनं मुखे प्रक्षिप्याहं तव पुष्ठे समारुह्य त्वां धावयामि, धावितस्तु यद्यश्ववद्ध्रेषसे तदा प्रसन्ना भवामि।" राज्ञापि तथैवानुष्ठितम्।

राजाले पनि आखिरमा रानीसँग— "प्रिया ! तिमीबिना म त एकछिन पनि बाँच्न सक्दिनँ। त्यसैले तिम्रा गोडामा पस्रिएर म तिमीलाई मनाइरहेको छु" भने। रानीले— "यसरी हुँदैन" भनिन्। अनि राजाले— "भन न त मेरी प्राणप्यारी ! तिमीलाई मैले कसो गरिदिंदा खुसी लाग्दछ ? म तिमीले जसो भने पनि मान्न तयार छु नि त" भने। अनि रानीले— "तिमी घोडा बन, म तिम्रा मुखमा लगाम लगाउँछु र माथि चढेर कुदाउँछु। मैले कुदाउन लागेपछि तिमीले घोडाकै आवाजमा हिल्लिँदै कुद्नुपर्छ, अनि म तिमीसँग खुसी हुनेछु" भनिन्। आखिरमा विवश भएर राजाले पनि आफ्नी पत्नीले जसो भनिन् उसै गरिदिएर रानीलाई प्रसन्न गराए।

अथ प्रभातसमये सभायामुपविष्टस्य राज्ञः समीपे वररुचिरायातः। तं च दृष्ट्वा राजा पप्रच्छ— "भो वररुचे ! कस्मिन् पर्वणि मुण्डितं शिरस्त्वया ?" सोऽब्रवीत्—

भोलिपल्ट बिहान राजसभामा बसेका महाराज नन्दका सामु जब वररुचि आइपुगे। अनि तिनलाई मुडुलो भएर आएको देखेपछि राजाले— "वररुचि ! तिमीले कुन पर्वको खुसीयालीमा यसरी टाउकै मुडुल्याएका थियौ ?" भनी सोधे। वररुचिले त्यसको उत्तरमा—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"न किं दद्यान्न किं कुर्यात्स्त्रीभिरभ्यर्थितो नरः।
अनश्वा यत्र हेषन्ते तत्र पर्वणि मुण्डितम्" ॥४७॥

"आइमाईका अड्डीमा मानिसले के गर्दैन र उनीहरूलाई के पो दिँदैन ? महाराज ! जुन पर्वको खुसीयालीमा मानिस पनि घोडाझैं भएर हिल्लिने गर्दछ, उसै पर्वको खुसीयालीमा यो मुण्डन पनि गरेको हुँ" भनिदिए।

तद्भो दुष्टमकर ! त्वमपि नन्दवररुचिवत्स्त्रीवश्यः। ततो भद्र ! तद्भणितेन त्वया मां प्रति वधोपायप्रयासः प्रारब्धः। परं स्ववाग्दोषेणैव प्रकटीभूतः। अथवा साध्विदमुच्यते–

यस खालको कथा सुनाएपछि बाँदरले गोहीसँग– "अरे दुष्ट गोही ! तँ पनि नन्द र वररुचिजस्तै जोइटिङ्गे रहिछस्। त्यसो भएकैले उसले भन्नेबित्तिकै तँ पनि मलाई मार्नका लागि तम्सिएको थिइस्। तर आफ्नै मुखको हतारले तेरो भेद खुल्यो र असली रूप मैले देखिहालें। ठिकै पनि त भनिएको रहेछ नि–

**"आत्मनो मुखदोषेण बध्यन्ते शुकसारिकाः।
बकास्तत्र न बध्यन्ते मौनं सर्वार्थसाधकम्॥ ४८॥ तथा च–**

आफ्नै मुखका दोषले सुगा र मैनाहरू समातिन्छन् र पिँजडामा थुनिन्छन् तर मौन रहने हुनाले बकुल्लो सधैँ स्वच्छन्द भएर घुमफिर गर्न पाउँछ। उसलाई कसैले पनि पक्रँदैन। त्यसैले वास्तवमा मौन रहनाले नै सबै कामहरू सिद्ध गर्न सकिन्छ। अरू पनि–

**सुगुप्तं रच्यमाणोऽपि दर्शयन् दारुणं वपुः।
व्याघ्रचर्मप्रतिच्छन्नो वाक्कृते रासभो हतः" ॥ ४९॥**

अत्यन्त लुकाएर राख्दा पनि र बाहिरबाट अति भयङ्कर देखिने खालको हुने गरी बाघको छाला ओढाइएको नै भए पनि आफ्नो मुर्ख्याइँपूर्ण तरिकाले थुतुनो चलाएकै कारण गधाले पनि मारिनुपरेको थियो।

मकर आह– "कथमेतत् ?" वानरः कथयति"

गोहीले– "त्यो चाहिँ कसरी ?" भनेर सोध्यो। बाँदरले भन्न लाग्यो–

वाचालरासभ-कथा

कस्मिंश्चिदधिष्ठाने शुद्धपटो नाम रजकः प्रतिवसति स्म। तस्य च गर्दभ एकोऽस्ति। सोऽपि घासाभावादतिदुर्बलतां गतः। अथ तेन रजकेनाटव्यां परिभ्रमता मृतव्याघ्रो दृष्टः, चिन्तितश्च, "अहो, शोभनमापतितम्। अनेन व्याघ्रचर्मणा प्रतिच्छाद्य रासभ रात्रौ यवक्षेत्रेषूत्स्रक्ष्यामि, येन व्याघ्रं मत्वा समीपवर्तिनः क्षेत्रपाला एनं न निष्कासयिष्यन्ति।

दुर्मुखे गधा

एकादेशमा एउटा शुद्धपट नाम भएको धोबी थियो। उसँग एउटामात्रै गधा थियो। तर त्यही एउटा गधा पनि राम्रोसँग घाँस खान नपाएकाले दुब्लाएर ख्याउटो भएको थियो। एक दिन वनमा घुम्दै जाँदा त्यस धोबीले एउटा बाघ मरिरहेको भेट्यो। त्यसलाई देखेपछि उसले मनमनै "आहा ! यो कति राम्रो भयो। यही बाघको छाला ओढाइदिएर म रातीराती आफ्नो गधालाई जौका खेतमा छाडिदिने गर्दछु। खेती रुङ्न आउनेले बाघ भन्ने ठानेर यसलाई लखेट्दैनन्" भन्ने कुराहरू विचार गर्न लाग्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथानुष्ठिते, रासभो यथेच्छया यवभक्षणं करोति। प्रत्यूषे भूयोऽपि रजकः स्वाश्रयं नयति स्म। एवं गच्छता कालेन स रासभः पीवरतनुर्जातः। कृच्छ्राद्बन्धनस्थानमपि नीयते। अथान्य-स्मिन्नहनि स मदोद्धतो दूराद्रासभीशव्दमशृणोत्। तच्छ्रवणमात्रणैव स्वयं शव्दायितुमारव्धः। अथ ते क्षेत्रपालाः "रासभोऽयं व्याघ्रचर्मप्रतिच्छन्नः" इति ज्ञात्वा लगुडशरपाषाणप्रहारैस्तं व्यापादितवन्तः।

त्यस धोबीले यस किसिमका कुराहरू सोचिसकेपछि त्यो छाला घरमा लिएर आयो र रातका समयमा गधालाई ओढाएर जौका खेतमा छाडिदिन लाग्यो। मनमर्जीसँग त्यसरी जौका खेतमा गधाले चर्न पाउन थाल्यो। त्यसरी चरिसकेपछि बिहानीपख धोबीले गएर त्यसलाई आफ्ना घरमा लिएर आउने गर्दथ्यो। यसै किसिमले चर्ने गर्दा निकै दिन बिते र गधा पनि निकै बलियो भयो। त्यो गधा केही दिनमा नै यति बलियो भयो कि कहिलेकाहीँ त त्यसलाई पक्रेर घर ल्याउनका लागि धोबीलाई पनि निकै हम्मे पर्ने गर्दथ्यो। त्यसरी खान पाएर मात्तिएका गधाले कुनै एक दिन निकै टाढा कतैतिर एउटा पोथी गधाले कराएको आवाज सुनेछ। पोथीको आवाज सुन्नेबित्तिकै त ऊ पनि उसै गरी कराउन लाग्यो। त्यो गधाको आवाज सुन्नेबित्तिकै खेतीको रखवारी गर्ने मानिसले "ए, यो त बाघको छाला ओढेको गधा पो रहेछ" भन्ने तुरुन्तै बुझिहाल्यो। अनि उसले लाठामुङ्ग्रा र ढुङ्गामुढा गर्न लाग्यो। त्यसरी नै जेसुकैले जथाभावी मुङ्ग्राउँदा मुङ्ग्राउँदै त्यसलाई मारिछाड्यो।

अतोऽहं ब्रवीमि— "सुगुप्तं रक्ष्यमाणोऽपि" इति।

त्यसैले म भन्दछु कि अत्यन्तै गोप्य रूपमा राखिएको भए पनि र भयङ्कर स्वरूप बनाइएको भए पनि आफ्ना शब्दका कारणले नै त्यो गधा मारिएको थियो।

अथैवं तेन सह वदतो मकरस्य जलचरेणैकेनागत्याभिहितम्— "भो मकर ! त्वदीया भार्यानञ्जनोपविष्य, त्वयि चिरयति प्रणयाभिभवाद्विपन्ना।" एवं तद्वज्रपातसदृशं वचनमाकर्ण्यातीव व्याकुलितहृदयः प्रलपितमेवं चकार— "अहो, किमिदं सञ्जातं मे मन्दभाग्यस्य ? उक्तञ्च—

बाँदर र गोहीका बिचमा यस्तै कुराकानी मस्तसँग भइरहेका बेला कुनै एउटा जलचर आत्तिँदै आएर त्यस गोहीसँग— "ऐ गोही ! घर जानका लागि ज्यादै ढिलो गरेकाले तिमीले अब उनलाई हेला गर्न लागेछौ भन्ने ठानेर तिम्री पत्नी अनशन व्रत गर्दागर्दै मरिन्" भनेर सुनायो। त्यस जलचरको बज्रको प्रहारजस्तै कठिन खबर सुनेर त्यो गोही झन्नै बेहोस नै भयो। ज्यादै चिन्ताले व्याकुल भएर बिलाप गर्दै— "हरे ! म अभागीमाथि कस्तो समस्या आइलाग्यो झन्। भनिएको पनि छ कि—

माता यस्य गृहे नास्ति भार्या च प्रियवादिनी।
अरण्यं तेन गन्तव्यं यथारण्यं तथा गृहम्॥ ५०॥

जुन मानिसकी आमा जिउँदै छैनन् र पत्नी पनि मिठो बोल्ने किसिमकी छैन भने त्यस्ता मानिसलाई घरमा भन्दा वनमा नै बढी शान्ति मिल्छ, त्यसैले घर छोडेर हिँड्नुपर्दछ। किनभने त्यस्ता मानिसका लागि उसको घर पनि वनजत्तिकै एक्लो र आश्रयहीन हुन्छ।

तन्मित्र ! क्षम्यतां यन्मया तेऽपराधः कृतः। सम्प्रत्यहं तु स्त्रीवियोगाद्वैश्वानरप्रवेशं करिष्यामि।"

उसले बाँदरलाई फकाउँदै— "मित्र ! मैले तिमीमाथि पहिले गरेको अपराधका लागि मलाई माफ गरिदेऊ। अब म पत्नीको वियोग खप्न नसकेर अग्निप्रवेश गर्दै मर्न चाहन्छु" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तच्छ्रुत्वा वानरः प्रहसन् प्रोवाच— भो। ज्ञातं मया प्रथममेव यत्त्वं स्त्रीवश्यः, स्त्रीजितश्च। साम्प्रतं च प्रत्ययः सञ्जातः। तन्मूढ! आनन्देऽपि जाते त्वं विषादं गतः। तादृग्भार्यायां मृतायामुत्सवः कर्तुं युज्यते। उक्तञ्च यतः—

त्यसको कुरो सुनेर बाँदरले हाँस्तै— "अरे भाइ ! तँ स्वास्नीका अधीनमा परेर यति नै हेपिएको जोइटिङ्ग्रे रहिछस् भन्ने मैले पहिले नै अन्दाज गरेको भरमा पनि जानिसकेको थिएँ। अबचाहिँ मलाई त्यस कुराको पूरा विश्वास पनि भयो। हे मूर्ख ! यस्तो आनन्दका अवसरमा पनि तँ यति शोकले आकुल किन भइरहेको छस् ? त्यस्ता दुष्ट स्वभावका आइमाई मरेर गएकोमा त तैँले खुसी हुँदै आनन्द मनाउनुपर्ने थियो। किनभने भनिएको छ कि—

या भार्या दुष्टचारित्रा सतत कलहप्रिया।
भार्यारूपेण सा ज्ञेया विदग्धैर्दारुणा जरा॥ ५१॥

दुष्ट चरित्र भएकी र सधैँभरि झगडामात्रै गरिरहने आइमाईलाई स्वास्नीका रूपमा सह्यार्नुपर्दा बुद्धिमान् मानिसले त आफ्नो शरीरलाई विनाश गर्ने बुढ्यौलीलाई समालेर बसेको जस्तो पो ठान्दछन् त।

तस्मात्सर्वप्रयत्नेन नामापि परिवर्जयेत्।
स्त्रीणामिह हि सर्वासां, य इच्छेत्सुखमात्मनः॥ ५२॥

जुन व्यक्तिले आफ्नो सुखको खोजी गरेको हुन्छ उसले हुन सक्छ भने सकेसम्म आइमाईको नाम पनि नलिओस्। किनभने—

यदन्तस्तन्न जिह्वायां यज्जिह्वायां न तद्बहिः।
यद्बहिस्तन्न कुर्वन्ति, विचित्रचरिताः स्त्रियः॥ ५३॥

आइमाईको स्वभाव नै ज्यादै विचित्रको हुन्छ। उनीहरूका मनमा जुन कुरो उब्जेको हुन्छ त्यो उनका जिब्रामा आउन पाउँदैन। जुन कुरो जिब्रामा आएको हुन्छ त्यो ओठबाट बाहिर निस्केको हुँदैन अनि फेरि ओठबाट बाहिर जुन कुरो निस्केको हुन्छ त्यसअनुसारको व्यवहार उनले गर्दैनन्। त्यसको मतलब आइमाईहरू आफ्ना मनको भावनालाई कहिल्यै पनि व्यक्त गर्दैनन्। जुन कुरो उनीहरूले सोचेका हुन्छन् त्यसलाई भन्दैनन् र जे उनीहरूले भन्दछन् त्यस्तो गर्दैनन्। त्यसैले उनीहरूका भनाइ र गराइमा सधैँ फरक पर्दछ।

के नाम न विनश्यन्ति मिथ्याज्ञानान्नितम्बिनीम्।
रम्यां य उपसर्पन्ति, दीपाभां शलभा यथा॥ ५४॥

जसरी बलिरहेका आगाको ज्वालाका छेउमा आउने सलह वा किराहरू आफैँ नाश हुन्छन् त्यसै गरी रमणीहरूका झुटा मायामा अल्झिएर जसले "यसले मलाई ज्यादै माया गर्दछे" भन्ने ठानेर उनीहरूकै नजिकमा मात्रै रहन चाहन्छन्, त्यस्ता मूर्ख मानिसहरू पनि आफैँ विनाश हुन्छन्।

अन्तर्विषमया ह्येता बहिश्चैव मनोरमाः।
गुञ्जाफलसमाकाराः स्वभावादेव योषितः॥ ५५॥

ती आइमाईहरू भनेका स्वभावैले गुञ्जाफलजस्तै बाहिरबाट हेर्दा ज्यादै राम्रा हुन्छन् तर भित्रबाट उनीहरूको हृदय विषैविषले भरिपूर्ण भएको हुन्छ।

ताडिता अतिदण्डेन शस्त्रैरपि विखण्डिताः।
न वशं योषितो यान्ति न दानैर्न च संस्तवैः॥ ५६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लौराका प्रहारले, हतियारका चोटले, वस्त्र वा आभूषणहरू दिनाले या मिठो बोलीका प्रभावले प्रशंसा गर्दा पनि उनीहरू पुरुषका वशमा आउँदैनन्।

आस्तां तावत्किमन्येन दौरात्म्येनेह योषिताम्।
विधृतं स्वोदरेणापि ध्वन्ति पुत्रं स्वकं रुपा ॥ ५७ ॥

स्त्रीहरूका दुष्टताका अरू पनि उदाहरणहरू दिएर कुनै पनि फाइदा छैन। उनीहरूका विषयमा त केवल यही उदाहरण पर्याप्त हुन्छ कि आफ्ना पेटमा दस महिनासम्म निरन्तर धारण गरेपछि पनि जब रिसको झोँकमा उनीहरूले आफ्नै सन्तानलाई मार्न सक्दछन् भने अरू पुरुषहरूलाई मार्न उनीहरूका लागि कुनै असम्भव कुरो नै होइन भन्न सकिन्छ।

रूक्षायां स्नेहसद्भावं कठोरायां सुमार्दवम्।
नीरसायां रसं बालो बालिकायां विकल्पयेत् ॥ ५८ ॥

स्वभावैले रिसाहा बानी भएका स्त्रीहरूबाट स्नेहको कल्पना गर्नु, उनका कठोर हृदयमा कोमलताको खोजी गर्नु र उनका नीरस हृदयमा रसिलोपनाको प्रवाह देख्नु त केटाकेटी र मूर्खहरूका लागि मात्रै सुहाउने कुरो हुन सक्छ" भन्यो।

मकर आह– "भो मित्र ! अस्त्येतत् परं किं करोमि ? ममानर्थद्वयमेतत्सञ्जातम्। एकस्तावद् गृहभङ्गः, अपरस्त्वद्विधेन मित्रेण सह चित्तविश्लेषः। अथवा भवत्येवं दैवयोगात्। उक्तञ्च यतः–

बाँदरको कुरो सुनिसकेपछि गोहीले– "मित्र ! तिम्रो भनाइ ज्यादै यथार्थ छ। तर म अब के गरौँ ? ममाथि त एकैपटक दुईवटा समस्या आइलागेका छन्। एउटा त आइमाईको मृत्युले मेरो घरबार नै लथालिङ्ग भयो र अर्कोचाहिँ तिमीजस्तो मित्रसँग मनोमालिन्य पनि भयो। अथवा दैवको खेल पर्नाले यस्तो पनि हुँदोरहेछ। किनभने भनिएको पनि छ कि–

यादृशं मम पाण्डित्यं तादृशं द्विगुण तव।
नाभूज्जारो न भर्ता च किं निराक्षसि नग्निके ?" ॥ ५९ ॥

मसित जुन विद्वत्ताको चतुऱ्याइँ छ, तँसँग त्यसको दोब्बर छ। त्यति हुँदा पनि तेरा हातमा न तेरो उपपति नै आयो न तेरो पति नै। ऐ, सङ्घारा फुँडी नाङ्गै बसेर अब के हेरिरहेकी छस् ?" भन्ने माथिको श्लोक सुनायो।

वानर आह– "कथमेतत् ?" मकरोऽब्रवीत्–

अनि बाँदरले– "त्यो कस्तो कुरो हो नि ?" भनेर सोध्यो। गोहीले अघिल्लो कथा सुनाउँदै भन्न लाग्यो–

नग्निकाहालिकवधू–कथा

कस्मिंश्चिदधिष्ठाने हालिकदम्पती प्रतिवसतः स्म। सा च हालिकभार्या पत्युर्वृद्धभावात् सदैवान्यचित्ता, ततः कथञ्चिद् गृहे स्थैर्यमालम्बते। केवलं परपुरुषानन्वेषमाणा परिभ्रमति। अथ केनचित् परवित्तापहारकेण धूर्तेन सा लक्षिता, विजने प्रोक्ता च–

हलीकी स्वास्नी नङ्गिई

कुनै ठाउँमा किसानका पतिपत्नीले निवास गरेको थियो। किसानकी पत्नी आफ्ना पतिको अवस्था बुढो भइसकेका कारणले सधैँभरि परपुरुषसँग गमन गर्ने इच्छामा नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डुबिरहेकी हुन्थी र घरमा एकैछिन पनि बस्दैनथी। ऊ सधैँभरि परपुरुषको खोजीमा जतातत्तै घुमिहिँड्थी। एक दिन कुनै एउटा ठगले उसलाई घरबाट निस्कँदै गरेको देख्यो। अनि त्यस ठगले उसको पिछा गर्न थाल्यो। जब ऊ एकान्तमा पुगी अनि त्यसका नजिकैं गएर उसले—

"सुभगे ! मृतभार्योऽहं, त्वद्दर्शनेन स्मरपीडितश्च। तद् दीयतां मे रतिदक्षिणा।"

"सुन्दरी ! मेरी स्वास्नी मरिसकेकी छ। आज मैले तिमीलाई देख्नेबित्तिकैं मेरो हृदय कामवासनाले व्यथित भएर छटपटाउन थालेको छ। म तिमीमाथि ज्यादै आसक्त भएको छु। त्यसैले मलाई रतिक्रीडाको अवसर दान दिएर मेरो हृदयलाई शान्त बनाइदेऊ" भन्यो।

ततस्तयाभिहितं— "भोः सुभग ! यद्येवं, तदस्ति मे पत्युः प्रभूतं धनम्। स च वृद्धत्वात्प्रचलितुमप्यसमर्थः। ततस्तद्धनमादायाहमागच्छामि, येन त्वया सहान्यत्र गत्वा यथेच्छया रतिसुखमनुभविष्यामि।

ठगको प्रस्तावलाई सुनिसकेपछि किसानकी आइमाईले— "यदि तिम्रो इच्छा यस्तै किसिमको छ भनेदेखि त राम्रै भयो। मेरा पतिसँग धेरै धन रहेको छ। वृद्धावस्था भएका कारणले ऊ आफू बसेका ठाउँबाट चट्पटाउन सक्दैन। त्यसैले म त्यो धन लिएर आइहाल्छु। त्यसो भएपछि त्यस धनका साथै तिमीसँग कतै टाढा गएर आफ्नो इच्छाअनुसारले प्रेमक्रीडाको आनन्द लिन पाउछु" भनी।

सोऽब्रवीत्— "रोचते मह्यमप्येतत्। तत्प्रत्यूषेऽत्र स्थाने शीघ्रमेव समागन्तव्यं, येन शुभतरं किञ्चिन्नगरं गत्वा, त्वया सह जीवलोकः सफलीक्रियते।"

ठगले— "तिम्रो यो प्रस्ताव मलाई पनि ज्यादै मन पऱ्यो। त्यसो भए जाऊ त, भोलि बिहानीपख हुनासाथ यसै ठाउँमा आउनू र अनि कुनै गतिलो सहरमा गएर म पनि तिमीसँगै आफ्नो मनुष्यको जीवनलाई सफल बनाउनेछु" भन्यो।

सापि "तथा" इति प्रतिज्ञाय, प्रहसितवदना स्वगृहं गत्वा, रात्रौ प्रसुप्ते भर्तरी सर्व वित्तमादाय प्रत्यूषसमये तत्कथितस्थानमुपाद्रवत्। धूर्तोऽपि तामग्रे विधाय दक्षिणां दिशमाश्रित्य सत्वरगतिः प्रस्थितः। एवं तयोर्व्रजतोर्योजनद्वयमात्रेणाग्रतः काचिन्नदी समुपस्थिता। तां दृष्ट्वा धूर्तश्चिन्तयामास—

भोलिपल्ट बिहानै आउने वाचा गरेर त्यो किसानकी पत्नी खुसी भएर हाँस्तै आफ्ना घरतिर फर्किई। रात परेपछि जब उसको पति सुत्यो अनि उसले आफ्ना लोग्नेको सारा सम्पत्ति गुटुमुटु पारेर घरबाट लिएर अघिल्लो दिन निश्चित गरेका ठाउँतर्फ हिँडी। त्यसलाई देखेपछि ज्यादै खुसी भएर उसका अघिअघि लागेर त्यो ठग पनि त्यहाँबाट चाँडाचाँडो हिँड्यो। त्यसरी भागेर लगभग दुई योजनको बाटो ती दुवैजनाले काटिसकेपछि एउटा नदी देखा पऱ्यो। त्यो नदी देख्नेबित्तिकै त्यस ठगले आफ्नै मनभित्र—

"किमहमनया यौवनप्रान्ते वर्तमानया करिष्यामि ? किञ्च कदाप्यस्याः पृष्ठतः कोऽपि समेष्यति, तन्मे महाननर्थःस्यात्। तत्केवलमस्या वित्तमादाय गच्छामि।

"जवानीको उमेर ढल्न लागेकी यस बुढी आइमाईलाई मैले लगेर के गर्नु ? फेरि, यसलाई खोज्दै कोही व्यक्ति यहाँ आइहाल्यो भनेदेखि मेरो त सर्वनाश गरेर छाड्नेछ। त्यसैले म यसको धनचाहिँ मात्रै लिएर हिँडछु। यसलाई सँगै लिएर हिँड्नाले कुनै फाइदा छैन" भन्ने ठान्यो।

इति निश्चित्य तामुवाच— "प्रिये। सुदुस्तरेयं महानदी। तदहं द्रव्यमात्रं पारे धृत्वा समागच्छामि। ततस्त्वामेकाकिनीं स्वपृष्ठमारोप्य सुखेनोत्तारयिष्यामि।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस किसिमको कुरो सोचिसकेर मनले निश्चित गरिसकेपछि त्यस ठगले किसानकी स्वास्नीसँग– "प्रिया ! यो नदी त ज्यादै ठूलो छ, यसलाई त्यति सजिलै तर्न सकिँदैन। त्यसैले म पहिले यो पोको पारि लगेर राखेर आउँछु अनि त्यसपछि तिमीलाई पनि आफ्नो काँधमा बसाएर बोकेर लैजान्छु। यसो गरेर मात्रै हामी यो नदी सजिलोसित तर्न सक्छौँ" भन्यो।

सा प्राह– "सुभग ! एवं क्रियताम्।" इत्युक्त्वाऽशेषवित्तं तस्मै समर्पयामास।

किसानकी स्वास्नीले– "प्रिय ! ठिकै छ नि, त्यसै गरे भइहाल्छ नि" भनेर उसले भनेको कुरो मानी। त्यस ठगलाई त्यस्तो स्वीकृतिका साथ आफ्नो सारा धनको पोको पनि उसका हातमा राखिदिई।

अथ तेनाभिहितं– "भद्रे ! परिधानाच्छादनवस्त्रमपि समर्पय, येन जलमध्ये निःशङ्का व्रजसि।" तथानुष्ठिते, धूर्तो वित्तं वस्त्रयुगलं चादाय यथाचिन्तितविषयं गतः।

धनको पोको लिइसकेपछि ठगले फेरि– "प्रिया ! आफूले लगाएका लुगा पनि निकालेर मलाई देऊ। त्यसो भयो भने पानी तर्नका लागि तिमीलाई सजिलो हुन्छ" भन्यो। ठगले भनेपछि त्यस किसानकी स्वास्नीले आफूले लगाएका लुगाहरू पनि खोलेर दिइहाली। त्यसपछि त्यो दुष्ट ठग त्यसको पोको र लुगाकपडा सबै लिएर त्यहाँबाट भाग्यो र आफूले चाहेका कुनै दिशातिर लाग्यो।

सापि कण्ठनिवेशितहस्तयुगला सोद्वेगा नदीपुलिनदेशे उपविष्य यावत्तिष्ठति, तावदेतस्मिन्नन्तरे काचिच्छृगालिका मांसपिण्डगृहीतवदना तत्राजगाम। आगत्य च यावत्पश्यति तावन्नदीतीरे महान्मत्स्यः सलिलान्निष्क्रम्य बहिः स्थित आस्ते। एनञ्च दृष्ट्वा मांसपिण्डं समुत्सृज्य तं मत्स्यं प्रत्युपाद्रवत्। अत्रान्तरे आकाशादवतीर्य कोऽपि गृध्रस्तं मांसखण्डमादाय, पुनः खमुत्पपात। मत्स्योऽपि शृगालिकां दृष्ट्वा नद्यां प्रविवेश।

आफ्ना दुवै स्तनलाई छोप्नका लागि दुवै हात गलामा हालेर त्यो किसानकी स्वास्नी बहुत उत्सुकतापूर्वक नदीका किनारमा बसेर त्यस धूर्त ठगलाई आउला कि भन्दै पर्खेर बसिरहेकी थिई। त्यसै बिचमा एउटा पोथी स्यालले कतैबाट एक चोक्टो मासु मुखमा च्यापेर लिएर त्यसै ठाउँमा आइपुग्यो। नदीका किनारमा आइपुग्दा नपुग्दै त्यस पोथी स्यालले एउटा माछो पानीभन्दा अलिकति बाहिरतिर निस्केर बसेको देख्यो। त्यसलाई देख्नेबित्तिकै पोथी स्यालले मासुको चोक्टो एका ठाउँमा राखेर त्यो माछो समात्नका लागि झम्टँदै गएको के थियो कि कतैबाट एउटा गिद्ध उड्दै आएर मासु लिएर आकाशतिर उड्यो। यता स्याललाई आफूतिर आएको देख्नासाथ माछो पनि पानीमा पस्यो।

सा शृगालिका व्यर्थश्रमा गृध्रमालोकयन्ती, तया नग्निकया सस्मितमभिहिता–

अनि व्यर्थभावले गिद्धतिर हेर्दै गरेका पोथी स्याललाई देखेर त्यो किसानकी स्वास्नीले खिसी गरेर हाँस्तै–

"गृध्रेणापहृतं मांसं मत्स्योऽपि सलिलं गतः।
मत्स्यमांसपरिभ्रष्टे किं निरीक्षसि जम्बुकि ?" ॥ ६० ॥

"ए स्याल्नी ! तेरा मुखको मासुको चौटो गिद्धले लग्यो, अनि माछो पनि पानीमा पस्यो। ती दुवैलाई गुमाएर अब के हेरिरहेको छस् ?" भनी।

तच्छ्रुत्वा शृगालिका तामपि पतिधनजारपरिभ्रष्टां दृष्ट्वा सोपहासमाह–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसको व्यङ्ग्य वचन सुनेर पोथी स्याल रिसायो र झर्किंदै लोग्ने, धन र नाठो यी सबैलाई गुमाएर बसेकी त्यस किसानकी स्वास्नीलाई खिज्याउँदै त्यसले–

"यादृशं मम पाण्डित्यं तादृशं द्विगुणं तव।
नाऽभूज्जारो न भर्ता च किं निरीक्षसि नग्निके !" ॥ ६१ ॥

"ए नाङ्गी ! तँ त मभन्दा दोब्बर बाठी रहिछस् नि, हो कि होइन ? तँसँग त झन न आफ्नो लोग्ने रह्यो, न जार नै आफ्नो हुन सक्यो र धन पनि हातबाट उम्कियो। तँचाहिँ कोतिर हेर्दै बसिरहेकी छस् नि ?" भन्यो।

एवं तस्य कथयतः पुनरन्येन जलचरेणागत्य निवेदितं यद्– "अहो ! त्वदीयं गृहमप्यपरेण महामकरेण गृहीतम्।"

यसै किसिमको कथा त्यस गोहीले बाँदरलाई सुनाइरहेको थियो कि त्यसै बेला अर्को एउटा गोही आएर– "अरे भाइ ! तिम्रा घरमा त कुनै अर्को एउटा बलियो गोही आएर पसेर बसिसक्यो" भन्ने सुनाइदियो।

तच्छ्रुत्वाऽसावतिदुःखितमनास्तं गृहान्निःसारितुमुपायं चिन्तयन्नुवाच– "अहो, पश्यत मे दैवोपहतत्वम्–

त्यसको कुरो सुनेर गोही ज्यादै दुःखी भयो र त्यो घरमा आक्रमण गर्न आउने गोहीलाई आफ्ना घरबाट निकाल्ने उपाय सोच्दै उसले– "हरे ! मेरो दुर्भाग्य त हेर–

भिन्नं ह्यमित्रतां यातमपरं मे प्रिया मृता।
गृहमन्येन च क्रान्तं किमद्यापि भविष्यति ? ॥ ६२ ॥

अथवा युक्तमिदमुच्यते–

एकातिर मेरो मित्र नै रिसाएर शत्रु बनेको छ, अर्कातिर स्वास्नी मरेकी छ। यस्ता आपद् छँदै थिए, यसैका साथसाथै फेरि मेरा घरमा पनि कुनै शत्रुले दखल गर्‍यो। अब अरू अझै केके हुने हो ? भन्न पनि सकिएको छैन। अथवा कसैले यो ठिकै पनि भनेका रहेछन् कि–

क्षते प्रहारा निपतन्त्यभीक्ष्यमन्नक्षये दीक्ष्यति जाठराग्निः।
आपत्सु वैराणि समुद्भवन्ति वामे विधौ सर्वमिदं नराणाम् ॥ ६३ ॥

घाउ लागेका ठाउँमा नै सधैँ ठक्कर लाग्ने गर्दछ। अनिकाल लागेका बेलामा नै बढी आगाको ज्वाला उर्लिएझैँ भएर पेटमा भोक पनि बढी लाग्दछ। मानिसमाथि आपद्हरू जहिले बढी आइलाग्छन्, उसै बेला शत्रुको संख्या पनि बढ्ने गर्दछ र भाग्यको चक्र उल्टो दिशामा घुमेका बेलामा नै मानिसले यस्ता सबै कुराहरू भोग्नुपर्दछ।

तत्किं करोमि ? किमनेन सह युद्धं करोमि ? किं वा सामनैव सम्बोध्य गृहान्निःसारयामि ! किं वा भेदं, दानं वा करोमि ? अथवा, अमुमेव वानरमित्रं पृच्छामि। उक्तञ्च–

यस स्थितिमा मैले के गरूँ ? कि यहाँबाट गएर त्यस हेपाहा गोहीसँग लडाइँ गरूँ ? अथवा सामको नीतिले त्यसलाई फकाई फुल्याई गरेर नै आफ्ना घरबाट निकालूँ ? या त फेरि भेद वा दान नीतिको अवलम्बन गरूँ ? बरु यसका विषयमा आफ्ना बाँदर साथीसँगै केही कुरो सोध्नुपर्‍यो। भनिएको छ कि–

यः पृष्ट्वा कुरुते कार्यं प्रष्टव्यान् स्वहितान् गुरून्।
न तस्य जायते विघ्नः कस्मिंश्चिदपि कर्मणि ॥ ६४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन व्यक्तिले आफ्ना हितैषिहरू र गुरुजनहरूसँग सोधेर कुनै काम गर्दछ भने उसका कुनै काममा पनि विघ्नबाधा आउँदैनन्।

एवं सम्प्रधार्य, भूयोपि तमेव जम्बूवृक्षमारूढं कपिमपृच्छत्— "भो मित्र ! पश्य मे मन्दभाग्यतां, यत्— सम्प्रति ग्रहमपि मे बलवत्तरेण मकरेण रुद्धम्। तदहं त्वां प्रष्टुमभ्यागतः ! कथय, किं करोमि ? सामादीनामुपायानां मध्ये कस्यात्र विषयः ?"

यस किसिमले आफ्नै मनभित्र सोचविचार गरी निश्चय गरिसकेपछि फेरि त्यसै जामुनको रुखका फेदमा बसिरहेका बाँदरका नजिकै गएर उसले— "मित्र ! मेरो दुर्भाग्य हेर न, यस बेला मेरो घर पनि कुनै बलिया गोहीले आएर ओगटेको छ अरे। म तिमीसँग यस बेला मैले कसो गर्नु ठिक हुन्छ होला भनेर सोध्नका लागि आएको छु। साम, दान, दण्ड र भेद यी चारमध्ये मैले कुनचाहिँ उपाय अपनाउँदा यस समयमा उपयुक्त हुन्छ ? म तिमीसित यही कुरो सोध्न आएको छु" भनेर सोध्दै सल्लाह माग्यो।

स आह— "भोः कृतघ्न ! पापचारिन् ! मया निषिद्धोऽपि किं भूयो मामनुसरसि ? नाहं तव मूर्खस्योपदेशमपि दास्यामि।"

त्यसका उत्तरमा त्यस बाँदरले— "अरे कृतघ्नी ! पापी ! मैले यहाँ नआइज भन्दाभन्दै पनि तँ के खोज्नका लागि बारम्बार मेरा पछि लागेर आइरहेको छस् ? तँजस्ता मूर्ख व्यक्तिलाई म कुनै सल्लाह र सुझाव पनि दिन चाहन्नँ" भनिदियो।

तच्छ्रुत्वा मकरः प्राह— "भो मित्र ! सापराधस्य मे पूर्वस्नेहमनुसृत्य हितोपदेशं देहि।" वानर आह— "नाहं ते कथयिष्यामि, यद्भार्यावाक्येन भवताहं समुद्रे प्रक्षेप्तुं नीतः तदेन न युक्तम् ! यद्यपि भार्या सर्वलोकादपि वल्लभा भवति, तथापि न मित्राणि बान्धवाश्च भार्यावाक्येन समुद्रे क्षिप्यन्ते। तन्मूर्ख ! मूढत्वेन नाशस्तव प्रागेव निवेदित आसीत्। यतः—

बाँदरको कुरो सुनेर गोहीले— "मित्र ! अपराधी नै भए पनि मेरो पहिलेको स्नेहलाई सम्झेर मलाई भलो हुने किसिमको कुनै उपाय त बताइदेऊ न" भन्यो। बाँदरले— "तँसित म केही पनि बोल्दिनँ र केही भन्दिनँ पनि। तैँले आफ्नी आइमाईका भनाइमा लागेर मलाई समुद्रमा डुबाउनका लागि लिएर गएको थिइस्, तेरो त्यो काम कुनै हालतमा पनि उचित थिएन। यद्यपि स्त्री नै संसारमा सबैभन्दा प्रिय हुन्छन्, तापनि उसका भनाइमा लागेर आफ्ना मित्र र दाजुभाइलाई समुद्रमा लगेर डुबाउनुहुँदैन। अरे मूर्ख ! मैले तेरो मुर्ख्याइँ देख्ता पहिले नै तेरो विनाश हुने दिन आइसकेछ भनेर थाहा पाइसकेको थिएँ। किनभने—

सतां वचनमादिष्टं मदेन न करोति यः।
स विनाशमवाप्नोति घण्टोष्ट्र इव सत्वरम्॥ ६५॥

जुन व्यक्तिले आफ्ना मुर्ख्याइँ र मात्तिएका कारणले सज्जन र हितैषिका भनाइहरूलाई अवज्ञा गर्दछ, गलामा घन्ट झुन्डाएको उँटको जस्तै गरी त्यसको पनि चाँडै नै विनाश हुन्छ" भन्यो।

मकर आह— "कथमेतत्" ? सोऽब्रवीत्—

गोहीले— "त्यो कसरी ?" भनेर सोध्यो। अनि बाँदरले भन्न लाग्यो—

घण्टोष्ट्र-कथा

कस्मिंश्चिदधिष्ठाने उज्ज्वलको नाम रथकारः प्रतिवसति स्म। स चातीव दारिद्रयोपहतश्चिन्तितवान्— अहो, धिगियं दरिद्रतास्मद्गृहे, यतः सर्वोऽपि जनः स्वकर्मण्येव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रतस्तिष्ठति। अस्मदीयः पुनर्व्यापारो नात्राधिष्ठानेऽर्हति। यतः सर्वलोकानां चिरन्तनाश्च-तुर्भूमिका गृहाः सन्ति, मम एकमपि तन्नास्ति। तत्किं मदीयेन रथकारत्वेन प्रयोजनम्।" इति चिन्तयित्वा देशान्निष्क्रान्तः।

घन्टाधारी उँट

कुनै सहरमा उज्वलक नाम भएको एउटा सिकर्मी रहने गर्दथ्यो। आफ्नो गरिबीलाई देखेर दिक्क हुँदै उसले आफ्नै मनभित्र "यस अनिकालले आफ्ना हातखुट्टा भाँचेर मेरा घरभित्रै आएर थुप्रो लागेर बसेको जस्तो पो छ त। यस्ता खालका गरिबीलाई धिक्कार छ। यस सहरमा सबै मानिस आआफ्ना काममा लागिरहेकै छन् र उनीहरूले त्यसको उपयुक्त मूल्य पनि पाइरहेकै छन्। तर मेरो व्यापारमा यस्तो कुनै पनि लाभ भइरहेको छैन। यस सहरमा बसेर मेरो बढईको व्यवसाय राम्रोसँग चल्नेजस्तो देखिँदैन। किनभने अरू व्यापारीहरूसँग चारपाँच तले घरहरू भइसकेका छन्, तर मेरोचाहिँ एक तले घर पनि छैन। त्यसैले यस किसिमको सिकर्मीको काम गर्नाले के फाइदा भयो र ?" यस किसिमका कुराहरू सोच्दै ऊ घरबाट निस्केर विदेश जानका लागि भनी हिँड्यो।

यावद् किञ्चिद्वनं गच्छति, तावद्गह्वराकारवनगहनमध्ये सूर्यास्तमनवेलायां स्वयूथाद् भ्रष्टां प्रसववेदनया पीड्यमानामुष्ट्रीमपश्यत्। स च दासेरकयुक्तामुष्ट्रीं गृहीत्वा स्वस्थानाभिमुखः प्रस्थितः। गृहमासाद्य रज्जुं गृहीत्वा तामुद्रिकां बवन्ध। ततश्च तीक्ष्णं परशुमादाय तस्याः कृते पल्लवानयनार्थं पर्वतैकदेशे गतः। तत्र च नूतनानि कोमलानि बहूनि पल्लवानि छित्त्वा शिरसि समारोप्य तस्या अग्रे निचिक्षेप। तथा च तानि शनैः शनैर्भक्षितानि।

वनको बाटो हुँदै जाँदै गर्दा उसले घाम अस्ताएपछि गुफाको आकारको अत्यन्त बाक्लो किसिमले भ्याम्म परेको वनमा आफ्ना हुलबाट छुट्टिएको एउटा पोथी उँटलाई देख्यो। ब्याउने व्यथा लागेकाले त्यो पोथी उँट त्यस ठाउँमा त्यसरी बसेको रहेछ। बच्चोसहितको उँट भेटेपछि ऊ त्यसलाई लिएर घरतिर फर्कियो। घर आइसकेपछि एउटा धारिलो बन्चरो लिएर त्यस उँटका लागि रुखको घाँस काट्न भनेर पर्वततिर हिंड्यो। त्यहाँ पुगेपछि उसले धेरै नै राम्रो र नरमखालको घाँस सकेसम्म काटेर आफ्ना टाउकामा बोकेर ल्याई त्यस उँटका अगाडि राखिदियो। त्यस उँटले बिस्तारैसित त्यो घाँस खान लाग्यो।

पश्चात्पल्लवभक्षणप्रभावादहर्निशं पीवरतनुरुष्ट्री सञ्जाता। सोऽपि दासेरको महानुष्ट्रः सञ्जातः। ततः स नित्यमेव दुग्धं गृहीत्वा स्वकुटुम्बं परिपालयति। अथ रथकारेण वल्लभत्वाद् दासेरकग्रीवायां महती घण्टा प्रतिबद्धा। पश्चाद्रथकारो व्यचिन्तयत्– "अहो, किमन्यदुष्कृत-कर्मभिः। यावन्ममैतस्मादेवोष्ट्रीपरिपालनादस्य कुटुम्बस्य भव्यं सञ्जातं। तत्किमन्येन व्यापारेण।"

रुखको कलिलो घाँस सधैँ खान पाएकाले त्यो उँट दिनदिनै मोटाउँदै जान लाग्यो। अर्कातिर त्यसको बच्चो पनि बढ्दै गएर एउटा स्वस्थ उँट भयो। बच्चो बढ्दै जान लागेपछि त्यस सिकर्मीले त्यसका माउको दुध दुहुने गरेको थियो र त्यसैको कमाइबाट परिवारलाई पाल्ने गरेको थियो। सिकर्मीले त्यस उँटका बच्चालाई ज्यादै माया पनि गर्दथ्यो। त्यसंको माया लागेका कारणले उसले त्यसका घाँटीमा एउटा घन्टी भुन्डाइदिएको पनि थियो। केही दिनपछि उसले आफ्ना मनभित्र– "कठिन परिश्रम गरेर जीविका चलाउनाले कुनै लाभ छैन। किनभने यही एउटा पोथी उँटलाई पाल्नाले नै मेरो परिवारको पालनपोषण सजिलोसित चलिरहेको छ। त्यसो हुँदा मरिहत्तेसँग अरू किसिमका व्यापारहरू गर्नाले के फाइदा छ र ?" भन्ने कुरो सोच्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं विचिन्त्य गृहमागत्य प्रियामाह— "भद्रे ! समीचीनोऽयं व्यापारः। तव सम्मितश्चत्कुतोऽपि धनिकात्किञ्चिद् द्रव्यमादाय मया गुर्जरदेशे गन्तव्यं करभग्रहणाय तावत्त्वयैतौ यत्नेन रक्षणीयौ, यावदहमपरामुष्ट्रीं नीत्वा समागच्छामि।" ततश्च गुर्जरदेशं गत्वोष्ट्रीं गृहीत्वा स्वगृहमागतः किं बहुना, तेन तथा कृतं यथा तस्य प्रचुरा उष्ट्रयः करभाश्च सम्मिलिताः। ततस्तेन महदुष्ट्रयूथं कृत्वा राक्षापुरुषो धृतः। तस्य प्रतिवर्षं वृत्या करभमेकं प्रयच्छति। अन्यच्चाहर्निशं दुग्धपानं तस्य निरूपितम्। एवं रथकारोऽपि नित्यमेवोष्ट्रीकरभव्यापारं कुर्वन् सुखेन तिष्ठति।

यस किसिमका कुराहरूलाई विचार गरेर ऊ आफ्नी पत्नीसँग गयो र उसका अगाडि आफूले सोचेका विचारलाई व्यक्त गर्दै— "प्रिया ! यो व्यवसाय त निकै राम्रो पो रहेछ। यदि तिम्रो राय पनि मिल्ने हो भनेदेखि म कुनै साहुसँग गएर अलिकति पैसा मागेर केही उँटहरू नै किनेर ल्याउनका लागि गुजराततिर जान्छु। जतिन्जेल म घर फर्केर आउदिनँ त्यतिन्जेल मेरो अनुपस्थितिमा तिमीले यी दुई उँटको राम्रो हेरचाह गरिरहनू" भनी अह्रायो। आफ्नी स्वास्नीलाई अह्राईसिकाई गरेर ऊ गुजराततिर गयो र त्यहाँबाट केही पोथी उँट किनेर लिई घरतिर फर्क्यो। घर आएपछि उसले उँटहरूका लागि यति राम्रो व्यवस्था गऱ्यो कि उसका घरमा माउ उँट र उँटका बच्चाहरूको निकै ठूलो बथान नै जम्मा भयो। अनि तिनको हेरचाह गर्नका लागि उसले गोठालाहरू पनि राख्यो। गोठालाका पारिश्रमिकका रूपमा उसले बिहानबेलुका दुध खान दिईकन वर्षको एउटा उँटको बच्चो दिने गर्दथ्यो। यसै किसिमको उँटको व्यवसाय गरेर त्यस सिकर्मीले त्यसै सहरमा सुखका दिनहरू बिताउन थालेको थियो।

अथ ते दासेरेका अधिष्ठानोपवने आहारार्थं गच्छन्ति। कोमलवल्लीर्यथेच्छया भक्षयित्वा महति सरसि पानीयं पीत्वा सायन्तनसमये मन्दं मन्दं लीलया गृहमागच्छन्ति। स च पूर्वदासेरको मदातिरेकात्पृष्ठे आगत्य मिलति। ततस्तैः कलभैरभिहितम्— "अहो, मन्दमतिरयं दासेरको यथा यूथादभ्रष्टः पृष्ठे स्थित्वा घण्टां वादयन्नागच्छति। यदि कस्यापि दुष्टसत्त्वस्य मुखे पतिष्यति तन्नूनं मृत्यमवाप्स्यति।"

रथकारका ती उँटहरू सहरका नजिकैको एउटा वनमा चर्न जाने गर्दथे र दिनभरि त्यहाँको नरम घाँस मनचिन्ते चरेर नजिकैको तलाउमा पानी खान्थे अनि घाम अस्ताउन लागेपछि उफ्रिँदै र कुद्दै आफ्नो ठाउँमा बास बस्नका लागि आउने गरेका थिए। तर अरू सबैभन्दा पहिले नै त्यो उँटको बच्चोचाहिँ मदमस्त तन्नेरी भएका कारणले गर्दा पछाडि रहने गर्दथ्यो र सबैभन्दा पछि आएर बथानमा मिसिने गर्थ्यो। त्यसको त्यस्तो चाला देखेर उँटका अरू बच्चाहरूले आपसमा विचार गर्दै "यो उँटको बच्चो ज्यादै नै मूर्ख रहेछ। बथानभन्दा पछाडि बसेर घन्टी बजाउँदै यसरी हिँड्ने गर्दछ, कुनै दिन दशा लागेका बेला दुष्ट हिंस्रक प्राणीका फेला पऱ्यो भने यो पक्कै पनि मर्नेछ" भन्ने किसिमका कुरा गरे।

अथैकदातैर्निषिद्धः सन्नपि स तद्वचने कर्णमदत्त्वैव मदातिरेकाद् घण्टां वादयन् वनं प्रविष्टः। इत्थं तस्य तद्वनं गाहमानस्य तत्रस्थः कश्चित्सिंहो घण्टारवमाकर्ण्य शब्दानुसारेण दृष्टिं निपात्यावलोकयति— यदुष्ट्रदासेरकाणां यूथं गच्छति। स तु पुनः प्रतिदिवसमिव पृष्ठे क्रीडां कुर्वन् वल्लरीश्चरन् यावत्तिष्ठति, तावदन्ये दासेरकाः पानीयं पीत्वा स्वगृहे गताः। सोऽपि वनान्निष्क्रम्य यावद् दिशोऽवलोकयति तावन्न कञ्चिन्मार्गं पश्यति, वेत्ति वा। ततः यूथाद् भ्रष्ये मन्दं मन्दं बृहच्छब्दं कुर्वन् यावत्कियद् दूरं गच्छति तावत्तच्छब्दानुसारी सिंहोऽपि क्रमं कृत्वा निभृतोऽग्रे व्यवस्थितः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फेरि कुनै एक दिन अरू उँटका बच्चाहरूले रोक्दारोक्दै पनि घमन्डी भएर तिनीहरूको सल्लाहलाई नमानीकन घन्टी बजाउँदै अटेरी हुँदै त्यो उँट वनभित्र पस्यो। वनमा पसेर पनि घन्टी बजाउँदै त्यो यता र उति घुमिरहेको थियो। घन्टीको आवाज सुनेर एउटा सिंहले त्यस ध्वनिलाई पछ्याउन लाग्यो र आफ्नो दृष्टिलाई तिखो पार्दै यताउता हेर्न लाग्यो। अनि त्यस बेला उसले धेरै माउ उँटहरू र तिनका बच्चाहरूको ठूलो बथान नै वनमा आइरहेको देख्यो। त्यो उँट आज पनि वनमा एक्लै नै पछाडितिर उफ्रीपाफ्री मच्चाउँदै रुखका पातहरू खान लागिरहेको थियो। एकातिर त्योचाहिँ चर्दै थियो भने अर्कातिर उसको बथान पानी खाइसकेर बास बस्नका लागि आफ्नो गोठतिर फर्किसकेका थिए। ऊ वनबाट एक्लै निस्केर यताउति चारै दिशामा हेर्न लाग्यो तर कतैतिर उसले बाटो फेला पारेन र उसले आफ्नो बाटो पहिल्याउन पनि सकेन। आखिरमा ऊ निराश भएर एकातिर लाग्यो। घाँटीमा झुन्डाएको घन्टीलाई बजाउँदै ऊ जाँदै थियो। जसैजसै ऊ परपर जाँदै थियो, उसै रूपमा त्यस घन्टीको आवाजलाई पछ्याउँदै आक्रमणका लागि तयारी गर्दै त्यो सिंह पनि उसका बाटामा अगाडि आएर ढुकेर बस्यो।

ततो यावदुष्ट्रः समीपमागतः तावत्सिंहेन लम्भयित्वा ग्रीवायां गृहीतो मारितश्च। अतोऽहं ब्रवीमि— "सतां वचनमादिष्टिम्" इति।

जब त्यो उँट सिंहका नजिकै पुग्यो अनि सिंहले झम्टिएर उसको घोक्रामा समात्यो र त्यसलाई मारिदियो। यस किसिमको कथा सुनाइसकेपछि बाँदरले— "त्यसैले म भन्दछु कि जसले आफ्नो शुभचिन्तक र ठूला व्यक्तिहरूको कुरो मान्दैनन् तिनीहरू त्यही उँटको जस्तै दुःख लाग्दो गरी मृत्युका मुखमा पर्दछन्" भन्यो।

अथ तच्छ्रुत्वा मकरः प्राह— "भद्र !

बाँदरको कुरो सुनिसकेपछि गोहीले— "भद्र !

प्राहुः सप्तपदं मैत्रं जनाः शास्त्रविचक्षणाः।
मित्रतां च पुरस्कृत्य किञ्चिद्वक्ष्यामि तच्छृणु ॥ ६६ ॥

एकै साथ सात पाइला हिँड्नाले मात्रै पनि सज्जन व्यक्तिले अर्कालाई मित्र मान्ने गर्दछन् भन्ने विद्वान्हरूको भनाइ छ। म त तिमीसँग धेरै दिनदेखि एकै साथ बस्ने गरेको छु र कुराकानी पनि गरिरहेको छु। त्यसैले अब पुरानो मित्रतालाई साक्षी बनाएर म तिमीसँग एउटा कुरो गर्न चाहन्छु। कृपापूर्वक मेरो त्यो कुरो सुनिदेऊ।

उपदेशप्रदातॄणां नराणां हितमिच्छताम्।
परस्मिन्निह लोके च व्यसनं नोपपद्यते ॥ ६७ ॥

अर्काको हित चाहने र अर्कालाई उचित परामर्श दिने किसिमका व्यक्तिहरूलाई स्वर्गमा होस् या यसै लोकमा जहाँ भए पनि दुःख हुँदैन।

तत्सर्वथा कृतघ्नस्यापि मे कुरु प्रसादमुपदेशप्रदानेन। उक्तञ्च—

यद्यपि म एउटा कृतघ्न मित्र हुँ, तर पनि समयअनुसारको उचित परामर्श दिने कृपा ममाथि तिमीले गरिदिएकै छौ। भनिएका पनि छ कि—

उपकारिषु यः साधुः साधुत्वे तस्य को गुणः ?।
अपकारिषु यः साधुः स साधुः सद्भिरुच्यते" ॥ ६८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन व्यक्ति केवल उपकारीहरूप्रति मात्रै सज्जनताको व्यवहार गर्दछन् उनीहरूका सज्जनताले केही लाभ हुँदैन। सज्जन व्यक्ति भनेर उसलाई मान्नुपर्दछ जसले आफ्ना शत्रुसँग पनि सज्जनताको नै व्यवहार गरेको होस्" भन्यो।

तदाकर्ण्य वानरः प्राह– "भद्र! यद्येवं तर्हि तत्र गत्वा तेन सह युद्धं कुरु। उक्तञ्च–

गोहीको कुरो सुनिसकेपछि बाँदरले– "भद्र! यदि कुरो यस्तै किसिमको हो भनेदेखि तिमी त्यहाँ गएर उसँग युद्ध गर। विद्वान्हरूले भनेका पनि छन् कि–

हतस्त्वं प्राप्स्यसि स्वर्गं जीवन् गृहमथो यशः।
युध्यमानस्य ते भावि गुणद्वयमनुत्तमम्॥ ६९॥

युद्धमा मारियौ भनेदेखि तिमीलाई स्वर्गको प्राप्ति हुनेछ र भाग्यवश जीवित बचेर आयौ भनेदेखि तिमीलाई आफ्नो घर मिल्नेछ र साथसाथै इज्जत पनि पाउनेछौ। त्यसैले युद्ध गर्दाखेरि दुवै स्थितिमा उत्तम फल तिमीले पाउनेछौ।

उत्तमं प्रणिपातेन शूरं भेदेन योजयेत्।
नीचमल्पप्रदानेन समशक्तिं पराक्रमैः॥ ७०॥

नीतिशास्त्रको पनि भनाइ छ कि सबल र उत्तम प्रकृतिका शत्रुहरूसमक्ष मानिसले विनम्रतापूर्वक आत्मसमर्पण गरिदिनुपर्दछ। शत्रु शूर र लडाकु किसिमको छ भनेदेखि त्यससँग भेदनीतिको अवलम्बन गर्नुपर्दछ। यदि शत्रु आफूभन्दा कमजोर हुँदाहुँदै पनि नीच प्रकृतिको छ भनेदेखि उसँग केही कुराको लिनदिन गरेर सन्धि गर्नुपर्दछ र समान शक्तिसम्पन्न शत्रु छ भनेदेखि उससित युद्ध गरेर नै उसलाई ठिक लगाउनुपर्दछ।

मकरः प्राह– "कथमेतत् ?" सोऽब्रवीत्–

गोहीले– "कसरी ?" भनेर सोध्यो। बाँदरले उत्तर दिँदै भन्यो–

चतुरकशृगाल-कथा

आसीत्कस्मिंश्चिद्वनोद्देशे महाचतुरको नाम शृगालः। तेन कदाचिदरण्ये स्वयं मृतो गजः समासादितः। स तस्य समन्तात्परिभ्रमति, परं कठिनां त्वचं भेत्तुं न शक्नोति। अथात्रावसरे इतश्चेतश्च विचरन् कश्चित्सिंहस्तत्रैव प्रदेशे समाययौ। अथ सिंह समागतं दृष्ट्वा स क्षितितलविनयस्तमौलिमण्डलः, संयोजितकरयुगलः सविनयमुवाच– "स्वामिन्! त्वदीयोऽहं लागुडिकः स्थितस्त्वदर्थं गजमिमं रक्षामि। तदेनं भक्षयतु स्वामी।"

चङ्खे स्याल

कुनै वनमा महाचतुरक नामको एउटा स्याल रहने गर्दथ्यो। एक दिन वनमा घुम्दै गर्दा उसले एउटा मरेको हात्तीलाई देख्यो। त्यो हात्ती आफैँ मरेर जमिनमा ढलेको थियो। स्याल हात्तीका वरिपरि घुमिरहेको थियो, तर छाला साह्रै कडा भएकाले त्यसलाई टोक्न सकेको थिएन। यसै बिचमा यताउता घुम्दैफिर्दै बिचमा कतैबाट एउटा सिंह त्यहाँ आइपुग्यो। सिंहलाई देख्नासाथ त्यो स्याल दौडँदै गएर सिंहका पाउमा पस्रिएर दुवै हात जोड्दै विनम्रतापूर्वक– "स्वामिन्! म तपाईंको लठैत सिपाही हुँ। त्यसैले म यहाँ बसेर तपाईंका लागि यस हात्तीको रक्षा गरिरहेको छु। त्यसैले महाराजले यसको भोजन गर्नुपर्छ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तं प्रणतं दृष्ट्वा सिंहः प्राह— "भो ! नाहमन्येन हतं सत्त्वं कदाचिदपि भक्षयामि। उक्तञ्च—

त्यसलाई त्यस किसिमले अत्यन्त विनम्र भएको देखेर सिंहले— "अरे भाइ ! म त अर्काले मारेको सिकार कहिल्यै पनि खान्नँ। भनिएको पनि छ कि—

वनेऽपि सिंहाः मृगमांसभक्ष्याः बुभुक्षिता नैव तृणं चरन्ति।
एवं कुलीनां व्यसनाभिभूताः न नीतिमार्गं परिलङ्घयन्ति॥ ७१॥
तत्तवैव गजोऽयं मया प्रसादीकृतः।"

जसरी वनमा बसेर मृग मारेर खाने गरेका सिंहले जतिसुकै भोक लागे पनि घाँस कहिल्यै चर्दैन उसै गरी कुलीन व्यक्तिले आपद् कालमा परेको भए तापनि कहिल्यै नीतिमार्गलाई उल्लङ्घन गरेर कुनै काम गर्दैनन्। त्यसैले यो हात्ती मैले पुरस्कारका रूपमा तिमीलाई नै दिएँ। तिमीले नै यसलाई खाऊ" भन्दै हिँड्न लाग्यो।

तच्छ्रुत्वा शृगालः सानन्दमाह— "युक्तमिदं स्वामिनो निजभृत्येषु। उक्तञ्च यतः—

सिंहको कुरो सुनेर स्यालले खुसी हुँदै— "आफ्ना सेवकहरूप्रति स्वामीले गरेको यस्तो व्यवहार ज्यादै नै उचित भएको छ। भनिएको पनि छ कि—

अन्त्यावस्थोऽपि महान् स्वामिगुणान्नो जहाति शुद्धतया।
न श्वेदभावमुज्झति शङ्खः शिखिभुक्तमुक्तोऽपि" ॥ ७२॥

आगामा डढेर भस्म भए पनि शङ्खले आफ्नो स्वाभाविक सेतो रङ्गको गुणलाई जसरी छोड्दैन उसै गरी महान् र सद्गुणले युक्त स्वामी विपद्ग्रस्त भए पनि आफ्ना स्वाभाविक शुद्धता र कुलीनतालाई परित्याग गर्दैनन्" भन्यो। सिंह पनि त्यहाँबाट हिँड्यो।

अथ सिंहे गते कश्चिद् व्याघ्रः समाययौ। तमपि दृष्ट्वासौ व्यचिन्तयत्— "अहो, एकस्तावद् दुरात्मा प्रणिपातेनापवाहितः तत्कथमिदानीमेनमपवाहयिष्यामि ! नूनं शूरोऽयम्। न खलु भेदं विना साध्यो भविष्यति। उक्तञ्च यतः—

सिंह त्यहाँबाट गइसकेपछि उसै गरी एउटा बाघ त्यहाँ आइपुग्यो। त्यसलाई देखेर स्यालले आफ्नो मनले— "एउटा दुष्टलाई त मैले कुनै किसिमले फकाईफुल्याई गरेर आत्मसमर्पण गरेको नाटक गर्दै जसैतसै यहाँबाट पन्छाएँ, अब फेरि अर्को दुष्ट आइपुग्यो। यसलाई कसरी हटाउन सकिएला ? किनभने यो त ज्यादै नै शूर पनि छ। त्यसैले भेदनीतिको प्रयोग नगरीकन यसलाई हटाउन सम्भव छैन। भनिएको पनि छ कि—

न यत्र शक्यते कर्तुं साम दानमथापि वा।
भेदस्तत्र प्रयोक्तव्यो यतः स वशकारकः॥ ७३॥ किञ्च—

जुन ठाउँमा साम तथा दानको प्रयोग गर्नाले काम चल्न सक्दैन त्यहाँ भेदको नीति नै प्रयोग गर्नुपर्दछ। किनभने यस्ता ठाउँमा भेदले नै शत्रुलाई ठेगान लगाउन सकिन्छ। फेरि पनि—

सर्वगुणसम्पन्नोऽपि बध्यते। उक्तञ्च यतः—

सबै किसिमका गुणहरूले सम्पन्न भईकन पनि मानिसलाई भेदका नीतिद्वारा बन्धनमा पार्न सकिन्छ। भनिएको पनि छ कि—

अन्तःस्थेनाविरुद्धेन सुवृत्तेनातिचारुणा।
अन्तर्भिन्नेन सम्प्राप्तं मौक्तिकेनापि बन्धनम्॥ ७४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साह्रै नै कडा, साह्रै कुँदिएको, देख्नमा पनि ज्यादै राम्रो भए पनि बिचमा प्वाल परेको हुनाले मोतीलाई धागोमा उन्न सकिएझैँ अति नै गोप्य रहने, सदाचारले युक्त र कसैसँग विरोध नगर्ने किसिमको र राम्रो भए पनि भेदका कारणले नै मानिस बन्धनमा पर्दछ।

एवं सम्प्रधार्य, तस्याभिमुखो भूत्वा गर्वादुन्नतकन्धरः ससंभ्रममुवाच— "माम ! कथमत्र भवान् मृत्युमुखे प्रविष्टः ? येन, एष गजः सिंहेन व्यापादितः, स च मामेतप्रक्षणे नयुज्य नद्यां स्नानार्थ गतः। तेन गच्छता मम समादिष्टं— "यदि कश्चिदिह व्याघ्रः समायाति तर्हित्वया सुगुप्तं ममावेदनायं येन वनमिदं मया निव्याघ्रं कर्तव्यम्। यतः पूर्वं व्याघ्रेणैकेन मया व्यापादितो गजः शून्ये भक्षयित्वोच्छिष्टतां नीतः। तद्दिनादारभ्य व्याघ्रान् प्रति प्रकुपितोऽस्मि।"

यसै किसिमका कुराहरू सोचेर बाघका अगाडि गएर उभिएर आफ्नो गर्धनलाई अलिकति उचालेर डर र त्रासको नाटक गर्दै स्यालले— "मामा ! तिमी यहाँ मृत्युका मुखमा किन आयौ ? जुन सिंहले यस हात्तीलाई माऱ्यो उसले यसको रक्षा गर्न मलाई जिम्मा लगाएर नुहाउन भनी नदीतिर गएको छ। जाने बेलामा उसले मलाई यदि यहाँ कुनै बाघ आयो भने तिमीले गोप्य रूपमा मलाई थाहा दिनू। म आएर यस वनबाटै सारा बाघहरूको नामोनिसान मेटाइदिनेछु। किनभने उहिले नै पनि एकपटक मैले मारेको हात्तीलाई बाघले एकान्त पाएर जुठो हालिदिएको थियो। त्यसै दिनदेखि म बाघसँग रिसाएको छु भन्ने आदेश र धम्की दिएको छ" भनिदियो।

तच्छ्रुत्वा व्याघ्रः सन्त्रस्तस्तमाह— "भो भागिनेय ! देहि मे प्राणदक्षिणाम्। त्वया तस्यात्र चिरायापि कापि वार्ता नाख्येना।" एवमभिधायासत्वरं पालायाञ्चक्रे।

स्यालले यस्तो कुरो गरेको सुनेपछि डरले थर्कमान हुँदै बाघले— "भान्जा ! मलाई मेरो ज्यान जोगाइदेऊ। त्यो सिंह ढिलो गरी आएछ भने पनि म यहाँ आएको कुरो त्यसलाई नसुनाइदेऊ" भन्दै त्यहाँबाट टाप कसेर भाग्यो।

अथ गते व्याघ्रे तत्र कश्चिद् द्वीपी समायातः। तमपि दृष्ट्वासौ व्यचिन्तयत्— "दृढदंष्ट्रोऽचित्रकः। तदस्य पार्श्वादस्य गजस्य यथा चर्मच्छेदो भवति तथा करोमि।" एवं निश्चित्य तमप्युवाच— "भो भगिनीसुत ! किमिति चिराद् दृष्टोऽसि ! बुभुक्षित इव लक्ष्यसे ? तदतिथिरसि मे तदेष गजः सिंहेन हतस्तिष्ठति। अहञ्चास्य तदादिष्टे रक्षपालः। परं तथापि यावत्सिंहो न समायाति तावदस्य गजस्य मांसं भक्षयित्वा तृप्तिं कृत्वा द्रुततरं व्रज।"

बाघ त्यहाँबाट भागिसकेपछि एउटा चितुवा फेरि आइपुग्यो। त्यसलाई देखेर स्यालले आफ्ना मनमा— "यस चितुवाका दाँत ज्यादै बलिया छन्। त्यसो भएकाले मैले अब यसलाई नै हात्तीको कडा छाला प्वाल पार्नका लागि टोकाउने कुनै उपाय गर्नुपऱ्यो" भन्ने ठान्यो। यस किसिमको कुरो सोचिसकेर त्यस स्यालले चितुवासँग— "भान्जा बाबु ! आज निकै दिनपछि कताबाट देखा परेका छौ नि ? किन् हो कुन्नि निकै भोकाएको जस्तो पनि देखिँदै छौ ? तिमी त मेरा अतिथि हौ। सिंहले मारेको यो हात्ती तिम्रा अगाडि लडिरहेको छ र सिंहले खटाइएको म नै यसको रक्षक पनि हुँ। त्यसैले सिंह यहाँ आउनुभन्दा पहिले नै यस हात्तीको मासु पेटभरि खाऊ, तिमी अघाइहाल र यहाँबाट तुरुन्तै भागिहाल" भन्यो।

स आह, "माम ! यद्येवं तन्न कार्यं मे मांसाशनेन। यतः जीवन्नरो भद्रशतानि पश्यति। उक्तञ्च—

चितुवाले— "मामा ! कुरो यस्तै खालको हो भनेदेखि मैले यसको मासु खानुहुँदैन। किनभने मानिसले जिउँदो रहन पायो भनेदेखि सैयौं किसिमका आनन्द र सुखका अवसरहरूलाई देख्न पाउँछ। भनिएको पनि छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यच्छक्यं ग्रसितुं शस्तं ग्रस्तं परिणमेच्च यत्।
हितं च परिणामे यत्तदाद्यं भूतिमिच्छता॥ ७५॥

जुन वस्तु खानयोग्य हुन्छ, खाइसकेपछि ठिकसँगले पच्दछ र खाएको परिणाम पनि राम्रो नै निस्कन्छ, आफ्नो भलो चाहने मानिसले त्यही वस्तुमात्रै खानुपर्छ।

तत् सर्वथा तदेव भुज्यते यदेव परिणमति। तदहमितोऽपायास्यामि।"

त्यसैले म पनि खाइसकेपछि पच्नेखालको कुरोमात्रै खान चाहन्छु। यो मांस मलाई पच्नेयोग्य छैन। त्यसैले म यहाँबाट भाग्न चाहन्छु" भन्यो।

शृगाल आह– "भो अधीर! विश्रब्धो भूत्वा भक्षय त्वम्। तस्यागमनं दूरतोऽपि तवाहं निवेदयिष्यामि।" तथानुष्ठिते द्वीपिना भिन्नं त्वचं विज्ञाय जम्बूकेनाभिहितम्– भो भगिनीसुत! गम्यताम्। एष सिंहः समायाति।" तच्छ्रुत्वा चित्रको दूरं प्रनष्टः।

स्यालले– "हे डरछेरुवा! निर्धक्क भएर मांस खाऊ न। ऊ आएको सूचना त म ऊ पर छँदै दिइहाल्छु नि" भन्यो। स्यालको भनाइअनुसार त्यस चितुवाले हात्तीका शरीरलाई टोक्न थाल्यो। जब स्यालले अबचाहिँ यसले हात्तीको छालाजति टोकेर छेडिसक्यो है भन्ने अडकल गरिसकेपछि उसलाई बोलाउँदै– "ए, भान्जा! भाग, भाग, उः सिंह आउँदै छ" भन्यो। स्यालको कुरो सुन्नेबित्तिकै चितुवाले त्यहाँबाट चम्पट खोल्यो।

अथ यावदसौ तद्भेदकृतद्वारेण किञ्चिन्मांसं भक्षयति तावदतिशयक्रुद्धोऽपरः शृगालः समाययौ। अथ तमात्मतुल्यपराक्रमं दृष्ट्वैनं श्लोकमपठत्।

चितुवाले बनाएका प्वालबाट हात्तीका पेटभित्र पसेर त्यो स्यालले मांस खानमात्रै के थालेको थियो कि कतैबाट अत्यन्त रिसाउँदै अर्को एउटा उस्तैखालको स्याल त्यहाँ आइपुग्यो। त्यसलाई आफूजस्तै बलियो ठानेर त्यसले–

"उत्तमं प्रणिपातेन शूरं भेदेन योजयेत्।
नीचमल्पप्रदानेन समशक्तिं पराक्रमैः॥ ७६॥

"आफूभन्दा बलिया शत्रुलाई बिन्तीभाउ गरेर र आत्मसमर्पणद्वारा वशमा गर्नुपर्दछ। आफूभन्दा बढी साहसी तथा वीरलाई भेदनीति अपनाएर वशमा गर्नुपर्दछ। नीच तथा क्षुद्रखालका शत्रुलाई अलिकति केही दिएर वशमा राख्नुपर्दछ र समान पराक्रम भएका शत्रुलाई युद्धमा पछारेर वशमा गर्नुपर्दछ" भन्ने कुरो गऱ्यो।

ततश्च तदभिमुखं कृतप्रयाणः स्वदंष्ट्राभिस्तं विदार्य दिगन्भाजं कृत्वा स्वयं सुखेन चिरकालं हस्तिमांसं बुभुजे।

यस किसिमको श्लोक भट्याइसकेपछि त्यसले आगन्तुक स्यालमाथि एक्कासी आक्रमण गऱ्यो र आफ्ना दाँतले त्यसको जिउ थिल्थिलो हुने गरी टोकेर त्यसलाई पनि कुनै दिशातिर बैता लगाइदियो। अनि त्यसपछि सुखपूर्वक धेरै दिनसम्म एक्लै नै दसैं मनाएझैं गरी त्यस हात्तीको मासु खायो।

एवं त्वमपि तं रिपुं स्वजातीयं युद्धेन परिभूय दिगन्तभाजं कुरु। नो चेत्पश्चाद् बद्धमूलादस्मात्त्वमपि विनाशमवाप्स्यसि। उक्तञ्च यतः–

स्यालको जस्तै गरी तिमी पनि आफ्ना जातिका शत्रुलाई युद्धमा पराजित गरेर विभिन्न दिशाका नाममा बलि चढाइदेऊ। नभएदेखि तिम्रा घरमा उसका जरा गाडिएलान् र अनि उसैबाट तिमी पनि मारिनेछौ। त्यसैले भनिएको पनि छ कि–

सम्भाव्यं गोषु सम्पन्नं सम्भाव्यं ब्राह्मणे तपः।
सम्भाव्यं स्त्रीषु चापल्यं सम्भाव्यं जातितो भयम्॥ ७७॥ अन्यच्च–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसरी गाईहरू हुनाले सम्पत्ति बढ्ने कुराको सम्भावना हुन्छ, ब्राह्मण हुनाले तपस्या हुनाको सम्भावना हुन्छ र स्त्री हुनाले चञ्चले स्वभावको सम्भावना हुन्छ उसै गरी व्यक्तिका लागि आफ्नो जाति हुनाले विनाश हुने सम्भावना पनि हुन्छ। अरू पनि–

सुभिक्षाणि विचित्राणि शिथिलाः पौरयोषितः ।
एको दोषो विदेशस्य स्वजातिर्यद्विरुच्यते" ॥ ७८ ॥

विदेशमा मनग्गे धन पनि हुन्छ र त्यसलाई कमाउने अवसर पनि हुन्छ। त्यसैले त्यहाँ जानाले विभिन्न प्रकारका सुविधाहरू पाउन सकिन्छ। सहरका स्त्रीहरू पनि सजिला किसिमका हुन्छन्। विशेष किसिमले उनीहरू रोकटोक पनि गर्दैनन्। घरभित्र पस्ने मौका पनि पाइहालिन्छ तर त्यहाँ एउटा कुरामा चाहिँ कमी रहन्छ, त्यो हो आफ्नै जातिका मानिस विरोधी हुन्छन्" भन्यो।

मकर आह– "किमेतत् ?" वानरोऽब्रवीत्–

गोहीले– "त्योचाहिँ कस्तो कुरो हो नि ?" भनेर सोध्यो अनि बाँदरले अघिल्लो कथा भन्न प्रारम्भ गऱ्यो।

सारमेयस्य कथा

अस्ति कस्मिंश्चिदधिष्ठाने चित्राङ्गो नाम सारमेयः। तत्र च चिरकालं दुर्भिक्षं पतितम्। अन्नाभावात्सारमेयादयो निष्कुलतां गन्तुमारब्धाः। अथ चित्राङ्गः क्षुत्क्षामकण्ठस्तद्भयाद् देशान्तरं गतः। तत्र च कस्मिंश्चित्पुरे कस्यचिद् गृहमेधिनो गृहिण्याः प्रमादेन प्रतिदिनं गृहं प्रविश्य विविधान्यन्नानि भक्षयन् परां तृप्ति गच्छति परं तद्गृहाद्बहिर्निरगमत, अन्यैर्मदोद्धतसारमेयैः सर्वदिक्षु परिवृत्य सर्वाङ्ग दंष्ट्राभिर्विदार्यते।

परदेसिएको कुकुर

कुनै सहरमा चित्राङ्ग नाम भएको एउटा कुकुर रहने गरेको थियो। दुर्दशाका कारणले त्यस ठाउँमा एकपटक ज्यादै ठूलो अनिकाल लाग्यो। खाने कुराका अभावमा कुकुर बिरालाआदि प्राणीहरू भोकभोकै मर्न लागे र बिस्तारैसँग जाति नै मासिएर जान लाग्यो। भोकले पीडित भएको चित्राङ्ग पनि मर्ने डरले कुनै अर्कै देशतिर गयो। त्यहाँ गएर कुनै एउटा सहरिया गृहस्थकी आइमाई असावधान भएकीले त्यस गृहस्थका घरमा दिनहुँ पस्ने गर्दथ्यो र विभिन्न किसिमका खाने कुराहरू खाएर सुन्तुष्टसित अघाउने गरेको थियो। तर जब त्यो कुकुर त्यस घरभित्रबाट खाने कुरो खाइसकेर निस्केर हिँड्न लाग्दथ्यो उसै बेला अरू बलिया कुकुरहरूले चारैतिरबाट छेकेर त्यसलाई टोक्ने र जिउभरि घाउ नै घाउ पारिदिने गर्दथे।

ततस्तेन विचिन्तितम्– "अहो, वरं स्वदेशो यत्र दुर्भिक्षेऽपि सुखेनास्थीयते, न च कोऽपि युद्धं करोति। तदेवं स्वनगरं व्रजामि" इत्यवधार्य स्वस्थानं प्रति जगाम। अथासौ देशान्तरात्समायातः सर्वैरपि स्वजनैः पृष्टः– "भोश्चित्राङ्ग ! कथयास्माकं देशान्तरवार्ताम्। कीदृग्देशः ? किं चेष्टितं लोकस्य ? कः आहारः ? कश्च व्यवहारस्तत्र इति। स आह– "किं कथ्यते विदेशस्य स्वरूपविषये ?

त्यहाँका कुकुरहरूले दुःख दिएको देखेर दिक्क भएर उसले आफ्ना मनमा– "अनिकाल नै भए पनि बरु त आफ्नै देशमा सुखका साथमा दिनहरू बित्दै थिए। कसैले पनि बिनसित्तिमा झगडा गर्दैनथ्यो। त्यसैले आफ्नै सहरतिर फर्केर जानुपऱ्यो" भन्ने सोच्यो। यस किसिमको कुरो सोचेर आफ्नै सहरमा फर्किएर आयो। ऊ फर्किएर आएपछि उसका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नातागोताका अरू कुकुरहरू वरिपरि आएर– "ए चित्राङ्ग ! विदेशको खबर समाचार हामीलाई पनि सुनाउन न। त्यो देश कस्तो थियो ? त्यहाँका बासिन्दाहरू कस्ता छन् ? उनीहरूको खानपिन र चालचलन कस्तो छ ?" भनेर सोध्न लागे। तिनीहरूका कुराको उत्तर दिँदै उसले– "अरे भाइहरू ! विदेशका विषयमा भन्न त कहाँ सकिन्छ र ? जति भने पनि कम नै हुन्छ। त्यहाँ सबै किसिमका कुराहरू पाइन्छन्।

सुभिक्षाणि विचित्राणि शिथिलाः पौरयोषितः।
एको दोषो विदेशस्य स्वजातिर्यद्विरुध्यते" ॥७९ ॥

त्यहाँका बासिन्दाहरू मनग्गे धनी र सुखसम्पन्न छन्। सहरका आइमाईहरू पूरै असावधान छन्। त्यहाँ केवल एउटै कुराको कमी छ। त्यो के हो भने हाम्रा आफ्नै जातिकाहरू नै विरोधी छन् र सधैँ झगडामात्रै गर्दछन्" भन्यो।

सोऽपि मकरस्तदुपदेशं श्रुत्वा कृतमरणनिश्चयो वानरमनुज्ञाप्य स्वाश्रयं गतः। तत्र च तेन स्वगृहप्रविष्टेनाततायिना सह विग्रहं कृत्वा दृढसत्त्वावष्टम्भाच्च तं व्यापाद्य स्वाश्रयं च लब्ध्वा सुखेन चिरकालमतिष्ठत्। साध्विदमुच्यते–

गोहीले बाँदरका यस किसिमका उपदेश र विचारहरूलाई सुनिसकेपछि मरे पनि मर्छु भन्ने निश्चय गर्दै बाँदरसँग अनुमति लिएर आफ्ना घरतिर हिँड्यो। त्यहाँ पुगेर उसले घरमा पसेका त्यस आततायी गोहीसँग युद्ध गर्न लाग्यो र आफ्नो दृढता र साहसिकताले उसलाई मारेर आफ्नो घर फेरि हासिल गऱ्यो अनि त्यहीँ सुखपूर्वक बस्न लाग्यो। भनिएको पनि छ कि–

अकृत्वा पौरुषं या श्रीः किं तयापि सुभोग्यया।
जरद्गवः समश्नाति दैवादुपनतं तृणम्॥ ८० ॥

बिनापरिश्रम सजिलैसँग प्राप्त हुने धनलक्ष्मीबाट यदि सुख पाइन्छ नै भने पनि त्यसबाट आफूले पुरुषार्थद्वारा हासिल गरेको धनलक्ष्मीको जति प्रसन्नता र सन्तुष्टि पाउन सकिँदैन। भाग्यका भरोसामा बस्ने बुढा गोरुले मात्रै आफ्ना अगाडि आइलागेको घाँस खाएर सन्तोष अनुभव गर्दछ।

इति श्रीविष्णुशर्माविरचिते पञ्चतन्त्रे लब्धप्रणाशं नाम चतुर्थं तन्त्रं समाप्तम्।

श्रीविष्णुशर्माबाट रचित पञ्चतन्त्रको लब्धप्रणाश नामको चौथो तन्त्र पनि सकियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चतन्त्र

पञ्चम तन्त्र

अपरीक्षितकारक

अथेदमारभ्यतेऽपरीक्षितकारकं नाम पञ्चमं तन्त्रं, यस्यायमादिमः श्लोकः—

विष्णुशर्माले राजकुमारहरूसँग अब म अपरीक्षितकारक नामको पाँचौँ तन्त्र पढाउनेछु त्यसको पहिलो श्लोक यस्तो छ भन्दै श्लोक भन्न थाले—

क्षपणक-कथा

कुदृष्टं कुपरिज्ञातं कुश्रुतं कुपरीक्षितम्।
तन्नरेण न कर्तव्यं नापितेनाऽत्र यत्कृतम्॥ १॥

मुडुला सन्यासी

कामका परिणामका विषयमा नसोचीकन, त्यसको जानकारी प्राप्त नगरीकन, उसका विषयमा सुरुदेखि अन्त्यसम्मको कुरो नसुनीकन र वास्तविकताको परीक्षा नगरीकन मूर्ख हजामले गरेको जस्तो गरी कुनै पनि कामको थालनी गर्नुहुँदैन।

तद्यथाऽनुश्रूयते— "अस्ति दाक्षिणात्ये जनपदे पाटलिपुत्रं नाम नगरम्। तत्र मणिभद्रो नाम श्रेष्ठा प्रतिवसति स्म। तस्य च धर्मार्थकाममोक्षकमाणि कुर्वतो विधिवशाद्धनक्षयः सञ्जातः। ततो विभवक्षयादपमानपरम्परया परं विषादं गतः। अथाऽन्यदा रात्रौ सुप्तश्चिन्तितवान्— "अहो, धिगियं दरिद्रता। उक्तं च—

दक्षिणतिरको कुनै राज्यमा पाटलिपुत्र नाम गरेको कुनै एउटा सहर थियो भन्ने सुन्ने गरिन्छ। त्यस सहरमा मणिभद्र नाम गरेको एउटा साहु रहने गर्दथे। भाग्यले विपरीत दिशाको बाटो लागिदिएको हुनाले ती साहुको सारा धनसम्पत्ति नोक्सान भयो। गरिबीका कारण दैनिक रूपमा हुने गरेको अपमानले उनी ज्यादै दुःखी रहने गर्दथे। एक दिन रातिका समयमा सुतेर चिन्ता गरिरहेका अवस्थामा उनका मनमा— "यो गरिबी ज्यादै नराम्रो कुरो हुँदो रहेछ। मेरा यस गरिबीलाई धिक्कार छ" भन्ने सोचाइ आयो। भनिएको पनि छ कि—

शीलं शौचं क्षन्तिर्दाक्षिण्यं मधुरता कुले जन्म।
न विराजन्ति हि सर्वे, वित्तविहीनस्य पुरुषस्य॥ २॥

असल चरित्र, पवित्रता, क्षमा, शिष्टता, मिठो बोलीको कला र उत्तम कुलमा जन्म हुनु यी सबै कुराहरू गरिब व्यक्तिका लागि सुहाउँदिला हुने रहेनछन्। गरिबसँग यी सबै किसिमका गुण भए पनि उसप्रति कोही आकृष्ट हुँदैन र त्यस गरिबका ती गुणको प्रशंसा कसैले गर्दैन।

मानो वा दर्पो वा विज्ञानं विभ्रमः सुबुद्धिर्वा।
सर्वं प्रणश्यति समं वित्तविहीनो यदा पुरुषः॥ ३॥

सम्मान, स्वाभिमान, कलाको ज्ञान, आनन्द, रमाइलो र असल बुद्धि यी सबै कुराहरू मानिस गरिब हुन लागेपछि उसका धनसँगै पछि लागेर जाँदा रहेछन्। निर्धन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिसले यिनीहरूको आशा र अपेक्षा गरेमात्रै भने पनि उनीहरूलाई उपहासको पात्र बनाउन थालिँदो रहेछ।

प्रतिदिवसं याति लयं वसन्तवाताहतेव शिशिरश्रीः।
बुद्धिर्बुद्धिमतामपि कुटुम्बभरचिन्तया सततम्॥ ४॥

निरन्तर वसन्त कालका वायुले प्रतिदिन घँच्याट्न लागेपछि शिशिर ऋतुको आफ्नो शोभा बिस्तारै समाप्त भएझैँ गरी विद्वान्हरूलाई पनि गरिबीले प्रहार गर्दा सधैँभरि पारिवारको पालनपोषणसम्बन्धी चिन्ता र समस्याले छोपिराख्छ र त्यसले उनीहरूक व्यक्तित्वको शोभा नाश भएर सकिन्छ। परिवारको पालनपोषणका चिन्तामा अल्झिएका व्यक्तिले आफ्नो ज्ञानको उपयोग गर्न पाउँदैन र त्यसको बुद्धि दिनदिनैका समस्याले गर्दा खिइँदै गइरहेको हुन्छ।

नश्यति विपुलमतेरपि बुद्धिः पुरुषस्य मन्दविभवस्य।
घृतलवणतैलतण्डुलवस्त्रेन्धनचिन्तया सततम्॥ ५॥

धनको अभाव भएमा असल र प्रशस्त बुद्धि भएका मानिसको बुद्धि पनि दिनहुँको नुन, तेल, घिउ, चामल, लुगा दाउरा आदि परिवारको खाइगुजाराका आवश्यक वस्तुहरूको चिन्ताले नै विनाश भएर जान्छ।

गगनमिव नष्टतारं, शुष्कमिव सरः, श्मशानमिव रौद्रम्।
प्रियदर्शनमपि रूक्षं, भवति गृहं धनविहीनस्य॥ ६॥

सम्पत्ति नभएका व्यक्तिको घर ज्यादै राम्रो भए पनि धनका अभावले गर्दा नक्षत्र नभएको आकाशजस्तै शून्य, सुकिसकेको तलाउजस्तो उजाड र चिहानजस्तो डर र उराठ लाग्दो हुन्छ।

न विभाव्यन्ते लघवो वित्तविहीनाः पुरोऽपि निवसन्तः।
सततं जातविनष्यः पयसामिव बुद्बुदाः पयसि॥ ७॥

धनका अभावमा व्यक्ति ज्यादै तुच्छ हुन पुग्दछ र ऊ अगाडि नै हुँदाहुँदै पनि लगातार उठ्तै र फुट्तै गरेका पानीका फिँजको गन्ती नभएजस्तै कसैको दृष्टि उसमाथि पर्न पुग्दैन। गरिब भएका कारणले त्यस व्यक्तिलाई देखेकै भए पनि मानिसहरूले गन्दैनन् बरु हेला नै गर्छन्।

सुकुलं कुशलं, सुजनं विहाय, कुलकुशलशीलविकलेऽपि।
आढ्ये, कल्पतराविव नित्यं रज्यन्ति जननिवहाः॥ ८॥

कुलीनता, शिक्षित, सज्जनताजस्ता विभिन्न गुणहरूको ख्याल नगरीकन प्रायः सबै मानिसहरूले सम्पन्न व्यक्तिलाई कल्पवृक्षकै रूपमा हेर्दछन् र उसलाई सन्तुष्ट गर्ने प्रयास गर्दछन्। अर्थात् निर्धन व्यक्ति जतिसुकै कुलीन वा ज्ञानसम्पन्न होस् तर कसैले उसका छायाका नजिकै जानसम्म पनि रुचाउँदैन, तर धनी भएमा अकुलीन र बैगुनी नै होस् तापनि उसैका छायामा रहन चाहन्छन्।

विफलमिह पूर्वसुकृत, विद्यावन्तोऽपि कुलसमुद्भूताः।
यस्य यदा विभवः स्यात्तस्य तदा दासतां यान्ति॥ ९॥

धनका अभावमा पूर्वजन्ममा कमाएको पुण्य पनि व्यर्थ हुन्छ अनि विद्वान् तथा अभिजात कुलमा जन्मिएको भए पनि त्यस्ता व्यक्तिले अकुलीन र मूर्ख व्यक्तिको पनि दासत्व स्वीकार गर्नुपर्ने हुनसक्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लघुरयमाह न लोकः कामं गर्जन्तमपि पतिं पयसा।
सर्वमलज्जाकरमिह, यद्यत्कुर्वन्ति परिपूर्णाः ॥ १० ॥

स्वच्छन्द भएर गर्जने बादल र समुद्रलाई "यो नीच हो" भनेर कसैले भन्न सक्दैनन्। किनभने ठूलाबडा व्यक्तिहरूले जे काम गर्छन् त्यो लज्जास्पद छ भनेर कतै पनि भनिँदैन। सम्पन्न व्यक्तिले अनुचित काम गरे पनि त्यो निन्दनीय भनेर कतै मानिँदैन र न कतै अनुचित काम गर्नाले ऊ लज्जित नै हुन्छ। तर निर्धन व्यक्तिले असल काम गरोस् तापनि कतै ऊ प्रशंसाको पात्र भएको मानिँदैन।

एवं संप्रधार्य भूयोऽप्यचिन्तयत्— "तदहमनशनं कृत्वा प्राणानुत्सृजामि। किमनेन नो व्यर्थजीवितव्यसनेन ?" एवं निश्चयं कृत्वा सुप्तः। अथ तस्य स्वप्ने पद्मनिधिः क्षपणकरूपो दर्शनं दत्त्वा प्रोवाच, "भोः श्रेष्ठिन्! मा त्वं वैराग्यं गच्छ। अहं पद्मनिधिस्तव पूर्वपुरुषोपार्जितः। तदनेनैव रूपेण प्रातस्त्वद्गृहमागमिष्यामि। तत्त्वयाऽहं लगुडप्रहारेण शिरसि ताडनीयः, येन कनकमयो भूत्वाऽक्षयो भवामि।"

यस किसिमका कुराहरू सोच्दासोच्दै उनले फेरि— "अब म अनशन गरेर आफ्नो प्राणको त्याग गर्नेछु। यस्ता गरिबीमा बाँच्ने व्यर्थको दुःसाहस गर्नाले के पो लाभ होला र ?" भन्ने निश्चय गरेर उनी सुते। सपनामा जैन सन्यासीको रूप धारण गरेका पद्मनिधिले प्रत्यक्ष प्रकट भएर— "श्रेष्ठिन्! तिमी किन निराश भइरहेका छौ ? विरक्त भएर बस्नु ठिक कुरो होइन। तिमी यसरी विरक्त नहोऊ। म तिम्रा पूर्वजहरूले कमाएको पद्म नाम भएको निधि अर्थात् कोष हुँ। भोलि बिहान यसै रूपमा म तिम्रा घरका अगाडि आउनेछु। तिमीले मेरा शिरमा लाठाले हिर्काउनू। तिमीले हिर्काउनासाथ म तिम्रा लागि सुनको अक्षय कोष भएर रहनेछु" भन्यो।

अथ प्रातः प्रबुद्धः सन् स्वप्नं स्मरंश्चिन्ताचक्रमारूढस्तिष्ठति— "अहो, सत्योऽयं स्वप्नः किं वा असत्यो भविष्यति, न ज्ञायते। अथवा नूनं मिथ्याऽनेनभाव्यम्। यतोऽहमहर्निशं केवलं वित्तमेव चिन्तयामि। उक्तञ्च—

बिहान निद्रा खुलेपछि राति देखिएका सपनाका विषयमा उसले मनभित्रै तर्कवितर्क गर्न लाग्यो। विचारमा मग्न हुँदै उनी— "यस्तो सपना पनि साँचो हुन सक्ला र ? न सत्य हुन सक्ला कि असत्य नै पनि हुन सक्ला। सत्य पनि हुन सक्दछ र असत्य नै पनि हुने सम्भावना छ। यसै होला भनेर निश्चयपूर्वक केही पनि भन्न सकिँदैन। किनभने रातदिन म धनकै चिन्ता गर्ने गर्दछु। भनिएको पनि छ—

व्याधितेन सशोकेन चिन्ताग्रस्तेन जन्तुना।
कामार्तेनाऽथ मत्तेन दृष्टः स्वप्नो निरर्थकः ॥ ११ ॥

रोगी, शोकाकुल, चिन्ताग्रस्त, कामातुर र मात्तिएका मानिसले देखेका स्वप्नहरू प्रायः झुटा र निरर्थक नै हुने गर्दछन्" भन्ने सोच्दै थिए।

एतस्मिन्नतरे तस्य भार्यया कश्चिन्नापितः पादप्रक्षलायाहूतः। अवान्तरे च यथानिर्दिष्टः क्षपणकः सहसा प्रादुर्बभूव। अथ स तमालोक्य प्रहृष्टमना यथासन्नकाष्ठदण्डेन तं शिरस्यताडयत्। सोऽपि सुवर्णमयो भूत्वा तत्क्षणाद् भूमौ निपतितः। अथ तं स श्रेष्ठी निभृतं स्वगृहमध्ये कृत्वा नापितं सन्तोष्य प्रोवाच— "तदेतद्धनं वस्त्राणि च मया दत्तानि गृहाण। भद्र! पुनः कस्यचिन्नाख्येयोऽयं वृत्तान्तः।"

ती साहु यसै किसिमले सोचिरहेका बेलामा नै उनकी स्वास्नीले नङ काट्नका लागि भनेर बोलाइएको एउटा हजाम त्यहाँ आइपुग्यो। त्यसै बेलामा स्वप्नमा निर्देश

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएअनुसारको जैन सन्यासी पनि त्यहाँ देखा पर्‍यो। जैन सन्यासीलाई देखेपछि ती साहु ज्यादै खुसी भए र नजिकै भएका एउटा लाठाले त्यस जैन सन्यासीका टाउकामा हिर्काए। जैन सन्यासी सुनको मूर्ति बनेर तुरुन्त जमिनमा ढल्यो। साहुले गोप्य तरिकाले त्यस जैन सन्यासीका लासलाई लगेर आफ्ना घरभित्र राखिदिए। अनि फेरि त्यस हजामलाई खुसी पार्दै उनले– "मित्र ! यी गहना र लुगाकपडा तिमी लगेर राख। अनि आजको यस कुरालाई कसैसित नभन्नू" भने।

नापितोऽपि स्वगृहं गत्वा व्यचिन्तयत्– "नूनमेते सर्वेऽपि नग्नकाः शिरसि ताडिताः काञ्चनमया भवन्ति। तदहमपि प्रातः प्रभूतानाहूय लगुडैः शिरसी हन्मि, येन प्रभूतं हाटकं मे भविष्यति।" एवं चिन्तयतो महता कष्टेन निशा व्यतिचक्राम।

हजामले आफ्ना घरमा गएर मनमनै– "यी जैन सन्यासीहरूलाई टाउकामा लाठाले हिर्काएपछि पक्का पनि सुनका मूर्ति हुँदा रहेछन्। अब त्यसैले म पनि बिहान हुनेबित्तिकै यस्तै जैन सन्यासीलाई बोलाएर ल्याउँछु र टाउकामा लाठाले हिर्काउँछु। त्यसो भएपछि मसँग पनि मनग्गे सुन जम्मा हुनेछ" भन्ने सोच्यो। यस किसिमको विचारमा डुबेर उसले बडा दुःखले ज्यादै छट्पटाउँदै कुनै किसिमले रात बितायो।

अथ प्रभातेऽभ्युत्थाय बृहल्लगुडमेकं प्रगुणीकृत्य क्षपणकविहारं गत्वा जिनेन्द्रस्य प्रदक्षिणत्रयं विधाय, जानुभ्यामवनिं गत्वा वक्त्रद्वारन्यस्तोत्तरीयाञ्जलस्तारस्वरेणेमं श्लोक-मिदमपठत्–

अर्को दिन बिहान उठ्नेबित्तिकै उसले एउटा गतिलो लाठो तयार पारेर राख्यो र जैन सन्यासीका मठमा गएर उसले जिन भगवान्‌को तीन फेरा परिक्रमा गरेपछि अत्यन्त विनम्रतापूर्वक घुँडा टेक्दै पलेँटी कसेर बस्यो र मुखलाई पछ्यौराले छोप्दै ठूलो स्वरमा यस किसिमको श्लोक पाठ गर्न लाग्यो–

"जयन्ति ते जिना येषां केवलज्ञानशालिनाम्।
आजन्मनः स्मरोत्पत्तौ मानसेनोषरायितम्॥ १२॥ अन्यच्च–

"जन्मदेखि नै कामवासनाका विषयमा आफ्ना मनलाई मरुभूमिजस्तै बनाइराख्ने गरेका ज्ञानपरायण जिन भगवान्‌हरूको जय होस्। अरू पनि–

सा जिह्वा या जिनं स्तौति तच्चित्तं यज्जिने रतम्।
तावेव च करौ श्लाघ्यौ यौ तत्पूजाकरौ करौ॥ १३॥ तथाच–

मानिसको उही जिब्रो प्रशंसनीय हुन्छ, जसले जिन भगवान्‌को स्तुति गर्दछ, त्यही मन प्रशंसनीय हुन्छ जो सधैँ जिन भगवान्‌प्रति अनुरागयुक्त छन् र तिनै हात प्रशंसनीय मानिएका छन् जसले सधैँभरि उनको पूजा गर्नमा व्यस्त रहेका हुन्छन्। त्यसै गरी–

ध्यानव्याजमुपेत्य चिन्तयसि कामुन्मील्य चक्षुः क्षणं,
पश्यानङ्गशरातुरं जनमिमं त्राताऽपि नो रक्षसि।
मिथ्याकारुणिकोऽसि निर्घृणतरस्त्वत्तः कुतोऽन्यः पुमान्,
सेर्ष्यं मारवधूभिरित्यमिहितो बौद्धो जिनः पातु वः॥ १४॥

समाधिको बहाना बनाएर तपाईंहरू कुनै सुन्दरीको ध्यान आकर्षण गरिरहनुहुन्छ, क्षणमात्रैका लागि आँखा खोलेर कामदेवको वाणले आहत यिनीहरूतर्फ हेर्नुहोस्। आश्यर्च छ, रक्षक भएर पनि तपाईंले हाम्रो कामुक इच्छालाई रक्षा गर्नुभएको छैन। कस्तो खालका दयालु हुनुहुन्छ तपाईं ? तपाईंभन्दा ठूलो निर्दयी अर्को कोही पनि छैन। यस किसिमका ईर्ष्यायुक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएर देवाङ्गनाहरूद्वारा आरोप लगाइएका उनै भगवान् बुद्धले तपाईंको रक्षा गरुन्" भन्न लाग्यो।

एवं सन्तुत्य, ततः प्रधानक्षपणकमासाद्य क्षितिनिहितजानुचरणः "नमोस्तु वन्दे" इत्युच्चार्य, लब्धधर्मवृद्ध्याशीर्वादः सुखमालिकाऽनुग्रहलब्धव्रतादेश उत्तरीयनिवद्धग्रन्थिः सप्रश्रय-मिदमाह– "भगवन्! अद्य विहरणक्रिया समस्तमुनिसमेतेनास्मद्गृहे कर्त्तव्या।"

यस किसिमका श्लोकहरूले स्तुति गरिसकेपछि त्यो हजाम प्रमुख भिक्षुका नजिकै गयो। अनि पँलेटी कसेर बस्यो। अनि अत्यन्त विनम्र हुँदै उसे– "तपाईंलाई मेरो नमस्कार छ। म तपाईंको स्तुति गर्दछु" भन्यो। प्रमुख भिक्षुले तिम्रो धर्म बढोस् भन्ने आशीर्वाद दिइसकेपछि हजामले आफ्ना गलामा लगाइरहेको फूलको माला झिकेर उसलाई दिँदै व्रत, उपासना आदिको शिक्षा र आशीर्वाद पनि दियो। आशीर्वाद पाइसकेपछि उसले आफ्नो पछ्यौरा गलामा बाँध्दै नम्रतापूर्वक निवेदन गर्दै– "भगवन्! सम्पूर्ण भिक्षुहरूका साथमा आज भोजन गर्नका लागिं मेरा घरमा आइदिनुपर्छ" भन्यो।

स आह भोः श्रावक! धर्मज्ञोऽपि किमेवं वदसि, किंन्वयं ब्राह्मणसमानाः यत आमन्त्रणं करोषि ? वयं सदैव तत्कालपरिचर्यथा भ्रमन्तो भक्तिभाजं श्रावकमवलोक्य तस्य गृहं गच्छामः, तेन कृच्छ्रादभ्यर्थितास्तदगृहे प्राणधारणमात्रामशनक्रियां कुर्मः। तद्गम्यताम् नैवं भूयोऽपि वाच्यम्।"

त्यसको प्रार्थनालाई सुनिसकेपछि प्रमुख भिक्षुले– "हे श्रावक! धर्मको ज्ञान भएका हुँदाहुँदै पनि तिमीले कस्ताखालको कुरो गरिरहेका, हामी कतै अन्य ब्राह्मणहरू जस्तै हौं र तिमीले हामीलाई भोजनका लागि निम्ता दिन लागेका ? भोजनको समय भएपछि हामी आफैं घुम्दैफिर्दै कुनै श्रद्धालु भक्तको घरमा जान्छौं र उसले गरेको आग्रहअनुसार उसका श्रद्धा भक्तिले दिएको कुरालाई आफ्नो गुजारा हुने गरीमात्र भोजन लिने गर्दछौं। त्यसो हुँदा तिमी यहाँबाट तत्काल जाऊ र फेरिदेखि यस्तो कहिल्यै पनि नगर्नू" भन्यो।

तच्छ्रुत्वा नापित आह– "भगवन्! वेद्म्यहं युष्मद्धर्मम्। परं भवतो बहुश्रावका आह्वयन्ति। साम्प्रतं पुनः पुस्तकाच्छादनयोग्यानिं कर्पटानि बहुमूल्यानि प्रगुणीवृतानि। तथा पुस्तकानां लेखनार्थ लेखकानां च वित्तं सञ्चितमास्ते। तत्सर्वथा कालोचितं कार्यम्।"

जैनभिक्षुको कुरो सुनेर हजामले– "भगवन्! म तपाईंको धर्मनियमका विषयमा जान्दछु। कुरो यसो छ कि तपाईंलाई अनेकौं भक्तहरूले बोलाइरहेका हुन्छन्। यस बेला मैले ग्रन्थहरूलाई बाँध्न मिल्ने किसिमका बहुमूल्य कपडाहरूलाई जम्मा पारेर राखेको छु र अरू ग्रन्थहरू पनि लेखाउनका लागि ग्रन्थलेखकहरूका लागि पारिश्रमिकका रूपमा दिनका लागि धन पनि जम्मा पारेको छु। म फेरि यस्ता कुरा जम्मा पार्न सकुँला कि नसकुँला, त्यसो हुँदा तपाईंको समस्याअनुसार जस्तो इच्छा लाग्दछ, उसै किसिमले गर्नुहोला" भन्यो।

ततो नापितोऽपि स्वगृहं गतः। तत्र च गत्वा खदिरमयं लगुडं सज्जीकृत्य कपाटयुगलं द्वारी समाधाय सार्द्धप्रहरैकसमये भूयोऽपि विहारद्वारमाश्रित्य सर्वान्क्रमेण निष्क्रामतो गुरुप्रार्थनया स्वगृहमानयत्। तेऽपि सर्वे कर्पटवित्तलोभेन भक्तियुक्तानपि परिचितश्रावकान् परित्यज्य प्रहृष्टमनसस्तस्य पृष्ठतो ययुः। अथवा साध्विदमुच्यते–

हजामले फेरि घरमा गएर खयरको एउटा ठूलो लाठो तयार गरेर बाहिरका ढोकाका दुवै खापा बन्द गऱ्यो। दिनको एक प्रहर बितेपछि त्यो हजाम फेरि मठका ढोकामा गएर उभियो। भिक्षाटनका लागि जब भिक्षुहरू बाहिर निस्कन लागे अनि बिन्तीभाउ गर्दै उनीहरूलाई आफ्ना घरमा लिएर आयो। जैन भिक्षुहरू पनि कपडा र धनका लोभले परिचित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र विश्वस्त हुँदै श्रावकहरूका घरमा जान छोडेर त्यही हजामका पछि लागेर खुसी हुँदै गए। अथवा ठिकै पनि भनिएको रहेछ कि—

एकाकी गृहसन्त्यक्तः पाणिपात्रो दिगम्बवरः।
सोऽपि संवाह्यते लोके तृष्णया पश्य कौतुकम्॥ १५॥

"आहा कति आश्चर्यको कुरो छ हेरौँ त ! जो कि, घरबार छोडेर एक्लै बसी आफ्ना हातलाई नै पात्र ठानेर भिक्षा मागी खाने नग्न र त्यागी पुरुषहरू पनि यस संसारमा धनका लोभको तृष्णाले नियन्त्रित हुँदा रहेछन्।

जीर्यन्ते जीर्यतः केशा दन्ता जीर्यन्ति जीर्यतः।
चक्षुः श्रोत्रे च जीर्येते, तृष्णैका तरुणायते॥ १६॥

बुढो भएपछि मानिसको कपाल फुल्छ, दाँत खुस्कन थाल्छन्, आँखा र कान पनि कमजोर हुन लाग्दछन् तर तृष्णा र लोभलालच भने सधैँ आकर्षक युवतीजस्तै बनेका हुँदा रहेछन्। सबै इन्द्रियहरू नै शिथिल भइसकेपछि पनि मानिसको तृष्णा वा रहर कहिल्यै कम हुँदो रहेनछ।"

ततः परं गृहमध्ये तान् प्रवेश्य, द्वार निर्भतं पिधाय, लगुडप्रहारैः शिरस्यताडयत्। तेऽपि ताड्यमाना एके मृताः, अन्ये भिन्नमस्तकाः फूत्कर्तुमुपचक्रमिरे। तत्रान्तरे तमाक्रन्दमाकर्ण्य, कोटरक्षपालेनाऽभिहितम्— "भो भोः ! किमयं कोलाहलो नगरमध्ये ? तद्गम्यताम्।"

हजामले ती भिक्षुहरूलाई भित्र लगेर थाहा नपाईकन झ्यालढोकाहरू बन्द गरिदियो। अनि लाठाले तिनीहरूका टाउकै टाउकामा हान्न लाग्यो। चुटाइ खानेबित्तिकै कतिपय त मरिहाले र जो जिउँदो बाँचेका थिए तिनीहरूमध्ये कसैको टाउको फुटेर दुखेका पिरले कराउँदै थिए, कोही भाग्दै र कुद्दै गर्न लागे। त्यसै बिचमा सहरको कोटरक्षक गस्तीप्रमुखले त्यहाँको होहल्ला सुनेर आफ्ना सेवक सिपाहीहरूलाई खटाउँदै— "ऐ ! हेर त सहरमा केको हल्ला मच्चिँदै छ ? जाओ छिटो गएर हेर" भनी आदेश दियो।

ते च सर्वे तदादेशकारिणास्तत्सहिता वेगात्तद्गृहं गता यावत् पश्यति तावद्रुधिरप्ला-वितदेहाः पलायमाना नग्नका दृष्टाः। पृष्टाश्च भोः, किमेतत् ? चोचुर्यथाऽवस्थितं नापितवृत्तम्।

त्यहाँको दुर्गपाल सिपाहीहरूलाई साथमा लिएर तत्काल घटनास्थलमा पुग्यो। त्यहाँ पुगेपछि तिनीहरूले कुनै खुनले ल्याप्पै भएका, कुनै सारा शरीर रगतमा चुर्लुम्म डुबेका र कुनै यता र उता भाग्दै गरेका क्षपणकहरूलाई देखे। तिनीहरूलाई बोलाएर दुर्गपालले— "होइन, यहाँ के भयो ?" भनेर कसैसँग सोध्यो। अनि जैन साधुहरूले हजामका घरमा घटित सारा घटनाको सारा वृतान्त सुनाए।

तैरपि स नापितो बद्धो हतशेषैः सह धर्माधिष्ठानं नीतः। तेर्नापितः पृष्टः— "भोः किम् एतद्भवता कुकृत्यमनुष्ठितम् ?"

सिपाहीहरूले हजामलाई बाँधेर मर्नबाट जोगिएका जति साधुहरूसहित न्यायालयमा उपस्थित गराए। त्यहाँ न्यायाधीशहरूले— "तँले यस्तो कुकृत्य किन गरेको होस् ?" भनी हजामसँग सोधे।

स आह— "किं करोमि। मया श्रेष्ठिमणिभद्रगृहे दृष्टः एवंविधो व्यतिकरः।" सोऽपि सर्वं मणिभद्रवृत्तान्तं यथादृष्टमकथयत्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हजामले– "म कसो गरुँ त, सेठ मणिभद्रका घरमा मैले यस्तै किसिमको एउटा घटना देखेको थिएँ" भन्दै सेठ मणिभद्रका घरमा भएका घटनाको सम्पूर्ण विवरण यथावत् सुनाइदियो।

ततः श्रेष्ठिनमाहूय ते भणितवन्तः– "भोः श्रेष्ठिन्! किं त्वया कश्चित्क्षपणको व्यापादितः ?"

त्यो घटना सुनिसकेपछि न्यायाधीशहरूले सेठ मणिभद्रलाई बोलाएर– "सेठ जी ! तिमीले कुनै क्षपणकको हत्या गरेका थियौ ?" भनेर सोधे।

ततस्तेनाऽपि सर्वः क्षपणकवृत्तान्तस्तेषां निवेदितः। अथ तैरभिहितम्– "अहो, शूलमारोप्यतामसौ दुष्यत्मा कुपरीक्षितकारी नापितः।"

मणिभद्रले सपनामा देखेपछिको क्षपणकको सम्पूर्ण वृतान्तलाई न्यायाधीशहरूका अगाडि भनिदियो। मणिभद्रका मुखबाट सम्पूर्ण घटना सुनिसकेपछि न्यायाधीशहरूले सिपाहीहरूलाई– "यस पापिष्ट र अविवेकी हजामलाई शूलीमाथि चढाइदेऊ" भन्ने आदेश दिए।

तथाऽनुष्ठिते तैरभिहितम्–

"कुदृष्टं कुपरिज्ञातं कुश्रुतं कुपरीक्षितम्।
तन्नरेण न कर्तव्यं नापितेनाऽत्र यत्कृतम्॥" अथवा साध्विदमुच्यते–

हजामलाई शूलीमाथि चढाइसकेपछि न्यायाधीशहरूले– "यस मूर्ख हजामले जस्तो गरी राम्रोसँग नसोची, विचार नगरी, नसुनी र परीक्षण नगरीकन कुनै काम कसैले पनि गर्नुहुँदैन" भने। अथवा ठिकै पनि भनिएको रहेछ कि–

"अपरीक्ष्य न कर्तव्यं कर्तव्यं सुपरीक्षितम्।
पश्चाद्भवति सन्तापो ब्राह्मण्या नकुले यथा" ॥ १७ ॥

राम्रोसँग जाँचबुझ र परीक्षण नगरीकन कुनै काम गर्नुहुँदैन। जुन काम गर्नुपर्ने हुन्छ त्यसका विषयमा पूर्ण जानकारी हासिल गर्नुपर्दछ। अन्यथा न्याउरी मारी पछुताउने ब्राह्मणीको जस्तै गरी काम गरिसकेपछि मानिसले पछुताउनुपर्ने हुन्छ।

मणिभद्र आह– "कथमेतत् ?" ते धर्माधिकारिणः प्रोचुः–

मणिभद्रले– "कसरी" भनेर सोधे। ती न्यायाधीशहरूले फेरि भन्न लागे–

ब्राह्मणीनकुलकथा

"कस्मिँश्चिदधिष्ठाने देवशर्मा नाम ब्राह्मणः प्रतिवसति स्म। तस्य भार्या प्रसूता सुतमजनयत्। तस्मिन्नेव दिने नकुली नकुलं प्रसूय मृता। अथ सा सुतवत्सला दारकवत्तमपि नकुलं स्तनयदानाऽभ्यङ्गमर्दनादिभिः पुपोष। परं तस्य न विश्वसति। अपत्यस्नेहस्य सर्वस्नेहातिरिक्ततया सततमेवमाशङ्कते यत्– कदाचिदेष स्वजातिदोषवशादस्य दारकस्य विरुद्धमाचरिष्यति इति। उक्तं च–

ब्राह्मणी र न्याउरी

कुनै सहरमा देवशर्मा नाम गरेका ब्राह्मण रहने गर्दथे। उनकी स्त्री गर्भिणी थिइन् र उनले एक दिन एउटा छोरो पाइन्। त्यसै दिन एउटा पोथी न्याउरीले पनि बच्चो पायो र त्यसपछि माउचाहिँ मर्‍यो। आफ्नो छोरोजस्तै माया लाग्यो, त्यसो भएकाले ती ब्राह्मणीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्याउरीका बच्चालाई पनि दुध खुवाइन्, तेल लगाइदिइन् र पालिन्। त्यसो भए तापनि त्यसमाथि उनले विश्वास भने कहिल्यै गर्न सकिनन्। आफ्ना छोराप्रति ज्यादै माया हुनका कारणले उनी सधैँभरि कुनै जातिगत स्वभावका कारणले यस न्याउरीका बच्चाले मेरा छोरालाई बिताउँछ कि भन्ने शङ्का गरिरहन्थिन्। किनभने भनिएको पनि छ कि–

कुपुत्रोऽपि भवेत्पुंसां हृदयानन्दकारकः।
दुर्विनीतः, कुरूपोऽपि, मूर्खोऽपि, व्यसनी, खलः ॥ १८ ॥

आफ्नो छोरो जतिसुकै घमन्डी, दुष्ट, कुरूप, मूर्ख, दुर्व्यसनी र दुराचारी नै भए पनि आमाबाबुका लागि त्यो मनमा आनन्द दिने किसिमको नै हुन्छ।

एवं च भाषते लोकश्चन्दनं किन्न शीतलम्।
पुत्रगात्रस्य संस्पर्शश्चन्दनादतिरिच्यते ॥ १९ ॥

मानिसहरू भन्ने गर्दछन् कि चन्दन ज्यादै शीतल हुने गर्दछ, तर छोराका शरीरको स्पर्श भनेको चन्दनभन्दा पनि ज्यादा शीतल र आनन्ददायी हुन्छ।

सौहृदस्य न वाञ्छन्ति जनकस्य हितस्य च।
लोकाः प्रपालकस्याऽपि यथा पुत्रस्य बन्धनम् ॥ २० ॥

मानिसहरू आफ्ना छोराको मोहलाई जति बन्धनको रूप मान्दछन् त्यति आफ्ना मित्र, मातापिता, बन्धुबान्धव र पालनपोषण गर्ने अभिभावकको मोहलाई बन्धनका रूपमा स्वीकार गर्दैनन्। अरू मानिसले दिएको अलिकति मात्रै दुःख पनि खप्न नसक्ने मानिसहरू नै आमाबाबु भएपछि छोराले जतिसुकै दुःखकष्ट दिए पनि त्यसलाई नराम्रो नमानीकन खप्दछन्।

अथ सा कदाचिच्छय्यायां पुत्रं शाययित्वा जलकुम्भमादाय पतिमुवाच, "भो ब्राह्मण ! जलार्थमहं तडागे यास्यामि। त्वयो पुत्रोऽयं नकुलाद्रक्षणीयः।"

एक दिन बाहुनीले छोरालाई ओछ्यानमा सुताइन् र हातमा पानीको गाग्रो बोकेर आफ्ना पतिसँग– "ब्राह्मण ! म पानी लिनका लागि तलाउसम्म जाँदै छु, तिमीले न्याउरीबाट छोरालाई जोगाइराख है" भन्दै हिंडिन्।

अथ तस्यां गतायां पृष्ठे ब्राह्मणोऽपि शून्यं गृहं भुक्त्वा भिक्षार्थं क्वचिन्निर्गतः। अत्रान्तरे दैववशात् कृष्णसर्पो बिलान्निष्क्रान्तः। नकुलोऽपि तं स्वभाववैरिणं मत्वा भ्रातृरक्षणार्थं सर्पेण सह युद्ध्वा सर्पं खण्डशः कृतवान्। ततो रुधिराप्लावितवदनः सानन्दं स्वव्यापारप्रकाशनार्थं मातुः सम्मुखो गतः। माताऽपि तं रुधिरक्लिन्नमुखमालोक्य शङ्कितचित्ता "नूनमनेन दुरात्मना दारको भक्षितः" इति विचिन्त्य कोपात्तस्योपरि तं जलकुम्भं चिक्षेप।

ब्राह्मणी निस्केर गइसकेपछि ती ब्राह्मण पनि बालकलाई घरमा एक्लै छोडेर भिक्षा माग्नका लागि भनेर बाहिर गए। यसै बेला संयोगवश एउटा कालो सर्प प्वालबाट निस्कियो। न्याउरीले त्यस सर्पलाई देख्नेबित्तिकै आफ्नो जन्मजात शत्रु ठानेर र भाइको रक्षा गर्नका लागि लडाइँ गर्दै त्यसलाई काटेर टुक्राटुक्रा पारिदियो। फेरि ब्राह्मणी फर्कँदा त्यो न्याउरी खुसी हुँदै रगतले भिजेको मुख लिएर आफ्नो पराक्रम देखाउनका लागि आमाका छेउमा गयो। आमाले त्यसको रगतले भिजेको मुख देख्नेबित्तिकै "कतै यस दुष्टले मेरो छोरालाई मारेर खाइदिएछ कि" भन्ने शङ्का गर्न लागिन् र रिसले चुर हुँदै पानीले भरिएका गाग्राले त्यस न्याउरीलाई हिर्काइन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं सा नकुलं व्यापाद्य यावत्प्रलपन्ती गृहे आगच्छति तावत्सुतस्तथैव सुप्तस्थिष्ठति। समीपे कृष्णसर्पं खण्डशः कृतमवलोक्य पुत्रवधशोकेनात्मशिरो वक्षःस्थलं च ताडितुमारब्धा।

त्यसरी न्याउरीलाई हिर्काएर मारिसकेपछि आत्तिँदै, रुदै र कराउँदै भित्र गएर हेर्दछिन् त आफ्नो छोरो पहिलेको जस्तै कुशलपूर्वक सुतिरहेको देखिन्। अनि खाटको अलिकति पर्तिर नै टुक्रैटुक्रा पारिएको कालो सर्पलाई देखेपछि न्याउरीलाई मारेको पिरले ज्यादै शोकसन्तप्त भइन् र आफ्नो हृदय र टाउको ठट्टाउँदै रुन लागिन्।

अत्रान्तरे ब्राह्मणो गृहीतनिर्वापः समायातो यावत्पश्यति तावत्पुत्रशोकाऽभितप्ता ब्राह्मणी प्रलपति— "भो भो लोभात्मन्! लोभाऽभिभूतेन त्वया न कृतं मद्वचः। तदनुभव साम्प्रतं पुत्रमृत्युदुःखवृक्षफलम्।" अथवा साध्विदमुच्यते—

त्यसै बेला भिक्षा मागेर फिर्ता भई उनका पति पनि आए। घरभित्र आएर ब्राह्मणले न्याउरी मारेको पछुतो मानेर रुँदै विलाप र बिलौना गर्दै रोइरहेकी आफ्नी पत्नीलाई देखे। ब्राह्मणीले ब्राह्मणलाई देख्नेबित्तिकै रुँदै— "हे लोभी ब्राह्मण! लोभका वशमा परेर तिमीले मेरो भनाइ पनि मानेनौ। ल, अब न्याउरीका मृत्युले उत्पन्न भएका शोकरूपी वृक्षको फल चाख। अथवा ठिकै पनि भनिएको रहेछ कि—

"अतिलोभो न कर्तव्यो लोभं नैव परित्यजेत्।
अतिलोभाऽभिभूतस्य चक्रं भ्रमति मस्तके" ॥ २१ ॥

मानिसले पूरै लोभको परित्याग गर्नुहुँदैन तापनि अत्यधिक लोभ पनि गर्नुहुँदैन। अत्यधिक लोभ गर्नाले टाउकामा आपद्को चक्र घुम्न लाग्दछ।

ब्राह्मण आह— "कथमेतत् ?" सा प्राह—

ब्राह्मणले— "त्यस्तो कसरी हुन्छ ?" भनेर सोधे। अनि ब्राह्मणीले भन्न लागिन्—

लोभाविष्टचक्रधरकथा

"कस्मिँश्चिदधिष्ठाने चत्वारो ब्राह्मणपुत्राः परस्परं मित्रतां गता वसन्ति स्म। ते चाऽपि दारिद्र्योपहताः परस्परं मन्त्रं चक्रुः— "अहो, धिगियं दरिद्रता। उक्तञ्च—

लोभी चक्रधारी

कुनै एउटा सहरमा चारजना ब्राह्मणकुमारहरू रहने गर्दथे। तिनीहरूका बिचमा मनग्गे बलियो मित्रता थियो। गरिबीका कारणले दुःखी भएका उनीहरूले आपसमा निश्चय गरे कि यो गरिबी ज्यादै नराम्रो कुरो हो। भनिएको पनि छ कि—

वरं वनं व्याघ्रगजादिसेवितं जनेन हीनं बहुकण्टकावृतम्।
तृणानि शय्या परिधावल्कलं न बन्धुमध्ये धनहीनजीवितम् ॥ २२ ॥ तथा च—

बाघ, हात्ती आदि हिंस्रक पशुहरूले भरिभराउ, मानिसै नभएको अनकन्टार बिखालु काँडाहरू भरिएका वनमा बसेर रुखका बोक्राहरू लगाउँदै झारपातमाथि सुत्नु बरु राम्रो हुन्छ, तर आफ्ना दाजुभाइका बिचमा गरिब भएर जीवन निर्वाह गर्नुचाहिँ कसै गरी राम्रो हुँदैन। अरू पनि—

स्वामी द्वेष्टि सुसेवितोऽपि सहसा प्रोज्झन्ति सद्बान्धवाः
राजन्ते न गुणास्त्यजन्ति तनुजाः स्फारीभवन्त्यापदः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भार्या साधु सुवंशजाऽपि भजते नो यान्ति मित्राणि च
न्यायारोपितविक्रमाण्यपि नृणां येषां न हि स्याद्धनम् ॥ २३ ॥

राम्रैसँग सेवा गरिराखे पनि निर्धन व्यक्तिप्रति सधैँ उसका मालिकले द्वेषको भावना नै राखिरहेको हुन्छ, नजिकैका आफन्तहरूले पनि गरिब भएपछि त्यस व्यक्तिको साथ छोडिदिन्छन्, उसभित्रको परोपकारी गुणले पनि कसैका अगाडि शोभा दिँदैन, गरिब भएपछि छोराछोरीले पनि उसको साथ छोडिदिन्छन्, आपद्विपद्हरू पनि दिन प्रतिदिन बढ्दै आउने गर्दछन्, असल कुलमा जन्मिएकी साध्वी पत्नीले पनि मान्न छोड्दछन् र न्यायप्रेमी मित्रहरूले पनि मौका पर्नेबित्तिकै साथ छोडिदिन्छन्।

शूरः सुरूपः सुभगश्च वाग्मी शस्त्राणि शास्त्राणि विदांकरोतु।
अर्थं विना नैव यशश्च मान प्राप्नोति मर्त्योऽत्र मनुष्यलोके ॥ २४ ॥

वीर, सुन्दर, सौभाग्यशाली, शस्त्र वा शास्त्रको पूरा ज्ञान भएका तथा बोलीमा निपुणजस्ता यी सबै व्यक्तिहरूलाई यस संसारमा मानिसको धन छैन भने कुनै किसिमको प्रतिष्ठा नै हुँदैन र उसले सम्मान पाउन सक्दैन भन्ने कुराको राम्रो जानकारी हुनुपर्दछ।

तानीन्द्रियाण्यविकलानि तदेव नाम सा बुद्धिरप्रतिहता वचनं तदेव
अर्थोष्मणा विरहितः पुरुषः स एव बाह्यः क्षणेन भवतीति विचित्रमेतत् ॥ २५ ॥

मानिसका उनै सारसौँदा इन्द्रियहरू रहिरहेका होऊन्, उसको नाम पनि उही नै रहेको होस्, उसको तीखो बुद्धि पनि उसै रूपमा रहेको होस् र बोली पनि उही नै रहेको होस् तापनि धनको न्यानोपना सकिना साथसाथै एकै छिनमा मानिस नै बदलिइजान्छ। उसका अरू अङ्गमा परिवर्तन नआउँदा नआउँदै पनि धनको अभाव भएका कारणले गर्दा त्यस व्यक्तिमा त्यत्रो परिवर्तन आउँछ कि पहिले चिनेका मानिसहरूले समेत उसलाई चिन्न छोड्दछन्, यो कुरो ज्यादै अनौठो र आश्चर्य लाग्दो किसिमको छ।

तद्गच्छामः कुत्रचिदर्थाय।" इति सम्मन्त्र्य स्वदेशं पुरं च स्वसुहृत्सहितं गृहं च परित्यज्य प्रस्थिताः। अथवा साध्विदमुच्यते—

त्यसैले हामीहरूले पनि धन कमाउनका लागि अन्यत्र कतै जानुपर्दछ। यस्ता किसिमको विचार विमर्श गरिसकेपछि उनीहरूले आफ्नो देश, सहर, मित्र, बन्धुबान्धव र घरलाई छोडेर ती चारजना ब्राह्मणकुमारहरू धन कमाउनका लागि निस्किए। अथवा ठिकै पनि भनिएको छ कि—

सत्यं परित्यजति मुञ्चति बन्धुवर्गं शीघ्रं विहाय जननीमपि जन्मभूमिम्।
सन्त्यज्य गच्छति विदेशमभीष्टलोकं चिन्ताकुलीकृतमतिः पुरुषोऽत्र लोके ॥ २६ ॥

यस संसारमा विभिन्न किसिमका चिन्ताहरूले व्याकुल भएपछि मानिसले सत्यलाई त्याग गरिदिन्छ, बन्धुबान्धवलाई छोडिदिन्छ, जननी-जन्मभूमिलाई छोडिदिन्छ र आफ्नो प्यारो ठाउँलाई पनि छोडेर विदेशतिरको यात्रा गर्नेतिर लाग्दछ, त्यसैअनुसार उनीहरू पनि विदेशको यात्रामा हिँडे।

एवं क्रमेण गच्छन्तोऽवन्तीं प्राप्ताः। तत्र सिप्राजले कृतस्नानाः महाकालं प्रणम्य यावन्निर्गच्छन्ति तावद् भैरवानन्दो नाम योगी सम्मुखो बभूव। ततस्तं ब्राह्मणोचितविधिना सम्भाव्य तेनैव सह तस्य मठं जग्मुः। अथ तेन पृष्टाः— "कुतो भवन्तः समायाताः ? क्व यास्यथ ? किं प्रयोजनम् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाटामा जाँदै गर्दा उनीहरू उज्जयिनी नामको सहरमा पुगे। त्यहाँ सिप्रा नामको नदीका पवित्र पानीमा उनीहरूले नुहाईधुवाई गरे। अनि फेरि भगवान् महाकाललाई प्रणाम गरेर उनीहरू त्यस मन्दिरबाट निस्कनेबित्तकै उनीहरूले भैरवानन्द नामका योगीलाई अगाडि आउँदै गरेको देखे। ब्राह्मणहरूको उचित विधिले भैरवानन्दलाई प्रणाम गरिसकेपछि चारै जना उनकै साथमा उनका मठमा गए। त्यहाँ पुगेपछि भैरवानन्दले उनीहरूलाई– "तपाईंहरू कहाँबाट आउनुभयो ? कता हिंड्न लाग्नुभयो ? काम के पऱ्यो ?" भनेर सोधे।

ततस्तैरभिहितम्– "वयं सिद्धियात्रिकाः तत्र यास्यामो यत्र धनाप्तिर्मृत्युर्वा भविष्यतीत्येव निश्चयः। उक्तञ्च–

उनले त्यसरी सोधेपछि तिनीहरूले– "हामीहरू धनको उपार्जन गर्नका लागि भनेर घरबाट निस्केर आएका हौं। जहाँ पुग्दाखेरि हामीलाई कि त धनको उपार्जन हुन्छ अथवा कि त मृत्यु नै हुन्छ हामी त्यहीं जानका लागि भनेर हिंडेका हौं। हाम्रो प्रतिज्ञा पनि यस्तै छ। भनिएको पनि छ कि–

दुष्प्राप्याणि बहूनि च लभ्यन्ते वाञ्छितानि द्रविणानि।
अवसरतुलिताभिरलं तनुभिः साहसिकपुरुषाणाम्॥ २७॥ तथा च–

मौकामा आफ्नो शरीरलाई नै पनि तराजुमा चढाउने गरी ज्यानको बाजी लगाउन सक्ने साहसी व्यक्तिहरूलाई नै इच्छा गरेअनुसारको धन हासिल हुन्छ र तिनैले अनेकौं दुर्लभ कुराहरू पनि पाउन सक्दछन्। त्यसै गरी अरू पनि–

पतति कदाचिन्नभसः खाते पातालतोऽपि जलमेति।
दैवमचिन्त्य बलवद् बलवान्ननु पुरुषकारोऽपि॥ २८॥

यद्यपि मानिसले सोच्न नसक्ने गरी कुनै बेला भाग्य नै बलवान् हुन्छ भने कुनै बेला पुरुषार्थ नै त्यसभन्दा बलियो भइदिन्छ। किनभने– कहिले त पानी आकाशबाट खसेर जलाशय वा समुद्रमा पुग्दछ भने कहिलेचाहिं मानिसका पुरुषार्थले खनेका कुवा वा इनारबाट पतालमा रहेको पानी बाहिर निस्कन्छ।

अभिमतसिद्धिरशेषा भवति हि पुरुषस्य पुरुषकारेण।
दैवमिति यदपि कथयसि पुरुषगुणः सोऽप्यदृष्याख्यः॥ २९॥

पुरुषार्थबाट नै मानिसलाई मनको इच्छाअनुसार कामनाहरू सिद्ध हुन्छन्। जसलाई भाग्य भनिन्छ, त्यसलाई अदृश्य रूपमा पुरुषको एउटा गुण नै हो भन्ने मानिन्छ। त्यसैले पुरुषार्थको अर्को एउटा नाम नै भाग्य हो।

द्वयमतुलं गुरु लोकात्तृणमिव तुलयन्ति साधु साहसिकाः।
प्राणानद्भुतमेतच्चरितं चरितं ह्युदाराणाम्॥ ३०॥

साहसी व्यक्तिले कामका समयमा आफ्नो ज्यानलाई पनि घाँसको त्यान्द्रोजस्तै ठानेर तौलने वा स्वीकार गर्ने गर्दछन्। साहसी व्यक्तिको यस अपूर्व चरित्र र उदार व्यक्तिहरूको जीवनचरित्र, यी दुवै कुरा नै यस संसारका अन्य वस्तुहरूमध्ये सबैभन्दा ठूलो र अतुलनीय हुन्छन्।

क्लेशस्याङ्गमदत्वा सुखमेव सुखानि नेह लभ्यन्ते।
मधुभिन्मथनायस्तैराश्लिष्यति बाहुभिर्लक्ष्मीम्॥ ३१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीरलाई दुःख नदिईकन सहज रूपमा कहिल्यै पनि सुख प्राप्त हुन सक्दैन। मधु नामका दैत्यलाई मार्ने भगवान् विष्णुले पनि समुद्रमन्थनबाट थाकेका हातहरूबाट नै लक्ष्मीलाई आलिङ्गन गर्न पाएका हुन्।

तस्य कथं न चला स्यात् पत्नी विष्णोर्नृसिंहकस्याऽपि।
मासाँश्चतुरो निद्रां यः सेवति जलगतः सततम्॥ ३२॥

चारचार महिनासम्म आफ्ना लोग्ने विष्णु नै पनि क्षीरसमुद्रमा सुतिरहन्छन् भने उनकी पत्नी लक्ष्मीका मनमा चञ्चलता आउँदैन र ? त्यसो भएकैले विष्णुलाई समेत सुतेपछि छोडेर हिंड्न सक्ने लक्ष्मीले अल्छ्याइँका कारण वा थाकें भन्दै आराम गर्न खोज्ने अरू व्यक्तिलाई किन नहिंडून त, छोडिहाल्छिन् नि।

दुरधिगमः परभागो यावत्पुरुषेण साहस न कृतम्।
जयति तुलामधिरूढो भास्वानिह जलदपटलानि॥ ३३॥

पुरुषले जबसम्म साहस गर्दैन तबसम्म उसले पाउने विजय पनि सन्दिग्ध अवस्थामा नै रहेको हुन्छ। सुखदुःखको तौल गर्ने सङ्केत गर्न सक्षम तुला राशिमाथि चढेपछि मात्रै भगवान् सूर्यले मेघहरूका समूहलाई जित्न सक्ने हुन्छन्। साहसपूर्वक प्राणलाई बाजी नलगाईकन कुनै पनि कामलाई सिद्ध गर्न सकिँदैन।

तत्कथ्यतामस्माकं कश्चिद् धनोपायो विवरप्रदेशः शाकिनीडाकिनीसाधन श्मशानसेवन महामांसविक्रयसाधकवर्तिप्रभृतीनामेकतम इति। अद्भुतशक्तिर्भवान् श्रूयते। वयमप्याति–साहसिकाः। उक्तञ्च–

त्यसो हुनाले हामीहरूका लागि धनको उपार्जन हुन सक्ने कुनै उपाय बताइदिनुहोस्। हामीहरू धर्तीका गर्भमा पस्ने, डङ्किनीलाई वशमा पार्ने, श्मशानको काम गर्ने, मानिसको मासु विक्री गर्ने र सिद्ध गुटीका बनाउने आदिसम्मका जुनसुकै काम गर्नका लागि तयार छौं। तपाईं यस्तैमध्येकै कुनै काम भए पनि हामीलाई बताइदिनुहोस्। तपाईं एक अद्भुत शक्तिसम्पन्न पुरुष हुनुहुन्छ अरे भन्ने सुनेका छौं। हामीहरू पनि हरेक किसिमको परिस्थितिको सामना गर्न तयार छौं। भनिएको छ कि–

महान्त एव महतामर्थं साधयितुं क्षमाः।
ऋते समुद्रादन्यः को बिभर्ति वडवाऽनलम्?॥ ३४॥

महान् व्यक्तिहरूका कुनै पनि समस्या अंथवा कामको समाधानका लागि महान् व्यक्तिहरू नै सक्षम हुन्छन्। किनभने बडवानललाई धारण गर्नका लागि समुद्रभन्दा बाहेक अरू कसैले पनि सक्दैन।

भैरवानन्दोऽपि तेषां सिद्ध्यर्थं बहूपायं सिद्धवर्तिचतुष्टयं कृत्वाऽर्पयत्। आह च– "गम्यतां हिमालयदिशि। तत्र सम्प्राप्तानां यत्र वर्तिः पतिष्यति तत्र निधानमसन्दिग्धं प्राप्स्यथ। तत्र स्थानं खनित्वा निधिं गृहीत्वा व्याघुट्यताम्।"

भैरवानन्दले उनीहरूका कार्यको सफलताका लागि अनेकौं किसिमका कामहरू सम्पन्न गर्ने चारवटा सिद्धिवर्तिकाहरू बनाएर उनीहरूलाई दिंदै– "यी बत्तीहरू लिएर हिमालयतिर जाओ। त्यहाँ पुगेपछि जुन ठाउँमा तिमीले लिएका यी बत्तीहरू खस्नेछन् त्यहाँ निश्चित रूपले तिमीहरूले धन पाउनेछौ। बत्ती खसेका ठाउँलाई खनेर धन निकाल्नू र त्यहाँ भेटेको धन लिएर आउनू" भने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथाऽनुष्ठिते तेषां गच्छतामेकतमस्य हस्ताद्वर्तिर्निपपात। अथाऽसौ यावत्तं प्रदेशं खनति तावत्ताम्रमयी भूमिः। ततस्तेनाऽभिहितम्– "अहो, गृह्यतां स्वच्छया ताम्रम्।"

सिद्धिवर्तिकाहरूलाई लिएर उनीहरू हिमालयतिर हिँडे। त्यहाँ पुगेपछि उनीहरूमध्ये एउटाका हातबाट बत्ती खस्यो। उसले त्यस ठाउँलाई खन्न थाल्यो। अनि त्यहाँबाट ताँबाको खानी देखेर उसले अरू साथीहरूलाई– "यहाँबाट आफूलाई मन लागेजति ताँबा निकाल" भन्यो।

अन्ये प्रोचुः– "भो मूढ। किमनेन क्रियते यत् प्रभूतमपि दारिद्र्यं न नाशयति। तदुत्तिष्ठ अग्रतो गच्छामः।"

उसको कुरो सुनेर अर्को एउटाले– "मूर्ख ! यसलाई लिएर हामीले के गर्नु ? यो त जति धेरै भए पनि यसले हाम्रो गरिबी हटाउन सक्दैन। उठ, अगाडि हिँडौं" भन्यो।

सोऽब्रवीत्– "यान्तु भवन्तः। नाऽहमग्रे यास्यामि।" एवमभिधाय ताम्रं यथेच्छया गृहीत्वा प्रथमो निवृत्तः।

उसले– "त्यसो भए तिमीहरू जाओ। म अब अगाडि जान्नँ" भन्यो र उसलाई मन लागेजति ताँबा लियो। यस किसिमले उनीहरूमध्येको पहिलो एउटा त्यहीँबाट फर्कियो।

ते त्रयोऽपि अग्रे प्रस्थिताः अथ किञ्चिन्मात्रं गतस्याऽग्रेसरस्य वर्तिर्निपपात। सोऽपि यावत्खनितुमारब्धस्तावद् रूप्यमयी क्षितिः। ततः प्रहर्षितः प्राह, यत्– "भो, भो गृह्यतां यथेच्छया रूप्यम्। नाऽग्रे गन्तव्यम्।"

ऊ फर्किएर आएपछि बाँकी रहेका तीनजना व्यक्तिहरू अगाडि बढ्दै गए। जब उनीहरू अरू अलिकति पर पुगेका थिए अनि अर्को एउटाको बत्ती खस्यो। उसले जब त्यस ठाउँमा खन्न थाल्यो, त्यहाँ चाँदीको खानी भेटियो। त्यस खानीलाई देखेपछि खुसी हुँदै उसले– "साथीहरू हो ! यसबाट आफूलाई मन लागेजति चाँदी झिकेर बोक र फर्केर जाऔँ, तिमीहरू पनि अब यहाँबाट अगाडि जानुपर्दैन" भन्यो।

तावूचतुः– "भोः पृष्ठतस्ताम्रमयी भूमिः अग्रतो रूप्यमयी। तन्नूनमग्रे सुवर्णमयी भविष्यति। किञ्चाऽनेन प्रभूतेनाऽपि दारिद्र्यनाशो न भवति। तदावामग्रे यास्यावः।" एवमुक्त्वा द्वावप्यग्रे प्रस्थितौ। सोऽपि स्वशक्त्या रूप्यमादाय निवृत्तः।

उसको कुरो सुनेपछि बाँकी दुईवटाले– "भाइ ! अघि ताँबाको खानी भेटिएको थियो, त्यसभन्दा अगाडि आउँदा चाँदीको खानी भेटियो। यसभन्दा अगाडि जाँदा पक्कै पनि सुनको खानी भेटिएला। यस चाँदीलाई लिएर हामीले के गर्नु र। धेरैभन्दा धेरै लिएर गए पनि यसले हाम्रो गरिबी नाश गर्न सक्दैन। त्यसैले हामी त अझै अगाडि जान्छौँ" भन्दै दुईजना अगाडितिर गए। त्यो दोस्रो व्यक्तिले पनि आफूले सक्दो चाँदी बोक्यो र ऊ त्यहीँबाट फर्कियो।

अथ तयोरपि गच्छतोरेकस्याऽग्रे वर्तिः पपात। सोऽपि प्रहृष्टो यावत्खनति तावत्सुवर्णभूमिं दृष्ट्वा द्वितीयं प्राह– "भोः गृह्यतां स्वेच्छया सुवर्णम्। सुवर्णादन्यन्न किञ्चिदुत्तमं भविष्यति।"

बाँकी दुईजना व्यक्तिहरू अगाडि बढेर केही पर पुगेपछि उनीहरूमध्येका एकजनाका हातबाट बत्ती खस्यो। ऊ पनि खुसी हुँदै त्यस ठाउँमा खन्न थाल्यो। अनि साँच्चै नै त्यहाँ सुनको खानी भेटियो। त्यसलाई देखेपछि त्यस व्यक्तिले अर्काचाहिँसँग– "यहाँबाट आफूलाई मन लागेजति सुन लेऊ। सुनभन्दा उत्तम वस्तु अर्को कुनै पाइँदैन" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स आह— "मूढ ! न किञ्चिद् वेत्सि। प्राक्ताम्रं, ततो रूप्यं, ततः सुवर्णम्। तन्नूनमतः परं रत्नानि भविष्यन्ति। येषामेकतमेनाऽपि दारिद्र्यनाशो भवति। तदुत्तिष्ठ, अग्रे गच्छावः। किमनेन भारभूतेनाऽपि प्रभूतेन ?"

अर्काचाहिंले— "मूर्ख ! तिमीले केही जानेका रहेनछौ। पहिले ताँबाको खानी भेटियो, त्यसपछि चाँदीको खानी भेटियो र अहिले सुनको खानी भेटिँदै छ। यसपछि त पक्का पनि रत्नको खानी भेटिनुपर्छ। त्यसमा यदि एउटामात्रै रत्न भेटियो भने पनि हाम्रो गरिबी पक्कै हट्दछ। त्यसैले उठ, अझै अगाडि जाऔँ। बोक्नाको भारीमात्रै हुने यो सुन धेरै लिएर के फाइदा हुन्छ र ?" भन्यो।

स आह— "गच्छन्तु भवान्। अहमत्र स्थितस्त्वां प्रतिपालयिष्यामि।"

यस्तो कुरो सुनेपछि अर्काचाहिंले— "तिमी जान्छौ भने जाऊ, म यहीँ बसेर तिमीलाई पर्खिरहनेछु" भन्यो।

तथानुष्ठिते सोऽपि गच्छन्तेकाकी ग्रीष्माऽर्कप्रतापसन्तप्ततनुः पिपासाकुलितः सिद्धिमार्ग-च्युत इतश्चेतश्च बभ्राम।

अन्त्यमा विवश भएर चौथालाई एक्लै जानुपर्‍यो। केही पर पुगेपछि ग्रीष्म ऋतुका भीषण गर्मीले तातिएर र तिर्खाले व्याकुल भएपछि त्यस मानिसले बाटो बिराएछ र ऊ जतातते भौँतारिन लाग्यो।

अथ भ्राम्यन् स्थलोपरि पुरुषमेकं रुधिरप्लावितगात्रं भ्रमच्चक्रमस्तकमपश्यत्। ततो द्रुततरं गत्वा तमवोचत्— "भोः को भवान् ? किमेवं चक्रेण भ्रमता शिरसि तिष्ठसि ? तत्कथय मे यदि कुत्रचिज्जलमस्ति।"

त्यसरी बहकिएर हिंड्दै गर्दा त्यस मानिसले चुर्लुम्म डुबेको जस्तो गरी रगतमा लत्पतिएको एउटा मानिसलाई भेट्यो। त्यस मानिसका टाउकामा एउटा चक्र घुमिरहेको थियो। अनि तुरुन्त त्यस मानिसका नजिकै गएर उसले— "तिमी को हौ ? यस किसिमले टाउकामा घुमिरहेका चक्रका मुनि किन बसिरहेका छौ ? जिउभरि रगत कसरी लाग्यो ? यदि यहाँ नजिकै कतै पानी छ भनेदेखि मलाई देखाइदिने कष्ट गर" भनेर सोध्दै जान्ने आग्रह गर्‍यो।

एवं तस्य प्रवदतस्तच्चक्रं तत्क्षणात्तस्य शिरसो ब्राह्मणमस्तके चटितम्।

यसरी ती दुईका बिचमा बातचित हुन आरम्भमात्रै के भएको थियो, त्यो चक्र त त्यस व्यक्तिका टाउकाबाट हटेर ब्राह्मणका टाउकामा आएर पो घुम्न थाल्यो।

स आह— "भद्र ! किमेतत् ?"

यस्तो भएको देखेपछि तीन छक्क पर्दै आश्चर्यपूर्वक ती ब्राह्मणले त्यस व्यक्तिलाई— "मित्र ! यो के भएको हो ?" भनेर सोधे।

स आह— "ममाऽप्येवमेतच्छिरसि चटितम्।"

उसले— "यो त मेरा टाउकामा पनि यसरी नै चढेको थियो" भन्यो।

स आह— "तत्कथय कदैतदुत्तरिष्यति ? महती मे वेदना वर्तते।"

अनि ब्राह्मणले दुःखी हुँदै— "यो कसरी र कहिले यहाँबाट ओर्लन्छ त ? कृपा गरेर मलाई त्यो कुरो बताइदेऊ। यसले मलाई साह्है दुखेर गाहारो भइरहेको छ" भने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स आह— "यदा त्वमिव कश्चिद्घृतसिद्धवर्तिरिवमागत्य त्वामालापयिष्यति तदा तस्य मस्तकं चटिष्यति।"

उसले उत्तर दिँदै— "तिमीले जस्तै गरी जब कुनै अर्को एउटा व्यक्तिले सिद्धवर्ति लिएर यहाँ आउँछ र कुराकानी गर्न थाल्दछ अनि मात्रै यो तिम्रा टाउकाबाट झरेर त्यसका टाउकामा चढ्न पुग्दछ" भन्यो।

स आह— "कियन्कालस्तवैवं स्थितस्य ?"

अनि ब्राह्मणले— "तिमीलाई कति दिनसम्म यहाँ बस्नुपर्‍यो त ?" भनेर सोधे।

स आह— "साम्प्रतं को राजा धरणीतले ?"

उसले— "यस बेला पृथ्वीमा कसले राज्य गरिरहेका छन् ?" भनी प्रतिप्रश्न गर्‍यो।

स आह— "वीणावत्सराजः।"

ब्राह्मणले— "वीणावत्सराजले राज्य गरिरहेका छन्" भन्ने उत्तर दिए।

स आह— "अहं तावत्कालसङ्ख्या न जानामि। परं यदा रामो राजासीत्तदाऽहं दारिद्र्योपहतः सिद्धवर्तिमादायानेन पथा समायातः। ततो मयान्यो नरो मस्तकधृतचक्रो दृष्टः पृष्टश्च। ततश्चैतज्जातम्।"

यस्तो कुरो सुनेपछि त्यस व्यक्तिले— "म समयचाहिँ एक्किन गरेर ठिकसँग बताउन सक्दिनँ तर जति बेला राम राजा थिए उसै बेला म गरिबीका कारणले ज्यादै दुःख पाएर सिद्धवर्ति साथमा लिएर यसै बाटोबाट जाँदै थिएँ। यहाँ आइपुग्दा मैले एउटा अर्को मानिसलाई भेटेँ। उसका टाउकामा यो चक्र घुमिरहेको थियो। उससँग मैले यसका विषयमा सोधेको के थिएँ, कि यो त मेरै टाउकामा आएर पो घुम्न थाल्यो" भन्यो।

स आह— "भद्र ! कथं तदैव स्थितस्य भोजनजलप्राप्तिरासीत् ?"

ब्राह्मणले— "मित्र ! यस किसिमले यस चक्रका मुनि रहँदा तिमीलाई खानेपिउने कुराहरू कसरी फेला पर्दथे त ?" भनेर सोधे।

स आह— "भद्र ! धनदेन निधानहरणभयात्सिद्धानामेतच्चक्रपतनरूपं भयं दर्शितम्। तेन कश्चिदपि नागच्छति। यदि कश्चिदायाति, स क्षुत्पिपासानिद्रारहितो जरामरणवर्जितः केवलमेवं वेदनामनुभवति इति। तदाज्ञापय मां स्वगृहाय।" इत्युक्त्वा गतः।

उसले उत्तरमा— "महाशय ! कुबेरले आफ्ना भण्डारको धन चोरी हुने डरले धनको खोजी गर्दै यता आउने मानिसहरूका लागि यो चक्र खस्ने डर देखाएका हुन्। त्यसैले यतातिर खासै कुनै मानिस पनि आउँदैनन्। यदि लोभका कारण कुनै आइहाल्यो भनेदेखि उसले यसै गरी भोक, तिर्खा, निद्रा, बुढ्यौली र मृत्युबाट मुक्त भएर केवल दुःखको मात्रै अनुभव गरिरहन्छ। अब कृपया मलाई यहाँबाट घर जाने अनुमति देऊ" भन्दै त्यो मानिस तत्काल त्यहाँबाट हिँड्यो।

तस्मिँश्चिरयति स सुवर्णसिद्धिस्तस्याऽन्वेषणपरस्तत्पदपङ्क्त्या यावत् किञ्चिद् वनान्तरमागच्छति तावद्रुधिरप्लावितशरीरस्तीक्ष्णचक्रेण मस्तके भ्रमता सवेदनः क्वणन्नुपविष्ट–स्तिष्ठतीति ददर्श। ततः तत्समीपवर्तिना भूत्वा सर्वार्थं पृष्टः— "भद्र ! किमेतत् ?"

मित्रले आउनका लागि धेरै ढिलो गरेका कारणले सुनको सिद्धि गर्ने मानिस उसका खोजीमा त्यहाँबाट हिँड्यो। उसका पाइलाहरूलाई पइल्याउँदै र पछ्याउँदै जब ऊ त्यसै वनमा पुग्यो, त्यस बेला उसले आफ्नो मित्रलाई खुनले निथ्रुक्कै भिजेर दुःखी भएर बसेको र डाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोडेर रुँदै गरेको देख्यो। उसका टाउकामा तिखो धार भएको एउटा चक्र पनि घुमिरहेको थियो। आफ्ना साथीको यस्तो दुःख लाग्दो हविगत देखेर ऊ पनि ज्यादै दुःखी भयो। उसका आँखामा आँसु भरिएर आए। मित्रका नजिकै गएर उसले– "मित्र ! तिमीलाई यो के भयो ?" भनेर सोध्यो।

स आह– "विधिनियोगः।"

उसले त्यसको उत्तरमा– "यो त भाग्यले जुराएको चक्र पो घुमिरहेको छ त" भन्यो।

स आह– "कथं तत् ? कथय कारणमेतस्य।"

सुवर्णसिद्धिले फेरि– "यो कसरी भयो ? यसको कारण पनि भन" भनेर सोध्यो।

सोऽपि तेन पृष्टः सर्वं चक्रवृत्तान्तमकथयत्।

चक्रधारीले सम्पूर्ण वृतान्त यथावत् सुनाइदियो।

तत् श्रुत्त्वाऽसौ तं विगर्ह्यमिदमाह– "भो ! निषिद्धस्त्वं भयाऽनेकशो न शृणोषि मे वाक्यम्। तत्किं क्रियते ? विद्यावानपि कुलीनोऽपि बुद्धिरहितः। अथवा साध्विदमुच्यते–

त्यसको वृतान्तलाई सुनिसकेपछि सुवर्णसिद्धिले उसलाई धिक्कार्दै– "मैले तिमीलाई कतिपटक सम्झाएर नजाऊ भन्दै रोक्न खोजेको थिएँ। तर तिमीले मेरो एउटै कुरो पनि सुनेनौ। अब के गर्न सकिन्छ र ? तिमी विद्वान् र कुलीन हुँदाहुँदै पनि वास्तवमा बुद्धि सकिएका रहेछौ। अथवा ठिकै पनि भनिएको रहेछ कि–

वरं बुद्धिर्न सा विद्या विद्याया बुद्धिरुत्तमा।
बुद्धिहीना विनश्यन्ति यथा ते सिंहकारकाः ॥ ३५ ॥

विद्याको तुलनामा बुद्धि ठूलो हुन्छ। उत्तम विद्याले सम्पन्न व्यक्तिमा पनि बुद्धिको अभाव भयो भनेदेखि उनीहरू सिंहलाई जित्ने ब्राह्मणको जस्तै गरी आफ्नै ज्यान गुमाएर नष्ट हुन्छन्।

चक्रधर आह– "कथमेतत् ?" सुवणसिद्धिराह–

चक्रधारीले– "त्यस्तो कसरी हुन्छ ?" भनी सोध्यो। अनि सुवर्णसिद्धि भन्न थाल्यो।

सिंहकारकमूर्खब्राह्मण-कथा

"कस्मिंश्चिदधिष्ठाने चत्वारो ब्राह्मणपुत्राः परस्परं मित्रभावमुपगता वसन्ति स्म। तेषां त्रयः शास्त्रपारङ्गत्ताः, परन्तु बुद्धिरहिताः। एकस्तु बुद्धिमान् केवल शास्त्रपराङ्मुखः। अथ तै कदाचिन्मित्रैर्मन्त्रितं– "को गुणे विद्यायाः, येन देशान्तरं गत्वा भूपतीन् परितोष्याऽर्थोपार्जना न क्रियते। तत्पूर्वदेशं गच्छामः।"

सिंह ब्युँझाउने मूर्ख ब्राह्मण

कुनै सहरमा चारजना ब्राह्मणका छोराहरू रहने गर्दथे। उनीहरूमध्ये तीनजना शास्त्रको मर्म जान्ने भईकन पनि बुद्धिहीन थिए र एउटाचाहिँ शास्त्रको जानकारी नभएको भईकन पनि व्यवहारमा साह्रै चलाख थियो। एक दिन चारैजनाले आपसमा– "देशविदेशमा गएर राजाहरूलाई खुसी पारेर धन कमाइ गरेर ल्याउन नसकिने यस्ता किसिमको विद्या भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पो के फाइदा ? त्यसैले धन कमाउनका लागि कतै जानुपर्दछ। पूर्वदिशातिर जानु नै सबैभन्दा उत्तम हुनेछ" भन्ने विचारविमर्श गरे।

तथाऽनुष्ठिते किञ्चिन्मार्ग गत्वा, तेषां ज्येष्ठतरः प्राह— "अहो, अस्माकमेकश्चतुर्थो मूढः, केवलं बुद्धिमान्। न च राजप्रतिग्रहो बुद्ध्या लभ्यते, विद्यां विना। तन्नास्मै स्वोपार्जितं दास्यामि। तद् गच्छतु गृहम्।" ततो द्वितीयेनाऽभिहितं— "भोः, सुबुद्धे! गच्छ त्वं स्वगृहं, यतस्ते विद्या नास्ति।" ततस्तृतीयेनाऽभिहितम्— "अहो, न युज्यते एवं कर्तुम्, यतो वयं बाल्यात्प्रभृत्येकत्र क्रीडिताः। तदागच्छतु महाऽनुभावोऽस्मदुपार्जितवित्तस्य समभागी भविष्यतीति। उक्तञ्च—

यसै किसिमको कुरो निश्चित गरेर ती चारैजना धन कमाउनका लागि हिंडे। केही पर गइसकेपछि सबैभन्दा जेठो उमेर हुनेले— "हेर भाइ हो ! हामीमध्ये चौथो यो एउटा व्यक्ति नपढेको मूर्ख छ। ऊ खाली लोकव्यवहारमा मात्रै बाठो छ। विद्या नभएका अवस्थामा केवल बुद्धिकै भरमा मात्रै राजाहरूबाट दान पाउन सकिँदैन। त्यसैले म आफ्नो कमाइबाट यसलाई भाग लगाएर केही पनि दिन्नँ। बरु यो यहाँबाट फर्किएर घरतिर जाओस्, त्यही राम्रो हुनेछ" भन्यो। उसको कुरो सुनेर दोस्रोचाहिँले पनि— "ए बुद्धिमान् ! तिमी आफ्नो घरतिर फर्केर जाऊ। किनभने तिमी विद्वान् छैनौ" भन्यो। त्यसो भइसकेपछि तेस्रोले— "भाइहरू हो ! मेरा विचारमा यसो गर्नु उचित हुँदैन। किनभने हामीहरू बालककालदेखि नै एकैसाथ खाइखेली हुर्केका हौं। त्यसो हुँदा उसले पनि हामीसँगै जानुपर्दछ। हामीले कमाएका धनबाट उसले पनि एक भाग पाउनुपर्दछ। भनिएको पनि छ कि—

किं तया क्रियते लक्ष्म्या या वधूरिव केवला।
या न वेश्येव सामान्या पथिकैरुपभुज्यते॥ ३६॥ तथा च—

सामान्य वेश्याजस्तो भएर जुनसुकै बाटो हिंड्नेहरूका लागिसमेत सबै खालका काममा आउन सक्दैन भने त्यस धनले के गर्नु र ? जुन धन केवल कुलवधूजस्तो भएर एउटै ठाउँमा मात्रै बसेर एउटै व्यक्तिका लागि मात्रै काम आउने वस्तुका रूपमा रहेको हुन्छ, त्यस किसिमका धनले कुनै काम दिँदैन। अरू पनि—

अयं निजः परो वेति गणना लघुचेतसाम्।
उदारचरितानान्तु वसुधैव कुटुम्बकम्॥ ३७॥

यो आफन्तो हो र यो पराई हो भन्ने किसिमको विचार त केवल सङ्कुचित भावना भएका मानिसहरूमा मात्रै हुन्छ। उदार व्यक्तिहरूका लागि यस संसारका सबै प्राणीहरू नै आफन्तजस्तै हुन्।

तदागच्छत्वेषोऽपि" इति। तथाऽनुष्ठिते तैर्मार्गाश्रितैरटव्यां कतिचिदस्थीनि दृष्यनि। ततश्चैकेनाऽभिहितम्— "अहो, अद्य विद्याप्रत्ययः क्रियते। किश्चिदेतत्सत्त्वं मृतं तिष्ठति। तद् विद्याप्रभावेण जीवनसहितं कुर्मः। अहमस्थिसञ्चयं करोमि।" ततश्च तेनौत्सुक्यादस्थिसञ्चयः कृतः। द्वितीयेन चर्ममांसरुधिरं संयोजितम्। तृतीयोऽपि यावज्जीवनं सञ्चारयति, तावत्सुबुद्धिना निषिद्धः— "भोः तिष्ठतु भवान्। एष सिंहो निष्पाद्यते। यद्येनं सजीवं करिष्यसि ततः सर्वानपि व्यापादयिष्यति।"

त्यसो हुँदा उसलाई पनि आउन दिऊ" भन्यो र सबै सँगै गए पनि। बाटामा जाँदै गर्दा उनीहरूले कुनै जङ्गलमा पुगेपछि केही हड्डीहरू देखे। ती हड्डीहरूलाई देखेपछि तिनीहरूमध्येको एउटाले— "आज विद्याको जाँच गर्नुपर्दछ। यो कुनै एउटा मरेको प्राणी हो। विद्याका प्रभावले यसलाई जिउँद्याउनुपर्छ। म यी हड्डीहरूलाई एकत्र पार्नेछु" भन्दै एउटाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाडहरूलाई भेला गरेर जोड्यो। अर्कोचाहिँले हड्डीमा छाला र मासु हालिदियो र रगतको सञ्चार गराइदियो। अनि तेस्रोचाहिँले त्यसमा प्राणको सञ्चार गराउन लागेको के थियो, त्यसै बेला उनीहरूले मूर्ख भनी हेपेको सद्बुद्धि नामको चौथोले त्यसलाई रोक्दै– "एक छिन पर्ख, यो त सिंह पो रहेछ तिमीहरू यसलाई जिउँद्याउन खोज्दै छौ। यदि तिमीहरूले यसलाई जिउँदो बनायौ भनेदेखि यसले हामी सबैलाई मारिदिनेछ" भन्यो।

इति तेनाऽभिहितः स आह– "धिङ्मूर्ख ! नाऽहं विद्याया विफलतां करोमि।"

त्यसले भनेको सुनेर तिनीहरूमध्येको तेस्रोचाहिँले– "हे मूर्ख ! म आफ्नो विद्यालाई खेर फ्याँक्न सक्दिनँ" भन्यो।

ततस्तेनाऽभिहितम्– "तर्हि प्रतीक्षस्व क्षणं, यावदहं वृक्षमारोहामि।"

त्यसको भनाइ सुनेपछि सुबुद्धि नाम भएका त्यस मूर्खले– "एक छिन पर्ख त ! म रुखमाथि चढिसक्छु अनि तिमीले आफ्नो विद्यालाई प्रयोग गर्नू" भन्यो।

तथाऽनुष्ठिते, यावत्सजीवः कृतस्तावत्ते त्रयोऽपि सिंहेनोत्थाय व्यापादिताः। स च पुनर्वृक्षादवतीर्य, गृहं गतः।" अतोऽहं ब्रवीमि– "वरं बुद्धिर्न सा विद्या" इति। अतः परमुक्तं च सुवर्णसिद्धिना–

त्यसो भन्दै ऊ रुखमा चढिसक्नासाथ त्यस ब्राह्मणले सिंहमा प्राणको सञ्चार गराइदिएको के थियो जुरुक्क उठेर सिंहले ती तीनै जनालाई मारिदियो। त्यसपछि सुबुद्धि रुखबाट ओर्लिएर घरतिर गयो। त्यसैले म भन्दछु कि विद्याभन्दा ठूलो त बुद्धि नै हुने गर्दछ। यस्तो कथा सुनाइसकेपछि सुवर्णसिद्धिले फेरि–

"अपि शास्त्रेषु कुशला लोकाचारविवर्जिताः।
सर्वे ते हास्यतां यान्ति, यथा ते मूर्खपण्डिताः" ॥ ३८ ॥

"शास्त्रमा कुशल भए तापनि लोकव्यवहारका विषयमा अनभिज्ञ भएका मूर्ख ब्राह्मणहरूजस्तै गरी मानिसले हाँसोको पात्र बन्नुपर्ने हुन्छ" भन्यो।

चक्रधर आह– "कथमेतत् ?" सोऽब्रवीत्–

अनि चक्रधारीले– "कसरी अरे ?" भनेर सोध्यो। सुवर्णसिद्धिले भन्यो–

मूर्खपण्डित-कथा

"कस्मिंश्चिदधिष्ठाने चत्वारो ब्राह्मणाः परस्परं मित्रत्वमापन्ना वसन्ति स्म। बालभावे तेषां मतिरजायत– "भोः ! देशान्तरं गत्वा, विद्याया उपार्जनं क्रियते।"

मूर्खपण्डितहरू

कुनै सहरमा चार जना पण्डित केटाहरू रहने गरेका थिए। तिनीहरू आपसमा ज्यादै मिल्दथे। बालक कालमै उनीहरूका मनमा कुनै दूरदेशमा गएर विद्याको अध्ययन गर्नुपर्छ भन्ने कुरो लागेको थियो।

अथान्यस्मिन्दिवसे ते ब्राह्मणाः परस्परं निश्चयं कृत्वा विद्योपार्जनार्थं कान्यकुब्जंप्रति जगाम। तत्र च विद्यामठे गत्वा पठन्ति। एवं द्वादशाब्दानि यावदेकचित्ततया पठित्वा, विद्याकुशलाऽस्ते सर्वे सञ्जाताः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै दिन यस विषयमा छलफल गरिसकेपछि उनीहरू विद्या आर्जनका लागि भनेर कान्यकुब्ज नामका देशतिर लागे। त्यहाँ पुगेर एउटा पाठशालामा अध्ययन गर्न लागे। एकाग्र चित्तले बाह्र वर्षसम्म अध्ययन गरिसकेपछि ती चारै जना उद्भट विद्वान् पनि भए।

ततस्तैश्चतुर्भिर्मिलित्वोक्तम्– "वयं सर्वविद्यापारङ्गताः। तदुपाध्यायमुत्कलापयित्वा स्वदेशे गच्छामः। तथैवाऽनुष्ठीयतामित्युक्त्वा ब्राह्मणा उपाध्यायमुत्कलापयित्वा, अनुज्ञां लब्ध्वा पुस्तकानि नीत्वा, प्रचलिताः।

उसै गरी एक दिन ती चारै जनाले आपसमा सल्लाह गरी– "अब हामी सबै विद्यामा निपुण भइसकेका छौँ। गुरुको आज्ञा लिएर हामीहरूले अब घरतिर लाग्नुपर्दछ" भन्ने निष्कर्ष निकाले। यस्तो निश्चय गरिसकेपछि गुरुसँग सोधेर आज्ञा पाएपछि आआफ्ना पुस्तक-पात्रा साथमा लिएर उनीहरू घर जान भनी त्यहाँबाट हिंडे।

यावत्किञ्चिन्मार्गं यान्ति, तावद् द्वौ पन्थानौ समायातौ दृष्ट्वा उपविष्टः च।

अलिकति पर पुगेपछि एउटा दोबाटो आयो र दोबाटोमा कतातिर जाने हो भन्ने कुराको टुङ्गो लगाउन उनीहरू सबै एक ठाउँमा बसे।

तत्रैकः प्रोवाच– "केन मार्गेण गच्छामः ?"

उनीहरूमध्ये एउटाले– "कुन बाटो जाने त ?" भनी सोध्यो।

एतस्मिन्समये तस्मिनेव पत्तने कश्चिद् वणिक्पुत्रो मृतः। तस्य दाहाय महाजनो गतोऽभूत्। ततश्चतुर्णा मध्यादेकेन पुस्तकमवलोकितं– "महाजनो येन गतः स पन्थाः" इति। तन्महाजनमार्गेण गच्छामः।

त्यसै बेला नजिकैका सहरमा एउटा साहुको छोरो मरेको रहेछ। त्यसको दाहसंस्कार गराउनका लागि मानिसहरूले लिएर जाँदा रहेछन्। त्यस किसिमको शवयात्रा देखेपछि ती चारैमध्येको एउटाले ग्रन्थ पल्टाएर हेर्दै– "मान्नुगुन्ने साहुमहाजन जता लाग्दछन् अरू मानिसले पनि त्यही बाटो लागेर जानुपर्दछ" भन्ने निसाफ निकाल्यो र अब हामीले यतै जानुपर्छ भन्यो।

अथ ते पण्डिता यावन्महाजनमेलापकेन सह यान्ति, तावद्रासभः कश्चित्तत्र स्मशाने दृष्टः। अथ द्वितीयेन पुस्तकमुद्घाट्यावलोकितम्–

उसका भनाइमा लागेर चारै जना त्यही मलामीका ताँतीको पछि लागेर हिंडे। चिहानघाटमा पुगेपछि उनीहरूले एउटा गधालाई देखे। अर्को एउटाले आफ्नो विद्याको पोको खोलेर हेर्दै–

"उत्सवे व्यसने प्राप्ते दुर्भिक्षे शत्रुसङ्कटे।
राजद्वारे श्मशाने च यस्तिष्ठति स बान्धवः"॥ ३९॥

"रमाइलो मेलामा, दुःखको बेलामा, अनिकाल पर्दा, शत्रुले लगार्दा, राजासभामा वा श्मशानमा जो भेटिन्छ, उसलाई आफ्नो मित्र नै मान्नुपर्दछ" भन्ने नीतिको जरो पहिल्यायो।

तदहो! अयमस्मदीयो बान्धवः। ततः कश्चित्तस्य ग्रीवायां लगति, पादौ प्रक्षालयति।

"त्यसो हुँदा हेर! यो गधा पनि हाम्रो मित्र नै हो" भन्ने उसको कुरो सुनेपछि उनीहरूमध्ये कुनै गधासँग अँगालो हाल्दै गला मिलाउन लागे भने कुनैले गधाका गोडा धोएर पुछिदिन लागे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ यावत्ते पण्डिताः दिशामवलोकनं कुर्वन्ति तावत्कश्चिदुष्ट्रो दृष्टः। तैश्चोक्तम्— "एतत्किम् ?"

त्यसो गर्दागर्दै उनीहरू यसो कतैतिर हेर्न लागेका थिए कि उसैबेला एउटा उँट पनि देखियो। त्यसलाई देखेपछि उनीहरूले आपसमा "यो के हो ?" भनेर सोधखोज गरे।

तावत्तृतीयेन पुस्तकमुद्घाट्योक्तम्— "धर्मस्य त्वरिता गतिः। तन्नूनमेष धर्मस्तावत्।" चतुर्थेनोक्तम्— "इष्टं धर्मेण योजयेत्"। अथ तैश्च रासभ उष्ट्रग्रीवायां बद्धः।

अनि तेस्रोचाहिँले आफ्ना ज्ञानगुनको पुस्तक खोलेर हेर्दै— "धर्मको गति पनि चाँडो हुन्छ। त्यसैले यो धर्म नै हुनुपर्छ" भन्ने निष्कर्ष निकाल्यो। अनि त्यसपछि चौथोले— "मित्रलाई त धर्मसँग पो जोड्नुपर्छ त" भन्ने ज्ञानको सूत्र निकाल्यो र ती पण्डितहरूले गधालाई उँटका लगामा बाँधेर झुन्डाइदिए।

तत्तु केनचित्तत्स्वामिनो रजकस्याग्रे कथितम्। यावद्रजकस्तेषां मूर्खपण्डितानां प्रहारकरणाय समायातस्तावत्ते प्रनष्टाः।

उनीहरूले यसो गरेको कुरो कसैले गएर त्यस गधाको मालिक धोबीलाई सुनाइदिएछ। अनि धोबी तिनीहरूलाई ठट्टाउन भनी लाठो लिएर कुद्दै आउँदै थियो तर उनीहरूले देखेर पहिले नै त्यहाँबाट भागिसकेछन्।

ततो यावदग्रे किञ्चित्स्तोकं मार्ग यान्ति तावत्काचिन्नदी समासादिता। तस्य जलमध्ये पलाशपत्रमायातं दृष्ट्वा पण्डितेनैकेनोक्तम्—

त्यहाँबाट भागेर उनीहरू निकै पर पुगिसकेका थिए बाटामा एउटा नदी आयो। नदीका धारमा एउटा पलासको पात कतैबाट बगेर आउँदो रहेछ। त्यसलाई देखेर एउटाले—

"आगमिष्यति यत्पत्रं तदस्मांस्तारयिष्यति" एतत्कथयित्वा तत्पत्रस्योपरि पतितो यावन्नद्या नीयते तावत्तं नीयमानमवलोक्याऽन्येन पण्डितेन केशान्तं गृहीत्वोक्तम्—

"आउँदै गरेका एउटै पातले हामीलाई पारि तारिदिन्छ" भन्ने न्याय सुनाउँदै पारि तर्नका लागि भनेर त्यस मूर्ख पण्डितले बगेर आइरहेका पातमाथि हाम फाल्यो। अनि त ऊ पानीका धारमा बग्न लागेको देखेपछि अर्को एउटा पण्डितले त्यसको टुपीमा समातेर—

"सर्वनाशे समुत्पन्ने अर्धं त्यजति पण्डितः।
अर्धेन कुरुते कार्यं सर्वनाशो हि दुःसहः" ॥ ४० ॥

"सबै नाश हुने अवस्था देखेपछि पण्डितहरूले त्यस वस्तुको आधा छोडिदिन्छन् र आधालाई जोगाएर भए पनि सन्तोष मानेर काम चलाउने गर्दछन्। किनभने सबै नाश हुनु भनेको त खपिनसक्नु दुःखको कुरो हो" भन्यो।

इत्युक्त्वा तस्य शिरश्छेदो विहितः।

त्यसो भन्दै डुब्न लागेका पण्डितको टाउको गिँडिदियो।

अथ तैश्च पश्चाद् गत्वा कश्चिद्ग्राम आसादितः। तेऽपि ग्रामीणैर्निमन्त्रिताः पृथग्गृहेषु नीताः। ततः, एकस्य सूत्रिका घृतखण्डसंयुता भोजने दत्ता। ततो विचिन्त्य पण्डितेनोक्तं यत्— "दीर्घसूत्री विनश्यति"। एवमुक्त्वा भोजनं परित्यज्य गतः।

बाँकी रहेका तीन जना ब्राह्मणहरू डुल्दैफिर्दै अलिकति पर पुगेपछि कुनै एउटा गाउँमा पसे। पढेर आएका ब्राह्मणहरू पो रहेछन् भनी आदर गर्दै गाउँका बासिन्दाहरूले उनीहरूलाई निम्त्याएर अलगअगल ठाउँमा आआफ्ना घरमा लिएर गए। एउटा गृहस्थले तिनीहरूमध्ये [illegible]। लामा लहराजस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको त्यस सेलरोटी देख्नेबित्तिकै उसले– "दीर्घसूत्रीको विनाश हुन्छ" भन्ने नीति सम्झियो र यस्तो खाए म पनि नाश हुनेछु भन्ने ठान्यो उसले खान दिएको कुरो नखाई त्यसै छोडेर त्यहाँबाट हिंड्यो।

तथा द्वितीयस्य मण्डका दत्ताः, तेनाऽप्युक्तम्– "अतिविस्तारविस्तीर्णं तद्भवेन्न चिरायुषम्"। स च भोजनं त्यक्त्वा गतः।

अर्को एउटालाई रोटी बेलेर पकाइदिएछन्। त्यस्तो खाने कुरो देखेर उसले पनि– "धेरै फिँजिएको कुरो पछिसम्म टिक्न सक्ने दिगो हुँदैन" भन्ने शास्त्रको नियम सम्झियो र यस्तो खाएँ भने म पनि छिटै आयु सकिएर मर्नेछु भन्ने ठानेर खान दिएको कुरो नखाई त्यसै छोडेर हिंड्यो।

अथ तृतीयस्य वटिका भोजने दत्ता। तत्राऽपि तेन पण्डितेनोक्तम्– "छिद्रेष्वनर्था बहुलीभवन्ति।" एवं ते त्रयोपि पण्डिताः क्षुत्क्षामकण्ठाः, लौकैर्हास्यमानास्ततः स्थानात् स्वदेशं गताः।"

अनि तेस्रोचाहिँलाई बिचमा प्वाल पारेर बनाएका फुरौला दहीमा मिसाएर खान दिएका रहेछन्। उसले– "प्वालमा र मिसावट भएका ठाउँमा समस्याहरू धेरै बढेर आउँछन्" भन्ने आफूले पढेको शास्त्रको नियम सम्झिएछ र यस्तो खाँदा मलाई पनि आपद्हरू आइलाग्लान् भन्ने सोच्दै खान दिएको कुरो नखाईकन त्यसै छोडेर त्यहाँबाट हिँडेछ। यसले गर्दा ती तीनै जना मूर्ख ब्राह्मणहरू भोकै पनि भए र मानिसहरूले उनलाई मज्जाले खिसी पनि गरे। आखिरमा तिनीहरू भोकैतिर्खै घरमा पुगे" भन्ने कथा सुनायो।

अथ सुवर्णसिद्धिराह– "यत्त्वं लोकव्यवहारमजानन्मया वार्यमाणोऽपि न स्थितः तत ईदृशीमवस्थामुपगतः। अतोऽहं ब्रवीमि– "अपि शास्त्रेषु कुशलाः" इति।

यस किसिमको कथा सुनाइसकेपछि सुवर्णसिद्धिले– "तिमी लोकव्यवहार नजान्ने भएकाले मैले नगर भन्दाभन्दै मेरो भनाइ नमानेर त्यहीँ नबसीकन आयौ। त्यसैले तिम्रो यस्तो हविगत भयो। त्यसैले म भन्दछु कि– "शास्त्रको ज्ञान भए पनि लोकव्यवहारलाई नजान्नाले मानिस हाँसोको पात्र बनिन्छ भन्ने कुरो बुझ" भन्यो।

तत् श्रुत्वा चक्रधर आह– अहो, अकारणमेतत् यतो हि–

त्यसको कुरो सुनेर चक्रधारीले– "तिम्रो भनाइ बेठिक छ। किनभने–

सुबुद्धयो विनश्यन्ति दुष्टदैवेन नाशिताः।
स्वल्पधीरपि तस्मिंस्तु कुले नन्दति सन्ततम्॥ ४१॥ उक्तञ्च–

भाग्यको गति प्रतिकूल भएका बेलामा बुद्धिमान् मानिसले पनि दुःख पाउनुपर्ने हुन्छ र भाग्य अनुकूल गतिमा रहेका बेलामा कुनै मूर्खले पनि आनन्द मनाउन पाउँछ। भनिएको छ कि–

अरक्षितं तिष्ठति दैवरक्षितं सुरक्षितं दैवहतं विनश्यति।
जीवत्यनाथोऽपि वने विसर्जितः कृतप्रयत्नोऽपि गृहे न जीवति॥ ४२॥ तथा च–

भाग्यले रक्षा गरिएको कुनै वस्तु कसैको सुरक्षाबिना नै पनि सुरक्षित नै बँचेर रहेको हुन्छ र भाग्य प्रतिकूल भइदिंदा सुरक्षित राखिएको कुरो पनि नाश हुन पुग्दछ। दैवले जोगाउँदा सिंह बाघआदि हिंस्रक पशुहरूका माझमा अनाथ छोडिएको भए पनि मानिस जिउँदो रहन सक्दछ र दैवले नाश गर्दा अत्यन्त जतन गरी सुरक्षित राखिएको मानिस पनि जिउँदो रहन सक्दैन। त्यसै गरी भनिन्छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शतबुद्धिः शिरस्थोऽयं लम्बते च सहस्रधीः।
एकबुद्धिरहं भद्रे! क्रीडामि विमले जले॥ ४३॥

हे प्रिया! शतबुद्धि टाउकामा अडिएको छ र सहस्रबुद्धिचाहिँ काँधमा झन्डिइरहेको छ। तर एकबुद्धि नाम हुने मचाहिँ सफा पानीमा आनन्दले पौडी खेलिरहेको छु" भन्ने कथन सुनायो।

सुवर्णसिद्धिराह— "कथमेतत् ?" स आह—

सुवर्णसिद्धिले— "त्यो कस्तो कुरो हो ?" भनी सोधेपछि चक्रधारी भन्दछ—

मत्स्यमण्डूककथा

कस्मिँश्चिज्जलाशये शतबुद्धिः सहस्रबुद्धिश्च द्वौ मत्स्यौ निवसतः स्म। अथ तयोरेकबुद्धिर्नाम मण्डूको मित्रतां गतः। एवं ते त्रयोऽपि जलतीरे वेलायां कञ्चित्कालं सुभाषितगोष्ठीसुखमनुभूय भूयोऽपि सलिलं प्रविशन्ति।

माछा र भ्यागुतो

कुनै तलाउमा शतबुद्धि र सहस्रबुद्धि नामका दुईवटा माछाहरू रहने गरेका थिए। तिनीहरूसँग कुनै एउटा एकबुद्धि नामका भ्यागुताको मित्रता भएको थियो। बेलुकीपख तिनीहरू तीनैवटा तलाउका किनारमा भेला भएर बसी काव्यशास्त्रका विषयमा छलफल गर्दै आनन्द उठाउँथे र राति अबेलासम्म बसेर आआफ्ना घरतिर फर्केर जाने गर्दथे।

अथ कदाचित्तेषां गोष्ठीगतानां जालहस्ता धीवराः प्रभूतैर्मत्स्यैर्व्यापादितैर्मस्तके विधृतैरस्तमनवेलायां तस्मिञ्जलाशये समायाताः। ततः सलिलाशयं दृष्ट्वा मिथः प्रोचुः— "अहो! बहुमत्स्योऽयं ह्रदो दृश्यते, स्वल्पसलिलश्च। तत्प्रभातेऽत्रागमिष्यामः।" एवमुक्त्वा स्वगृहं गताः।

एक दिन बेलुकीपख उनीहरूको गफ गर्न भेला हुने बेला हुँदै थियो, कतैबाट माछा मारेर टाउकामा बोकेका केही मछुवाडेहरू त्यस तलाउका किनारमा आइपुगे। त्यो तलाउ देखेर उनीहरूले आपसमा— "ओहो! यस तलाउमा पनि निकै माछा छन्‌जस्तो छ। पानी पनि थोरै देखिन्छ। त्यसो हुँदा भोलि बिहानै यहाँ आउनुपर्छ" भन्ने किसिमको निधो गरेर उनीहरू हिँडे।

मत्स्याश्च विषण्णवदना मिथो मन्त्रं चक्रुः। ततो मण्डूक आह— "भोः, शतबुद्धे! श्रुतं धीवरोक्तं भवता ? तत्किमत्र युज्यते कर्तुम्, पलायनमवष्टम्भो वा ? यत्कर्तुं युक्तं भवति तदादिश्यतामद्य।"

ती मछुवाडेहरू गएपछि माछाहरूले दुःखी भएर आपसमा एउटा विचारगोष्ठी राखे। त्यस गोष्ठीमा भ्यागुताले— "हेर शतबुद्धि सज्जन! तिमीले मछुवाडेहरूको कुरो सुन्यौ ? यस्ता अवस्थामा हामीले कसो गर्नु उचित होला त भन ? यहीँ बस्नु ठिक होला कि भागेर अन्त कतै जानुपर्ने हो ? जसो गर्न उचित हुन्छ, त्यस्तै आदेश देऊ" भन्यो।

तत् श्रुत्वा सहस्रबुद्धिः प्रहस्य आह— "भो! मित्र मा भैषीः तयोः वचनश्रवणमात्रादेव भयं कार्यम् ? न भेतव्यम्। उक्तञ्च—

भ्यागुताको कुरो सुनेर सहस्रबुद्धि भन्नेले हाँसो उडाउँदै— "मित्र! तिमी नडराऊ। कुनै कुरो सुन्दैमा खाली डराएनु मात्रै त ठिक हुँदैन। त्यसो हुँदा उनीहरूका कुराले मात्रै तिमीले डराउनुपर्दैन। हेर त भनिएको पनि छ कि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्पाणां च खलानां च सर्वेषां दुष्टचेतसाम्।
अभिप्राया न सिध्यन्ति तेनेदं वर्तते जगत्॥ ४४॥

सर्पहरू, नीच व्यक्तिहरू र दुष्ट प्राणीहरूका विचार कहिल्यै पनि सफल हुँदैनन्। उनीहरूको यस्तै असफलताले नै यो संसार चलेको हुन्छ।

तत्तावत्तेषामागमनपि न सम्पत्स्यते। भविष्यति वा तर्हि त्वां बुद्धिप्रभावेणात्मसहितं रक्षयिष्यामि। यतोऽनेकां सलिलचर्यामहं जानामि।"

पहिलो कुरो, म त उनीहरू यहाँ आउँदै आउँदैनन् भन्ने ठान्दछु। यदि आई नै हालेछन् भने पनि म आफ्नासाथै तिमीलाई पनि बचाउनेछु। किनभने मैले पानीमा हिँड्नका लागि कैयौं किसिमका कलाहरू जानेको छु" भन्यो।

तदाकर्ण्य शतबुद्धिराह– "भोः युक्तमुक्तं भवता। सहस्रबुद्धिरेव भवान्। अथवा साध्विदमुच्यते–

त्यसको कुरो सुनेर शतबुद्धिले पनि– "महाशय! तिमीले ठिकै भनेका छौ। तिम्रो नाम सहस्रबुद्धि भएको पनि ठिकै हो। अथवा ठिकै पनि भनिएको रहेछ कि–

बुद्धेर्बुद्धिमतां लोके नाऽस्त्यगम्यं हि किञ्चन।
बुद्ध्या यतो हता नन्दाश्चाणक्येनासिपाणयः॥ ४५॥ तथा च–

यस संसारमा बुद्धिमान्हरूको बुद्धि पुग्न नसक्ने ठाउँ कुनै पनि छैन। किनभने विष्णुगुप्त चाणक्यले पनि आफ्ना बुद्धिकै कारणले खड्गको शक्ति भएका नन्दवंशको विनाश गरेका थिए। उसै गरी–

न यत्राऽस्ति गतिर्वायो रश्मीना च विवस्वतः।
तत्राऽपि प्रविशत्याशु बुद्धिर्बुद्धिमतां सदा॥ ४६॥

जुन ठाउँमा हावा र सूर्यको किरण पनि पुग्न सक्दैन, त्यस्ता ठाउँमा पनि बुद्धिमान्हरूको बुद्धि तुरुन्तै पुग्न सक्दछ।

ततो वचनश्रवणमात्रादपि पितृपर्यायागतं जन्मस्थानं त्यक्तुं न शक्यते। उक्तञ्च–

त्यसो हुँदा मछुवाडेहरूले भनेको कुरो सुन्दैमा परापूर्व कालदेखि पुर्खाहरूले बसोबास गरिआएको आफ्नो जन्मस्थानलाई छोडेर हिँड्नु ठिक हुनेछैन। भनिएको पनि छ कि–

न स्वर्गेऽप्यऽपि सौख्यं स्याद्दिव्यस्पर्शेन शोभने।
कुस्थानेऽपि भवेत्पुंसां जन्मनो यत्र सम्भवः॥ ४७॥

स्वर्गलोकमा सुन्दर देवाङ्गनाहरूको स्पर्शले पनि त्यस्तो सुख दिन सक्दैन जुन सुख असुविधाले युक्त भए पनि मानिसले आफ्ना मातृभूमिबाट बिना कुनै परिश्रमले पाउन सक्दछ।

तन्न कदाचिदपि गन्तव्यम्। अहं त्वां बुद्धिप्रभावेण रक्षयिष्यामि।

त्यसो हुँदा तिमीले आफ्नो जन्मभूमिलाई त्याग्नुहुँदैन। म पनि आफ्नो बुद्धि र चतुऱ्याइँका प्रभावले तिम्रो रक्षा गर्ने नै छु" भन्यो।

मण्डूक आह– "भद्रौ! मम तावदेकैव बुद्धिः पलायनपरा तदहमन्यं जलाशयमद्यैव सभार्यो यास्यामि।" एवमुक्त्वा स मण्डूको रात्रावेवाऽन्य जलाशयं गतः।

त्यस्तो कुरो सुनेपछि त्यस भ्यागुताले– "हेर सज्जनहरू! म त एकबुद्धि हुँ। मेरो भाग्न जान्ने एउटामात्रै बुद्धि छ। त्यसले यहाँबाट भाग्नु नै उचित ठान्दछु। मैले त यस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निश्चय पनि गरिसकेको छु र आज राति नै आफ्ना जहानलाई लिएर यहाँबाट कुनै अर्कै जलाशयमा जान चाहन्छु" भन्यो र उसै रात त्यो भ्यागुतो अर्को एउटा पोखरीमा गएर बस्यो।

धीवरैरपि प्रभाते आगत्य जघन्यमध्यमोत्तमजलचराः मत्स्यकूर्ममण्डूककर्कटयदयो गृहीताः। तावपि शतबुद्धिसहस्रबुद्धी सभार्यौ पलायमानौ चिरात्मानं गतिविशेषविज्ञानैः कुटिलचारेण रक्षन्तौ जाले निपतितौ व्यापादितौ च।

भोलिपल्ट बिहानै तिनै मछुवाडेहरूले आएर साना, मझौला र ठूलो सबै किसिमका माछा, कछुवा, भ्यागुता, गङ्टा आदि सबै जलचर प्राणीहरूलाई समाते। शतबुद्धि र सहस्रबुद्धिले पनि आफ्ना स्त्रीहरूसहित यता र उति भाग्दै र पौडँदै पानीमा चल्नेसम्बन्धी सबैखालका कलाहरूको जानकारी भएअनुसार तिनै कुटिल कौशलहरूका सहायताले आफूलाई धेरै बेरसम्म जोगाउने प्रयास गरे, तर पनि अन्तिममा गएर ती दुवै पनि जालमा पर्न पुगे र मारिए पनि।

अथाऽपराह्णसमये प्रहृष्यस्ते धीवराः स्वगृहं प्रति प्रस्थिताः। गुरुत्वाच्चैकेन शतबुद्धिः स्कन्धे कृतः। सहस्रबुद्धिः प्रलम्बमानो नीयते। ततश्च वापीकण्ठोपगतेन मण्डूकेन तो तथा नीयमानौ दृष्ट्वा अभिहिता स्वपन्ती– "प्रिये ! पश्य पश्य

बेलुकीपख घाम अस्ताउन लागेपछि खुसी हुँदै जब आफनो घर जान लागेका थिए त्यस बेला ज्यादै भारी भएकाले ती मछुवाडेहरूमध्ये एउटाले शतबुद्धिलाई टाउकामा चढाएर बोकेछ र ज्यादै लामो भएका कारणले सहस्रबुद्धिलाई अर्काले काँधमा हालेर घिस्याउँदै लाँदा रहेछन्। तलाउका डिलमा बसेको त्यस भ्यागुताले ती माछाहरूको त्यस्तो दुर्गति देखेर स्वास्नीसँग– "प्रिया ! हेर त, हेर !

शतबुद्धिः शिरस्थोऽयं लम्बते च सहस्रधीः।
एकबुद्धिरहं भद्रे ! क्रीडामि विमले जले॥

शतबुद्धि टाउकामा चढाइएको र सहस्राबुद्धि झन्डिएर जाँदै छन्। तर एउटामात्रै बुद्धि भएको म एकबुद्धिचाहिँ सफा पानीमा आनन्दले डुल्दै छु" भन्यो।

अतश्च "वरं बुद्धिर्न सा विद्या" यद्भवतोक्तं तत्रेयं मे मतिर्यत् न एकान्तेन बुद्धिरपि प्रमाणम्।"

यस्तो कथा सुनाएपछि चक्रधारीले फेरि– "त्यसैले तिमीले अघि जसरी विद्या र बुद्धिमध्ये बुद्धि नै ठूलो हो भन्ने कुरो गरेका थियौ, त्यस विषयमा मेरो मतचाहिँ केवल बुद्धि नै ठूलो हो भन्नु सर्वथा सत्य होइन भन्ने रहेको छ" भन्यो।

सुवर्णसिद्धिः प्राह– यद्यप्येतदस्ति तथाऽपि मित्रवचनं न लङ्घनीयम्। परं किं क्रियते निवारितोऽपि मया न स्थितोऽसि, अतिलौल्यात् विद्याहङ्काराच्च। अथवा साध्विदमुच्यते–

यस्तो कुरो सुनेर सुवर्णसिद्धिले– "यद्यपि तिम्रो कुरो ठिकै पनि छ तर पनि मानिसले मित्रका कुराहरूलाई उल्लङ्घन गर्नुहुँदैन। तर के गर्ने र, लोभ तथा विद्याको घमन्डका कारणले गर्दा तिमीलाई मैले रोक्न खोज्दाखोज्दै पनि नमानेर आयौ। अथवा तिम्रा बुद्धिको पनि के दोष छ र, कसैले ठिकै भनेका रहेछन् कि–

साधु मातुल ! गीतेन मया प्रोक्तोऽपि न स्थितः।
अपूर्वोऽयं मणिर्बद्धः सम्प्राप्तं गीतलक्षणम्॥ ४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मामा, गीत नगाऊ, तिमीले गाएको अलिकति सुहाउँदिलो पनि हुँदैन भनेर मैले बारम्बार भन्दाभन्दै पनि तिमीले मानेनौ र गाउन लाग्यौ। तिम्रा गलामा कति राम्रो मणि बाँधिदिए। बल्ल अहिले तिमीले आफ्ना गानाको यही वास्तविक पुरस्कार पाएछौ" भनेछ।

चक्रधर आह— "कथमेतत् ?" सोऽब्रवीत्—

चक्रधारीले— "त्यस्तो कसरी भयो ?" भनी सोध्यो अनि सुवर्णसिद्धि भन्न थाल्यो—

रासभशृगालकथा

कस्मिंश्चिदधिष्ठाने उद्धतो नाम गर्दभः प्रतिवसति स्म। सः सदैव रजकगृहे भारोद्वहनं कृत्वा रात्रौ स्वेच्छया पर्यटति। ततः प्रत्यूषे बन्धनभयात्स्वयमेव रजकगृहमायाति रजकोऽपि ततस्तं बन्धनेन नियुनक्ति।

गधा र स्याल

कुनै ठाउँमा उद्धत नाम गरेको एउटा गधा थियो। धोबीका घरमा दिनभरि लुगाका पोका बोकिसकेपछि रातभरि त्यो आफूखुसी जताततै घुम्दथ्यो। सधैँका लागि बाँधिनुपर्ने वा कुटाइ खानुपर्ने डरले गर्दा बिहानीपख हुनासाथ त्यो गधा धोबीका घरमा फर्केर आउने गर्दथ्यो। अनि धोबी पनि आउनेबित्तिकै त्यस गधालाई बाँधिदिन्थ्यो।

अथ तस्य रात्रौ क्षेत्राणि पर्यटतः कदाचिच्छृगालेन सह मैत्री सञ्जाता। स च पीवरत्वाद् वृत्तिभङ्गं कृत्वा कर्कटिकाक्षेत्रे शृगालसहितः प्रविशति। एवं तौ यदृच्छया चिर्मटिकाभक्षणं कृत्वा प्रत्यहं प्रत्यूषे स्वस्थानं व्रजतः।

यसरी नै खेतबारीमा सधैँ घुम्दाघुम्दै त्यस गधाको कुनै एउटा स्यालसँग मित्रता भएछ। असाध्यै बलियो भएका कारणले गर्दा त्यो गधा खेतबारीको बार भत्काएर स्यालसँग काँक्राबारीमा पस्ने गर्दथ्यो र दुवैले भुँडीभरि काँक्रा खाएपछि बिहान आआफ्ना जाने गर्दथे। उनीहरूको दैनिक चर्या यस्तै किसिमको चलिरहेको थियो।

अथ कदाचित्तेन मदोद्धतेन रासभेन क्षेत्रमध्यस्थितेन शृगालोऽभिहितः— "भोः भगिनीसुत ! पश्य पश्य अतीव निर्मला रजनी, तदहं गीतं करिष्यामि। तत्कथय कतमेन रागेण करोमि ?

खान पाएर मात्तिएका त्यस गधाले कुनै दिन काँक्राका खेतमा नै उभिएर स्यालसँग— "हेर भान्जा ! यो रात कति सफा र रमाइलो छ। मलाई त गीत गाउन मन लाग्यो, भन कुनै राग तानेर गीत गाऔँ ?" भनी सोधेछ।

स आह— "माम ! किमनेन वृथाऽनर्थप्रचालनेन ? यतश्चौरकर्मप्रवृत्तावावाम्, निभृतैश्च चौरजारैरत्र स्थातव्यम्। उक्तञ्च—

गधाको भनाइ सुनेर स्यालले— "मामा ! आपत्तिलाई व्यर्थैमा निम्त्याएर के फाइदा छ र ? हामीहरू यहाँ चोरेर खानका लागि आएका छौँ। चोर र व्यभिचारीले त आफूलाई शान्त रूपमा लुकाएर राख्न पो सिक्नुपर्दछ त। त्यसैले चुप लाग्नु नै ठिक हुनेछ। किनभने भनिएको छ कि—

कासयुक्तस्त्यजेच्चौर्यं निद्रालुश्चेत्स पुंश्चलीम्।
जिह्वालौल्यं रुजाक्रान्तो जीवितं योऽत्र वाञ्छति ॥ ४९ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"यदि आफ्नो ज्यान प्यारो छ भनेदेखि जुन मानिसलाई खोकी लाग्दछ उसले चोर्न हिँड्नुहुँदैन, धेरै निदाउने मानिसले अर्काको स्वास्नी गमन गर्ने लोभ गर्नुहुँदैन र रोगी मानिसले जिब्रो धेरै चलाउनुहुँदैन।

अपरं त्वदीयं गीतं न मधुरस्वरम्, शङ्खशब्दानुकार दूरादपि श्रूयते। तदत्र क्षेत्रे रक्षापुरुषाः सुप्ताः सन्ति। ते उत्थाय वधं बन्धनं वा करिष्यन्ति। तद्भक्षय तावदमृतमयीश्चिर्भटीः। मा त्वमत्र गीतव्यापारपरो भव।"

अर्को कुरो यसो पनि छ कि तिम्रो गीत गाउने गलो पनि राम्रो खालको छैन। शङ्खको आवाजजस्तै परसम्म सुनिन्छ। यस खेतमा रुँगालोहरू पनि सुतिरहेका हुन्छन्। यदि तिनीहरू जागे भने कि त मार्नेछन् नभए पनि बाँध्नेछन्, यी दुईमा एक त अवश्य गर्नेछन्। त्यसैले शान्त भएर अमृतजस्तो मिठो स्वादका काँक्राहरू खाऊ तर व्यर्थमा गीत गाउने चक्करमा नपर" भन्यो।

तच्छ्रुत्वा रासभ आह,— "भोः वनाश्रयत्वात्त्वं गीतरसं न वेत्सि तनैतद् ब्रवीसि। उक्तञ्च—

स्यालको यस किसिमको कुरो सुनेर गधाले— "जङ्गली भएका कारणले तिमी सङ्गीतको रसबारे बुझ्न सक्दैनौ। त्यसैले यस्तो कुरो गरिरहेका छौ। हेर, भनिएको छ कि—

शरज्जोत्स्नाहते दूरं तमसि प्रियसन्निधौ।
धन्यानां विशति श्रोत्रे गीतझङ्कारजा सुधा" ॥ ५० ॥

शरत्कालको जुनेलीले जब रातको अँध्यारोलाई हटाउँछ, अनि त्यस बेला आफ्नो प्रिय व्यक्ति आफ्ना छेउमा आएर उभिन्छ भने त्यस्ता बेलामा गाइएका सङ्गीतको अमृतसरहको मिठो रस भाग्यशाली व्यक्तिका मात्रै कानमा पस्न पाउँछ" भन्यो।

शृगाल आह— "माम ! अस्त्येतत्, परं न वेत्सि त्वं गीतम्। केवलमुन्नदसि। तत्किं तेन स्वार्थभ्रंशकेन ?"

गधाको लिँडे ढिपी सुनेर स्यालले— "मामा ! तिमीले कुरो त ठिकै गरेका हौ तर तिमीलाई गीत गाउन त पटक्कै आउँदैन, त्यत्तिकै जोडतोडसँग चिच्याउने मात्रै हौ। त्यसो हुँदा व्यर्थमा आफ्नो छँदाखाँदाको फाइदालाई हानी गरेर के पाउँछौ भन त ?" भन्यो।

रासभ आह— "धिङ्मूर्ख ! किमहं न जानामि गीतम् ? तद्यथा तस्य भेदान् शृणु—

त्यस स्यालको कुरो सुनेर गधाले रिसाउँदै— "ए मूर्ख ! तिमीलाई धिक्कार होस्, म गीत गाउन जान्दिनँ अरे ? लौ त सङ्गीतका कति भेद छन् ती सबै भन्दछु सुन—

सप्त स्वरास्त्रयो ग्रामा मूर्च्छनाश्चैकविंशतिः।
तानास्त्वेकोनपञ्चाशत्तिस्रो मात्रा लयास्त्रयः ॥ ५१ ॥

स्वरका सात भेद हुन्छन्। स्वरका तीनवटा समूह हुन्छन् र तिनलाई ग्राम भन्दछन्। सङ्गीतका एक्काईसवटा मूर्च्छनाहरू हुन्छन्। उनन्चासवटा ताल हुन्छन्। स्वरका तीनवटा मात्राहरू हुन्छन् र तीनवटा लय पनि हुन्छन्।

स्थानत्रयं यतीनां च षडास्यानि रसा नव।
रागाः षट्त्रिंशतिर्भावाश्चत्वारिंशत्ततः स्मृताः ॥ ५२ ॥

स्वरका तीनवटा उद्गम स्थान हुन्छन्। यतीका पनि तीन भेद छन् भनिएको छ। आस्य प्रारम्भ छ किसिमका हुन्छन्। रसको सङ्ख्या नौवटा हुन्छ। रागहरूको छत्तीस किसिमको भेद हुन्छ भनी बताइएको छ र भावको चालीस भेद बताइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चाशीत्यधिकं ह्येतद्गीताङ्गानां शतं स्मृतम्।
स्वयमेव पुरा प्रोक्तं भरतेन श्रुतेः परम्॥ ५३॥

पाँचौं वेद भनेर मानिएको र सुन्दैमा मनलाई आनन्द दिने सङ्गीतशास्त्रका यी एकसय पचास भेदहरू हुन्छन् भनेर सङ्गीतका प्रवर्तक आचार्य भरत मुनिले आफैँ बताएका हुन्।

नान्यद्गीतात्प्रियं लोके देवनानामपि दृश्यते।
शुष्कस्नायुस्वराह्लादात् त्र्यक्षं जग्राह रावणाः॥ ५४॥

मानिसहरूको त कुरै छोडिदेऊ, देवताहरूलाई पनि सङ्गीतभन्दा ठूलो र प्रिय कुरो अर्को केही पनि छैन। रावणले तन्त्रको स्वर अलापेर नै भगवान् शिवलाई सन्तुष्ट पारेका थिए।

तत्कथं भगिनीसुत ! मामनभिज्ञं वदन्निवारयसि ?"

सङ्गीतको यस किसिमको भेद सुनाइसकेर– "त्यसो हुँदा हेर भान्जा ! मलाई किन नजान्ने भन्दै हेपेर गाउन नदिने विचार गर्दै छौ ?" भनेर कड्कियो।

शृगाल आह– "माम ! यद्येवं तदहं तावद् वृतेद्वारस्थितः क्षेत्रपालमवलोकयामि, त्वं पुनः स्वेच्छया गीतं कुरु।"

उसको कुरो सुनिसकेपछि स्यालले– "मामा ! यदि कुरो यस्तै किसिमको हो भनेदेखि एकछिन पर्ख जब म खेतका ढोकाबाहिर बसेर रुँगाली आउला कि भनेर हेर्न थाल्दछु अनि तिमी आफूखुसी जस्तो मन लाग्दछ उस्तै किसिमको गीत गाउनू" भन्यो।

तथाऽनुष्ठिते रासभरटनमाकर्ण्य क्षेत्रपः क्रोधात् दन्तान्धर्षयन् प्रधावितः। यावद्रासभो दृष्टस्तावल्लगुडप्रहारैस्था हतो यथा प्रताडितो भूपृष्ठे पतितः। ततश्च सच्छिद्रमुलूखलं तस्य गले बद्ध्वा क्षेत्रपालः प्रसुप्तः। रासभोऽपि स्वजातिस्वभावाद् गतवेदनः क्षणेनाऽभ्युत्थितः। उक्तञ्च–

स्याल त्यहाँबाट हिंड्नेबित्तिकै गधाले जोडदार शब्दमा चिच्याउन थाल्यो। त्यसको आवाज सुन्नेबित्तिकै रिसले आगोजस्तो भएर खेतको रुँगालो दारा किट्दै कुदेर आयो। खेतमा पुगेर जब उसले गधालाई देख्यो अनि त भकाभक लाठाले ठट्टाउन लाग्यो। त्यो गधा चुटाइ खाँदाखाँदै त्यहीँ पुक्लुक्कै ढल्यो। बलले भ्याउन्जेल चुटिसकेपछि खेतका रुँगालाले एउटा प्वाल परेको ओखल लगेर गधाका घाँटीमा झुन्डाइदियो र फेरि गएर सुत्यो। रुँगालो त्यहाँबाट फर्केर गएको एकछिनपछि आफ्नो जातिगत स्वभावका कारण चुटाइ बिर्सेर गधा तत्काल जुरुक्क उठ्यो। भनिएको पनि छ कि–

"सारमेयस्य चाऽश्वस्य रासभस्य विशेषतः।
मुहूर्तात्परतो न स्यात्प्रहारजनिता व्यथा" ॥ ५५॥

कुकुर, घोडा र विशेष गरीकन गधाले आफूले खाएको चुटाइ एकैछिनमा बिर्सन्छन्, तिनीहरूलाई चुटाइबाट पाएको दुःख एकछिन मात्रै रहन्छ।

ततस्तमेवोलूखलमादाय वृत्तिं चूर्णयित्वा पलायितुमारब्धः अत्रान्तरे शृगालोऽपि दूरादेव तं दृष्ट्वा सस्मितमाह–

गधाले ओखल झुन्ड्याईकन खेतको बार भत्काएर भाग्न लागेको थियो। स्यालले उसलाई यसरी भाग्न लागेको अवस्था देखेर टाढैबाट गिज्याउँदै हाँसेर–

"साधु मातुल ! गीतेन मया प्रोक्तोऽपि न स्थितः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपूर्वोऽयं मणिर्बद्धः सम्प्राप्तं गीतलक्षणम्॥ ५६ ॥

"धन्यवाद मामा ! मैले कतिपटक गीत नगाऊ भनेर रोक्न खोजें तर मैले नगर भन्दाभन्दै पनि तिमीले नमानेर गीत गाएरै छाड्यौ। अब हेर त, यो कति राम्रो मणिको माला तिम्रा गलामा बाँधिदिएका छन्। वास्तवमा तिमीले गीतको उचित पुरस्कार पनि पायौ" भनेर व्यङ्ग्य गऱ्यो।

"तद्भवानपि मया वार्यमाणोऽपि न स्थितः।" तत् श्रुत्वा चक्रधर आह– "भो मित्र सत्यमेतत् अथवा साध्विदमुच्यते–

यस्तो कथा सुनाइसकेपछि सुवर्णसिद्धिले– "मैले रोक्दारोक्दै तिमीले पनि मेरो कुरो मानेका थिएनौ" भन्यो। यस्तो कुरो सुनिसकेपछि चक्रधारीले– "मित्र ! तिमी सत्य भन्दै छौ। अथवा कसैले यसो भनेको पनि ठिकै छ कि–

"यस्य नास्ति स्वयं प्रज्ञा मित्रोक्तं न करोति यः।
स एव निधन याति यथा मन्थरकौलिकः" ॥ ५७ ॥

"जो स्वयं बुद्धिहीन नै छ र ऊ मित्रले भनेको पनि मान्दैन त्यसो हुनाकै कारणले त्यस्तो मूर्ख व्यक्ति मन्थर नामको जुलाहाजस्तै दुःख पाएर मर्दछ।"

सुवणसिद्धिराह– "कथमेतत् ?" सोऽब्रवीत्–

सुवर्णसिद्धिले– "त्यो कसरी ?" भनेर सोध्यो। उसले भन्न लाग्यो–

मन्थरकौलिककथा

कस्मिँश्चिदधिष्ठाने मन्थरको नाम कौलिकः प्रतिवसति स्म। तस्य कदाचित् पटकर्माणि कुर्वतः सर्वपतकर्मकाष्ठानि भग्नानि। ततः स कुठारमादाय वने काष्ठार्थं गतः। स च समुद्रतटे यावद्भ्रमन् प्रयातः तावत्तत्र शिंशपापादपस्तेन दृष्टः। ततश्चिन्तितवान्– "महानयं वृक्षो दृश्यते। तदनेन कर्तितेन प्रभूतानि पटकर्मोपकरणानि भविष्यन्ति।" इत्यवधार्य तस्योपरि कुठारमुत्क्षिप्तवान्।

मन्थर जुलाहा

कुनै सहरमा मन्थर नाम भएको एउटा जुलाहा रहने गर्दथ्यो। लुगा बुन्ने कामका सिलसिलामा एक दिन उसका सबै काठका हतियारहरू भाँचिए। अनि ऊ हातमा बन्चरो बोकेर दाउरा काट्न भनी वनतिर गयो। यता र उति घुम्दाघुम्दै समुद्रका किनारमा पुगेपछि उसले एउटा सिसौँको रुख देख्यो। अनि मनमा– "यो रुख निकै ठूलो रहेछ। यसलाई काटेँ भने धेरै खालका उपकरणहरू बनाउन सकिन्छ" भन्ने सोचेर त्यस रुखलाई बन्चराले काट्न थाल्यो।

अथ तत्र वृक्षे कश्चिद्व्यन्तरः समाश्रित आसीत्। अथ तेनाभिहितम्– "भोः मदाश्रयोऽयं पादपः सर्वथा रक्षणीयः यतोऽहमत्र महासौख्येन तिष्ठामि, समुद्रकल्लोलस्पर्शनाच्छीतवायुनाप्यायितः।"

त्यस रुखमा एउटा यक्ष बस्ने गर्दथ्यो। रुखलाई काट्न लागेको देखेर उसले– "यस रुखमा म बस्ने गरेको छु। त्यसो हुँदा यो रुख कुनै पनि हालतमा मैले जोगाउनुपर्छ। यस रुखलाई तिमीले काट्न पाउँदैनौ। किनभने समुद्रका तरङ्गहरूका स्पर्शले शीतल हुने हावाको आनन्द लिँदै मैले सधैँ यही बस्नुपर्दछ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौलिक आह– "भोः ! किमहं करोमि दारुसामग्रीं विना मे कुटुम्बं बुभुक्षया पीड्यते। तस्मादन्यत्र शीघ्रं गम्यताम्। अहमेनं कर्त्तयिष्यामि।"

त्यसको कुरो सुनेर जुलाहाले विनम्रतापूर्वक– "महाशय ! म के गर्न सक्छु र ? लुगा बुन्नका लागि चाहिने मसित भएका काठका सारा उपकरणहरू भाँचिएका हुनाले मेरा जहान केटाकेटीहरू भोकभोकै मर्न लागेका छन्, त्यसैले तिमी अन्यत्र कतै गएर बस। म यस रुखलाई अवश्य काट्नेछु" भन्यो।

व्यन्तर आह– "भोः ! तुष्टस्तवाऽहम्। तत्प्रार्थ्यतामभीष्टं किञ्चित्। रक्षैर्न पादपम्" इति।

जुलाहाको त्यस्तो कुरो सुनिसकेपछि यक्षले– "म तिमीसित ज्यादै खुसी भएको छु। तिमी मसित कुनै वर माग र यस रुखलाई नकाट" भन्यो।

कौलिक आह– "यद्येवं तदहं स्वगृहं गत्वा स्वमित्रं, स्वभार्यां च पृष्ट्वा आगमिष्यामि, ततस्त्वया देयम्।"

जुलाहाले यस्तो कुरो सुनेपछि– "यदि त्यसै हो भने म घर गएर आफन्त, मित्रहरू र आफ्नी आइमाईसित सोधेर आउँछु, अनि म फर्केर आएपछि वर दिनू" भन्यो।

अथ "तथा" इति व्यन्तरेण प्रतिज्ञाते स कौलिकः प्रहृष्टः स्वगृहं प्रति निवृत्तो यावदग्रे गच्छति ग्रामप्रवेशे निजसुहृदं नापितमपश्यत्। ततः तस्य व्यन्तरवाक्यं निवेदयामास– यत्– "अहो मित्र ! मम कश्चिद् व्यन्तरः सिद्धः। तत्कथय किं प्रार्थये ? अहं त्वां प्रष्टुमागतः।"

जुलाहाको बिन्ती सुनेर यक्षले– "हुन्छ त जाऊ" भनेर अनुमति दियो। अनि जुहाला खुसी हुँदै आफ्नो घर आयो। गाउँबाहिरै बाटामा उसले आफ्नो एउटा हजाम साथीलाई आउँदै गरेको भेट्यो र यक्षसित भएको सबै कुरोकानी विस्तृत रूपमा स्पष्ट गरेर सुनाउँदै– "मित्र ! मसित एउटा यक्ष सन्तुष्ट भएको छ र उसले वरदान माग्नका लागि भनेको छ। मैले उससँग कस्तो वरदान माग्नुपर्ला, तिमी मलाई त्यसबारे बताइदेऊ। म तिमीसित यही कुरो सोधौँ भनेर आएको थिएँ" भन्यो।

नापित आह– "भद्र ! यद्येवं तद्राज्यं प्रार्थयस्व, येन त्वं राजा भवसि, अहं त्वन्मन्त्री। द्वावपीह सुखमनुभूय परलोकसुखमनुभवावः। उक्तञ्च–

हजामले पनि– "मित्र ! कुरो यस्तै खालको छ भनेदेखि तिमीले उससित राज्य माग। यसो भएपछि तिमी राजा बन्नेछौ र म तिम्रो मन्त्री बनूँला। त्यसो भएपछि हामी दुवैजनाले राज्यको सुखभोग गरेर फेरि स्वर्गको सुखभोग गर्न पनि पाउनेछौँ। भनिएको पनि छ कि–

राजा दानपरो नित्यमिह कीर्तिमवाप्य च।
तत्प्रभावात्पुनः स्वर्गं स्पर्धते त्रिदशैः सह॥ ५८॥

दानी स्वभावका राजाले यस संसारमा बाँचुन्जेलसम्म सुखको भोग गर्न पाउनेछन् र त्यसै दानका प्रभावले मरिसकेपछि पनि स्वर्गमा पुगेर फेरि देवताहरूका साथमा त्यहाँको सुख पाउनका लागि प्रतियोगिता गर्नेछन्।

कौलिक आह– "अस्त्येतत् तथापि गृहिणीं पृच्छामि।"

जुलाहाले– "मित्र ! तिमीले भनेको कुरो ठिकै हो तर एकपल्ट आफ्नी आइमाईसँग पनि परामर्श गर्नु आवश्यक ठानेको छु। त्यसैले उसलाई पनि सोधेर आउनुपर्ला" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स आह– "भद्र ! शास्त्रविरुद्धमेतत् यत्स्त्रिया सह मन्त्रः। यतस्ताः स्वल्पमतयो भवन्ति। उक्तञ्च–

यस्तो कुरो सुन्नासाथ हजामले– "मित्र ! स्त्रीसित परामर्श लिनु शास्त्रविरुद्धको कुरो हो। किनभने, स्त्रीहरू स्वाभाविक रूपमा नै कम बुद्धिका हुने गर्दछन्। भनिएको पनि छ कि–

भोजनाच्छादने दद्यादृतुकाले च सङ्गमम्।
भूषणाद्यं च नारीणां न ताभिर्मन्त्रयेत्सुधीः ॥ ५९ ॥

भोजन, वस्त्र, आभूषण र ऋतुकालमा सहवासको सुख दिएर नारीहरूलाई सन्तुष्ट राख्नुपर्दछ तर बुद्धिमान् मानिसले उनीहरूसित परामर्श लिने काम कहिल्यै गर्नुहुँदैन। किनभने–

यत्र स्त्री यत्र कितबो बालो यत्र प्रशासिता।
तद्गृहं क्षयमायाति भार्गवो हीदमब्रवीत् ॥ ६० ॥

जुन घरमा आइमाईको हालीमुहाली चल्दछ र धूर्त, जुवाडे व्यक्ति अथवा बालकहरू घरका मालिक हुन्छन्, त्यो घर छिटै नै विनाश हुन्छ। यस्तो कुरो शुक्राचार्यले आफ्ना नीतिशास्त्रमा भनेका छन्।

तावत्स्यात्सुप्रसन्नास्यस्तावद् गुरुजने रतः।
पुरुषो योषितां यावन्न शृणोति वचो रहः ॥ ६१ ॥

पुरुषले जहिलेसम्म ठूला मानिसप्रति मन लगाउँछ र आइमाईका कुरा एकान्तमा बसेर सुन्दैन तहिलेसम्म मात्रै ऊ प्रसन्न र ठूला मानिसहरूले पनि महत्त्व दिने किसिमको हुन्छ।

एताः स्वार्थपरा नार्यः केवलं स्वसुखे रताः।
न तासां वल्लभः कोऽपि सुतोऽपि स्वसुखं विना ॥ ६२ ॥

यी आइमाईहरू स्वभावले नै परमस्वार्थी हुन्छन्। उनीहरू केवल आफ्नो मात्रै सुखका विषयमा सोच्दछन्। यिनीहरूका लागि कोही पनि प्रिय व्यक्ति हुँदैन। उनीहरूको स्वार्थअनुसार सुख नदिएमा आफ्नै औरस पुत्र पनि उनीहरूलाई प्रिय लाग्दैन" भन्यो।

कौलिक आह– "तथाऽपि प्रष्टव्या सा मया। यतः पतिव्रता सा। अपरं तामपृष्ट्वाऽहं न किञ्चित्करोमि।" एवं तमभिधाय सत्वरं गत्वा तामुवचा– "प्रिये ! अद्याऽस्माकं कश्चिद् व्यन्तरः सिद्धः। स वाञ्छितं प्रयच्छति। तदहं त्वां प्रष्टुमागतः। तत्कथय किं प्रार्थये ? एष तावन्मम मित्र नापितो वदत्येवं यत्– "राज्यं प्रार्थयस्व" साह– "आर्यपुत्र ! का मतिर्नापितानाम् ? तन्न कार्य तद्वचः। उक्तञ्च–

जुलाहाले– "त्यसो भए तापनि म उससित अवश्य एकपटक सोध्दछु। किनभने त्यो ज्यादै पतिव्रता छे। त्यसका अतिरिक्त म कहिल्यै पनि उससित सल्लाह नलिईकन कुनै काम पनि गर्दिनँ, यो पनि अर्को एउटा कुरो छ" भन्यो र ऊ आफ्नी पत्नीसँग गएर– "प्रिया ! आज मसित एउटा यक्ष ज्यादै प्रसन्न भएको छ। उसले मलाई मन पर्ने वरदान दिन चाहेको छ। त्यसो हुँदा भन त के वर मागौँ भनेर सोध्नका लागि तिमीसित आएको हुँ, अघि यही कुरो गर्दा मेरो साथी हजामले राज्य माग" भन्ने सल्लाह दिएको छ। उसले त्यसो भनेको सुनेपछि स्वास्नीचाहिँले– "आर्यपुत्र ! हजामको पनि कतै बुद्धि हुन्छ र ? उसको भनाइ कुनै हालतमा मान्नुपर्दैन। भनिएको छ कि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चारणैर्बन्दिभिर्नीचैर्नापितैर्बालकैरपि।
न मन्त्रं मतिमान्कुर्यात्सार्धं भिक्षुभिरेव च॥ ६३॥

असल बुद्धि र स्वभाव भएका मानिसले चारण, चाकरीचापलुसी गर्नेजस्ता निम्न कोटिका मानिसहरू अथवा बालकहरू र सन्यासीहरूसँग परामर्श लिनुहुँदैन।

अपरं महती क्लेशपरम्परैषा राज्यस्थितिः सन्धिविग्रहयानासनसंश्रयद्वैधीभावादिभिः कदाचित्पुरुषस्य सुखं न प्रयच्छतीति। यतः—

त्यसका अतिरिक्त, राज्य भनेको अतिरिक्त कष्टको कारण पनि हो। सन्धि, विग्रह, आक्रमण, शत्रुको प्रतीक्षा गरेर बस्नु, उचित अवसरको प्रतीक्षा गर्नु, अन्य राजाहरूसँग सहायता लिनु, भेदनीतिको विस्तार गर्नु आदि राज्यका कामहरू ज्यादै कष्टका वस्तुहरू हुन्। तिनले कहिल्यै पनि राजालाई सुख दिँदैनन्। किनभने—

यदैव राज्ये क्रियतेऽभिषेकस्तदैव याति व्यसनेषु बुद्धिः।
घटा नृपाणामभिषककाले सहाऽम्भसैवापदमुद्गिरन्ति॥ ६४॥ तथा च—

राज्याभिषेक हुनेबित्तिकै नै व्यक्तिको बुद्धि राज्यका जटिल समस्या र आपद्हरूतिर जान्छ र विभिन्न चिन्ताहरू आएर मानिसका वरिपरि बसेका हुन्छन्। राजाको अभिषेक गर्ने घटाले जलका साथसँगै अनेकौँ आपद्हरूलाई पनि सँगै टाउकामा खन्याइदिन्छ।

रामस्य व्रजनं वने निवसनं पाण्डोः सुतानां वने
वृष्णीनां निधनं नलस्य नृपतेः राज्यात्परिभ्रंशनम्।
सौदासं तदवस्थमर्जनवधं सचिन्त्य लङ्केश्वर
दृष्ट्वा राज्यकृते विडम्बनगतं तस्मान्न तद्वाञ्छयेत्॥ ६५॥

हेर, राज्यकै कारणले गर्दा रामले वनमा जानुपऱ्यो। पाण्डवहरूले वनमा जानुपऱ्यो। यदुवंशीहरूको विनाश पनि राज्यकै लागि भएको थियो। राजा नलले राज्यकै लागि अनेकौँ कष्ट भेल्नुपरेको थियो। सौदास राजालाई वशिष्ठको शापले गर्दा राक्षसजुनीमा जानुपरेको थियो। कार्तवीर्यलाई राज्यकै लागि परशुरामले मारे र महाराज रावणले पनि राज्यकै लागि कति दुःखदायी मृत्यु मर्नुपरेको थियो। त्यसैले बुद्धिमान् व्यक्तिले कहिल्यै पनि राज्यप्राप्तिको इच्छा गर्नुहुँदैन।

यदर्थं भ्रातरः पुत्रा अपि वाञ्छन्ति ये निजाः।
वधं राज्यकृतां राज्ञां तद्राज्यं दूरतस्त्यजेत्॥ ६६॥

जुन राज्यका लागि राजाले आफ्ना साख्खै दाजुभाइ र बाबुछोराले पनि आपसमा आफूआफूबिच पनि मारामार चलाउनुपर्ने हुन्छ त्यस्ता राज्यलाई टाढैबाट प्रणाम गरेर छोडिदिनुपर्छ" भनी।

कौलिक आह— "सत्यमुक्तं भवत्या। तत्कथय किं प्रार्थये ?"

आइमाईको कुरो सुनेर जुलाहाले— "तिमी कुरो त ठिकै गर्दै छ्यौ तर भन न त अब उससित के मागौँ ?" भनी सोध्यो।

साह— "त्वं तावदेकं पटं नित्यमेव निष्पादयसि। तेन सर्वा व्ययशुद्धिः सम्पद्यते। इदानीं त्वमात्मनोऽन्यद्बाहुयुगलं द्वितीयं शिरश्च याचस्व, येन पटद्वयं सम्पादयसि पुरतः पृष्ठतश्च। एकस्य मूल्येन गृहे यथापूर्वं व्ययं सम्पादयिष्यसि द्वितीयस्य मूल्येन विशेषकृत्यानि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

करिष्यसि। एवं सौख्येन स्वजातिमध्ये श्याघ्यमानस्य कालो यास्यति, लोकद्वयस्योपार्जना च भविष्यति।"

उसकी आइमाईले– "तिमी दिनहुँ एउटा कपडा बनाउँछौ। त्यसै बाट घरको सम्पूर्ण खर्चबर्च चलेको छ। तिमी गएर अरू दुईवटा हात र एउटा टाउको माग। यस्तो चार हात र एउटा टाउको भएपछि एउटा अगाडिका हात र टाउकाले र अर्को एउटा पछाडिको हात र टाउकाले गरी तिमीले सधैँ दुईवटा कपडा बनाउन सक्नेछौ। एउटा कपडाका मूल्यले घरको सम्पूर्ण खर्च चल्न सक्छ र अर्को एउटाका मूल्यले अरू विशेष किसिमका काम चल्न सक्छन्। यसो भएपछि आफ्ना जातिका मानिसहरूमा पनि प्रतिष्ठापूर्वक सुखले हाम्रो समय बित्नेछ र परलोक पनि सुध्रिनेछ" भनी।

सोऽपि तदाकर्ण्य प्रहृष्टः प्राह– "साधु पतिव्रते ! साधु। युक्तमुक्तं भवत्या। तदेवं करिष्यामि। एष मे निश्चयः।"

आइमाईको परामर्शलाई स्वीकार गर्दै जुलाहाले प्रसन्न हुँदै– "तिमी ठिकै भन्दै छौ, तिमी पतिव्रता हौ। म तिम्रो परामर्शअनुसार नै गर्नेछु। म तिमीलाई वचन दिन्छु कि मेरो निश्चय पनि यही हो" भन्यो।

ततोऽसौ गत्वा व्यन्तरं प्रार्थयाञ्चक्रे– "भो, यदि ममेप्सितं प्रयच्छसि तद्देहि मे द्वितीयं बाहुयुगलं शिरश्च।"

यक्षका छेउमा गएर उसले विनम्र भावले– "यदि तिमीले मलाई मेरो इच्छाअनुसारको केही दिन चाहेका छौ भनेदेखि अरू दुईवटा पाखुरा र एउटा शिर देऊ" भनेर प्रार्थना गऱ्यो।

एवमभिहिते तत्क्षणादेव स द्विशिरश्चतुर्बाहुश्च सञ्जातः। ततो हृष्टमना यावद् गृहमागच्छति तावल्लोकैः "राक्षसोऽयमिति मन्यमानैर्लगुडपाषाणप्रहारैस्ताडितो, मृतश्च।"

यसरी प्रार्थना गर्दागर्दै उसका चार हात र दुई शिर पनि भए। ऊ खुसीले गद्गद हुँदै घर फर्किन लागेको थियो, त्यसै बेला बाटामा मानिसहरूले उसलाई देखेर यो त राक्षस पो रहेछ भन्ने ठाने अनि उसमाथि लाठा-मुङ्ग्रा र ढुङ्गा-मुढा बर्साउन लागे। त्यसरी चुटाइ खाँदाखाँदै ऊ मऱ्यो" भनेर सुनायो।

अतोऽहं ब्रवीमि– "यस्य नास्ति स्वयं प्रज्ञा" इति।

सुवर्णसिद्धिले– "त्यसैले म भन्दछु कि जसको आफ्नो बुद्धि पनि छैन र मित्रहरूले भनेको पनि मान्दैन, जुलाहाको जस्तै गरी त्यसको पनि अकालमै दुःखदायी मृत्यु हुन्छ" भन्यो।

चक्रधर आह– "भोः सत्यमेतत्। सर्वोऽपि जनोऽश्रद्धेयामाशापिशाचिकां प्राप्य हास्यपदवीं याति। अथवा साध्विदमुच्यते केनाऽपि

यस्तो कुरो सुनेपछि चक्रधारीले– "तिमी ठिकै कुरो गर्दै छौ। पत्यार नलाग्दो खालको, दुराशापूर्ण पिशाची फन्दामा पर्ने प्रत्येक मानिस उपहासका पात्र हुन्छन्। अथवा ठिकै पनि भनिएको रहेछ कि–

अनागतवतीं चिन्तामसंभाव्यां करोति यः।
स एव पाण्डुरः शेते सोमशर्मपिता यथा॥ ६७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असम्भव र नपाइने किसिमका कुराको चिन्ता मानिसहरूले गर्दछन् तर त्यस्तो नचाहिँदो कुराको कामना गर्ने व्यक्ति सोमशर्माका पिता पहँलिएझैँ पहँलिएर ढल्न पुग्दछन्" भन्यो ।

सुवर्णसिद्धिराह— "कथमेतत् ?" सोऽब्रवीत्—

सुवर्णसिद्धिले— "त्यो कसरी ?" भनेर सोध्यो । चक्रधारी भन्दछ कि—

सोमशर्मपितृकथा

कस्मिँश्चिन्नगरे कश्चित्स्वभावकृपणो नाम ब्राह्मणः प्रतिवसति स्म। तेन भिक्षाऽर्जितैः सक्तुभिर्भुक्तशेषैः कलशः सम्पूरितः तं च घटं नागदन्तेऽवलम्ब्य तस्याऽधस्तात्खट्वां निधाय सततमेकदृष्ट्या तमवलोकयति।

सोमशर्माको बाबु

कुनै सहरमा अति नै कन्जुस स्वभाव भएका स्वभावकृपण नामका एउटा ब्राह्मण रहने गर्दथे। उनले भिक्षामा पाएको सत्तु खाएर बचेको भाग जोगाउँदै एउटा घडा भरेका थिए। त्यस घडालाई आफ्नो खाटनजिकै सिँगौरामा झुन्डाउने गर्दथे र त्यसैका तलतिर आफू खटिया हालेर सुत्ने गरेका थिए । खटियामा सुतेका बेला निरन्तर उनी त्यसै घडातिर ध्यानपूर्वक हेरिरहन्थे।

अथ कदाचिद्रात्रौ सुप्तश्चिन्तयामास— यत् परिपूर्णोऽयं घटस्तावत्सक्तुभिर्वत्तते। तद्यदि दुर्भिक्षं भवति तदनेन रूप्यकाणां शतमुत्पत्स्यते। ततस्तेन मयाऽजाद्वयं ग्रहीतव्यम्। ततः षण्मासिकप्रसववशात्ताभ्यां यूथं भविष्यति। ततोऽजाभिः प्रभूता गा ग्रहीष्यामि। गोभिर्महिषीः। महिषीभिर्वडवाः। वडवाप्रसवतः प्रभूता अश्वा भविष्यन्ति। तेषां विक्रयात्प्रभूतं सुवर्णं भविष्यति। सुवर्णेन चतुःशालं गृहं सम्पत्स्यते।

एक दिन सुतेर सोच्दासोच्दै उनले यो घडा त सत्तुले भरिइसकेको छ, यदि अनिकाल पर्ने हो भनेदेखि यसलाई बेच्दा मैले सय रुपियाँ पाउनेछु। त्यस पैसाले म दुईवटा बाखा किन्नेछु। अनि ती दुई बाखाले प्रत्येक छछ महिनामा पाठा पाउन थाल्छन्। अनि मसँग हुलका हुल बाखा हुनेछन्। ती बाखाहरू बेचेर म गाई किन्छु र गाईहरू बेचेर म भैँसी किन्नेछु। अनि फेरि भैँसीहरू बेचेर घोडी किन्नेछु। घोडीहरू ब्याएर अलिक दिनमा बच्चा धेरै भएपछि घोडाको पनि हुल ठूलो हुन्छ। अनि घोडाको बथानबाट केही बेचेपछि मनग्गे सुन किन्न पाइन्छ। अनि त्यस सुन बेचेर आएको धनबाट म एउटा साह्रै राम्रो खालको चार कोठाको घर बनाउछु।

ततः कश्चिद् ब्राह्मणो मम गृहमागत्य प्राप्तवयस्कां रूपाढ्यां कन्यां मह्यं दास्यति। तत्सकाशात्पुत्रो मे भविष्यति। तस्याऽहं "सोमशर्मा" इति नाम करिष्यामि।

मैले घर बनाइसकेपछि कुनै ब्राह्मण आएर उनकी राम्रो अनुहार भएकी तरुनी छोरी मलाई दिएर बिहा गराउनेछन्। त्यसका गर्भबाट एउटा छोरो जन्मिने थियो र म उसको नाम सोमशर्मा राख्नेछु।

ततस्तस्मिञ्जानुपचलनयोग्ये सञ्जातेऽहं पुस्तकं गृहीत्वाऽश्वशालायाः पृष्ठदेशे उपविष्टस्तदवधारयिष्यामि। अत्राऽन्तरे सोमशर्मा मां दृष्ट्वा जनन्युत्संगाज्जानुचलन-परोऽश्वखुरासन्नवर्ती मत्समीपमागमिष्यति। ततोऽहं ब्राह्मणीं कोपाविष्टोऽभिधास्यामि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"गृहाण तावद् बालकम्।" साऽपि गृहकर्मव्यग्रतयाऽस्मद्वचनं न श्रोष्यति। ततोऽहं समुत्थाय तां पादप्रहारेण ताडयिष्यामि।

ऊ जब हातखुट्टा टेकेर सर्दै हिँड्न सक्ने हुन्थ्यो अनि म हातमा पुस्तक लिएर उसलाई आउला कि भन्ने आशाले गर्दै तबेलापछाडि गएर बस्नेछु। आफ्नी आमाका काखबाट ओर्लेर खेल्नका लागि सोमशर्मालि मलाई खोज्दै त्यहाँ बसेको देखेर मतिर आउन लाग्छ। घुँडाले टेक्दै घोडाका नजिकबाट कटेर आउन लागेको हुन्छ अनि म रिसाउँदै आफ्नी स्त्रीलाई "छोरालाई छिटो बोकेर लैजाऊ" भन्दै अह्राउनेछु। घरको कुनै काममा लागिरहेकी हुनाले उसले मेरो भनाइ सुन्दिन अनि म यसरी हात्तले हिर्काउनेछु।

एवं तेन ध्यानस्थितेन तथैव पादप्रहारो दत्तो, यथा स घटो भग्नः, स्वयञ्च सक्तुभिः पाण्डुरतां गतः।

यस किसिमका कुराहरू सोच्दै ती ब्राह्मणले सोचाइमा मग्न हुँदै ब्राह्मणीलाई लात हान्नका लागि खुट्टो मच्चाए। उनका खुट्टाले किलामा ठोकिँदा हल्लिएर घडा फुट्यो र भएजति सत्तु सबै ती ब्राह्मणमाथि पऱ्यो ब्राह्मण पहेँलै र फुस्रै भए।

अतोऽहं ब्रवीमि– "अनागतवतीं चिन्ताम्" इति।

त्यसैले म त भन्दछु कि अनावश्यक चिन्ता गर्ने व्यक्तिको पनि सोमशर्माका पिताकै जस्तो दुर्गति हुन्छ।

सुवर्णसिद्धिराह– "एवमेतत्। कस्ते दोषः। यतः सर्वोऽपि लोभेन विडम्बितो बाध्यते। उक्तञ्च–

सुवर्णसिद्धिले– "तिम्रो त यसमा दोष नै के छ र ? सबै मानिसहरूले लोभमा परेकाले नै दुःख पाउँछन्। भनिएको पनि छ कि–

यो लौल्यात्कुरुते कर्म, नैवोदर्कमवेक्षते।
विडम्बनामवाप्नोति स यथा चन्द्रभूपतिः॥ ६८॥

जुन व्यक्ति लोभलालचका कारणले कामको परिणामलाई नसोचीकन कुनै काम गर्न लाग्दछ, त्यसले अन्त्यमा धोका पाउँछ। चन्द्रभूपतिले पनि यसै किसिमको लोभलालचका कारण धोका पाएको थियो" भन्यो।

चक्रधर आह– "कथमेतत् ?" स आह–

चक्रधारीले– "त्यस्तो कसरी अरे ?" भनी सोध्यो र सुवर्णसिद्धिले भन्यो–

चन्द्रभूपतिकथा

कस्मिँश्चिन्नगरे चन्द्रो नाम भूपतिः प्रतिवसति स्म। तस्य पुत्रा वानरक्रीडारता वानरयूथं नित्यमेवाऽनेकभोजनभक्षादिभिः पुष्टिं नयन्ति स्म। अथ वानरयूथाऽधिपो यः स औशनस बार्हस्पत्य चाणक्य मतवित् तदुष्ठाता च तत्सर्वानप्याध्यापयति स्म।

लोभी चन्द्रभूपति

कुनै सहरमा चन्द्र नामका एक्जना राजा थिए। उनको छोरो बाँदरसँग खेल्न ज्यादै मन पराउँथ्यो। त्यसैले ऊ बाँदरका हुललाई सधैँ अनेक किसिमका खाने कुराहरू हालिदिएर पाल्ने गर्दथ्यो। बाँदरको हुलको मुखियाचाहिँ, शुक्राचार्य, बृहस्पति, चाणक्यआदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीतिवेत्ताहरूले रचना गरेका नीतिशास्त्रहरूको ज्ञान भएको थियो। ऊ आफैँ पनि नीतिसम्मत आचरण गर्दथ्यो र अरू बाँदरहरूलाई पनि नीतिशास्त्र पढाउने गर्दथ्यो।

अथ तस्मिन् राजगृहे लघुकुमारवाहनयोग्यं मेषयूथमस्ति। तन्मध्यादेको जिह्वा-लौल्यादहर्निशं निःशङ्क महानसे प्रविश्य यत्पश्यति तत्सर्वं भक्षयति। ते च सूपकारा यत्किञ्चित्काष्ठं, मृण्मयं भाजनं, कांस्यपात्रं, ताम्रपात्रं वा यः पश्यन्ति तेनाशु ताडयन्ति।

राजाले साना राजकुमारलाई चढ्नका लागि भेडाको एउटा बथान पालेर राखेका थिए। त्यस बथानको एउटा भेडो खाने कुरा ज्यादै को लोभी भएको हुँदा राति होस् कि दिउँसो मौका पर्नासाथ भान्सामा पस्ने गर्दथ्यो र त्यहाँ खाने कुरो जे भेट्यो त्यही खाइदिने गर्दथ्यो। भान्सेले पनि त्यसलाई देख्नासाथ दाउरा, माटाको भाँडा, काँसका भाँडा, ताँबाको भाँडाआदि जे भेट्थ्यो त्यसैले झटारो हानेर हिर्काउने गर्दथ्यो।

सोऽपि वानरयूथपस्तद् दृष्ट्वा व्यचिन्तयत्— "अहो, मेषसूपकारकलहोऽयं वानराणां क्षयाय भविष्यति। यतोऽन्नरसास्वादम्पटेऽयं मेषो महाकोपाश्च सूपकारा यथासन्नवस्तुना प्रहरन्ति। तद्यदि वस्तुनोऽभावात्कदाचिदुल्मुकेन ताडयिष्यन्ति तदोर्णाप्रचुरोऽयं मेषः स्वल्पेनाऽपि वह्निना प्रज्वलयिष्यति। तद्दह्यमानः पुनरश्वकुट्यां समीपवर्तिन्यां प्रवेक्ष्यति। साऽपि तृणप्राचुर्याज्ज्व-लिष्यति। ततोश्वा वह्निदाहमवाप्यन्ति।

बाँदरका हुलको मुखियाले यस्तो घटना देखेपछि उसलाई ज्यादै पिर लाग्यो। उसले आफ्नै मनमनै— "यो भेडो र भान्सेबिच भइरहेको झगडा कुनै दिन बाँदरहरूका लागि विनाशको कारण बन्न पुग्दछ। किनभने यो भेडो खाने कुराको लोभी रहेछ र भान्सेचाहिँ रिसाहा। त्यसो भएर उसले नजिकै जे भेट्यो त्यही वस्तुलाई टिपेर झटारो हान्ने गर्दो रहेछ। कुनै बेला अरू केही कुराले झटारो हान्न पाएन भने यसले पक्कै पनि बलिरहेको अगुल्टाले नै हान्ला। यस भेडाको जिउभरि ऊन हुन्छ। आगोको झिल्को मात्रै पऱ्यो भने पनि त्यो सल्किन थाल्दछ र डढ्न लागेपछि यो भेडो कुदेर पछाडितिर नजिकै भएको घोडाका तबेलातिर जानेछ जतातत‍ै सुकेको घाँस-पराल छरिएको हुनाले त्यहाँ पनि आगो सल्किन लाग्दछ र घोडाहरू सबै डढ्छन्।

शालिहोत्रेण पुनरेतदुक्त यत्— "वानरवसयाऽश्वानां वह्निदाहदोषः प्रशाम्यति" तन्नूनमेतेन भाव्यम्। एषोऽत्र निश्चयः। एवं निश्चित्य सर्वान् वानरानाहूय रहसि प्रोवाच यत्—

शालिहोत्र भन्ने विद्वान्ले आफ्ना किताबमा घोडालाई डढेर लागेको घाउ निको पार्न बाँदरको बोसो लगाउनुपर्छ भनेर लेखेको छ। एक न एक दिन यस्तो घटना पक्कै घट्नेछ र बाँदरको बोसो खोज्न थालिनेछ। यो कुरो पक्कै हुन्छ" भन्ने सोच्यो। यस्तो सोचिसकेपछि उसले सबै बाँदरहरूलाई एकान्तमा लगेर—

मेषेण सूपकाराणां कलहो योऽत्र जायते।
स भविष्यत्यसंदिग्धं वानराणां क्षयावह॥ ६९ ॥

"भेडासँग भान्सेको जुन झगडा भइरहेको छ, त्यो पक्कै पनि बाँदरका विनाशको कारण हुनेछ, यसमा कुनै शङ्का गर्नुपर्दैन।

तस्मात् स्यात् कलहो यत्र गृहे नित्यमकारणः।
तद्गृहं जीवितं वाञ्छन् दूरतः परिवर्जयेत्॥ ७० ॥ तथा च—

जुन घरमा बिनकारण नै झगडा हुने गर्दछ, जिउँदो रहन मन गर्ने मानिसले त्यस्तो घर तुरुन्तै छाडिदिएर टाढा जानुपर्दछ। त्यसै गरी—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलहान्तानि हर्म्याणि कुवाक्यान्तं च सौहृदम्।
कुराजान्तानि राष्ट्राणि कुकर्मान्तं यशो नृणाम्॥ ७१॥

दिनहुँका झगडाले निकै राम्रा घरहरू पनि नाश भएर जान्छन्। रुखो बोली बोल्नाले निकै गहिरो मैत्री पनि फुट्दछ। खराब राजाका कारणले राष्ट्रको पनि विनाश हुन्छ र दुष्कर्म गर्नाले व्यक्तिको यश पनि सकिएर जान्छ।

तन्न यावत्सर्वेषां क्षयो भवति तावदेवैतद्राजगृहं सन्त्यज्य वनं गच्छामः।

त्यसो भएको हुँदा सम्पूर्ण बाँदरहरूको विनाशको दिन आउनुभन्दा पहिले नै यस राजाको घरलाई छोडेर हामी कतै वनमा अन्तैतिर बसौँ" भन्यो।

अथ तत्तस्य वचनमश्रद्धेयं श्रुत्वा मदोद्धता वानराः प्रहस्य प्रोचुः– "भो! भवतो वृद्धभावाद् बुद्धिवैकल्यं सञ्जातं, येनैतद् ब्रविषि। उक्तञ्च–

हुलको मुखियाको यस्तो खालको अचम्मको कुरो सुनेर मदले मस्त भई मातिँदै तन्नेरी बाँदरहरूले हेप्दै– "बुढ्यौली लागेकाले तिम्रो बुद्धि भुटिन लागेको छ। तिमी भ्रममा पर्न लागेका छौ। त्यसैले तिमीले यस्ता खालको परामर्श दिन लागेका हौ। भनिएको पनि छ कि–

वदनं दशनैर्हीनं लाला स्रवति नित्यशः।
न मतिः स्फुरति क्वापि बाले वृद्धे विशेषतः॥ ७२॥

मुखमा दाँत नहुनाले निरन्तर राल खस्ने गर्दछ। त्यसो हुँदा बालककालमा र वृद्धअवस्थामा मानिसको बुद्धि कुनै विशेष काममा आउन सक्ने गरी फक्रिएको हुँदैन।

न वयं स्वर्गसमानोपभोगान्नानाविधान्भक्ष्यविशेषान् राजपुत्रैः स्वहस्तदत्तानमृतकल्पान् परित्यज्य तत्राऽटव्यां कषायकटुतिक्तक्षाररूक्षफलानि भक्षयिष्यामः।" तच्छ्रुत्वाऽश्रुकलुषां दृष्टिं कृत्वा स प्रोवाच–

हामीहरू यहाँका दिव्य स्वादले भरिएका, विभिन्न तरिकाले पकाइएका, अमृतजस्तो मिठो लाग्ने र राजकुमारहरूका हातले स्नेहपूर्वक दिइएका विविध स्वाद भएका खाद्यपदार्थ छोडेर टर्रा, तिता, पिरा, अमिला, रस नभएका फलहरूलाई खानका लागि वनमा कुनै हालतमा पनि जाँदैनौँ। मुखियाले बाँदरहरूको यस्तो निर्णय सुनेपछि आँखाभरि आँसु पारेर उनीहरूतिर हेर्दै–

"रे रे मूर्खाः! यूयमेतस्य सुखस्य परिणामं न जानीथ। किम्पाकरसास्वादनप्रायमेतत्सुखं परिणामे विषवद् भविष्यति। तदहं कुलक्षयं स्वयं नावलोकयिष्यामि। साम्प्रतं वनं यास्यामि। उक्तञ्च–

"हेर मूर्खहरू हो! खानमा मिठो स्वाद भए पनि बिसैलो फल खाएको जस्तो यस सुखको परिणाम कति दुःखदायक हुन्छ र त्यहाँ दुःख गर्दा त्यसको परिणाम कति सुखद हुन्छ भन्ने कुरो तिमीहरूले बुझेका रहेनछौ। मचाहिँ यिनै आँखाले आफ्नै कुलको नाश हुँदै गरेको हेर्न सक्दिनँ। त्यसैले म अहिले नै वनतिर जान्छु। भनिएको पनि छ कि–

मित्रं व्यससम्प्राप्तं स्वस्थानं परपीडितम्।
धन्यास्ते ये न पश्यन्ति देशभङ्गं कुलक्षयम्॥ ७३॥

दुःखमा परेका मित्रलाई र शत्रुहरूबाट आक्रमण गरिएका देशलाई प्रतिकार गर्दै जोगाउन सकिँदैन भने त्यस्तो हेरेर बस्नु पनि हुँदैन। जसले आफ्नै आँखाले आफ्नो देश र कुलको विनाश भएको देख्नुपर्दैन ती व्यक्तिहरू नै धन्य हुन्छन्" भनेर धेरै सम्झायो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवमभिधाय सर्वांस्तान् परित्यज्य स यूथाधिपोऽटव्यां गतः। अथ तस्मिन्गतेऽन्यस्मिन्न-हनि स मेषो महानसे प्रविष्ये, यावत्सूपकारेण नान्यत्किञ्चित्समासादितं तावदर्धज्वलितकाष्ठेन ताड्यमानो जाज्वल्यमानशरीरः शब्दायमानोऽश्वकुट्यां प्रत्यासन्नवर्तिन्यां प्रविष्टः।

उसले सम्झाउँदा पनि नमानेका हुनाले त्यो मुखिया एक्लै नै वनतिर हिँड्यो। ऊ त्यहाँबाट गइसकेपछि एक दिन भेडो भान्सामा पसेको मात्रै के थियो भान्सेले अरू कुरो केही नपाएर बल्दाबल्दैको राँकोले त्यसलाई झटारो हान्यो। आधा बलिरहेको दाउरो गएर जब भेडाका जिउमा ठोकियो अनि त्यसका जिउभरि आगो सल्किन लाग्यो। बलिरहेको भेडो कराउँदै र कुद्दै गएर नजिकैको घोडाको तबेलामा पस्यो।

तत्र तृणप्राचुर्ययुक्तायां क्षितौ तस्य प्रलुठतो सर्वतोऽपि वह्निज्वालास्तथा समुत्थिता यथा केचिदश्वाः स्फुटितलोचनाः पञ्चत्वं गताः। केचिद् बन्धनानि त्रोटयित्वा अर्धदग्धशरीरा इतश्चेतश्च ह्नेषायमाणा धावमानाः सर्वमपि जनसमूहमाकुलीचक्रुः।

अनि आफ्ना जिउमा लागेको आगो निभाउनका लागि भुइँमा लडीबुडी गर्न लाग्यो। जतातातै सुकेको घाँस–पराल छरिएको हुनाले घोडाको तबेलामा पनि आगो लाग्यो। एकै छिनमा त्यहाँ यति ठूलो आगाको ज्वाला दन्कियो कि कैयौँ घोडाका आँखा फुटे भने कैयौँ मरे पनि। कैयौँले बन्धन चुँडालेर भागे भने कुनै आधा डढेको शरीर लिएर यता र उति हिल्लिँदैं कुद्न थाले। यस्तो भागाभागमा सारा जनसमुदाय नै व्याकुल र व्यस्त भए।

अत्रान्तरेऽन्तरे राजा सविषादः शालिहोत्रज्ञान् वैद्यानाहूय प्रोवाच— "भोः ! प्रोच्यता-मेषामश्वानां कश्चिद्दाहोपशमनोपायः।" तेऽपि शास्त्राणि विलोक्य प्रोचुः— "देव ! प्रोक्तमत्र विषये भवता शालिहोत्रेण, यत—

आफ्ना सबै घोडाहरू डढेको खबर सुनेपछि राजा निकै दुःखी भए र घोडाको उपचार गर्न जान्ने वैद्यलाई बोलाएर— "घोडालाई डढेर लागेको घाउ निको पार्ने कुनै औषधि छ भनेदेखि कृपया तुरुन्त बताऊ" भनेर सोधे।

"कपीनां मेदसा दोषो वह्निदाहसमुद्भवः।
अश्वानां नाशमभ्येति तमः सूर्योदये यथा॥ ७४॥

वैद्यले चिकित्साशास्त्रमा हेरेर— "महाराज ! सूर्यको उदय हुनासाथ अन्धकार जसरी समाप्त भएर जान्छ उसै गरी बाँदरको बोसो लगाउनाले घोडा डढेको डाह पनि तुरुन्तै समाप्त हुन्छ भनेर भगवान् शालिहोत्रले यस विषयमा आफ्नो चिकित्साशास्त्रमा लेखेका छन्।

तत्क्रियतामेतच्चिकित्सितं द्राक्, यावदेतेन दाहदोषेण विनश्यन्ति।

डढेका पिरले यी घोडाहरू मर्नुभन्दा पहिले नै यिनका उपचारको व्यवस्था गर्न तुरुन्त आदेश दिइयोस्" भनेर वैद्यले बिन्ती चढायो।

सोऽपि तदाकर्ण्य समस्तवानरावधमादिष्टवान्। किं बहुना— सर्वेऽपि ते वानराः विविधायुधलगुडपाषाणादिभिर्व्यापादिताः इति।

वैद्यको रायपरामर्शबाट राजाले सबै बाँदर मार्ने आदेश दिए। धेरै भन्नुपर्ने केही छैन। बिचरा बाँदरहरू विभिन्न किसिमका हतियार, लौरा र ढुङ्गाले हानेर मारिए।

अथ सोऽपि वानरयूथपस्तं पुत्रपौत्रभ्रातृसुतभागिनेयादिसंक्षयं ज्ञात्वा विषादमुपगतः सन्त्यक्ताहारक्रियो वनाद्वनं पर्यटति। अचिन्तयच्च— "कथमहं तस्य नृपापसदस्यानृणतां कृत्येनाऽपकृत्यं करिष्यामि। उक्तञ्च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस मुखियाले यो खबर जब सुन्यो अनि उसलाई आफ्ना छोरा, नाति, पनाति, भतिजा र भान्जा आदि सबै नातागोता, कुटुम्बबिरानाको मृत्युले ज्यादै दुःख लाग्यो। खानपिउन छोडेर विरक्त हुँदै वनमा यताउति घुम्दै निरन्तर– "यस कृतघ्न राजाले मेरा कुलवंशको नाश गरेको बदला म कसरी लिन सकूँला" भन्ने सोच्न लाग्यो। भनिएको पनि छ कि–

मर्षयेद्धर्षणां योऽत्र वंशजां परनिर्मिताम्।
भयाद्वा यदि कामात् स ज्ञेयः पुरुषाऽधमः" ॥ ७५ ॥

डर या लोभका कारणले जुन मानिस शत्रुद्वारा उत्पन्न गरेको आफ्नो कुलको अपमान र विनाशलाई चुप लागेर खपिराख्दछ त्यो नराधम हो र त्यसलाई मान्नुपर्छ" भन्ने सोच्दथ्यो।

अथ तेन वृद्धवानरेण क्वचित्पिपासाकुलेन भ्रमता पद्मिनीखण्डमण्डितं सरः समासादितम्। तद्यावत्सूक्ष्मेक्षिकयाऽवलोकयति तावद् वनचरमनुष्याणां पदपङ्क्तिप्रवेशोऽस्ति न निष्क्रमणम्। ततश्चिन्तितम् "नूनमत्र जलान्ते दुष्ट ग्राहेण भाव्यम्। तत्पद्मिनीनालमादाय दूरस्थोऽपि जलं पिबामि।"

कुनै दिन तिर्खाले खरिएर त्यो बुढो बाँदर यता र उति पानीका खोजीमा हिँड्दै गर्दा कमलका फूलहरूले शोभायमान भएको एउटा तलाउमा पुग्यो। उसले निकै ध्यानपूर्वक हेर्दा त्यस तलाउमा प्राणीहरू पसेका पाइला त देख्यो तर त्यहाँबाट बाहिर निस्केका पाइला भने देखेन। त्यस्तो देखेपछि उसले यस तलाउमा पक्कै पनि कुनै दुष्ट गोही बसेको हुनुपर्दछ। त्यसैले यसमा भित्र जानु उचित हुनेछैन। बाहिरबाटै पानी खानुपर्‍यो" भन्दै कमलको नलीले पानी खायो।

तथाऽनुष्ठिते तन्मध्याद्राक्षसो निष्क्रम्य रत्नमालाविभूषितकण्ठस्तमुवाच– "भो ! अत्र यः सलिले प्रवेशं करोति स मे भक्ष्यः इति। तन्नाऽस्ति धूर्ततरस्त्वत्समोऽन्यो यः पानीयमनेन विधिना पिबति। ततस्तुष्टोऽहं प्रार्थयस्व हृदयवाञ्छितम्।"

कमलको नलीले जसै त्यो बाँदर पानी खाँदै थियो कि उसै बेला तलाउका भित्रबाट एउटा राक्षस निस्कियो। त्यसले एउटा अत्यन्त सुन्दर रत्नको माला लगाएको थियो। बाँदरलाई देखेर उसले– "ए बाँदर ! यस पानीमा जो भित्र पस्तछ त्यो मेरो सिकार हो। तँजस्तो बाठो त आजसम्म मैले कसैलाई पनि देखेको थिइनँ। किनभने तैँले त पानीमा प्रवेश नै नगरीकन कमलका नलीले पानी खाइरहेको छस्। म तेरो चतुऱ्याइँदेखि ज्यादै खुसी भएँ। तँलाई जे कुरो चाहिएको छ, त्यसअनुसारको वर माग्" भन्यो।

कपिराह– "भोः ! कियती ते भक्षणशक्ति ?"

बाँदरले– "तँ कति प्राणीलाई खान सक्दछस् ?" भनेर सोध्यो।

स आह– "शतसाहस्रायुतलक्षण्यपि जलप्रविष्टानि भक्षयामि। बाह्यतः शृगालोऽपि मां धर्षयति।

राक्षसले– "पानीमा पसेका एक सय, एक हजार, दस हजार, दस लाख जति प्राणी भए पनि ती सबैलाई पनि खाइदिन सक्छु, तर पानीबाट बाहिरचाहिँ एउटा स्यालले पनि मलाई परास्त गरिदिन सक्दछ" भन्यो।

वानर आह– "अस्ति मे केनचिद् भूपतिना सहाऽत्यन्तं वैरम्। यद्येनां रत्नमालां मे प्रयच्छसि तत्सपरिवारमपि तं भूपतिं वाक्यप्रपञ्चेन लोभयित्वाऽत्र सरसि प्रवेशयामि।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो कुरो सुनेर बाँदरले– एउटा राजासँग मेरो निकै ठूलो शत्रुता छ। यदि यो रत्नको माला मलाई दिइस् भने म आफ्ना कुराको बढ्याइँले लोभ्याउँदै त्यस राजालाई सपरिवार नै यहाँ ल्याएर तलाउभित्र पसाइदिन सक्छु" भन्यो।

सोऽपि श्रद्धेयं वचस्तस्य श्रुत्वा रत्नमालां दत्वा प्राह– "भो मित्र ! यत्समुचितं भवति तत्कर्त्तव्यम्" इति।

राक्षसले त्यस बाँदरका कुरालाई पत्याउनलायक ठानेर रत्नको माला दिँदै– "मित्र ! तिमीलाई जसो गर्न सजिलो हुन्छ, उसै गर" भन्यो।

वानरोऽपि रत्नमालाविभूषितकण्ठो वृक्षप्रासादेषु परिभ्रमञ्जनैर्दृष्टः पृष्टश्च, "भो यूथप ! भवानियन्तं कालं कुत्र स्थितः ? भवता इदृग्रत्नमाला कुत्र लब्धा, दीप्त्या सूर्यमपि तिरस्करोति।"

राक्षसले दिएको रत्नको माला लगाएर त्यो बाँदर रुखहरूमा र घरका धुरीमा यताउति घुम्दै सहरका बासिन्दाका आँखामा देखिन पुग्यो। सहरका बासिन्दाहरूले प्रेमपूर्वक उसलाई– "मुखिया ! तिमी आजसम्म कहाँ थियौ ? यति राम्रो रत्नको माला तिमीले कहाँ भेट्यौ ? यो त सूर्यलाई पनि जित्ने गरी पो टल्किँदो रहेछ त" भन्दै र सोध्दै गर्न लागे।

वानरः प्राह– "अस्ति कुत्रचिदरण्ये गुप्ततरं महत्सरो धनदनिर्मितम्। तत्र सूर्येऽर्धोदिते रविवारे यः कश्चिन्निमज्जति स धनदप्रसादादीदृग्रत्नमालाविभूषितकण्ठो निःसरति।"

बाँदरले त्यसको उत्तर दिँदै– "वनमा कुबेरको एउटा ज्यादै गोप्य तलाउ रहेछ। त्यस तलाउमा आधा घाम झुल्कँदाको समयमा जसले स्नान गर्दछ उससित कुबेर खुसी भएर यस्तो मालाले गला सिँगारेर बाहिर पठाइदिँदा रहेछन्" भन्यो।

अथ भूभुजा तदाकर्ण्य स वानरः समाहूतः पृष्टश्च– "भो यूथाऽधिप ! किं सत्यमेतत्, रत्नमालासनाथं सरोऽस्ति क्वाऽपि ?"

राजाले जब यस्तो खबर सुने, अनि त त्यस मुखिया बाँदरलाई बोलाएर– "हे बाँदर मुखिया ! कतै एउटा रत्नमालाले भरिएको तलाउ छ भनेर तिमीले भनेको कुरो साँचो हो ?" भनी सोधे।

कपिराह– "स्वामिन् ! एष प्रत्यक्षतया मत्कण्ठस्थितया रत्नमालया प्रत्ययस्ते। तद्यदि रत्नमालया प्रयोजनं तन्मया सह कमपि प्रेषय, येन दर्शयामि।"

बाँदरका मुखियाले– "महाराज ! मेरा गलामा दसीप्रमाणका रूपमा रहेको यस रत्नमालालाई देखेर पनि यति कुरो त विश्वास गर्न सकिन्थ्यो नि। यदि हजुरलाई पनि यस्तो रत्नका मालाको आवश्यकता छ भनेदेखि कसैलाई मसित पठाइदिनु भए म उसैलाई त्यो तलाउ देखाइदिने थिएँ" भन्यो।

तच्छ्रुत्वा नृपतिराह– "यद्येवं तदहं सपरिजनः स्वयमेष्यामि, येन प्रभूता रत्नमालाः उत्पद्यन्ते।"

यस्तो कुरो सुनेर राजाले– "यदि कुरो नै यसै किसिमको सत्य हो भनेदेखि, म आफैँ नै आफ्नो सारा परिवार लिएर त्यहाँ जानेछु। त्यहाँ जानाले हामीसित धेरैवटा रत्नका मालाहरू हुनेछन्" भने।

वानर आह– "एवं क्रियताम्।"

बाँदरले– "ठिकै छ नि त, हजुर आफैँ पनि जान सक्नुहुनेछ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथाऽनुष्ठिते, भूपतिना सह रत्नमालालोभेन सर्वे कलत्रभृत्याः प्रस्थिताः। वानरोऽपि राज्ञा दोलाऽधिरूढेन स्वोत्सङ्गे आरोपितः सुखेन प्रीतिपूर्वमानीयते। अथवा साध्विदमुच्यते–

राजा जान लागेपछि उनका सारा जहानपरिवार र नोकरचाकरहरू पनि रत्नको माला पाउने इच्छाले पछि लागेर जानका लागि तयार भए। पालकीमा बसेका राजाले त्यस बुढा बाँदरलाई पनि काखमा प्रेमपूर्वक बसाए। अनि ऊ पनि सुखपूर्वक जान लाग्यो। अथवा ठिकै पनि भनिएको रहेछ कि–

"तृष्णे ! देवि ! नमस्तुभ्यं, यया वित्ताऽन्विता अपि।
अकृत्येषु नियोज्यन्ते, भ्राम्यन्ते दुर्गमेष्वपि॥ ७६ ॥ तथा च–

"हे तृष्णा नामकी देवी ! तिमीलाई बारम्बार प्रणाम छ। तृष्णाको वशमा परेर ठूला भनाउँदाहरू पनि अनुचित काम गर्नका लागि तत्पर हुँदा रहेछन् र नजानुपर्ने ठाउँमा भाँतारिँदै जान पनि लाग्दा रहेछन्। त्यसै गरी–

इच्छति शती सहस्रं, सहस्री लक्षमीहते।
लक्षाऽधिपस्तथा राज्यं, राज्यस्थः स्वर्गमीहते॥ ७७ ॥

सयको अधिपतिले हजारको अधिपति बन्न चाहन्छ, हजारको अधिपति लाखको अधिपति बन्न चाहन्छ र लाखको अधिपति राज्याको राजा बन्न चाहन्छ र राजाचाहिँ स्वर्गलाई हात पार्ने कोसिसमा रहेको हुन्छ। कहिल्यै नटुङ्गिने खालको भए तापनि मानिसहरू तृष्णाको वशीभूत भएर सधैँ अघि बढ्न नै चाहेको हुन्छ।

जीर्यन्ते जीर्यतः केशाः दन्ता जीर्यन्ति जीर्यतः।
जीर्यतश्चक्षुषी श्रोत्रे, तृष्णैका तरुणायते॥" ७८ ॥

बुढ्यौलीमा कपाल, दाँत, आँखा, कान आदि सबै इन्द्रियहरू गलिसकेका हुन्छन्, मानिस शक्तिहीन भइसक्दछ तर उसको तृष्णा भने सधैँ नै युवाअवस्थामा नै रहिरहेको हुन्छ। मानिसका कामनाहरू कहिल्यै पनि पूरा हुँदैनन्। तिनीहरू सधैँ नै नवयौवना युवतीजस्तै रमाइलो किसिमले देखिइरहेका हुन्छन्" भन्ने सोच्दै गयो।

अथ तत्सरः समासाद्य वानरः प्रत्यूषसमये राजानमुवाच– "देव ! अत्राऽर्धेदिते सूर्येऽन्तःप्रविष्टानां सिद्धिर्भवति तत्सर्वोऽपि जन एकदैव प्रविशतु। त्वया पुनर्मया सह प्रवेष्टव्यं, येन पूर्वदृष्टस्थानमासाद्य, प्रभूतास्ते रत्नमाला दर्शयामि।"

मिमिरिमा तलाउको किनारमा पुगेपछि राजासित बाँदरले– "महाराज ! घाम आधा भुल्किएपछि नै तलाउमा पस्नाले मात्रै आफूले चाहेको जस्तो रत्नको माला पाउने काम सिद्ध हुन सक्छ। त्यसो हुँदा सबै जनाले एकैपटक पस्नु असल हुनेछ, वहाँहरू पस्नुहुनेछ। तपाईंचाहिँ पर्खनुहोस् मसितै तलाउमा पस्नुहोला, त्यसो हुँदा मैले पहिले नै देखिराखेको ठाउँमा गएर असंख्य रत्नका मालाहरू देखाइदिनेछु" भन्यो।

अथ प्रविष्टास्ते लोकाः सर्वे भक्षिता राक्षसेन। अथ तेषु चिरमाणेषु राजा वानरमाह– "भो यूथाधिप ! किमिति चिरायते मे परिजनः ?"

त्यस तलाउमा पस्नासाथ राजाका सबै आफन्तहरूलाई राक्षसले तुरुन्तै खाइदियो। आफ्ना सारा आफन्तहरूलाई निकै अबेरसम्म पनि नआएको देखेर राजाले बाँदरसँग– "मुखिया ! मेरा अनुयायीहरू त अहिलेसम्म पनि बाहिर निस्केनन् नि, उनीहरूलाई निस्केर आउन किन ढिलो भइरहेको छ ?" भनेर सोधे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तच्छुत्वा वानरः सत्वरं वृक्षमारुह्य, राजनमुवाच— "भो दुष्टनरपते ! राक्षसेनान्तः-सलिलस्थितेन भक्षितस्ते परिजनः। साधितं मया कुलक्षयजं वैरम्, तद् गम्यताम्। त्वं स्वामीति मत्वा नाऽत्र प्रवेशितः उक्तं च—

राजाले त्यसरी सोध्नेबित्तिकै त्यो बाँदर तुरुन्तै एउटा रुखका टुप्पामा चढेर— "अरे नीच राजा ! जलाशयमा बसेका राक्षसले तिम्रा सबै आफन्तहरूलाई खाइसक्यो। मैले मेरो आफ्ना सारा कुललाई विनाश गरेको बदला लिइसकें। तिमी अब यहाँबाट जान सक्दछौ। तिमीलाई मैले आफ्नो राजा ठानेर तलाउमा पस्न नदिएको हुँ। भनिएको पनि छ कि—

कृते प्रतिकृतं कुर्याद्धिंसिते प्रतिहिंसितम्।
न तत्र दोषं पश्यामि, यो दुष्टे दुष्टमाचरेत्॥ ७९॥

नोक्सान गर्न लागेका बेला आफ्नो नोक्सान गर्ने व्यक्तिको पनि नोक्सान नै गर्नु, मार्न लागेका बेला आफूलाई मार्ने व्यक्तिलाई पनि मारिदिनु र दुष्ट व्यक्तिसँग दुष्टताको व्यवहार गर्नु नै उचित हो। यस्तो गर्नाले कुनै दोष पनि लाग्दैन। त्यसो हुँदा तिमीप्रति मैले गरेका काममा म आफूलाई दोषी ठान्दिनँ।

तत्त्वया मम कुलक्षयः कृतः मया पुनस्तव" इति।

तिमीले मेरो कुललाई जसरी विनाश गरेका थियौ, त्यसैले मैले तिम्रा कुलको पनि उसै गरी नाश गरें" भन्यो।

अथैतदाकर्ण्य, राजा कोपाविष्टः पदातिरेकाकी, यथायातमार्गेण निष्क्रान्तः। अथ तस्मिन् भूपतौ गते राक्षसस्तृप्तो जलान्निष्क्रम्य सानन्दमिदमाह—

बाँदरको कुरो सुनेर राजा रिसले चुर्मुरिंदै जुन बाटो आएका थिए, उसै बाटो गरी पैदल नै फर्किएर गए। राजा फर्किएर गइसकेपछि राक्षसले जलाशयबाट बाहिर निस्किएर अत्यन्त खुसी हुँदै—

"हतः शत्रुः, कृतं मित्रं, रत्नमाला न हारिता।
नालेन पिबता तोयं भवता साधु वानर ! ॥ ८०॥"

"कमलका नलीबाट पानी खाएको चतुऱ्याइँ देखाएर तिमीले मबाट आफ्ना शत्रुको विनाश गरायौ र मसित मित्रता पनि बनायौ अनि रत्नको माला पनि हराएनौ। हे बाँदर राजा ! तिम्रा बुद्धिलाई धन्यवाद छ। वास्तवमा तिमी एउटा चलाख बाँदर हौ" भन्यो।

अतोऽहं ब्रवीमि— "यो लौल्यात्कुरुते कर्म" इति।

त्यसैले म भन्दछु कि लोभका कारणले काम गर्नाले मानिसको धेरै कुरामा क्षति पुग्दछ आदि।

एवमुक्त्वा, भूयोऽपि स चक्रधरमाह— "भो मित्र ! प्रेषय मां, येन स्वगृहं गच्छामि।"

यस किसिमको कथा सुनाइसकेपछि सुवर्णसिद्धिले फेरि चक्रधारीसित— "मित्र ! अब मलाई जाने अनुमति देऊ, त्यसो भएपछि मात्रै म घर जान सक्दछु" भन्यो।

चक्रधर आह— "भद्र ! आपदर्थे धनमित्रसङ्ग्रहः क्रियते। तन्मामेवंविधं त्यक्त्वा क यास्यसि ? उक्तं च—

चक्रधारीले— "भद्र ! आपद्का बेलामा सहयोग गर्नका लागि नै धन र मित्रको सञ्चय गरिएको हुन्छ। तिमी मलाई यस्तो अवस्थामा छोडेर कहाँ जान्छौ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्त्यक्त्वा सापदं मित्रं याति निष्ठुरतां वहन्।
कृतघ्नस्तेन पापेन नरके यात्यसंशयम्" ॥ ८१ ॥

किनभने जुन व्यक्तिले आपद्मा परेका बेला मित्रलाई छोडेर निष्ठुरतापूर्वक हिंड्दछ, त्यो कृतघ्न हो र त्यसै पापका कारणले ऊ नरकको भागीदार हुन्छ" भन्यो।

सुवर्णसिद्धिराह– भोः, सत्यमेतद्यदि गम्यस्थाने शक्तिर्भवति। एतत्पुनर्मनुष्याणामगम्यस्थानम्। नाऽस्ति कस्याऽपि त्वामुन्मोचयितुंशक्तिः। अपरं यथायथा चक्रभ्रमवेदनया तव मुखविकारं पश्यामि तथाःतथाऽहमेतज्जानामि यत्द्राग् गच्छामि, मा कश्चिन्ममाऽप्यनर्थो भवेदिति। यतः–

सुवर्णसिद्धिले– "तिमीले ठिकै भन्यौ। यदि यस ठाउँमा बस्न सक्ने शक्ति हुँदो हो त म पक्कै पनि बस्ने थिएँ। यो ठाउँ मानिसले बस्नयोग्य पनि छैन। अनि फेरि तिम्रो यस चक्रलाई तिमीबाट छुटाउने कुनै शक्ति पनि मसित छैन। अर्को कुरो यस्तो पनि छ कि जसैंजसै यो चक्र घुमेकाले तिमीलाई दुखेर तिम्रो अनुहार बिग्रँदै बदलिएको देख्दछु, त्यस बेला मलाई पनि कुनै आपद् आइलाग्ला जस्तो लागेर मैले यहाँबाट तुरुन्तै हिंड्नुपर्दछ भन्ने निष्कर्षमा पुग्दछु। किनभने भनिएको पनि छ कि–

यादृशी वदनच्छाया दृश्यते तव वानर।
विकालेन गृहीतोऽसि, यः परैति स जीवति" ॥ ८२ ॥

हे बाँदर ! तेरा मुखको कान्तिले गर्दा तँ पक्कै पनि विकाल राक्षसजस्तै कुनै समस्यामा परेको छस्, त्यसैले तँदेखि जो पर जान्छ उही मात्रै बाँच्न पाउँछ भन्ने कुरो प्रस्टै रूपमा देखिइरहेको छ भन्ने एउटा कथा पनि छ" भन्यो।

चक्रधर आह– कथमेतत् ? सोऽब्रवीत्–

चक्रधारीले– "त्यो कसरी त ?" भनेर सोध्यो। अनि सुवर्णसिद्धि भन्छ–

विकालवानरकथा

"कस्मिँश्चिन्नगरे भद्रसेनो नाम राजा प्रतिवसति स्म। तस्य सर्वलक्षणसंपन्ना रत्नवती नाम कन्याऽस्ति। तां कश्चिद्राक्षसो जिहीर्षति। रात्रावागत्योपभुङ्क्ते, परं कृतरक्षोपधानां तां हर्तु न शक्नोति। साऽपि तत्समये रक्षःसांनिध्यजामवस्थामनुभवति कम्पादिभिः।

विकाल र बाँदर

कुनै एउटा सहरमा भद्रसेन नाम गरेका राजा रहने गर्दथे। तिनकी सर्वलक्षणले युक्त रत्नवती नाम भएकी एउटी छोरी थिइन्। ती कन्यालाई एउटा राक्षसले अपहरण गर्न चाहन्थ्यो। रातका समयमा आएर त्यसले उनीसित क़ामक्रीडा गर्ने गर्दथ्यो र तन्त्र र मन्त्रले रक्षा गरिएकी हुनाले त्यसले उनलाई अपहरण गर्न भने सकेको थिएन। रातका समयमा आफ्नो शरीर काँपेको आदि विभिन्न लक्षणहरूबाट ती कन्याले राक्षस आएको थाहा पाउँथिन्।

एवमतिक्रामति काले कदाचित्स राक्षसो मध्यनिशायां गृहकोणे स्थितः। साऽपि राजकन्या स्वसखीमुवाच– "सखि ! पश्यैष विकालः समये नित्यमेव मां कदर्थयति। अस्ति तस्य दुरात्मनः प्रतिषेधोपायः कश्चित् ?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै गर्दा गर्दै केही दिन बितेका थिए। एक दिन त्यो राक्षस आएर घरका एउटा कुनामा बस्यो। यसै समयमा ती राजकन्याले आफ्ना सखीहरूसँग– "हेर त्यो विकाल अर्थात् डर लाग्दो राक्षसले सधैँ आएर रातिराति मलाई दुःख दिने गरेको छ। त्यस दुष्टलाई रोक्ने कुनै सजिलो उपाय होला त ?" भनेर सोधिन्।

तच्छ्रुत्वा राक्षसोऽपि व्यचिन्तयत्– "नूनं यथाऽहं, तथाऽन्योऽपि कश्चिद्विकालनामाऽस्या हरणाय नित्यमेवागच्छति, परं सोऽप्येनां हर्तुं न शक्नोति। तत्तावदश्वरूपं कृत्वाश्वमध्यगतो निरीक्षयामि– किंरूपः सः किंप्रभावश्चेति ?" एवं राक्षसोऽश्वरूपं कृत्वाऽश्वानां मध्ये तिष्ठति।

राजाकी छोरीको त्यस्तो कुरो सुनेर राक्षसले– "जसरी म यस राजकुमारीलाई अपहरण गरेर लाने विचार गरिरहेको छु, उसै गरी अर्को कुनै एउटा विकाल नामको राक्षसले पनि यसलाई अपहरण गर्नका लागि दिनहुँ आउने गरेको रहेछ तर उसले पनि यसको अपहरण गर्न सकेको रहेनछ। म अब घोडाको रूप धारण गरेर घोडाहरूका बिचमा बस्दछु र त्यो कति राम्रो र प्रभावशाली रहेछ भन्ने कुरो हेर्ने गर्दछु" भन्ने सोच्यो।

तथाऽनुष्ठिते निशीथसमये राजगृहे कश्चिदश्व चौरः प्रविष्टः। स च सर्वानश्वानवलाक्य, तं राक्षसमश्वतमं विज्ञायाऽधिरूढः।

त्यसपछि त्यस राक्षसले घोडाको रूप धारण गरी घोडाकै हुलमा मिसिएर तबेलामा उभियो। राक्षसले घोडाको रूप लिएर उभिएकै बेलामा कुनै घोडाचोर आएर राजाका तबेलामा पस्यो। सबै घोडाहरूलाई हेर्दै जाँदा घोडाको रूप लिएका राक्षसलाई सबैभन्दा राम्रो मानेर त्यसैमाथि चढ्यो।

अत्राऽन्तरे राक्षसश्चिन्तयामास– "नूनमेष विकालनामा मां चौरं मत्वा कोपान्निहन्तुमागतः। तत्किं करोमि ?" एवं चिन्तयन् सोऽपि तेन खलीनं मुखे निधाय, कशाघातेन ताडितः। अथाऽसौ भयत्रस्तमनाः प्रधावितुमारब्धः।

त्यसपछि राक्षसले पक्का पनि त्यो विकाल नाम भएको राक्षस भनेको यही हो र मलाई चोर भन्ने ठानेर पिट्नका लागि आएको होला, यस्ता बेलामा मैले के गरौँ भन्ने ठान्यो। त्यसले यसरी नै सोचिरहेको थियो, उसै बेला त्यस चोरले उसका मुखमा लगाम लगायो र कोर्राले हान्न थाल्यो। कोर्राको चुटाइ खाएपछि त्यो ज्यादै डरायो र कुद्न लाग्यो।

चौरोऽपि दूरं गत्वा खलीनाकर्षणेन तं स्थिरं कर्तुमारब्धवान्, स तु वेगाद्वेगतरं गच्छति। अथ तं तथा गणितखलीनाकर्षणं मत्वा चौरश्चिन्तयामास– "अहो, नैवंविधा वाजिनो भवन्त्य-गणितखलीनाः। तन्नूनमनेनाऽश्वरूपेण राक्षसेन भवितव्यम्। यद्यदि कञ्चित्पांसुलं भूमिदेशमव-लोकयामि तदात्मानं तत्र पातयामि। नाऽन्यथा मे जीवितव्यमस्ति।

निकै पर पुगेपछि चोरले लगाम तानेर त्यसलाई रोक्न खोज्यो। लगाम तानिएपछि त्यो राक्षस अरू पनि तेज गतिमा कुद्न लाग्यो। लगामको नियन्त्रणलाई पनि नमानेको देखेपछि चोरलाई ज्यादै चिन्ता लाग्यो। उसले मनमनै– "घोडा त लगाम तानेपछि नरोकिने यस किसिमका हुन सक्दैनन्। पक्का पनि घोडाका रूपमा आएको यो कुनै राक्षस नै हुनुपर्दछ। यदि कतै बालुवा भएको जमिन भेटिएछ भने हाम फाल्दछु, नत्र भने मेरो ज्यान जोगिन मुस्किल छ" भन्ने ठान्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं चिन्तयत इष्देवतां स्मरतस्तस्य सोऽश्वो वटवृक्षस्य तले निष्क्रान्तः। चौरोऽपि वटप्ररोहमासाद्य तत्रैव विलग्नः। ततो द्वावपि तौ पृथग्भूतौ परमानन्दभाजौ, जीवितविषये लब्धप्रत्याशौ सम्पन्नौ।

यसरी नै त्यस चोरले इष्ट देवताको नाम स्मरण गर्दै आफू बाँच्ने उपाय सोचिरहेको थियो कि त्यो घोडा त एउटा वरको रुखका फेदबाट जान लाग्यो। चोरले त्यस रुखको एउटा हाँगो समातेर त्यसैमा झुन्डियो र उतै अडियो। यसै गरी ती दुवै एकअर्काबाट अलग भएपछि ज्यादै खुसी भए र ती दुवैका मनमा अलिअलि खुसी र बाँच्ने आशाको किरण बढ्न लाग्यो।

अथ तत्र वटे कश्चिद्राक्षससुहृद्वानरः स्थित आसीत्। तेन राक्षसं त्रस्तमालोक्य, व्याहृतञ्च— "भो मित्र ! किमेवं पलाय्यतेऽलीकभयेन ? त्वद्भक्ष्योऽयं मानुषः, भक्ष्यताम्।"

त्यसै वरका रुखमा राक्षसको साथी एउटा बाँदर रहने गर्दथ्यो। राक्षसलाई डराएर भाग्दै गरेको देखेपछि उसलाई पर्खाउँदै बाँदरले— "बिनसित्तिमा तिमी किन डराएर भागिरहेका छौ ? यो त तिम्रो सिकार मानिस पो हो त। यसलाई समातेर खाइदेऊ न" भन्यो।

सोऽपि वानरवचो निशम्य, स्वरूपमाधाय शङ्कितमनाः स्खलितगतिर्निवृत्तः। चौरोऽपि तं वानराहूतं ज्ञात्वा, कोपात्तस्य लाङ्गूलं लम्बमानं मुखे निधाय, चर्वितवान्।

बाँदरको कुरो सुनेर त्यस राक्षसले डराईडराईकन आफ्नो गतिलाई रोक्दै उभिएर आफ्नो असली स्वरूपमा आउन लाग्यो। चोरले पनि राक्षसलाई सल्लाह सुझाव दिने बाँदरलाई देखेपछि रिसले चुर हुँदै त्यसको झुन्डिरहेको पुच्छरलाई च्याप्प समातेर टोकेर चबाइदिन लाग्यो।

वानरोऽपि तं राक्षसाऽभ्यधिकं मन्यमानो भयान्न किञ्चिदुक्तवान् कवलं व्यथार्तो निमीलितनयनस्तिष्ठति। राक्षसोऽपि तं तथाभूतमवलोक्य श्लोकमेनमपठन्—

यादृशी वदनच्छया दृश्यते तव वानर !
विकालेन गृहीतोऽसि, यः परैति स जीवति॥ इत्युक्त्वा प्रनष्टश्च।"

त्यस चोरलाई राक्षसभन्दा पनि ज्यादा बलियोजस्तो ठानेकाले बाँदरले केही पनि नभनेर खाली आफ्ना दुवै आँखा बन्द गरेर मौन रहँदै "यादृशी वदनच्छाया..." भन्ने माथि देखाइएको श्लोक भन्न थाल्यो। त्यस श्लोकको अर्थ "हे बाँदर ! तेरा मुखको रङ्ग जस्तो हुँदै छ, त्यसैबाट तँ विकालका फेला परिसकिछस् र यहाँ बसँ भने म पनि पक्कै पर्नेछु त्यसैले यहाँबाट जतिसक्दो चाँडै भाग्नु नै बेस हुन्छ" भन्ने हो। त्यो श्लोक भट्याइसक्नासाथ त्यो त्यहाँबाट तुरुन्तै भाग्यो।

"तत्प्रेषय मां, येन गृहं गचछामि। पुनरनुभुङ्क्ष्वाऽत्र स्थित एव लोभवृक्ष-फलम्।"

यस्तो कथा सुनाइसकेपछि सुवर्णसिद्धिले— "त्यसो हुँदा अब मलाई आफ्नो घर जाने अनुमति देऊ। तिमी यहीं घुम्दैफिर्दै आफ्ना लोभरूपी वृक्षको फल खाएर बस" भन्यो।

चक्रधर आह— "भोः अकारणमेतत् दैववशात्सम्पद्यते नृणां शुभाऽशुभम्। उक्तं च—

चक्रधारीले— "म तिम्रा यस कुरामा सहमत छैनँ। भाग्यका कारणले नै मानिसले शुभ र अशुभका फल भोग्दछन्। भनिएको पनि छ कि—

दुर्गस्त्रिकुटः, परिस्त्र समुद्रो रक्षांसि योधा धनदाच्च वित्तम्।
शास्त्रं च यस्योशनसा प्रणीतं स रावणो दैववशाद्विपन्नः॥ ८३॥ तथा च—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिकुट पर्वत नै जसको दुर्ग थियो, समुद्रहरू नै जसका परिखाको काम गर्दथे, वीर र प्रशिक्षित राक्षसहरूले नै जसको रक्षा गरिन्थ्यो, कुबेरको सारा भण्डार नै जसको आफ्नै खजाना थियो र शुक्राचार्यले बनाएका नीतिहरूमा जो उद्‌भट विद्वान् थियो त्यस्तो रावण पनि भाग्य नै प्रतिकूल हुनाका कारणले मारियो। अरू पनि–

अन्धकः, कुब्जकश्चैव, त्रिस्तनी राजकन्यका।
त्रयोऽप्यन्यायतः सिद्धाः संमुखे कर्मणि स्थिते" ॥ ८४ ॥

अन्धो, कुँजो र तीन थुने राजकुमारी यी तीनजनाले नै असत् कार्य गरेका थिए तर पनि भाग्य अनुकूल रहेको हुनाले तीनै जनाको मनको इच्छा पूरा भयो" भन्यो।

सुवर्णसिद्धिः प्राह– "कथमेतत् ?" सोऽब्रवीत्–

सुवर्णसिद्धिले– "त्यस्तो कसरी भयो अरे ?" भनेर सोध्यो। अनि चक्रधारी भन्यो–

अन्धककुब्जकत्रिस्तनीकथा

"अस्त्युत्तरापथे मधुपुरं नाम नगरम्। तत्र मधुसेनो नाम राजा बभूव। तस्य कदाचिद्विषयसुखमवतत्रिस्तनी कन्या बभूव। अथ तां त्रिस्तनीं जातां श्रुत्वा, स राजा कञ्चुकिनः प्रोवाच– यत्– "भोः ! त्यज्यतामियं त्रिस्तनी, गत्वा दूरेऽरण्ये यथा कश्चिन्न जानाति।"

अन्धो, कुँजो र तीनथुने

उत्तर दिशामा मधुपुर नामको एउटा सहर थियो। त्यसमा मधुसेन नाम भएका एकजना राजाले राज्य गरेका थिए। एकपटक उनकी एउटी तीनवटा दुध भएकी छोरी जन्मिइछन्। तिनको नाम नै त्रिस्तनी रह्यो। तीनवटा दुध भएकी कन्याको जन्म भएका कुरो सुनेकाले गर्दा राजालाई मनमा ज्यादै चिन्ता लाग्यो। उनले कञ्चुकीलाई बोलाएर– "त्यस कन्यालाई कतै टाढाको वनमा लगेर छोडिदेऊ। अनि फेरि यो कुरो कसैले थाहा नपाऊन् भन्ने पनि होस गर" भन्ने आदेश दिए।

तद् श्रुत्वा कञ्चुकिनः प्रोचुः– "महाराज ! ज्ञायते यदनिष्टकारिणी त्रिस्तनी कन्या भवति। तथाऽपि ब्राह्मणा आहूय प्रष्टव्याः, येन लोकद्वयं न विरुध्यते। यतः–

राजाको त्यस्तो आदेश सुनेर कञ्चुकीहरूले– "तीनवटा दुध भएकी कन्या अनिष्टकारिणी हुन्छन् भन्ने कुरो त हामी सबैलाई थाहै छ। तै पनि ब्राह्मणहरूलाई बोलाएर सोध्नुपर्ने हो कि, किनभने त्यसो गर्नाले लोकनिन्दा र परलोकको असद् गति हुनेछैन। किनभने–

यः सततं परिपृच्छति शृणोति सन्धारयत्यनिशम्।
तस्य दिवाकरकिरणैर्नलिनीव विवर्द्धते बुद्धिः ॥ ८५ ॥ तथा च–

जुन व्यक्तिले अन्य व्यक्तिहरूको परामर्श गर्दछ, अर्काको कुरालाई मन लगाएर सुन्दछ र आवश्यक कुरालाई अनुसरण गर्ने आचरण गर्दछ त्यस्ता मानिसको बुद्धि नै सूर्यका किरणले फक्रिने कमलिनीको जस्तै गरी सधैँ विकसित रहन्छ। त्यसै गरी–

पृच्छकेन सदा भाव्यं पुरुषेण विजानता।
राक्षसेन्द्रगृहीतोऽपि प्रश्नान्मुक्तो द्विजः पुरा" ॥ ८६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै कुरो जान्नेबुझ्ने भईकन पनि मानिसले सोध्ने स्वभावको हुनुपर्दछ। किनभने सोध्ने बानीले नै गर्दा राक्षसको पञ्जाउमा परेका ब्राह्मण पनि उसैलाई सोधेकाले नै बाँच्न सफल भएका थिए।

राजा आह— कथमेतत् ? ते प्रोचुः—

राजाले— "त्यस्तो कसरी भयो ?" भनी सोधे। अनि कञ्चुकीहरूले भने—

राक्षसगृहीतब्राह्मणकथा

"देव ! कस्मिँश्चिद्वनोद्देशे चण्डकर्मा नाम राक्षसः प्रतिवसति स्म। एकदा तेन भ्रमताऽटव्यां कश्चिद् ब्राह्मणः समासादितः। ततः तस्य स्कन्धामारुह्य प्रोवाच— "भो ! अग्रेसरो गम्यताम्।"

राक्षस बोक्ने ब्राह्मण

"महाराज कुनै वनमा चण्डकर्मा नामको एउटा राक्षस रहने गर्दथ्यो। एक दिन वनमा घुम्दै गरेका एकजना ब्राह्मणलाई त्यसले देख्यो। त्यसपछि कुद्दै गएर उनका काँधमाथि चढ्यो अनि— "छिटो अगाडि पोखरीतिर हिँड" भन्यो।

ब्राह्मणोऽपि भयत्रस्तमनास्तमादाय प्रस्थितः। अथ तस्य कमलोदरकोमलौ पादौ दृष्ट्वा ब्राह्मणो राक्षसमपृच्छत्— "भोः ! किमेवंविधौ ते पादावतिकोमलौ ?"

ती ब्राह्मण डरले थरथर हुँदै हिँड्न लागे। अलिकति पर पुगेपछि त्यस राक्षसका कमलजस्तै कोमल खुट्टाहरूलाई देखेर ब्राह्मणले— "तिम्रा खुट्टा यति नरम कसरी भए ?" भनेर सोधे।

राक्षस आह "भोः ! व्रतमस्ति, नाहमार्द्रपादो भूमिं स्पृशामि।"

राक्षसले— "हे ब्राह्मण ! मेरो यस्तो प्रतिज्ञा छ कि म कहिल्यै पनि भिजेका चिसा खुट्टाले भुइँमा टेक्दिनँ" भन्ने उत्तर दियो।

ततस्तच्छ्रुत्वात्मनो मोक्षोपायं चिन्तयन् स सरः प्राप्तः। ततो राक्षसेनाऽभिहितं— "भो ! यावदहं स्नानं कृत्वा देवतार्चनाविधिं विधायागच्छामि तावत्त्वयाऽतः स्थानादन्यत्र न गन्तव्यम्।"

राक्षसको कुरो सुनेपछि ब्राह्मणले आफ्नो बचाउको उपाय सोच्दै त्यसलाई पोखरीसम्म बोकेर पुऱ्याए। राक्षसले नजिकै तलाउ देखेपछि— "म यहाँ नुहाएर देवताहरूको पूजापाठ गर्दछु। म जबसम्म यहाँ फर्केर आउँदिनँ तिमी यहाँबाट कतै पनि त्यतिन्जेल नजानू" भनेको थियो।

तथानुऽष्ठिते द्विजश्चिन्तयामास— "नूनं देवताऽर्चनविधेरूर्ध्वं मामेष भक्षयिष्यति। तद् द्रुततरं गच्छामि येनैष आर्द्रपादो न मम पृष्ठमेष्यति।"

जब राक्षस नुहाउनका लागि गयो अनि ब्राह्मणले "यो राक्षस नुहाएर पूजा गरिसकेपछि आउँछ अनि मलाई पक्कै यसले खान्छ। त्यसैले चाँडै नै यहाँबाट भाग्नुपर्दछ। किनभने भिजेका खुट्टाले त यसले भुइँ टेक्दैन, अनि मलाई लखेट्दा पनि लखेट्दैन" भन्ने ठानेर भागे।

तथानुऽष्ठिते राक्षसो व्रतभङ्गभयात्तस्य पृष्ठं न गतः।" अतोऽहं ब्रवीमि— "पृच्छकेन सदा भाव्यम्" इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्राह्मण भागेपछि आफ्नो प्रतिज्ञा भङ्ग हुने डरले त्यस राक्षसले तिनको पिछा गरेर लखेट्दै पनि गएन। त्यसो हुँदा म भन्दछु कि मानिसले प्रश्न सोध्ने गर्नुपर्दछ" भन्ने सुनाए।

अथ तेभ्यस्तच्छ्रुत्वा राजा द्विजानाहूय प्रोवाच– "भो ब्राह्मणाः ! त्रिस्तनी मे कन्या समुत्पन्ना, तत्किं तस्याः प्रतिविधानमस्ति न वा ?" ते प्रोचुः– "देव ! श्रुयताम्–

कञ्चुकी र मन्त्रीहरूको त्यस्तो कुरो सुनेपछि राजाले ब्राह्मणहरूलाई बोलाएर– "मेरा घरमा तीनवटा दुध भएकी छोरी जन्मिएकी छ। त्यसका जन्मको अशान्तिलाई मेटाउने कुनै उपाय छ कि छैन ?" भनी सोधे। राजाको कुरो सुनेर ब्राह्मणहरूले– "महाराज ! सुन्नुहोस्–

हीनाङ्गी वाऽधिकाङ्गी वा या भवेत्कन्यका नृणाम्।
भर्तुः स्यात्सा विनाशाय स्वशीलनिधनाय च॥ ८७॥

शरीरका अङ्ग कम वा ज्यादा भएका कन्याले यदि संसारमा जन्म लिए भने तिनीहरूले आफ्नै पतिलाई पनि पिरोल्दछन् र चरित्रमा पनि दोषी हुने गर्दछन्।

या पुनस्त्रिस्तनी कन्या याति लोचनगोचरम्।
पितरं नाशयत्येव सा द्रुतं नाऽत्र संशयः॥ ८८॥

अथवा यदि तीनवटा दुध भएका कुनै कन्या पिताका अगाडि उपस्थित भएर देखिए भने तिनीहरूले पिताको चाँडै नै विनाश गर्दछन्, यसमा सन्देह नै छैन।

तस्मादस्या दर्शनं परिहरतु देवं। तथा यदि कश्चिदुद्वाहयति, तदेनां तस्मै दत्त्वा, देशत्यागेन स नियोजयितव्यः इति। एवं कृते लोकद्वयाऽविरुद्धता भवति।"

त्यसैले तपाईंले त्यसलाई नहेर्नुहोस्। यदि कुनै व्यक्तिले यससँग विवाह गर्न चाहन्छ भनेदेखि त्यसैसँग यसको विवाह गराइदिएर राज्यबाट निकालिदिनुपर्छ। यसो गर्नाले तपाईंका दुवै लोकहरू सकुशल रहनेछन्" भन्ने सल्लाह दिए।

अथ तेषां तद्वचमाकर्ण्य, स राजा पटहशब्देन सर्वत्र घोषणामाज्ञापयामास– "अहो ! त्रिस्तनीं राजकन्यां यः कश्चिदुद्वाहयति, स सुवर्णलक्षमाप्नोति देशत्यागञ्च।"

ब्राह्मणहरूका त्यस्ता किसिमका कुरा सुनेर राजाले नगाडा पिटेर "मेरी तीनवटा दुध भएकी छोरीसँग जसले बिहा गर्दछ उसलाई एक लाख सुनका मुद्राहरू दिइनेछ र त्यसका साथै यस राज्यबाट बाहिर पनि पठाइनेछ" भन्ने कुराको घोषणा गर्न लगाए।

एवं तस्यामाघोषणायां क्रियमाणायां महान्कालो व्यतीतः। न कश्चित्तांप्रतिगृह्णाति। साऽपि यौवनोन्मुखी संजाता सुगुप्तस्थानस्थिता यत्नेन रक्ष्यमाणा तिष्ठति।

राजाको यस्तो घोषणा गर्दागर्दै निकै वर्ष बिते तर पनि कुनै मानिस त्यस कन्यासँग बिहा गर्ने आँट गर्दै अगाडि सरेर आएन। बिस्तारैसित केटी पनि तरुनी भइसकी। उसलाई निकै गोप्य ठाउँमा लुकाएर राखिएको थियो, ऊ त्यहीं बस्थी।

अथ तत्रैव नगरे कश्चिदन्धस्तिष्ठति। तस्य च मन्थरकनामा कुब्जोऽग्रेसरो यष्टिमाही। ताभ्यां तं पटहशव्दमाकर्ण्य, मन्त्रितं– स्पृश्यतेऽयं पटहः। यदि कथमपि दैवात्कन्या लभ्यते, सुवर्णप्राप्तिश्च भवति, तदा सुखेन सुवर्णप्राप्त्या कालो ब्रजति। अथ यदि तस्य दोषतो मृत्युर्भवति, तदा दारिद्र्योपात्तस्याऽस्य क्लेशस्य पर्यन्तो भवति। उक्तं च–

त्यसै सहरमा एउटा अन्धो पनि रहने गरेको थियो। मन्थरक नाम भएको एउटा कुँजो व्यक्ति त्यस अन्धाको लौरोजत्तिकै साथी थियो। ती दुवैले राजाको त्यस्तो घोषणा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुनेपछि आपसमा विचारविमर्श गरे।– "ल न त, जाऔं नगाडाको पटहलाई छोइदिऔं। संयोजवश राजकुमारीलाई पाइयो भनेदेखि त एक लाख सुनका असर्फी पनि पाइन्छ। त्यसैबाट हामीले आनन्दले जीवन निर्वाह गर्न सक्नेछौँ। यदि भाग्यवश यस्तो हुन सकेन वा कन्याका दोषले हामीहरू मरेछौँ नै भने पनि हामीले यस्तो दुःखदायी जीवन बाच्नुपर्ने कष्टपूर्ण बाध्यताबाट छुटकारा त पाउँछौँ। किनभने–

लज्जा स्नेहः स्वरमधुरता बुद्धयो यौवनश्रीः
कान्तासङ्गः स्वजनममता दुःखहानिर्विलासः।
धर्मः शास्त्रं सुरगुरुमतिः शौचमाचारचिन्ता
पूर्णे सर्वे जठरपिठरे प्राणिनां सम्भवन्ति॥ ८९॥

लज्जा, प्रेम, प्रिय वचन, बुद्धि, यौवन, स्त्रीसम्पर्क, प्रिय व्यक्तिको मोह, दुःख, हानी, विलास, धर्म, विद्या, गुरुजनहरूप्रति श्रद्धा, आचार, पवित्रता आदिको उत्पत्ति मानिसको मनमा त्यति बेला हुन्छ जब उसको पेट भरिएको हुन्छ। पेट खाली रहँदासम्म यस्ता कुनै किसिमका कुराहरू राम्रो लाग्ने हुँदैनन्।

एवमुक्त्वाऽन्धेन गत्वा, स पटहः स्पृष्टः। उक्तं च– "भोः, अहं तां कन्यामुद्वाहयामि, यदि राजा मे प्रयच्छति।"

यस किसिमले आपसमा विचारविमर्श गरिसकेपछि अन्धाले गएर पटहलाई समाइदियो र– "यदि महाराज तयार हुनुहुन्छ भनेदेखि म ती कन्यासित बिहा गर्न तयार छु" भन्यो।

ततस्तै राजपुरुषैर्गत्वा, राज्ञे निवेदितं– "देव! अन्धेन केनचित्पटहः स्पृष्टः। तदत्र विषये देवः प्रमाणम्।" राजा प्राह–

सिपाहीहरूले राजासँग गएर समाचार सुनाउँदै– "राजन्! एउटा अन्धाले आएर पटह समात्यो र अब कसो गर्ने हो हजुरको आदेश यस विषयमा जस्तो हुन्छ हामी उसै गर्नेछौँ" भन्ने बिन्ती बिसाए। सिपाहीहरूको कुरो सुनेर राजाले–

"अन्धो वा बधिरो वाऽपि कुष्ठी वाप्यन्त्यजोऽपि वा।
प्रतिगृह्णातु तां कन्यां सलक्षां स्याद्विदेशगः" ॥ ९०॥

"चाहे त्यो, अन्धो होस् वा बहिरो होस्, कोर लागेको होस् अथवा शूद्र जातिकै होस् तापनि म उसैसित यस कन्याको बिहा गराउन तयार छु। उसले एक लाख स्वर्णमुद्राहरू लिएर यस कन्यासँग बिहा गरिसकेपछि यस देशलाई छोडेर जानुपर्नेछ" भन्ने एउटा सर्त रहेको आदेशका साथ नियम सुनाए।

अथ राजादेशात्तै राजपुरुषैस्तं नदीतीरे नीत्वा सुवर्णलक्षेण समं विवाहविधिना त्रिस्तनीं तस्मै दत्त्वा, जलयाने निधाय कैवर्ताः प्रोक्ताः– "भोः! देशान्तरं नीत्वा कस्मिँश्चिदधिष्ठानेऽन्धः सपत्नीकः, कुब्जकेन सह मोचनीयः"।

राजाको आदेशबमोजिम सिपाहीहरूले नदीका किनारमा लगेर त्यस अन्धासित ती तीन स्तन भएकी राजकुमारीको विधिपूर्वक बिहा गराइदिए र एक लाख सुनका असर्फीहरू पनि दिए। त्यसपछि डुङ्गामा राखी "पारि पुऱ्याएर तीनथुने केटी, अन्धो र कुँजो यी तीनैजनालाई कुनै सहरमा छोडिदेऊ" भनेर कर्मचारीहरूले माझीहरूलाई राजाको आदेश सुनाइदिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथाऽनुष्ठिते विदेशमासाद्य, कस्मिँश्चिदधिष्ठाने कैवर्तदर्शितिः त्रयोऽपि मूल्येन गृहं प्राप्ताः सुखेन कालं नयन्तिस्म। केवलमन्धः पर्यङ्के सुप्तः तिष्ठति, गृहव्यापारं मन्थरकः करोति। एवं गच्छता कालेन त्रिस्तन्याः कुब्जकेन सह विकृतिः समपद्यत। अथवा साध्विदमुच्यते—

राजकर्मचारीहरूका आदेशले ती तीनैजना माझीहरूले बाटो देखाएअनुसार कुनै अर्को एउटा सहरमा गएर घरजग्गा किनेर सुखसँग बसोबास गर्न लागे। अन्धोचाहिँ रातदिन खटियामा पल्टिइरहन्थ्यो भने कुँजो मन्थरकचाहिँ घरको सारा हेरविचार गर्ने गर्दथ्यो। यसै गरी केही दिनहरू बित्दै जाँदाखेरि तीन दुधवाली राजकुमारीको कुँजासँग चोचोमोचो बढ्न थालेछ र बिस्तारै अवैध सम्पर्क पनि बढ्न थालेछ। अथवा कसैले ठिकै पनि भनेका रहेछन्—

"यदि स्वाच्छीतलो वह्निश्चन्द्रमा दहनात्मकः।
सुस्वादुः सागरः स्त्रीणां तत्सतीत्वं प्रजायते" ॥ ९१ ॥

आगाले यदि स्वाभाविक तातोपनालाई बिर्सेर चिसोपना अँगालोस्, चन्द्रमाले शीतलता भुलेर तातो बन्न पुगोस् र समुद्रले नुनिलोपना छोडेर खान हुने मिठो पानी देओस् त्यस बेलामात्रै कुनै हालतमा आइमाईहरूले आफ्नो सतीत्वको पालन गर्न सक्लान्।

अथाऽन्येद्युस्त्रिस्तन्या मन्थरकोऽभिहितः— "भो सुभग! यद्येषोऽन्धः कथञ्चिद् व्यापाद्यते, तदावयोः सुखेन कालो याति। तदन्विष्यतां कुत्रचिद्विषम्, येनाऽस्मै तन्प्रदाय सुखिनी भवामि।"

एक दिन तीनथुने आइमाईले कुँजो मन्थरकसित— "प्रिय! यदि यो अन्धो कुनै किसिमले मरिदियो भनेदेखि हामी दुईजनाले आनन्दको जीवन सुखले बिताउन पाउने थियौँ। त्यसैले तिमी कतैबाट अलिकति विष लिएर आऊ, त्यो खाएर यो मरोस् अनि हामी ढुक्क हुनेछौँ" भनी।

अन्यदा कुव्जकेन परिभ्रमता, मृतः कृष्णसर्पः प्राप्तः। तं गृहीत्वा, प्रहृष्टमना गृहमभ्येत्य, तामाह— "सुभगे! लब्धोऽयं कृष्णसर्पः। तदेनं खण्डशः कृत्वा, प्रभूतशुष्ठ्यादिभिः, संस्कार्यास्मै विकलनेत्राय मत्स्यामिषं भणित्वा प्रयच्छ, येन द्राग्विनश्यति। यतोऽस्य मत्स्यामिषं सदा प्रियम्।" एवमुक्त्वा, मन्थरको बहिर्गतः।

अर्को दिन विषको खोजीमा डुल्दै जाँदा मन्थरकले एउटा मरेको कालो सर्प भेटेछ। त्यसैलाई टिपेर ऊ खुसी हुँदै घरतिर फर्किएर आयो र तीनवटा दुध भएकी आइमाईसँग— "हेर त प्रिया! यो कालो सर्प ल्याएको छु। यसैलाई काटकुट पारेर अदुवा, लसुन, मरिच, नुनआदि मरमसला हालेर बडा राम्रोसित पकाइदेऊ र माछाको भुटुवा भनेर यस अन्धालाई खान देऊ। यति खाइसकेपछि त्यो तत्काल मरिहाल्छ। किनभने यो माछा भनेपछि हुरुक्कै हुने खालको पनि छ" भन्यो। यति कुरो गरिसकेपछि कुँजो मन्थरक कतैतिर हिंड्यो।

साऽपि प्रदीप्ते वह्ननै कृष्णसर्प खण्डतः कृत्वा तक्रस्थाल्यामाधाय गृहव्यापाराकुला तं विकलाऽक्षं सप्रश्रयमुवाच— "आर्यपुत्र! तवाऽभीष्टं मत्स्यमांसं समानीतम्। यतस्त्वं सदैव तत्पृच्छसि। ते च मत्स्या वह्नौ पाचनाय तिष्ठन्ति। तथावदहं गृहकृत्यं करोमि, तावत्त्वं दर्वीमादाय क्षणमेकं तान्प्रचालय।"

तीनथुनेले त्यस सर्पलाई काटकुट पारेर टुक्रैटुक्रा बनाई र आगो बालेर एउटा हाँडीमा हाली। अनि त्यसलाई अगेनामा बसाएर घरको अरू कामकाजतर्फ लागी। घरका काम भ्याईनभ्याई हुनाले उसले माया गरेझैँ गर्दै अन्धालाई— "श्रीमान् जी! तिमीले ज्यादै रुचाउने खालका माछाको आज बन्दोबस्त गरेकी छु। किनभने तिमी सधैँ माछा खान मन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेझैँ गर्दथ्यौं, त्यसैले माछा ल्याएर पकाउनका लागि अगेनामा बसाएकी छु। तिमी डाडु लिएर तिनलाई बिस्तारैसित चलाउँदै गर, एक छिन म घरका अरू केही काम गर्छु" भनी।

सोऽपि तदाकर्ण्य हृष्टमनाः सृक्कणी परिलिहन् द्रुतमुत्थाय दर्वीमादाय प्रमथितुमारब्धः। अथ तस्य मत्स्यान्मथ्नतो विषगर्भवाष्पेण संस्पृष्टं नीलपटलं चक्षुर्भ्यामगलत्। असावप्यन्धस्तं बहुगुण मनयमानो, विशेषान्नेत्राभ्यां वाष्पग्रहणमकरोत्।

त्यसका कुरा सुनेर अन्धाले खुसी हुँदै आफ्ना दुवै ओठलाई जिब्राले चाट्दै र मुख मिठ्याउँदै डाडु लिएर त्यसलाई चलाउन लाग्यो। माछा चलाउँदा चलाउँदै विष मिसिएको बाफ उडेर उसका आँखामा पर्न लागेपछि उसका आँखाको मोतीबिन्दु बिस्तारैसित हट्तै जान लाग्यो। बाफको मिठो स्वादलाई उसले पनि आनन्दले सुँघिरहेको थियो। त्यसो हुँदा त्यसका आँखा मजासित विषालु बाफमा सेकिए।

ततो लब्धदृष्टिर्जातो यावत्पश्यति, तावत्तक्रमध्ये कृष्णसर्पखण्डानि केवलान्येवाऽवलोकयति। ततो व्यचिन्तयत्– "अहो, किमेतत् ? मंम मत्स्यामिषं कथितमासीदनया। एतानि तु कृष्णसर्पखण्डानि। तत्तावद्विजानामि सम्यक् त्रिस्तन्याश्चेष्टितं किं मम वधोपायक्रमः कुब्जस्य वा। उताहो अन्यस्य वा कस्यचित्।" एवं विचिन्त्य स्वाकारं गूहन्नन्धवत्कर्म करोति, यथा पुरा।

बाफको सेकाइले गर्दा अन्धाका आँखा पूरै सद्दे भए। देख्न सक्ने भइसकेपछि उसले त हाँडीमा हालेर सर्पको मासु पो भुट्न लागेको रहेछ भन्ने थाहा पायो। यस्तो देखिसकेपछि उसले मनमनै– "हँ, यो के हो ? यस तीनथुनेले त मलाई माछा पो पकाउन लागेकी छु भन्थी। यो त कालो सर्पको मासु पो रहेछ। ल, ठिक छ। यस तीनथुनेको चाला के रहेछ म पनि त बुझौं, यसले मलाई मार्न खोजेकी रहिछ कि कुँजालाई मार्न खोजेकी हो किं अथवा अरू कसैलाई मार्न खोजेकी हो" भन्ने ठानेर आफ्ना आँखा सद्दे भएको कुरो लुकाउँदै पहिलेजस्तै अन्धाको सुरमा काम गरेझैँ गर्न लाग्यो।

अत्रान्तरे कुब्जः समागत्य, निःशङ्कतयालिङ्गनचुम्बनादिभिस्त्रिस्तनीं सेवितुमुपचक्रमे। सोऽप्यन्धस्तमवलोकयन्नपि यावन्न किञ्चिच्छस्त्रं पश्यति तावत्कोपव्याकुलमनाः पूर्ववच्छयनं गत्वा कुब्जं चरणाभ्यां सङ्गृह्य, सामर्थ्यात्स्वमस्तकोपरि भ्रामयित्वा त्रिस्तनीं हृदये व्यताडयत्।

त्यसै बेला कुँजो पनि आयो र सधैँको जसरी नै तीनथुनेलाई समातेर म्वाईं खान, अँगालो हाल्न र अरू पनि केकेजाति गर्दै आनन्द लिन लाग्यो। अन्धाले उनीहरूको त्यस्तो चाला देखेर मारिदिनुपर्‍यो भन्दै केही कुरो खोजेको थियो तर कुट्ने कुरो केही पाएन अनि कुद्देर गई कुँजाका दुवै खुट्टा समातेर जुरुक्क उचाल्यो र आफ्नो टाउकोभन्दा माथि पुर्‍याएर फनफनी घुमाउन लाग्यो निकै बेर घुमाएर रिसले मुर्मुरिँदै तीन थुनेका छातीमै त्यसलाई हुत्याइदियो।

अथ कुब्जप्रहारेण तस्यास्तृतीयः स्तन उरसि प्रविष्टः। तथा बलान्मस्तकोपरि भ्रामणेन कुब्जः प्राञ्जलतां गतः।

अन्धाले यसरी झटारो हानेर फ्याँकिदिएकाले तीन थुनेको बढ्ता भएको तेस्रो स्तन छातीभित्रै पसेर लुक्यो, अनि ऊ राम्री भई। त्यसै गरी जोडसँग घुमाएर थेचारेकाले कुँजाको शरीर पनि सोझियो।

अतोऽहं ब्रवीमि अन्धकः कुब्जकश्चैव इति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैले म भन्दछु कि भाग्यले सोझो बाटा लिएको हुनाले अन्धो, कुँजो र तीन थुनेको जिउको दोष नराम्रो काम गरेको भए तापनि हराएर गयो।

सुवर्णसिद्धिराह– "भोः ! सत्यमेतत्। दैवाऽनुकूलतया सर्वं कल्याणं सम्पद्यते। तथाऽपि पुरुषेण 'सतां' वचनं कार्यम्। न पुनरेवमेव वर्तितव्यम्। अथ एवमेव यो वर्त्तते, स त्वमिव विनश्यति। तथा च–

यस्तो कुरो सुनेर सुवर्णसिद्धिले– "भाइ ! तिमी ठिकै भन्दै छौ। भाग्य दाहिने भएका बेलामा सबैतिर नै भलो हुने काम नै बनेर आउँछन्, तर पनि मानिसले सज्जन व्यक्तिहरूको भनाइ मान्नुपर्दछ। आफ्नै मन खुसीमात्रै गर्नुहुँदैन। अर्काको कुरो नमानेर आफ्नै मनको लिँडे ढिपीमात्रै गर्ने मानिसहरूले तिम्रैजस्तो दुःख पाउँछन्। भनिएको पनि छ कि–

एकोदराः पृथग्ग्रीवा अन्योन्यफलभक्षिणः।
असंहता विनश्यन्ति, भारुण्डा इव पक्षिणः॥" ९२॥

एकमत भएर काम गर्नुपर्ने मानिस आपसमा मिल्न सकेनन् भने एक पेट र दुई मुख भएका कारण आपसमा दुवैले अलगअलग फल खाएको हुँदा मर्ने भारुण्ड चराजस्तै भएर नाश हुन्छन्" भन्यो।

चक्रधर आह– "कथमेतत् ?" सोऽब्रवीत्–

चक्रधारीले– "त्यो भनेको कस्तो ?" भनी सोध्यो। अनि सुवर्णसिद्धि भन्न थाल्यो–

भारुण्डपक्षिकथा

कस्मिँश्चित्सरोवरे भारुण्डनामा पक्षी एकोदरः, पृथग्ग्रीवः प्रतिवसति स्म। तेन च समुद्रतीरे परिभ्रमता किंचित्फलममृतकल्पं तरङ्गक्षिप्तं सम्प्राप्तम्। सोऽपि भक्षयन्निदमाह, "अहो, बहूनि मयाऽमृतप्रायाणि समुद्रल्लोलाहृतानि फलानि भक्षितानि। परमपूर्वोऽस्यास्वादः। तत्किं पारिजातहरिचन्दनतरुसंभवम् ? किं वा किंचिदमृतमयफलमयमव्यक्तेनाऽपि विधिनाऽपातितम् !"

भारुण्ड पक्षी नासियो

कुनै तलाउमा एउटा भारुण्ड नामको चरो रहने गरेको थियो। पेट एउटै भए तापनि उसका दुईवटा मुखहरू थिए। एक दिन समुद्रका किनारमा घुम्दै जाँदा त्यसले एउटा अमृतसरहको फल भेट्यो। त्यो फल समुद्रका छालले बगाउँदै किनारमा ल्याएको थियो। त्यस फललाई खान पाएपछि उसले– "आहा ! मैले समुद्रका लहरले ल्याएको अमृतसरहको ज्यादै मिठो फल खान पाएँ। यसको स्वाद त ज्यादै अनौठो पो रहेछ। त्यसो हुँदा कि त यो देवताका वनको फल हो कि, चन्दनको फल हो कि पारिजातकै रुखको फल हो कि क्या हो ? अथवा मेरो कुनै अनजान भाग्यले यसलाई ल्याएर मैले खानका लागि भनेर मेरा अगाडि छोडिदिएको रहेछ कि कसो ?" भन्दै रमाउन थाल्यो।

एवं तस्य ब्रुवतो, द्वितीयमुखेनाऽभिहितम्– "भो, यद्येवं तन्ममाऽपि स्तोकं प्रयच्छ, येनाऽहमपि जिह्वासौख्यमनुभवामि।"

एउटा मुखले भनेको यस्तो कुरो सुनेर अर्को मुखले– "अरे भाइ ! त्यो फल त्यति मिठो छ भनेदेखि अलिकति मलाई पनि चाख्ने देऊ न, म पनि त त्यस फलका स्वादको आनन्द लिन पाऊँ" भन्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततो विहस्य प्रथमवक्त्रेणाऽभिहितम्— "आवयोस्तावदेकमुदरम्, एकातृप्तिश्च भवति। ततः किं पृथग्भक्षितेन ? वरमेनेन शेषेण प्रिया तोष्यते।"

यस्तो कुरो सुनेर पहिलो मुखले हाँस्तै— "हाम्रो पेट एउटै त हो नि, एउटै पेट अघाउँदा दुवैलाई पुगिहाल्छ। त्यसो हुँदा फरकफरक मुखले किन खाइरहनुपऱ्यो र ? त्यसो हुँदा बरु अलिकति खाएर बचेको केही भागजति लगेर प्रियतमालाई दिऊँ न, त्यसो भयो भनेदेखि ऊ पनि त खुसी नै हुन्छे" भन्यो।

एवमभिधाय तेन शेषं भारुण्ड्याः प्रदत्तम्। साऽपि तदास्वाद्य प्रहृष्टतमालिङ्गनचुम्बन-संभावनाद्यनेकचाटुपरा च बभूव। द्वितीयं मुखं तद्दिनादेव प्रभृति सोद्वेग सविषादं च तिष्ठति।

यसो भन्दै उसले खाएर बँचेको जति फल आफ्नी पत्नीलाई लगेर दियो, तर अर्काचाहिँले त्यो फल चाख्न पनि पाएन। त्यसकी पत्नी त्यो फल खान पाएपछि खुसी हुँदै पतिलाई अँगालो हालेर चुम्बन गर्दै अनेक किसिमका हाउभाउ कटाक्षका नखराहरू गर्न थाली। दोस्रो मुख त्यस दिनदेखि दुःखी र रिसाएको जस्तो देखिन लागेको थियो।

अथाऽन्येद्युर्द्वितीयमुखेन विषफलं प्राप्तम्। तद् दृष्ट्वाऽपरमाह— "भो निस्त्रिंश ! पुरुषाधभ ! निरपेक्ष ! मया विषफलमासादितम् तत्त्वाऽपमानाद्भक्षयामि।"

अर्को एक दिन दोस्रा मुखले एउटा बिखालु फल भेट्यो। त्यसलाई देखेर उसले— "ओहो ! लोभी, निर्दयी स्वार्थी ! आज मैले पनि एउटा विखालु फल भेटेको छु। तँबाट अपमानित भएकाले गर्दा आज म यो फल खान्छु र तँले मेरो अपहेला गरेको फल तँलाई चखाउँछु" भन्यो।

अपरेणाऽभिहितम्— "मूर्ख ! मा मैवं कुरु। एवं कृते द्वयोरपि विनाशो भविष्यति"।

यस्तो कुरो सुनेर पहिलो मुखले— "ए मूर्ख ! त्यसो नगर, नखा त्यो विषालु फल, यस्तो गर्नाले त हामी दुवैको विनाश पो हुन्छन त" भन्यो।

अथैवं वदता तेनाऽपमानेन तत्फलं भक्षितम्। किं बहुना, द्वावपि विनष्यै।"

पहिलो मुखले नगर, तँले त्यो फल खाइस् भने हामी दुवै एकैपटक मर्नेछौं भन्दाभन्दै पनि दोस्रो मुखले त्यो फल खाइदियो। ज्यादा भन्ने कुरो नै रहेन। दुवैवटा त्यो बिखालु फलका प्रभावले गर्दा मरे।

अतोऽहं ब्रवमि— "एकोदराः पृथग्ग्रवा" इति।

त्यसैले म त भन्दछु कि "एक मत भएर काम नगर्नाले भारुण्ड पक्षी विनाश भएको जस्तै गरी अरू व्यक्तिहरूको पनि विनाश हुन्छ।

चक्रधर आह— "सत्यमेतत्। तद्गच्छ गृहम्। परमेकाकिना न गन्तव्यम्। उक्तं च—

चक्रधारीले— "तिमी ठिकै भन्दै छौ। ल त, तिमी घर जाऊ। तर एक्लै नजानू। भनिएको पनि छ कि—

एकः स्वादु न भुञ्जति, नैकः सुप्तेषु जागृयात्।
एको न गच्छेदध्वानं, नैकश्वार्थान्प्रचिन्तयेत्॥ ९३॥ अपि च—

मिठो वा स्वादिलो कुरो पनि एक्लै खानुहुँदैन। यदि साथमा भएका सबै मानिसहरू सुतेका छन् भनेदेखि कसैले पनि एक्लै जागा भएर बस्नुहुँदैन। बाटामा एक्लै यात्रा गर्नु पनि हुँदैन र कुनै गोप्य विषयमा एक्लै विचार गर्नु पनि हुँदैन। अरु पनि—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपि कापुरुषो मार्गे द्वितीयः क्षेमकारकः।
कर्कटेन द्वितीयेन जीवितं परिरक्षितम्॥ ९४॥

बाटामा ज्यादै डरछेरुवा व्यक्तिहरू नै भए पनि उनीहरूको साथ लागेर सँगै हिंड्ने गर्नुपर्दछ। किनभने साथमा रहेको हुनाले नै गङटाले ब्राह्मणको ज्यान जोगाइदिएको थियो।

सुवर्णसिद्धिराह– "कथमेतत् ?" सोऽब्रवीत्–

सुवर्णसिद्धिले– "त्यो कसरी ?" भनेर सोध्यो। अनि चक्रधारीले भन्न थाल्यो–

ब्राह्मणकर्कटककथा

कस्मिँश्चिदधिष्ठाने ब्रह्मदत्तनामा ब्राह्मणः प्रतिवसति स्म। स च प्रयोजनवशाद् ग्राम प्रस्थितः स्वमात्राऽभिहितो यद्– "वत्स ! कथमेकाकी व्रजसि ? तदन्विष्यतां कश्चिद् द्वितीयः सहायः।"

ब्राह्मण र गङटो

कुनै सहरमा ब्रह्मदत्त नाम भएका एकजना ब्राह्मण थिए। कुनै आवश्यक कामले उनी एक दिन बाहिर जान लागेका थिए, त्यसै बेला उनकी आमाले बाबु ! बाहिरतिर किन एक्लै जान लागेको कसैलाई साथमा लिएर जाऊ" भनिन्।

स आह– "अम्ब ! मा भैषीः। निरुपद्रवोऽयं मार्गः। कार्यवशादेकाकी गमिष्यामि।"

उनले– "आमा ! तिमी डराउनुपर्दैन। यो बाटो त्यति डर लाग्दो छैन। कुनै खास काम भएकाले मात्रै एक्लै जान लागेको छु" भने।

तथ तस्य तं निश्चयं ज्ञात्वा समीपस्थवाप्याः सकाशात्कर्कटमादाय मात्राऽभिहितं– "वत्स ! अवश्यं यदि गन्तव्यं, तदेष कर्कटोऽपि सहायो भवतु। तदेनं गृहीत्वा गच्छ।"

आमाले उसको जिद्दीपनालाई विचार गरेर नजिकैको पोखरीबाट एउटा गङटो ल्याएर दिंदै– "बाबु ! यदि तिमीलाई अवश्यै जानुपर्‍यो भनेदेखि यस गङटालाई साथै लिएर जाने गर। यो तिम्रा बाटाको साथी हुनेछ, यसैलाई साथमा लिएर जाऊ" भनिन्।

सोऽपि मातुर्वचनादुभाभ्यां तं पाणिभ्यां संगृह्य कर्पूरपुटिकामध्ये निधाय पात्रमध्ये संस्थाप्य शीघ्रं प्रस्थितः।

आमाको भनाइलाई मान्दै उनले त्यो गङटो दुवै हात थापेर लिए र एउटा कपुरका बट्टाभित्र राखेर झोलाभित्र हाली लिएर चाँडै नै हिंडे।

अथ गच्छन्ग्रीष्मोष्मणा सन्तप्तः कश्चिन्मार्गस्थं वृक्षमासाद्य तत्रैव प्रसुप्तः। अत्राऽन्तरे वृक्षकोटरान्निर्गत्य सर्पस्तत्समीपमागतः।

निकै पर पुगेपछि गर्मीयामको चर्को घामले व्याकुल भएर ती ब्राह्मण बाटाका बिचमा एउटा रुखका फेदमा पल्टिएर निदाउन लागे। त्यसै बेला रुखका टोडकाबाट निस्केर एउटा सर्प ब्राह्मण भएतिरै आयो।

स चाभ्यन्तरगतां कर्पूरपुटिकामतिलौल्यादभक्षयत्। सोऽपि कर्कटस्तत्रैव स्थितः सन् सर्पप्राणानपाऽहरत्।

कपुरको सुगन्धमा स्वाभाविक रूपले लोभिने हुनाले ती ब्राह्मणलाई छोडेर सर्प उनका पोकातिर लाग्यो। पोकालाई जबर्जस्ती च्यातेर कपुरको सुगन्ध आइरहेको त्यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टालाई सर्पले लोभी हुँदै निल्न लागेको के थियो बट्टाभित्रबाट गङ्टो निस्केर आयो र सर्पलाई मारिदियो।

ब्राह्मणेऽपि यावत्प्रबुद्धः पश्यति, तावत्समीपे मृतः कृष्णसर्पो निजपार्श्वे कर्पूरपुटिकोपरि स्थितस्तिष्ठति। तं दृष्ट्वा व्यचिन्तयत्– "कर्कटेनाऽयं हतः" इति प्रसन्नो भूत्वाऽब्रवीच्च–

निद्रा खुलेपछि ब्राह्मणले यताउति हेर्दाखेरि उनको दृष्टि नजिकैको कपुरको बट्टामा पऱ्यो, त्यसका नजिकै एउटा सर्प मरेको थियो। त्यो सर्प त्यसरी मरेको देखेपछि उनले "गङ्टाले सर्पलाई मारेछ" भन्ने सोचे। अनि फेरि उनले आफ्नै मनमनमा–

"भोः ! सत्यमभिहितं मम मात्रा यत् पुरुषेण कोऽपि सहायः कार्यः नेकाकिना गन्तव्यम्। यतो मया श्रद्धापूरितचेतसा तद्वचनमनुष्ठितं तेनाऽहं कर्कटेन सर्पव्यापादनाद्रक्षितः।" अथवा साध्विदमुच्यते–

"मेरी आमाले ठिकै कुरो गरेकी रहिछन्। मानिसले कहिल्यै पनि एक्लै यात्रा गर्नुहुँदैन भनेर उनले भनेकी थिइन्। मैले श्रद्धापूर्वक उनको भनाइ मान्दै यो गङ्टो उनका हातबाट लिएर आएँछु। त्यसको परिणाम आज यस गङ्टाले सर्पले टोकिएर मर्नबाट मलाई जोगायो। अथवा ठिकै पनि भनिएको छ कि–

"क्षीणः श्रयति शशी रविमृद्धो वर्द्धयति पाथसां नाथम्।
अन्ये विपदि सहाया धनिनां श्रियमनुभवन्त्यन्ये॥ ९५॥

आँसीको कलाहीन चन्द्रमाले सूर्यको आश्रय लिन्छ, पूर्णिमाका कलाहरूले युक्त हुँदा उसले सूर्यलाई भुल्दछ र समुद्रलाई खुसी पार्दछ। यसबाट सम्पन्न व्यक्तिहरूलाई आपद्कालमा सहयोग दिने व्यक्तिहरू अरू नै हुन्छन् र उनीहरूको धनमा आनन्द लिने व्यक्तिहरू अरू नै हुन्छन् भन्ने कुरो स्पष्ट हुन्छ। ठिकै पनि भनिएको रहेछ–

मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ।
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी॥ ९६॥

मन्त्रलाई साधना गर्दाको अवस्थामा, तीर्थलाई कृत्यमा, ब्राह्मणलाई सेवाकार्यमा, देवतालाई पूजामा, भविष्यवक्तालाई ज्योतिषमा, औषधिमा र गुरुमा जुन व्यक्तिको श्रद्धा जस्ता किसिमको रहन्छ त्यसैको अनुसार उसले फल पनि पाउँछ।

एवमुक्त्वाऽसौ ब्राह्मणो यथाऽभिप्रेतं गतः।"

यसो भनेर ती ब्राह्मण आफ्नो बाटो लागेर जानुपर्ने ठाउँतिर हिंडे" भनेर सुनायो।

अतोऽहं ब्रवीमि– "अपि कापुरुषो मार्गे" इति।

यस्तो कथा सुनाइसकेपछि चक्रधारीले सुवर्णसिद्धिसित– "त्यसैले म भन्दछु कि यात्रा गर्दाका समयमा साथमा रहने व्यक्ति ज्यादै कमजोर छ भने पनि त्यसलाई हेला गर्नुहुँदैन, काम लाग्ने नै हुन्छ भनी ठान्नुपर्दछ" भन्यो।

एवं श्रुत्वा सुवर्णसिद्धिस्तमनुज्ञाप्य स्वगृहं प्रति निवृत्तः।

चक्रधारीको यस किसिमको कुरो सुनिसकेपछि सुवर्णसिद्धिले उससित अनुमति लिएर आफ्ना घरतिर प्रस्थान गऱ्यो।

इति श्रीविष्णुशर्माविरचिते पञ्चतन्त्रे अपरीक्षितकारकं नाम पञ्चमं तन्त्रं समाप्तम्।

श्रीविष्णुशर्माबाट रचित पञ्चतन्त्रको अपरीक्षितकार नामको पाँचौं तन्त्र पनि सकियो।

शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ह० नं० १३

वैदिक विज्ञान
अनुसन्धान प्रतिष्ठान

वैदिक विज्ञान अनुसन्धान प्रतिष्ठान
VS RA

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवादकको परिचय

नाम : तिलकप्रसाद लुइटेल

पिता/माता : छविलाल लुइटेल/मनमाया लुइटेल

जन्म : २०११ साल वैशाख १, तेह्रथुम

हालको बसोबास : कपन १, फैंका

पेसा : शिक्षण र लेखन

शिक्षा : संस्कृत साहित्यमा आचार्य, नेपाली भाषा शिक्षणमा बी.एड्., नेपालीमा एम.ए.

भाषा : नेपाली, संस्कृत, अंग्रेजी, हिन्दी, असमिया, बङ्गाली

रचना/सम्पादन :

कक्षा नौ र दसको 'नेपाली'को अभ्यासपुस्तिका सहलेखन/सहसम्पादन

कक्षा नौ/दसलाई उपयोगी पुस्तक 'सुनगाभा' सहलेखन/सहसम्पादन

'चाणक्यनीति' अनुवाद

'मनुस्मृति' अनुवाद

'हिन्दूजातिको उत्थान र पतन' अनुवाद

'पञ्चतन्त्र' अनुवाद

समय समयमा पत्रपत्रिकाहरूमा विभिन्न खालका लेखरचना, टिप्पणी समीक्षाहरू प्रकाशित

ISBN 99946-41-22-0

विद्यार्थी पुस्तक भण्डार

प्रकाशक तथा वितरक

भोटाहिटी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection